# अध्याय – एक

# परिचय

## १.१ विषय प्रवेश

विश्व इतिहासको अध्ययनबाट मानवीय चेतनाको विकास सँगसँगै स्वतन्त्रता प्राप्तिका लागि प्रयास गर्नु मानवीय अधिकार भएको सत्यता प्रमाणित भएको छ । त्यसैले कुनै पनि मुलुकको शासन व्यवस्थामा स्थायित्व ल्याउनका लागि जनस्वतन्त्रताको कदर गरी बहुसंख्यक जनताको समर्थन लिन सक्नु पर्दछ । मानिस संसारको सर्वोत्कृष्ट चेतनशील प्राणि भएकाले दमन र दासताका जंजिरले बाधिएर बस्न सक्दैन । जनताको मन जित्न नसक्ने शासन व्यवस्था निरंकुश र तानाशाही हुन्छ । त्यस्तो शासन व्यवस्था निश्चय नै जनताको आक्रोशको तारो बन्न पुग्दछ । निरंकुश शासन व्यवस्थाले जब-जब जनताको वेवास्ता गर्दछ तब-तब जनताको आक्रोश विभिन्न रूपमा प्रकट वा विष्फोटन हुन्छ । यही विष्फोटन वा विद्रोहको प्रस्तुतिको स्थितिलाई नै प्रजातान्त्रिक आन्दोलन भनिन्छ । आन्दोलनका क्रममा शहिद, वीरसपूत र देशभक्त मानिसहरूको वलिदानी योगदानले त्यो राष्ट्रको माटोका प्रत्येक कण सिञ्चित भइरहेका हुन्छन् र राष्ट्रमा अनेक युगान्तकारी परिवर्तनका परिस्थितिहरू पनि प्रादुर्भाव हुन्छन् । यस्तै परिवेश घटना क्रम एवं परिस्थितिहरूबाट नै प्रजातान्त्रिक आन्दोलनको इतिहासको उदभव, विकास एवम् निर्माण भएको हुन्छ । तसर्थ इतिहास राष्ट्रको अमूल्य सम्पत्ति हो, देशभक्तहरूका बलिदानको अमूल्य गाथा हो, मानवीय स्वतन्त्रता प्रेमको जीवन्त दस्तावेज हो र स्वतन्त्रताका लागि आत्मोत्सर्ग गर्न तत्पर रहने मानवीय चरित्रको अनुपम उदाहरण हो ।

नेपालको आधुनिक इतिहासका नाममा स्वतन्त्रता प्राप्तिका लागि गरिएका मानवीय प्रयासबारे ठोस रूपमा खोजी हुन बाँकी नै छ । तापनि अनेकौं षड्यन्त्र, हत्या, दमन आदिको क्रमबद्ध शृङ्खला उल्लेख गरिएको पाइन्छ । जसमध्यको एक पक्ष प्रजातान्त्रिक आन्दोलन पनि हो । हाल आएर यसलाई नेपाली जनता पक्षको इतिहास एवं नेपाली जनताले आफ्नो अधिकार र मर्यादित जीवनका निम्ति गरेको संघर्षको इतिहास[१] भनिएको छ । नेपाली जनताले फाँसीको समेत पर्वाह नगरी निर्माण गरेको यो इतिहासको विजारोपण राणा शासनको स्थापनासँगै भएको मानिन्छ । कोतपर्वको नामले चिनिने रक्तरंजित काण्डपछि वा मुख्तियारको पद भारदारहरूमध्येबाट राजा वा रानीद्वारा छानिने परम्परा समाप्त भएर जंगबहादुरको उदय भएपछि सारा शक्ति नै प्रधानमन्त्रीमा निहित हुन गयो ।[२] परिणामस्वरूप नेपालमा एकातिर जनअधिकारहरू कुण्ठित हुन थाले भने अर्कोतिर राणाहरूको पारिवारिक निरंकुश शासन सुरु भयो ।

---

१ सूर्यमणि अधिकारी, *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* नई दिल्ली : निराला पब्लिकेशन्स, सन् १९८८, पृ. VII ।

२ पुरुषोत्तम शमशेर ज.ब.रा, *श्री ३ हरूको तथ्य वृतान्त भाग १,* दोस्रो संस्करण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९, पृ. ५१ ।

राणाशासन स्थापनाको करिब ५० वर्ष पछि सामाजिक सुधारका नाममा प्रारम्भ भएको नेपालको जनजागरणले तिब्र दमनका वावजुद पनि क्रमशः विकशित हुँदै गएर प्रचण्ड गोरखा,[३] प्रजापरिषद्,[४] जस्ता राजनैतिक संगठनहरूलाई जन्मायो । यी संगठनले उद्देश्यअनुरूपकै सफलता पाउन नसके तापनि जनतामा व्यापक चेतना फैलाई प्रजातान्त्रिक आन्दोलनको वातावरण निर्माण गर्न सफल भए । नेपाली भूमिभित्र राणाशासन समाप्तिका लागि निर्माण गरिएका संगठनको तिब्र दमन गरिएपछि देशभित्रै रहेर संगठित रूपमा राणा विरोधी गतिविधि संचालन गर्न कठिन हुने सुनिश्चित भयो । त्यो अवस्थामा भारतीय भू-भागमा विविध कारणले बस्दै आएका वी.पी. कोइरालाले भारतीय भू-भागलाई नै आधार बनाएर एक संगठन निर्माण गर्ने सोचअनुरूप पटनाको **सर्च लाइट** र कलकत्ताको **अमृत बजार** पत्रिकामा एक अपिल प्रकाशित गरे ।[५] उक्त अपिललाई अत्यन्त सकारात्मक रूपमा लिएर धेरैले वी.पी. को हौसला बढाउने कार्य[६] गर्नुका साथै आवश्यक सहयोगसमेत पुऱ्याएकाले सुरु भएको संगठन निर्माण प्रकृयाको अन्तमा वि.सं. २००३ साल माघ १३ गते कलकत्तामा **नेपाली राष्ट्रिय कांग्रेस**को स्थापना हुनपुग्यो ।[७] नेपालमा राणाशासन समाप्त गरी उत्तरदायी शासन स्थापना गर्ने लक्ष्यअनुरूप स्थापित यो दल अहिंशात्मक आन्दोलन प्रारम्भ गर्ने लगायतका प्रस्ताव पास गरी राणा विरोधी गतिविधिमा सक्रिय भयो । अर्कोतिर नेपालबाट निष्काशित 'सि' वर्गका राणाहरूमध्येका सुवर्णशमशेरको पहलमा कलकत्तामा प्रारम्भ भएको राजनैतिक कार्यकर्ताहरूको अर्को भेलाले २००५ साल श्रावण ३१ गते "नेपाल प्रजातन्त्र कांग्रेस" नामक अर्को दलको स्थापना गरियो ।[८] नेपालबाट राणाशासनको समाप्तिका लागि सशस्त्र आन्दोलन गर्ने लक्ष्यअनुरूप स्थापित यस दलले[९] त्यसका लागि आवश्यक तयारीहरू पनि प्रारम्भ गऱ्यो ।

समान लक्ष्य लिएर भारतीय भू-भागमा स्थापना हुनपुगेका दुईवटा राजनैतिक दल एकीकृत नहुँदासम्म लक्ष्य प्राप्ति हुन नसक्ने स्पष्ट भएपछि यसतर्फ विविध प्रयासहरू सुरु भए । जसको अन्तमा २००६ साल चैत्र २७ गते कलकत्ता चौरङ्गिस्थित टाइगर सिनेमा हलमा प्रारम्भ भएको दुवै दलको संयुक्त सम्मेलनले व्यापक छलफलपश्चात दुवै दललाई एकीकृत गरी

---

३ खड्गमान सिंह, *जेलमा बीस वर्ष,* दोस्रो संस्करण, काठमाडौँ : गजनान्द वैद्य, २०४० ।

४ राजेश गौतम, *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका,* काठमाडौँ : राजेश गौतम, २०४६ ।

५ (क) सूर्यमणि अधिकारी, *नेपाली कांग्रेसको इतिहास,* काठमाडौँ : भुँडिपुराण प्रकाशन, २०५९, पृ. २९ ।
(ख) राजेश गौतम, *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस,* काठमाडौँ : श्रीराम श्रेष्ठ, २०५५, पृ. ४२ ।

६ भोला चटर्जी, *पोट्रेईट अफ अ रिभोलुसनरी वी.पी. कोइराला,* न्यू दिल्ली : अंकुर पब्लिकेशन हाउस, सन् १९८२, पृ. ७७-७८ ।

७ (क) सूर्यमणि अधिकारी, टिप्पणी संख्या ५ (क), पृ. ३२-३३ ।
(ख) राजेश गौतम, टिप्पणी संख्या ५ (ख), पृ. ५०-५६ ।
(ग) गणेशमान सिंह, *मेरो कथाका पानाहरू* (भाग १), माथवरसिंह (प्रस्तुतकर्ता), काठमाडौँ : आयाम प्रकाशन, २०५८, पृ. २४३-२४५ ।

८ राजेश गौतम, टिप्पणी संख्या ५ (ख), पृ. १६७ ।

९ बद्रीनारायण गौतम, *नेपाली कांग्रेस र संघर्षका दश वर्ष (२०३६-२०४६),* स्नातकोत्तर शोधपत्र (अप्रकाशित), इतिहास केन्द्रीय शिक्षण विभाग कीर्तिपुर, २०५०, पृ. २८ ।

"नेपाली कांग्रेस' नामक सशक्त राजनैतिक दल स्थापनाको घोषणा गर्‍यो ।[१०] स्थापनासँगै पारित राजनैतिक प्रशतावमा श्री ५ को वैधानिक नायकत्वमा जुनसुकै उपायद्वारा जनताप्रति उत्तरदायी सरकारको स्थापना गर्ने,[११] यसका लागि गरिने आन्दोलन **गर कि मर को सिद्धान्तमा अटल रहने भन्दै त्यसमा भाग लिन प्रत्येक नेपालीलाई आह्वान गरिन्छ**[१२] ... भनिएको थियो । दुवै दल मिलेर एक सशक्त दल निर्माण गरेर स्पष्ट लक्ष्यसमेत निर्धारण गरेपछि हात हतियारको प्रबन्ध लगायत क्रान्तिको आवश्यक व्यवस्थापनका लागि सुवर्णशमशेरले एकातिर एक करोड रूपैयाँ प्रदान गरे[१३] भने अर्कोतिर आफूले थीरबम मल्ल एवं पूर्णसिंह ठाकुर मार्फत निर्माण गरेको जनमुक्ति सेना नामक लडाकु दस्ता[१४] परिचालन गर्न तत्पर भए । त्यसपछि नेपाली कांग्रेसले २००७ साल आश्विन १० र ११ गते नेपालको रौतहट जिल्ला नजिकै पर्ने भारतको वैरगनियामा एक सम्मेलन गरी यथाशिघ्र सशस्त्र आन्दोलन सुरु गर्ने निर्णय गरी संघर्ष कालका लागि सभापतिलाई सम्पूर्ण विशेषाधिकार सुम्पियो ।[१५] यसै सम्मेलनमा गरिएको निर्णयअनुरूप क्रान्तिका लागि आवश्यक तयारी गर्ने र क्रान्ति संचालनसम्बन्धी सम्पूर्ण कार्यहरूको जिम्मेवारी सुवर्णशमशेर एवं वी.पी. कोइरालाले लिए ।[१६]

क्रान्तिको तयारीका सिलसिलामा वी.पी. को व्यवस्थाअनुरूप भोला चटर्जी एवं थिरबम मल्लले २००७ साल कार्तिक १८ गते हिमालयन एभिएसन कम्पनीको जहाजद्वारा वर्माबाट हतियार ल्याइ पटनाको विहटा हवाइ मैदानमा उतारी विभिन्न ठाउँमा पुर्‍याएर लुकाए ।[१७]

---

१० (क) अनिरुद्र गुप्ता, *पोलिटिक्स इन नेपाल १९५०-१९६०,* दोस्रो संस्करण, दिल्ली : कलिंगा पब्लिकेशन्स, सन् १९९३, पृ. १६९ ।
(ख) टि. लुइस ब्राउन, *दिच्यालेन्ज टु डेमोक्रेशी इन नेपाल,* लण्डन : रौटलेज, सन् १९९६, पृ. १७-१८ ।
(ग) मार्टिन हफ्टन र अन्य, *पिपुल पोलिटिक्स एण्ड आइडियोलोजी डेमोक्रेशी एण्ड सोसल चेन्ज इन नेपाल,* काठमाडौं : मण्डला बुक प्वाइन्ट, सन् १९९९, पृ. १३ ।

११ (क) रामहरी जोशी, *नेपालको नोभेम्बर क्रान्ति,* दोस्रो संस्करण, काठमाडौं : अन्तर्राष्ट्रिय मञ्च, २०४८, पृ. २ ।
(ख) नेपाली कांग्रेसको ऐतिहासिक विवेचना-६, श्री ५ त्रिभुवनलाई भगाउने योजना, प्र. नेपाली कांग्रेसको सामयिक बुलेटिन-१३, रामचन्द्र पौडेल (संपादक), काठमाडौं : प्रनेका केन्द्रीय प्रचार समिति, २०४५ कार्तिक, पृ. १२ ।

१२ राजेश गौतम, टिप्पणी संख्या ५ (ख), पृ. २९३-२९४ ।

१३ (क) गणेशमान सिंह, "सुवर्णजी जस्तो पुरुषोत्तमको अभाव नेपाली कांग्रेले पूरा गर्न गाह्रो छ", *प्रभात* (मासिक), वर्ष १, अङ्क २, कीर्तिपुर : नेपाल विद्यार्थी संघ, त्रि.वि. समिति, २०४७, पृ. ३ ।
(ख) गणेशमान सिंह, "सुवर्णशमशेर एक मूल्याङ्कन", *पुनर्जागरण,* माथवरसिंह (संपादक), काठमाडौं : २०४८ वैशाख २०, पृ. ३ ।

१४ श्यामकुमार तामाङ, *जनमुक्ति सेना एउटा नलेखिएको इतिहास,* काठमाडौं : एकता प्रकाशन, २०५६, पृ. १५-२१ ।

१५ (क) भुवनलाल प्रधान, *नेपालको जनक्रान्ति २००७,* काठमाडौं : रुमु प्रकाशन, २०४७, पृ. ४२१-४२२ ।
(ख) परमानन्द, *दि नेपाली कांग्रेस सिन्स इटस् इन्सेप्सन,* दिल्ली : बी.आर. पब्लिसिङ्ग कर्पोरेशन, सन् १९८२, पृ. ३८ ।
(ग) पुरुषोत्तमशमशेर ज.ब.रा., *श्री ३ हरूको तथ्य वृतान्त,* भाग २, दोस्रो संस्करण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९, पृ. ३५८ ।
(घ) अनिरुद्र गुप्ता, टिप्पणी संख्या १० (क), पृ. १७० ।

१६ (क) चिरन्जीवी वाग्ले र अन्य (संपादक), *नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,* काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, २०५२, पृ. २ ।
(ख) रामचन्द्र पौडेल, *नेपाली कांग्रेसको संक्षिप्त इतिहास,* काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय प्रचार समिति, २०४७, पृ. ४ ।

१७ (क) गणेशराज शर्मा (संकलन), *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त,* ललितपुर : जगदम्बा प्रकाशन, २०५५, पृ. ४ ।
(ख) रामचन्द्र पोखरेल, *प्रजातन्त्रका महान सेनानी वी.पी. कोइराला (संक्षिप्त जीवनी),* वाराणसी : भट्टराई बन्धु प्रकाशन, २०४०, पृ. ३९ ।

यसैबीच नेपालका राजा श्री ५ त्रिभुवनले आफ्ना अधिराजकुमार ज्ञानेन्द्र बाहेकका सम्पूर्ण परिवारसहित राजदरबारबाट निस्केर कार्तिक २१ गते भारतीय दुतावासमा शरण लिन पुगे भने कार्तिक २६ गते भारतीय वायुयानद्वारा भारतको दिल्लीतर्फ प्रस्थान गरी शरण लिए । त्यो स्थितिमा २००७ साल कार्तिक २६ गतेको मध्य रात्रीमा नेपाली कांग्रेसले वीरगंजमाथि आक्रमण गरी क्रान्ति प्रारम्भ गऱ्यो ।[१८] यसप्रकार देशका विभिन्न क्षेत्र कब्जा गर्दै सामयिक (प्रजातान्त्रिक) सरकार गठन गर्ने नीतिअनुरूप प्रारम्भ भएको यो क्रान्ति फैलिदै गयो र देशव्यापी रूपमा सरकारी सेनाले पनि आत्मसमर्पण गर्दै गयो । परिणामस्वरूप सम्झौता नगरी नहुने स्थिति आएकाले २००७ साल पौष २४ गते मोहनशमशेरले ऐतिहासिक समर्पणको घोषणा गरे ।[१९] यसबाट उत्पन्न परिस्थितिको अन्तमा केही खिचातानीपश्चात २००७ साल माघ २९ गते दिल्लीमा सम्पन्न भएको सम्झौताअनुरूप नेपाली कांग्रेसले संचालन गरेको सशस्त्र आन्दोलन समाप्त भयो[२०] भने २००७ साल फाल्गुण ७ गते राजात्रिभुवनबाट नारायणहिटी राजदरबारमा एक समारोहबीच शाही घोषणद्वारा वैधानिक सभाको निर्वाचन, १० सदस्यीय राणा कांग्रेस मन्त्रिमण्डलको गठन ... लगायत राणाशासनको समाप्तिको घोषणा गरियो ।[२१]

अन्तरिम मन्त्रिमण्डलको गठनसँगै नेपालमा परम्परागत व्यवस्थाको विघटन भएर पूर्व तयारी बिनाको प्रयोग प्रारम्भ भएपछि प्रशस्त विकृतिहरू उत्पन्न हुनपुगे । एकातिर राजनेताहरूमा राजनीतिमा अग्रसर भएर सत्ता प्राप्तिको महत्त्वाकांक्षा जाग्यो भने अर्कातिर एक शताब्दिसम्म ढलीमली गरेर फाइदा लुटेको वर्ग कांग्रेसलाई समाप्त गर्नेतर्फ लाग्यो ।[२२] फलस्वरूप उत्पन्न परिस्थितिले गर्दा वैधानिक सभाको निर्वाचनको विषय धकेलिदै गयो भने सरकार विघटन र गठनको प्रकृया चल्न थाल्यो । यसै क्रममा सिंहदरबारमा रहेको नेपाली सेना नारायणहिटी राजदरबारमा पुगेर शाही सेनामा रुपान्तरित भएपछि राजाको हातमाथि पऱ्यो, प्रजातन्त्रको हात तल पऱ्यो र राजा बलिया हुनपुगे ।[२३] यस्तै प्रकारको अस्थिर वातावरणमा २०११ साल फाल्गुण ३० गते राजा त्रिभुवनको असामयिक निधन भएपछि चैत्र १ गते श्री ५ महेन्द्रको राज्यारोहण गरियो । प्रारम्भदेखि नै संविधान सभाको पक्षमा नभएका, भारतीय

---

[१८] श्यामकुमार तामाङ, *"महान प्रजातन्त्रवादी नेता सुवर्णशमशेर", सुवर्णशमशेर एक व्यक्ति अनेक आयाम,* बलबहादुर स्वाँर (संपादक), काठमाडौँ : सुवर्ण स्मृति तथा प्रजातान्त्रिक चिन्तन प्रतिष्ठान, २०५८, पृ. २२ ।

[१९] (क) श्रीभद्र शर्मासँग २०५९ असार २२ मा काठमाडौँ, कोटेश्वरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) गृष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण* भाग १, काठमाडौँ : केशवचन्द्र गौतम, २०१६, पृ. ३९-४३ ।

[२०] (क) शुशिल कोइरालासँग २०६० पौष २५ गते काठमाडौँ, वानेश्वर बुद्धनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) पुरुषोत्तम बस्नेतसँग २०६० पौष २१ गते काठमाडौँ, टेकुमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[२१] (क) गृष्मबहादुर देवकोटा, टिप्पणी संख्या १९ (ख), पृ. ४९-५२ ।
(ख) पुरुषोत्तमशमशेर ज.ब.रा., टिप्पणी संख्या १५ (घ), पृ. ३७९ ।
(ग) यज्ञनाथ आचार्य, *सुवर्णशमशेर राणा र प्रजातान्त्रिक आन्दोलन,* काठमाडौँ : हेभाद्रीशमशेर राणा, २०६०, पृ. ६८ ।
(घ) गणेशमान सिंह, *मेरा कथाका पानाहरू,* (खण्ड २), माथवरसिंह (प्रस्तुतकर्ता), काठमाडौँ : आयाम प्रकाशन प्रा.लि., २०५७, पृ. ३01-३०२ ।

[२२] श्रीभद्र शर्मा, टिप्पणी संख्या १९ (क) ।

[२३] शर्मा, टिप्पणी संख्या १७ (क), पृ. १५९-१६० ।

प्रभावलाई नरुचाउने र अत्यन्त महत्त्वाकांक्षी महेन्द्र राजा हुनासाथ उनी नेपालको राजनीतिमा आफ्नो बर्चश्व कायम राख्ने तर्फ सक्रिय भए ।[२४] जसलाई नेपाली कांग्रेसले विरोध गरे तापनि राजाको षड्यन्त्र विफल पार्न नसक्दा राजाले दिएको संविधान र त्यसका आधारमा हुने संसदको निर्वाचनलाई स्वीकार गर्न बाध्य भयो । जसअनुसार २०१५ साल फाल्गुण १ गते नेपालको संविधान घोषणा भयो भने फाल्गुण ७ गतेबाट आमनिर्वाचन प्रारम्भ भई डेढ महिनामा सम्पन्न भयो । जसको घोषित परिणामअनुसार नेपाली कांग्रेसले कुल मतदाताको ३७% मत प्राप्त गरी जम्मा १०९ सिट वा स्थानमध्ये ७४ स्थानमा विजय हासिल गरी क्रान्तिको प्रतिक एवं प्रजातन्त्रको सच्चा पहरेदार भएको प्रमाणित गर्‍यो ।[२५] फलस्वरूप २०१६ साल जेठ १३ गते वी.पी. कोइरालाको प्रधानमन्त्रीत्वमा नेपाली कांग्रेसको प्रथम जन निर्वाचित सरकार गठन भयो । यो सरकारले जनतासँग गरेका प्रतिबद्धताअनुरूप समाजवादी अवधारणाका आधारमा युगान्तकारी सिद्ध हुने खालका कार्यहरू गरेर जनस्तर माथि उठाउने सोचअनुरूपका योजना तर्जुमा गरी कार्य प्रारम्भ गर्‍यो । जसबाट जनस्तरमा सरकारको लोकप्रियता बढ्ने स्थिति देखिएपछि तर्सिएका राजा महेन्द्रले वी.पी. को व्यक्तित्वले थिचिएका अवसरवादीहरू, नोकरशाही सेना, पूजिपती सामन्त आदिलाई हात लिई षडयन्त्रका तानाबाना बुन्दै गएर २०१७ साल पौष १ गते सैनिक शक्तिको सहारामा प्रधानमन्त्री लगायत जनप्रतिनिधिहरूलाई गिरफ्तार गरी अन्ततोगत्वा संसदीय व्यवस्थालाई नै समाप्त गर्ने कार्य गरे ।[२६]

२०१७ सालको राजाको यस कदमपश्चात जेल पर्नुबाट बचेका नेपाली कांग्रेसका कार्यकर्ताहरूले सुवर्णशमशेरको नेतृत्वमा २०१८ सालमा “हान र भाग” को ब्यूह रचनाअन्तर्गत सशस्त्र प्रतिरोध आन्दोलन प्रारम्भ गरे ।[२७] यसबाट देशका विभिन्न भागमा प्रशस्त हलचल मच्चाइ राजा महेन्द्रलाई नेपाली कांग्रेससँग सम्झौता तर्फ सोच्न बाध्य बनाएको अवस्थामा[२८] सुरु भएको भारत-चीन युद्धले गर्दा उत्पन्न परिस्थितिमा सशस्त्र आन्दोलन स्थगन गर्न सुवर्णशमशेर बाध्य भए ।[२९] आन्दोलन स्थगनपछि प्रारम्भ हुँदै गएको राजनैतिक तरलताको फलस्वरूप २०२५ साल कार्तिक १४ गतेसम्ममा वी.पी. कोइराला, गणेशमान सिंह लगायत धेरै

---

२४ (क) योगप्रसाद उपाध्यायसँग २०६० पौष २५ गते ललितपुर, कुपण्डोलमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) वासुदेव रिसालसँग २०६० पौष २५ गते ललितपुर, कुपण्डोलमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

२५ (क) श्रीभद्र शर्मा, टिप्पणी संख्या १९ (क) ।
(ख) निलाम्बर पन्थीसँग २०५८ कार्तिक २६ गते काठमाडौं, कपन फैंकामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) काशिप्रसाद श्रीवास्तव, *नेपालका इतिहास,* दिल्ली : आत्माराम एण्ड सन्स, सन् १९८६, पृ. १३७ ।

२६ कृष्णप्रसाद भट्टराईसँग २०४४ माघमा भैरहवामा गरेको प्रश्नोत्तर एवं कुराकानीबाट प्राप्त जानकारी ।

२७ *पूर्ववत्* ।

२८ (क) डिल्लीरमण शर्मासँग २०५८ कार्तिक १३ गते रूपन्देही, मंगलापुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) परमानन्द, टिप्पणी संख्या १५ (ख), पृ. ३२८ ।

२९ (क) निलाम्बर पन्थी, टिप्पणी संख्या २५ (ख) ।
(ख) वासुदेव रिसाल, टिप्पणी संख्या २४ (ख) ।

नेता एवं कार्यकर्ताहरू जेलबाट रिहा गरिए ।[३०] कारामुक्ति पछिको सरकारी व्यवहार एवं हलचल गर्न नदिने नीतिबाट भारतको स्व निर्वासन रोजेर बनारसमा बस्नथालेका वी.पी. कोइरालाले पुनः सशस्त्र आन्दोलनको सोच बनाइ गिरिजाप्रसाद कोइरालालाई गतिविधि प्रारम्भ गर्ने निर्देशन दिएपछि वि.सं. २०२९ भाद्रदेखि भारतीय भू-भागलाई आधार बनाएर गतिविधि सुरु भए । जसअनुरूप तराई एवं भित्रि मधेशका विभिन्न क्षेत्रमा आक्रमण गर्ने, हतियार लुटने, वम पडकाउने आदि कार्य हुनपुगे ।[३१] सरकारले पनि तिब्र दमन गर्न थालेपछि छिटै उपलब्धि प्राप्त गर्नका लागि ठूलै कदम चाल्नु आवश्यक भएकाले आर्थिक व्यवस्थानका लागि विविध योजना बनाएर दुर्गा सुवेदी लगायतका व्यक्तिहरूद्वारा विराटनगरबाट काठमाडौं राष्ट्र बैंकमा लैजान लागिएको भा.रु. ३० लाखसहितको विमान अपहरण गरी भारतको फारवेशगंजमा रहेको उजाड विमानस्थलमा ओरालेर रकम हात पारियो ।[३२] उक्त रकमबाट हातहतियार लगायतको व्यवस्था गरी ओखलढुँगा कब्जा गर्ने योजनाअनुरूप पठाइएको मुक्ति सेनाको क्रान्तिकारी टोली विविध कारणले सफल हुन नसकी सोलु टिम्बुरबोटे जंगलमा रहेको ओडारमा लुक्न पुग्दा २०३१ साल पौष १ गते बिहानै सेनाको घेराउमापरि अधिकांश मारिए ।[३३] यस घटनाले गर्दा अत्यन्तद्रबित हुन पुगेका वी.पी. लाई बन्दुक र वारुदको विकल्प खोज्नु पर्ने महसुस भएकाले प्रारम्भ भएको वैचारिक मन्थनको अन्तमा हतियार एवं निर्वासन परित्याग गरी स्वदेश फर्कने निश्चयमा पुऱ्याएपछि २०३३ साल पौष १६ गते "राष्ट्रिय एकता एवं मेलमिलापको नीति" लिएर आफ्ना सहयोगिसहित नेपाल फर्किए ।[३४]

नेपाली कांग्रेस मेलमिलाप नीति लिएर नेपाल फर्केपछि नेपालको राजनीतिमा उत्पन्न भएको तरंगको फलस्वरूप २०३६ सालमा जनमत संग्रहको घोषणा हुनपुग्यो । जसलाई नेपाली कांग्रेसले परिवर्तनको शान्तिपूर्ण उपायका रूपमा ग्रहण गरी बहुदलीय पक्षमा जनमत तयार गर्ने तर्फ सक्रिय भयो । यस बीचमा विविध हस्तक्षेपका घटना घटेता पनि जनशक्तिको विश्वास गर्ने वी.पी. ले नेपाली कांग्रेसलाई बिचलनको मार्गमा बढन नदिएर सक्रिय रहे । तर उनको विश्वास विपरित जनमत संग्रहमा सुधारिएको पंचायती व्यवस्थाको विजय गराइयो । जसलाई वी.पी. ले कार्यकर्ताको चाहना विपरित स्वीकार गरी देशलाई ठूलो रक्तपात हुनबाट जोगाए ।[३५] जनमत

---

३० (क) वी.सी. मल्लसँग २०४७ फाल्गुणमा कीर्तिपुरमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।
(ख) वासुदेव रिसाल, *पूर्ववत्,* (ख) ।
(ग) श्रीभद्र शर्मा, टिप्पणी संख्या १९ (क) ।

३१ हेमराज अधिकारी (शास्त्री), *आजको नेपाल (प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास),* काठमाडौं : श्रीमतीचन्द्रकला अधिकारी, २०५८, पृ. ४८८-४९७ ।

३२ दुर्गा सुवेदीसँग २०६० वैशाख २८ गते विराटनर मधुमारामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

३३ टिम्बुरबोटेबाट उम्केर भागेका जसधन राईसँग २०६० जेठ ४ गते उर्लाबारी-५ मोरङ्गमा लिएको अन्तर्वार्ता ।

३४ गणेशमान सिंहसँग २०४४ माघमा भैरहवामा गरेको प्रश्नोत्तर एवं कुराकानीबाट प्राप्त जानकारी ।

३५ (क) रामचन्द्र पौडेलसँग २०६० पौष २४ गते काठमाडौं, वालाजुमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) शैलजा आचार्यसँग २०६१ जेठ १७ गते काठमाडौं, जयवागेश्वरीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) वी.सी. मल्ल, टिप्पणी संख्या ३० (क) ।
(घ) डिल्लीरमण शर्मा, टिप्पणी संख्या २८ (क) ।

संग्रहमा व्यवस्था परिवर्तन हुन नसके पनि नेपालको राजनीतिमा प्रशस्त तरलता उत्पन्न भयो । जसबाट फाइदा उठाएर संगठन सुदृढीकरण तर्फ लागेको नेपाली कांग्रेसलाई विजयको उन्मादमा झन कठोर हुन खोज्ने अतिवादी पंचहरूद्वारा गरिएको दानवी आक्रमणले गर्दा कटारी, जीतपुर, सुरजपुरा जस्ता डरलाग्दा काण्डहरू घटन गई कार्यकर्ताहरूले शहादतसमेत भोग्नु पर्‍यो ।[३६] त्यसले गर्दा आफ्नो रणनीति परिवर्तन गरी सशक्त शक्तिपूर्ण आन्दोलन संचालन गर्ने सोचअनुरूप केन्द्रीय भेलाद्वारा अनुमोदन गराएर सत्याग्रह आन्दोलनको निर्णय गरियो ।[३७] फलस्वरूप २०४२ साल जेठ १० गतेबाट प्रारम्भ गरिएको सत्याग्रह आन्दोलन व्यापक हलचलसहित अगाडि बढेर ७ हजारभन्दा बढी नेता, कार्यकर्ता, विद्यार्थी, तरुण आदिले गिरफ्तारी दिए ।[३८] आन्दोलन क्रमशः बढ्दै गएको अवस्थामा २०४२ साल असार ६ गते प्रारम्भ भएको रहस्यमय वम विष्फोटनका शृङ्खलाबद्ध घटनाले गर्दा आन्दोलन प्रारम्भ गर्दा गरेको प्रतिबद्धताअनुरूप नेपाली कांग्रेसले सत्याग्रह आन्दोलन स्थगित गर्‍यो ।[३९] यसरी आन्दोलन रोकेपछि पनि पंचायती निरंकुशता विरुद्ध उभिएर जनआन्दोलनको वातावरण निर्माण गरी २०४६ को निर्णायक आन्दोलनद्वारा पंचायती व्यवस्था समाप्त गर्‍यो ।

यसप्रकार २००७ सालमा राणाशासन समाप्त गर्न सशस्त्र क्रान्तिको र २०१७ सालमा प्रजातन्त्र समाप्त भएपछि पुनर्स्थापनाका लागि पुनः २ पटकसम्म हतियार उठाएर प्रतिरोध आन्दोलन संचालन गरेको नेपाली कांग्रेसले २०३३ सालमा आएर हतियार परित्याग गरी शान्तिपूर्ण आन्दोलनको मार्गमा बढेको देखिन्छ । जसको परिणामस्वरूप एकातिर प्रवाशमा रहेको राजनीतिले मुलुकभित्र प्रवेश गर्‍यो भने अर्कोतिर त्यसबाट नेपाली राजनीतिमा प्रशस्त हलचललाई जन्माइदियो । यिनै हलचलबाट देशमा प्रजातान्त्रिक लहर एवं चाहना विस्तारित हुँदै गएर संयुक्त जनआन्दोलनको वातावरण बन्दै गएकाले २०४६ को निर्णायक जनआन्दोलन सम्भव भएको हो । जसका लागि ने.का. ले २०३३ सालमा अवलम्बन गरेको मेलमिलाप नीति र त्यसको प्रभाव स्वरूप विकसित हुँदै गएको आन्दोलनात्मक वातावरणले नै महत्त्वपूर्ण भूमिका खेलेको कुरामा विश्वस्त हुन सकिन्छ ।

## १.२ अध्ययनका समस्याहरू

२०१७ सालको शाही कदमपश्चात स्थापित निरंकुश पंचायती व्यवस्थाका विरुद्ध भारत भूमिलाई आधार बनाएर हतियार उठाइ प्रतिरोध आन्दोलनका सनसनीखेज २ वटा अध्याय पार

---

[३६] (क) *पूर्ववत्* (क) ।
(ख) हरिप्रसाद पोखरेलसँग २०५८ मंसिर २६ गते भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[३७] कृष्णप्रसाद भट्टराई, टिप्पणी संख्या २६ ।

[३८] (क) गणेशमान सिंह, टिप्पणी संख्या ३४ ।
(ख) रामचन्द्र पौडेल, टिप्पणी संख्या ३५ (क) ।
(ग) निलाम्बर पन्थी, टिप्पणी संख्या २५ (ख) ।

[३९] पुरुषोत्तम दाहाल, "सत्याग्रह शान्तिपूर्ण प्रयोजन", *वेग,* वर्ष ५, अङ्क ३, अमृतमणि पौडेल (सम्पादक), काठमाडौँ : नेपाल विद्यार्थी संघ लमजुङ, काठमाडौँ सम्पर्क समिति, २०४३, पृ. २३ ।

गरेको ने.का. ले २०३३ सालमा हतियारबाट लक्ष्य प्राप्त नहुने विस्वाससहित हतियार फ्याकेर मेलमिलाप नीति अवलम्बन गर्दै नेपाल फर्किएपछि गतिशिल भएर देशभित्रै शान्तिपूर्ण आन्दोलनको आधार भूमि तयार गऱ्यो । त्यसबाट उत्पन्न हलचलका अन्तमा २०१७ सालपछिका दिनहरूमा देखापरेको पार्टीको त्रिकोणात्मक रणनीतिमा एकाकार ल्याउने कार्यसँगै एकीकृत आन्दोलनको पूर्वाधार निर्माण हुँदै गयो । ने.का. लाई प्रमुख दुश्मन ठान्ने पंचायतवादीहरूले यस्ता गतिविधिबाट उत्पन्न हलचलले गर्दा आफ्नो सत्ता खोसिने संभावना देख्ना साथ एकजुट भएर तिब्र दमनात्मक नीति अवलम्बन गरे । सरकारको वक्रदृष्टिसँगै तिब्र दमन गर्ने नीतिले गर्दा ने.का. का गतिविधितर्फ प्राज्ञिक समुदायको पर्याप्त ध्यान पुग्न नसक्दा यस अवधिका घटनाक्रम र त्यसबाट प्राप्त उपलब्धि लगायतका विषयहरूबारे व्यापक खोज अनुसन्धान हुन सकेको छैन । केही स्वदेशी-विदेशी लेखक, पार्टीकै नेता कार्यकर्ता एवं शुभेच्छुकहरूबाट यस विषयमा केही कलम चलाएका भए पनि एकातिर समग्र कालखण्डलाई समेटने काम भएको छैन भने अर्कातिर आधिकारिक सामग्रीको अभावमा सही निष्कर्ष दिन सकेका छैनन् । उनीहरूबाट जे जति काम भएको छ त्यसमा एकपक्षीय दृष्टिकोण मात्र पाइन्छ । अर्थात कसैले गुण पक्षलाई प्रकाश पारेका छन् भने कसैले दोष पक्षलाई प्राथमिकता दिएका छन् । आधिकारिक दस्तावेज एवं राजनेता-कार्यकर्ताहरूका अनुभव, धारणा लगायतको प्रयोगबाट समग्र अध्ययन हुन नसक्दा २०३३ सालको मेलमिलाप नीतिको पृष्ठभूमिदेखि परिणामसम्मका विषयमा भ्रम सिर्जना हुन गई एथार्थ पक्ष गौण हुन गएको छ । तसर्थ ने.का. ले २०३३ साल पौष १६ गतेदेखि मेलमिलाप नीति किन अवलम्बन गऱ्यो ? यस नीतिबाट ने.का. र नेपालको राजनीतिमा के प्रभाव पऱ्यो ? आफ्ना पिताद्वारा निर्विकल्प घोषणा गरिएको पंचायती व्यवस्थालाई राजा वीरेन्द्रले किन जनमत संग्रहको कठघरामा उभ्याइदिए ? वी.पी. को निधन पश्चात ने.का. कसरी मेलमिलाप नीतिकै तहत शान्तिपूर्ण सत्याग्रहको निर्णयमा पुग्यो ? समग्रमा २०१७ सालको शाही कदमबाट उत्पन्न परिस्थितिमा हतियार उठाएको ने.का. ले २०३३ सालमा मेलमिलाप नीति अवलम्बन गरेपछि सत्याग्रह आन्दोलनसम्मको इतिहास के हो ? भन्ने समस्या नै प्रस्तुत अध्ययन कार्यको समस्या हो ।

## १.३ अध्ययनको उद्देश्य

शाही कदम २०१७ को पृष्ठभूमि, त्यसबाट उत्पन्न परिस्थिति र ने.का. को प्रतिरोध आन्दोलनबारे संक्षिप्त सिंहावलोकन गर्दै २०३३ सालमा ने.का. द्वारा मेलमिलाप नीति अवलम्बन गर्नुको पृष्ठभूमि, उक्त नीतिबाट उत्पन्न राजनैतिक हलचल, पंचायती सरकार वा यथास्थितिवादीहरूको व्यवहार एवं दमनात्मक नीति, २०३५-२०३६ को विद्यार्थी आन्दोलन, जनमत संग्रहको घोषणादेखि संविधानको तेस्रो संशोधनसम्म ने.का. को भूमिका-गतिशिलता, वी.पी. को निधनपश्चात मेलमिलाप नीतिकै तहत संचालित सत्याग्रह आन्दोलन लगायतका गतिविधिहरूको विश्लेषणसँगै नेपालमा संयुक्त जनआन्दोलनको पृष्ठभूमि तयार भएको परिवेशमाथि प्रकाश पार्नु नै प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ ।

## १.४ परिकल्पना

२०१७ सालको राजकदमद्वारा नागरिक अधिकारको अपहरणसँगै राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाइएको अवस्थामा ने.का. द्वारा भारतलाई आधार बनाएर २ चरणमा प्रतिरोध आन्दोलन संचालन गर्ने क्रममा विदेशी भूमिबाट हतियार उठाउँदा राष्ट्रियतामाथि संकट उत्पन्न हुनपुगेको महसुस गर्ना साथ हतियार छाडेर मेलमिलाप नीति अवलम्बन गर्दै नेपाल फर्किएपछि प्रवाशमा रहेको प्रतिपक्षीय राजनीति पनि नेपाल भित्रियो । पंचायतवादीहरूद्वारा त्यसपछि मेलमिलाप नीतिको उपेक्षा गर्दै दमनात्मक नीति अवलम्बन गरिएपछि उत्पन्न भएको राजनैतिक हलचलबाट जनमत संग्रह र संविधानको तेस्रो संशोधनसम्मका गतिविधि हुनपुगे । जसमा पंचायत पक्षद्वारा राजालाई समेत बाध्य पारेर ने.का. लगायत बहुदलवादीहरूलाई पेल्ने नीति नै अवलम्बन गरिएपछि पंचायत विरोधीहरू बीच विकसित हुँदै आएको निकटताले गर्दा ने.का. मेलमिलाप नीतिअन्तर्गत सत्याग्रहको निर्णयमा पुगेर वामपन्थीहरूलाई समेत शान्तिपूर्ण आन्दोलनको मार्गमा ल्याउन सफल भयो । फलस्वरूप सत्याग्रह आन्दोलनसँग मिल्दाजुल्दा कार्यक्रम सारेर वामपन्थीहरूले पनि गिरफ्तारी दिएर ऐक्यवद्धता प्रकट गर्नाले नेपालमा संयुक्त शान्तिपूर्ण जनआन्दोलनको आधार भूमि तयार भयो । यस अर्थमा ने.का. को मेलमिलाप नीतिप्रति पंचायतवादीहरूद्वारा गरिएको व्यवहारले नै नेपालमा कम्यूनिष्ट र कांग्रेसबीच एकता कायम गराउँदै लगेर २०४६ सालको संयुक्त जनआन्दोलनको पृष्ठभूमि तयार गरेको हो ।

## १.५ अध्ययनको महत्त्व

प्रजातन्त्रको हत्या गरेर स्थापित पंचायती व्यवस्थाप्रति प्रारम्भदेखि नै जनअसन्तोष देखिनाले समाज एवं राष्ट्रको सर्वाङ्गिण विकास र सामाजिक रूपान्तरणका लागि आवश्यक आम सहमतीको वातावरण निर्माण हुनसकेन । देश निर्माणका लागि सक्रिय हुनुपर्ने जनशक्ति प्रजातन्त्र पुनर्स्थापनाका लागि हतियार उठाउनेदेखि शान्तिपूर्ण आन्दोलनसम्मका गतिविधिमा केन्द्रित हुनुपरेकाले देशमा हलचल जन्य परिस्थितिहरू उत्पन्न भए । जसबाट आफ्नो स्वार्थ र सत्ता खोसिने डर भएकाले पंचायतवादीहरू पनि विरोधीहरूको दमन गर्दै कुर्चि-पद कसरी जोगाउने भन्ने तर्फ नै केन्द्रित रहनु पर्‍यो । त्यो स्थितिमा जनसरोकारका विषयहरू पाखा लाग्दै गएकाले राष्ट्रिय संकट महसुस गर्दै मेलमिलाप नीति लिएर स्वदेश फर्किएका ने.का. का नेताहरूलाई सत्ता पक्षद्वारा बन्दी गृहमा पुऱ्याएर मुद्दा चलाउनेदेखि पारिवारिक भेटघाटसम्म पनि गर्न नदिने नीति अवलम्बन गरियो । परिणामस्वरूप प्रारम्भ भएको जनआक्रोश क्रमशः बढ्दै गएर विद्यार्थी आन्दोलनका रूपमा विष्फोटन भएपछि मुलुकमा जनमत संग्रह, संविधान संशोधन र सत्याग्रह आन्दोलन जस्ता घटनाहरू जन्मिए । त्यसबाट आमसहमतीको वातावरण निर्माण हुने स्थिति नआए तापनि देशमा संयुक्त जनआन्दोलनको पृष्ठभूमि भने तयार भयो ।

यस प्रकारको परिवेशमा आमसहमतीको वातावरण किन कायम हुनसकेन ? भन्ने विषय सन्दर्भलाई आन्दोलनकालीन परिवेशका माध्यमबाट अध्ययन गरिनु महत्त्वपूर्ण विषय हो । यसैगरी सरकारद्वारा प्रतिबन्ध लगाइए तापनि राजनैतिक दलहरू कसरी क्रियाशील रहन्छन् ? कसरी जनसमर्थन जुटाएर संघर्ष पथमा बढ्दछन् ? राज्यका साधन स्रोतद्वारा सुसज्जित सत्ता पक्ष पनि आन्दोलनकारी वा जनवलबाट कसरी प्रभावित हुन्छन् ? के कस्ता प्रतिक्रिया व्यक्त गर्दछन् ? निहत्था जनताले राज्य शक्तिलाई कसरी विवश पार्दछन् ? आदि रोचक विषय र विविध पक्षहरूको अध्ययन गरिनु प्रस्तुत अध्ययनको उल्लेख्य महत्त्व हो । समग्रमा पंचायतको स्थापनासँगै हतियार उठाएको ने.का. ले राष्ट्रिय संकट महसुस गर्ना साथ बिनाशर्त हतियार छाडेर मेलमिलाप नीतिअन्तर्गत गतिशील हुँदै जन्माएका हलचल एवं सत्याग्रह आन्दोलनद्वारा प्रारम्भ गरेको एकात्मक आन्दोलनको वातावरणलाई विश्लेषणात्मक रूपले अध्ययन गरिनु नै प्रस्तुत अध्ययनको महत्त्व रहेको छ ।

## १.६ अध्ययनको सीमा तथा क्षेत्र

कुनै पनि राष्ट्रको प्रजातान्त्रिक आन्दोलनमा कुनै एक दल वा समूहको मात्र भूमिका हुन्छ भन्न नसकिने तथ्यताअनुरूप नेपालको पंचायत विरोधी आन्दोलनहरूमा हरेक दल एवं समूहहरूद्वारा कुनै न कुनै रूपले भूमिका निर्वाह गरेको पाइन्छ । यस्तो स्थितिमा कुन राजनीतिक शक्तिले के कति भूमिका खेलेको थियो भनी लेखाजोखा गर्न कठिन पर्दछ । अर्कोतिर प्रस्तुत अध्ययनको केन्द्र बिन्दु ने.का. को आन्दोलनले मात्र देशको राजनैतिक परिवर्तनमा योगदान दिएको हो भनी ठोकुवा पनि गर्न सकिदैन । तसर्थ प्रस्तुत अध्ययनमा पंचायती व्यवस्था विरोधी आन्दोलनमा अन्य राजनैतिक दलहरूले खेलेको भूमिका बारे विस्तृत अध्ययन नगरी केवल ने.का. को भूमिकालाई मात्र केन्द्र बिन्दुका रूपमा सीमाङ्कन गरिएको छ ।

अर्को कुरा नेपालको प्रजातान्त्रिक आन्दोलनमा ने.का. निकै लामो इतिहास बोकेको दल हो । स्थापना कालदेखिको करिब आधा शताब्दीसम्म सशस्त्र क्रान्तिदेखि शान्तिपूर्ण आन्दोलनसम्मका विभिन्न अध्यायहरू यसले पार गरिसकेको छ । यस्तो लामो कालखण्डमा विविध आन्दोलन संचालन गरेको दलका सम्पूर्ण गतिविधिहरूलाई एउटै अध्ययनमा समावेश गर्न कठिन हुने हुँदा प्रस्तुत अध्ययनलाई २०३३ साल पौष १६ गते मेलमिलाप नीति अवलम्बन गरेर नेपाल फर्केदेखि २०४२ सालको सत्याग्रह आन्दोलनसम्मका गतिविधिहरूसम्ममा नै सीमाङ्कन गरिएको छ । यस बाहेक मेलमिलाप नीति अवलम्बन गर्ने निश्चयमा पुग्दाको परिस्थिति स्पष्ट होस् भन्ने उद्देश्यले २०१७ सालको राज कदम र प्रतिरोध आन्दोलनसम्मका घटनाक्रमहरूलाई पृष्ठभूमिका रूपमा स्थान दिएर सामान्य सिंहावलोकन गरिएको छ । अध्ययनका क्रममा पनि ने.का. द्वारा सम्पादित उक्त अवधिका आन्दोलनहरूको राष्ट्रिय धाराबाट मात्र विश्लेषण गरिएको छ । हुन त ने.का. का हरेक जसो आन्दोलनलाई स्थानीय क्षेत्रबाट समेत संचालन गरेर व्यापक हलचल उत्पन्न गराएको तथ्यता नकार्न सकिदैन । तर पनि केन्द्रको निर्देशनअनुरूप सम्पादित

त्यस्ता सबै प्रवृत्तिहरू केलाउन खोज्दा अध्ययन ज्यादै बोझिलो हुने देखिएकाले यो अध्ययन केवल राष्ट्रिय प्रवृत्तिमा मात्र केन्द्रित रहेको छ ।

## १.७ अध्ययन विधि

मूलतः अप्रकाशित र मौलिक स्रोतहरूमा आधारित रहेर तयार पारिएको प्रस्तुत शोधप्रबन्धमा त्यस्ता स्रोतहरूबाट मात्र पुष्टि हुन नसकेका विषयहरूका लागि प्रकाशित वा सहायक स्रोतहरूको पनि सहयोग लिइएको छ । यो शोधप्रबन्ध तयार गर्ने क्रममा अवलम्बन गरिएको शोधविधि यसप्रकार छन् ।

(क) **अप्रकाशित मौलिक स्रोतहरू संकलन :** प्रस्तुत शोधकार्यसँग सम्बन्धित मौलिक स्रोतहरू जस्तै : हस्तलिखित पत्र, पर्चा, पम्प्लेट, पार्टी एवं भातृ संगठनहरूका वैठक पुस्तिका ( माइन्यूट), अपिल, आज्ञाप्ति पत्राचार, घोषणापत्रहरू आदि लगायत अन्य कागजपत्रहरू सामाजिक एवं निजी संकलनमा रहेका अभिलेखहरूबाट प्राप्त गरिएको छ । यसका लागि अध्ययन क्षेत्रको समय अवधिमा सक्रिय रहेका बुद्धिजीवी एवं राजनैतिक कार्यकर्ताहरूसँग सम्पर्क राखि तिनको सदासयता रूपि सहयोग लिइएको छ ।

(ख) **स्थलगत प्रत्यक्ष अवलोकन :** यस शोधकार्यको विषयवस्तुसँग सम्बन्धित अभिलेखहरू संकलन गर्न र प्रजातान्त्रिक आन्दोलनका अध्यायहरूमा भूमिका निर्वाह गर्दा तत्कालीन पंचायति सरकार एवं तिनका समर्थकहरूको चरम याताना भोगेका प्रजातन्त्रवादी नेता-कार्यकर्ता र प्रत्यक्षदर्शी जनताका सस्मरणहरू संकलन गर्न राजधानी काठमाडौँ लगायत झापा, धरान, विराटनगर, जनकपुर, वीरगंज, नारायणगढ, वुटवल-भैरहवा, पाल्पा, पोखरा, बाग्लुङ आदि प्रमुख क्षेत्रहरूको स्थलगत अध्ययन भ्रमण गरिएको छ ।

(ग) **सहायक आधिकारिक स्रोतहरूको अध्ययन :** प्रस्तुत अध्ययन कार्यसँग सम्बन्धित प्रकाशित एवं अप्रकाशित पुस्तकहरू, पत्रपत्रिका, शोधप्रबन्ध, लेख-रचना, समाचार आदि अध्ययनका लागि त्रि.वि. केन्द्रीय पुस्तकालय, गोरखपुर विश्वविद्यालय पुस्तकालय, नेपाल र एशियाली अनुसन्धान केन्द्रको पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, स्नातकोत्तर क्याम्पस विराटनगर पुस्तकालय, भैरहवा बहुमुखीक्याम्पस पुस्तकालय, ने.का. का ज्यूँदा शहिद भनेर चिनिने भैरहवा भानुपथ निवाशि हरिप्रसाद पोखरेलको निजी पुस्तकालय आदिको सहयोगसँगै कतिपय राजनैतिक कार्यकर्ताहरूको ठूलो सहयोग प्राप्त भएको छ ।

(घ) **अन्तर्वार्ता :** प्रस्तुत शोधकार्यसँग सम्बन्धित विभिन्न अध्यायहरूका विषयवस्तु बनेर काम गरेका राजनेतादेखि कार्यकर्तासम्मका अनुभव एवं भूमिका समेटेर जनतापक्षको इतिहास तयार गर्ने उद्देश्यले विभिन्न राजनेता, कार्यकर्ता, बुद्धिजीवी आदि गरी १२० जनाभन्दा बढी महानुभावहरूसँग अन्तर्वार्ता, कुराकानी एवं छलफल गरिएको छ ।

(ङ) **राजनैतिक प्रकाशनहरू :** पंचायति व्यवस्थाको कार्यकालमा प्रतिबन्धित राजनैतिक दलहरूले आफ्ना गतिविधि जनसमक्ष पुऱ्याउन र आफ्ना कार्यक्रममा जनसहभागिता जुटाउन विभिन्न नामले मुखपत्रहरू छाप्ने, पर्चा पम्प्लेटहरू छाप्ने र बाँड्ने गर्दथे । जसबाट कतिपय महत्वपूर्ण तथयहरू थाहा हुने भएकाले ने.का. का भूमिगत प्रकाशनहरू ने.का. को भातृ संगठन ने.वि. संघका प्रकाशनहरू र अन्य पंचायत विरोधि संगठनका प्रकाशनहरू आदि पनि विभिन्न राजनेताहरूबाट प्राप्त गरिएको छ ।

यसप्रकार संकलन गरिएका अप्रकाशित एवं प्रकाशित सामग्रीहरूका आधारमा विश्लेषणात्मक र वर्णनात्मक रूपमा नवीन तथ्यहरू उद्घाटित गर्ने प्रयत्नअनुरूप प्रस्तुत शोधप्रबन्ध तयार गरिएको छ ।

## १.८ पूर्वकार्य विवरण र समीक्षा

नेपालको प्रजातान्त्रिक आन्दोलनमा सबैभन्दा लामो इतिहास बोकेको वा लामो समयसम्म आन्दोलन मार्गमा अडेको राजनैतिक दल ने.का. का आन्दोलनहरूलाई केन्द्र बिन्दु बनाएर अनुसन्धानका दृष्टिले अत्यन्त थोरै मात्र कार्य हुन सकेकाले यस दलका सम्पूर्ण राजनैतिक आन्दोलनबारे लेखिएको सिङ्गो पुस्तक तयार भएको छैन । केही लेखक, विश्लेषकहरूले केवल संक्षिप्त एवं आंशिक रूपमा कलम चलाएको हुनाले गहनतम अध्ययन हुनसकेको छैन । जसले गर्दा यस दलको आन्दोलनका कुनै पक्षमाथि प्रकाश पारिएका केही पुस्तकहरू पाइए तापनि यस्तो कार्य गर्ने अध्येताहरू कसैले पनि केही अपवाद बाहेक आफ्नो अध्ययन एवं लेखन कार्यमा मौलिक, अप्रकाशित स्रोतहरूको प्रयोग गरेको पाइँदैन । यस्तो स्थितिमा हालसम्म गरिएका केही कार्यहरू प्रस्तुत अध्ययनको शीर्षक “नेपाली कांग्रेस मेलमिलापदेखि सत्याग्रहसम्म (२०३३-२०४२)” मा केन्द्रित भएको पाइँदैन । यस बाहेक पार्टीकै कतिपय नेता कार्यकर्ताहरूले आफ्ना अनुभव, धारणा आदिलाई पुस्तक एवं लेखका रूपमा प्रकाशित गरेको पाइन्छ । तर पूर्णरूपले मौलिक स्रोतको प्रयोग बिना गरिएका यस्ता सबै कार्यबाट केही सहयोग पुगे तापनि समग्र पक्षमाथि प्रकाश पार्ने काम हुनसकेको छैन । तसर्थ हालसम्म भए गरेका केही पूर्वकार्यहरूलाई निम्नअनुसार चर्चा गर्दै स्वरूप स्पष्ट गर्ने प्रयास गरिएको छ ।

**(क) अनिरुद्र गुप्ता, *पोलिटिक्स इन नेपाल (१९५०–६०)*, दोस्रो संस्करण, दिल्ली : कलिंगा पब्लिकेशन्स, सन् १९९३ ।**

आठवटा अध्यायमा विभाजित यो पुस्तक राणाशासनको पतनदेखि पंचायतको स्थापनासम्मका घटनाक्रम र राजनैतिक स्थितिमा केन्द्रित रहेको छ । नेपालमा दलीय राजनीतिको प्रारम्भ र राजनैतिक दलहरूका बारेमा अध्ययन गरिएको यस पुस्तकबाट नेपालका राजनैतिक दलहरूको परिचय, कार्यशैली, सैद्धान्तिक आधार लगायतका विषयमा प्रकाश पारिएको हुँदा २००७ सादेखि २०१७ सालको अवधिका दलीय गतिविधि जान्नका लागि निकै उपयोगी देखिन्छ । राजनैतिक दलहरूको परिचय दिने क्रममा लेखकले ने.का. का बारेमा पनि संक्षिप्त चर्चा गर्दै स्थापना, २००७ सालको क्रान्ति, प्रजातन्त्रको संस्थागत विकासका लागि संचालित भद्र अवज्ञा आन्दोलन जस्ता दवावमूलक कार्यक्रमको संचालन, प्रथम आमचुनाव, ने.का. को निर्वाचित सरकार, उसले सामना गर्नु परेका समस्या, २०१७ सालको शाही कदम लगायतका विषयवस्तुमाथि विश्लेषणात्मक रूपले प्रकाश पारेका छन् । आंशिक रूपमा मौलिक स्रोतहरूको प्रयोगसँगै प्रमुख व्यक्तित्वहरूसँग लिएका अन्तर्वार्ताहरूको पनि प्रयोग गरिएको यस पुस्तकले शाही कदम २०१७ को पृष्ठभूमि तयार गर्न सहयोग पुऱ्याए तापनि पंचायती कालखण्डमा ने.का. द्वारा संचालित आन्दोलनतर्फ कुनै प्रकाश पार्दैन ।

**(ख) परमानन्द, *दि नेपाली कांग्रेस इन एक्जाइल,* दिल्ली : युनिभर्सिटी बुक हाउस, सन् १९७८ ।**

जहानीया राणाशासनको पारिवारिक निरंकुशतन्त्रमा बाँधिएको नेपाललाई स्वतन्त्र बनाउने उद्देश्यअनुरूप विदेशी भूमिमा स्थापित भएको राजनैतिक दल ने.का. को पहिलो र दोस्रो चरणको निर्वाशनकाल, त्यसले प्रवाशबाट संचालन गरेका गतिविधि र त्यसबाट उत्पन्न हलचल लगायतका विषयवस्तुबारे अनुसन्धान गरेर तयार गरिएको यो पुस्तक २०३४ सालसम्मका घटनाक्रमबारे जान्नका लागि महत्त्वपूर्ण मानिन्छ । दिल्लीस्थित जवाहरलाल नेहरु विश्वविद्यालयको अन्तर्राष्ट्रिय अध्ययन केन्द्रअन्तर्गत एम.फिल. उपाधिका लागि लेखकद्वारा गरिएको अनुसन्धानलाई पुस्तकको स्वरूप दिइएको यो कृति ६ वटा अध्यायमा विभाजित छ । मौलिक स्रोतहरूसँगै अन्तर्वार्ताहरूको समेत प्रयोग गरिएको यस पुस्तकमा ने.का. को स्थापना, २००७ सालको क्रान्ति, २०१७ सालको शाही कदम, त्यसपछि ने.का. द्वारा भारतलाई आधार बनाएर चलाएको प्रथम प्रतिरोध आन्दोलन, भारत चीन युद्धबाट उत्पन्न परिस्थिति र प्रतिरोध आन्दोलनको स्थगन, राजासँग समझदारी बढाउन सुवर्णशमशेरद्वारा गरेको प्रयास, वी.पी. लगायतका राजनेताहरूको रिहाइ, वी.पी. को स्वनिर्वाशनको निर्णय र भारतबाटै दोस्रो चरणको प्रतिरोध आन्दोलन संचालन, हतियार विसाएर नेपाल फर्कने निर्णय, फर्केपछिको गिरफ्तारी र उपचारका लागि रिहाइ र निर्वाशनकालीन ने.का. को मूल्याङ्कन लगायतका विषयवस्तुहरूबारे संक्षेपमा प्रकाश पारिएको छ । मूलरूपमा ने.का. को प्रवाशकालीन गतिविधिहरूमाथि प्रकाश पार्ने उद्देश्यले तयार गरिएको यस अध्ययनबाट ने.का. द्वारा मेलमिलाप नीति अवलम्बन गर्न पर्नुको परिस्थितिको पृष्ठभूमि र मेलमिलाप नीति अवलम्बन गरेर फर्केपछि देशभित्र उत्पन्न भएको प्रारम्भीक हलचलबारे आंशिक सहयोग पुगे तापनि अन्य विषयवस्तुहरूबारे कुनै सहयोग पुग्ने देखिदैन ।

**(ग) परमानन्द, *दि नेपाली कांग्रेस सिन्स इट्स इन्सेप्सन,* दिल्ली : वी.आर. पब्लिसिङ्ग कर्पोरेशन, सन् १९८२ ।**

ने.का. को प्रवाशकालीन राजनीति र गतिविधिहरूबारे अनुसन्धान गरिसकेपछि विद्वतवृत्ति कार्यक्रमअन्तर्गत त्यसैलाई केही विस्तृत बनाएर अनुसन्धान गरी ने.का. को प्रारम्भ वा स्थापनादेखि जनमत संग्रहसम्मका गतिविधिहरूबारे प्रकाश पारिएको यो पुस्तक पनि महत्त्वपूर्ण मानिन्छ । अन्तर्वार्ता, घोषणापत्र, अपिल, पर्चा, प्रेश वक्तव्य लगायतका मौलिक स्रोतहरूका साथै नेपाल एवं भारतबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरूको प्रयोग गरिएको यो अध्ययन ११ वटा अध्यायमा विभाजित छ । जसमध्ये प्रारम्भका ७ वटा अध्यायहरूले २०१७ सालको शाही कदमभन्दा अगाडिको विषयवस्तुमाथि प्रकाश पार्दछन् भने त्यसपछिका ३ वटा अध्यायहरू २०१७ सालको राजकदमपश्चातको पंचायती कालखण्ड, प्रतिरोध आन्दोलन हुँदै जनमत संग्रहको घोषणा र त्यसबाट उत्पन्न प्रतिक्रियासम्मका विषयवस्तुहरूमा केन्द्रित रहेका छन् । प्रवाशकालीन गतिविधिलाई नै केन्द्रबिन्दु बनाइएको यस पुस्तकबाट नेपालभित्रका

गतिविधिबारे सूक्ष्म अध्ययन संभव भएको छ । लेखकले ने.का. मेलमिलाप नीतिको निर्णयमा पुग्ने परिस्थितिका पछाडि समाजवादीहरूसँग वी.पी. को संलग्नता र तत्कालनि भारतीय सरकारको चाहनाअनुरूप नचल्ने दृढताले गर्दा भारतीय सरकारले अवलम्बन गरेको नीति नै मूलकारण थियो भन्ने सत्यतालाई नजर अन्दाज गर्नुका साथै वी.पी. र सुवर्णशमशेर बीच मत भिन्नता जस्ता देखिने वक्तव्यहरूलाई भने निकै प्राथमिकता दिएका छन् । यस्ता केही कमजोरीहरू भए तापनि पुस्तकबाट मेलमिलाप नीतिको पृष्ठभूमि, त्यसबाट उत्पन्न हलचल, अन्तर्राष्ट्रिय क्षेत्रको सदभाव-समर्थन लगायतका विषयवस्तुबारे भने सहयोग पुग्दछ ।

**(घ) डि.पी. कुमार, *नेपाल यिअर अफ डिसिजन,* न्यू दिल्ली : विकास पब्लिसिङ हाउस, सन् १९८० ।**

पंचायती व्यवस्थाको स्थापनादेखि जनमत संग्रहको घोषणा र तयारीसम्मका घटनाक्रमहरूलाई वर्णनात्मक रूपले प्रकाश पारिएको यस पुस्तकबाट तत्कालीन नेपालको आन्तरिक राजनीतिदेखि नेपाल भारत चीन सम्बन्धमा आएका उतार चढावबारे पनि जानकारी पाउन सकिन्छ । स्थापनासँगै कठोर हुँदै गएको पंचायती व्यवस्थाका विरुद्ध हतियार उठाएको ने.का. ले २०३३ सालमा मेलमिलाप नीति अवलम्बन गरेर स्वदेश फर्किएपछि पंचायत पक्षद्वारा गरिएको व्यवहार, जनअसन्तोष वृद्धिसँगै भएको विद्यार्थी आन्दोलनका विविध घटनाक्रमहरू, जनमत संग्रहको घोषणा र विभिन्न राजनेताहरूको प्रतिक्रिया, जनमत संग्रहकालीन घटनाक्रम लगायतका विषयवस्तुमाथि समीक्षात्मक प्रस्तुति रहेको यस पुस्तकबाट घटनाक्रमसम्बन्धी तथ्यहरू खोजी गर्न सघाउ पुग्दछ । पत्रकारिताको लामो अनुभव बटुलेका लेखकले पंचायत स्थापना पछिको प्रारम्भिक अवधिमा केही वर्ष नेपालमा बसेर काम गर्दा प्राप्त अनुभव र पत्रपत्रिकाका आधारमा तयार गरिएको यस पुस्तकमा मौलिक स्रोतहरूको खासै प्रयोग गरेको पाइँदैन ।

**(ङ) भोला चटर्जी, *प्यालेश पिपुल एण्ड पोलिटिक्स : नेपाल इन पर्सपेक्टिभ,* न्यू दिल्ली : अंकुर पब्लिशिङ हाउस, सन् १९८० ।**

२००७ सालपछिको नेपाली राजनीतिमा केन्द्रीय व्यक्तित्वका रूपमा स्थापित राजनेता वी.पी. कोइरालासँगका अन्तर्वार्ताहरूलाई मूल आधार बनाएर लेखिएको यस पुस्तकको पहिलो अध्यायमा पंचायतको स्थापनादेखि जनमत संग्रहको घोषणासम्मको अवधिमा देखापरेका उतार चढावहरूबारे समीक्षात्मक प्रस्तुति पाइन्छ । यसक्रममा लेखकले राजा महेन्द्र र वी.पी. बीच प्रारम्भ भएको मतभेददेखि २०१७ सालको शाही कदम र त्यसबाट उत्पन्न परिस्थितिको समीक्षा गर्दै प्रतिरोध आन्दोलन प्रारम्भ-असर आदिमाथि प्रकाश पारेका छन् । यस बाहेक राजा वीरेन्द्रद्वारा शासन प्रारम्भ गरिएपछि उत्पन्न परिस्थिति, जनमत संग्रहको घोषणाको अवस्था लगायतमाथि पनि रोचक प्रस्तुति पाइन्छ । वी.पी. कोइरालासँगका अन्तर्वार्ताहरूलाई मूल आधार बनाएर केही भारतीय पत्रपत्रिका र मौलिक स्रोतहरूको प्रयोगबाट तयार गरिएको यस पुस्तकमा वी.पी. का अन्तर्वार्ताहरूलाई प्रश्नोत्तरका रूपमा राखिएको हुँदा वी.पी. को धारणा बुझ्न सहयोग पुग्ने देखिन्छ ।

(च) **भोला चटर्जी, *पोट्रेइट अफ अ रिभोलुशनरी वी.पी. कोइराला,* न्यू दिल्ली : अंकुर पब्लिसिङ हाउस, सन् १९८२ ।**

नेपालको प्रजातान्त्रिक आन्दोलनमा ३ दशकभन्दा बढी अवधिसम्म दरबार पछिको महत्त्वपूर्ण केन्द्रीय व्यक्तित्वका रूपमा गतिशिल राजनेता वी.पी. कोइरालालाई केन्द्रबिन्दु बनाएर तयार गरेको प्रस्तुत कृतिमा जनमत संग्रहपछिको राजनीतिक समीक्षा गरिएको छ । पत्रकारिता क्षेत्रमा लामो अनुभव बटुलेका लेखक नेपालको प्रजातान्त्रिक आन्दोलनमा चासो राख्ने व्यक्ति भएकाले त्यसबारे धेरै कलम चलाउने मध्यमा पर्दछन् । उनले यसै क्रममा वी.पी. सँगका अन्तर्वार्ताहरू, ने.का. सँग सम्बन्धित पत्राचार एवं केही भारतीय पत्रपत्रिकाहरूका आधारमा तयार गरेको यो पुस्तक ९ वटा अध्यायमा विभाजित छ । पहिलो अध्यायमा गरिएको समीक्षाबाट जनमत संग्रहकालमा वी.पी. ले गरेका प्रयास र अवलम्बन गरेको नीति, पंचायतवादीहरूको षडयन्त्र लगायत संविधान संशोधनका अवधिका उतार चढाव जान्न सहयोग पुग्दछ । त्यसपछिका ८ वटा अध्यायमा प्रश्नोत्तरकै रूपमा राखिएका वी.पी. सँगका अन्तर्वार्ताहरूबाट ने.का. को स्थापनादेखि २०३८ सालको आमनिर्वाचन वहिष्कारसम्मका घटना एवं ने.का. को नीति-दृष्टिकोण निर्माणमा सघाउ पुग्ने देखिन्छ । परिशिष्टमा समावेश वक्तव्य एवं पत्रहरूबाट पनि राजनैतिक गतिशिलताका लागि वी.पी. ले गरेका प्रयास लगायतका पक्षमाथि प्रकाश पार्ने काम भएको छ ।

(छ) **लोकराज बराल, *अपोजिशनल पोलिटिक्स इन नेपाल,* न्यू दिल्ली : अभिनव पब्लिकेशन, सन् १९७७ ।**

पंचायती व्यवस्थाको स्थापनापश्चात प्रारम्भ भएका पंचायत विरोधी गतिविधि एवं आन्दोलनबारे अध्ययन गरिएको यस पुस्तकमा लेखकले ने.का. को राजनीतिलाई पनि समावेश गरेका छन् । यस क्रममा लेखकले पंचायतका विरुद्ध ने.का. द्वारा २ चरणमा संचालित प्रतिरोध आन्दोलनको निर्णयमा पुग्ने परिस्थिति, उक्त आन्दोलनका गतिविधिबाट उत्पन्न वातावरण र मेलमिलाप प्रयास लगायतका विषयमाथि प्रकाश पारेका छन् । तत्कालीन पत्रपत्रिका, राजनैतिक दलहरूका भूमिगत प्रकाशन, वक्तव्य, अन्तर्वार्ता, पर्चा लगायतका मौलिक स्रोतहरूको समेत प्रयोग गरेर तयार गरिएको यस अध्ययनबाट तत्कालीन घटनाक्रम एवं वातावरण जान्न आंशिक सघाउ पुग्ने देखिन्छ ।

(ज) **लोकराज बराल, *नेपाल्स पोलिटिक्स अफ रेफरेण्डम अ स्टडी अफ ग्रुप्स परसोनालिटिज एण्ड ट्रेण्डस,* न्यू दिल्ली : विकास पब्लिसिङ हाउस, सन् १९८३ ।**

संसदीय व्यवस्था समाप्त गरेर स्थापना गरिएको पंचायती व्यवस्था निर्विकल्पताको आवरण ओढेर कठोर हुँदै गएपछि विकसित भएको जनआक्रोश विष्फोटन भएपछि जनमत संग्रहको कठघरामा पुगेकाले प्रारम्भ भएका गतिविधि लगायतका विषयवस्तु समेटिएको यो

पुस्तक २०२८ सालदेखि २०३८ सालसम्मका घटनाक्रमहरूमाथिको अध्ययनमा केन्द्रित रहेको छ। प्रकाशित स्रोतहरूका साथै मौलिक स्रोत एवं अन्तर्वार्ताहरू समेतको प्रयोगद्वारा आठ अध्यायमा विभाजित गरेर अध्ययन गरिएको यो निकै उपयोगी पुस्तक हो । जसमा नेपालको राजनीतिमा देखापरेका महत्त्वपूर्ण मोडहरू, राजालाई जनमत संग्रहको घोषणा गर्ने निर्णयमा पुऱ्याउने परिस्थिति, पंचायतवादी एवं पंचायत विरोधीका गतिविधिहरू, जनमत संग्रहको वातावरण, बहुदलवादीहरूद्वारा गरिएका गतिशिलताका प्रयासहरू, जनमत संग्रहको परिणाम, संविधानको तेस्रो संशोधन र त्यसबाट उत्पन्न विवादहरू लगायतका विषयवस्तुहरूमाथि प्रकाश पारिएको छ। यसक्रममा ने.का. ले अवलम्बन गरेका नीतिहरू बारे समीक्षात्मक प्रस्तुति गरिएको भए तापनि पार्टीभित्र उत्पन्न विवाद लगायतका तथ्यहरूको उपेक्षा गरिएको हुनाले ने.का. को आन्तरिक राजनीति जान्न खासै सहयोग पुग्ने देखिंदैन ।

**(झ) ऋषिकेश शाह, *पोलिटिक्स इन नेपाल १९८०-१९९१ : रेफरेण्डम स्टेलमेट एण्ड ट्रायम्फ अफ पिपुल पावर,* तेस्रो संस्करण, न्यू दिल्ली : मनोहर पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्श, सन् १९९२ ।**

राजतन्त्रात्मक शासन व्यवस्थाको परिचयदेखि २०४६ सालको जनआन्दोलन र अन्तरिम सरकारको गठनसम्मका विविध विषयवस्तुहरू समेटेर १४ वटा अध्यायमा विभाजन गरिएको यो पुस्तक लेखकद्वारा सन् १९८२ मा "एस्सेज इन द प्राक्टिश अफ गभर्मेन्ट इन नेपाल" शीर्षकमा प्रकाशित पुस्तकको परिमार्जित रूप हो । आंशिक रूपमा मौलिक स्रोतहरू प्रयोग गरिएको यस पुस्तकबाट प्रजातान्त्रिक आन्दोलनको वातावरण तयार हुने स्थिति लगायतका पक्षमाथि प्रकाश पार्न सहयोग पुग्ने देखिन्छ। प्रारम्भका ९ वटा अध्यायहरूमा नेपालमा राजतन्त्रअन्तर्गतको हुकुमी शासन, त्यसका विविध पक्ष एवं समर्थक वर्गहरू, नेपाली राजनीतिमा संलग्न हुँदै आएका विभिन्न वर्गहरू, विद्यार्थी आन्दोलन, जनमत संग्रह, संविधान संशोधन आदि विषयवस्तुहरूको विश्लेषण गरिएको छ। त्यसपछि २०४६ को आन्दोलन लगायतका विषयवस्तुमाथि प्रकाश पारिएको यो पुस्तकमा नेपाली राजनीतिलाई आफ्नै किसिमले व्याख्या-विश्लेषण गरिएको पाइन्छ। तसर्थ यसमा ने.का. को भूमिका र कार्यलाई केन्द्रबिन्दु बनाइएको छैन तापनि यसबाट सरकारी नीति, व्यवहार र पंचायतवादीको व्यवहार लगायतका विषयवस्तु अध्ययनका लागि सघाउ पुग्ने देखिन्छ।

**(ञ) डा. शशि पि. मिश्र, *वी.पी. कोइराला ए केश स्टडी इन थर्ड वर्ल्ड डेमोक्रेटिक लिडरशिप,* वाराणसी : कोनार्क पब्लिसिङ हाउस, सन् १९८५ ।**

नेपालको राजनीतिमा लामो समयसम्म प्रतिपक्षीय नेताका रूपमा स्थापित रहेर भूमिका निर्वाह गर्दै सनसनीखेज अध्यायहरू सम्पादन गरेका राजनेता एवं ने.का. का प्रमुख आधार स्तंभ वी.पी. कोइरालालाई केन्द्रबिन्दु बनाएर अध्ययन गरिएको यो पुस्तक १० अध्यायमा विभाजित छ। बनारस विश्वविद्यालय स्थित नेपाल अध्ययन केन्द्रका नेपालसम्बन्धी विशेषज्ञ रहेका लेखकद्वारा

मौलिक स्रोतहरूको प्रयोगसँगै नेपाली र भारतीय पत्रपत्रिका लगायतका सामग्रीहरूको सहयोगबाट गरिएको यस अध्ययनले ने.का. का गतिविधि र वी.पी. को भूमिका लगायतका विषयवस्तुबारे सहयोग पुऱ्याउने देखिन्छ । वी.पी. कोइरालाको प्रारम्भिक जीवनी, राजनैतिक संलग्नतादेखि जीवनको अन्तसम्मका प्रयास एवं कार्यबारे विश्लेषण गरिएको यस पुस्तकबाट शाही कदम २०१७ को पृष्ठभूमि, स्वरूप, प्रतिरोध आन्दोलन, मेलमिलाप नीति, विद्यार्थी आन्दोलन, जनमत संग्रह, संविधान संशोधन र त्यसप्रति वी.पी. को प्रयास एवं धारणा, वी.पी. को निधन लगायतका घटनाक्रमप्रति भारतीय दृष्टिकोण लगायतका विषयवस्तु थाहा पाउन सकिन्छ । अल्प विकसित राष्ट्रहरूको समूहलाई तेस्रो विश्वको नाम दिएर वी.पी. को सिद्धान्त र नीतिले त्यस्ता राष्ट्रमा निकै प्रभाव पारेको उल्लेख गरिएको यस पुस्तकले ने.का. को समग्र भूमिका स्पष्ट नगरे पनि वी.पी. रहँदासम्म उनले कसरी पार्टीलाई परिचालन गरे ? त्यसबाट कस्ता उपलब्धि हासिल भए ? आदि प्रश्नहरूको निराकरण गर्न थप मद्दत पुऱ्याउने देखिन्छ ।

**(ट) टि. लुइस ब्राउन, *दि च्यालेन्ज टु डेमोक्रेशि इन नेपाल,* लण्डन एण्ड न्यू योर्क : रौटलेज, सन् १९९६ ।**

२००७ सालमा राणाशासनको समाप्तिदेखि २०५१ सालमा नेपाल कम्यूनिष्ट पार्टी (एमाले) को अल्पमत सरकार गठनसम्मका राजनैतिक गतिविधिबारे विश्लेषण गरिएको यो पुस्तक ८ अध्यायमा विभाजित छ । जसमध्ये प्रारम्भका ४ वटा अध्यायहरूमा परम्परागत अवधारणाअनुरूप क्रमशः सक्रिय हुँदै आएको नेपालमा आएका उतार चढाव, राणाशासन, राजतन्त्रात्मक शासनको पुनर्स्थापना, पंचायती व्यवस्थाको प्रारम्भ, पंचायतकालीन राजनीति र सामाजिक जनजीवन, राजा वीरेन्द्रद्वारा पंचायत प्रणालीमा गरिएका सुधार प्रयास, जनमत संग्रह, संविधान संशोधन लगायतका विषयवस्तुबारे प्रकाश पारिएको छ । यस क्रममा मौलिक स्रोतहरूको त्यति प्रयोग नगरिएको यस पुस्तकबाट पाश्चात्य जगतको दृष्टिकोण र विश्लेषण जान्न सहयोग पुग्ने देखिन्छ ।

**(ठ) विलियम रेपर एण्ड मार्टिन हफ्टन, *स्प्रिङ्ग अवेकिङ्ग एन एकाउण्ट अफ द १९९० रिभोलुशन इन नेपाल,* न्यू दिल्ली : भाइकिङ्ग वाइ पेनगुइङ्ग बुक्स, सन् १९९२ ।**

पंचायती निरंकुशताबाट पिल्सिएका नेपाली जनताहरूले सडकमा उत्रिएर आवाज बुलन्द पार्दै पंचायतलाई समाप्त गरेको जनआन्दोलन २०४६ को घटनामाथि अभिरुची साथ ध्यान दिइरहेका विदेशी प्राज्ञहरूद्वारा त्यसैलाई केन्द्रबिन्दु बनाएर अध्ययन गरिएको यो पुसतक ३ अध्यायमा विभाजित छ । प्रकाशित पुस्तक, पत्रपत्रिका, अन्तर्वार्ता, आफ्ना अनुभव लगायतका सामग्रीहरूको प्रयोगद्वारा जनआन्दोलन २०४६ लाई केन्द्रबिन्दु बनाएर तयार गरिएको यस पुस्तकको पहिलो अध्यायमा पंचायती व्यवस्थाको स्थापनादेखि २०४६ सम्मका पंचायत विरोधी गतिविधिहरूबारे समग्र विश्लेषण गरिएको छ । तर यसमा ने.का. का गतिविधि लगायतको

विश्लेषण गर्दा मौलिक स्रोतको आधार नलिइएकाले केही छिटफुट घटनाका कुरा बाहेक ने.का. को आन्दोलनका समग्र पक्षमाथि पनि प्रकाश पार्न सकेको देखिदैन ।

**(ड) मार्टिन हफ्टन, विलियम रेपर र जोन ह्वेल्पटन, *पिपुल, पोलिटिक्स एण्ड आइडियोलोजी डेमोक्रेशि एण्ड सोसल चेन्ज इन नेपाल,* काठमाडौँ : मण्डला बुक प्वाइन्ट, सन् १९९९ ।**

मूल रूपमा २०४६ सालको जनआन्दोलन र त्यसका उपलब्धिहरू लगायतका गतिविधिहरूको समग्र अध्ययन गर्ने उद्देश्यले तयार गरिएको यो पुस्तक ८ अध्यायमा विभाजित छ । लेखकले २०४६ सालको जनआन्दोलनको पृष्ठभूमि स्पष्ट गर्नका लागि दोस्रो अध्यायमा पंचायती व्यवस्थाको स्थापनासँगै सुरु भएको जनअसन्तुष्टता र ने.का. को प्रतिरोध आन्दोलनका छिटफुट पक्षहरू, विद्यार्थी आन्दोलन, जनमत संग्रह, २०४२ सालको वम विष्फोटन आदिबारे समग्र उल्लेख गरेको पाइन्छ । नेपालको प्रजातान्त्रिक आन्दोलनमा वाम पन्थीहरूको भूमिकालाई बढी जोड दिएर लेखिएको यस पुस्तकमा ने.का. का गतिविधिहरूलाई प्रसङ्गवश मात्र स्थान दिइएको हुँदा नीतिगत भूमिका र तथ्यबारे सहयोग नपुगे तापनि घटनाक्रमहरूको कडी जोडन भने सघाउ पुग्ने देखिन्छ ।

**(ढ) डा. सूर्यमणि अधिकारी, *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* नई दिल्ली : निराला पब्लिकेशन्स, २०५५ ।**

२०४६ सालको जनआन्दोलनले प्रजातन्त्र पुनर्स्थापना गरेपछि उत्पन्न वातावराण्मा नेपालको प्रजातान्त्रिक आन्दोलनको समग्र अध्ययन गर्ने उद्देश्यअनुरूप तयार गरिएको यो पुस्तक १२ अध्यायमा विभाजित छ । आंशिक रूपमा मौलिक स्रोतहरूको प्रयोग गरिएको यो पुस्तकको ७ देखि १० सम्मका ४ वटा अध्यायहरूमा २०१७ सालदेखि २०४२ सालसम्मका घटनाक्रमहरूबारे प्रकाश पारिएको छ । लेखकले यस क्रममा हरेक घटनाहरूको भित्रि तहसम्म पुगेर अध्ययन गर्नुका सट्टा रूपरेखामात्र कोर्ने प्रयासअनुरूप विश्लेषण गरेर समग्रतामा प्रकाश पार्न खोजेको देखिन्छ । यस अवधिमा ने.का. द्वारा जारि गरिएका पर्चा, भूमिगत साहित्य, अपिल, वक्तव्य लगायतका सामग्रीहरू केही अपवाद बाहेक प्रयोग नगरेर पुस्तक, पत्रपत्रिका जस्ता प्रकाशित सामग्रीहरू र केही अन्तर्वार्ताहरूका आधारमा तयार गरिएको हुँदा त्यस्तो भएको हुनसक्दछ । तसर्थ यसबाट न्यूनरूपले मात्र सहयोग पुग्ने देखिन्छ ।

**(ण) डा. सूर्यमणि अधिकारी, *नेपाली कांग्रेसको इतिहास,* काठमाडौँ : भुँडी पुराण प्रकाशन, २०५९ ।**

ने.का. को स्थापनादेखि २०४८ सालमा निर्वाचित सरकारको गठनसम्मका विषयवस्तुहरूबारे संक्षिप्त विश्लेषण गरिएको यो पुस्तक १२ अध्यायमा विभाजित छ । ने.का.

को समग्र इतिहास तयार गर्ने सोचअनुरूप लिपिवद्ध गरेको दावीसहित प्रकाशित यो पुस्तकमा प्रयुक्त सबैजसो सामग्री र विषयवस्तुहरू लेखकद्वारा ४ वर्ष अगाडि दिल्लीबाट प्रकाशित गरिएको "नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास" नामक पुस्तकमा प्रयुक्त भइसकेका छन् । शीर्षकमात्र परिवर्तन भएको यो पुस्तकलाई त्यसकै परिमार्जित संस्करण भने पनि हुन्छ । किनकी उक्त पुस्तकका केही विषयवस्तु हटाएर केही थपथाप गरी नेपाल भित्रैबाट प्रकाशित गरेको बाहेक नयाँ कुरा केही छैन । तसर्थ यो पुस्तकबाट पहिलोबाट भन्दा नयाँ अन्य कुनै तथ्यसम्बन्धी सहयोग पुग्ने देखिँदैन ।

**(त) गोबर्धन राना, *प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी संघ (नेपाली तरुणहरूको संघर्षगाथा)*, काठमाडौँ : ने.वि. संघ पश्चिमाञ्चल समन्वय समिति, २०५१ ।**

नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाली कांग्रेसले खेलेको भूमिकालाई जीवन्त बनाएर व्यवहारिक रूप दिने कार्यमा तरुण एवं विद्यार्थीहरूद्वारा देखाएको सक्रियता र बलिदानी अध्यायहरूलाई लिपिवद्ध गर्ने उद्देश्यअनुरूप तयार गरिएको यो पुस्तक ३९ अध्यायमा विभाजित छ । लेखक स्वयं ने.वि. संघका सक्रिय कार्यकर्ता भएकाले आफ्नो संलग्नता, कार्य, अनुभव आदिलाई समेत प्राथमिकता दिएर तयार गरिएको यो पुस्तक मूल रूपमा प्रकाशित पत्रपत्रिकाहरूमा आधारित भएकाले कतिपय सन्दर्भहरू बढाइ चढाइ लेखिएका छन् । शीर्षकअनुरूप ने.वि. संघका क्रियाकलापहरूलाई उच्च प्राथमिकता दिइएको भए तापनि प्रतिरोध आन्दोलनका केही सन्दर्भमा मुक्तियोद्धासँगको अन्तर्वार्ता हुबहु राखिएकाले त्यसको प्रकृति वा वास्तविकता जान्न सहयोग पुग्दछ । खास गरेर नेपालमा प्रजातान्त्रिक धारामा विश्वास राख्ने विद्यार्थीहरूका आन्दोलनको विकाशक्रम, उपलब्धि, स्वरूप, प्रकाशन, ने.का. एवं ने.वि. संघको अन्तरसम्बन्ध र ने.का. को आह्वानमा भएका आन्दोलनहरू लगायतका विषयवस्तुहरूबारे सहयोग पुऱ्याउने यो पुस्तकले अध्ययन अनुसन्धानको कुनै नियम पालना गरेको छैन । तर पनि यसबाट विद्यार्थी आन्दोलन, जनमत संग्रह, सत्याग्रह जस्ता कार्यक्रमहरूमा ने.वि. संघले पुऱ्याएको सहयोगबारे तथ्यता पत्ता लगाउन सघाउ पुऱ्याउने देखिन्छ ।

**(थ) श्रीभद्र शर्मा, *वी.पी. सँगका केही सस्मरण*, काठमाडौँ : एकता प्रकाशन, २०५७ ।**

राणाशासनको अन्तितिर "जयतु संस्कृतम्" आन्दोलनमा उत्रिएर कोपभाजनको शिकार बनेपछि ने.का. मा संलग्न भएर महत्त्वपूर्ण भूमिका निर्वाहसँगै पार्टीको महामन्त्रीसम्म हुनपुगेका र लामो जेलसमेत भोगेका व्यक्तिद्वारा वी.पी. सँगको सहयात्रामा गरेका अनुभव लगायतका घटनाक्रमबारे लिपिवद्ध गरिएको यो पुस्तक विभिन्न २८ वटा शीर्षकमा विभाजित छ । राजनैतिक कार्यकर्ताका अनुभवहरूकोसंगालो भएकाले स्वतह नै प्राथमिक स्रोतका रूपमा प्रयोग गर्न सकिने सामग्रीहरू भएको यो पुस्तकबाट शाहीकदम २०१७ को पृष्ठभूमि, घटनाक्रम, स्वरूप, पंचायती दमन शैली, वी.पी. को रिहाइ, स्वनिर्वाशन, प्रतिरोध आन्दोलनको निर्णय,

मेलमिलाप नीति लिएर नेपाल फर्केदेखि नीधनसम्मको मनस्थिति, क्रियाकलाप, धारणा, प्रयास लगायतका विषयवस्तु निर्धारणका लागि सघाउ पुग्ने देखिन्छ । यस बाहेक पंचायतका संचालकहरूका प्रयास र वी.पी. प्रतिको भारतीय दृष्टिकोणसम्बन्धी तथ्यहरू खोजी गर्नका लागि पनि केही सहयोग पुग्ने देखिन्छ ।

**(द) हेमराज अधिकारी (शास्त्री),** ***आजको नेपाल (प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास),*** **काठमाडौँ : श्रीमती चन्द्रकला अधिकारी, २०५८ ।**

२००७ सालको क्रान्तिपश्चातको वातावरणमा ने.का. भित्र सक्रिय भएकाले २०१७ सालको राजकदम पछि जेल, निर्वाशन लगायतका यन्त्रणा भोगेर गतिशिल भएको व्यक्तिद्वारा प्रजातान्त्रिक आन्दोलनको वास्तविक इतिहास तयार गर्ने लक्ष्यअनुरूप लेखिएको दावीसहित प्रकाशित यो पुस्तक १३ अध्यायमा विभाजित छ । कैयौं महत्त्वपूर्ण ऐतिहासिक तस्बिरहरू समेत राखिएको यस पुस्तकका १३ वटा अध्यायमध्ये ९ देखि ११ सम्मका ३ वटा अध्यायहरूमा पंचायती व्यवस्थाको स्थापनादेखि २०४२ सालको सत्याग्रहसम्मका विषयवस्तुहरूलाई स्थान दिइएको छ । पंचायती कालखण्डमा प्रजातन्त्रवादीहरूले भोग्नु परेका पीडा र सरकारी व्यवहारलाई उजागर गर्ने प्रयास गरेको उल्लेख गर्ने लेखकले आफै केन्द्रीय सदस्य रहेकाबेला आफ्नै उपस्थितिमा सम्पन्न पार्टीको वैठकद्वारा वी.पी. र गणेशमान सिंहलाई अनुशासनको कार्वाहीका लागि गरेको निर्णयसम्बन्धी प्रसङ्गलाई लुकाउने-बङ्ग्याउने प्रयास गरेको देखिन्छ । सुवर्णशमशेरको प्रतिरोध आन्दोलनलाई उच्च प्राथमिकता दिइए तापनि वी.पी. को प्रतिरोध आन्दोलनलाई त्यति महत्त्व नदिइएको यस पुस्तकमा मेलमिलाप नीतिको पृष्ठभूमि, औचित्य, भारतीय नीति, सरकारी व्यवहार लगायतलाई नजरअन्दाज गर्दै २०३३ सालपश्चातका दिनहरूमा वी.पी. द्वारा सुवर्ण समूहलाई उपेक्षा गरिएको लगायतका आरोप लगाएको पाइन्छ । तर पनि तत्कालीन घटनाक्रमहरूको विश्लेषणका लागि ने.का. भित्र देखापरेको वैमनस्यता लगायतका विषयवस्तुहरूबारे यसबाट आंशिक सहयोग पुग्ने देखिन्छ ।

**(ध) प्रा.डा. राजेश गौतम,** ***कर्मयोगी राजनीतिज्ञ कृष्णप्रसाद भट्टराई,*** **काठमाडौँ : वी.पी. प्रकाशन, २०५७ ।**

ने.का. का संस्थापक नेता कृष्णप्रसाद भट्टराईको जीवनका विविध पक्ष, धारणा, राजनैतिक गतिशिलता, अनुभव, विश्लेषण लगायतका विषयवस्तुलाई उनीसँग लिएका अन्तर्वार्ताहरू विभिन्न शीर्षकमा संयोजन गरेर प्रश्नोत्तरकै रूपमा राखेर ८ वटा अध्यायमा विभाजन गरिएको यो पुस्तक छुट्टै स्वरूपमा देखिएको छ । इतिहासका विभिन्न विषयहरूमा अनुसन्धान गरेर प्रशस्त कृतिहरू जन्माइसकेका लेखकद्वारा लामो कालखण्डसम्म गतिशिल भएका नेतासँग रेकर्ड गरेका १२ घण्टा लामो अन्तर्वार्तालाई सामान्य सम्पादनसहित प्रश्नोत्तरकै रूपमा राखेर पुस्तकाकार रूप दिइएको यो कृतिबाट २०१७ सालदेखि २०४१ सालसम्मको

सामाजिक-राजनैतिक घटनाक्रमहरू, ने.का. का गतिविधि, पंचायतको नीति, कृष्णप्रसाद भट्टराईको भूमिका, अनुभव-धारणा लगायतका पक्षमाथि प्रकाश पार्न सहयोग पुग्ने देखिन्छ ।

**(न) डा. राजेश गौतम, *नेपालको प्रजातान्त्रिक आन्दोलन र विद्रोही भरतशमशेर,* काठमाडौँ : कृष्णमुरारी अधिकारी र श्रीराम श्रेष्ठ, २०६१ ।**

राणा प्रधानमन्त्री चन्द्रशमशेरको परिवारभित्र जन्मिएर पनि संसदीय परिपाटीतर्फ झुकाव भएकाले नेपाल राष्ट्रवादी गोरखा परिषद्को स्थापना गरेर सक्रिय भएका र २०१७ सालको काण्डसँगै गिरफ्तार भएपछि राजा महेन्द्रलाई सहयोग गर्ने आवश्वासन दिएर विश्वस्त पारी जेलमुक्त भएपछि भागेर भारत पुगि आफ्नो दललाई ने.का. मा विलय गराई प्रतिरोध आन्दोलनमा समाहित भएर हतियार उठाउने साहसी नेता भरतशमशेरमा आधारित यो पुस्तक ११ अध्यायमा विभाजित छ । अध्ययन-अनुसन्धानमा गतिशिल लेखकद्वारा भरतशमशेरको संलग्नता, गतिशिलता, कार्य, अनुभव, धारणा, मूल्याङ्कन लगायतका विविध पक्षहरू उजागर गर्ने किसिमले तयार पारेका प्रश्नावलीहरूको प्रयोगद्वारा पटक-पटक गरेर रेकर्ड गरेको २० घण्टा लामो अन्तर्वार्तालाई प्रश्नोत्तरकै रूपमा राखिएको यो पुस्तक कतिपय तथ्यका लागि उपयोगी देखिन्छ । यस पुस्तकको ५ देखि ७सम्मका ३ वटा अध्यायमा २०१७ सालको काण्डदेखि २०४६ सालको जनआन्दोलनसम्मका विषयवस्तुहरू राखिएको छ । जसबाट वी.पी. र ने.का. का विरुद्ध सशक्त राजनैतिक दल बनाउन चाहने भरतशमशेर राजासँग कुरा मिलाएर कसरी उम्किए ? कसरी भारत पसेर आफ्नो दललाई ने.का. मा विलय गराउने निश्चयमा पुगे ? प्रतिरोध आन्दोलन किन सफल हुनसकेन ? मेलमिलाप नीतिको निर्णय कुन परिवेशमा गरियो ? भारत सरकारले उनी लगायतप्रति कस्तो नीति लिएको थियो ? आदि विषयवस्तुहरू बारे भरतशमशेरका भनाइ एवं अनुभवहरू जान्न सकिन्छ । स्पष्ट वक्ताका रूपमा चिनिने भरतशमशेरका उल्लेखित भनाइबाट प्रवाशकालीन घटनाक्रम स्पष्ट भए तापनि उनी धेरै समय भारतको कलकत्तामा नै बसेकाले उक्त अवधिमा देशभित्र घटेका घटना एवं हलचलबारे भने कुनै उल्लेख गरिएको छैन ।

**(प) राजेश गौतम, *नेपालको संवैधानिक इतिहास र राजनीति,* काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५४ ।**

नेपालमा संवैधानिक विकासको पृष्ठभूमिदेखि २०४७ सालको संविधान र त्यसका तहत सम्पन्न २ वटा आम निर्वाचनसम्मको संवैधानिक इतिहास र राजनैतिक गतिविधिहरू समेटिएको यो पुस्तक मूल रूपमा प्रकाशित स्रोत र रिपोर्टहरूका आधारमा तयार गरिएको छ । जसको १३ देखि २० सम्मका अध्यायहरूमा पहिलो निर्वाचित सरकार अपदस्त हुनुका कारणदेखि जनआन्दोलन २०४६ भन्दा अगाडिका घटनाक्रमहरू बारे संक्षेपमा चर्चा गरिएको हुँदा पंचायती कार्यशैली, प्रतिवन्धित संसदीय दलहरूको गतिशिलता जान्नका लागि आंशिक रूपले सघाउ पुग्ने देखिन्छ ।

**(फ) रेवतीरमण सुवेदी, *निष्ठाका सगरमाथा गणेशमान सिंह,* दोस्रो संस्करण, काठमाडौँ : अनुश्का प्रकाशन, २०५८ ।**

ने.का. का संस्थापक नेता एवं प्रजातान्त्रिक आन्दोलनका अविचलित यात्री गणेशमान सिंहलाई केन्द्रबिन्दु बनाएर उनकै एक अनुयायीद्वारा लेखिएको यो पुस्तक गणेशमान सिंहको संघर्ष, नीति, त्याग लगायतका विविध पक्षमाथि प्रकाश पारिएको कृति हो । ने.का. का अन्य कतिपय नेताहरूको तेजोवध गरेर गणेशमान सिंहको श्रेष्ठता स्थापित गर्ने मनसाय स्पष्टसँग छताछुल्ल हुने गरी पोखिएको यो पुस्तक अध्ययन अनुसन्धानको कुनै नियम पालना नगरी तयार गरिएको छ । तसर्थ यसमा उल्लेखित कतिपय विषयवस्तुहरूको सत्यता परीक्षण गर्नु पर्ने भए तापनि ने.का. भित्र देखापरेका वैचारिक लहरहरू, मेलमिलाप नीतिको उद्देश्य, सत्याग्रह ताका देखापरेका विवादहरू, सत्याग्रहका उपलब्धि लगायतका तथ्यहरूको तहसम्म पुग्नका लागि केही सहयोग पुग्ने देखिन्छ ।

उपर्युक्त केही पूर्वकार्यहरूका अतिरिक्त विभिन्न पुस्तक, पत्रपत्रिका, सामयिक संकलन, पार्टी र त्यसका भातृ संस्थाहरूका मुखपत्र, जर्नल, वुलेटिन आदिमा प्रकाशित लेख अन्तर्वार्ता आदि माध्यमबाट पनि ने.का. को गतिविधि नीति एवं उत्पन्न हलचलबारे प्रकाश पार्ने कार्य भएको छ । तर ती सबैजसोमा मौलिक स्रोतहरूको प्रयोग लगायतका कुराहरूलाई त्यति ध्यान दिइएको छैन । यस अध्ययनमा त्यस्ता सबै सामग्रीहरूको सहयोग लिइएको भए तापनि सबैबारे समग्र समीक्षा उल्लेख गर्न सम्भव नभएकाले उपर्युक्त केही मुख्य कार्यहरूको समीक्षा प्रस्तुत गरिएको हो ।

उल्लेखित पूर्वकार्य समीक्षाबाट "नेपाली कांग्रेस मेलमिलापदेखि सत्याग्रहसम्म (२०३३-२०४२)" शीर्षक एवं अवधिका विषयवस्तुबारे कतैबाट पनि समष्टिगत अध्ययन नगरिएको प्रष्ट भएकाले यो विषय पूर्णतः ओझेलमा परेको स्पष्ट हुन आउँदछ । जसबाट धेरैभन्दा धेरै मौलिक स्रोतहरूको प्रयोग गरेर यस विषयमा एउटा समग्र अध्ययन गरिनु अत्यन्त सामयिक, औचित्यपूर्ण र उपलब्धिमुलक हुने भएकाले प्रस्तुत अध्ययन कार्य गरिएको हो ।

## १.९ अध्याय विभाजन

प्रस्तुत अध्ययनलाई निम्नलिखित अध्यायहरूमा विभाजन गरेर तयार गरिएको छ ।

**अध्याय – एक** – परिचय
**अध्याय – दुई** – पृष्ठभूमि
**अध्याय – तीन** – नेपाली कांग्रेस र मेलमिलाप नीति
**अध्याय – चार** – २०३५-२०३६ को विद्यार्थी आन्दोलन
**अध्याय – पाँच** – जनमत संग्रह र नेपाली कांग्रेस
**अध्याय – छ** – जनमत संग्रह समापनपछिको नेपाल
**अध्याय – सात** – सत्याग्रह आन्दोलन २०४२ र नेपाली कांग्रेस

**अध्याय - आठ** - उपसंहार

**अध्याय - एक**मा अध्ययनको परिचयदेखि अध्याय विभाजनसम्मको स्वरूप स्पष्ट गरिएको छ ।

**अध्याय - दुई**मा शाही कदम २०१७ को पृष्ठभूमि र स्वरूपदेखि ने.का. को प्रतिरोध आन्दोलनका २ चरणबारे संक्षेपमा सिंहावलोकन गरिएको छ ।

**अध्याय - तीन**मा प्रतिरोध आन्दोलनको मार्गमा बढिरहेको ने.का. ले राष्ट्रियतामाथि संकट महसुस गर्ने परिस्थितिहरूको आंकलनसँगै हतियार परित्याग गरेर नेपाल फर्कने निर्णय गर्दा उत्पन्न मतभेद र त्यसको निराकरण प्रकृयाबारे विस्तृत चर्चा गरिएको छ । यसै अध्यायमा मेलमिलाप नीति लिएर नेपाल फर्केपछि पंचायतवादीहरूबाट सम्पादित क्रियाकलाप, मेलमिलाप नीतिबाट उत्पन्न हलचल, मेलमिलाप नीतिप्रतिको अन्तर्राष्ट्रिय सदभाव, समर्थन र राजप्रतिक्रिया, पार्टीभित्र परेको असर आदिबारे गम्भिर सिंहावलोकन गरिएको छ ।

**अध्याय - चार**मा २०३५-२०३६ को विद्यार्थी आन्दोलनको पृष्ठभूमिदेखि शाही आयोगसँगको सम्झौता पश्चातको प्रतिक्रियासम्मका गतिविधिहरू, सरकारी दमन र आन्दोलनको फैलावट लगायतका विषयवस्तुहरूबारे विस्तृत छलफल गरिएको छ ।

**अध्याय - पाँच**मा पंचायती व्यवस्थाको स्थापना, निर्विकल्पता हुँदै जनमत संग्रहको घोषणासम्मको विषयवस्तुबारे सिंहावलोकन गर्दै जनमत संग्रह घोषणाबाट उत्पन्न प्रतिक्रिया, ने.का. को स्वीकारोक्ति र गतिविधि, घोषणामा निहित राज भावना, पंचायतवादीहरूका क्रियाकलाप, षडयन्त्र एवं आक्रमण, परिणाम र प्रभाव लगायतका विषयवस्तुहरूलाई विश्लेषणात्मक रूपले प्रकाश पारिएको छ ।

**अध्याय - छ**मा संविधानको तेस्रो संशोधन प्रकृया प्रारम्भदेखि आफ्ना धारणालाई संविधानमा प्रतिनिधित्व गराउन ने.का. ले गरेका प्रयास, पंचायतवादीहरूको नीतिअनुरूप एकपक्षीय संविधानको घोषणा, त्यसपछि पनि गतिशिलताका लागि ने.का. ले गरेका प्रयास, पंचायतवादीहरूको षडयन्त्र, ने.का. द्वारा २०३८ सालको निर्वाचन वहिष्कार गर्न बाध्य बनाइएको परिस्थिति, वी.पी. को निधन लगायतका विषयवस्तुहरूबारे प्रकाश पारिएको छ ।

**अध्याय - सात**मा वी.पी. कोइरालाको निधनबाट उत्पन्न हलचलबारे समीक्षा गर्दै त्यसपछि ने.का. मा हावी हुँदै गएको शान्तिपूर्ण आन्दोलनवादी धाराको कारणले गर्दा मेलमिलाप नीतिका तहत शान्तिपूर्ण आन्दोलन गर्न हुन्छ वा हुँदैन भन्ने विवाद सुरु भएकै बेला संगठन सुदृढीकरण मार्गमा बढेको ने.का. प्रति गरिएको दमन र षडयन्त्रको परिणाम स्वरूप हुन पुगेको सत्याग्रहको निर्णय, सत्याग्रह आन्दोलनका घटनाक्रम, सरकारी व्यवहार, रहस्यमय वम विष्फोटन, उपलब्धि लगायतका विषयवस्तुमाथि विश्लेषणात्मक रूपले चर्चा गरिएको छ ।

**अध्याय – आठ**मा समग्र अध्ययन कार्यको निष्कर्ष प्रस्तुत गर्दै अध्ययनको विट मारिएको छ ।

# अध्याय - दुई

## पृष्ठभूमि

### २.१ शाही कदम २०१७ : पृष्ठभूमि र स्वरूप

२००७ सालको क्रान्तिपछि एकातिर राजाको महत्त्वाकांक्षा क्रमशः बढ्दै गयो भने अर्कोतिर राजनैतिक दलहरूको खिचातानी र सत्ता लिप्सा खुलेर देखिएकाले २००७ साल फाल्गुण ७ गते श्री ५ त्रिभुवनले गरेको घोषणाअनुसार संविधान सभाको निर्वाचन पछि पर्दै गयो । देशमा सरकार गठन एवं पुर्गठनको खेल सुरु भयो । त्यो अवस्थामा २०११ साल फाल्गुण ३० गते राजा त्रिभुवनको नीधन भएपछि राजा हुन पुगेका श्री ५ महेन्द्रले देशको राजनीतिमा आफ्नो वर्चस्व कायम राख्ने महत्त्वाकांक्षाअनुरूप राजनैतिक दलहरूलाई खेलाउने कार्य गर्न थाले । जसबाट २००७ सालको क्रान्तिका उपलब्धिहरू नै समाप्त हुनसक्ने संभावना बढेपछि त्यसको रक्षा एवं प्रजातान्त्रको संस्थागत विकासका लागि नेपाली कांग्रेस शान्तिपूर्ण आन्दोलनको मार्गमा बढ्न बाध्य भयो । फलस्वरूप नेपाली कांग्रेसको आह्वान एवं नेतृत्वमा देशभित्र **सत्याग्रह** एवं **भद्र अवज्ञा** जस्ता आन्दोलन सञ्चालन गरिए । जसलाई अन्य केही राजनैतिक दलहरूले पनि समर्थन जनाएपछि उत्पन्न परिस्थतिको अन्तमा राजा महेन्द्र आमनिर्वाचनको घोषणा गर्न बाध्य भए । परिणामस्वरूप २०१५ साल फाल्गुण ७ गतेका दिनदेखि बालिग मताधिकारका आधारमा देशभित्र आमनिर्वाचन सुरु भयो ।[४०] प्रतिनिधि सभाको १०९ स्थानका लागि भएको उक्त निर्वाचनमा चुनाव चिन्ह 'रूख' लिएर लडेको नेपाली कांग्रेसलाई जनताले ७४ स्थानमा विजयी गराए । जसलाई ने.का. ले जनताद्वारा आफ्नो संघर्षशील कार्य एवं छविलाई सम्मान गरेको घटनाका रूपमा स्वीकार गरेको पाइन्छ ।[४१] ने.का. का विभिन्न स्रोतअनुसार वी.पी. कोइरालाको कुशल नेतृत्व, राष्ट्रियता, प्रजातन्त्र, समाजवाद जस्ता आदर्श भएको स्पष्ट घोषित नीति, क्रान्तिकारी छवि र जनस्तरसम्म पुऱ्याएको समाजवादी घोषणापत्र आदिले गर्दा उक्त सफलता मिलेको थियो ।[४२] कसैले पनि बहुमत ल्याउन नसक्ने विश्वाससहित निर्वाचन गराएका राजा महेन्द्र लगायत राज्यका प्रतिगामी शक्ति सबै उक्त परिणामबाट स्तब्ध एवं आश्चर्यचकित हुन पुगे । तसर्थ राजाले निर्वाचन सम्पन्न भएको ३

---

४० (क) श्रीभद्र शर्मासँग २०५९ असार २२ गते भद्र निवाश कोटेश्वर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) त्रिरत्न मानन्धर र निरन्जन शर्मा, *आधुनिक नेपालको राजनैतिक इतिहास (२००७ - १९)*, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३, पृ. ७६ ।

४१ चिरन्जीवी वाग्ले र अन्य (सं.), *नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू*, काठमाडौँ : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, २०५२, पृ. ३ ।

४२ बद्री नारायण गौतम, *नेपाली कांग्रेस र सङ्घर्षका दश वर्ष (२०३६-४६)*, (स्नातकोत्तर शोधपत्र अप्रकाशित), इतिहास केन्द्रीय विभाग, कीर्तिपुर, २०५०, पृ. ४४-४५ ।

महिनासम्म पनि सरकार गठन गर्न आमन्त्रण गरेनन् ।[४३] राजा महेन्द्र वी.पी. कोइरालाको सट्टा सुवर्णशमशेरलाई प्रधानमन्त्री बनाउन चाहन्छन् भन्ने हल्ला प्रशस्त चलेको त्यो अवस्थामा[४४] नेताहरूले कुरा मिलाएपछि २०१६ साल बैशाख २२ गते सुवर्णशमशेरको घर ललिता निवासमा बसेको ने.का. संसदीय दलको वैठकले वी.पी. कोइरालालाई संसदीय दलको नेतामा चयन गऱ्यो ।[४५] राजा महेन्द्रले पनि ज्येष्ठ ८ गतेका दिन वी.पी. लाई नयाँ सरकार गठन गर्न आह्वान गरेपछि त्यसको ५ दिन पछि नै नेपालको इतिहासमा सर्वप्रथम निर्वाचित मन्त्रिमण्डलको गठन भयो ।[४६] त्यसको भोलिपल्ट अर्थात ज्येष्ठ १४ गते वी.पी. कोइरालाले देशवाशीहरूलाई सम्बोधन गर्दै प्रधानमन्त्रीमा आफ्नो नियुक्ति राजा र प्रजा दुवैको विश्वासको पात्र नयाँ व्यवस्थाको प्रतिक भएको जनाउँदै सरकारले घोषणापत्रमा व्यक्त प्रतिबद्धताअनुरूप काम गर्ने र त्यसमा जनता, कर्मचारी, मित्रराष्ट्र, सेना आदिको सहयोगको अपेक्षा गरेको स्पष्ट गरे ।[४७]

जम्मा १८ महिना जतिमात्र काम गर्न पाएको यो सरकारका प्रधानमन्त्री वी.पी. कोइरालाले यो अवधिमा आफ्ना सहयोगिका साथै संसदका विरोधी दलहरूको समेत सहयोग लिएर जनहितमूलक कार्यक्रम अगाडि ल्याए । फलस्वरूप यो छोटो अवधिमा पनि विर्ता उन्मूलन, राज्य रजौटा उन्मुलनदेखि वनको राष्ट्रियकरण, विद्यालय स्थापनाको लहर, घरेलु उद्योगको स्थापना, दौंत्य सम्बन्धलगायतका युगान्तकारी सिद्ध हुने कार्यहरू सम्पन्न गरिए ।[४८] प्रथम जननिर्वाचित सरकारले निर्वाचनमा प्रस्तुत गरेको समाजवादी घोषणापत्रमा व्यक्त गरेका प्रतिवद्धताअनुरूप गरेका यस्ता कार्यक्रमहरू सम्पन्न हुन गएमा जनस्तरमा नेपाली कांग्रेस लोकप्रिय हुने सुनिश्चित थियो । त्यो स्थितिमा निहित स्वार्थ पूरा गर्न चाहने सामन्ती वर्ग, नोकर शाही समूह तथा सैनिक परिवारलगायतका उच्चवर्गहरू नेपाली कांग्रेसको सरकारका विरुद्धमा एक हुन पुगे ।[४९] यस्तो स्थिति एवं परिवेशमा सरकारले विदेश नीतितर्फ चालेको कदम एवं गृह नीतिबाट उत्पन्न प्रतिक्रियाबाट उत्साहित भएका राजा महेन्द्रले २०१७ साल पौष १

---

४३ वाग्ले र अन्य, टिप्पणी संख्या २, पृ. ३ ।

४४ (क) अनिरुद्र गुप्ता, *पोलिटिक्स इन नेपाल,* दिल्ली : कलिंगा पब्लिकेशन्स (सेकेण्ड इडिसन), सन् १९९३, पृ. १४८-४९ ।
(ख) श्रीभद्र शर्मा, टिप्पणी संख्या १ (क) ।

४५ (क) योगप्रसाद उपाध्यासँग २०६० पौष २५ गते कुपण्डोल, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) निलाम्बर पन्थीसँग २०५८ कार्तिक २६ गते कपन फैंका, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) गोविन्दप्रसाद अधिकारी (सं.), *विद्रोहका नायक (सरोजप्रसाद कोइराला),* काठमाडौँ : शहिद सरोज कोइराला मेमोरियल फाउण्डेशन, २०५७, पृ. २५ ।

४६ (क) शर्मा, टिप्पणी संख्या १ (क) ।
(ख) मानन्धर र शर्मा, टिप्पणी संख्या १ (ख), पृ. ८२ ।

४७ विस्तृतिका लागि हेर्नुहोस् प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले २०१६ साल जेठ १४ गते देशवाशिहरूका नाममा दिनुभएको पहिलो सन्देश ।

४८ विस्तृतिका लागि (क) *पार्टी र जानकारी शीर्षक पर्चा,* पाल्पा : मिथुन प्रकाशन, मिति नभएको, पृ. ३ ।
(ख) प्रदिप गिरी, *नेपाली कांग्रेसको इतिहास,* वाराणसी : तरुण प्रकाशन, सन् १९७४, पृ. ६२-६८ ।

४९ (क) वासुदेव रिसालसँग २०६० पौष २५ गते कुपण्डोल, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) पन्थी, टिप्पणी संख्या ६ (ख) ।
(ग) विस्तृतिका लागि गुप्ता, टिप्पणी संख्या ५ (क), पृ. १५३-५४ ।

गते सरकार अपदस्त गरी प्रजातन्त्र विरुद्ध कदम चाले । यसरी समाप्त भएको नेपालको प्रथम जननिर्वाचित सरकारका उपरोक्त कार्य एवं त्यसबाट उत्पन्न परिस्थितिलाई समीक्षात्मक विश्लेषण गरी शाही कदम २०१७ को पृष्ठभूमि स्पष्ट गर्नु आवश्यक देखिन्छ ।

नेपाली कांग्रेसको निर्वाचित सरकारले सत्ता सम्हाल्दा नेपालीको राजनीतिमा २००७ सालदेखिको अस्थिरताले उत्पन्न गराएका प्रशस्त समस्याहरू विद्धमान थिए । त्यस अगाडिका सरकारले गरेका गलत निर्णयहरूको बोझ, प्रशासकीय अस्तव्यस्तता, भ्रष्टाचार नियन्त्रणको अभाव आदिले गर्दा प्रशासनिक क्षेत्र भद्रगोल जस्तै थियो ।[५०] यस्तो स्थिति अन्त गर्नु आवश्यक भएकाले सरकारले प्रथमतः प्रशासनलाई जरैदेखि पुनर्गठन गर्ने कार्य सुरु गऱ्यो । जसले गर्दा पुराना सरकारहरूको पतन गराउन महत्त्वपूर्ण हतियारको रूपमा प्रयोग हुँदै आएका पुरानो प्रशासनका संयन्त्रहरूसँग ठूलो मत भिन्नता वा सङ्घर्षको सामना गर्नु पऱ्यो ।[५१] यस्तो प्रशासनिक सङ्घर्षको दमन गर्न वा अन्त्य गर्न नसक्दा सरकारले दरवारिया भडकावबाट समेत प्रेरित भएका आफ्नै दलका विश्ववन्धु थापा, तुलसी गिरी, मातृकाप्रसाद कोइराला आदिबाट सरकार असक्षम, लुते र खतम भएको आरोपसहितको तिब्र विरोधको मार खेप्नु पऱ्यो ।[५२] सरकारले निजहरूलाई चित्त बुझाएर नियन्त्रण लगाउन त सकेन तर सरकारको नेतृत्व गरेका वी.पी. कोइरालाले पार्टीको महाधिवेशनमा सरकारको अधिकार क्षेत्रबारे स्पष्ट गर्ने प्रयास गरे । जसमा आमनिर्वाचनमा पार्टीले विजय प्राप्त गरेर सरकार गठन गर्ने अधिकार पाउनासाथ समाजमा संगठित रूपले रहेका प्रजातन्त्र विरोधी शक्तिहरू लोप भएर नजाने भएकाले र वर्तमान संविधान पूर्णतया प्रजातान्त्रिक छ भन्न सकिने स्थिति पनि नभएकाले संविधानको सीमाको ख्याल राख्नु पर्ने र विरोध गर्नु पर्ने भन्ने उल्लेख थियो ।[५३] वी.पी. को भाषणमा व्यक्त उक्त विचारबाट तत्कालिन स्थितिमा झन उत्तेजना फैलिने परिवेश उत्पन्न भयो । किनकी उनको उक्त विचारलाई सबैले आ-आफ्नै किसिमले व्याख्या-विश्लेषण गर्न थाले । त्यसक्रममा प्रधानमन्त्रीको उक्त भनाइलाई तत्कालिन समयमा संविधानप्रति भ्रम फैलाउने प्रयासको सुत्रपातका रूपमा ग्रहण गरी सत्तारुढ दलका केही व्यक्ति लगायत विविध क्षेत्रबाट तिब्र आलोचना गरियो ।[५४] जसले सरकार विरोधि षड्यन्त्रात्मक वातावरण निर्माणमा महत्त्वपूर्ण सहयोग पुऱ्यायो ।

---

[५०] *ऐजन* (ग), पृ. १५० ।

[५१] (क) *ऐजन* ।
(ख) उपाध्याय, टिप्पणी संख्या ६ (क) ।

[५२] (क) गणेशराज शर्मा (संकलन), *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त,* ललितपुर : जगदम्बा प्रकाशन, २०५५, पृ. २६७-६९ ।
(ख) वासुदेव रिसाल, टिप्पणी संख्या १० (क) ।

[५३] (क) विस्तृतिका लागि नेपाली कांग्रेसका अध्यक्ष विश्वेश्वरप्रसाद कोइरालाले २०१७ साल बैशाख २५ गते नेपाली कांग्रेसको सातौं महाधिवेशनमा अध्यक्ष पदबाट दिएको भाषण ।
(ख) *नेपाल पुकार,* महाधिवेशन विशेषाङ्क, २०१७ साल जेठ २० गते, पृ. ७-८ ।

[५४] गृष्मबहादुर देवकोटा, *नेपालको राजनैतिक दर्पण (दोस्रो भाग),* काठमाडौं : अर्जुनबहादुर देवकोटा, (दोस्रो संस्करण), २०३६, पृ. ४४२-४७ ।

प्रथम निर्वाचित सरकारले अन्य राजनैतिक दलहरूको तिब्र विरोधको पनि सामना गर्नु परेको थियो । संसदको बलियो प्रतिपक्षी गोरखा परिषद् एवं कम्यूनिष्ट पार्टीका सांसद सदस्यको भने सरकारले पूर्ण समर्थन पाएको थियो ।[५५] जसबाट स्थिति बलियो भएकाले आफ्नो प्रतिबद्धताअनुरूप क्रान्तिकारी कार्यतर्फ अग्रसर भयो । सरकारले यस क्रममा जब वीर्ता प्रथा र राज्य रजौटा उन्मुलन गर्ने, भूमिसम्बन्धी नयाँ कर व्यवस्था, जंगलको राष्ट्रियकरण जस्ता विधेयकहरू संसदबाट पारित गराउने र आवश्यक कानुनहरू निर्माण गर्ने गर्न थाल्यो तब परम्परागत रूपमै ती सुविधाहरू एकलौटी उपभोग गर्दै आएको सुविधा भोगिवर्ग सरकारको प्रखर विरोधी भएर निस्कियो ।[५६] विरोधको यही क्रममा २०१७ साल ज्येष्ठ १७ गते नेपाल जनहित संघको स्थापना भएपछि यसले संसदीय व्यवस्थाकै विघटनको माग गर्न थाल्यो ।[५७] देशमा यसरी सरकार विरोधी वातावरण विकसित हुँदै आएको देखेपछि परिस्थितिबाट फाइदा उठाउने उद्देश्यले खासै जनाधार नभएका र निर्वाचनमा पराजित भएका राजनेताहरू अगाडि बढे । जसमध्ये नेपाल प्रजापरिषद्का सभापति टंकप्रसाद आचार्य, संयुक्त प्रजातान्त्रिक पार्टीका अध्यक्ष डा. के.आइ. सिंह र प्रजातान्त्रिक महासभाका अध्यक्ष रंगनाथ शर्मा आदिले संसदभित्र र बाहिर प्रतिपक्षीय शून्यता परिपूर्ति गर्ने घोषणासहित सन् १९६० जुन १ (वि.सं. २०१७ साल ज्येष्ठ १९ गते) मा राष्ट्रिय प्रजातान्त्रिक मोर्चाको गठन गरे ।[५८] यस मोर्चाका नेताहरूले सरकार विरुद्ध खुला युद्धको घोषणा गरी लामो प्रेश विज्ञप्तीमार्फत कांग्रेस सरकारलाई राष्ट्र विरोधी र प्रतिक्रियावादी भएको आरोप लगाए[५९] भने चुनाव धाँधलीपूर्ण भएकाले निष्पक्ष आयोग गठन गरी जाँच गरियोस् भनी राजा समक्ष विन्तिपत्र चढाउन थाले ।[६०] मोर्चाका नेताहरूले यसरी सरकार विरुद्ध आक्रामक हुने सामुहिक लक्ष्यअनुरूप चल्ने रणनीति अवलम्बन गरेर सरकार भारत परस्त भएको आरोपसमेत लगाइ भारत विरोधी भावना प्रदर्शन गर्न थाले ।[६१] भारत विरोधी युद्धको सन्दर्भमा नेपाल कम्यूनिष्ट पार्टीले पनि प्रजातान्त्रिक मोर्चासँग ऐक्यवद्धता जनाएर डाल्डा घ्यू, गण्डक सम्झौता लगायतका विषयमा सरकार भारत परस्त भएको आरोप लगायो ।[६२] विरोधको यस क्रममा टंकप्रसाद आचार्यले त राजालाई संसदीय व्यवस्था नै अपदस्त गरी नयाँ

---

[५५] शर्मा, टिप्पणी संख्या १३ (क), पृ. २६९ ।

[५६] सुरेन्द्र के.सी., *नेपालमा कम्यूनिष्ट आन्दोलनको इतिहास (पहिलो भाग),* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, (दोस्रो संस्करण), २०५६, पृ. १३१ ।

[५७] *ऐजन* ।

[५८] लोकराज बराल, *अपोजिसनल पोलिटिक्स इन नेपाल,* न्यू दिल्ली : अभिनव पब्लिकेशन, सन् १९७७, पृ. ३८ ।

[५९] गुप्ता, टिप्पणी संख्या ५ (क), पृ. १५१ ।

[६०] के.सी., टिप्पणी संख्या १७, पृ. १३१ ।

[६१] (क) परमानन्द, *दि नेपाली कांग्रेस सिन्स इटस् इन्सेप्सन,* दिल्ली : वि.आर. पब्लिसिङ्ग कर्पोरेशन, सन् १९८२, पृ. २५९-२६१ ।
(ख) बराल, टिप्पणी संख्या १९, पृ. ३८ ।

[६२] (क) ह्वेल्पटन, रेपर, हेल्पटन, *पोलिटिक्स पिपुल एण्ड आइडियोलोजी डेमोक्रेशि एण्ड सोसल चेन्ज इन नेपाल,* काठमाडौं : मण्डला बुक प्वाइन्ट, सन् १९९९, पृ. ६३ ।
(ख) परमानन्द, टिप्पणी संख्या २२ (क), पृ. २६६-६७ ।

सरकार गठन गर्न प्रजापरिषद्लाई जिम्मेवारी दिनका लागि अनुरोधसमेत गर्न पुगे ।[६३] यसरी नेपालमा राणा शासन समाप्त गरेर प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्ने उद्देश्यअनुरूप आफ्नो अध्यक्षतामा प्रथम संगठित राजनैतिक दल निर्माण गर्ने, क्रान्तिकारी पर्चा लेखेर छर्ने, दमन र निरङ्कुशताको विरुद्ध निडर भएर धारणा राख्ने, पक्रिएपछि नेल सिक्रिले बाँधिएर निर्मम यातना खपी पट्यार लाग्दो जेल जीवन भोग्दा पनि माफी नमाग्ने टंकप्रसाद आचार्य जस्तो राजनीतिज्ञले पनि सरकार विरोधी वातावरण निर्माण गरी राजालाई निर्वाचित सरकार भंग गर्ने सल्लाहसमेत दिएर आफूलाई नेपाली कांग्रेसले नेता नमानेको र सत्तामा नपुऱ्याएको रिस पोखे । रिस पोख्ने क्रममा उनले आफ्ना क्रियाकलाप प्रजातन्त्रको हत्या गर्ने साधन पनि बन्न सक्लान भन्ने सोच लिनु पर्दथ्यो । तर उनले केवल नेपाली कांग्रेसको निर्वाचित सरकारलाई आफ्नो शत्रु ठानेर राजाको स्वार्थमा बल पुऱ्याउने आधारभूमि तयार गरे । जुन उनको प्रमुख भुलको साथै स्वार्थ लोलुप चरित्रको ज्वलन्त उदाहरण थियो भन्ने कुरामा कुनै शङ्का गर्न सकिँदैन । देशभित्र यस्तो सरकार विरोधी वातावरण निर्माण हुँदै आएको स्थितिमा राजा महेन्द्रलाई पनि आफ्नो महत्त्वाकांक्षा परिपूर्तिका लागि आधार तयार पार्न सजिलो हुँदै आएकाले उनी षड्यन्त्रात्मक चक्रव्युह निर्माणतर्फ लागी उचित मौका र परिवेशको खोजीमा लागे ।

यो सरकारको कार्यकालमा देशका विभिन्न भागमा शान्ति सुरक्षा माथि नै आघात पुग्ने खालका विभिन्न घटना घटनाले सरकार अप्ठेरोमा पर्नुका साथै बदनाम पनि भएको थियो । यस्ता घटनाहरूमध्ये महोत्तरी, दाङ्ग, नेपालगंज, बाग्लुङ्ग आदि ठाउँका घटनाले सरकारलाई कठिन परिस्थिति उत्पन्न भए तापनि सरकार उक्त समस्या समाधान गर्न सफल भयो ।[६४] तर कर्मविर महामण्डलका नेता योगी नरहरि नाथ र रामजंगबहादुर सिंहद्वारा नेतृत्व एवं सम्पादन गरेर घटाइएका बझाङ्ग र गोरखा काण्डले भने तत्कालिन अवस्थामा व्यापक गडबडि मच्चाउनुका साथै हिंसात्मक गतिविधिहरू समेत जन्माएको थियो ।[६५] त्यो समस्या समाधान गर्न सरकारले व्यापक बल प्रयोग गरी ती दुईजना लगायत धेरैलाई पक्रने काम गर्दा विरोध उठेपछि एक आयोग गठन गरेर छानविनसमेत गरेको थियो ।[६६] यस क्रममा गिरफ्तार योगी नरहरि नाथका झोलाबाट प्राप्त कागजात र उनले गोरखालगायतका ठाउँका भाषणमा व्यक्त विचारबाट उक्त काण्डका पछाडि राजा महेन्द्रको हात रहेको शङ्का गरेर सार्वजनिक गरेको थियो । जसका आधारमा राजा महेन्द्रले २०१७ साल पौष १ गते भन्दा दुई दिन अगाडि प्रधानमन्त्री वी.पी.

---

६३ बराल, टिप्पणी संख्या १९, पृ. ३८ ।

६४ (क) सूर्यमणि अधिकारी, *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास*, नई दिल्ली : निराला पब्लिकेशन्स, सन् १९९९, पृ. १७०-७३ ।
(ख) मानन्धर र शर्मा, टिप्पणी संख्या १ (ख), पृ. ९०-९५ ।

६५ विस्तृतिका लागि भवेश्वर पंगेनी, “नेपालको राजनीतिक इतिहासमा बझाङ्ग र गोरखा काण्डहरू तथा कर्मविर महामण्डलको संलग्नता”, *भ्वाइस अफ हिष्ट्रि*, भोलम १५, नम्बर १, शंकर थापा आदि (सं.), कीर्तिपुर : इतिहास केन्द्रीय विभाग, जुन २०००, पृ. ८९-१०९ ।

६६ *ऐजन* ।

कोइरालालाई बोलाएर कडा सवालजवाफ गरी सरकारले अनाहकमा आफूलाई मुछेको आरोप लगाए ।[६७] जवाफमा वी.पी. ले योगीको झेलाबाट प्राप्त कागजातको हवाला दिने र उनका भाषणको सार बताउने गर्नुका साथै राजाले योगीलाई लेखेको चिठिसमेत देखाएर राजाले सरकारको विरुद्धमा सक्रिय संगठनलाई प्रोत्साहन दिने, चन्दा दिने र आवश्यक परेमा अरू पनि दिन सक्ने सदासयता व्यक्त गर्नु के ठीक हो ? भनी प्रश्नकै रूपमा स्पष्टीकरण दिएपछि राजाबाट "वी.पी. बाबु तिमी र म मध्ये एक जनामात्र सत्तामा रहनु पर्‍यो" सम्म भनेका थिए ।[६८] तर पनि अन्तमा त्यस दिन दुवैबीच मिलेर काम गर्ने समझदारी कायम भएर वार्तालाप समाप्त भएको थियो । यस बाहेक सरकारले गर्न लागेको विर्ता उन्मूलन, राज्य रजौटा उन्मूलन जस्ता कार्यबाट पनि राजा सन्तुष्ट थिएनन् ।[६९] राजा यसरी असन्तुष्ट भएको अवस्थामा सत्ता सुविधासम्म पुग्न नसकेका र भविष्यमा पनि संसदीय परिपाटीबाट सत्तामा पुग्ने सम्भावना नदेखेका स-साना राजनैतिक दल एवं अवसरवादी राजनेता प्रतिक्रियावादीको भडकावमा लागे । जसले कांग्रेसको जनमतबाट प्राप्त सरकार र त्यसले गर्न थालेका कार्यहरूबाट इर्ष्या बोधले ग्रसित भएर गैरसंवैधानिक तरीकाबाट सरकार पतन गराउने कार्यमा सक्रिय भई राजा महेन्द्रसँग साँठगाँठ गर्न पुगे । फलस्वरूप राजाको महत्त्वाकांक्षा झन बढ्न गयो ।

नेपाली कांग्रेसको सरकारले अल्प अवधिमा सम्पन्न गरेका र योजनावद्ध रूपले गर्न खोजेका कार्यबाट जनस्तरमा प्रसिद्धि आउन थाल्यो । वी.पी. को कार्यशैली, योजना, कार्यक्रम आदिले उनलाई अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रसिद्धि दिलाउने कार्य गर्‍यो । जसलाई देखेर राजा महेन्द्रमा यो सबै मैले नै दिएर भएको हो र वी.पी. ले बनाएका जस्ता योजना मेरो अग्रसरतामा पनि गर्न सक्छु भन्ने भावना जागरण भयो ।[७०] तसर्थ राजाले गोप्य रूपमा केही मान्छे खटाएर ठाउँठाउँमा जनविद्रोहजस्ता देखिने काण्डहरू घटाउन थाले पछि यो कुरा बुझेका वी.पी. ले जन असन्तुष्टता बुझ्ने र मेटाउने बहानामा ठाउँ-ठाउँमा स्थलगत भ्रमण गरे ।[७१] कतिपय ठाउँमा वी.पी. राजा महेन्द्रसँग पनि भ्रमणमा पुगे । यसरी वी.पी. भ्रमणमा जाँदा जनताद्वारा उनको भव्य स्वागत गरिएका प्रशस्त उदाहरणहरू छन् । राजासँगको भ्रमणमा जाँदा पनि जनताले नेपाली कांग्रेसको चारतारे झण्डा बोकेर स्वागत गर्ने "नेपाली कांग्रेस जिन्दावाद" "वीर वी.पी. जिन्दावाद" को नारा लगाउने र वी.पी. प्रति बढी झुम्मिने गर्दथे ।[७२] त्यस्ता घटनाबाट राजा महेन्द्रले नेपाली कांग्रेस क्रान्तिको प्रतिक भएको र वी.पी. त्यसका नेता भएकाले त्यो स्थिति आएको हो भन्ने धारणा लिनुको सट्टा आफूभन्दा वी.पी. लोकप्रिय भएको भन्ने हिनताबोध लिएर

---

[६७] शर्मा, टिप्पणी संख्या १३ (क), पृ. २७४ ।

[६८] *ऐजन,* पृ. २७४-७५ ।

[६९] परमानन्द, *दि नेपाली कांग्रेस इन एक्जाइल,* दिल्ली : यूनिभर्सिटी बुक हाउस, सन् १९७८, पृ. १२ ।

[७०] निलाम्बर पन्थी र वासुदेव रिसालसँगका अन्तर्वार्ताहरू ।

[७१] शर्मा, टिप्पणी संख्या १ (क) ।

[७२] डिल्लीरमण शर्मासँग २०५८ बैशाख १५ गते मंगलापुर रूपन्देहीमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

इर्ष्या गर्न थाले ।[७३] वास्तवमा वी.पी. जस्तो राजनेताले त्यस बखतको वातावरण र त्यसबाट पर्न सक्ने असरको मूल्याङ्कन गर्न सकेनन् भन्नु पर्दछ । किनकी उनी राजासँग देशका विभिन्न भागमा केवल नेपाली कांग्रेसको नेताका रूपमा मात्र भ्रमणमा गएको नभएर निर्वाचित प्रधानमन्त्रीको रूपमा गएको हुँदा आफ्नो कारणले राजालाई हिनताबोध नहोस् भन्ने ख्याल पुऱ्याउनु जरुरी थियो । उनले आफ्ना कार्यकर्ताहरूलाई राजासँगैको कार्यक्रममा नेपाली कांग्रेसको सट्टा राजाको जय जयकार गर्न, आफ्नु सट्टा राजाको भव्य स्वागत गर्न र नेपाली कांग्रेसको चारतारे झण्डाको सट्टा नेपालको राष्ट्रिय झण्डा बोकेर आउन पहिला नै निर्देशन दिनु पर्दथ्यो बरु वी.पी. ले राजाको जय होस्, प्रजातन्त्र अमर रहोस् भन्न लगाउनु पर्दथ्यो । तर उनले त्यसो नगरी आफू जनताबीच लोकप्रिय भएको र आफ्नो सरकारका कार्यबाट जनता खुसी भएको धारणा लिएर मख्ख पर्ने काम गरी दुरदर्शितापूर्ण सोचाइ लिन सकेनन् । फलस्वरूप राजा महेन्द्र वी.पी. लगायत नेपाली कांग्रेसँग झन चिढिदै गए ।

नेपालमा २०१५ साल पश्चातको राजनीतिमा जुन स्वरूप निर्माण हुँदै थियो त्यसले देशको भावी राजनीतिमा नेपाली कांग्रेस र नेपाल कम्यूनिष्ट पार्टीले नै महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने सङ्केत स्पष्ट पारेको थियो । किनकी यी दुवै दलले राणा शासनको समाप्तिदेखि नै जुनसुकै तरिकाले भए पनि देशको दैनिक प्रशासनमा राजतन्त्रको सक्रिय उपस्थिति हुन नहुने धारणा व्यक्त गर्दै जनाधार निर्माणमा लागेका थिए । तर पनि आम निर्वाचनभन्दा अगाडिसम्म राजा महेन्द्र जे जसरी भए पनि देशको शासन प्रणालीमा हावि हुँदै आएका थिए । यस क्रममा उनले संविधान सभाको निर्वाचनलाई टारेर आफूले दिएको संविधान स्वीकार गर्न बाध्य बनाएर आफ्नो प्रभाव कम नहोस् भनी निकै तयारी पनि गरेका थिए । टंकप्रसाद आचार्य जस्ता अदूरदर्शिको सहयोग पनि पाएका राजाले आफ्ना गुप्तचरद्वारा गोप्य रूपमा जनमत बुझ्ने, विदेशी पत्रकारको टोलीलाई पनि सर्वेक्षण गर्न लगाउने कार्य गरी सबैतिरबाट नेपाली कांग्रेसले ४० सिटभन्दा बढी जित्न नसक्ने र कसैको पनि बहुमत नआउने प्रतिवेदन पाएपछि मात्र २०१५ सालको अन्तमा चुनाव गराएका थिए ।[७४] तर उनको विश्वास विपरीत जब नेपाली कांग्रेसले प्रचण्ड बहुमत ल्यायो तब राजा किङ्कर्तव्यविमुढ हुन पुगे । तसर्थ उनले निर्वाचित सरकारले सेनामाथि नियन्त्रण गरेर मेरो प्रभाव समाप्त गर्छ की ? भन्ने डरले पहिला सैनिक ऐन निर्माण गरेर संसदले सेनालाई नियन्त्रण गर्न नमिल्ने बनाइसकेपछि मात्र सरकार गठन गर्न बोलाए ।[७५] त्यो स्थितिमा प्रथम निर्वाचित सरकार गठन भएपछि मुलुकको प्रशासन एवं शासनको केन्द्र स्वतः नै प्रधानमन्त्रीको सचिवालय हुन पुग्यो । जसबाट राजा केही सशंकित हुँदै गएको अवस्थामा प्रधानमन्त्री वी.पी. कोइरालाले प्रधानमन्त्री राजाको हस्तक्षेपबाट बाहिर रहने

---

[७३] *ऐजन* ।

[७४] पन्थी, टिप्पणी संख्या ६ (ख) ।

[७५] गुप्ता, टिप्पणी संख्या ५ (क), पृ. २१२ ।

किसिमले वातावरण निर्माणको प्रयास गर्नुका साथै राजतन्त्रको शक्तिका चार प्रमुख आधार स्तम्भ मानिएका शाही सेना, संविधान, कर्मचारीतन्त्र एवं मुलुकका परम्परागत सामन्ती वा जमिन्दारहरूलाई अवहेलना गर्ने किसिमका कार्यक्रमतर्फ सरकारलाई डोऱ्याए ।[७६] यसबाट सरकारलाई स्वतन्त्रतापूर्वक काम गर्न दिएमा राजतन्त्रको शक्ति ह्रास हुँदै जाने र संवैधानिक राजामात्र भएर बस्नु पर्ने सुनिश्चित ठानेर राजा महेन्द्र निर्वाचित सरकारको विरुद्धमा लागे ।

नेपाल अधिराज्यको संविधान २०१५ ले पनि राजा महेन्द्रलाई निर्वाचित सरकार विरुद्ध सक्रिय हुने प्रेरणा दिएको थियो । किनकी यस संविधानको मुख्य उद्देश्य नै राजतन्त्र र प्रजातन्त्रबीच समन्वय कायम राखी शासन सञ्चालन गर्नु गराउनु थियो । तर २००७ सालको क्रान्तिको मूल उद्देश्य "संवैधानिक राजतन्त्रअन्तर्गत प्रजातन्त्रको स्थापना गर्ने कुरा" लाई उक्त क्रान्तिपश्चात्को १० वर्षसम्मका घटनाहरूले नष्ट प्रायः तुल्याइसकेको अवस्थामा पनि जनप्रतिनिधिहरू पूर्ण प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना र सञ्चालन गर्ने उत्कट लालसा लिएर बढेका हुँदा राजा र प्रजातन्त्रवादीहरू बीच अनावश्यक विरोधाभास बढ्दै गयो ।[७७] त्यो स्थितिमा जननिर्वाचित प्रधानमन्त्री वी.पी. कोइरालाले जनस्तरमा राजाले भन्दा बढी लोकप्रियता पाउने र स्वागत सत्कारको अवस्था देखिने भएकाले पनि राजा महेन्द्र इर्ष्या, डाह र द्वेशको आगोमा भुटभुटिन थाले ।[७८] जसले गर्दा उनी सक्रिय राजतन्त्रकालका आफ्ना अधिकारहरू प्रतिष्ठापित गर्न अग्रसर हुन थालेपछि राजतन्त्र र प्रजातन्त्रबीच समन्वयको अभाव हुन गयो ।[७९]

२००७ सालको क्रान्तिले राणा शासन समाप्त गरे तापनि नेपाली समाजको रूपान्तरण गरेर जनतालाई प्रजातन्त्रको मर्म बुझाउन सकेको थिएन । नेपालमा राणाकालीन परिवेशदेखि नै विर्तावाल, जमिन्दार, सामन्त, राणा परिवार एवं तिनका नातेदारहरू, राजपरिवारका नातेदारहरू, दरबारिया आसेपासेहरू आदिले जनतालाई दबाएर सदियौंदेखि राज्यका साधन-स्रोतहरू माथि रजाइ गरिरहेका थिए । त्यसको अन्तका लागि देशभित्र भएका प्रयास असफल भएपछि नेपाली कांग्रेसले देश बाहिरबाट सञ्चालन गरेको २००७ सालको क्रान्तिले देशभित्र व्यापकता प्राप्त गरी जनभावना जगाएर ऐक्यवद्धता ल्याउन सकेन । विविध कारणले बाहिर बसेर पढे-लेखेका तरुणहरूको अग्रसरताबाट भएको त्यो आन्दोलनमा भारतको पूर्ण समर्थन हुनुका साथै मुलुकमा बाटो घाटोको असुविधा लगायतको परिवेशमा तरुणहरूको बाहुल्यता भएका ठाउँमा फैलिंदै गयो र राणाशाही टिक्न सकेन ।[८०] यसरी राणाशासन त समाप्त भयो तर सामाजिक रूपान्तरणका लागि आवश्यक सामाजिक क्रान्ति मनोवैज्ञानिक क्रान्ति आदि हुन नसक्दा मध्य युगिन

---

७६ आर.एस. चौहान, *स्ट्रगल फर सर्भाइभल अफ पोलिटिकल पार्टिज इन नेपाल,* जयपुर : प्रिन्टवेल पब्लिसर, सन् १९८५, पृ. २९८-३०० ।

७७ राजेश गौतम, *नेपालको संवैधानिक इतिहास र राजनीति,* काठमाडौं : रत्नपुस्तक भण्डार, २०५४, पृ. ११९ ।

७८ गिरी, टिप्पणी संख्या ९ (ख), पृ. ६८ ।

७९ गौतम, टिप्पणी संख्या ३८, पृ. ११९-२० ।

८० कृष्णलाल सापकोटासँग २०६० आषाढ ३ गते नारायणगढ चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

रुढिवादिताबाट समाज मुक्त भएन । यद्यपि लमजुङ्गको दुराडाँडाबाट २००६ साल श्रावण ११ गते डिट्ठा श्रीप्रसादको अग्रसरतामा प्रारम्भ भएको हलो क्रान्ति क्रमशः तनहुँ, गोरखा र कास्की क्षेत्रमा फैलिएर बाहुनले हलोजोत्ने, छुवाछुत नमान्ने आदि सामाजिक परिवर्तनका लक्षणहरू पश्चिमाञ्चलमा देखिन थालेका मात्र थिए ।[८१] यस्ता लक्षण देशव्यापी हुन नसकेको अवस्थामा समाजमा हालिमुहाली गरेको वर्गलाई प्रजातन्त्र आएको मन परेको थिएन भने जनतामा पनि परिवर्तनको महत्त्व बोध हुन सकेको थिएन । त्यो स्थितिमा निर्वाचित सरकारले जब समाजवादी कार्यक्रम लागू गर्ने भनेर वीर्ता उन्मुलन, जंगलको राष्ट्रियकरण, भूमिको हदबन्दी निर्धारण लगायतका क्रान्तिकारी कार्य गर्न थाल्यो तब सुविधामा हालीमुहाली गरेकाहरू यो सरकार विरुद्ध एकजुट भएर सरकार खतम गर्न राजालाई उक्साउन थाले ।[८२] अर्कोतिर जसको जोत उसको पोत र मोहिलाई जग्गा भन्ने नाराबाट जमिन्दारहरू पनि तर्सिएका थिए । आफू सर्वशक्तिमान हुन चाहने र निर्वाचित सरकारले गर्न खोजेका कार्य आफै लागू गरी लोकप्रिय हुन सक्छु भन्ने सोचमा रहेका राजा महेन्द्रले सुविधा भोगी वर्गको चाहना बुझेपछि राज्य सत्ता कब्जा गरी अकुत सम्पत्ति थुपार्ने अभिलासाअनुरूप प्रजातन्त्र विरुद्ध नै सक्रिय भई कदम चाले ।[८३]

करिब १८ महिनाको अल्प अवधिमा नेपाली कांग्रेसको सरकारले वैदेशिक सम्बन्धतर्फ अवलम्बन गरेको स्वतन्त्र नीतिबाट नेपालका केही मित्र राष्ट्र पनि ससङ्कित हुन पुगे । यस सरकारले २०१६ साल श्रावण ३० गतेदेखि २०१७ साल मार्ग २८ गतेसम्मको अवधिमा अष्ट्रिया, इटाली, पोलेण्ड, वर्मा, पाकिस्तान, इजरायल आदि मुलुकसँग दौत्यसम्बन्ध कायम गरेको थियो ।[८४] वैदेशिक सम्बन्धको क्षेत्रमा सरकारले यस्तो फडको मार्दा आफ्नो चुनावी घोषणापत्रको प्रतिबद्धतालाई बिर्सेको थिएन । समानताको आधारमा विभिन्न राष्ट्रसँग मित्रता कायम गर्ने प्रतिबद्धता र धारणाअनुरूप भारत विरोधी राष्ट्र पाकिस्तान र इजरायलसँग दौत्य सम्बन्ध कायम गर्दा प्रधानमन्त्री वी.पी. कोइरालाले भारत-नेपाल सम्बन्धमा कुनै चिसोपना आउँदैन भन्ने दृढ विश्वास लिनुका साथै नेपालको हितका लागि नेपाल आफ्नो बाटोमा हिडनु पर्दछ भन्ने नीतिलाई मूल आधार बनाएका थिए ।[८५] तसर्थ उनले इजरायलको तत्कालीन राजनीतिमा नेताका रूपमा स्थापित आफ्ना व्यक्तिगत मित्रहरू मार्फत कुराकानी अगाडि बढाएर दौत्य सम्बन्ध कायम गर्नुका साथै नेपाली सेनालाई इजरायलले प्रशिक्षण दिने र आधुनिक शस्त्रअस्त्र उपलब्ध गराउने समझदारी कायम गरे ।[८६] भारतले समेत इजरायलसँग दौत्यसम्बन्ध कायम गर्ने हिम्मत गर्न

---

[८१] श्रीकान्त अधिकारी, "जीवनीसँग जोडिएको इतिहास", *डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति ग्रन्थ*, कास्की पोखरा : डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति प्रतिष्ठान, २०५६, पृ. ७।

[८२] सापकोटा, टिप्पणी संख्या ४१ ।

[८३] महेश्वरलाल श्रेष्ठसँग २०६० आषाढ २ गते नारायणगढ चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[८४] विस्तृतिका लागि देवकोटा, टिप्पणी संख्या १५, पृ. ५९७-६३४ ।

[८५] गिरी, टिप्पणी संख्या ९ (ख), पृ. ६६-६७ ।

[८६] (क) अधिकारी, टिप्पणी संख्या २५ (क), पृ. १८० ।
(ख) शर्मा, टिप्पणी संख्या १ (क) ।

नसकेको अवस्थामा नेपालले दौंत्य सम्बन्ध कायम गर्ने जुन हिम्मत गऱ्यो त्यो अत्यन्त नै हिम्मतिलो निर्णय वा कदम थियो ।[८७] इजरायलसँग सम्बन्ध विस्तारपछि त्यहाँको सैनिक सहयोगले नेपाली सेनामा सुधार गरेमा नेपाली सेनामा वी.पी. कोइरालाको प्रभाव विस्तार हुन्छ कि भनी राजा महेन्द्र ससंकित भए[८८] भने सम्बन्ध विस्तार एवं हतियारको प्याकेट उपहारले भारत पनि असन्तुष्ट भयो ।[८९] यसै गरी भारतमा रहेको चीनिया राजदुतले नै नेपालका लागि पनि काम गरोस् भन्ने चाहना भारतीय पक्षले लिँदालिँदै पनि यो सरकारले एकातिर काठमाडौंमा नै चीनिया दुवतावास खोल्न दियो भने अर्कोतिर चीनसँग सीमासम्बन्धी सन्धि पनि गरेकाले भारतसँगै अमेरिका पनि असन्तुष्ट भयो ।[९०] पाकिस्तानसँग सम्बन्ध विस्तारको घटनाले त त्यसबेला झन् ठूलो हलचल ल्यायो । किनकि त्यसबेला भर्खर पाकिस्तान-भारतबीच काश्मिरको विषयमायुद्ध समाप्त भएको बेला थियो र पाकिस्तानको स्थायी सेनाले कश्मिरमा आक्रमण गरेको हुनाले त्यो मुद्दा संयुक्त राष्ट्र संघमा गएको थियो ।[९१] त्यो स्थितिमा पाकिस्तानसँग दौत्य सम्बन्ध कायम गरेपछि भारतले गरेको तिब्र विरोधमा राजा महेन्द्रले समेत भारतकै साथ दिएर हेर्नोस् न मलाई पनि सोध्दै सोधनन् भनेर सरकारलाई अप्ठेरोमा पार्ने काम गरे ।[९२] वास्तवमा लामो समयदेखि काठमाडौंमा दुतावास खोल्न लालायित रुस, अमेरिका, चीनजस्ता महाशक्ति राष्ट्रहरूलाई काठमाडौंमा भित्र्याउन राजाले पनि नसकेको कार्यलाई नेपाली कांग्रेसको सरकारले सत्तामा आउनासाथ गरेकाले राजा महेन्द्र तर्सनु स्वभाविकै थियो ।[९३] यसरी प्रथम निर्वाचित सरकारले भारत विरोधी राष्ट्रसँग सम्बन्ध विस्तार गरेको विषयमा भारत सरकारले नेपालको तत्कालीन प्रधानमन्त्री एवं परराष्ट्र मन्त्री वी.पी. कोइरालासमक्ष सन् १९५० को सन्धिको हवाला दिंदै नेपालले उक्त सन्धि विपरीत कार्य गरेको आरोप लगाएको थियो । जावफमा वी.पी. ले भारतले नेपालसँग सल्लाहनै नगरी पचासौं राष्ट्रसँग जोडेको सम्बन्ध उल्लेख गर्दै दुवैतर्फबाट उक्त सन्धिको पालना नभएपछि स्वतः निस्कृय भएको भनी स्पष्ट गरे ।[९४] वी.पी. को यस जवाफले आगोमा पेट्रोल छर्केजस्तो भयो र नेपाल-भारत सम्बन्धमा चिसोपना आउन थाल्यो । नेपालमा रुसको सहयोगमा चुरोट कारखाना स्थापना गर्नु र जनकपुरदेखि पथलैयासम्मको बाटो बनाउने कुरा गर्नु आदिले अमेरिका पनि तर्सन पुग्यो ।[९५] यसप्रकार निर्वाचित सरकारले वैदेशिक सम्बन्ध विस्तार गरी नेपालको स्वतन्त्रता र सार्वभौतिकतालाई बलियो बनाएर असंलग्नतामा जोड दिने नीति अवलम्बन गर्दा भारतको स्वार्थमा धक्का पुग्नुका साथै वी.पी. को छवि एवं

---

[८७] लोकराज बरालसँग २०६० साल जेठ २२ गते वहाँकै निवासमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[८८] अधिकारी, टिप्पणी संख्या २५ (क), पृ. १८० ।

[८९] शर्मा, टिप्पणी संख्या १ (क) ।

[९०] कृष्णप्रसाद भट्टराई, "राष्ट्रिय मेलमिलाप नीति र सात फाल्गुण", *एकता,* तेस्रो अंक, तुलसीप्रसाद भट्टराई आदि (सं.), वाराणसी : नेपाल विद्यार्थी संघ विदेश क्षेत्र शाखा वाराणसी, २०४१, पृ. ९ ।

[९१] राजेश गौतम, *कर्मयोगी राजनीतिज्ञ कृष्णप्रसाद भट्टराई (पहिलो भाग),* काठमाडौं : वी.पी. प्रकाशन, २०५७, पृ. ५१ ।

[९२] *ऐजन* ।

[९३] गौतम, टिप्पणी संख्या ३, पृ. ४८ ।

[९४] भट्टराई, टिप्पणी संख्या ५१, पृ. १० ।

[९५] गौतम, टिप्पणी संख्या ५२, पृ. ५२ ।

उचाइ बढ्ने निश्चित भएकाले भारत पनि नेपालको तत्कालीन निर्वाचित सरकार विरुद्ध सक्रिय हुन थालेकोले त्यो स्थितिबाट फाइदा उठाउनेतर्फ राजा महेन्द्र अगाडि बढे । चीनसँगको उनको पहिलादेखिकै निकटताबाट फाइदा उठाउने सोचअनुरूप राजाले चीनसँग गोप्य साँठगाँठसमेत गरेर प्रजातन्त्रलाई नै समाप्त गर्न सफल भए ।[९६]

बी.पी. कोइरालाले नेतृत्व गरेको प्रथम निर्वाचित सरकार नेपाली जनतालाई आर्थिक, सामाजिक तथा राजनैतिक हक उपभोग गर्न सक्ने वातावरणको विकास गर्ने सङ्कल्पअनुरूप अगाडि बढ्दै थियो । प्रधानमन्त्री बी.पी. कोइरालाले जसरी भए पनि जनताका आवश्यकता परिपूर्ति गर्ने र मुलुकलाई विकासको निश्चित मार्गमा बढाउने आफ्ना धारणा एवं प्रतिवद्धताका आधारमा रोकिएका कार्यहरू अगाडि बढाउने निश्चय गरे । यस क्रममा उनले सरकारका नीति एवं कार्यक्रमलाई आधार बनाउन चाहँदा राजा महेन्द्ररूपी तरवारलाई पार गर्न सकेनन् ।[९७] उनले त्यसबखत राजतन्त्रकोचाहना, भूमिका र भारतीय पक्षको धारणालाई पनि राम्रोसँग अध्ययन गर्न नसकेको हुँदा उनी सफल हुन सकेनन् ।[९८] आमनिर्वाचनमा पराजित भएका नेपालका अवसरवादी तत्त्वहरू र सरकारका क्रान्तिकारी खालका कार्यबाट स्वार्थमा धक्का पुगेका सुविधाभोगी वर्गहरू एक भएर निर्वाचित सरकारलाई असफल बनाउन सक्रिय भई राजालाई गुहार्न पुगेका थिए । जसबाट उत्साहित भएका राजा महेन्द्र पनि आफ्नो महत्त्वाकांक्षा परिपूर्तिका लागि सक्रिय हुने प्रयासमा थिए । तसर्थ उनले २०१६ साल माघ १६ गते आफ्नो असन्तुष्टता जनाउँदै आफ्नो देशाटनक्रमको अन्तमा नेपालगञ्जमा आयोजित जनसभाको भाषणमा सरकारलाई आफ्नो कर्तव्य बिर्सेको आरोप लगाउनुका साथै कर्तव्य पालनाका लागि आफूले अरू कुनै कदम चाल्न बाध्य हुन नपरोस् भन्ने चेतावनी दिएका थिए ।[९९] राजाको यस भाषणलाई आधार बनाएर काठमाडौँका गल्लीहरूमा प्रशस्त हल्लाहरूचल्न थाले । त्यो स्थितिमा नेपाली कांग्रेसमा महत्त्वपूर्ण पद पाएका मातृकाप्रसाद कोइराला, विश्ववन्धु थापा आदि राजनेताहरूले कांग्रेसको सरकार विरोधि भावनाले भरिएका लेखहरू “नयाँ समाज”, “समीक्षा” आदि पत्रिकाहरूमा प्रकाशित गरेर कडा आलोचना गर्नुका साथै तत्कालीन स्थितिको अन्त्यका लागि अविलम्ब कदम चाल्न राजालाई आग्रह गरे ।[१००] नेपाली कांग्रेसले त्यस्ता व्यक्तिहरूलाई कार्वाही गर्नुको सट्टा केवल एउटा विज्ञप्तिमात्र निकालेर सन्तुष्ट भएकोले वातावरण झन बिग्रँदै गयो । फलस्वरूप सरकार विरोधिहरूको उत्साह बढनुका साथै राजा महेन्द्र झन सुरिए भने अवसरवादी प्रतिपक्षी दलहरू एकजुट भएर नेपाली कांग्रेसले सरकारबाट राजीनामा गर्नुपर्ने माग

---

९६ बराल, टिप्पणी संख्या ४८ ।

९७ भोला चटर्जी, *प्यालेस, पिपुल एण्ड पोलिटिक्स, नेपाल इन पर्सपेक्टिभ,* न्यू दिल्ली : अंकुर पब्लिकेसिङ्ग हाउस, सन् १९८०, पृ. ४ ।

९८ *ऐजन,* पृ. ४-५ ।

९९ (क) परमानन्द, टिप्पणी संख्या २२ (क), पृ. २८४-८५ ।
(ख) देवकोटा, टिप्पणी संख्या १५, पृ. ६४५-४६ ।

१०० बराल, टिप्पणी संख्या १९, पृ. ३९ र ४६ ।

गर्नथाले । यसप्रकारको वातावरणमा २०१७ सालको आश्विनतिर गोरखापरिषद्, प्रजापरिषद्, तराई कांग्रेस र कर्मविर महामण्डलले नयाँ पार्टी निर्माण गर्ने घोषणा गरे ।[१०१] जसलाई मातृकाप्रसाद कोइरालाले नेतृत्व गरेको कांग्रेसी असन्तुष्ट व्यक्तिहरूको समूहले समेत सघाउ पुऱ्याएर राजालाई अगाडि बढ्ने वातावरण निर्माण गरिदियो ।[१०२]

विविध कारण एवं घटनाक्रमबाट आन्तरिक राजनीतिमा सरकार विरोधी वातावरण उत्पन्न भएको स्थितिमा उत्साहित भएका राजा महेन्द्रले अन्तमा प्रजातान्त्रिक व्यवस्था र निर्वाचित सरकारमाथि प्रहार गर्ने निश्चय गरे । उनले सरकार विरुद्ध २०१६ सालको मंसिरदेखि नै षड्यन्त्रको प्रयासअनुरूप योजना बनाउन थालेको आभास पाइन्छ । नेपालको तत्कालीन अवस्थामा नेपाली कांग्रेसका नेताहरूसँग टक्कर लिन सक्ने, मुलुकका राजनैतिक क्रियाकलाप सञ्चालन गर्न सक्ने, देशभित्र एवं बाहिरसमेत लोकप्रिय भएका एवं हुनसक्ने अन्य नेताहरूको अभाव भएकाले गर्दा राजा तत्काल अगाडि बढ्न नसकेको तर्क बाबुराम रानाको छ ।[१०३] हुन पनि राजाले २०११ सालदेखि राज्य सञ्चालनमा हावी भएर नेपाली कांग्रेसलाई कमजोर बनाइ राजनीतिमा आफ्नो प्रभुत्व कायम गर्न जे जति प्रयास गरे त्यसमा वी.पी. को भन्दा बढी क्षमता भएको अर्को नेता नहुँदा असफल भएपछि उनी निर्वाचन गराउन बाध्य भएका थिए । यसबाहेक उनले गोप्य रूपमा जनमत सर्वेक्षणलगायतका कार्यबाट कुनै पनि दलले बहुमत नल्याउने कुरामा निश्चिन्त भएपछि मात्र चुनाव गराएको चर्चा पनि पाइन्छ । परिणाम सोचविपरीत आएपछि "पर्ख र हेर" को नीतिमा केही समय रहेर पछि कांग्रेसको सरकार समाप्त गर्न कांग्रेसकै महत्त्वपूर्ण नेताहरूलाई चोर्ने रणनीति अवलम्बन गरेको देखिन्छ । यसै नीतिअनुरूप पश्चिम नेपालको भ्रमणका क्रममा उनले डा. तुलसी गिरीलाई प्रभावित पार्न सफल भएकोले त्यसपछिका गिरीका क्रियाकलापहरू संदिग्ध हुनथाले ।[१०४] जसलाई वी.पी. ले नियन्त्रण लगाउन थालेपछि गिरीले मन्त्री पदबाट राजिनामा दिएकाले २०१७ सालको भाद्रतिर उक्त राजिनामा स्वीकृत भयो ।[१०५] त्यसपछि प्रत्येक गतिविधिमा तुलसी गिरीको राजा महेन्द्रसँग साँठगाँठ हुन पुगेको कुरालाई पछिका घटनाहरूले प्रमाणित गरे । गिरी पछि राजा महेन्द्रले सुवर्ण शमशेरलाई आफ्नो प्रभावमा पार्न खोजेको, ऋषिकेश शाहसँग पनि त्यस बारेमा कुराकानी एवं सरसल्लाह गरेको[१०६] आदि उल्लेख पाइन्छ । यसप्रकार राजा महेन्द्रले षड्यन्त्रका तानाबाना बुन्न थाले ।

---

[१०१] (क शर्मा, टिप्पणी संख्या १ (क) ।
(ख) गुप्ता, टिप्पणी संख्या ५ (क), पृ. १५९ ।

[१०२] (क) पन्थी, टिप्पणी संख्या ६ (ख) ।
(ख) बाबुराम रानासँग २०५८ साल बैशाख १४ गते मणिग्राम, रूपन्देहीमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[१०३] *ऐजन,* (ख) ।

[१०४] अधिकारी, टिप्पणी संख्या २५ (क), पृ. १८३ ।

[१०५] *ऐजन,* पृ. १८५ ।

[१०६] शर्मा, टिप्पणी संख्या १३ (क), पृ. २७८-७९ ।

समग्रमा भन्नुपर्दा राजाको इच्छा बुझेर पनि नेपाली कांग्रेसको सरकारबाट वी.पी. कोइराला हटन तयार नहुनु र जनहितका समाजवादी कार्यक्रम लागू गर्न कटिवद्ध हुनु, राजा महेन्द्रको महत्त्वाकांक्षा, नेपालका राजनैतिक दलहरूको उग्र अवसरवादिता, सरकारका सुधारात्मक कार्यबाट उत्पन्न प्रतिक्रिया एवं समस्या, राजालाई साथमा राखी राष्ट्र हितका काम गर्ने वी.पी. को चाहना दृढ निश्चय एवं राष्ट्रिय अडान, वैदेशिक सम्बन्ध विस्तारको तिव्रता आदिले गर्दा सरकारले अघोषित युद्धको स्थिति सामना गर्नु पऱ्यो । जसबाट तयार भएको पृष्ठभूमिमा सरकार अपदस्त गरी वी.पी. लाई पराजित गर्ने चाहनाअनुरूप राजा महेन्द्र भारत, चीन, अमेरिका आदि मुलुकको असन्तुष्टता र सरकारका कार्यबाट प्रभावित पूँजीपती, भूमिपति, आज्ञाकारी र नोकरशाही सेना, राणा परिवारका प्रवुद्ध व्यक्तिहरूको असन्तुष्टता आदिलाई आधार बनाएर संविधानमा रहेको आफ्नो विशिष्ट अधिकारलाई प्रयोग गरी शाही नेपाली सेनाको परम्परागत आज्ञाकारी स्वभाव एवं आदर्शलाई भजाएर आफ्नो महत्त्वाकांक्षा परिपूर्ति गर्ने निश्चयमा पुगे । जसअनुरूप गोप्य रूपमा षड्यन्त्रको तानाबाना बुनेर सम्पूर्ण योजना तयार गरी त्यसलाई आफ्नो पेटभित्र सीमित राखी उचित अवसर खोज्न थाले ।

अवसरको प्रतिक्षामा रहेका राजाले २०१७ साल पौष १ गतेका दिन आश्चर्यजनक रूपमा कदम चाली सरकार विघटन गर्ने, संसदीय प्रणालीमाथि प्रतिबन्ध लगाउने, जननिर्वाचित प्रधानमन्त्रीलाई कैयौं समर्थकसहित बन्दी बनाउने र संविधानका कतिपय धाराहरू निलम्बन गर्ने काम गरे ।[१०७] नेपाली कांग्रेसको भातृ संस्थाका रूपमा गठन गरिएको नेपाल तरुण दलले प्रारम्भिक कार्यहरू सम्पन्न गर्दै गएपछि प्रजातान्त्रिक परिपाटीद्वारा अधिवेशन गराएर पूर्ण समिति निर्माण गर्ने सोचअनुरूप उक्त दिन काठमाडौँको थापाथलीमा प्रथम महाधिवेशन आयोजना गरिएको थियो ।[१०८] निश्चित समयमा वी.पी. कोइरालाले सम्मेलनको विधिवत उदघाटन गरेर उदघाटन भाषण दिँदा दिँदै उक्त सभास्थललाई चारैतिरबाट शाही सेनाले घेराबन्दी गरिसकेको थियो । वी.पी. ले जब समाजवादको स्थापना एवं विकाशका लागि युवा तरुणहरूले खेल्नु पर्ने भूमिकासमेत उल्लेख गर्दै जय नेपाल - जय समाजवादको अभिवादनसँगै आफ्नो भाषण समाप्त गरे तब जर्नेल सुरेन्द्रबहादुर शाहको नेतृत्वमा आएको शाही सेनाले प्रधानमन्त्री वी.पी. कोइराला, गृहमन्त्री सूर्यप्रसाद उपाध्याय, उद्योगमन्त्री गणेशमान सिंह र सभामुख कृष्णप्रसाद भट्टराईलाई सरकारबाट हुकुम भएको छ भनी मन्चबाट बोलाइ एउटै सैनिक जीपमा राखेर लग्यो ।[१०९] उपरोक्त ४ जनालाई सभास्थलबाट सेनाले पक्रने र प्रतिक्रिया हेरेर अरूलाई

---

[१०७] (क) चटर्जी, टिप्पणी संख्या ५८, पृ. ५ ।
(ख) परमानन्द, टिप्पणी संख्या ३०, पृ. १६-१८ ।

[१०८] तरुण दलका संस्थापक वी.सी. मल्लसँग २०४७ फाल्गुणमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[१०९] (क) *पूर्ववत्* ।
(ख) निलाम्बर पन्थी र श्रीभद्र शर्मासँगका अन्तर्वार्ताहरू ।
(ग) श्रीभद्र शर्मा, *वी.पी. सँगका केही स्मरण,* काठमाडौं : एकता प्रकाशन, २०५७, पृ. ४९-५० ।

पुलिसद्वारा समात्ने निर्देशन भएर नै होला सेनाले अरूलाई लगेन र पुलिस सक्रिय हुन नपाउँदै श्रीभद्र शर्माको चलाखिले गर्दा सम्मेलन स्थलमा रहेका अरू नेता एवं कार्यकर्ताहरूले भाग्ने मौका पाए ।[११०] त्यसैले गिरफ्तारीको यो क्रम लामो समयसम्म चल्यो र राजाको चाहनाअनुसार पुलिसले देशव्यापी रूपमा लामो समयसम्म नेपाली कांग्रेसका नेता एवं कार्यकर्ताहरूलाई खोजी-खोजी गिरफ्तार गर्‍यो ।

नेपाली सेनाको राजभक्ति एवं निष्ठाबाट फाइदा उठाएर राजा महेन्द्रले मुलुकको प्रथम जननिर्वाचित सरकारका प्रधानमन्त्रीलगायत महत्त्वपूर्ण नेताहरूलाई बिना अभियोग गिरफ्तार गरेको करिब ३-४ घण्टापछि मात्र रेडियोबाट देशवाशीका नाममा शाही घोषणा जारी गरे । जसमा निर्वाचित सरकारलाई विभिन्न आरोप लगाउँदै संसदीय व्यवस्था नेपालको हावापानी माटो सुहाउँदो नभएको तर्क दिएर देशलाई बर्वादीबाट जोगाउनु पर्ने परिस्थिति आएकाले संविधानको धारा ५५ को अधिकार प्रयोग गर्दै आफूले वर्तमान मन्त्री मण्डल एवं संसदका दुवै सदन हाललाई भंग गरेको र संविधानका कतिपय धारा पनि निलम्बन गरिएको कुरा उल्लेख थियो ।[१११] त्यसको भोलिपल्ट एक सरकारी विज्ञप्ती जारी गरी देशभरी सभा सोसाइटी र राजनैतिक क्रियाकलापहरू गर्नमा राक लगाइयो ।[११२] शाही कदमको १२ दिनपछि अर्थात २०१७ साल पौष १२ गते नेपाली कांग्रेस भित्रकै अवसरवादी एवं मुसा चरित्रका केही पदलोलुप व्यक्तिलाई समावेश गरी राजा महेन्द्रले आफ्नै अध्यक्षतामा नौं सदसीय मन्त्रीमण्डल गठन गरे ।[११३] सरकार गठनको १० दिनपछि अर्थात २०१७ साल पौष २२ गते राष्ट्रको विकासमा दलगत राजनीतिबाट बाधा पुग्ने कुरा उल्लेख गर्दै राजाले सबै राजनैतिक दल एवं दलगत क्रियाकलापमा प्रतिबन्ध लगाई संसदीय व्यवस्था नै समाप्त गरे ।[११४] राजाको उक्त घोषणासँगै मुलुकमा सुचारु रूपले चल्दै आएको क्रमशः सुव्यवस्थित एवं दृढतर हुँदै गएको प्रजातन्त्रको कलिलो विरुवालाई पूर्णतया निमोठियो र देशमा राजाको हुकुमिशासन स्थापित भयो ।[११५]

यसप्रकार राजा महेन्द्रले सर्व शक्तिमान बन्ने आफ्नो महत्त्वाकांक्षी योजनालाई कार्यरूप दिए । उनले यस क्रममा निकै विचार पुर्‍याएर कदम चाली नेपाली कांग्रेसको सरकारसँग असन्तुष्ट भएको वर्ग, इर्ष्या गर्ने दल समूह एवं राजनेता आदिलाई हतियारका रूपमा प्रयोग

---

[११०] *पूर्ववत्* (ख) ।

[१११] (क) देवकोटा, टिप्पणी संख्या १५, पृ. ६४५-४७ ।
(ख) हेमराज अधिकारी (शास्त्री), *आजको नेपाल (प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास)*, काठमाडौँ : श्रीमती चन्द्रकला अधिकारी, २०५८, पृ. ३७५ ।
(ग) रामकुमार दाहाल, *कन्स्टीच्यूसनल एण्ड पोलिटिकल डेभलपमेन्टस् इन नेपाल*, काठमाडौँ : रत्न पुस्तक भण्डार, सन् २००१, पृ. ४२-४५ ।

[११२] *पूर्ववत्*, (ख), पृ. ३७७ ।

[११३] मधुसूदन पाण्डेय, *नेपालमा सत्ता सङ्घर्षको इतिहास*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८, पृ. ८१-८२ ।

[११४] (क) डिल्लीराम मिश्र, *नेपालको प्रजातान्त्रिक आन्दोलन*, काठमाडौँ : श्रीमती शर्मिला मिश्र, २०४७, पृ. १२८ ।
(ख) सूर्यमणि अधिकारी, *नेपाली कांग्रेसको इतिहास*, काठमाडौँ : भूँडी पुराण प्रकाशन, २०५९, पृ. १४९ ।

[११५] वी.पी. कोइराला, *दलीय व्यवस्थाको आवश्यकता*, काठमाडौँ : नेपाली कांग्रेस प्रचार विभाग, २०४७, पृ. २ ।

गर्नेदेखि लिएर भारत-चीनबीच उत्पन्न तनावबाट समेत फाइदा उठाउँदै चीनलाई आफूतर्फ मिलाए । नेपाली जनता एवं राजनैतिक दलका नेता कार्यकर्ताहरूमा राजनैतिक संस्कारको विकास नभएको अवस्थाबाट फाइदा उठाउँदै राजाले आफ्नो राज्यारोहणसँगै एउटा दललाई उचाल्ने अर्कोलाई पछार्ने, लडाउने खेलाउने आदि गरेर राजनैतिक अस्थिरता सिर्जना गरी हुर्काउँदै लगेर राजनैतिक दलहरूलाई समेत गलाई राज्यको सार्वभौमसत्ता राजामा नैछ भन्ने मान्यता स्थापित गरे । जसबाट संविधान सभाको निर्वाचनलाई पन्छाएर आफूले दिएको संविधान स्वीकार गर्न बाधय बनाएपछि आफ्नो विशेषाधिकारसहितको संविधान दिएरमात्र आम निर्वाचन गराए । जसमा उनको आशा विपरित परिणाम आएपछि पुनः अवसरवादी एवं प्रतिक्रियावादीहरूको सहयोगमा जननिर्वाचित सरकार विरुद्ध सक्रिय हुँदै गएर आफ्नो संवैधानिक विशेष अधिकारको सिरानी हालेर प्रजातान्त्रिक व्यवस्थालाई नै समाप्त गरे । यसप्रकार प्रजातान्त्रिक परिपाटीलाई नै समाप्त गर्ने स्वरूपयुक्त कदमद्वारा राजाले आफूलाई निरंकुशतन्त्रका समर्थकका रूपमा स्थापित गरे । राणाशासनको दमीत र अपहेलित नीतिबाट दिक्क भएर २००७ सालमा आफ्ना पितासँग भागेर विदेश जान बाध्य भएको अवस्थामा नेपाली कांग्रेसले जनक्रान्ति गरी राणाशासन समाप्त गरेर आफूलाई पुनः राजतन्त्रको उत्तराधिकार क्रममा स्थापित गरेको गुनको बदलामा राजा महेन्द्रले त्यही पार्टीको जननिर्वाचित सरकार भंग गरी नेता एवं कार्यकर्तालाई जेल, नेल, सङ्घर्ष रूपी उपहार प्रदान गरे । यस क्रममा उनले आफ्नो भलो गर्नेलाई विषको प्याला पिउन दिने, आफ्ना पिताको प्रतिवद्धतासमेत कुल्चने गर्नुका साथै संसदीय व्यवस्था अफाप भएको हास्यास्पद तर्क अघि सारी २००७ सालको क्रान्तिका उपलब्धि समूल नष्ट गरी सक्रिय राजतन्त्र एवं निरंकुश व्यवस्था कायम गरे । २०१७ सालको उनको यस्तो स्वरूप युक्त कदमबाट देशमा पुनः एक पटक निरंकुशतन्त्र एवं प्रजातन्त्रका पक्षपातीबीच सङ्घर्ष प्रारम्भ भयो । जसले डरलाग्दा रक्त रंजित घटना एवं वलिदान पूर्ण सङ्घर्षको परिस्थितिलाई जन्माइ दिएकाले वम-वारुद र गोलीको खेलमा कैयौं नेपालीले शहादत प्राप्त गरे ।

## २.२ नेपाली कांग्रेस र प्रतिरोध आन्दोलन-१

२०१७ साल पौष १ गतेको शाही कदमसँगै नेपालमा राजनेताहरूलाई खोजी-खोजी गिरफ्तार गर्ने क्रम सुरु भयो र देशव्यापी रूपमा फैलियो । कैयौं राजनेताहरू सेना एवं प्रहरी प्रशासनको फन्दामा परेपछि नेपाली कांग्रेस र उसको सरकारसँग इर्ष्या-डाहा गर्ने, राजासँग व्यक्तिगत स्वार्थका लागि पहिला नै गठबन्धन गरिसकेका र निर्वाचित सरकार विरुद्ध सक्रिय रहेका धेरै नेता एवं पार्टीहरूले आफ्नो प्रजातान्त्रिक राजनैतिक संस्कृति र कर्तव्य छाडे । यस्तो अवस्थामा आस र त्रासमा फसेको नेपाली प्रेस जगत्‌ले पनि राजाको ठूलो प्रशंसा गऱ्यो । घटनाको १ हप्ताभित्रमा नै कतिपय पार्टीका नेताहरूले शाही कदमको समर्थनमा धमाधम वक्तव्य निकाल्दै जेलबाट छुट्न थाले । देशमा अवसरवादी भावना प्रदर्शनको यस्तो होडवाजी

सुरु भएपछि आफ्नो अग्रसरता एवं सङ्घर्षबाट स्थापना भइ शाही कदमबाट गुमेको प्रजातन्त्र पुनर्स्थापनाका लागि प्रतिरोध आन्दोलनको कठिन कार्यमा उत्रिन नेपाली कांग्रेस बाध्य भयो ।

नेपालमा उक्त दुर्घटना घट्नुभन्दा २ दिन अगाडि नेपाली कांग्रेसका दोस्रो प्रभावशाली नेता र ने.का. सरकारका उप-प्रधानमन्त्री सुवर्णशमशेर घरायसी कामको निहुँमा भारतको कलकत्ता गएका थिए ।[११६] शाही कदम पछि देशभित्र चलेको व्यापक धरपकडबाट जोगिएर, उम्केर कतिपय नेता एवं कार्यकर्ताहरू पनि भारत पसे । यसैबीच राजाले २०१७ पौष २२ गतेको घोषणाद्वारा मुलुकमा पार्टीमाथि प्रतिबन्ध लगाएपछि नेपालमा अब चाँडै संसदीय प्रजातन्त्र पुनर्स्थापना नहुने स्पष्ट भयो । तसर्थ भागेर भारत पुग्न सफल भएका विभिन्न कार्यकर्ताहरूले सर्वप्रथम केशव कोइरालाको नेतृत्वमा "नेपाल एक्सन कमिटी" गठन गरेर शाही कदमको तिब्र निन्दा गरे ।[११७] त्यसपछि उनीहरू सुवर्णशमशेरसँग भेट्न कलकत्ता पुगी रणनीति बनाउन अनुरोध एवं सल्लाह गरे । सुवर्णले पनि उनीहरूलाई आश्वासन दिइ नेपालका कतिपय साथी एवं जिल्ला स्तरका नेताहरूसँग सरसल्लाहका लागि गोप्य रूपमा पत्राचार गरे ।[११८] नेपाल नरेशको उक्त कार्यबाट असन्तुष्ट रहेका देवेन्द्रप्रसाद सिंह, गुणदा मजुमदार, जयप्रकाश नारायण आदि भारतीय नेता एवं पत्रकार भोला चटर्जीले सुवर्णशमशेरसँग भेटेर नेपालबाट भागी भारतमा रहेका नेपाली कांग्रेसका नेता एवं कार्यकर्तालाई संगठित गरी आन्दोलन सञ्चालन गर्न सुझाव एवं सल्लाह दिए ।[११९] सुवर्णले तत्कालै कुनै प्रतिक्रिया व्यक्त नगरे पनि भारत आइपुगेका शुशिल कोइराला र कृष्णकुमार शर्मालाई बोलाएर वी.पी. सँग सम्पर्क राखी निर्देशन प्राप्त गर्ने आसयको शिलबन्दी पत्र नोना कोइरालाकहाँ पुऱ्याउन विराटनगर पठाए ।[१२०] पत्रकार भोला चटर्जीले अनेकौं प्रयास गरेर सुवर्णलाई जवाहरलाल नेहरुसँग भेट्ने अवसर मिलाइ दिएपछि जनवरी ११ र १४ (२०१७ साल पौष २८ र माघ १ गते) गरी २ पटक नेहरूसँग भेटेर साढे दुई घण्टाजति कुराकानी गरे ।[१२१] अर्कोतिर नोना कोइराला एवं शैलजा आचार्यले वी.पी. सँग सम्पर्क कायम गरी "धर्मयुग" नामक पत्रिकाद्वारा सुवर्णका लागि आदेश समेत प्राप्त गर्न सफल भएपछि त्यो आदेश लिएर नोना कोइराला भूमिगत रूपले काठमाडौंबाट कलकत्ता पुगी सुवर्णलाई दिइन् ।[१२२] त्यसपछि मात्र सुवर्णशमशेर शाही कदमका विरुद्ध उभिने रणनीति

---

११६ कृष्णप्रसाद भट्टराई, "नेपाल आमाका उज्वल सपुत सुवर्णशमशेर", *प्रभात,* वर्ष १, अङ्क २, कीर्तिपुर : नेपाल विद्यार्थी संघ, त्रि.वि., समिति, २०४७, पृ. १२ ।

११७ शिव अधिकारी, प्र. नेपाली कांग्रेस : प्रवाशमा", *नेपालमा प्रजातान्त्रिक समाजवाद,* काठमाडौं : खगेन्द्र रेग्मी, २०४५, पृ. ४६ ।

११८ डिल्लीरमण शर्मा र महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।

११९ चटर्जी, टिप्पणी संख्या ५८, पृ. ९-११ ।

१२० (क) शुशिल कोइरालासँग २०६० पौष २४ गते बुद्धनगर, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) नोना कोइरालासँग २०६० बैशाख २७ गते कोइराला निवास, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

१२१ चटर्जी, टिप्पणी संख्या ५८, पृ. ११-१२ ।

१२२ नोना कोइराला, टिप्पणी संख्या ८१ (ख) ।

निर्माणको निश्चयमा पुगी नेपालका विभिन्न भागमा गोप्य सर्कुलर पठाउने एवं सल्लाह लिनेतर्फ लागे । यस क्रममा उनले पार्टीका महत्त्वपूर्ण एवं मुख्य व्यक्तिहरूलाई अब के कस्तो कदम चाल्नु उपयुक्त हुन्छ भन्ने विषयमा छलफल गराएर त्यसको निर्णयसहित पटना सम्मेलनमा आइपुग्नु भन्ने गोप्य पत्र नै पठाएका थिए ।[१२३]

सुवर्णको पत्र पाएपछि देशका विभिन्न भागबाट पार्टीका जुझारू कार्यकर्ताहरूले गोप्य भेटघाट-सरसल्लाह गरी आन्दोलन गर्नै पर्दछ र आवश्यक परे हतियार पनि उठाउनु पर्दछ भन्ने निर्णय गरी प्रतिनिधि पठाए । फलस्वरूप भागेर भारत पुगेका र गिरफ्तारीबाट बचेका नेता एवं कार्यकर्ताहरूको समुपस्थितिमा भारतको पटनास्थित गान्धी मैदाननेर अंजुमन इस्लामिया हलमा २०१७ साल माघ १२ गते बुधबारका दिन गोप्य सम्मेलन प्रारम्भ भयो ।[१२४] विघटित संसदमा नेपाली कांग्रेसको प्रतिनिधित्व गर्ने ३९ जना सांसदहरूले समेत भाग लिएको उक्त सम्मेलनले आफ्ना सभापती नेपाल नरेशको बन्दी भएकाले सुवर्णशमशेरलाई सर्वसम्मतीबाट पार्टीको कार्यकारी सभापती बनायो ।[१२५] सम्मेलनलाई सम्बोधन गर्दै सुवर्णशमशेरले राजाको वर्तमान कदमबाट देशलाई १० वर्ष पछाडि धकेलेको उल्लेख गर्दै प्रजातन्त्रको पुनर्स्थापना नगर्दासम्म नेपाली जनता शान्तिपूर्वक बस्न नसक्ने र जस्तोसुकै त्याग एवं बलिदान गर्न पनि तयार छन्[१२६] भनी राजाको कदमको तिब्र निन्दा गरे । यसरी प्रारम्भ भएको सम्मेलनले परशुनारायण चौधरीलाई महामन्त्री र सरोजप्रसाद कोइरालालाई सदस्यमा चयन गरी प्रजातन्त्र पुनर्स्थापनाका लागि आगामी रणनीति के हुने ? भन्ने विषयमा व्यापक छलफल गऱ्यो ।[१२७] उक्त भेलाले अन्तमा राजाले आफ्नो घोषणा फिर्ता लिनुपर्ने, संसदको पुनर्वहाली गर्नुपर्ने, राजनैतिक बन्दीहरूलाई छाडिनु पर्ने आदि माग राख्ने र ती माग पूरा नगरिएमा चाल्नुपर्ने कदमबारे निर्ण गर्ने सर्वाधिकार सुवर्णशमशेरलाई नै प्रदान गऱ्यो ।[१२८] भेलाबाट यसप्रकारका निर्णय गरिएपछि नेतृत्व पङ्क्तिका व्यक्तिहरूले पुनः आपसमा छलफल गरेर भावी रणनीति तर्जुमा गर्ने प्रयास गरे । जसमा सकेसम्म राजालाई वार्ताको टेबुलमा ल्याएर सम्झौताद्वारा समस्या समाधान गर्ने

---

१२३ डिल्लीरमण शर्मा र महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।

१२४ (क) दानबहादुर भुषालसँग २०५८ साल मंसिर ५ गते भलवारी, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) भागवत दुवे, "कालातित व्यक्ति श्री सुवर्णजीको स्मृतिमा", *प्रभात,* वर्ष १, अङ्क २, कीर्तिपुर : नेपाल विद्यार्थी संघ, त्रि.वि. समिति, २०४७, पृ. ३४ ।

१२५ (क) *ऐजन* (ख) ।
(ख) अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ३७९ ।

१२६ (क) दानबहादुर भुषाल, टिप्पणी संख्या ८५ (क) ।
(ख) परमानन्द, टिप्पणी संख्या ३०, पृ. २० ।

१२७ (क) अधिकारी, टिप्पणी संख्या ६ (ग), पृ. ३३-३४ ।
(ख) वासुदेव रिसाल, टिप्पणी संख्या १० (क) ।

१२८ (क) महेश्वरलाल श्रेष्ठ र वासुदेव रिसालसँगका अन्तर्वार्ताहरू ।
(ख) बद्रीनारायण गौतम, टिप्पणी संख्या ३, पृ. ५५ ।

उद्देश्यलाई अवलम्बन गर्ने निश्चय गरियो[१२९] र त्यसका लागि दवावमुलक कार्यक्रमबाट प्रतिरोध प्रारम्भ गर्ने भनियो ।

कार्यक्रम पछि आयोजित पत्रकार सम्मेलनमा सुवर्णशमशेरले पार्टीका माग राजाले पूरा नगरेका खण्डमा देशभरी सत्याग्रह आन्दोलन प्रारम्भ गरिने जानकारी दिए । कार्यकर्ताहरू लुकिछिपी देशभित्र पसेर कुनाकाप्चामा पुगी सभा-सम्मेलन, जुलुस, कोठे बैठक आदि आयोजना गरेर राजाले नेताहरूलाई विनाअभियोग जेलमा थुनेको, कुटपिट गरेको र यातना दिएको आदि विषय जनसमक्ष भण्डाफोर गर्ने भन्ने राजनैतिक प्रस्ताव पास गरेको थियो ।[१३०] यसप्रकार करिब ४०० जति नेता एवं कार्यकर्ताहरू सहभागी भएको पटना सम्मेलन शाही घोषणाको विरुद्ध देशव्यापी रूपमा विशाल जनप्रदर्शनहरू आयोजना गर्ने, प्रतिबन्धित पार्टीका झण्डाहरू फहराउने, नारावाजी गर्ने, त्यतिले नपुगे सत्याग्रह गर्ने र अन्तमा केही नलागे हतियार उठाउने भन्ने निर्णयसहित समाप्त भएको थियो ।[१३१]

पटना सम्मेलन र प्रतिरोध आन्दोलनको निर्णयको भोलिपल्टै नेपालका तत्कालीन गृहमन्त्री विश्ववन्धु थापाले पत्रकार सम्मेलनद्वारा नेपाली कांग्रेसको निर्णयलाई सपनाको संज्ञा दिएर कसैलाई नेपाल प्रवेशमा प्रतिबन्ध नभएको, घुमफिर गर्ने स्वतन्त्रता दिइएको आदि जानकारी थिए ।[१३२] उनको यो वक्तव्यलाई एकातिर कुनै पनि चेतनशील नेपालीले विश्वास गरेनन् भने अर्कोतिर नेपाली कांग्रेसको निर्णयमा पनि विचलन ल्याउन सकेन । तसर्थ प्रतिरोध आन्दोलनको तयारीस्वरूप नेपाली कांग्रेसले पटना अधिवेशनको निर्णय समेटिएको "फैसला" शीर्षकको पुस्तिका र राजाको कदमलाई विश्लेषण गरिएको "जनद्रोही" शीर्षकको पुस्तिका छापेर देशभित्र गोप्य रूपमा पठाइयो र नारायणगढ, पोखरा, काठमाडौंलगायत देशका विभिन्न भागमा कार्यकर्ताहरूद्वारा छरेर-बाँडेर[१३३] जनाधार तयारीको प्रारम्भ गरियो ।

राजाको पौष १ गतेको कदमबाट नेपाली कांग्रेस बाहेकका अरू राजनैतिक दलहरू पनि सन्तुष्ट थिएनन् । तसर्थ भारतमा भागेकाहरूमध्ये नेपाल प्रजापरिषद् मिश्र गुट, संयुक्त प्रजातन्त्र पार्टीको महामन्त्री काशिनाथ श्रीवास्तव समूह आदि नेपाली कांग्रेसमा विलय भए । २०१७ साल पौष १ गतेकै दिन पक्रिएर सैनिक हिरासतमा रहेका गोरखा परिषद्का नेता भरतशमशेरले "योजनाबद्ध रूपमा कदम चाली राजालाई पूर्ण सहयोग एवं समर्थन गर्दछु" भनी विश्वास

---

१२९ लोकराज बराल, *नेपाल पोलिटिक्स अफ रेफरेण्डम अ स्टडी अफ ग्रुप परसोनालिटिज् एण्ड ट्रेण्डस्,* न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, १९८३, पृ. ४९ ।

१३० डि.के. शाही, "सुवर्णजी तथा वि.सं. २०१८", *नेपाल पुकार* (साप्ताहिक), रामचन्द्र पौडेल (सम्पा.), २०४७ फाल्गुण ८, पृ. ६ ।

१३१ (क) वासुदेव रिसाल, टिप्पणी संख्या १० (क) ।
(ख) ज्ञानी शंकर गिरीसँग २०६० साल जेठ १४ गते गंगासागर, जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

१३२ गृष्मबहादुर देवकोटा, *नेपालको राजनैतिक दर्पण* (तेस्रो भाग), काठमाडौं : उपेन्द्रबहादुर देवकोटा, २०४०, पृ. ३४-३६ ।

१३३ महेश्वरलाल श्रेष्ठ, टिप्पणी संख्या ४४ ।

दिलाएर उम्किइ २०१८ साल आश्विनतिर भारत प्रवेश गरी कार्तिक २८ गते आफ्नो पार्टीलाई नै विनाशर्त नेपाली कांग्रेसमा विलय गराए ।[१३४] उनको यस कार्यले नेपाली कांग्रेसको शक्ति वृद्धि हुनुका साथै हिंसात्मक क्रियाकलापका लागि ठोस आधार निर्माणमा सघाउ पुग्यो । यसरी नेपाली कांग्रेसले राजालाई आफ्नो कदमबाट पछाडि फर्केर संसदीय प्रजातन्त्र पुनर्स्थापना गर्न दवाव दिने प्रयास गऱ्यो । जसमा सफलता प्राप्त गर्न भने सकेन ।

पटना सम्मेलनको समाप्तिकै क्रममा आफ्ना मागहरू राजाले मान्ने कुरामा सुवर्णशमशेर विस्तस्त थिएनन् । तर पनि उनले प्रारम्भमा राजाले आफ्ना माग नमानेमा सत्याग्रह गर्ने घोषणा गरी दवाव दिन खोजे । जसमा कुनै उपलब्धि नभएपछि नेपालको दमन नीतिअनुरूप चलेको सरकारसँग सत्याग्रह आन्दोलन उपयुक्त नहुने स्पष्ट भयो । तसर्थ नेपाली कांग्रेसले प्रजातन्त्र पुनर्स्थापनाका लागि हतियार उठाउने निश्चय गरी तयारीतर्फ लाग्यो । यस क्रममा सुवर्णले गोप्य रूपमा एक सङ्घर्ष समिति निर्माण गरी केशवप्रसाद कोइराला, सरोजप्रसाद कोइराला, काशिनाथ गौतम, भरतशमशेर आदिलाई संगठनको जिम्मा दिनुका साथै प्रधान कार्यालय कलकत्तामा राखी सञ्चालन, पत्राचार, प्रचारप्रसाद आदिको पूर्ण व्यवस्था मिलाए ।[१३५]

नेपालमा राजा महेन्द्रले आफ्नो अध्यक्षतामा निर्माण गरेको सात सदस्यीय मन्त्री परिषद्ले नेपाली कांग्रेसको सरकारका पालामा इमान्दारीसाथ काम गर्ने कर्मचारीलाई आस्थाका आधारमा हटाउने कार्य गर्दै थियो । यसै क्रममा २०१७ साल माघ २६ गते अवकाश दिइएका कर्मचारीहरूमध्ये विशिष्ट श्रेणीमा कार्यरत योगप्रसाद उपाध्याय पनि एक थिए ।[१३६] अवकाशपछि घरमै बसिरहेका उपाध्यायलाई त्यसपछि राजाले प्रभावित गर्ने प्रयास गरे । जसअनुरूप अवकाश दिएको करिब १ महिनापछि राजाले आफ्नो सन्देश दिएर राजप्रसादको विस्वस्त सहचारीलाई उपाध्यायसमक्ष पठाए । जसले राजाको सन्देश भनी ‘तपाइँले नेपाली कांग्रेस, सुवर्ण, वी.पी. आदिको तारिफ गर्दै मन लागेको लेख्नुस्, तर त्यसमा मेरो बारेमा एक लाइन “२०१७ पौष १ गते राजा महेन्द्रले गरेको कार्य क्यूवामा क्यास्ट्रोले गरेको कार्य जस्तै हो” भनेर लेख्नुपर्दछ, यति गर्नु भयो भने म तपाइँलाई साविककै पदमा पुनर्वहाली गरिदिन्छु’ भन्ने सुनायो ।[१३७] जवाफमा उपाध्यायले सन्देशवाहकसँगै त्यसो गरेर आफू विश्वासघाती बन्न नचाहने खबर पठाएपछि उनलाई गिरफ्तार गर्ने आदेश भएछ । जुन थाहा पाउनासाथ उनी सपरिवार भारततर्फ लागि

---

[१३४] विस्तृतिका लागि डा. राजेश गौतम, *नेपालको प्रजातान्त्रिक आन्दोलन र विद्रोही भरतशमशेर,* काठमाडौँ : कृष्ण मुरारी अधिकारी र श्रीराम श्रेष्ठ, २०६१, पृ. ५८-७४ ।

[१३५] (क) यज्ञनाथ आचार्य, *सुवर्ण शमशेर राणा र प्रजातान्त्रिक आन्दोलन,* काठमाडौँ : हेमाद्री शमशेर राणा, २०६०, पृ. ९८ ।
(ख) काशीप्रसाद श्रीवास्तव, *नेपालका इतिहास,* दिल्ली : आत्माराम एण्ड सन्स, १९८६, पृ. १४२ ।
(ग) अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ३८० ।
(घ) वासुदेव रिसाल, टिप्पणी संख्या १० (क) ।

[१३६] देवकोटा, टिप्पणी संख्या ९३, पृ. ४४-४५ ।

[१३७] योगप्रसाद उपाध्याय, टिप्पणी संख्या ६ (क) ।

कलकत्ता पुगे । उनलाई देख्नासाथ खुसी भएका सुवर्णले महत्त्वपूर्ण कामको जिम्मा दिएर आफूसँग राखे ।

सशस्त्र सङ्घर्षको निश्चय पछि नेपाली कांग्रेसले मुक्ति सेनाको संगठन गर्ने, साधन-स्रोतको खोजी गर्ने, प्रचारप्रसारबाट जनसमर्थन जुटाउने कार्य प्रारम्भ गऱ्यो । मुक्ति सेना निर्माणका लागि देशभित्रका आफ्ना विश्वाशी कार्यकर्तालाई भूतपूर्व सैनिक एवं २००७ सालको क्रान्तिका योद्धाहरू जम्मा गरेर पठाउन पत्राचार गरियो । यस्तो जिम्मेवारी पाउनेमा काशिनाथ गौतम, तेजबहादुर अमात्य, के.वी. भट्टराई, केशवप्रसाद कोइराला, सरोजप्रसाद कोइराला, दुर्गादत्त जोशी आदि प्रमुख थिए ।[१३८] जसले दानबहादुर भुषाल, प्रेमबहादुर गुरुङ, रणबहादुर थापा, महेश्वरलाल श्रेष्ठ, देवीबहादुर पाण्डे, के.वी. गुरुङ आदि व्यक्तिहरूको सहायताबाट भू.पू. सैनिक जम्मा गर्ने कार्य गरे ।[१३९] जम्मा गरिएका भू.पू. शैनिकलाई नक्सलवाडी, दरभङ्गा, मुजफ्फरपुर, रक्सौल, नरकटियागंज, गोरखपुर, बलरामपुर, उँनगाउँ आदि स्थानहरूमा खडा गरिएका शिविरहरूमा पुऱ्याएर समूहगत रूपले विभाजित गरी तम्तयार पारेर राखियो । सशस्त्र समूहको चिफ कमाण्डरमा शशीशमशेर नियुक्त गरिए भने कञ्चनशमशेर, क्याप्टेन पी.वी. बस्नेत, मेजर थामे आदिलाई कमाण्डरका सहयोगी बनाइयो ।[१४०]

क्रान्तिका लागि स्रोत-साधन जुटाउने क्रममा सुवर्णशमशेरले सर्वप्रथम अमेरिकीहरूसँग सम्पर्क राखी न्यूनतम् २ करोड सहायता गर्न अनुरोध गरे ।[१४१] जवाफमा अमेरिकीहरूले तिमीहरूको भारतसँग कस्तो सम्बन्ध छ ? भनी प्रश्न गरेपछि राम्रो छ भन्दा त्यसो भए त्यति रकम त भारतले नै सजिलै दिन सक्दछ, हामीले यति टाढाबाट त्यति रकम तिमीहरूलाई सहयोग गर्नु भारतलाई चिढाउनु हुन्छ भने । त्यसपछि सुवर्णले भारतका तत्कालीन महत्त्वपूर्ण मन्त्री जगजीवन रामसँगको आफ्नो राम्रो सम्बन्धका आधारमा उनीमार्फत भारत सरकारसँग सहयोग मागे । जसमा भारतले प्रत्यक्ष नगद सहयोग त गरेन तर सुवर्णले कलकत्तास्थित आफ्नो वाणिज्य व्यवशायको आयकरका रूपमा भारत सरकारलाई तिर्नुपर्ने ठूलो रकम मिनाहा गरिदिएपछि त्यो रकम सङ्घर्ष सञ्चालनमा खर्च गरे ।[१४२] यसबाहेक कतिपय भारतीय मित्रबाट पनि केही सहयोग प्राप्त भयो भने बाँकी सारा लगानी सुवर्ण आफैले गरेको कुरा त्यसबखतका धेरै सक्रिय व्यक्तिहरूले बताउँछन् ।

---

[१३८] अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ३८१-८२ ।

[१३९] (क) दानबहादुर भुषाल र महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।
(ख) प्रेमबहादुर गुरुङसँग २०५८ मंसीर २३ गते भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१४०] (क) *ऐजन* (क) ।
(ख) अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ३८२ ।

[१४१] योगप्रसाद उपाध्याय, टिप्पणी संख्या ६ (क) ।

[१४२] *ऐजन* ।

भारत सरकारले यसरी अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुका साथै हातहतियार ओसारपसार गर्ने, भारतीय भू-भागमा आधार शिविर एवं तालिम केन्द्र सञ्चालन गर्ने, नेपाल प्रजातन्त्र रेडियो स्थापना गरी प्रसारण गर्दा पनि थाहा नपाए झैं गर्ने र राजाका कार्यको आलोचना गर्दै सङ्घर्षका लागि जनसमर्थन जुटाउन "नेपाल टुडे" एवं "नेपाल पुकार" जस्ता पत्रिका प्रकाशनमा रोक नलगाउने आदि कार्यद्वारा सङ्घर्षप्रति समर्थन जनाउने नीति लिएको देखिन्छ । जसबाट नेपाली कांग्रेसले नैतिक बल समेत प्राप्त गरी राजाको अप्रजातान्त्रिक कदमका विरुद्ध बढ्न बलियो आधार निर्माण गर्न सफल भयो ।

यसप्रकार तयारी गरेर नेपाली कांग्रेस हिंसात्मक उपाएको प्रयोगबाट राजाले अपहरण गरेका जनअधिकारहरूको बहाली गर्न र जनतालाई राजनैतिक स्वतन्त्रता उपलब्ध गराउन प्रतिरोध आन्दोलनमा उत्रिन तत्पर भयो । प्रारम्भमा "हान र भाग" को रणनीतिअन्तर्गत गुरिल्ला युद्धकला प्रयोग गर्ने निश्चय गरियो । जसमा मौका मिल्नासाथ सरकारी कार्यालयहरूमा आगो लगाउने, हातहतियार लुट्ने, चौकीहरू कब्जा गर्ने र सरकारलाई हायलकायल पार्ने नीतिअनुरूप योजना बनाइयो । २००७ सालमा जस्तो यसपटक कब्जा गरेको क्षेत्रमा जनसरकार गठन गर्ने नीति नलिएर सरकारी संयन्त्र तहसनहस पारी राजालाई सम्झौताको टेबुलमा आउन बाध्य पार्ने निश्चय गरियो । "हान र फर्क" को आक्रमण नीतिलाई कसरी र कहाँ-कहाँ सञ्चालन गर्ने भन्ने निर्णय गरी कार्यान्वयन गराउनका लागि योगप्रसाद उपाध्याय, शशीशमशेर, कन्चनशमशेर र तनहुँका निरध्वज गरी ४ जनाको एक केन्द्रीय कन्ट्रोल रूम बनाइयो ।[१४३] जसले आक्रमण स्थलको चयन गर्ने, हातहतियारका स्रोतहरू खोज्ने, उक्त स्रोतसँग डिल गर्ने, सुवर्ण र त्यो स्रोतबीच सम्पर्क गराइदिने, हतियार ओसार्ने, आवश्यकताअनुसार आक्रमण स्थलसम्म पुऱ्याउने, मुक्तिसेना परिचालन गर्ने, फौजी समूहको अनुगमन, निरीक्षण गर्ने र निर्देशन दिने आदि कार्य गर्दथ्यो ।[१४४] यसप्रकार सबै पक्षमाथि विचार पुऱ्याई २००७ सालमा क्रान्ति प्रारम्भ गरी सफल भएपछि क्रान्ति दिवशका रूपमा मनाउँदै आएको कार्तिक २६ गते कै दिन सङ्घर्ष प्रारम्भ गर्ने निश्चय भएपछि सुवर्णको निर्देशनमा शशीशमशेरले आवश्यक निरीक्षण गरी पुनः एकपटक सम्पूर्ण वस्तुस्थितिको मूल्याङ्कनसमेत गरेर तम्तयार बनाए ।

भारतीय भूमिलाई आधार बनाएर नेपाली कांग्रेसले २०१८ साल कार्तिक २६ गतेबाट पञ्चायती व्यवस्थाका विरुद्ध प्रतिरोध आन्दोलन प्रारम्भ गऱ्यो । जसबाट देशव्यापी रूपमा डरलाग्दा घटनाहरू घट्न पुगे । यस क्रममा नेपाली कांग्रेसका सयौं होनहार नेता तथा कार्यकर्ताहरूले आफूलाई बलिदान गरे । फलस्वरूप ओखलढुङ्गा, दिक्तेल, ऐसेलुखर्क, रामेछाप, ताप्लेजुङ्ग, पाँचथर, धनकुटालगायत सम्पूर्ण पूर्वी तराई, पश्चिमी तराई, कोइलावास, बन्दिपुर,

---

[१४३] योगप्रसाद उपाध्याय, "देश र समाजका लागि चिन्तित सुवर्णजी", *सुवर्णशमशेर एक व्यक्ति अनेक आयाम*, बलबहादुर स्वाँर (सम्पा.), काठमाडौँ : सुवर्ण स्मृति तथा चिन्तन प्रतिष्ठान, २०५८, पृ. ४ ।

[१४४] योगप्रसाद उपाध्याय, टिप्पणी संख्या ६ (क) ।

प्यूठान, गुल्मी, बझाङ, अछाम, डडेलधुरा, डोटी, बैतडी, चितवन, ठोरी, रामेछाप, च्याङथापु आदि देशका विभिन्न ठाउँमा क्रान्तिको दावानल सल्किएर सरकारी दमनको सिलसिलासमेत चलेकोले अनेकौं रक्तरञ्जित घटनाहरू समेत हुन पुगे ।[१४५] जसमा सरकारबाट कैयौं देशभक्तहरूको विभत्स हत्या हुनुका साथै धेरैलाई पक्रेर चरम यातनासहित जेलनेल, सर्वस्वलगायतका सजाय पनि गरियो । जनताहरू यसरी देशव्यापी रूपमा वम र वारुदको मार्गमा बढिरहेको त्यो अवस्थामा २०१८ साल माघ ४ गते राजा महेन्द्र राजधानीबाट पूर्वाञ्चलका केही जिल्लाहरूको भ्रमणमा निस्किएका थिए । उनले यो भ्रमणमा ठाउँ-ठाउँमा अभिनन्दनको प्रतिउत्तरका क्रममा भाषण गर्दा नेपाली कांग्रेससँग सावधान रहने आव्हानसहित आफूले उठाएको कदमको पुष्टि गर्दै प्रतिरोध गर्नेहरूको दमन गर्ने कुरा व्यक्त गर्दथे ।[१४६] यसै क्रममा राजा जलेश्वर हुँदै जनकपुर आउने कार्यक्रम बनेको सुइको पाएपछि सरोजप्रसाद कोइराला, परशुनारायण चौधरी जस्ता तरुणहरूले जनकपुरमा राजामाथि बम प्रहार गर्ने योजना बनाएर आवश्यक तयारीसमेत पूरा गरी दुर्गानन्द झा, रमेश झा आदिलाई सक्रिय गराए ।[१४७] यस कार्यमा खटिएका अरूले नसके पनि दुर्गानन्द झाले पाएको जिम्मेवारीअनुरूप २०१८ साल माघ ९ गते रामजानकी मन्दिरको दर्शन गर्न जान लागेका राजा महेन्द्रको गाडीमा बम प्रहार गरे ।[१४८] धेरै शक्तिशाली नभएको र तर्साउने उद्देश्यले मात्र बनाइएको हुँदा उक्त बम विष्फोटनबाट राजालाई कुनै चोटपटक लागेन भने बम हान्ने दुर्गानन्द भाग्न सफल भए । तर पछि त्यसबाट सिर्जना भएको परिस्थितिले गर्दा निर्दोश मानिसले यातना पाउन थालेपछि दुर्गानन्दले आत्मसमर्पण गरी सम्पूर्ण जिम्मेवारी स्वीकार गरेकाले उनलाई काठमाडौं पुर्‍याएर २०३० साल माघ १५ गते केन्द्रीय कारागारमा फाँसीमा झुण्ड्याइयो ।[१४९]

---

१४५ प्रतिरोध आन्दोलनको स्वरूप फैलावट एवं सरकारी दमनको पूर्ण विवरणका लागि-
(क) दानबहादुर भुषाल, *नेपाली कांग्रेस र भू.पू. सैनिकको संस्मरण,* बुटवल, सहयोगी साथीहरू, पृ. ५-१२ ।
(ख) *प्रजातन्त्र सेनानी प्रेमबहादुर गुरुङको जीवन चरित्र* शीर्षक पुस्तिका, लेखक, प्रकाशक, प्रकाशन स्थान, मिति आदि उल्लेख नभएको, पृ. ७-१२ ।
(ग) अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ३९५-४६९ ।
(घ) देवकोटा, टिप्पणी संख्या ९३, पृ. ३१२-३३० ।
(ङ) परमानन्द, टिप्पणी संख्या २२ (क), पृ. ३१३-३१७ ।
(च) परमानन्द, टिप्पणी संख्या ३०, पृ. २३-२७ ।
(छ) राजेन्द्र रेग्मी, *नेपालको प्रजातान्त्रिक आन्दोलन र चितवन,* भरतपुर : किरण प्रकाशन, २०४८, पृ. ४-१३ ।
(ज) अधिकारी, टिप्पणी संख्या २५ (क), २०८-२१८ ।
(झ) अधिकारी, टिप्पणी संख्या ७५ (ख), पृ. १६२-१८७ ।
(ञ) आचार्य, टिप्पणी संख्या ९६ (क), पृ. ८६-१०३ ।
(ट) हफ्टन र अन्य, टिप्पणी संख्या २३ (क), पृ. ७२-७४ ।
(ठ) गौतम, टिप्पणी संख्या ३८, पृ. १४१-१४३ ।
(ड) डिल्लीराम मिश्र, टिप्पणी संख्या ७५ (क), पृ. १३४-३५ ।

१४६ गौतम, टिप्पणी संख्या ३८, पृ. १४१ ।

१४७ अधिकारी, टिप्पणी संख्या ६ (ग), पृ. ३५ ।

१४८ (क) राजेश्वर नेपालीसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) मनोजकुमार शाह, "अमर शहीद दुर्गानन्द झा", *साप्ताहिक वार्तालाप,* वर्ष १०, अङ्क ९, काठमाडौं : २०५० जेठ ३ गते, पृ. ११ ।

१४९ *ऐजन* ।

प्रतिरोध आन्दोलनका क्रममा शान्तिपूर्ण आन्दोलनदेखि सशस्त्र सङ्घर्षका हरेक क्षेत्रमा जनअधिकार वहालीका लागि होमिएका युवाहरूलाई सक्दो सहयोग पुऱ्याउने क्रममा नेपाल आमाका बहादुर छोरीहरू पनि सक्रिय थिए । शाही कदम सँगै नोना कोइराला, शैलजा आचार्य, सरोजा प्रधान, रश्मी शाहजस्ता विरांगनाहरूले शाही कदमको निन्दा गर्दै सङ्घर्षको वातावरण निर्माणका लागि काठमाडौँका सडकमा उत्रिएर जसरी मुर्दावादका आवाज बुलन्द गरे[१५०] त्यो आफैमा अद्वितीय छ । त्यस्तै युद्धमोर्चामा खटेका लडाकुलाई सरकारी सेनाको आँखा छलेर बन-बनमा घाँस काट्ने डोकोमा खाना बोकेर पुऱ्याई खुवाउने अशिक्षित ग्रामीण महिलाको भावना झन जीवन्त अध्याय हो ।[१५१]

“हान र भाग” को रणनीतिअन्तर्गत सञ्चालित यो सशस्त्र सङ्घर्षले देशव्यापी रूपमा ठूलो हलचल ल्यायो । सरकारले भरतपुरमा तिब्र दमन गरी जगतप्रकाश जंग शाहलगायतका योद्धाहरूको विभत्स हत्या गऱ्यो । तसर्थ त्यसपछि नेपाली कांग्रेसले आफ्नो रणनीतिमा केही परिवर्तन गरी पूर्णतया गुरिल्ला युद्धकला अवलम्बन गरी आक्रमण गर्ने, चुस्त र तालिम प्राप्त सानो टोली पठाएर बाटोमा धराप थापी आक्रमण गर्ने, अध्यारोमा जिल्ला छाउनीमा बम फ्याँकेर भाग्ने, सेनाका ट्रक एवं जीपहरूमा टाइमबम फिट गरेर हिडिदिने, राजधानीमा अत्यावश्यक सामान पुऱ्याउने डिपो एवं कार्यालयहरू आक्रमण गर्नेलगायतका कार्यहरू गरिए । परिणामस्वरूप नेपाली सेनालाई निकै अप्ठ्यारो परिस्थितिको सामना गर्नुपऱ्यो । त्यो स्थितिबाट बाध्य भएका राजा महेन्द्र वी.पी. सँगै सम्झौता गर्ने निश्चयमा पुगी काठमाडौँस्थित विदेशी कुटनैतिक नियोगका व्यक्तिहरूलाई सुन्दरिजल पठाएर सम्झौता प्रयासमा लागेको उल्लेख पाइन्छ ।[१५२] यसरी लक्ष्य प्राप्तिको नजिकै पुग्न लागेका बेला अन्तर्राष्ट्रिय परिवेशमा घटेको एक घटनाले सम्पूर्ण परिस्थिति नै अकस्मात परिवर्तन गरिदिएकाले नेपाली कांग्रेस पनि आफ्नो मार्ग परिवर्तन गर्न बाध्य भयो ।

राजा महेन्द्रको कार्यकालमा २०१८ साल असौज १९ गते नेपाल चीन सीमा सन्धी सम्पन्न भएको थियो । त्यसको १ वर्षपछि २०१९ साल असौज १९ गते पेकिङ्गमा आयोजित प्रथम वार्षिकोत्सव कार्यक्रममा चीनका उप-प्रधानमन्त्री चेन यि ले नेपालमाथि कुनै विदेशी फौजले आक्रमण गरेमा नेपाली जनताले तिनलाई हराउने छन् र म श्री ५ महाराजलगायत नेपाली जनतालाई विश्वास दिलाउन चाहन्छु कि यदि कुनै विदेशी सेनाले नेपालमा आक्रमण

---

१५० (क) शैलजा आचार्यसँग २०६१ जेठ १७ गते जयवागेश्वरी, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) नोना कोइराला, टिप्पणी संख्या ८१ (ख) ।

१५१ (क) भुषाल, टिप्पणी संख्या १०६ (क), पृ. ७ ।
(ख) गुरुङ, टिप्पणी संख्या १०६ (ख), पृ. ९-१० ।

१५२ (क) शर्मा, टिप्पणी संख्या १३ (क) पृ. ३०१-०२ ।
(ख) चटर्जी, टिप्पणी संख्या ५८, पृ. १२७-३०२ ।
(ग) गणेशमान सिंहसँग २०४४ माघमा भैरहवामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

गरेमा हामी चीनिया जनता नेपालको पक्षमा छौं भनी सम्बोधन गरे ।[१५३] यो सम्बोधनमा प्रस्टरूपले नभने पनि नेपाली कांग्रेसले भारतीय भूमिबाट गरेको सङ्घर्षलाई लक्षित गरिएको अडकल सबैले गरेका छन् । यो मन्तव्य पछि नेपालको सत्ता खेमाबाट आफ्ना देशद्रोहीहरूलाई संरक्षण दिएर नेपाल विरोधी क्रियाकलाप गराएको आरोप भारतलाई लगाउन थालियो । चेन यि को यो मन्तव्यको ठीक १५ दिनपछि चीनले अकस्मात भारतीय भू-भागमाथि आक्रमण गऱ्यो ।[१५४] यसबाट एकातिर भारत अप्ठ्यारोमा पऱ्यो भने अर्कोतिर नेपाली कांग्रेसलाई पनि सतर्क बनायो । त्यो स्थितिमा भारतले नेपाली कांग्रेसलाई आफ्ना गतिविधि रोक्न दवाव दियो । भारतमा बसेर भारतको सहानुभूतिबिना सशस्त्र सङ्घर्षका गतिविधि चलाइराख्नु सम्भव नभएकाले त्यसपछि पार्टीको कार्यवाहक सभापतीको हैसियतले सुवर्णशमशेरले तुरुन्त कलकत्तामा पार्टीकौ बैठक बोलाए । जसमा भारतको चाहना एवं स्थिति र नेपालप्रति पार्टीको दायित्वलगायतका विषयमा गम्भीर छलफल गरियो ।[१५५] जसको अन्तमा "आन्दोलन स्थगित गरिएको अर्थ कांग्रेसको आधारभूत विचारमा परिवर्तन भएको हो भन्ने होइन"[१५६] समेत भन्दै हाललाई आन्दोलन स्थगित गर्ने निश्चय गरियो ।

वैठकको निर्णय पछि सुवर्णशमशेरले २०१९ साल कार्तिक २३ गते कलकत्ताबाट विज्ञप्ति जारी गर्दै हाललाई सङ्घर्ष स्थगित गरिएको जानकारी दिए । राजा महेन्द्र एवं चेन यि दुवैको आलोचना गर्दै जारी गरिएको उक्त विज्ञप्तिमा **हाम्रो सङ्घर्षको बहानामा राजालाई देशको स्वतन्त्रता, सार्वभौमिकता, प्रादेशिक अखण्डतामा आँच पुऱ्याउने कार्य गर्न मौका नदिन र विस्तारवादी उद्देश्यले कसैलाई नेपालमाथि आक्रमण गर्ने बहाना नदिनका लागि हाललाई हाम्रो सङ्घर्ष स्थगित गरिएको जानकारी प्रजातन्त्रका लागि लडिरहेका सबै साथीहरूलाई दिन चाहन्छु**[१५७] भन्ने उल्लेख पाइन्छ । स्पष्टसँग जानकारी दिए । त्यसको करिब २ महिनापछि उनले कलकत्ताबाट नै एक्कासी एक वक्तव्य प्रकाशित गरी सशस्त्र सङ्घर्षका सम्पूर्ण कार्यक्रम फिर्ता लिइएको घोषणा गरे ।[१५८]

प्रजातन्त्रको पुनर्स्थापना गर्न प्रारम्भ गरिएको यो आन्दोलन यसरी स्थगित हुनुका पछाडि प्रत्यक्षतया भारत-चीन युद्ध र चेन यिको व्यक्तव्य देखिए तापनि यसका पछाडि केही

---

[१५३] (क) देवकोटा, टिप्पणी संख्या ९३, पृ. ४१८ ।
(ख) लियो इ. रोज, *नेपाल स्ट्राटेजी फर सर्भाइभल,* बर्कले : १९७१, पृ. २४८ ।

[१५४] (क) परमानन्द, टिप्पणी संख्या २२ (क), पृ. ३१७-१८ ।
(ख) हफ्टन र अन्य, टिप्पणी संख्या २३ (क), पृ. ७४ ।

[१५५] (क) गोवर्धन शर्मा, "दुई हात भविष्यमा हजारौं हात हुनेछन्", *जनरल सुवर्ण शमशेर स्मृतिग्रन्थ,* जीवनचन्द्र कोइराला (सम्पा.), काठमाडौं : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५३, पृ. ५६-५७ ।
(ख) गौतम, टिप्पणी संख्या ९५, पृ. ८४-८५ ।

[१५६] *ऐजन* (ख) ।

[१५७] परमानन्द, टिप्पणी संख्या ३०, पृ. २८-२९ ।

[१५८] गौतम, टिप्पणी संख्या ९५, पृ. ८६ ।

अन्य पक्ष एवं पार्टीको दायित्व र कमजोरीहरू रहेको आभास पाइन्छ । वास्तवमा भारतले यो सङ्घर्षलाई समर्थन एवं सहयोग पुऱ्याए पनि निर्णायक बनाउन चाहँदैनथ्यो भन्ने कुरालाई तत्कालीन राजनेताहरूले पनि स्वीकार गरेको छन् । जसलाई स्पष्ट गर्ने क्रममा नेहरूले अन्तर्राष्ट्रिय जगतमा आफ्नो प्रजातन्त्रवादी छवि देखाउन आफ्नो सदनमा १-२ पटक २०१७ को कदमका विरुद्धमा बोले तापनि चीनको आक्रमण हुनासाथ दवाव दिएर स्थगन गर्न लगाई राजा महेन्द्रलाई खुसी पार्ने नीति लिए,[१५९] उनले सुवर्णलाई सहुलियत दिने क्रममा कर मिनाहा, हातहतियार सङ्कलन, आधार शिविर स्थापना, तालिम केन्द्र सञ्चालन, रेडियो स्टेशनको स्थापना एवं प्रशारण जस्ता कार्यमा आँखा चिम्लिने वा नदेखेजस्तो गर्ने तर जनमानस भड्काउनका लागि राजाका विरुद्ध बोल्ने, लेख्ने र मेशिनगन जस्ता स्वचालित हातहतियारको प्रयोग गर्ने जस्ता कार्यमाथि भने स्पष्टसँग रोक लगाए[१६०] आदि धारणालाई लिन सकिन्छ । जसको आधारमा हेर्दा भारतले प्रारम्भमा विविध सुविधासमेत प्रदान गरी तयारी गर्न र गतिविधि बढाउन आफ्नो भू-भाग प्रयोग गर्न दिने तर पछि त्यसबाट चीनसँग आफ्नो वैमनस्यता बढ्न गएपछि पहिला स्थगन र पछि फिर्ता गर्न दवाव दियो । जसलाई सुवर्णशमशेरले अस्वीकार गर्न सकेनन् ।

नेपाली कांग्रेसले यो आन्दोलन भारतको कलकत्ताबाट सञ्चालन गर्दा पूर्णरूपेण एकपक्षीय सहानुभूतिमा आधारित थियो । परापूर्वकालदेखि नै भारत-चीन दुवै पक्षबाट प्रभावित नेपालको राजनीति एक पक्षलाई नजरअन्दाज गर्नासाथ सफलता प्राप्त नभएका तथ्यहरू इतिहासमा प्रशस्त पाइन्छन् । त्यो अवस्थामा सुवर्णले चीनलाई वेवास्ता गर्नाले र भारतमाथि निर्भर हुनाले चीनलाई नेपाली कांग्रेस एवं भारत विरुद्ध प्रयोग गर्ने मौका राजा महेन्द्रले प्राप्त गरे । फलस्वरूप नेपाली कांग्रेसका गतिविधिहरू बढ्नासाथ र नेपाली सेना अप्ठ्यारोमा पर्ने सम्भावना देखिनासाथ चीनसँग गोप्य सम्झौता गरेर चीनिया सेना मगाउने निर्णय गरे ।[१६१] केही समय पछि नै जब नेपाली कांग्रेसले आन्दोलनका क्रममा काठमाडौँमा हाहाकार गराउने उद्देश्य लिएर रक्सौल नाका ठप्प पार्ने र काठमाडौँमा सामान पुऱ्याउने डिपोमाथि आक्रमण गर्ने कार्य सुरु गऱ्यो त्यसैबेला चेन यि ले आफ्नो वक्तव्य सार्वजनिक गरे । जसबाट भारत एवं नेपाली कांग्रेस ससङ्कित भएकै बेला भारतमा चीनीया आक्रमण भएपछि भारतले आन्दोलन रोक्न दवाव दियो ।

नेपाली समाज परम्परावादी भावनाअनुरूप संगठित समाज हो । जहाँ परापूर्वदेखि नै राजालाई भगवानको अवतार मानेर पूजा गर्ने प्रचलन थियो, जुन पछिसम्म पनि कायमै रहेको पाइन्छ । २००७ सालको क्रान्तिले नेपाली समाजमा केही राजनैतिक रूपान्तरणको क्षेत्रमा सफलता पाए तापनि सामाजिक रूपान्तरणका क्षेत्रमा खास कदम चाल्न र प्रगति गर्न सकेन । तसर्थ २०१८ सालसम्म आइपुग्दा पनि नेपाली समाजमा धर्मभिरुहरूको बाहुल्यता कायमै थियो ।

---

१५९ गोविन्दप्रसाद कँडेलसँग २०६० असार १२ गते अनामनगर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

१६० योगप्रसाद उपाध्याय, महेश्वरलाल श्रेष्ठ र वासुदेव रिसालसँगका अन्तर्वार्ताहरू ।

१६१ अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ४७१ ।

त्यो स्थिति र अवस्थामा राजा महेन्द्रले राजनेतालाई अनेक आरोप लगाएर थुनी आफ्नै प्रत्यक्ष शासन चलाएको बेला नेपाली कांग्रेसले राजाकै विरुद्धमा हतियार उठाएर सशस्त्र सङ्घर्ष गरेको थियो । जसले गर्दा समाजका राजनीतिसँग कुनै चाख नभएका अधिकांश धर्मभिरु वर्गले आन्दोलनकारीलाई साथ दिएनन् भने राज्यले पनि जनभावना बुझेर त्यहीअनुरूप प्रचारप्रसार गऱ्यो । फलस्वरूप उक्त सङ्घर्ष लक्ष्यमा पुग्ने कुरै भएन ।

२०१७ सालको राजनैतिक घटना हुनु अगाडि नै भारत पुगेका सुवर्णशमशेर प्रारम्भमा सच्चा हृदयले राजा विरुद्ध सशस्त्र सङ्घर्ष गर्ने पक्षमा थिएनन् ।[१६२] तर त्यो घटना घटेपछि उनलाई वी.पी. का भारतीय मित्र एवं तत्कालीन भारतीय सरकारका महत्त्वपूर्ण व्यक्तिहरूले हामी सहयोग गर्छौं, सशस्त्र सङ्घर्ष गर भनेर दवाव दिए ।[१६३] अर्कोतिर नेपाली कांग्रेसका युवा नेता एवं कर्मठ कार्यकर्ताहरूले पनि केही नगरी हुँदैन भनेर उनलाई दवाव दिइरहेका थिए । त्यो स्थितिमा पार्टी एवं साथीहरूको चाहना विपरीत जाने कुरालाई सम्भवतः उनको अन्तरात्माले पनि स्वीकृति दिएन । तसर्थ उनी सङ्घर्षको मार्गमा उत्रिएर सबैको चाहनाअनुसार काम गरे । तर जब भारतमा चीनिया आक्रमण भयो तब भारतले नै सङ्घर्ष बन्द गर्न दवाव थियो, जसलाई उनले सहर्ष स्वीकार गरी पहिला स्थगन र पछि फिर्ता नै गरिदिए ।

नेपाली कांग्रेसको सशस्त्र सङ्घर्षले गर्दा नेपालको भारतसँगको सम्बन्ध बिग्रदै गएको थियो । सङ्घर्षका गतिविधिहरू देशव्यापी रूपमा बढ्न गएपछि सरकारको सम्पूर्ण ध्यान विद्रोह दमनतर्फ लगाउनु परेकाले विकास निर्माणलगायतका सारा काम ठप्प थिए । जसबाट सरकार सदरमुकाममा मात्र केन्द्रित हुनुपर्ने परिस्थिति विकसित हुन थाल्यो । नेपालको यस्तो गृहकलहबाट फाइदा उठाएर चीनले पनि भारत विरुद्ध राजा महेन्द्रलाई समर्थन गर्ने नीति लियो र विश्वास दिलायो । जसबाट नेपालमा सहयोगको बहानामा चीनिया सेना भित्रिन सक्ने वातावरण बनिरहेकै बेला सङ्घर्ष दमनको वहानामा २० हजार चीनिया सेना नेपाल आउने निश्चय भएको कुरा नेपाली कांग्रेसले पत्ता लगायो ।[१६४] पूर्वीय यूरोपका देशहरूमा सोभियत रुसले सहायताको बहानामा सेना पठाएर कब्जा जमाएको दृष्टान्त देखेको नेपाली कांग्रेसले सङ्घर्ष नरोकेमा त्यस्तै हुने संभावना देखेर आन्दोलन फिर्ता लियो ।

वास्तवमा सशस्त्र सङ्घर्षको प्रारम्भ गर्दा नै नेपाली कांग्रेस “हान र भाग” को नीतिबाट अस्थिरता ल्याएर राजालाई संसदीय व्यवस्था पुनर्स्थापना गर्न वाध्य पार्ने सोच लिएर बढेको थियो । जसअनुरूप देशभित्र कब्जा गरेका क्षेत्रमा स्थानीय सरकार गठन गरी आधार इलाका बनाउने र त्यहीबाट सशस्त्र सङ्घर्ष सञ्चालन गर्ने नीति नलिएर कलकत्तालाई नै केन्द्रबिन्दु बनाएर बढ्यो । त्यो स्थितिमा भारतले दवाव दिएर रोक भन्नासाथ नरोकी सुखै भएन ।

---

१६२ योगप्रसाद उपाध्याय र नोना कोइरालासँगका अन्तर्वार्ताहरू ।

१६३ निलाम्बर पन्थी, टिप्पणी संख्या ६ (ख) ।

१६४ अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ४७० ।

२०१८ सालसम्म आइपुग्दा नेपालको शाही सेना पनि निकै बलियो र साधन-स्रोत सम्पन्न भइसकेको थियो, जसलाई भारतीय सैनिक मिसनद्वारा उच्चस्तरीय प्रशिक्षण प्रदान गर्नुका साथै आधुनिक हातहतियारद्वारा सुसज्जित समेत पारिएको थियो । यस्तो शक्ति सम्पन्न सेनासँग सीमित एवं निम्नस्तरका पुराना हातहतियार बोकेर हिंड्ने गुरिल्ला एवं क्रान्तिकारीहरू लड्न सक्ने र जित्ने अवस्था थिएन । जुन कुरा स्पष्ट रूपमा महसुस भएपछि भारत सरकारले प्रजातन्त्र पुनर्स्थापना गर्ने कार्य अब हतियारबाट सम्भव हुँदैन भनी दवाव दिएकोले सुवर्ण सङ्घर्ष फिर्ता लिन बाध्य भए ।[१६५]

यसप्रकार समाप्त हुन पुगेको प्रतिरोध आन्दोलनलाई उपलब्धिविहिन भयो भनेर पनि भन्न सकिंदैन । संसारको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा जब-जब तानाशाही व्यवस्थाले जनताका बोल्ने, सभा-सम्मेलन-प्रदर्शन गर्ने हक एवं अधिकार खोस्दछ तब-तब त्यस विरुद्ध जनविद्रोह हुन्छ र जनता हतियार बोक्न बाध्य हुन्छन् भन्ने दृष्टान्त स्थापित भइसकेको छ । त्यहीअनुरूप सुवर्णशमशेरको नेतृत्वमा २०१८ सालमा नेपालमा सशस्त्र सङ्घर्ष भएको हो । जसले नेपालमा मात्र नभएर विश्व जनमत समक्ष २०१७ साल पौष १ गते राजा महेन्द्रले उठाएको कदमबाट जनता सन्तुष्ट छैनन् भन्ने सन्देश सम्प्रेषण गऱ्यो । फलस्वरूप एकातिर सारा विश्वको प्रजातन्त्रवादी जनमत आन्दोलनकारीका पक्षमा आयो भने अर्कोतिर नेपालभित्र पञ्चायती व्यवस्थाका विरुद्ध किसान, मजदूर, विद्यार्थी, युवा, तरुणलगायत आम नागरिकमा विद्रोहको सशक्त वातावरण निर्माणमा सघाउ पुऱ्यायो । यसरी पूर्ण परिवर्तनको लक्ष्यमा पुग्न नसके पनि नेपालको प्रजातान्त्रिक आन्दोलनमा एक नयाँ बल एवं उर्जा थपेर सनसनीखेज अध्याय निर्माण गरी पञ्चायत विरोधी सशक्त समूहको उपस्थितिलाई सम्भव बनायो ।

## २.३ नेपाली कांग्रेस र प्रतिरोध आन्दोलन–२

सुवर्णशमशेरद्वारा सशस्त्र सङ्घर्ष पूर्ण रूपमा फिर्ता लिएपछि नेपाल एवं नेपाली कांग्रेस वृत्तमा ठूलो हलचल जन्मायो । प्रजातन्त्र पुनर्स्थापनाका लागि आफ्नो सारा श्रीसम्पत्ति एवं घरपरिवार छाडेर भारत निर्वाशित भएका जुझारु तरुण एवं हतियार बोक्ने लडाकुहरू आहत भए । सशस्त्र सङ्घर्षमा महत्त्वपूर्ण भूमिका खेल्ने भरतशमशेरसँग यस्ता कतिपय युवाहरूले "हामीलाई राजनैतिक सन्यास लिनु भनेको हो की अधिनायकलाई हात जोड्नु भनेको हो"[१६६] भनेर आक्रोश पोखे । त्यसबाट रिसाएका भरतशमशेरले सुवर्णसँग भेटेर पार्टीभित्र सल्लाह एवं छलफल नगरी किन यस्तो वक्तव्य दिन पुग्नु भयो भन्न पुग्दा सुवर्णले कसैलाई नभन्नु होला यो कार्य भारतको दवाव एवं निर्देशनमा गरेको हुँ भन्ने जवाफ दिए ।[१६७] अर्कोतिर सुवर्णको यो

---

[१६५] योगप्रसाद उपाध्याय, टिप्पणी संख्या ६ (क) ।

[१६६] गौतम, टिप्पणी संख्या ९५, पृ. ८६ ।

[१६७] *ऐजन* ।

कार्यबाट नेपाल सरकारको सबैभन्दा ठूलो सङ्कट समाधान भयो । त्यसैले देशिभत्रबाट सङ्घर्ष स्थगनलाई कुनै न कुनै रूपमा स्वागत गरिए तापनि प्रत्यक्षतया नेपाली कांग्रेसले कुनै उपलब्धि प्राप्त गर्न सकेन । पार्टी प्रवाशमै रह्यो, कार्यकर्ताहरू देशभित्र फर्कन सकेनन् भने जेलमा थुनिएका कुनै पनि नेता कार्यकर्ताहरू मुक्त भएनन् । त्यो स्थितिमा सशस्त्र सङ्घर्षमा ठूलो सहयोग गर्ने सरोजप्रसाद कोइरालालगायतका उग्र विचार राख्नेहरूले यसरी आत्मसमर्पण गरेर बाच्नुभन्दा हतियार लिएर देशभित्र पसी सङ्घर्ष गर्ने र परेको भोग्ने निश्चय गरे ।[१६८] तसर्थ सरोजको प्रयासमा सि.के. प्रसाइ, जगन्नाथ आचार्य, शेख इद्रिश, सरोज कोइराला आदि २०० जना व्यक्तिले सशस्त्र सङ्घर्ष स्थगनको विरोधमा हस्ताक्षर गरी सुवर्णलाई विरोधपत्र पनि बुझाए ।[१६९] जसबाट एकातिर पार्टीभित्र सैद्धान्तिक असहमति प्रारम्भ भयो भने अर्कोतिर आम कार्यकर्ताहरूले सङ्घर्ष स्थगनको परिवेश एवं अवस्थालाई स्पष्ट रूपमा बुझ्न सकेनन् । फलस्वरूप उनीहरूमा पराजित मानसिकता उत्पन्न हुन गई उत्साहमा कमी एवं निस्कृयता वृद्धि हुन थाल्यो र सुवर्णको विरोधमा एक समूह निर्माण प्रकृया पनि विधिवत् प्रारम्भ भयो ।

नेपालभित्र तत्कालीन सरकारले यसपछि पञ्चायती व्यवस्थालाई पूर्ण कडाइका साथ लागू गर्ने नीतिअनुरूप कदम चाल्न थाल्यो । २०१९ साल पौष १ गते राजाद्वारा लागू गरिएको संविधानलाई क्रियाशील बनाउन र विरोधीहरूलाई दमन गर्न पूर्ण व्यवस्था मिलाउनेतर्फ सरकार लाग्यो । जसअनुसार २०१९ साल चैत्र ३१ गते संघ-संस्था नियन्त्रण ऐन जारी गरी राजनैतिक उद्देश्यले कुनै पनि संघ-संस्था खोल्न नपाउने, सभा, वक्तव्य, जुलुस प्रदर्शन, प्रवचन, मिटिङ्ग आदि केही गर्न नपाइने व्यवस्था गरियो ।[१७०] यो ऐन जारी भएपछि नेपाली कांग्रेसको सरकारसँग चिढिएर राजाको कदमको जय-जयकार गर्ने र अवसर पाउने आशामा बसेका टंकप्रसाद आचार्य जस्ता जेठा राजनीतिज्ञहरू तर्सिए तापनि पश्चाताप गर्नु सिवाय गर्ने केही थिएन ।

भारतमा निर्वाशित रहेका कार्यकर्ताहरू सुवर्णमाथि निर्भर रहन बाध्य थिए भने त्यत्रा मानिसको व्यवस्थापन मिलाउनु र भविष्य सुरक्षित गर्नु पनि उनकै दायित्व थियो । तसर्थ उनले भारतीय सरकारसँग कुराकानी गरी सम्झौताद्वारा युद्धकला जानेका, उमेर रहेका र सामरिक एवं सैनिक क्षेत्रमा जान चाहनेजति सबैलाई भारतले भर्खरै बनाउन लगेको “भारत-तिब्बत सीमा शक्ति वा सेना” मा भर्ति गराएर भारतीय सीमा रक्षक बनाइदिए ।[१७१] बाँकी रहेका राजनैतिक व्यक्ति, सीमा रक्षकमा योग्य नठहरिएका एवं त्यता जान नचाहनेहरूका लागि सुवर्णले लिस्ट

---

[१६८] (क) अधिकारी, टिप्पणी संख्या ६ (ग), पृ. ३७ ।
(ख) ज्ञानीशंकर गिरी, टिप्पणी संख्या ९२ (ख) ।

[१६९] (क) गौतम, टिप्पणी संख्या ९५, पृ. ८६ ।
(ख) *ऐजन* (ख) ।

[१७०] अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ४७२ ।

[१७१] (क) योगप्रसाद उपाध्याय, टिप्पणी संख्या ६ (क) ।
(ख) भुषाल, टिप्पणी संख्या १०६ (क), पृ. १३-१४ ।

बनाएर राजाबाट माफि दिलाउने प्रयास सुरु गरे । तर नेपालको पञ्चायती व्यवस्थाका नेताहरू नेपाली कांग्रेसलाई समायोजन गरी आफ्नो स्वार्थमा बाधा पुऱ्याउन दिने पक्षमा नहुँदा सुवर्णको प्रयास तत्काले सफल हुन सकेन । फलस्वरूप नेपाली कांग्रेसले आफ्ना २ वटा प्रकाशनद्वारा पञ्चायती सरकारको आलोचना गर्ने बाहेक अरू केही गर्न सकेन ।

पार्टीले खास कार्यक्रम दिन नसक्दा कार्यकर्ता अन्यौलमा परेको बेला पञ्चायती सरकारले लोभलालचका माध्यमबाट नेपाली कांग्रेसको संगठन कमजोर पार्ने नीति लियो । कार्यकर्तामा विचलन पैदा गराउने यस्तो प्रयासबाट नेपाली कांग्रेसका कार्यकर्तामा पलायनवादी प्रवृत्ति बढ्न थाल्यो, पार्टी जनसम्पर्कबाट टाढिने र क्रमशः कमजोर हुने परिवेश सिर्जना भयो ।[१७२] जसबाट पार्टीको क्रान्तिकारी धारामा विश्वास राख्नेहरू संगठित भएर दवाव दिन थाले । फलस्वरूप कलकत्तामा कार्यकर्ताहरूको २ वटा सम्मेलन गरियो । जसमध्ये २०२२ सालको सम्मेलनले सशस्त्र सङ्घर्ष स्थगनको निर्णयलाई रद्द गऱ्यो भने २०२४ साल ज्येष्ठ १ गतेको सम्मेलनले संविधान सभाको मागलाई अगाडि सारी यसकै लागि प्रजातन्त्र पुनर्स्थापनार्थ सङ्घर्षरत रहने निर्णय गऱ्यो ।[१७३] तर पार्टीको नेतृत्व पङ्क्तिमा सङ्घर्ष गर्ने धारणा नहुनु र केवल क्रान्तिकारी धारका समर्थकलाई आत्मसन्तुष्टिको अवसर दिनका लागि मात्र यी निर्णय गरिएको हुँदा निर्णयअनुसार कुनै पनि कार्यक्रम दिन सकेन । तसर्थ निर्णय बैठक पुस्तिकाभित्र नै सीमित रहे भने सुवर्णशमशेर राजासँग मेलमिलाप बढाउने र माफी दिलाउने प्रयासमा नै लागि रहे ।

सुवर्णको यो प्रयासलाई सफल पार्न काठमाडौँमा रहेका सूर्यप्रसाद उपाध्यायले सहयोग गरी राजा एवं सुवर्णको सम्बाद सूत्रको काम गरेर राजालाई विश्वास दिलाउने प्रयास गरे । फलस्वरूप राजा महेन्द्रले २०२४ साल चैत्र १ गते सर्लाही मलङ्गवामा आयोजित आमसभामा सम्बोधन गर्दै "यदि कुनै पनि देशमा सजग र सक्रिय भएका व्यक्तिहरू असन्तुष्ट छन् र व्यवस्थाको निमित्त उनीहरूबाट सहयोग मिल्दैन भने चाहे जतिसुकै उच्चकोटिको व्यवस्था किन नहोस् पूर्णरूपले फस्टाउन सक्दैन..."[१७४] भन्दै नेपाली कांग्रेससँग मित्रता बढाउन तयार रहेको सङ्केत दिए । यसबाट राजनैतिक परिदृश्यमा परिवर्तनको आशा गरिएकै बेला राजालाई गम्भीर मुटुको व्यथा लागेपछि अनेकौं आशङ्का उत्पन्न भयो । अनिष्टको आशङ्का गरिएको यो घडीमा नेपाली कांग्रेसका कार्यकारी सभापति सुवर्णशमशेरले २०२५ साल जेठ २ गते (१९६८ मे १५)

---

[१७२] परमानन्द, टिप्पणी संख्या ३०, पृ. ३३-३८ ।

[१७३] (क) बराल, टिप्पणी संख्या ९०, पृ. ५० ।
(ख) निलाम्बर पन्थी र डिल्लीरमण शर्मासँगका अन्तर्वार्ताहरू ।
(ग) अधिकारी, टिप्पणी संख्या ७५ (ख), पृ. १८६ ।
(घ) परमानन्द, टिप्पणी संख्या २२ (क), पृ. ३३८ ।

[१७४] (क) *गोरखापत्र*, २०२४ साल चैत्र २ गते ।
(ख) "प्रतिबन्धित नेपाली कांग्रेसका साथीहरूको जानकारीका लागि मात्र १९६८ र त्यसपछि" शीर्षकमा प्रकाशित दस्तावेज संग्रह, सङ्कलक, प्रकाशक, प्रकाशन मिति, स्थान आदि केही उल्लेख नभएको, पृ. ८-१० ।

एक वक्तव्य प्रकाशित गरे, जसमा नेपालको राष्ट्रिय जीवनको आधारभूत ढाँचा र मूल्यमा नै खतरा उत्पन्न गरेको परिवेशमा राष्ट्रको सर्वोपरी स्वार्थ र रक्षा हेतु नेपाली कांग्रेस आफ्नो नीति र कार्यक्रममा पुनर्विचार गर्नु कर्तव्य ठान्दछ र आफ्नो मे १९६७ (२०२४ जेठ १ गते) को राजनैतिक प्रस्ताव रद्ध गरी ... संविधानको विकासमा आशा राख्दै हार्दिक सहयोग टक्र्याउने निश्चय गर्दछ...[१७५] आदि उल्लेख थियो ।

सुवर्णको यो वक्तव्यबाट पार्टीका क्रान्तिकारी धारका नेता एवं कार्यकर्ता सन्तुष्ट भएनन् तापनि यसबाट राजा एवं नेपाली कांग्रेसबीच विद्यमान शितयुद्धको वातावरण क्रमशः घटाउने प्रकृया प्रारम्भ भयो । २०२५ साल आषाढबाट राजाले राजनैतिक व्यक्तिहरूलाई क्षमादान गर्ने र जेलबाट छाड्ने काम सुरु गरे । यसै क्रममा २०१७ साल पौष १ गतेदेखि थुनामा रहेका वी.पी. कोइराला र गणेशमान सिंहलाई २०२५ साल कार्तिक १४ गते सुन्दरीजल जेलबाट सैनिक हिरासतमा चावहिलसम्म ल्याएर रिहा गरियो ।[१७६] त्यसको भोलिपल्ट नेपालको तत्कालीन संविधान स्वीकार गरी स्वदेश फर्केर शान्तिपूर्वक जीवनयापन गर्न अनुमति पाउँ भनी विन्तिपत्र दिएकाहरूमध्ये सुवर्णशमशेर, परशुनारायण चौधरीलगायतका २२ जनाले राजाबाट क्षमादान प्राप्त गरे ।[१७७] क्षमादानको यो क्रम पछिसम्म पनि चल्यो र बाहिर बसी हतियार उठाएका ७०० जनालाई राजाबाट क्षमदान दिइएपछि सुवर्णले प्रवाशमा रहेका र क्षमादान पाएका प्रत्येक व्यक्तिलाई पत्र लेखि जानकारी दिएर नेपाल फर्कन अनुरोध गरे ।[१७८]

कारागार मुक्ति पछि वी.पी. कोइराला औषधि उपचारका लागि भारत प्रस्थान गरे । काठमाडौँबाट विराटनगर-पटना हुँदै सर्वप्रथम सुवर्णलाई भेट्न कलकत्ता पुगे । त्यहाँ दुवै नेताबीच लामो कुराकानी एवं छलफल भयो । जसको मुख्य विषयवस्तु नेपालको प्रजातन्त्र पुनर्स्थापना सङ्घर्षका लागि अब कस्तो रणनीति अवलम्बन गर्ने भन्ने नै थियो । कुराकानीको अन्तमा राजासँग सम्बन्ध सुधार गरी शान्तिपूर्ण माध्यमबाट प्रजातन्त्र पुनर्स्थापना कार्यलाई प्रथम प्राथमिकता दिने र त्यसका लागि भारतीय भूमिलाई आधार बनाएर सशस्त्र सङ्घर्षको वातावरण निर्माण गरी दवाव सिर्जना गर्ने सहमति भयो ।[१७९] यसै बेला सुवर्ण नेपालभित्र प्रवेश गरेर शान्तिपूर्ण आन्दोलनको भूमिका तयार गर्ने, वी.पी., गणेशमान आदि निर्वासनमा रहेर सशस्त्र सङ्घर्षको तयारी गर्ने र त्यसका लागि आवश्यक सम्पूर्ण आर्थिक व्यवस्था

---

[१७५] नेपाली कांग्रेसका कार्यकारी सभापति श्री सुवर्णशमशेरद्वारा १५ मई १९६८ मा प्रशारित वक्तव्य ।

[१७६] (क) शर्मा, टिप्पणी संख्या १३ (क), पृ. ३१३-१४ ।
(ख) राजेश गौतम, *नेपालको प्रजातान्त्रिक आन्दोलन र गणेशमान सिंह,* काठमाडौँ : वी.पी. प्रकाशन, २०६०, पृ. २४२-४३ ।
(ग) रामचन्द्र पोखरेल, *प्रजातन्त्रका महान सेनानी वी.पी. कोइराला,* वाराणसी : भट्टराई वन्धु प्रकाशन, २०४०, पृ. ७९ ।

[१७७] (क) योगप्रसाद उपाध्याय, निलाम्बर पन्थी र डिल्लीरमण शर्मासँगका अन्तर्वार्ताहरू ।
(ख) *गोरखापत्र,* २०२५ साल कार्तिक १६ गते ।

[१७८] हेर्नुहोस् सुवर्णशमशेरले विभिन्न मितिमा प्रेमबहादुर गुरुङ र दानबहादुर भुषाललाई लेखेका पत्र, परिशिष्ट २ ।

[१७९] महेश्वरलाल श्रेष्ठ र वासुदेव रिसालसँगका अन्तर्वार्ताहरू ।

सुवर्णशमशेरले मिलाइदिने तय भएको थियो ।[१८०] नेपाली कांग्रेसका दुई शीर्षस्थ नेताले यो सहमति राजाले सजिलै प्रजातन्त्र देलान् भन्नेमा विश्वस्त नहुनु, भरतशमशेर, सरोज कोइराला आदिले नेतृत्व गरिरहेको पार्टीको गरमपन्थी समूहलाई पनि समेट्न आवश्यक ठान्नु र नेपाली कांग्रेसको सङ्घर्षशील छविलाई कायम राख्नु आदि कारणबाट गरेका थिए भन्न सकिन्छ । कलकत्तामा यसरी सुवर्णलगायतका अन्य साथीहरूसँग भेटघाट एवं कुराकानी गरेपछि वी.पी. स्वास्थ्य उपचारका लागि बम्बइतर्फ लागे भने २०२५ साल मंसीर २६ गते आफ्ना केही साथीसहित सुवर्ण नेपाल फर्किए । जहाँबाट सुवर्णले राजासँग मित्रताको हात बढाउने कार्यलाई निरन्तरता दिएर भारत प्रवाशमा रहेका कतिपय कार्यकर्तालाई माफी दिलाउन सफल भए ।

करिब ३ महिना औषधि उपचार एवं भेटघाट गर्दै भारतमा बिताएर वी.पी. विराटनगर फर्किए । उनले कारागार मुक्त हुनासाथ काठमाडौँमा र उपचारका क्रममा भारत रहँदा बम्बइमा गरी २ पटक राजासँग भेट्ने प्रयास गरेका थिए । जसमा उनी सफल भएनन्, अर्थात् राजाले संवादका लागि त्यति रुची देखाएनन् । त्यो स्थितिमा उनी विराटनगर आइपुग्दा भारतको जोगवनीदेखि विराटनगरसम्म स्वागतार्थीहरूको जुन समूह उर्लियो त्यसबाट उनी अत्यन्त प्रभावित भए । तर पनि विराटनगरमा आयोजित आमसभामा अत्यन्त नरम भाषामा सम्बोधन गर्दै देशको वर्तमान व्यवस्थाबारे राजासँग भेटघाट गरेपछि र जनसम्पर्क गरेपछि मात्र बोल्ने र भावी कार्यक्रम तय गर्ने जानकारी दिए ।[१८१] त्यो भाषण गरेर फर्केपछि कोइराला निवासमा कार्यकर्ताहरूले तपाईको भाषण अत्यन्त नरम भयो, तपाई जस्तो नेता यसरी लत्रेर हुन्छ आदि भनेर ख्याउ ख्याउ गरे । संभवतः यसरी वी.पी. लाई भडकाउन खोजिएको हुन सक्दछ । यसलाई विभिन्न राजनेताहरूले सरकारी चाल पनि भनेका छन् ।

नेपालको तत्कालीन राजनीतिको विश्लेषण गर्दा देशको तत्कालीन सरकार वी.पी. नेपालमै बसुन र सक्रिय रहनु भन्ने चाहँदैनथ्यो भन्न सकिने आधार पाइन्छन् । वी.पी. लाई थुनेर राख्दा राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा धेरै आवाज उठेका थिए । जसबाट राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा वी.पी. को छवि झन बढ्दै गएको र अर्कोतिर आफ्नो सरकार आलोचित भएको तथ्यलाई तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले नबुझ्ने कुरा थिएन । तसर्थ उनले वी.पी. लाई छाडेर आफू प्रजातन्त्रवादी भएको देखाउन र प्रतिष्ठा प्राप्त गर्न चाहन्थे । यसका लागि उनले वी.पी. लाई छाडिदिने तर कुनै पनि गतिविधि गर्ने अर्थात चल्न चल्बलाउन नदिएर सम्मानित कैदी जस्तो बनाएर राख्ने गरेपछि बाध्य भएर निर्वासनमा जान्छन् र सुवर्णझैं फ्याकिएर बस्दछन् भन्ने सोचअनुरूप योजना बनाएर छाडेका थिए ।[१८२] आफ्नो योजना पूरा गर्ने

---

[१८०] गणेशमान सिंह, "वी.पी. ले कोरेको बाटोमा हामी हिंडिरहेका छौं", *नेपाल पुकार,* रामचन्द्र पौडेल (सम्पा.), काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय प्रचार समिति, २०५०, पृ. ८ ।

[१८१] (क) रामचन्द्र पौडेलसँग २०६० पौष २४ गते बालाजु, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) अशोक कोइरालासँग २०६० वैशाख २६ गते मधुमारा विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१८२] श्रीभद्र शर्मा, कृष्णलाल सापकोटा, निलाम्बर पन्थीसँगको अन्तर्वार्ताहरू ।

क्रममा नै उनले “सरकारबाट वी.पी. एक वर्ष चुप लागेर बसुन” मर्जि भएको छ भनी छुटकारा सँगै वी.पी. समक्ष खबर पनि पुऱ्याएका थिए ।[१८३] प्रधानमन्त्री थापा यसरी वी.पी. निर्वासनमा बसुन र उनको हौवा देखाएर राजालाई हात लिई आफूले शासन गर्न पाइयोस् भन्ने सोचअनुरूप चल्दै थिए ।[१८४] संभवतः आफ्नो यो योजना कार्यान्वयनका लागि सुरुदेखि नै नेपाली कांग्रेसका केही व्यक्तिहरूलाई किनेर वी.पी. को साखुल्ले हुन र भडाकाउन पठाएका थिए जसले विराटनगर सम्बोधनपछि आफ्नो कर्तव्य पूरा गर्न त्यसरी भडकाउने काम गरे ।[१८५] वी.पी. जस्तो राजनेताले तत्कालीन वातावरणको विश्लेषण गरी कदम चाल्नु पर्नेमा सजिलै षड्यन्त्रको व्यूहजाल भित्र फस्ने कार्य गरी राजनैतिक भुल गरे । जसअनुरूप क्रमशः कठोर बन्दै गएर कडा अभिव्यक्ति दिन थाले ।[१८६]

वी.पी. को आक्रामक भाषणको प्रारम्भ विराटनगरस्थित एलिट क्लबबाट भयो । जहाँ भाषण गर्ने क्रममा उनले ...यदि कुनै देशका समस्याहरू शान्तिपूर्वक समाधान गरिदैन भने अनिवार्य रूपले क्रान्तिले जन्म लिन्छ... भन्दै कडा शब्दमा तत्कालीन शासन व्यवस्थाको आलोचना गरे ।[१८७] त्यसपछि उनको आक्रामक भाषण क्रमशः बढ्दै गयो र उनले विराटनगर, धरान, झापा आदि क्षेत्रमा यस्तै किसिमले २-३ वटा जनसभाहरूलाई सम्बोधन गरे । जसमा देशको वर्तमान अन्यौल हटाउनु पर्दछ, जनतालाई थुनेर, डर त्रास देखाएर दबाउन सकिदैन, दमन गरियो भने जन आवाज समुन्द्रका छाल सरह उर्लने छन्...[१८८] म आठ वर्षको जेल भोगेर निस्किएको छु र आवश्यकता पऱ्यो भने अझै लामो समय जेल बस्न पनि तयार छु...[१८९] आदि भनेर जनमानसमा उत्तेजना ल्याउने र सरकारको आलोचना गर्ने कार्य गरे ।

तत्कालीन प्रधानमन्त्री थापाले वी.पी. का यस्ता अभिव्यक्ति आएपछि राजधानीबाट आक्रोशित हुँदै आफ्ना अभिव्यक्ति दिएर वी.पी. को आलोचना गर्न थाले ।[१९०] त्यसपछि काठमाडौँमा वी.पी. को भनाइलाई लिएर अनेक किसिमका हल्लाहरू चलाउने, पत्रपत्रिकामा उनका विरुद्धमा लेखाउने आदि विविध कार्यहरू गर्न थालिए । अर्कोतिर वी.पी. फेरी पक्रिने भए,

---

१८३ शर्मा, टिप्पणी संख्या १३ (क), पृ. ३१५ ।

१८४ श्रीभद्र शर्मा, टिप्पणी संख्या १ (क) ।

१८५ (क) रामचन्द्र पौडेल, टिप्पणी संख्या १४२ (क) ।
(ख) अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ४८५ ।

१८६ (क) परमानन्द, टिप्पणी संख्या २२ (क), पृ. ३५७-३६९ ।
(ख) प्रदिप गिरी, *नेपाली कांग्रेसको इतिहास,* वाराणसी : तरुण प्रकाशन, १९७४, पृ. ९५-९७ ।

१८७ डि.पी. कुमार, *नेपाल यिअर अफ डिसिजन,* न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, १९८०, पृ. १२४ ।

१८८ (क) गिरिराज आचार्यसँग २०६० जेठ ६ गते चतरालाइन, धरानमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) पद्मकेशर कार्कीसँग २०६० जेठ ६ गते चतरालाइन, धरानमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) जितबहादुर पुरीसँग २०६० जेठ ३ गते भद्रपुर झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) नोना कोइराला र रामचन्द्र पौडेलसँगका अन्तर्वार्ताहरू ।

१८९ शशि पि. मिश्र, *वी.पी. कोइराला अ केश स्टडि इन थर्ड वर्ल्ड डेमोक्रेटिक लिडरशिप,* वाराणसी : कोनार्क पब्लिसिङ्ग हाउस, १९८५, पृ. ८७ ।

१९० शर्मा, टिप्पणी संख्या १३ (क), पृ. ३१७ ।

अब त छाडिदैनन् लगायतका हल्ला चलाएर वी.पी. समक्ष पुऱ्याइयो । यस्तै भइरहेको स्थितिमा तत्कालीन कोशि अञ्चलाधिश बद्री विक्रम थापा मध्यरातमा अकस्मात कोइराला निवास पुगि वी.पी. लाई वारन्ट जारि भइसकेको र छिटै भारततर्फ नलागे आफू पक्रन बाध्य हुने समाचार सुनाए ।[१९१] चारैतिरबाट यस्ता खबर आउन थालेपछि वी.पी. ले आफ्ना भाइ गिरिजाप्रसाद कोइरालालाई वास्तविकता बुझ्नका लागि काठमाडौँ पठाए । त्यहाँ गिरिजाप्रसादले राजासँग सम्पर्क गर्नुको सट्टा प्रधानमन्त्री थापासँग भेटेर वास्तविकता बुझ्न खोजे । फलस्वरूप आफ्नो योजना पूरा गर्न चाहेका थापाले वी.पी. का भनाइबाट राजा एकदमै जागेको, आफूले राजालाई अब सम्झाउन नसक्ने, पुनः पक्रेर जेल हालेमा जे पनि हुन सक्ने भएकाले जति सक्दो चाँडो भारत जानु र त्यतै बस्नु राम्रो हुन्छ[१९२] आदि कुरा गरेर आफू वी.पी. को सच्चा शुभचिन्तक भएको देखाइ प्रभावित पार्ने काम गरे । थापाले यसरी डराउन दिएपछि तुरुन्त विराटनगर फर्केका गिरिजाप्रसादले सम्पूर्ण कुराकानी बताएपछि त्यसको सत्यता परीक्षण गर्नेतर्फ नलागि वी.पी. पुनः निर्वाशित जीवनतर्फ लाग्ने मानशिकतामा पुगे । सम्भवतः वी.पी. ले सत्यता परीक्षणतर्फ लागेको भए मुलुक एवं नेपाली कांग्रेसले त्यो दुःखद परिवेशको सामना गर्नु पर्ने थिएन् ।

अर्को कुरा वी.पी. लाई भारत प्रवेश गर्ने निर्णय लिन राजाले बाध्य बनाएका थिए पनि भन्न सकिन्छ । किनकी जेलमुक्ति पछि राजासँग भेटेर समसामयिक स्थितिबारे छलफल गर्ने र राजनैतिक समाधान निकाल्ने चाहना लिएर वी.पी. ले गरेका प्रयासलाई राजा महेन्द्रले वास्ता गरेनन् ।[१९३] जबकी राजाले त्यस बखत वी.पी. सँग भेटेर छलफल गरेको भए केही बिग्रने थिएन । राजाले यदि पञ्चायती व्यवस्थाभित्र रहेर पार्टीगत गतिविधि संचालन गर्न दिने आँटमात्र पनि गरिदिएको भए वी.पी. बाहिर जानु पर्दैनथ्यो । तर राजाले त्यसो नगरिदिनाले वी.पी. नेपालभित्र रहेर काम गर्ने र नेपाली कांग्रेसलाई राष्ट्रियता एवं प्रजातन्त्रको पक्षमा सक्रिय पार्ने स्थिति रहेन ।[१९४] एउटा राजनेता राजनैतिक गतिविधि एवं जनसम्पर्कबाट टाढा बस्न सक्ने कुरै नहुने र त्यो कार्य देशभित्र गर्न नपाइने भएपछि वी.पी. निर्वाशनमा जान बाध्य भए ।

देशभित्र बस्न नसकिने देखेपछि वी.पी. ले आफूले धेरै समय विताएको, आफ्ना अधिकांश राजनैतिक मित्रहरू भएको र खुला सिमानाका कारणले नेपालका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सम्पर्क गर्न सजिलो हुने देखेर भारततर्फ लाग्ने निश्चय गरेर २०२५ सालको अन्ततिर विराटनगरबाट प्रस्थान गरे । यसरी भारत प्रवेश गरे तापनि सुरुका दिनमा

---

१९१ अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ४८५ ।

१९२ (क) गिरिजाप्रसाद कोइरालासँग २०४४ माघमा भैरहवामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।
(ख) श्रीभन्द्र शर्मा, रामचन्द्र पौडेल, नोना कोइराला, पुरुषोत्तम बस्नेतसँगका अन्तर्वार्ताहरू ।

१९३ चटर्जी, टिप्पणी संख्या ५८, पृ. २५ ।

१९४ देवेन्द्र नेपालीसँग २०६० साल जेठ २१ गते काठमाडौँ, वानेश्वरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

उनको समूहले राजाबाट सहुलियत प्राप्त गर्न मित्रताको हात बढाउने र वार्ता प्रकृयालाई निरन्तरता नै दिएको देखिन्छ । जसलाई तत्कालीन सरकार एवं श्री ५ बाट वास्ता नगरिदिँदा नेपालको राजनैतिक परिदृश्यमा पुनः एक जटिल परिवेश सिर्जना भयो ।

भारतको बनारसमा बस्न थालेपछि वी.पी. ले नेपालमा पुनः क्रान्तिको आवश्यकता परेको कुरा युवाहरूलाई सम्झाउने र देशका विभिन्न भागमा सम्पर्क कायम गरी संगठन निर्माण गर्ने लगायतका कार्य गर्न थाले । अर्कोतिर वी.पी. सँगै जेलमुक्त भएका गणेशमान सिंह केही समय घरमै बसेर भेटघाटको बहानामा उपत्यकाबाट निस्किय । जनकपुर, जयनगर, पिपरा आदि ठाउँहरूमा आफ्ना साथी कार्यकर्ता भेटेर विरगंज पुगेका सिंहले त्यहाँ भाषण गर्दै आफूहरूले पञ्चायतलाई नमानेको र राजाले विदेशी दवाव थेग्न नसकेर... आफूहरूलाई छाडेको धारणा व्यक्त गरे ।[१९५] त्यसपछि पुनः विभिन्न क्षेत्र घुम्दै नानपाराबाट नेपालगंज जान लाग्दा सुवर्णशमशेरले बोलाएको खबर आएपछि कलकत्ता पुगेर औषधि उपचार गराई नेपाल फर्कन लागेकै बेला सुवर्णले नेपालमा पक्रने निश्चित भएकाले जानु हुँदैन भनेपछि उनी भारतमै निर्वाशित हुन बाध्य भए ।[१९६] वी.पी. बनारसमा बस्न थालेपछि सुवर्णसँग सल्लाह गरी गणेशमान पनि बनारसमा नै आई वी.पी. को अभियानमा समाहित भए ।

वी.पी. जेलमुक्त हुँदा नै क्यान्सर रोगबाट आक्रान्त थिए । तसर्थ उनले युरोपमा गएर राम्रोसँग उपचार गर्ने सोचअनुरूप राहदानीका लागि श्री ५ को सरकारसँग रितपूर्वकको निवेदनसहित अनुरोध गरेका थिए ।[१९७] श्री ५ को सरकारले तत्कालै त्यसको कार्यान्वयन गरेन र परिस्थितिले गर्दा वी.पी. ले भारत प्रवेश गरे । त्यसपछि उनलाई रोगले च्याप्दै ल्याएपछि भारतबाट नै पुनः पासपोर्टको माग गर्दै पत्र पठाए । तत्कालीन राजकीय परिषद्का अध्यक्ष श्री ५ युवराजधिराजका हजुरमा भाइ तारिणीप्रसाद कोइराला मार्फत पठाइएको उक्त पत्रमा आफूले जेलमुक्त हुनासाथ परराष्ट्र मन्त्रालयमा पासपोर्टका लागि दरखास्त दिएको, त्यसपछि प्रधानमन्त्रीलाई पनि पटक-पटक ताकेता गरेको... हाल भारतमा उपचार गर्दा स्वास्थ्यलाभ नभएको र त्यहाँका डाक्टरले यथाशिघ्र विदेशमा गई उपचार गर्न सल्लाह दिएकाले सम्बन्धित विभागलाई विदेश जाने पासपोर्ट एथाशिघ्र दिन हुकुम बक्सन ... अनुरोध गरिएको थियो ।[१९८] १६ दिनपछि यसको जवाफमा श्री ५ युवराजधिराजका निजी सचिव सुरेन्द्रमान जोशिले वी.पी. लाई पत्र लेखे । जसमा ...तपाईको विन्ती पत्र प्राप्त भई त्यसबारे श्री ५ को सरकारको राय लिँदा तपाईका कार्यकलाप अझै मातृभूमिप्रति हितकर नभएको र संविधानले पाएको अधिकार

---

१९५ *समीक्षा साप्ताहिक,* २०२५ पौष २३ गते ।

१९६ (क) गणेशमान सिंह, टिप्पणी संख्या ११३ (ग) ।
(ख) गौतम, टिप्पणी संख्या १३७ (ख) ।

१९७ शैलजा आचार्य (सं.), *तरुण,* अङ्क १, वाराणसी : १९७० अक्टुवर, पृ. ३३ ।

१९८ वी.पी. कोइरालाले २०२७ जेठ २ गते पासपोर्टका लागि राजकीय परिषद्का अध्यक्ष श्री ५ युवराजधिराज समक्ष पठाएको पत्र, हेर्नुहोस परिशिष्ट ३ ।

एक नेपाली नागरिकको हैसियतले उपभोग गर्नुको सट्टा विदेशमा बस्नु राष्ट्रिय दृष्टिकोणले नसुहाउँदो भएकाले र साथै जहाँसम्म तपाईलाई औषधोपचारको कुरा छ सो तपाईं बस्नु भएको देशमा पनि यस्ता साधन सम्पन्न नै भएकाले राहदानी दिन नमिल्ने...[१९९] आदि उल्लेख थियो ।

त्यसबखत अर्थात २०२७ सालतिर नेपालमा वी.पी. विरुद्ध निकै कसरत भएको आभास पाइन्छ । तसर्थ एकातिर उनलाई उपचारका लागि पासपोर्ट दिइएन भने अर्कोतिर उनको नागरिकता खोस्ने प्रयास पनि गरियो । तत्कालीन एटर्नी जनरलले उल्लेख गरेअनुसार-

> म एटर्नी जनरलनै थिएँ । २०२७ साल असारतिरको कुरा हो । एकदिन प्रथम मन्त्री गेहेन्द्रबहादुर राज भण्डारीले आफ्नो अफिसमा मलाई बोलाएर वी.पी. कोइरालाले सशस्त्र आन्दोलन गर्ने घोषणा गर्नु भएकाले उहाँको नागरिकता संविधानअनुसार भिक्न मिल्छ कि मिल्दैन, सरकारबाट जान्न चाहि बक्सेको छ भनी सोध्नु भयो । मैले भने भारतको भूमिमाथि बसेर नेपालमाथि आक्रमण गर्न मिल्ने कुरा नै भएन, उसमा पनि भारत सरकारले यसरी देखादेख आफ्नो भूमिको दुरूपयोग हुन दिँदैन, तेस्रो कुरा यो राजनैतिक धम्की हो, यसको जवाफ राजनैतिक तवरबाट दिनु उचित होला नागरिकता खोस्नु अराजनैतिक कार्य हो, मलाई थाहा छैन प्रथम मन्त्री राजभण्डारीले श्री ५ मा के कस्तो विन्ति चढाउनु भयो तर मौसुफबाट वी.पी. को नागरिकता खोस्ने काम भएन ।[२००]

पासपोर्टसमेत नपाएपछि वी.पी. ले आफ्ना अन्तर्राष्ट्रिय मित्रहरूसँग सम्पर्क राखी वस्तुस्थिति बताएपछि सोसलिस्ट इन्टरनेशनलको सुझावअनुसार मानवियताका आधारमा अन्तर्राष्ट्रिय नियम मुताबिक आफ्नो देशको सरकारले बाहिर जाने राहदानी दिन इन्कार गरेको विदेशीलाई दिइने राहदानीका लागि भारत सरकारमा निवेदन दिए ।[२०१] मानवीय नाताले भारतले पासपोर्ट दिएपछि वी.पी. स्वास्थ्य उपचारका लागि २०२७ साल श्रावण २८ गते युरोपतर्फ लागे । भारतबाट प्रस्थान गर्दा उनले एक प्रेश वक्तव्य जारी गर्दै ...स्वास्थ्य उपचारका लागि राहदानीसमेत नदिएर नेपाल सरकारले राहदानी वितरण कार्यलाई राजनैतिक विरोधि विरुद्ध हतियारका रूपमा प्रयोग गरेको र भारतले पुऱ्याएको सहयोगबाट आफू अत्यन्त आभारि भएको... चाँडै स्वास्थ्य लाभ गरेर फर्कि नेपालमा स्वतन्त्र र प्रजातान्त्रिक जीवन निर्माण गर्ने कार्य प्रारम्भ गर्न सकुँ...[२०२] भन्दै वास्तविकता स्पष्ट गरे । उपचारका साथसाथै युरोपका विभिन्न देशमा साथीहरू भेट्दै लण्डन पुगेका वी.पी. ले नेपालको शासन व्यवस्था एवं आफ्नो अभियान स्पष्ट पार्दै हिंडेका थिए । यसैक्रममा उनले लण्डनमा २०२७ असौज २ गते पत्रकारहरूसँग कुराकानी गर्दै नेपालको वर्तमान व्यवस्था सैनिक अधियानकवाद भएकाले प्रजातन्त्र ल्याउनका लागि सशस्त्र सङ्घर्षको आवश्यकता छ भन्ने विचार सार्वजनिक गरे ।[२०३] केही समयको विचार विमर्श पछि उनले एक पत्रकारसँग कुराकानी गर्दै ...राजा महेन्द्रले बहुसंख्यक नेपालीहरूका

---

[१९९] श्री ५ युवराजधिराजका निजी सचिव सुरेन्द्रमान जोशिले २०२७ जेठ १८ गते वी.पी. लाई लेखेको पत्र, हेर्नुहोस् परिशिष्ट ४ ।

[२००] शम्भुप्रसाद ज्ञवाली, *व्यक्ति र विचार एक वकिलको संस्मरण र चिन्तन,* काठमाडौं : जगदम्बा प्रकाशन, (तेस्रो संस्करण), २०५६, पृ. ८१ ।

[२०१] शर्मा, टिप्पणी संख्या १३ (क), पृ. ३२५ ।

[२०२] वी.पी. कोइरालाले सन् १९७० अगस्ट १२ (२०२७ साल श्रावण २८ गते) जारी गरेको प्रेश वक्तव्य ।

[२०३] गृष्मबहादुर देवकोटा, *नेपालको राजनैतिक दर्पण (भाग ४),* काठमाडौं : उमेशबहादुर देवकोटा, २०३९, पृ. १०२ ।

मागलाई स्वीकार नगरेका खण्डमा आफूले सशस्त्र सङ्घर्ष प्रारम्भ गर्ने, नेपालमा अहिंशात्मक आन्दोलन सम्भव नभएकाले आफू सशस्त्र सङ्घर्षको पक्षमा रहेको... अब सङ्घर्ष शान्तिपूर्ण भएमा संवैधानिक राजतन्त्र रहने तर सशस्त्र सङ्घर्ष भएमा राजतन्त्र नरहने...[२०४] आदि भावद्वारा सङ्घर्षको उदघोषण गरे ।

सङ्घर्षको घोषणाले राजनैतिक जगतमा बहसको वातावरण प्रारम्भ भयो । पञ्चायती व्यवस्थाका समर्थक बनेर फाइदा लुटिरहेका वर्गहरूमा हल्लि खल्लि सुरु भयो र उनीहरूले वी.पी. को तिब्र निन्दा प्रारम्भ गरे । अन्य वर्गबाट पनि सङ्घर्षलाई गलत ढंगले अर्थ लगाउने र डकैतीसम्म भन्ने गर्न थालियो । त्यो अवस्थामा वी.पी. ले विभिन्न संचार प्रतिनिधिसमक्ष सङ्घर्षको अर्थ स्पष्ट गर्ने काम गरे । यसै क्रममा उनले प्रजातन्त्रको सङ्घर्ष सशस्त्र क्रान्ति भए पनि गृहयुद्ध होइन ... अहिलेको हाम्रो सङ्घर्ष नेपालका यावत वर्गहरूको राष्ट्रिय सङ्घर्ष हुन्छ, राजाको २०१७ सालको कदमले सम्पूर्ण जनता, विद्यार्थी, सेना, सबैका अधिकार कुल्चेकाले प्रजातान्त्रिक एकताद्वारा हरेक उपाए अवलम्बन गरी सङ्घर्ष गर्नु जरुरी छ...[२०५] भन्दै सङ्घर्षको अनिवार्यता प्रमाणित गर्न खोजे । वी.पी. यसरी सङ्घर्षको तयारीमा लागे भने पञ्चायती व्यवस्था एवं त्यसका वर्गीय संगठनका विभिन्न तहका सदस्यहरूले प्रशासनिक लगायतका क्षेत्रबाट नेपाली कांग्रेसका नेताहरू विरुद्ध आक्रमणका लागि साधन एवं स्रोतहरूको परिचालन गर्न थाले ।[२०६] वी.पी. का कार्य वा प्रयासबाट नेपाली कांग्रेस भित्र पनि वादविवाद सिर्जना गर्नुका साथै राजासँग सम्वादका लागि विकसित हुन लागेको उपाए पनि तत्कालका लागि समाप्त गरिदियो । त्यसैले सुवर्ण शमशेर, सूर्यप्रसाद उपाध्याय लगायतका केही व्यक्तिहरूले राजासँग विस्तार हुँदै गएको सम्बन्धमा आघात पुऱ्याएको आरोप लगाय ।[२०७]

आफ्नो सोच एवं धारणाबाट उत्पन्न प्रतिक्रियालाई मध्यनजर गर्दै वी.पी. ले आफू सम्झौता विरोधी नभएको स्पष्ट गर्दै एक वक्तव्य सार्वजनिक गरे । जसमा सहयोगात्मक विचार व्यक्त गर्दै संसदीय व्यवस्थाको पुनर्स्थापना, राजनैतिक दलमाथिको प्रतिबन्धको समाप्ति, जनतामा शक्तिको हस्तान्तरण, संविधान सभा मार्फत संविधान निर्माण र संवैधानिक राजतन्त्र भएमा आफू सहयोग गर्न तयार रहेको स्पष्ट गरे ।[२०८] त्यसैबीच वंगालीहरूको स्वतन्त्रता आन्दोलन र वंगलादेशको स्थापना भयो । जसबाट राजा महेन्द्रलाई पनि आफ्नो नीति परिवर्तनबारे सोच्न बाध्य बनायो । तसर्थ उनले २०२८ साल पौष १ गते संविधान दिवशका

---

[२०४] *इडियन एक्सप्रेश,* नयाँ दिल्ली : १९७१ सेप्टेम्बर २० ।

[२०५] वी.पी. कोइराला, *क्रान्ति एक अनिवार्यता,* वाराणसी : तरुण प्रकाशन, मिति नभएको, पृ. ४२-४३ ।

[२०६] बराल, टिप्पणी संख्या १९, पृ. ९५ ।

[२०७] (क) निलाम्बर पन्थी र अशोक कोइरालासँगका अन्तर्वार्ताहरू ।
(ख) भागबत दुवेसँग २०६० जेठ १८ गते बहुअरी पर्सामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[२०८] मिश्र, टिप्पणी संख्या १५०, पृ. ८८ ।

अवसरमा ...हाम्रो शासन व्यवस्था परिवर्तनको संघारमा आइपुगेको छ...[२०९] भनी आफू सुधार गर्न तत्पर रहेको संकेत दिए । त्यो संकेत बुझेर वी.पी. ले आफ्नो स्रोतहरू मार्फत सम्झौता प्रयास पनि सुरु गरे ।

२०२८ सालसम्म पुग्दा आफ्ना विश्वस्त मानेका व्यक्तिहरूले पनि राजा महेन्द्रलाई धोका दिने कार्य गरेकाले उनी संविधानमा सुधार गरी वी.पी. अर्थात नेपाली कांग्रेससँग सम्झौता गर्न तयार भएका थिए । जुन कुरालाई पुष्टि गर्न एक राजनीतिज्ञको भनाइबाट आधार मिल्दछ । अंचलाधिश ताराप्रसादसँग राम्रो सम्बन्ध भएका ती राजनीतिज्ञका अनुसार-

> सरकारले हेटौडामा औद्योगिक विकास क्षेत्र बनाउने निर्णय गरेपछि दरबारका सचिवको अग्रसरतामा राज्यका कतिपय ठूला पदाधिकारीहरूले राजाको आदेश भनेर हेटौडाको कतिपय जग्गा आ-आफ्ना नाममा दर्ता गरेछन् । जहाँ केही समयपछि कताबाट र कसरी कसरी सुकुम्बासीहरू आएर बसेछन् । सचिवले तुरुन्त त्यहाँबाट सुकुम्बासीलाई उठाउनु भन्ने श्री ५ को आदेश छ भनी नारायणि अंचलाधिशलाई आदेश दिएछन् । अंचलाधिश पूर्णसिंह ठाकुरले त्यसैअनुरूप हटाउन आदेश दिएपछि सुकुम्बासीका झुप्रामा आगो लगाउँदा ३ जना मानिस जलेर मरेछन् । त्यसबाट देशमा ठूलो होहल्ला भयो र राजाले अंचलाधिशलाई बोलाएर सोध्दा उनले दरबारका सचिवको आदेश देखाइदिए । तब राजाले सचिवलाई सोध्दा सरकारको सेवा गरेबापत पछिका लागि केही जोगाउ गर्न उक्त जग्गा जोडेको जवाफ दिएकाले अब भएन पंचायतबाट झन हुँदैन भन्ने लागेछ । तसर्थ राजाले आफ्ना अति विश्वासि अंचलाधिश एवं वी.पी. का नाता पनि पर्ने ताराप्रसालाई वी.पी. सँग कुरा गर्न बनारस पठाए । उनी राजाको पत्र बोकेर बनारस त पुगे तर वी.पी. सँग भेट्न नपाउँदै अकस्मात राजा महेन्द्रको निधन भएकाले सम्झौता प्रयास पूरा हुन सकेन ।[२१०]

राजा महेन्द्रको देहावशान पछि श्री ५ वीरेन्द्र नेपालका राजा भए । उनको राज्यारोहणसँगै राजनैतिक परिवर्तनको आशा गरिए तापनि त्यो व्यर्थ सिद्ध भयो । बरु यिनको कार्यकाल प्रारम्भसँगै नेपाली कांग्रेसको दोस्रो पुस्ताका प्रभावशाली एवं क्षमतावान नेताहरूलाई छानीछानी षड्यन्त्रपूर्वक हत्या गर्ने कार्य प्रारम्भ भयो । जसअन्तर्गत २०२८ चैत्र ४ गते राती योगेन्द्रमान शेरचन र २०२९ भाद्र २ गते दिवानसिंह राइको रहस्यमय हत्या गरियो ।[२११] त्यसैगरी सशस्त्र सङ्घर्षका गतिविधि सुरु भएपछि जलेश्वर जेलमा थुनिएका झिँजाका डाकाहरूलाई गोप्य सम्झौता गरी छाडेर रमेश झा लगायतका आफ्ना गुप्तचरको समेत सहयोगमा तत्कालीन जनकपुर अंचलाधिश लिलाराज विष्टद्वारा भारतको मधुवनीमा वी.पी. का

---

२०९ *पूर्ववत्,* पृ. ९० ।

२१० डिल्लीरमण शर्माले अन्तर्वार्ता क्रममा अंचलाधिश ताराप्रसाद लुम्बिनी अंचलमा कार्यरत रहँदा बताएको विवरण भनी उल्लेख गर्नुभएको छ ।

२११ (क) गौतम, टिप्पणी संख्या ३८, पृ. १४३-१४४ ।
(ख) अधिकारी, टिप्पणी संख्या ७२ (ख), पृ. ४८८ ।
(ग) ज्ञानमणि नेपाल, "देवानजी यतिखेर झोडामा नजानु", *शहिद दिवानसिंह राई स्मृति पुष्प,* जीवनचन्द्र कोइराला (सं.), काठमाडौं : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५२, पृ. ५५-५७ ।
(घ) गोबर्धन राना, *प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी संघ,* काठमाडौं : ने.वि. संघ पश्चिमाञ्चल समन्वय समिति, २०५१, पृ. ३५०-३५१ ।
(ङ) *राष्ट्र पुकार,* २०२९ साल भाद्र ९ गते ।

प्रमुख सहयोगी सरोजप्रसाद कोइरालाको रहस्यमय हत्या गरियो ।[२१२] सशस्त्र सङ्घर्षका युद्ध मोर्चामा डटेर लड्ने अर्का बहादुर योद्धा केशव कोइरालालाई पनि २०३१ साल श्रावण ३० गते मटिहानी थानामा आक्रमण गर्दा पक्रेर पुलिस थानाभित्र लगि कुटीकुटी मारेर खेतमा फालियो ।[२१३] २०३१ साल आश्विन १३ गते राती काठमाडौं भद्रगोल जेलमा राखिएका लिलानाथ दाहाल, ठगिराज दाहाल, खगेन्द्र दाहाल र गोकर्णबहादुर कार्कीलाई जेल सार्ने बहानामा बा.अ. २४४८ नं. को जीपमा हालेर हिडाली नख्खुजेल जाँदाको ओरालोमा गोली हानी हत्या गरियो ।[२१४]

राजा वीरेन्द्रबाट पनि नेपाली कांग्रेसको भावना नबुझेपछि वी.पी. कोइराला सशस्त्र सङ्घर्ष संचालनतर्फ लागे । उनले त्यसपछि सुवर्ण शमशेरसँग भेटेर छलफल गर्नुका साथै २०१८-१९ सालको सङ्घर्षमा प्रयोग गरिएका हातहतियार माग्दा सुवर्णबाट सबै हतियार भारतीय सरकारलाई बुझाएको जानकारी पाए ।[२१५] सुवर्ण एवं वी.पी. बीच यसैबेलादेखि मनमुटाव सुरु भएको र त्यो सशस्त्र सङ्घर्ष, हातहतियार लगायतका विषयमा धारणा नमिलेर भएको भन्ने धारणा गणेशमान लगायतका राजनीतिज्ञहरूको छ । सुवर्ण शमशेरबाट कुनै सहयोग नपाए पनि वी.पी. आफ्नो अडानबाट पछि हटेनन् । तसर्थ उनले गणेशमान सिंह, भरत शमशेर, गिरिजाप्रसाद कोइराला, सरोजप्रसाद कोइराला आदिलाई महत्त्वपूर्ण कार्य जिम्मा दिएर सङ्घर्षको प्रबन्ध मिलाउने तर्फ लागे । प्रारम्भमा आफूसँग रहेको रकम दिएर भरत शमशेरले सहयोग पुऱ्याए भने आफ्नो देशभित्रको संगठन परिचालन गरेर आफ्ना विश्वासपात्रहरू मार्फत गिरिजाप्रसाद कोइरालाले गुरिल्ला सेना तयार पार्ने काम गरे ।[२१६] यसभन्दा अगाडि नै वी.पी. ले जम्मा गरेका हतियारहरू वंगलादेशको मुक्ति आन्दोलनमा पठाइसकेको र ती नफर्कनाले हतियारको समस्या पऱ्यो । भारत सरकारको सकारात्मक सहयोग पनि नहुनाले हतियारका लागि

---

[२१२] (क) श्रीमती लीला कोइराला र राजेश्वर नेपालीसँगका अन्तर्वार्ताहरू ।
(ख) वृखेशचन्द्रलालसँग २०६० जेठ ११ गते जनकपुरधाममा लिएको अन्तर्वार्ता रेकर्ड ।
(ग) स्मृतिनारायण चौधरीसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ता रेकर्ड ।
(घ) विमलेन्द्र निधिसँग २०६० श्रावण ६ गते भैरहवामा लिएको अन्तर्वार्ता रेकर्ड ।
(ङ) अधिकारी, टिप्पणी संख्या ६ (ग), पृ. ५९-६१ ।
(च) *पूर्ववत्* (क), पृ. १४४ ।

[२१३] (क) *पूर्ववत्* क देखि घ सम्म ।
(ख) लालकिशोर शाहसँग २०६० जेठ १४ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) भुवनहरि कोइरालासँग २०६० जेठ १४ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) नारायण घिमिरेसँग २०६० जेठ १५ गते रा.रा.ब. क्याम्पस जनकपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) राना, टिप्पणी संख्या १७२ (घ), पृ. ३६५-३६६ ।
(च) ज्ञानीशंकर गिरी, टिप्पणी संख्या ९२ (ख) ।

[२१४] (क) लक्ष्मणराज खनाल आदि (सं.), *तरुण पत्र*, जनकपुर : तरुण प्रेश, १९९४ अक्टुवर २०, पृ. १-३ ।
(ख) अधिकारी (शास्त्री), टिप्पणी संख्या ७२ (ख), पृ. ४९० ।
(ग) शर्मा, टिप्पणी संख्या १ (क) ।

[२१५] गणेशमान सिंह, टिप्पणी संख्या ११३ (ग) ।

[२१६] (क) *पूर्ववत्* ।
(ख) गिरिजाप्रसाद कोइरालासँग २०४४ माघमा स्याङजामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।
(ग) गौतम, टिप्पणी संख्या ९५, पृ. ९४-९५ ।

वी.पी. अन्तर्राष्ट्रिय तस्करहरू माथि भरपर्न बाध्य भए । जसले हतियारको मूल्य मागेपछि वी.पी. समक्ष आर्थिक समस्या टडकारो रूपमा देखापऱ्यो ।

आर्थिक अभाव हटाउने सन्दर्भमा उपायहरू बारे पार्टीभित्र व्यापक छलफल एवं विचार विमर्श गरियो । उच्च तहमा भएको वैचारिक मन्थनको अन्तमा भारतलाई समेत कुनै सुइको नदिइकन विमान अपहरण गर्ने र राष्ट्र बैंकको रकम हात पार्ने निश्चय गरियो । त्यसलाई कार्यान्वयन गर्नका लागि वी.पी. को निर्देशन एवं सल्लाहअनुसार गिरिजाप्रसाद कोइराला, दुर्गा सुवेदी, उमेश गिरी आदिले प्रसस्त मेहनत गरी काम गरेर योजना बनाए ।[२१७] त्यसपछि दुर्गा र उमेशले राष्ट्र बैंकको विराटनगर शाखामा काम गर्ने कर्मचारी मदन अर्यालबाट राष्ट्र बैंकले खरिद गरेको भारतीय रूपैयाँ शाही नेपाल वायुसेवा निगमको विमानबाट काठमाडौं जाने दिन पत्ता लगाएपछि दुर्गा, उमेश र विजय गच्छेदारले हाइज्याक गर्ने निश्चय गरे ।[२१८] गिरिजाप्रसादसँगबाट एउटा पेस्तोल र २ वटा ग्रेनेड प्राप्त गरी तयार भएकै बेलामा अकस्मात विजय गच्छेदार र उमेश गिरी विरामी परेपछि त्यो मिशनमा बशन्त भट्टराई र नगेन्द्र ढुँगेललाई सहभागी गराएर २०३० साल जेठ २८ गते विरामी एवं सुसारेका रूपमा काठमाडौं जान भनी ३ जना विमान चढे ।[२१९] शाही नेपाल वायुसेवा निगमको त्यो ट्वीनअटर विमान निश्चित समयमा उडेर ३ हजार फिट माथि पुगि संचार सेटबाट विराटनगरलाई बाइ बाइ भन्ना साथ दुर्गा सुवेदी र वशन्त भट्टराई एक्कासी चालक दलको पछाडि पुगि कवर गरे ।[२२०] जसमध्ये मेनलिडर (दुर्गा) ले प्लेन उडाइरहेका सहचालक वैद्यलाई पछाडिबाट समाती हाइज्याक भनेको यहि हो भन्दै रिभल्वरद्वारा गर्धनमा ठेल्दै भारततर्फ मोडने आदेश दिए ।[२२१] विमानमा यसबारे केही भनाभन, छल्ने भुक्याउने प्रयत्न, बाटो विराएको अवस्था... आदि केही प्रयत्न पछि अन्तमा फारवेशगंजस्थित पुरानो हवाइ मैदानमा पुऱ्याएर उतारी रकमका ३ वटा बाकस भारेपछि फिर्ता पठाइयो ।[२२२] लुटिएको रकम र त्यो मिशनमा संलग्न योद्धाहरूलाई लिन विरु लामाले हाकेको जिपमा सुशिल कोइराला, मनोहरि बराल आदि विमानस्थलमा पुगेका थिए भने केही पर राजमार्गमा गिरिजाप्रसाद, नोना कोइराला आदि २ वटा गाडि लिएर पर्खिरहेका थिए ।[२२३] यसप्रकार हात पारिएको २५ देखि ३० लाख भारतीय रूपैयाँ प्रारम्भमा भारतका विभिन्न

---

२१७ (क) दुर्गा सुवेदीसँग २०६० वैशाख २८ गते मधुमारा विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) उमेश गिरीसँग २०६० जेठ १ गते तिनटोलिया विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

२१८ *पूर्ववत्* (क) ।

२१९ दुर्गा सुवेदी र उमेश गिरीसँगका अन्तर्वार्ताहरू ।

२२० (क) दुर्गा सुवेदी, टिप्पणी संख्या १७८ (क) ।
(ख) सह चालक श्रीदेव वैद्यसँग २०६० असार ८ गते त्रिपुरेश्वर, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

२२१ *पूर्ववत्* ।

२२२ (क) *पूर्ववत्* ।
(ख) राना, टिप्पणी संख्या १७२ (घ), पृ. ३६०-३६१ ।

२२३ (क) नोना कोइराला र दुर्गा सुवेदीसँगका अन्तर्वार्ताहरू ।
(ख) दधिराज सुवेदी, *विराटनगरको संक्षिप्त इतिहास,* विराटनगर : विराटनगर उपमहानगर पालिका, २०५४, पृ. २०४ ।

ठाउँहरूमा छरेर लुकाइयो भने पछि स्थिति केही साम्य भएपछि जम्मा गरी बनारस पुऱ्याइ हातहतियार खरिद एवं सङ्घर्ष संचालनमा खर्च गरियो ।[२२४]

वी.पी. को नेतृत्वमा सशस्त्र सङ्घर्ष प्रारम्भ भएपछि प्रारम्भिक चरणमा सप्तरी जिल्लाको हरिपुर चौकी आक्रमण, सुनसरीमा बम विष्फोटन, महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीमाथि बम प्रहार, मटिहानी प्रहरी चौकीमाथि आक्रमण, इनरुवा प्रहरी चौकीमा बम प्रहार, धरान प्रहरी व्यारेकमा बम हान्ने प्रयास[२२५] लगायतका घटनाहरू घटन पुगे । यस्तैगरी २०३० साल चैत्र २३ गते काठमाडौँमा तत्कालीन निर्माण तथा यातायात मन्त्री प्रयागराजसिंह सुवालमाथि बम प्रहार र २०३१ साल वैशाख ६ गते दाङ देउखुरीको चघवा चौकीमा बम विष्फोटन गराइयो ।[२२६] भारतीय भूमिलाई आधार बनाएर देशभित्र यस्ता घटनाहरू घटाइएपछि नेपाल सरकारले यसलाई राष्ट्र विरोधी एवं राजद्रोही समूहबाट संचालित आतंकको संज्ञा दिँदै भारत सरकारलाई पत्र लेखी नेपालमा यस्ता घटना घटाउने व्यक्ति गिरिजाप्रसाद कोइराला हो जो भारतको फारवेशगंजमा बसेर नेपालमा उत्पात मच्चाउँछ भन्दै निजलाई सुपुर्दगी गर्न अनुरोध गऱ्यो ।[२२७] नेपालभित्रका छापाहरूद्वारा भने नेपाल सरकारले नेपालमा आतंककारी गतिविधि मच्चाउने कार्यमा भारतले सहयोग पुऱ्याइ रहेको आरोप पनि लगाइएको पाइन्छ ।

आफूलाई कुनै सुइँकोसम्म पनि नदिइ विमान अपहरण गरेर आफ्नो भू-भागमा ओराल्नेसम्मका काम भएपछि नेपाली कांग्रेसप्रतिको भारतको रवैया झन नराम्रो भएको थियो । त्यो स्थितिमा नेपाल सरकारको त्यस्तो आरोप लगाउने र सुपुर्दगीका लागि पत्र लेख्ने काम भएपछि भारतले कडाइमा वृद्धि गऱ्यो । उसले गिरिजाप्रसादलाई सुपुर्दगी त गरेन तर सङ्घर्षलाई नियन्त्रण भने गर्न खोज्यो । फलस्वरूप भारत सरकारको निर्देशनमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा कैयौं सङ्घर्ष विरोधी गतिविधिहरू भए । जसअन्तर्गत विमान अपहरण गर्ने योद्धाहरूलाई खोजी-खोजी पक्रने, हातहातियारको ओसार पसारमा कडा निगरानी गर्ने र समात्ने, हतियार किन्न जाँदा शैलजा आचार्यको अपहरण गर्ने लगायतका कार्यहरू गरिए ।[२२८] अर्कोतिर वी.पी. लाई आफ्ना गतिविधि सीमावर्ती क्षेत्रबाट नगर्न अप्रत्यक्ष रूपले दवाव दिने कार्य पनि गर्न थाल्यो । आफ्ना एकजना विश्वासी व्यक्तिलाई पठाएर वी.पी. समक्ष सबैतिरबाट भारतकै अग्रसरता र सहयोगमा नेपाल विरोधी क्रियाकलापहरू भइरहेका छन् भन्ने आरोपहरू

---

२२४ गिरिजाप्रसाद कोइराला, दुर्गा सुवेदी, नोना कोइराला, उमेश गिरीसँगका अन्तर्वार्ता एवं कुराकानी ।

२२५ विस्तृतिका लागि (क) *गोरखापत्र,* २०२९ भाद्र १३, २०३० वैशाख १८, २०३० असार १ गते ।
(ख) राना, टिप्पणी संख्या १७२ (घ), पृ. ३६१-३७२ ।
(ग) परमानन्द, टिप्पणी संख्या ३०, पृ. ६४-६५ ।
(घ) गौतम, टिप्पणी संख्या ३८, पृ. १४७-१४८ ।

२२६ (क) प्रदिप गिरी (सं.), *तरुण पत्र,* वुलेटिन ४, २०३१ जेठ १५ गते, पृ. ३-४ ।
(ख) *पूर्ववत्* (ग), पृ. ६६-६७ ।

२२७ *पूर्ववत्* (क), पृ. १ ।

२२८ रामचन्द्र पौडेल, शैलजा आचार्य र उमेश गिरीसँगका अन्तर्वार्ताहरू ।

लागि रहेकाले तपाईंहरूले उत्तरी सीमाक्षेत्रतिरबाट क्रियाकलाप गरिदिएमा हामीलाई केही सजिलो हुन्छ भन्नेसम्मका काम भारत सरकारबाट गरियो ।[२२९] यसरी अप्ठ्यारो स्थिति आएपछि वी.पी. आफ्नै देशभित्र कुनै भित्री जिल्ला वा क्षेत्र कब्जा गर्ने र त्यहाँ मोर्चा कायम गरी अन्यत्र फैलिंदै जाने सोचतर्फ लागे ।[२३०] पार्टीभित्र यसबारेमा व्यापक वादविवाद पनि भयो । तर अन्तमा सहमती कायम गराएर ओखलढुँगा कब्जा गर्ने निश्चयमा पुग्न वी.पी. सफल भए ।

ओखलढुँगा कब्जाको निश्चय पछि वी.पी. गिरिजा लगायत सक्रिय भए । आवश्यक तयारी गर्ने क्रममा कप्तान यज्ञबहादुर थापालाई नेपाली कांग्रेसको सैनिक कमाण्डर बनाइयो ।[२३१] थापा विविध कारणले शाही सेनाबाट कोर्टमार्शल भई मोरङ्गको रमाइलो भोडामा सुकुम्बासीका रूपमा बस्न बाध्य भएका र त्यहाँ सरकारको तिब्र दमन भएपछि भागेर नेपाली कांग्रेसमा समाहित हुन पुगेका भू.पू. सैनिक थिए ।[२३२] थापाको नेपाली सेनाका कतिपय व्यक्तिहरूसँग पहुँच पनि भएकाले उनकै माध्यम एवं स्थानीय व्यक्तिको सहयोगबाट ओखलढुँगा सैनिक व्यारेकका जमदार कर्णबहादुर बस्नेत र नायक भवेन्द्रबहादुर बस्नेतसँग गोप्य सम्पर्क कायम गरी गिरिजाप्रसाद कोइरालासँग भेटाएर निजले सैनिक व्यारेकमा कुरा मिलाइ कब्जामा सघाउने समभ्रदारी बनाइयो ।[२३३] यसप्रकारका आवश्यक अन्य तयारीसमेत गरेपछि करिब ३५-४० जनाको त्यो टोलीलाई वी.पी., गणेशमान, नोना आदिको समुपस्थितिमा २०३१ साल मंसिर २२ वा २३ गते राती जयनगर नजिकै कमला नदीको किनारमा उमेश गिरीले हातहतियार, नक्सा आदि दिएर विदाइ गरे ।[२३४]

सशस्त्र सङ्घर्षको आधारशिविर बनाउने लक्ष्यअनुरूप हिंडेको यो टोलीसँगै दुर्भाग्य पनि लागेको रहेछ । क्रान्ति संचालकले पुऱ्याउनु पर्ने विचार नपुऱ्याउँदा त्रुटि हुनगई यो टोलीमा प्रारम्भदेखि नै नेपाल सरकार एवं भारतका जासुसहरू घुसेका रहेनछन् । जसले गर्दा यो योजनाका कुनै कुरा गोप्य नरहेर सरकारले समयमै सबै थाहा पाउँदै गयो । यज्ञबहादुरका विश्वासपात्र बनि सँगै प्रस्थान गरेका ढाकबहादुर साम्पाहाङ्ग र दीप देवान प्रस्थान गरेको पन्ध्र मिनट पछि नै भोलाको फित्ता चुडियो भन्ने बहानामा पछि बसी आफूले बोकेका हतियार, नक्सा, वाकिटकीको आधाभाग, प्रस्थान गरेको टोलीको नाम लेखेको कागज आदि सबै कमला नदीको किनारमा फालेर फर्किइ भारत जयनगर आई हामीलाई छाडेर गए भन्न थाले ।[२३५]

---

२२९ स्मृतिनारायण चौधरी, टिप्पणी संख्या १७३ (ग) ।

२३० भोला चटर्जी, *पोर्ट्रेइड अफ अ रिभोलुसनरी वी.पी. कोइराला,* न्यू दिल्ली : अंकुर पब्लिसिङ्ग हाउस, १९८२, पृ. १२३ ।

२३१ (क) जसधन राईसँग २०६० जेठ ४ मा उर्लावारी मोरङ्गमा लिएको लिखित विवरण ।
(ख) राधाकृष्ण मैनाली, *लुटिएका दुई थुँगा फूल,* दोस्रो संस्करण, काठमाडौं : साभा प्रकाशन, २०५२, पृ. २७ ।

२३२ मणिराज भट्टराई, *शहिद स्मृति ग्रन्थ,* भाग १, सुनसरी : युवराघ घिमिरे र वशन्त सुवेदी, २०५२, पृ. २९१-२९३ ।

२३३ (क) उमेश गिरी, टिप्पणी संख्या १७८ (ख) ।
(ख) राना, टिप्पणी संख्या १७२ (घ), पृ. ३७३ ।

२३४ उमेश गिरी, नोना कोइराला र जसधन राईसँगका अन्तर्वार्ताहरू ।

२३५ (क) उमेश गिरी र जसधन राईसँगका अन्तर्वार्ताहरू ।
(ख) लिलानाथ दाहाल, प्रजातन्त्र पुनर्स्थापनामा ओखलढुँगा आन्दोलन, स्नातकोत्तर शोधपत्र (अप्रकाशित), राजनीतिशास्त्र विभाग स्नातकोत्तर क्याम्पस विराटनगर, २०५७, पृ. १३ ।

वी.पी. ले थापाको यो टोली ओखलढुँगा पुग्ना साथ पूर्वतिरबाट भूविक्रम नेवाङ्गको नेतृत्वमा अर्को टोलीले आक्रमण गर्ने योजना बनाएर हतियार मगाएका थिए । जसबाट एकातिर थापाको समूहलाई सहयोग पुऱ्याउने र अर्कोतिर सङ्घर्ष विस्तार गर्ने योजना थियो । तसर्थ थापाको टोली पठाएर सिधै दिल्ली पुगेका वी.पी. हतियार दिल्लीमा बुझेर सिधै जयनगर पठाउनका लागि प्रतिक्षा गर्दै थिए ।[२३६] जर्मनीबाट वी.पी. का मित्रले पठाएका ती अत्याधुनिक हातहतियार मिनि बसको तल बाकस बनाएर त्यसमा भरी प्लेटले ढाकेर सिट फिक्स गरी जर्मन पर्यटक (यात्री) सहित ल्याइदै थियो र नागालैण्डको वोर्डर पार गर्दा नगर्दै भारत सरकारले समाति दियो ।[२३७] त्यो समाचार पत्रिकामा पढना साथ ओखलढुँगा गएका साथीहरू चेपुवामा पो पर्छन कि भन्ने शंकाबाट त्रस्त भई प्रस्थान गरेका वी.पी. ले जयपुर पुग्दा ओखलढुँगाको दुखान्त समाचार पाए ।[२३८] वास्तवमा ओखलढुँगातर्फ प्रस्थान गरेको थापा लगायतको टोलीले प्रारम्भदेखि नै विविध संकटको सामना गर्दै र मित्रबनेर छातिमा प्वाल पार्ने लालसाले साथमा लागेको सरकारी जासुसको कपटमा फस्दै टिम्बुरबोटे जंगलको ओडारमा शरण लिन बाध्य भएपछि २०३१ साल पौष १ गते बिहान पौने ५ बजे शाही सेनाले त्यहीँ घेरा हाली ओडारभित्र ग्रिनेड हान्ने र बाहिर गोली बर्साउने गरी आक्रमण गर्दा कैयौं त्यहीँ हताहत भए भने केही उम्केर भागेछन् ।[२३९] उम्केर भागेका क्याप्टेन थापा आफ्नै पुरोहितद्वारा पक्राउ परे[२४०] भने जसधन राई[२४१] र एल.वि. गुरुङ विभिन्न हण्डर खाँदै बचेर भारत पुगन सफल भए ।[२४२] यस घटनामा राजनैतिक कमिसारका रूपमा गएका राम लक्ष्मणका साथै अन्य गरी १६ जनाले टिम्बुरबोटे ओडारमा नै ज्यान गुमाए भने सेनाको आँखा छलेर भाग्न सफल भएका ८ जनालाई सेनाले विभिन्न ठाउँमा पक्रेर टोक्सेलमा पुऱ्याई आफ्नो खाल्डो आफै खन्न लगाएर मारि पुरेको थियो ।[२४३] प्रजातन्त्र पुनर्स्थापनाको सङ्घर्षमा आधार इलाका निर्माणका लागि गरिएको यो अभियानमा बिना कुनै उपलब्धि ठूलो संख्यामा योद्धाहरू शाही सेनाको चंगुलमा परी दर्दनाक मृत्युलाई अंगाल्न बाध्य भए । फलस्वरूप एकातिर नेपाली कांग्रेसले लिएको हतियारबाट परिवर्तन ल्याउने सोचमाथि प्रश्न चिन्ह लाग्यो भने अर्कोतिर शाही सेनाको मनोबल पनि बढाइदियो । जसको अन्तमा वी.पी.

---

[२३६] चटर्जी, टिप्पणी संख्या १९१, पृ. १२४ ।

[२३७] उमेश गिरी, टिप्पणी संख्या १७८ (ख) ।

[२३८] चटर्जी, टिप्पणी संख्या १९१, पृ. १२४ ।

[२३९] विस्तृतिका लागि (क) दाहाल, टिप्पणी संख्या १९६ (ख), १२-२६ ।
(ख) पेशलकुमार निरौला, नेपालको प्रजातान्त्रिक आन्दोलनमा सोलुखुम्बु जिल्लाको भूमिका, स्नातकोत्तर शोधपत्र (अप्रकाशित), इतिहास केन्द्रीय विभाग कीर्तिपुर, २०४९, पृ. ९८-११४ ।
(ग) राना, टिप्पणी संख्या १७२ (घ), पृ. ३७४-३८८ ।
(घ) भट्टराई, टिप्पणी संख्या १९३, पृ. २९४-२९६ ।
(ङ) जसधन राई, टिप्पणी संख्या १९२ (क) ।

[२४०] (क) मैनाली, टिप्पणी संख्या १९२ (ख), पृ. ३२-३६ ।
(ख) भट्टराई, टिप्पणी संख्या १९३, पृ. २९६-२९७ ।
(ग) राना, टिप्पणी संख्या १७२ (घ), पृ. ३८८-३९० ।

[२४१] जसधन राई, टिप्पणी संख्या १९२ (क) ।

[२४२] राना, टिप्पणी संख्या १७२ (घ), पृ. ३८२-३८६ ।

[२४३] *पूर्ववत्,* पृ. ३८७ ।

समक्ष आफूले अवलम्बन गरेको मार्गका बारे मूल्याङ्कन गर्न र पुनः सोच्न बाध्य हुनुपर्ने परिवेश सिर्जना भयो ।

वी.पी. कोइरालाद्वारा संचालित यो प्रतिरोध आन्दोलन लक्ष्यमा पुग्न नसक्नुका खास कारणमा भारतको असहयोगात्मक नीति र वी.पी. कै रणनीतिगत कमजोरी रहेको देखिन्छ । वी.पी. जस्तो राजनेताले त्यसबखत जुन हतारको परिवेशमा निर्णय लिएर अभियान चलाए त्यसले नै सङ्घर्ष असफलतातर्फ धकेलिने परिवेश सिर्जना गरायो । भारतबाट सहयोग पाउने आशा र नेपाली जनतामा विद्यमान आक्रोसलाई ध्यान दिएर सजिलै प्रजातन्त्र पुनर्स्थापना गर्न सकिन्छ भनी सुरु गरेको यो सङ्घर्षलाई अन्तमा वी.पी. ले सोचे जस्तो समर्थन र सहयोग प्राप्त भएन । अर्कोतिर साधनस्रोत सम्पन्न राज्य सत्ताका विरुद्ध हतियार उठाउँदा विद्रोही नेताले गर्नु पर्ने अध्ययन, व्यवस्था-प्रबन्ध एवं अपनाउनु पर्ने उच्च सतर्कतातर्फ पनि त्यति ध्यान पुऱ्याएको देखिँदैन । जसलाई प्रस्ट पार्ने उद्देश्यले तत्कालीन परिवेश एवं घटना क्रमका आधारमा संक्षेपमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

जेलमुक्त पछि राजासँग सम्वाद कायम गरी राजनैतिक निकासको मार्ग खोज्ने प्रयासलाई राजाले नै वास्ता नगर्दा असजिलो महसुस गरेका वी.पी. ले आफूप्रति नेपाली जनताले देखाएको सदभावलाई क्रान्तिको उत्ताप सम्झिए । उपचार गराएर विराटनगर फर्केपछि उत्पन्न परिस्थितिले भारत निर्वाशन रोज्न बाध्य बनाएपछि जनसदभावलाई मध्यनजर गरी क्रान्ति संचालनको निर्णयमा पुगेको कुरा आफैले स्वीकार गरेका छन् ।[२४४] प्रारम्भमा उनी २००७ सालमा जस्तै भारतले सहयोग एवं समर्थन गर्ला भन्ने सोच लिएर अगाडि बढेको पाइन्छ । तर प्रयाससँगै भारतमाथि पूर्ण निर्भर रहेर सुवर्णले जस्तै सङ्घर्ष गर्न नहुने र बाध्यात्मक परिवेशमा भारतलाई आधार बनाए पनि नेपालभित्रै आधार इलाका निर्माण गर्नु पर्ने तथ्यलाई उनले बुझेका थिए ।[२४५] यति बुझेर पनि अन्तर्राष्ट्रिय समर्थन जुटाउने क्रममा भारतीय समर्थन बिना केही गर्न नसकिने र भारतीय समर्थन भएमा केही गर्न नपर्ने जवाफ पाएपछि उनी भारतसँग सहयोग माग्ने निश्चयमा पुगे । त्यसपछि उनले चरम उत्कर्षमा रहेकी इन्दीरा गान्धीसँग भेटेर केही हातहतियार एवं एक करोड रूपैयाँ सहयोग मागे ।[२४६] इन्दीराले तत्काल आश्वासन दिए तापनि २ वटा कारणले गर्दा कुनै सहयोग गरिनन् । जसमा वी.पी. लाई आफ्नो चाहनाअनुरूप चलाउन नसक्ने तथ्य बुझ्नु र नेपालसँग विकसित सम्बन्ध विगार्ने पक्षमा नहुनु पर्दछन् ।

वी.पी. ले भारतीय पासपोर्टका आधारमा युरोप भ्रमणमा जान चाहेपछि इन्दीराको सोच विश्वासमा परिणत भयो । किनकी वी.पी. अन्तर्राष्ट्रिय समाजवादी संगठनका आधारस्तम्भ थिए ।

---

[२४४] शर्मा, टिप्पणी संख्या १३ (क), पृ. ३१८ ।

[२४५] शर्मा, टिप्पणी संख्या ७० (ग), पृ. १०२ ।

[२४६] शर्मा, टिप्पणी संख्या १३ (क), पृ. ३२१ ।

इन्दीराको दल भारतीय कांग्रेसलाई त्यो संगठनले सदस्यता दिएको थिएन र भारतका समाजवादीहरू आफ्ना विरोधी थिए । त्यो अवस्थामा वी.पी. लाई सहयोग गर्नु भनेको आफ्नो विरोधी संगठनलाई बलियो बनाउनु हुन्छ भन्ने कुरा उनले बुझिनन् भन्नु हास्यास्पद नै हुन्छ । फेरि वी.पी. लाई आफ्नो मुठ्ठिमा राखेर आफूले चाहेअनुसारको आन्दोलन चलाउन सकिँदैन भन्ने कुरामा पनि उनी विश्वस्त थिइन् ।[२४७] अर्कोतिर राजा महेन्द्रकै कार्यकाल वि.सं. २०२२ सालमा भारतले नेपालसँग गोप्य सन्धि गरी नेपालको सुरक्षा लगायतका विषयमा भारतले सहयोग गर्ने धारणाअनुरूप नेपाली सेनाको तालिम लगायतको समुचित प्रबन्ध, हातहतियारको व्यवस्था, उपकरणहरूको प्रबन्ध लगायतका विषयमा सहमती कायम गरिसकेको थियो ।[२४८] जसका आधारमा नेपाल दरबार एवं सरकारसँग राम्रो सम्बन्ध विस्तार गरिरहेको भारतसँग सहयोगको आशा गर्दै उसकै भू-भागबाट हतियार उठाउने निर्णय गर्नु वी.पी. को भुल वा त्रुटि नै थियो ।

इन्दीराले वी.पी. लाई प्रत्यक्षतया सहयोगको आश्वासन दिएपछि उनका गतिविधि बुझ्नका लागि सुरक्षाका बहानामा आफ्ना गुप्तचर तैनाथ गरी जानकारी संकलन गर्न थालिन । उनीबाट कुनै सहयोग नपाएपछि वी.पी. ले अत्यन्त गोप्य रूपमा योजना बनाएर जब बीमान अपहरण गरी रकम हातपारे त्यसपछि इन्दीराको निर्देशनमा नेपाली कांग्रेसका गतिविधिमाथि झन कडा निगरानी गर्न थालियो । वी.पी. ले अत्याधुनिक हातहतियारको प्रबन्ध गर्ने कार्यमा प्रारम्भमा छुट दिइयो । तर त्यो पनि भारतको चाल नै सावित भयो । किनकी वंगलादेशमा मुक्ति आन्दोलन सुरु भएपछि इन्दीराले आफू नदेखिइकन जयप्रकाशलाई माध्यम बनाएर ती हतियार पछि फर्कने र अन्य सहयोग पनि पाइने आशा देखाएर ती हतियार दिन लगाइन तर वंगलादेश स्वतन्त्र भएपछि हतियार फर्काउने त कुरै छाडौं वी.पी. लाई, जयप्रकाशलाई बोलाएर खुलेआम कृतज्ञता ज्ञापन गर्नसमेत नसक्ने गरी वंगलादेशमा नियन्त्रण कायम गरिन ।[२४९] त्यसपछि वी.पी. ले पुनः तस्करहरूसँग हातहतियार किन्न खोज्दा तिनले अचम्मसँग झुक्याएर कतिपय काम नलाग्ने हातहतियार दिने, समयमा नदिने, झुलाउने लगायतका कार्य गरे भने वी.पी., नेपाली कांग्रेसका कार्यकर्ताहरू माथिको निगरानी एवं नियन्त्रण झन बढ्यो ।[२५०] फलस्वरूप ठाउँठाउँमा अनावश्यक रूपमा चेकिङ्ग गरेर ठूलो दुःख दिने, मालसामान ओसार पसारमा अनावश्यक झमेला खडा गर्ने, कतिपय कार्यकर्तालाई पक्रिने र अनावश्यक मुद्दा लगाएर थुन्ने, मानसिक यातना दिने, सीमाक्षेत्रमा रहेका नेपाली कांग्रेसका राजनैतिक

---

२४७ २०३९ साल श्रावणमा वी.पी. को निधनपछि शवयात्रामा सहभागि हुन् काठमाडौं आएका भारतीय राजनीतिज्ञ चन्द्रशेखरले जय वागेश्वरीस्थित वी.पी. बस्ने घरको प्राङ्गणमा उपस्थित कृष्णप्रसाद भट्टराई, रामचन्द्र पोखरेल आदि ने.का. का नेताहरूसँग वी.पी. को भारत प्रवाश एवं गतिविधिका चर्चा गर्दा इन्दीराले सहयोग नगर्ने कारण भनी यो कुरा बताउँदा शोधकर्ताले पनि सुन्ने अवसर पाएको थियो ।

२४८ फणिन्द्र नेपाल, *नेपाल : टिस्टादेखि सतलजसम्म,* काठमाडौं : नेपाल नेशनलिष्ट फ्रन्ट, सन् १९९८, पृ. ११३-११५ ।

२४९ शर्मा, टिप्पणी संख्या १३ (क), पृ. ३३०-३३२ ।

२५० गोपालमान श्रेष्ठसँग २०६० आश्विन ७ गते आवारोड भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

शिविरमाथि कडाइ एवं हस्तक्षेप... आदि कार्यहरू प्रशस्त गरिए ।[२५१] बीमान अपहरण कार्यमा संलग्न व्यक्तिहरूलाई खोजी खोजी पक्रने र त्यसमा कुनै संलग्नता नभएका चक्र वास्तोला लगायतका व्यक्तिहरूलाई समेत त्यसै अभियोगमा मुछेर खोजी खोजी पक्रेर जेल हालियो ।[२५२] भारतको यस्तो असहयोगात्मक रवैयामा एकातिर आफ्नै बलबुताको भरमा मात्र सम्पूर्ण सङ्घर्ष संचालन गर्नु पर्‍यो भने अर्कोतिर नेपालका मात्र नभएर आफू बसेकै शक्ति सम्पन्न देश भारतको गुप्तचरको समेत आँखा छलेर चल्नु पर्ने परिवेश सिर्जना भयो । त्यो स्थितिमा ओखलढुँगाको तयारी एवं अभियानका लागि परिचालन गरिँदा गोपनीयता कायम रहन सकेन । अनी वी.पी. ले जर्मनीबाट झिकाएका हातहतियारको सुइँको पाउना साथ भारतले पक्रेर सारा योजना एवं कार्यक्रम चौपट गरिदियो । परिणामस्वरूप एकातिर सङ्घर्ष लक्ष्यमा पुग्न सकेन भने अर्कोतिर वी.पी. लाई आफ्नो रणनीतिबारे पुनर्विचार गर्न बाध्य हुनुपर्ने अवस्था सिर्जना भयो ।

वी.पी. ले यो सङ्घर्षको संचालनमा अपनाउनु पर्ने उच्च सतर्कता र गर्नु पर्ने सूक्ष्म अध्ययन एवं तयारी पनि त्यति गरेको देखिँदैन । साधन स्रोत सम्पन्न राज्य व्यवस्था र त्यसका संचालक विरुद्ध बिना कुनै बाहिरी सहयोग हतियार उठाउने राजनेताले आफ्नो आह्वानमा जिउज्यानको पर्वाह नगर्ने योद्धाको सुरक्षाका लागि गर्नु पर्ने अध्ययन र अपनाउनु पर्ने सतर्कतातर्फ पूर्ण ध्यान दिएको पाइँदैन । खासगरेर यो कुरा ओलढुँगा अभियानका सन्दर्भमा भन्न सकिन्छ । किनकी सशस्त्र सङ्घर्षका संचालकले सर्वप्रथम अभियान स्थलको छनौट गर्दा नै सर्वपक्षीय अध्ययन गरी जानकारी लिनु पर्दछ । त्यसका आधारमा उक्त ठाउँमा पुग्ने प्रमुख मार्ग, प्रचलित बाटाघाटा, त्यहाँ पुगिने अन्य घुमाउरादेखि अप्ठ्यारा बाटाहरू, चोरबाटाहरू आदिको सम्पूर्ण सामरिक दृष्टिकोणबाट लेखाजोखा गरी योजना बनाउनु पर्दथ्यो । योजना बनाउँदा क्रान्तिकारी गुरिल्लाहरू पठाउने मार्ग, युद्ध सामग्री पठाउने मार्ग, जनसमर्थनका उपाय, गुरिल्लाहरूको सुरक्षाका उपाए, पथप्रदर्शनको व्यवस्था, रसद पानीको व्यवस्था आदि सबै पक्षको विचार गरी नक्सांकनसमेत गर्नु पर्दछ । यतिमात्र नभएर आफ्नो योजनाको पोल खुलेमा वा सेनाको शक्ति बढी भई आफ्ना गुरिल्लाहरू चेपुवामा पर्ने स्थिति आएमा लुक्न र भाग्न सकिने ठाउँहरू बारे पनि व्यापक अध्ययन गर्नु जरुरी हुन्छ । यसरी सर्वपक्षीय अध्ययन गरी योजना तयार गरेपछि मात्र अभियानमा जाने गुरिल्ला टोलीको कमाण्डरलाई सँगै जाने राजनैतिक कमिसारको उपस्थितिमा सम्पूर्ण योजना बुझाएर सन्तुष्ट भएपछि मात्र पठाउनु पर्दथ्यो । ओखलढुँगा अभियानको प्रारम्भदेखि परिणतीसम्मका घटनाक्रमहरूको विश्लेषण गर्दा वी.पी., गिरिजाप्रसाद कसैले पनि नगरि नहुने यसप्रकारको अध्ययन गरेको देखिँदेन । जसले गर्दा त्यो दुर्भाग्य व्यहोर्नु पर्‍यो । मानिसहरूले ज्यान गुमाउनु पर्‍यो ।

---

[२५१] (क) रामचन्द्र अधिकारीसँग २०५८ जेठ २ गते सामाखुसी काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) दुर्गा सुवेदी, उमेश गिरी, शैलजा आचार्यसँगका अन्तर्वार्ताहरू ।

[२५२] पुरुषोत्तम बस्नेत र उमेश गिरीसँगका अन्तर्वार्ताहरू ।

वी.पी. को आह्वानमा थालिएको सशस्त्र सङ्घर्षका संचालक गिरिजाप्रसादले गुरिल्लाहरूको छनौट गर्दा अपनाउनु पर्ने उच्च सतर्कता लगायतको विचार पुऱ्याउन सकेको देखिँदैन । राज्य एवं दरबारसँग नै सङ्घर्षका लागि सैनिक तयारीमा लागेको नेताले परीक्षणका विविध माध्यम अपनाएर मुक्ति योद्धाको चयन र परिचालन गर्न नसकेमा राज्य एवं दरबारका जासुसहरू सजिलै घुसि अपार क्षति र असफलताको माध्यम बन्दछन् । यस्ता कार्यका लागि जहाँ पनि राज्य एवं दरबार सक्रिय नै हुन्छ । ओखलढुंगा अभियानमा पनि सतर्कता अपनाउन नसक्दा राजा एवं दरबार, पंचायती व्यवस्था र भारतका जासुसहरू नेपाली कांग्रेसका शिविरसम्म नै पुगेर सम्पूर्ण जानकारी हासिल गरी पठाउनु पर्ने ठाउँमा पठाइ नै रहे । फलस्वरूप लिला, ठगि आदि रंगेहात पक्रिय भने अन्य विभिन्न ठाउँमा लुकाइएका हतियार समातिए । अर्को कुरा गुरिल्ला सेना निर्माण गर्दा कति प्रकारका जत्था बनाउने, कुन-कुन जत्थामा कुन-कुन जनजातिलाई राख्ने, नेतृत्व पंक्तिमा कसलाई राख्ने र राजनैतिक कमिसार कुनस्तरको व्यक्तिलाई बनाउने भन्ने बारेमा गरिनु पर्ने व्यापक तयारी पनि हुन सकेन ।[२५३] जसले गर्दा एकातिर नेतृत्वका लागि आन्तरिक मनमुटाव सुरु भयो भने अर्कोतिर घुसेका जासुसले भडकाउने मौका पाए । ओखलढुंगा अभियानमा यहि सतर्कताको अभावले गर्दा घुसपैठ गरेका जासुसमध्ये गोपाल राई, मनकुमार गुरुङ, गणेश धिमाल सारा रहस्य बोकेर जयनगरबाट नै वेपत्ता भए भने प्रस्थानपछि तुरुन्त नै ढाकबहादुर र दीप देवान आलटाल गर्दागर्दै भागे । भाग्ने क्रममा यी २ जनाले बोकेका हतियार, वाकिटकी, नक्सा, जानेहरूको नामावली लगायतका सबै सामान कमला नदीका किनारमा फ्याकेर हिंडनाले भोलिपल्ट बिहान गोठालाहरूले देखी खोतल्दा एउटा ग्रिनेड विष्फोट भई एक गोठालाको मृत्यु भएपछि त पुलिस पुगेछ अनि सबै रहस्य खुलिहाल्यो ।[२५४] जसको फलस्वरूप प्रशासन हुँदै राज्यले समेत सतर्क हुने मौका पायो । सङ्घर्षका सिपाहीलाई सहयोग पुऱ्याउन बीचमा आइपुग्ने र जनबललगायतका सहयोग पुऱ्याउने भनी खटिएका वालाराज र धनध्वजले धोखा दिने र ओखलढुंगाबाट परिस्थिति ठीक छैन भनी पठाएको समाचार पनि समयमै पुग्न सकेन ।[२५५] त्यतिमात्र नभएर अन्तिम समयसम्म साथै रहेको सरकारी गुप्तचर शमशेर बहादुरलाई चिन्न नसक्नु र ओखलढुंगामा स्थानीय व्यवस्था मिलाउन खटाइएको महेश कर्मोचा पनि गद्धार निस्कनुबाट पनि मुक्तिसेना निर्माणकर्ताले गर्नु पर्ने सूक्ष्म अध्ययन गर्न नसकेको देखिन्छ । जसले गर्दा मुक्ति योद्धाकै रूपमा आधार शिविरसम्म नै पुगेर विश्वासपात्र बन्न पुगेका सरकारी जासुसले समयमै सरकारलाई आक्रमण स्थल, संख्यालगायतका जानकारी दिएर दमनको पूर्ण व्यवस्था गर्न सजिलो बनाइदिए

[२५३] हरि नेपालसँग २०६० असार २८ गते तानसने पाल्यामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[२५४] उमेश गिरी, टिप्पणी संख्या १७८ (ख) ।

[२५५] जसधन राई, टिप्पणी संख्या १९२ (क) ।

भने ओखलढुँगा हिंडेका योद्धाहरूलाई परिस्थिति बिग्रेको थाहा भएर पनि भडकाउँदै र फकाउँदै डोऱ्याएर टिम्बुरबोटेको ओडारमा पुऱ्याइ सेना बोलाएर मृत्युको मुखमा धकेल्न सफल भए ।

ओखलढुँगाको चयन गर्दा वी.पी. ले शाही सेनाको शक्ति, साधन स्रोत र नेपाल सरकारले अवलम्बन गरेको नीति आदि बारे व्यापक अध्ययन गरी योजना निर्माण गरेको पाइँदैन । उनले त्यसबखतको नेपाली सेना भारतको सैनिक मिशनद्वारा प्रशिक्षित र अत्याधुनिक हातहतियार-हेलिकप्टर आदि साधन सम्पन्न छ भन्ने विर्सनु हुँदैनथ्यो । उनले ओखलढुँगाको व्यारेकका सेनाले आत्मसमर्पण गर्ने विश्वासका भरमा सीमित साधनमात्र दिएर राज्यको स्रोत साधन सम्पन्न सेनासँग लडन एउटा टोली त पठाए तर त्यसलाई सहयोग पुऱ्याउने र चेपुवामा परेमा बचाउने अन्य प्रबन्ध गरेको देखिँदैन । यसरी सहयोगको आश्वासनका भरमा टोली पठाउनु र तिनलाई अप्ठ्यारो पर्दैन भन्ने विश्वासका भरमा सफलता नै पाइन्छ भन्ने ठोकुवा जस्तै गरेर अभियानको जिम्मा दिनु उनको अदुरदर्शि कार्य थियो । जसको परिणामस्वरूप जासुसले सबै पोल खोलिदिए पछि अन्य कुनै सहयोग नहुँदा आत्महत्या गर्न जाउ भनेर पठाएभैं योद्धाहरू सेनाद्वारा घेरिएर समाप्त भए ।

सशस्त्र सङ्घर्षको निर्णय गर्दा वी.पी. ले सुवर्ण शमशेरलाई विश्वास पार्न नसक्नु पनि असफलताको कारण बन्यो । वी.पी. र सुवर्णबीच सुरुमा दवावमुलक कार्य गर्ने विषयमा सहमती भए तापनि त्यो स्थायी हुन सकेन र नीतिगत भिन्नता सुरु भयो । भारतले खास सहयोग नपुऱ्याउने स्पष्ट भएपछि वी.पी. आफ्नै देशमा आधारक्षेत्र बनाउने सोचमा पुगे । त्यसका लागि प्रबन्ध गर्न आर्थिक समस्या परेपछि समाधानका लागि उनले सुवर्णसँग कुनै सल्लाह नै नगरिकन विमान अपहरण गरेर रकम हात पारेपछि सुवर्ण तर्सिए । वी.पी. को यस कार्यबाट एकातिर सुवर्णको मेलमिलाप प्रयासमा ठूलो धक्का लाग्यो भने अर्कोतिर उनलाई तत्कालीन सरकारले पनि शंकाको दृष्टिले हेर्न थाल्यो । त्यो स्थितिमा उनी वी.पी. सँग नाखुस भएर हवाइ अपहरणलाई डकैतिको संज्ञा दिएर तिब्र निन्दा गरे । २०३० साल आषाढ २ गते कलकत्ताबाट एक वक्तव्य जारी गर्दै नेपाली कांग्रेस र हवाइ डकैती काण्डबीच कुनै प्रकारको सम्बन्ध रहन सक्ने सम्भावना नै छैन र यसमा नेपाली कांग्रेसलाई मुछ्न खोज्नु एक दुष्प्रयासमात्र हो[२५६] भनी अपहरणकारी आफ्नै नेतालाई डाकुको संज्ञा दिए । सुवर्णको यो वक्तव्यबाट २०१७ सालमा पटना अधिवेशनबाट निर्मित नेपाली कांग्रेसको आधिकारिक संगठनको धारणा विपरित वी.पी. को आन्दोलन संचालित रहेछ भन्ने प्रस्ट भएकाले कार्यकर्तामा विद्यमान एकताको भावना क्रमशः कमजोर हुन थाल्यो र पार्टीमा स्पष्ट रूपले दुई धार देखापऱ्यो । जसमध्ये सुवर्णको मेलमिलापवादी धारमा श्रीभद्र शर्मा, कृष्णप्रसाद भट्टराई, महेन्द्र नारायण निधि, सूर्यप्रसाद उपाध्याय आदि प्रभावशाली नेताहरू लागे भने वी.पी. को क्रान्तिकारी धारमा गणेशमान सिंह,

[२५६] (क) हवाइ डकैतीबारे श्री सुवर्ण शमशेरले दिनु भएको वक्तव्य, टिप्पणी संख्या १३५ (ख), पृ. १६ ।
(ख) *राष्ट्र पुकार,* २०३० साल असार ७ गते ।

भरत शमशेर, गिरिजाप्रसाद कोइराला, सरोजप्रसाद कोइराला आदि सक्रिय रहेर ध्वंशात्मक क्रियाकलापलाई निरन्तरता दिए ।

सङ्घर्ष स्थितिमा पार्टीभित्रको यो अन्तरविरोधले सङ्घर्षलाई गतिशिल हुन दिएन । सुवर्णको समूहले वी.पी. को सशस्त्र सङ्घर्षको निन्दा गर्न थाल्यो भने वी.पी. ले वास्ता नगरी गतिविधि जारी राखे । यसै क्रममा उनको समूहले राजालाई मात्र तर्साउने उद्देश्यले[२५७] २०३० साल चैत्र ३ गते विराटनगरमा राजा चढेको मोटरभन्दा करिब ४०० गज पर एक शक्तिशाली बम विष्फोटन गरायो । जुन घटनाको निन्दा गर्दै सुवर्णले २०३० साल चैत्र १२ गते काठमाडौँबाट जारी वक्तव्यमा ...यो आतंकवादी कार्यको कुनै पनि विवेकशिल व्यक्तिले निन्दा नगरी रहन सक्दैन...[२५८] भन्दै आफ्नो असहमती स्पष्ट गरे । यसरी आलोचना गर्दा पनि वी.पी. का क्रियाकलाप जारी नै रहेपछि सुवर्णले राजालाई स्थिति नियन्त्रण गर्न अनुरोध गर्दै २०३१ साल आश्विन २७ गते एक वक्तव्य (अपिल) सार्वजनिक गरे । जसमा ...प्रजातन्त्रको उपलब्धिका लागि हिंशा उपयुक्त साधन होइन र राजनैतिक उद्देश्य प्राप्तिका लागि कुनै पनि प्रकारको ध्वंशात्मक र आतंकवादी क्रियाकलाप पनि निन्दनीय प्रयास हो भनी समय-समयमा आफ्नो विचार व्यक्त गर्दै आएको छु र हिंसाको गलत बाटो लिएका आफ्ना केही साथीहरूलाई म पुनः यही कुरा दोहोऱ्याउन चाहन्छु... भन्दै सशस्त्र सङ्घर्षको निन्दा गरे ।[२५९]

सुवर्ण शमशेरको धारणालाई नजर अन्दाज गर्दै आएका वी.पी. ले सुवर्णद्वारा आफूलाई गलत बाटो लिएका भनेपछि सहन सकेनन् । तसर्थ उनले आफ्ना तरुणहरूको आवाजका रूपमा भूमिगत रूपले प्रकाशित तरुण पत्रलाई अन्तर्वार्ता दिँदै सुवर्णलाई जवाफ दिए । जसमा सुवर्णले मातृका प्रभृति अवलम्बन गरेको उल्लेख गर्दै ...२००७ सालमा प्रजातन्त्र प्राप्तिका लागि शस्त्र उठाएर नेतृत्व गर्ने सुवर्णले २०१८ सालमा म जेलमा थुनिदा पनि शस्त्र उठाएर व्यवहारमा हिंशात्मक माध्यमलाई स्वीकार गर्नुभयो, मेरो विचारमा प्रजातान्त्रिक तरिकाले स्थापित जनताको सरकार विरुद्ध हिंशाको प्रयोग उचित हुँदैन तर हिंशामा अडेको र अप्रजातान्त्रिक तरिकाले स्थापित सरकारका विरुद्ध शस्त्र उठाउनु न्यायोचित हो... भन्दै सुवर्णले के २००७ लाई अस्वीकार गर्नु हुन्छ ? २०१८ को आफ्नो कार्यलाई के आफ्नो गल्ति ठान्नु हुन्छ ?...[२६०] भनी प्रश्न गरिएको छ । यसप्रकार सङ्घर्षमा पार्टी नै दुई धार भएर मुख्य नेताबीच नै एकमत नहुनाले सङ्घर्षका हरेक गतिविधिमा एकजुट भएर सम्पूर्ण कार्यकर्ताले सहभागिता जनाउन

---

[२५७] गिरिजाप्रसाद कोइराला, टिप्पणी संख्या १७७ (ख) ।

[२५८] जनरल सुवर्णद्वारा विराटनगर विष्फोटनको निन्दा, टिप्पणी संख्या १३५ (ख), पृ. १७ ।

[२५९] (क) संकट जोगाउन श्री ५ बाट दरोकदम चालिबक्सनका लागि जनरल सुवर्णको अपिल, टिप्पणी संख्या १३५ (ख), पृ. १८-२१ ।
(ख) सुवर्णको वक्तव्य र पत्रपत्रिकाको धारणाका लागि *दिनमान*, भाग १०, अङ्क ४५, नयाँ दिल्ली : १९७४ नोभेम्बर १०, पृ. ४०-४१ ।

[२६०] विस्तृतिका लागि वी.पी. कोइरालाको अन्तर्वार्ता, *तरुण पत्र*, वुलेटिन नं. ८, लक्ष्मणराज खनाल आदि (सं.), जनकपुर : २०३१ कार्तिक ४ गते, पृ. ५ ।

सकेनन् र पार्टीको आन्तरिक विभाजन क्रमशः बढ्दै गयो । जसले गर्दा सङ्घर्ष लक्ष्य प्राप्तिमा पुग्न सकेन ।

उपरोक्त प्रमुख कारणहरूका साथै नेपाली कांग्रेसको सशस्त्र सङ्घर्षलाई प्रजातन्त्र पुनर्स्थापनाको महत्त्वपूर्ण कदम मानेर नेपाल कम्यूनिष्ट पार्टीले साथ नदिनु, पंचायती व्यवस्थाका समर्थकहरूले एकजुट भएर राजालाई साथ दिनु[२६१] त्याग समर्पणको भावना प्रशस्त भएका र मर्नका लागि किन्चीत डर नमान्ने युवाहरू प्रशस्त हुँदाहुँदै पनि युद्धकलाको तालिम लगायतका तयारी राम्रोसँग हुन नसक्नु,[२६२] अन्तर्राष्ट्रिय समर्थन एवं सहयोग प्राप्त नहुनु,[२६३] आफ्ना विश्वासपात्र मानिएकै नेतृत्व तहका व्यक्तिहरूबाट समेत धोखाधडी हुनु[२६४] आदि विविध कारणहरूले गर्दा सङ्घर्ष लक्ष्य प्राप्तिमा पुग्न सकेन ।

पूर्ण रूपले लक्ष्य प्राप्तिमा पुग्न नसके पनि प्रजातान्त्रिक आन्दोलनको इतिहासमा यो प्रतिरोध आन्दोलनले महत्त्वपूर्ण स्थान बनाउन भने सफल भएको छ । देशमा राजाको स्वेच्छाचारी शासनको प्रतिक पंचायती व्यवस्थालाई स्वीकार नगर्नेहरूको जमात प्रशस्त छ जसले त्यसका विरुद्ध हतियार बोकेर मर्न पनि डराउँदैन भन्ने मान्यता स्थापित गऱ्यो । यस्तै नेपाली कांग्रेस मुखले मात्र होइन सङ्घर्ष मार्गमा बढ्ने क्षमता भएको राजनैतिक दल हो भन्ने सिद्धान्त प्रमाणित गऱ्यो । योआन्दोलनले निर्माण एवं अवलम्बन गरेको क्रान्तिकारी मार्गले गर्दा क्रान्तिकारी भावनामा विश्वास गर्ने कार्यकर्ताहरू पलायन हुनबाट जोगिए । जो समय क्रममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेर अन्तमा शान्तिपूर्ण आन्दोलनको पक्षमा पार्टी पुग्ना साथ पार्टीसँगै समाहित भए । हतियारको माध्यमबाट स्थापित भएर हतियारको प्रयोगबाट जनआवाज बन्दगरि टिकेको सरकारलाई हतियारकै प्रयोगबाट मात्र फाल्न सकिन्छ भन्ने मान्यताअनुरूप विदेशी भूमिलाई आधार बनाउनु पर्ने बाध्यात्मक परिस्थिति पनि स्वीकार गरेर सशस्त्र सङ्घर्षमा लागेका वी.पी. लाई पनि यही आन्दोलनले बन्दुकको विकल्प खोज्न बाध्य बनायो । जसको अन्तमा उनी बन्दुकको विकल्प बन्दुकमात्र हुन सक्दैन र विदेशी भूमिबाट आन्दोलन गरेर लक्ष्यमा पुग्न सकिँदैन भन्ने तथ्यमा सहमत भई हातहतियार परित्याग गरेर नेपाल फर्किए । यसबाहेक ओखलढुँगा काण्डमा गरिएको सरकारी दमन र सशस्त्र सङ्घर्षका योद्धालाई त्यसपछि दिइएको मृत्युदण्डले गर्दा विश्व जनमतसमक्ष पंचायती प्रजातन्त्रको असली चेहरा स्पष्ट भयो । समग्रमा भन्नु पर्दा पंचायती प्रजातन्त्रको पर्दाफास गर्नु र वी.पी. लाई रणनीति परिवर्तन गर्न बाध्य बनाउनु नै यो प्रतिरोध आन्दोलनको महत्त्वपूर्ण पक्ष हो भन्न सकिन्छ । किनकी यसपछि पनि नेपाली कांग्रेसले नयाँ नीति एवं मार्गबाट नेपालभित्रै प्रजातान्त्रिक सङ्घर्षका कार्यक्रम संचालन गरी सम्पूर्ण परिवर्तनका लक्ष्यलाई निरन्तरता दिन सफल भयो ।

---

[२६१] त्रिरत्न मानन्धरसँग २०६० पौष २४ गते मानविकी डीन कार्यालय कीर्तिपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[२६२] रामचन्द्र पौडेल, टिप्पणी संख्या १४२ (क) ।

[२६३] शैलजा आचार्य, टिप्पणी संख्या १११ (क) ।

[२६४] नोना कोइराला र शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।

# अध्याय – तीन

## नेपाली कंग्रेस र मेलमिलाप नीति

### ३.१ पृष्ठभूमि

आधुनिक नेपालको राजनैतिक इतिहासमा राजा एवं जनता बीच मेलमिलापको वातावरण कायम गरी राष्ट्र उत्थानमा दुवै पक्षको साझा प्रयासले सार्थकता पाएको दृष्टान्त प्रमाणित भएको छ । सानो र विपन्न राज्य गोरखाको राजसिंहासन उत्तराधिकारमा प्राप्त गरेका राजा पृथ्वीनारायण शाहले जनतालाई सन्तान सरह मानेर निर्माण गरेको आत्मसातको भावनाका फलस्वरूप आधुनिक नेपाल निर्माण हुन पुगेको थियो । उनको यो भावनालाई समय क्रममा झन बलियो पार्न नसकिएपछि उत्पन्न राजनैतिक अस्थिरताका अन्तमा राणाशासनको उदय भयो । जसले अवलम्बन गरेको नीतिबाट विकसित वातावरणले गर्दा राजशक्ति र जनशक्ति बीच एकात्मक भावनाको विकास गरी राजा र जनता मिलेर राणा पारिवारिक शासनका विरुद्ध उत्रिने परिवेश निर्माण गरियो ।[२६५] जसका अन्तमा वैधानिकताको प्रतिष्ठाका लागि २००७ सालमा राजा र नेपाली कांग्रेस (ने.का.) मिलेर जुन क्रान्ति गरे त्यसले १०० वर्षभन्दा बढी समयदेखि राणाहरूले कायम गरेको अवैध तथा गैरकानुनी शासनको अन्त गऱ्यो ।[२६६] यसरी लामो कालखण्डपछि २००७ सालमा आएर मुलुकमा प्रजातान्त्रिक वातावरण निर्माण कार्यको शिलान्यास भयो । जसमा पृथ्वीनारायण शाहपछिका महानराजा त्रिभुवनले राजशक्ति र जनशक्ति बीच मेलमिलाप कायम गरी देशमा संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्था स्थापनार्थ ने.का. ले घोषणा गरेको लक्ष्यप्रति आफ्नो प्रतिवद्धता व्यक्त गर्दै "हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेका एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार होस् भन्ने हाम्रो इच्छा र निर्णय भएको"[२६७] उल्लेख गर्दै उदार राजनैतिक वातावरणको स्थापना गरे । फलस्वरूप नेपालमा राष्ट्रिय एकताका प्रतिक शाहवंशिय राजा एवं राष्ट्र निर्माणका प्रतिक नेपाली जनता आपसमा हातेमालो गरी राष्ट्र निर्माण कार्यमा अगाडि बढ्ने परिवेश पुनः प्रारम्भ हुन गयो ।

राजशक्ति र जनशक्ति बीच मेल कायम गरी राष्ट्र उत्थान गर्ने धारणामा बढेको ने.का. ले २००७ सालको परिवर्तनसँगै कठोर विरोध एवं असहयोगको सामना गर्नु पऱ्यो । किनकी देशमा

---

[२६५] वी.पी. कोइराला, "नेपाली कांग्रेस र राजा", *वी.पी. वाद (जननायक वी.पी. कोइरालाका राजनीतिक लेख संग्रह)*, काठमाडौँ : जीवनचन्द्र कोइराला (सं./प्र.), २०५४, पृ. ६३ ।

[२६६] त्रिप्रसाद धौंभडेल, "२००७ सालको संझना तथा राष्ट्रिय मेलमिलाप", *समता,* अंक १, काठमाडौँ : सुदिप पाठक (सं./प्र.), २०३९, पृ. ५ ।

[२६७] वी.पी. कोइराला, "२००७ सालको शाही घोषणाको पृष्ठभूमि", टिप्पणी संख्या १, पृ. ५३ ।

परिवर्तनसँगै आफ्ना विशेष अधिकार खोसिएको सामन्तीवर्ग, तिनका सहयोगी एवं पिछलग्गुहरू मिलेर ने.का. विरुद्ध संगठित हुने र मौका खोजी-खोजी अप्ठ्यारोमा पार्ने गर्न थाले । यस्ता हरेक कार्यमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा दरवारको संलग्नता एवं प्रोत्साहन रहेको थाहा पाएर पनि ने.का. ले आफ्नो नीतिमा कुनै परिवर्तन नगरी राजासँग दवाव र आलोचनाद्वारा भन्दा मेलमिलापकै माध्यमबाट व्यवहार कायम राख्ने र राजाको विश्वास प्राप्त गरी समझदारीका आधारमा काम गर्ने रणनीतिलाई नै अवलम्बन गर्‍यो । ने.का. को यो सदासयतालाई राजा त्रिभुवनले आंशिक रूपमा कदर गरे तापनि उनी पछिका राजा महेन्द्रले भने प्रारम्भदेखि नै उपेक्षा गर्ने नीति लिए । परिणामस्वरूप २०१२ सालको प्रारम्भसँगै ने.का. ले राजशक्तिसँग मेलमिलाप बिना देश विकास सम्भव छैन भन्ने मुलभुत सिद्धान्तलाई परिवर्तन नगरे पनि राजाका गलत क्रियाकलापको विरोध गर्न थाल्यो । यसक्रममा यसले राजाको प्रत्यक्ष शासन, आलटाल गर्दै चुनावको तिथि लम्ब्याउने प्रयास एवं जनशक्तिप्रति राजाको वेवास्ता र पेलुवा नीति आदिका विरुद्ध संघर्षमा उत्रनुका साथै राजतन्त्रको बढ्दै गएको शक्तिप्रति संवेदनशील हुने नीति अवलम्बन गर्‍यो ।[२६८]

राजा त्रिभुवनको २००७ सालको प्रतिवद्धताअनुरूप राजा महेन्द्र अगाडि नबढ्ने संकेत प्राप्त हुन थालेपछि नेपाली कांग्रेसले संवैधानिक राजतन्त्रप्रतिको आफ्नो प्रतिबद्धता कायम राख्दै २००७ सालको क्रान्तिका उपलब्धिको जगेर्ना एवं संस्थागत विकासका लागि शान्तिपूर्ण आन्दोलन र पार्टी सुदृढीकरण अभियान अगाडि बढायो । राजाप्रतिको निष्ठालाई सर्वोपरी मानेर २००७ सालको क्रान्तिदेखि नै आफूलाई निरन्तर समाजवादी मार्गातिर अग्रसर गराउँदै आफ्नो क्रान्तिकारी छवि उच्च राख्न सफलता पाएको नेपाली कांग्रेसले[२६९] २०१२ सालमा आफूलाई समाजवादी पार्टी घोषणा गरेर विश्व समाजवादी आन्दोलनको एक सक्रिय सदस्यका रूपमा स्थापित गर्‍यो । २०१२ साल माघ १२ गते विरगंजमा आयोजित पार्टीको छैठौं राष्ट्रिय अधिवेशनमा नेपाली कांग्रेसले आफ्नो मुलभुत सिद्धान्त एवं राजाप्रतिको दृष्टिकोण अझै स्पष्ट गर्‍यो । जसमा समाजवादी घोषणापत्र प्रस्तुत गर्दै वी.पी. कोइरालाले “हामी देशमा आर्थिक र सामाजिक परिवर्तन ल्याउनका लागि समाजवाद चाहन्छौं, समाजवादको प्राप्ति प्रजातान्त्रिक मार्गबाट हुनुपर्दछ, प्रजातन्त्रको लागि श्री ५ लाई स्वीकारेका छौं र श्री ५ बाट पनि प्रजातन्त्रको आवाजमा प्रतिध्वनित हुनै पर्दछ”[२७०] भन्दै राष्ट्र विकास एवं प्रजातन्त्र दुवैका लागि राजशक्ति र जनशक्ति बीच मेलमिलाप अपरिहार्य छ भन्ने सन्देश दिएका थिए । यसै सम्मेलनले विधिवत रूपमा घोषणापत्र पारित गरी संवैधानिक राजतन्त्र, निर्वाचित विधान सभाद्वारा व्यवस्थित

---

[२६८] वी.पी. कोइराला, *राजतन्त्र र लोकतन्त्र,* वाराणसी : समाजवादी विद्या संस्थान, १९७३, पृ. ४८-५५ ।

[२६९] रामचन्द्र पोखरेल, *प्रजातान्त्रिक समाजवाद ऐतिहासिक रूपरेखा,* काठमाडौं : अनुष्का प्रकाशन, २०६०, पृ. ६७ ।

[२७०] रामचन्द्र पौडेल, *प्रजातान्त्रिक समाजवाद एक अध्ययन,* काठमाडौं : सहजीवन प्रकाशन, २०४७, पृ. ३५ ।

प्रतिष्पर्धात्मक शासन प्रणाली समाजवादी अर्थ व्यवस्था, सर्वशुलभ निःशुल्क प्रारम्भिक शिक्षा.. आदिप्रति नेपाली कांग्रेसको स्पष्ट अडान रहेको उल्लेख गऱ्यो ।[२७१]

यस प्रकार राजालाई संकटकालिन अवस्थाका केही विशेष अधिकार प्रदान गरी देशको सर्वोच्च पदमा राखेर जनशक्ति एवं राजशक्तिको मेलद्वारा समाजवादी मार्गमा बढेर देश विकास गर्ने नेपाली कांग्रेसको प्रतिवद्धतालाई राजा महेन्द्रले नरुचाएको आभास पाइन्छ । तसर्थ उनले जनमुखी संगठनको स्पष्ट आधार नभएका संगठनात्मक स्वरूपबाट कहिल्यै सत्तामा पुग्न नसक्ने समूहहरूलाई काखि च्यापेर एकातिर नेपाली कांग्रेसको प्रतिवद्धताको तिरस्कार गर्न थाले भने अर्कोतिर निर्वाचित संविधान सभाद्वारा बनाइएको संविधानमा राजतन्त्रको भूमिका गौंण हुन्छ भन्ने हल्ला चलाउन थाले । त्यो स्थितिमा पनि आफ्नो प्रतिवद्धताबाट विमुख नभई नेपाली कांग्रेस संविधान सभाको चुनावका लागि शान्तिपूर्ण आन्दोलनमा उत्रियो । त्यो आन्दोलनले राजालाई चुनावको तिथि तोक्न बाध्य गराए तापनि राजाले संविधान आफूले दिने र त्यसका आधारमा संसदका लागि चुनाव हुने घोषणा गरी आफ्ना पिताद्वारा २००७ सालमा गरिएको मेलमिलापवादी घोषणाको विरुद्ध आफू उभिएको स्पष्ट गरे । राजाको यो घोषणाबाट धर्म संकटमा परेको नेपाली कांग्रेसले राजासँग मेलमिलाप कायम गरी देश विकासका आफ्ना कार्यक्रम कार्यान्वयन गर्ने अवसर प्राप्त गर्ने विश्वास लिएर संसदको निर्वाचनलाई स्वीकार गऱ्यो । वीरगंज महासमितिको वैठकमा यसबारे व्यापक छलफल गरियो र विविध कारणले संसदको निर्वाचन स्वीकार गर्ने निश्चय गरियो । त्यसपछि वी.पी. ले निर्णयलाई स्पष्ट गर्दै "राजाको घोषणा एवं चाहनामाथि अविश्वास गर्नाले देशको भविष्य अनिश्चित हुने भएकाले अविश्वास नगर्न र समस्या समाधानतर्फ लाग्न" आह्वान गरे ।[२७२] त्यसपछि चुनाव सम्पन्न गराउन नेपाली कांग्रेसका नेता सुवर्ण शमशेरको अध्यक्षतामा विभिन्न पार्टीका नेता सम्मिलित मन्त्री परिषद्को गठन भयो ।[२७३] जसले गराएको आमनिर्वाचनमा नेपाली कांग्रेसले अत्यधिक बहुमत ल्याएर सरकार गठन गरी राजासँग मिलेर काम गर्ने मूलनीतिअनुरूप कार्य दिशा निर्धारण गरेर अगाडि बढ्यो ।

आफ्नो सिंहासनारुढसँगै नेपाली कांग्रेसलाई नजरअन्दाज गर्ने नीति लिएर बढेका राजा महेन्द्र नेपाली कांग्रेसको चाहना एवं नीतिअनुरूप काम गर्न दिने पक्षमा नभएको कुरा त्यसपछिको घटनाहरूले प्रस्ट बनायो । आफ्नो सुत्रबाट कसैले पनि स्पष्ट बहुमत ल्याउन नसक्ने जानकारी पाएपछि गराएको आमनिर्वाचनमा आशा विपरित नेपाली कांग्रेसले अत्यधिक बहुमत ल्याएपछि बाध्य भएर सरकार गठन गर्न बोलाइ कार्यभार सुम्पेका राजासँग आर्थिक नीतिका

---

[२७१] विस्तृतिका लागि *नेपाली कांग्रेस षष्ठ राष्ट्रिय अधिवेशन वीरगंजको अवसर पर स्विकृत घोषण पत्र* (हिन्दीमा), १९८६, पृ. ८-१८ ।

[२७२] वी.पी. कोइराला, "१९ गतेको शाही घोषणा र वीरगंज महासमिति", टिप्पणी संख्या १, पृ. ६९-७२ ।

[२७३] रामचन्द्र पौडेल, *नेपाली कांग्रेसको संक्षिप्त इतिहास,* काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय प्रचार समिति, २०४७, पृ. १३ ।

सम्बन्धमा सर्वप्रथम मत भिन्नता सुरु भयो । किनकी सरकार गठनपश्चात कार्यक्रम निर्माण गर्दा वी.पी. ले नेपालको साधन स्रोतको अधिकतम परिचालनतर्फ जोड दिए । वास्तवमा वी.पी. देश विकासका लागि पूँजी जुटाउने क्रममा आन्तरिक स्रोतको अधिकतम परिचालन एवं सम्पत्तिका आधारमा करको दायरा वृद्धिमा बढी जोड दिनु पर्ने र बाहिरी सहयोगमा कम निर्भर हुनुपर्ने धारणा राख्दथे भने राजा महेन्द्र विदेशी सहायता प्राप्त भइरहेको र भविष्यमा पनि प्राप्तिको संभावना रहेकाले कर बढाउने पक्षमा थिएनन् ।[२७४] विदेशी सहयोग माथिको अत्यधिक निर्भरताले देशभित्र आमनागरिकभन्दा बढी समृद्ध अर्को वर्ग जन्मिने संभावना भएकाले आन्तरिक स्रोतमा बढी निर्भर रही योजना बनाउने पक्षमा वी.पी. थिए भने राजा महेन्द्र कर बढाउँदा राज्यका सम्पन्न वर्गलाई मर्का पर्ने ठान्दथे ।[२७५] नीतिगत भिन्नता स्पष्ट सुरु भएपछि पनि नेपाली कांग्रेसले राजालाई सहमत गराउने विश्वासमा क्रान्तिकारी सिद्ध हुने खालका कार्यक्रम प्रारम्भ गरी कार्यक्षेत्रमा बढ्यो । जसबाट देशभित्र एवं बाहिरसमेत नेपाली कांग्रेसको सरकारले लोकप्रियता हासिल गर्ने संभावना बढेपछि राजा महेन्द्र भित्रभित्रै निर्वाचित सरकार विरुद्ध सक्रिय भई षड्यन्त्रका तानाबाना बुन्न थाले । यसक्रममा उनले नेपाली कांग्रेसको मेलमिलापवादी भावना विपरित राज्यको सामन्तीवर्ग, अवसरवादी समूह, नोकरशाही सेना एवं प्रशासन र नेपाली कांग्रेसभित्रका अवसरवादी चरित्रका व्यक्तिहरूसँग साँठगाँठ गरी २०१७ साल पौष १ गते निर्वाचित सरकार अपदस्त गरी प्रधानमन्त्रीलगायतका राजनेताहरूलाई शाही सेनाको पहरामा राखेर सम्पूर्ण शासनाधिकार आफ्नो हातमा लिए ।

राजाको यस कदमबाट राजशक्ति एवं जनशक्ति बीच मेलमिलाप कायम गर्ने जुन सेतु निर्माणको प्रयासमा नेपाली कांग्रेस लागेको थियो त्यो समाप्त भयो । अर्थात राजाले नेपाली कांग्रेसको मेलमिलाप प्रयासलाई पाखा लगाएर आफू सर्व शक्तिमान भएको स्पष्ट गरे । फलस्वरूप वी.पी. कोइरालालगायतका राजनेताहरू बिना कसुर शाही कोपभाजनको शिकार बनेर लामो समयसम्म थुनिए तापनि यस दलले अवलम्बन गरेको राजाप्रतिको नीतिमा भने परिवर्तन आएन । यद्यपि वी.पी. ले २०१७ साल पौष १ गतेको राजाको कदमलाई एक राष्ट्रघाती र अवैधानिक कार्यको संज्ञा दिई त्यसबाट जनताका सम्पूर्ण जनतान्त्रिक अधिकार समाप्त गरेको निष्कर्ष निकाले तापनि[२७६] संवैधानिक राजतन्त्र र मेलमिलापबाट भने कहिल्यै विमुख भएको पाइँदैन । किनकी त्यसपछि पनि नेपाली कांग्रेस राजाको २०१७ को कदमबाट ध्वस्त भएको राजशक्ति एवं जनशक्तिलाई मिलाउने सेतु पुनर्निर्माण गरी सँगसँगै बढ्ने वातावरणको सिर्जनातर्फ सक्रिय रहेको पाइन्छ ।

---

[२७४] किरन मिश्र, *वी.पी. कोइराला एक परिचय,* नया दिल्ली : विश्व प्रकाशन, १९९४, पृ. ४९ ।

[२७५] *पूर्ववत्* ।

[२७६] वी.पी. कोइराला, *राष्ट्रिय एकताका निम्ति आह्वान,* वाराणसी : तरुण प्रकाशन, २०३६, पृ. ११ ।

२०१७ सालको कदमपश्चात पक्रिनबाट जोगिएका नेपाली कांग्रेसका नेता सुवर्ण शमशेरले राजा महेन्द्रलाई तर्साएर वार्ताको टेवुलमा ल्याई सम्पर्क सेतु पुनः जोडने मनसायले हिंसात्मक आन्दोलन संचालन गरे ।[२७७] त्यसबाट उत्पन्न परिस्थितिलगायतको अवस्थामा राजा महेन्द्र पनि आफूले ध्वस्त पारेको मेलमिलापरूपी सेतुलाई पुनर्निर्माण गर्नेतर्फ लागेको संकेत दिए । यसक्रममा उनले २०१९ सालको प्रारम्भमा व्रिटिश राजदुत स्कोप्सलाई सुन्दरीजल जेलमा वी.पी. समक्ष पठाइ मेलमिलापको थालनी गरे ।[२७८] जहाँ राजदुतले बी.पी. समक्ष राजा सहमती कायम गर्न उत्सुक रहेको जनाउँदै संविधान बनाउने मुडमा रहेका राजालाई मद्दत गरी उनलाई पंचायत शब्द रहेको संविधानको नाम लेख्न दिएर संविधानका प्रावधान लेख्न वी.पी. तयार भएमा मेलमिलाप कायम हुन सक्ने जानकारी दिए ।[२७९] जवाफमा वी.पी. ले आफू राजाको बन्दी भएको र बाहिरबाट सुवर्ण शमशेरले हतियार उठाएको हुँदा प्रथमतः उनैसँग कुरा गर्नु पर्ने र आफूले पनि सुवर्णसँग सरसल्लाह नगरी केही गर्न नसक्ने जानकारी दिएपछि यो प्रयासले मुर्तरूप लिन सकेन ।[२८०] यसपछि पनि वी.पी. ले मेलमिलापका माध्यमले राजासँग समझदारी विकास गर्ने उद्देश्यअनुरूप बन्दी गृहबाट पटक-पटक राजासँग पत्र व्यवहार गरे तापनि त्यसबाट खास कुनै उपलब्धि प्राप्त हुन सकेन ।

२०२४ सालको कार्तिक वा मंसिरतिर न्यायिक कार्वाहिको माग गर्दै बन्दीगृहमा नै गिरिजाप्रसाद कोइरालाले आमरण अनसन सुरु गरेपछि अनसनको २१ दिनका दिन गिरिजाप्रसादलाई मुक्त गरी राजा एवं वी.पी. बीच सम्वाद कायम गराउने जिम्मेवारी दिइयो ।[२८१] राजासँगको दर्शनभेटमा राजाले गिरिजासमक्ष सहमती कायम गर्नका लागि सर्वप्रथम नेपाली कांग्रेसले अगाडि सारेको संविधान सभाको निर्वाचनको माग फिर्ता लिएमा सबै सम्भव हुने आसय देखाएपछि गिरिजा त्यसको प्रयासमा लागे ।[२८२] उनले यसक्रममा आफ्ना स्रोतहरू मार्फत कलकत्तामा रहेका सुवर्ण शमशेरसँग सम्पर्क गरी राजाको आसय स्पष्ट गर्दै पार्टीको

---

२७७ (क) भोला चटर्जी, *प्यालेस पिपुल एण्ड पोलिटिक्स, नेपाल इन पर्सपेक्टिभ,* नया दिल्ली : अंकुर पब्लिसिङ हाउस, १९८०, पृ. १२५-१२७ ।
(ख) महेश्वरलाल श्रेष्ठसँग २०६० असार २ गते नारायणगढ चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

२७८ (क) गणेशमान सिंह, “राष्ट्रिय मेलमिलाप दिवशको महत्व”, *एकता,* अंक ३, तुलसीप्रसाद भट्टराई आदि (सं.), वाराणसी : नेपाल विद्यार्थी संघ विदेश क्षेत्र, २०४१, पृ. ६ ।
(ख) गणेशराज शर्मा (सं.), *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृतान्त,* ललितपुर : जगदम्बा प्रकाशन, २०५५, पृ. ३०१ ।

२७९ (क) *पूर्ववत्* (ख), पृ. ३०१-३०२ ।
(ख) गणेशमान सिंहसँग २०४४ माघमा भैरहवामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

२८० (क) *पूर्ववत्* ।
(ख) गिरिजाप्रसाद कोइरालासँग २०४४ माघमा भैरहवामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

२८१ (क) *पूर्ववत्* (ख) ।
(ख) शर्मा, टिप्पणी संख्या १४(ख), पृ. ३०९ ।

२८२ (क) *पूर्ववत्* (क) ।
(ख) गणेशमान सिंह, टिप्पणी संख्या १५(ख) ।

बैठकबाट सहमती कायम गराई वक्तव्य निकाल्न अनुरोध गरे ।[२८३] जसमा सहमत भएका सुवर्णले नेपाललाई उत्तरतर्फको साम्यवादी शक्तिबाट खतरा बढ्न गएको वर्तमान परिवेशमा राजालाई बिना शर्त सहयोग गर्न नेपाली कांग्रेस तयार छ भन्ने आसयको वक्तव्य तयार गरी पार्टीभित्र सहमती कायम गर्ने पक्षमा लागे तापनि अधिकांश नेताहरूले त्यसको विरोध गरेपछि त्यसलाई बाहिर ल्याउन सकेनन् ।[२८४]

सुवर्ण शमशेरबाट अपेक्षित कार्य हुन नसके तापनि राजा एवं गिरिजाप्रसाद बीच चलेको सम्वाद भने कायमै थियो । अत्यन्त गोप्यता साथ बढिरहेको मेलमिलाप वातावरण निर्माण प्रकृयामा अकस्मात एवं नाटकीय पाराले तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा र नेपाली कांग्रेसकै सूर्यप्रसाद उपाध्याय पनि संलग्न हुन पुगेपछि नाटकीय रूपले नै भारतीय राजदुतसमक्ष सबै गोपनीयता खुल्न पुग्यो । जसबाट रिसाएका राजा महेन्द्रले एकातिर गिरिजाप्रसादलाई राजदुतसमक्ष गोप्यता खोलेको आरोप लगाए भने अर्कातिर तत्कालका लागि सबै वार्ता भंग गरे ।[२८५] वास्तवमा त्यसबखत गिरिजाप्रसादले राजदुतसमक्ष कुरा पुऱ्याएको नभएर सूर्यप्रसाद उपाध्याय र सूर्यबहादुर थापाको मिलिभगतबाट त्यो सबै कुरा भएको संभावना वी.पी. ले नै उल्लेख गरेका छन् ।[२८६] यस्तै सूर्यबहादुरले कुनै कुटनैतिक चालअन्तर्गत त्यसो गरेको हुन सक्ने तर्क पनि पाइन्छ ।[२८७] त्यसपछिका घटनाक्रम नियाल्दा यी दुवै व्यक्तिले भारत सरकारको इशारामा राजा एवं वी.पी. बीच मेलमिलाप कायम हुन नदिने उद्देश्यले गिरिजा एवं राजा बीचका कुराकानी पत्ता लगाएर भारतीय राजदुतसमक्ष पुऱ्याएको र राजदुतले राजासमक्ष गिरिजालाई मुछेर सुनाएको संभावना बलियो बनाएकाले गिरिजाबाट गोप्यता भंग नभएको स्पष्ट देखिन्छ ।[२८८] जे भए तापनि त्यसबखतको त्यो घटनाबाट राजा महेन्द्र भारतको जानकारीमा वी.पी. कोइरालासँग मेलमिलाप कायम गरी अगाडि बढ्न चाहँदैनथे भन्ने अनुमान लगाउन सकिन्छ ।

गिरिजाप्रसादको प्रयास असफल भएपछि राजा एवं सुवर्ण शमशेर बीच मेलमिलाप कायम गराउने प्रयासमा लागिपरेका सूर्यप्रसाद उपाध्यायले राजालाई सामान्य संकेतसम्म दिन सहमत गराई सुवर्ण र राजा बीच सम्वाद सुत्रको काम गरे । जसअनुसार राजा महेन्द्रले जलेश्वरको आमसभाबाट मेलमिलापको संकेत दिएपछि २०२५ साल जेठ २ गते सुवर्ण

---

[२८३] (क) *पूर्ववत्* (क) ।
(ख) निलाम्बर पन्थीसँग २०५८ साल कार्तिक २६ गते कपन काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) अनिरुद्र शर्मासँग २०५८ मंसिर ८ गते माकर, नवलपरासीमा लिएको अन्तर्वार्ता ।

[२८४] (क) *पूर्ववत्* (क) ।
(ख) ज्ञानिशंकर गिरीसँग २०६० जेठ १४ गते जनकपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) वासुदेव रिसालसँग २०६० पौष २५ गते कुपण्डोल, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) योगप्रसाद उपाध्यासँग २०६० पौष २५ गते कुपण्डोल, ललितपुरमा लिएको अन्तर्वाताको रेकर्ड ।

[२८५] *पूर्ववत्* (क) ।

[२८६] शर्मा, टिप्पणी संख्या १४(ख), पृ. ३१० ।

[२८७] चटर्जी, टिप्पणी संख्या १३(क), पृ. १३१ ।

[२८८] व्रतराज आचार्यसँग २०६१ चैत १७ गते भानुचोक, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

शमशेरले पनि कलकत्ताबाट नै बिना शर्त राजालाई सहयोग गर्ने आसयको वक्तव्य दिए । जसबाट सूर्यप्रसाद उपाध्याय मेलमिलापको जस वी.पी. लाई नभएर सुवर्णलाई दिलाउन चाहन्थे र त्यसका लागि नै उनले राजा एवं गिरिजा बीचको वार्ता भाडेका थिए भन्ने स्पष्ट हुन्छ ।[२८९] जे भए तापनि सुवर्णको उक्त वक्तव्य पछि २०१७ सालको राजाको कदमबाट नेपाली कांग्रेस एवं राजा बीच ध्वस्त भएको मेलमिलापरूपी सेतु पुनर्निर्माणको बाटो खुलेकाले २०२५ साल कार्तिक १४ गते वी.पी. कोइराला एवं गणेशमान सिंहलाई मुक्त गरियो । कारामुक्तिपछि वी.पी. ले सुवर्ण शमशेरले दिएको अभिव्यक्ति वर्तमान नेपालका सन्दर्भमा यथार्थ एवं सत्य हो र यसलाई राष्ट्रिय एकताका लागि गरिएको एक प्रयास मान्नुपर्दछ भन्दै[२९०] सुवर्णको वक्तव्यको समर्थन गरे । यसबाट विकसित हुन थालेको राजनैतिक वातावरणमा राजाले एकातिर सुवर्ण शमशेरलगायतका राजनेता एवं कार्यकर्तालाई माफि दिएर मेलमिलापप्रति आफू सकारात्मक रहेको सन्देश दिए भने अर्कोतिर वी.पी. सँग सम्वाद बन्द गरेर तत्कालै कुनै सम्झौता गर्न तत्पर नरहेको संकेत दिए । राजाबाट तत्कालै वार्ताका लागि सहमती नपाए पनि सदैव राजशक्ति एवं जनशक्तिको मेल चाहने वी.पी. ले दर्शनभेटको प्रयासलाई जारी नै राखे । यसैक्रममा उनी वेलायतबाट फर्केका राजालाई भेट्न बम्बइको विमानस्थलमा पुग्दा त्यहाँ दुवै बीच क्षणिक भेट भयो । त्यो भेटलाई सम्वादमा बदल्ने मनासायबाट वी.पी. ले समय माग्दा यहाँ होइन पछि भेटुला भन्ने जवाफ प्राप्त भयो ।[२९१] यसबाट राजाले भेट्न नचाहेको आभास पाएर केही विचलित भएका वी.पी. विद्यार्थीहरूले आफूलाई गर्न लागेको अभिनन्दन ग्रहण गर्न दरभङ्गातर्फ लागे ।

दरभङ्गामा अभिनन्दन ग्रहण गरेपछि वी.पी. आफूसँग भेट्न विभिन्न ठाउँबाट आएका मित्र एवं कार्यकर्तासँग भेटघाट एवं विचार विमर्शतर्फ लागे । यसैक्रममा उनले रौतहटबाट आइपुगेका हितैषि कार्यकर्ता कुलचन्द्र कोइरालासँग भेटेर २०१७ सालपश्चातका आठवर्षको राजनीतिक गतिविधि, जनभावना आदि जान्न चाहे । कुलचन्द्रले पनि पंचायतको स्थिति, राजाको स्थिति, विभिन्न व्यवस्थाको पंचायतीकरण, कार्यकर्ताको पलायन, पार्टीको स्थिति आदि स्पष्ट गरी यो अवस्थामा राजासँग विरोधमा उत्रेर सफल नहुने भएकाले राजाको चाहनाअनुसार मिल्न तपाईं सहमत नभए परिस्थिति राम्रो हुँदैन भन्दै बम्बइमा राजासँगको भेटमा के भयो ? भन्ने प्रश्न गरे ।[२९२] जवाफमा वी.पी. ले सामान्य भेट मात्र भएको र आफ्नो पनि राजासँग मिलेर काम गर्ने सोच भएको स्पष्ट गर्दै अब विराटनगरमा २ दिन बसेर काठमाडौं जाने विचार स्पष्ट गरे

---

२८९ *पूर्ववत्* ।

२९० *गोरखापत्र*, २०२५ साल कार्तिक १६ गते ।

२९१ (क) शर्मा, टिप्पणी संख्या १४(ख), पृ. ३१६-३१७ ।
(ख) शुशिल कोइरालासँग २०६० पौष २५ गते बुद्धनगर, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

२९२ कुलचन्द्र कोइराला, *पुर्ख्यौली इतिहासभित्र मेरा अतितका पानाहरू*, काठमाडौं : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५८, पृ. १४४-१४५ ।

।[२९३] तब कुलचन्द्रले विराटनगर गएमा कसैले के भन्लान कसैले के, तपाईंको आवेशमा आएर बोल्ने बानी पनि भएकाले र तपाईंको मुक्तिबाट राजासँग मिल्यो भने हामी समाप्त हुन्छौं भनी डराएका पंचले षड्यन्त्र गर्लान तसर्थ विराटनगर नगई सिधा काठमाडौं जानु राम्रो हुन्छ भनी[२९४] सल्लाह दिए । नभन्दै परिणाम पनि त्यस्तै भयो । किनकी दरभंगाबाट विराटनगर आएका वी.पी. लाई कुलचन्द्रको आशंका अनुरूप नै पंचायतका नेताहरूको षड्यन्त्रको सिकार बनाइयो । फलस्वरूप वी.पी. ले त्यहाँका जनसभाहरूमा पंचायती व्यवस्थाको आलोचनासँगै राजालाई पनि चुनौती दिन थालेपछि परिस्थिति विग्रदै गयो र मेलमिलाप कायम गर्ने संभावना झन टाढा हुँदै गयो । जसका अन्तमा वी.पी. समक्ष पुनः जेल वा निर्वासन मध्य एक रोज्नु पर्ने परिस्थिति उत्पन्न भएपछि उनी भारत निर्वासन रोज्न बाध्य भए ।

नेपाली कांग्रेसका अर्का नेता सुवर्ण शमशेर पनि वी.पी. र राजाका बीच सम्झौता गराउने पक्षमा रहेर काम गर्दै थिए । उनले वी.पी. छुटना साथ कलकत्तामा भएको भेटमा वार्ताको क्षण ल्याउनका लागि मिलेर काम गर्ने सहमती जनाएर काठमाडौंमा रहेका आफ्ना विश्वासी श्रीभद्र शर्मा र सूर्यप्रसाद उपाध्यायलाई प्रयोग गरी राजासँग मेलमिलापका लागि प्रयास पनि गर्दै थिए ।[२९५] तर त्यसबखत नेपालमा विद्यमान अविश्वास र आसंकाको वातावरण एवं तत्कालीन सरकारका प्रतिनिधिहरूको षड्यन्त्र आदिले गर्दा सुवर्णको प्रयासले सार्थकता पाउन सकेन । किनकी तत्कालीन प्रधानमन्त्री थापाद्वारा आफ्ना जासुस खटाएर वी.पी. लाई भडकाउने, कटनैतिक व्यक्तिहरूसँग मिलिभगत गरी राजालाई दवाव दिने, आफूले पनि तत्कालै वी.पी. सँग सम्झौता गरेमा सरकारको प्रतिष्ठामा आँच पुग्दछ भनी सल्लाह दिने र आर्थिक प्रलोभनका भरमा पत्रपत्रिकामा वी.पी. का भनाइ बङ्गयाउने एवं आलोचना गराउनेलगायतका कार्यहरू गरिए ।[२९६] यस बाहेक राजा एवं वी.पी. का बीच केही नीतिगत वेमेल पनि भएको आभास पाइन्छ । संभवतः राजा महेन्द्र पंचायती व्यवस्थाका आधारमा राष्ट्रिय एकता कायम गर्न चाहन्थे भने वी.पी. प्रजातन्त्रलाई राष्ट्रिय एकताको आधारशीला मान्दथे र प्रजातन्त्रको अभावमा यस्तो एकता सम्भव नहुने ठान्दथे ।[२९७] यसप्रकारको परिवेशमा राजा एवं वी.पी. बीच मेलमिलापको संभावना तत्कालका लागि न्यून भएपछि वी.पी. भारत प्रवाशलाई रोजेर बनारसमा बस्न थाले ।

---

[२९३] *पूर्ववत्*, पृ. १४५ ।

[२९४] *पूर्ववत्* ।

[२९५] (क) श्रीभद्र शर्मासँग २०५९ साल असार २२ गते कोटेश्वर, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) भागवत दुवेसँग २०६० जेठ १८ गते बहुअरी, पर्सामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) महेश्वरलाल श्रेष्ठ र वासुदेव रिसालसँगका अन्तर्वार्ताहरू ।

[२९६] (क) श्रीभद्र शर्मा र महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।
(ख) वावुराम रानासँग २०५८ कार्तिक ११ गते मंगलापुर, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[२९७] वलराम निरौला, "राष्ट्रिय मेलमिलापको परिप्रेक्ष्यमा विश्वेश्वरप्रसाद कोइराला", स्नातकोत्तर शोधपत्र (अप्रकाशित), इतिहास केन्द्रीय शिक्षण विभाग, त्रि.वि. कीर्तिपुर, २०४६, पृ. २४ ।

भारत प्रवाश पछि पनि वी.पी. ले राजासँग सम्वाद कायमै राखी सहमतीको प्रयासलाई निरन्तरता दिने काम गरे । तर नेपालका पंचायत समर्थकहरू, नेपाली कांग्रेसका विरोधीहरू, तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा, नेपाली कांग्रेसका सूर्यप्रसाद उपाध्यायलगायत भारतका केही कुटनीतिज्ञसमेत सहमती कायम हुन नदिनेतर्फ सक्रिय रहे । त्यसबाट उत्पन्न परिस्थिति एवं कटु अनुभवबाट वी.पी. मा पनि नजानिदो किसिमले रोष एवं आक्रोश बढ्दै गयो । यसरी आफ्नै देशबाट षड्यन्त्रात्मक परिवेश निर्माण गरी भारत निर्वासन रोज्न बाध्य पारिएका[२९८] वी.पी. लाई तत्कालीन परिवेशको अध्ययनका आधारमा पार्टीको आधिकारिक धारणा एवं लाइन विपरित गएर आफ्नै बुतामा पुनः एकपटक हिंशात्मक संघर्ष संचालन गरी राजालाई वार्तामा आउन बाध्य पार्नु पर्ने आवश्यकता महसुस भयो । परिणामस्वरूप पार्टीका कतिपय महत्वपूर्ण नेताहरू असहमत हुँदाहुँदै पनि मेरो धारणा पार्टीको आधिकारिक धारणा होइन भन्दै[२९९] सशस्त्र संघर्षको तयारी गरेर व्यवहारमा अवलम्बन गरे ।

यसरी हिंसात्मक संघर्षमा उत्रिए तापनि राजासँग वी.पी. ले सहमती कायम गर्ने प्रयासलाई भने छाडेका थिएनन् । यसक्रममा उनले आफूप्रति सहानुभूति राख्ने र राजा महेन्द्रसँग निकट सम्बन्ध रहेका नेपालका कुटनीतिज्ञहरूलाई राजा र आफ्ना बीच बन्द भएको सम्वादको ढोका खोल्न र सहमतिका लागि प्रयास गर्न प्रयोग गरे । तत्कालीन एक जना अंचलाधिशको सक्रियताले[३००] यसमा केही सकारात्मक संकेत देखिन थालेकै बेला २०२८ साल माघ १७ गते अकस्मात राजा महेन्द्रको निधन भएपछि प्रयासले मूर्तरूप लिन सकेन । राष्ट्रलाई परेको त्यो शोकको क्षणमा अत्यन्त मर्माहत भएका वी.पी. ले बनारसमा रहेका आफ्ना केही विश्वासी साथीहरूसँग समेत परामर्श गरेर तुरुन्त एक समवेदना सन्देश पठाउने निश्चय गरे ।[३०१] जसअनुरूप राष्ट्रलाई परेको संकटको यो दुःखद घडिमा सम्पूर्ण मतमतान्तरलाई विर्सिएर राष्ट्रको रक्षातर्फ लाग्नु पर्ने[३०२] र यसका लागि आवश्यक परस्पर सहयोगका लागि आफू तयार रहेको उल्लेख गरी श्री ५ वडामहारानी रत्ना एवं श्री ५ वीरेन्द्रसमक्ष समवेदना सन्देश पठाए ।[३०३]

पुराना वैमनस्यता एवं मतभेदलाई विर्सिएर राष्ट्र निर्माणका लागि राजशक्ति एवं जनशक्ति मिलेर बढ्नु पर्दछ भन्ने मान्यतामा आफू अझै पनि अडिग रहेको स्पष्ट पार्ने उद्देश्यले

---

२९८ (क) परमानन्द, *द नेपाली कांग्रेस इन एक्जाइल*, दिल्ली : युनिभर्सिटी बुक हाउस, १९७८, पृ. ५४-६१ ।
(ख) अशोक कोइरालासँग २०६० वैशाख २६ गते मधुमारा विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

२९९ (क) श्रीभद्र शर्मा, *वी.पी. सँगका केही संस्मरण*, काठमाडौं : एकता प्रकाशन, २०५७, पृ. १०१-१०४ ।
(ख) निलाम्बर पन्थी र श्रीभद्र शर्मासँगका अन्तर्वार्ताहरू ।
(ग) दामोदर उपाध्यायसँग २०६० जेठ १३ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

३०० डिल्लीरमण शर्मासँग २०५८ कार्तिक १३ गते मंगलापुर, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

३०१ डिल्लीरमण शर्मा, शुशिल कोइराला, महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।

३०२ गिरिजाप्रसाद कोइराला, डिल्लीरमण शर्मा र अशोक कोइरालासँगका अन्तर्वार्ताहरू ।

३०३ रामचन्द्र पोखरेल, *प्रजातन्त्रका महान सेनानी वी.पी. कोइराला (संक्षिप्त जीवनी)*, वाराणसी : भट्टराई बन्धु, प्रकाशन, २०४०, पृ. ८४ ।

पठाइएको उक्त सन्देशलाई यस पटक पनि नेपाल दरवारले वास्ता गरेन । जसबाट त्यो दुःखको घडिमा पनि वी.पी. को प्रयासले सार्थकता पाउन सकने । परिणामस्वरूप पिताको मृत्युसँगै सिंहासनारुढ हुन पुगेका राजा वीरेन्द्रबाट पनि परिवर्तनको कुनै संकेतसम्म नदिइएकाले राजा महेन्द्रसँग विकसित हुने संभावना देखिएको मेलमिलापको वातावरण पनि यसपछि समाप्त भयो । त्यो स्थितिमा पनि आशावादी बनेका वी.पी. ले आफ्ना केही मित्रहरूलाई सक्रिय बनाएर राजासँग मेलमिलापका माध्यमले समभ्रुदारी कायम गर्ने प्रयासमा लागे । वी.पी. को चाहनाअनुसार प्रसिद्ध भारतीय राजनेता जयप्रकाश नारायणले राजा वीरेन्द्रसँग पत्राचार गरे भने अष्ट्रेलियन कुटनीतिज्ञ एलेश बेब्लरले नेपालको भ्रमण नै गरेर विभिन्न राजनेताहरूसँग भेटी राय संकलन गरे ।[३०४] तर राजाबाट जयप्रकाश नायारायणलाई जुन प्रत्यूत्तर दिइयो त्यसबाट वी.पी. को प्रयास सफल नहुने र नयाँ राजा पनि एथास्थितितर्फ नै लाग्ने स्पष्ट भयो ।[३०५] यसरी राजाको सदासयताको विश्वास गरेका जनतामा राजाले आफ्ना पिताकै नीति अनुशरण गर्ने स्पष्ट भएपछि देशमा राष्ट्रिय सहमति कायम हुने वा राजशक्ति एवं जनशक्ति बीच मेल भएर परिस्थिति सुध्रिने संभावना न्यून हुनगयो ।[३०६]

यसप्रकार सबैको अनुमान एवं आशा विपरित नयाँ सोच एवं वातावरण युक्त पाश्चात्य शिक्षा ग्रहण गरी प्रशिक्षित भएका राजा पनि पुरानै बाटोमा हिडने संभावना प्रवल देखिएपछि नेपाली कांग्रेसको वी.पी. समूह भित्र रणनीति परिवर्तनका लागि दवाव बढ्न थाल्यो । जसले गर्दा वी.पी. पनि हिंशात्मक संघर्षबाट देशभित्रको कुनै क्षेत्र कब्जा गरी बलियो आधार क्षेत्र बनाएर संघर्ष संचालन गरी राजालाई वार्ताको टेवुलमा आउन बाध्य पारेर सहमति कायम गर्ने निश्चयमा पुगे । परिणामस्वरूप परिवर्तनका लागि ज्यानको बाजि लगाउन तत्पर रहेका तरुणहरूको सहभागितामा वी.पी. ले पुनः हतियार उठाएपछि ओखलढुंगामा जुन भिडन्त भयो त्यसमा शाही सेनाले कैयौं तरुणहरूलाई निर्ममता साथ मार्ने कार्य भयो ।

ओखलढुंगाको यो घटनाबाट नेपाली कांग्रेस एवं राजा दुवै पक्षलाई प्रभाव पार्ने कार्य भयो । किनकी यसबाट आफ्ना सम्पूर्ण योजना एवं नीतिमाथि पुनर्विचार नगरिनहुने परिस्थिति नेपाली कांग्रेसले महसुस गऱ्यो भने देशमा एथास्थिति नै कायम रहेमा अभ्रै डरलाग्दा घटना घटन सक्ने वास्तविकता राजालाई बोध गरायो । तसर्थ राजाले सर्वप्रथम २०३१ साल माघ २७ गते सर्वोच्च अदालतका प्रधानन्यायाधिशको अध्यक्षतामा संविधान सुधार आयोगको गठन गरी[३०७] आफू अब परिस्थिति सुधार्न तत्पर रहेको जानकारी दिए । राजा वीरेन्द्रले त्यसबखत

---

३०४ विस्तृतिका लागि जयप्रकाश नारायणले राजा वीरेन्द्रलाई र ऐलेश बेब्लरले वी.पी. लाई लेखेका पत्रहरू ।

३०५ विस्तृतिका लागि राजा वीरेन्द्रबाट जयप्रकाश नारायणलाई र जयप्रकाश नारायणले वी.पी. लाई लेखेका पत्रहरू ।

३०६ (क) निलाम्बर पन्थी, टिप्पणी संख्या १९(ख) ।
(ख) डि.पी. कुमार, *नेपाल यिअर अफ डिसिजन,* नया दिल्ली : विकास पब्लिसिङ हाउस, १९८०, पृ. १२५ ।

३०७ (क) लोकराज बराल, *नेपाल पोलिटिक्स अफ रेफरेन्डम,* नया दिल्ली : विकास पब्लिसिङ हाउस, १९८३, पृ. १८ ।
(ख) *गोरखापत्र,* २०३१ साल माघ २८ गते ।

वी.पी. सँग त होइन सूर्यप्रसाद उपाध्यायका माध्यमबाट सुवर्ण शमशेरसँग कुराकानी गरी सहमतिको बाटो खोल्नका लागि यो घोषणा गरेका संभावनालाई नकार्न सकिँदैन । किनभने २०२५ सालदेखि नै सदैव सम्झौता एवं समझदारीको विकासतर्फ लागिपरेका सुवर्ण शमशेर[३०८] ले राजाको यो घोषणालाई समर्थन गरेपछि राजाले पनि उनको चाहनाअनुसार संविधान सुधार आयोगमा उनको पक्षका श्रीभद्र शर्मालाई राखिदिएका थिए ।[३०९] आफ्नो घोषणा राजशक्ति एवं जनशक्तिको मेल कायम गर्नका लागि नै हो भन्ने कुरालाई राजा वीरेन्द्रले १० दिनपछि नै पुष्टि गरे । २०३१ साल फाल्गुण ७ गते प्रजातन्त्र दिवशका दिनको सन्देशमा राजाले आफूले सुधार र विकासको शृङ्खला अटुट रहनु पर्दछ भन्ने कुरामा जोड दिँदै आएको, संविधानमा समय अनुकूल सुधारका लागि आयोग गठन गरेको, आयोगले सबै क्षेत्रबाट सहयोग पाउने आशा गरेको[३१०] उल्लेख गर्दै नेपालका भाग्य निर्माता एवं नीति निर्धारक अरू कोही नभएर नेपाली नै हुन भन्ने घोषणा गरे ।

नेपालमा यसरी प्रारम्भ भएको संवैधानिक सुधार प्रकृयाको फलस्वरूप अब देशमा मेलमिलाप एवं समझदारीको वातावरण विकास हुन्छ र राजशक्ति एवं जनशक्ति एकै दिशामा सक्रिय हुने मौका मिल्दछ भन्ने आशा सर्वत्र व्याप्त भयो । त्यसैबखत भारतीय राजनीतिमा नयाँ किसिमको हलचल उत्पन्न भयो । जसको दमन गर्न इन्दिरा गान्धीले अकस्मात इमर्जेन्शी अर्थात संकटकाल घोषणा गरेर नेपाली कांग्रेसका गतिविधिमाथि समेत नियन्त्रण लगाउन थालिन । जसको प्रत्यक्ष असर नेपालको संवैधानिक सुधारमा पनि पर्न गएकाले सबैको आशा विपरित संशोधित संविधान झन कठोर भएर अगाडि आयो । २०३२ साल मंसिर २६ गतेका दिन राजाले एक सन्देशद्वारा पंचायती व्यवस्थालाई जनआकाक्षाअनुरूप बनाउने सोचका आधारमा संशोधन गरिँदै आएको छ भन्दै वर्गीय संगठन एवं गाउँ फर्कको व्यवस्थालगायतका पक्ष समाविष्ट संविधानको दोस्रो संशोधन जारी गरे ।[३११] यसरी आएको संविधानमा कम्यूनिष्ट प्रणालीको अत्यन्त शक्तिशाली अंग पोलिटव्यूरोसँग तुलना गर्न मिल्ने गरी गाउँ फर्क राष्ट्रिय अभियानलाई पंचायती राजनीतिको शक्तिशाली निकायका रूपमा समावेश गरियो ।[३१२] यसप्रकार संविधानद्वारा नै एकदलीय राजनीतिक सरकार स्थापना गरिनाले पंचायतभित्र रहेको सानो र थोरै मात्राको प्रजातान्त्रिक अभ्यास पनि

---

[३०८] पौडेल, टिप्पणी संख्या ९, पृ. २२ ।

[३०९] व्रतराज आचार्य, श्रीभद्र शर्मा र वावुराम रानासँगका अन्तर्वार्ताहरू ।

[३१०] श्री ५ को सरकार सूचना विभाग, *श्री ५ महाराजाधिराजबाट बक्सेका घोषणा, सम्बोधन तथा सन्देशहरू २०२८-२०३८*, काठमाडौं : २०३९, पृ. ११२ ।

[३११] *पूर्ववत्*, पृ. १४३-१४५ ।

[३१२] (क) रामकुमार दाहाल, *कन्स्टिच्यूशनल एण्ड पोलिटिकल डेभलपमेन्टस् इन नेपाल*, काठमाडौं : रत्न पुस्तक भण्डार, सन् २००१, पृ. ४९ ।
(ख) व्रतराज आचार्य, टिप्पणी संख्या २४ ।
(ख) त्रिरत्न मानन्धरसँग २०६० पौष २४ गते कीर्तिपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

समाप्त भयो ।[३१३] जसबाट राजशक्ति एवं जनशक्ति बीच मेल कायम हुन नदिने कार्यमा अदृश्य शक्तिले दवाव दिएर राजालाई प्रभावित पारिरहेको कुरा स्पष्ट हुन गयो ।[३१४]

नेपालको राजनीतिमा यसप्रकार भारतको संकटकालका कारणले निरंकुशताका समर्थकहरू पुनः हावि हुने परिवेश सिर्जना भयो । अर्कोतिर भारतमा पनि इन्दिरा गान्धीको सरकारले नेपाली कांग्रेसप्रतिको नीतिमा झन कडाइ गर्दै लगेर गतिविधिहरू माथि रोक लगाउने गर्न थाल्यो । यसक्रममा वी.पी. बाहेकका नेपाली कांग्रेसका कार्यकताहरूलाई पक्रने, थुनछेक गर्ने, स्थान हद तोक्नेदेखि लिएर वी.पी. लाई पनि बनारसबाट दक्षिण भारतमा गएर बस्न भन्नेसम्मका कार्यहरू गरिए ।[३१५] अर्कोतिर त्यसबखत दक्षिणपूर्वी एशियाको राजनीतिमा अनेकौं हलचलपूर्ण घटनाहरू घटिरहेका थिए । भारतले सिक्किमलाई हडपिसकेको थियो भने नेपालमा पनि कम्यूनिष्टहरूको प्रभाव एवं चकचकी बढिरहेको थियो । २०१७ साल पछिका नेपालका सरकारहरूले कम्यूनिष्टहरूलाई नेपाली कांग्रेस विरुद्ध प्रयोग गर्ने मनसायले काखि च्याप्ने कार्य गरेकाले राज्यका महत्वपूर्ण पदहरू अंचलाधिश, गाउँ फर्क आदिमा कम्यूनिष्टहरू पुगिसकेका थिए ।[३१६] जसबाट राष्ट्रियता माथि खतरा आउने संभावना स्पष्ट रूपमा देखापरेकाले वी.पी. यसतर्फ सोच्न बाध्य भए । उनी ओखलढुंगाको परिणतिबाट प्रजातन्त्रको लडाई बन्दुकबाट पूरा नहुने ठानी बन्दुकको विकल्पबारे सोच्न थालिसकेका थिए । त्यो अवस्थामा उनले समग्र विश्लेषण गरी परिस्थितिको मूल्याङ्कन गर्दा राजासँग मत भिन्नता राखी सदैव शंका गर्नाले र विदेशमा बस्नाले राष्ट्रियतामाथि खतरा पुऱ्याउने तत्व हावी भएको निचोड निकाली आफूले देशभित्र फर्कनु जरुरी भएको ठाने । वास्तवमा उनले तत्कालीन राष्ट्रिय एवं अन्तर्राष्ट्रिय वातावरण, राजनीति एवं गतिविधिको समग्र विश्लेषणबाट राष्ट्रिय एकता बिना नेपालमा उत्पन्न राजनैतिक संकटको समाधान नहुने स्पष्ट महसुस गरेका थिए । तसर्थ उनी प्रजातन्त्रका लागि आफूले उठाएको बन्दुक बिसाएर बिना शर्त नेपाल फर्कने र राजासँग मेलमिलाप एवं समझदारी कायम गरी शान्तिपूर्ण उपाएद्वारा प्रजातन्त्रको स्थापना र राष्ट्रियताको रक्षा गर्ने निश्चयमा पुगे । उनको यहि निश्चय नै नेपाली कांग्रेसको मेलमिलाप नीतिका रूपमा विकसित भयो । जुन समय क्रममा नेपाली कांग्रेसको प्रजातान्त्रिक आन्दोलनको प्रमुख रणनीतिमा परिणत भयो ।

## ३.२ मेलमिलाप नीतिको निर्णय र घोषणा

२०१७ सालको शाही कदमबाट २००७ सालदेखि राजासँग विकसित हुँदै आएको मेलमिलापको भावनामा आघात पुगे तापनि नेपाली कांग्रेस राजाप्रतिको धारणा एवं नीतिमा अडिग नै रह्यो । केही दवावमुलक कार्यक्रमद्वारा राजालाई मेलमिलापको मार्गमा ल्याउने

---

[३१३] *पूर्ववत्* (ख) ।

[३१४] कृष्णप्रसाद भट्टराईसँग २०४४ माघमा स्याङ्गजामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[३१५] गिरिजाप्रसाद कोइराला, शुशिल कोइराला, निलाम्बर पन्थी, योगप्रसाद उपाध्यायसँगका अन्तर्वार्ताहरू ।

[३१६] देवेन्द्र नेपालीसँग २०६० जेठ २१ गते काठमाडौं वानेश्वरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

उद्देश्यले संचालित कार्यक्रम बाह्य कारणबाट असफल भएपछि सर्वप्रथम सुवर्ण शमशेरले २०२५ साल जेठ २ गते राजालाई सहयोग टक्र्याउने वक्तव्य दिएर मेलमिलाप नीतिको घोषणा गरे । उनको यो नीतिले जेलभित्रका राजबन्दी छुटाउने र प्रवाशमा रहेका नेता एवं कार्यकर्तालाई माफि दिलाउनेभन्दा बढी उपलब्धि प्राप्त गर्न सकेन । अर्कोतिर जेलमुक्तिपश्चात राजासँग मेलमिलाप कायम गर्ने प्रयास असफल भएपछि भारत प्रवाशलाई रोजेका वी.पी. ले त्यसपछिका ८ वर्षसम्म भारतबाट नै २००७ सालको क्रान्तिका उपलब्धि पुनर्स्थापनाको प्रयास गरे । जसमा सफलता प्राप्तिको संभावना विविध कारणले नदेखिएपछि २०३३ सालको प्रारम्भतिर उनी नेपाल फर्कने निश्चयमा पुगे ।

वी.पी. ले नेपाल फर्कने निश्चय गरे तापनि आफ्ना सहकर्मी मित्र एवं कार्यकर्ताहरूलाई सहमत गराएर व्यवहारमा उतार्न त्यति सजिलो थिएन । किनकी त्यसबखत नेपालको वातावरण अत्यन्त उत्तेजना पूर्ण स्थितिमा थियो । पंचायती राजनीतिमा कट्टरतावादी समूहको वर्चश्व थियो । जसले ओखलढुंगाको घटनापछि अप्रिय स्थितिको सामना बिना राज्य संचालन दुस्कर हुने संभावना देखेर उदारवादतर्फ ढल्कने राज इच्छालाई भारतमा इन्दिरा गान्धीले लगाएको इमर्जेन्शीलाई आधार बनाएर असफल बनाइसकेको थियो ।[३१७] फलस्वरूप संविधानको दोस्रो संशोधन अत्यन्त निराशाजनक स्वरूप लिएर आइसकेको थियो भने वी.पी. माथि प्राणदण्डको सजाय हुने प्रकृतिका सातवटा गम्भिर मुद्दाहरू नेपालका विभिन्न अदालतमा चलिरहेका थिए । सुवर्ण शमशेरको श्रद्धापूर्ण सहयोगका नाममा राजासँग मेल बढाउने प्रयासले सार्थकता पाउन सकेको थिएन । नेपाली कांग्रेस अर्थात वी.पी समूहलाई ठूलो समर्थनको नैतिक आधार दिने भारतका समाजवादीहरू इन्दिराको ईमर्जेन्शीका कारणले आफै संकटमा परेका थिए भने इन्दिरा गान्धीको धारणा झन सकारात्मक थिएन । त्यो अवस्थामा वी.पी. द्वारा आफूले नेपाल फर्कने निश्चय गरेको जानकारी गराउँदा निकटतम मित्रदेखि सामान्य कार्यकर्तासम्म कसैले पनि सजिलै सहमति जनाउलान भन्ने विश्वास उनलाई पनि थिएन । तर पनि सहमत गराउन सफल हुन्छु भन्ने कुरामा उनी विश्वस्त थिए भन्ने तथ्यलाई त्यसपछिका घटनाहरूले प्रमाणित गरेका छन् ।

आफ्नो नेपाल फर्कने निश्चयलाई सहयोगीसमक्ष राखेर अनुमोदन गराउने र निर्णयमा परिणत गर्ने सोचअनुरूप वी.पी. ले सर्वप्रथम आफ्ना भाइ गिरिजाप्रसाद कोइरालालाई आफ्नो निश्चयबारे अवगत गराए । सदाझैं बिहानको चिया पिइरहेको एक बिहानिमा उनले एकाएक म अब नेपाल फर्कदै छु भनी जानकारी दिएपछि गिरिजाप्रसादले तुरुन्त त्यसको प्रतिवाद गरे ।[३१८] भाइको प्रतिवादलाई स्वभाविक ठानेर नै होला त्यसपछि वी.पी. ले भारतको तत्कालीन स्थिति, इन्दिरा सरकारको संकटकाल र त्यसबाट सिर्जना गरिएको परिस्थितिमा नेपाली कांग्रेसको अवस्था, दक्षिण एशियाको राजनीति, नेपालको वातावरण एवं अवस्था र नेपाली कांग्रेसको

---

[३१७] देवेन्द्र नेपाली, टिप्पणी संख्या ५२ ।

[३१८] मिश्र, टिप्पणी संख्या १०, पृ. ८८ ।

दायित्व आदि स्पष्ट गर्दै आफूले अत्यन्त सुझबुझ साथ नै यो निश्चय गरेको तर्क दिए ।[३१९] सबै कुरा सुनिसकेपछि गिरिजाले सान्दाजुका तर्क समक्ष आफू कहिल्यै टिक्न नसकेको हुनाले यी तर्कहरूको पनि जवाफ दिन सक्दिन भन्दै उनको नेपाल फर्कने विचारसँग भने आफ्नो अन्तरात्मा सहमत नभएको स्पष्ट गरे ।[३२०]

वी.पी. ले त्यसपछि आफ्नो निश्चयबारे छलफल गर्ने र राय सल्लाह लिने तर्फ कदम चाले । सर्वप्रथम यसबारे गोरखपुरमा बस्दै आएका आफ्ना निकटतम सहयोगी गणेशमान सिंहसँग छलफल गर्ने उद्देश्यले उनलाई तुरुन्त बनारस बोलाए ।[३२१] वी.पी. को सन्देश पाउना साथ आइपुगेका सिंहलाई वी.पी. ले आफ्नो निर्णय सुनाएर राय माग्दा प्रारम्भमा सिंहले कुनै पनि हालतमा फर्कनु हुँदैन भन्दै उक्त निर्णयप्रति असहमति जनाए ।[३२२] सिंहले यसक्रममा वर्तमान परिस्थितिमा नेपाल प्रवेश गर्नु भनेको सरासर आत्महत्या गर्नु होइन र ? भनी प्रश्नात्मक रूपमा वी.पी. को निश्चयमा आफू सहमत नभएको स्पष्ट गरे ।[३२३] वी.पी. ले पनि तुरुन्त प्रश्नात्मक रूपमा त्यसको जवाफ दिँदै वर्तमान अवस्थामा हामी भारतमै बसिरहनु मन्द विष ग्रहण गर्नु अर्थात विस्तारै मर्नु होइन र ? भने पछि त्यसलाई खण्डन गर्न नसकेका गणेशमानलाई चित्त नबुझे पनि सहमति जनाउन करै लाग्यो ।[३२४] गिरिजाप्रसाद कोइराला, वेनीबहादुर कार्की आदिले पनि वी.पी. को निश्चय कार्यान्वयन गर्नाले वी.पी. को ज्यानै जान सक्दछ भनी असहमति जनाएपछि यसबारेमा भरत शमशेरको राय के हुन्छ बुझ्न भनी बेनीबहादुरलाई कलकत्ता पठाए ।[३२५] भरत शमशेरले वी.पी. को निश्चय ठीक छ भनी सहमति पठाएपछि वी.पी. ले एकातिर जोगवनी जान हिडिसकेका गिरिजाप्रसाद कोइरालालाई देवेन्द्र सिंहमार्फत पटनाबाट फिर्ता बोलाए भने अर्कोतिर गणेशमानलाई कलकत्ता पठाएर उनलाई पूर्ण सहमत गराउने जिम्मा भरत शमशेरलाई दिए ।[३२६] पटनाबाट फर्किएका गिरिजाप्रसाद बनारसमा आइपुग्ना साथ नेपालमा रहेका रामचन्द्र पौडेल, शुक्रराज शर्मा, श्रीभद्र शर्मा, अशोक कोइरालालगायतका आफ्ना विश्वास पात्र मानिसहरूसँग भेटवार्ताका लागि प्रवन्ध मिलाउन

---

[३१९] गिरिजाप्रसाद कोइराला, टिप्पणी संख्या १६(ख) ।

[३२०] मिश्र, टिप्पणी संख्या १०, पृ. ८८ ।

[३२१] (क) गिरिजाप्रसाद कोइराला, "राष्ट्र हित नै राष्ट्रिय मेलमिलाप", *मुकुट,* अकं १-२, विनय रावल आदि (सं.), ललितपुर : पुरुषोत्तम बस्नेत, २०४८, पृ. १११ ।
(ख) तुलसी भट्टराईसँग २०६० पौष २३ गते प्रज्ञाभवन, काठमाडौँमा लएको अन्तर्वार्ताको रेकर्ड ।

[३२२] गणेशमान सिंह, टिप्पणी संख्या १५(ख) ।

[३२३] गणेशमान सिंह, "प्रजातन्त्र र राष्ट्रियतामा वी.पी. सदा अटल रहनु भयो", *मुकुट,* अंक १-२, विनय रावल आदि (सं.), ललितपुर : पुरुषोत्तम बस्नेत, २०४८, पृ. १०८ ।

[३२४] *पूर्ववत्* ।

[३२५] राजेश गौतम, *नेपालको प्रजातान्त्रिक आन्दोलन र विद्रोही भरत शमशेर,* काठमाडौं : कृष्णमुरारी अधिकारी र श्रीराम श्रेष्ठ, २०६१, पृ. ९६-९७ ।

[३२६] *पूर्ववत्,* पृ. ९७ ।

लगाय ।[३२७] नेपालमै रहेका कृष्णप्रसाद भट्टराईलाई आफैले पत्र लेखेर वी.पी. ले म नेपाल फर्कने विचार गर्दै छु यसमा तपाईंहरूको राय-विचार के छ ? भन्दै स्पष्ट रूपमा राय पठाउन भने ।[३२८] त्यसपछि नेपाल सरकारको नीति बुझ्ने उद्देश्यले होला उनले सरकारबाट आजीवन कारावासको सजाय तोकिएका आफ्ना खुमबहादुर खडका, महादेव शाह आदि युवालाई अदालतमा पुगेर हाजिर हुने आदेशसहित काठमाडौँ पठाए ।[३२९] जो काठमाडौँ आएर दमननाथ ढुंगाना, कृष्णप्रसाद भट्टराई आदिसँग भेटेर सल्लाह माग्दा कसैले पनि सहजै हाजिर हुने सहमति नजनाएपछि एक विद्यार्थी रमेश शर्मासँग बाटो खर्च मागेर पुनः बनारस फर्किए ।[३३०] यसबाहेक वी.पी. ले देशभित्र एवं बाहिर रहेका महत्वपूर्ण मित्र एवं बुद्धिजीवीहरूसँग साथीहरूद्वारा गोप्य रूपमा सम्पर्क राखी राय सल्लाह लिने काम पनि जारी नै राखेका थिए ।

वी.पी. को यो निश्चयको जानकारी पाउना साथ समग्र नेपाली कांग्रेसभित्र व्यापक सनसनी एवं हलचल मच्चियो । वी.पी. को पत्र पाउना साथ काठमाडौँमा रहेका कृष्णप्रसाद भट्टराईले नेपालस्थित साथीहरूसँग वी.पी. को विचार स्पष्ट रूपमा अवगत गराउँदै राय बुझ्दा उहाँ माथि यत्रा ठूला-ठूला मुद्दा भएकाले यहाँ आएमा नोक्सानी हुन्छ भन्ने राय आएपछि त्यो सबै लेखेर दीर्घराजमार्फत वी.पी. समक्ष पठाए ।[३३१] यसैगरी चारैतिरबाट असहमतिका आवाजहरू नै बढी आउन थाले । प्रारम्भमा नेपाली कांग्रेसका कार्यकर्ताहरूको त कुरै छाडौं नेपाली कांग्रेससँग सामान्य सहानुभूतिसम्म राख्ने स्वदेशी एवं विदेशी विद्यार्थी, बुद्धिजीवी, राजनीतिज्ञ आदि कसैले पनि वी.पी. को यो निश्चयप्रति सहमति जनाउन तत्पर भएनन् । तर पनि उनी आफ्नो निश्चयमा अडिग रहेर सबैलाई सहमत गराउने प्रयासमा लागि भेट्ने, संझाउने र पत्राचारद्वारा स्थिति स्पष्ट गर्नेतर्फ लागे ।

वास्तवमा वी.पी. कोइराला एक यस्तो नेता थिए जसले आफ्नो मूल्याङ्कन गर्न कहिल्यै डर, त्रास, डाह मान्दैनथे र पहिलो आफ्नो नीति वा लाइनबाट सफलता नमिल्ने स्पष्ट हुना साथ त्यसलाई चटक्क छाडेर दोस्रो लाइन स्वीकार गर्न किन्चित लाज मान्दैनथे ।[३३२] तसर्थ नै उनले नेपाल फर्कने निश्चियसँगै निकै गहन चिन्तन एवं विश्लेषण गरेर एक आधार पत्र तयार गरिसकेका थिए । जसमा नेपाली कांग्रेसको सशस्त्र संघर्षबाट उत्पन्न परिस्थिति, नेपालको तत्कालीन राजनैतिक स्थिति, भारतको तत्कालीन शासन व्यवस्था र त्यसले सिर्जना गरेको परिवेश, दक्षिण एशियाको राजनीतिमा देखापरेको ध्रुवीकरणलगायतका विषयवस्तुहरूको समग्र

---

[३२७] (क) गिरिजाप्रसाद कोइराला, अशोक कोइराला, शुशिल कोइराला आदिसँगका अन्तर्वार्ताहरू ।
(ख) रामचन्द्र पौडेलसँग २०६० पौष १४ गते काठमाडौँ बालाजुमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[३२८] राजेश गौतम, *कर्म योगि राजनीतिज्ञ कृष्णप्रसाद भट्टराई*, काठमाडौँ : वी.पी. प्रकाशन, २०५७, पृ. ७६ ।

[३२९] रमेश शर्मासँग २०६१ साल असार २५ गते तौलिहवा, कपिलवस्तुमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[३३०] *पूर्ववत्* ।

[३३१] गौतम, टिप्पणी संख्या ६४, पृ. ७६ ।

[३३२] श्रीभद्र शर्मा, टिप्पणी संख्या ३१(क) ।

विश्लेषण गरिएको थियो । आफ्नो उक्त आधारपत्रलाई अत्यन्त गोप्यताका साथ आफ्नो सम्पर्कमा रहेका र देशको हित चाहने नेपालका बुद्धिजीवी, प्राध्यापक, राजनीतिज्ञ, उच्च तहका कर्मचारी, तरुण आदि समक्ष पठाएर समग्र अध्ययन गरी राय सल्लाह दिन अनुरोध गरेका थिए । त्यताबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएपछि उत्साहित भएका उनले त्यसपछि त्यहि आधारमा आफ्ना कार्यकर्ता एवं मित्रहरूलाई सहमत गराउनेतर्फ लागि अन्तर्क्रिया प्रारम्भ गरेका थिए ।

बनारसको सारनाथबाट पठाइएको वी.पी. को सन्देश पाउना साथ नेपालभित्र एवं बाहिर रहेका प्रजातन्त्रवादी तरुणहरू सारनाथमा जम्मा हुन थाले । वी.पी. को सिद्धान्तका आधारमा प्रजातन्त्र प्राप्ति अभियानमा लागेका यी तरुणहरूले त्यहाँ पुग्ना साथ सर्वप्रथम आफ्नो निश्चयमा पुनर्विचार गर्न वी.पी. समक्ष अनुरोध गरे । यसक्रममा त्यहाँ यत्रो क्रान्तिको आह्वान गरेर त्यसमा भाग लिएका यतिका साथीहरूले शहादत प्राप्त गरिसकेको अवस्थामा अब फेरी क्रान्तिको बाटो छाडेर राजासँग मेलमिलाप भन्दै देशभित्र जानु हुन्छ भने त्यो तपाईंको आत्मसमर्पण नै हो, तसर्थ तपाईंले यसरी बीचमै छाडेर क्रान्तिलाई अलपत्र पारेर जान मिल्दैन[३३३] भन्दै रोषपूर्ण किसिमले अभिव्यक्ति प्रकट गरे । तरुणहरूका सबै तर्क सुनिसकेपछि वी.पी. ले त्यसबखतको राजनीतिमा बढ्दो अमेरिका र रुसको चलखेल, साम्यवाद विस्तार अभियान, शक्ति विस्तारको होडबाजी, प्रजातन्त्रवादीको बहिर्गमनबाट साम्यवादीहरू राजाका नजिक पुगि राजतन्त्र हुँदै राष्ट्रियता समाप्त गरेका उदाहरण आदि स्पष्टसँग उल्लेख गरी नेपालको राष्ट्रियतामाथि खतरा बढेकाले हामी प्रजातन्त्रवादी राजासँग नमिलेको अवस्थामा राष्ट्रियता नरहने स्पष्ट गरे ।[३३४] तरुणहरूलाई सम्झाएर सहमत गराउन वी.पी. लाई धेरै मेहनत गर्नु परेको थियो र अन्तर्क्रिया ३ दिनसम्म चलेको थियो ।

दोस्रो दिन यसबारेमा सोच विचार गरेर आउने सल्लाहसहित पहिलो दिनको अन्तर्क्रिया समाप्त गरिएपछि वी.पी. ले सीमावर्ती क्षेत्रहरूमा कार्यकर्ता, बुद्धिजीवी आदिलाई बोलाएर छलफल गर्ने र राय संकलन गर्ने कार्यक्रम आयोजना गर्नका लागि देवेन्द्र नेपाली, उमेश गिरी, गिरिजाप्रसाद कोइराला आदिलाई जिम्मा दिए ।[३३५] भोलिपल्ट पनि जम्मा भएका तरुणहरूलाई राजा एवं नेपाली कांग्रेस नमिलि नहुने स्पष्ट गर्दै हामी फर्कनु अनिवार्य भएको छ भनी व्यक्तिगत रूपमा राय सोध्न थाले । जवाफमा प्रायः जसोबाट यत्रा डर लाग्दो ज्यानै जाने प्रकृतिका मुद्दा भएकाले निश्चयमा पुनर्विचार गर्न अनुरोध गरिएपछि गोविन्द कँडेलको बोल्ने पालो आयो । तब उनले आफू अन्तर्राष्ट्रिय परिवेश र नेपाली कांग्रेसको अन्तर्राष्ट्रिय सम्बन्धबारे

---

[३३३] (क) गणेशमान सिंह, "हाम्रो तयारी यसरी सुरु भएको थियो", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५१ पुष १९ गते, पृ. ३ ।
(ख) रामचन्द्र पौडेल, टिप्पणी संख्या ६३(ख) ।

[३३४] गोविन्द कँडेलसँग २०६० असार १२ गते अनामनगर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[३३५] (क) देवेन्द्र नेपाली र डिल्लीरमण शर्मासँगका विभिन्न अन्तर्वार्ताहरू ।
(ख) उमेश गिरीसँग २०६० जेठ १ गते तीनटोलिया, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

विज्ञ नभएको स्पष्ट गर्दै वर्तमान नेपालको शासन व्यवस्था अत्यन्त अनुदारवादी भएकाले तिनले तपाईंलाई फाँसीमा भुण्ड्याउने प्रयास गर्नेछन् जसमा अन्तर्राष्ट्रिय क्षेत्रबाट तपाईंप्रति चासो राखेर दवाव पर्‍यो भने उनीहरू असफल हुन्छन् नत्र.. भन्दै नेपाली कांग्रेसको अन्तर्राष्ट्रिय जगतसँगको कुटनैतिक सम्बन्धका आधारमा विचार पुर्‍याई निर्णय गर्न अनुरोध गरे ।[३३६] सबैका कुरा सुनिसकेपछि त्यस दिन वी.पी. ले पुनः एकपटक समग्र धारणा स्पष्ट गर्दै आफ्नो स्वदेश फर्कने निश्चय आत्मसमर्पण नभएर संघर्षको नयाँ मार्ग मात्र हो भनी[३३७] तरुणहरूलाई सहमत गराउने प्रयास गरे ।

तेस्रो दिन पनि यसै सन्दर्भमा विविध धारणाहरू राख्दै तरुणहरूलाई सहमत गराउने प्रयास गरे । जसबाट उनी आफ्नो निश्चयमा अडिग रहने स्पष्ट भएपछि तरुणहरूले भावी रणनीति निर्धारण गरेर मात्र जानु पर्ने राय दिए र सहमति जनाउने निर्णय गरे । त्यसपछि रामचन्द्र पौडेलले यदि नेपाल फर्कने नै हो भने सर्वप्रथम आफ्नो उद्देश्य के हो ? पार्टीको भविष्यको लाइन वा दिशा के हो ? आदि स्पष्टसँग उल्लेख गरी पार्टीको भावी रणनीति स्पष्टसँग निर्धारण गर्नु पर्ने र नेपाल पुग्ना साथ तपाईंलाई पक्रेर थुन्ने निश्चित भएकाले तपाईपछि पार्टी कसले चलाउने ? पार्टीको प्रजातान्त्रिक संघर्ष कसले चलाउने ? हामीले कसको नेतृत्वमा काम गर्ने ? आदि स्पष्ट गरेर नेतृत्व छनौट गरी घोषणा गरेर मात्र जानु पर्दछ[३३८] भनी पार्टीको पूर्ण व्यवस्था गरेर मात्र छाडन अनुरोध गरे । जसमा सहमति जनाउँदै वी.पी. ले नेपालमा रहेका कृष्णप्रसाद भट्टराईसँग सरसल्लाह गरेर यसबारेमा निश्चय गर्ने जनाउँदै उनलाई काठमाडौँ गएर तुरुन्त बनारस पठाउने जिम्मा दिएर रामचन्द्र पौडेललाई बनारसबाट बिदा गरे ।[३३९] बनारसबाट सन्देशसहित फर्कने क्रममा पौडेलले जनकपुर, वीरगंज, नारायणगढ आदि ठाउँहरूमा रहेका विश्वासी कार्यकर्ताहरूलाई भेटेर वी.पी. को सन्देश सुनाई काठमाडौँ पुगेर भट्टराईलाई वी.पी. को खबर सुनाउँदा उनले म अहिले भारत जान्न भनी जान मानेनन् ।[३४०] जसले गर्दा कृष्णप्रसाद भट्टराईलाई पार्टी संचालनको जिम्मेवारी दिएर जाने वी.पी. को सोच तत्कालका लागि पूरा हुन सकेन ।

वी.पी. ले यसरी बिना शर्त नेपाल फर्कने निश्चय गरी निर्णयमा बदल्नका लागि राय सल्लाह लिने, छलफल अन्तर्क्रिया गर्नेलगायतका कार्य प्रारम्भ गरिसक्दा पनि सुवर्ण शमशेरसँग कुनै पनि कुराकानी एवं सरसल्लाह गरेका थिएनन् ।[३४१] तर पनि सुवर्ण शमशेरले आफ्ना

---

[३३६] गोविन्द कँडेल, टिप्पणी संख्या ७० ।

[३३७] रामचन्द्र पौडेल, टिप्पणी संख्या ६३(ख) ।

[३३८] (क) रामचन्द्र पौडेल र तुलसी भट्टराईसँगका विभिन्न अन्तर्वार्ताहरू ।
(ख) मनमोहन भट्टराईसँग २०५८ पौष २३ गते नयाँ वानेश्वर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[३३९] रामचन्द्र पौडेल, टिप्पणी संख्या ६३(ख) ।

[३४०] रामचन्द्र पौडेल र महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।

[३४१] वासुदेव रिसाल र योगप्रसाद उपाध्यायसँगका अन्तर्वार्ताहरू ।

स्रोतबाट त्यो समाचार पाएपछि वी.पी. लाई काठमाडौं जानबाट रोक्ने प्रयास गरेका थिए । काठमाडौँ रहेका सुवर्ण समूहका मानिने सूर्यप्रसाद उपाध्यायले वी.पी. फर्कन खोजेको समाचार पाउना साथ वर्तमान नेपालको राजनैतिक वातावरणमा हदैसम्मको सजाय गर्ने सम्भावना भएकाले जसरी पनि रोक्नु पर्ने आसयको समाचारसहित ज्ञानिशंकर गिरीलाई सुवर्ण शमशेरसमक्ष कलकत्तामा पठाएका थिए ।[३४२] त्यो अवस्थामा २०२५ सालदेखि नै वी.पी. सँग असहमति राख्दै आएका कतिपय नेता एवं कार्यकर्ता पनि उनको उक्त निश्चयसँग सहमत थिएनन् । सुवर्णले आफ्ना निकटका सबैको राय बुझेपछि नै वी.पी. लाई रोक्ने प्रयास गरेका थिए । उनले राजासँग मेल कायम गर्न गरेको ठूलो प्रयासलाई राजाबाट वेवास्ता गरी केवल आश्वासनमा मात्र झुण्डयाइएकाले अब वी.पी. नेपाल जानु भनेको जेल जानु हुन्छ र नेता जेल गएपछि पार्टीलाई नेता छुटाउन ठूलो मूल्य चुकाउनु पर्दछ भन्ने मान्यताका आधारमा[३४३] रोक्ने प्रयास गरेका थिए । तर उनको प्रयासले पनि वी.पी. को निश्चयलाई डगमगाउन सकेन ।

कुनै पनि हालतमा आफ्नो निश्चयलाई अनुमोदन गराउने सोचमा पुगेका वी.पी. ले सारनाथको अन्तर्क्रियापछि आफ्नो ध्यान सीमावर्ती क्षेत्रहरूमा अन्तर्क्रिया एवं छलफल गराउने र भारतका आफ्ना मित्रहरूसँग पनि राय सल्लाह लिनेतर्फ केन्द्रित गरे । यसक्रममा देवेन्द्र नेपालीले भारतका बनारस, दिल्लीलगायतका स्थानहरूमा वी.पी. का धेरै मिटिङहरू आयोजना गर्ने, वी.पी. एवं कार्यकर्ताहरू बीच प्रश्नोत्रर गराउने, वी.पी. को अनुपस्थितिमा पनि सिमान्त क्षेत्रहरूमा छलफल आयोजना गरी राय बुटुल्नेलगायतका कार्य सम्पादन गरे ।[३४४] वी.पी. ले पनि हरेक भेला एवं छलफलमा सकेसम्म आफै पुग्ने र नसके आफ्नो मूल सन्देश पठाएर राय माग्ने काम गरे । यसक्रममा उनले हरेक ठाउँमा आफ्नो कदमबाट ज्यानको कुनै खतरा नभएको, वर्तमानमा राजालाई पनि मेलमिलापको मार्गमा नबढिनहुने अवस्था सिर्जना भएकाले देश निर्माण एवं प्रजातन्त्र पुनर्स्थापना जस्ता कार्यमा राजाको सहयोग मिल्ने छ भन्नेमा आफू विश्वस्त भएको र आफ्नो यो कदमबाट इतिहासमा गहन प्रभाव पार्दै गएर देशको रक्षा, निर्माण र प्रजातन्त्र पुनर्स्थापनाका लागि काम गर्ने बाटो खुला गरिदिने तर्क दिएर प्रभावित पार्न खोजेका थिए ।[३४५] काठमाडौँबाट कृष्णप्रसाद भट्टराईको नकारात्मक धारणा आएपछि उनलाई पुनः पत्र लेखी आफूले पूर्णरूपले फर्कने निर्णय नै गरिसकेको जानकारी गराएपछि भट्टराईले निर्णय नै

---

३४२ ज्ञानिशंकर गिरी र भागवत दुवेसँगका अन्तर्वार्ताहरू ।

३४३ हेमराज अधिकारी (शास्त्री), *आजको नेपाल (प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास)*, काठमाडौं : श्रीमती चन्द्रकला अधिकारी, २०५८, पृ. ५०८ ।

३४४ देवेन्द्र नेपाली, टिप्पणी संख्या ५२ ।

३४५ (क) अशोक कोइराला, निलाम्बर पन्थी, वावुराम राना, तुलसी भट्टराईसँगका अन्तर्वार्ताहरू ।
(ख) गिरिराज आचार्यसँग २०६० जेठ ६ गते चतरा लाइन धरानमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) भुवनराज सुवेदीसँग २०५८ असार १० गते वानेश्वर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) वृखेश चन्द्रलालसँग २०६० जेठ १२ गते जनकपुर धाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) स्मृति नारायण चौधरीसँग २०६० जेठ १२ गते जनकपुर धाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

गरिसकेको भए जे परे तापनि त्यसलाई परिवर्तन नगरी आउनोस् मैले सकेको स्वागत गर्दछु भनी सहमति पठाएपछि[३४६] वी.पी. झन उत्साहित भए ।

कलकत्तामा पुगेका गणेशमान सिंहलाई भरत शमशेरले भारतको तत्कालीन राजनैतिक वातावरण र नेपाली कांग्रेसप्रति इन्दिरा गान्धी सरकारले अवलम्बन गरेको अपेक्षित नीति स्पष्ट गर्दै मौलिक अधिकारसमेत निलम्बित भएको देशमा आश्रय लिएर नेपालमा प्रजातान्त्रिक आन्दोलन चलाउने सोच कति सार्थक होला भन्ने तथ्य स्पष्ट गरेर आंशिक रूपमा सहमत गराए ।[३४७] त्यसपछि वी.पी. आफ्नो निश्चयलाई सार्वजनिक गर्नेतर्फ लागे । यसैबीच २०३३ सालको भाद्रतिर वाराणसी हिन्दु विश्वविद्यालयका विद्यार्थीहरूले वी.पी. को सम्मानमा एक कार्यक्रमको आयोजना गरे । जहाँ उनले मन्तव्य दिने क्रममा आफू अब भारतको प्रवाशलाई त्यागेर स्वदेश फर्कने मनस्थितिमा पुगेको कुरालाई सार्वजनिक गरे । उनको त्यो घोषणाले तुरुन्त नै अत्यन्त उत्तेजित वातावरण उत्पन्न गऱ्यो र उनको सम्मानमा आयोजित कार्यक्रम आलोचनात्मक कार्यक्रम जस्तै भयो । त्यसबखत त्यहाँ अध्ययनरत एकजना नेपाली विद्यार्थीका अनुसार वी.पी. ले उक्त कुराको घोषणा गर्ना साथ त्यहाँ उपस्थित नेपाली एवं भारतीय विद्यार्थीहरू आक्रोशित भएर "माफ गर्नुस् हामीले क्रान्ति पुरुष र सम्झौता विरोधी वी.पी. कोइरालालाई यो सम्मान कार्यक्रम आयोजना गरेका हौं एक सम्झौतावादी र निरंकुश तानाशाह समक्ष घुँडा टेक्ने नेतालाई होइन"[३४८] भन्दै तिब्र विरोध गरे । विद्यार्थीहरूको यो आक्रोशलाई हाँसी-हाँसी सामना गर्दै शान्त गराएर आफ्ना सम्पूर्ण धारणा राखी आंशिक रूपमै भए पनि तिनीहरूलाई सहमत गराउन त्यसबखत वी.पी. सफल भएका थिए ।[३४९]

वाराणसी हिन्दु विश्वविद्यालयको घटनापछि वी.पी. को सोचमा चारैतिरबाट सकारात्मक सन्देशहरू आउन थाले । देवेन्द्रप्रसाद सिंहलगायतका कतिपय भारतीय मित्रहरू, भारतका कतिपय विश्वविद्यालयका प्राध्यापकहरू आदिले भने अझै पनि नेपाल फर्कदा ठूलो खतरा छ भनेर रोक्ने प्रयास गरिरहेका थिए ।[३५०] अर्कोतिर वी.पी. का अनन्य मित्र गणेशमान सिंह नै पूर्णरूपले आफू पनि फर्कने मानसिकतामा पुगेका थिएनन् । उनले वी.पी. को मन्द विषको उक्ति र भरत शमशेरको तर्कलाई काटन नसकेर वी.पी. फर्कने कुरालाई माने तापनि सकेसम्म आफू उम्कने सोचमा भएकाले कार्यकर्ता माझ कुरा पुऱ्याएपछि आफूलाई नजानुस भन्छन् कि भन्ने धारणा वा आशा गरेका थिए ।[३५१] तसर्थ उनले वी.पी. समक्ष तपाईंले निर्णय नै गर्नु भयो भने तपाईंको प्रश्ताव साथीहरूका बिचमा राखेर राय लिइ साथीहरूबाट नै अन्तिम

[३४६] गौतम, टिप्पर्ण संख्या ६४, पृ. ७६ ।

[३४७] गौतम, टिप्पणी संख्या ६१, पृ. ९७ ।

[३४८] हरेकृष्ण शाहसँग २०६० वैशाख १२ गते भैरहवा बहुमुखी क्याम्पसमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[३४९] *पूर्ववत्* ।

[३५०] गिरिजाप्रसाद कोइराला र योगप्रसाद उपाध्यायसँगका अन्तर्वार्ताहरू ।

[३५१] गणेशमान सिंह, टिप्पणी संख्या १५(ख) ।

निर्णय गराउनु पऱ्यो भनी प्रश्ताव राखे ।[३५२] जसलाई वी.पी. ले सहजै स्वीकार गरेपछि रायलिनका लागि झापा, मोरङ्गका कार्यकर्ताहरूलाई फारवेशगंजमा, महोत्तरी, वारा, पर्सा, रौतहट, सप्तरीका कार्यकर्ताहरूलाई गोरखपुरमा भेला गराई अन्तर्क्रिया गरियो ।[३५३] जहाँ सबैजसोबाट जानु पर्दछ भन्ने राय आएपछि गणेशमान सिंहले वी.पी. मात्र एक्लै जानेकी म पनि जाने भनी प्रश्न गर्दा दुवै जनाजाने भन्ने राय आएपछि उनी पनि वी.पी. सँगै फर्कन सहमत भए ।[३५४] वास्तवमा कार्यकर्ताको रायलाई आदर गर्ने स्वभाव, वी.पी. को कुरा काटन नसक्ने बानी र पार्टीका वरिष्ठ नेताको निर्णय नकाटने अनुशासित चरित्रका कारणले गर्दा नै गणेशमान सिंह आफ्नो अन्तरात्माले स्वीकृति नदिँदा नदिँदै पनि नेपाल फर्कन तयार भएका हुन् ।[३५५]

यसप्रकार आफ्नो निश्चयमा सबैजसोलाई सहमत गराउन सफल भएपछि वी.पी. नेपाल फर्कने उपक्रममा लागि आफ्नो नीतिको घोषणा गर्न अग्रसर भए । आफूले दिनसमेत निश्चित गरिसकेपछि महेश्वरप्रसाद सिंहलाई बनारसमा बोलाएर तुरुन्त काठमाडौं पुगि कृष्णप्रसाद भट्टराईलाई म यो दिन आउने निश्चित गरेको छु भनी सूचना दिएर प्रतिक्रिया लिएर फर्कने जिम्मा दिए ।[३५६] जसलाई स्वीकार गरेका महेश्वरप्रसादले तुरुन्त काठमाडौं पुगि विश्वविद्यालयका विद्यार्थी वृखेश चन्द्रलाललाई लिएर भट्टराई कहाँ पुगि सम्पूर्ण सन्देश सुनाए । सुन्ना साथ भट्टराईले वी.पी. आउने तिथि निश्चित गरिसकेको भए हामीले सर्वप्रथम यसको जानकारी राजालगायत सबै जनालाई दिनु आवश्यक छ भन्दै सूचना नदिई आएका खण्डमा यहाँ गोप्य रूपमा षड्यन्त्रद्वारा हत्या गराइन्छ र सरकारीस्तरबाट वी.पी. आउने थाहै थिएन तसर्थ सुरक्षाको प्रवन्ध गर्न पाइएन भनिन्छ भने ।[३५७] तब ती २ जनाले कसरी सबैलाई जानकारी दिने त भनी जिज्ञाशा राख्दा भट्टराईले वी.पी. समक्ष गएर त्यहाँबाट मलाई वी.पी. द्वारा म यसरी यो दिन नेपाल फर्कदै छु भनेर तार गराउ, टेलिफोन गर्न लगाउ र अखबारहरूमा विज्ञप्ति गर्न लगाउ अनि आफै हल्ला हुन्छ[३५८] भने पछि ती दुवै बनारस फर्केर त्यो सबै जानकारी दिए । त्यसबखतको नेपालको राजनीतिक वातावरणमा असंभव भन्ने कुनै कुरा नहुनाले नै सायद भट्टराईले त्यस्तो भनेका होलान ।

---

३५२ (क) *पूर्ववत्* ।
(ख) तुलसी भट्टराई र स्मृति नारायण चौधरीसँगका अन्तर्वार्ताहरू ।
(ग) राजेश गौतम, *नेपालको प्रजातान्त्रिक आन्दोलन र गणेशमान सिंह,* काठमाडौं : वी.पी. प्रकाशन, २०६०, पृ. २५९ ।

३५३ (क) *पूर्ववत्* (ग) ।
(ख) रमेश शर्मा, गिरिजाप्रसाद कोइराला, गिरिराज आचार्य, अनिरुद्र शर्मा, निलाम्बर पन्थी, अशोक कोइराला, तुलसी भट्टराई आदिसँगका अन्तर्वार्ताहरू ।
(ग) रामकृष्ण ताम्राकारसँग २०६१ असार २० गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) शुक्रराज शर्मासँग २०५९ चैत्र २६ गते महेन्द्रपुल, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

३५४ (क) रामकृष्ण ताम्राकार, अशोक कोइराला, शुक्रराज शर्मा, निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।
(ख) *पूर्ववत्* (क) ।

३५५ तुलसी भट्टराई, टिप्पणी संख्या ५७ (ख) ।

३५६ वृखेश चन्द्रलाल, टिप्पणी संख्या ९१ (घ) ।

३५७ *पूर्ववत्* ।

३५८ *पूर्ववत्* ।

कृष्णप्रसादको उक्त सन्देशभित्र छिपेको भाव या संभावनालाई वी.पी. ले पनि स्वीकार गरेको देखिन्छ । किनकी उनले त्यसपछि आफ्नो एउटा अपिल तयार गरी आफू पुग्ने दिन काठमाडौँलगायत नेपालका विभिन्न भागमा वितरण गर्ने तारतम्यमिलाउने जिम्मा दिएर अशोक कोइरालालाई बनारसबाट पठाए ।[३५९] यसबाहेक दरभंगा, गोरखपुरलगायतका क्षेत्रमा कार्यकर्ताहरूलाई सम्बोधन गरेका क्यासेट, आफूले तयार गरेको आधारपत्र, पर्चा आदि सामग्रीहरू पनि विभिन्न व्यक्ति एवं राजनेताहरू समक्ष गोप्य रूपमा पठाइसकेका थिए ।[३६०] जसले गर्दा २०३३ सालको पौष लाग्दा नलाग्दै नेपालका विद्यार्थी, तरुण, बुद्धिजीवी, राजनीतिज्ञ आदिले वी.पी. को मेलमिलापवादी धारणालाई बुझिसकेका थिए र सर्वत्र नेपालमा उनी अब पक्का पनि फर्कन्छन् भन्ने हल्ला व्याप्त भएको थियो । यसरी नेपालभित्र आफ्नो निश्चय एवं धारणालाई सर्वत्र चर्चाको विषय बनाइसकेपछि उनले २०३३ साल पौष १४ गते पटनामा पत्रकार सम्मेलन गरी आफू अब नेपाल फर्कने जानकारी दिएर सार्वजनिक रूपमा नै मेलमिलाप नीतिको घोषणा गरे ।[३६१] त्यसको पर्सिपल्ट अर्थात पौष १६ गते देशवाशिका नाममा एक अपिल जारी गर्दै नेपाल फर्किए । मूल रूपमा आफू नेपाल फर्कनुका कारण बारे स्पष्ट गरिएको उक्त अपिलमा उल्लेख गरिएका कुराहरू उनकै शब्दमा-

> "... हाम्रो देश आज राष्ट्रिय संकटमा छ ... राष्ट्रिय अस्तित्व नै समाप्त हुने स्थिति आएको छ .. हाम्रो विचारमा अस्तित्वको संकट आइपर्नुको मुख्यकारण राष्ट्रिय एकताको अभाव हो, जसले गर्दा हाम्रो देशमा विदेशी तत्व कुचक्र चलाउन र नेपाललाई अन्तर्राष्ट्रिय षड्यन्त्रको अखाडा बनाउन सफल हुन थालेका छन् । ... हिजोसम्म हाम्रो संघर्ष जनताको प्रजातान्त्रिक अधिकारको निम्ति मात्र थियो ... नेपाली कांग्रेसलाई आज दोहोरो जिम्मेवारी आइपरेको छ । यो दोस्रो जिम्मेवारी हो देशको अस्तित्वको रक्षा गर्ने । ... प्रजातन्त्रको प्राप्ति र राष्ट्रको रक्षा दुवै जिम्मेवारी नेपालीले लिनु परेको छ । ... प्रत्येक राष्ट्रको इतिहासमा यस्तो घडि पनि आउँछ जब यसका वासिन्दाले आफ्नो ज्यानसमेत खतरामा हालेर यसको अस्तित्वको रक्षा गर्नु पर्दछ । ... राष्ट्रिय संकटको यो घडिमा हामी सबैले वितेका अप्रिय विवाद, अनुभव र मतभिन्नतालाई बिर्सेर र समाप्त गरेर एकताको सुत्रमा बाधिनु पर्दछ । ... मैले अवसर पाएका खण्डमा महाराजधिराजसमक्ष पनि आफूलाई लागेका कुरा राख्ने छु ... ।[३६२]

यसप्रकार २०२५ सालमा वार्ता संवादका आधारमा राजासँग समझदारी कायम गरेर मेलमिलापको मार्गमा बढ्ने प्रयास असफल भएपछि भारतको निर्वाशन रोजेर त्यहाँबाट हतियार उठाई कार्य सिद्धि गर्ने मार्गमा बढेका वी.पी. २०३३ सालमा आएर हतियारको विकल्प हतियार नहुने निश्चयमा पुगेर बिना शर्त हतियार परित्याग गरी आफ्ना सहयोगिसहित नेपाल फर्किए । वी.पी. नेपाल फर्कनु पर्ने बाध्यता तत्कालीन भारत सरकार (इन्दिरा गान्धी) ले उनलाई

---

[३५९] अशोक कोइराला, तुलसी भट्टराई, निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।

[३६०] व्रतराज आचार्य, टिप्पणी संख्या २४ ।

[३६१] पोखरेल, टिप्पणी संख्या ३९, पृ. ८६ ।

[३६२] विस्तृतिका लागि वी.पी. ले २०३३ साल पौष १६ गते जारी गरेको अपिल, हेर्नुहोस् ।
(क) शर्मा, टिप्पणी संख्या १४ (ख), पृ. ३३३-३३४ ।
(ख) कोइराला, टिप्पणी संख्या १२, पृ. ४-६ ।
(ग) *विश्व समिक्षा,* श्यामशरण थापा (सं.), काठमाडौं : २०५७, पृ. ८ ।

December 31 सम्ममा भारत छोड्नु पर्ने जानकारी गराएको थियो । त्यसैले उपरोक्त दिनमा पटनाबाट हवाई जहाजबाट काठमाडौं प्रस्थान गरे । सो समय पटनामा विदाई गर्ने भारतीय नेता जयप्रकाश नारायण थिए । राजासँग मेलमिलाप बढाउने कार्यका लागि शान्तिपूर्ण उपाय अवलम्बन गर्ने सोचअनुरूप यस पटक अवलम्बन गरेको नीतिलाई उनले राष्ट्रिय एकता एवं मेलमिलाप नीति भनेर परिचय दिने र व्याख्या गर्ने काम गरे । जुन समय क्रममा नेपाली कांग्रेसको प्रजातान्त्रिक संघर्षको मूल नीति बन्यो र यसले नेपालको राजनैतिक धरातलमा ठूलो हलचल ल्यायो ।

## ३.३ मेलमिलाप नीतिको औचित्य

२०२५ सालको जेलमुक्तिपछि राजासँग समझदारी बढाएर काम गर्ने वातावरणको पुनर्स्थापना गर्ने उद्देश्यले गरेका प्रयास सार्थक हुन नसकेपछि दवावमुलक कार्यद्वारा राजालाई मेलमिलापको मार्गमा आउन बाध्य पार्ने निश्चय गरी वी.पी. ले भारत प्रवाशलाई रोजेका थिए । २००७ सालको क्रान्तिका प्रमुख उपलब्धि पुनर्स्थापनाका लागि उनले त्यसपछिका ८ वर्षसम्म भारतबाट नै हतियार उठाउनेदेखि राजासँग विच्छेद भएको सम्वाद सुत्र जोडन खोज्नेसम्मका प्रयास गरे । तर वी.पी. ले आशा गरेअनुरूप भारतले कुनै सहयोग नगरेको मात्र नभई अनुपयुक्त व्यवहार गरेपछि र नेपाल दरवारले पनि उनीप्रति खासै चासो नदेखाएपछि उनको यो नीति सफल हुन सकेन । बरु राष्ट्रिय परिस्थिति एवं अन्तर्राष्ट्रि घटनाक्रमहरूमा आएका उतार चढावहरूले गर्दा नेपालको स्वतन्त्र अस्तित्वमाथि आँच आउन सक्ने सम्भावना उनले महसुस गरे । त्यो स्थितिमा २०३३ सालको पूर्व सन्ध्यासम्म पुग्दा नपुग्दै आफ्नो नीति परिवर्तन गर्नु जरुरी ठान्न पुगेका वी.पी. ले तत्कालीन परिस्थितिको विश्लेषण गरी यसबारे विचार विमर्श प्रारम्भ गरे । जसको अन्तमा प्रजातन्त्र पुनर्स्थापनाका लागि आफूले उठाएको हतियार परित्याग गरी मेलमिलाप नीतिको घोषणा गरेर २०३३ साल पौष १६ गते आफ्ना सहयोगीसहित बिना शर्त नेपाल फर्किए ।

उनले भारत निर्वासन रोजेदेखिको आठ वर्षको उक्त अवधिमा राजासँग समझदारी विकासका लागि अवलम्बन गरेका कुनै पनि नीति सफल हुन नसकेको, अन्तर्राष्ट्रिय परिस्थिति पनि आफ्नो अनुकूल नभएको र उनका विरुद्ध आक्रामक नीति अवलम्बन गर्दै आएको नेपाल सरकारले उनी विरुद्ध दायर गरेका प्राण दण्डसम्मका सजाय हुन सक्ने प्रकृतिका ७ वटा डर लाग्दा मुद्दाहरू चालिरहेको प्रतिकूल परिस्थितिमा पनि उनी किन बिना शर्त नेपाल फर्किए भन्ने महत्वपूर्ण प्रश्न देखा पर्दछ । जसको निराकरण गरी उनको कदम औचित्यपूर्ण भए नभएको स्पष्ट गर्नका लागि उक्त ८ वर्षको अवधिका राजनैतिक उतारचढाव एवं अन्तर्राष्ट्रिय घटनाक्रम आदिको समग्र विश्लेषण गरी मूल्याङ्कन गर्नु आवश्यक देखिन्छ । तसर्थ स्वदेश फर्कदा उनले जारी गरेको अपिल, उनीसँगै प्रवाशमा रहेका र काम गरेका लगायतका राजनेता एवं

विश्लेषकहरूका धारणा, बुद्धिजीवी पत्रकार आदिका विचार, आदिका आधारमा यसबारे प्रकाश पार्ने प्रयास गरिएको छ ।

२००७ सालमा जस्तै भारतबाट समर्थन प्राप्त गरी राजालाई मेलमिलापको मार्गमा आउन बाध्य पार्ने सोचअनुरूप भारत प्रवाशलाई रोजेका वी.पी. ले प्रारम्भमा भारतबाट पनि राजासँग समझदारीको प्रयास गरेका थिए । जसमा सफलता नपाएपछि सशस्त्र संघर्षको निश्चय गरी इन्दिरा सरकारसँग सहयोगको प्रयासमा लागे । नेपाल सरकारले विदेश जाने राहदानी नदिएपछि भारत सरकारको सहयोगमा राहदानी प्राप्त गरी यूरोप भ्रमणमा गएर आफ्नो भावी संघर्षको घोषणा गर्दै समर्थन जुटाउने प्रयास गरी भारत फर्किए । त्यसपछि आफ्नै स्रोत एवं साधनद्वारा हातहतियार संकलनतर्फ लागि केही हतियार जम्मा गर्न पनि सफल भए । त्यसबखत पाकिस्तानसँगको वैमनस्यताले सीमायुद्धसमेत लडिसकेको भारत सरकार पाकिस्तानलाई कमजोर नपारी नहुने निश्चयमा पुगेर त्यसका लागि पाकिस्तानको आयस्रोतको केन्द्रविन्दु मानिने पूर्वी पाकिस्तानलाई टुक्र्याउने निश्चयसँगै भित्रभित्रै कशरत गर्दै थियो ।[३६३] जुन कुराबाट संभवतः अन्जान रहेका वी.पी. आफ्नै किसिमले आफ्नो संघर्षको तयारी गर्दै थिए ।

आफ्नो योजना पूरा गर्न केही हतियार जम्मा गरिसकेका वी.पी. ले संघर्षको योजना बनाइरहेकै बेलामा अकस्मात पूर्वी पाकिस्तानमा शेख मुजिवरले नेतृत्व गरेको अवामी लिगले वंगलादेश निर्माणको घोषणा गरेर सशस्त्र विद्रोह प्रारम्भ गर्‍यो ।[३६४] आफ्नै योजनाबाट भएको भए तापनि अन्तर्राष्ट्रिय कारणले गर्दा वंगलादेश निर्माणको उक्त विद्रोहलाई तत्काल प्रत्यक्षतया सहयोग गर्न नसक्ने भएकाले इन्दिरा सरकारले नेपाली कांग्रेसले जम्मा गरेका हतियार सहयोग स्वरूप उपलब्ध गराउने प्रस्ताव अप्रत्यक्ष रूपले वी.पी. समक्ष पठायो ।[३६५] वंगलादेश स्वतन्त्रता आन्दोलनमा समाजवादीहरू नै लडिरहेकाले उनीहरू सफल भएमा आफ्नो संघर्षले पनि बल पाउने र सफलता मिल्ने संभावना वी.पी. ले देखेका थिए । अर्कोतिर वी.पी. ले जम्मा गरेका सबै हतियार विदेशी भएकाले वंगलादेश संघर्षमा तिनको प्रयोगबाट आफ्नो संलग्नता नदेखिने र काम पनि हुने सोचअनुरूप इन्दिरा सरकारले त्यो प्रश्ताव पठाएको अनुमान गरिन्छ ।[३६६] त्यो स्थितिमा जयप्रकाश नारायण एवं सोसलिस्ट इन्टरनेशनल मार्फत सहयोगको प्रश्ताव आएपछि वंगलादेशको स्वतन्त्रतापश्चात नेपालको संघर्षमा पनि उनीहरूले सहयोग पुर्‍याउने शर्तमा आफूले जम्मा गरेका

---

[३६३] शास्त्रदत्त पंत, *नेपालमा "रअ" को चलखेल,* काठमाडौं : ग्रामीण विकास प्रतिष्ठान, २०६०, पृ. ४५-४६ ।

[३६४] (क) देवेन्द्र नेपाली, मनमोहन भट्टराई, तुलसी भट्टराई, गणेशमान सिंहका अन्तर्वार्ताहरू ।
(ख) आमोदप्रसाद उपाध्यायसँग २०६० वैशाख २८ गते शहिद मार्ग विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) मेघप्रसाद उपाध्यायसँग २०६० जेठ १६ गते कपिलेश्वर धनुषामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[३६५] व्रतराज आचार्य, महेश्वरलाल श्रेष्ठ, योगप्रसाद उपाध्याय र शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।

[३६६] (क) देवेन्द्र नेपाली र मनमोहन भट्टराईसँगका अन्तर्वार्ताहरू ।
(ख) गोपालमान श्रेष्ठसँग २०६० आश्विन ७ गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

हातहतियारहरू पठाइदिए ।[३६७] जसबाट तत्कालका लागि काम बने तापनि पछि-पछि उत्पन्न परिस्थितिमा भारतीय सेनाले नै हस्तक्षेप गर्नु पर्‍यो र स्वतन्त्र वंगलादेशको अभ्यूदय त भयो तर वंगलादेश यथार्थमा पूर्णरूपेण इन्दिरा सरकारको मुट्ठिको माखो जस्तै भयो ।[३६८]

वंगलादेशको निर्माणपछि आशावादी भएका वी.पी. भारत सरकारबाट सहयोगको प्रयासमा लागे । त्यसै वर्ष अर्थात २०२८ साल श्रावण ३० (सन् १९७१ अगस्ट १५) मा आयोजित हुने स्वतन्त्रता दिवशको पूर्व सन्ध्यामा भारतीय (रेडियो) आकाशवाणिमा शुभकामना सन्देश दिनका लागि वी.पी. लाई आमन्त्रण गरियो । जसमा उनले स्वतन्त्रता दिवशको यो पावन अवसरमा भारतलाई बधाई एवं शुभकामना दिन्छु भन्दै-

> ... जसरी श्रीमती इन्दिरा गान्धीको नेतृत्वमा वंगलादेशको निर्माण भएको छ त्यसबाट भारतको स्वतन्त्रता प्रेम स्पष्ट भएको छ, स्वतन्त्रता प्राप्तिको यो अभुतपूर्व विजयमा भारतीय जनता तथा भारत सरकारलाई म बधाई सँगसँगै उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ... मैले पनि नेपालमा एक वर्षभित्र सशस्त्र क्रान्तिद्वारा निरंकुश राजतन्त्रको अन्त गरी प्रजातन्त्रको स्थापना गर्नेछु ...[३६९]

भन्ने उद्घोषसहित क्रान्तिका लागि सहयोगको अपिल गरे । त्यसको भोलिपल्ट अर्थात स्वतन्त्रता दिवशको उपलक्ष्यमा लालकिल्लामा आयोजित कार्यक्रममा सम्बोधन गर्ने क्रममा इन्दिरा गान्धीले आफ्नो विदेशनीति स्पष्ट गर्दै म आफ्नो अगलबगलका छिमेकी देशहरूमा प्रजातन्त्र देख्न चाहन्छु ...[३७०] भन्दै वी.पी. को क्रान्ति घोषणामा आफ्नो सहयोग रहने सन्देश दिइन् ।

त्यसबखत इन्दिरा गान्धी वी.पी. लाई सहयोगको बहानामा आफ्नो मुट्ठिमा पार्ने र नेपाललाई आफ्नो प्रभाव क्षेत्रमा रूपान्तरण गर्ने दाउमा रहेको आभास पाइन्छ । उनले आफ्नो उक्त चाहना पूरा गर्नका लागि नै वी.पी. भारत प्रवाशमा जाना साथ अत्यन्त बचेर काम गर्ने अर्थात वी.पी. समक्ष प्रस्ट रूपले केही न भन्ने र आफ्ना विश्वस्त मानिसमार्फत कुरा पुर्‍याउने काम गरेको देखिन्छ । हुन त भारतले नेपाललाई एउटा स्वाधिन र सार्वभौम राष्ट्रका रूपमा मान्यता दिने गरेको भए तापनि रक्षा र परराष्ट्र नीति सम्बन्धमा नेपालले भारतीय नीतिकै अनुशरण गर्नु पर्ने कुरामा नेहरुका पालादेखि नै निरन्तर दवाव भई आएको थियो ।[३७१] जसलाई नेपालका राजनेताहरूले नमान्दा विभिन्न राजनैतिक दुर्घटना भएका कुरालाई नजर अन्दाज गर्न सकिदैन । सदैव नेपालप्रति यही नीति भारतले अपनाउँदै आएकाले इन्दिराले पनि वी.पी. लाई

---

[३६७] (क) शर्मा, टिप्पणी संख्या १४ (ख), पृ. ३३१-३३२ ।
(ख) गणेशमान सिंह, "मलाई चित्त बुझेन तर जवाफ पनि थिएन", *साप्ताहिक पुनर्जागरण,* वर्ष १३, अंक ३५, प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५१ पुष १२, पृ. ३ ।

[३६८] (क) आमोदप्रसाद उपाध्याय, गोपालमान श्रेष्ठ, महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।
(ख) नारायण बरालसँग २०५८ असार ९ गते शंखमुल, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[३६९] हरेकृष्ण शाहसँग २०६२ जेठ ६ गते भैरहवा बहुमुखी क्याम्पसमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[३७०] *पूर्ववत्* ।

[३७१] शर्मा, टिप्पणी संख्या ३५ (क), पृ. ११४ ।

यसमा सहमत गराएर मात्र सहयोग गर्न चाहन्थिन र त्यसकै भूमिका बाँध्न प्रारम्भमा नरम नीति अपनाएकी थिइन् भन्ने कुरालाई यसपछिका घटनाहरूले पुष्टि गर्दछन् ।

विश्व राजनीतिमा चलेको शितयुद्धले ध्रुवीकरण बढाउँदै लगेपछि रुससँग २० वर्षे मैत्री सन्धि गरी भारतको स्थान उच्च बनाएको ठानेर चरम उत्कर्षमा रहेकी इन्दिराले वंगलादेशको उदयपछि वी.पी. लाई आफ्नो चाहनाअनुसार काम गर्ने आसय व्यक्त गरिन ।[३७२] उनले यसक्रममा नेपालको सुरक्षा तथा विदेश नीति भारतलाई सुम्पन अर्थात भारतको अनुशरण गरेर बनाउन वी.पी. तयार भएको खण्डमा उनले चाहेबमोजिम प्रजातान्त्रिक आन्दोलनमा सहयोग पुऱ्याउने र उपलब्धिमुलक अर्थात सफल बनाउने प्रतिवद्धतासहित प्रश्ताव पठाउने र दवाव एवं ताकेता दिने गर्न थालिन ।[३७३] आफ्नो प्रश्ताव स्वीकार गरेका खण्डमा इन्दिराले कश्मिरमा उग्रवादीहरूसँगबाट खोसेका सबै हतियार नेपाली कांग्रेसलाई उपलब्ध गराउने र भारतीय गोरखा पल्टनमा कार्यरत नेपालीहरूलाई आन्दोलनकारीका रूपमा प्रयोग गर्न दिएर वी.पी. को संघर्ष सफल बनाउने बचनवद्धता व्यक्त गरेकी थिइन् ।[३७४] यसप्रकार सहयोगको बहानामा नेपालले आफ्नो पृथक सुरक्षा नीति निर्माण नगरी भारतको सुरक्षा छाताभित्र आउनुपर्दछ भन्ने प्रश्तावलाई वी.पी. ले स्वीकार गर्ने कुरै भएन । किनकी उनले भारतले सुरक्षाका बहानामा सिक्किममा त्यसबखत मच्चाइरहेको उपद्रव र रक्षा व्यवस्था हातपारि स्वतन्त्रता हडप्न गरेको प्रयासलाई राम्रोसँग अध्ययन गरिरहेका थिए । तसर्थ उनले इन्दिराको प्रस्तावमा आफू सहमत हुन नसक्ने धारणा स्पष्ट गरेपछि त्यसो भए तिमी भारतमा बसेर चलखेल गर्न पाउँदैनौ भन्ने निश्चयसँगै अवरोध सिर्जना गर्न थालिन् ।

इन्दिराको आसय बुझेपछि उनीसँग सहयोग नपाउने स्पष्ट भएकाले वी.पी. आफ्नै बलबुतामा आन्दोलन गर्ने निश्चयमा पुगि समाजवादी मित्रहरूसँगबाट सहयोग जुटाउने प्रयासमा लागे । वंगलादेशका समाजवादीहरूले सहयोग गर्न खोज्दा इन्दिराले रोक लगाएपछि पनि आफ्नो पहिलाको प्रतिवद्धताअनुरूप भारत सरकारसँग कुनै सहमति नलिइकन दुई ट्रक हातहतियार पठाइदिए तापनि भारतीय सिमानामा ती ट्रकले प्रवेश गर्ना साथ भारत सरकारले

[३७२] (क) गिरिराज आचार्य, डिल्लीरमण शर्मा, वावुराम रानासँगका अन्तर्वार्ताहरू ।
(ख) ऋषिकेश तिवारीसँग २०५८ जेठ २६ गते मणिग्राम, रूपन्देहिमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[३७३] (क) गिरिराज आचार्य, "वी.पी. को मेलमिलाप प्रकरण-५", *पूर्व टाइम्स,* वर्ष १७, अंक ३१, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५६ फागुन २१, पृ. ३ ।
(ख) गंगाधर लम्सालसँग २०६० असार ३ गते भरतपुर चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) आमोदप्रसाद उपाध्याय, र गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।

[३७४] त्यसबखत वाराणसी हिन्दु विश्वविद्यालयको नेप्लीज स्टडिज सेन्टरमा नेपाल विशेषज्ञ मानिने प्राध्यापकहरूले इन्दिराले यसप्रकारका प्रस्ताव पठाएको र वी.पी. ले नमानेपछि उनीप्रति नीति परिवर्तन गरेको भन्ने चर्चा निकै चलाएका थिए । हरेकृष्ण शाह, टिप्पणी संख्या १०५ ।

समाइदियो ।[३७५] यस घटनाबाट इन्दिरा सरकार पूर्ण असहयोगमा उत्रेको थाहा पाएपछि क्रुद्ध भएका वी.पी. अब आफ्नै देशभित्र आधार क्षेत्र निर्माण गर्ने सोचअनुरूप बढेर काम गर्न थाले ।

भारतको स्वतन्त्रता आन्दोलनमा काम गर्दादेखिको निकटतम सम्बन्धका कारणले गर्दा भारतका समाजवादीहरूसँग वी.पी. को जुनस्तरको सम्बन्ध थियो त्यसलाई इन्दिराले पचाउन सकेकी थिइनन् । उनी खास गरेर जयप्रकाश नारायण, डा. राममनोहर लोहियो, आचार्य नरेन्द्रदेव जस्ता समाजवादी नेताका प्रिय मित्र भएकाले आत्मिए मित्रतामा बाँधिएका थिए ।[३७६] यिनीहरूसँगको मित्रता र त्यसबाट उत्पन्न परिवेशलाई २०१६ सालतिर नै नेहरुले त रुचाएका थिएनन् भने इन्दिराको पालामा झन रुचाउने कुरै भएन । किनकी यी समाजवादीहरूसँग इन्दिराको पनि मेल थिएन । त्यो स्थितिमा वी.पी. भारतको निर्वासनमा बसेर क्रान्तिको तयारी गर्न थाल्दा जयप्रकाशले इन्दिरालाई भेटेर सहयोग गर्न दवाव पनि दिएका थिए । वी.पी. र इन्दिराबीच कुरा नमिले पछि इन्दिराले भारतको आन्तरिक नीतिमा आफू लोकप्रिय हुने कदम चाल्न थालिन् । जसको मुख्य उद्देश्य समाजवादीहरूका आधार क्षेत्र भत्काउनु थियो । उनले विकासका नाममा गरिब जनतालाई आफ्नो पक्षमा ल्याउने रणनीतिको सिलसिलामा जन अधिकारको उपेक्षा गर्दै विकासको नारा दिएर अगाडि बढ्ने मान्यताअनुरूप कदम बढाइन ।[३७७]

यस्तो आन्तरिक नीतिले गर्दा भारतमा इन्दिरा सरकार विरुद्ध विरोधका आवाज उठन थालेपछि समाजवादीहरू पनि एकजुट भएर सक्रिय भई सरकार विरुद्ध अन्य राजनैतिक दल एवं समूहहरूसँग गठबन्धन गर्न थाले । फलस्वरूप इन्दिरा सरकार एवं समाजवादीहरू बीचको सम्बन्ध झन कटुतापूर्ण हुनुका साथै समाजवादीहरूको नेतृत्वमा सरकार विरोधि आन्दोलनको पृष्ठभूमि तयार भयो ।[३७८] जसको परिणामस्वरूप भारतमा इन्दिराको विरोध तिब्र रूपमा बढ्न थाल्यो जसको नेतृत्व अग्रिम पंतिमा रहेर जयप्रकाश नारायणले गर्न थाले ।[३७९] त्यो स्थितिमा इन्दिराले एकपटक वी.पी. लाई बोलाएर आफू र जयप्रकाश नारायणबीच एकता गराइदिन अनुरोध पनि गरेकी थिइन् ।[३८०] तर त्यस अगावै आफूलाई स्वार्थ सिद्धिको गोटी बनाउन खोजेको र हतियार समाति दिएको हुनाले सायद अन्तरात्माको आवाज सुनेर नै होला उनले यी दुई पक्ष बीच सम्झौता गराउने कुनै प्रयास गरेको देखिँदैन । बरु उनले विहारमा जयप्रकाशको आह्वान

---

३७५ सिंह, टिप्पणी संख्या १०३ (ख) ।

३७६ (क) दुर्गा सुवेदीसँग २०६० वैशाख २८ गते मधुमारा विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) गोपालप्रसाद शर्मासँग २०६० जेठ ८ गते धरानरोड विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) *वी.पी. नेपाल क्यों गये ? कोइराला कि अपिल,* वाराणसी : फ्रेण्डस अफ नेपाल एवं तरुण प्रकाशन, मिति नभएको, पृ. १८ ।

३७७ वृखेश चन्द्रलाल, टिप्पणी संख्या ८१ (घ) ।

३७८ (क) शुक्रराज शर्मा, मनमोहन भट्टराई, देवेन्द्र नेपालीसँगका अन्तर्वार्ताहरू ।
(ख) शंकर उप्रेतीसँग २०६० जेठ २ मा शनिश्चरे अर्जुनधारा झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) सिंह, टिप्पणी संख्या १०३ (ख) ।

३७९ आचार्य, टिप्पणी संख्या १०९ (क) ।

३८० *पूर्ववत्* ।

एवं नेतृत्वमा संचालित एवं राजनीतिमा नैतिक मूल्य तथा सैद्धान्तिक मान्यतामा आधारित सम्पूर्ण क्रान्तिको आन्दोलनप्रति नै समर्थन प्रदान गरी त्यसका कतिपय गम्भिर पक्षमा सल्लाह एवं सहयोग दिने काम गरे ।[३८१] जसबाट रिसाएकि गान्धीको ध्यान नेपाली कांग्रेसका कार्यकर्ताहरू माथि नियन्त्रण बढाई क्रियाकलाप गर्न नदिने तर्फ केन्द्रित हुन थाल्यो । यसै बीच स्पष्टवादी विश्लेषक एवं राजनीतिज्ञका नाताले वी.पी. आफ्नो धारणालाई सार्वजनिक गर्न र वास्कविकता उजागर गर्न तर्फ लागे । भारतले उनका क्रियाकलापमाथि कठोर निगरानी सुरु गरी उनको सुरक्षाका बहानामा आफ्ना गुप्तचर तैनाथ गर्नेदेखि लिएर पुलिसको पहरामा मात्र हिड्डुल गर्ने नियम बनाइदियो । तर पनि चतुर वी.पी. ले आफ्नो सुरक्षामा खटिएका भारतीय प्रहरीलाई नै किनेर हातहतियार ओसार पसारलगायतका कार्यमा सहयोग लिन थाले ।[३८२] भारतीय सरकारसँग यस्तै खटपट चलिरहेकै बेलामा एकपटक लखनउमा जयप्रकाश नारायणको एउटा पुस्तक विमोचन कार्यक्रममा सम्बोधन गर्दा उनले भारतको स्वतन्त्रतापश्चातको उन्नती र चीनले त्यो अवधिमा गरेको आर्थिक विकासको तुलना गर्दै भारत पछाडि परेको तर्क भन्दै त्यसपछिका सरकारले महात्मा गान्धीको आर्थिक विकासको नमूना छाडि ठूला उद्योगको विकास गर्ने पश्चिमि नमूना अपनाउनाले त्यस्तो भएको निष्कर्ष स्पष्ट गरेका थिए ।[३८३] उनको त्यो सम्बोधनपश्चात भारतको बौद्धिक जगत एवं योजना विदसम्म निकै प्रभावित भएर प्रतिक्रिया व्यक्त गर्न थालेपछि इन्दिरा गान्धी खुसी हुने कुरै भएन ।

विभिन्न षड्यन्त्रका माध्यमबाट सिक्किमको रक्षा क्षेत्र हात पारिसकेको भारतले जब विविध घटनाहरूद्वारा त्यहाँका राजा नै जनताका दुश्मन हुन भन्ने खालका अफवाह फैलाएर सांसदहरूलाई बन्दुकको बलमा छोइग्याल राज संस्था उन्मुलन गराउने निर्णयको कागजमा हस्ताक्षर गराई कब्जा जमायो[३८४] त्यसबाट इन्दिराले आपूलाई दवाव दिएको नियत वी.पी. समक्ष झन स्पष्ट भयो । त्यस घटनाको पर्सि पल्ट नै सारनाथमा वी.पी. ले इन्दिराले वास्तवमा के चाहन्थिन भन्ने स्पष्ट गर्दै अब हामीले भारतीय भू-भागबाट संघर्ष गर्ने सोचाइ राख्न नहुने बेला आइसकेको उल्लेख गरेका थिए ।[३८५] यस घटनाबारे प्रतिक्रिया जनाउँदै वी.पी. ले यो घटनाबाट भारतका साना छिमेकि देशहरूमा भारतप्रति शंका पैदा भएको उल्लेख गरे ।[३८६] उनले नेपालमा पनि सिक्किमको जस्तै परिस्थिति रहेकाले कतै भारतको आगामी कदम नेपालप्रति

---

[३८१] (क) सिंह, टिप्पणी संख्या १०३ (ख) ।
(ख) सूर्यप्रसाद रेग्मी, “राष्ट्रिय मेलमिलापको सन्दर्भ र हाम्रो छिमेक”, *वी.पी. स्मारिका,* जयप्रकाश पौडेल आदि (सं.), स्याङ्जा : वी.पी. चिन्तन प्रतिष्ठान, २०५८, पृ. ३५ ।

[३८२] उमेश गिरी, टिप्पणी संख्या ७१ (ख) ।

[३८३] सिंह, टिप्पणी संख्या १०३ (ख) ।

[३८४] (क) शास्त्रदत्त पन्त, *अविरल हस्तक्षेप,* काठमाडौं : ग्रामीण विकास प्रतिष्ठान, २०६०, पृ. १२० ।
(ख) विस्तृतिका लागि पन्त, टिप्पणी संख्या ९९, पृ. ७७-९३ ।

[३८५] गोविन्द कँडेल, टिप्पणी संख्या ७० ।

[३८६] सिंह, टिप्पणी संख्या १०३ (ख) ।

उठने त होइन भन्ने आशंकाले त्यस्तो प्रतिक्रिया दिएका थिए ।[३८७] जुन प्रतिक्रिया इन्दिरा सरकारले मन पराउने कुरै भएन ।

यसप्रकारका घटनाक्रमहरू पश्चात भारतको इन्दिरा सरकार नेपाली कांग्रेसलाई झन कठिन परिस्थितिमा पुऱ्याउने र आफ्नो अभिष्ठ सिद्ध गर्ने प्रयासमा लाग्यो । प्रारम्भमा कार्यकर्ताहरूलाई एक ठाउँबाट अर्को ठाउँमा आवत जावत गर्ने क्रममा निगरानी राख्ने, तलासि लिने, अनावश्यक बखेडा खडा गरी फसाउने, सकेसम्म प्रलोभन, डर, त्रास देखाएर आफ्नो पक्षमा पारी जानकारी बटुल्ने र आवश्यकत ठान्ना साथ समाते र थुन्ने गर्न थाल्यो ।[३८८] त्यस्तै विशेषगरी तरुणहरूलाई सताउने, अपहेलित गराउने, गुप्तचरहरू लगाएर समात्ने र किन वी.पी. सँग लागेको ? त्यसलाई छाडेर आउ दार्जलिङ्गमा बसेर पढ हामी सारा व्यवस्था मिलाई दिन्छौं भन्नेसम्म पनि गरिए ।[३८९] यस्तै सामान्य कार्यकर्तामाथि समेत निगरानी बढाउँदै लगेर हिँड्डुल गर्नमा समेत प्रतिबन्ध लगाउने र पक्रेर विविध मुद्दामा फसाउने गर्न थालियो ।[३९०] संघर्षका बेला आफ्ना कार्यक्रम, नीति एवं गतिविधि जनसमक्ष स्पष्ट गर्न बनारसबाट प्रकाशित गर्ने तरुण पत्रिका माथि पनि भारत सरकारले हस्तक्षेप गऱ्यो । एक पटक वी.पी. दिल्ली गएका बेला बनारसको माधव मुद्रणालय भन्ने प्रेशमा कम्पोज भएर सम्पूर्ण तयार भई केही फर्मा छापिइसमेत सकेको तरुणका सामग्रीहरू एकाएक प्रहरीले छापामारेर सम्पादकसहित छापिएका र नछापिएका सबै सामग्री उठाएर थाना पुऱ्याई २ दिनसम्म राखेर निकै अनुनय विनय गरेपछि नछाप्ने शर्तमा कागज गराएर मात्र छाडिदियो ।[३९१] भारतमा यसप्रकारले कार्यकर्ताहरू सताइन थालेपछि गिरिजाप्रसाद कोइरालाले इन्दिरा गान्धीलाई पत्र लेखी भारत सरकारको नेपाल नीतिमा भारतस्थित नेपाली जनताको कुनै स्थान छ कि छैन भन्दै भारतीय भू-भागमा नेपाली कांग्रेसका नेताहरूको हत्या गराउनुदेखि कार्यकर्ताहरूको धरपकडसम्मका घटना कसका इशारामा भएका हुन स्पष्ट छानबिन गरिदिन.. अनुरोध गरे ।[३९२] तर पनि भारतको नीतिमा कुनै परिवर्तन आएन नक्सालवाडिका थानेदार एवं पुलिसहरूले एक नेपाली युवकको अनौठो बयानका आधारमा बिना वारन्ट नक्सालवाडिमा बस्दै आएका नेपाली कांग्रेसका नेता फत्तेबहादुर बुढाथोकीको घरलाई घेरा हालि पछाडि रहेको चर्पि घर पक्का झ्याल र छतसमेत ताडेर केही नभेट्दा बुढाथोकीलाई तथानाम गाली गरेर हिँडे ।[३९३]

---

[३८७] पुरुषोत्तम बस्नेत, टिप्पणी संख्या ९९ (ख) ।

[३८८] महन्थ ठाकुरसँग २०६१ जेठ १५ गते धोविघाट ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[३८९] उमेश गिरी, टिप्पणी संख्या ७१ (ख) ।

[३९०] स्मृतिनारायण चौधरी, टिप्पणी संख्या ८१ (ङ) ।

[३९१] सुशिल कोइराला र तुलसी भट्टराईसँगका अन्तर्वार्ताहरू ।

[३९२] श्रीमति इन्दिरा गान्धीलाई गिरिजा कोइरालाको पत्र, *तरुण पत्र बुलेटिन नं. १*, प्रदिप गिरी (सं.), काठमाडौं : १५ मार्च १९७४, पृ. १-२ ।

[३९३] *तरुण पत्र बुलेटिन नं. ५*, प्रदिप गिरी (सं.), विराटनगर : तरुण प्रेश, २०३१ आषाढ १५, पृ. ९ ।

नेपाली कांग्रेसलाई यसप्रकार सताउने र दुःख दिने गरिरहेका बेला इन्दिरा सरकारको आन्तरिक नीतिबाट असन्तुष्ट भारतीय राजनेताहरू संगठित भएर विरोध कार्यक्रमतर्फ लागे । त्यसबाट झन रिसाएकी इन्दिराले विरोधिहरूको पत्तासाफ गर्ने रणनीतिअनुरूप काम गर्न थालेपछि झन अप्ठ्यारो परिस्थिति सिर्जना हुँदै गएकाले विपक्षिहरूलाई तह लगाउन र आफ्नो सत्ताको अवधि बढाउनका लागि २०३२ साल अर्थात सन् १९७५ मा भारतमा आपातकाल घोषणा गरिन् ।[३९४] यसरी आपातकाल घोषणाको खास कारण भने इन्दिरा गान्धी र राजनारायण बीच चुनावसम्बन्धी विषयमा इलाहावादको हाइकोर्टमा चलिरहेको मुद्दाको फैसला थियो जसमा उक्त अदालतका न्यायाधिश जगमोहनले इन्दिराको मुद्दा खारेज गरी राजनारायणलाई विजयी घोषणा गरेका थिए ।[३९५] जुन फैसलाले गर्दा उनले राजिनामा गर्नु पर्ने भएपछि आपातकाल घोषणा गरेर आफ्नो सत्ता लम्ब्याउने प्रयासमा लागिन् ।

आपातकालको घोषणासँगै इन्दिराले एकातिर भारतका प्रतिपक्षि नेताहरूलाई पक्रने, प्रेश स्वतन्त्रतामा प्रतिबन्ध लगाउने, सम्पूर्ण शासन हातमा लिई अधिनायक बनेर शासन चलाउने गर्न थालिन भने अर्कातिर नेपाली कांग्रेसप्रति झन कडानीति अवलम्बन गरिन् । जयप्रकाश नारायणको सम्पूर्ण आन्दोलनका कारणले गर्दा आपातकाल लगाएकी उनले यसमा वी.पी. को भूमिका सबै बुझेकी हुनाले नेपाली कांग्रेसलाई भारतमा बस्नै नसक्ने स्थिति सिर्जना गर्नेतर्फ कम्मर कसेरै लागिन् ।[३९६] यसक्रममा उनले एकातिर नेपालको सिमानाभन्दा ५० माइल अर्थात ८० किलोमिटर टाढा बस्नु पर्ने नियम बनाइ नेपाली कांग्रेसका सीमावर्ती क्षेत्रका गतिविधिहरू माथि पूर्ण नियन्त्रण लगाउने प्रयास गरिन् भने अर्कोतिर नेता एवं कार्यकर्ताहरूलाई दुःख दिने पक्रने बाटो अपनाइन् ।[३९७] सन् १९४६ को फोरेन एक्टसको आधारमा ५० माइलको क्षेत्रभित्र जान पाइँदैन भनेर पुर्जि दिने, मुजफ्फरपुर-सितामढि क्षेत्रमा रहेका नेपाली कांग्रेसका कार्यकर्ताहरूलाई पक्रने गर्नुका साथै भारत नेपाल मैत्रिसंघको आयोजनामा मुजफ्फरपुरमा आयोजित कार्यक्रममा बोलाइएका वी.पी. लाई आउन नदिएर पटनामै रोक्ने जस्ता कार्य गरिए ।[३९८] जसले गर्दा आफ्नो लिखित सन्देश पठाएर चित्त बुझाउन बाध्य भएका वी.पी. ले सन्देशको प्रारम्भमै "म गहिरो खेद प्रकट गर्दछु कि केही टाल्न नसकिने कारणले गर्दा भारत नेपाल

---

[३९४] (क) आचार्य, टिप्पणी संख्या १०९ ।
(ख) उमेश गिरी, देवेन्द्र नेपाली, गिरिराज आचार्यसँगका अन्तर्वार्ताहरू ।

[३९५] (क) *पूर्ववत्* (क) ।
(ख) शर्मा, टिप्पणी संख्या ३५ (क), पृ. ११३ ।

[३९६] लोकराज बरालसँग २०६० जेठ २२ गते निजकै निवाश सानेपा, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[३९७] (क) तुलसी भट्टराई, उमेश गिरी, योगप्रसाद उपाध्याय, शैलजा आचार्य, लोकराज बराल, दामोदर उपाध्याय, महन्थ ठाकुर, शंकर उप्रेती, शुशिल कोइराला, पुरुषोत्तम बस्नेत आदिसँगका अन्तर्वार्ताहरू ।
(ख) हरिप्रसाद उपाध्यायसँग २०६० असार १ गते टाँडि, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) जगत्चक्षु, "शाहवंशको शासन : केही विचारणीय प्रसंग", *तन्नेरी स्वर,* अंक १, हरिहर विरही र रामचन्द्र तिवारी (सं.), काठमाडौं : २०३२ आषाढ १, पृ. १९-२० ।

[३९८] स्मृतिनारायण चौधरी, टिप्पणी संख्या ८१ (ङ) ।

जनमैत्री संघको उद्घाटन गर्न सक्तिन" भन्दै अप्रत्यक्ष रूपमा भारतको नीतिको आलोचना गरे ।[३९९] आफ्नो सरकारको यस्तो कार्यबाट क्षुब्ध भएका भारतका राजनैतिक पार्टीका प्रतिनिधिहरू, वकील, पत्रकार, प्रोफेसर, शिक्षक, तरुण, बुद्धिजीवी आदिले उक्त सभाबाट भारत सरकारको नीतिको आलोचना गर्दै नेपालमा लोकतन्त्र स्थापना गर्ने जनभावनालाई साकार पार्नका लागि भैरहेको र हुने प्रत्येक संघर्ष एवं प्रयासमा भारतको पनि योगदान हुनुपर्दछ र हामी ती संघर्ष एवं प्रयत्नहरूमा एथाशक्ति सहायता गर्नु प्रत्येक भारतीय नागरिकको कर्तव्य सम्झन्छौं भन्ने प्रश्ताव पारित गरे ।[४००] तर पनि भारत सरकारको नीतिमा कुनै परिवर्तन आएन बरु झन कडाई बढ्न थाल्यो । हुँदा-हुँदा सारनाथ स्थित वी.पी. कै निवाशबाट वीमान अपहरण कार्यमा संलग्न वशन्त भट्टराई र विनोद अर्याललाई समातेर लग्ने[४०१] शुशिल कोइरालालगायतका कार्यकर्ताहरूलाई समेत थुनामा राखेर कार्वाही चलाउने र विभिन्न ठाउँमा रहेका कार्यकर्ताहरू बस्ने घर एवं कोठाहरूको तलाशि लिई अनेकौं दुःख दिने गरेर सामान्य कार्यकर्तालाई समेत सताउने कार्य गरियो ।[४०२] यसक्रममा वी.पी. कोइरालालाई समेत छाडिएन र उनकै उपस्थितिमा नयाँ दिल्ली नीतिवागस्थित कार्यालयमा अपमानित हुने खालको व्यवहारसहित खानतलाशि लिने कार्य गरियो ।[४०३]

भारत सरकारले यसरी बाध्य पार्ने नीति लिएर दुःख दिने, सताउनेलगायतका अशोभनीय कार्यद्वारा निरुत्साहित गर्ने र भारतमा बसेर हलचल नै गर्न नसक्ने परिवेश सिर्जना गर्न थाल्यो ।[४०४] त्यसबखत भारत सरकारले स्पष्ट रूपमा त केही भन्दैनथ्यो र नेपाली कांग्रेसका नेताहरूले अप्रत्यक्ष रूपमा हामीले भनेको नमान्ने भए बनारस छाडेर दक्षिण भारतको वेंग्लोरमा गएर बस या त भारत छाड भन्ने खालका अप्रत्यक्ष प्रस्तावलगायत परिवेश सिर्जना गरी भयानक दवाव दिन थाल्यो ।[४०५] जसबाट नेतादेखि कार्यकर्तासम्मले धेरै दुःख पाउनुका साथै देशभित्र सम्पर्क राखी गतिविधि संचालन गर्न खोलिएका फारवेशगंज, रामनगर नरकटियागंज,

---

३९९ *तन्नेरि स्वर,* टिप्पणी संख्या १३३ (ग), पृ. १ ।

४०० *पूर्ववत्,* पृ. ४ ।

४०१ उमेश गिरी, टिप्पणी संख्या ७१ (ख) ।

४०२ शैलजा आचार्यसँग २०६१ जेठ १७ गते जयवागेश्वरी, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

४०३ परमानन्द, *द नेपाली कांग्रेस सिन्स इट्स इन्सेप्सन,* दिल्ली : वि.आर. पब्लिसिङ कर्पोरेशन, १९८२, पृ. ३८२ ।

४०४ (क) भुवनहरी कोइरालासँग २०६० जेठ १४ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) नोना कोइरालासँग २०६० वैशाख २७ गते कोइराला निवास विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) हरिप्रसाद दाहालसँग २०६० वैशाख ३१ गते दर्वेशा मोरङ्गमा लिएको अन्तर्वार्ता ।
(घ) लोकराज बराल, त्रिरत्न मानन्धर, भुवन सुवेदी, गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।

४०५ (क) सिंह, टिप्पणी संख्या १०३ (ख) ।
(ख) निलाम्बर पन्थी, गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।
(ग) रामचरण यादव, "वी.पी. को मेलमिलापको बाध्यता", *कान्तिपुर,* हेमराज ज्ञवाली, काठमाडौं : पृ. ६ ।

मधुवनी, रक्सौल, नौंतनवा आदि स्थानका कार्यालयहरू क्रमशः पूर्णिया, मुजफ्फरपुर, दरभंगा, आदि भारतका भित्रि सहरहरूमा सार्नु पर्‍यो ।[४०६]

यसप्रकारका कार्यद्वारा सताउने गर्न थालेपछि भारत सरकारको नीयतलाई स्पष्टसँग बुझेका वी.पी. ले भारतीय जनतासमक्ष त्यहाँको सरकारको रवैया स्पष्ट गर्ने निश्चय गरे । उनको यस कार्यमा सहयोग पुर्‍याउनका लागि भारतका प्रायःजसो राजनैतिक दलका कार्यकर्ता, बुद्धिजीवी, आमनागरिक आदि मिलेर ठाउँ-ठाउँमा भारत नेपाल जनमैत्री संघलगायतका संस्था स्थापना गरी भारत नेपाल सम्बन्ध बारे वहस एवं छलफल कार्यक्रम चलाउने र त्यसमा वी.पी. लाई आमन्त्रित गर्ने गर्न थाले ।[४०७] जसमध्ये कतिपय ठाउँका कार्यक्रमलाई सम्बोधन गर्नमा समेत भारतले प्रतिबन्ध लगाएर जान दिएन । यसैक्रममा गोरखपुरको कार्यक्रमलाई सम्बोधन गर्दै वी.पी. ले नेपालमा निरंकुश शासनअन्तर्गत १५ वर्षदेखि राजबन्दीहरू थुनिएको, प्रजातान्त्रिक आन्दोलन चलिरहेको, जसमा कैयौं तरुणहरू ४-५ वर्षदेखि थुनिएका उल्लेख गर्दै यी सबै विषयमा विदेशी संगठन एवं सोसलिष्ट इन्टरनेशनल जस्ता संस्थाहरूले रुची देखाएर राजबन्दी छुटाउन लागिपरेका तर भारतीयहरूले यसतर्फ रुची नदेखाएको र वास्ता नगरेको स्पष्ट गरे ।[४०८] यस्तैगरी नेपालमा सरकारले तरुणहरूको अमानवीय रूपले हत्या गरेको सम्पूर्ण तस्विर स्पष्ट गर्दै मोजाम्बिकको खबर राख्ने भारतले नेपालको आन्दोलनलाई वास्ता नगरको, आफू जस्ता भारतमा रहेका शरणार्थीहरूको मानसिकता बुझ्न नसकेको, आफूहरूलाई प्रशस्त बन्धनभित्र राखेको, कार्यकर्ताहरूको व्यापक धरपकडलगायत नेपाल सीमाभन्दा ५० माइल टाढा बस्नु पर्ने बाध्यता लगाउँदा विविध समस्या भोग्नु परेको उल्लेख गर्दै बाध्य भएर भारतमा शरणार्थी बनेका र तानाशाही दमनबाट बचेका नेपाली राजनैतिक साथीहरूलाई सहानुभूतिपूर्ण व्यवहार गर्न र सहयोग पुर्‍याउन भारतीय जनतासँग अपिल गरे ।[४०९] जसबाट जनस्तरमा नेपाली कांग्रेसप्रति सहानुभूति उत्पन्न भए तापनि उनीहरूले गर्न सक्ने केही थिएन ।

समग्रमा इन्दिरा गान्धीको प्रश्ताव मानेमा नेपालले पनि सिक्किमको नियती भोग्नु पर्ने स्पष्ट महसुस गरेका राष्ट्रवादी वी.पी. उनको चाहना स्वीकार गर्न तयार भएनन् । जसबाट रिसाएकी इन्दिराले प्रत्यक्षतया एवं स्पष्टसँग केही नभने तापनि बाध्य पारेर आफ्नो योजनाअनुसार चल्ने बनाउने निश्चयसँग गतिविधि नियन्त्रण गरी अप्ठ्यारोमा पार्ने तर्फ लागिन् । उनको नीतिबाट कठिनाई परे तापनि वी.पी. नझुकेपछि उनले नेपाल सरकारसँग साँठगाँठ गर्नेतर्फ लागिन् । जुन कुरा महसुस गर्ना साथ आफू अझै पनि भारतमै बसेको खण्डमा आफ्नो

---

[४०६] बद्रीनारायण गौतम, नेपाली कांग्रेस र संघर्षका दश वर्ष २०३६-२०४६, स्नातकोत्तर शोधपत्र (अप्रकाशित), कीर्तिपुर : इतिहास केन्द्रीय शिक्षण विभाग, त्रि.वि., २०५०, पृ. ७० ।

[४०७] *तन्नेरी स्वर,* टिप्पणी संख्या १३३ (ग), पृ. ४ ।

[४०८] विस्तृतिका लागि वी.पी. ले सन् १९७५ अगस्टमा नेपाल भारत जनभावना समिति गोरखपुरद्वारा आयोजित कार्यक्रममा गरेको भाषण, कोइरालाकी अपिल, टिप्पणी संख्या ११२ (ग), पृ. ४-५ ।

[४०९] *पूर्ववत्,* पृ. ५ ।

हौवा देखाएर नेपाल सरकारद्वारा अभिष्ट चाहना पूरा गर्नेतर्फ लाग्न सक्ने सम्भावना देखेपछि राष्ट्रियताको रक्षाका लागि बरु राजासँगका सम्पूर्ण मतभेदलाई विर्सने निष्कर्ष निकालि बिना शर्त नेपाल फर्कने निश्चयमा पुगे ।

२०३० सालसम्म आइपुग्दा दक्षिण एशियाको राजनीतिमा आएको उथलपुथलको फलस्वरूप विकसित नवीन वातावरणले ध्रुवीकरण प्रारम्भ गराएपछि गुटबन्दीमा सामेल भई प्रभाव विस्तारमा लागेको भारतका क्रियाकलापबाट पनि वी.पी. ले नेपालको राष्ट्रियता खतरामा परेको आभास पाएका थिए । किनकी अफगानिस्तानमा २०३० सालमा राजा जहिर शाहलाई आफ्नै भिनाजु दाउद खाँले अपदस्त गरेर सत्तामा कब्जा जमाएपछि त्यहाँ राजनैतिक अस्थिरता प्रारम्भ हुन गई तख्ता पलटका खेलहरू हुँदै थिए ।[४१०] विश्व राजनीतिमा बढ्दो शितयुद्धको ध्रुवीकरण बढाउँदै लगेपछि झण्डै-झण्डै तटस्थताको स्थितिमा रहेका भारत र चीन जस्ता एशियाका राष्ट्र पनि गुटबन्दी अर्थात सन्धीमा आवद्ध हुने निश्चयमा पुगे ।[४११] फलस्वरूप अमेरिकी राष्ट्रपति निक्सन र परराष्ट्र सचिव किसिन्जरको चीन भ्रमण भयो र त्यसपछि अमेरिका चीन सम्बन्धमा सुधारका लक्षण देखापरे ।[४१२] त्यसपछि अमेरिकाले भियतनाम छाडदा अमेरिका र चीन बीच सामरिक र व्यापारिक गोप्य सम्झौता सम्पन्न भएर अमेरिकाले आफ्नो प्रभाव क्षेत्रको ग्यारेन्टी चीनसँग लिएको थियो ।[४१३] यसरी विकसित सम्बन्धको फलस्वरूप चीन एवं अमेरिका एक भएर भारतको प्रभाव क्षेत्र कटौती गर्ने कार्यतर्फ लागे ।

अमेरिका र चीन बीचको गठबन्धन र त्यसबाट उत्पन्न परिवेशबाट भारत एवं रुस सशंकित हुनु स्वभाविकै थियो । फलस्वरूप भारत पनि रुसतर्फ लागेर शक्ति विस्तार गर्न लालायित भयो । त्यो स्थितिमा रुसले अफगानिस्तानमा प्रभाव विस्तार गर्दै आफ्ना सेना नै उतारेपछि त्यसको जवाफमा अमेरिकाले पाकिस्तानलाई सैनिक सहयोग दिएर शक्तिशाली बनाउनेतर्फ लाग्यो ।[४१४] पाकिस्तानसँग आफ्नो वैमनस्यता बढिरहेको अवस्थामा अमेरिकाद्वारा गरिएको यस्तो कार्यबाट चिन्तित भएको भारतले अफगानिस्तानमा रुसको प्रभाव विस्तारलाई मान्यता दिएर आफू रुसी मित्रताका लागि इच्छुक रहेको स्पष्ट गऱ्यो ।[४१५] त्यसपछि पाकिस्तानको विभाजन र वंगलादेश निर्माणका लागि आफ्नो सुरक्षा कवच बलियो बनाउने र दक्षिण एशियाको शक्ति राष्ट्रमा परिणत हुने सोचअनुरूप भारतले सोभियत युनियनसँग २० वर्षे

---

[४१०] कुबेर शर्मा, *निर्दल कता ? बहुदल कता ? एक राजनीतिक विश्लेषण*, काठमाडौं : श्रीभक्त आचार्य, २०३७, पृ. ५७ ।

[४११] मनमोहन भट्टराई, टिप्पणी संख्या ७४ (ख) ।

[४१२] मोतीप्रसाद अधिकारी, नेपाली कांग्रेस र प्रजातान्त्रिक आन्दोलनका तीन दशक (वि.सं. २०१७-२०४६), स्नातकोत्तर शोधपत्र (अप्रकाशित), कीर्तिपुर : इतिहास केन्द्रीय विभाग, २०५८, पृ. ७५ ।

[४१३] वलराम निरौला, टिप्पणी संख्या ३३, पृ. ३२ ।

[४१४] शर्मा, टिप्पणी संख्या १४६, पृ. ५७ ।

[४१५] *पूर्ववत्* ।

शान्ति एवं मैत्री सन्धी सम्पन्न गऱ्यो ।[४१६] यसप्रकार प्रभाव विस्तारको रुसी नीति र चाहनालाई मान्यता दिएर भारत पनि आफ्नो प्रभाव विस्तारतर्फ सक्रिय भयो ।

इन्दिरा सरकारको आशिर्वादमा वंगलादेश निर्माण गरेपछि उनकै छत्रछायामा चल्ने नीतिमा रहेका शेख मुजिवको विरुद्धमा अमेरिकाले वंगलादेशका जनरलहरूलाई हातमा लिएर मुजिवलाई अपदस्त गरी भियतनाममा आफू पराजित भएको क्षतिपूर्ति दक्षिण पूर्वी एशियाबाट लिनेतर्फ लाग्यो ।[४१७] त्यो स्थितिमा आफ्नो प्रभाव क्षेत्रमाथि हस्तक्षेप प्रारम्भ भएको देखेर नै होला इन्दिरा गान्धीले "वंगलादेशको यो घटना यस उपमहाद्विपको स्थायित्व माथिको चुनौती हो जसको भारतमाथि समेत प्रभाव पर्न सक्दछ"[४१८] भन्दै प्रतिक्रिया व्यक्त गरिन् । त्यसपछि दक्षिण एशियामा आफ्नो स्वार्थ रक्षाका लागि मजवुत पकड कायम गर्ने कार्यलाई तिव्रता दिँदै इन्दिरा सरकारले सिक्किमको विलय, भुटानमाथिको प्रभाव विस्तार अभियानमा तिव्रता, श्रीलंकामा तमिल समस्या उठाउने कार्यको थालनी र नेपाल सरकार एवं वी.पी. माथि दवाव बढाउने कार्यलाई झनै बढाउन थाल्यो ।[४१९] यसप्रकार प्रभाव विस्तारकै कारणले अफगानिस्तानमा परम्परागत राजतन्त्र समाप्त भइसकेको, इरान क्रान्तिको चरणबाट गुज्रिसकेको, वंगलादेशमा सत्ता संघर्ष बढिरहेको, पाकिस्तानको सैनिक शासन पनि स्थिर हुन नसकेको, दक्षिण एशियाका राज संस्थाहरूको विघटनको स्थिति देखिइसकेको र आफू माथि पनि निरन्तर दवाव बढिरहेको स्थितिमा वी.पी. ले नेपालमाथि स्पष्ट तया खतराको महसुस गरे ।[४२०]

अर्कोतिर वी.पी. ले आफूबाट काम नबन्ने देखेपछि राजालाई खुसी पारेर आफ्नो स्वार्थ सिद्ध गर्ने नीतिअनुरूप नेपाली कांग्रेसलाई अप्ठेरोमा पार्नेतर्फ भारत सक्रिय रहेको कुरा पनि स्पष्टसँग महसुस गरेका थिए ।[४२१] जसको फलस्वरूप विकल्पको खोजीमा लाग्नु पर्ने आवश्यकता स्पष्ट भएपछि प्रारम्भ भएको वैचारिक चिन्तनले उनलाई समग्र वस्तुस्थितिको विश्लेषण गर्न बाध्य बनायो । जुन विश्लेषणका अन्तमा आफूले भारतमा बसेर प्रजातन्त्र पुनर्स्थापनाका लागि चलाएको आन्दोलनकै समग्र मूल्याङ्कन गरेर नयाँ दृष्टिकोणले हेर्नु पर्ने स्पष्ट हुनुका[४२२] साथै नेपालभित्र नयाँ-नयाँ घटनाहरू घटन थालेको हुनाले २०३४ सालसम्मको अवधि

---

[४१६] मनमोहन भट्टराई, वृखेश चन्द्रलाल र तुलसी भट्टराईसँगका अन्तर्वार्ताहरू ।

[४१७] गोविन्द कँडेल, टिप्पणी संख्या ७० ।

[४१८] *टाइम्स अफ इण्डिया,* (दैनिक पत्रिका), ८ नोभेम्बर १९७५ ।

[४१९] (क) मनमोहन भट्टराई र गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।
(ख) गिरिराज आचार्य, "राष्ट्रिय एकता र मेलमिलाप नीति (१)", *पूर्व टाइम्स,* वर्ष १७, अंक ४३, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५७ जेठ १४, पृ. ३ ।

[४२०] व्रतराज आचार्य, टिप्पणी संख्या २४ ।

[४२१] वी.पी. ले मेलमिलाप नीति लिएर नेपाल फर्कने निश्चय गरेपछि रायसल्लाह लिने क्रममा दरभंगामा भेला भएका कार्यकर्तालाई सम्बोधन गर्दा यो कुरा उल्लेख गरेका थिए । गिरिराज आचार्य, निलाम्बर पन्थी र अशोक कोइरालासँगका अन्तर्वार्ताहरू ।

[४२२] नरहरी आचार्यसँग २०५८ पौष २३ गते चुनदेवी महाराजगंज काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

महत्वपूर्ण सिद्ध हुने र भारतबाट संघर्ष गर्दा इच्छित उपलब्धि हासिल नहुने कुरामा[४२३] उनी विश्वस्त हुन पुगे ।

नेपालभित्र विदेशी चलखेल बढ्दै गएको र त्यसबाट पनि राष्ट्रियता खतरामा परेको कुरामा पनि उनी विश्वस्त भएर यो नीति अवलम्बन गरेको उल्लेख पाइन्छ । खासगरेर नेपाली कांग्रेसले प्रजातन्त्रका लागि निकै लामो र निकै कठिन लडाइँ लडेको हुनाले यसबाट राजा र नेपाली कांग्रेसबीच निकै फराकिलो फाटो ल्यायो र त्यही फाटोका कारण नेपालको राष्ट्रियता विरोधी देशी वा विदेशी अनेक तत्वले नेपालमा आफ्नो कुचक्र चलाउने मौका पाए ।[४२४] यसलाई स्पष्ट रूपमा बुझेका वी.पी. ले कम्यूनिष्टहरू यस्ता घुस पैठका माध्यम बनेका र त्यसबाट पनि राष्ट्रियता कमजोर हुँदै गएको कुरा दरभंगाको कार्यकर्ता भेलामा उल्लेख गरेका थिए ।[४२५] हुन पनि नेपालमा २०१७ सालको कदमपछि नेपाली कांग्रेसलाई पाखा लगाउन कम्यूनिष्टहरूलाई काखि च्याप्ने जुन नीति दरवारले अपनाएको थियो त्यसबाट कम्यूनिष्ट विचारका कतिपय नेताहरू नै पंचायतका अंग बन्न पुगेका थिए । २०१७ सालमा राजा महेन्द्रले केही समयका लागि भनेर राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाई पंचायती व्यवस्थाको स्थापना गरेपछि सत्तामा पुऱ्याइएका कम्यूनिष्टहरूले अन्य राजनीतिज्ञहरूसँग “हामीहरूलाई तपाईंहरूलाई झैं अनेक उलझन छैन हामी एक पार्टीमा विश्वास गर्ने भएकाले अहिलेको अवस्थामा पनि काम गर्न सक्छौं” भन्दै सत्तामा बस्ने र पंचायत नै आवश्यक छ भन्दै निर्दलिएताका व्याख्याता बनेर काम गर्न थालेका थिए ।[४२६] यस्तो परिस्थितिमा पंचायती व्यवस्था टिकाउन ल्याइएका गुप्तचरी गर्ने निकायहरूमा कम्यूनिष्टहरूको नियुक्ति हुने परिपाटी विकसित भयो । २०२४ सालमा कम्यूनिष्ट पार्टीबाट पंचायतमा प्रवेश गरेका कार्यकर्ताहरूको प्रभावमा गाउँ फर्क कार्यक्रम प्रारम्भ गरियो ।[४२७] सरकारले कम्यूनिष्टका गतिविधिलाई खासै नियन्त्रण नगर्ने हुँदा नेपालका बजारहरूमा कम्यूनिष्टका सामग्री खुलेआम बिक्री हुने तर नेपाली कांग्रेसको तरुण पत्रिका, पर्चा, पम्प्लेट आदि राख्ने पढ्नेलाई कडा दण्ड दिने नीति अपनाएकाले नेपालका गाउँ एवं देहातसम्म नै कम्यूनिष्टहरू फैलिएका थिए ।[४२८]

---

[४२३] वी.पी. कोइराला, “राष्ट्रिय मेलमिलापको मूल आसय के थियो”, *चौराली,* जयप्रकाश आनन्द (सं.), कीर्तिपुर : स्व.वि.यू. त्रिभुवन विश्वविद्यालय, २०४३, पृ. ८ ।

[४२४] शर्मा, टिप्पणी संख्या ३५ (क), पृ. ११० ।

[४२५] गिरिराज आचार्य, निलाम्बर पन्थी, शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।

[४२६] विश्ववन्धु थापा, “आफन्तलाई आर्यघाट पुऱ्याएर म घर फर्के”, *जागरण,* अंक १, कृष्णप्रसाद गौतम आदि (सं.), काठमाडौं : ने.वि.संघ वाग्लुङ्ग काठमाडौं सम्पर्क समिति, २०४४, पृ. १६-१७ ।

[४२७] विश्ववन्धु थापा, “बसिबियाँलो-एक सस्मरण”, *नेपाल राष्ट्रिय पाक्षिक,* विजय कुमार (सं.), काठमाडौं : कान्तिपुर पब्लिकेशन्स, १६-२९ माघ २०५७, पृ. ५० ।

[४२८] (क) सूर्यमणि अधिकारी, *नेपाली कांग्रेसको इतिहास,* काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५९, पृ. २००-२०१ ।
(ख) बद्रीनारायण गौतम, “मेलमिलाप नीतिको ऐतिहासिक पृष्ठभूमि” २०५७ पौषमा बुटवलमा भूतपूर्व सैनिक संघद्वारा आयोजित मेलमिलाप दिवशमा प्रस्तुत कार्यपत्र (अप्रकाशित), पृ. ३ ।

सरकारले नै कम्यूनिष्टलाई यसरी काखि च्याप्नाले उनीहरू सत्ताको केन्द्रसम्म पुगे । २०३२ सालसम्म पुग्दा नपुग्दै राजा महेन्द्रले जनतासँग काम गर्ने भनेर ल्याएको गाउँ फर्क कार्यक्रम कांग्रेस विरोधिहरूले भरिएको मात्र नभई भूतपूर्व कम्यूनिष्टहरूको क्लब जस्तै भइसकेको थियो ।[४२९] त्यो स्थितिमा कांग्रेस विरोधिका नाममा विदेशी घुसपैठले फस्टाउने मौका पायो । संचार जगतलाई पनि प्रभाव विस्तारका साधनका रूपमा प्रयोग गर्न थालियो । त्यसबखत "समिक्षा" (साप्ताहिक) ले रुसको "मातृभूमि" (साप्ताहिक) ले चीनको "नयाँ सन्देश" (साप्ताहिक) ले अमेरिकाको र "आरती" (साप्ताहिक) ले भारत पक्षको स्वार्थमा विचारधारात्मक आक्रमणहरू वी.पी. माथि ओकल्थे र पंचायतको वकालत गर्दथे ।[४३०] यसबाहेक अमेरिकाको सि.आइ.ए., रुसको के.जी.वी., भारतको 'रअ' आदिले जाल फैलाएर नेपाललाई क्रमशः रुस, अमेरिका र पाकिस्तानका गतिविधि एवं नीतिको जासुसी गर्ने केन्द्रका रूपमा स्थापित गर्ने प्रयासमा थिए ।[४३१] त्यो स्थितिमा २०३१ सालतिर खम्पा काण्डका रूपमा चिनिने मुस्ताङ्ग काण्ड घटेपछि कम्यूनिष्टहरू सक्रिय हुन थालेको आभास हुन गयो ।[४३२] तसर्थ वी.पी. ले २०३२ साल जेठ १३ गते पत्रकार सम्मेलनद्वारा नेपालमा प्रजातान्त्रिक शक्तिलाई मजबुत नबनाएका खण्डमा कुनै पनि बेला चीनले नेपालमाथि कब्जा जमाउने छ र हालमा जस्तै चीन समर्थक कम्यूनिष्टहरू बढ्दै गएमा एकदिन तिनीहरूबाट नेपाल ढाकिने छ भन्ने स्पष्ट गरे ।[४३३] वास्तवमा उनले इण्डोनेशियामा सुकार्नोका पालामा डि.एन. अडित भन्ने कम्यूनिष्ट नेताले घुसपैठको सिद्धान्तअनुसार सत्तामा सहभागी भएर राजालाई प्रभावित गर्ने, राज भक्त भएर खुसी बनाउने र अन्तमा राजतन्त्र समाप्त गर्ने जुन कार्य गरेका थिए त्यही फर्मुलाअनुरूप नेपालमा पनि हरेक क्षेत्रमा कम्यूनिष्ट घुसपैठ भएको निष्कर्ष निकालेका थिए ।[४३४]

यसप्रकारको अन्तर्राष्ट्रिय परिवेशबाट राजालाई समेत चारैतिरबाट अप्ठ्यारो परिस्थितिको सामना गर्नु पर्ने संभावना देखापऱ्यो । जुन स्थितिमा भारतले राजालाई आफ्नो हौवा देखाएर प्रभावित गरी स्वार्थ सिद्धिका लागि प्रयोग गर्न सक्ने आशंका पनि स्पष्ट देखियो । किनकी त्यसबखत नेपाली कांग्रेसभित्रकै भारतीय लवी, सूर्यबहादुर थापा जस्ता राजनेता, अवसरवादी पंचहरू आदि कुनै पनि हालतमा वी.पी. र राजाबीच मेल कायम हुन नदिने

४२९ थापा, टिप्पणी संख्या १६३, पृ. ५०-५१ ।

४३० गिरिराज आचार्य, "राष्ट्रिय एकता र मेलमिलाप (२)", *पूर्व टाइम्स,* वर्ष १७, अंक ४४, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५७ : जेठ २१, पृ. ३ ।

४३१ *पूर्ववत्* ।

४३२ तुलसी भट्टराई र ऋषिकेश तिवारीसँगका अन्तर्वार्ताहरू ।

४३३ (क) गृष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण,* भाग ४, काठमाडौं : उमेशबहादुर देवकोटा, २०३९, पृ. १०६ ।
(ख) *हिन्दुस्तान टाइम्स,* २८ मे १९७५ ।

४३४ (क) वी.पी. कोइराला, *मेलमिलापको शर्त राष्ट्रियता र प्रजातन्त्र (अन्तर्वार्ताहरूको संकलन),* काठमाडौं : जयनेपाल प्रकाशन, २०३८, पृ. ५५-५६ ।
(ख) ऋषिकेश तिवारी र देवेन्द्र नेपालीसँगका अन्तर्वार्ताहरू ।

षड्यन्त्रमा लागेका थिए । जसले भारतसँग वी.पी. लाई समाप्त गर वा अप्ठ्यारोमा पार हामी राजालाई तिम्रो पक्षमा निर्णय गर्न सहमत गराउँछौं भनेर कार्य गर्दैछन् भन्ने चर्चा चलेको थियो ।[४३५] यस्ता कृयाकलापबाट प्रजातन्त्रको अभावमा नेपालको राष्ट्रियता खतरामा पर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएपछि राष्ट्रवादी वी.पी. लाई यसतर्फ सोच्न बाध्य बनायो । फलस्वरूप प्रारम्भ भएको चिन्तनले षड्यन्त्र रोक्न नसकेका खण्डमा र आफूले अझै हतियारको राजनीति गरेका खण्डमा प्रजातन्त्र पुनर्स्थापना गर्ने राष्ट्र नै नरहने स्पष्ट गरायो । तसर्थ उनी राजासँगका सम्पूर्ण मतभेदलाई विर्सेर प्रजातन्त्र पुनर्स्थापनाका लागि आफूले बोकेको बन्दुक बिसाई नेपाल फर्कने निश्चयमा पुगे ।

भारतको दवाव नेपालको राष्ट्रियता विरुद्ध महसुस गरेपछि आफ्नै देशमा आधार शिविर बनाएर संघर्ष चलाउने सोचअनुरूपको कदम असफल भएपछि बाध्य भएर हतियार बिसाई वी.पी. नेपाल फर्केका थिए भन्ने आरोप पनि लगाएको पाइन्छ । जुन झट्ट हेर्दा सहि जस्तो देखिए तापनि त्यसलाई नै यथार्थता मान्नु वी.पी. को राष्ट्रवादी कदमलाई उपहास गर्नु जस्तै हुन जान्छ । तर पनि यसले उनलाई यसतर्फ सोच्नु पर्ने आवश्यकता बोध गराएको कुरालाई भने नकार्न सकिँदैन । किनकी सशस्त्र संघर्षको असफलता अर्थात लक्ष्यमा पुग्न नसक्ने परिवेश स्पष्ट देखेपछि उनले रणनीति परिवर्तनको आवश्यकता महसुस गरेको कुरा आफैले स्वीकार गरेका छन् । खासगरेर ओखलढुंगा कब्जा योजनाको पोलखुलेपछि सरकारी दमनको जुन दर्दनाक घटना घटन पुग्यो त्यसबाट वी.पी. लगायत सो अभियानको व्यवस्थापन पक्षमा संलग्न सबैलाई स्तब्ध बनायो ।[४३६] वी.पी. लाई भारतले दवाव बढाउँदै लगेपछि र स्वतन्त्र वंगलादेशबाट गरेको आशा पनि पूरा नहुने स्पष्ट भएपछि विकल्प खोज्ने क्रममा आफ्नै देशभित्र आधारक्षेत्र निर्माण गरेर आफ्नै बलवुतामा संघर्ष चलाउने सोचअनुरूप त्यो अभियान चलाएका थिए ।[४३७] आफ्नो निर्देशनमा पूर्ण प्रशिक्षण नदिइएका र यूद्ध गर्ने सम्पूर्ण संयन्त्र नबनाइकन केही मानिसहरूको विश्वासमा परेर पठाइएका त्यागी होनहार तरुणहरू त्यहीं सखाप भएपछि त्यसले वी.पी. लाई अत्यन्त द्रवित बनायो ।[४३८] त्यो घटनाको समाचार पाउना साथ त्यसमा परेका रामलक्ष्मण जस्ता जुम्ल्याहा दाजुभाइलगायतका लायक र जल्दाबल्दा विद्यार्थी नेताहरूको मृत्युबाट विक्षिप्त जस्ता बनेका वी.पी. झण्डै मुर्छा परेका थिए ।[४३९] त्यस काण्डमा परेका सबै जसो योद्धाहरू वी.पी. कै नीति मानेर प्रवाशमा पसेका, लामो समयसम्म एउटै परिवारका सदस्य जस्तै भएर बसेका र वी.पी. कै आह्वानमा बढेका हुँदा यो घटनाले उनलाई आफ्नै परिवारका सदस्य

---

[४३५] निलाम्बर पन्थी, डिल्लीरमण शर्मा र अनिरुद्र शर्मासँगका अन्तर्वार्ताहरू ।

[४३६] शैलजा आचार्य, नोना कोइराला, उमेश गिरीसँगका अन्तर्वार्ताहरू ।

[४३७] शर्मा, टिप्पणी संख्या ३५ (क), पृ. ११२-११३ ।

[४३८] (क) हरि नेपालसँग २०६० असार २८ गते तानसेन पाल्पामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) कुमारप्रसाद कोइरालासँग २०६० जेठ ९ गते पिचराहा विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[४३९] भोला चटर्जी, *पोट्रेइट अफ अ रिभोलुशनरी वी.पी. कोइराला,* न्यू दिल्ली : अंकुर पब्लिसिङ हाउस, १९८२, पृ. १२४ ।

गुमाएभन्दा बढी पीडा दियो ।[४४०] उनी सरोजप्रसाद कोइराला र केशवप्रसाद कोइराला जस्ता आफ्ना बलिया हात जस्ता योद्धाले शहाद प्राप्त गरेको बेलामा भन्दा ओखलढुंगाको परिणतिबाट बढी दुखित र उत्तेजित भएका थिए ।[४४१] जसको तत्कालै आहत भएका वी.पी. सारनाथ स्थित आफ्नो निवासको आगनमा घुम्दै त्यहाँ उपस्थित कार्यकर्ता सामु अशल साथीहरू गएकाले पार्टीलाई घाटा भएको स्पष्ट गर्दै "एकजना दक्ष र इमान्दार कार्यकर्ता तयार गर्न कम्तिमा २०-३० वर्ष लाग्ने परिवेशमा राम लक्ष्मण जस्ता त्यति धेरै एकैठाउँमा मारिनु दुर्भाग्यपूर्ण भयो, यो गलत भयो"[४४२] भनेका थिए ।

ओखलढुंगाको घटनामा आफ्नो भाइ गुमाएपछि र प्रहरी प्रशासनको आतंक भोगेपछि उम्केर तत्कालै बनारस पुगेका एक कार्यकर्ताका अनुसार- उक्त मिशनको असफलता सँगै त्यत्रा होनहार युवाहरू सकिएको समाचारले उहाँलाई ठूलो मानसिक पीडा दियो, तसर्थ उहाँ राष्ट्रका लागि के गर्न सकिएला ? कहिँ मेरो रणनीति गलत त भएन ? भन्ने प्रश्नको उत्तर खोज्न तल्लिन भएको र निकास निकाल्न थालेको आभास पायौं । त्यो स्थितिमा भेट्दा उहाँले अत्यन्त दुःखका साथ अवरुद्ध गलाले यस्ता घटना हुन्छन्, हामीले हाम्रो उत्साहलाई मार्नु हुँदैन र यसबाट पनि प्रेरणा र उत्साह नै लिनु पर्दछ भन्नु भयो र झण्डै-झण्डै रुनुभयो ।[४४३] यो घटनाले वी.पी. लाई तत्कालीन परिस्थितिको विश्लेषण गरेर रणनीति निर्माण गर्न प्रेरित गऱ्यो । यसप्रकार त्यो अफलताबाट जबसम्म जनताको पूर्ण समर्थन प्राप्त गर्न सकिँदैन अर्थात जनता नै उठेर पूर्ण रूपले परिवर्तनका लागि अगाडि बढ्ने परिवेश सिर्जना गर्न सकिँदैन तबसम्म २-४ ठाउँमा बम पडकाएर, २-४ ठाउँमा आक्रमण गरेर कब्जा जमाउँदैमा परिवर्तन हुन सक्दैन भन्ने कुरा ओखलढुंगासम्मको परिणतिले स्पष्ट गरायो ।[४४४]

वास्तवमा वी.पी. सशस्त्र संघर्षमा मात्र विश्वास गर्ने आतंकवादी नेता नभएर राजनीतिमा निर्दिष्ट लक्ष्य प्राप्तिका लागि वार्ता एवं समझदारीका प्रयास सार्थक हुन नसकेको अवस्थामा सम्वाद सुत्र कायम गर्नका लागि बाटो खोज्ने उद्देश्यले मात्र हतियार उठाएका नेता थिए । उनमा आफूले अवलम्बन गरेको मार्गले लक्ष्य प्राप्ति गर्न नसक्ने आभासमात्र हुना साथ त्यसलाई छाडन कत्ति पनि डर, त्रास, लाज नमान्ने र साथीहरूलाई पनि त्यसमा सहमत गराउन सक्ने एक कुशल राजनीतिज्ञका गुण विद्यमान थिए । जुन कुरालाई संविधान सभाको निर्वाचन भन्ने विषय छाडेर संसदको निर्वाचन स्वीकार गरेको २०१५ सालको घटना र २०३७ सालमा जनमत संग्रहको परिणाम स्वीकार गरेको घटनाले प्रमाणित गरेका छन् । तसर्थ उनी

---

[४४०] नोना कोइराला र निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।

[४४१] (क) श्रीमती लीला कोइरालासँग २०६१ जेठ १५ गते सानेपा, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) शोभाकर पराजुलीसँग २०६० पौष२५ गते शंखमुल, काठमाडौँमा लिएको अन्तर्वार्ता रेकर्ड ।

[४४२] रेग्मी, टिप्पणी संख्या ११७ (ख), पृ. ३५ ।

[४४३] भुवनहरी कोइराला, टिप्पणी संख्या १४० (क) ।

[४४४] कैलाश कार्कीसँग २०६१ कार्तिक १७ गते जयवागेश्वरी, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

आफूले प्रयोगका रूपमा अवलम्बन गरेको हिंसात्मक संघर्षबाट भारतको त्यस्तो रवैयामा दु:खान्त परिणति बाहेक खास उपलब्धि नहुने स्पष्ट हुना साथ किंचित लाज नमानी हतियार त्याग्ने सोचतर्फ लागे ।

ओखलढुंगाको परिणतिले हतियार बिसाउने निश्चयसँगै वी.पी. ले राजासँग सरसल्लाह गरी माफिको आश्वासन पाएर मात्र नेपाल फर्केका थिए भन्ने प्रसंगलाई पनि केही लेखक, बुद्धिजीवी एवं राजनीतिज्ञहरूले उठाएको पाइन्छ । जसअनुसार जब भारतले सिक्किमलाई विलय गरायो तब नेपालमा त्यसका विरुद्ध विरोध प्रदर्शन हुनथालेपछि सशंकित भएकी इन्दिरा गान्धीले नेपालप्रति कठोर नीति अवलम्बन गरेपछि चिन्तित भएका राजा वीरेन्द्रले वी.पी. सँग सम्बन्ध बढाई स्वदेश आउने वातावरण मिलाइदिए,[४४५] सिक्किमको विलयपछि वी.पी. ले अन्तर्राष्ट्रिय षड्यन्त्र महसुस गरेर धारणा सार्वजनिक गर्ने र नेपाल फर्कने निर्णय लिएपछि राजाले उनलाई सुरक्षित दण्ड दिने निश्चय गरी काठमाडौं विमान स्थलमा गिरफ्तार गरे[४४६] भन्ने कुरा उल्लेख पाइन्छ । यसैगरी भारतले सशस्त्र संघर्षका लागि दिएका सबै सुविधा खोसेर खाने बस्नेलगायतका अवसरसमेत खोसेपछि नेपाल र राजाको माया जागेर नेपाल फर्केका वी.पी. लाई राजाले माफि दिए[४४७] भन्ने पनि उल्लेख पाइन्छ । तर विविध स्रोतहरूको अध्ययन एवं विश्लेषणबाट यी धारणाहरू यथार्थ सत्य थिएनन् भन्ने स्पष्ट हुन्छ । तर यसतर्फ पहल नै नभएको भन्ने चाहिँ थिएन । किनकी २०३३ सालसम्म आइपुग्दा राजा वीरेन्द्रले नेपाली कांग्रेससँग सम्झौताद्वारा समझदारी कायम गर्नु पर्दछ भन्ने सम्मको वातावरण निर्माण भइसकेको थियो र नेपाली कांग्रेसका कार्यकारी अध्यक्षका तर्फबाट श्रीभद्र शर्मालगायतका व्यक्तिले पहल गर्दै थिए । त्यो स्थितिमा काठमाडौंमा नेपाली कांग्रेसको वास्तविक नेता भनेको वी.पी. हुन सुवर्ण शमशेर केही होइनन् भन्ने मान्यता स्थापित भइसकेको थियो भने तुलसी गिरी जस्ता राजनेताले राजाले नेपाली कांग्रेससँग सम्झौता गर्नेहो भने सिधै वी.पी. सँग गर्नु पर्दछ सुवर्णसँग होइन भन्दथे ।[४४८] सुवर्ण शमशेरका मध्यस्थकर्ताका रूपमा सक्रिय श्रीभद्र शर्माले राजासँग भेटेर त्यस्ता तर्कको प्रतिवाद गर्दै वी.पी. को सदैव २ वटा लाइन रहने हुँदा सुवर्णको सम्झौतावादी लाइन सफल हुना साथ म एक्लै भारतमा बसेर हतियारको राजनीति गर्छु नभनेर तुरुन्त नेपाल आउँछन् र सरकारलाई उनको सहयोग प्राप्त हुन्छ भन्दै उनी हाल

---

[४४५] (क) परमानन्द, टिप्पणी संख्या १३९, पृ. ३८३-३८४ ।
(ख) मार्टिन हफ्टन, विलियम रेपर र जोन ह्वेल्पटन, *पिपुल पोलिटिक्स एण्ड आइडियोलोजी डेमोक्रेशि एण्ड सोसल चेन्ज इन नेपाल,* काठमाडौं : मण्डला बुक प्वाइन्ट, १९९९, पृ. ८६-८७ ।

[४४६] *पूर्ववत्* (ख), पृ. ८७ ।

[४४७] पन्त, टिप्पणी संख्या १२० (क), पृ. १९० ।

[४४८] श्रीभद्र शर्मा, टिप्पणी संख्या ३१ (क) ।

सुवर्णको लाइन सफल हुने कुरामा विश्वस्त नहुनाले भारत बसेका हुन भनी स्पष्ट गरेका थिए ।[४४९] राजाले उनको कुरा सुने तापनि पूर्णरूपेण विश्वस्त नहुँदा सम्झौता हुन सकेन ।

अर्कोतिर वी.पी. ले पनि आफ्नो नेपाल फर्कने निश्चय पछि गणेशमान सिंहसँग सरसल्लाह गरी राजालाई आफ्नो निश्चय अवगत गराएर प्रतिक्रिया बुझ्ने प्रयास गरेका थिए । उनले प्रारम्भमा आफ्नो निश्चयमा गणेशमान सिंहलाई सहमत गराउन नसकेपछि दुवैबीच लामो विचार विमर्श भएको र त्यसको अन्तमा दरवारको प्रतिक्रिया बुझ्ने कुरामा सहमति भएको उल्लेख पाइन्छ । यस कार्यका लागि तत्कालीन भारतका लागि नेपाली राजदुत वेदानन्द झालाई विश्वास गर्न नसकेपछि दुवैले त्यसबेला दिल्ली स्थित नेपाली दुतावासमा कल्चरल एटाची पदमा कार्यरत माणिकलाल बज्राचार्यलाई प्रयोग गर्ने निश्चय गरेकाले आफ्नो पुरानो परिचयका आधारमा गणेशमान सिंहले उनलाई बनारस बोलाए ।[४५०] उनी आइपुग्ना साथ संभवत उनलाई सबै कुरा सम्झाएर एउटा क्यासेटमा राजालाई पठाउने सन्देश रेकर्ड गरी राजाकै हातमा दिने र राजाको प्रतिक्रिया ल्याउने शर्तमा जिम्मा दिइयो । जुन कुरा स्वीकार गरी तुरुन्त काठमाडौँ पुगेका माणिकलालले राजाको पोखरा सवारी भएको थाहा पाउना साथ पोखरामै पुगेर राजाकै हातमा क्यासेट बुझाए तापनि राजाबाट कुनै प्रतिक्रिया नपाएपछि भारत पुगेर गणेशमानलाई सबै कुराको जानकारी दिए ।[४५१] गणेशमान सिंहको यो भनाइबाट उनीहरू राजासँग सल्लाह गरी फर्केको नभएर आफूहरू बिना शर्त नेपाल फर्कनुको कारण स्पष्ट गर्दै राजालाई जानकारी गराएको र राजाले त्यसबारे कुनै प्रतिक्रिया नदेखाएको स्पष्ट हुन्छ ।

राजाबाट कुनै जवाफ वा प्रतिक्रिया नआए तापनि आफ्नो निश्चयमा अडिग रहेर नेपाल फर्केका वी.पी. कै धारणाबाट पनि राजासँग कुनै समझदारी कायम नगरी फर्केको स्पष्ट हुन्छ । उनले आफू राजासँग समझदारी कायम गर्न नभएर तत्कालीन परिस्थिति स्पष्ट गर्ने उद्देश्यले सम्पर्क गर्न चाहेको स्पष्ट गरेका छन्। उनका अनुसार- यत्रो ठूलो जोखिमपूर्ण कदम चाल्दा राजासँग सहमति भएर चालिएको त हैन भन्ने प्रश्न आउने सम्भावना हुन्छ तर यथार्थमा त्यो होइन । हामीलाई समझदारीको आवश्यकता थिएन, मत राजालाई वर्तमान परिस्थितिबारे अवगत गराउन चाहन्थें तर राजाबाट कुनै प्रतिक्रिया व्यक्त नगरेपछि त्यो हुन सकेन ।[४५२]

यसबाहेक भारतीय भू-भागमा बसेर संघर्षका गतिविधि चलाउनाले नेपालमा राजा, प्रशासन, पंच, कम्यूनिष्ट आदि सक्रिय रहेर नेपाली कांग्रेसलाई निरन्तर प्रहार गरिरहेको अवस्था र पार्टीका सक्रिय नेताहरू जेल वा निर्वासनमा रहनाले देशभित्र प्रजातान्त्रिक आन्दोलनमा

---

४४९ *पूर्ववत्* ।

४५० गणेशमान सिंह, "हाम्रो तयारी यसरी सुरु भएको थियो", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५१ पुष १९, पृ. ३ ।

४५१ गणेशमान सिंह, "काठमाडौँ फर्कने तयारीमा", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५१ माघ १७, पृ. ३ ।

४५२ चटर्जी, टिप्पणी संख्या १३ (क), पृ. १२८ ।

रिक्तता आई जनसम्पर्कबाट पार्टी टाढा रहने सम्भावना[४५३] महसुस गरी तत्कालीन परिस्थितिको मूल्याङ्कन गरेर अब जे जति गर्नु पर्दछ त्यो मुलुक भित्रै गएर गर्नु पर्दछ भन्ने तथ्यमा सहमत भएर वी.पी. नेपाल फर्कने निश्चयमा पुगे ।[४५४]

उपरोक्त विवेचनाका आधारमा हेर्दा भारतीय भू-भागमा आश्रय लिएर उसको सहानुभूति प्राप्त गरी हिंशात्मक संघर्षद्वारा प्रजातन्त्र पुनर्स्थापना गर्ने सोचअनुरूप बढेका वी.पी. ले भारतको रवैया र वास्तविक चाहना बुझेपछि नेपाल फर्कने निश्चयमा पुगे भन्न सकिन्छ । किनकी भारतको प्रश्ताव मान्नु भनेको आफ्नो मुलुकको स्वतन्त्र अस्तित्व सुम्पेर परतन्त्रता तर्फ कदम बढाउनु हो भन्ने उनलाई स्पष्ट भयो । उनी आफ्नो इशारामा चल्न नमानेपछि अप्ठ्यारा परिस्थिति निर्माण गरी बाध्य पारेर झुकाउने नीति इन्दिरा सरकारले अवलम्बन गरेर उनका कार्यकर्ता पक्रनेदेखि सुरक्षाका बहानामा उनलाई नै आफ्नो सुरक्षाकर्मिहरूद्वारा घेराउने र दक्षिण भारतको बैंगलोरमा गएर बस भन्नेसम्मका उपाएहरू गर्न थाल्यो । जसले गर्दा भारतको बसाइलाई मन्द विष अर्थात तडपी-तडपी विस्तारै मर्ने कार्यको संज्ञा दिएर आफ्नै देशमा आवश्यक परे फाँसीको समेत सामना गर्न तयार भई नेपाल फर्कने निश्चय गरे ।

शितयूद्धको प्रभाव र ध्रुवीकरणको चकचकीले गर्दा प्रायःजसो मुलुक गुटबन्दीतर्फ अग्रसर भइरहेको र शक्ति राष्ट्रले आफ्नो प्रभाव विस्तारका लागि तिलाई काखि च्यापेर महत्वाकांक्षा बढाइरहेको त्यो अवस्थामा नेपाल जस्तो सानो र विपन्न मुलुक षड्यन्त्रको चक्रव्यूहमा फस्न सक्ने सम्भावनालाई पनि उनले नजरअन्दाज गर्न सकेनन् । दक्षिण एशियामा रुसको बढ्दो प्रभावलाई रोक्नका लागि अमेरिकाले चीन एवं पाकिस्तानलाई शक्ति सम्पन्न बनाउने नीतिअनुरूप कदम चाल्न थालेपछि त्रस्त भएको भारतले रुसी समर्थन एवं सहयोग जुटाउनेतर्फ लाग्यो । परिणामस्वरूप रुससँग २० वर्षे मैत्री सन्धी गरेर एकातिर दक्षिण एशियाकै प्रमुख शक्ति राष्ट्रका रूपमा स्थापित हुनेतर्फ लाग्यो भने अर्कोतिर चीनबाट हुन सक्ने खतरालाई रोक्न चीनसँग सीमा जोडिएका आफ्ना छिमेकी राष्ट्रहरू माथि कब्जा जमाई स्वतन्त्र अस्तित्व नै समाप्त गर्दा पनि रुसी संरक्षणका कारण कसैले केही गर्न सकेन । यसबाट दक्षिण एशियाको राजनीतिमा भारतको प्रभुत्व विस्तार खेल स्थापित हुन लागेको र आफ्नो देश नेपालमा पनि यसको स्पष्ट प्रभाव पर्ने वास्तविकतालाई वी.पी. ले हृदयङ्गम गरे । यसबाहेक नेपालभित्र आफ्नो कारणले विदेशी तत्व झनै सक्रिय हुन सक्ने अनुमान पनि उनले गरेका थिए । त्यो स्थितिमा राजासँग आफ्ना मतभेदहरू हुँदाहुँदै पनि राष्ट्रियताको रक्षाका लागि आफूले प्रजातन्त्र पुनर्स्थापना गर्न भनेर बोकेको बन्दुक नबिसाइ नहुने स्पष्ट महसुस गरी बिना शर्त नेपाल फर्कने निश्चय गरे ।

---

[४५३] अधिकारी, टिप्पणी संख्या १६४, पृ. २०१ ।

[४५४] लोकेन्द्रबहादुर चन्दसँग २०६१ चैत्र २ गते लोकन्थली, भक्तपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

यसरी समग्र परिस्थितिको विश्लेषणबाट राष्ट्रियतामाथि खतरा महसुस गरेका वी.पी. ले स्वदेश फर्कदा नेपालको राष्ट्रियतामा खतरा छ भन्नु बाहेक अरू स्पष्ट गर्न सकेनन् । किनकी भारतलाई स्पष्ट रूपमा चिढाउनु भनेको उसलाई एकातिर खुलेर हस्तक्षेप गर्ने वातावरण मिलाइदिनु हो भने अर्कातिर नेपाल र नेपालीका लागि झन कष्टप्रद अवस्था निम्त्याउनु हो भन्ने वास्तविकता पनि उनले राम्रोसँग बुझेका थिए । तसर्थ उनले कम्यूनिष्टहरूको बढ्दो प्रभाव र दक्षिण एशियामा उत्पन्न राजनैतिक अस्थिरता आदिबाट नेपालको राष्ट्रियता खतरामा परेको उल्लेख गर्दै संभवतः अमेरिकालगायत यूरोपका प्रजातान्त्रिक मुलुकबाट सहानुभूति तान्ने प्रयास गरे । यसबाहेक बढ्दो खतरालाई सामना गर्न राजशक्ति एवं जनशक्तिको मेल आवश्यक भएको उल्लेख गर्दै त्यसका लागि नै आफूले हतियार विसाएको स्पष्ट गरी आफ्नो नयाँ नीतिलाई मेलमिलाप नीतिको संज्ञा दिए । यसप्रकार राजशक्ति र जनशक्ति बीच समझदारी बढाएर मिलन विन्दु निर्माणका लागि उनी २०३३ साल पौष १६ गते नेपाल फर्किए ।

उनको स्वदेश फिर्ताको घटनालाई समर्थन एवं विरोध गर्ने जे जस्ता घटना एवं परिस्थिति जन्मिए तापनि त्यसबाट नेपालको राजनीतिमा व्यापक हलचल ल्याएको सत्यतालाई नकार्न सकिँदैन । किनकी उनको नेपाल आगमनपछि एकातिर प्रवाशमा रेहेको नेपाली कांग्रेसको राजनीतिले नेपाल प्रवेश गरेकाले कार्यकर्ता पंक्तिमा ठूलो उत्साह छाउनुका साथै राष्ट्रिय राजनीतिमा नवीनताको सिर्जना भयो भने अर्कोतिर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उनलाई माध्यम बनाएर आफ्नो स्वार्थ सिद्ध गर्ने भारतीय चाहनामाथि अंकुश लाग्न गयो । त्यसपछि उनले आशातित रूपले सफाइसमेत पाएर आफ्नो मेलमिलाप नीतिको व्याख्या गर्ने जुन अवसर राजाबाट पाए त्यसले नेपालमा २०१७ सालमा ध्वस्त भएको राजशक्ति र जनशक्तिको मिलन विन्दुलाई पुनः जोडने प्रयासका लागि वातावरण निर्माण गऱ्यो । तसर्थ २०३३ सालमा वी.पी. ले उठाएको यो कदम राष्ट्रियताको रक्षा र प्रजातन्त्र पुनर्स्थापना प्रयासलाई सँगसँगै अगाडि बढाउने एक औचित्य पूर्ण कदम थियो भन्न सकिन्छ ।

## ३.४ स्वदेश आगमन र गिरफ्तारी

विविध कारणले राष्ट्रियतामाथि खतरा महसुस गरेपछि प्रजातन्त्र पुनर्स्थापनाका लागि आफूले उठाएको हतियार परित्याग गरी राजासँग मेलमिलाप कायम गरेर राष्ट्रियताको रक्षा गर्ने निश्चय गरेका वी.पी. ले आफ्नो निश्चयलाई कार्यकर्ताबाट अनुमोदन गराएर निर्णयमा परिणत गर्न निकै मेहनत गर्नु पऱ्यो । त्यसपछि नेपाल फर्कने प्रक्रिया सुरु भयो र उपयुक्त वातावरण निर्माणको प्रयास थालनि गरियो । वी.पी. राष्ट्रिय एवं अन्तर्राष्टिय परिस्थितिलाई सूक्ष्मता साथ विश्लेषण गरी नवीनता पत्ता लगाउने र त्यसकै आधारमा आफ्नो नीति स्पष्ट गर्ने क्षमता भएका राजनेता थिए । उनले आफूले निश्चय गरेको विषयलाई सिधै कार्यकर्तामाथि थोपर्ने काम नगरी सदैव त्यसबारे चर्चा वहस चलाउने,

छलफल गराउने र एउटा माहौल सिर्जना गरी सबैलाई सहमत बनाएर सामुहिक निर्णयका रूपमा अगाडि ल्याउने गर्दथे । यही प्रजातान्त्रिक राजनैतिक संस्कृतिको स्वभावले गर्दा उनी कार्यकर्ताका प्रिय नेता बनेका हुन् । २०३३ सालमा पनि उनले निकै छलफल गराएर सहमत गराएपछि मात्र मेलमिलाप नीतिलाई अगाडि बढाएका थिए ।

राजासँगका सम्पूर्ण मतभेदहरू यथावत नै रहेको अवस्थामा राष्ट्रियताको रक्षाका लागि बिना शर्त नेपाल फर्कने निर्णय गरेर तयारीका क्रममा २०३३ साल श्रावण-भाद्रदेखि नै कार्यकर्ताहरूलाई परीक्षणका रूपमा विभिन्न मार्गबाट नेपाल फर्काउन प्रारम्भ गरे । त्यसपछि आवश्यक अन्य तयारीतर्फ लागि बी.पी. लगायतका नेताहरू फर्कने तिथि निर्धारण, नेतासँग हवाइ जहाजबाट जाने टोली र स्थल मार्गबाट स्वदेश फर्कने टोलीको निर्धारण, विविध कारणले भारतमै बस्नेहरूको वर्गीकरणलगायतका कार्य सम्पन्न गरिए ।[४५५] भारतका विभिन्न अदालतहरूमा मुद्दा चलिरहेका कार्यकर्ताहरू नेपाल फर्कन नमिल्ने हुँदा तिनको प्रबन्ध मिलाउने, देशभित्र एवं बाहिरका कार्यकर्ताहरूले देशभित्रै सम्पर्क कायम गर्न सक्ने परिस्थिति नबन्दासम्म सम्पर्क सूत्र कायम राख्ने र बी.पी. लगायतको स्वदेश फिर्तिपछि सरकारको व्यवहार हेरेर अन्तर्राष्ट्रिय समर्थन एवं दवाव जुटाउनेलगायतका कार्यका लागि गिरिजाप्रसाद कोइराला भारतमै बस्ने तय गरियो ।[४५६]

यसप्रकारका व्यवस्था गरिसकेपछि पार्टीको भावी नीति स्पष्ट गर्ने र आफ्नो कदमको औचित्य पनि स्पष्ट पार्नु जरुरी भयो । किनकी नेपाली कांग्रेस एउटा प्रजातान्त्रिक पार्टी भएकाले यसका हरेक निर्णय एवं कदमहरू कार्यकर्ता माझ राखेर अनुमोदन गराएपछि मात्र कार्यान्वयन गर्ने परिपाटी स्थापना सँगै प्रचलित थियो । २०३३ सालमा पनि राजासँगका आफ्ना मागहरू यथावत रहेको र देशभित्र आफ्ना विरुद्ध डर लाग्दो वातावरण विद्यमान रहेको त्यो परिस्थितिमा बिना शर्त देशभित्र फर्कने स्थिति किन आयो र कुन अवस्थाले त्यो कदम उठाउन बाध्य बनायो भन्ने कुरा जनसमक्ष स्पष्ट गर्नु जरुरी भयो । तसर्थ बी.पी. ले आफ्नो निश्चयसँगै तयार गरेको आधारपत्रका आधारमा तत्कालीन परिस्थितिको समेत विशलेषण गरेर वक्तव्य तयार गरी निर्णायक तहमा रहेका खास साथीहरू समक्ष राखे ।[४५७] जसलाई साथीहरूले सजिलै अनुमोदन गरे तापनि त्यो वक्तव्य बी.पी. ले नेपाली कांग्रेसको कुनस्तरको नेताका रूपमा जारी गर्ने भन्ने विषयमा सामान्य कुरा उठेर त्यसले विवादको रूप लियो ।[४५८] किनकी बी.पी. २०१७ सालको

---

[४५५] (क) गणेशमान सिंह, "काठमाडौं फर्कने तयारीमा", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५१ माघ १७, पृ. ३ ।

[४५६] निलाम्बर पन्थी, नोना कोइराला, स्मृतिनारायण चौधरी, अनिरुद्र शर्मा, डिल्लीरमण शर्मा, योगप्रसाद उपाध्याय, अशोक कोइराला आदिसँगका अन्तर्वार्ताहरू ।

[४५७] अशोक कोइराला, निलाम्बर पन्थी, अनिरुद्र शर्मासँगका अन्तर्वार्ताहरू ।

[४५८] (क) गणेशमान सिंह, "मुसाहरूको तिब्र प्रतिक्रिया", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं आयाम प्रकाशन, २०५१ फागुन २, पृ. ३ ।

सातौं महाधिवेशनद्वारा निर्वाचित सभापति भए तापनि शाही कदम २०१७ सँगै जेलमा बन्दी भएकाले संघर्षको निर्णय गर्न सम्पन्न पटना भेलाले सुवर्ण शमशेरलाई कार्यवाहक सभापति बनाएको थियो । २०२५ सालमा वी.पी. जेलमुक्त भएपछि सुवर्णले सभापतिको पद सम्हाल्नभन्दा त्यसबखत सुवर्ण एवं राजा महेन्द्रबीच सम्झौता वार्ता चलिरहेको स्थितिमा वार्ता परिणाममुखी बनाउन सजिलो होस् भनी वी.पी. ले उक्त पद सुवर्णलाई नै सम्हाल्न भनेका थिए । पछि उनले निर्वासनसँगै हतियार उठाउने निर्णय एवं कार्यान्वयन गर्दा पनि उक्त पदको प्रयोग नगरेर पार्टीको आधिकारिक नेता सुवर्ण र आधिकारिक लाइन सुवर्णको भन्दै आफ्नो कदमलाई व्यक्तिगत कदको संज्ञा दिएर काम गरेका थिए ।[४५९] तसर्थ २०२५ सालदेखि २०३३ सालको मध्यान्तरसम्मका उनका हरेक सन्देश, वक्तव्य, अपिल, पत्रकार भेटघाटलगायतका क्रियाकलाप नेपाली कांग्रेका नेता एवं भूतपूर्व प्रधानमन्त्रीका हैसियतले मात्र जारि गरिन्थे । त्यो स्थितिमा भएको बिता शर्त नेपाल फर्कने निर्णयसँगै धारणा सार्वजनिक गर्दा वी.पी. ले कुन हैसियतको प्रयोग गर्ने भन्ने प्रश्न उठ्यो । संभवतः नेता एवं भूतपूर्व प्रधानमन्त्रीका रूपमा मात्र त्यसो गर्दा उनको लाइनले पार्टीको आधिकारिक लाइनको स्थान नपाउने र सरकारी दमनको प्रतिरोध गर्दा पनि व्यक्तिगत जस्तो स्वरूपमा परिणत हुने संभावना बुझेर नै त्यस्तो कुरा उठेको होला । तसर्थ यसबारेमा वी.पी. समूहबीच छलफल एवं विचार विमर्श नै सुरु भयो । जसको अन्तमा अब वी.पी. ले पार्टी सभापतिको आफ्नो पद सम्हाल्नु पर्दछ र सभापतिका हैसियतले वक्तव्य जारी गर्नु पर्दछ भन्ने निष्कर्ष निकालिएकाले अनुमोदित वक्तव्यलाई अपिलका रूपमा प्रकाशित गर्ने कार्य गरियो ।[४६०] यसप्रकार प्रकाशित गरिएको अपिललाई नेपालका विभिन्न ठाउँमा पुऱ्याएर पौष १६ गते सार्वजनिक गर्ने कार्यको जिम्मा गिरिजाप्रसाद कोइरालालाई सुम्पिएर वी.पी. अन्तिम तयारीतर्फ लागे ।

विविध विचार विमर्शपश्चात त्यसबखतसम्ममा नेपाल फर्कने सबै नेता एवं कार्यकर्ताहरू एक साथ काठमाडौं जानुको सट्टा वी.पी. सँगै केही हजाई जहाजद्वारा काठमाडौं जाने र बाँकी स्थल मार्गबाट आ-आफ्नो जिल्लामा गई आफूमाथि लाग्ने मुद्दाको सामना गर्ने भन्ने सहमति कायम भइसकेको थियो ।[४६१] तसर्थ स्थल मार्गबाट जानेहरू धमाधम प्रस्थान गर्न थालेकाले वी.पी. एवं गणेशमानले तिनीहरूलाई नेपालभित्र पुगेर उत्साह एवं निडरता साथ काम गर्ने सन्देश दिएर विदाइ गरे ।[४६२] त्यसपछि वी.पी. सँगै जाने भनिएका र गोरखपुरमा रहेका अनिरुद्र शर्मा र जगन्नाथ आचार्यलाई लिएर बनारस आइपुग्न भनी गणेशमान सिंहले निलाम्बर

(ख) गिरिजाप्रसाद कोइराला, अनिरुद्र शर्मासँगका अन्तर्वार्ताहरू ।

[४५९] शर्मा, टिप्पणी संख्या ३५ (क), पृ. १०४ ।

[४६०] सिंह, टिप्पणी संख्या १९४ (क), पृ. ३ ।

[४६१] निलाम्बर पन्थी, अशोक कोइराला, अनिरुद्र शर्मा, योगप्रसाद उपाध्यायसँगका अन्तर्वार्ता ।

[४६२] (क) दानबहादुर भुषालसँग २०५८ मंसिर ५ गते भलवारी, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) दिर्घराज काफ्लेसँग २०५८ मंसिर २३ गते भैरहवा, बुद्धचोकमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

पन्थीलाई खबर पठाए ।[४६३] विविध काममा खटिरहेका पन्थी उक्त खबर पाउना साथ अन्य जरुरी काम सकेर बनारस पुग्दा अनिरुद्र शर्मा र जगन्नाथ आचार्य आफ्नै किसिमले स्थल मार्गबाट जान लागेको र वी.पी. सँग अनुमतिसमेत लिइसकेको थाहा पाए । उनलाई भने वी.पी. ले सँगै जाने भनेपछि आचार्य र शर्माको स्थानमा खुमबहादुर खडका र रामवावु प्रसाइलाई एडजस्ट गरियो । यसप्रकार वी.पी. सँगै काठमाडौँ जाने टोलीमा गणेशमान सिंह, शैलजा आचार्य, खुमबहादुर खडका, रामवावु प्रसाइ र निलाम्बर पन्थी निश्चित हुनपुगे ।[४६४]

यसप्रकार प्रारम्भिक तयारी पूरा गरी २०३३ साल पौष १६ गते (Dec. 30, 1976 A.D.) का दिन पटनाबाट शाही नेपाल वायुसेवा निगमको विमानद्वारा वी.पी.लगायतका ६ जना काठमाडौँ जाने तय भयो । त्यसभन्दा ४ दिन अगाडि वाराणसी हिन्दु विश्वविद्यालय छात्र यूनियनका सभापति मोहनप्रकाशले वी.पी. को विदाइका लागि एक कार्यक्रमको आयोजना गरे ।[४६५] वरिष्ठ प्रोफेसर, राजनीतिक विश्लेषक, विद्यार्थी, राजनीतिकर्मि एवं समाजवादी विचार धाराका युवाहरूको विशाल उपस्थिति रहेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै वी.पी. ले नेपालको राष्ट्रियता खतरामा परेको परिवेशमा राष्ट्रियताको रक्षाका लागि आफू राजासँग सहकार्य गर्न नेपाल जान लागेको स्पष्ट गरे ।[४६६] त्यसको भोलीपल्ट पटनातर्फ प्रस्थान गरी पत्रकार सम्मेलनमा आफूले नेपाली कांग्रेसको सभापति पद ग्रहण गरेको कार्य समिति पुनर्गठन गरेको लगायतका कुरा स्पष्ट गरेर देशवाशिका नाममा जारी गरेको अपिल सार्वजनिक गर्दै नेपालतर्फ प्रस्थान गरे । पौष १६ गतेका दिन उनीहरूलाई पटना विमान स्थलमा भारतीय समाजवादी नेता जयप्रकाश नारायणलगायतका वी.पी. का भारतीय मित्रहरू, पारिवारिक सदस्यहरू आदिले आश्रुपुरित आँखाद्वारा भावपूर्ण विदाइ गरेका थिए ।[४६७] भावविह्वल भएका वी.पी. त्यसबखत जयप्रकाश नारायण बाहेक अरूसँग राम्ररी विदावारी हुन सकेनन् भने उनको सुरक्षाका लागि भनेर भारत सरकारले दिएका सुरक्षा गार्ड एवं तिनको हाकिम सवइन्सपेक्टरले समेत थाम्नै नसक्ने गरी रोयर आँसु पुछिरहेका थिए ।[४६८]

वी.पी. ले आफ्नो नेपाल फर्कने निर्णयलाई भारतबाट नै नेपालका राजनीतिज्ञ, तरुण, विद्यार्थी, प्राध्यापक, कार्यकर्ता, उच्च तहका कर्मचारीलगायत विभिन्न क्षेत्रका व्यक्तिहरू एवं

---

[४६३] निलाम्बर पन्थी, टिप्पणी संख्या १९ (ख) ।

[४६४] निलाम्बर पन्थी, अशोक कोइराला, शैलजा आचार्यसँगका अन्तर्वार्ताहरू ।

[४६५] हरेकृष्ण शाह, टिप्पणी संख्या १०५ ।

[४६६] (क) *पूर्ववत्* ।
(ख) सिद्धार्थनारायण थारु, “त्रुटिपूर्ण विवेचना”, *कान्तिपुर दैनिक,* नारायण वाग्ले (सं.), काठमाडौँ : कान्तिपुर पब्लिकेशन्स, २०६१ असोज २६, पृ. ६ ।

[४६७] (क) निलाम्बर पन्थी, गिरिराज आचार्य, नोना कोइरालासँगका अन्तर्वार्ताहरू ।
(ख) वी.पी. को डायरी, “फेरी सुन्दरीजलमा”, *हिमाल खबर पत्रिका,* राजेन्द्र दाहाल (सं.), ललितपुर : कनकमणि दीक्षित, १-१५ माघ २०५८, पृ. ५० ।
(ग) प्रेमनाथ शर्मासँग २०६० जेठ १७ गते नयाँ सडक विरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[४६८] वी.पी. को डायरी-२, “शैलेजाको सम्झना”, *पूर्ववत्* (ख), १६-३० माघ २०५८, पृ. १४-१५ ।

राजालाई समेत विभिन्न माध्यमबाट जानकारी गराइसकेको हुँदा नेपालमा प्रशस्त हलचल उत्पन्न भइसकेको थियो । नेताहरू नेपाल फर्कने दिनको निश्चयसँगै लण्डनको ब्रिटिश ब्रोडकास्टिङ्ग कर्पोरेशनले त्यसबारेमा प्रशारण गर्नुका साथै भारतीय पत्रपत्रिकाहरूले पनि प्रशस्त लेखिसकेको थिए । तसर्थ नेपालमा राजालाई वी.पी. को हौवा देखाएर सत्तामा हालिमुहाली मच्चाइरहेको समूह, नेपाली कांग्रेसभित्रको वी.पी. विरोधी समूह आदि यो समाचारबाट आत्तिएर विरोधको वातावरण निर्माणतर्फ सक्रिय भयो । जसले वी.पी. को यो कदमलाई संस्थापनसँगको लडाइको रणनीति, पंचायतसमक्षको आत्मसमर्पण, क्रान्तिबाट पलायन, नेपाल फर्कने बहाना, कम्यूनिष्ट मास्ने षड्यन्त्र आदि उपमा दिनथाले । यो समाचारबाट पंचायत खेमामा ठूलो भुइँचालो ल्याएजस्तो नै भयो र ठूला साना पंचहरू एकजुट जस्तो भएर एकै स्वरमा विविध आरोप लगाएर वक्तव्य निकाल्नेतर्फ लागे ।[४६९] सरकारले त्यसबखतसम्ममा वी.पी. को निर्देशनअनुसार रेलमार्ग र मोटर मार्गबाट केही पहिला नै प्रवेश गर्ने कार्यकर्ताहरूलाई नेपाल प्रवेश गर्ना साथ पुलिसद्वारा पक्रने कार्य गर्दै थियो ।[४७०] वी.पी. आउने अघिल्लो दिन अर्थात पौष १६ गते राजधानी काठमाडौँमा तत्कालीन सरकारले विभिन्न होटलहरूमा छापा मारेर शम्भुप्रसाद रिजाल, शिवहरी ढुंगाना, रमेश घिमिरेलगायतका विभिन्न युवाहरूलाई गिरफ्तार गरिसकेको थियो ।[४७१] यसै गरी काठमाडौँमा रहेका कृष्णप्रसाद भट्टराईलगायतका नेताहरूलाई सुरक्षा कानुनअन्तर्गत थुनिसकिएको थियो । त्यसबखत राजा वीरेन्द्र पश्चिमाञ्चल भ्रमणका सिलसिलामा पोखरामा थिए भने राजधानीमा प्रधानमन्त्री तुलसी गिरीलगायतका कट्टरवादीहरू दमनको योजना बनाउँदै थिए ।

अर्कातिर वी.पी. को निर्णयको समाचारबाट नेपाली कांग्रेसका कतिपय कार्यर्ताहरू सन्त्रस्त थिए भने कतिपय उत्साहित थिए । देशमा प्रजातान्त्रिक वातावरण निर्माणका लागि नेपाली कांग्रेसका आदर्शअनुरूप संघर्षरत विद्यार्थी जगतमा रहस्यमय रूपले वी.पी. राजासँग मिल्दैछन्-आत्मसमर्पण गर्दैछन् भन्ने हल्ला चलाइयो । यसबाट भुइँचालोको स्थिति आएपछि अखिल एवं मण्डलेहरूसँग ने.वि. संघका युवाहरूले वादविवाद एवं वहसद्वारा मेलमिलापको औचित्य स्पष्ट गर्नेलगायतका कार्यका साथै काठमाडौँको सर्कुलरअनुसार ठाउँ-ठाउँमा वी.पी. स्वागत समिति गठन गर्ने काम गरेका थिए ।[४७२] वी.पी. आउने दिनभन्दा ठिक ३ महिना अगाडि

---

४६९ मीता सिंह, *वासँगका सम्झनाका क्षणहरू*, काठमाडौं : मीता सिंह, २०५५, पृ. ६३ ।

४७० गिरिराज आचार्य, "वी.पी. को स्वदेश आगमन", *पूर्व टाइम्स* (पत्रिका), वर्ष १७, अङ्क ३०, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५६ फागुन १४, पृ. ३ ।

४७१ गिरिराज आचार्य, "वी.पी. को नेपालमा भव्य स्वागत", *पूर्व टाइम्स* (पत्रिका), वर्ष १७, अङ्क ४०, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५७ वैशाख २४, पृ. ३ ।

४७२ (क) लालकिशोर शाहसँग २०६० जेठ १४ गते रामानन्द चौक जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) राजनप्रसाद पन्तसँग २०५८ श्रावण २४ गते तानसेन पाल्पामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) रामकृष्ण घिमिरेसँग २०६० असार २ गते नारायणगढ चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) व्रतराज आचार्य, स्मृतिनारायण चौधरी, वृखेशचन्द्रलाल, कुमारप्रसाद कोइरालासँगका अन्तर्वार्ताहरू ।

परीक्षणका रूपमा नेपाल फर्किएका हरिहर विरही, रामजनम तिवारी र स्मृतिनारायण चौधरी जस्ता युवाहरूले भूमिगत रूपमा वी.पी. को सन्देश ठाउँ-ठाउँमा पुऱ्याउने, विद्यार्थीहरूलाई वी.पी. को कदमको औचित्य बुझाउने लगायतको कार्य गर्दै थिए ।[४७३] त्यो अवस्थामा वी.पी. को अपिल काठमाडौं पुऱ्याएर पौष १६ गते बाँड्ने जिम्मा पाएका अशोक कोइराला आफ्ना दुवै खुट्टामा माथिसम्म र कम्मरमा बाँधेर विराटनगरबाट प्रस्थान गरी वीरगंजमा बास बस्दै र प्रहरीको तलाशिबाट उम्कदै ५-६ हजारजति पर्चा काठमाडौं पुऱ्याउन सफल भए ।[४७४] काठमाडौंमा कृष्णप्रसाद भट्टराई थुनिइसकेकाले अशोक शुक्रराज शर्मासँग सम्पर्क राख्न पुगेपछि सुनिल दाहाल, यम शर्मा, वृखेश चन्द्रलाल आदि ने.वि. संघका कार्यकर्ता समेतको सहयोग लिएर ती पर्चा वितरणको व्यवस्था मिलाउनेतर्फ लागे ।[४७५]

संविधानको दोस्रो संशोधनमा कट्टरतावादी हावी भएपछि एकप्रकारले सुसुप्त जस्तो हुनपुगेको नेपालको राजनैतिक वातावरणमा वी.पी. आउने समाचारले अनायास तरंग उत्पन्न गराई सनसनी फैलायो । पंचायत खेमाका मानिसहरूमध्ये एकथरी अर्थात उदारवादीहरूले विगतका तिता अनुभव विर्सि यो अवसरलाई सदुपयोग गरेर नेपाली कांग्रेसलाई मुलधारमा नै समावेश गरेर पंचायती व्यवस्थालाई स्थायित्व प्रदान गर्ने अवसर छाड्नु हुँदैन र यसतर्फ कदम चाल्नु पर्दछ[४७६] भन्ने धारणाअनुरूप प्रयास गर्दै थिए भने अर्काथरी अर्थात कट्टरतावादी पंचहरूले अराष्ट्रिय तत्व, देशद्रोही वी.पी. लाई कडा कार्वाही गर्नु पर्दछ भन्दै तयारी गर्दै थिए ।[४७७] यसरी वी.पी. को यो कदमसँगै पंचायत खेमा भित्र पनि ध्रुवीकरण देखा पर्दै थियो । तर सत्तामा कट्टरतावादीहरू हावी भएकाले उदारवादी विचारधारा अगाडि आउन सकेन ।

यसप्रकारको उत्तेजित वातावरणकै बीच निश्चित दिन अर्थात पौष १६ गते आयो । त्यसदिन सवेरै कार्यकर्ताहरूले देशका विभिन्न भागमा वी.पी. को अपिल छरेर आज काठमाडौंमा वी.पी. आउँदै छन् भन्ने समाचारलाई जनस्तरसम्म पुऱ्याइसकेका थिए ।[४७८] विराटनगर, झापा, धरान, जनकपुर, वीरगंज, भैरहवा, पोखरा, भरतपुर, पाल्पा, वाग्लुङ्गलगायत देशका विभिन्न क्षेत्रबाट उत्साहि नेता एवं तरुण कार्यकर्ताहरू विविध विध्नवाधाको सामना गर्दै वी.पी. लगायतका राजनेताहरूको स्वागत गर्न काठमाडौं पुगिसकेका थिए ।[४७९] कीर्तिपुरस्थित विश्वविद्यालय क्याम्पस र उपत्यकाका विभिन्न क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू पनि त्यस

---

[४७३] स्मृतिनारायण चौधरी, टिप्पणी संख्या ८१ (ङ) ।

[४७४] अशोक कोइराला, टिप्पणी संख्या ३४ (ख) ।

[४७५] शुक्रराज शर्मा, अशोक कोइराला, वृखेशचन्द्रलालसँगका अन्तर्वार्ताहरू ।

[४७६] लोकेन्द्रबहादुर चन्द, टिप्पणी संख्या १९० ।

[४७७] श्रीभद्र शर्मा र कृष्णलाल सापकोटासँगका अन्तर्वार्ताहरू ।

[४७८] आचार्य, टिप्पणी संख्या २०७, पृ. ३ ।

[४७९] (क) अशोक कोइराला, गिरिराज आचार्य, स्मृतिनारायण चौधरी, वृखेशचन्द्रलाल, लालकिशोर शाह, भुवन सुवेदी, रमेश शर्मा, शुक्रराज शर्मा, गोविन्द कँडेल, हरि नेपाल आदिसँगका अन्तर्वार्ताहरू ।
(ख) गोपालकुमार बस्नेतसँग २०६० जेठ ३ गते अनारमनी झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

दिन निकै सल्बलाएर दिउँसो १२ बजेदेखि नै त्रिभुवन विमान स्थलमा जम्मा हुन थालिसकेका थिए । आफ्ना पति एवं पिताको स्वागत गर्न फूलका केही गुच्छासहित घरबाट हिंडेका गणेशमान सिंहका परिवारले बाटो भरी भिषण यूद्धको सामना गर्न तम्तयार पारेभैंm पुलिस र सेनाका जवानहरू तम्तयार पारिएको र विमान स्थल नजिकै पुलिससँग मिलेर मण्डलका कार्यकर्ताहरूले स्वागतार्थिलाई धम्काउने, तर्साउने गरेको दृश्य देख्नुका साथै विमान स्थलमा पुगि टेक्सीबाट ओर्लना साथ १२-१५ जनाले एक साथ फोटो खिचेको दृश्य सामना गर्नु पऱ्यो ।[४८०]

विमान स्थलमा वी.पी. को प्रतिकार गर्ने नियतले व्यवस्थावादीहरूले राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलका विद्यार्थीलगायतको भिड पठाइसकेको थियो । जसले स्वागत गर्न गएका नेता, कार्यकर्ता, तरुण, विद्यार्थी आदिको समूहलाई लक्षित गरी गालि गलौज गर्ने, जिस्काउने, अश्लिल शब्द प्रयोग गरी उत्तेजित बनाउन खोज्ने, केटी एवं महिलालाई जिस्काउने, हातपातको प्रयास गर्ने जस्ता कार्यबाट निहुँ खोज्दै थिए ।[४८१] तर कुनै पनि हालतमा वी.पी. आउँदासम्म बसेर स्वागत गर्ने चाहना र अपिल बाँड्ने उद्देश्य लिएर पुगेको त्यो समूह पूर्णरूपले अनुशाशित भएर सहनशिलताको परिचय दिंदै शान्त भएर बस्यो । त्यसबखत भूपती ढकालले उत्तेजनामा नआउन सल्लाह दिने काम गरे भने हरिबोल भट्टराई, रामचन्द्र पौडेल आदिले विमान आउने समय पत्ता लगाएर जानकारी दिए ।[४८२]

त्रिभुवन विमान स्थलमा यस्तो तनावपूर्ण स्थितिको आशंका देखिइरहेकै बेला दिउँसो करिब २ बजेतिर वी.पी. लगायतका नेताहरू आएको शाही नेपाल वायुसेवा निगमको विमान ओर्लियो । धावन मार्गमा उत्रना साथ उक्त विमानलाई टाढाको एक कुनामा पुऱ्याई सुरक्षाकर्मिद्वारा वी.पी. लगायतका ६ जनालाई झारेर विमान स्थलभित्रै टाँगिएको एक पालमा पुऱ्याई विमान स्थलका आवश्यक प्रक्रिया पूरा गरियो ।[४८३] त्यसपछि वी.पी. र गणेशमान सिंहलाई प्रहरीको एउटा जीपमा राखेर सुन्दरीजल पुऱ्याइयो ।[४८४] यसै गरी एउटा जीपमा शैलजा आचार्यलाई र निलाम्बर, खुमबहादुर र रामवावुलाई अर्को जीपमा राखेर हनुमानढोका स्थित जिल्ला प्रहरी कार्यालय पुऱ्याइ दिनभरी त्यहीं राखेर साँझतिर जेल चलान गरियो ।[४८५] निलाम्बर पन्थीलगायतका २ जनालाई विमान स्थलबाट लाने क्रममा जीपको अगाडि बसेका

---

[४८०] सिंह, टिप्पणी संख्या २०५, पृ. ६४ ।

[४८१] (क) दिर्घराज काफ्ले, ज्ञानीशंकर गिरी, शुक्रराज शर्मा, रामचन्द्र पौडेल, अशोक कोइराला, हरि नेपाल, लालकिशोर शाह, वृखेशचन्द्रलालसँगका अन्तर्वार्ताहरू ।
(ख) राजेन्द्रनीधि कोइरालासँग २०५९ चैत्र २७ गते पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[४८२] (क) हरिबोल भट्टराईसँग २०५० श्रावण ३० गते लिएको लिखित अन्तर्वार्ता ।
(ख) दिर्घराज काफ्ले, अशोक कोइराला, गिरिराज आचार्यसँगका अन्तर्वाताहरू ।

[४८३] (क) वी.पी. को डायरी, टिप्पणी संख्या २०४ (ख) ।
(ख) शैलजा आचार्य र निलाम्बर पन्थीसँगका अन्तर्वार्तहरू ।

[४८४] *पूर्ववत्* (क) ।

[४८५] शैलजा आचार्य र निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।

एस.पी. ले काठमाडौँमा भर्खरै तयार भएको चक्रपथ, ट्रलिबस, नयाँ वानेश्वरमा नव निर्मित बाटो आदि देखाउँदै हेर्नुस् पंचायती व्यवस्थाले कति विकास गरेको छ तपाइँहरूले यस्तो गर्नु भएको थियो भन्दै हनुमानढोका पुऱ्याएका थिए ।[४८६]

अर्कोतिर स्वागतका लागि विमान स्थल पुगेका कार्यकर्ताहरूले जब वी.पी. चढेको विमान आएको समाचार पाए तब वीर वी.पी. जिन्दावाद, नेपाली कांग्रेस जिन्दावाद, वीर गणेशमान जिन्दावाद, प्रजातन्त्र अमर रहोस् आदि नारा लगाउन थाले ।[४८७] तिनीहरूलाई त्यस्ता कुनै पनि क्रियाकलाप गर्न नदिन चारैतिरबाट घेरा हालेर बसेका प्रहरीहरू सक्रिय भएर लाठि हान्न-लछार, पछार गर्न थाले भने जिम्मा पाएका विद्यार्थीहरूले पनि पर्चा छर्ने र नारा लगाउने काम तिब्र बनाए ।[४८८] त्यो देख्नासाथ जलेश्वरदेखि नै वृखेशचन्द्रलाललाई चिनेका रोहिणी नाम गरेका एस.पी. ले वृखेशलाई समातेर बक्सिङ प्रहार गरे ।[४८९] त्यसपछि त्यहाँ रहेका पंचायत समर्थक विद्यार्थीहरूको जमात हातमा छुरी, चेनलगायतका घातक हतियारसहित अगाडि बढेर स्वागतका लागि फूलमाला बोकर पुगेका निहत्था कार्यकर्तामाथि प्रहार गर्न थाले ।[४९०] पंचायति व्यवस्थाका संचालकहरूको निर्देशनमा देशको शान्ति सुव्यवस्था कायम गर्ने दायित्व बोकेको प्रहरीले समेत स्वागतार्थिहरूको दमन कार्यमा सहयोग पुऱ्याइ पंचायती प्रजातन्त्रको वास्तविकता स्पष्ट गरे ।

यसप्रकार राजशक्ति एवं जनशक्ति बीच मेल कायम गरेर राष्ट्रियतामाथि देखापरेको संकट समाधान गर्ने अर्थात राष्ट्रियता जोगाउने उद्देश्यअनुरूप प्रजातन्त्र पुनर्स्थापनाका लागि बोकेको हतियार बिसाएर बिना शर्त नेपाल फर्केका राजनेताहरूलाई विमान स्थलभित्रै गिरफ्तार गरी सैनिक पहरामा राखेर कट्टरतावादी पंचहरूले आफू दिग्भ्रमित भएको स्पष्ट गरे । वास्तवमा उनीहरू राजा र वी.पी. बीच समझदारी कायम भएमा आफ्ना स्वार्थहरू समाप्त हुने वास्तविकता बुझेर तर्सिएका थिए । तसर्थ वी.पी. लगायतका नेताहरूलाई पक्रेर थुन्ने, अनेकौं मुद्दा लगाउने, कार्यकर्तालाई कुटपिट-गिरफ्तारीद्वारा तर्साउन खोज्ने जस्ता हताश मनस्थितिका जस्ता देखिने कार्य गर्न थाले । तर अन्तमा राजा स्वयं मेलमिलापको मार्गमा सरिक भएपछि उनीहरूको केही लागेन र पनि वौलट्टि पूर्ण कार्यलाई निरन्तरता दिए ।

## ३.५ मेलमिलाप नीतिप्रति तत्कालीन सरकारको व्यवहार

---

[४८६] निलाम्बर पन्थी, टिप्पणी संख्या १९ (ख) ।

[४८७] (क) आचार्य, टिप्पणी संख्या २०६, पृ. ३ ।
(ख) हरि नेपाल, रामकृष्ण घिमिरे, वृखेशचन्द्रलाल, स्मृतिनारायण चौधरी, शुक्रराज शर्मा, व्रतराज आचार्य, लालकिशोर शाह, ज्ञानिशंकर गिरी, अशोक कोइरालासँगका अन्तर्वार्ताहरू ।

[४८८] वृखेशचन्द्र, अशोक कोइराला, रामकृष्ण घिमिरे, गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

[४८९] ज्ञानिशंकर गिरी, टिप्पणी संख्या २० (ख) ।

[४९०] राजेन्द्रनिधि कोइराला, लालकिशोर शाह, दिर्घराज काफ्लेसँगका अन्तर्वार्ताहरू ।

कुनै पनि राजतन्त्रात्मक मुलुकमा प्रजातन्त्रको संस्थागत विकाश, राष्ट्रको उन्नति एवं आवश्यक समसामयिक परिवर्तनलाई सम्भव बनाउनका लागि राजशक्ति एवं जनशक्ति बीच एकता एवं मेलमिलाप अपरिहार्य छ भन्ने तथ्यलाई विश्व इतिहासले नै निर्विवाद रूपले सिद्ध गरिसकेको छ । नेपालमा पनि यहि वास्तविकताअनुरूप राजशक्ति र जनशक्ति एउटै विन्दुमा उभिदा मुलुकको उन्नति एवं सामाजिक रूपान्तरणका क्षेत्रमा प्रगति सम्भव भएको पाइन्छ । जसको उदाहरणका रूपमा २००७ सालको क्रान्तिलाई लिन सकिन्छ । जसले राष्ट्रियताको अभिवृद्धि, प्रजातान्त्रिक मान्यता र मूल्यको स्थापना र राजा एवं जनताबीच मेलमिलापको भावना जस्ता राष्ट्र निर्माणका मूल आधार मानिने उपलब्धि हासिल गराएको थियो । तर यी उपलब्धिहरू संस्थागत रूपमा स्थापित हुन नपाउँदै २०१७ साल पौष १ गते जुन घटना घटन गयो त्यसबाट "राज नेतृत्व एवं संरक्षणमा स्थापित पंचायती व्यवस्थाद्वारा निर्मम राजनैतिक दमन कार्य संचालन, नेपाली कांग्रेसद्वारा संचालित प्रतिरोध आन्दोलन र वलिदानी भावनाको प्रस्फुटन, राजशक्ति एवं जनशक्तिबीच उत्पन्न फाटोबाट फाइदा उठाएर विदेशी शक्तिले व्यवस्थाको माध्यमबाट व्यापक घुसपैठ अभियान संचालन"[४९१] जस्ता राजनैतिक गतिविधि एवं परिणामहरू देखापरे । त्यो स्थितिमा भारतलाई आधार बनाएर प्रजातन्त्र पुनर्स्थापनाका लागि हिंशात्मक संघर्ष संचालन गर्दै आएका नेपाली कांग्रेसका नेता वी.पी. ले राजशक्ति र जनशक्ति बीचको फाटोले गर्दा नेपालको राष्ट्रियता खतरामा परेको स्पष्टसँग महसुस गरे ।

राष्ट्रियता त्यस्तो शक्ति हो जसको रक्षाबाट समाजको आधुनिकीकरण, नयाँ आर्थिक व्यवस्थाको स्थापना, नयाँ समाज र सर्वाङ्गिण उन्नति, देश विकाशमा त्याग तपश्या गर्न तत्पर नागरिक निर्माण र जनशक्तिको विकास सम्भव हुन्छ[४९२] भन्ने दृष्टिकोण अवलम्बन गर्ने वी.पी. ले राष्ट्रियतामाथि खतरा महसुस गर्ना साथ राष्ट्रियताको रक्षालाई प्रथम महत्व दिनु पर्ने स्पष्ट देखे । तसर्थ मुलुकको प्रजातान्त्रीकरण र उन्नतिका लागि आवश्यक शासन व्यवस्था सम्बन्धमा राजासँग आफ्नो मतभेद एवं विवादहरू कायमै रहेको त्यो परिवेशमा पनि राष्ट्रियताको रक्षाका लागि ती सबै मतभेद विर्सिएर एकाकार हुनुपर्ने महसुस गरी चिन्तन गर्न थाले । प्रशस्त चिन्तन एवं वैचारिक मन्थनको अन्तमा प्रजातन्त्र पुनर्स्थापनाका लागि वातावरण निर्माण गर्ने उद्देश्यले हतियार उठाएर संचालन गरेको हिंसात्मक संघर्षलाई छाड्ने निश्चय गरी हतियार फ्याकेर राजशक्ति एवं जनशक्तिको मेलद्वारा राष्ट्रियताको संरक्षण र प्रजातन्त्रको स्थापना गर्ने कार्य अगाडि बढाउने उद्देश्यले नेपाल फर्कने निश्चय गरे । राष्ट्र रहेमा मात्र राजाको अस्तित्व रहने हुनाले राष्ट्रियताको संरक्षण कार्यमा राजाको पनि स्वार्थ भएको स्पष्ट बुझेका वी.पी. ले आफ्नो

[४९१] सम्पादकीय, "फाल्गुण ७ र राष्ट्रिय मेलमिलाप", *नेपाल पुकार* (पत्रिका), अङ्क १, यज्ञबहादुर थापा (सं.), पोखरा : नेपाल विद्यार्थी संघ जिल्ला शाखा कास्की, २०३८, पृ. (क) ।

[४९२] विश्वेश्वरप्रसाद कोइराला, *राष्ट्र-राष्ट्रियता र प्रजातन्त्र*, वाराणसी : तरुण प्रकाशन, २०३५, पृ. १६ ।

नीतिप्रति राजाको समर्थन हुने तर सत्ताधारीवर्गहरूबाट विरोध हुने भविष्यवाणि नै गरेको थिए । जुन समयक्रममा अक्षरस सत्य भएकाले बी.पी. भविष्यवेत्ताका रूपमा पनि देखा परे ।

बी.पी. लगायतका नेताहरू प्रतिकूल परिस्थितिको भए पनि बाध्य भएर स्वदेश प्रवेश गरेबाट नेपालभित्र ठूलो खलबली मच्चियो । उनको आगमनसम्बन्धी खबरसँगै सक्रियता साथ उनलाई गर्ने व्यवहारको निर्क्यौल गरिसकेका सत्ताधारीहरूले बी.पी. को स्वागत गर्नका लागि देशका विभिन्न भागबाट काठमाडौँ जान खोज्नेलाई दमन गर्न थालिसकेका थिए । यसक्रममा त्यस्ता कार्यकर्तालाई सकेसम्म जिल्ला जिल्लामै रोक्ने, कतिपयलाई शान्ति सुरक्षाको पुर्जि थमाएर थुन्ने, जान खोज्ने कुनै कर्माचारी, शिक्षक रहेछ भने जागिर खोस्ने र पंचायतका निकाय एवं भातृ संगठन परिचालन गरी विरोध कार्यक्रम गर्नेलगायतका कार्य सम्पादन गर्दै थिए ।[४९३] त्यो अवस्थामा नेताहरू काठमाडौँ विमान स्थलमा उत्रना साथ समातेर बन्दी गृहमा पुऱ्याइयो ।

मेलमिलाप नीति बी.पी. ले बिना कुनै समझदारी आफ्नो एकतर्फि विश्लेषणका आधारमा अवलम्बन गरेको हुनाले आफूले मेलमिलाप कायम गर्न खोजेको पक्षले स्वीकार नगरेका खण्डमा ठूलो त्रासदी वा दुर्घटना भोग्नु पर्ने सुनिश्चित थियो । राष्ट्रमाथि परेको संकट स्पष्टरूपमा महसुस गरेको र पंचायतभित्र स्वार्थ सिद्धिका लागि घुसेका तत्वहरूको कारणबाट राष्ट्रियता कमजोर पार्ने कार्यमा सघाउ पुगेको कुरा राजालाई महसुस भएको छ भन्ने विश्लेषणका आधारमा उनी नेपाल आएका थिए ।[४९४] उनको सोच भविष्यवाणि सरह सावित भएर तुलसी गिरीको नेतृत्वमा रहेको सरकारले विरोधका लागि विमान स्थलमा ठूलो भिड जुटाउनेदेखि पक्रनेसम्मका काम गऱ्यो । पश्चिमाञ्चल भ्रमणको सिलसिलामा पोखरामा रहेका राजासँग त्यसै दिन दर्शन भेट पाएका एक राजनीतिज्ञले त्यस दिन प्रफुल्लित अवस्थामा देख्दा राजा बी.पी. को धारणामा सहमत भएको अनुमान गरेका छन् ।[४९५]

अर्कोतिर तत्कालीन प्रधानमन्त्री डा. तुलसी गिरीलगायत पंचायतका कट्टरवादी नेता एवं कार्यकर्ताहरू बी.पी. एवं राजाका बीच कुनै समझदारी कायम हुन दिने पक्षमा थिएनन् । बी.पी. आएपछि अब नेपाली कांग्रेसलाई पनि समाहित गर्न सकिने वातावरण निर्माण गरी राजनैतिक मुलधारमा ल्याउनु पर्दछ भन्ने सोच राजा वीरेन्द्र एवं उदारवादी मानिने पंचायतकै एउटा समूहमा जागेपछि छलफलमा ल्याइएको पनि थियो तर कट्टरतावादीहरूको हस्तक्षेपले गर्दा त्यो सम्भव भएन ।[४९६] यो सोच सफल भएका खण्डमा सत्तामाथिको आफ्नो एकाधिकार समाप्त हुने सम्भावना प्रवल भएकाले कट्टरतावादीहरू बी.पी. र राजाबीच असमझदारी कायमै राख्ने

---

[४९३] आचार्य, टिप्पणी संख्या २०७, पृ. ३ ।

[४९४] बी.पी. कोइराला, "मेलमिलापले देश बचाउँ छ", टिप्पणी संख्या १, पृ. २१२-२१५ ।

[४९५] गोपालमान श्रेष्ठ, टिप्पणी संख्या १०२ (ख) ।

[४९६] लोकेन्द्रबहादुर चन्द, टिप्पणी संख्या १९० ।

प्रयास गरी अनेकौं आरोप लगाएर राजालाई प्रभावित गर्न खोजे ।[४९७] जसअनुरूप विमान स्थलमा वी.पी. को विरोधका लागि भिड जुटाउने, स्वागतार्थिलाई लखेट्ने-पक्रनेलगायतका कार्य गरिए । विमान स्थलभित्रैबाट गिरफ्तार गरेर वी.पी. एवं गणेशमान सिंहलाई सुन्दरीजल पुऱ्याइ सैनिक हिरासतमा राखियो भने अन्य ४ जनालाई हनुमानढोका स्थित जिल्ला प्रहरी कार्यालयमा लगेर दिनभरी राखि साँझ जेल चलान गर्दै शैलजालाई जनाना जेल र अरू ३ जनालाई नख्खु जेल पुऱ्याइयो ।[४९८] राज्यले गिरफ्तारीपश्चात वी.पी. लगायतका ६ जनाको गिरफ्तारीलाई औपचारिकता दिँदै निजहरूले देशका विभिन्न भागमा हिंशात्मक कार्यहरू गरेको र अराष्ट्रिय गतिविधिमा संलग्न रहेकाले पौष १६ गते त्रिभुवन विमान स्थलबाट पक्राउ गरिएको आरोप लगायो ।[४९९] त्यसपछि सरकार उक्त आरोप प्रमाणित गर्नका लागि मुद्दा चलाउने नीतिअनुरूप प्रमाणहरू जुटाउनेतर्फ लाग्यो ।

वी.पी. एवं गणेशमानलाई सुन्दरीजल बन्दीगृहमा पुऱ्याएपछि सैनिक प्रहरी र निजामति अधिकृतहरू सम्मिलित एक टोलीको नेतृत्व गर्दै पुगेका एक अंचलाधिश (सूर्यप्रसाद श्रेष्ठ) ले सातवटा जति प्रश्न गरी उनीहरूको बयान रेकर्ड गरे ।[५००] नेपालको अस्तित्वमाथिको खतरा, वी.पी. ले उठाएको चिन्ता एवं भारतको खेल, राजाको शान्तिक्षेत्र प्रस्ताव, वी.पी. ले भारतमै छाडेका गिरिजा, विमान अपहरण, ३० लाख रूपैयाँ, ओखलढुंगा काण्ड र वी.पी. को कदमबाट नेपाललाई खतरा पुग्ने नपुग्ने स्थिति आदिसँग सम्बन्धित प्रश्न गरे ।[५०१] जवाफमा वी.पी. ले आफ्नो आगमनको उद्देश्य खुलाइएको वक्तव्यको एकप्रति अंचलाधिशलाई दिएर पुरानो कुरा कोट्याउने र एकअर्कालाई आरोप लगाउने बेला होइन भन्दै देशका हितका निम्ति राजनीतिक समझदारी कायम गर्न राजासमक्ष आफूलाई प्रस्तुत गरेर आएको स्पष्ट गरे ।[५०२]

वी.पी. को आगमनपछि नेपालको राजनीतिमा वर्चस्व कायम गरेका यथास्थितिवादीहरू एकजुट भएर नेपाली कांग्रेसको कोइराला समूहलाई प्रतिकार गर्न उत्रियो । वी.पी. को अपिलको जवाफमा प्रधानमन्त्री गिरीले नेपालको राष्ट्रियता एवं राष्ट्रिय अखण्डताको रक्षा राजाको सक्रिय नेतृत्वमा पंचायती व्यवस्थाबाट भएको थियो र हुन सक्छ तर अन्य कुनै व्यक्तिबाट हुन सक्दैन[५०३] भन्दै रोषपूर्ण प्रतिक्रिया जनाउनुका साथै राष्ट्र विरोधि वी.पी. कोइरालासँग बिना कुनै

---

[४९७] (क) श्रीभद्र शर्मा, गिरिजाप्रसाद कोइराला, निलाम्बर पन्थी, वृखेशचन्द्रलालसँगका अन्तर्वार्ता ।
(ख) कुमार, टिप्पणी संख्या ४२ (ख), पृ. ११ ।

[४९८] निलाम्बर पन्थी र शैलजा आचार्यसँगका अन्तर्वार्ताहरू ।

[४९९] *गोरखापत्र,* २०३३ साल पौष १७ गते ।

[५००] (क) वी.पी. को डायरी, टिप्पणी संख्या २०४ (ख), पृ. ५० ।
(ख) गणेशराज शर्मा, "भूमिका", *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृतान्त,* ललितपुर : जगदम्बा प्रकाशन, २०५५, पृ. 'ञ' ।

[५०१] *पूर्ववत्* (ख), पृ. ५०-५१ ।

[५०२] *पूर्ववत्,* पृ. ५१ ।

[५०३] *राइजिङ नेपाल,* १९७७ जनवरी ३, (२०३३ पौष २० गते) ।

डर लडनका लागि पंचहरूले आफ्नो क्षमताको विकास गर्नु पर्ने..[५०४] स्पष्ट गरे । उनको यो प्रतिक्रियासँगै यथास्थितिवादीहरूबाट वी.पी. विरुद्ध तिब्र प्रहार प्रारम्भ गरिनुका साथै "वी.पी. हतोत्साहि भयो, पराजय स्वीकार गऱ्यो, पंचायतसँग आत्मसमर्पण गऱ्यो" आदि आरोप पर्दा पछाडिबाट उछाल्ने र राष्ट्र द्रोही वी.पी. लाई छाड्नु हुँदैन भनेर फलाक्ने क्रम सुरु भयो ।[५०५] वी.पी. को अपिल बाँड्नेहरूलाई समेत नछाडने नीतिअनुरूप रामकृष्ण घिमिरे, गंगाधर लम्साल, यज्ञप्रसाद अधिकारी, लुकबहादुर राना, विष्णुहरी कोइराला, यम शर्मा, ज्ञानेन्द्रबहादुर कार्की, जयन्द्र पाण्डे, सुनिल दाहाल आदि तरुणहरूलाई पक्रेर प्रहरीको निर्मम यातना भोग्न बाध्य बनाइयो ।[५०६] भारतमा लागेको संकटकाल र वी.पी. विरोधी सरकारले गर्दा प्रोत्साहित यथास्थितिवादीहरूले वी.पी. को जीवन समाप्त गर्न सकिन्छ कि भन्ने प्रयास पनि गरे । जसमा पंचहरूको हाइकमाण्डको निर्देशन एवं व्यवस्थापनमा गाउँ फर्कद्वारा गाउँ-गाउँमा पैसा बाँडेर वी.पी. विरोधी गतिविधि गराउने र प्रस्ताव पास गराउने रणनीति बन्यो ।[५०७]

२०३३ साल पौष १६ गते सुन्दरीजल पुऱ्याइएका २ राजनेतालाई अत्यन्त गोप्यता साथ कसैसँग सम्पर्क गर्न पनि नदिएर सैनिक पहरामा राखिएको थियो । पौष २२-२३ गतेतिर कुनै स्रोतबाट पत्ता लगाएर भेटन पुगेकी गणेशमान सिंहकी श्रीमती मंगलादेवीलाई भेटन नदिएर फर्काए तापनि उनले त्याइदिएको खाना भने साँझतिर दिइयो ।[५०८] २ हप्ता पछाडि स्वास्थ्य विग्रदै गएपछि डाक्टरका लागि अनुरोध गर्दा र सुन्दरीजलको इन्चार्ज मेजरले सैनिक हेडक्वार्टरमा कुरा पुऱ्याउँदा सुनुवाइ भएन ।[५०९] १६ औं दिनमा पुगेर दुवै जनाका लागि खाना खर्च दैनिक रू. २० तोकियो भने भेटघाटलगायतका क्रियाकलापका लागि कुनै आदेश नभएको जानकारी दिइयो ।[५१०] यसप्रकार सरकारले २०३३ साल माघ ७ गतेसम्म पत्रपत्रिका पढन दिनेसम्मको छुट पनि नदिएर अत्यन्त कडाइका साथ राखेको देखिन्छ ।

यसै बीच अन्तर्राष्ट्रिय राजनीतिमा आएको उतार चढाव र आफ्ना विरुद्ध बढदो आन्तरिक असन्तोषले गर्दा बाध्य भएकी इन्दिरा गान्धीले अकस्मात भारतमा संसदको निर्वाचन घोषणा गरिन । जसको प्रत्यक्ष असर नेपालको राजनीतिमा पनि परेपछि सरकारको कठोर व्यवहारमा पनि केही खुकुलोपना आउन थाल्यो । तसर्थ माघ ८ गतेबाट नेपालको राष्ट्रिय छापा

---

[५०४] *गोरखापत्र,* २०३३ पौष १९ गते ।

[५०५] (क) रामचन्द्र अधिकारीसँग २०५८ जेठ २ गते सामाखुसी, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) प्रेमनाथ शर्मा, भागवत दुवे, वृखेशचन्द्रलाल, गिरिराज आचार्यसँगका अन्तर्वार्ताहरू ।

[५०६] (क) रामकृष्ण घिमिरे, गंगाधर लम्साल र यज्ञ अधिकारीसँगका अन्तर्वार्ताहरू ।
(ख) मोतीप्रसाद अधिकारी, टिप्पणी संख्या १४८, पृ. ७९ ।

[५०७] कृष्णलाल सापकोटासँग २०६० असार २ गते नारायणगढ चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[५०८] वी.पी. को डायरी-३, *हिमाल* (खबर पत्रिका), राजेन्द्र दाहाल (सं.), ललितपुर : कनकमणि दीक्षित, १-१५ फागुन २०५८, पृ. ११ ।

[५०९] वी.पी. को डायरी-६, *पूर्ववत्,* १६-३१ चैत २०५८, पृ. १२ ।

[५१०] वी.पी. को डायरी-७, *पूर्ववत्,* १-१५, वैशाख २०५९, पृ. १३ ।

अर्थात सरकारी मुखपत्रका रूपमा प्रकाशित हुने "गोरखापत्र" र "राइजिङ्ग नेपाल" दिने व्यवस्था गरियो । जसबाट वी.पी. ले आफ्नो गिरफ्तारीबारे विदेशी प्रेशबाट नेपाल सरकारको आलोचना भएको र त्यसको जवाफमा सरकारले "फर्कन नभनीकन आफै फर्केका, हिंशालगायतका सरकार विरोधी गतिविधिमा संलग्न भएकाले छानबिन नसकिएसम्म र विशेष न्यायालयमा नपठाएसम्मका लागि हिरासतमा राखिएको"[५११] भन्दै स्पष्टीकरण दिएको जानकारी पाए । त्यसपछि माघ १८ गतेतिर सरकारले वी.पी. माथि ७ वटा मुद्दा चलाउने निश्चय गरी त्यसका लागि एक सदस्यीय विशेष अदालतको गठनसमेत गऱ्यो ।[५१२]

२०२५ सालपश्चात वी.पी. ले सशस्त्र संघर्ष सुरु गरेपछि सरकारले नेपालका विभिन्न अदालतमा त्यससम्बन्धी मुद्दाहरू दायर गरिसकेको थियो । मेलमिलाप नीति लिएर नेपाल फर्केपछि तिनै मुद्दाहरूलाई एकत्रित गरी विशेष अदालत गठन गरेर काठमाडौंमै सुनुवाइ गर्ने निश्चय गरियो । त्यसबखत उनलाई सर्लाही मलंगवा हाइस्कुलमा भएको मुठभेडसम्बन्धी, धरान प्रहरी व्यारेकमा पडकिएको वमसम्बन्धी, वागमती अंचलको हातहतियारसम्बन्धी, झापा धुलावारीमा हतियार जम्मा गरेको सम्बन्धी, स्पिट फायर पत्रिकामा राजा विरुद्ध लेखलेखेको सम्बन्धी, स्याङ्जामा हतियार जम्मा गरेको सम्बन्धी र ओखलढुंगा काण्डसम्बन्धी आदि ७ वटा राजकाज मुद्दा[५१३] लगाइएका थिए भने हवाई अपहरणसम्बन्धी मुद्दा चलाउने तयारी हुँदै थियो ।

सरकारका यसप्रकारका गतिविधिको जानकारी पाएपछि समझदारीको आफ्नो प्रयासलाई राजाले वेवास्ता गरेको आशंका गरेका वी.पी. सहकर्मी गणेशमान सिंहसँग सरसल्लाह गरी अदालतमा उभिदा स्पष्ट धारणा राख्नका लागि दिने बयान तयार गर्नेतर्फ लागे । केही दिनसम्म सोचेर लेखेपछि त्यसबारेमा गणेशमानसँग छलफल गर्ने र आवश्यक ठानेमा परिमार्जनसमेत गरेर ठोस बनाउने प्रयासलाई निरन्तरता दिँदै बयान तयार गरे । यसक्रममा गणेशमान सिंहले केवल आफ्नो निर्दोशिता सिद्ध गर्ने खालका विषयवस्तु मात्र नराखि नेपाली कंग्रेसको राजनैतिक उद्देश्यलाई सबल बनाउने र देशको अन्यौलपूर्ण राजनीति अन्त गरी सबै विचारका मानिस अटाउन सक्ने वातावरण निर्माणतर्फ पहल गरिएमा विद्रोहको अवस्था नै

---

५११ वी.पी. को डायरी-१०, *पूर्ववत्,* १६-३१, जेठ २०५९, पृ. ९ ।

५१२ वी.पी. को डायरी-१४, *पूर्ववत्,* १६-३१, साउन २०५९, पृ. ९ ।

५१३ (क) बद्रीनारायण गौतम, "नेपाली कांग्रेसको प्रजातान्त्रिक आन्दोलन र समाजवाद", ने.का. क्षेत्रीय समिति क्षेत्र नं. २ रूपन्देहीद्वारा २०५८ चैत्र ६ गते आयोजित कार्यकर्ता प्रशिक्षण शिविरमा प्रस्तुत कार्यपत्र (अप्रकाशित), पृ. ४ ।
(ख) गिरिराज आचार्य, "वी.पी. माथिको मुद्दा र फाँसीको माग", *पूर्व टाइम्स,* वर्ष १७, अङ्क २४, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५६ पौष १४, पृ. ३ ।
(ग) सूर्यमणि अधिकारी, *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* नइ दिल्ली : निराला पब्लिकेशन्स, २०५५, पृ. २५० ।

नआउने तर्कसहित प्रजातान्त्रिक व्यवस्था पुनर्वहालीको दिशामा प्रयास आवश्यक भएको स्पष्ट गर्न सुझाव दिएका थिए ।[५१४]

विशेष अदालत गठन गरेर मुद्दा चलाउने निश्चयपछि तत्कालीन सरकार जनस्तरमा वी.पी. विरोधी अभियानतर्फ अग्रसर भयो । प्रधानमन्त्रीको विशेष सक्रियता र सूर्यबहादुर थापाको पहलमा प्रारम्भ भएको उक्त अभियानका लागि गाउँ फर्कलाई प्रयोग गरियो र देशका विभिन्न ठाउँमा पंचभेलाहरूको आयोजना गर्ने र त्यहाँबाट वी.पी. विरोधी प्रस्ताव पास गराउने नीति अवलम्बन गरियो । पंचायत खेमाभित्र कट्टर वी.पी. विरोधी महापंचका रूपमा चिनिने सूर्यबहादुर थापा केही पछि यो अभियानको नेतृत्व नै गरेर बढेको देखिन्छ । राजा धनकुटामा भएको मौका छोपी उनले त्यहाँ आयोजित पंचभेलाको विसर्जन समारोहमा "निर्दलीय पंचायती व्यवस्था, राष्ट्र र राजमुकुटप्रति नै आघात पार्न हतियार उठाउने र असफल भएपछि पाप लुकाउन देश फर्केकालाई कडाभन्दा कडा सजाय दिन श्री ५ को सरकारसमक्ष माग गरे ।"[५१५] त्यहाँ उपस्थित केही अन्य पंचहरूले पनि थापाको मागलाई समर्थन गरेर कडा वक्तव्य दिएपछि अन्तमा पारित प्रस्तावमा पनि वी.पी. को कडा निन्दा र कठोर सजायको माग गरेको देखिन्छ । यो समाचार बन्दी गृहभित्र पढेपछि वी.पी. ले भेलामा त्यो प्रस्ताव ल्याउने र यसबारे बोल्ने सूर्यबहादुर थापा र पेशल पोखरेल सूर्यप्रसाद उपाध्यायसँग मिलेमतो भएका भारत पक्षीय पंच भएको हुनाले यो कार्य राजा र आफूबीच सहमती होस् भन्ने नचाहने भारतको इशारामा भएको आशंका व्यक्त गरेका छन् ।[५१६]

वी.पी. लाई कडा सजायको माग गरेको केही समयपछि उनै थापाले झन उग्र भएर फाँसीको माग गर्न थाले । धनकुटाको पंच भेलाको केही समयपछि जिल्ला सभाको उदघाटन गर्न पुनः धनकुटा पुगेका थापाले उदघाटन भाषणमा कडा शब्दमा निन्दा गर्दै वी.पी. जस्तो राजद्रोहीलाई फाँसीको सजाय दिनु पर्दछ भन्ने माग गरे ।[५१७] मुख्यतया राजा र वी.पी. का बीचमा सम्झौता हुन्छ कि भनेर तर्सिएका थापा त्यसो हुन नदिने प्रयासअनुरूप देशभरी वी.पी. का विरुद्ध आक्रोशित जनमत छ, जनता वी.पी. लाई माफि होइन् मृत्यु दण्ड दिएको हेर्न

---

[५१४] (क) बद्रीनारायण गौतम, "नेपाली कांग्रेसको एतिहासिक धरातल", ने.वि. संघ राममणि क्याम्पस एकाइद्वारा २०५७ वैशाख ७ गते आयोजित जिल्ला स्तरीय प्रशिक्षण शिविरमा प्रस्तुत कार्यपत्र (अप्रकाशित), पृ. ३ ।
(ख) वी.पी. को डायरी-२१, *हिमाल खबर पत्रिका,* राजेन्द्र दाहाल (सं.), ललितपुर : कनकमणि दीक्षित, १-१५ मंसिर २०५९, पृ. ९ ।

[५१५] (क) *गोरखापत्र,* २०३३ साल फाल्गुण २३ गते ।
(ख) देवकोटा, टिप्पणी संख्या १६९ (क), पृ. १११ ।
(ग) गिरिराज आचार्य, टिप्पणी संख्या ८१ (ख) ।

[५१६] वी.पी. को डायरी-२६, *हिमाल* (खबर पत्रिका), राजेन्द्र दाहाल (सं.), ललितपुर : कनकमणि दीक्षित, १६-२९ माघ २०५९, पृ. ११ ।

[५१७] (क) गिरिराज आचार्य, पदमकेशर कार्की, हरिप्रसाद दाहाल, जितबहादुर पुरी, लोकराज बराल, श्रीभद्र शर्मा, आमोदप्रसाद उपाध्यायसँगका विभिन्न अन्तर्वार्ताहरू ।
(ख) शर्मा, टिप्पणी संख्या ३५ (क), पृ. ११५ ।

चाहन्छन् भन्ने देखाउने र राजालाई प्रभावित पार्ने सोचअनुरूप अगाडि बढेको आभास पाइन्छ। थापाको यो प्रयासलाई साकार पार्न सरकारका दोस्रो वरियताका मन्त्रीको नेतृत्वमा रहेको र पूर्व कम्यूनिष्टहरूको क्लब जस्तै भइसकेको गाउँ फर्क खुलेर अगाडि आयो। त्यसबखत चितवनको एक गाउँ पंचायतमा प्रधानपन्च बनेर पनि नेपाली कांग्रेसका लागि काम गर्ने एक कार्यकर्ताका अनुसार पंचायतको हाइकमाण्ड गाउँ फर्कको निर्देशनमा सारा गाउँ-गाउँमा पैसा बाँडेर वी.पी. लाई फाँसि दिनु पर्दछ भन्ने कागज गराउँदै र प्रस्ताव पास गराउँदै हिंडेका थिए। जसमा उनी जस्ता केही प्रजातन्त्रवादी विचारधाराका पंचहरूले यो हुँदैन-गर्नु हुँदैन, किन गर्ने ? जे गर्नु पर्ने हो त्यो राजालाई थाहा छैन ? राजाले जानेका छैनन् र ? हामी किन जान्ने हुने ? राजाको काममा हामी किन लाग्ने ? आदि भनेर कागजमा सहि गर्न नमान्दा अनुशासनको कार्वाही र निलम्बन एवं भौतिक कार्वाहीको धम्किसमेत खानु परेको थियो।[५१८] त्यसबखत गाउँ फर्कले यो कार्यलाई अभियानका रूपमा लिएको र पास गराउने प्रस्तावको प्रारूपसमेत केन्द्रबाट तयारी अवस्थामा गाउँस्तरसम्म नै पठाइएको कुरा भुक्तभोगिहरूले स्वीकार गरेका छन्।

सरकारकै संलग्नता देखिने गरी एकातिर यसरी देशव्यापी रूपमा वी.पी. विरुद्ध जनमत तयार गर्ने प्रयास हुँदै थियो भने अर्कातिर सरकारले वी.पी. एवं गणेशमान सिंहको बयान लिने प्रकृया प्रारम्भ गऱ्यो। २०३३ साल चैत्र १२ गते सहायक अंचलाधिशको नेतृत्वमा आएको एक टोलीले बयानको प्रकृया पुरा नभएसम्म छुट्टाछुट्टै राख्ने भनेर सुन्दरीजलकै कम्पाउण्ड भित्र रातारात गरी बनाइएको बन्दी कक्षमा गणेशमान सिंहलाई सारेर बयान सुरु गर्न खोज्यो।[५१९] तर वी.पी. ले र संभवत गणेशमान सिंहले पनि राजनैतिक बन्दीलाई अराजनीतिक व्यवहार गरेको लगायतका गुनासा गर्दै आफ्ना परिवारका सदस्यहरूसँग भेटघाट एवं सरसल्लाह नगरिकन कसलाई वकील राख्ने भन्ने निर्णय गर्न नसक्ने र आफ्नो वकीलसँग सरसल्लाह गर्न नपाउँदासम्म कुनै पनि प्रश्नको जवाफ नदिने कुरामा अडान लिए।[५२०] त्यसमा आफूले कुनै निर्णय गर्न नसक्ने बताएर हिंडेका सहायक अंचलाधिश चैत्र २९ गतेमात्र विशेष अदालतमा विचाराधिन मुद्दामा कसलाई वकील राख्न चाहेको हो भनी सोध्न आइपुगे। त्यसबारेमा वी.पी. ले पुरानै धारणा दोहोऱ्याएपछि दुवै बीच केही क्षण छलफल एवं विचार विमर्श भयो। जसका अन्तमा वी.पी. ले “यदि वकील राख्ने विषयमा उनले मेरा कुराहरूलाई अरू समक्ष पुऱ्याउन सकिनन् भन्ने मलाई लागेमा परिवारका अन्य सदस्यसँग पनि भेटन पाउनु पर्दछ” भन्ने शर्तसहित प्रारम्भमा आफ्नी पत्नि शुशिला कोइरालालाई भेटन सहमती जनाए।[५२१]

---

[५१८] कृष्णलाल सापकोटा, टिप्पणी संख्या २४३।

[५१९] वी.पी. को डायरी-३१, *हिमाल खबर पत्रिका,* राजेन्द्र दाहाल (सं.), ललितपुर : कनकमणि दीक्षित, १-१५ वैशाख २०६०, पृ. ११।

[५२०] वी.पी. को डायरी-३८, *पूर्ववत्,* १६-३२ साउन २०६०, पृ. ११।

[५२१] *पूर्ववत्।*

वी.पी. को सहमती पाएपछि २०३४ साल वैशाख ३ गते विहानमात्र काठमाडौं आइपुगेकी शुशिला कोइरालालाई अन्य कुनै मित्र एवं शुभचिन्तकसँग भेटघाट-सरसल्लाह आदिको अवसर नदिइ सहायक अंचलाधिशले आफ्नै मोटरमा राखेर सुन्दरीजल पुऱ्याई दिउँसो साढे चार बजेतिर भेट गराए ।[५२२] उक्त भेटमा वी.पी. ले बचाउका लागि वकील राख्ने विषयमा सरसल्लाह गर्दै राज्यले नेपाली वकीललाई धम्काउने सम्भावना भएकाले सक्षम विदेशी वकील राख्न पाउनु पर्ने, नेपाली वकीलहरूमध्ये पनि गणेशराज शर्मा, कृष्णप्रसाद भण्डारी, कुसुम श्रेष्ठलाई मात्र विश्वास गर्न सक्ने, आफूमाथि खुल्ला मुद्दा चलाइनु पर्नेलगायतका ४ वटा माग सरकारसमक्ष राखेको स्पष्ट गरे ।[५२३] उक्त धारणासँग पूर्ण सहमत रहेकी शुशिलाले बाहिर आएपछि त्यसैअनुरूप हुनु पर्ने मागसहित प्रयास गर्न थालिन । वी.पी. को मुद्दामा बिना शुल्क बहस गर्न विदेशी वकीलहरू तत्पर रहेको र सरकारको नीति हेर्दा नेपाली वकीलमा मात्र भर पर्न नहुने धारणा लिएर शुशिला अगाडि बढिन । तर सरकार विदेशी वकील ल्याउन दिनका लागि तयार भएन र नेपाली वकीलमध्ये पनि एकजनालाई तोकिदिने अडानमा लाग्यो । जसमा कोही पनि तयार नभएकाले अन्तमा सरकारले वी.पी. ले नाम लिएकामध्ये एकजनालाई प्रारम्भिक परामर्श गर्ने र अदालमा ३ जनालाई नै काम गर्न दिने निश्चय गर्नु पऱ्यो ।

त्यसपछि सरकारले गणेशराज शर्मालाई मात्र परामर्शका लागि समय दिएको जानकारी रोशा कोइरालामार्फत गणेशराजसमक्ष पुऱ्याउनुका साथै २०३४ साल वैशाख ६ गते सहायक अंचलाधिश विष्णुप्रताप शाहले आफ्नै मोटरमा राखी शर्मालाई सुन्दरीजल पुऱ्याए ।[५२४] जहाँ शर्मालाई सँगै राखेर वी.पी. कै बन्दी कक्षमा आधा घण्टासम्म हवाई अपहरणसम्बन्धी मुद्दा चलाउने उद्देश्यले विविध प्रश्नहरू गरेपछि शर्मालाई बाहिर निकालेर ७ घण्टासम्म ठूलो विवाद एवं वहसकै रूपमा बयान लिने र रेकर्ड गर्ने काम गरे ।[५२५] वी.पी. ले त्यसबखत दिएका तर्कबाट निरुत्तर हुन पुगेका सहायक अंचलाधिशसँग त्यससम्बन्धी अन्य कुनै प्रमाण नभएर नै होला सरकारले वी.पी. लाई हवाई अपहरणको मुद्दा चलाउन सकेन र ७ वटा मुद्दामा नै चित्त बुझायो ।

यसप्रकारका खिचातानि पश्चात सरकारले २०३४ साल वैशाख १७ गते वी.पी. लाई विशेष अदालतमा उभ्यायो । आफ्नो वचाव कार्यमा संलग्न गणेशराज शर्मा, कृष्णप्रसाद भण्डारी, कुसुम श्रेष्ठजस्ता कानुन व्यवसायिहरूसँग करिब १ घण्टा गोप्य सल्लाह गर्ने क्रममा वी.पी. ले

---

५२२ वी.पी. को डायरी-४१, *पूर्ववत्,* १-१५ असौज २०६०, पृ. १२-१३ ।

५२३ *पूर्ववत्,* पृ. १३ ।

५२४ शर्मा, टिप्पणी संख्या २३६ (ख), पृ. २ ।

५२५ *पूर्ववत्* ।

तयार पारेको बयान देखाएर सल्लाह लिनुका साथै आफ्ने रणनीति स्पष्ट गरे ।[५२६] त्यसपछि विशेष अदालत मुकाम सिंह दरबारका अं.न्या. जनकमान श्रेष्ठका इजलाशमा प्रारम्भ भएको बयान कार्य २०३४ साल जेठ ४ गतेसम्म पटक-पटक गरी ११ दिन चलेको देखिन्छ । वी.पी. ले त्यसबखत अत्यन्त निर्भिकताका साथ आफ्नो आह्वानपश्चात भएका घटेका सम्पूर्ण घटनाको नैतिक जिम्मेवारी लिँदै सारगर्भित बयान दिएको पाइन्छ । उनले बयानमा उल्लेख गरेका केही प्रमुख अंशहरू निम्नप्रकार छन् :

> ..राजाकै मर्यादित वचनको आधारमा जनताबाट निर्वाचित भएको प्रधानमन्त्री थिए । आज यस अदालतमा अभियुक्तका रूपमा उपस्थित गरिएको हुँ ... २०१७ साल पौष १ गतेको घटना अनुचित मात्र होइन असंवैधानिक र गैरकानुनी थियो । ... सरकारी स्तरबाट भएको यस्तो अन्यायले मानिसको मनमा न्याय ऐन कानुनकाप्रति उदाशिनता र कतै कतै विरोध र विद्रोहको भावना उठनु एकदमै स्वभाविक छ । .. मैले क्रान्तिको नारा दिएको हु । विरोधको कुनै शान्तिपूर्ण वैधानिक उपाए नभएर क्रान्तिको सिद्धान्तलाई अपनाउनु परेको हो । ... म स्वयं नेपाली कांग्रेस नामक राजनैतिक पार्टीको अध्यक्ष हुँ । ... हातहतियार सम्बन्धमा जवाफ दिन चाहन्न । .. वैधानिक राजतन्त्रमाथि नेपाली कांग्रेसको पूर्ण आस्था छ । ... पंचायतको नाममा जनता विरोधि व्यवस्था जो अहिले प्रचलित छ यसको भने नेपाली कांग्रेस विरोधि छ । ... सशस्त्र क्रान्ति पनि जनताको नैसर्गिक अधिकार हो । ... अहिलेको पंचायती व्यवस्था प्रजातान्त्रिक नभएकोले अप्रजातान्त्रि व्यवस्थाको सट्टा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने हेतुले संगठन र प्रयास गरेको हुँ । ... नेपाली कांग्रेसले गरेका सबै कामका लागि मेरो नैतिक जवाफदेही छ चाहे तिकार्यहरू मेरो ज्ञानमा भएका हुन या नहुन । ... नेपाली कांग्रेसका कुनै पनि कार्वाहिले नेपालको राष्ट्रियता वा सार्वभौमिकता खलल गर्ने काम भएको छैन । ... प्रजातन्त्रमा जति अरू पार्टीलाई अधिकार प्राप्त हुन्छ त्यो भन्दा बढी अधिकार नेपाली कांग्रेसले कहिले पनि चाहना गरेको छैन ।...[५२७]

वी.पी. ले अदालतमा यसप्रकार बयान दिएपछि त्यसबाट ठूलो हलचल उत्पन्न भयो । विदेशबाट राज्य व्यवस्था विरुद्ध हतियार उठाएको र कसैको दवाव बिना हतियार बिसाएर स्वदेश फर्केको राजनेताले सम्पूर्ण घटनाको जिम्मेवारी लिँदै पूर्ण साहसका साथ पंचायती व्यवस्थालाई चुनौति दिएको घटनाबाट उनी पुनः एक पटक राष्ट्रिय अन्तर्राष्ट्रिय चर्चाको विषय बन्न पुगे । अदालती कार्वाहिका क्रममा बीचको खाली वा विश्रामका समयमा न्यायाधिशले परिवारका सदस्यहरूसँग भेटघाट, रायसल्लाहको अनुमती दिएकाले एकातिर वातावरण रमाइलो बन्दथ्यो भने अर्कातिर उनले आफ्ना बाहिरका मित्रहरू शुभेच्छुक आदिलाई समाचार पठाउन र बाहिरी जगतबाट मित्रहरूले आफूप्रति देखाएको चासो, चिन्ता एवं छुटकाराका लागि गरिएका प्रयास आदिबारे यथार्थ जाकारी प्राप्त गर्दथे । उनले बयानका क्रममा उठाएका विषयवस्तुको जानकारी पाएका कार्यकर्ताहरूले त्यसलाई राष्ट्रिय बहसको विषय बनाएर देशव्यापि बनाउने काम गरे । फलस्वरूप देशका प्रवुद्धवर्गहरू उनको निडरतापूर्ण व्यक्तित्वबाट झन प्रभावित भएर

---

[५२६] (क) वी.पी. को डायरी-४५, *हिमाल खबर पत्रिका,* राजेन्द्र दाहाल (सं.), ललितपुर : कनकमणि दीक्षित, १६-२९ मंसिर २०६०, पृ. १३ ।

(ख) आचार्य, टिप्पणी संख्या २४९, (ख), पृ. ३ ।

[५२७] विस्तृतिका लागि (क) आचार्य, *पूर्ववत्* (ख) ।

(ख) कोइराला, टिप्पणी संख्या १२, पृ. ७-३७ ।

(ग) *तरुण बुलेटिन* नं. १०, सम्पादक, प्रकाशक, प्रकाशन स्थल केही उल्लेख नभएको, १९७७ सेप्टेम्बर, (२०३४ भाद्र-आश्विन), पृ. ३-२३ ।

बयानका विषयवस्तुहरू बारे चर्चा परिचर्चा गर्न थाले । यी सबै गतिविधिबारे जानकारी पाएपछि वी.पी. को मनोवल बढनुका साथै आफ्नो कदम औचित्यपूर्ण प्रमाणित हुन लागेको आभास पाए । उनले अदालती बहसका क्रममा गैरसैनिक थुनुवालाई सैनिक बन्दी गृहमा सेनाकै नियन्त्रणमा राखिनु सैनिक कानुनअन्तर्गत पनि गैरकानुनी कार्य हो भनी गैरसैनिक थुनुवालाई सेनाले केवल ४८ घण्टासम्म मात्र जिम्मा लिनसक्ने तर्क दिएर आफू जस्तो गैरसैनिक थुनुवालाई सेनाको नियन्त्रणमा राखिनु पूर्णतया कानुन विपरित कार्य हो भनी बहस गरे ।[५२८] जसलाई अदालतले प्रतिवाद गर्न नसकेपछि उनको जिम्मा प्रहरीलाई लगाइयो र सुन्दरीजलबाट महाराजगंजस्थित प्रहरी तालिम केन्द्रमा सारियो ।

अर्कोतिर त्यखबखतसम्म राष्ट्रिय एवं अन्तर्राष्ट्रिय राजनीतिमा प्रसस्त परिवर्तन आइसकेको थियो । भारतमा इन्दिराले गराएको चुनावमा उनको समूह नराम्रोसँग पराजित भई वी.पी. लाई माया गर्ने समाजवादीहरूको बाहुल्यता भएको सरकार गठन हुनुका साथै भारतलगायत विश्वकै प्रमुख देशहरूका राजनीतिज्ञ, संघ संस्था एवं प्रवुद्ध वर्गबाट वी.पी. को रिहाइ एवं मानव अधिकारको वहालीका लागि आवाज उठाउने र दवाव दिने कार्य तिव्र भएको थियो ।[५२९] जसमध्ये अन्य मुलुकको दवावबारे मौन रहेता पनि भारतले उठाएको आवाजलाई “नेपालको आन्तरिक मामिलामा गरिएको हस्तक्षेप भनेर” तत्कालीन सरकारले प्रतिकार गर्ने प्रयास गरेता पनि त्यसमा अडिग रहन सक्ने अवस्था भएन । नेपालभित्रबाट उठेका आवाजलाई तृण बराबर ठानेर मौन रहेको सरकार विश्वस्तरबाट दवाव आउन थालेपछि अप्ठेरोमा परेता पनि विदेशी दवावसमक्ष झुकेको भनी देखाउन चाहँदैनथ्यो । यद्यपि सरकार वी.पी. प्रति कठोर नीति अवलम्बन गर्ने प्रारम्भिक सोचलाई भने परिवर्तन गर्ने मानसिकतामा पुगिसकेको थियो । तसर्थ सकेसम्म वी.पी. लाई माफि मगाएर छाडिदिने सोचमा पुगेको सरकारले सार्वजनिक अभिव्यक्तिबाट उक्त धारणा सार्वजनिक गर्‍यो । २०३४ साल जेठ १३ गते प्रधानमन्त्री डा. तुलसी गिरीले जुम्लाको एउटा भेलामा वी.पी. ले आफ्नो गल्ती स्वीकार गरी देश विकासमा आफ्नो सहयोगको प्रतिवद्धता व्यक्त गरेमा राजा वीरेन्द्रबाट उनलाई माफि वक्सने अर्थात दिन सकिने[५३०] उल्लेख गर्दै आफ्नो नीति स्पष्ट गरे । त्यसको केही दिनपछि उनको मुद्दा हेरिरहेको एकल इजलाशले पनि उनी र गणेशमान सिंहको सम्पूर्ण बयान रेकर्ड गरिसकिएको कुरालाई राष्ट्रिय समाचार समितिमार्फत सार्वजनिक गर्‍यो ।[५३१] जसबाट सरकार प्रसस्त दवावमा

---

५२८ चटर्जी, टिप्पणी संख्या १७५, पृ. १२८ ।

५२९ भारतमा सत्ता परिवर्तन एवं वी.पी. को रिहाइका लागि भएको अन्तर्राष्ट्रिय दवाव लगायतका विषयवस्तुका लागि हेर्नुहोस् यसै अध्यायमा मेलमिलापप्रतिको अन्तर्राष्ट्रिय समर्थन ।

५३० (क) परमानन्द, टिप्पणी संख्या १३९, पृ. ३८६ ।
(ख) *दिनमान,* ५-११ जुन १९७७, पृ. ४० ।

५३१ *गोरखापत्र,* २०३४ साल जेठ १९ गते ।

परिसकेको र छाडनका लागि इज्जतपूर्ण अवतरणको बाटो खोजिरहेको छ भन्ने कुरा विश्लेषकहरूले अनुमान गर्न थाले ।

नेपालभित्र वी.पी. को आगमनसँगै प्रसस्त हलचल उत्पन्न भइसकेको थियो र उनीप्रति सरकारले गरेको व्यवहारबाट त्यो भनभन बढिरहेको थियो । राजा एवं वी.पी. बीच समभदारी कायम भएका खण्डमा विगत १५ वर्षदेखि राजनीतिमा आफूहरूले राखिरहेको बर्चश्व समाप्त हुने र आफू पाखा परिने सुनिश्चित भएकाले प्रायःजसो पंचहरू संगठित भएर वी.पी. लाई समाप्त गर्नु पर्दछ, फाँसी दिनु पर्दछ भन्ने अभियानमा उत्रेका थिए ।[५३२] यसको विपरित नेपाली कांग्रेसका कार्यकर्ता एवं तरुणहरू मेलमिलाप नीतिको व्याख्या गर्दै र सरकारी व्यवहार एवं कार्यशैलीको विरोध गर्दै स्पष्ट रूपमा उत्रिएर जनमत तयार गर्दै थिए । देशभित्र नै संगठित रहेर प्रजातान्त्रिक आन्दोलनको भिल्कोलाई मशालमा परिणत गर्न कम्मर कसेर लागेका विद्यार्थीहरू नेपाल विद्यार्थी संघका माध्यमबाट राष्ट्रिय मेलमिलापको नीतिलाई जनस्तरसम्म पुऱ्याउन र वी.पी. को रिहाइका लागि जनमत बटुल्न तल्लिन थिए । यसक्रममा उनीहरू वी.पी. को नवीन राष्ट्रिय एकताको अभियानलाई गाउँ-गाउँसम्म नै पुऱ्याई देशभित्र एउटा व्यापक राष्ट्रवादी भावना जगाउने र प्रजातान्त्रिक आन्दोलनको आधार भूमि तयार गर्ने कार्यमा प्रमुख भूमिका निर्वाह गर्न अग्रसर थिए ।[५३३] यसप्रकारको स्थितिमा वी.पी. प्रतिको सरकारी व्यवहारका विरुद्ध देशभित्रै पनि राजनैतिक तरलताका तरंगहरू उत्पन्न हुन थालेको र त्यसलाई रोक्न नसकिने महसुस सरकारले गरिसकेता पनि डराएको, भुकेको जस्तो देखिने कार्य भने गर्न चाहँदैनथ्यो ।

नेपालको तत्कालीन सरकार देशभित्रको व्यापक विरोध एवं अन्तर्राष्ट्रिय दवावलाई समेत वेवास्ता गरी आफ्नै ढिपीमा अडेपछि विविध परिस्थिति एवं कारणले गर्दा हस्तक्षेप नगरेका राजाले अगाडि बढ्ने निश्चय गरेर २०३४ साल जेठ २५ गते अकस्मात वी.पी. लाई दर्शन भेट दिई खर्चसमेत दिएर उपचारका लागि रिहाइ गरी मन्त्री परिषद्‌लाई अनुमोदन गर्ने आदेश दिए ।[५३४] राजाको उक्त आदेश पश्चात बसेको मन्त्री परिषद्‌को बैठकले राजाको आदेश उल्लंघन गर्ने दुस्साहस नगरेता पनि केही अडचन उत्पन्न हुनसक्ने निर्णय गऱ्यो । जसमा एकातिर राजाको उदारताको प्रशंसामा एक प्रश्ताव पारित गऱ्यो भने अर्कोतिर वी.पी. विरुद्धको राजद्रोहको आरोप फिर्ता नहुँदासम्म स्वतन्त्र छाडन नहुने भएकाले नेपालभित्र रहन्जेल थुनामा नै रहनुपर्ने, बन्दीकै रूपमा देश छाडनु पर्ने र विदेशमा रहँदा सरकार विरुद्ध नबोल्ने प्रतिवद्धता दिनु पर्ने जस्ता कुरामा अडान लियो ।[५३५] राजाको इच्छालाई बुझेर पनि अत्तो थाप्न खोज्ने तत्कालीन

---

[५३२] त्रिरत्न मानन्धर र लोकराज बरालसँगका अन्तर्वार्ताहरू ।

[५३३] गोबर्धन राना, *प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी संघ (नेपाली तरुणहरूको संघर्ष-गाथा)*, काठमाडौं : ने.वि. संघ पश्चिमाञ्चल समन्वय समिति, २०५०, पृ. ४०५ ।

[५३४] वी.पी. को नेपाल आगमनदेखि रिहाइसम्मका राजाका गतिविधि, धारणा, मानसिकता एवं कार्यहरूका लागि हेर्नुहोस् यसै अध्यायमा "मेलमिलाप नीतिप्रतिको राजाको प्रतिक्रिया" ।

[५३५] चटर्जी, टिप्पणी संख्या १७५, पृ. १३०-१३२ ।

सरकारको यस्तो कार्यबाट उक्त सरकारका पछाडि वी.पी. विरुद्ध सक्रिय विदेशी ताकतको खेल थियो भन्ने वी.पी. कै धारणामा सहमत हुन सकिने स्थिति देखिन्छ । जुन ताकतको इशारा वी.पी. लाई थुनामै राखेर मार्ने नियत पनि थियो कि ? र त्यही तत्कालीन सरकार पनि चाहन्थ्यो कि ? भन्ने आशंका गर्न सकिन्छ । जे भएता पनि अन्तमा वी.पी. बन्दी अवस्थामा नै शुशिला कोइराला एवं चेतनालाई लिएर जेठ २७ गतेका दिन उपचारका लागि काठमाडौँबाट दिल्ली प्रस्थान गरे । दिल्लीस्थित अल इण्डिया इन्स्टिच्यूट अफ मेडिकल साइन्समा प्रारम्भिक उपचारका लागि भारत सरकारले गरेको व्यवस्था स्वीकार्दै स्वास्थ्य परीक्षण गराएर बम्बइतर्फ लागे । बम्बइमा जयप्रकाश नारायणसँग भेटेर घाटिको शल्यक्रियाका लागि अमेरिका प्रस्थान गरे ।

राजाबाट बिना कुनै पूर्व सूचना वी.पी. लाई रिहाइ गरेर औषधि उपचारका लागि पठाइ दिएपछि प्रधानमन्त्री तुलसी गिरी र सूर्यबहादुर थापालगायतका कट्टरपन्थीहरू छटपटाउन थाले । राजालाई पुनः एक पटक प्रभावित पार्नु आवश्यक देखेर उनीहरू फेरी नेपाली कांग्रेस विरोधी अभियान संचालनतर्फ सक्रिय भए । यसक्रममा वी.पी. लाई विदेशी दलाल, देश वेचुवा, सि.आइ.ए. को एजेन्ट आदि उपमा दिएर जनपरिचालन गर्न थाले । सूर्यबहादुर थापाको प्रत्यक्ष अग्रसरतामा फेरी वी.पी. लाई फाँसी दिनु पर्दछ भन्ने अभियानलाई तिब्रपारि देशका विभिन्न भागमा पंचर्‍यालीहरूको आयोजना गर्न थालियो । वी.पी. विरुद्धका यस्ता अभियान संचालनका लागि राष्ट्रिय ढुकुटीबाट पैसा झिकेर परिचालन गर्ने र वी.पी. विरोधी अभियानलाई प्रमुखता दिएर लेख्ने छाप्ने पत्रपत्रिकालाई समेत विविध शीर्षकमा पैसा दिएर प्रयोग गर्नेसम्मका काम गरिए ।[५३६] नेपालको तत्कालीन संविधानमा अदालतमा विचाराधिन मुद्दालाई प्रभावित गर्ने किसिमले सार्वजनिक रूपमा कुनै अभिव्यक्ति दिन नपाउने स्पष्ट व्यवस्था थियो । तर कानुनका रक्षक मानिने र आफूलाई उक्त संविधानको ठेकेदार नै ठान्ने पंचहरूले नै खुलेआम यस्ता गतिविधि चलाएर अदालतको मर्यादामा आँच पुर्‍याउँदा पनि अदालत मुकदर्शक बनेपछि तत्कालीन नेपालको कानुनी स्वरूप सबैका सामु स्पष्ट भयो । फलस्वरूप कानुन र संविधान कसका लागि भन्ने कुरा सामान्य नागरिकसम्मले बुझ्ने मौका पाए ।

राज्यव्यवस्था संचालनका लागि आफूले विश्वास गरेकै व्यक्तिहरूबाट यस्ता क्रियाकलाप गरिनाले राजाको प्रतिष्ठासँग जोडिने खालका प्रतिक्रिया आन्तरिक एवं बाह्य क्षेत्रबाट पनि आउन थालेपछि राजाले पुनः हस्तक्षेप गर्नुपर्‍यो । तसर्थ उनले पंचायत शक्ति केन्द्रका केही प्रमुख व्यक्तिलाई बोलाएर सम्झाएपछि राजा र वी.पी. बीच कुनै सम्झौता हुन नदिने र कडा सजाय गराउने वा पुनः विदेशमै बस्न बाध्य पार्ने परिस्थिति सिर्जना गर्ने आफ्नो लक्ष्य पुरा नहुने कुरा प्रधानमन्त्री गिरीसमक्ष स्पष्ट भयो । अर्कोतिर त्यसबखतसम्ममा बन्दी गृहमा रहेका गणेशमान सिंहप्रतिको व्यवहारमा पनि निकै ढिलाई दिन थालिएको थियो । उनलाई

---

[५३६] आचार्य, टिप्पणी संख्या २०७, पृ. ३ ।

परिवारका सदस्यसँग निरन्तर रूपमा भेटन दिने, तत्कालीन आइ.जि.पी. बराल पनि पाँच बजेपछि फुर्सद भएका दिन केही क्षण पुगेर आवश्यकता, स्वास्थ्य आदिबारे सोध्ने, परिवारका सदस्यहरूसँग एक दुई जना राजनैतिक कार्यकर्ता आएमा पनि प्रहरीले नदेखेजस्तो गर्ने र अखबार माथिको प्रतिबन्ध हटाउने जस्ता सुविधा दिन थालिएको थियो ।[५३७] आफूले नचाहेका यस्ता कार्य एवं सुविधा प्रदान गर्ने कार्य राजाकै इशारामा भएको महसुस गरेपछि गिरिलाई उक्त पदमा बसिरहनु उपयुक्त नहुने निश्चयमा पुगे । तसर्थ गिरीले २०३४ साल भाद्र २५ गते प्रधानमन्त्री पदबाट राजिनामा दिए ।[५३८] यथास्थिति कायम राख्ने उद्देश्यअनुरूप सत्ता र शक्तिका भरमा पंचायत विरोधिहरूलाई दमन गरी समाप्त गरेर आफ्नो स्थिति बलियो बनाउने चाहना पुरा नभएर राजा एवं वी.पी. बीच समभ्रूदारीको संभावना बढ्न थालेको देखेपछि गिरीले निराश भएर नै पदत्याग गरेका थिए ।[५३९] त्यसपछि प्रधानमन्त्री हुन पुगेका किर्तीनिधि विष्टले केही राजबन्दीहरूलाई रिहाइ गर्ने, उदारवादी र नेपाली कांग्रेस निकटका मानिने राष्ट्रिय पंचायत सदस्यहरूसँग परामर्श लिएर काम गर्ने गर्न थाले ।[५४०] जुन नरुचाएका यथास्थितिवादीहरू पुनः संगठित भएर विष्टलाई पनि प्रभावित पार्ने प्रयासमा लागे ।

अमेरिकामा उपचार गराएर विभिन्न देशको भ्रमण गर्दै भारत आइपुगेका वी.पी. लाई भारतको केन्द्रीय सरकारले राम्रो सदासयता देखायो भने विहारले अत्यन्त न्यानो स्वागत गऱ्यो । काठमाडौंबाट प्रस्थान गरेपछिको ५ महिनाको उक्त अवधिमा वी.पी. ले विश्वव्यापी रूपमा जुन प्रचार र सौहार्दता पाएका थिए त्यसबाट नेपालका कट्टरतावादीहरू सशंकित भइसकेका थिए । त्यो स्थितिमा भारत आइपुगेपछि विहार सरकारले गरेको भव्य स्वागत र त्यहाँ भारतीय राजनेताबाट व्यक्त विचारले गर्दा केही उदारवादी मानिने प्रधानमन्त्री विष्ट र गाउँ फर्कका अध्यक्ष विश्ववन्धु थापा पनि सशंकित भएर आलोचनामा उत्रिए ।[५४१] अर्कोतिर वी.पी. ले त्यसबखत मिलाएको संगठनको तारतम्यबाट पनि यथास्थितिवादीहरूले राजासँग समभ्रूदारी हुने संभावना बढेको आभास पाए । तसर्थ उनीहरू पुनः एकजुट भएर विकसित हुन थालेको समभ्रूदारीको वातावरणलाई खलबल्याउने प्रयासअनुरूप षड्यन्त्र गर्न थाले । पुनः वी.पी. विरुद्ध दमनात्मक अभियान संचालन गर्ने निश्चय गरेर त्यसमा राजाले हस्तक्षेप नगरुन भनी अदृश्य शक्ति केन्द्रमार्फत राजामाथि दवाव पुऱ्याउनसमेत उनीहरू सफल भएका थिए भनी नाम

---

५३७ गणेशमान सिंह, "हाम्रो भूमिका हामी आफै निर्धारित गर्थ्यौं", *पुनर्जागरण साप्ताहिक,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५२ असार २७, पृ. ३ ।

५३८ मन्त्री पात्रो, *नेपाल गजेट, राजपत्र* र *गोरखापत्र*बाट रुजु गरी सम्पादन गरिएको, सम्पादक, प्रकाशक, प्रकाशित, स्थान, मिति केही उल्लेख नभएको, पृ. ३५ ।

५३९ (क) श्रीभद्र शर्मा, दामोदर उपाध्याय, नरहरी आचार्यसँगका अन्तर्वार्ताहरू ।
(ख) शशि पि. मिश्र, *वी.पी. कोइराला अ केश स्टडी इन थर्ड वर्ल्ड डेमोक्रेटिक लिडरशिप,* वाराणसी : कोनार्क पब्लिशिङ्ग हाउस, १९८५, पृ. ९९ ।

५४० श्रीभद्र शर्मा, टिप्पणी संख्या ३१ (क) ।

५४१ परमानन्द, टिप्पणी संख्या १३९, पृ. ३९४ ।

उल्लेख नगर्ने शर्तमा एक वरिष्ठ पंच राजनीतिज्ञले वताएका छन् । यसप्रकार राजालाई पनि बाध्य पारेर वी.पी. आउना साथ पुनः पक्रेर अदालतको कठघरामा उभ्याउनेदेखि विरोध प्रदर्शन गर्नेसम्मका तयारीतर्फ लागे ।

२०३४ साल कार्तिक २३ गते वी.पी. पटनाबाट काठमाडौं आउने निश्चित भइसकेपछि नेपालको राजनीतिमा पुनः तरंगहरू पैदा भए । भारतको पटनामा सम्पन्न भेलापछि आफ्ना नेतालाई काठमाडौंमा भव्य स्वागत गर्न भनी कार्यकर्ताहरू धमाधम राजधानीतर्फ आउन थाले । काठमाडौंमा रहेका नेता, कार्यकर्ता एवं विद्यार्थीहरू पनि स्वागतका लागि जुटेर विभिन्न तयारीहरू गर्न थालिसकेका थिए । सरकारले यस्ता गतिविधि रोक्नका लागि कृष्णप्रसाद भट्टराईलगायतका राजनेता एवं तरुणहरूलाई पक्रने-थुन्ने गर्नुका साथै मण्डलका विद्यार्थीद्वारा त्यसदिन विमानस्थल जानेलाई नछाडिने खालका सन्देश फैलाउनेलगायतका गतिविधि गरिरहेको थियो ।[५४२] यसबाहेक सरकारले वी.पी. आउने दिन विमानस्थल बाहिर विरोध प्रदर्शन गर्नका लागि ठूलो भिड जुटाउने प्रयास पनि गरेको थियो ।

सरकार दमनका लागि तम्तयार भएको थाहा पाए तापनि कार्तिक २३ गते बिहान १० बज्दा नबज्दै वी.पी. को स्वागत गर्नका लागि त्रिभुवन विमान स्थलमा राजनैतिक कार्यकर्तादेखि विद्यार्थीसम्मको भिड जम्मा हुन थाल्यो । त्यो अवस्थामा अपरान्ह १२.४५ बजे शाही नेपाल वायुसेवा निगमको विमानद्वारा काठमाडौं आइपुगेका वी.पी. लाई विमानस्थल भित्रै पक्राउ गरियो ।[५४३] विमान स्थलमा आइपुगेका वी.पी. लाई विमानबाट उत्रिन नपाउँदै केही अधिकृतहरू विमानभित्रै छिरेर उत्रन आदेश दिई डि.एस.पि. को नेतृत्वमा आएको प्रहरीको जीपमा राखि चुपचाप सिधै इजलाशसमक्ष पुऱ्याइयो ।[५४४] उनीसँगै आएका शैलजा आचार्य र ऋषिकेश शाहलाई प्रहरीको अर्को जिपमा राखेर सुरक्षित रूपमा उनीहरूका घरमा पुऱ्याउने कार्य गरियो । यसप्रकार आफ्ना नेतालाई भित्रैबाट पक्रेर लगेको थाहा पाएपछि स्वागतका लागि पंक्तिवद्ध एवं अनुशासित रूपमा पर्खेका उनका सहयोगी, हजारौं अनुयायी एवं परिवारका सदस्यहरू “हामी प्रजातन्त्र चाहन्छौं” र “वीर वी.पी. जिन्दावाद” को नारा लगाउँदै फर्कने तरखरमा लागे ।[५४५] त्यसबैखत ट्रकमा आएको एक हुलले वी.पी. लाई विदेशी दलाल, देश बेचुवा, विदेशी ऐजेन्ट आदि संज्ञा दिएर तथानाम गाली गर्ने, पंचायती व्यवस्था जिन्दावादको नारा लगाउने कार्य गर्न

---

[५४२] गिरिराज आचार्य, गंगाधर लम्साल, शुक्रराज शर्मा, अशोक कोइराला, राजेश्वर नेपाली, स्मृतिनारायण चौधरी, वृखेशचन्द्रलाल, महन्थ ठाकुरसँगका विभिन्न अन्तर्वार्ताहरू ।

[५४३] (क) *राष्ट्रपुकार* (पत्रिका), २०३४ साल कार्तिक २५ गते ।
(ख) चिरन्जीवी वाग्लेसँग २०५८ जेठ ३ गते कालोपुल काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[५४४] (क) वी.पी. को डायरी-४८, *हिमाल* (खबर पत्रिका), राजेन्द्र दाहाल (सं.), ललितपुर : कनकमणि दीक्षित, १-१५ माघ २०६०, पृ. १३ ।
(ख) शैलजा आचार्य, टिप्पणी संख्या १३८ ।

[५४५] श्रीमती लिला कोइराला, चिरन्जीवी वाग्ले, हरि नेपाल, शुक्रराज शर्मा, निलाम्बर पन्थी, डिल्लीरमण शर्मा, मनमोहन भट्टराई, व्रतराज आचार्य, लालकिशोर शाहसँगका अन्तर्वार्ताहरू ।

र स्वागतार्थिलाई जिस्काउने गर्न थाल्यो ।[५४६] स्वागतार्थिहरू संयमित भएर चुप लागेपछि उनीहरू झन उग्रहुँदै स्वागतार्थिहरू तर्फ बढेर पिटने, महिलामाथि हातपात गर्नेदेखि तिनका लुगा तान्ने च्यात्ने जस्ता कार्य गरेर आफ्नो योग्यता र क्षमताको प्रदर्शन गरे ।[५४७] तर पनि स्वागतार्थिहरू संयमित रहेर तिनका गलत क्रियाकलापको सामना गर्दै प्रतिकार नगरि फर्कनाले अप्रिय घटना घटन पाएन ।

वी.पी. लाई राजाको आदेशमा रिहा गरी उपचारमा पठाइएको हुँदा तत्कालीन सरकारले सोझै गिरफ्तार गर्दा राजाको सदासयता विरुद्ध आफू लागेको स्पष्ट हुने र न्यायालयको दृष्टिमा पनि दोषि ठहरिने हुनाले मुठभेडको स्थिति निम्त्याउन खोजेको देखिन्छ । अर्कोतिर गिरफ्तार नगरेका खण्डमा वी.पी. को भव्य स्वागत हुने, उनको निवाश महत्वपूर्ण राजनैतिक केन्द्र बन्ने, सार्वजनिक भाषणको स्थिति आउने र राजासँग समझदारी विस्तारको संभावना झन बढ्ने सुनिश्चित थियो । राजाले विना सल्लाह दिएको रिहाइ र औषधि उपचारको प्रबन्ध नेपालका कतिपय राजनीतिज्ञ एवं जनतालाई रुचीकर लागेको छैन भन्ने देखाउनेतर्फ पनि यिनीहरू सक्रिय नै थिए । तसर्थ वी.पी. को मुक्ति पश्चात नै राष्ट्रिय पंचायतमा हामी जस्ता पंचायती व्यवस्थाका कार्यकर्ता उपचार र खर्च नपाएर मर्नुपर्ने तर राजद्रोहीको उचार खर्च राज्यले दिने ... भन्ने विषय उठाइएका थिए ।[५४८] यसबाहेक वी.पी. र राजा बीच समझदारी भएमा आफू अगाडि बढ्न सक्ने सम्भावना सदाका लागि समाप्त हुने र आफ्ना नेपाली कांग्रेस विरोधी क्रियाकलापको मूल्य चुकाउनु पर्ने परिवेशसमेत सिर्जना हुनसक्ने संभावना देखेर नै गिरी, विश्वबन्धु थापा र उनका समर्थकहरू एकजुट भएर अप्रियस्थिति सिर्जना गरी राजालाई थप दवाव दिने नियतले यो प्रतिरोध गरेका थिए । जे होस् उनीहरू कोइराला समर्थक र विरोधीहरू बीच भिडन्त भएर अशान्तिको स्थिति उत्पन्न हुने संभावना स्पष्ट भएकाले गिरफ्तार गर्नु परेको आधार देखाएर विना कुनै सम्पर्क विमान स्थलभित्रबाटै गिरफ्तार गरी सिधै इजलाशसमक्ष पुऱ्याउन सफल भए ।

सिंह दरबारस्थित एकल इजलाशमा पुऱ्याइएपछि वी.पी. ले कानुनी परामर्शलगायतको अवसर नदिइकन उपचार पश्चात फर्केर स्वदेशको जमिनमा टेक्नसमेत नपाउँदै गिरफ्तार गरी सिधै न्यायालय पुऱ्याइएकोमा प्राविधिक आपत्ति जनाएपछि दिउँसो ३ बजेतिर महाराजगंज स्थित प्रहरी तालिम केन्द्रमा पुऱ्याइयो । त्यसपछि पुनः वी.पी. लाई अदालत लाने क्रम सुरु भयो । यस पटक उनले पहिला अदालतसमक्ष दिएको बयानलाई अझ स्पष्ट गर्न र गिरफ्तारी पश्चातका

---

[५४६] (क) *राष्ट्रपुकार,* टिप्पणी संख्या २७९ (क) ।
(ख) निलाम्बर पन्थी, वावुराम राना, शुक्रराज शर्मा, लालकिशोर शाह, राजेन्द्रनिधि कोइराला, ऋषिकेश तिवारी, राजन पंत, हरि नेपालसँगका अन्तर्वार्ताहरू ।

[५४७] गणेशमान सिंह, “पंचायतले राजनीतिक प्रतिरोध गऱ्यो”, *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५२ जेठ ३०, पृ. ३ ।

[५४८] त्रिरत्न मानन्धर, टिप्पणी संख्या ४८ (ग) ।

गतिविधिबारे ध्यानाकर्षण गर्नका लागि विशेष अदालतसमक्ष लिखित वहस नै प्रस्तुत गरे । जसमा आफूले नीजि स्वार्थकालागि कुनै कार्य नगरेको स्पष्ट गर्दै आफ्नो गिरफ्तारीपछि आधारहिन प्रचारद्वारा हाम्रो स्वदेश आगमनको उद्देश्यलाई निस्क्रिय पार्ने प्रयत्न गरिएको, बिना अभियोग मानवीय हकसमेत नदिएर सैनिक जेलमा थुनिएको, अदालतमा विचाराधिन मुद्दाको निर्णय नहुँदै सरकारका जिम्मेवार व्यक्तिले त्यसमा प्रतिकुल प्रभाव पार्ने खालका वक्तव्य सरकारी संचार माध्यमबाट प्रस्तुत गर्दा पनि अदालत मौन बसेको, अदालतसमक्ष आफूमाथि लागेका आरोप सम्बन्धमा धेरै कुराहरू भनिसकेको र रेकर्ड गराइसकेको उल्लेख गर्दै अदालतले न्याय दिन ढिला नगरी राजनैतिक मुद्दातर्फ अग्रसर हुने अवसर गुम्न नदिई राष्ट्र रक्षामा समर्पित हुने मौका देओस् भनी अनुरोध गरेका छन् ।[५४९]

अदालतमा बयान लिने र बहस गर्ने क्रमको समाप्ति पश्चात पनि मुद्दाको फैसलामा ढिलाई हुँदै गयो भने बन्दी गृहमा राखिएका वी.पी. को स्वास्थ्य पुनः विग्रदै गयो । जसले गर्दा उनमा कुनै गरुङ्गो वस्तुले थिचेको अभास हुने, बीच-बीचमा दाहिने आँखा अगाडि कालो टाटो देखिने, दृष्टि धमिलिने, नाडिको गति अस्वाभाविक चल्ने, खोक्दा थुकमा रगत देखिने आदि लक्षण देखिँदै गएर २०३४ साल पौष १६ गते अचानक मुर्छा परे ।[५५०] यो समाचार बाहिर आउना साथ सरकारको तिब्र आलोचना प्रारम्भ भयो । देशभित्रका विभिन्न शैक्षिक संस्थाका विद्यार्थीहरूलगायत प्रजातान्त्रिक सोच राख्ने नेताहरूले सरकारको कटुआलोचना र अविलम्ब रिहाइको माग गर्दै प्रश्ताव पास गर्ने र पर्चा पम्प्लेट छर्नेलगायतका कार्य गर्नथाले ।[५५१] फलस्वरूप पुनः एकपटक वी.पी. को स्वास्थ्य चर्चाको विषय बन्न पुगि स्वदेश एवं विदेशबाट विग्रदो स्वास्थ्यप्रति चिन्ता प्रकट गर्दै रिहाइका लागि पहल गर्ने कार्यमा तिब्रता आयो ।[५५२] यसप्रकार पुनः एकपटक अप्ठ्यारो स्थितिको सामना गर्नु परेपछि सरकार केही संयमित भयो । त्यसैबेला जनकमान श्रेष्ठको इजलाशले धरान फुस्रेका वमकाण्ड, झापाको हतियार काण्ड, मलंगवा काण्ड, स्याङ्जाको हतियार काण्ड आदि ४ वटा मुद्दामा सह अभियुक्तको पोलको आधारमा अभियोग प्रमाणित हुन नसक्ने र वादी स्थापित हुने कुनै प्रमाण विद्यमान नभएको

[५४९] विस्तृतिका लागि (क) कोइराला, टिप्पणी संख्या १२, पृ. ३८-४४ ।
(ख) *तरुण बुलेटिन नं. १३*, सम्पादक, प्रकाशक, प्रकाशन स्थल केही उल्लेख नभएको, मई १९७८, पृ. ३-७ ।
(ग) गणेशमान सिंह, "वकालतको असफलता नै राजनीतिमा सफलताको सोपान", *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५२ असार ६, पृ. ३ ।
(घ) गणेशमान सिंह, "न्यायको अपहेलना भयो भने न्यायकर्ताको पनि मर्यादा रहँदैन", *पूर्ववत्*, २०५२ असार १३, पृ. ३ ।

[५५०] *तरुण बुलेटिन नं. १२*, सम्पादक, प्रकाशक, प्रकाशन स्थल केही उल्लेख नभएको, फरवरी १९७८, पृ. ३४ ।

[५५१] (क) देवेन्द्र नेपाली, श्रीभद्र शर्मा, मनमोहन भट्टराई, व्रतराज आचार्यसँगका अन्तर्वार्ताहरू ।
(ख) वालकृष्ण खाँणसँग २०६० माघ १० गते ट्राफिकचोक, वुटवलमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) अजय द्विवेदीसँग २०६० जेठ १८ गते विर्तावजार, विरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[५५२] (क) *तरुण*, टिप्पणी संख्या २८६, पृ. ३५-४० ।
(ख) मिश्र, टिप्पणी संख्या २७५ (ख), पृ. १०२ ।

आधारमा भनी सफाइ दियो ।[५५३] ४ वटा मुद्दामा सफाइ दिइसकेपछि पनि सरकारले वी.पी. लाई छाडने कुनै सुर नदेखाएपछि पुनः राजाले हस्तक्षेप गरी उपचारका लागि छाडने आदेश दिए । राजाको आदेश पश्चात अदालतले ओखलढुंगा र सोलु काण्डको सिलसिलामा वी.पी. र गणेशमान माथि लगाइएको अभियोगमा प्रमाणको अभाव भन्दै सफाइ दिने गरी साधक फैसला गऱ्यो ।[५५४] यसपछि २ वटा मुद्दामात्र किनारा लाग्न बाँकी रहेको अवस्थामा अदालतले विदेशमा गई उपचार गर्न र फर्केपछि अदालतमा हाजिर हुने गरी खुला तारिखमा रिहाइ गरेको जानकारी गरायो ।

रिहाइको उक्त समाचारलाई सर्वप्रथम रेडियो नेपालले २०३४ साल फाल्गुण १३ गते बिहान ७ बजेको समाचारमा कोइरालाका चिकित्सकबाट अस्वस्थ भएको भन्ने प्रतिवेदन प्राप्त भएपछि मन्त्रीपरिषद्ले आफ्नै खर्चमा स्वास्थ्य उपचार गर्न भनी श्री ५ समक्ष जाहेर गरेपछि मौसुफबाट त्यसलाई सदर गरी हाल तारेखमा राखि कानुनबमोजिम गर्नु भन्ने हुकुम बक्सेपछि रिहा गरियो भनी प्रशारण गऱ्यो । आफ्नो चाहना विपरित राजाबाट भएको रिहाइलाई यसरी सम्प्रेषण गरेर तत्कालीन सरकारले जस लिने र हामी पनि अनुदारवादी होइनौं भन्ने प्रमाण प्रस्तुत गर्ने प्रयास गऱ्यो । त्यो समाचार सुन्ना साथ देशव्यापि रूपमा उत्साहको लहर छायो र वी.पी. लाई भेटेर सुस्वास्थ्यको कामना गर्न चावहिलस्थित निवासमा पुग्नेहरूको घुइचो लाग्न थाल्यो । वी.पी. को उपचार आफ्नै खर्चमा गर्नु पर्ने समाचार सुनेर देशका विभिन्न भागमा कार्यकर्ता, तरुण, विद्यार्थी, जनता आदि सक्रिय भएर वी.पी. उपचार कोष खडा गरी चन्दा उठाउने र दानदिने गर्न थाले ।[५५५] जनताले स्नेहस्वरूप दिएको चन्दा-दान र विदेशी मित्रहरूको सहयोगबाट स्रोत जुटाएर अमेरिकाको न्यूयोर्क स्थित करनेल यूनिभर्सिटी अस्पतालमा जटिल शल्यक्रिया सम्पन्न गराई स्वास्थ्य लाभ गर्न थाले ।

वी.पी. उपचारका लागि तारेखमा छुटेपछि नेपालभित्र एवं बाहिरबाट वी.पी. सँगै २०३३ साल पौष १६ गते पक्रिएर निरन्तर बन्दी बनाइएका गणेशमान सिंहको रिहाइका लागि प्रयास सुरु भए । विश्वविद्यालय क्याम्पसलगायत देशभरका क्याम्पसका विद्यार्थीहरूले सर्वप्रथम सिंहको विग्रदै गएको स्वास्थ्यलाई ध्यानमा राखेर अविलम्ब रिहाइ गर्न माग गर्दै अन्यथा परिणाम विस्फोटक हुने घोषणा गर्न थाले ।[५५६] जनकमान श्रेष्ठको विशेष अदालतले सिंहमाथि

---

[५५३] *राष्ट्र पुकार,* २०३४ साल फाल्गुण १९ गते ।

[५५४] *पूर्ववत्,* २०३४ साल फाल्गुण २६ गते ।

[५५५] (क) रामकृष्ण ताम्राकार, भुवन सुवेदी, नरहरी आचार्य, व्रतराज आचार्य, नारायण बराल, शंकर उप्रेती, गिरिराज आचार्य, अशोक कोइराला, रामचन्द्र पौडेल, जितबहादुर पुरी, शुक्रराज शर्मा, गोविन्द कँडेल, वृखेशचन्द्रलाल आदिसँगका अन्तर्वार्ताहरू ।
(ख) मंगलचन अग्रवालसँग २०६० वैशाख ३१ गते रंगेली मोरङमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) सिता कार्कीसँग २०६० वैशाख ३१ गते रंगेली मोरङमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) शिवधारी यादवसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[५५६] (क) वृखेशचन्द्रलाल, वालकृष्ण खाँण, ऋषिकेश तिवारी, कुमारप्रसाद कोइराला, मनमोहन भट्टराई, व्रतराज आचार्यसँगका अन्तर्वार्ताहरू ।
(ख) विमलेन्द्रनिधिसँग २०६० श्रावण ६ गते भैरहवा, पवन होटलमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

अन्ततोगत्वा लगाइएका २ वटा मुद्दाहरूमध्ये एकमा प्रमाण नपुगेको भनी रद्द गरिसकेको थियो भने अर्को ओखलढुंगा काण्डसम्बन्धी मुद्दामा पनि सफाइ दियो ।[५५७] आफैले यिनीहरूका मुद्दाबारे निर्णय गर्न खडा गरेको अदालतको यसप्रकारको निर्णयपश्चात पंचायतका शक्ति केन्द्रहरूमा खलबलि मच्चियो । अदालतबाट राजनेताको दमन गर्ने उद्देश्य पूरा नभएपछि उनीहरू पुनः अर्को उपाएको खोजीतर्फ लागे । यसबारेमा केही विचार विमर्शपश्चात सरकारले “वादीको तर्फबाट प्रस्तुत प्रमाणहरूका आधारमा फैसला गर्दा एक सदस्यीय विशेष अदालतले उचित विवचेना, खण्डन र मूल्याङ्कन गरेन” भन्दै काठमाडौंस्थित मध्यमाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन गऱ्यो ।[५५८] यसप्रकारको कार्यबाट सरकारको रिहाइ नगर्ने नियत स्पष्ट भएपछि नेपाली कांग्रेस वृत्तमा पुनः हलचल सुरु भयो र पार्टीले आधिकारिक रूपमा सिंहको रिहाइका लागि विश्व मानवाधिकार नियोगको ध्यानाकर्षण गराउन थाल्यो । यसै क्रममा पार्टीका दुवै महामन्त्री परशुनारायण चौधरी र गिरिजाप्रसाद कोइरालाले २०३५ साल वैशाख २० गते सिंहको अविलम्ब रिहाइको माग गर्दै एक अपिल प्रकाशित गरे । जसमा ... नेपाली कांग्रेसका शिर्षस्थ नेता गणेशमान सिंहको लगातारका यातनाप्रति गम्भिर चिन्ता व्यक्त गर्दछौं- विशेषत यस्तो बेला जबकि उहाँलाई अभियोग मुक्त गरिएको छ तथा उहाँको स्वास्थ्य विग्रदो स्थितिमा छ । हामी उहाँको अविलम्ब रिहाइको जोडदार अपिल गर्दछौं ।[५५९]... भन्दै सम्पूर्ण राजवन्दीको रिहाइबाट मेलमिलापको दिशामा महत्वपूर्ण आयाम जोडिने स्पष्ट गरिएको छ । यसैगरी नेपाली कांग्रेसका कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराई, नेपाल कम्यूनिष्ट पार्टीका नेता मनमोहन अधिकारी, महेन्द्रनारायण निधि, सूर्यप्रसाद उपाध्यायलगायत विभिन्न संघ संस्थाका तर्फबाट पनि सिंहको विग्रदो स्वास्थ्यप्रति चिन्ता व्यक्त गर्दै अविलम्ब रिहाइको माग गरियो ।[५६०]

श्री ५ महाराजधिराजको आदेशमा वी.पी.लाई दोस्रो पटक उपचारका लागि रिहा गरिएको घटनाबाट तत्कालीन सरकारलाई राजा एवं नेपाली कांग्रेसबीच समझदारी विकास हुनबाट रोक्न नसकिने कुरा स्पष्ट भयो । त्यसमा पनि गणेशमान सिंहको रिहाइका लागि उठिरहेका आवाजहरूबाट कुनै पनि बेला उनी अकस्मात छुट्न सक्ने संभावना पनि महसुस गरेकै थियो । यस्तो अवस्थामा नेपाली कांग्रेसका कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराईले करिब १ महिना लामो पूर्वी नेपालको भ्रमण गरी जनसम्पर्कको सिलसिला अगाडि बढाए । जसलाई चाहेर पनि रोक्न नसकेपछि बाध्य भएको सरकारले २०३५ साल आषाढ ४ गते गणेशमान सिंहलाई औषधी उपचारका लागि रिहा गऱ्यो ।

---

[५५७] गणेशमान सिंह, “त्यो मेरा निम्ति सुखद आश्चर्य थियो”, *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), आयाम प्रकाशन, २०५२ कार्तिक २१, पृ. ३ ।

[५५८] *दिनमान,* १६-२२, जुलाई १९७८, पृ. २८ ।

[५५९] विस्तृतिका लागि नेपाली कांग्रेसका महामन्त्री द्वयद्वारा २०३५ साल वैशाख २० गते श्री गणेशमान सिंहको अविलम्ब रिहाइका लागि जारि गरिएको अपिल ।

[५६०] तरुण, टिप्पणी संख्या २८५ (ख), पृ. ३० ।

रिहाइपश्चातका १४ दिनसम्म काठमाडौँमा रहेर आफूलाई भेटन् आउने शुभचिन्तक, राजनीतिज्ञ एवं कार्यकर्ताहरूलाई मेलमिलाप नीतिको औचित्य स्पष्ट गर्नेदेखि पार्टी गतिविधि संचालनबारे निर्देशन दिने, पत्रकारहरूसँग कुराकानी गर्ने, राजनीतिक पीडित तदर्थ समितिद्वारा आयोजित अभिनन्दन ग्रहण गर्नेलगायतका कार्यमा व्यस्त रहे ।[५६१] क्षेत्रीय अदालतबाट उपचार गर्न जानका लागि ३ महिनाको तारेख प्राप्त गरेपछि २०३५ साल आषाढ १८ गते पत्नी मंगलादेवी सिंहलाई लिएर दिल्लीतर्फ प्रस्थान गरे । उनलाई त्यसदिन त्रिभुवन विमान स्थलमा नेपाली कांग्रेसका कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराईलगायत हजारौं पार्टीका कार्यकर्ता, पारिवारिक सदस्यहरू, विद्यार्थी, तरुण, व्यापारिलगायतको समूहले शिघ्र स्वास्थ्य लाभको कामना सहित विदाइ गरेका थिए ।

गणेशमान सिंहको उपचारका लागि नेपाल सरकारले कुनै खर्च नदिएको हुँदा आर्थिक समस्या उत्पन्न भयो । जुन कुरा थाहा पाउना साथ उनका अनुयायी अर्थात पार्टीका कार्यकर्ताहरूले एक हप्ताको छोटो समयमा नै करिब ४३ हजार रूपैयाँ संकलन गरी उपलब्ध गराउनुका साथै भारतमा नभएर अन्य मुलुकमा उपचारका लागि जानु पर्ने भएमा १० हजार अमेरिकी डलरसम्म संकलन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।[५६२] कार्यकर्ताहरूको यो सदभाव एवं समर्पण त्यो नेताका लागि थियो जसले कठिन परिस्थितिमा पनि हरेश नखाएर चट्टानभैंं दृढ रही जनअधिकारका लागि संघर्ष गर्नु नै आफ्नो मूललक्ष्य बनाएको थियो । वास्तवमा कार्यकर्ताको यस्तै माया, त्याग, समर्पण र आफूप्रतिको आस्थाले गर्दा नै आफू पटक-पटक मृत्युको मुखबाट बचेको र निरंकुता विरुद्ध उभिने शक्ति एवं प्रेरणा पाएको कुरा सिंहले हरेक जसो जनसभा, वैठक र भेटघाटमा उल्लेख गर्दथे । जनताको स्नेह लिएर यसरी भारतको दिल्ली पुगेका सिंहलाई त्यहाँको पालम हवाइ अड्डामा भारतीय जनता पार्टीका अध्यक्ष चन्द्र शेखर, रेलमन्त्री मधु दण्डवतेलगायतका विभिन्न भारतीय राजनेताहरू, नेपाली कांग्रेसका महामन्त्री गिरिजाप्रसाद कोइरालालगायत ठूलो संख्यामा पार्टीका कार्यकर्ताहरूले स्वागत गरे ।[५६३] त्यसपछि उनलाई नयाँ दिल्लीस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थानमा पुऱ्याइयो । जहाँ सिंहको उपचार सम्पन्न भयो । उपचारका क्रममा भर्ना गरिएका सिंहले पत्रकारहरूसँग कुराकानीका क्रममा आफ्नो रिहाइ बाहिरी वातावरणले भन्दा आन्तरिक कारणले नै भएको हो भन्दै राजा पनि पंचायती व्यवस्थालाई प्रजातान्त्रीकरण गर्न चाहने तर चरित्रहिन एवं भ्रष्ट व्यक्तिहरूबाट

---

५६१ (क) विस्तृतिका लागि *तरुण संयुक्ताङ्क,* १४-१५, चक्र वास्तोला, शुशिल कोइराला (सं.), प्रकाशक र प्रकाशित स्थान उल्लेख नभएको, सेप्टेम्बर १९७८, पृ. ३२-३६ ।
(ख) *राष्ट्र पुकार,* २०३५ साल आषाढ २२ गते ।

५६२ *दिनमान,* टिप्पणी संख्या १९५, पृ. २८ ।

५६३ *तरुण वुलेटिन नं. १६,* चक्र वास्तोला र शुशिल कोइराला (सं.), प्रकाशक एवं प्रकाशित स्थान उल्लेख नगरिएको, जनवरी १९७९ (पुष-माघ २०३५), पृ. १४ ।

घेरिएको हुनाले तत्काल अगाडि बढ्न नसकेको भए तापनि मेलमिलापप्रति भने सहमत हुँदै गएको धारणा स्पष्ट गरेका थिए ।[५६४]

अर्कोतिर उपचारका लागि अमेरिका पुगेका वी.पी. स्वास्थ्य लाभ गरी २०३५ साल श्रावण १८ गते दिल्ली आइपुगे । त्यहाँ आफ्ना विभिन्न साथीहरू र भारतीय राजनेता, प्रेश आदिलाई भेटनुका साथै उपचाररत सिंहसँग पनि भेटघाट गरी स्वदेश फर्कनका लागि पटनातर्फ लागे । यता नेपालमा उनी अमेरिकाबाट फर्कन लागेको समाचारसँगै पंचहरूको खेमामा खलबली मच्चिइसकेको थियो । राजाको आदेशमा अदालतले आफै हाजिर हुन आउने गरी खुला तारेखमा रिहागरेको हुँदा सरकारले गिरफ्तार गर्नु भनेको प्रत्यक्षतया अदालतकै निर्णय विरुद्ध जानु हुने भएकाले कट्टरतावादीहरू समक्ष के गर्ने भन्ने समस्या उत्पन्न भयो । उनीहरू केही नगर्दा वी.पी. ले भव्य स्वागत पाउने र राजासँग समझदारीको वातावरण निर्माणमा झन बल पुग्ने सुनिश्चित देखेर आत्तिएका थिए र केही नकेही गर्ने पर्ने निश्चयमा पुगे । यसबारेमा विभिन्न कोठे वैठके छलफलपश्चात उनीहरू संगठित र सशक्त भएर वी.पी. को आगमनका अवसरमा विरोध प्रदर्शन गर्ने, वातावरण उत्तेजित बनाएर अप्रिय घटना घटाउने र राजालाई वी.पी. सँग समझदारी कायम गरेमा परिस्थिति गम्भिर हुनसक्दछ भन्ने कुरामा विश्वस्त बनाउने निश्चयमा पुगे ।

उक्त निश्चयलाई कार्यरूप दिने उद्देश्यअनुरूप तत्कालीन गृहमन्त्री खड्गबहादुर सिंहको अग्रसरतामा दामोदर शमशेर, तुलसी गिरी, सूर्यबहादुर थापा, प्रहरी प्रमुख एवं अंचलाधिशको उपस्थितिमा व्यापक छलफल गरी विशाल विरोध प्रदर्शनका लागि देशभरीका पंचयातका निकायहरू, वर्गीय संगठनहरू, प्रशासन आदिलाई काठमाडौँमा मानिस पठाउन निर्देशन गरियो ।[५६५] सरकारी संरक्षणमा गरिने विरोध प्रदर्शनका लागि सरकारी कोषबाट १४ लाख रूपैयाँको बजेट तयार पारिएको समाचार बाहिर आएपछि नेपाली कांग्रेसका कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराईले साप्ताहिक संरक्षक पत्रिकाद्वारा जनताको पेट काटेर उठाइएको करको दुरूपयोग नहोस् भनी प्रतिक्रिया व्यक्त गरे ।[५६६] त्यसबखत वी.पी. का विरुद्ध अनर्गल कुराहरू लेखिएका सामग्रीहरू सरकारी संयन्त्रद्वारा नै देशव्यापी रूपमा पुऱ्याएर प्रतिकारका लागि भाद्र ४ गते काठमाडौँ पुग्न आह्वान गरिएको थियो । सरकारको अप्रत्यक्ष संरक्षणमा भएको यस्तो कार्यबाट वी.पी. आउने खबर र तिथीसमेत देशव्यापी रूपमा फैलिन गएपछि उनीप्रति सहानुभूति र

---

५६४ विस्तृतिका लागि (क) *पूर्ववत्,* पृ. १४-१६ ।
(ख) गणेशमान सिंह, "गुप्तचरोको धन्यवाद" (अन्तर्वार्ता), *दिनमान,* रघुविर सहाय (सं.), नयाँ दिल्ली : टाइम्स अफ इण्डिया प्रकाशन, १६-२२ जुलाई १९७८, पृ. ३०-३१ ।

५६५ (क) श्रीभद्र शर्मा, दामोदर उपाध्याय र मेघप्रसाद उपाध्यायसँगका अन्तर्वार्ताहरू ।
(ख) *तरुण,* टिप्पणी संख्या २९७, पृ. ३८-३९ ।
(ग) आचार्य, टिप्पणी संख्या २०७, पृ. ३ ।

५६६ *पूर्ववत्,* (ख) ।

वैमनस्यता राख्ने सबैले जानकारी पाइ आ-आफ्ना तयारी गर्न थाले भने देशव्यापी रूपमा वी.पी. कै चर्चा परिचर्चा हुन थाल्यो ।

यस पटक वी.पी. को नेपाल आगमनको समाचारसहित पंचायत विरोधी समूहहरूमा पनि व्यापक हलचल उत्पन्न भयो । मानिसहरू उनको एक झलकसम्म मात्र पनि पाउने आशामा राजधानीतर्फ आउन थाले । त्यसबखत नेपाली कांग्रेसका कार्यकर्ताहरू मात्र नभएर वकील, प्राध्यापक, विद्यार्थी, पत्रकार, शिक्षक, किसान, तरुण आदिको ठूलो समूह देशका विभिन्न भागबाट राजधानीमा आइसकेका थिए । वी.पी. को स्वागतका लागि जानेहरूलाई कठोर दमन गर्न सरकारको संरक्षणमा विशेष तयारी भइसकेको छ लगायतका हल्लाहरू प्रशस्त फैलिरहेको तत्कालीन अवस्थामा पनि उनीप्रतिको आस्था र समर्पणबाट जोसिएका कार्यकर्ता एवं जनमानसको उत्साह सेलाएन । तसर्थ उनीहरू निश्चित दिन अर्थात भाद्र ४ गते बिहान ८ बजेदेखि नै विमानस्थलतर्फ जान थाले । यस पटक वी.पी. को स्वागतका लागि जानेहरूमा विभिन्न खेमामा विभाजित वामपन्थी समूहहरूका साथै प्रजापरिषद्लगायतका पंचायत विरोधी दलका प्रतिनिधिहरू पनि थिए । जसमा वामपन्थी नेता मनमोहन अधिकारीको समूह, सिद्धिलालको समूह, स्वर्गीय पुष्पलाल समर्थकहरूको समूह, मदनमणि र महेशमणिको समूह र प्रजापरिषद्का चुडाप्रसाद शर्माको समूह मुख्य थिए ।[५६७] त्यसैगरी नेपाली कांग्रेसका तर्फबाट कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बिहान ८ बजेदेखि नै हजारौंको संख्यामा कार्यकर्ताहरू फूलमालासहित विमानस्थल पुगेर अनुशाशित र पंक्तिबद्ध रूपमा आफ्ना नेताको प्रतिक्षा गर्दै थिए । १० बज्दा नबज्दै विमानस्थलमा मानिसहरू थुप्रिएको स्थिति हेर्दा पंचायती व्यवस्थाका विरोधीहरूको विशाल जमघट भइसकेको थियो । यसरी वी.पी. को नाम लिँदासमेत दण्डित हुनुपर्ने तत्कालीन अवस्थामा वामपन्थीलगायतका कांग्रेसका विरोधी समूहहरू नै उनको स्वागत गर्न विमानस्थल पुगेपछि एकातिर उनको मेलमिलाप नीति अत्यन्त उपयुक्त थियो भन्ने सन्देश प्रकट भयो भने अर्कातिर पंचायती व्यवस्था विरुद्ध संयुक्त संघर्षको वातावरण निर्माण प्रकृयाको विजारोपण हुन गयो ।

राजधानीस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा २०३५ साल भाद्र ४ गते सबेरैदेखि प्रारम्भ भएको यो जमघटलाई तत्कालीन सरकारले रुचाउने कुरै भएन । तसर्थ प्रतिकारका लागि तयार गरेको समूहलाई त्यसतर्फ पठायो । पंच एवं तिनका वर्गीय संगठनका पदाधिकारी, मण्डलका कार्यकर्तालगायतको समूहले प्रहरीका संरक्षणमा विमानस्थल पुगेर उपस्थित स्वागतार्थीहरूलाई भगाउने प्रयास गर्न थाले । विभिन्न उत्तेजनात्मक नारा र निम्नस्तरीय फोहर गाली गर्दै आएको उक्त समूहले पंक्तिबद्ध रूपमा अनुशाशित तवरले बसेको जनसमूहतर्फ बढेर प्रारम्भमा वी.पी. विरुद्ध

---

५६७ (क) *पूर्ववत्* ।
(ख) आचार्य, टिप्पणी संख्या २०७, पृ. ३ ।
(ग) गिरिराज आचार्य, ऋषिकेश तिवारी, व्रतराज आचार्य, नरहरी आचार्य, अनिरुद्र शर्मासँगका अन्तर्वार्ताहरू ।

नारावाजी गर्नुका साथै उनलाई विविध आरोप लगाइएका पर्चाहरू छर्नेसम्मका काम गरे ।[५६८] त्यसलाई पनि चुपचाप सहेर स्वागतार्थीहरू संयमता साथ बसेपछि झन उग्र हुँदै तिनीहरूले जनसमूहका बीचमा पथराव गर्ने, लछार पछारको प्रयत्न गर्ने, पिटने र महिलालाई तथानाम गाली गर्नेसम्मका कार्यसम्ममा उत्रिए ।[५६९] महिलाहरूलाई समेत यस्तो अभद्र व्यवहार गर्न थालेपछि लिला कोइराला अगाडि बढेर संझाउने प्रयास गरेपछि उनीहरू झन उग्र भएर आक्रमण गरी महिलामाथिसमेत खनिए । फलस्वरूप महिला नेतृ लिला कोइरालाले तिनीहरूको मुक्का र घुस्सा खानु पर्‍यो, दुर्गा पोखरलेको कपाल भुत्लियो भने अन्य विभिन्न महिलाले हातको घडि, चश्मा, पर्श आदि गुमाए ।[५७०] महिलामाथि यस्तो अभद्र व्यवहार हुन थालेपछि तिनलाई रोक्न बढेका युवाहरूमाथि उनीहरूका लाठि, चेन आदि बज्रिए । फलस्वरूप त्यसदिन वृखेशचन्द्रलाल, रामशरण महत ... लगायत ठूलो संख्यामा युवाहरू घाइते भए भने त्यसै दिनको पिटाइबाट हेमदेव मानन्धर नामका कार्यकर्ताले ज्यानै गुमाउनु पर्‍यो ।[५७१] घाइते युवाहरूलाई वीर अस्पतालमा पुर्‍याएर लामो समयसम्म उपचार गराउनु परेको थियो ।

यसप्रकार वी.पी. आउनु अगावै विमानस्थलमा तनावको वातावरण सिर्जना गरी कार्यकर्ताहरूलाई भगाउने प्रयास गरियो । यदि त्यस दिन स्वागतार्थीहरूले पनि संयमता गुमाएर प्रतिकार गरेको भए स्थिति झन डरलाग्दो बनाएर ठूलै अप्रिय घटना घटाउने नियतले सरकार क्रियाशिल रहेको थियो भन्ने कुरा अनुमान गर्न सकिन्छ । तर कार्यकर्ताको संयमता, धैर्यता र अनुशाशित भावनाले गर्दा त्यस दिन सरकारको चाहना पुरा भएन र मुलुक त्यो दुर्घटना हुनबाट जोगियो ।

यसप्रकारको उत्तेजित र तनावपूर्ण वातावरणबीच भाद्र ४ गते दिनको १२.३० बजे वी.पी. विमानस्थलमा उत्रिए । उनलाई विमानस्थल भित्रै प्रहरीले घेरेर कसैसँग भेटन नदिइ सुरक्षाको वहानामा प्रहरीको गाडिमा राखियो र सिधै चावहिलस्थित उनको निवासमा पुर्‍याइयो । जुन समाचार पाएपछि घाइते कार्यकर्ता एवं स्वागतार्थीहरू “हामी प्रजातन्त्र चाहन्छौं” भन्ने नारा लगाउँदै जुलुसका रूपमा चावहिलसम्म नै पुगेर वी.पी. सँग भेट गरे । यसप्रकार पंचायती सरकारले यस पटक विरोध प्रदर्शनका नाममा प्रतिकार गरे तापनि वी.पी. लाई पक्रने हिम्मत गर्न नसकी राजधानीभित्र नै कार्यकर्ता माझ छाडन बाध्य भयो । यस घटनापश्चात एकातिर राजशक्ति र जनशक्तिबीच विद्यमान मेलमिलापको भावनालाई निरंकुशताका पृष्ठपोषकहरूले

---

[५६८] स्मृतिनारायण चौधरी, वृखेशचन्द्रलाल, गिरिराज आचार्य, शुक्रराज शर्मा, गोविन्द कँडेल, लालकिशोर शाहसँगका अन्तर्वार्ताहरू ।

[५६९] लिला कोइराला, राजेन्द्रनीधि कोइराला, वृखेशचन्द्रलाल, गिरिराज आचार्यसँगका अन्तर्वार्ताहरू ।

[५७०] (क) लीला कोइराला, वृखेशचन्द्रलाल, लालकिशोर शाहसँगका अन्तर्वार्ताहरू ।
(ख) *तरुण*, टिप्पणी संख्या २९७, (ख), पृ. ३९ ।
(ग) आचार्य, टिप्पणी संख्या २०७, पृ. ३ ।

[५७१] *पूर्ववत्* (ख) र (ग) ।

चाहेर पनि रोक्न सक्दैनन् भन्ने स्पष्ट भयो भने अर्कोतिर मेलमिलापप्रति राजाको पनि समर्थन छ भन्ने प्रस्ट देखियो । समग्रमा भन्नु पर्दा राष्ट्रियताको रक्षाका लागि वी.पी. ले उठाएको कदमलाई १७ महिना १८ दिनपछि नचाहेर पनि तत्कालीन सरकारले रोक्न नसक्ने कुरा प्रमाणित हुनपुग्यो । जसले गर्दा नेपालभित्र पंचायती व्यवस्था विरुद्ध शान्तिपूर्ण आन्दोलनको आधारभूमि निर्माण प्रकया बलियो हुने संकेत देखियो । अर्को प्रमाणि तथ्य हो राजा वीरेन्द्र उदारवादी थिए तर कठोर प्रतिक्रियावादी र अवसरवादी शक्तिमा रहेका केही व्यक्तिहरूले राजा र प्रजातन्त्रवादी बीचमा सामिप्यता आउन दिएन र ठूलो खाई खडा गर्दै लगे ।

## ३.६ मेलमिलाप नीतिप्रतिको अन्तर्राष्ट्रिय सदभाव एवं समर्थन

राष्ट्रियतामाथि खतरा महसुस गर्ना साथ प्रजातन्त्र पुनर्स्थापनाका लागि उठाएको हतियार परित्याग गरेर मेलमिलाप नीति अवलम्बन गरी स्वदेश फर्किएका नेपाली कांग्रेसका नेताहरू तुरुन्त सैनिक हिरासतमा पुऱ्याइए । नेपाल फर्कने निर्णयसँगै उनीहरूलाई भारतलगायत विभिन्न मुलुकका राजनेता एवं शुभेच्छुक मित्रहरूले यो अवस्थामा नेपाल फर्कनु भनेको मृत्युको आगोसमा हामफाल्नु हो लगायतका तर्क दिएर रोक्ने प्रयास गरेका थिए । तर राष्ट्रियता बिना प्रजातन्त्र पुनर्स्थापना असम्भव छ भन्ने स्पष्ट बुझेका हुँदा कसैका कुरा नसुनी वी.पी. लगायतका राजनेताहरू नेपाल फर्किएका थिए । नेपालको अदालतमा प्राण दण्डसम्मको सजाय गर्न सकिने प्रकृतिका विभिन्न मुद्दाहरू आफू विरुद्ध दायर भएको जान्दा जान्दै र नेपाल प्रवेश गर्ना साथ पक्रेर थुन्ने सुनिश्चित हुँदाहुँदै पनि आफ्नो प्राणलाई भन्दा राष्ट्रियताको रक्षालाई महत्व दिएर उनीहरू नेपाल फर्किएका थिए । यसक्रममा उनीहरूले न त कुनै विदेशी मित्र एवं समूहलाई आफ्ना पक्षमा आवाज उठाइदिन अनुरोध गरेका थिए न त कसैबाट आश्वासनसम्म पनि पाएका थिए ।[५७२] उनीहरू केवल राष्ट्रियताको रक्षाका सवालमा राजा पनि सहमत हुने र आफूहरूप्रति सदासयता पूर्ण व्यवहार गरिने विश्वासका भरमा नेपाल फर्किएका थिए ।

वी.पी. कै भविष्यवाणिअनुरूप नेपालमा राजालाई अन्धकारमा राखी प्रभावित पारी सत्तामाथि कब्जा जमाएको र सदैव नेपाली कांग्रेसका विरुद्ध लागिरहेको पंचायती व्यवस्थाको कट्टरतावादी समूह उनीहरूको आगमनबाट तर्सियो । जसले उनीहरूलाई राष्ट्रद्रोही, राजद्रोही, विदेशी एजेन्टलगायतका उपमा दिँदै पक्रिएर राजनैतिक बन्दीहरूले पाउने सामान्य सुविधा एवं व्यवहारसमेत नदिइ कठिन मेहनत साथ पक्रिएको डर लाग्दो अपराधीलाई झैं सेनाको कठोर नियन्त्रणमा एकान्त कारावासमा राखे । यी राजनेताहरू आफ्नो चाहना र निर्देशनअनुसार चल्न नमानेपछि अप्रसन्न भएको तत्कालीन भारतीय सरकारको दृष्टिकोण यिनीहरूप्रति राम्रो थिएन । जुन कुरा राम्रोसँग बुझेका नेपालका यथास्थितिवादीहरूले यही मौकामा कठोर सजाय दिइ आफ्नो भावी मार्ग फराकिलो पार्ने सोचअनुरूप कदम चाल्न थाले । फलस्वरूप नेपालमा

[५७२] गौतम, टिप्पणी संख्या ८८ (ग), पृ. २६० ।

सरकारको संरक्षण एवं व्यवस्थापनमा वी.पी. कोइराला र उनले नेतृत्व गरेको नेपाली कांग्रेस विरुद्ध अभियान नै प्रारम्भ गरियो । जसमा यथास्थितिवादीहरूको चाहनाबमोजिम देशको संचार, प्रेशलगायत राज्य व्यवस्था संचालनका केन्द्रदेखि गाउँसम्मका निकायहरूले आपसमा हातेमालो गर्दै आलोचनात्मक अभियान संचालन गरी कठोर सजायको माग गर्नथाले । यथास्थितिवादीहरू आफ्नो उद्देश्यमा सफल हुन नपाउँदै भारतमा भएको राजनैतिक परिवर्तनले नेपाली कांग्रेसको पक्षमा बोल्ने र वी.पी. लगायतका राजनेताप्रति समर्थन जनाउने सरकार गठन हुनपुग्यो । जसले वी.पी. कोइराला र उनको मेलमिलाप नीतिप्रति सदभाव जनाएर धारणा सार्वजनिक गर्न थालेपछि विश्वका विभिन्न क्षेत्रबाट मेलमिलाप नीतिप्रति सदभाव र समर्थनका आवाजहरू उठन थाले । जसलाई चाहेर पनि नेपालका यथास्थितिवादीहरूले प्रतिकार गर्न सकेनन् । यसप्रकारको पृष्ठभूमिलाई स्पष्ट गर्नका लागि भारतमा भएको सत्ता परिवर्तन र मेलमिलाप नीतिप्रति अन्तर्राष्ट्रिय क्षेत्रबाट आएको सदभावरूपी रिहाइको दवावलाई समिक्षात्मक प्रस्तुति गर्नु आवश्यक देखिन्छ ।

आफ्ना विरुद्ध समाजवादीहरू सक्रिय भएर आन्दोलनमा उत्रेपछि र न्यायालयको निर्णयपश्चात राजिनामा गर्नुपर्ने परिस्थिति आएपछि सत्ता लम्बाउने उद्देश्यले इन्दिरा गान्धीले भारतमा लगायको संकटकाल पनि लामो समय टिक्न सकेन । उनको यो शासनबारे आन्तरिक विद्रोहका साथै प्रशस्त टिकाटिप्पणी हुन थालेपछि र संभवत विदेशी दवावलगायतको परिस्थिति सामना गर्नु परेपछि उनी आमनिर्वाचन घोषणा गर्न बाध्य भइन् । फलस्वरूप सन् १९७७ मा भएको आमचुनावमा इन्दिरा समूहले नराम्रोसँग पराजय भोग्नु पऱ्यो भने जयप्रकाश नारायणको प्रेरणाबाट स्थापित भएको जनता पार्टीले बहुमत हासिल गऱ्यो । तसर्थ मोरारजी देशाइको अध्यक्षतामा गठित समाजवादीहरूको बाहुल्यता रहेको सरकारमा मधु दण्डवते, जर्ज फर्नान्डिस, राजनारायण, जगजिवनराम, विजु पटनायकलगायतका नेपाली कांग्रेसका मित्रहरू रहेका थिए ।[५७३] यसप्रकार सरकार गठन हुना साथ भारतको सत्तारुढ दल जनता पार्टी वी.पी. कोइराला बचाउ अभियानतर्फ अग्रसर भई वातावरण मिलाउन थाल्यो । प्रारम्भमा पार्टीले एक प्रेश विज्ञप्ति जारी गरी नेपालको जेलमा रहेका वी.पी. कोइराला कडा रोगबाट ग्रस्त छन् भन्ने समाचारबाट अत्यन्त दु:ख लागेको जनाउँदै र त्यसलाई गम्भिर चिन्ताको विषय ठहर गर्दै श्री ५ को सरकारसँग अविलम्ब रिहाइका लागि माग गऱ्यो ।[५७४] जनता पार्टीको यो मागपश्चात भारतमा वी.पी. कोइरालालाई रिहाइ गराउन माग गर्ने अभियान नै प्रारम्भ भयो ।

---

[५७३] वी.पी. को डायरी-३३, *हिमाल* (खबर पत्रिका), राजेन्द्र दाहाल (सं.), ललितपुर : कनकमणि दीक्षित, १-१५ जेठ २०६०, पृ. ११ ।

[५७४] (क) *द स्टटेशम्यान,* ६ मार्च १९७७ ।
(ख) निलाम्बर पन्थी, हरेकृष्ण शाह, योगप्रसाद उपाध्याय, डिल्लीरमण शर्मा, गिरिराज आचार्यसँगका अन्तर्वार्ताहरू ।

२०३४ साल वैशाख २ गते विहार छात्र संघर्ष समितिका तर्फबाट नितिशकुमार र अकबर हुसैनले एक संयुक्त विज्ञप्ति प्रकाशित गरी नेपालमा प्रजातन्त्रका लागि संघर्षरत सबैप्रति आफ्नो सदभाव रहेको स्पष्ट गर्दै वी.पी. लाई अविलम्ब रिहाइ गरियोस् भन्ने माग गरे ।[५७५] विहारका सांसद कर्पुरी ठाकुरको अग्रसरतामा नयाँ दिल्लीबाट एक विज्ञप्ति प्रकाशित गरी नेपाल नरेशसँग वी.पी. एवं उनका समर्थकहरूलाई अविलम्ब रिहाइ गरी मानवतापूर्ण व्यवहार गर्न अनुरोध गरियो ।[५७६] आफ्नो निजी भ्रमणका क्रममा मदुराइ हुँदै दिल्ली पुगेका राजा वीरेन्द्र दिल्लीमै रहेको अवसरमा दिल्लीस्थित नेपाली दुतावाससमक्ष वी.पी. को अविलम्ब रिहाइको माग गर्दै विरोध प्रदर्शन गरियो । जसका संरचनाकार नेपाली कांग्रेसका महामन्त्री गिरिजाप्रसाद कोइराला थिए भने त्यसमा भागलिनेहरूमा प्रवासमा रहेका कार्यकर्ता, नेपाली विद्यार्थीहरू एवं भारतीय समाजवादी युवाहरू आदि थिए ।[५७७] त्यसको केही दिनपछि नै भारतका सर्वोदय नेता जयप्रकाश नारायणले उपचार गराइरहेको बम्बइस्थित जसलोक अस्पतालबाट एक लामो वक्तव्य जारी गर्दै ... नेपालका जनताहरू मानवाधिकारका लागि संघर्षरत रहेको वर्तमान अवस्थामा नेपाल सरकारको दमनातमक नीतिबाट आफ्नो हृदयमा गहिरो चिन्ता जागेको जनाउँदै वर्तमान नेपालको प्रजातान्त्रिक शक्तिका प्रतिक मानिने वी.पी. कोइरालालाई सहयोगीसहित तुरुन्त रिहाइ गर्न र प्रजातान्त्रीकरणको प्रकृया प्रारम्भ गर्न श्री ५ सँग अनुरोध गरे ।[५७८] भारतीय लोकसभामा विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने ३४ जना सांसदहरूले एक संयुक्त वक्तव्यद्वारा मानवअधिकारको उल्लंघन भएको विषयलाई उठाउँदा र त्यसका विरुद्ध आवाज उठाउँदा आन्तरिक मामिलामा हस्तक्षेप भएको भन्न मिल्दैन भन्दै वी.पी. एवं उनका सहयोगीहरूलाई अविलम्ब रिहाइ गर्न नेपाल नरेशसँग माग गरे ।[५७९]

यसप्रकार भारतबाट वी.पी. लाई रिहाइका लागि दवाव पूर्ण वक्तव्यहरू निस्कन थालेपछि नेपालको शक्तिकेन्द्रमा ठूलो खलबली मच्चियो । नेपालका यथास्थितिवादीहरूले नेपालको आन्तरिक मामिलामा भारतीय हस्तक्षेप भनेर व्याख्या गर्न खोजे तापनि एकातिर उनीहरू त्यसैमा कायम रहन सकेनन् भने अर्कोतिर भारतले पनि त्यसलाई त्यति वास्ता गरेन । बरु भारतका विभिन्न क्षेत्रका जनताहरू नै अगाडि बढेर मेलमिलाप नीतिको भावनाअनुरूप अगाडि बढ्नका लागि घच्घच्याउने र दवाव दिने गर्न थाले । यसक्रममा भारतको पटना, फारवेशगंज, बम्बइ, दार्जलिङ्ग, दिल्ली, हैदरावाद आदि ठाउँका जनताहरूले फ्रेण्डस अफ नेपाल, मानवअधिकार समिति, नेपाल सरोकार केन्द्र आदि संस्था गठन गरेर नेपालमा मानवअधिकार र

---

[५७५] परमानन्द, टिप्पणी संख्या १३९, पृ. ३८९ ।

[५७६] (क) अशोक कोइराला, जितबहादुर पुरी, गोविन्द कँडेल, शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।
(ख) *टाइम्स अफ इण्डिया,* ३ अप्रिल १९७७ ।

[५७७] गिरिजाप्रसाद कोइराला र शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।

[५७८] *हिन्दुस्तान टाइम्स,* (दैनिक पत्रिका), १२ अप्रिल १९७७ ।

[५७९] *टाइम्स अफ इण्डिया,* (दैनिक पत्रिका), १० अप्रिल १९७७ ।

प्रजातन्त्र स्थापनार्थ अभियान संचालन गरी जुलुस प्रदर्शन, विचार गोष्ठी, जनसभा आदिद्वारा वी.पी. लगायत उनका सहयोगीहरूलाई बिना शर्त अविलम्ब रिहाइको माग गरे ।[५८०] यसबाट मात्र नेपाल सरकारको ध्यानाकर्षण नभएको ठानेपछि भारतका स्थापित राजनेताहरूको अग्रसरतामा वी.पी. कै नाम जोडेर संस्था स्थापना गरी आवाज उठाउने कार्य प्रारम्भ गरियो । जयप्रकाश नारायणको परामर्शमा गरिएको यस कार्यमा सबै भन्दा प्रमुख भूमिका निभाउने कार्य चन्द्र शेखर र सुरेन्द्र मोहनले गरेका थिए ।[५८१] जसअनुसार जनता पार्टीका महामन्त्री सुरेन्द्र मोहन, भारतीय सर्वोच्च अदालत वारएशोशियसनका अध्यक्ष भी.एम. तारकुण्डे, जनता पार्टीका सांसद चन्द्र शेखर, राजनीतिज्ञ कृष्णकान्त र प्रजातन्त्रका लागि नागरिकहरूका सचिव विष्णुदत्तलगायत छात्र परिषद्का नेताहरूको संलग्नतामा “वी.पी. कोइराला छुटाउ समिति” गठन गरियो ।[५८२] जसले नेपाल सरकारसँग वी.पी. कोइरालालगायत नेपाली कांग्रेसका सदस्यहरूलाई अविलम्ब रिहाइ गरी मानवीयताको भावना प्रदर्शन गर्न अनुरोध गऱ्यो ।

नेपाल सरकारले यो संगठित आवाजलाई पनि नसुनेपछि भारतको दिल्लीस्थित ख्याति प्राप्त कानुन व्यवसायीहरू अगाडि बढे । भी.एम. तारकुण्डे, रामजेठमलानी, श्रीनिवास मिश्र, सगर सिंहलगायतका ख्याति प्राप्त कानुन व्यवसायीहरूको अग्रसरतामा २०३४ साल वैशाख २४ गते भारतको दिल्लीमा “वी.पी. कोइराला रक्षा समिति” गठन गरियो ।[५८३] जसले वी.पी. लगायतका नेपाली कांग्रेस समर्थित राजनेताहरूलाई रिहा गरी कानुनी राज्य स्थापनाका लागि श्री ५ सँग अनुरोध गऱ्यो ।

भारतीय राजनेताहरूले यसप्रकार उठाएका आवाजहरूलाई त्यहाँको विकसित प्रेशले छापेर विश्वव्यापी बनाउने काम गऱ्यो । यसबाट विश्वका अन्य मुलुकहरूका राजनेता एवं उनका समाजवादी मित्रहरूले पनि वी.पी. को रिहाइका लागि आवाज उठाएर मेलमिलाप नीतिप्रति सदभाव व्यक्त गर्नु पर्ने आवश्यकता महसुस गरे । भारतीय प्रेशको यो अभियानलाई यूरोप एवं अमेरिकाको प्रेशले पनि साथ दिएर मेलमिलाप नीतिको व्याख्या विश्लेषण गर्नुका साथै रिहाइका लागि आवाज उठाउने आसयका समाचारहरू लेख्न थाल्यो । यस कार्यमा वेलायतको टाइम्स अफ लण्डन, अमेरिकाको न्यूजविक र वासिङटन पोष्ट, जर्मनीको वीन, अष्ट्रियाको सोसलिष्ट करोस्पेण्डेन्स, हङकङको द एशियन वीकलगायतका पत्रपत्रिकाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।[५८४] यसप्रकार प्रेशद्वारा आवाज उठाउने कार्य प्रारम्भ भएपछि यूरोप, अमेरिकालगायत विभिन्न मुलुकका राजनेताहरू पनि वी.पी. को रिहाइका लागि आवाज उठाउने

---

५८० *तरुण,* टिप्पणी संख्या २६३ (ग), पृ. ४५-४७ ।

५८१ शुशिल कोइराला र अशोक कोइरालासँगका अन्तर्वार्ताहरू ।

५८२ *टाइम्स अफ इण्डिया,* १६ अप्रिल १९७७ ।

५८३ *द इण्डियन एक्सप्रेश,* मे ७ १९७७ ।

५८४ गिरिराज आचार्य, “मेलमिलापबारे मिडियाको भूमिका”, *पूर्व टाइम्स,* वर्ष १७, अङ्क ३९, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५७ वैशाख १७, पृ. ३ ।

तर्फ सक्रिय भए । यसक्रममा सर्वप्रथम अमेरिकी राष्ट्रपति जिम्मि कार्टरलगायत ५७ जना अमेरिकी सिनेटरहरूले एक प्रस्ताव पास गरी वी.पी. लाई छाडन दवाव दिने रणनीति बनाए ।[५८५] ब्रिटिश संसदका लर्ड फिलिप, नोयल वेकर, लर्ड गार्डनर, लर्ड थोमसनलगायतका संसद सदस्यहरूले वी.पी. लाई तुरुन्त रिहाइ गरी प्रजातान्त्रिक वातावरण तयार गर्न अपिल गर्दै राजा वीरेन्द्रलाई टेलिग्राम पठाए ।[५८६]

राजनेताहरूबाट यसप्रकारका आवाजहरू उठन थालेपछि यूरोपीय क्षेत्रलगायतका मुलुकहरूमा रहेका संघ संस्थाहरू पनि अगाडि आएर मानवअधिकारका कुरा उठाएर नेपालमाथि दवाव दिन थाले । विश्वका विभिन्न क्षेत्रस्थित समाजवादीहरू, मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरू वन्दी विमोचन संस्था आदिले वी.पी. को रिहाइका विषयमा कुरा उठाउन थाले ।[५८७] विश्व समाजवादी आन्दोलनको प्रतिक सोसलिष्ट इन्टरनेशनल, जर्मनीको समाजवादी दललगायतका संघ संस्थाहरूले वी.पी. को रिहाइ एवं मानवअधिकारको वहालीका लागि आवाज उठाउने अभियान संचालन गरे । यसप्रकारका यावत कार्यहरूलाई प्राथमिकता दिएर प्रशारण गरी विश्वव्यापी बनाउने कार्यमा विभिन्न श्रव्य मिडियाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरे । श्रव्य मिडियाका रूपमा विश्वभरि प्रसिद्धि कमाएका ब्रिटिश ब्रोडकास्टिङ कर्पोरेशन, भ्वाइस अफ अमेरिका, जर्मनीको उचेवेले, भारतको अल इण्डिया रेडियो आदिले धुमधामसँग वी.पी. को रिहाइका लागि भएका प्रयास भनी नेपालीलगायतका भाषाहरूमा समाचार प्रशारण गर्न थाले ।[५८८] विश्वभरि वी.पी. को रिहाइका लागि यसरी आवाज उठाइएपछि नेपाली कांग्रेसमा नया रक्त संचार गरायो । अब हाम्रा नेता अवश्य पनि छुट्छन् भन्ने आशा पलाएर आएपछि कार्यकर्ता पंक्तिमा उत्साह छायो । तसर्थ २०३४ साल जेठको लगत्तै देशव्यापी रूपमा वी.पी. कोइरालालगायत सम्पूर्ण राजवन्दीहरूको तत्काल रिहाइ र प्रजातान्त्रिक अधिकारहरूको पुनर्स्थापना गरियोस् भन्ने प्रश्तावहरू पास गराउने कार्य सम्पन्न गरी जेठ १३ गते भारतमा सम्पन्न कार्यकर्ता भेलाबाट अनुमोदन गराउने कार्य गरियो ।[५८९]

अन्तर्राष्ट्रिय क्षेत्रबाट यसप्रकारका दवाव आउन थालेपछि नेपालका तत्कालीन नेताहरूले त्यसको प्रतिकार गर्ने प्रयास गरे । भारतको तत्कालीन सरकारको नेतृत्व गरेका प्रधानमन्त्री मोररजी देशाइले भने यसबारेमा कुनै आवाज उठाएका थिएनन् । तसर्थ भारतकै एक पत्रकारले यसतर्फ उनको ध्यानाकर्षण गराउँदा “यसको निर्णय नेपाल नरेशबाट गरिबक्सने हो,

---

[५८५] ऋषिकेश तिवारी, गिरिराज आचार्य, श्रीभद्र शर्मा, देवेन्द्र नेपाली, रामकृष्ण ताम्राकार, अशोक कोइराला, शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।

[५८६] *तरुण वुलेटिन नं. ११*, सम्पादक, प्रकाशक, प्रकाशनस्थल केही उल्लेख नभएको, दिसम्बर १९७७, पृ. ३२ ।

[५८७] पोखरेल, टिप्पणी संख्या ३९, पृ. ९० ।

[५८८] आचार्य, टिप्पणी संख्या ३२०, पृ. ३ ।

[५८९] *तरुण*, टिप्पणी संख्या २६३ (ग), पृ. ४३ ।

मेरो दवाव दिने बानी छैन" भन्दै प्रतिक्रिया दिएका थिए ।[५९०] यसरी प्रधानमन्त्री नबोले पनि उनको नेतृत्वमा गठित सरकारका मन्त्रीहरूले भने कुनै न कुनै रूपमा रिहाइका लागि आवाज उठाउने र त्यसको व्यवस्थापनमा सहयोग पुऱ्याउने काम गरेका थिए । जसको मुख्य उद्देश्य कुनै पनि मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने नीति भारत सरकारको छैन भन्ने कुरामा हामी अडिग छौं भन्ने स्पष्ट गर्न सजिलो होस् भन्ने थियो । भारतीय प्रधानमन्त्री नबोले पनि सरकार संचालनमा महत्वपूर्ण भूमिका खेलेको जनता दल खुलेर अगाडि आएको थियो । तर नेपालको तत्कालीन सरकारले यावत प्रश्तावलाई नजरअन्दाज गरेपछि २०३४ साल वैशाखको दोस्रो हप्तातिर भारतको सत्तारुढ जनता दलका अध्यक्ष चन्द्र शेखर नेपाल आई श्री ५ सँग दर्शनभेट गरे ।[५९१] राजा एवं उनी बीच भएका कुराकानीको यथार्थ विवरण बाहिर नआए तापनि कुराकानी वी.पी. कोइराला एवं गणेशमान सिंहको रिहाइका सम्बन्धमा नै भएको निश्चय गर्न सकिने आधारहरू छन् । किनकी उनको आगमन एवं दर्शनभेटको लगत्तै वी.पी. लाई अदालतमा लगिनु, वन्दीगृहभित्र केही खुकुलोपन आउनुलगायतका गतिविधिहरू गरिनाले उनले राजासँग सकारात्मक व्यवहारका लागि अनुरोधात्मक दवाव पुऱ्याएको स्पष्ट हुन्छ । महाराजगंजमा सारिएका वी.पी. एवं गणेशमानलाई भेटेर फर्कदा उनले "हाम्रो अर्कोभेट दिल्लीमा हुनेछ"[५९२] भन्दै नेपाल नरेश रिहाइका लागि तत्पर रहेको सन्देश दिन खोजेको देखिन्छ । यसबाहेक चन्द्र शेखरले राजासँगको दर्शनभेटपश्चात आफू सन्तुष्ट रहेको संकेत दिएबाट पनि[५९३] राजा एवं उनी बीच समझदारी भएको अनुमान गर्न सकिन्छ । यसप्रकार चन्द्र शेखरको नेपाल आगमन एवं कुराकानीपश्चात राजा अगाडि बढेपछि पंचायती व्यवस्थाका संचालकहरूको केही सीप लागेन र राजाले नै वी.पी. लाई उपचारका लागि रिहा गरिदिए ।

राजाको सदासयताका कारणले वन्दीगृहबाट नै उपचारका लागि प्रस्थान गरेका वी.पी. अमेरिका प्रस्थान गर्नु अघि भारतीय पत्रकारहरूसँग राजाले केवल मानवीयताका कारणले मात्र आफ्नो रिहाइ एवं औषधी उपचारको व्यवस्था गरेको नभएर यो कार्य एक राजनैतिक इशारा पनि हो भनेका थिए ।[५९४] त्यसपछि अमेरिकाको टेक्सासस्थित विशेषज्ञ डा. कुलीसँग उपचार गराउन हिंडेका उनी न्यूयोर्क पुग्दा त्यहाँका डाक्टरहरूले तुरुन्त अप्रेशन गर्नु पर्ने बताएपछि न्यूयोर्क हस्पिटलमा भर्ना भई घाँटिको दाहिनेपट्टिको धमनीको सफल सल्यक्रिया गरियो ।[५९५] केही

---

[५९०] गिरिराज आचार्य, "वी.पी. को रिहाइको लागि दवाव", *पूर्व टाइम्स,* वर्ष १७, अङ्क ३३, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५६ चैत्र ५, पृ. ३ ।

[५९१] *वी.पी. को डायरी-४५,* टिप्पणी संख्या २६२ (क) ।

[५९२] गणेशमान सिंह, "हामी बीचको पर्खाल त्यसरी भत्कियो", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५१ फागुन ३०, पृ. ३ ।

[५९३] बराल, टिप्पणी संख्या ४३ (क), पृ. ३७ ।

[५९४] (क) देवकोटा, टिप्पणी संख्या १६८ (क), पृ. १११ ।
(ख) *तरुण,* टिप्पणी संख्या ३२२, पृ. ९-१० ।

[५९५] (क) *पूर्ववत्* (ख), पृ. १० ।

समय आराम गरेर स्वास्थ्य लाभ गरेपछि अमेरिकामा राजनीतिज्ञ, पत्रकार, मानवाधिकारकर्मी आदिले उनीप्रति ठूलो सदभाव देखाएर भेट गर्न खोजे । त्यहाँका पत्रपत्रिकादेखि टेलिभिजनका च्यानलहरूले उनीप्रति ठूलो जिज्ञाशा देखाउँदै सहयोग र सदभावनाको वातावरण सृजना गरेका थिए । २०३४ साल श्रावण २३ गते न्यूयोर्कका पत्रकारहरूले उनको सम्मानमा प्रितिभोज आयोजना गरी आमन्त्रण गरेर प्रेश भेटघाट कार्यक्रमको समेत व्यवस्था मिलाइदिए ।[५९६] जहाँ वी.पी. ले आफू २०३३ साल पौष १६ गते मेलमिलाप नीति लिएर नेपाल फर्केपछिको सम्पूर्ण परिस्थिति स्पष्ट गर्दै राजा पनि क्रमशः त्यसमा सहमत हुन थालेको आभास पाएको उल्लेख गरे । उनलाई त्यही भेटमा नेपाल फर्केर जेल जानुको सट्टा अमेरिकामै बसेर नेपालको प्रजातान्त्रिक संघर्षको कार्य गर्न अनुरोध पनि गरिएको थियो । जसको जवाफमा वी.पी. ले राजाको विश्वास प्राप्त गरेर उपचारमा छुटन पाए जस्तै जनताको आस्था जगाउन र जेल जानु परे पनि सामना गर्न फर्कने स्पष्ट गर्दै मेलमिलाप नीति अवश्य पनि सफल हुने धारणा व्यक्त गरे । त्यसपछि उनका विचार एवं धारणाहरूलाई अमेरिकी प्रेशले छापेर फैलाउने काम गरेपछि वी.पी. र उनको विचार पुनः एकपटक विश्वव्यापी रूपमा फैलियो ।

पत्रकारहरूको कार्यक्रमपछि एमनेष्टि इन्टरनेशनल, नेशनल कन्फेरेन्स अफ ह्यूमेन राइटस आदि संस्थाहरूको अग्रसरतामा आयोजित कार्यक्रममा पनि वी.पी. ले सम्बोधन गरे । यी संस्थाका कार्यक्रमको अन्तमा नेपालमा प्रजातन्त्र पुनर्स्थापनाका लागि उनको प्रयासलाई प्रसंशा गर्दै समर्थन गर्ने प्रतिज्ञा गरियो । नेपाल नरेशसँग कोइराला विरुद्ध लगाइएका फरेबहरू खारेज गर्ने विवेकको आशा गर्दै उनलाई अब गिरफ्तार नगरी चुनावद्वारा संवैधानिक प्रजातन्त्र स्थापनाका लागि नेपाल नरेशसँग जिम्मि कार्टर प्रशासनले आग्रह गरोस् भन्ने प्रश्ताव पास गरियो ।[५९७] अमेरिकास्थित संघ संस्था, राजनीतिज्ञ, पत्रकार, बुद्धिजीवी आदिसँग भेटघाट, छलफल गरेर सदभाव बटुल्न सफल भएपछि वी.पी. यूरोपतर्फ लागे । त्यहाँ पनि सोसलिष्ट इन्टरनेशनल, एमनेष्टि इन्टरनेशनल, मानवअधिकारकर्मी, पत्रकार, समाजवादी आदिसँग भेटेर अष्ट्रिया, पश्चिम जर्मनी हुँदै २०३४ साल कार्तिक ४ गते भारत आइपुगे ।[५९८]

भारत आइपुगेपछि केही समय आफ्ना मित्र एवं शुभेच्छुकहरूसँगको भेटमा व्यस्त रहेका वी.पी. लाई स्वास्थ्यलाभ गरी फर्केको र पुनः मृत्युसँग जुध्नका लागि जान लागेको हुँदा त्यहाँको विहार सरकारले न्यानो स्वागत कार्यक्रम आयोजना गरी नेपाल सरकारलाई सदभाव पूर्ण व्यवहारका लागि अनुरोध गर्ने निश्चय गऱ्यो । जसअनुरूप पटनास्थित "फ्रेण्डस अफ नेपाल"

---

(ख) *तरुण,* टिप्पणी संख्या २६३ (ग), पृ. ४७ ।

[५९६] *पूर्ववत्* (क) ।

[५९७] *पूर्ववत्,* पृ. ११ ।

[५९८] (क) गिरिराज आचार्य, "वी.पी. जेलबाट छुटेपछि उपचार र भेटघाट", *पूर्व टाइम्स,* वर्ष १७, अङ्क ३५, गिरिराज आचार्य (सं./प्र.), धरान २०५६ चैत्र १९, पृ. ३ ।
(ख) *पूर्ववत्,* पृ. ११-१२ ।

नामक संस्थाद्वारा वी.पी. को सम्मानमा २०३४ साल कार्तिक १६ गते नागरिक अभिनन्दन कार्यक्रम आयोजना गरी आमन्त्रण गरियो । जसलाई स्वीकार गरेर कार्तिक १५ गते वी.पी. पटना पुगे । पटना विमानस्थलमा विहारका मुख्य मन्त्री करपुरी ठाकुर, मन्त्रीगण, संसद सदस्य आदिले वी.पी. को भव्य स्वागत गर्नुका साथै वी.पी. कोइराला जिन्दावाद, नेपाली कांग्रेस जिन्दावाद, भारत नेपाल जनमैत्री अमर रहोस् आदि नाराद्वारा वातावरण गुन्जायमान बनाएका थिए ।[५९९]

कार्तिक १६ गते पटनास्थित गान्धी मैदानमा आयोजित नागरिक अभिनन्दन समारोहमा भारतका लोकनायक जयप्रकाश नारायण, विहारका मुख्यमन्त्री करपुरी ठाकुर, विरोधी दल कांग्रेसका नेता रामलखनसिंह यादव, भू.पू. मुख्यमन्त्री केदार पाण्डेलगायत विभिन्न प्रबुद्धवर्गको उपस्थिति थियो । जसमा प्रत्येक व्यक्तिले वी.पी. को सराहना गर्दै कार्य सफलताको शुभकामना दिएका थिए । विहारका मुख्यमन्त्री करपुरी ठाकुरको त्यस दिनको भाषण अत्यन्त उत्तेजक थियो । उनले प्रारम्भमा नेपाल भारत सम्बन्धबारे चर्चा गरिसकेपछि ... हामी नेपालमा प्रजातन्त्र चाहन्छौं .. म वी.पी. लाई प्रजातन्त्र पुनर्स्थापनाका लागि पुनः कठोर कदम चाल्न अनुरोध गर्दछु र त्यस्तो कदम चालेमा विहार सरकार एवं सम्पूर्ण जनताका तर्फबाट त्यस महान कार्यमा सक्दो सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्दछु...[६००] भन्दै आफ्नो धारणा स्पष्ट गरे । त्यसैगरी जयप्रकाश नारायणले नेपाल नरेशसँग आफ्नो भेटको चर्चा गर्दै र वी.पी. को विशालता स्पष्ट गर्दै ... महाराजधिराज नेपाली कांग्रेसलाई एउटा मौका दिनुहोस्- विरोधको अध्याय समाप्त गरी सहयोगको अध्याय सुरु गर्नुहोस्... भन्दै वी.पी. जस्तो अन्तर्राष्ट्रिय ख्याति भएको नेता राष्ट्रको विभुती भएकाले सम्मान र उपयोग गर्न राजालाई अनुरोध गरे ।[६०१] उक्त समारोहमा सम्बोधन गर्दै वी.पी. ले राजनीतिमा आस्था आफ्नो नयाँ आध्यात्मिक आयाम हो भन्दै आफू राजासँग विश्वास प्रकट गर्ने, आफ्ना जनतासँग आस्था राख्ने र गणेशमान सिंहलगायत अन्य सयौं साथीहरूले बन्दी जीवन बिताइरहेको ठाउँमा आफ्नो स्थान खोज्ने आदि ३ वटा आस्थाहरू लिएर स्वदेश फर्कदै गरेको स्पष्ट गरे ।[६०२] पटनामा सम्पन्न यो कार्यक्रमको समाचारले नेपालभित्र ठूलो हडकम्प नै मच्चायो । समाचार पाउना साथ पंचायती शासकहरू अताल्लिएर कर्पुरी ठाकुरको

[५९९] (क) *पूर्ववत्* (ख), पृ. १४ ।
(ख) गिरिराज आचार्य, शुक्रराज शर्मा, दानबहादुर भुषाल, भुवन सुवेदीसँगका अन्तर्वार्ताहरू ।

[६००] (क) रमेश रिजालसँग २०६० जेठ १८ गते माइस्थान, विरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) लक्ष्मिनाथ नेपालसँग २०६० जेठ १७ गते विर्तावजार, विरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) रामचन्द्र अधिकारी, डिल्लीरमण शर्मा, गंगाधर लम्साल, गिरिराज आचार्य आदिसँगका अन्तर्वार्ता ।
(घ) गिरिराज आचार्य, "प्रतिवन्धित नेपाली कांग्रेसको पटना सम्मेलन-२", *पूर्व टाइम्स,* वर्ष १७, अङ्क ३८, गिरिराज आचार्य (सं./प्र.), २०५७ वैशाख १०, पृ. ३ ।
(ङ) गणेशमान सिंह, "यसपल्ट भर्त्सनाको पालो थियो कर्पुरी ठाकुरको", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५२ जेठ ९, पृ. ३ ।
(च) *तरुण,* टिप्पणी संख्या ३२२, पृ. १७ ।

[६०१] (क) *पूर्ववत्* (घ), पृ. ३ ।
(ख) *पूर्ववत्* (च), पृ. १७-१८ ।
(ग) देवकोटा, टिप्पणी संख्या १६९ (क), पृ. ११३-११४ ।

[६०२] *पूर्ववत्* (ख), पृ. १८ ।

भाषणको भर्त्सना गर्नु नै आफ्नो एकमात्र कर्तव्य हो भनेझैं गरी तछाडमछाड गर्न थाले । उनीहरूका वक्तव्य एवं धारणाहरूलाई नै प्राथमिकता दिएर प्रशारण गर्नु, छपाउनु नै सरकारी संचारमाध्यमको एकमात्र कर्तव्य हो भनेझैं संचार जगत त्यतातर्फ दगुऱ्यो ।[६०३]

स्वास्थ्य उपचार गराउनुका साथै मेलमिलाप नीतिप्रति अन्तर्राष्ट्रिय सदभाव बटुल्न सफल भएका वी.पी. २०३४ साल कार्तिक २३ गते पटनाबाट काठमाडौं फर्किए । राजाको आदेशमा उपचारका लागि छुटेको व्यक्ति उपचारपछि आफै फर्केको छ भने अदालतमा पनि आफै उपस्थित होला भन्ने तर्फ नै नसोचेर तत्कालीन सरकारले उनलाई विमानस्थलबाटै गिरफ्तार गरेर सिधै इजलाससमक्ष पुऱ्यायो । त्यसपछि महाराजगंजस्थित बन्दी शिविरमा पुऱ्याएर थुन्यो । बन्दीगृहमा पुनः उनको स्वास्थ्य विग्रन थालेपछि पुनः एकपटक मेलमिलाप नीतिप्रति सदभाव व्यक्त गर्न र वी.पी. लाई रिहाइ गर्नका लागि अन्तर्राष्ट्रिय क्षेत्रमा आवाज उठ्न थाले । २०३३ सालमा पक्रिदा सर्वप्रथम भारतबाट आवाज उठेको र भारतीय प्रेशले विश्वव्यापी बनाएपछि मात्र अन्य मुलुकबाट आवाज उठेका थिए भने यसपटक वी.पी. नेपाल नपुग्दै संभावित गिरफ्तारीको आशंका गरेर यूरोपीय भू-भागबाट आवाज उठ्न थालिसकेको देखिन्छ ।

वी.पी. नेपाल फर्केकै दिन अर्थात कार्तिक २३ गते लण्डनमा ब्रिटेन श्रमिक दलको अन्तर्राष्ट्रिय समितिको बैठक बसेको थियो । जसमा संभवतः वी.पी. को वेलायत भ्रमणका बेला उनले उठाएका मानवअधिकारलगायतका कुरा एवं नेपालको राजनीति सम्बनधमा छलफल भई उनी स्वदेश पुग्दा साथ गिरफ्तारी गरिने संभावनाको आशंका गरियो । तसर्थ उक्त बैठकले नेपाली राजनेता वी.पी. उपयुक्त अदालति कार्वाहीको सामना गर्न वा राजद्रोहको आरोपमा मृत्युवरण गर्न नेपाल फर्किरहेको उल्लेख गर्दै उनलाई स्वतन्त्र कानुनी वातावरणमा न्यायिक व्यवहार गरिनेछ भन्ने आशा गर्ने निर्णय गरियो ।[६०४] तर यो आशा विपरित नेपालमा आइपुग्ना साथ विमानस्थलबाटै पक्राउ गरी इजलाशसमक्ष पुऱ्याएर पुनः एकान्त कारावासमा राखिएको र पौष महिना लाग्दा नलाग्दै पुनः स्वास्थ्य अत्यन्त विग्रिएको समाचार सार्वजनिक भएपछि विश्व मानवीय जगतमा हल्लिखल्लि मच्चियो । स्वास्थ्य विग्रिन थालेको र बन्दी अवस्थामा रहेको समाचार पारिवारिक स्रोतबाट पाएपछि अमेरिकामा उनको उपचार गरेका डाक्टरहरू अत्यन्त चिन्तित भए । उनीहरूले गरेको अप्रेशनको ६ महिनापश्चिात तुरुन्त परीक्षण गर्नु आवश्यक भएकाले उपचारमा संलग्नमध्ये हृदय रोग विशेषज्ञ डा. नर्भन ब्रेक फेल्ड र न्यूरोलोजिष्ट डा. ए.आर. फ्रेजर आफ्नै खर्चमा नेपाल आए ।[६०५] तर तत्कालीन सरकारले कुनै पनि विदेशीलाई राजनैतिक बन्दीसँग भेटन दिने चलन छैन भन्दै स्वास्थ्य परीक्षण गर्न नदिएपछि फर्केर अमेरिकी

---

[६०३] सिंह, टिप्पणी संख्या ३३६ (ङ), पृ. ३ ।

[६०४] परमानन्द, टिप्पणी संख्या १३९, पृ. ३९६ ।

[६०५] *तरुण,* टिप्पणी संख्या २८६, पृ. ३४ ।

राष्ट्रपति जिम्मी कार्टर एवं वी.पी. का अष्ट्रियाली मित्रलाई कोइरालाको स्वास्थ्य खराब रहेको, नेपालमा उनको परीक्षण गर्ने उपकरण नभएको आदि जानकारी दिएर चिन्ता व्यक्त गरे ।[६०६]

यो समाचारलाई अमेरिकन एवं अष्ट्रेलियन प्रेशले सार्वजनिक गर्ना साथ जर्मनीबाट सर्वप्रथम प्रतिक्रिया निस्कियो । पश्चिम जर्मनीका चान्सलर हेलमुठ स्मिथ र सोसलिस्ट इन्टरनेशनलका अध्यक्ष बिलिब्रान्टले कोइरालाको विग्रदो स्वास्थ्यप्रति गहिरो चिन्ता व्यक्त गर्दै आफ्नो परराष्ट्र मन्त्रीमार्फत वोनस्थित नेपाली राजदुतलाई अविलम्ब रिहाइको अनुरोध पत्र दिँदै राम्रो परिणामको आशा व्यक्त गरे ।[६०७] त्यसको केही दिनपछि अर्थात पौष ५ गते सोसलिस्ट इन्टरेशनलले जापानमा आयोजना गरेको सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष बिलिब्रान्टले वी.पी. नेपालको जेलमा बन्दी बनाइएकाले आउन नसकेको उल्लेख गर्दै सहानुभूति व्यक्त गरेपछि उक्त सम्मेलनले मानवअधिकार र प्रजातन्त्रबाट वन्चित जनताप्रति चिन्ता व्यक्त गऱ्यो ।[६०८] त्यसपछि भारत भ्रमणमा आएका ब्रान्टले वी.पी. कोइराला मुक्त हुने छन् भन्ने हाम्रो आशा एवं विश्वासलाई नेपाल नरेश एवं उनको सरकारसमक्ष पुऱ्याइसकिएको जनाउँदै छिटै रिहाइ हुने आशा व्यक्त गरे ।[६०९]

अमेरिकी प्रेशले वी.पी. को स्वास्थ्य विग्रदै गएको समाचार छापेपछि अमेरिकीहरूमा व्यापक चिन्ता उत्पन्न भयो । तसर्थ उनीहरूले संगठित रूपमा आवाज उठाएर नेपाल सरकारलाई दवाव दिने निश्चय गरी तयारी गर्न थाले । आवश्यक गृहकार्य गरेपछि पौष १० गते अमेरिकास्थित शिक्षाविद, लेखक, पत्रकार, उपन्यासकार, मानवअधिकारकर्मी, साहित्यकार, प्रजातान्त्रिक कांग्रेस, वाणिज्य व्यवसायी आदि विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने ९३ जनाको समूहले राजालाई सम्बोधन गर्दै वी.पी. लगायत नेपालको जेलमा बन्दी बनाइएका उनका सहकर्मीहरूको अविलम्ब रिहाइको माग गरे ।[६१०]

वी.पी. को विग्रदो स्वास्थ्यको समाचारबाट उनका भारतीय मित्रहरू पनि चिन्तित थिए । तसर्थ पौष १९ गते रेलमन्त्री मधु दण्डवते र लण्डनस्थित भारतका हाइकमिश्नर एन.जी. गोरेले पटनाबाट जयप्रकाश नारायणलाई तार पठाएर कोइरालाको विग्रदो स्वास्थ्यप्रति चिन्ता व्यक्त गर्दै नेपाल नरेशसँग अपिल गरी उनलाई बचाउन अनुरोध गरे ।[६११] त्यसको २ दिनपछि जनता पार्टी दिल्ली शाखाका महामन्त्री र दिल्ली मेट्रोपोलिटन काउन्शिलका सदस्य ललितमोहन गौतम र के.के. गुप्ताले देशभरका पार्टी सदस्यलाई "वी.पी. रिलिज डे" मनाउन आह्वान गर्दै

---

[६०६] *पूर्ववत्,* पृ. ३४-३५ ।

[६०७] *पूर्ववत्,* पृ. ३५ ।

[६०८] *पूर्ववत्,* पृ. ३७ ।

[६०९] *हिन्दुस्तान टाइम्स,* (दैनिक पत्रिका), २१ डिसेम्बर १९७७ ।

[६१०] (क) *इण्डियन एक्सप्रेश,* (दैनिक पत्रिका), २७ डिसेम्बर १९७७ ।
(ख) *द स्टेटशम्यान,* (दैनिक पत्रिका), २५ डिसेम्बर १९७७ ।

[६११] *तरुण,* टिप्पणी संख्या २८६, पृ. ३५ ।

कोइरालाको विग्रदो स्वास्थ्यबारे चिन्ता प्रकट गरे ।[६१२] पौष २३ गते भारतीय जनता पार्टी अगाडि बढेर आवाज उठायो । यसका महामन्त्री एवं संसद सदस्य रवी रेले भुवनेश्वरमा आयोजित सम्वाददाता सम्मेलनमा राजासमक्ष पठाएको अपिल सार्वजनिक गर्दै मानवताका नाताले कोइरालालाई रिहाइ गरियोस् भन्ने माग गरे ।[६१३] पौष २४ गते सर्वोदय नेता जयप्रकाश नारायणले राजा वीरेन्द्रलाई अपिल गर्दै तार पठाए । जसमा यो अपिल नेपालको एक मित्र एवं शुभचिन्तकको हैसियतले पठाउँदै छु र यसमा कुनै गलतफहमी हुने छैन भन्ने विश्वास गर्दछु भन्दै वी.पी. को विग्रदो स्वास्थ्यले चिन्तित भएको जनाउँदै गत वर्ष रिहा गरी देखाए जस्तै संकेत पुनः देखाएमा नेपाली जनतालगायत संसारका शुभचिन्तकहरूको आभार प्राप्त हुने विश्वास प्रकट गरिएको थियो ।[६१४]

अमेरिकन फेडरेशन अफ इन्डष्ट्रियल अर्गनाइजेशनका अध्यक्ष जर्जामिनिले राजा वीरेन्द्रलाई तार पठाई कोइरालाको पुनः गिरफ्तारीबाट आफूलाई गम्भिर चिन्ता लागेको, विश्वका सबैले उनको स्वतन्त्रता र प्रजातन्त्रप्रतिको आस्था स्पष्ट बुझेको परिवेशमा लगातार गिरफ्तारीका विषयमा पुनः विचारका लागि अनुरोध गर्दै रिहाइका लागि अनुरोध गरे ।[६१५] त्यसबाट कुनै सकारात्मक परिणामको संभावना पनि नदेखिएपछि उनी पुनः अगाडि बढेर कोइरालाको बारेमा जानकारी दिँदै रिहाइका लागि पहल गरिदिनका लागि अमेरिकी राष्ट्रपति जिम्मिकार्टरलाई पत्र लेखे । जसमा अमेरिकाबाट उपचारपश्चात फर्केका कोइराला पुनः गिरफ्तार गरिएपछि हाल जीवनमा नै खतरा पर्ने गरी अस्वस्थ रहेकाले न्यायिक शक्ति र मानवीय सम्मानका संरक्षकहरू उनको पक्षमा उभिनु पर्ने ठानेर नेपाल सरकारलाई अमेरिकी नागरिकहरूबाट व्यक्त गरिएको सदभाव एवं दिलचस्पी स्पष्ट गर्न अमेरिकी सरकारलाई अनुरोध गरे ।[६१६]

विभिन्न क्षेत्रबाट यसप्रकारका अपिलहरूद्वारा गरिएको अनुरोधलाई नेपाल सरकारले खासै वास्ता गरेन । अर्कोतिर भारतको विभिन्न ठाउँमा वी.पी. को रिहाइका लागि जुलुस प्रदर्शन गर्ने र नेपाली कुटनैतिक नियोगमा स्मरण पत्र बुझाउने क्रम पनि चलेको थियो । जसमा नेपाली एवं भारतीय तरुणहरू अगाडि बढेका थिए भने तिनलाई विविध क्षेत्रबाट समर्थन एवं सदभाव प्राप्त हुन्थ्यो । यस्ता प्रदर्शनहरूको आयोजना गराउने कार्यमा कलकत्तामा रहेका भरत शमशेर, योगप्रसाद उपाध्याय, दिल्लीमा रहेका शुशिल कोइरालालगायतका कार्यकर्ताहरूले पर्दा पछाडिबाट काम गरी वातावरण तयार गर्दथे भने महामन्त्री गिरिजाप्रसाद कोइरालाले भारतीय

---

६१२ *पूर्ववत्* ।

६१३ *पूर्ववत्* ।

६१४ *द स्टेटशम्यान,* ९ जनवरी १९७८ ।

६१५ गिरिराज आचार्य, "वी.पी. को रिहाइका लागि दवाव (ख)", *पूर्व टाइम्स,* वर्ष १७, अङ्क ३४, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५६ चैत्र १२, पृ. ३ ।

६१६ *पूर्ववत्* ।

सरकारसँग कुटनैतिक सम्बन्ध विस्तारमा लागेका थिए ।[६१७] रिहाइको मागलाई लिएर सडकमै उत्रने कार्य दिल्लीबाट प्रारम्भ भयो । २०३४ साल पौष १७ गते सर्वप्रथम विभिन्न संघ संस्थामा आबद्ध भारतीय युवाहरू एकजुट भएर सडकमा उत्रिएर विरोध प्रदर्शन र रिहाइको माग गरे । त्यस दिन भारतीय जनता पार्टी युवा शाखाको नेतृत्वमा आयोजित विरोध प्रदर्शनमा जनता पार्टी दिल्ली मेट्रोपोलिटनका मुख्य सचेतक राजकुमार जैन, दिल्ली युवा जनताका अध्यक्ष विजय प्रताप, भारतीय युवा जनताका अध्यक्ष माया कृष्णन, बनारस हिन्दु विश्वविद्यालय छात्र युनियनका अध्यक्ष चंचल कुमार आदिले प्रतिनिधित्व गर्दै सहर परिक्रमा गरी "रिहा गर रिहा गर कोइरालालाई रिहा गर" भन्ने नारा लगाएको थियो ।[६१८] नारावाजि गर्दै दिल्लीस्थित शाही नेपाली राजदुतावास अगाडि पुगेर प्रदर्शन गर्दै नेपाल नरेशलाई पठाइएको मेमोरेण्डम पत्र नेपाली राजदुतलाई हस्तान्तरण गरियो भने भारतीय प्रधानमन्त्रीलाई पनि एक मेमोरेण्डम बुझाइयो ।[६१९] राजदुतलाई दिएको पत्रमा कोइरालाको रिहाइ बिग्रदो स्वास्थ्यका कारणले मात्र नभएर मानवअधिकार एवं प्रजातान्त्रिक सिद्धान्तप्रतिको आस्थाका आधारमा गर्नका लागि माग गरिएको थियो ।[६२०] त्यस्तै भारतीय प्रधानमन्त्रीलाई दिएको पत्रमा तानाशाहीका विरुद्धमा गरिएको संघर्षबाट स्थापित जनता पार्टीको सरकारले नेपाली जनताको प्रजातान्त्रिक संघर्षलाई नैतिक रूपले सहयोग गर्नु जरुरी भएकाले निष्क्रिय भएर बस्न पाउँदैन भनिएको थियो ।[६२१]

दिल्लीको यो प्रदर्शनीको समाचारलाई प्रेशले प्रमुखता दिएर प्रकाशित गरेपछि भारतको कलकत्तामा त्यसले अर्को हलचल ल्यायो । जहाँ बसेर काम गर्ने नेपालीहरू वी.पी. लाई रिहा गराउने अभियानमा अगाडि बढे । आफ्ना आवाज उठाउनका लागि निर्माण गरेको "नेपाली राष्ट्रिय संघ" नामक संस्थाद्वारा २०३४ साल माघ १ गते कलकत्तामा एक कार्यक्रम आयोजना गरे । प्रारम्भमा वीर विश्वेश्वर जिन्दावाद, सम्पूर्ण राजनैतिक बन्दीहरू अविलम्ब रिहा गर, संसदीय व्यवस्था कायम होस्, प्रजातन्त्र अमर रहोस् आदि नारा लगाउँदै जुलुस निकाली नेपाल वाणिज्य दुतावाससमक्ष पुगेर विरोध प्रदर्शन गरी राजासमक्ष पुऱ्याउने गरी भाइस काउन्सिलरलाई स्मरण पत्र हस्तान्तरण गरे ।[६२२] त्यसको २ दिनपछि कलकत्तामै अध्ययनरत नेपाली विद्यार्थी एवं अन्य पेशाकर्मीहरूको संगठन "संयुक्त नेपाली संघर्ष समिति" ले वाणिज्य दुतावास अगाडि प्रदर्शन गरी कोइरालालगायत सम्पूर्ण राजबन्दी रिहाइको माग गर्दै समितिका अध्यक्ष के.आर. शर्माद्वारा दुतावासका अधिकारीसमक्ष स्मरण पत्र प्रस्तुत गऱ्यो ।[६२३] यसबाहेक

---

६१७ शुशिल कोइराला, दानबहादुर भुषाल, योगप्रसाद उपाध्यायसँगका अन्तर्वार्ताहरू ।

६१८ *तरुण,* टिप्पणी संख्या २८६, पृ. ३७।

६१९ *पूर्ववत्* ।

६२० *इण्डियन एक्सप्रेश,* ११ जनवरी १९७८ ।

६२१ *तरुण,* टिप्पणी संख्या २८६, पृ. ३७-३८ ।

६२२ *पूर्ववत्,* पृ. ३८-३९ ।

६२३ *पूर्ववत्,* पृ. ३९ ।

भारतका बम्बइ, नागपुर, जोगवनी, गोरखपुरलगायतका विभिन्न क्षेत्रमा विद्यार्थी परिषद्, भारत नेपाल मैत्री संघ, नेपाली जनसम्पर्क समिति, सिटिजन्स फर डेमोक्रेशि, फ्रेण्डस अफ नेपाल आदि विभिन्न संघ संस्थाहरूले वी.पी. को अविलम्ब रिहाइ एवं मानवअधिकार पुनर्बहालीका लागि आवाज उठाए ।

भारतभन्दा बाहिरबाट पनि रिहाइका लागि दवाव दिने कार्य रोकिएका थिएनन् । त्यतिबेलासम्म नबोलेको अमेरिकी सरकारले यसतर्फ चासो देखाउन थाल्यो । संयुक्त राज्य अमेरिकाको राज्य विभागका प्रवक्ताले वी.पी. को विग्रदो स्वास्थ्यप्रति गम्भिर चासो रहेको तथ्यप्रति श्री ५ को सरकारको ध्यानाकर्षण गराउन चाहेको स्पष्ट गरे ।[६२४] त्यस्तै गरी ब्रिटेनमा लेवर पार्टीका नेता नोयल वेकर यस कार्यमा लागे । उनले आफ्नै अध्यक्षतामा “कोइराला डिफेन्स कमिटि” खडा गरी वी.पी. को रिहाइका लागि आवाज उठाउनेदेखि सहयोग संकलन गर्नेसम्मका काम गर्न थाले । उनले राजा वीरेन्द्रका नाममा पठाइ जारीसमेत गरेको अपिलमा कोइरालाको अविलम्ब रिहाइ एवं संसदीय व्यवस्था स्थापनाको माग गरेका थिए ।[६२५]

यसप्रकार चारैतिरबाट आवाज उठाउँदा पनि नेपाल सरकारले वी.पी. को रिहाइतर्फ खास चासो नदेखाएपछि भारतका सर्वोदय नेता जयप्रकाश नारायण पुनः अगाडि बढे । आफ्नो दवाव एवं अनुरोधबाट काम नबनेको स्पष्ट गर्दै उनले विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था एवं राष्ट्र प्रमुखहरूसँग नेपाल नरेशलाई दवाव दिन अनुरोध गरे । उनको अनुरोधअनुसार अमेरिकी राष्ट्रपति जिम्मि कार्टरले नेपाल नरेशलाई फोन गरी वी.पी. को स्वास्थ्यप्रति चिन्ता व्यक्त गरे ।[६२६]

चारैतिरबाट यसप्रकारका प्रतिक्रिया आउँदा पनि सरकारले चुप लाग्ने नीति लिएपछि अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो छवि विग्रने कुरामा राजा विश्वस्त हुन पुगे । तसर्थ उनले वी.पी. लाई उपचारका लागि रिहा गर्न उनको मुद्दा हेर्न गठित अदालतलाई नै आदेश दिए । फलस्वरूप आफ्नै खर्चमा उपचार गर्न जान पाउने गरी खुला तारेखमा वी.पी. रिहा गरिए । उनको उपचार खर्च जुटाउने कार्यमा पनि अन्तर्राष्ट्रिय क्षेत्रबाट र विदेशमा काम गर्ने नेपालीले ठूलो सहयोग पुऱ्याए । यसपटक अमेरिका जाँदा फ्र्याङ्कफर्टस्थित “इन्टरनेशनल लिग फर ह्यूमेन राइटस्” ले दिल्लीबाट न्यूयोर्कका लागि हवाई टिकट पठाइदियो भने यूरोप एवं अमेरिकामा “कोइराला डिफेन्स कमिटि” एमनेष्टि इन्टरनेशनल, सोसलिस्ट इन्टरनेशनल आदिले उपचारार्थ सहायता कोष खडा गरी सहयोग पुऱ्याए ।[६२७] त्यस्तै वासिङटनस्थित अन्तर्राष्ट्रिय मुद्रा कोषमा कार्यरत नेपालको तराई मुलका अर्थशास्त्री डा. सुखदेव शाहले वी.पी. द्वारा संचालित आन्दोलनप्रति

---

६२४ *द स्टेटशम्यान,* १ मार्च १९७८ ।

६२५ *तरुण,* टिप्पणी संख्या २८६, पृ. ३८ ।

६२६ *राष्ट्र पुकार,* २०३४ साल फाल्गुण २६ गते ।

६२७ *तरुण,* टिप्पणी संख्या २८५ (ख), पृ. २७-२८ ।

निष्ठा प्रकट गर्न र उक्त संघर्षमा हामी जस्ता धेरै साथमा छौं भन्ने संकेत दिन आफ्नो कमाइबाट संचित १० हजार डलर उपचार खर्चका लागि अर्पण गरे ।[६२८]

अन्तर्राष्ट्रिय क्षेत्रबाट कोइरालाको रिहाइका लागि गरिएका यसप्रकारका प्रयासलाई उनको मेलमिलाप नीतिप्रतिको समर्थन एवं सदभाव नै मान्नु पर्दछ । किनभने यदि उनीहरू वी.पी. को नीतिप्रति सहमत नभएका भए यी आवाज उठाउने जरुरत नै पर्दैनथ्यो । अर्को कुरा प्रारम्भमा भारतको दवाव एवं प्रयासपछि मात्र अगाडि बढेको यूरोप एवं अमेरिकी जगत दोस्रो पटक भारतभन्दा पहिले नै अगाडि बढेको देखिन्छ । जसको मुख्यकारण पहिलो पटक उपचारका क्रममा जाँदा र फर्कदा गरेको भ्रमण र प्राप्त गरेको सदभाव नै थियो । यद्यपी यसप्रकारका कार्यमा कुनै पनि मुलुकको सरकार प्रत्यक्ष रूपमा अगाडि आएको देखिँदैन तर आफ्ना सांसद एवं मन्त्रीहरूलाई यस्ता आवाज उठाउने छुट दिएको घटनाबाट सरकारको चाहना पनि थियो भन्न सकिन्छ । समग्रमा उनको नीतिले त्यस्तो सदभाव र समर्थन पाएको हुनाले नै नेपाल नरेशले यथास्थितिवादीहरूलाई मनमानी गर्ने अवसर नदिइ आफू पनि मेलमिलाप नीतिकै पक्षमा उभिने निश्चय गर्न सके भन्न सकिन्छ ।

## ३.७ मेलमिलाप नीतिप्रति राजाको प्रतिक्रिया

हिंशात्मक संघर्षका माध्यमबाट प्रजातन्त्र पुनर्स्थापना गर्ने सोचअनुरूप बढेका वी.पी. २०३२ सालसम्म पुग्दा नपुग्दै विकसित हुँदै आएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट नेपालको राष्ट्रियता खतरामा पर्न थालेको महसुस गर्ना साथ हतियार त्यागेर स्वदेश फर्कने निश्चयमा पुगे । उनी राजशक्तिसँग मेलमिलाप कायम गरी राष्ट्रियताको संरक्षण र प्रजातन्त्रको पुनर्स्थापना कार्यलाई सँगसँगै लाने निश्चयसँगै स्वदेश फर्केका थिए । राष्ट्रियता संरक्षण कार्यमा राजाको पनि स्वार्थ जोडिएको हुँदा आफूले गरेको मेलमिलाप प्रयासलाई राजाले साथ दिने विश्वासका आधारमा उनले उक्त कदम उठाएका थिए । उनको यो नीति राजासँग कुनै सल्लाह एवं समझदारी बिना आफ्नो एकपक्षीय  विश्लेषणका आधारमा तय गरिएको थियो जसलाई राजाले पूर्णतः अस्वीकार गरेका खण्डमा ठूलो दुर्घटनाको सामना गर्नु पर्ने सुनिश्चित नै थियो । तर पनि उनी आफ्नो कदममा आशावादी थिए र राजाको सदभाव प्राप्त हुने तर सत्तासिनहरूबाट चर्को विरोधको सामना गर्नु पर्ने उदघोषणसहित स्वदेश फर्किएका थिए ।

नेपाल आगमनसँगै नेपालमा यथास्थितिवादीहरूबाट उनको चर्को विरोध सुरु भयो । राजा एवं वी.पी. बीच समझदारी कायम भएमा राज्यसत्ता माथिको आफ्नो एकाधिकार समाप्त हुने ठानेर यथास्थितिवादीहरू विरोधमा उत्रिए । तत्कालीन प्रधानमन्त्री तुलसी गिरीलगायत पंचायतका वरिष्ठ नेताहरूको एक समूह अगाडि बढेर राजा एवं वी.पी. बीचको दुरी झन टाढा

६२८ विस्तृतिका लागि अमेरिका (वासिङटन) बाट श्री जयराज आचार्यको चिठी ..., *राजधानी साप्ताहिक,* आङदोर्जे लामा (सं./प्र.), काठमाडौं : २०४३ भाद्र २४, पृ. ७६-७९ ।

पार्ने अर्थात बढाउने प्रयासमा लागे ।[६२९] परिणामस्वरूप देशमा वी.पी. लाई कठोर सजाय दिनुपर्दछ भनेर प्रस्ताव पास गर्नेदेखि एकल इजलाशमा उभ्याएर मृत्युदण्डको सजायसम्म हुने संभावना रहेका राजद्रोही-देशद्रोही प्रकृतिका मुद्दाहरू लगाइयो ।

आफ्नो नेपाल फर्कने निर्णयसँगै राजाको प्रतिक्रिया बुझ्नका लागि वी.पी. ले माणिकलालद्वारा पठाएको सन्देशयुक्त टेपको कुनै प्रतिक्रिया व्यक्त नगरेका राजा वी.पी. को नेपाल आगमनपछि पनि प्रारम्भमा कुनै रुची नदेखाई "पर्ख र हेर" को नीतिमा उभिए । संभवतः उनी पंचहरूकै सोचअनुरूप नरम नीति नअपनाई कानुनी कार्वाही गर्ने मानसिकतामा थिए । तसर्थ उनले "देशको हितका निम्ति राजनीतिक समझदारी कायम गर्न राजासमक्ष आफूहरूलाई प्रस्तुत गरेर आएका हौं, अहिले पुरानो कुरा कोट्याउने र एक अर्कालाई आरोप लगाउने बेला होइन"[६३०] भनेर नेपाल आउँदाकै दिन वी.पी. ले पठाएको सन्देशको खासै वास्ता गरेनन् । बरु उनले तत्कालीन सरकारको चाहनाअनुसार वी.पी., गणेशमान आदिलाई कानुनी कार्वाही गर्न एकल इजलाश गठन गर्न दिएर कानुनी उपचारको बाटो खोलिदिए । उनी कानुनी कार्वाहीको पक्षमा रहेको कुरालाई २०३३ साल फाल्गुण ७ को सन्देशबाट पनि अनुमान लगाउन सकिन्छ । जसमा उनले ... दलीय राजनैतिक परिपाटीले हाम्रो समाजलाई टुक्र्याउने सम्भावना भएकाले पंचायती संविधान अंगालेको, ... देशको प्रशासन चलाउने अभिभारा केही व्यक्तिका हातमा नभएर सयौं पंचायत र त्यसका सभा जस्ता निकायहरूले स्थानीय कार्यकारिणीको काम गर्नुका साथै कार्यकर्तालाई राष्ट्रिय कार्यकारिणी तथा व्यवस्थापिकासम्म पुऱ्याउने खुडकिलोका रूपमा काम गर्दछन्[६३१] भनेर स्पष्ट साथ पंचायती व्यवस्थाको उपयोगिता सिद्ध गर्ने कोसिस गरेको देखिन्छ । जसका माध्यमबाट अप्रत्यक्ष रूपमा पंचायत विरुद्ध लाग्नेलाई छाडिदैन भन्ने सन्देश दिन खोजेको आभास पाइन्छ ।

राजाको यो सन्देशपश्चात धनकुटाबाट नै वी.पी. लाई कठोर सजाय दिइनु पर्दछ भन्ने जुन उदघोष प्रारम्भ भयो त्यसलाई देश व्यापी बनाइयो । यथास्थितिवादीहरूले विभिन्न भेलाहरूबाट यस्तै प्रकृतिको प्रश्ताव पास गराउने अभियान नै चलाए । फलस्वरूप गाउँ फर्क राष्ट्रिय अभियान जस्तो राजाकै प्रत्यक्ष नियन्त्रणमा चल्ने अर्थात राजाप्रति उत्तरदायि हुने निकायको अग्रसरतामा केन्द्रदेखि गाउँसम्मका पंचायतका निकायहरूबाट कडा कार्वाहिको माग गरिएका प्रश्तावहरू पास गराइन थाले । जुन कार्य राजाको असहमतीमा हुन सक्ने कुरै थिएन र उनले यस्ता कार्यमाथि अंकुश लगाउने कुनै प्रयास गरेको देखिँदैन । यदि उनी सकारात्मक भएको भए राष्ट्रियता र प्रजातन्त्रका लागि मेलमिलाप कायम गरी काम गर्न चाहन्छु भन्दै हतियार फ्याकेर आएको व्यक्ति वा समूहका विरुद्ध आफैले खडा गरेको निकाय वा नियुक्त गरेको व्यक्तिले राष्ट्रिय

---

[६२९] कुमार, टिप्पणी संख्या ४२ (ख), पृ. ११ ।

[६३०] वी.पी. को डायरी, टिप्पणी संख्या २०३ (ख), पृ. ५१ ।

[६३१] श्री ५ को सरकार, टिप्पणी संख्या ४६, पृ. १९८-१९९ ।

साधनस्रोतको व्यापक प्रयोग गरी अभियानकै रूपमा हल्लिखल्लि मच्चाउँदा उनी मुक दर्शक बनेर बस्ने थिएनन् । सायद यसप्रकारका सबै वस्तु तथ्यहरूकै विश्लेषणका आधारमा नै होला वी.पी. ले पनि राजा प्रारम्भमा सकारात्मक नभएको भनेर गुनासो गरेको पाइन्छ ।

राजाले प्रारम्भमा देखाएको यस्तो व्यवहारलाई अर्को पक्षबाट हेर्दा पूर्णतः अनुदारवादी मान्न पनि सकिँदैन । किनकी नेपालको तत्कालीन राजनीतिमा पंचायती व्यवस्थाको स्थापनादेखि नै त्यसको समर्थक बनेर काम गरेका वर्गहरू, राजाको प्रत्यक्ष शासनबाट फाइदा उठाइरहेका निहित स्वार्थि तत्वहरू, भुइफुट्टा वर्गहरू, राज्यको सेनालगायतको शक्ति पनि अत्यन्त प्रबल थियो । जसले गर्दा प्रारम्भमै हस्तक्षेप गरेर वी.पी. लगायतलाई केही नगर म यिनीहरूलाई माफि दिएर मुलधारमा समेटन चाहन्छु वा राष्ट्र निर्माण कार्यमा यिनीहरूको सहयोग लिन चाहन्छु भनेर राजाले आफू सकारात्मक भएको देखाउन सक्ने अवस्था थिएन । किनकी राजनेतृत्वमा संचालित शासन प्रणालीसँग असन्तुष्ट रहेर हतियार उठाइ पंचायत व्यवस्था विरुद्ध संघर्ष गरेका वी.पी. लगायतको विरुद्ध नेपालका विभिन्न अदालतमा प्राणै जान सक्ने प्रकृतिका मुद्दाहरू दायर थिए । जुन मुद्दाहरू जे जस्तो परिवेशमा दायर गरिएको भए तापनि तत्कालीन प्रचलित कानुनअनुसार नै दायर गरिएकाले त्यसलाई कार्यान्वयन हुनबाट रोक्न पनि राजालाई त्यति सजिलो थिएन । फेरी आफ्नो साथमा काम गर्ने वा गरिरहेकाहरूले आफैले दिएको विधानका आधारमा गरेको कार्यलाई अवैध पनि भन्न सक्दैनथे । तसर्थ राजाले प्रारम्भमा आफ्नोसमेत बदनाम हुनसक्ने किसिमको दुर्घटनाको संभावनालाई समेत ख्याल गरेर “पर्ख र हेर” को नीति अवलम्बन गरेको हुनसक्दछ ।

अर्को कुरा राजा वी.पी. हरूप्रति सकारात्मक रहेको हुनाले नै प्रारम्भमा चुपचाप बसेका थिए भन्ने तथ्यलाई पनि नजरअन्दाज गर्न सकिँदैन । किनकी जुनबखत वी.पी. भारतबाट फर्किएका थिए त्यसबखतको भारतीय सरकार उनको प्रतिकुल थियो भने दक्षिण एशियामा शक्ति विस्तारको होडबाजी एवं निरंकुशता हावी भइरहेको थियो । नेपालका र संभवतः अन्यन्त्रका पनि कतिपय राजनेताहरू वी.पी. समाप्त भएको देख्न पनि चाहन्थे । त्यो स्थितिमा राजाले वी.पी. लाई सुरक्षित गर्नका लागि नै समातेर कडा निगरानीमा राख्नु र मुद्दा चलाउनु भनेर आदेश दिएको हुनसक्दछ । राजाले यो कदम एउटा निकासको उपाय खोज्नका लागि अपनाएको पनि हुनसक्दछ । संभवतः उनी एकातिर नेपालका अन्य राजनीतिज्ञको धारणा बुझ्न चाहन्थे भने अर्कातिर वी.पी. प्रतिको अन्तराष्ट्रिय प्रतिक्रिया पनि जान्न चाहन्थे । वी.पी. माथिका मुद्दा चलाउन एकल इजलाशको प्रबन्ध गरिनु र अंचलाधिशको मातहतमा प्रारम्भिक प्रकृया सुरु गरिनुबाट पनि राजा सरकारलाई सबै अधिकार दिन चाहँदैनथे भन्न सकिन्छ । यदि राजाको सदासयता हुँदैनथ्यो भने जनआक्रोशको बहानामा वी.पी. लाई विमानस्थलमा षड्यन्त्रात्मक रूपबाट समाप्त गर्ने कार्य पनि हुन सक्दथ्यो । किनकी त्यही सेरोफेरोमा फिलिपिन्समा विद्रोही नेता मार्कोस वुलेट प्रुफ ज्याकेट एवं ह्याट लगाएर फर्कदा विमानस्थलमा उत्रिएर बाहिर

निस्कदा ननिस्कदै स्वागतार्थि एवं विरोधीको विवाद उठाएर ज्याकेट एवं ह्याटले छेक्न नसक्ने संवेदनशिल अंगमा रहस्यात्मक किसिमले गोली हानेर मारिएको थियो ।[६३२] त्यो स्थितिमा नेपाल फर्किएका वी.पी. लाई सैनिक पहरामा लगेर राखिने जुन कार्य गरियो त्यो संभवतः राजाकै इशारामा सुरक्षित गर्नका लागि नै गरिएको मान्नुपर्दछ । यसरी वी.पी. लाई उन्कै कट्टर विरोधी सहकर्मीहरू जस्तै डा. गिरी, विश्वबन्धु थापाहरू जस्ताबाट बचाएको आभास हुन्छ । उनीहरूले पाएको भए भारतमा महात्मा गान्धी वा एल.एन. मिश्रलाई जस्तै मार्न लगाउने र राजालाई दोष लगाई आफू स्वच्छ छवी भएर बस्थे ।

यसप्रकार सकारात्मक वा नकारात्मक जुनसुकै धारणा राखेर भए पनि प्रारम्भमा राजा "पर्ख र हेर" को नीतिमा रहेको तथ्य स्पष्ट हुन्छ । जसलाई अन्तर्राष्ट्रिय राजनीतिमा अकस्मात आएको फेर बदलले क्रमशः परिवर्तन मुखि बनाउँदै लग्यो । किनकी २०३३ साल चैत्रको दोस्रो हप्ता पार गर्दा नगर्दै भारतमा सम्पन्न आमनिर्वाचनबाट मोरारजी देशाइको अध्यक्षतामा समाजवादीहरूको सरकार गठन भयो । यो सरकार गठनसँगै भारतका विभिन्न राजनेतादेखि मानवाधिकारकर्मीसम्मले वी.पी. को रिहाइका लागि आवाज उठाउन थाले । भारतीय जगतमा उठाइएको यो आवाजलाई भारतीय प्रेशले विश्वव्यापी बनाइदिएपछि यूरोप-अमेरिकालगायतका क्षेत्रबाट पनि वी.पी. को रिहाइ एवं मानवाधिकारको स्थापनाका लागि राजासमक्ष दवाव मुलक अपिलहरू आउन थाले । जसबाट राजा वी.पी. प्रतिको धारणामा परिवर्तन ल्याउनेबारे सोच्न बाध्य हुनुपर्ने परिस्थिति सिर्जना भयो ।

अर्कोतिर २०३३ सालको अन्तसम्ममा अमेरिकामा जिम्मि कार्टरको प्रशासनको उदय हुने, चारैतिरबाट राजालाई मानवअधिकारको स्थापनाका लागि दवाव पुऱ्याउने, यूरोपीय राजनीतिमा उदारवाद हावी हुने र चारैतिरबाट वी.पी. लगायतका राजनेताहरूको रिहाइका लागि दवाव पर्ने परिस्थिति सिर्जना भयो । जसबाट अब नेपाली कांग्रेसलाई धेरै थिच्नु र दबाउनु हुँदैन भन्ने महसुस गर्न पुगेका राजासमक्ष वी.पी. लाई छाडने मनस्थिति नबनाइ नहुने स्थिति देखापरे तापनि आफू अन्तर्राष्ट्रिय दवावका कारणले झुकेको हो भन्ने पनि देखाउन चाहँदैनथे ।[६३३] अर्कोतिर राजाको आफ्नै दरवारभित्र रहेको एउटा पक्षले राजालाई सहमतिका पक्षमा जान नदिने र ठोस कदम चाल्नका लागि दवाव दिने कार्य गरिरहेको थियो[६३४] भने आफ्नो नेतृत्वमा संचालित व्यवस्थाका समर्थक एवं संचालकहरूलाई चिढाउन र आक्रोशित बनाउन पनि चाहँदैनथे । तसर्थ उनले आफूलाई मानवअधिकारको वहाली एवं प्रजातन्त्रको समर्थक शासकका रूपमा स्थापित गर्नेतर्फ लागि सुधारका लागि तत्पर रहेको सन्देश प्रवाहित गर्ने प्रयास गरे । यसका लागि उनले २०३४ साल वैशाख १ गते अर्थात नव वर्षको दिन चयन गरे । हरेक नव

[६३२] व्रतराज आचार्य, टिप्पणी संख्या २४ ।

[६३३] लोकराज बराल, टिप्पणी संख्या १३२ ।

[६३४] मिश्र, टिप्पणी संख्या २७५ (ख), पृ. १०१ ।

वर्षमा राजाले दिने सन्देशझैं यस वर्ष अर्थात २०३४ सालको प्रथम दिनको सन्देशमा उनले ... संविधान संशोधन गरिएको ... कुनै विषयमा केही कुरा वा काम गर्ने तरिका मिलेको छैन भने आपसि छलफलबाट सुधार गर्ने ढोका बन्द नगरिएको...[६३५] उल्लेख गरी संवैधानिक सुधारका लागि आफू तयार रहेको संकेत दिए ।

राजा यसरी क्रमशः सकारात्मक बन्दै गए तापनि संभवतः आफ्ना विविध बाध्यताहरूले कुनै निर्णय गरिहाल्न सकेका थिएनन् । त्यसैबीच २०३४ साल वैशाखको दोस्रो हप्तातिर भारतीय सत्तारुढ दल जनता पार्टीका अध्यक्ष चन्द्र शेखरले नेपाल आई राजासँग दर्शनभेट गरे । चन्द्र शेखर वी.पी. एवं गणेशमान सिंहका अनन्य मित्र भएकाले उनी यी दुवैको रिहाइका लागि राजासँग कुराकानी गर्नका लागि नै आएका थिए । थुनिएका दुवै नेतालाई भारतीय मित्रहरूको शुभकामनासहित आएका चन्द्र शेखरसँगको भेटमा राजाले वी.पी. को ठूलो तारिफ गर्दै र अ ग्रेट म्यान अर्थात ठूलो मानिसको संज्ञा दिए तापनि ठूलै दवावले गर्दा उनलाई रिहाइ गर्न कठिनाइ भएको स्वीकार गरे ।[६३६] जसबाट उनलाई मुलुकमा सहमतिका विरुद्ध सक्रिय समूहको चर्को दवाव परेको स्पष्ट हुन्छ । तर त्यसपछि उनी क्रमशः सकारात्मक हुँदै गएको कुरा वी.पी. एवं गणेशमानलाई सुन्दरीजलबाट प्रहरी तालिम केन्द्र महाराजगंजमा सारिनु, पारिवारिक भेटघाटका लागि अनुमति दिइनु, विदेशीलाई राजनैतिक बन्दीसँग भेटन नदिने चलन तोडेर चन्द्र शेखरलाई भेटने अनुमति दिनुलगायतका कार्यबाट अनुमान लगाउन सकिन्छ ।

चन्द्र शेखर भेट गर्न नआउँदासम्म वी.पी. र गणेशमानलाई छुट्टाछुट्टै कोठा वा घरमा एक आपसमा भेटघाट गर्नसमेत नदिएर राखिएको थियो । जुन कार्य २०३३ साल चैत्र १२ गतेबाट सुरु भएको थियो । तर चन्द्रशेखरले भेटेर फर्कदा साथ यी दुवैलाई सँगै बस्ने, खानाखानेलगायतका सुविधा दिएर उक्त प्रतिबन्ध हटाउनुका साथै खानाको स्तर सुधार गर्ने र सरकारी अधिकारी प्रहरी आदिबाट गरिने व्यवहारमा पनि ठूलो परिवर्तन भयो ।[६३७] यी सबै परिवर्तनका पछाडि राजा क्रमशः सकारात्मकताका पक्षमा खुल्दै गएको सन्देश निहित थियो । भारतीयलगायतका राजनेताहरूबाट राजबन्दी रिहाइ एवं मानवाधिकारको वहालीका लागि आवाज उठाउँदा देशको आन्तरिक मामिलामा हस्तक्षेप ठान्ने नेपालका पंचायती शासकहरू चन्द्र शेखरको नेपाल आगमन र दर्शनभेटलगायतका गतिविधिमा चुप लागेको र त्यसपछि सकारात्मक व्यवहार प्रकट गर्न बाध्य भएको स्थितिबाट राजाले उनीहरूलाई केही स्पष्ट निर्देशन दिएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

प्रारम्भदेखि नै राजासँग भेटेर सम्पूर्ण वस्तु तथ्यमा कुराकानी गर्न चाहेका वी.पी. ले खबर पठाइरहने क्रममा २०३४ साल जेठ ६ गते आफूसमक्ष आएका अंचलाधिशसँग राजासँग

---

[६३५] श्री ५ को सरकार, टिप्पणी संख्या ४६, पृ. २०८ ।

[६३६] वी.पी. को डायरी, टिप्पणी संख्या २६५ (क), पृ. १३ ।

[६३७] सिंह, टिप्पणी संख्या ३२८, पृ. ३ ।

भेटन चाहेको लगायतका माग राखेका थिए ।[६३८] त्यसको १० दिनपछि अर्थात जेठ १६ गते साँझ पौने आठ बजेतिर राजाको प्रतिनिधिका रूपमा शाही रक्षकका जनरल मल्ल आए । जो राजा र वी.पी. को भेटघाट हाल दुवैलाई राम्रो नहुने भएकाले उनलाई पूर्ण विश्वास गरी वी.पी. ले सबै कुरा भनुन र उनीमार्फत राजा कहाँ पुऱ्याउन भन्ने सन्देश लिएर आएका थिए ।[६३९] त्यहाँ दुवैबीच आधा घण्टा जति भएको कुराकानीमा वी.पी. ले सत्तामा रहेका केही तत्वहरू र विदेशीहरू समेत राजा र आफूलाई फुटाउन सक्रिय रहेको लगायतका कुरा गरी राजासँग भेट भएमा सबै समस्याको समाधान निस्कने स्पष्ट गरेपछि यो भेट परिवारलाई समेत नबताउने निश्चयसँगै समाप्त भयो ।[६४०]

यस भेटघाटको केही दिनपछि अर्थात जेठ २५ गते साँझ[६४१] अकस्मात राजाका सचिव रंजनराज खनाल आफै वी.पी. समक्ष पुगेर राजाले भेट दिन लागको जानकारी दिए ।[६४२] जसको केही क्षणपश्चात उनैले ल्याएको मोटरमा दरवार पुगेका वी.पी. ले राजनैतिक कुराकानी गर्न खोज्दा राजाबाट उनको स्वास्थ्य अत्यन्त गम्भिर भएको जनाइ पहिला उपचार गर्न जानु र स्वास्थ्य लाभ गरेर फर्क अनि कुरा गरौंला, हामीलाई तिम्रो स्वास्थ्य बढी मूल्यवान छ लगायतका कुराद्वारा फकाउने र डा. मृगेन्द्रराज पाण्डेलाई झिकाई उनैद्वारा स्वास्थ्य चिन्ताजनक छ भनाएर उपचार खर्चसमेत दिन्छु भन्दै अमेरिका गएर उपचार गर्ने सल्लाह दिए ।[६४३] राजाले त्यसै दिन चाहेमा सिधै घर जान सक्छौ भन्दा वी.पी. ले त्यो रात बन्दी गृहमा फर्केर गणेशमानसँग भेटि भोलिपल्ट छुटने कुरा गरेपछि राजाले सहमति दिए । तर भोलिपल्ट मन्त्री परिषद्ले अत्तो थापेपछि वी.पी. ले उपचारका लागि बन्दी अवस्थामा नै देश छाडनु पऱ्यो भने वी.पी. लाई मुक्त गर्ने राजाको चाहनाले मुर्तरूप लिन पाएन । यस घटनाबाट राजालाई वी.पी. को रिहाइ गर्न दवावकै कारणले अप्ठ्यारो परेको कुरा छर्लङ्ग जस्तै हुनगयो ।

राजाको आदेशमा राज्यको खर्च लिएर वी.पी. उपचारका लागि हिंडेपछि पंचायत खेमामा खैलाबैला मच्चियो । राजा र वी.पी. बीच दुरी पैदा गर्ने कार्यमा लागिपरेका महापंच थापा र प्रधानमन्त्री गिरी यसबाट सबै भन्दा बढी आहत भए । राजाको यस कदमपश्चात परिवर्तनको आशा गरेर धेरैको वी.पी. एवं नेपाली कांग्रेसप्रति सहानुभूति जाग्न थाल्यो । राज्यका उच्च स्तरीय निकायमा आसिन व्यक्तिहरू गिरीका दिन समाप्त भएको आशंका गर्न थाले । त्यो

---

[६३८] वी.पी. को डायरी-४६, *हिमाल खबर पत्रिका,* राजेन्द्र दाहाल (सं.), ललितपुर : कनकमणि दीक्षित, १-१५ पुष २०६०, पृ. १० ।

[६३९] वी.पी. को डायरी-४७, *पूर्ववत्,* १६-३० पुष २०६०, पृ. १२-१३ ।

[६४०] *पूर्ववत्* ।

[६४१] वी.पी. को डायरी-४८, *पूर्ववत्,* १-१५ माघ २०६०, पृ. १३ ।

[६४२] चटर्जी, टिप्पणी संख्या १७५, पृ. १२९ ।

[६४३] (क) *पूर्ववत्,* पृ. १२९-१३० ।
(ख) पोखरेल, टिप्पणी संख्या ३९, पृ. ९०-९१ ।
(ग) लोकराज बराल, टिप्पणी संख्या १३२ ।

स्थितिमा सत्ताधारी पंचहरू नै दुई समूहमा विभाजित भए । जसमध्ये एउटा समूहले खुला रूपमा राजाको यस कार्यलाई समय सापेक्ष एवं सकारात्मक कदमको संज्ञा दिएर उदार राजनैतिक वातावरणको माग गर्न थाल्यो भने अर्को समूहले राजाको कदमको विरोध गर्न नसके पनि खुलेर समर्थन पनि गरेन ।[६४४] त्यो स्थितिमा राजाले एक दिन अकस्मातसँग विश्ववन्धु थापालाई बोलाएर गाउँ फर्कको अध्यक्षमा आएर काम गर्न भन्दै तत्कालीन अध्यक्ष खड्गबहादुरलाई हटाएर विश्ववन्धुलाई अध्यक्षमा नियुक्त गरे ।[६४५] जसबाट यथास्थितिवादीहरू झन असन्तुष्ट भएर फेरी एकपटक वी.पी. लाई कडा सजाय गर्नेलगायतका प्रश्ताव पास गराउने अभियान संचालनतर्फ लागे ।

अदालतमा छानविन भइरहेको मुद्दामा पंचायतका वरिष्ठ नेताहरू नै अगाडि बढेर सजाय तोकी माग गर्न थालेपछि राजा पुनः अगाडि बढे । उनले दर्शन भेटका क्रममा वी.पी. लाई मेरो एउटै आदेशमा शुली हुनसक्छ तर त्यसपछि उत्पन्न स्थितिको मुकाबिला गर्ने क्षमता के तिमीहरूसँग छ ?... कुनै पनि व्यवस्था सफल संचालनका लागि बलियो विरोधीको पनि आवश्यकता पर्ने हुँदा मैले वी.पी. लाई भेटेर सल्लाह गर्ने विचार गर्दैछु...[६४६] भन्दै आफ्नो धारणा स्पष्ट गरे । जसबाट राजा एवं वी.पी. बीच मेल हुने सुनिश्चित देखिएपछि सूर्यबहादुर थापा जस्ता मानिसहरू अन्तिम प्रयासका रूपमा पंच भेलाहरूद्वारा फाँसीको सजाय गराउने प्रश्तावहरू पास गराउनेतर्फ लागे । तर राष्ट्रिय पंचायतलगायतका निकायहरूमा रहेका उदारवादी भावनाका केही पंचहरू भने माफि दिनुपर्दछ भन्ने अभियानमा लागे ।

त्यसैबीच राजाले खड्गबहादुरलाई हटाएपछि राज दरबारका साचिवलगायतका शक्तिशाली व्यक्तिहरू विश्ववन्धु थापालाई असफल बनाउनेतर्फ लागे । गाउँ फर्कमा यथास्थितिवादीहरूकै बाहुल्यता रहेकाले थापाले पनि राजाको चाहनाअनुसार काम गर्न सकेनन् । फलस्वरूप राज्य संयन्त्र पुनः यथास्थितिवादीहरूकै चाहनाबमोजिम चल्न थाल्यो र राजा मेलमिलापप्रति सकारात्मक रहेको भावना बोकेर उपचारपछि फर्केका वी.पी. लाई गिरफ्तार गरी पुनः बन्दी गृहमा पुऱ्याइयो । जुन घटनाले राजालाई पुनः अदृश्य शक्तिद्वारा दवाव पुऱ्याई मनमानी गर्न यथास्थितिवादीहरू सफल भएको स्पष्ट भयो । फलस्वरूप राजइच्छा स्पष्टसँग अगाडि आउन सकेन र वी.पी. एवं गणेशमान बन्दी अवस्थामा नै रहे ।

क्यान्सर जस्तो आक्रान्त रोगको शिकार भएकाले उपचारका लागि छुटेका वी.पी. लाई फर्कना साथ पक्रेर थुनामा राखिएको घटनाले पुनः एकपटक विश्वमा नै खलबली मच्चायो ।

---

६४४ लोकेन्द्रबहादुर चन्द र श्रीभद्र शर्मासँगका अन्तर्वार्ताहरू ।

६४५ थापा, टिप्पणी संख्या १६३, पृ. ५१ ।

६४६ (क) श्रीभद्र शर्मा र दामोदर उपाध्यायसँगका अन्तर्वाताहरू ।
(ख) गिरिराज आचार्य, "वी.पी. माथिको मुद्दा र फाँसीको भाग-२", *पूर्व टाइम्स*, वर्ष १७, अङ्क २६, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५६ माघ १५, पृ. ३ ।

परिणामस्वरूप भारतदेखि यूरोप-अमेरिकालगायतका क्षेत्रबाट उनको रिहाइका लागि राजासमक्ष अपिल एवं दवावहरू आउन थाले । यसपटक उनको रिहाइ एवं मानवअधिकार वहालीको विषयलाई लिएर यूरोप-अमेरिकालगायतका क्षेत्रबाट तिब्र दवाव आउने र बन्दीगृहमा वी.पी. सिकिस्त विरामी हुने स्थिति देखापऱ्यो । अर्कोतिर अदालतबाट वी.पी. ले क्रमशः सफाइ पाउँदै गएपछि पनि तत्कालीन सरकारले छाड्नुको सट्टा क्षेत्रीय अदालतमा पुनरावेदन गर्न थालेपछि राजा पुनः ससंकित भए । तसर्थ उनले पुनः अगाडि बढेर अदालतलाई वी.पी. लाई उपचारका लागि तारेखमा छाड्ने आदेश दिएपछि अदालतले रिहा गरिदियो ।[६४७]

यसप्रकार राजाले नै वी.पी. लाई छुटाउन अग्रसरता देखाएपछि सरकारले उनलाई पुनः गिरफ्तार गर्ने हिम्मत गर्न सकेन र उपचारपछि फर्कदा विरोध प्रदर्शन मात्र गरेर चित्त बुझायो । त्यसपछि वी.पी. आफै अदालतमा उपस्थित भएकाले उनलाइ तारेख दिइयो जुन क्रम पछिसम्म चल्दै गयो । लामो समयको प्रतिक्षापछि २०३५ साल कार्तिक १३ गते राजाबाट वी.पी. लाई दर्शनभेट प्रदान गरियो ।[६४८] करिब १ घण्टा दुवैबीच लामो कुराकानी भयो । जसमा वी.पी. ले आफ्ना धारणाहरू खुलस्त रूपमा राजासमक्ष राखी देश जोगाउनका लागि राजतन्त्र एवं प्रजातान्त्रिक शक्तिहरू एकजुट हुनुपर्ने धारणा व्यक्त गर्दै शासन प्रणालीमा सुधार गर्नुपर्ने आसय व्यक्त गरे ।[६४९] जवाफमा त्यसका लागि आफू तत्पर रहेको जनाउँदै राजाले पहिला देशका विभिन्न क्षेत्र घुमेर नयाँ आएको पिढिसँग धुलमिल गर र यथार्थ बुझ त्यसपछि अन्य कुरा गरौंला भनी वी.पी. लाई विदा गरे ।[६५०] यसपटकको दर्शनभेटपश्चात राजा पनि समयको परिवर्तनसँगै उदारवादी अवधारणाअनुरूप चल्न तयार भएको पाएका वी.पी. ले[६५१] आफ्नो मेलमिलाप नीतिले सफलता पाएको विश्वासअनुरूप कदम चाल्न थाले ।

यसप्रकार २०३३ साल पौष १६ गते मेलमिलाप नीति लिएर नेपाल फर्केका वी.पी. को नीतिप्रति सकारात्मक धारणा व्यक्त गर्न र नेपालमा उनको आवश्यकता छ भन्ने सन्देश दिन राजा सफल भए । फलस्वरूप एकातिर मुलुकभित्र अस्थिरता उत्पन्न गराएर राजालाई दवावमा पारी स्वार्थसिद्ध गर्न पल्केका शक्तिहरू निरुत्साहित भए भने अर्कोतिर प्रवाशमा रहेको नेपाली कांग्रेसको राजनीति नेपाल भित्रिएर गतिशिल हुनथाल्यो ।

## ३.८ मेलमिलाप नीतिबाट नेपाली कांग्रेसभित्र परेको प्रभाव

[६४७] मिश्र, टिप्पणी संख्या २७५ (ख), पृ. १०२ ।

[६४८] *राष्ट्र पुकार,* २०३५ साल कार्तिक २३ गते ।

[६४९] चटर्जी, टिप्पणी संख्या १७५, पृ. १३३-१३४ ।

[६५०] *पूर्ववत्,* पृ. १३४-१३५ ।

[६५१] (क) *हिन्दुस्तान टाइम्स,* २ नोभेम्बर १९७८ ।
(ख) *राष्ट्र पुकार,* टिप्पणी संख्या ३८४ ।
(ग) *दिनमान,* १९-२५ नोभेम्बर १९७८, पृ. ३३ ।

२०१७ साल पौष १ गतेको शाही कदमपश्चात नेपाली कांग्रेसका निर्वाचित सभापति बन्दीगृहमा थुनिएपछि पटनामा सम्पन्न कार्यकर्ता भेलाले सुवर्ण शमशेरलाई कार्यवाहक सभापतिमा चयन गरी पार्टीको भावी नीति निर्धारण गर्ने जिम्मा दिएको थियो । जसअनुरूप उनले संघर्ष संचालन एवं स्थगन गरेर राजासँग मेलमिलापको वातावरण निर्माणतर्फ पहल गरी जेलमा रहेका नेता एवं कार्यकर्तालाई छुटाउनेदेखि प्रवाशमा रहेकाहरूलाई माफि दिलाउनेसम्मका कार्य सम्पन्न गरे । त्यसपछि सुवर्ण शमशेर संघर्षको सट्टा राजासँग सहमति कायम गर्ने प्रयासमा नै लागे । यसक्रममा उनी राष्ट्र हितलाई ध्यानमा राखी राजाले संवैधानिक सुधार अगाडि बढाउलान र सबैलाई समेटेर हिडलान भन्ने आशामा पार्टीका सबै कार्यक्रम बन्द गरेर काठमाडौं कलकत्ता गरिरहे ।[६५२]

अर्कोतिर सुवर्णकै प्रयासले जेलबाट छुटेका वी.पी. राजासँग समझदारी विकास गर्ने आफ्नो प्रारम्भिक प्रयास विफल भएपछि भारत प्रवाशलाई रोजेर संघर्षको मार्गमा उभिए । यसबाट दुवै नेताहरू बीच नीतिगत मतभेद सुरु भयो । जसमा दुवै जना टसमस नभएपछि एक अर्काको कुशलक्षेम जान्नेदेखि भेटघाट गर्नेसम्मका यावत क्रियाकलापसमेत नगरी आ-आफ्नै अडानमा कायम रहे । त्यसैबीच अकस्मात सुवर्ण शमेशरका माहिला छोरा कन्चन शमशेरको निधन भयो । जुन समाचार पाउना साथ आफ्ना सबै मतभेद बिर्सेर समवेदना प्रकट गर्न कलकत्ता पुगेका वी.पी. एवं गणेशमानप्रति सुवर्णले जुन उपेक्षापूर्ण व्यवहार गरे त्यसबाट वी.पी. एवं गणेशमानलाई कलकत्ताबाट बनारस आउन पनि हात फैलाउनु पर्ने परिस्थिति उत्पन्न भयो ।[६५३] यस घटनापश्चात सुवर्ण एवं वी.पी. बीचको सम्बन्धमा झन चिसोपना आयो । फलस्वरूप आफूलाई सुवर्णले पन्छाउन खोजेको आभास वी.पी. लाई भयो भने आफूमाथि विघ्नवाधा खडा गरेर असफल तुल्याउने तर्फ वी.पी. लागेको शंका सुवर्णले गर्न थाले ।[६५४] यो स्थितिले गर्दा दुवै नेताहरूबीचको सामान्य संवादसमेत बन्द भएर नेपाली कांग्रेस विभाजित भएको जस्तै स्थिति देखियो । तर दुवै नेतामध्ये कसैले पनि विभाजन छ जस्तो भावसम्म पनि देखाउने प्रयासका साथै एकअर्काको आलोचना जस्ता कार्य कहिल्यै गरेनन् ।

त्यसपछि वी.पी. ले संघर्षको आह्वान गरेपछि नेपालका विभिन्न भागमा कैयौं घटनाहरू घटन पुगे । संघर्षको त्यो कोलाहलपूर्ण वातावरणमा सुवर्ण शमशेरको मेलमिलाप एवं समझदारीको लाइन सेलाएर गयो । त्यसको ठीक विपरित राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा वी.पी. र उनको संघर्षकैबारे चर्चा चलिरहेपछि वी.पी. स्वतः नै नेपालको प्रतिपक्षीय राजनीतिको

---

[६५२] रामचन्द्र पौडेल, "प्रजातन्त्रको व्यथा, मेलमिलापको अन्तरकथा", *कान्तिपुर* (दैनिक), नारायण वाग्ले (सं.), काठमाडौं : कान्तिपुर पब्लिकेशन्स, २०६२ असार १, पृष्ठ ६ ।

[६५३] विस्तृतिका लागि गणेशमान सिंह, "अनुशासनको कार्वाहीको त्यो कथा", *पुनर्जागरण* (साप्ताहिक), प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५२ जेठ २३, पृ. ३ ।

[६५४] *पूर्ववत्* ।

केन्द्रबिन्दु बनिरहे । यसबाट नेपाली कांग्रेसका वी.पी. र सुवर्णजस्ता शिखर व्यक्तित्वबीचको सम्बन्ध झन कटुतापूर्ण हुन पुग्यो ।

यस्तै परिवेशमा २०३२ सालसम्म पुग्दा नपुग्दै राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाक्रमलगायतका परिस्थितिले हतियार बिसाउने निश्चयमा पुगेका वी.पी. ले २०३३ सालमा राष्ट्रिय मेलमिलापका लागि ठूलो प्रयास सुरु गरे । उनले राष्ट्रिय संकटलाई मध्यनजर गर्दै मेलमिलापको पक्षमा बेजोड तर्क दिनुका साथै "मेलमिलाप दर्शन" कै प्रतिपादन गरे ।[६५५] भनिन्छ यसक्रममा उनले सुवर्ण शमशेरसँग कुनै सरसल्लाहसम्म पनि गरेका थिएनन् । उनी नेपाल फर्कने समाचार पाएपछि सुवर्णले उनलाई रोक्ने प्रयास गरेका कुरामा एकजना बाहेक अन्य धेरै सहमत छन् ।[६५६] तर त्यसपछिका घटनाक्रमहरूले भने वी.पी. सुवर्णको सहमति बिना नै नेपाल फर्किएको कुरालाई पुष्टि गर्दछन् । जे होस् पटनामा नेपाली कांग्रेसको अध्यक्षता आफैले लिएको र पार्टीको केन्द्रीय कार्य समिति पुनर्गठन गरेको मन्तव्य सार्वजनिक गरेर वी.पी. नेपाल फर्किएपछि नेपाली कांग्रेस वृत्तमा गम्भिर वहस प्रारम्भ भयो । किनकी सुवर्णको नेतृत्वमा गठन गरिएको कार्य समिति भित्रका पदाधिकारी एवं सदस्यहरूले पार्टीसँग बिना सल्लाह नेपाल फर्केकोमा चिन्ता व्यक्त गरे ।[६५७]

वी.पी., गणेशमान आदि राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर नेपाल फर्कना साथ गिरफ्तार गरेर सुन्दरीजल जेलमा बन्दी बनाइयो । त्यसपछि पंचायती व्यवस्थाका समर्थकहरूद्वारा उनीहरूलाई फाँसिको सजायको मागलाई तिब्र बनाउन थाले । त्यस्तो अप्ठ्यारो स्थिति सिर्जना भइरहेको अवस्थामा वी.पी. ले उठाएको नयाँ कदमबारे निर्णय गर्न कलकत्तामा नेपाली कांग्रेसको सुवर्णको नेतृत्ववाला कार्य समितिको बैठक बस्यो । जसमा पार्टीसँग नसोधिकन र पार्टीको अनुमति नलिई स्वदेश फर्केको आरोपमा कोइराला र सिंहमाथि अनुशासनको कार्वाही गर्ने निर्णय गरियो ।[६५८] यद्यपी उक्त बैठकमा नेपालभित्र उनीहरूलाई फाँसीको माग गर्ने अभियान तिब्र पारिएका बेला हामीले अनुशासनको कार्वाही गर्दा राजालाई जे चाहन्छौ गर भने जस्तै हुन्छ, हामी पनि फाँसीको सजाय माग्ने पंचहरूकै हाराहारीमा उभिन्छौं तसर्थ हाल कुनै कार्वाहीको निर्णय नगरौं[६५९] भन्ने चर्चा एवं प्रश्ताव नउठेका होइनन् । जसमा प्रशस्त छलफल एवं वहस पनि भएको थियो । त्यसले गर्दा बैठक स्थगित हुँदै-चल्दै गयो र

६५५ पौडेल, टिप्पणी संख्या ३८८ ।

६५६ धेरै स्रोतहरूले वी.पी. को उक्त कदममा सुवर्ण सहमत नभएको उल्लेख गरेका छन् । तर गणेशमान सिंहले भने भद्रकालि मिश्रको सल्लाहअनसार वी.पी. कलकत्ता पुगेर सुवर्णसँग सल्लाह गर्न खोज्दा "कहिल्यै नहुनुभन्दा ढिलै भए पनि राम्रो" भन्दै समर्थन गरेको उल्लेख गरेका छन् । हेर्नुहोस् सिंह, टिप्पणी संख्या ३८९ ।

६५७ अधिकारी (शास्त्री), टिप्पणी संख्या ७९, पृ. ५०२-५०३ ।

६५८ सिंह, टिप्पणी संख्या ३८९ ।

६५९ सिंह, टिप्पणी संख्या २८३ ।

अन्तमा सुवर्णको अनुपस्थितिमा बखानसिंह गुरुङले अध्यक्षता गरेको बैठकबाट अनुशासनको कार्वाही गर्ने निर्णय गरी त्यसलाई सार्वजनिक गर्न भद्रकाली मिश्रलाई जिम्मा दिइएको थियो ।[६६०]

पार्टीबाट गरिएको उक्त कार्वाहीबारे सुवर्ण शमशेरको तत्कालीन कार्यसमितिका सदस्यहरूबाट पृथक धारणा प्रकट गरिएको छ । एकजना सदस्यले "वी.पी. बाट समय अनुकूल कदम नचालिएको भनेर वी.पी. कोइरालाप्रति दुःख प्रकट गर्दै प्रश्तावमात्र पारित गरेको"[६६१] भन्ने उल्लेख गरेका छन् भने अर्का एक सदस्यले आफूलगायतका केही साथीहरूले विरोध गर्दागर्दै बहुमतका आधारमा कार्वाही नै गरिएको बताउँछन् ।[६६२] यसप्रकार गरिएको कार्वाहीका पछाडि २०२५ सालपश्चात भारत प्रवाश रोजेर वी.पी. ले हतियार उठाउने निश्चय गरेपछि राजासँग समझदारी कायम गर्न सुवर्णद्वारा गरिएको प्रयास खल्बलिएको ठान्नेहरूको मानिसकताले काम गरेको देखिन्छ । जसका तहत उनीहरू वी.पी. को यो कदमबाट उपलब्धिमुलक परिणाम नआओस् भन्ने चाहनाअनुरूप वी.पी. र सुवर्णको लाइनमा पृथकता छ र पार्टी भनेको सुवर्ण समूहको भन्ने देखाउन चाहन्थे । उनीहरूको यो मानिसकतालाई यसै बैठकमा गरिएको "राजाबाट पटक-पटक पार्टीलाई छल गरेर झुक्याउने काममात्र भएकाले अब सन् १९६८ मे १५ को नीतिलाई पुनर्मूल्याङ्कन गरेर एक अधिवेशनद्वारा वैकल्पिक नीति अवलम्बन गर्ने"[६६३] भन्ने दोस्रो निर्णयका पछाडि निहित भावले आफै पुष्टि गर्दछ ।

तर बैठकबाट भएको निर्णयलाई विज्ञप्तिका रूपमा सार्वजनिक गर्न नपाउँदै आफ्नो छोराको निधन भएको समाचार पाएर तत्कालै पटनातर्फ लागेका महामन्त्री भद्रकाली मिश्र छोराको काजक्रिया सकेर फर्कदासम्म भारतमा वी.पी. का मित्र समाजवादीहरूको सरकार गठन भइसकेको थियो ।[६६४] भारतमा भएको परिवर्तनबाट उक्त निर्णयमा प्रत्यक्ष प्रभाव पऱ्यो । किनकी इन्दिरा सरकारको वी.पी. प्रतिको भावनालाई मध्यनजर गरी उक्त निर्णय गरिएको थियो । तसर्थ भारतमा सरकार परिवर्तनसँगै सुवर्ण समूहको उक्त निर्णयको औचित्य पनि समाप्त भएकाले त्यसलाई कहिल्यै बाहिर ल्याएन । तर पार्टीभित्र विद्यमान विभाजित मानसिकता र तुस भने यथावत नै रहेकाले कार्यकर्ता पंक्तिमा पनि २ वटा खेमा विकसित हुनथाले । परिणामस्वरूप पार्टीगत गतिविधिहरू खासै हुन सकेनन् र विभिन्न ठाउँमा अध्ययनरत विद्यार्थीहरूले पार्टीलाई जीवन्त बनाउने काम गरे ।

पार्टीभित्र यस्तै उपापोह र आन्तरिक द्वन्द्व चलिरहेको अवस्थामा बन्दीगृहमा वी.पी. को स्वास्थ्य विग्रिएकाले उनको रिहाइका लागि प्रशस्त आवाज उठन थाले । जसले गर्दा राजाले

---

[६६०] *पूर्ववत्* ।

[६६१] अधिकारी (शास्त्री) टिप्पणी संख्या ७९, पृ. ५०४ ।

[६६२] योगप्रसाद उपाध्याय, टिप्पणी संख्या २० (घ) ।

[६६३] अधिकारी (शास्त्री), टिप्पणी संख्या ७९, पृ. ५०४ ।

[६६४] सिंह, टिप्पणी संख्या २८३ ।

मन्त्री परिषद्सँग कुनै सल्लाह नगरी वी.पी. लाई दर्शनभेट दिएर सरकारी खर्चमा उपचारका लागि रिहा गरी मन्त्री परिषद्लाई अनुमोदन गर्ने आदेश दिए । फलस्वरूप अमेरिका पुगेर उपचार गराई फर्केका वी.पी. २०३४ साल कार्तिक ४ गते भारत आइपुगे । भारतको नयाँ दिल्लीमा उत्रना साथ कलकत्तामा रहेका सुवर्ण शमशेरको स्वास्थ्यस्थिति अत्यन्त नाजुक अवस्थामा रहेको समाचार पाएपछि भोलिपल्टै उनलाई भेटन कलकत्तातर्फ प्रस्थान गरे । अन्तिम अवस्थामा पुगेका सुवर्णको स्थिति देखेर अत्यन्त द्रवित भएका वी.पी. ले अश्रुधारा बगाउँदै संभवतः विगतको सहकार्य सम्झिए । सुवर्णको पनि यहि हाल थियो र उनले पनि आँशु चुहाउँदै वी.पी. प्रति आभार प्रकट गरे । केही क्षणपश्चात रोग शैयामा रहेका सुवर्णले वी.पी. समक्ष राजनैतिक गतिविधिमा सघाउने अभिलाशा बाँकी रहँदा रहँदै पनि अस्वस्थताका कारणले त्यसो गर्न नसक्ने जनाउँदै क्षमा मागेका थिए ।[६६५] त्यसपछि आफ्ना कतिपय विश्वासी व्यक्तिहरूले नमान्दा नमान्दै पनि सुवर्णले वी.पी. लाई पार्टी सभापति पद विधिवत रूपले सुम्पदै अब उप्रान्त वी.पी. कै नेतृत्व मानेर काम गर्न भनी सबैलाई निर्देशन दिए ।[६६६] यसैक्रममा सुवर्णले अब यी मेरा केन्द्रीय समितिका साथीहरू र आफूले छानेका साथीहरूलाई राखेर एक केन्द्रीय काउन्शील निर्माण गरी पार्टी चलाउन वी.पी. समक्ष अनुरोध गर्दै आफू पार्टी जिम्मा लगाउन मात्र बाँचेको र अब २/४ दिनभन्दा ज्यादा नबाँच्ने कुरा पनि स्पष्ट गरेका थिए ।[६६७] अन्तमा सुवर्णले मैले तपाईप्रति धेरै अन्यायपूर्ण वर्ताव गरेकोमा हालपश्चातापपूर्ण अग्निमा जलिरहेकाले क्षमा अर्थात माफि दिएर हृदयमा उठि रहेको अग्निरूपी पीडा शान्त पारी सकुन साथ मृत्युवरण गर्ने अवसर दिन वी.पी. समक्ष अनुरोध गरेका थिए ।[६६८]

यसभन्दा अगाडि नै पार्टीभित्रको कार्वाही प्रकरणपछि पार्टीलाई कसरी बलियो बनाएर लान सकिन्छ भन्ने निश्चय गर्न नेपालभित्र रहेका युवा नेताहरूको पहलमा एउटा कार्यकर्ता सम्मेलन गर्ने निश्चय गरियो । नेपालभित्र त्यस्तो सम्मेलन सम्भव नहुने हुँदा विचार विमर्शपछि भारतको पटनालाई सम्मेलन स्थलका रूपमा चयन गरी तयारी गरियो । त्यसपछि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा आयोजित कार्यकर्ता सम्मेलनमा रामचन्द्र पौडेलद्वारा प्रस्तुत "नेपाली कांग्रेस एक जुट भएर जानु पर्दछ र त्यसका लागि सुवर्ण शमशेरलगायतका सबैको सहयोग लिएर पार्टीले नेपालमा प्रजातन्त्रको पुनर्स्थापनाका लागि संघर्ष गर्नु पर्दछ" भन्ने प्रस्ताव पारित

---

[६६५] (क) गणेशमान सिंह, "यथार्थमा महान साथी सुवर्णजी", *राष्ट्रिय पुनर्जागरण,* अङ्क ६, माथवरसिंह बस्नेत (सं./प्र.), काठमाडौँ : २०४१ साउन, पृ. ८ ।
(ख) यज्ञनाथ आचार्य, *सुवर्ण शमशेर राणा र प्रजातान्त्रिक आन्दोलन,* काठमाडौँ : हेमाद्री शमशेर राणा, २०६०, पृ. १११ ।

[६६६] (क) जगन्नाथ आचार्य, "सुवर्णजीको गौरवपूर्ण इतिहास", *सुवर्ण शमशेर एक व्यक्ति अनेक आयाम,* बलबहादुर स्वाँर (सं.), काठमाडौँ : सुवर्ण स्मृति तथा प्रजातान्त्रिक चिन्तन प्रतिष्ठान, २०५८, पृ. १५२-१५३ ।
(ख) चिरन्जीवी वाग्ले, "दुरदर्शि नेता सुवर्ण शमशेर", *पूर्ववत्,* पृ. ५० ।
(ग) परमानन्द, टिप्पणी संख्या ३४ (क), पृ. ९२-९३ ।
(घ) *दिनमान,* १८-२४ डिसेम्बर १९७७, पृ. ३१ ।

[६६७] अधिकारी (शास्त्री), टिप्पणी संख्या ७९, पृ. ५०२ ।

[६६८] महेश्वरलाल श्रेष्ठ, निलाम्बर पन्थी, डिल्लीरमण शर्मासँगका अन्तर्वार्ताहरू ।

गरिएको थियो ।[६६९] उक्त सम्मेलनपश्चात त्यसको निर्णय कलकत्तास्थित सुवर्ण शमशेरको कार्यालयमा पठाइ एकात्मक नीति बनाएर आन्दोलनका कार्यक्रम तय गर्न अनुरोध गर्दा त्यताबाट कुनै प्रतिक्रिया आएन ।[६७०] यसप्रकार पहिला हुन नसकेको कार्यलाई वी.पी. को प्रथम चरणको उपचारपश्चात सुवर्ण शमशेरले पूरा गरी पार्टी एकताको सन्देश दिए ।

सुवर्ण शमशेरसँग यसप्रकार भेटेर २०१७ साल पौष १ गतेपछि उनले संचालन गर्दै आएको पार्टी सभापतिको दायित्व फिर्ता लिएपछि वी.पी. भारतका विभिन्न क्षेत्रको भ्रमणमा निस्किए । उनले यसक्रममा बम्बई, दिल्लीजस्ता महत्वपूर्ण भारतीय सहरहरूको भ्रमण गरी आफ्ना शुभेच्छुक, मित्र, पत्रकार आदिसँग भेटदै र धारणा स्पष्ट गर्दै हिंडे । पत्रकारहरूका जिज्ञासा शान्त पार्ने क्रममा "म जरैदेखि नेतृत्व तयार गर्न चाहन्छु, म देश, जनता, मेरा सहयोगीहरू एवं नरेशका बीच आशा प्रकट गर्न नेपाल जाँदैछु, म २०३३ सालमा जाँदाको भन्दा नेपालमा हालको परिस्थितिमा व्यापक अन्तर आएको छ" आदि धारणा राखेका थिए ।[६७१] यसरी भारतका विभिन्न क्षेत्रमा पनि उनले मेलमिलाप नीतिको प्रचार प्रसारका साथै आफ्ना मित्र एवं राजनेता आदिसँग नैतिक समर्थन प्राप्त गर्दै २०३४ साल कार्तिक १५ गते पटना आइपुगे ।

राजाबाट उपचारका लागि मात्र छाडिएको हुनाले वी.पी. २०३४ साल कार्तिक २३ गते काठमाडौं फर्कने निश्चय भइसकेको थियो । नेपाल सरकारले उनलाई लगाएका मुद्दाहरूको कुनै किनारा नलागेको हुनाले उनी काठमाडौं पुग्ना साथ के हुन्छ भन्न सकिने स्थिति थिएन । तत्कालीन सरकारको नीति कार्यशैली आदिका आधारमा नेपाल पुग्ना साथ थुन्ने एवं अदालतमा उभ्याउने संभावना नै बढी थियो । तसर्थ उनको उपस्थितिमा नै पार्टीको नेतृत्व चयनदेखि भावी कार्य नीतिसम्मको व्यवस्थापन मिलाइनु पर्दछ भन्ने सुझाव युवा कार्यकर्ता पंक्तिबाट दवावकै रूपमा अगाडि सारिएको थियो । जसबाट संगठनमा गतिशिलता आउनुका साथै जेलबाट नेताहरू छुटाउनेलगायतका गतिविधि परिचालन गर्न समेत सजिलो हुने भएकाले यसपटक पटनामा कार्यकर्ता सम्मेलनको आयोजना गरिएको थियो । उक्त सम्मेलनमा भाग लिनका लागि नेपालबाट कृष्णप्रसाद भट्टराईलगायतका नेतृत्व तहका मानिसहरू पहिल्यै भारत पुगिसकेका थिए । त्यसबाहेक १५ कार्तिकसम्ममा देशका कुना-कुनाबाट प्रशस्त युवा, तरुण, विद्यार्थी, शिक्षक, प्राध्यापक, पत्रकारलगायत ठूलो संख्यामा कार्यकर्ताहरू र भारतका विभिन्न ठाउँमा रहेका नेता,

---

[६६९] (क) रामचन्द्र पौडेल, "मेरो स्मृति पटलमा नेता सुवर्ण शमशेर", *सुवर्ण शमशेर एक व्यक्ति अनेक आयाम*, बलबहादुर स्वाँर (सं.), काठमाडौं : सुवर्ण स्मृति तथा प्रजातान्त्रिक चिन्तन प्रतिष्ठान, २०५८, पृ. २९ ।
(ख) गिरिराज आचार्य, टिप्पणी संख्या ८१ (ख) ।

[६७०] *पूर्ववत्* (ख) ।

[६७१] (क) अधिकारी (शास्त्री), टिप्पणी संख्या ७९, पृ. ५०५ ।
(ख) *तरुण*, टिप्पणी संख्या ३२२, पृ. १३-१४ ।

कार्यकर्ता, नेपाली विद्यार्थी आदि पटनामा पुगिसकेका थिए । वी.पी. पटना विमानस्थलमा उत्रदा स्वागत गर्न जाने जनसमूहमा करिब १ हजारजति नेपाली कांग्रेसका कार्यकर्ताहरू मात्र थिए ।[६७२]

पटना उत्रिएको दिन वी.पी. ले नेतृत्व तहका साथीहरूलाई राखेर सामान्य कुराकुनी एवं छलफल गरी आफ्नो धारणा राखेर पार्टी संगठन बलियो बनाउन सुझाव लिने काम गरे । त्यसको भोलिपल्ट अर्थात कार्तिक १६ गते वी.पी. को अध्यक्षतामा नेपाली कांग्रेसको कार्यकर्ता सम्मेलन प्रारम्भ गरियो । सम्मेलनलाई सम्बोधन गर्दै कृष्णप्रसाद भट्टराईले नेपालको तत्कालीन राजनैतिक वातावरणमा प्रशस्त तरुणहरूको नेपाली कांग्रेसप्रतिको आकर्षण सुनौलो भविष्यको सुचक हो र एकजुट भएर काम गरेमा हाम्रो चाहना पूरा हुन्छ भन्ने सन्देश दिए भने गिरिजाप्रसाद कोइरालाले मेलमिलाप नीति प्रभावकारी हुँदै गएको जनाउँदै राजबन्दी रिहाइ एवं मानवअधिकार वहालीका लागि दवाव दिनका लागि अनुरोध गरे ।[६७३] त्यसपछि वी.पी. ले अध्यक्षको आसनबाट व्यक्त गरेका विचारका प्रमुख अंशहरू निम्नप्रकार छन् :

> ... यो सभा अनौपचारिक अर्थात इन्फर्मल भेला हो, यसको उद्देश्य मेरो नेपाल वापसि पछिको अनिश्चित भविष्यका कारणले भेटन पाइन्छ कि पाइन्न भनेर बोलाएको हो । राजनैतिक निर्णय लिने अधिकार यस सभालाई छ जस्तो मलाइ लाग्दैन । हामीले जे सुकै पनि निर्णय लिनुपर्ने हो त्यो आफ्नै देश भित्र नै लिनु पर्दछ । ... सुवर्णजीसँग विचारको आदान प्रदान भयो र वहाँले सम्पूर्ण अधिकार मलाइ नेपाली कांग्रेसको अध्यक्षको रूपमा सुम्पनु भयो । आफ्ना सहयोगिहरूलाई पनि तदनुरूप आदेश दिइसक्नु भयो । ... यो खुसीको कुरा छ कि हाम्रा बीचमा श्री कृष्णप्रसाद भट्टराई हाम्रा पुराना साथी पनि उपस्थित हुनुहुन्छ । म जेलमा परे पनि वहाँको पथ प्रदर्शन र निर्देशन साथीहरूले पाइरहने छन् ।...[६७४]

वास्तवमा वी.पी. लाई काठमाडौं फर्कना साथ थुनिने कुरामा कुनै शंका नभएकाले कृष्णप्रसाद भट्टराईलाई यसै भेलासमक्ष पार्टीको कार्यवाहक सभापतिका रूपमा घोषणा गरी मनोनयन गरेका थिए ।[६७५] पटनास्थित एम.एल.ए. क्लब हलमा आयोजित यस भेलासम्बन्धी सम्पूर्ण तयारी एवं व्यवस्थापन गिरिजाप्रसाद कोइराला एवं नोना कोइरालाको अग्रसरतामा भएको थियो र निजहरूले केही हप्ता अघि पटनामै नेपाली कांग्रेसको बैठक बोलाएर भेला आयोजना गर्ने निश्चय गरी पत्राचारलगायतका सबै तारतम्य मिलाएका थिए ।[६७६]

२०१७ सालको शाही कदमसँगै गिरफ्तार भएर लामो समय जेल बसेका कृष्णप्रसाद भट्टराईले त्यसपछिका करिब १७ वर्षसम्म पार्टीभित्र देखापरेका वी.पी. र सुवर्णका लाइनमध्ये

---

[६७२] गिरिराज आचार्य, दानबहादुर भुषाल, निलाम्बर पन्थी, गोविन्द कँडेल, डिल्लीरमण शर्मा, ज्ञानिशंकर गिरीसँगका अन्तर्वार्ताहरू ।

[६७३] अशोक कोइराला, उमेश गिरी, जितबहादुर पुरी, ज्ञानीशंकर गिरी, निलाम्बर पन्थी, गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।

[६७४] विस्तृतिका लागि नेपाली कांग्रेसका अध्यक्ष श्री विश्वेश्वरप्रसाद कोइरालाले पटना एम.एल.ए. क्लब हलमा सन् १९७७ नोभेम्बर १ मा कार्यकर्तालाई गर्नु भएको सम्बोधन भाषण, "म जेल परेमा श्री कृष्णप्रसाद भट्टराईको निर्देशन साथीहरूले पाइरहने छन्" ।

[६७५] गिरिराज आचार्य, "प्रतिवन्धित नेपाली कांग्रेसको पटना सम्मेलन-१", *पूर्व टाइम्स,* वर्ष १७, अङ्क ३७, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५७ वैशाख ३ ।

[६७६] (क) *पूर्ववत्* ।
(ख) नोना कोइराला, टिप्पणी संख्या १४० (ख) ।

कुनैलाई पनि अनुकरण नगरी नेपालभित्रै बसेर शान्तिपूर्ण आन्दोलनको आधार तयार गर्ने नीतिअनुरूप काम गरेका थिए । आफूलाई पंचायती व्यवस्थाको एक प्रमुख दुश्मन घोषणा गरेपछि नेपालमा उत्पन्न विषम परिस्थितिमा बरु पटक-पटक जेल जीवनलाई सहजै स्वीकार गरे तर भारत प्रवाशलाई कहिल्यै रोजेनन् । नेपालभित्रै बसरे चर्को पंचायती दमनको सामना गर्दै विद्यार्थी संगठन निर्माण एवं परिचालनमा सहयोग र तरुण कार्यकर्ता उत्साहित पार्नेलगायतका कार्यद्वारा मुलुकभित्रै शान्तिपूर्ण आन्दोलनको पूर्वाधार तयार गर्नेतर्फ नै सक्रिय रहे । त्यो कुरा बुझेका वी.पी. ले मेलमिलाप नीति लिएर नेपाल फर्कने निश्चयसँगै आफू र गणेशमान हतियार उठाएका व्यक्ति भएकाले मेलमिलापको नेतृत्व गर्न नमिल्ने ठानेर आफ्ना खास मानिसहरूसँग गोप्य परामर्शसमेत गरी हतियार नउठाउने चोखो चेहरा भट्टराईलाई मेलमिलापको अग्रदुत अर्थात कार्यवाहक अध्यक्ष बनाउने निर्णय गरिसकेका थिए ।[६७७] तसर्थ उनले २०३३ सालमै रामचन्द्र पौडेलमार्फत सन्देश पठाई भट्टराईलाई बनारसमा बोलाएका पनि थिए । तर त्यसबखत उनले भारत जान अस्वीकार गर्नाले हुन नसकेको कार्य २०३४ साल कार्तिक १६ गते भारतकै पटनामा पुरा भयो ।[६७८] जे भए तापनि पटना भेलामा वी.पी. ले भट्टराईलाई कार्यवाहक सभापति मनोनित गरेर उनको अडानलाई एक प्रकारले सम्मानित गर्नुका साथै नयाँ परिस्थितिमा पार्टीलाई संगठित गर्ने चुनौतिपूर्ण काम पनि सुम्पिए ।[६७९] वी.पी. द्वारा कार्यवाहक सभापतिको जिम्मेवारी दिएपछि स्वीकार गरेका भट्टराईले त्यही भेलामा परशुनारायण चौधरी र गिरिजाप्रसाद कोइरालालाई पार्टीको महामन्त्रीमा मनोनित गरेको घोषणा गर्दै गिरिजाले प्रवाशको र चौधरीले देशभित्रको काम सम्हाल्ने गरी कार्यभारसमेत तोकिदिए ।[६८०]

वी.पी. कै समुपस्थितिमा यसरी संगठनको प्रारम्भिक तारम्य मिलाइनाले र वी.पी. थुनिए पनि नेतृत्व प्रदान गर्ने व्यवस्था गरिनाले कार्यकर्ताहरूमा अत्यन्त उत्साह छायो । पार्टीका सामान्य कार्यकर्तादेखि बुद्धिजीवीसम्मले अब देशमा पक्का पनि केही हुन्छ भन्ने अनुमान गर्न थाले । २०१७ सालपश्चात देशभित्र कुनै पनि जिम्मेवार नेताको उपस्थिति नहुँदा भताभुङ्ग जस्तै हुन पुगेको संगठन पुनः संगठित हुने परिवेश प्रारम्भ भयो । वी.पी. ले २०३३ साल पौष १६ गते नेपाल प्रवेश गरेर कार्यकर्तामा जगाएको हौसला र अदालतमा निडरता साथ बयान दिएर उत्पन्न गराएको हलचललाई संगठनात्मक स्वरूपमा परिणत गर्ने कार्यको विधिवत थालनी भयो ।

पटना सम्मेलनपछि केही दिन पारिवारिक भेटघाटमा विताएर कार्तिक २३ गते नेपाल फर्केका वी.पी. लाई पुनः बन्दीगृहमा पुऱ्याइयो । त्यसको भोलिपल्ट अर्थात कार्तिक २४ गते

---

[६७७] गौतम, टिप्पणी संख्या ६१, पृ. १००-१०१ ।

[६७८] रामचन्द्र पौडेल, टिप्पणी संख्या ६३ (ख) ।

[६७९] सिंह, टिप्पणी संख्या ३३६ (ङ), पृ. ३ ।

[६८०] (क) *पूर्ववत्* ।
(ख) गिरिराज आचार्य, शुशिल कोइराला, शैलजा आचार्य, निलाम्बर पन्थीसँगका अन्तर्वार्ता ।

कलकत्तास्थित आफ्नै निवासमा सुवर्ण शमशेरको निधन भयो । कलकत्तामै अत्यन्त सादगि साथ दाहसंस्कार गरेपछि हवाई जहाजद्वारा अस्थिकलश काठमाडौं ल्याइयो । कार्तिक २६ गते ल्याइएको उक्त अस्थिकलशलाई विमानस्थल बाहिर एउटा जीपमा राखि कृष्णप्रसाद भट्टराई, टंकप्रसाद आचार्य, डिल्लीरमण रेग्मीलगायतका प्रतिपक्षीय नेता एवं कार्यकर्ताहरूले पुष्प गुच्छा अर्पण गरी शवयात्राका रूपमा आर्यघाट पुऱ्याएर विसर्जन गरियो ।[६८१]

२०३३ सालभन्दा अगाडि नेपाली कांग्रेसको संगठनात्मक स्वरूप त्रिकोणात्मक रूपमा चलेको देखिन्छ । सुवर्णको नेतृत्वमा गठित र वी.पी. बाट आधिकारिक संगठनको मान्यता पाएको समितिले कलकत्तालाई केन्द्रबिन्दु बनाएर राजासँग मेलमिलाप एवं समझदारी कायम गर्न प्रयास गर्दै थियो । वी.पी. एवं गणेशमानले क्रान्तिको मार्गमा बढेर हतियार उठाएका थिए । यिनीहरूको समूहमा उग्र विचार राख्ने तरुण एवं युवा कार्यकर्ताहरूको बाहुल्यता थियो । तर यो समूहलाई वी.पी. ले पार्टीको आधिकारिक धार वा लाइन भनेर कहिल्यै भनेको पाइँदैन । यसबाहेक कृष्णप्रसाद भट्टराईले प्रारम्भदेखि नै देशभित्र बसरे अहिंशात्मक आन्दोलनद्वारा परिवर्तन ल्याउने सोचअनुरूप काम गर्दै थिए । यसरी प्रक्रियागत रूपमा पार्टी तीन पक्षमा विभाजित भए तापनि यी तीनवटै समूहबीच मौलिक सिद्धान्तमा कुनै मतभेद थिएन । त्यो स्थितिमा वी.पी. मेलमिलाप नीति लिएर नेपाल प्रवेश गरेपछि सुवर्णको लाइन र वी.पी. को लाइन एकाकार हुनुका साथै करिब-करिब प्रवाशमा रहेको राजनीति नेपाल भित्रियो । फलस्वरूप कार्यकर्ता पंक्तिमा उत्साह छायो भने पंचायती व्यवस्थाको दमनबाट शिथिल जस्तो भएको प्रतिपक्षीय राजनीतिमा तरंग उत्पन्न भयो । त्यो अवस्थामा सरकारले दमनका नाममा वी.पी. एवं उनका अनुयायीहरूलाई थुन्ने, मुद्दा चलाउने, धरपकड गर्ने, देशव्यापि रूपमा ऱ्यालीको आयोजना गरी विरोधका प्रश्ताव पास गराउने जस्ता कार्य गर्नाले स्वतः नै देशव्यापि रूपमा नेपाली कांग्रेस एवं वी.पी. को प्रचार हुनपुग्यो । फलस्वरूप यसबारे केही जान्न र बुझ्न नपाएकाहरूले पनि वी.पी. एवं नेपाली कांग्रेसबारे जान्ने मौका पाए । त्यो स्थितिमा उपचारबाट फर्कदा वी.पी. ले सुवर्णसँगबाट लिइ भट्टराईलाई अध्यक्षता सुम्पेर संगठन निर्माणको जिम्मा दिएपछि उनीसँगै काम गरेर हुर्किएको देशभित्रको युवा कार्यकर्ता एवं तरुणहरूको जमात झन उत्साहित भएर संगठन सुदृढ अभियानमा सक्रिय हुन तम्तयार भयो ।

भट्टराईलाई कार्यवाहक अध्यक्ष बनाएपछि असन्तुष्ट हुनपुगेको सुवर्णको नेतृत्वमा गठित कार्य समितिले २०३४ साल मंसिर ६ गते कलकत्तामा बैठक सम्पन्न गऱ्यो । जसमा वी.पी. कोइरलाको अध्यक्षता र नेतृत्वमा काम गर्ने दृढता व्यक्त गर्दै उनी जेलमुक्त नहुँदासम्म यो कार्य समिति भंग नगर्ने निर्णय गरियो ।[६८२] यो निर्णयका पछाडि सुवर्णको चाहनाअनुसार वी.पी. ले काउन्शिल गठनबारे केही नबोलेको, कृष्णप्रसाद भट्टराईलाई कार्यवाहक अध्यक्षमा मनोनित गरेको र

---

[६८१] तरुण, टिप्पणी संख्या ३२२, पृ. ३२ ।

[६८२] अधिकारी (शास्त्री), टिप्पणी संख्या ७९, पृ. ५०८-५०९ ।

भट्टराईले गिरिजाप्रसाद कोइरालालाई महामन्त्रीमा मनोनयन गरी भद्रकाली मिश्रलाई हटाएको आदि कार्यबाट उत्पन्न असन्तोषले काम गरेको जस्तो देखिन्छ । तर उनीहरूको यो कार्य वा असन्तोषलाई खासै वास्ता नगरी कार्यवाहक अध्यक्ष भट्टराईले बी.पी. सँगको सहमतिअनुसार पार्टी सुदृढ बनाउने उद्देश्यअनुरूप काम गर्न थाले ।[६८३] उनले यसक्रममा सबै पुराना समिति, सम्पर्क समिति एवं पदहरू भंग तथा निलम्बन गरेर सांगठनिक विस्तारका लागि पहल सुरु गरे । उनले नेपालभित्रै बसेर काम गरिरहेका हुनाले नेपाल विद्यार्थी संघमार्फत आएको तन्नेरी पुस्तासँग धेरै भिजेका थिए र यिनलाई साथ लिएर काम गर्ने नीति लिए । उनको यस्तो नीतिलाई आफूप्रतिको उपेक्षा ठानेर प्रवाशमा रही दुःख एवं हण्डर खेप्दै काम गरेका खास गरी सुवर्ण समूहका पुराना नेता एवं कार्यकर्ताहरू उनीसँग चिढिएर असन्तुष्ट हुन थाले । परिणामस्वरूप व्यवहारिक रूपमा पार्टी एकजुट हुन सकेन । तर देशभित्र भने उनको प्रयासले पार्टीमा नयाँ सोच एवं चिन्तन प्रारम्भ हुन गई देशव्यापि संगठनात्मक ढाँचामा परिवर्तन आउन थाल्यो ।

संगठनात्मक तारतम्य मिलाउने कार्यसँगै भट्टराईले विद्यार्थी समूह एवं तरुणहरूका माध्यमबाट राजबन्दी रिहाइ, मानवअधिकार बहालीलगायतका मागहरू उठाएर पूरा नगरेमा संघर्ष गर्ने धम्कि दिन थाले ।[६८४] जसलाई अन्तर्राष्ट्रिय क्षेत्रले समेत समर्थन गरेर राजालाई दवाव दिन थालेपछि राजाकै आदेशमा बी.पी. लाई उपचारका लागि अदालतबाट खुला तारेखमा रिहा गरियो । त्यसपछि गणेशमान सिंहको रिहाइका लागि दवावमुलक कार्यक्रम अगाडि सारेका भट्टराईले २०३५ सालको प्रारम्भसँगै संगठन सुदृढीकरणका लागि उपत्यका बाहिरका विभिन्न भागको भ्रमण गर्ने कार्यक्रम बनाए । प्रारम्भमा भ्रमणका लागि पूर्वाञ्चललाई छानेर २०३५ साल वैशाख ७ गते काठमाडौंबाट निस्कि जेठ १३ गतेसम्म विभिन्न ठाउँमा पुगेर जनसम्पर्क अभियानलाई तिब्र बनाए ।[६८५] विगत १८ वर्षदेखि विच्छेद भएको जनसर्म्पक अभियानको तन्तुलाई जोडनका लागि पुराना एवं नयाँ सहकर्मिहरूसँग भेटघाट गरेर एकता स्थापित गर्ने उद्देश्यले गरिएको यो भ्रमणलाई पनि तत्कालीन सरकारले सहन सकेन । तसर्थ सरकारको निर्देशन एवं सहयोगमा कलैया, राजविराज, सिराहा, विराटनगर, झापालगायतका क्षेत्रमा प्रहरीको संरक्षणमा आएका राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलका कार्यकर्ता, गाउँ फर्क एवं पंचायतको वर्गीय संगठनका पदाधिकारीलगायतको समूहद्वारा घेराउ, कालो झण्डा प्रदर्शन, अश्लिल नाराबाजी, पथरावलगायतका अमर्यादित क्रियाकलापहरू प्रदर्शन गरिए ।[६८६]

---

[६८३] मुरारीकृष्ण गौतम, "अन्तरिम शासनकाल २०४६ मा कृष्णप्रसाद भट्टराईको भूमिका", स्नातकोत्तर शोधपत्र (अप्रकाशित), इतिहास केन्द्रीय शिक्षण विभाग, त्रि.वि., कीर्तिपुर, २०४९, पृ. २४ ।

[६८४] विमलेन्द्रनीधि, बालकृष्ण खाँण, गंगाधर लम्साल, महन्थ ठाकुर, वृखेशचन्द्रलाल, राजेन्द्रनीधि कोइराला, ऋषिकेश तिवारी, लालकिशोर शाहसँगका अन्तर्वार्ताहरू ।

[६८५] *दिनमान,* ३० जुलाइदेखि ५ अगस्ट १९७८, पृ. ३० ।

[६८६] (क) *पूर्ववत्* ।
(ख) *तरुण,* टिप्पणी संख्या २८५ (ख), पृ. ३९-४० ।

पूर्वाञ्चल भ्रमणका क्रमको प्ररम्भमा स्थानीय प्रशासनले तटस्थता देखाउने प्रयास गर्नुका साथै पंचायत पक्षीयहरूलाई भने पूर्ण रूपले सुरक्षा दिने कार्य गरेको थियो । त्यसबखत जनसम्पर्कमा हिंडेका नेताहरूलाई कार्यक्रम नगर्नुस् हामी सुरक्षा दिन सक्दैनौं भन्ने आसयका सन्देश पठाउने, रोक्न खोज्ने तर गिरफ्तारीलगायतका प्रत्यक्ष संलग्नता देखिने कार्य भने नगर्ने नीति अवलम्बन गरेको देखिन्छ । तर जनताहरू भने डरलाई फ्याकेर हरेक कार्यक्रममा उपस्थित हुने, संयमित रूपले दमनको सामना गर्ने र आफ्ना नेतालाई सुरक्षा दिनेलगायतका कार्यमा अग्रसर रहेको पाइन्छ । जनताहरू हरेक कार्यक्रममा ओइरिने क्रम बढ्न थालेपछि सरकारले आफ्नो संरक्षणमा विरोध प्रदर्शनको अभियानलाई तिब्रता दिन थाल्यो । फलस्वरूप पंचायतका स्थानीय निकायदेखि केन्द्रसम्मका पदाधिकारी एवं कार्यकर्ताहरूले प्रहरीको संरक्षणमा कालो झण्डा बोकेर ठाउँ-ठाउँमा पंचायती व्यवस्था अमर रहोस्, पंचायत विरोधी तत्व मुर्दावाद, कृष्णप्रसाद भट्टराई मुर्दावादजस्ता नारा लगाउने, बीच बाटोमा अवरोध सिर्जना गरी बसबाट ओरालेर निश्चित तिथी र समयमा हिडेको ठाउँमा पुग्न नदिनेलगायतका कार्यहरू सम्पादन गरे ।[६८७] तर पनि कांग्रेसका कार्यकर्ताहरूले संयमता र अनुशाशित भावना प्रदर्शन गर्दै प्रतिरोधमा नओर्लि दमनका प्रयासलाई हाँसि-हाँसि सामना गरे । फलस्वरू भट्टराई पूर्वाञ्चलका महत्वपूर्ण स्थानहरूमा पुगेर जनताको सहानुभूति, सहयोग, माया एवं आस्थाको भावनात्मक समर्थन प्राप्त गर्न सफल भए ।

भ्रमणका क्रममा विभिन्न ठाउँमा हजरौंको संख्यामा जनसमूह उपस्थित भई उनीसँग पार्टीको भावी कार्यक्रम, मेलमिलाप नीति र यसका तहत हुने आगामी संघर्षको स्वरूपबारे छलफल गरे । वीरगंजदेखि झापासम्मका प्रत्येक सभा, छलफल, भेटघाट आदिमा भट्टराईले आफू पंचायत विरोधी भएको उदघोषसहित राजाप्रतिको धारणा र मेलमिलापको अर्थ बुझाउँदै राजालाई संवैधानिक दायरामा राखेर मानवअधिकार वहाली गर्नु नै नेपाली कांग्रेसको प्रमुख लक्ष्य भएको स्पष्ट गरेका थिए ।[६८८] कुनै अप्रिय घटना बिना सम्पन्न भएको यस भ्रमणले जनस्तरमा नेपाली कांग्रेसको सक्रिय भूमिका तथा अस्तित्वको बोध गराई जनचेतना जगाउने, २०१७ सालपछि जनतामा फैलिएको डर त्रासको वातावरण हटाउने, स्वतन्त्रता एवं मानवअधिकार प्राप्तिका लागि जनअग्रसरता बृद्धि गर्ने, पार्टीगत संगठन बलियो पार्ने, राजबन्दी रिहाइको आवाज उठाएर आधार तयार गर्ने, पंचायत विरोधी अन्य समूहलाई पनि क्रियाशिल बनाएर तिनबाट सहानुभूति प्राप्त गर्नेलगायतका उपलब्धि हासिल गर्न सफल भयो ।

---

[६८७] (क) *पूर्ववत्* ।
(ख) गिरिराज आचार्य, पद्मकेशर कार्की, सुधिर सिवाकोटी, शंकर उप्रेती, मंगलचन अग्रवाल, लालकिशोर शाह आदिसँगका विभिन्न अन्तर्वार्ताहरू ।

[६८८] (क) विस्तृतिका लागि *तरुण*, टिप्पणी संख्या २९७ (क), पृ. ३२-३६ ।
(ख) जितबहादुर पुरी, गिरिराज आचार्य, चिरन्जीवी वाग्ले, गोपालकुमार बस्नेत, रमेश रिजाल, देवेन्द्र नेपालीसँगका अन्तर्वार्ताहरू ।

अमेरिकाबाट दोस्रो पटक उपचार गराई फर्केका वी.पी. लाई सरकारले गिरफ्तार गर्न नसकेपछि पार्टीको संगठनात्मक स्वरूपले झन गति लिन थाल्यो । त्यो स्थितिबाट उत्साहित भएका कार्यवाहक अध्यक्ष भट्टराईले नेपाल विद्यार्थी संघ (ने.वि. संघ) बाट आएका कार्यकर्ताहरूलाई संरक्षण दिएर परिचालित गरी राष्ट्रिय मेलमिलापको नीतिलाई आफ्नै किसिमले व्याख्या गर्दै संघर्षको नीति प्रचार गर्नेतर्फ लागे ।[६८९] उनले पुराना कार्य समिति भंग गरी नयाँ बनाउने कार्य गर्दा सुवर्णको पालामा बनेका कमिटिका सबैलाई हटाइनाले उक्त समूहका कार्यकर्ताहरूले उपेक्षित महसुस गर्न पुगे ।[६९०] त्यो स्थितिमा जेलमुक्त हुन पुगेका गणेशमान सिंहले सर्वप्रथम अझै जेलमा थुनिइरहेका साथीहरूलाई भेटेर "धेरै आशावादी नहुने तर हरेश खाने काम छैन" भन्ने सन्देश दिइ वी.पी. एवं भट्टराईसँग भेटी परिस्थितिको मूल्याङ्कनतर्फ लागे ।[६९१]

दमनद्वारा समाप्त पार्ने सोच लिएको सरकारले अन्तमा परिस्थितिसँग सम्झौता गरी वी.पी. एवं गणेशमानलगायतलाई तारेखमा मुक्त गऱ्यो । यसबाट नेपाली कांग्रेसको कार्यकर्ता पंक्तिमा उत्साह छाई देशव्यापी हलचल उत्पन्न भयो । फलस्वरूप नेपालमा पुनः एकपटक नेपाली कांग्रेस र वी.पी. को चर्चा जोडतोड साथ हुन थाल्यो । तर मुक्तको अनुभवपछि अवलम्बन गर्ने योजनाबद्ध र स्पष्ट राजनीतिक कार्यक्रमको अभाव एवं गाउँ फर्कको लौह पकडद्वारा एकिकृत भएको पंचायती व्यवस्थाको विगविगिमा अब के गर्ने ? भन्ने जटिल प्रश्न नेताहरू समक्ष उपस्थित भयो ।[६९२] जसको समाधानका लागि वी.पी. एवं गणेशमानले एकान्तमा बसेर प्रशस्त छलफल गर्न थाले । लामो छलफल एवं विचार विमर्शपछि बलियो संगठन निर्माण गरेर पंचायती संविधान र व्यवस्थालाई क्रमशः चुनौती दिँदै जाने, संगठन दुरुस्त पार्ने क्रममा जनसम्पर्क बृद्धि गर्दै पंचायतमा लागेका आफ्ना पुराना मानिसलाई पनि आकर्षित गर्ने र कुटनैतिक क्षेत्रको सम्पर्क व्यापक बनाउँदै लाने कुरामा सहमति भयो ।[६९३] तर संगठन विस्तारका लागि अपनाउने माध्यम र राजाप्रतिको धारणामा भने यी दुवै नेताको मत मिल्न सकेन । किनकी गणेशमान आन्दोलनलाई संगठन विस्तारको माध्यम बनाउने र राजाले नै पंचायतको प्रारम्भ गरी टिकाउने कामसमेत गरेकाले पंचायतको मात्र विरोध नगरी राजाकै विरोध गर्नुपर्ने अडानमा थिए भने वी.पी. तुरुन्त संघर्ष र आन्दोलन गर्न नहुने एवं राजालाई पंचायतसँग गास्न नहुने सोचअनुरूप राजासँग मेलमिलाप गर्ने पक्षमा थिए ।[६९४] दुवै जना प्रमुख नेता आ-आफ्ना धारणाबाट हटन नमानेपछि केही दिन वहस एवं विचार विमर्श चल्यो । जसका अन्तमा सबैले

---

[६८९] अधिकारी (शास्त्री), टिप्पणी संख्या ७९, पृ. ५०७ ।

[६९०] ज्ञानीशंकर गिरी, भागवत दुवे, निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।

[६९१] गणेशमान सिंह, "टंकप्रसादजीले पुराना कुरा संझाउनु भयो", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५२ मंसिर १९, पृ. ३ ।

[६९२] गणेशमान सिंह, "त्यसबेला प्रश्न खडा भयो अब के गर्ने ?", *पूर्ववत्,* २०५२ माघ २३, पृ. ३ ।

[६९३] गणेशमान सिंह, "कोइरालाजीसँग मेरो मतभेद थियो", *पूर्ववत्,* २०५२ फागुन १, पृ. ३ ।

[६९४] *पूर्ववत्* ।

आ-आफ्नो धारणा एवं दृष्टिकोणअनुरूप काम गरी अनुकूल परिस्थिति निर्माणतर्फ सक्रिय हुने र उपयुक्त वातावरण निर्माण गरेपछि पुनः छलफल गरेर निर्णयमा पुग्ने सहमति कायम भयो ।[६९५]

सुवर्ण शमशेरको कार्य समितिका केही पदाधिकारी एवं तिनका समर्थकहरूले भट्टराईलाई कार्यवाहक अध्यक्षको रूपमा स्वीकार गर्न नसकेको कुरा २०३४ साल मंसिर ६ गते कलकत्तामा बसेको उनीहरूको बैठकमा गरिएको निर्णयबाट नै प्रस्ट हुन्छ । त्यसको ६ महिनापछि २०३५ साल जेठ २२ गते उक्त समितिका २१ जना पदाधिकारीसहित ३८ जनाको समूहले ललितपुरस्थित किरण भवनमा भेला भएर एक वक्तव्य जारी गरे । जसमा सुवर्णद्वारा १५ मे १९६८ (२०२५ साल जेठ २ गते) जारी गरेको वक्तव्यको भावअनुरूप काम गर्ने प्रतिबद्धता जनाउँदै यस विरुद्ध आचरण गर्नेहरूसँग आफ्नो कुनै सम्बन्ध नरहने....[६९६] भन्दै आफ्नो धारणा सार्वजनिक गरे ।

यस वक्तव्यपश्चात पार्टीमा भित्रभित्रै गुम्सिएर रहेको विवाद एवं मतभिन्नता खुलेर आयो । जसलाई मिलाउन वी.पी. ले गरेका प्रयास पनि सफल हुन सकेनन् । फलस्वरूप उक्त वक्तव्य दिने ३८ जनासहित ४०-४५ जनाजति काठमाडौंमा जुटेर अच्युतराज रेग्मीका घरमा बखान सिंहको अध्यक्षतामा बैठक गरे ।[६९७] जसमा राजाको इशारामा काम गरिरहेका शशी शमशेर, काशिनाथ गौतम, वेनीबहादुर कार्की आदिले भट्टराईलाई मानेर बस्न नसकिने भएकाले अब अर्को पार्टी नबनाइ हुँदैन भन्ने तर्क राखी उत्तेजित पार्ने काम गरे ।[६९८] तर पनि एकपटक वी.पी. सँग भेटेर प्रत्यक्ष कुराकानी गरेर निर्णय गर्नु राम्रो भन्ने कुरा पनि उठयो । अर्कोतिर वी.पी. ले यो भेलाको खबर उद्देश्यसहित थाहा पाएपछि पार्टी तोडर एकता भंग नगर्ने आसयको समाचार बखान सिंहसमक्ष पुऱ्याउन खटाएका भागवत दुवेले निजलाई भेटी सबै बताएर वी.पी. सँग भेटन अनुरोध गरे तापनि काशिनाथ गौतम र वेनीबहादुर कार्कीको दवावमा परेका बखान सिंहले त्यो हिम्मत गर्न सकेनन् ।[६९९] फलस्वरूप उक्त बैठकमा छलफल गरी अन्तमा छुट्टै संगठन तयार गर्ने निर्णय गरियो ।

पार्टी फुटाउने निर्णयपछि जनकपुरका सुरेशमान जोशीलगायतको एक समूह चावेलस्थित वी.पी. को निवासमा पुगी उनलाई हामी भट्टराईलाई कार्यवाहक अध्यक्ष मान्न तयार नभएकाले बखान सिंहलाई सभापति बनाउने भयौं भन्ने जानकारी दिए ।[७००] जवाफमा वी.पी. ले पार्टीको नाम नेपाली कांग्रेस नै राख्नु र उक्त कार्य समितिका हरेक निर्णयको एकप्रति म कहाँ पठाइ दिनु भन्दै

---

६९५ (क) *पूर्ववत्* ।
(ख) शैलजा आचार्य, रामचन्द्र पौडेल, निरन्जीवी वाग्लेसँगका अन्तर्वार्ताहरू ।

६९६ विस्तृतिका लागि प्रतिवन्धित नेपाली कांग्रेसका ३८ जना प्रमुख कार्यकर्ताहरूले २२ जेठ २०३५ मा दिएको वक्तव्य ।

६९७ ज्ञानीशकंर गिरी, टिप्पणी संख्या २० (ख) ।

६९८ भागवत दुवे, टिप्पणी संख्या ३१ (ख) ।

६९९ *पूर्ववत्* ।

७०० ज्ञानीशंकर गिरी, टिप्पणी संख्या २० (ख) ।

जसले जे नामबाट काम गरे पनि पंचायती व्यवस्था फाल्न लाग्नु पर्दछ भनेका थिए ।[७०१] यसप्रकार वी.पी. को मेलमिलाप नीतिरूपी दर्शनलाई राजाले बुझेर रिहाइ गरी हलचल युक्त वातावरण निर्माणको पृष्ठभूमि बनाउन सघाउ पुऱ्याए तापनि उनकै पार्टी भित्रका कार्यकर्ताले राम्रोसँग बुझ्न नसक्दा संगठन स्पष्ट रूपमा दुई समूहमा विभाजित भयो । त्यसपछि बखानको समूहलाई ३८ से कांग्रेसका नामले चिनिएर जिल्ला-जिल्लामा समेत संगठन दुई भागमा बाँडियो । तर वी.पी. को कुशल निर्देशन र नेतृत्वले गर्दा ३८ से समूह खासै चर्चामा आएन र जनतादेखि अन्तर्राष्ट्रिय क्षेत्रसम्मले नेपाली कांग्रेस भनेर वी.पी. कै समूहलाई आत्मसात गऱ्यो ।

## ३.९ रिहाइपश्चात सरकारको प्रतिक्रिया

राजाको आदेशमा अदालतबाट नै खुला तारेखमा रिहाइ गरिएपछि उपचार गराई फर्केका वी.पी. लाई पुनः गिरफ्तार गर्न कुनै पनि कानुनी आधार नपाएपछि सरकारले विरोध प्रदर्शनद्वारा आफ्नो असन्तुष्टि स्पष्ट गरिसकेको थियो । वी.पी. लाई राजाको आदेशमा छाडिएको हुँदा पुनः पक्रिनु भनेको राजाज्ञाको विरुद्ध जानु सुनिश्चित हुन्थ्यो भने अदालतले पनि अपराध प्रमाणित नगरी सफाई दिएकाले सरकार अप्ठ्यारोमा पऱ्यो । त्यो स्थितिमा भित्रभित्रै मुर्मुरिए पनि सरकारले देशव्यापी रूपमा कडा सजायको माग गर्दै प्रश्ताव पास गराउने बाहेक अरू केही गर्न सकेन । तसर्थ अदालतले सफाई दिएपछि गणेशमान सिंहलाई पनि छाडिदियो । यसप्रकार मुक्त हुन पुगेपछि वी.पी. र गणेशमान काठमाडौँमा नै बसेर क्रमशः सक्रिय हुनथाले । वी.पी. ले यसक्रममा सर्वप्रथम कार्यवाहक अध्यक्ष भट्टराई, नेता गणेशमान सिंह, महामन्त्री परशुनारायण चौधरीसँग छलफल गरी पार्टीलाई पुनः संगठित गर्नेतर्फ कदम चाल्ने निश्चय गरे ।

संगठन प्रारम्भका लागि सर्वप्रथम एउटा भेटघाट स्थलको आवश्यकता भयो । जहाँ बसेर विविध कार्य संचालन गर्न सकियोस् । तसर्थ साथीहरू भेला हुने, योजना बनाउने, छलफल गर्नेलगायतका कार्य गर्न काठमाडौँमा पार्टीको कार्यालय खोल्ने निश्चय गरेर घर खोज्दा कसैले पनि दिने हिम्मत नगरेपछि भेडासिङस्थित गणेशमान सिंहको घरमा नै कार्यालय खडा गरियो ।[७०२] आफ्ना धेरै साथीहरू जेलमा थुनिएको र विगत १८ वर्षसम्म पंचायती व्यवस्थाले नेपाली कांग्रेसलाई तहस नहस पार्न राष्ट्रिय ढुकुटी खर्च गरी देशका ४ हजारभन्दा बढी गाउँ पंचायत र तिनका वडादेखि केन्द्रसम्म नै निर्माण गरेको संगठनका विरुद्ध उभिने जस्तो साहसिक कार्य कार्यालय स्थापनापश्चात विधिवत प्रारम्भ भयो । जसमा वी.पी. ले मेलमिलाप नीतिको व्याख्या गर्ने, भट्टराईले संगठनको काम सम्हाल्ने,

---

७०१ *पूर्ववत्* ।

७०२ गणेशमान सिंह, "हाम्रो प्रस्थान विन्दु यस्तो थियो", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५२ फागुन ८, पृ. ३ ।

परशुनारायण चौधरीले कार्यालय हेर्ने र गणेशमान सिंहले संघर्षको वातावरण तयार गर्ने कार्यद्वारा गतिविधि प्रारम्भ गरियो ।[७०३]

नेपाली कांग्रेसले राजधानीमै कार्यालय खोलेर गतिविधि प्रारम्भ गरेपछि तत्कालीन सरकार झन सशंकित भयो । किनकी साँझ बिहान वी.पी. एवं गणेशमान सिंहको निवाशमा लाग्न थालेको भिडभन्दा पनि बढी भिड उक्त कार्यालयमा लाग्न थाल्यो । जसमा नेपाली कांग्रेस समर्थक कार्यकर्ताहरूका अलावा पंचायत विरोधी अन्य समूहका साथसाथै पेशाकर्मी, पत्रकार, विद्यार्थी, तरुण आदि ओइरिन थाले । कांग्रेसको यस कार्यबाट अरू दलहरू पनि उत्साहित भएर कार्यालय खोल्ने सुनिश्चित नै थियो । यसरी सरकार सशंकित भएर छटपटाइरहेकै बेलामा २०३५ साल कार्तिक १३ गते राजाबाट वी.पी. लाई दर्शनभेट दिई करिब १ घण्टा वार्तालाप गरे । उक्त वार्तालापका क्रममा वी.पी. ले अन्तर्राष्ट्रिय घटनाक्रम एवं राष्ट्रिय राजनीतिका विविध पक्षमाथि चर्चा गर्दै मुलुकको राष्ट्रियता जोगाउन र विकास गर्न राजशक्ति एवं जनशक्तिबीच मेल आवश्यक भएको स्पट गरे । लामो कुराकानीपश्चात अन्तमा राजाले तिमी लामो समयदेखि जेल या मुलुक बाहिर बसेको हुँदा जनताबाट टाढा भयौ, हाल तिनको अवस्थामा ठूलो परिवर्तन आइसकेको छ, तसर्थ पहिला देशभरी घुमेर परिस्थिति बुझ अनि मसँग पुनः भेटेर कुरा गरौंला भनी विदा गरे ।[७०४] त्यसको भोलिपल्ट वी.पी. ले राजा ज्यादै उदार तथा परिवर्तित समयसित चल्न तयार भएको पाएँ भनी पत्रकार भेटमा प्रतिक्रिया व्यक्त गरेपछि सरकारले सहमतिको संभावना स्पष्टदेखि झन सशंकित भयो । सरकार तर्सेकै बेला आएको पावन पर्व विजया दशमीका बेला आफ्नो पारिवारिक सम्बन्धका कारणले गाउँ फर्कका तत्कालीन अध्यक्ष विश्ववन्धु थापा वी.पी. सँग टिका थाप्न पुगे । यो समाचार बाहिर निस्कना साथ तत्कालीन सरकारले यसलाई ठूलो विषय बनाई श्री ५ को प्रमुख सचिव रन्जनराज खनालमार्फत यसबाट पंचहरूको वेइज्जती भयो, गाउँ फर्क सिद्धान्तविहीन भयो भन्ने खालका अनेकौं जाहेरी श्री ५ समक्ष पुऱ्यायो ।[७०५] फलस्वरूप राजाबाट थापालाई बोलाएर राजिनामा गर्न भनियो । वी.पी. सँग भेटेको अभियोगमा यसरी गाउँ फर्क अध्यक्ष विश्ववन्धु थापाले राजिनामा दिनु पऱ्यो ।[७०६]

अर्कोतिर नेपाली कांग्रेसका कार्यकारी अध्यक्ष भट्टराईले संगठनात्मक गतिविधिका साथै कुटनैतिक सम्पर्क बृद्धितर्फ पहल गर्दै थिए । जसबाट राजनैतिक गतिविधिमा सकारात्मक प्रभाव

---

७०३ *पूर्ववत्* ।

७०४ (क) गणेशमान सिंह, "निर्लज्जताको त्यो पराकाष्ठा थियो", *पूर्ववत्,* २०५२ फागुन १५, पृ. ३ ।
(ख) चटर्जी, टिप्पणी संख्या १७५, पृ. १३४-१३५ ।
(ग) रामचन्द्र पौडेल, पुरुषोत्तम बस्नेत, गिरिजाप्रसाद कोइरालासँगका अन्तर्वार्ताहरू ।

७०५ थापा, टिप्पणी संख्या १६३, पृ. ५१ ।

७०६ बराल, टिप्पणी संख्या ४३ (क), पृ. २८ ।

पर्दै थियो । देशका विभिन्न जिल्लामा जिल्ला समिति, नगर समिति गठन गरिनुका साथै क्षेत्रीय समिति एवं विभिन्न सम्पर्क समितिहरूसमेत विस्तार भइसकेका थिए ।[७०७] वी.पी. र गणेशमानका फाट्टफुट्ट निस्कन थालेका अन्तर्वार्ताले समाजका विभिन्न क्षेत्र एवं कुटनैतिक क्षेत्रमा प्रभाव विस्तार गर्दै थियो । फलस्वरूप भारत, अमेरिका, पश्चिम जर्मनीजस्ता मुलुकका दुवावासहरूले वी.पी., भट्टराई र सिंहलाई औपचारिक समारोहमा निम्त्याउने, डिनरमा बोलाउने, भेटेर कुराकानी गर्ने गर्न थाले ।[७०८] यसरी क्रमशः सकारात्मक प्रभाव पर्दै गएको स्थितिमा वी.पी. ले पार्टी कार्यालयमा एक दिन राजाले दर्शनभेटमा देशाटन गर्न भनेको कुरालाई आफूले सदासयता एवं चुनौती दुवै हो भन्ने ठानेर भ्रमणमा निस्कने निश्चय गरेको जानकारी दिए । भ्रमणबाट संगठन निर्माणमा बल पुग्ने र जनमानसमा देखिएको भय र त्रासको वातावरण हटने भएकाले भट्टराई एवं सिंहले त्यसमा तुरुन्त सहमति जनाए ।[७०९]

वी.पी. देश भ्रमणमा जाने भएपछि विविध छलफलको अन्तमा पहिला पोखरा जाने निश्चयसँगै २०३५ साल मंसिर १३ गतेको दिन पनि तय गरियो । यो कुरा प्रकाशमा आउना साथ एकै साथ सकारात्मक एवं नकारात्मक प्रतिक्रिया प्रारम्भ भए । समर्थकहरू खुसीले गदगद भएर स्वागतको तयारीमा लागे भने पंचायतभित्रका यथास्थितिवादीहरू भ्रमण सफल भएमा जनभावना प्रकट हुन गई राजासमेत छिटै प्रभावित हुने डरले आत्तिए । तसर्थ तिनका दवावमा तत्कालीन सरकारले कुनै पनि हालतले वी.पी. लाई पोखरा जान नदिने नीतिअनुरुप गाउँ फर्कलाई निर्देशन दिएपछि काठमाडौंमा पंचायती शक्तिकेन्द्रको गोप्य बैठक बस्यो ।[७१०] बैठकमा सरकारको प्रत्यक्ष संलग्नता नदेखिने गरी जनताहरू जुटाएर प्रतिकार गर्ने र वी.पी. लाई पोखरामा उत्रन नदिने निश्चय गरियो । उक्त निश्चयसँगै गाउँ फर्कले पश्चिमाञ्चल एवं आसपासका विभिन्न जिल्लामा आफ्ना निकायहरूलाई व्यापक जनपरिचालन गरी प्रतिकारका लागि तयारी गर्न गोप्य परिपत्रहरू जारी गऱ्यो ।[७११]

पंचायती शक्तिकेन्द्रबाट यस्तो आदेश पाउना साथ पोखरामा पंचहरूको सरगर्मी प्रारम्भ भयो । पश्चिमाञ्चलमा कट्टर यथास्थितिवादीका रूपले चिनिने राधेश्याम कमारोको अध्यक्षतामा अंचल पंचायत, पश्चिमाञ्चलस्थित विभिन्न जिल्लाका जिल्ला पंचायत, गाउँ फर्क, नगर पंचायत आदिका पदाधिकारीहरू संलग्न गरेर एक प्रतिकार समिति गठन गरी प्रतिकारको तयारी

---

[७०७] (क) अशोक कोइराला, निलाम्बर पन्थी, गोविन्द कँडेल, शुक्रराज शर्मा, रामचन्द्र पौडेल, डिल्लीरमण शर्मा, भुवन सुवेदी आदिसँगका अन्तर्वार्ताहरू ।
(ख) सिद्धराज ओझासँग २०५८ जेठ ३ गते मन्त्री निवास ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[७०८] (क) सिंह, टिप्पणी संख्या ४३८, पृ. ३ ।
(ख) देवेन्द्र नेपाली, मनमोहन भट्टराई, व्रतराज आचार्यसँगका अन्तर्वार्ताहरू ।

[७०९] सिंह, टिप्पणी ४४० (क), पृ. ३ ।

[७१०] श्रीभद्र शर्मा, टिप्पणी संख्या ३१ (क) ।

[७११] गोपालमान श्रेष्ठ, हरिप्रसाद पौडेल, कृष्णलाल सापकोटा, दामोदर उपाध्यायसँगका अन्तर्वार्ताहरू ।

प्रारम्भ गरे ।[७१२] उनीहरूले केन्द्रसँग समेत सम्पर्क राखी रायसल्लाह लिएर वी.पी. पोखरा उत्रेमा भव्य स्वागत हुनबाट रोक्न नसकिने निश्चयसँगै सम्पूर्ण पंचसँगै जुटाएको भिड विमानस्थल भित्रै छिरेर कालो झण्डा बोकी धावन मार्गमा सुतेर विमान उत्रनै नदिने निश्चय गरे ।[७१३] यद्यपी त्यसबखत पंचभित्रै पनि सामान्य भेटघाट गर्न जानेलाई विरोध गर्नु हुँदैन जान दिनुपर्दछ भन्नेहरू पनि थिए जसको कुरा सुनिएन । विरोध प्रदर्शन सफल पार्न काठमाडौंबाट पोखरा पुगेका दामोदर शमशेर जबराले विरोध कार्यक्रमको तयारीका लागि प्रशासनलाई कडा निर्देशन दिनुका साथै गुण्डागर्दी गर्न सक्नेलगायतका मानिस बटुल्न क्षेत्रभरिका पंचहरूलाई गोप्य सर्कुलर जारी गरेर काठमाडौं फर्किए ।[७१४] उनको निर्देशन प्राप्त हुना साथ अंचलाधिशको प्रत्यक्ष संलग्नतामा कांग्रेस विरोधि गतिविधि प्रारम्भ गरी विरोधका आवाज उठाउन थालियो । पोखरास्थित प्रशासनले पनि सतर्कता अपनाउने क्रमसँगै मंसिर ७ गते अगाडि नै होटल एवं लज संचालकहरूलाई बस्न आउने हरेक व्यक्तिको विवरण तयार गरी प्रशासनलाई जानकारी दिनुपर्ने निर्देशन दियो ।[७१५]

अर्कोतिर वी.पी. पोखरा आउने समाचारले उनका समर्थक एवं शुभेच्छुकहरूमा नौलो उत्साहको संचार गरायो । तसर्थ उनीहरू स्वागतका लागि आतुर भएर तयारीतर्फ लागे । सर्वप्रथम ने.का. कास्कीको अग्रसरतामा तनहुँ, गोरखा, लमजुङ्ग, पर्वत, वाग्लुङ्ग, स्याङजा, रूपन्देही, पाल्पालगायतका पश्चिमाञ्चलका विभिन्न जिल्लाको प्रतिनिधित्व गराएर स्वागत समिति गठन गरियो ।[७१६] जसले क्षेत्रभरि नै पत्राचारलगायतका काम गरी भव्य स्वागतका लागि पोखरा आउन अनुरोध गर्‍यो । पोखरामा रहेका कार्यकर्ताहरूलाई हौसला एवं प्रेरणा दिन र स्वागतको तयारीलगायतका कार्यमा सहयोग पुर्‍याउन काठमाडौंबाट महामन्त्री परशुनारायण चौधरी, भीमबहादुर तामाङलगायतका केन्द्रीय नेतृत्वका पदाधिकारी एवं युवा कार्यकर्ताहरू पनि पोखरा पुगे ।[७१७] रूपन्देही, पाल्पा, नवलपरासि, स्याङजा, वाग्लुङ्ग, लमजुङ्ग, चितवनलगायतका विभिन्न जिल्लाबाट पनि नेता, कार्यकर्ता एवं नेपाल विद्यार्थी संघ (ने.वि. संघ) का विद्यार्थीहरू

---

[७१२] (क) शुक्रराज शर्मा, करुणानिधि कोइराला, गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।
(ख) जगन्नाथ पंडितसँग २०६० पौष २२ गते टेकु, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[७१३] (क) श्रीभद्र शर्मा, दामोदर उपाध्याय, शुक्रराज शर्मा, गिरिराज आचार्य, गोविन्द कँडेल, रामचन्द्र पौडेल, रामचन्द्र अधिकारीसँगका अन्तर्वार्ताहरू ।
(ख) गिरिराज आचार्य, "वी.पी. चढेको विमान ओर्लन दिइएन", *पूर्व टाइम्स*, वर्ष १७, अङ्क २८, गिरिराज आचार्य (सं./प्र.), धरान : २०५६ माघ २९, पृ. ३ ।

[७१४] *पूर्ववत्* (ख) ।

[७१५] *राष्ट्रपुकार*, २०३५ साल मंसिर ८ गते ।

[७१६] रामकृष्ण ताम्राकार, भुवन सुवेदी, डिल्लीरमण शर्मा, शुक्रराज शर्मा, राजेन्द्रनिधि कोइराला, गोपालमान श्रेष्ठ, गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।

[७१७] (क) आचार्य, टिप्पणी संख्या ४४९ (ख) ।
(ख) राजेन्द्रनिधि कोइराला, शुक्रराज शर्मासँगका अन्तर्वार्ताहरू ।

५-७ दिन अगाडिदेखि नै पोखरा पुग्ने क्रम सुरु भयो ।[७१८] यसप्रकार पोखरामा प्रतिकार एवं भव्य स्वागतका लागि तयारी हुँदै थियो भने त्यहाँ जुटेका ने.का. एवं ने.वि. संघका कार्यकर्ताहरू प्रतिकारको सामना गरेर पनि कार्यक्रम सफल पार्न कम्मर कसेर लागेका थिए ।

मंसिर १२ गते अर्थात वी.पी. आउने दिनभन्दा एक दिन अगाडि पोखरामा स्वागत कार्यक्रमबारे अन्तिम छलफल गर्नका लागि ने.का. र ने.वि. संघको छुट्टाछुट्टै बैठक बस्यो । कास्कीका ने.का. नेता, कार्यकर्ता, केन्द्रबाट आएका पदाधिकारी एवं अन्य जिल्लाबाट आएका नेताहरू बैठकका लागि कल्पना सिनेमा हल नेर रहेको ने.का. कास्कीका सभापति धीरबहादुर गुरुङको घरमा जुटे भने ने.वि. संघ एवं तरुणहरू गैह्रापाटनस्थित राजेन्द्रनिधि कोइरालाको घरमा जम्मा भए ।[७१९] भोलीपल्टको कार्यक्रमबारे यसरी जुटेर छलफल गरिरहेका बेला स्थानीय प्रशासनको अग्रसरतामा त्यसदिन घटेको घटनालाई भुक्तभोगी एवं प्रत्यक्षदर्शिहरूले यसरी व्यक्त गर्दछन्-

> हामीहरू दोस्रो दिनको कार्यक्रमबारे छलफल गर्दै थियौं । प्रशासनको पूर्ण संरक्षणमा पंच एवं मण्डलका कार्यकर्ताहरूले राधेश्याम कमारोको नेतृत्वमा ठुलो जुलुस निकालेर नारावाजि गर्दै नगर परिक्रमा पश्चात कल्पना सिनेमा अगाडि आइ पुग्यो । जहाँ उभिएर उफ्रि-उफ्रि अश्लिल नारावाजी गर्दा पनि कोही बाहिर ननिस्केपछि उनीहरू एक्कासी धिरबहादुरको घरभित्र प्रवेश गरी २ तल्लामाथि रहेको मिटिङ्ग हलमा पुगेर त्यहाँ रहेका नेतादेखि कार्यकर्तासम्मलाई पिटने, लछारपछार गर्ने, तल झार्ने, अपमानित गर्ने कार्य गरे । माथिबाट अपमानित गरेर तल झारेपछि त्यहाँ बसेका प्रतिकारवादीहरूले ढलको हिलो, डढेको मोविलको कालो, गोबर आदि पोतिदिनेसम्मका कार्य गरे । पोखराका वयोवृद्ध नेता करुणानिधि कोइरालाको सेतै फुलेको कपाल एवं दाह्रिसमेत लुछेर रक्ताम्य पारिनुका साथै कुटेर सख्त घाइते पारियो । त्यसपछि त्यहाँ तयार पारिएको प्रहरी भ्यानमा राखेर पुलिस ठानातर्फ लगियो । त्यस दिन करिब २५ जना गिरफ्तारीमा परे भने कुटिनेहरूको संख्याको कुनै गन्ति नै थिएन । यसप्रकार वी.पी. आउने अघिल्लै दिन पंचलगायतको जमातले प्रशासनको संरक्षणमा मानवअधिकार र प्रजातन्त्रको उपहास गर्दै दानवीस्वरूप प्रकट गरे ।[७२०]

मंसिर १३ गते अघिल्लो दिनको दमन र पिटाइलाई विर्सेर स्वागतका लागि कार्यकर्ताहरू बिहान ९ बजेदेखि नै विमानस्थलतिर ओइरिन थाले । प्रशासनले त्यस दिन शान्ति सुव्यवस्था खलबलिने बहानामा पोखरा प्रवेश गर्ने सडकलाई खैरेनी र नाउडाँडामै थुनेर सवारी आवागमन बन्द गरिसकेको थियो ।[७२१] बस रोकि दिएपछि कतिपय मानिसहरू पैदलै पोखरातर्फ आउँदै थिए भने बजारका विभिन्न ठाउँ एवं नाकाहरूमा लाठि बोकेर बसेका प्रहरीहरूले स्वागतमा जान लागेकालाई थर्काउने तर्साउने गर्दै थिए । त्यो आतंकपूर्ण परिवेशमा त्यस दिन

---

[७१८] राजन पन्त, डिल्लीरमण शर्मा, गोपालमान श्रेष्ठ, शुक्रराज शर्मा, गोविन्द कँडेल, रामचन्द्र अधिकारी, रामचन्द्र पौडेल, चिरन्जीवी वाग्लेसँगका अन्तर्वार्ताहरू ।

[७१९] (क) शुक्रराज शर्मा, राजेन्द्रनिधि कोइराला, ऋषिकेश तिवारीसँगका अन्तर्वार्ताहरू ।
(ख) बोधनाथ गौतमसँग २०६० असार २ गते बाह्रघरे, नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) रामकृष्ण पराजुलीसँग २०५९ चैत्र २८ गते चिप्ले ढुंगा, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[७२०] (क) शुक्रराज शर्मा, राजेन्द्रनिधि कोइराला, रामकृष्ण पराजुलीसँगका अन्तर्वार्ताहरू ।
(ख) केशवराज पराजुलीसँग २०५९ चैत्र २७ गते गैह्रापाटन, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) आचार्य, टिप्पणी संख्या ४४९ (ख) ।

[७२१] (क) *पूर्ववत्* (ग) ।
(ख) जगन्नाथ पंडित, राजन पन्त, रामचन्द्र अधिकारी, रामचन्द्र पौडेलसँगका अन्तर्वार्ताहरू ।

पोखरामा प्रशासनिक अग्रसरता एवं प्रहरी संरक्षणमा घटनाइएको घटनालाई भुक्तभोगिहरूको भनाई, लेखक एवं पत्रपत्रिकाका धारणाका आधारमा निम्नप्रकार वर्णन गर्न सकिन्छ-

> पोखराको प्रशासनिक आतंकपूर्ण वातावरणमा मंसिर १३ गते पृथ्वीनारायण क्याम्पसलगायत विभिन्न शैक्षिक संस्थामा पढ्ने विद्यार्थीहरूको जमातसहितको जनसमूह संगठित रूपमा फूलमाला बोकेर विमानस्थलतर्फ बढ्दै गर्दा करिब ५०० मिटर टाढा प्रहरीबाट रोकियो । तर उनीहरूले प्रहरीलाई नटेरेर सवाल जवाफ गर्न थालेपछि राधेश्याम कमारोको नेतृत्वमा प्रतिकारका लागि बसेको समूह अगाडि बढेर एक्कासि आक्रमण गरेपछि प्रहरीले लाठिचार्ज गर्न थाल्यो । आक्रोशित विद्यार्थीहरूले पनि जवाफमा ढुंगा हान्न थालेपछि स्थिति तनावपूर्ण भयो र रूपन्देहीका कार्यकर्ता यादवनाथ आलोक र कास्कीका तारानाथ रानाभाट नराम्रोसँग पिटिए । चेन, रड, छडजस्ता घातक हतियारद्वारा पिटिएका आलोक रक्ताम्य भएर लडेपछि मऱ्यो भन्ने स्थिति देखेर उग्र भिड पछाडि हट्यो । अघिल्लो दिन जस्तै भिडले समातेर लछार पछार गर्ने, पिट्ने र प्रहरीलाई जिम्मा लगाउने कार्य त्यस दिन पनि गरिएकाले प्रहरीले विमानस्थल नेरबाट धेरैलाई पक्रेर भ्यानमा राखी थाना पुऱ्याएर थुनेको थियो । यसरी स्वागतार्थीहरूलाई तितर वितर पारेर प्रतिकारवादीहरू कालो झण्डा एवं प्लेकार्डहरू बोकेर “अराष्ट्रिय तत्व मास्छौं मास्छौं, विदेशी दलाल मुर्दावाद” लगायतका नारा लगाउँदै उफ्रन थाले । काठमाडौंबाट करिब १२ बजे आफ्नो परिवार साथ हिंडेका बी.पी. चढेको विमानमा उनीहरू बाहेक सबैजसो विदेशी पर्यटक थिए । उक्त विमान जब पोखराको आकाशमा आइपुग्यो तब प्रहरी संरक्षणमा प्रतिकार समूह विमानस्थलभित्र पसि धावन मार्गमा सुत्ने उफ्रने गर्दै “पंचायती व्यवस्था जिन्दावाद, बी.पी. कोइराला मुर्दावाद, कोइराला फर्किजा” जस्ता नारा लगाउन थाले । त्यो स्थितिमा पोखराका आकाशमा केही क्षण चक्कर लगाएर विमानस्थलमा अवरोध भएकाले बस्न नसकि काठमाडौँ फर्कने जानकारी दिँदै विमान फर्कियो ।[७२२]

तत्कालीन सरकारले यसप्रकार राजाले दिएको अनुमतिअनुरूप आफ्नै देशभित्र परिवारसहित भेटघाटमा हिंडेका राजनेतालाई विमान ओर्लनै नदिएर पंचायति व्यवस्थाको संचालन कसले गर्दैछ भन्ने तथ्यलाई उदाङ्ग पार्ने काम गऱ्यो । अघिल्लो दिन र त्यस दिन गरी प्रक्रिएका धेरै नेता एवं कार्यकर्ताहरूमध्ये कतिलाई १३ गते साँझ नै रिहा गरियो भने ने.का. कास्कीका सभापति धिरबहादुर गुरुङलाई राजकाज अपराधमा मुद्दा चलाएर धेरै दिनसम्म थुनियो । पोखरामा झर्नै नपाइ फर्कन बाध्य भएका बी.पी. ले काठमाडौंमा पत्रकारहरूसँग कुरा गर्दै स्वतन्त्र रूपमा हिंडडुल गर्न पाउने अधिकारलाई सरकारले बाधा पुऱ्याई आफ्ना मित्रलगायत अराजनीतिक व्यक्तिलाई समेत गिरफ्तार गरेर प्रशासकीय कमजोरी उदाङ्ग पारेको छ र यस्तो असामाजिक प्रवृत्तिलाई प्रोत्साहन दिँदै गएमा देशका लागि नराम्रो परिणामले जन्म लिने डर लागेको छ भन्दै आफ्नो प्रतिक्रिया व्यक्त गरे ।[७२३] त्यसबखत सरकारको निर्देशनमा विभिन्न जिल्लाहरूमा स्थानीय प्रशासनले बी.पी. को स्वागतमा जानेहरूलाई पछिसम्म पनि सुरक्षा कानुनअन्तर्गत गिरफ्तार गरेर दुःख दिने कार्य गरको थियो । वास्तवमा पंचायती व्यवस्थाभित्रका

---

७२२ (क) शुक्रराज शर्मा, रामकृष्ण पराजुली, राजेन्द्रनिधि कोइराला, रमेश शर्मा, डिल्लीरमण शर्मा, चिरन्जीवी वाग्ले, रामचन्द्र पौडेल, गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।
(ख) देवकोटा, टिप्पणी संख्या १६९ (क), पृ. ११६ ।
(ग) राना, टिप्पणी संख्या २६९, पृ. ४१४ ।
(घ) आचार्य, टिप्पणी संख्या ४४९ (ख) ।
(ङ) अधिकारी (शास्त्री), टिप्पणी संख्या ७९, पृ. ५११ ।
(च) *राष्टपुकार,* २०३५ साल मंसिर १५ गते ।

७२३ *पूर्ववत्* (च) ।

कुनै पनि प्रकारको मेलमिलाप कायम भएको देख्न नचाहने यथास्थितिवादीहरूले गाउँ फर्क एवं अदृश्य शक्तिको प्रोत्साहन-संरक्षणमा सक्रिय भएर यो कार्य गरेका थिए ।

पोखराको घटनापछि आफ्ना मित्र जयप्रकाश नारायण सिकिस्त विरामी भएको समाचार पाएपछि वी.पी. पटनातर्फ लागे । उनलाई भेटेपछि आफ्नो शल्यक्रियाद्वारा फेरिएको घाँटिको नशाबारे परीक्षण गराउनु पर्ने भएकाले २०३५ साल मंसिर २२ गते पटनाबाटै अमेरिकातर्फ लागे । उनलाई नेपालभित्रबाट कसरी पुनः विदेश धपाउन सकिन्छ भनी दाउ हेरिरहेका यथास्थितिवादीहरूले यही मौका छोपेर राजालाई समेत प्रभावित गरी वी.पी. लाई उत्तेजित बनाएर केही तितो कुरा बोल्न पर्ने परिस्थिति सिर्जना गर्न खोजे । जसअन्तर्गत २०३० र २०३१ सालमा विराटनगर वम काण्ड र सोलु ओखलढुंगा काण्डको अभियोगमा पक्राउपरि विभिन्न अदालतबाट मृत्युदण्डको सजायतोकिइ २०३३ साल फाल्गुण ९ गते सर्वोच्च अदालतले पनि त्यही सदर गरेका र गोलघर जेलमा फैसलापछि पनि २ वर्ष थुनिएका भीमनारायण श्रेष्ठ र यज्ञबहादुर थापालाई २०३५ साल माघ २६ गते अकस्मात मृत्युदण्ड दिइयो ।[७२४] यो मृत्युदण्डका पछाडि कसको कुन स्वार्थले काम गरेको थियो भन्ने किटान गर्न नसकिए पनि तत्कालीन राजनैतिक विश्लेषणका आधारमा २ वटा संभावनामाथि विचार गर्नु आवश्यक देखिन्छ ।

यो मृत्युदण्ड कार्यान्वयनका पछाडि पंचायतका यथास्थितिवादीहरूको स्वार्थ प्रेरित चाल रहेको संभावनालाई नकार्न सकिँदैन । वी.पी. को नेपालभित्रको उपस्थिति मात्र एक सशक्त आन्दोलनका रूपमा विकसित हुँदै गएकाले उनको उपस्थितिलाई उनीहरूले पचाउन सकेका थिएनन् । राजा पनि वी.पी. प्रति सकारात्मक हुँदै गएकाले आत्तिएका उनीहरू आफ्नो सम्पूर्ण शक्ति लगाएर एकजुट भई विरोधमा उत्रेका थिए । जसको मूल उद्देश्य जनस्तरमा वी.पी. अलोकप्रिय छन् भन्ने देखाएर राजालाई अप्रत्यक्ष चुनौती नै दिनु थियो । त्यसमा पनि सफलताको संभावना नदेखेपछि र आफ्ना सारा प्रयास असफल भएपछि वी.पी. लाई उत्तेजित पारेर कडा कुरा बोलाउन सकिन्छ की भन्ने आशामा यो मृत्युदण्ड कार्यान्वयन गराएको हुनसक्दछ । नत्रभने २ वर्ष अगाडि नै फैसला भएर ६ महिनाभित्र कार्यान्वयन नभएमा स्वतः निष्क्रिय हुने कानुनी प्रावधान हुँदाहुँदै पनि कार्यान्वयन नगरिएको मृत्युदण्ड वी.पी. मुलुक बाहिर रहेको अवस्थामा हतार-हतार कार्यान्वयन गरिनुको कुनै प्रयोजन थिएन । तसर्थ यो घटनाबाट उत्तेजित भएका वी.पी. ले विदेशको स्वतन्त्र वातावरणमा प्रेशसमक्ष राजाका विरुद्ध बोलिहाल्लान भन्ने आशामा त्यसो गरिएको हुन सक्दछ । समग्रमा पंचहरूले वी.पी. लाई तर्साएर मेलमिलापको मार्गबाट विचलन गराउने प्रयासअनुरूप षड्यन्त्र गरी मृत्युदण्ड कार्यान्वयन गरे ।

---

[७२४] विस्तृतिका लागि (क) राधाकृष्ण मैनाली, *लुटिएका दुई थुँगा फूल,* काठमाडौँ : साझा प्रकाशन (दोस्रो संस्करण), २०५२, पृ. ४३-५७ ।
(ख) *तरुण बुलेटिन नं. १५* चक्र वास्तोला र शुशिल कोइराला (सं.), प्रकाशक, प्रकाशनस्थल केही उल्लेख नभएको, २०३५ चैत्र/वैशाख, पृ. १८-२० ।
(ग) पोखरेल, टिप्पणी संख्या ३९, पृ. १०२-१०३ ।

जसका पछाडि आफ्नो नीति असफल भएको, राजा पनि आफ्ना अनुकूल नभएको ठानेर विदेशी प्रेशसमक्ष केही बोलोस् भन्ने मनस्थितिले काम गरेको देखिन्छ । यो राजनैतिक षड्यन्त्र हो ।

यो मृत्युदण्ड कार्यान्वयनका पछाडि राजाको पनि चाहना थियो भन्ने तथ्यलाई पनि नजरअन्दाज गर्न सकिँदैन । किनकी वास्तविकता जे भए पनि भीमनारायण श्रेष्ठ उनैमाथि वम प्रहार गर्न कस्सिएको अभियोग प्रमाणित भएका व्यक्ति थिए भने क्याप्टेन थापा शाही सेनाबाट निष्काशित र ने.का. का पक्षमा सेनालाई विद्रोह गर्न उक्साएर करिब-करिब सफलता प्राप्त गरिसकेका व्यक्ति थिए । यदि त्यसबखत ने.का. एवं थापाका आफ्नै असावधानीले पोल नखुलेको भए र उनी निर्वाध ओखलढुंगा पुग्न सकेको मात्र भए स्थिति डर लाग्दो हुन्थ्यो भन्ने कुरा राजाले नबुझेको भन्न सकिँदैन । तसर्थ राजाले उक्त विद्रोहका संरचनाकारलाई विविध कारणले माफ गर्ने निश्चय गरे तापनि उनको आह्वानमा संगठित भएको शैनिक शक्ति र त्यसका लडाकुलाई कायम राख्न चाहँदैनथे । त्यो स्थितिमा सरकारले ल्याएको मृत्युदण्ड कार्यान्वयनको प्रस्तावमा सहमति दिएर भोलीका दिनमा राज्य विरुद्ध हतियार बोक्न र राजासमक्ष वम फ्याक्न कोही अगाडि नआउनु भन्ने सन्देश दिएको पनि हुन सक्दछ ।

जसले जे जस्ता उद्देश्य लिएर गरेको भए तापनि यथार्थमा दुई योद्धाहरूलाई समाप्त गरियो । यस घटनाको खबरबाट अत्यन्त मर्माहत भएका वी.पी. ले सर्वप्रथम लण्डनमा पत्रकारहरू माझ प्रतिक्रिया व्यक्त गरे । जसमा अत्यन्त संयमित भएर उनले दुई क्रान्तिकारीहरूलाई मृत्युदण्ड भएकोमा आघात पुऱ्याएको उल्लेख गर्दै यसले राष्ट्रिय मेलमिलापको वातावरणलाई अप्ठ्यारो पारेको र यसबाट राजदरबार एवं सरकारमा रहेका यथास्थितिवादीहरू प्रवल भए जस्तो लाग्दछ मात्र भने ।[७२५] भारतको दिल्लीमा आइपुगेपछि प्रेश प्रतिनिधिहरूसँगको अनौपचारिक कुराकानीमा थापा र श्रेष्ठको फाँसीको समाचारबाट आफूलाई महानतम आश्चर्य लागेको जनाउँदै देशमा छिटै प्रजातान्त्रीकरणको वातावरण प्रारम्भ हुन थालेको आभास भएका बेलामा घटेको यो घटनाले राजालाई अनुदारवादीको दवाव परेको जस्तो लाग्दछ[७२६] भन्ने उल्लेख गरे ।

यसपटक २०३५ साल फाल्गुण २२ गते काठमाडौँ फर्किएका वी.पी. लाई स्वागत गर्न गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायत ठूलो संख्यामा तरुण एवं विद्यार्थीहरू विमानस्थलमा पुगेका थिए । वी.पी. को विरोध गर्न यसपटक पनि पंचहरूको ठूलो जमात प्रहरीको संरक्षणमा विमानस्थल पुगेर तोडफोडसमेत गऱ्यो । डा. तुलसी गिरीको नेतृत्व र कृष्णप्रसाद पन्त र यज्ञप्रसाद आचार्यजस्ता गाउँ फर्कका केन्द्रीय सदस्यको संलग्नतामा विभिन्न वर्गीय भातृ

---

७२५ *पूर्ववत्* (ख), पृ. ३४ ।

७२६ (क) *पूर्ववत्,* पृ. ३५ ।
(ख) *इण्डिया टुडे,* १६-३१ मार्च १९७९, पृ. ६३ ।

संगठनका पदाधिकारीसमेतको समूहले कालो झण्डा बोकेर स्वागतार्थीमाथि निमर्म प्रहार गरे ।[७२७] "पंचायती व्यवस्था अमर रहोस्", "पंचायत विरोधी मुर्दावाद", "विदेशी दलाल मुर्दावाद" जस्ता नारा लगाउँदै निहत्था कार्यकर्तामाथि गरेको आक्रमणमा धिरबहादुर गुरुङ, हरिबोल भट्टराई, बेनुप प्रसाइ, गंगाधर लम्सालगायत धेरै जना घाइते भए ।[७२८] तिनले प्रहार गरेका इँटा र ढुंगाबाट त्यसदिन विमानस्थलको भवनका सिसा फुटनुका साथै झ्यालका खापासमेत भाच्चिएका थिए ।[७२९] पंचहरूले विमानस्थल बाहिर यसरी उत्पात मच्चाएपछि त्यसपटक पनि प्रहरीले वी.पी. लाई भित्रैबाट गाडिमा राखेर चावेल पुऱ्यायो । जहाँ उपस्थित हुन पुगेका कार्यकर्ता, पत्रकारसँग कुराकानी गर्ने क्रममा उनले थापा र श्रेष्ठलाई मृत्युदण्ड दिइएकोमा राजासँग भेटेर आफूलाई लागेका सबै कुरा भन्ने प्रतिवद्धतासहित यस्ता अमानवीय कार्यको सबैले भर्त्सना गर्नु पर्ने प्रतिक्रिया व्यक्त गरे ।[७३०]

दुई योद्धालाई दिइएको मृत्युदण्ड र आफू फर्कदा विमानस्थलमा मच्चाइएको उपद्रवबाट वी.पी. लाई मेलमिलाप नीतिबाट तर्सिएको वर्ग हावी हुन खोजेको स्पष्ट भयो । तिनलाई चुनौती दिएर परास्त नगरि आफ्नो लक्ष्य पूरा नहुने देखेपछि उनले पुनः जनसम्पर्कमा जाने निश्चय गरे । पोखरा घटनाले यो कार्य पनि सुगम नहुने प्रस्ट पारिसकेकाले स्थान छनौटबारे छलफल गरियो । गणेशमान सिंह, अध्यक्ष भट्टराई र महामन्त्री चौधरीको उपस्थितिमा वी.पी. ले यसपटक आफ्नो गृहनगर विराटनगर गएर केही दिन घरमा बसि आरामका साथै साथीहरू भेटने र त्यसपछि अन्यत्रको कार्यक्रम बनाउने प्रस्ताव राखे ।[७३१] जसलाई तीनै जनाले समर्थन गरेपछि पहिल्यै तयारीका लागि केन्द्रबाट केही साथीहरू विराटनगर पठाउने र विराटनगर भेला हुन भनी पूर्वाञ्चलका अन्य जिल्लामा पनि पत्राचार गर्ने निश्चय गरियो ।[७३२] यसबारेमा अन्य आवश्यक तयारी पूरा भएपछि २०३५ साल चैत्र १८ गते विराटनगर जाने दिन तोकियो र केही युवा कार्यकर्तालाई पहिला नै विराटनगर पठाइयो ।

पूर्वाञ्चलमा वी.पी. विराटनगर आउने समाचारले व्यापक हलचल मच्चायो । करिब १० वर्षको अन्तरालमा आफ्नो गृहनगरमा वी.पी. आउने समाचारबाट विद्यार्थी एवं तरुणहरूलाई सबैभन्दा बढी उत्साहित गरायो । उनलाई प्रत्यक्षतामा देख्न नपाएका तर उनको नाम एवं

---

७२७ *चेतना साप्ताहिक,* २०३५ साल फाल्गुण २५ गते ।

७२८ (क) आचार्य, टिप्पणी संख्या २०७, पृ. ३ ।
(ख) गंगाधर लम्साल, टिप्पणी संख्या १०९ (ख) ।

७२९ *सातदिने समिक्षा,* २०३५ साल फाल्गुण २५ गते ।

७३० *तरुण,* टिप्पणी संख्या ४६० (ख), पृ. ३५ ।

७३१ सिंह, टिप्पणी संख्या ४४० (क) ।

७३२ (क) *पूर्ववत्* ।
(ख) अशोक कोइराला, शैलजा आचार्य, निलाम्बर पन्थी, गिरिराज आचार्य, चिरन्जीवी वाग्ले, पुरुषोत्तम बस्नेत, रामचन्द्र पौडेलसँगका अन्तर्वार्ताहरू ।

सिद्धान्तप्रतिका समर्पणले आकर्षित भएका विद्यार्थी एवं तरुणहरू तत्कालै सक्रिय भए ।[७३३] जसले वी.पी. को आगमन हुने समाचारलाई तत्कालै पूर्वाञ्चल क्षेत्रभरी फैलाउनुका साथै मोरङ, झापा, सुनसरी, सप्तरी, इलामलगायत पहाडी क्षेत्रका कुना काप्चामा समेत पुगेर पर्चा बाँडने र पोस्टर टास्ने काम गरे । यसपटक स्वागतका लागि पंचायतइतर शक्ति एक हुने प्रयासअनुरूप चिरन्जीवीप्रसाद रिजाल अध्यक्ष र वाम प्रतिनिधिका रूपमा भरतमोहन अधिकारी उपाध्यक्ष रहेको पूर्वाञ्चल स्तरीय २५१ सदस्यीय स्वागत समिति गठन गरियो ।[७३४] यो समितिले पूर्वाञ्चललगायतका क्षेत्रमा पत्राचार, अपिल पठाएर स्वागतका लागि तयारी गर्न थाल्यो ।

वी.पी. विराटनगर जान थालेको समाचारले पोखराको सफलताबाट उत्साहित पंच प्रशासनमा पनि व्यापक खैलाबैला मच्चियो । त्यसपछि उनीहरू विराटनगरमा पनि पोखराको घटना दोहोऱ्याउने निश्चयसँगै तयारीतर्फ लागि । त्यसबखत केन्द्रमा आफ्नो घर जान खोज्ने नेतालाई रोक्दा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल र पंचायती व्यवस्थाको नै वदनामी हुन्छ भनेर एकथरी पंचहरू नै विरोधमा लागेका थिए ।[७३५] तर त्यसलाई वास्ता नगरी यथास्थितिवादीहरू अगाडि बढे । गाउँ फर्कको निर्देशनमा विभिन्न जिल्लाका पंचायत वर्गीय संगठन, राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डललगायतलाई परिचालन गरेर गाउँ-गाउँमा स्वागतमा जानेले ज्यानै जानेसम्मको सास्ति पाउँछलगायतका धम्कि दिन थालियो । जिल्ला स्तरीय राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल मोरंगले "राष्ट्रवाद-जिन्दावाद, पंचायती व्यवस्था-अमर रहोस्, विदेशी दलाल-मुर्दावाद, देशद्रोही वी.पी.-मुर्दावाद" नारा उल्लेखित कालो पर्चा वितरण गऱ्यो ।[७३६] जसमा वी.पी. लाई उछृङ्खल, भरौटे, मुट्ठिभर अराष्ट्रिय तत्वका नाइके, गद्दार, शान्तिप्रिय नेपाली जनताका बीच फुट ल्याउन खोज्ने नाइकेलगायतका उपमा दिएर कालो पर्चाद्वारा विरोध प्रकट गर्दछौं भन्दै... कडा मुकाबिला गर्न यही चैत्र १८ गतेका दिन विराटनगर हवाई मैदानमा हुने विशाल विरोध प्रदर्शनमा भाग लिन आह्वान गर्दछौं उल्लेख थियो ।[७३७] यसपटक विरोधका क्रममा मातृकाप्रसाद कोइराला र नगेन्द्रप्रसाद रिजालले वी.पी. को तिब्र निन्दा गर्दै वक्तव्य

---

[७३३] (क) अशोक कोइराला, गोपालप्रसाद शर्मा, लालकिशोर शाहसँगका अन्तर्वार्ताहरू ।
(ख) पुष्कर आचार्यसँग २०६० वैशाख २७ गते मधुमारा विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[७३४] (क) आचार्य, टिप्पणी संख्या ४४९ (ख) ।
(ख) *राष्ट्र पुकार,* २०३५ साल चैत्र १६ गते ।
(ग) भरतमोहन अधिकारीसँग २०६२ असार १३ गते सुनारगाउँ, काठमाडौँमा लिएको अन्तर्वार्ता रेकर्ड ।
(घ) *तरुण,* टिप्पणी संख्या ४६० (ख), पृ. ५५ ।

[७३५] लोकेन्द्रबहादुर चन्द र श्रीभद्र शर्मासँगका अन्तर्वार्ताहरू ।

[७३६] जिल्ला स्तरीय राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल मोरंगद्वारा वी.पी. कोइरालाको विरोध तथा भर्त्सना गर्न आह्वान गरिएको कालो पर्चा, जारि गरेको मिति उल्लेख नभएको ।

[७३७] *पूर्ववत्* ।

निकाले भने विराटनगर नगर पंचायतमा विरोध गर्ने प्रश्तावसँगै तिब्र विवाद भएपछि विरोधका लागि जाने भन्ने प्रश्ताव पारित हुन सकेन ।[७३८]

विराटनगरमा यसप्रकार स्वागत एवं प्रतिकारका लागि तयारी हुन गयो । ने.का. समर्थक विद्यार्थीहरू त्रि.वि. काठमाडौँ, ठाकुरराम बहुमुखी क्याम्पस वीरगंज, रा.रा.ब. क्याम्पस, जनकपुरलगायतका विभिन्न क्याम्पसबाट आ-आफ्ना क्याम्पस युनिटका मातहतमा स्थानीय नेता एवं कार्यकर्तासहित २-३ दिन अगाडिदेखि नै विराटनगर पुग्न थाले ।[७३९] फलस्वरूप विराटनगरमा २-३ दिन अगाडिदेखि नै विशेष चहलपहल देखिन थाल्यो । त्यसबाट आत्तिएको स्थानीय प्रशासनले अघिल्लै दिन अर्थात चैत्र १७ गते बिहानै मुक्तिप्रसाद चापागाईं, चिरन्जीवीप्रसाद रिजाल, राजेन्द्र विरही, पुरुषोत्तम बस्नेत, प्रदिप खतिवडा, रमेश घिमिरे, बद्री बस्नेत, इन्द्रदेव सिंह, दिपक लोहनी, हरी न्यौपाने, अशोक कोइराला आदिलाई घर-घरबाट गिरफ्तार गऱ्यो ।[७४०] जनतालाई भयभित पारेर हतोत्साहित गराई स्वागतमा आउन नसकुन भनी गरिएको यो प्रयासका वावजुद पनि कार्यकर्ताको उत्साह कायमै रह्यो र उनीहरूले बिना कुनै डर तयारी पूरा गरे ।

वी.पी. आउने दिन अर्थात चैत्र १८ गते बिहानैदेखि विराटनगरको वातावरण तातेको थियो । कन्ती लगाएका प्रहरीहरू एकाबिहानैदेखि सडकमा मार्च गर्न थाले, सेतो कपडामा प्रजातन्त्र राष्ट्रियता समाजवाद शब्द अंकितपट्टि पाखुरामा बाँधेका स्वयं सेवकहरू विमानस्थल वरपर पुग्न थाले भने कालो झण्डासहितका पंचहरू ट्रकका ट्रक ओइरिन थाले ।[७४१] प्रशासनले त्यस दिन बिहानैदेखि विराटनगर प्रवेश गर्ने बसहरूलाई १५-२० किलोमिटर परै रोकेर यातायात बन्दै गरेको थियो तर पंचहरूले ल्याएका मानिस भने ट्रकमा ओसार्न दिइयो । प्रशासनको यत्रो विध्न अवरोधका वावजुद पनि चारैतिरबाट आएका मानिसहरू विमानस्थलतर्फ जान थाले । यसप्रकार प्रशासनिक संरक्षणमा मंचन गरिएको विराटनगरको त्यस दिनको घटनालाई प्रत्यक्षदर्शि एवं भुक्तभोगिका भनाइ, लेखकका विचार एवं पत्रकारका समाचार आदिका आधारमा निम्नप्रकारको स्वरूप एवं घटना क्रम देखिन आउँदछ-

> स्वागतार्थीहरू विमानस्थल जान खोज्दा प्रशासनले उनीहरूलाई बरगाछी चौकमा रोकेर अगाडि बढ्न दिएन तर ट्रकमा ओसारेका मानिस एवं पंचलाई विमानस्थल पुग्न दियो ।

---

७३८ अशोक कोइराला, भरतमोहन अधिकारी, शंकर उप्रेती, गोपालप्रसाद शर्मासँगका अन्तर्वार्ताहरू ।

७३९ गंगाधर लम्साल, वृखेशचन्द्रलाल, स्मृतिनारायण चौधरी, लालकिशोर शाह, लक्ष्मिनाथ नेपाल, अजय द्विवेदी, कुमारप्रसाद कोइरालासँगका अन्तर्वार्ताहरू ।

७४० (क) अशोक कोइराला, भरतमोहन अधिकारी, पुरुषोत्तम बस्नेतसँगका अन्तर्वार्ताहरू ।
(ख) *राष्ट्र पुकार,* २०३५ साल चैत्र २३ गते ।
(ग) आचार्य, टिप्पणी संख्या ४४९ (ख) ।
(घ) *तरुण,* टिप्पणी संख्या ४६० (ख), पृ. ५५ ।
(ङ) बद्री बस्नेतसँग २०६० वैशाख २६ गते पानीटंकी, विराटनगरमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

७४१ (क) *पूर्ववत्* (ग) र (घ) ।
(ख) भरतमोहन अधिकारी, टिप्पणी संख्या ४७० (ग) ।

बरगाछि चौकमा भिड बढ्न थालेपछि त्यहाँबाट बलजफ्ति हटाएर चाँदनी चौकमा पुऱ्याइयो । पंचहरूलाई जान दिएकाले आक्रोशित भएका जनताहरू विमानस्थलतर्फ बढ्न खोजे । प्रहरीले जान नदिएपछि विमानस्थलभन्दा दक्षिणको खेतमा जम्मा भएर पर्खिए । प्रशासनको पक्षपात पूर्ण व्यवहारबाट रिसाएका बिद्यार्थी झगडा गर्न पुग्दा भिडन्तको स्थिति भयो र विमानस्थलभित्रबाट पंचहरूले अश्लिल नाराबाजी गर्न थाले । बाहिरबाट विद्यार्थीहरूले पनि जवाफि नारा लगाएपछि केही क्षण ढुंगा हानाहान पनि भयो । त्यो स्थितिमा विमान आउने साइरन बज्ना साथ पंचहरू धावन मार्गमै पुगेर सुत्ने, साइकल कुदाउने, उफ्रने, नाँच्नेलगायतका कार्य गरे । हातमा कालो झण्डा बाकेका दिलबहादुर श्रेष्ठ अश्लिल नारावाजी गर्दै उफ्रन थालेपछि पंचहरूले उनलाई साथ दिए । त्यो स्थितिमा विराटनगर टावरले काठमाडौं फर्काउने आदेश दिएपछि विमान फर्कियो । यसरी विमान उत्रन नदिएपछि संयमता साथ बसेको स्वातार्थीहरूको समूह पनि उत्तेजित भएर उग्र खालका नारावाजी गर्दै जुलुशका रूपमा बजारतर्फ लाग्यो । वीर विश्वेश्वर जिन्दावाद, प्रजातन्त्र अमर रहोस्, पंचायती व्यवस्था मुर्दावाद, निरंकुश ..., भाडाका टट्टु मुर्दावाद आदि नारा लगाउँदै बढेको जुलुस पानीटंकीनेर पुग्ना साथ अंचलाधिशको समुपस्थितिमा एक्काशि तीन तिरबाट प्रहरीले घेरेर लाठि चार्ज गर्नुका साथै मण्डलका कार्यकर्ताबाट निर्घात रूपमा कुटियो । जसमा ३०० भन्दा बढी घाइते भए । तीमध्ये अमृत अर्याल, लालकिशोर शाह, डिल्लीरमण पोखेल.. आदि सख्त घाइते भए । आफ्नै उपस्थितिमा पिटाएपछि ठूलो संख्यामा गिरफ्तार गरेर प्रशासनले घाइतेलाई लाठि चार्ज भएको होइन भन्ने कागज गराउँदै छाड्दैसमेत गरेको थियो ।[७४२]

त्यसदिनको विरोध प्रदर्शनमा नगेन्द्रप्रसाद रिजाल, दिलबहादुर श्रेष्ठ, यज्ञप्रसाद आचार्य, गणेशकुमार पोखेल, शत्रुधनप्रसाद सिंह यादव, श्याम गुप्ता, उपेन्द्रबहादुर कार्कीलगायत पंचायतका अंचल तथा जिल्ला स्तरीय पदाधिकारीहरू, पंचायतका वर्गीय संगठनका कार्यकर्ता, विभिन्न जिल्ला सभापति आदिले भाग लिएका थिए ।[७४३] वी.पी. ले सरकारको मिलेमतोमा दिलबहादुरले भाडामा ल्याएका मानिसद्वारा धावन मार्ग भरेको थियो भन्ने कुरा उल्लेख गरेका छन् ।[७४४] यसप्रकार आफ्नो घरसमेत जान नदिएर सरकारले आफ्नो नियत स्पष्ट गऱ्यो । मूलरूपमा वी.पी. को भ्रमणबाट स्वतः नै पंचायत विरोधी आन्दोलनको तरंग उत्पन्न हुने हुनाले त्यसलाई रोक्न अग्रसर भएका पंचहरूको षड्यन्त्रात्मक क्रियाकलापको चरम परिणती नै विराटनगर काण्ड थियो । जसलाई आधार बनाएर चैत्र २० गते वाग्मती अंचल प्रशासनले शान्ति सुव्यवस्थामा खलल पर्ने देखिएको भनेर वी.पी. लाई आफ्ना गतिविधि काठमाडौं उपत्यकाभित्र मात्र सीमित गर्ने आदेश दियो ।[७४५] आफ्ना विविध षड्यन्त्रात्मक नीतिद्वारा तत्कालीन सरकारले राजाको सदासयतालाई समाप्त गर्ने प्रयासअनुरूप वी.पी. लाई राजाधानिमा मात्र सीमित गर्न सफल भयो ।

---

[७४२] (क) पुष्कर आचार्य, गोपालप्रसाद शर्मा, लिला कोइराला, पद्मकेशर कार्की, लालकिशोर शाह, जितबहादुर पुरी, गंगाधर लम्साल, मंगलचन अग्रवाल, हरिप्रसाद पोखरेल, शंकर उप्रेती, भरतमोहन अधिकारीसँगका अन्तर्वार्ताहरू ।
(ख) हेमन्त कोइरालासँग २०६० वैशाख २८ गते पूर्वाञ्चल विश्वविद्यालय विराटनगरमा गरेको कुराकानी ।
(ग) *राष्ट्र पुकार,* टिप्पणी संख्या ४७६ (ख) ।
(घ) आचार्य, टिप्पणी संख्या ४४९ (ख) ।
(ङ) *तरुण,* टिप्पणी संख्या ४६० (ख), पृ. ५५-५७ ।

[७४३] देवकोटा, टिप्पणी संख्या १६९ (क), पृ. ११७ ।

[७४४] वी.पी. को डायरी-५४, *हिमाल खबर पत्रिका,* राजेन्द्र दाहाल (सं.), ललितपुर : कनकमणि दीक्षित, १-१५ वैशाख २०६१, पृ. १५ ।

[७४५] (क) *पूर्ववत्* ।
(ख) देवकोटा, टिप्पणी संख्या १६९ (क), पृ. ११८ ।

यसप्रकार वी.पी. एवं राजाबीच मेलमिलाप हुन नदिने कार्यमा लागेका यथास्थितिवादीहरूले राजाको आदेशमा छुटेर जनसम्पर्कमा हिंडेका राजनेतालाई जनसम्पर्कको त कुरै छाडौं आफ्ना घर जान पनि दिएनन् । उनीहरूका यस्ता वौलठ्ठि पूर्ण क्रियाकलापका पछाडि अन्तर्राष्ट्रिय जगतलाई हामी त उदार छौं तर देश विरोधी क्रियाकलाप गरेका वी.पी. सँग जनता विरोधी छन् भन्ने कुरा पनि देखाउन खोजेको मनसाय देखिन्छ । यसैगरी राजालाई पनि वी.पी. प्रति सदासयता देखाउँदा हामी चुपचाप सहन तयार छैनौं भन्ने अप्रत्यक्ष चुनौती दिनका लागि पनि यसो गरेको हुन सक्दछ । तसर्थ रिहाइपश्चात वी.पी. को जनसम्पर्कका ३ वटै प्रयासमा विरोध प्रदर्शन गरेपछि सरकारले उनी विरुद्ध आक्रोशित जनता स्वतस्फूर्त रूपमा निस्केर विरोध प्रदर्शन गरे भन्ने प्रतिक्रिया दिएको थियो । यस्ता विरोधका पछाडि बाहिरी जगतमा वी.पी. नेपालका अलोकप्रिय नेताका रूपमा चिनियुन र नेपालमा बस्न नसक्ने ठानेर पुनः विदेशतर्फ लागुन भन्ने मानसिकता मूल रूपमा रहेको देखिन्छ । यसप्रकार आफ्नै अग्रसरतामा अशान्ति सृजना गरिनु र त्यही आधारमा वी.पी. लाई दोषि बनाएर उनका राजनीतिक गतिविधि समाप्त गर्ने उद्देश्यअनुरूप बढेर उपत्यका बन्द गर्न सरकारमा रहेका केही राजनैतिक व्यक्तिहरू केही समयका लागि मात्र सफल भए । त्यसभन्दा बढी भने नियतीलाई नै मन्जुर नभएर होला उनलाई उपत्यका बन्द गरेको १ हप्ताभित्र नै नेपालमा उत्पन्न भएको विष्फोटक परिस्थितिले राजनैतिक धारालाई नै प्रभावित गर्ने परिणाम अगाडि ल्यायो ।

## ३.१० मेलमिलाप नीतिको परिणाम र महत्त्व

२०३३ साल पौष १६ गते नेपाली कांग्रेसले अवलम्बन गरेको मेलमिलाप नीतिबाट समय बढी लाग्ने तर सकारात्मक परिणाम आउने घोषणा नै गरेर नेपाल फर्केका वी.पी. लाई तत्कालीन सरकारले आशातित व्यवहार गऱ्यो । उनले यो नीति अवलम्बन गर्दा पंचायतका यथास्थितिवादीहरू, घुस पैठियाहरू र दरबारभित्रको स्वार्थी संयन्त्र आदिबाट आफ्नाप्रति तिब्र प्रहार गरिने तर राजाबाट सदभाव पाइने भविष्यवाणि नै गरेका थिए । उनको संघर्षका क्रममा घटेका घटनाहरूलाई आधार बनाएर सरकारले उनीलगायतका विरुद्ध अदालतमा डर लाग्दा प्रकृतिका मुद्दा दायर गरेको र त्यसमा मृत्युदण्डको सजायसम्म हुनसक्ने कुरा पनि उनलाई थाहा थियो । त्यो स्थितिमा पनि राष्ट्रियताको रक्षाका सवालमा पहल गर्ने निश्चयसँगै उनी नेपाल फर्किए । उनले राजासँग समझदारी कायम गरी आफ्नो भावी नीति एवं कार्यक्रम स्पष्ट गराएर विश्वस्त पार्नेलगायतका कुनै पनि कार्य नगरी यो कदम उठाएका हुनाले प्रारम्भमै राजाले उनीप्रति सदासयता देखाउने कुरै भएन । त्यो अवस्थामा व्यवस्थाका यथास्थितिवादीहरू उनको नेपाल आगमनसँगै उनी विरुद्ध एकजुट भएर खनिए भने राजा पनि प्रारम्भमा पर्ख र हेरको स्थितिमा बसे । तर पनि उनको नेपाल प्रवेशसँगै प्रारम्भ भएको सरकारी दमन एवं समर्थकहरूबाट गरिएका बचाउने प्रयासबाट जुन राजनैतिक हलचल उत्पन्न भयो त्यसबाट कैयौं परिणामहरू निस्कदै गएर मेलमिलाप नीति महत्वपूर्ण कदम भएको प्रमाणित भयो ।

वी.पी. को नेपाल आगमनसँगै उत्पन्न हलचलले गर्दा राजनीतिमा तरलता ल्याउने प्रयास एवं दमनको प्रयास सँगसँगै प्रारम्भ भए । यी दुवै प्रयासको परिणाम भने जनस्तरसम्म ने.का. को प्रचार पुग्ने र कार्यकर्तामा उत्साह एवं जोशजाँगर बढाउने हुन पुग्यो । किनकी सरकारकै क्रियाकलापबाट ने.का. एवं वी.पी. को प्रचार जनस्तरसम्म पुग्यो । सरकारले उनको आगमनसँगै एकातिर समातेर थुन्ने मुद्दा चलाउने गऱ्यो भने अर्कातिर अदालत पनि नलगिदै कठोर सजायको माग गर्दै देशव्यापी रूपमा प्रश्ताव पास गराउने अभियान चलायो । सरकारकै अग्रसरतामा गरिएका यस्ता कार्यले सरकार आफै बदनाम हुँदै गयो । परिणामस्वरूप मेलमिलाप नीतिले पंचायती व्यवस्थालाई चुनौती दिँदै जनचेतना बढाउँदै लगेर ने.का. को सांगठनिक आधार पनि क्रमशः फराकिलो हुने वातावरण तयार हुँदै गयो ।[७४६]

नेपालका तत्कालीन सत्ताधारीहरूले वी.पी. नेपाल आउना साथ उनका विरुद्धमा संगठित भएर प्रतिकार गर्ने योजनाअनुरूप काम गर्न थाले ।[७४७] प्रारम्भमा राजाको सकारात्मक भावना नदेखिँदासम्म केही उत्साहित भएका उनीहरू राजाको सदभावपछि उग्र रूपमा देखापरे । फलस्वरूप राजाले रिहाइको वचन दिइसकेपछि पनि बन्दी अवस्थामा नै देश छाडन बाध्य पार्ने, सरकारी संरक्षणमा विरोध प्रदर्शनदेखि स्वागतार्थीहरूलाई कुटपिट गराउने, अदालतको रिहाइपछि राजाका आदेशअनुरूप जनसम्पर्कमा जान लाग्दा पनि प्रतिकार गरेर जान नदिनेलगायतका कार्य सम्पादन गरे । जसबाट तत्कालीन रूपमा उनीहरूको स्वार्थ पूरा भए तापनि जनसमूह एवं वैदेशिक जगतले उनीहरूको वास्तविक नियत स्पष्ट रूपमा बुझेकाले ने.का. एवं वी.पी. को लोकप्रियता झन बढ्न गई पंचायती व्यवस्थालाई नै अलोकप्रिय बनाउने काम गऱ्यो । परिणामस्वरूप मेलमिलाप नीतिको सान्दर्भिकता स्पष्ट हुँदै गएर राजा, जनता र विश्व प्रजातान्त्रिक समूहमा ने.का. प्रति सहानुभूति जाग्न थाल्यो ।

मेलमिलाप नीतिले नेपाली कांग्रेसको संगठनात्मक स्वरूपमा प्रत्यक्ष प्रभाव पार्न सफल भयो । २०२६ सालदेखि २०३३ सालसम्मको अवधिमा ने.का. प्रजातन्त्रका लागि क्रान्ति, राजासँग सम्झौता वा समझदारीको प्रयास र अहिंशात्मक आन्दोलन आदि त्रिकोणात्मक नीतिमा चलेको थियो ।[७४८] यसक्रममा वी.पी. र गणेशमानले क्रान्ति संचालन, सुवर्ण शमशेरले समझदारी निर्माणको प्रयास र कृष्णप्रसाद भट्टराईले अहिंशात्मक आन्दोलनका लागि प्रयास गर्दै थिए । तर २०३३ मा मेलमिलाप नीति लिएर वी.पी. ले नेपाल प्रवेश गरेपछि यी ३ वटै नीतिहरू एकाकार हुन गई सशक्त स्वरूप बन्न पुग्यो । यस अगाडि वी.पी. ले भारतबाट गरेको क्रान्ति उदघोषले नेपालभित्रबाट भट्टराई एवं सुवर्णले गरेका प्रयास ओझेलमा परेका थिए । जसले गर्दा एकातिर संगठनका सुत्र छरिएका थिए भने अर्कातिर ने.का. को राजनीति प्रवाशमा थियो । त्यो स्थितिमा

---

[७४६] बद्रीनारायण गौतम, टिप्पणी संख्या १४२, पृ. ७६-७७ ।

[७४७] त्रिरत्न मानन्धर र महन्थ ठाकुरसँगका अन्तर्वार्ताहरू ।

[७४८] पौडेल, टिप्पणी संख्या ९, पृ. २२ ।

वी.पी. को आगमनसँगै उनको र सुवर्णको नीतिबीच एकाकार हुने, कार्यकर्तामा व्यापक उत्साह छाउने, प्रवाशमा रहेको राजनीति नेपाल प्रवेश गर्ने उपलब्धिहरू हासिल भए । परिणामस्वरूप छरप्रष्ट भएका संगठनका सुत्रहरू जोडिएर ने.का. र वी.पी. प्रति जनमानसमा रहेको आस्था र विश्वासलाई झन बढाउने काम गऱ्यो ।[७४९] त्यसपछि विभिन्न खेमा एवं विचारधारामा बाँडिएका कार्यकर्ताहरूबीच सामन्जस्य विन्दु तयार भएर बलियो संगठन निर्माणको आधार देखापऱ्यो । त्यो अवस्थामा वी.पी. ले भट्टराईलाई कार्यकारी अध्यक्षमा मनोनित गरेर मेलमिलापको सारथी नै बनाइदिएपछि उनले देशव्यापी संगठन पुनर्गठन एवं कुटनैतिक सम्बन्ध विस्तारतर्फ कदम चाल्न थाले । फलस्वरूप देशका विभिन्न क्षेत्रमा कार्यकर्ताहरू जम्मा हुने, मिटिङ गर्ने, कोही बोल्नेलगायतका कार्य गर्न थालेपछि ने.का. सँग डाराएर टाढा भागेकाहरू पनि नजिक आउन, कुरा सुन्न र समर्थन गर्न थालेपछि एकातिर संगठन बलियो हुन थाल्यो भने अर्कोतिर राजनीति क्रमशः खुकुलो हुँदै गयो ।[७५०]

२०१७ सालपछि नेपालमा प्रतिपक्षीय राजनीति पंचायतको लौह द्वारमा बन्द गरिएकाले पंचायती व्यवस्थासँग विमती राख्नेलाई कठोर दण्ड दिइन्थ्यो । तर मेलमिलाप नीतिपश्चात त्यो स्थितिमा क्रमशः सुधार आउन थाल्यो । सरकारले नेताहरूलाई एकान्त कारावासमा राखेर गरेका व्यवहार एवं चलाएका मुद्दाबारे कानुनी राजनैतिक संवैधानिक वहस प्रारम्भ भई व्यापकता पाएपछि राष्ट्रि एवं अन्तर्राष्ट्रिय चासोका विषय बन्न पुगे ।[७५१] फलस्वरूप नेपालको राजनैतिक क्षेत्रमा जुन तरंग उत्पन्न भयो त्यसले कार्यकर्तामा व्याप्त डर र त्रासको भावनालाई मेटाइदिएपछि जनलहर बढ्दै गएकाले सरकारले पनि पहिलाझैं दमन गर्न सकेन ।

राजासँग समझदारी बढाउने र राष्ट्रियताको रक्षा एवं प्रजातन्त्रको पुनर्स्थापना गर्ने उद्देश्यले मेलमिलाप नीति अवलम्बन गरिएपछि यथास्थितिवादीहरू निकै तर्सिए । यस्तो भएमा आफ्ना एकाधिकारका दिन समाप्त हुने हुँदा सक्रियता साथ विरोध गर्नतर्फ लागे । तर उनीहरूका प्रयास विपरित विकसित हुँदै आएको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय घटना क्रमले राजालाई नै सकारात्मक बनाइदिएपछि छटपटाउन थाले । राजाकै समर्थक बनेर स्वार्थ लुटिरहेको यो वर्गमा राजाको सदासयता विरुद्ध उभिने शक्ति नभए तापनि अप्रत्यक्ष रूपमा चुनौति दिने खालका गतिविधितर्फ सक्रिय भयो ।[७५२] सरकारको पूर्ण संरक्षणमा कट्टरपन्थी तुलसी गिरीको नेतृत्वमा अभियान चलाएर भिड जुटाइ वी.पी. लाई अन्तर्राष्ट्रिय ऐजेन्ट र विदेशी

---

[७४९] नरहरी आचार्य, पं. मेघनाथ शर्मा, चिरन्जीवी वाग्ले, रामचन्द्र पौडेल, शैलजा आचार्य, महेश्वरलाल श्रेष्ठ, शुक्रराज शर्मासँगका विभिन्न अन्तर्वार्ताहरू ।

[७५०] शंकर उप्रेती, टिप्पणी संख्या ११४ (ख) ।

[७५१] वालकृष्ण खाँण र नरहरी आचार्यसँगका अन्तर्वार्ताहरू ।

[७५२] गंगाधर लम्साल, यज्ञ अधिकारी, शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।

दलालसम्मका आरोप लगाई नारावाजी गर्ने, विरोध जनाउनेलगायतका कामहरू गरिए ।[७५३] सरकारी प्रेश एवं संचारको प्रयोग गरेर ने.का. को आलोचना गर्न थालिएपछि जनताले सरकारको झुठ पक्डने मौका प्राप्त गरी ने.का. प्रति सहानुभूति गर्न थाले ।[७५४] यिनका यस्ता क्रियाकलापबाट राजाले पनि यिनीहरूको नियत बुझ्ने मौका पाएपछि पंचायतका संचालकहरूप्रति मोह भंग भएर परिवर्तनका लागि मौका खोज्न थाले ।

मेलमिलाप नीतिले पंचायती राजनीतिलाई पनि स्पष्टसँग दुई खेमामा विभाजित गरिदियो । वी.पी. ले कुनै पनि व्यक्ति पंचायतमा लाग्यो भन्दैमा प्रजातन्त्रवादीहरूको स्थायी राजनैतिक शत्रु बनि हाल्यो भन्ने गलत धारणा त्याग्न र पंचायत पक्षका इमान्दार राजनैतिक व्यक्तिलाई पनि समेटन आह्वान नै गरेका थिए ।[७५५] जसलाई उदारवादी विचारका पंचहरूले सहजै स्वीकारेर ने.का. प्रति नरम नीति अवलम्बन गरेर मुलधारमा समेटने वातावरण निर्माण गर्नुपर्दछ भन्ने नीतिअनुरूप पंचायतका विभिन्न निकायमा आवाजसमेत उठाएका थिए ।[७५६] यस बाहेक वी.पी. को "पंचहरू प्रजातन्त्रवादीसँग नतर्स प्रजातन्त्रवादीहरू पंचसँग नझस्क" भन्ने उदगारलाई आत्मसात गरेका उदारवादी पंचहरूले प्रत्यक्ष रूपमा उत्रिएर वी.पी. को नीतिको समर्थन गर्न नसके तापनि पंचायतभित्रै प्रजातान्त्रिक अभ्यासको माग गरी पंचायतमा दवाव पार्न थाले ।[७५७] जसलाई यथास्थितिवादीहरूले नटेर्ने र पेल्ने नीति लिएपछि उदारवादीहरू पनि उनका विरुद्ध सक्रिय हुन थाले । जसले समय क्रममा पंचहरूबीच नै गुट उपगुट सिर्जना गराउँदै लगेर एकअर्का विरुद्ध सक्रिय हुने, राष्ट्रिय पंचायत अगाडि नै पंचले पंचलाई कुटनेसम्मका क्रियाकलापलाई जन्माइदियो ।

मेलमिलाप नीतिले मुलुकको गुम्सिएको राजनैतिक परिवेशमा गतिशिलता ल्याउनुका साथै परिवर्तनका पक्षधर युवा विद्यार्थीहरूमा प्रजातन्त्र पुनर्स्थापनार्थ उत्साहको नव संरचना हुन थाल्यो ।[७५८] २०३३ सालपछि तत्कालीन सरकारको संरक्षणमा वी.पी. लगायतका प्रजातन्त्रवादीहरूप्रति गरिएको व्यवहारबाट सबैभन्दा बढी विद्यार्थीहरू नै आक्रोशित भए । तसर्थ आफ्ना शैक्षिक संस्थाहरूमा रचनात्मक कार्यक्रम आयोजना गरेर सरकारी नीतिकिो कटु आलोचना गर्दै राजबन्दी रिहाइ नगरेमा गम्भिर परिणाम आउने चुनौती दिन थाले ।[७५९] विद्यार्थीहरू असन्तुष्ट हुना साथ

---

[७५३] कुमार, टिप्पणी संख्या ४२ (ख), पृ. १०-११ ।

[७५४] लोकराज बराल र त्रिरत्न मानन्धरसँगका अन्तर्वार्ताहरू ।

[७५५] कोइराला, टिप्पणी संख्या १७० (क), पृ. १६ ।

[७५६] लोकेन्द्रबहादुर चन्द, श्रीभद्र शर्मा, दामोदर उपाध्याय, कृष्णलाल सापकोटासँगका अन्तर्वार्ताहरू ।

[७५७] (क) श्रीमती लिला कोइरालाको अन्तर्वार्ता, *जागृती,* अङ्क ६, लालकिशोर शाह आदि (सं.), जनकपुर : स्व.वि.यु.रा.रा.ब. क्याम्पस, २०४५, पृ. ९-१० ।
(ख) रामकृष्ण ताम्राकार, टिप्पणी संख्या ८९ (ग) ।

[७५८] बद्रीनारायण गौतम, टिप्पणी संख्या १४२, पृ. ८० ।

[७५९] (क) विपिन कोइरालासँग २०५० असौज १८ गते लिएको लिखित अन्तर्वार्ता ।

उनीहरूकै अग्रसरतामा देशभरि सरकार विरोधी आवाज उठन थाल्यो । जनकपुर क्षेत्रमा त महन्थ ठाकुर, वृखेशचन्द्रलाललगायत विद्यार्थी नेताहरूको पहलमा आन्दोलन नै सुरु गरेपछि प्रशासनले धेरैलाई गिरफ्तार गरेर जेल चलान गऱ्यो ।[७६०] विद्यार्थीहरू यसरी तात्न थालेकै बेलामा त्रि.वि. सभाका लागि हुन लागेको निर्वाचनमा प्रजातान्त्रिक समूहका उम्मेदवारहरूले देशका राष्ट्रिय समस्या, शिक्षा नीति, शिक्षकहरूको दुर्दशालगायतको स्थिति स्पष्टपारि राजनैतिक स्वतन्त्रताको माग गर्दै घोषणापत्र जारी गरेर उभिए ।[७६१] यस घोषणा पत्रले तत्कालीन मौनतालाई चिर्दै पंचायती शिक्षा नीति तथा अन्य धाँधलीको पर्दाफास गरेकाले सरकारले त्यसलाई पचाउन नसकि पाँचैजना प्रजातान्त्रिक उम्मेदवारहरूलाई गिरफ्तार गरी चुनावसमेत स्थगित गऱ्यो ।[७६२] यसबाट विद्यार्थी आक्रोशलाई झन बढाउने काम भएकाले विद्रोहका लागि मौका खोज्न थाले ।

खास गरी २०१७ सालको शाही कदमपछि स्थापित पंचायती व्यवस्था विरुद्ध विभिन्न रूप र चरणमा आन्दोलन गर्दै आएका नेपाली विद्यार्थीहरू अति आक्रामक र क्रान्तिकारी हुँदै आएका थिए । उनीहरूमा जागेको उक्त आक्रामक र क्रान्तिकारी शक्तिलाई मेलमिलाप नीतिले उचित मार्ग दर्शन गरेर सही दिशा प्रदान गरी प्रजातान्त्रिक आन्दोलनको मार्गतर्फ बढायो ।

मेलमिलाप नीतिले पंचायत विरोधी अन्य राजनीतिक दल एवं समूहलाई पनि संगठित हुने, सदभाव एवं समझदारी बढाउने भावना प्रदान गऱ्यो । वामपन्थी राजनीतिमा झापा काण्ड मच्चाएका नेताहरूले समय क्रममा आफ्नो नीतिको समिक्षा गरी पार्टी एकीकरण र संगठन विस्तारमा जोड दिन थाले । मेलमिलाप पछिको केही खुकुलो वातावरणले उनीहरूलाई गतिशित हुने मौका दियो । यसै क्रममा विविध प्रयास गरेर लुम्बिनी अंचलको मुक्ति मोर्चासँग सि.पी. समूहको आर्डिनेशन केन्द्रले २०३४ साल भदौ १४ गते रूपन्देहीमा समूहगत एकता कायम गऱ्यो ।[७६३] त्यसपछि विभिन्न स-साना वामपन्थी समूहहरू एक हुँदै गएर २०३५ साल पौष ११ गते एक राष्ट्रिय सम्मेलनद्वारा ने.क.पा. (मा.ले.) को स्थापना हुन पुग्यो ।[७६४] यसबाहेक

---

(ख) वृखेशचन्द्रलाल, गंगाधर लम्साल, यज्ञ अधिकारी, रामचन्द्र पौडेल, राजेन्द्रनिधि कोइराला, विमलेन्द्रनिधि, कैलाश कार्कीसँगका विभिन्न अन्तर्वार्ताहरू ।

[७६०] वृखेशचन्द्रलाल र विमलेन्द्रनिधिसँगका अन्तर्वार्ताहरू ।

[७६१] विस्तृतिका लागि त्रिभुवन विश्वविद्यालय सभाका लागि हुने चुनावमा खडा भएका प्रजातन्त्रवादी स्नातक उम्मेदवारहरूको घोषणापत्र-२०३५ ।

[७६२] (क) व्रतराज आचार्य, टिप्पणी संख्या २४ ।
(ख) *नेपाल विद्यार्थी संघ (इतिवृत्तात्मक परिचय),* काठमाडौँ : नेपाल विद्यार्थी संघ केन्द्रीय प्रचार तथा साहित्य समिति, मिति उल्लेख नभएको, पृ. ६ ।

[७६३] (क) प्रदिप नेपाल, *मुक्त आकाशको खोजी,* (दोस्रो भाग), मिति र स्थान उल्लेख नभएको, फुलचोकी पुस्तक तथा मसलन्द भण्डार, पृ. २०-३७ ।
(ख) बालचन्द्र मिश्र, *झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म,* काठमाडौँ : सुनौलो बिहानी अभियान, २०५८, पृ. ७६-९१ ।

[७६४] भीम रावल, *नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास,* (दोस्रो संस्करण), काठमाडौँ : पैरवी प्रकाशन, २०४७, पृ. ८३-८४ ।

मनमोहनको समूह, तुलसीलाल समूह, पुष्पलाल समूह, मदनमणि समूह आदि विभिन्न वामपन्थी समूहहरू पनि छँदै थिए । जसलाई मेलमिलाप नीतिबाट उत्पन्न हलचलमा गतिशिल हुन प्रशस्त सहयोग पुग्यो । गतिशिल वामपन्थी समूहहरूमध्ये केही उदार विचार राख्ने मनमोहन समूह, तुलसीलाल समूह, मदनमणि समूह आदि ने.का. प्रति सकारात्मक सोच राख्दै वी.पी. को स्वागतका लागि विमानस्थलमा पुग्ने, विरानगरको स्वागत समितिमा बस्ने-खटने, रिहाइका लागि दवावमुलक कार्यमा सहयोग पुऱ्याउने गर्न थाले । जसको फलस्वरूप एकताको भावना बढ्दै गएर संयुक्त संघर्षको पृष्ठभूमि निर्माणमा सहयोग पुग्यो ।

# अध्याय - चार

# २०३५ र २०३६ को विद्यार्थी आन्दोलन

## ४.१ पृष्ठभूमि

२०१७ सालको शाही कदमपछि मुलुकमा राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाएर विचार अभिव्यक्ति स्वतन्त्रतासमेत हरण गरियो । देशमा पार्टीगत राजनैतिक क्रियाकलाप समाप्त प्रायः भएकाले नेपाली कांग्रेस (ने.का.), नेपाल कम्यूनिष्ट पार्टी (ने.क.पा.) जस्ता राजनैतिक दलको नाम लिनेहरूमाथि समेत सरकारको बक्र दृष्टि पर्ने परिस्थिति सिर्जना भयो । यस्ता राजनैतिक दलका प्रमुख नेताहरू या त जेलमा थुनिए या विदेश पलयान भए । पक्रिनबाट बचेका दोस्रो दर्जाका नेताहरूमध्ये पनि कतिले पंचायती व्यवस्था एवं शाही कदमको समर्थन गर्न थाले भने कतिपय चुप लागेर बसे । देशभित्र यस्तो राजनैतिक शून्यताको स्थिति उत्पन्न भएको अवस्थामा देशका विभिन्न शैक्षिक संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरू एक जुट हुँदै गएर आ-आफ्ना संस्थाभित्रैबाट असहमतीका आवाजहरू उठाउन थाले । जसको परिणामस्वरूप नेपालमा उच्च शिक्षाका केन्द्र मानिने क्याम्पस एवं कलेजहरू प्रतिपक्षीय राजनैतिक केन्द्रका रूपमा विकसित हुनथाले ।

नेपालका विद्यार्थीवर्गमा यसरी व्यवस्था विरोधी वातावरण बढ्न थालेको आभास पाएपछि तत्कालीन सरकारले २०२० सालमा राष्ट्रिय निर्देशन ऐनअन्तर्गत काम गर्ने गरी "नेपाली विद्यार्थी संगठन" को स्थापना गऱ्यो । सरकारको यस्तो कार्यपछि त्यसमा विमती राख्ने विद्यार्थीहरू प्रजातन्त्रवादी विद्यार्थीको सक्रियतामा "स्वतन्त्र विद्यार्थी यूनियन" गठन गर्नेतर्फ लागे । जसलाई सरकारले निरुत्साहित गर्न खोजेपछि उपत्यकामा प्रारम्भ भएको कलेज हडतालका अन्तमा कलेज स्तरमा स्वतन्त्र विद्यार्थी यूनियन खोल्ने मन्जुरी दिन सरकार बाध्य भएपछि २०२२ सालमा अनेरास्ववियू स्थापना भयो ।[७६५] अधिकांश प्रजातन्त्रवादी विद्यार्थीहरू

---

[७६५] (क) सहाना प्रधानसँग २०६२ साल असार १२ गते सानेपा, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) भरतमोहन अधिकारीसँग २०६२ असार १३ गते कलंकि, सुनार गाउँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

थुनिएका बेला वामपन्थी विचारधाराका विद्यार्थीद्वारा स्थापित यो संगठन स्थापना गर्दा प्रजातन्त्रवादी विद्यार्थीसँग कुनै सल्लाहसमेत नगरिनाले उनीहरू यसमा समेटिन सकेनन् । फलस्वरूप यो संगठन कम्यूनिष्ट पार्टीको निर्देशनमा चल्ने विद्यार्थी संगठनमा परिणत भएर पार्टी विभाजनसँगै क्रमशः टुक्रिदै गयो ।

२०१७ सालसम्म नेपाल छात्र संघ एवं तरुण दलमा आवद्ध भएका प्रजातान्त्रिक भावना भएका विद्यार्थीहरू त्यसपछि राष्ट्रव्यापी सम्मेलनद्वारा एकीकृत विद्यार्थी संघ स्थापनाको प्रयासमा लागेका थिए । जसलाई पंचायती सरकारले पूरा हुन नदिएपछि उनीहरू गौरिशंकर छात्र समिति, गण्डकी छात्र समिति, पश्चिम १ नं. छात्र समिति, सुदूर पश्चिमाञ्चल छात्र समिति, गुल्मी अर्घाखाँची छात्र समिति आदि विभिन्न क्षेत्रीयस्तरका संगठन बनाएर राजधानीमा संगठित हुने र राजनैतिकलगायत विभिन्न गतिविधि संचालन गर्ने गर्दै थिए ।[७६६] अर्कोतिर भारत भूमिलाई आधार बनाएर २०१९ सालमा दरभंगामा छत्रकेशरी प्रसाई (सि.के. प्रसाई) को अध्यक्षतामा “नेपाल समाजवादी छात्र तथा युवा संगठन”[७६७] र २०२४ सालमा बनारसमा शैलजा आचार्यको अध्यक्षतामा “प्रजातान्त्रिक समाजवादी युवा लिग”[७६८] को स्थापना भएको थियो । यी दुवै संगठनले प्रजातन्त्रवादी विद्यार्थीहरूलाई संगठित गरी अन्य विद्यार्थीसँग सहकार्यसमेत गरी एकीकृत रूपमा पंचायती व्यवस्था विरुद्ध गतिशिल हुने कार्यमा लगाई प्रजातान्त्रिक आन्दोलनको मार्ग खोज्न थाले ।

नेपालभित्र २०१७ सालपछि विद्यार्थी आन्दोलनलाई स्पष्ट दिशाबोध गराउने अनुभवी राजनेताहरू जेल या प्रवाशमा रहेकाले राम्रो प्रेरणा एवं आडभरोसाको अभाव भयो । तर पनि विद्यार्थीहरू आफ्नो बुद्धिले जतिभ्याउँछ त्यति नै योजना एवं कार्यक्रम बनाएर अगाडि बढे । यो अवधिमा भएका आन्दोलनका मोर्चामा वामपन्थी एवं प्रजातान्त्रिक समूह दुवैले सरसल्लाह गरी मिलेर आन्दोलन चलाउने र कलेजहरूका चुनावमा स्वस्थ्य प्रतिष्पर्धा गर्ने गर्दथे । परिणामस्वरूप कतिपय सन्दर्भमा सरकारलाई समेत झुकाएर आफ्ना मागहरू पूरा गराउन सफल पनि भए ।

२०२५ सालसम्म कायम रहेको यो सौहार्दता त्यसपछि क्रमशः धमिलिन थाल्यो । किनकी २०२५ साल कार्तिक १४ गते वी.पी. लगायतको रिहाइपछि प्रजातन्त्रवादी विद्यार्थीवर्गमा देखापर्न थालेको उत्साहको वातावरणबाट अरू शसंकित हुनथाले । यो स्थितिमा सरकारले अंचलाधिश एवं प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रही पंचायत विरोधीहरूलाई तहलगाउने लगायतका काम गर्नका लागि “राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल” (मण्डले) नामक व्यवस्थावादी विद्यार्थी संगठनको स्थापना गरायो । वी.पी. को रिहाइको १ महिना पुग्न नपाउँदै

---

[७६६] यस्ता संगठन र यिनका क्रियाकलापका लागि हेर्नुहोस् गोवर्धन राना, *प्रजातान्त्रिक आन्दोलनमा नेपाली विद्यार्थी संघ (नेपाली तरुणहरूको संघर्षगाथा)*, काठमाडौं : नेपाल विद्यार्थी संघ पश्चिमाञ्चल समन्वय समिति, २०५१, पृ. ९२-१०२ ।

[७६७] रामचन्द्र पौडेलसँग २०६० पौष २४ गते वालाजु, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[७६८] (क) *पूर्ववत्* ।
(ख) शैलजा आचार्यसँग २०६१ जेठ १८ गते जयवागेश्वरी, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

त्यस अगाडिको एकात्मक भावना विपरित वामपन्थी विद्यार्थीहरूले एकलौटी रूपमा पर्चा छर्ने, पंचायती शब्द र शैलीमा बी.पी. लाई गाली गर्ने, बिनाकारण प्रजातन्त्रवादी विद्यार्थीमाथि आक्रमण गर्नेजस्ता कार्य गर्नथाले ।[७६९] परिणामस्वरूप २०२५ सालको अन्तसम्म आइपुग्दा दुवै थरिबीचको फाटो झन बढ्दै गएर समानान्तर संगठन निर्माणका लागि आ-आफ्ना तयारी सुरु भयो । जसका अन्तमा प्रजातन्त्रवादीहरूले २०२७ साल वैशाख ६ गते देशभरिबाट जम्मा भएका करिब २०० प्रतिनिधि र १०० पर्यवेक्षकको उपस्थितिमा स्वयम्भु घाँचस्थित एउटा सत्तलमा भर्खरै जेलमुक्त भएका सभामुख कृष्णप्रसाद भट्टराईद्वारा उद्घाटन गराएर नेपाल विद्यार्थी संघ (ने.वि.संघ) नामक विद्यार्थी संगठन स्थापना गरे ।[७७०]

आफ्ना विरोधीहरूले संगठित भएर राष्ट्रियस्तरको विद्यार्थी संगठन निर्माण गर्न लागेको सहन नसकि सरकारले सम्मेलन अगावै प्रमुख विद्यार्थी नेताहरूलाई गिरफ्तार गरिसकेको थियो । पछि सम्मेलनका सिलसिलामा हस्तक्षेप गरेर पनि धेरैलाई गिरफ्तार गऱ्यो । जसलाई कारवाही चलाउने उद्देश्यले वागमती अंचल विशेष अदालत स्थापना गरी आफैले २०२३ सालमा निलम्बन गरेको राष्ट्रिय निर्देशन ऐनको धारा प्रयोग गरी रामचन्द्र पौडेल, शेरबहादुर देउवा, चिरन्जीवी वाग्लेलगायत २२ जनालाई ६ महिना कैद र जनही रू. ५००/- जरिवाना गऱ्यो ।[७७१] सरकारको यस्तो कार्यका विरुद्ध वन्दी विद्यार्थीहरूका तर्फबाट सर्वोच्च अदालतमा रिट दायर गरियो । त्यसबखत गणेशराज शर्मा, कुसुम श्रेष्ठलगायतका कानुन व्यवसायिहरूले विद्यार्थीका तर्फबाट निःशुल्क वहस गरी सरकारकै निर्देशनमा राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलको स्थापना गैरकानुनी मानिदैन भने ने.वि. संघको गठन कसरी गैरकानुनी हुन्छ ? भन्ने प्रश्न गर्दै वहस गरेका थिए ।[७७२] जसका अन्तमा सर्वोच्च अदालतले विशेष अदालतको फैसला रद्ध गरी आफ्ना हकहितका लागि विद्यार्थीद्वारा स्वतन्त्र संघ खडा गर्न पाउने अधिकारलाई वैधानिकता दिएपछि सरकार बन्दी विद्यार्थी रिहा गर्न बाध्य भयो ।

यसप्रकार नेपालमा वामपन्थी, प्रजातन्त्रवादी र पंचायतवादी विद्यार्थी संगठन स्थापित भए । जसमध्ये ने.वि. संघ र अनेरास्ववियूले क्रमशः ने.का. र ने.क.पा. को प्रतिनिधित्व गरेर निर्दलीय शासनकालमा पनि दलीय राजनीतिक संस्कारलाई व्यवहारमा उतार्ने एवं जोगाउने काम गरे भने मण्डल सरकारी संरक्षणमा व्यवस्था विरोधी विद्यार्थीमाथि खनिनाले वदनाम हुनथाल्यो । यस्तो अवस्थामा आ-आफ्ना दलका विचारधारा बोकेर सक्रिय रहेका विद्यार्थीहरू

---

[७६९] *नेपाल विद्यार्थी संघ (इतिवृत्तात्मक परिचय),* काठमाडौं : प्रचार तथा साहित्य समिति नेपाल विद्यार्थी संघ, २०३९, पृ. १९-२० ।

[७७०] (क) *पूर्ववत्,* पृ. २४-२६ ।
(ख) राना, टिप्पणी संख्या २, पृ. १३४-१३८ ।

[७७१] (क) रामचन्द्र पौडेल, टिप्पणी संख्या ३ ।
(ख) चिरन्जीवी वाग्लेसँग २०५८ जेठ ३ गते कालोपुल, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[७७२] गणेशराज शर्मासँग २०६२ असार १२ गते पुतलीसडकस्थित निवाशमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

आ-आफ्ना आन्दोलनमा राजनैतिक मागहरू समेत उठाउन थाले । यसरी विद्यार्थीहरू पुनः नजिकिदै जान थालेका बेला २०२८ सालमा नयाँ शिक्षा योजना प्रारम्भ भयो । जसले कलेज एवं विद्यालयहरूमा स्वतन्त्र विद्यार्थी यूनियन खोल्न प्रतिबन्ध लगाएपछि विद्यार्थी आक्रोश झन बढ्न गयो । फलस्वरूप शैक्षिक मागसँगै राजनैतिक मागसमेत राखेर विद्यार्थीले आन्दोलन गर्ने र सरकारले दमन गर्ने, एकता तोडनेलगायतका कार्य हुँदै गए । तर पनि विद्यार्थीमा विद्रोहको भावना झन-झन बढ्दै गयो र उनीहरू शैक्षिक समस्याका आडमा राजनैतिक मुद्दाहरू उठाउनेलगायतका कार्य गर्नेतर्फ लागे ।

विद्यार्थीहरूद्वारा नयाँ शिक्षाका विरुद्ध मौका खोजी-खोजी प्रहार गर्ने कार्य भइरहेका बेला सरकारले २०३२ सालमा संविधान संशोधन गरी राष्ट्रिय पंचायतमा स्नातकहरूको प्रतिनिधित्वलाई समाप्त गऱ्यो । विद्यार्थीहरू यस कार्यका विरुद्ध आन्दोलनमा उत्रिएपछि सरकारको निर्देशनमा विश्वविद्यालय हाताभित्र प्रहरी प्रवेश गराई विद्यार्थीहरूलाई पक्रने, लाठि प्रहार गर्नेजस्ता कार्य गरियो । जसको निन्दा गर्दै प्राचार्य केदारभक्त माथेमा, प्राध्यापक सहाना प्रधानलगायतले विरोध प्रकट गरेपछि उनीहरू लगायत तिसौं जनालाई विद्यार्थी उक्साएर आन्दोलन गराएको अभियोग लगाई बर्खास्त गरियो ।[७७३] नेपालमा यस्तो राजनैतिक उकुसमुकुस युक्त वातावरणको निर्माण भइरहेका बेला वी.पी. लगायत ने.का. का नेताहरू २०३३ साल पौष १६ गते मेलमिलापनीति लिएर नेपाल फर्किए । जसबाट राजनैतिक क्षितिजमा हलचल मच्चाउने खालका तरंगहरू देशभित्र उठन थाले । पंचायतका केन्द्रदेखि स्थानीयतहसम्मका नेता एवं कार्यकर्ता सम्पूर्ण शक्ति लगाएर वी.पी. एवं ने.का. विरुद्ध खनिनाले देशव्यापी रूपमा राजनैतिक हलचल उत्पन्न भयो । जसलाई अझ व्यापक बनाउन ने.वि. संघका विद्यार्थीहरू वी.पी. का पक्षमा गतिविधि गर्ने, संयुक्त आन्दोलनको वातावरण निर्माण गर्ने उद्देश्यले अगाडि बढेर अन्य विद्यार्थी संगठनसँग कुराकानी गर्न थाले । नयाँ शिक्षा योजनाले स्वतन्त्र विद्यार्थी यूनियनको निर्वाचन खारेज गरेकाले क्याम्पसहरूमा चुनावी टकराव समाप्त भएको थियो । त्यसबाट एकताको भावना बढेकै बेला राज्यले सारा ध्यान वी.पी. एवं ने.का. विरोधी गतिविधिमा लगाएपछि ने.वि. संघ एवं वामपन्थी विद्यार्थीबीच एकताका प्रयास हुँदैगए । जसले क्रमशः सार्थकता पनि प्राप्त गर्न थाल्यो । फलस्वरूप उनीहरू एकजुट भएर क्याम्पस प्रशासनसमक्ष वर्गीय समस्याहरू पुऱ्याउने, मानवअधिकार दिवश मनाउने बहानामा एकत्रित भएर प्लेकार्डसहित जुलुस निकाल्ने, राजतन्त्रको नेतृत्वमा भएका हत्या एवं दमनको विरोध गर्नेजस्ता कार्य गर्न सफल भए ।[७७४] यसबाहेक सरकारी विद्यार्थी संगठन मण्डलद्वारा आफूहरूप्रति गरिने

---

[७७३] सहाना प्रधान, टिप्पणी संख्या १ (क) ।

[७७४] (क) व्रतराज आचार्यसँग २०६१ चैत्र १६ गते भानुचोक, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) डा. गंगाधर लम्सालसँग २०६० असार ३ गते भरतपुर, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

अभद्र व्यवहार एवं गुण्डा गर्दी र प्रजातन्त्रवादी नेताहरू विरुद्ध भएका ताण्डव नृत्यले गर्दा पनि उनीहरूमा एकजुट भएर प्रतिरोध नगरेमा बाँच्न नसकिने वास्तविकता महसुस हुन पुगेको थियो ।

देशभित्र विद्यार्थीहरू एकताको प्रयासमा लागेकै बेला सरकारी संरक्षणमा यथास्थितिवादी एवं मण्डलद्वारा वी.पी. लगायतका आफ्ना विरोधीहरूलाई जनसम्पर्क एवं पारिवारिक भेटघाटका लागि समेत जान नदिने, त्रि.वि. सभाका लागि हुन लागेको स्नातक निर्वाचनमा खडा भएका प्रजातान्त्रिक पक्षका उम्मेदवारलाई गिरफ्तार गरी चुनावनै स्थगित गर्ने, विद्यार्थी नेताहरू पक्रनेलगायतका कार्यहरू सम्पादन गरे । जसबाट सरकार झन निरंकुशतातर्फ बढ्न थालेको स्पष्ट भएपछि केही नगरी नहुने मानसिकतामा पुगेका विद्यार्थी नेताहरू गोप्य भेटघाट एवं सरसल्लाहतर्फ लागे । विद्यार्थीहरू यसरी सल्बलाइरहेकै बेला सरकारले अकस्मात जेलमा रहेका ने.का. का योद्धा यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई उपत्यका बाहिर पुऱ्याएर मृत्युदण्ड दियो । ने.का. को सशस्त्र सङ्घर्षका प्रमुख योद्धाका रूपमा चिनिने यी योद्धाहरूलाई मारिएको घटनाबाट अत्यन्त दुःखि एवं आक्रोशित भए तापनि विद्यार्थीहरू तुरुन्त आन्दोलनमा उत्रन भने सकेनन् । जसको मुख्य कारण यो विषय उठाएर आन्दोलन गर्दा प्रत्यक्षतया पार्टीगत संलग्नता देखिनाले एकातिर आमविद्यार्थी एवं जनसमुदायको पूर्ण समर्थन नपाउने संभावना र अर्कातिर तिब्र सरकारी दमन भोग्नु पर्ने संभावना नै थियो ।[७७५] यसबाहेक ने.का. का नेताको मृत्युदण्डका विरुद्ध उत्रेर सरकारीकोप भाजनको शिकार बन्न वामपन्थी विद्यार्थी तयार नहुनु र ने.वि. संघले एक्लै सडकमा उत्रदा उपलब्धिमुलक हुँदैन भन्ने ठान्नुबाट पनि त्यसबखत विद्यार्थीहरू चुप लागेको हुनसक्दछ । तर उनीहरू बीच एकताका लागि भइरहेका प्रयासहरूमा भने कुनै कमि नआइ निरन्तर रूपमा भेटघाट, छलफल भने गरिनै रहेका थिए ।

त्यसैबखत उपत्यकाभित्र संचालित यातायातका साधनहरूले विविध कारण देखाएर भाडा बढाउने क्रममा रत्नपार्क-कीर्तिपुर रुटमा चल्ने मिनिवसहरूले प्रचलित भाडादर ५० पैसाबाट बढाएर एक रूपैयाँ पुऱ्याए । एक्काशि शतप्रतिशत नै बढाइएको उक्त भाडाबाट विद्यार्थीहरूलाई ठूलो मर्का पर्ने सुनिश्चित भएकाले कीर्तिपुर क्याम्पसका विद्यार्थीहरू क्याम्पस प्रशासनसमक्ष डेलिगेशन गई भाडा वृद्धिको कारणबारे जान्न खोज्दा चित्त बुझ्दो जवाफ पाउन नसकेपछि भोलीदेखि कसैले पनि बढेको भाडा नतिर्ने निर्णय गरेर छुट्टिए ।[७७६] उक्त निर्णयले गर्दा भोलिपल्ट व्यवस्था विरोधी विद्यार्थीहरूले बढाएको बसभाडा नतिर्ने अडान लिएपछि बसवाला एवं विद्यार्थीबीच विवाद भयो । यसैक्रममा दण्डपाणि वस्याल नामक मसाल समर्थक अखिलका विद्यार्थीलगायतको एक टोलीले साविकभन्दा बढी भाडा नतिर्ने अडान लिएपछि त्यसै बसमा यात्रा गरिरहेका सुनिल राईलगायतका मण्डल समर्थक विद्यार्थीको एक टोलीले किन

[७७५] कैलाश कार्कीसँग २०६१ कार्तिक १७ गते जयवागेश्वरी, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[७७६] *पूर्ववत्* ।

नतिर्नेलगायतका कुरा गरी निज वस्यालला‌ई नराम्रोसँग पिटे ।[७७७] कुलेश्वरमा घटेको यस घटनाबाट कीर्तिपुर क्याम्पसमा त्यसपछि जुन तनाव उत्पन्न भयो त्यसबाट पंचायत विरोधी विद्यार्थीहरू बीच आपसका सबै विवाद विर्सेर पंचायती व्यवस्था र त्यसका पृष्ठपोषक मण्डलेहरू विरुद्ध एकजुट भई सङ्घर्षमा उत्रन ढिला गर्न नहुने आवश्यकता स्पष्ट भयो ।

पंचायती सरकारको कार्यशैली एवं संरक्षणमा देशभित्र पंचायतका विभिन्न निकाय एवं मण्डलेहरूद्वारा प्रदर्शित गुण्डागर्दी र दमनात्मक क्रियाकलापबाट विद्यार्थीहरूका साथै बुद्धिजीवी, उदार पंच एवं आमचेतनशिल नागरिकमा समेत घृणा, आक्रोश एवं असन्तुष्टीला‌ई विकसित गर्दै लग्यो । तर पनि सरकारी कोपभाजनका डरले विद्यार्थी बाहेक अन्य वर्गले विद्रोहका लागि उत्रने साहस गर्न सकेन । सदैव अन्यायका विरुद्ध आवाज उठाउने विद्यार्थीवर्ग भने मुकदर्शक बनेर बस्न तयार नभई आफ्ना अग्रज एवं मार्ग निर्देशकसँग रायसल्लाहतर्फ लाग्यो । यसप्रकार देशभित्र पंचायती व्यवस्था विरुद्ध बढ्दो आक्रोशले विष्फोटनको बाटो खोजिरहेकै बेला पाकिस्तानमा घटेको घटनाले जुन हलचल उत्पन्न भयो त्यसबाट २०३५-०३६ को विद्यार्थी आन्दोलनला‌ई जन्माइदियो ।

## ४.२ विद्यार्थी आन्दोलनको विष्फोटन

पंचायती व्यवस्थाले अवलम्बन गरेको नीति एवं कार्यशैलीबाट उत्पन्न परिस्थितिले विष्फोटनको बाटो खोजिरहेकै बेला पाकिस्तानमा घटेको मानवअधिकार उल्लङ्घनको घटनाले विष्फोटनको आधार भूमि तयार गऱ्यो । पाकिस्तानका सैनिक जनरल जियाउल हक २०३४ सालको प्रारम्भतिर सैनिक कार्वाहीबाट सत्तामा आएपछि प्रजातन्त्र विरोधी गतिविधि गर्न थाले । यसैक्रममा उनको अप्रत्यक्ष निर्देशनमा अपदस्त प्रधानमन्त्री जुल्फिकर अलिभुट्टोसहितका ४ जनाला‌ई अहमदरेजा कसुरीको हत्याको अभियोगमा गिरफ्तार गरी २०३४ साल आश्विन २५ गते (११ अक्टुवर १९७७) का दिन लाहौरस्थित उच्च न्यायालयमा मुद्दा चला‌इएको थियो ।[७७८] जहाँ छानविनलगायतको प्रक्रिया पूरा गरी दोषि ठहऱ्याएर २०३४ चैत्र ५ गतेका दिन मृत्युदण्डको फैसला गरियो । भुट्टोलगायतले यस फैसला विरुद्ध पाकिस्तानको सर्वोच्च अदालतमा अपिल गरेपछि त्यहाँ पनि छानविन सुरु भयो । जसका अन्तमा सर्वोच्च अदालतले २०३५ साल माघ २४ गते (७ फरवरी १९७९) बिहान ठीक ११ बजे एकजनाको बहुमत अर्थात ३ का विरुद्ध ४ मतले उक्त अपिल खारेज गरी उच्च न्यायालयको मृत्युदण्डको फैसलाला‌ई सदर गऱ्यो ।[७७९] प्रजातन्त्रवादी राजनेताला‌ई समाप्त गर्ने षड्यन्त्रअनुरूप पाकिस्तानमा घटेको यस्तो घटनाप्रति चासो देखाउँदै अन्तर्राष्ट्रिय क्षेत्रबाट उनको ज्यान बचाउन निकै प्रयासहरू हुन थाले । तर

---

[७७७] कैलाश कार्की र गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।
(ख) गणेशप्रसाद पाठकसँग २०६१ फाल्गुण २३ गते भैरहवामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[७७८] सलमान तासिर, *भुट्टो अ पोलिटिकल वायोग्राफि,* न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, १९८०, पृ. १७८-१७९ ।

[७७९] *पूर्ववत्,* पृ. १८५ ।

पाकिस्तानको सैनिक सरकारले ती सबैको वेवास्ता गरी २०३५ साल चैत्र २२ गते मध्यरातमा रावलपिण्डि जेलभित्रै भुट्टोलाई फाँसी दियो ।

यो समाचार बाहिर आउनासाथ विश्व जनमत स्तब्ध एवं आक्रोशित भएको अवस्थामा नेपालका विद्यार्थीहरू पनि चुप लाग्न सकेनन् । तसर्थ उनीहरूले केही गर्ने निश्चयसँगै चैत्र २३ गतेका दिन भेलाभएर गोप्य रूपमा छलफल गरे । जसका अन्तमा एक प्रजातन्त्रवादी राजनेतालाई दिइएको मृत्युदण्ड प्रजातन्त्रको हत्या गर्ने घटना भएकाले एकजुट भएर विरोध गर्ने कुरामा एकमत भएर संयुक्त जुलुससहित पाकिस्तानी दुतावास पुगेर विरोधपत्र दिने कार्यक्रम तय गरे ।[७८०] कार्यक्रमको निश्चयपछि उपत्यकाका सबै क्याम्पसहरूमा खबर पुऱ्याएर भोलिपल्ट सबै विद्यार्थीलाई त्रि-चन्द्र क्याम्पसमा भेला गराउने, प्लेकार्ड ब्यानरलगायतका सामग्री तयार गर्ने आदि कामको बाँडफाँडसमेत गरेर उनीहरू छुट्टिए ।

भोलीपल्ट अर्थात चैत्र २४ गते सबै विद्यार्थीहरू त्रि-चन्द्र क्याम्पसमा जम्मा भए । जहाँ केही तयारी गरेपछि विरोधका ब्यानर एवं प्लेकार्डहरू बोकेर पाकिस्तानी राष्ट्रपती जनरल जियाउल हकका विरुद्ध नारा लगाउँदै विरोध जुलुश निकाले । "तानाशाह मुर्दावाद", "निरंकुशता मुर्दावाद" आदि नारा लगाउँदै शान्तिपूर्ण रूपमा बढेको उक्त जुलुस लैनचौर पुग्नासाथ डेरि फर्म अगाडि लाठिधारी प्रहरीहरूद्वारा रोकेर अगाडि जान दिइएन । यसरी प्रहरीले रोकपछि जुलुसको नेतृत्व गरिरहेका ने.वि. संघका बलबहादुर के.सी. ले हजारौं सैनिकसँग लडेर विद्यार्थी शक्तिले इरानका तानाशाहलाई पल्टाएको उदाहरण दिँदै ५०/६० जना प्रहरीसँग हामीहरू डराउनु पर्ने अवस्था छैन, जुनसुकै अवस्था र परिस्थितिको सामना गरेर पनि विरोधपत्र दिन जान्छौं-जान्छौं भन्दै उत्तेजक भाषण गरे ।[७८१] जसबाट जोशिएका विद्यार्थीहरूले पुनः अगाडि बढ्ने प्रयास गरेपछि सङ्घर्षको स्थिति उत्पन्न भयो । जसलाई रोक्न नसक्दा प्रहरीले एक्कासी अश्रुग्यास छोडनुका साथै लाठि प्रहार गर्न थालेपछि भिडन्तको स्थिति उत्पन्न भयो । उक्त लाठि चार्जमा ३६ जना विद्यार्थीहरू घाइते भएर ढलेपछि भागाभाग सुरु भयो तापनि केही विद्यार्थीहरू भाग्न नचाहि लाठि खाइनै रहे ।[७८२] प्रहरीसँग यसरी भिडन्तको स्थिति आएपछि आक्रोशित विद्यार्थीहरूले लैनचौरस्थित दुग्ध विकास संस्थानका दुध वितरण गर्ने खाली वोतलहरू प्रयोग गरी प्रहरीलाई प्रहार गर्न थाले ।[७८३] बलबहादुर के.सी. ले प्रहरीको पिटाइ खाएर सडकमा ढल्दा पनि निरंकुशताका विरुद्ध नाराबाजी जारी नै राखेपछि उनीलगायत ४-५ जनालाई घटनास्थलबाट नै गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय हनुमानढोका पुऱ्याइयो ।

---

[७८०] गंगाधर लम्साल र कैलाश कार्कीसँगका अन्तर्वार्ताहरू ।

[७८१] राना, टिप्पणी संख्या २, पृ. ४३३ ।

[७८२] राजाराम सुवेदी, "२०३६ परिवर्तनको संघार", *जीवन,* अङ्क १, बद्रीनारायण गौतम आदि (सं.), रूपन्देही : नेपाल विद्यार्थी संघ शंकरनगर इकाइ समिति, २०४८, पृ. ६ ।

[७८३] डि.पी. कुमार, *नेपाल इअर अफ डिसिजन,* न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, १९८०, पृ. १९ ।

लैनचौरमा आक्रमण गरी तितर वितर पारिएपछि विद्यार्थीहरू अमृत साइन्स क्याम्पसमा भेला भएर प्रतिकार गर्न थाले । क्याम्पस कम्पाउण्डभित्र बसेका विद्यार्थीलाई लखेटन पुगेका प्रहरीहरूले होटल मल्लको गेटनेरबाट क्याम्पसभित्र अश्रुग्यास एवं ढुंगा हान्न थालेपछि रिसाएका सर्वसाधारणले पनि प्रहरीमाथि चारैतिरबाट ढुंगा हान्ने काम गरेपछि बाध्य भएका प्रहरी फर्किए । त्यसपछि आक्रोशित भएका विद्यार्थीहरू सडकमा निस्केर जियाउल हक विरोधी नाराबाजी गर्दै अगाडि बढे । जुलुसका रूपमा बढेको विद्यार्थी समूह वीर अस्पतालनेर पुग्नासाथ प्रहरीले पुनः हस्तक्षेप गरेपछि त्यहाँ फेरि सङ्घर्षको स्थिति उत्पन्न भयो ।[७८४] जसमा फेरि कैयौं विद्यार्थीहरू घाइते भए । यसप्रकार शान्तिपूर्ण रूपले विरोधपत्र दिन निस्केको विद्यार्थीको जुलुसमाथि प्रहरी हस्तक्षेप गराएर सरकारले आफ्नो निरंकुश चरित्र स्पष्ट गर्दै विद्यार्थीलाई सडकमा उत्रने मौका जुटाइदियो ।

चैत्र २४ गते गिरफ्तार गरिएका विद्यार्थीमध्ये बलबहादुर के.सी. र गोपाल पराजुली बाहेक अरूलाई रातको १० बजेतिर छाडिदिएकाले उनीहरू भोलिपल्ट जुटेर सल्लाह गरी अंचलाधिश कार्यालयमा डेलिगेशन जाने निश्चय गरेर छुट्टिए ।[७८५] भोलिपल्ट शनिवार परेकाले उनीहरू जुटेर गोप्यरूपमा सल्लाह गरी डेलिगेशनको योजना बनाए । चैत्र २६ गते अधिकांश क्याम्पसहरूमा परीक्षा सुरु भयो । कतिपय विद्यार्थीले परीक्षा हलमा कापि च्यातेर बाहिर निस्किएपछि ननिस्कनेहरूलाई विद्यार्थी पसेर कापि च्याति बाहिर निकाले । त्यसै दिन कैलाश कार्कीलगायतका विद्यार्थी कीर्तिपुर क्याम्पस पुगेर २४ गतेको घटना विवरण सुनाएर बलबहादुर के.सी. र गोपाल पराजुलीलाई छुटाउन अंचलाधिश कार्यालयमा डेलिगेशन जान सहमत गराइ सबै भएर रत्नपार्क पूगे ।[७८६] उपत्यकाका अन्य क्याम्पसबाट पनि विद्यार्थीहरू त्रि-चन्द्र क्याम्पसमा भेला भएकाले कीर्तिपुरबाट आएको समूह त्यही पुगि सबै एकजुट भएपछि वाग्मती अंचलाधिश कार्यालयतर्फ लाग्यो ।

जुलुसका रूपमा रत्नपार्कस्थित अंचलाधिश कार्यालय पुगेका विद्यार्थीहरूले प्रतिनिधि मण्डल पठाएर तत्कालीन वाग्मती अंचलाधिश सूर्यप्रसाद श्रेष्ठलाई भेटि २४ गते पक्रिएका बलबहादुर के.सी. र गोपाल पराजुलीको रिहाइ एवं २४ गते विद्यार्थीमाथि गरिएको प्रहरी दमनको न्यायिक जाँचको माग गरे ।[७८७] जवाफमा अंचलाधिशले पहिला तिमीहरू क्याम्पस गएर पढाइ गर, परीक्षामा सहभागि होउ अनि मात्र तिमीहरूका मागहरूमाथि विचार गरिने छ

---

[७८४] गृष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण (जनमत संग्रह र त्यसपछि)*, काठमाडौं : उमेशबहादुर देवकोटा, २०३९, पृ. ४ ।

[७८५] कैलाश कार्की, टिप्पणी संख्या ११ ।

[७८६] गंगाधर लम्साल, कैलाश कार्की र गणेशप्रसाद पाठकसँगका अन्तर्वार्ताहरू ।

[७८७] (क) *पूर्ववत्* ।
(ख) ने.वि. संघ, टिप्पणी संख्या ५, पृ. ६३ ।
(ग) बलबादुर के.सी., *नेपाल विद्यार्थी संघको संक्षिप्त इतिहास र वर्तमान विद्यार्थी आन्दोलन*, काठमाडौं : नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यालय, मिति नभएको, पृ. ४ ।

भनेकाले विद्यार्थीले पनि पहिला हाम्रा माग पूरा हुन अनि कक्षा सुरु गर्छौं भन्न थाले ।[७८८] अंचलाधिश एवं विद्यार्थी दुवैले आफ्नो अडान नछाडेपछि कुरा मिलेन र विद्यार्थीहरू निस्केर त्रि-चन्द्र क्याम्पस पुगि आन्दोलन अगाडि बढाउने निश्चय गरे । आन्दोलनको निश्चयसँगै वेनुप प्रसाई, कैलाश कार्की र शरणविक्रम मल्लगायतका विद्यार्थीहरू त्यसै राती कैलाश कार्कीको डेरामा जम्मा भई २-३ प्रति मागहरू हातले लेखेर तयार पारी आ-आफ्ना समूहका विद्यार्थीद्वारा त्यसलाई धेरै बनाएर हडताल गराउने निर्णयसँगै छुट्टिए ।[७८९]

भोलिपल्ट अर्थात चैत्र २७ गते त्रि.वि. ले चैत्र २४ गतेको घटनाप्रति खेद प्रकट गर्दै विद्यार्थीलाई शैक्षिक क्रियाकलापमा संलग्न हुन आह्वान गऱ्यो । तर विद्यार्थीहरूले त्यो नमानी सदाझैं परीक्षा बहिष्कार गरेर सडकमा निस्किए । यसै दिन उनीहरूले आन्दोलन संचालन गर्न ३ वटा विद्यार्थी संगठनबाट ३-३ जना समावेश गरी ९ जनाको केन्द्रीय सङ्घर्ष समिति गठन गरे । जसमा ने.वि. संघका तर्फबाट बलबहादुर के.सी., वेनुप प्रसाई र शिव भुर्तेल, अनेरास्ववियूका तर्फबाट शरणविक्रम मल्ल, भरत पोखेल र ध्रुव ज्ञवाली र नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशन (फेडरेशन) का तर्फबाट कैलाश कार्की, ध्रुव श्रेष्ठ र सुनिल मानन्धर राखिएका थिए ।[७९०] आन्दोलनलाई पूर्ण व्यवस्थित एवं सशक्त बनाउने उद्देश्यले उल्लेखित ३ वटा विद्यार्थी संगठनबाट बलबहादुर के.सी., शरणविक्रम मल्ल र कैलाश कार्की सम्मिलित एउटा मुख्य समिति बनाइएको थियो । जसले सर्वोच्च निकायका रूपमा काम गर्दथ्यो । यस बाहेक उक्त सङ्घर्ष समितिलाई सहयोग पुऱ्याउन केन्द्रीयस्तरमा पाँच तहका व्यवस्थासहित उपत्यका एवं बाहिरका क्याम्पसहरूमा स्थानीय सङ्घर्ष समितिसमेत गठन गरियो ।[७९१]

नेपालको तत्कालीन सरकार दमनबाट स्थिति सुधार्न तल्लिन भयो । चैत्र २४ गतेकै दिनदेखि आन्दोलनकारीका जमातमा आफ्नो नियन्त्रणमा काम गर्ने विद्यार्थी संगठन मण्डलका कार्यकर्ता घुसाएर तिनका योजना थाहा पाउने र नेतृत्व तहका व्यक्तिहरू बारे जानकारी बटुल्ने कार्य गर्दै थियो । यस बाहेक मण्डलभित्रका उग्रवादीहरूलाई आन्दोलनमा लाग्ने विद्यार्थीहरूलाई सकेसम्म धम्काएर, तर्साएर र नभए प्रतिशोध पूर्ण कार्य गरेर भए पनि आन्दोलन विथोल्ने निर्देशनसहित ठूलो धनराशि दिएर खटाएको थियो ।[७९२] जसले त्यसपछि उपत्यका भित्र एवं बाहिरका क्याम्पसहरूमा आन्दोलनरत विद्यार्थीहरूलाई धम्काउनेदेखि सांघातिक आक्रमण

---

[७८८] कैलाश कार्की, टिप्पणी संख्या ११ ।

[७८९] गंगाधर लम्साल र कैलाश कार्कीसँगका अन्तर्वार्ताहरू ।

[७९०] (क) हेमराज अधिकारी (शास्त्री), *आजको नेपाल (प्रजातान्त्रिक आन्दोलनको अनवेषणात्मक र अनुसन्धानात्मक इतिहास)*, काठमाडौं : श्रीमती चन्द्रकला अधिकारी, २०५८, पृ. ५२४-५२५ ।
(ख) देवकोटा, टिप्पणी संख्या २०, पृ. ६ ।
(ग) राना, टिप्पणी संख्या ५, पृ. ४३४-४३५ ।

[७९१] के.सी., टिप्पणी संख्या २३ (ग), पृ. ४ ।

[७९२] हाल त्रि.वि. सेवामा रहेका एक उप प्राध्यापक (जो त्यस बखत मण्डलका सक्रिय सदस्य थिए) ले नाम उल्लेख नगर्ने शर्तमा यो कुराको जानकारी दिएका थिए ।

गर्नेसम्मका काम गरे । जसबाट आन्दोलन गर्न नचाहने विद्यार्थीहरूमा समेत सरकारी रवैयाप्रति घृणा उत्पन्न हुनगई आन्दोलन गर्ने मनस्थिति विकास भयो ।

यसप्रकार शान्तिपूर्ण रूपले विरोध प्रदर्शन गरी विरोधपत्र दिने उद्देश्यले निस्केको विद्यार्थी जुलुसमाथि हस्तक्षेप गरेर पिटने, पक्रने, थुन्ने र प्रहरी एवं मण्डलका कार्यकर्ता लगाएर पिटाउनेलगायतका कार्यहरू गरिनाले विद्यार्थीहरू आन्दोलनमा उत्रिए । फलस्वरूप काठमाडौँ लगायत देशका विभिन्न भागमा विद्यार्थी आन्दोलन विष्फोटन भयो ।

## ४.३ विद्यार्थी आन्दोलनका मागहरू एवं त्यसप्रतिको सरकारी नीति

विद्यार्थीहरूले सङ्घर्ष समितिको गठन एवं प्रारम्भिक मागहरू जारी गर्दा पनि थुनिएका आफ्ना साथी नछाडिएपछि पूर्ण जोश एवं उत्साह साथ आन्दोलनको तयारीतर्फ लागे । प्रारम्भमा हातले लेखेका मागहरू क्याम्पस-क्याम्पसमा टाँसेर आन्दोलनमा उत्रेका विद्यार्थीहरूले विभिन्न २४ सूत्रीय मागहरू अगाडि सारेका थिए । जसमध्ये २४ गतेको घटनाको निष्पक्ष छानविन, बिनाशर्त गिरफ्तार विद्यार्थीको रिहाइ र २०३२ सालमा त्रि.वि. सेवाबाट निष्काशित प्राध्यापकहरूको वहाली बाहेक सबै शैक्षिक समस्यासँग सम्बन्धित थिए । यसरी विद्यार्थीहरूले प्रारम्भमा शैक्षिक पक्षमा उभिएर २४ सूत्रीय मागहरू राखेर आन्दोलन प्रारम्भ गरी गतिशिल बनाए ।[७९३] पछि गएर आन्दोलन चर्कदै गएपछि चारैतिरबाट माग पत्रबारे कुरा उठन थालेपछि एकातिर आफूप्रति सहानुभूति राख्ने प्राध्यापकहरूको सल्लाहअनुसार भाषागत रूपले मिलाउने, थपघट गर्ने कार्य गरियो भने अर्कातिर लिथो मेसिनको व्यवस्था गरेर धेरैप्रति बनाउने काम गरियो ।[७९४] यसप्रकार २६ सूत्रीय हुन पुगेको र लिथो मेसिनद्वारा छापिएको मागपत्र त्रि.वि. का उपकुलपतिलाई सम्बोधन गरिएको छ । जसमा-

> चैत्र २४ गते र २८ गते घटेका घटनाबारे छानविन गर्न न्यायिक जाँच आयोग गठन गरियोस्, गिरफ्तार सबै विद्यार्थी विनाशर्त रिहा गरियोस्, स्वतन्त्र विद्यार्थी यूनियन गठन गर्ने अधिकार प्रदान गरियोस्, कम्प्रिहेन्सिभ परीक्षा-प्रवेश परीक्षा रद्ध गरियोस्, शोधपत्र इच्छयाधिन गरियोस्, क्याम्पसस्तरमा उत्तीर्ण गरिसक्नु पर्ने पाँच वर्षे समयावधि हटाइयोस्, सेवाकालिन शिक्षक तालिम एवं संचयकोषको व्यवस्था गरियोस्, एस.एल.सी. परीक्षामा आँशिक परीक्षाको व्यवस्था गरियोस्, कुनै पनि तहमा विषय परिवर्तन गर्न पाउने व्यवस्था गरियोस्, विद्यार्थी सहुलियत ५०% दिइने व्यवस्था गरियोस्, शैक्षिक संस्थामा प्रहरीको अनुचित प्रवेश रोकियोस्, देशभरी सुरक्षा ऐनअन्तर्गत बन्दी बनाइएका विद्यार्थीहरू विनाशर्त रिहा गरियोस्, महंगी नियन्त्रण गरियोस्, २०३२ साललगायत विभिन्न समयमा त्रि.वि. सेवाबाट हटाइएका प्राध्यापकहरूलाई सम्मान साथ पदवहाली गरियोस्, संघर्षमा उत्रेका विद्यार्थीहरूलाई क्याम्पसबाट निष्काशन गर्ने अधिकार खारेज गरियोस् आदि मागहरू विस्तृत रूपमा लिपिवद्ध गरिएका थिए ।[७९५]

---

[७९३] बलबहादुर के.सी., "२०३६ जेठ ९ गते", *नेपाल पुकार,* अङ्क १, यज्ञबहादुर थापा (सं.), पोखरा : नेपाल विद्यार्थी संघ जिल्ला शाखा कास्की, २०३८, पृ. २७ ।

[७९४] नरहरी आचार्यसँग २०५८ पौष २३ गते चुनदेवी महाराजगंज, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[७९५] विस्तृतिका लागि समस्त विद्यार्थीहरूद्वारा त्रि.वि. उपकुलपतिका नाममा जारी गरिएको मागपत्र, हेर्नुहोस् परिशिष्ट ५ ।

विद्यार्थीहरू यस्ता मागहरू सारेर आन्दोलनमा उत्रिइ कक्षा एवं परीक्षा बहिस्कार गर्ने, नारा जुलुस गर्ने, क्याम्पस प्रशासनलाई घेर्नेलगायतका कार्य गर्न थाले । तत्कालीन प्रशासनले विद्यार्थीका जायज मागहरूप्रति संवेदनशिल व्यवहार देखाउनुको सट्टा दमनका माध्यमले आन्दोलन दबाउनेतर्फ लाग्यो । यसक्रममा विद्यार्थीहरूलाई पक्रेर अमानवीय यातना दिने, क्याम्पस गेटलगायतका ठाउँहरूमा दंगाग्रस्त क्षेत्रमाभैँ लाठि एवं टोपधारी प्रहरीहरू तैनाथ गर्ने, मण्डलका विद्यार्थीहरूलाई आफ्नो संरक्षणमा परिचालित गरी आन्दोलनकारी विद्यार्थीहरूमाथि आक्रमण गराउनेलगायतका कार्यहरू सम्पादन गरिए । यस्ता क्रियाकलाप गराउनमा तत्कालीन सरकारमा यथास्थितिवादी पंचहरूका प्रमुख हस्तिका रूपमा रहेका खड्गबहादुर सिंह एवं दामोदरशमशेर राणाको प्रमुख हात थियो । पंचायतका चम्किला नक्षत्र मानिने यी २ व्यक्तिहरू प्रधानमन्त्री कीर्तिनिधि विष्टले श्रीभद्र शर्माजस्ता कांग्रेसी पृष्ठभूमिका व्यक्तिको सल्लाहमा काम गर्नाले असन्तुष्ट भइ उनलाई फाल्ने षड्यन्त्रका लागि मौका खोजेकै बेलामा विद्यार्थीहरू सडकमा उत्रेपछि भडकाउने खालका क्रियाकलाप सम्पादन गरी उत्तेजक स्थिति उत्पन्न गराएर विष्टको पतन गराउने उद्देश्यअनुरूप काम गर्न थाले ।[७९६]

सरकारद्वारा गरिएका यस्ता दमनात्मक कार्यबाट एकातिर विद्यार्थी आक्रोश बढ्न थाल्यो भने अर्कोतिर सरकारले आन्दोलनलाई राजनैतिक रूप दिने उद्देश्यले ने.वि. संघको स्थापनामा महत्त्पूर्ण भूमिका खेल्ने र लामो समयसम्म सङ्घर्ष गर्दै आएका रामचन्द्र पौडेल, चिरन्जीवी वाग्ले, शेरबहादुर देउवा, दामोदर गौतमलगायतलाई गिरफ्तार गरी जेल चलान गऱ्यो ।[७९७] यस बाहेक आन्दोलन संचालनमा खटिइरहेका कैलाश कार्की, शरण विक्रम मल्लजस्ता विद्यार्थी नेतालगायत अन्य विद्यार्थीहरूलाई पनि पक्रेर शान्ति सुरक्षाको पूर्जि दिइ जेल चलान गरियो ।[७९८] सरकारी दमनका यस्ता कार्यबाट आन्दोलन झन चर्कदै गएर उपत्यकाका विभिन्न विद्यालयसम्म र उपत्यका बाहिरका क्याम्पससम्म नै फैलियो । उपत्यकाभित्रका विभिन्न विद्यालयबाट विद्यार्थीहरू सडकमा उत्रेर नारा जुलुस गर्न थाले भने उपत्यका बाहिर पोखरा, चितवन, जनकपुरलगायतका क्षेत्रमा क्याम्पस हडताल सुरु भयो । उपत्यका बाहिर पनि गाउँफर्कका पदाधिकारी, अंचलाधिश एवं प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ.) को निर्देशन एवं संरक्षणमा प्रहरी एवं मण्डलका कार्यकर्ताद्वारा आन्दोलनरत विद्यार्थीहरूलाई पिटने-धम्क्याउने गर्नाले अभिभावकवर्गमा समेत आक्रोश उत्पन्न भयो ।

देशमा प्रशासनिक दमन बढ्दै गएकाले पंचायती व्यवस्थाप्रति असन्तुष्टता बढिरहेकै बेला २०३६ सालको प्रारम्भ भयो । सदाझैं यस वर्षको पहिलो दिन अर्थात् २०३६ वैशाख १ गते राजाबाट देशवाशीलाई नववर्षको सन्देश दिने क्रममा “नेपाल र नेपालीको सर्वोत्तम हितमा

---

[७९६] श्रीभन्द्र शर्मासँग २०५९ आषाढ २२ गते कोटेश्वर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[७९७] रामचन्द्र पौडेल र चिरन्जीवी वाग्लेसँगका अन्तर्वार्ताहरू ।

[७९८] कैलाश कार्की र गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

दलविहीन प्रजातान्त्रिक पंचायत व्यवस्थाले राष्ट्रिय भावनाको जगेर्ना गर्दै प्रजातान्त्रिक मर्यादालाई सधै अक्षुण्ण राखी सम्पूर्ण नेपालीको विकास गर्ने अठोट लिएको छ..."[७९९] भन्ने उद्‌गार व्यक्त गरिनाले जनआक्रोश झन बढाउने काम गऱ्यो । किनकी एकातिर राजाले राष्ट्रिय भावनाको जगेर्ना गर्दै काम गर्ने अठोट व्यक्त गर्ने तर उनकै नेतृत्व एवं निर्देशनमा संचालित पंचायती व्यवस्थाले शान्तिपूर्ण विरोध प्रदर्शनमा हिडेका विद्यार्थीमाथि लाठि प्रहार गर्नेदेखि राज्य संरक्षित विद्यार्थी जमात परिचालन गरेर गुण्डा गर्दीको आतंक मच्चाउने कार्य गर्नाले तत्कालीन सरकार एवं व्यवस्थाको कथनी र करणी के हो भन्ने कुरा जनसमक्ष स्पष्ट भयो । त्यो स्थितिमा देशका बुद्धिजीवी, चेतनशिल अभिभावकवर्ग आदिले विद्यार्थी आन्दोलनको पक्ष लिएर सरकारी दमनको निन्दा गर्ने कार्यद्वारा असन्तुष्टता व्यक्त गर्न थाले भने समाचारपत्रहरूले आन्दोलनलाई सघाउ पुऱ्याउने खालका समाचार छाप्न थाले ।

प्रशासनिक दमनले गर्दा आन्दोलन झन चर्कने अवस्था आएपछि सरकारको निर्देशनमा त्रि.वि. ले २०३६ साल वैशाख २ गतेदेखि उपत्यकाभित्रका क्याम्पसहरू एक हप्ताका लागि बन्द गरिएको घोषणा गऱ्यो । विद्यार्थीहरू संगठित नहुन भनी गरिएको यस कार्यबाट परिणाम झन उल्टो भयो । किनकी अब क्याम्पस पढ्ने विद्यार्थीहरू एकातिर उपत्यकाभित्रका विद्यालय हडताल गराउने र अर्कातिर उपत्यका बाहिर पनि आन्दोलन फैलाउनेतर्फ लागे । फलस्वरूप राजधानीभित्र एवं बाहिरका शैक्षिक संस्थाहरूमा राजनैतिक भेला गर्ने, पर्चा-पम्प्लेट छर्ने, टाँस्ने, भाषण गर्नेलगायतका कार्यहरू हुनथाले ।[८००] आफ्ना कक्षाहरू छाडेर बाहिर निस्केका विद्यालयस्तरका विद्यार्थीहरूलाई बस एवं ट्रकका ड्राइभरहरूले ओसारेर आन्दोलनस्थलसम्म पुऱ्याइदिएपछि उनीहरू पनि एकताको भाव प्रदर्शन गर्दै जुलुसमा सहभागि भएर नाराबाजी गर्नेलगायतका कार्य गर्न थाले ।[८०१]

उपत्यकाभित्र क्याम्पसहरू बन्द गरेपछिका १ हप्तासम्म नै पंचायती प्रशासनले आन्दोलनकारी विद्यार्थीहरूसँग वार्ता गरी समझदारी कायम गर्नेतर्फ कुनै प्रयास गरेन । बरु उल्टै ललितपुरमा गाउँफर्क र मन्त्री परिषद्‌को संयुक्त बैठक बसि छात्र हडताललाई निर्ममता पूर्वक दबाउने निधो गरी बिना समझदारी क्याम्पसहरू खोल्ने निश्चय गरियो ।[८०२] त्यसपछि वैशाख ८ गते विद्यार्थीहरूलाई पठन पाठनमा सरिक हुन आह्वान गर्दै विश्वविद्यालयद्वारा एक वक्तव्य जारी गरेर ९ गते क्याम्पसहरू खोलिए । तर विद्यार्थीहरू कक्षामा प्रवेश नगरेपछि मण्डलेहरूबाट उनीहरूमाथि आक्रमण गर्ने क्रम सुरु भयो । यसक्रममा वैशाख ९ गतेकै दिन

---

[७९९] श्री ५ को सरकार सूचना विभाग, *श्री ५ महाराजाधिराजबाट बक्सेका घोषणा, सम्बोधन तथा सन्देशहरू २०२८-२०३८*, काठमाडौँ : २०३९, पृ. २७८ ।

[८००] युगेश्वर पि. शर्मा, *नेपाल : प्रोग्रेस एण्ड प्रोब्लम्स, १९७२-१९८०*, महोत्तरी : प्रतिभा वर्मा, १९८१, पृ. ४४ ।

[८०१] *पूर्ववत्*, पृ. ४५ ।

[८०२] के.सी., टिप्पणी संख्या २३ (ग), पृ. ५ ।

अमृत साइन्स क्याम्पसका विद्यार्थीहरू मण्डलेको आक्रमणका निशाना बने । क्याम्पस खुले पनि कक्षा नगएर बसेका अमृत साइन्स क्याम्पसका विद्यार्थीहरूलाई एक्काशि टयाक्सिमा आएका मण्डलेहरूले आक्रमण गरेपछि त्यहाँको वातावरण तनावपूर्ण भयो ।[८०३] त्यो समाचार पाउना साथ अरू क्याम्पसबाट मद्दतका लागि विद्यार्थी आएपछि भागेका मण्डलेहरूलाई लखेटन थालेपछि प्रहरीले हस्तक्षेप गरी बचाउने काम गऱ्यो ।

अमृत साइन्स क्याम्पसको घटनाले सरकारको वास्तविक चाहना स्पष्ट भएपछि केन्द्रीय सङ्घर्ष समितिले वैशाख १० गते एक वक्तव्य प्रकाशित गर्दै केही कडा मागहरू अगाडि साऱ्यो । जसमा आन्दोलनका क्रममा गिरफ्तार गरिएका सम्पूर्ण विद्यार्थीहरूको विनाशर्त अविलम्ब रिहाइ, सरकार समर्थित राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलको गुण्डागर्दीको समाप्ति एवं दोषिमाथि कार्वाही, सार्वजनिक रूपमा सङ्घर्ष समितिलाई वार्ताका लागि आमन्त्रण आदि पूरा नगरिदासम्म आन्दोलन नरोकिने स्पष्ट गरिएको थियो ।[८०४]

सरकारलाई मागद्वारा चुनौती दिएपछि सङ्घर्ष समितिले त्यसै दिन दिउँसो अमृत साइन्स क्याम्पसमा एक भेलाको आयोजना गऱ्यो । ९ गते मण्डलेहरूबाट गरिएको गुण्डागर्दीको विरोध गर्न र १७ दिनसम्म चलेको आफ्नो आन्दोलनको समीक्षा गर्न आयोजित उक्त कार्यक्रममा विद्यार्थीहरू जम्मा भई विरोध सभा प्रारम्भ गरे । कुनै पनि हालतमा सभा गर्न नदिने मानसिकता बनाएको प्रशासनले बल प्रयोग गर्ने निश्चयसँगै प्रहरी एवं मण्डल समूह खटायो । प्रहरीका संरक्षणमा पुगेका मण्डलेहरूले विद्यार्थीहरूलाई जिस्काउने प्रयास गर्न थाले तर त्यस दिन आन्दोलनकारी विद्यार्थीहरूको जमात ठूलो भएकाले उनीहरूले थप प्रहरी मगाएपछि ३ ट्रक प्रहरीहरू आइपुगे । त्यसपछि लाठिसहितको प्रहरी जमातले क्याम्पसभित्र प्रवेश गरी विद्यार्थीहरू भाग्ने संभावित सबै बाटाहरू थुनेर निर्मम रूपले लाठि प्रहार गर्न थाल्यो ।[८०५] बाहिरबाट अश्रुग्यास प्रहार गरी भित्र एक्कासि लाठि प्रहार गर्न थालेपछि ६० जनाभन्दा बढी विद्यार्थी घाइते भएर ढले, कतिपय भागेर छात्रावासभित्र पसे भने करिब २०० जना प्रहरीद्वारा पक्राउ परे ।[८०६] त्यस दिन प्रहरीहरू अमृत साइन्स क्याम्पसको छात्रावास भित्रै पसेर विद्यार्थीहरूलाई मरणासन्न हुने गरी पिटने, विद्यार्थीका मालसामान फाल्ने, पैसालगायतका महत्त्वपूर्ण वस्तु चोर्ने लुटने गर्नुका साथै घायल विद्यार्थीलाई राम्रो उपचारसमेत गर्न नदिने कार्य गरिएको थियो ।[८०७]

---

[८०३] राना, टिप्पणी संख्या २, पृ. ४४३ ।

[८०४] (क) गंगाधर लम्साल, रामचन्द्र पौडेल र चिरन्जीवी वाग्लेसँगका अन्तर्वार्ताहरू ।
(ख) *राष्ट्र पुकार,* २०३६ साल वैशाख १३ गते ।

[८०५] ऋषिकेश शाह, *पोलिटिक्स इन नेपाल १९८०-१९९१ : रेफरेण्डम, स्टेलमेट एण्ड ट्रायम्फ अफ पिपुल पावर,* न्यू दिल्ली : मनोहर पब्लिसर, १९९२, पृ. ४९ ।

[८०६] *राष्ट्र पुकार,* टिप्पणी संख्या ४० (ख) ।

[८०७] (क) गिरिराज आचार्य, *जनमत संग्रह दर्पण,* धरान : इन्द्रनाथ वास्तोला, २०४२, पृ. ५-६ ।
(ख) कुमार, टिप्पणी संख्या १९, पृ. २२ ।

उपत्यकामा विद्यार्थी आन्दोलनप्रति सरकारले अवलम्बन गरेको दमनात्मक नीतिबाट चिन्तित भएका बुद्धिजीवीहरू, चेतनशिल नागरिक समाज आदिका प्रयासमा १० गतेकै दिन साँझपख वाल्मीकि क्याम्पसमा अभिभावक भेलाको आयोजना गरिएको थियो । चेतनशिल अभिभावक, निडर प्राध्यापक एवं आन्दोलनका गोप्य संचालक विद्यार्थीसमेतको उपस्थिति रहेको उक्त भेलामा सरकारी नीतिको कटुआलोचना गर्दै विद्यार्थी मण्डलका क्रियाकलाप पछाडि सरकारकै निर्देशन रहेको सत्य हो भने आफ्ना सन्तानको रक्षाका लागि अभिभावकवर्ग अगाडि आउन तत्पर रहेको धारणा स्पष्ट गरियो ।[८०८] केही क्षणको विचार विमर्शका अन्तमा उक्त भेलाले सर्वसम्मतिबाट विद्यार्थीमाथि आक्रमण गरी आतंक फैलाउने विद्यार्थी मण्डलको अविलम्ब खारेजी, गिरफ्तार विद्यार्थीहरूको तुरुन्त रिहाइ, विद्यार्थीहरूको सुरक्षाको ग्यारेन्टी, विद्यार्थीका जायज माग तुरुन्त पूरा गरिनु पर्ने, प्रशासनको दमनकारी नीति अन्त हुनुपर्ने आदि प्रस्ताव पारित गर्दै सरकारले अविलम्ब त्यसतर्फ ध्यान नदिएमा कठोर कदम चालिने चेतावनीसमेत दिइयो ।[८०९]

वैशाख १० गतेको अमृत साइन्स क्याम्पसको घटनाबाट उत्पन्न परिस्थितिमा अभिभावक भेलाको निर्णय सार्वजनिक हुना साथ सरकार स्थितिको सामना गर्न नसकिने टुङ्गोमा पुग्यो । तसर्थ त्यसै दिन साँझ त्रि.वि. द्वारा एक सूचना प्रकाशित गराई विद्यार्थीलाई नाना दोष लगाएर गम्भिर स्थितिमाथि नियन्त्रणको बहानामा वैशाख ११ गतेदेखि क्याम्पसहरू अनिश्चितकालसम्मका लागि बन्द गरिएको घोषणा गऱ्यो । भोलिपल्ट अर्थात वैशाख ११ गते विश्वविद्यालय प्रशासनले पुनः अर्को सूचनाद्वारा सम्पूर्ण क्याम्पसका छात्रावासहरू समेत अनिश्चितकालका लागि बन्द गर्ने निर्णय गरेको जनाउँदै विद्यार्थीलाई छात्रावास खाली गर्न २४ घण्टाको समय दिइयो ।[८१०] त्रि.वि. का तत्कालीन उपकुलपति जगतमोहन अधिकारी र शिक्षाध्यक्ष प्रा.डा. कमलप्रकाश मल्ल थिए ।

विद्यार्थीका मागहरूलाई पूर्णरूपले वेवास्ता गरी दमनात्मक व्यवहार प्रदर्शन गर्नेतर्फ सरकार लाग्नाले विद्यार्थीको उत्तेजना झन बढ्न गई आन्दोलन बढ्दै गयो । जसले गर्दा आन्दोलन के हो ? भन्ने पनि नबुझेका निम्न माध्यमिकस्तरका विद्यार्थीसमेत कक्षाबाट निस्केर जुलुसमा मिसिन थाले । उपत्यकाभित्र क्याम्पस-छात्रावाससमेत बन्द गरिनाले घर फर्कने बहानामा विद्यार्थीहरू देशका विभिन्न भागमा पुगि चारैतिर आन्दोलन गराउन थाले । परिणामस्वरूप आन्दोलनले देशव्यापी रूप लिएर फैलिन थाल्यो ।

## ४.४ आन्दोलनको विकास एवं फैलावट

---

(ग) राना, टिप्पणी संख्या २, पृ. ४४५-४४६ ।

[८०८] गंगाधर लम्साल र नरहरी आचार्यसँगका अन्तर्वार्ताहरू ।

[८०९] *पूर्ववत्* ।

[८१०] शाह, टिप्पणी संख्या ४१, पृ. ४९ ।

विद्यार्थीका आवाजलाई दमनका लाठि एवं दासताका जंजिरको प्रयोगबाट दबाउने नीतिअनुरूप सरकार अगाडि बढेपछि राजधानी काठमाडौँका क्याम्पस एवं सडकहरू रणभूमिमा परिणत हुनथाले । राज्य संयन्त्रद्वारा नै बल प्रयोगलाई मूल आधार बनाइएकाले विद्यार्थीहरू पनि आफ्ना क्षमताले भ्याएसम्म संगठित भएर प्रतिकारमा उत्रिए । परिणामस्वरूप विरोधपत्र दिने उद्देश्यबाट सुरु भएको जुलुस सरकारी नीतिले गर्दा विद्यार्थी आन्दोलनमा परिणत भएर क्रमशः बढ्दै गयो । पंचायती व्यवस्थालाई खोजी-खोजी प्रहार गर्न चाहने प्रतिवन्धित राजनैतिक दलहरू त्यो अवस्थामा अगाडि नबढ्ने कुरै भएन ।

नेपालमा २०१७ सालदेखि नै विविध बहानामा आन्दोलन गर्दै पंचायती व्यवस्थाको विरोध गर्दै आएका विद्यार्थीहरू कुनै न कुनै राजनैतिक दलसँग आबद्ध थिए । प्रत्यक्ष रूपमा विद्यार्थीले त्यो नभने पनि पंचायती व्यवस्थाका हस्तिहरूलाई उनीहरूको राजनैतिक संलग्नता थाहा नभएको विषय भएन । तसर्थ विद्यार्थीका जायज मागलाई मान्नु भनेको पंचायत विरोधीसमक्ष झुक्नु हो भन्ने मानसिकता पंचायती नेताहरूमा विकसित भएको थियो । पंचायती व्यवस्थाका समर्थकहरू बीच पनि सत्ता एवं स्वार्थ, कार्यशैली आदिले गर्दा एकता थिएन । २०३३ सालमा वी.पी. को नेतृत्वमा ने.का. मेलमिलाप नीति लिएर नेपाल फर्किएपछि उत्पन्न परिवेश एवं राजाबाट उनीहरूप्रति देखाइएको उदारताले गर्दा पंचायतको यथास्थितिवादी समूह असन्तुष्ट भएको थियो । जसले देशमा निर्माण गरेको पंचायती नेटवर्कलाई परिचालित गरेर एकातिर वी.पी. लगायतका नेतालाई लक्षित गरी मृत्युको घण्टा बजाउने र अर्कातिर आफ्नो साराशक्ति लगाएर विरोध प्रदर्शनका नाममा गुण्डागर्दीपूर्ण घटनाहरू घटाइ राजालाई समेत दवाव दिने प्रयास गर्दै थियो । तर उनीहरूको प्रयासले सार्थकता नपाएको हुँदा तत्कालीन सरकारलाई असफल पार्नका लागि मौका खोज्दै थिए । त्यसै बेला अकस्मात विद्यार्थीहरू सडकमा उत्रिएपछि यो वर्ग हस्तक्षेपद्वारा विद्यार्थी आक्रोश बढाएर विष्फोटक स्थिति सिर्जना गर्नेतर्फ लागि विद्यार्थीहरूमाथि हस्तक्षेपका शृङ्खलावद्ध आक्रमणहरू गराइयो । अर्कातिर पंचायत विरोधी राजनैतिक दलहरू पनि विद्यार्थीलाई माध्यम बनाएर आफ्ना गतिविधि संचालन गर्दै आएका थिए । त्यो अवस्थामा विद्यार्थीको शान्तिपूर्ण जुलुसमाथि पंचायती लाठि बज्रियो तब उनीहरू पनि चुप बस्ने कुनै भएन । सदाझैं यसपटक पनि उनीहरू प्रत्यक्ष रूपमा त अगाडि आएनन् तर अप्रत्यक्ष रूपले सरसल्लाह दिनेदेखि स्रोत जुटाइदिनेसम्मका कामहरू गरेर आन्दोलनलाई फैलाउने काम गरे । यसप्रकार सत्तामा नरहेका पंचहरूले अवलम्बन गरेको नीति एवं पंचायत विरोधीहरूका क्रियाकलापले गर्दा विद्यार्थी आन्दोलनले उग्ररूप लिन थाल्यो ।[८११]

राजधानीमा भएको प्रशासनिक दमन, धरपकडले गर्दा विराटनगर, पोखरा, जनकपुरजस्ता उपत्यका बाहिरका महत्त्वपूर्ण क्षेत्रहरूमा आन्दोलनको आगो सल्कियो । यी ३ वटै

---

[८११] दीर्घराज प्रसाई, *नेपालमा राजनीतिक व्यवस्थाको विश्लेषण,* काठमाडौं : श्रीमती सानुवावा प्रसाई, २०४३, पृ. ११३ ।

सहरस्थित ने.का. का स्थानीय नेताहरूले विद्यार्थीहरूलाई परिचालित गरेर वैशाख २ गतेदेखि नै क्याम्पसहरू हडताल गराएको उल्लेख पाइन्छ । २०३२ सालको राष्ट्रव्यापी विद्यार्थी आन्दोलनमा कुनै पनि गतिविधि नभएको पोखरामा यसपटक त्यस्तो नहोस् भनी ने.का. पोखरा नगर समिति सक्रिय भएर २०३६ साल व्रशाख १ गते नै आकस्मिक बैठक गऱ्यो । जसमा देशको परिस्थितिबारे गम्भिरतापूर्वक छलफल गरी पोखरामा विद्यार्थी आन्दोलन संचालनार्थ विद्यार्थीसँग सम्पर्क गरेर आन्दोलन गराउने र त्यसका लागि आवश्यक सहयोग जुटाउने कार्यका लागि षडानन्द बराल, भोला थापा र राजेन्द्रनिधि कोइराला रहेको तीन सदस्यीय विद्यार्थी सम्पर्क समिति गठन गरियो ।[८१२] जसले तत्कालै ने.वि. संघ कास्कीका अध्यक्ष आकास गुभाजुसँग सम्पर्क राखि वस्तुस्थिति स्पष्ट गर्दै पोखरामा पनि आन्दोलन संचालन गर्न सल्लाह दिएपछि गुभाजु तुरुन्त तयारीतर्फ लागे ।[८१३] उनले क्याम्पस एकाइलगायतका ने.वि. संघका निकायसँग सम्पर्क गरी रातारात छलफल गरेपछि भोलिपल्टै आन्दोलन प्रारम्भ गर्ने निश्चय गरियो र केन्द्रका मागहरूको समर्थन गर्दै २१ वटा स्थानीय माग अगाडि सारेर वैशाख २ गतेका दिन पृथ्वीनारायण क्याम्पसमा आन्दोलन प्रारम्भ गरियो ।[८१४] जसलाई असफल पार्नका लागि गाउँफर्कका पदाधिकारी, अंचलाधिश, प्र.जि.अ. आदिले मण्डलेद्वारा धम्काउनेदेखि बल प्रयोग गर्नेसम्मका कार्यहरू गर्न थालेपछि पोखराको आन्दोलन पश्चिमाञ्चल क्षेत्रभरि नै फैलिदै गयो ।

वी.पी. कोइरालाको गृहनगर विराटनगरमा पनि काठमाडौँमा भएको आन्दोलनको समाचार पुग्ना साथ हलचल प्रारम्भ भयो । २०३५ चैत्रको अन्ततिर भारतमा निर्वासित रहेका ने.का. का नेता गिरिजाप्रसाद कोइरालालाई भेटन पुगेका अशोक कोइरालालाई विराटनगरमा पनि आन्दोलन गराउने सल्लाह दिएकाले उनी फर्केर स्थानीय नेताहरूसँग गोप्य छलफल गरे ।[८१५] जसमा विराटनगरका विद्यार्थीहरूलाई पनि आन्दोलनमा उतार्ने सहमती भएपछि महेन्द्र मोरङ्ग क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई आन्दोलन गर्न लगाइएकाले केन्द्रीय मागको समर्थन गर्दै विभिन्न १८ वटा स्थानीय मागहरू राखेर वैशाख २ गतेकै दिन विराटनगरमा पनि आन्दोलन प्रारम्भ गरे ।[८१६] नेपालको प्रमुख ऐतिहासिक नगरका रूपमा चिनिने र प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका निभाएको क्षेत्र जनकपुर पनि काठमाडौँका गतिविधिसँगै सल्बलायो । सदैव केही न केही गरिरहनु पर्ने नेता बोधप्रसाद उपाध्यायको संरक्षण एवं निर्देशनमा खारिएका युवानेता महन्थ ठाकुर, वृखेशचन्द्रलाल, विमलेन्द्रनिधि आदि त्यसबखत जलेश्वर जेलमा थुनिएका थिए । काठमाडौँमा आन्दोलन सुरु भइ तिब्र दमन गरिएको समाचार पाउना साथ रामसागर रामस्वरूप क्याम्पस ने.वि. संघ इकाइ सभापती लालकिशोर शाहले महेश्वरप्रसाद

---

[८१२] राजेन्द्रनिधि कोइराला, *पोखरा नगर समिति एक सस्मरण*, कास्की : खेमलाल कोइराला, २०५२, पृ. ११ ।

[८१३] राजेन्द्रनिधि कोइरालासँग २०५९ चैत्र २७ गते गैह्रापाटन, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[८१४] ऋषिकेश तिवारीसँग २०५८ जेठ २६ गते मणिग्राम, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[८१५] उमेश गिरीसँग २०६० जेठ १ गते तिनटोलिया, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[८१६] (क) अशोक कोइरालासँग २०६० वैशाख २६ गते मधुमारा, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) पुष्कर आचार्यसँग २०६० वैशाख २७ गते मधुमारा, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

सिंहलगायतका स्थानीय पार्टी नेता एवं जलेश्वर जेलमा थुनिएका युवा-विद्यार्थी नेतासँग भेटेर वस्तुस्थिति अवगत गराइ आन्दोलन संचालन गर्न सहमति लिए ।[८१७] त्यसपछि उनले विभिन्न विद्यार्थीहरूलाई भेटेर केन्द्रका माग बाहेक १७ वटा स्थानीय मागहरू सहितको मागपत्र तयार गरी सम्पूर्ण प्रबन्ध मिलाएर वैशाख २ गतेकै दिन जनकपुरधामस्थित माध्यामिक विद्यालयसहित क्याम्पसमा आन्दोलन प्रारम्भ गरे ।[८१८]

यसप्रकार वैशाख २ गते पोखरा, जनकपुर, विराटनगरजस्ता प्रमुख सहरमा आन्दोलन प्रारम्भ भएपछि त्यसका निकटवर्ति क्षेत्रहरू पनि तात्न थाले । त्यसको भोलिपल्टै पूर्वाञ्चलको अर्को महत्त्वपूर्ण केन्द्र धरानस्थित महेन्द्र बहुमुखी क्याम्पसका विद्यार्थीहरू पनि केन्द्रीय मागलाई समर्थन गर्दै १८ वटा स्थानीय माग अगाडि सारेर आन्दोलनमा उत्रिए ।[८१९] आफ्नो क्याम्पस कक्षा बहिस्कार गरी निस्केका महेन्द्र क्याम्पसका विद्यार्थीहरू धरानस्थित अन्य विभिन्न शैक्षिक संस्थाहरूमा पुगेर त्यहाँका विद्यार्थीसँग कुराकानी गरी हडताल गराउने काम गरे । त्यसै दिन ने.का. का स्थानीय नेता महेश्वरलाल श्रेष्ठको सल्लाहमा चितवनको भरतपुरमा पनि आन्दोलन प्रारम्भ गरियो । यो क्रम देशका अन्य भागमा पनि फैलिदै गयो ।

यसप्रकार आन्दोलन देशव्यापी रूपमा फैलिन थालेको अवस्थामा काठमाडौंस्थित अमृत क्याम्पसमा प्रशासनिक दमनको जुन घटना घटाइयो त्यसबाट देशका राजनीतिज्ञ, बुद्धिजीवी, नागरिक समाज, अभिभावकलगायत उदारवादी पंचहरू समेत आक्रोशित हुन पुगे । फलस्वरूप सरकारको हरेक क्षेत्रबाट आलोचना हुन थाल्यो र बुटवल, पाल्पा, भैरहवा, स्याङ्गजा, वाग्लुङ्ग, नेपालगंजलगायतका ठाउँहरूमा विद्यार्थीहरू आन्दोलनमा उत्रिए । देशव्यापी विष्फोटनको स्थिति सिर्जना हुन लागेपछि सरकारले वार्ताद्वारा समस्या समाधानको सट्टा क्याम्पस एवं छात्रावासहरू बन्द गर्ने, प्रहरी एवं मण्डलेद्वारा आक्रमण गराउने गर्न थाल्यो । उपत्यकाभित्र पढने विद्यार्थीहरू क्याम्पस एवं छात्रावास बन्द गरेपछि घर फर्कने क्रममा देशव्यापी रूपमा छरिएर राजधानीको दमनका खबर पुऱ्याएर विद्यालयसम्म नै आन्दोलन पुऱ्याउन सफल भए ।

आन्दोलनले देशव्यापी रूप लिएपछि प्रशासनिक दमन झन तिब्र हुन थाल्यो । गाउँफर्कका पदाधिकारी, अंचलाधिश, प्रमुख जिल्ला अधिकारी आदिको संरक्षणमा वुटवल, भैरहवा, पाल्पा, पोखरा, जनकपुरलगायतका विभिन्न ठाउँहरूमा मण्डलका विद्यार्थीहरूबाट जुन मारपिट एवं गुण्डागर्दी प्रदर्शन गरियो त्यसले सर्वसाधारणसमेतमा आन्दोलनमुखी मनस्थिति

---

[८१७] (क) डा. वृखेशचन्द्रलालसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) महन्थ ठाकुरसँग २०६१ जेठ १५ गते धोविघाट, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) लालकिशोर शाहसँग २०६० जेठ १४ गते रामानन्द चौक, जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[८१८] *पूर्ववत्* (ग) ।

[८१९] (क) गिरिराज आचार्यसँग २०६० जेठ ६ गते चतरालाइन, धरानमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) चक्रविक्रम सिटौलासँग २०६० जेठ २ गते विर्तामोड, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

विकशित गरायो ।[८२०] फलस्वरूप देशका विभिन्न भागमा विशाल जनप्रदर्शनहरू हुन थालेकाले सरकार हिंसाको मार्गमा उत्रियो । यसैक्रममा वैशाख १४ गते हेटौडामा प्र.जि.अ. द्वारा विद्यार्थीलाई उत्तेजित बनाएपछि निस्केको जुलुसमा गोली चलाएर दमनको चरम रूप प्रकट गरेपछि विद्यार्थी आन्दोलनले जनआन्दोलनको रूप लिन थाल्यो । त्यो स्थितिमा वैशाख २५ गते चितवनमा घटाइएको त्रासदी पूर्ण घटनाबाट जनमानस पूर्णरूपले उत्तेजित भइ विद्यार्थीसँगै आन्दोलनमा उत्रन थाले । यसप्रकार राजधानीमा सामान्य विरोध प्रदर्शनका क्रममा गरिएको प्रहरी हस्तक्षेपबाट प्रारम्भ भएको विद्यार्थी आन्दोलन देशव्यापी रूपमा फैलिएर जनआन्दोलनको रूपमा विष्फोटन हुने परिवेश सिर्जना भयो ।

## ४.५ काठमाडौँ उपत्यका बाहिरका महत्त्वपूर्ण घटनाहरू

राजधानी काठमाडौँमा प्रारम्भ भएको विद्यार्थी आन्दोलन विकशित एवं विस्तारित हुँदै देशव्यापी रूपमा फैलिन थालेपछि राजधानी बाहिरका प्रशासक एवं यथास्थितिवादी तर्सिन थाले । आफूलाई आफ्नो क्षेत्रको शासक वा मालिक नै सम्झने राजधानी बाहिरका अंचलाधिश, प्र.जि.अ. गाऊँफर्कका पदाधिकारी आदि आन्दोलनका गतिविधि सुरु हुन थालेपछि विद्यार्थीप्रति आक्रोशित भए । पंचायती व्यवस्था विरुद्ध हुने क्रियाकलापको दमन गर्ने र यथास्थितिवादीहरूको आदेशअनुरूप काम गर्ने आदेश पाएको यो वर्ग आफ्ना क्षेत्रमा आन्दोलनका गतिविधि बढेमा केन्द्रद्वारा असक्षमताको आरोप लगाइने, खप्कि खानुपर्ने र खोसिने संभावनासमेत भएकाले आक्रोशित भयो । अर्कातिर आफूलाई पंचायती व्यवस्थाको सच्चा पहरेदार सम्झने पंचायती प्रशासकहरू यस्ता गतिविधि हुन नदिएर स्यावाशि पाउन र सदैव पदमा रहि मोजगर्न चाहन्थे । तसर्थ यिनीहरू आन्दोलनका गतिविधि प्रारम्भ हुनासाथ चर्को दमनबाट आतंकपूर्ण परिवेश सिर्जना गरी तह लगाउने निश्चयसाथ अगाडि बढे । परिणामस्वरूप उपत्यकाभन्दा बाहिरका जनकपुर, पोखरा, हेटौडा, कलैया, चितवनलगायतका ठाउँहरूमा दमनका डरलाग्दा घटनाहरू घटन पुगे । प्रशासनिक निर्देशनमा चल्ने विद्यार्थी संगठन मण्डलका कार्यकर्ता एवं प्रहरीहरूलाई अगाडि सारेर घटाइएका यस्ता घटनाहरूमा कैयौं विद्यार्थीहरू अंगभंग हुनुका साथै सख्त घाइते भए भने कतिपय आन्दोलनसँग सरोकार नै नभएका मानिसहरू गोलीका शिकार बने । काठमाडौँ उपत्यका बाहिर घटेका यस्ता घटनामध्ये जनधनको क्षति गराउने र त्यसबखत निकै चर्चामा आएका प्रमुख घटनाहरू बारे यहाँ संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**जनकपुर**

---

[८२०] (क) हरि नेपालसँग २०६० असार २८ गते तानसेन पाल्पामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) वावुराम रानासँग २०५८ कार्तिक ११ गते मंगलापुर, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) रामकृष्ण ताम्राकारसँग २०६१ असार २० गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) गोपालमान श्रेष्ठसँग २०६० असार ७ गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) नरहरी आचार्य र अशोक कोइरालासँगका अन्तर्वार्ताहरू ।

प्रशासनिक साँठगाँठमा काठमाडौं उपत्यका बाहिर घटेको प्रथम दमनात्मक घटना जकपुरस्थिति रा.रा. क्याम्पसमा भएको गुण्डागर्दीका नामले चिनिन्छ । पंचायती व्यवस्थाको स्थापनासँगै प्रारम्भ भएका प्रजातान्त्रिक आन्दोलनका हरेक चरणमा महत्त्वपूर्ण भूमिका खेल्ने उच्च साहस युक्त शहिदहरू जन्माउने जनकपुर यसपटक पनि काठमाडौंको हलचलसँगै तात्न थाल्यो । तसर्थ २०३६ साल वैशाख २ गतेदेखि आन्दोलनमा उत्रेका विद्यार्थीहरूले राजधानीमा भएको प्रहरी एवं मण्डलेका आतंकका विरुद्ध वैशाख ४ गते जनकपुरस्थित रा.रा. क्याम्पसमा एक विरोध सभा गर्ने निश्चय गरे । जुन समाचार पाएपछि दमन गर्न कस्सिएको प्रशासनले आफ्नो संरक्षणमा गुण्डागर्दीका लागि पालेका मण्डलेहरूलाई प्रयोग गर्ने निश्चय गऱ्यो । ने.वि. संघ रा.रा. क्याम्पस इकाइको आयोजनामा क्याम्पस हाताभित्र हुन लागेको उक्त विरोध सभा प्रारम्भ हुन लागेकै बेला एक हुल मण्डलेहरूले क्याम्पसभित्र प्रवेश गरी एक्कासि विद्यार्थीहरूलाई कुटन थाले ।[८२१] खुकुरी, लाठि, चेनजस्ता घातक हतियार लिएर आएका मण्डलेहरूको आक्रमणको प्रतिकार गर्न निहत्था विद्यार्थीहरू असमर्थ भएकाले त्यस दिन घाइते हुने धेरै विद्यार्थीहरूमध्ये महेन्द्र यादव र प्रदिप महतोको अवस्था चिन्ताजनक हुन पुग्यो ।[८२२] शान्तिपूर्वक क्याम्पसभित्र भेलाभएका विद्यार्थीमाथि गरिएको यो प्रशासनिक आक्रमणबाट क्रुद्ध भएको नागरिक समाज एवं अभिभावकवर्गले सरकारी दमन विरुद्ध प्रतिक्रिया व्यक्त गर्दै प्रतिकारमा उत्रने निश्चय गऱ्यो । फलस्वरूप विद्यार्थीहरू पुनः एकत्रित भएर जुलुस प्रदर्शन गर्न थालेपछि प्रहरी एवं मण्डलेहरू एकजुट भई आक्रमण गर्नुका साथै कैयौं विद्यार्थी एवं युवानेताहरूलाई गिरफ्तार गरियो ।[८२३] जनकपुरमा यसप्रकारको दमन कार्य गरिएपछि आक्रोशित भएका ने.का. का स्थानीय नेता, कार्यकर्ता, नागरिक समाज, विद्यार्थी आदि एकजुट भएर आन्दोलनलाई जिल्लाव्यापी रूपमा फैलाउन खोजेपछि ठाउँ-ठाउँमा भएका दमन एवं भिडन्तको कारणबाट सम्पूर्ण मिथिला क्षेत्र नै आन्दोलित हुन पुग्यो ।

**पोखरा**

ने.का. का स्थानीय नेताहरूको प्रेरणा एवं सहयोगबाट पोखरामा प्रारम्भ भएको विद्यार्थी आन्दोलनमा गरिएको प्रशासनिक दमन एवं मण्डले गुण्डागर्दीले त्यसबखत प्रसस्त हलचल मच्चाएको थियो । विद्यार्थीहरूले केन्द्रीय मागको समर्थनसँगै स्थानीय मागसमेत राखेर आन्दोलन

---

८२१ (क) राजेश्वर नेपालीसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) रामकृष्ण यादवसँग २०६० जेठ १२ गते ने.का. कार्यालय जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) लालकिशोर शाह, टिप्पणी संख्या ५३ (ग) ।

८२२ (क) दामोदर उपाध्यायसँग २०६० जेठ १३ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) राजेश्वर नेपाली र लालकिशोर शाहसँगको अन्तर्वार्ताहरू ।
(ग) भुवनहरी कोइरालासँग २०६० जेठ १४ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

८२३ (क) *पूर्ववत्,* (क) र (ख) ।
(ख) ज्ञानिशंकर गिरीसँग २०६० जेठ १४ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

प्रारम्भ गर्नासाथ अंचलाधिश, प्र.जि.अ., गाऊँ फर्कका पदाधिकारी एवं क्याम्पस प्रमुख आदिले विद्यार्थी नेताहरूलाई बोलाएर फकाउँदै स्थानीय माग हामी पूरा गरिदिन्छौं र राष्ट्रिय मागका लागि सिफारिस पठाइदिन्छौं सम्झौता गर्नु पर्‍यो भन्दै फकाउने प्रयास गरेका थिए ।[८२४] तर विद्यार्थीहरूले काठमाडौंमा गिरफ्तार आफ्ना अग्रजहरू नछुट्दासम्म सम्झौता नगर्ने जवाफ दिएपछि आफ्नो प्रयास असफल भएकाले रिसाएका प्रशासकहरूले मण्डलका विद्यार्थीहरूलाई अगाडि सारे । प्रशासकको इशारामा मण्डलका विद्यार्थीहरू आन्दोलनरत प्रमुख विद्यार्थीका घर-घरमा गएर हडताल तोडनका लागि विद्यार्थी एवं अभिभावकलाई धम्कि दिन थाले ।[८२५] आन्दोलनकारी विद्यार्थी त्यसबाट पनि टसमस नभएपछि एकातिर प्रशासकहरू क्रुद्ध भए भने अर्कातिर मण्डलेहरू षड्यन्त्रका तानाबाना बुन्न थाले ।

आन्दोलनकारी विद्यार्थीहरू आफ्नो कार्यक्रमलाई निरन्तरता दिँदै क्याम्पस गेटमा बसेर धर्ना दिने, क्याम्पसभित्र आमसभा गर्ने र जुलुस प्रदर्शन गर्नेलगायतका कार्यहरू गर्न थाले । पृथ्वीनारायण क्याम्पसमा आन्दोलन बढ्न थालेपछि आत्तिएका प्रशासकहरूले पोखरास्थित मन्दार होटलमा बैठक गरी पोखराका स्थानीय पंचहरूलाई पठाएर विद्यार्थीहरूलाई सकेसम्म सम्झाउने नसके हस्तक्षेप गर्ने निर्णय गरे ।[८२६] गाऊँ फर्कको अग्रसरतामा गरिएको यो निर्णयलाई कार्यान्वयन गर्न वैशाख ९ गते गाऊँ फर्कका केही पदाधिकारी, स्थानीय पंचहरू, मण्डलका जमातसहित क्याम्पस पुगेर मण्डलका जमातलाई बाहिरै छाडि आफू क्याम्पसभित्र पसे । जहाँ सम्झाउने प्रयास गर्दा विद्यार्थीहरूले “क्याम्पस कुनै राजनैतिक अखडा होइन, दवाव हामीलाई चाहिँदैन” भन्ने नारासहित विरोध गरे ।[८२७] जसबाट निरुत्तर भएका पंच-पदाधिकारीहरू बाहिर निस्कना साथ बाहिर बसेका मण्डलेहरूले एक्कासि आक्रमण गरेर क्याम्पस गेटमा बसेका हडताली विद्यार्थी विद्या बराललाई नराम्रोसँग कुटे ।[८२८] यसरी क्याम्पस गेटमै आएर आफ्ना साथीलाई पिटेपछि रिसाएका आन्दोलनकारीहरू एकजुट भएर बदला लिने सोच लिएर मौका खोज्नुका साथै उच्च सतकर्ता अपनाउने निश्चय गरे ।

वैशाख ११ गतेका दिन आन्दोलनकारीहरूले क्याम्पस हाताभित्र अवस्थित डीन कार्यालयमा आफ्नै कामले तत्कालीन मानविकी तथा सामाजिकशास्त्रका डीन प्रा.डा. पार्थिवेश्वर तिमिल्सिनासँग भेटन आएका मण्डलका उप सभापतिलाई भेटेर घेरावन्दी गरे । जहाँ उनीहरूले

---

[८२४] ऋषिकेश तिवारी, टिप्पणी संख्या ५० ।

[८२५] (क) शुक्रराज शर्मासँग २०५९ चैत्र २६ गते महेन्द्रपुल, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) राजेन्द्रनिधि कोइराला र ऋषिकेश तिवारीसँगका अन्तर्वार्ताहरू ।
(ग) *राष्ट्र पुकार,* २०३६ साल वैशाख १३ गते ।

[८२६] केशवराज पराजुलीसँग २०५९ चैत्र २७ गते गैह्रापाटन, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[८२७] (क) *राष्ट्र पुकार,* २०३६ साल वैशाख २७ गते ।
(ख) *प्रतिध्वनी साप्ताहिक,* २०३६ साल जेठ ४ गते ।

[८२८] (क) *पूर्ववत्* ।
(ख) राना, टिप्पणी संख्या २, पृ. ४५३ ।

निजलाई बाध्य बनाई ९ गतेको घटनाको भूल स्वीकार गराएर माफि मगाउने, हडतालको समर्थन गराउने र साथ दिन्छु भन्ने खालको कागज गराउने काम गरे ।[८२९] त्यसबाट उत्पन्न परिस्थितिमा मण्डल समर्थक विद्यार्थीहरूले संगठित भएर छात्रावासमाथि आक्रमण गर्ने योजना बनाए । जसबारे साँझतिर नै सुइको पाएपछि बजारतर्फबाट समेत गएर आन्दोलनकारीहरू प्रतिरोधका लागि तयार भएर बसे । वैशाख ११ गते राती करिब ९.३० बजेतिर ग.अ. ८४ नं. को सरकारी गाडि र एउटा मिनिबसमा गरी हातहतियारसहित आएका ५०-६० जना मण्डलेहरूको डफ्फाले एक्कासि छात्रावासभित्र प्रवेश गरी सुतिरहेका विद्यार्थीहरूमाथि आक्रमण गरे ।[८३०] तर विद्यार्थीहरू पहिला नै तम्तयार भएर बसेकाले र सतर्कता अपनाएकाले ऋषिकेश तिवारी बाहेक अरूलाई ठूलो चोट लागेन बरु उनीहरूले १० जनाभन्दा बढी मण्डलेलाई नै सख्त घाइते बनाए ।[८३१] निर्घात रूपमा पिटिएर बेहोस हुन पुगेका ऋषिकेश तिवारीलाई गण्डकी अस्पतालमा पुऱ्याई भर्ना गरिएको ३६ घण्टापछि मात्र होस् आएको थियो ।

भोलिपल्ट बिहान राती पृथ्वीनारायण क्याम्पस छात्रावासमा घटेको घटनाको समाचार पोखराभरि फैलिना साथ विद्यार्थी, व्यापारी, शिक्षक, बुद्धिजीवी आदि सबै आक्रोशित भएर बाहिर निस्किए । त्यहाँ अकस्मात अस्पतालबाट ऋषिकेशलाइ गायब पारिएको हल्ला फैलिएपछि अंचाधिश कार्यालय, जिल्ला प्रहरी कार्यालयलगायतका ठाउँमा खोज्दै अस्पताल पुगेको जुलुसले नाराबाजिसहित ऋषिकेशलाई भेटने माग गर्न थाल्यो ।[८३२] संयोगवश त्यही पुगेका अंचलाधिशले स्थितिको गम्भिरतालाई बुझेर ५ जना विद्यार्थी प्रतिनिधिलाई बोलाएर तिवारीलाई देखाइदिएपछि मात्र जुलुस शान्त भएर फर्किएको थियो । त्यस दिन विद्यार्थीहरूले बजार बन्दको आह्वानसँगै पोखरामा जुलुस निकालेपछि प्राथमिक तहसम्मकै विद्यार्थीहरू कक्षा छाडेर जुलुसमा सहभागि बन्न पुगे । जसमा व्यापारी, अभिभावक एवं पेशाकर्मीहरू पनि सामेल भएपछि विशाल बन्न पुगेको जुलुसले दिनभरि प्रशासनिक हस्तक्षेप एवं मण्डले गुण्डागर्दीका विरुद्ध नारा लगाउँदै बजार परिक्रमा गर्दा पटक-पटक प्रहरीले लाठि चार्ज गर्नाले महेन्द्रपुललगायतका ठाउँमा भिडन्तसमेत हुन पुग्यो ।[८३३] प्र.जि.अ. को समुपस्थितिमा उनकै आदेशले प्रहरीले डण्डा बर्साउन थालेपछि आन्दोलनकारीले पनि ढुंगामुढा बर्साउँदा स्थिति अप्रिय बन्न पुग्यो । प्रहरीले त्यस दिन कैयौं विद्यार्थीहरूलाई गिरफ्तार पनि गरेकाले पोखराको वातावरण झन तात्न थाल्यो ।

---

[८२९] राजेन्द्रनिधि कोइराला र ऋषिकेश तिवारीसँगका अन्तर्वार्ताहरू ।

[८३०] (क) *राष्ट्र पुकार,* टिप्पणी संख्या ६३ (क) ।
(ख) *प्रतिध्वनी,* टिप्पणी संख्या ६३ (ख) ।

[८३१] (क) *पूर्ववत्* ।
(ख) शुक्रराज शर्मा, ऋषिकेश तिवारी र राजेन्द्रनिधि कोइरालासँगका अन्तर्वार्ताहरू ।

[८३२] ऋषिकेश तिवारी, टिप्पणी संख्या ५० ।

[८३३] विस्तृतिका लागि (क) *राष्ट्र पुकार,* टिप्पणी संख्या ६३ (क) ।
(ख) *प्रतिध्वनी,* टिप्पणी संख्या ६३ (ख) ।
(ग) राना, टिप्पणी संख्या २, पृ. ४५३-४५४ ।
(घ) देवकोटा, टिप्पणी संख्या २०, पृ. २१-२२ ।

फलस्वरूप विद्यार्थीहरूले मण्डल खारेजीलगायतका कडा माग सारेर आन्दोलन कास्कीलगायत पश्चिमाञ्चलका महत्त्वपूर्ण क्षेत्रमा फैलाउन थाले ।

**हेटौडा**

२०३५/०३५ को विद्यार्थी आन्दोलनलाई अन्तर्राष्ट्रिय चासोको विषय बनाउने घटनाका रूपमा चिनिने हेटौडा काण्ड सरकारी हस्तक्षेपबाट घटन पुगेको दुखान्त घटना थियो । जसले एकातिर आमनागरिकहरूमा आक्रोशको भावना बढाइदियो भने अर्कातिर नेपालको विद्यार्थी आन्दोलनप्रतिको प्रशासनिक दमनलाई अन्तर्राष्ट्रिय जगतसमक्ष उजागर गरिदियो । काठमाडौँ लगायत देशका विभिन्न भागमा विद्यार्थी आन्दोलन फैलिदै जान थालेपछि देशकै प्रमुख औद्योगिक नगर मानिने हेटौडाका विद्यार्थीहरू पनि सल्बलाउन थाले । त्यहाँको आवाशिय विद्यालय भुटनदेवी माध्यमिक विद्यालयमा आन्दोलनको पहिलो झिल्को देखापर्‍यो । जसअनुसार विद्यालयको चुहेको छात्रावास टाल्नेलगायतका विभिन्न ८ वटा माग राखेर वैशाख ९ गतेदेखि विद्यार्थीहरूले कक्षा बहिस्कार गरेपछि प्र.जि.अ. को उपस्थितिमा विद्यार्थीका माग पूरा गर्ने निश्चय गरी त्यसका लागि आवश्यक करिब १ लाख २५ हजार रूपैयाँ उठाउने योजना नगर पंचायतले बनायो ।[८३४] उक्त रकम उठाउनका लागि शिक्षा समितिसहितको वैठक गरी प्र.जि.अ. एवं उनका मतियार गोविन्द खतिवडाले प्रत्येक अभिभावसँग रू. ५ हजारका दरले चन्दा उठाउने निधो गरेपछि आफ्नो क्षमताभन्दा बढी भएकाले अभिभावहरू असन्तुष्ट हुन थाले ।[८३५] आफ्ना मागहरूलाई स्थानीय प्रशासनले कमाउने साधन बनाउन थाल्नाले उत्पन्न खिचलोले गर्दा पूरा हुने स्थिति नदेखेपछि रिसाएका विद्यार्थीहरू ११ गतेबाट विधिवत आन्दोलनमा उत्रिए । त्यो स्थितिमा वैशाख १३ गते भुटनदेवी मा.वि. मा पुगेका प्र.जि.अ. ले प्रधानाध्यापकलाई धम्काउँदै नेतृत्व गर्ने विद्यार्थी बोलाउन भनेपछि उत्पन्न वातावरणबाट उत्तेजित भएका विद्यार्थीहरूले नारावाजी गर्न थाले । रिसाएका प्र.जि.अ. ले पिस्तोल झिकेपछि उत्पन्न हुन पुगेको तनावपूर्ण स्थितिमा केही शिक्षक अगाडि सरेर बिचबचाउ गर्नाले अप्रिय घटना त भएन तर विद्यार्थीलाई झन आक्रोशित भने बनायो ।

भोलिपल्ट अर्थात वैशाख १४ गते बिहानै विद्यार्थी एवं अभिभावकहरू भुटनदेवी मा.वि. मा भेला भए । त्यसदिन विद्यार्थीहरूले हेटौडाका सबैजसो विद्यालयमा हडताल गराएर विशाल जुलुसका रूपमा औद्योगिक क्षेत्र पनि हडताल गराउनका लागि त्यसतर्फ बढे ।[८३६] "मण्डले नास होस्", "विद्यार्थी एकता अमर रहोस्", "हाम्रा माग पूरा होस्", "एकतन्त्रीय शासन मुर्दावाद", "प्रशासक मुर्दावाद" आदि नारा लगाउँदै बढेको उक्त जुलुस कान्तिराजपथ हुँदै कर्रापुलतर्फ

---

[८३४] संघर्ष समितिद्वारा पठाइएको तथ्य संकलक टोलीको हस्तलिखित प्रतिवेदन, जसमा कुनै मिति छैन, पृ. ५ हेर्नुहोस् परिशिष्ट ६ ।

[८३५] *पूर्ववत्* ।

[८३६] राना, टिप्पणी संख्या २, पृ. ४५६ ।

लाग्यो ।[८३७] कर्रापुलको पल्लो किनारामा २ वटा दमकलसहित बसेका प्रहरीहरूले जुलुसलाई रोक्न एक्कासि पानीको फोहराले हानेपछि स्थिति खलबलियो र विद्यार्थीहरूले जवाफमा ढुंगा बर्साएर प्रतिरोध गरे ।[८३८] विद्यार्थीको प्रतिरोध प्रारम्भ हुना साथ प्रहरीले व्यापक लाठि चार्ज गर्नुका साथै गोलीसमेत चलाएपछि केही विद्यार्थी घाइते भए । आफ्ना साथी प्रहरी ज्यादतीले रक्ताम्य भएर लडेको देखेपछि झन उत्तेजित भएका विद्यार्थीहरूले रुँदै ढुंगा हान्न थालेको देखेपछि हेटौडा औद्योगिक क्षेत्रमा काम गर्ने मजदुरहरू पनि काम छाडेर बाहिर निस्किए ।[८३९]

विद्यार्थीहरूको जुलुसमा मजदुरहरू पनि मिसिएपछि अभिभावक एवं सर्वसाधारणले पनि साथ दिए । फलस्वरूप विशाल बन्न पुगेको उक्त जुलुस नारावाजी गर्दै जिल्ला प्रहरी कार्यालयतर्फ बढेपछि प्रहरीले पुनः हस्तक्षेप गऱ्यो । जवाफमा प्रहरीमाथि ढुंगामुढा हुन थालेपछि प्रहरीले भिडतर्फ गोली चलाउँदा १० वर्षका शिवप्रसाद पौडेल तथा १३ वर्षका रामचन्द्र अर्याल गोली लागेर सडकमा ढले ।[८४०] रगतले लतपत भएर सडकमा लडेको लासलाई एकातिर जुलुसले आफ्नो कब्जामा राख्यो भने अर्कातिर यस्तो प्रशासनिक अन्याय देखेर सहन नसकि स्थानीय जनता खुकुरी, कोदालो, बन्चरो, हसियाजस्ता घरेलु हतियार बोकेर सडकमा उत्रिए ।[८४१] फलस्वरूप त्यहाँ क्षणभरमै १२ हजार जतिको भिड जम्मा भएर बाटो रोक्नेदेखि प्रहरीमाथि ढुंगा बर्साउनेसम्मका क्रियाकलाप गर्न थाल्यो । भिडलाई रोक्न नसकेको प्रहरीले प्रारम्भमा घटनास्थलबाट भाग्ने र केही अगाडि बढेर भिडमाथि अन्धाधुन्ध गोली बर्साउने कार्य गर्नाले क्षणभरमै सारा बजार, कार्यालय बन्द भएर हेटौडा तनावग्रस्त क्षेत्रमा परिणत भयो ।[८४२]

गोली बर्साएर पनि स्थिति नियन्त्रणमा ल्याउन नसकेपछि प्रहरीहरू जिल्ला प्रहरी कार्यालयभित्र पसरे बसे भने जनसमूह प्रशासनिक दमन विरोधी नारा लगाउँदै जुलुसका रूपमा अगाडि बढ्यो । आक्रोशित जनमसूहले काठमाडौंबाट वीरगंज जान हिडेका तत्कालीन भूमि सुधार सहायक मन्त्री रामानन्दप्रसाद सिंहलाई उद्योग वाणिज्य संघ अगाडि रोकिएको भेटेपछि घेरा हालेर राख्यो ।[८४३] उनलाई १० घण्टाको घेराउपछि मात्र छाडिएको थियो भने प्रहरीले त्यस

---

८३७ संघर्ष समिति..., टिप्पणी संख्या ७०, पृ. ६ ।

८३८ *पूर्ववत्* ।

८३९ आचार्य, टिप्पणी संख्या ४३ (क), पृ. ६ ।

८४० (क) राना, टिप्पणी संख्या २, पृ. ४५६ ।
(ख) संघर्ष समिति..., टिप्पणी संख्या ७०, पृ. ६ ।
(ग) *नयाँ नेपाल पुकार (पाक्षिक वुलेटिन-७),* २०३६ साल जेठ ४ गते ।

८४१ (क) *पूर्ववत्* (ग) ।
(ख) शोभाखर पराजुलीसँग २०६० पौष २५ गते शंखमुल, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

८४२ संघर्ष समिति..., टिप्पणी संख्या ७०, पृ. ७ ।

८४३ (क) *पूर्ववत्* ।
(ख) आचार्य, टिप्पणी संख्या ४३ (क), पृ. ७ ।
(ग) देवकोटा, टिप्पणी संख्या २०, पृ. २४ ।
(घ) शोभाखर पराजुली, टिप्पणी संख्या ७७ (ख) ।

दिन पटक-पटक विभिन्न ठाउँमा गोली प्रहार गर्नाले धेरै मानिसहरू मारिए ।[८४४] यसप्रकार वैशाख १४ गतेको हेटौडा भिडन्तमा कैयौं व्यक्तिहरू सख्त घाइते भए भने प्रहरी प्रशासनद्वारा मर्नेहरूको लास पनि गायब पारिनाले वास्तविक संख्या पत्ता लागेन । त्यस घटनाबाट व्यापक होहल्ला भएपछि सरकारले ढाकछोप गर्न सकेन । सरकारी स्रोतले उक्त घटनामा जम्मा ३ जना मरेको स्वीकार गऱ्यो भने बाहिरी स्रोतले १७ जनाको मृत्यु भएको कुरा प्रकाशमा ल्याए ।[८४५] पत्रपत्रिका एवं स्थलगत अध्ययन प्रतिवेदनका अनुसार त्यस दिन विद्यार्थी बाहेक बसका खलासीदेखि सामान्य वटुवासम्मले प्रशासनिक दमनमा परेर ज्यान गुमाएका थिए ।[८४६] यस घटनापश्चात हेटौडामा जुन तनावपूर्ण स्थिति उत्पन्न भयो त्यो झन बढेर नियन्त्रण बाहिर जाने देखेपछि बाध्य भएको स्थानीय प्रशासनले कर्फ्यू आदेश जारी गरेको थियो । जुन २० गतेबाट मात्र क्रमशः खुकुलो पार्दै लगिएको उल्लेख पाइन्छ ।

**कलैया**

हेटौडा काण्डपछि प्रशासनिक दमनबाट वाराको कलैयामा उत्तेजक स्थिति उत्पन्न भयो । काठमाडौंमा सुरु भएको आन्दोलन देशव्यापी रूपमा फैलिएपछि पनि वैशाख १४ गतेसम्म कलैयामा खासै गतिविधि हुनसकेको थिएन । काठमाडौंमा आन्दोलन बढदै गएपछि आफ्नो कामले कलैयातर्फ जान लागेका शोभाखर पराजुली हेटौडाको घटनामा थुनिएर तनावपूर्ण स्थितिको अवलोकनसमेत गरी विविध उपाएबाट १४ गतेकै राती कलैयामा पुगेपछि तत्कालीन ने.का. जिल्ला सभापति ऋषिकेश गौतमसँग भेटेर सारा स्थिति अवगत गराए ।[८४७] त्यसपछि यी दुवैले फर्मुल्ला मंसुर, नसिरुदिन मंसुर आदिसँग भेटेर ने.वि. संघका विद्यार्थीहरूलाई बोलाइ तुरुन्त आन्दोलन प्रारम्भ गर्ने सल्लाह दिए । जसअनुसार केन्द्रका मागको समर्थन गर्दै स्थानीय १२ वटा माग राखेर विद्यार्थीहरू वैशाख १५ गते नै सडकमा उत्रिए । त्यस दिन विद्यार्थीहरूले राष्ट्रवादी मण्डल विघटन गरियोस्, विद्यार्थी संघ खोल्छौं-खोल्छौं, त्रि.वि. विद्यार्थीका मागलाई समर्थन गर्दछौं, अस्कल घटनाको जाँच होस्, हेटौडा काण्डको जाँच होस् आदि नारा लगाउँदै श्री ३ चन्द्र व्यवसायिक मा.वि. बाट जुलुस निकाले ।[८४८] शान्तिपूर्ण रूपमा नारा लगाउँदै जुलुस बजारतर्फ बढदै जाँदा अभिभावकलगायतको जनसमूह थपिँदै गएपछि भिड क्रमशः बढदै गयो । त्यो स्थितिमा जुलुस भरतचोक पुग्दा तम्तयारी साथ आएको लाठिधारी प्रहरी समूहले रोकेर

---

(ङ) कुमार, टिप्पणी संख्या १९, पृ. २३ ।

८४४ (क) शाह, टिप्पणी संख्या ४१, पृ. ४९ ।
(ख) *पूर्ववत्* (क), पृ. ७-९ ।

८४५ *पूर्ववत्* (क) ।

८४६ (क) *राष्ट्र पुकार*, २०३६ साल जेठ ३ गते ।
(ख) संघर्ष समिति..., टिप्पणी संख्या ७०, पृ. ८-९ ।

८४७ शोभाखर पराजुली, टिप्पणी संख्या ७७ (ख) ।

८४८ (क) *पूर्ववत्* ।
(ख) संघर्ष समिति..., टिप्पणी संख्या ६०, पृ. १ ।

अगाडि बढ्न नदिएपछि वातावरण तनावपूर्ण बन्न थाल्यो । प्रहरीले रोकेपछि आक्रोशित भिडले भरतचोकस्थित वाणिज्य बैंकमा एक्कासि ढुंगा प्रहार गरेपछि[८४९] प्रहरीले लाठि चार्ज गऱ्यो । जसमा स-साना प्राथमिक तहका विद्यार्थी पनि परेपछि विद्यार्थीहरू आक्रोशित भई बजार बन्द गर्न भन्नुका साथै जिल्ला कार्यालय, जिल्ला प्रहरी कार्यालयतर्फ बढेर ढुंगा प्रहार गरे ।[८५०] विद्यार्थीको प्रहारबाट प्र.जि.अ. नलराज शास्त्रीको गाडिको शिशा फुटनुका साथै प्रहरी इन्सपेक्टर किसनसिंह गुरुङको टाउकोमा चोट लाग्यो ।[८५१] त्यसपछि प्रहरीले अन्धाधुन्ध रूपमा लाठि प्रहार गर्नुका साथै गोलीसमेत चलाएपछि २ जना व्यापारिसहित कैयौं विद्यार्थीहरू घाइते भए ।[८५२] बजारको मुखमा यस्तो भिडन्त भएपछि विद्यार्थीहरूमा भागाभाग भयो । विद्यार्थीलाई लखेट्दै गएका प्रहरीहरूले कैयौं पसलहरूमा पसेर व्यापारिलाई धम्काउने, मालसामान उठाएर लानेलगायतका कार्य गरेपछि जनमानसमा असुरक्षा एवं आतंकको अनुभव हुनथाल्यो ।

वैशाख १५ गतेको प्रहरी दमन एवं बजारमा मच्चाएको आतंकका विरुद्ध वैशाख १६ गते व्यापारिहरूले पनि बजार बन्द गरी विद्यार्थीसँगै सडकमा उत्रने काम गरेपछि कलैयामा रहेको प्रहरी शक्तिले त्यसलाई नियन्त्रण गर्न सकेन । तसर्थ प्रशासनले वीरगंजबाट थप प्रहरीहरू मगाएर आन्दोलनकारीलाई तह लगाउने निश्चय गरी थप शक्ति मगायो । यसरी प्रहरी शक्ति दोब्बर पारेपछि वैशाख १७ गते विद्यार्थीको जुलुसमा हस्तक्षेप गऱ्यो । केही क्षण प्रहरीसँग भिडन्त गरेपछि विद्यार्थीहरू भरतचोकबाट पूर्वतर्फ बढेर त्यहाँ रहेको जिल्ला पंचायत भवनभित्र पसेर तोडफोड गर्नुका साथै त्यहाँका कागजपत्रहरू झिकेर आगो लगाइदिए ।[८५३] रिसाएको प्रहरीले भिडतर्फ ६ राउण्ड गोली चलाउने, त्यहाँ उपस्थित व्यापारी समूहमाथि लाठि चार्ज गर्ने, जवर्जस्ती पसल खोल्न लगाउने, मालसामान सित्तैमा लाने, विरोध गर्नेलाई कुटने र कैयौं विद्यार्थी एवं व्यापारिहरूलाई गिरफ्तार गर्ने कार्य गऱ्यो ।[८५४]

जनताको ज्यूधनको रक्षा गर्ने दायित्व बोकेको प्रहरीबाट प्रशासकका इशारामा गरिएका यस्ता कार्यले गर्दा विद्यार्थी मात्र नभएर कलैयाको जनमानस नै असन्तुष्ट हुन पुग्यो । तसर्थ उनीहरू एकजुट भएर कलैयामा मद्दतका लागि वीरगंजबाट प्रहरी आउनै नसक्ने अवस्था सिर्जना गर्ने निश्चयसहित वीरगंज एवं कलैयालाई जोडने एकमात्र सडकमा रहेको वंगरी

---

८४९ अमरनाथ श्रेष्ठ, "वारा जिल्लाको प्रजातान्त्रिक योद्धाहरूको विवरण", अप्रकाशित लघुअनुसन्धान पत्र, काठमाडौं : विश्वविद्यालय अनुदान आयोगको सचिवालय, २०५६, पृ. २० ।

८५० संघर्ष समिति..., टिप्पणी संख्या ७०, पृ. १ ।

८५१ श्रेष्ठ, टिप्पणी संख्या ८५, पृ. २० ।

८५२ (क) *राष्ट्र पुकार*, टिप्पणी संख्या ८२ ।
(ख) शोभाखर पराजुली, टिप्पणी संख्या ७७ (ख) ।

८५३ श्रेष्ठ, टिप्पणी संख्या ८५, पृ. २० ।

८५४ (क) शोभाखर पराजुली, टिप्पणी संख्या ७७ (ख) ।
(ख) संघर्ष समिति..., टिप्पणी संख्या ७०, पृ. १ ।

नदीस्थित काठेपुलमा वैशाख १९ गते मट्टितेल खनाएर आगो जलाइदिए ।[८५५] प्रदर्शनकारीहरूले यसै दिन कलैयास्थित साझा संस्था पनि आगो लगाएर ध्वस्त पारे । यसप्रकार शान्तिपूर्ण जुलुसमाथि गरिएको प्रशासनिक दमनले गर्दा उत्तेजित हुन पुगेको कलैयाको स्थिति झन उग्रहुँदै जिल्ला व्यापी आन्दोलनका रूपमा फैलियो । जसलाई राजनैतिक रूप दिने उद्देश्यले प्रशासनद्वारा ऋषिकेश गौतमलगायतका राजनैतिक कार्यकर्ताको घरमा तलाशि लिने, पक्रेर बिना पूर्जी थुन्नेलगायतका कार्य गर्दा पनि स्थिति शान्त हुन सकेन ।

**चितवन**

काठमाडौँ उपत्यकामा आन्दोलनकारी विद्यार्थीहरूमाथि प्रशासनिक दमन तिब्र भएपछि विद्यार्थीको प्रयास एवं ने.का. का स्थानीय नेताहरूको सहयोगबाट उपत्यका बाहिर फैलिन थालेपछि चितवनको भरतपुर क्याम्पस पनि जुर्मुरायो । राजधानीमा पार्टी एवं सङ्घर्ष समितिबीच सम्पर्क विन्दुका रूपमा काम गरिरहेका ने.वि. संघका विद्यार्थी गंगाधर लम्सालले आफ्नो जिल्ला चितवनमा पनि आन्दोलन गराउने विचार गरी १-२ जना अरू साथी लिएर चितवन आए ।[८५६] उनले नारायणगढ आउना साथ महेश्वरलाल श्रेष्ठलगायत ने.का. का मुख्य नेताहरूलाई भेटेर काठमाडौँको स्थिति बताएर आन्दोलन सुरु गर्ने बारे सल्लाह गरे । जसमा सामान्यतया कुरा मिलेपछि भरतपुर क्याम्पसका ने.वि. संघ समर्थक केही विद्यार्थीलाई भेटी आन्दोलन सुरु गर्ने सल्लाह दिए । उक्त सल्लाहअनुरूप वैशाख २ गते आपसमा सल्लाह गरेर विद्यार्थीहरूले वैशाख ३ गते भरतपुर क्याम्पसबाट जुलुस निकाल्नेलगायतको कार्यक्रम बनाए । त्यसका लागि रातभर खटेर तयारी गरेपछि वैशाख ३ गते भरतपुरस्थित वीरेन्द्र क्याम्पस प्राङ्गणमा भेला भएर विद्यार्थीहरूले आमसभा गरे । आमसभापछि नाराबाजिसहित बजार परिक्रमा गर्ने उद्देश्यले शान्तिपूर्ण जुलुस क्याम्पसबाट निस्किएर बजारतर्फ बढन थाल्यो ।[८५७] संगमचोकपछि पुतलीसडक पार गरेर जुलुस अगाडि बढ्यो तब अकस्मात आइपुगेका लाठि धारी प्रहरीहरूले बिना कुनै चेतावनी विद्यार्थीमाथि लाठि प्रहार गरेपछि प्रारम्भ भएको दोहोरो भिडन्तमा कतिपय विद्यार्थीलाई गिरफ्तार गर्नेलगायतका कार्य हुनपुग्यो ।[८५८]

शान्तिपूर्ण जुलुसमा आक्रमण गरिनाले आक्रोशित विद्यार्थीहरू त्यसपछि अस्पताल पुऱ्याइएका र पक्रिएका आफ्ना साथीहरूलाई भेटन जुलुसका रूपमा जिल्ला प्रहरी कार्यालय एवं भरतपुर अस्पताल पुग्दा भेटने अनुमती पाएनन् । जसबाट झन रिसाएर काठमाडौँबाट आएका साथीहरूसँग अब के गरौं भन्न पुगेपछि विद्यालयहरूमा हडताल सुरु गराउने भन्ने सल्लाह पाए

---

[८५५] (क) *पूर्ववत्,* (ख), पृ. २-३ ।
(ख) श्रेष्ठ, टिप्पणी संख्या ८५, पृ. २०-२१ ।

[८५६] गंगाधर लम्साल, टिप्पणी संख्या १० (ख) ।

[८५७] (क) महेश्वरलाल श्रेष्ठसँग २०६० असार २ गते नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) मुक्तिलाल चुकेसँग २०६० असार २ गते ने.का. कार्यालय नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[८५८] रोजेन्द्र रेग्मी, *नेपालको प्रजातान्त्रिक आन्दोलन र चितवन,* भरतपुर : किरण प्रकाशन, २०४८, पृ. २३ ।

।[८५९] आफ्ना अग्रजहरूको परामर्श मानेर चितवनका विद्यार्थीहरू सशक्त प्रदर्शनको योजना बनाएर तयारीतर्फ लागे । ने.का. का स्थानीय नेता, कार्यकर्ता, व्यापारी, प्राध्यापक, शिक्षक आदिले आर्थिक स्रोत जुटाएर प्रचार सामग्री बनाइदिनेदेखि आन्दोलन संचालन गर्दा अपनाउनु पर्ने सावधानी बारे जानकारी दिनेसम्मका काम गरे ।[८६०] क्याम्पसहरूमा कक्षा बहिस्कार, कोणसभाजस्ता कार्यक्रमलाई निरन्तरता दिएर विद्यार्थीहरू सशक्त विद्रोहको तयारमि लागेको कुराको सुइको पाउना साथ जिल्ला प्रशासनले एक्कासि सम्पूर्ण विद्यालयस्तरका शैक्षिक संस्थाहरू बन्द गरेको घोषणा गरेपछि चितवनका अभिभावकहरू समेत असन्तुष्ट भए ।[८६१] त्यो अवस्थामा प्राध्यापक, शिक्षक, चेतनशिल अभिभावक आदि मिलेर आन्दोलनलाई चितवन व्यापी रूप दिनका लागि प्रचार सामग्री बनाउनेतर्फ लागे । त्यसबखत प्रेशहरू सरकारी निगरानीमा भएकाले त्यस्ता सामग्री छाप्ने समस्या उत्पन्न भयो । जसलाई गंगाधर लम्सालले एउटा लिथो मेसिन ल्याइदिएर समाधान गरेपछि त्यसैबाट सामग्रीहरू छाप्ने काम गरियो ।[८६२] सामग्रीहरू यसरी छापिएपछि जिल्ला व्यापी रूपमा पुऱ्याएर विद्यालयस्तरसम्मका विद्यार्थीहरूलाई सडकमा उतारिएपछि विभिन्न ठाउँमा आमसभा, नारा, जुलुस आदि हुनथाले । जसमा अभिभावकलगायतको जनसहभागिता बढन थाल्यो । आफ्ना विरुद्ध जिल्लामा यस्ता गतिविधि बढेपछि आत्तिएको प्रशासनको इशारामा सकेसम्म प्रहरी हस्तक्षेप गरिए तापनि खास अप्रिय घटना भने हुन पाएन ।

चितवनमा जिल्लाभरि नै आन्दोलन फैलिएपछि चितवन ने.का. का नेताहरूले प्रमुख विद्यार्थी नेताहरूलाई जिल्लास्तरीय आमसभा आयोजना गर्न सल्लाह दिए ।[८६३] आफ्नो चाहनाअनुरूपको सल्लाह पाएपछि विद्यार्थीहरूबाट २०३६ वैशाख २५ गतेका दिन भरतपुरमा भेला आयोजना गरिएपछि जिल्लाभरिबाट विद्यार्थीहरूका अलावा किसान, अभिभावक, बुद्धिजीवी, मजदुर आदिको व्यापक उपस्थितिमा आमसभा सम्पन्न गरियो ।[८६४] जसमा सम्बोधन गर्न काठमाडौँबाट पनि विद्यार्थी नेताहरू आएका थिए । बिना अवरोध आमसभा सम्पन्न गरेपछि उत्साहित जनसमूह नारावाजि गर्दै जुलुसका रूपमा निस्केर नारायणगढ बजार परिक्रमा गरी भरतपुरतर्फ लाग्यो । उक्त जुलुस भरतपुरस्थित चौबिसकोठी चौकनेर पुग्नासाथ प्रहरीले ३ सेल अश्रुग्यास फाल्ने, लाठि चार्ज गर्ने कार्यसँगै गोलीसमेत चलाएपछि भागाभाग गरेका

---

[८५९] गंगाधर लम्साल, टिप्पणी संख्या १० (ख) ।

[८६०] (क) कृष्णलाल सापकोटासँग २०६० असार २ गते ने.का. कार्यालय नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) महेश्वरलाल श्रेष्ठ र मुक्तिलाल चुकेसँगका अन्तर्वार्ताहरू ।

[८६१] *पूर्ववत्* ।

[८६२] गंगाधर लम्साल र मुक्तिलाल चुकेसँगका अन्तर्वार्ताहरू ।

[८६३] *पूर्ववत्* ।

[८६४] (क) रेग्मी, टिप्पणी संख्या ९४, पृ. २५ ।
(ख) *चेतना साप्ताहिक*, २०३६ साल जेठ ४ गते ।
(ग) मुक्तिलाल चुके र कृष्णलाल सापकोटासँगका अन्तर्वार्ताहरू ।

प्रदर्शनकारीमाथि पुनः गोली प्रहार गरियो ।[८६५] प्रहरीको गोलीबाट मंगलपुरका होमबहादुर भण्डारी र काक्रा-तरबुजा आदि बेचेर जिविका चलाउने छविलालको तत्काल मृत्यु भयो भने कैयौं व्यक्तिहरू घाइते भएका थिए ।[८६६] चितवन प्रशासनले उक्त घटनामा कैयौं व्यक्तिहरूलाई पक्रेर वेपत्ता पार्ने कार्य गर्नुका साथै मालपोत कार्यालय लुटन आएको भिडमाथि नियन्त्रण कायम गर्न गोली चलाउनु परेको हास्यास्पद तर्कसमेत दिएको थियो ।[८६७] यस घटनापछि आत्तिएको चितवन प्रशासनले सहरी क्षेत्रभित्र सभा जुलुस गर्न नपाइने सूचना टाँसेर कर्फ्यू आदेश जारी गऱ्यो । फलस्वरूप १ हप्ताभन्दा बढी बजार बन्द भयो भने आमनागरिकमा उब्जेको विद्रोहको आगो जिल्लाका ग्रामिण क्षेत्रमा पनि बल्न थालेपछि किसान आन्दोलनका रूपमा विष्फोटन हुने स्थिति देखापऱ्यो ।

देशव्यापी रूपमा देखापरेका यसप्रकारका घटनाहरू बाहेक भैरहवा, वुटवल, पाल्पा, स्याङजालगायतका विभिन्न भागहरूमा विद्यार्थी आन्दोलनको ज्वाला दन्कियो । भैरहवामा भएको जुलुस प्रदर्शनमा मण्डले एवं प्रहरीहरूद्वारा लाठि प्रहार गरिनुका साथै निलाम्बर पन्थी, गोपालमान श्रेष्ठ, कर्णबहादुर पुन आदि ने.का. का नेताहरू गिरफ्तार गरिए ।[८६८] त्यस्तै पाल्पामा विद्यार्थी आन्दोलन चर्किन थालेपछि भैरहवाबाट पुगेका मण्डलेहरूले क्याम्पसभित्र पसेर धम्काउन थालेपछि सबै विद्यार्थी एकजुट भएर प्रतिकारमा उत्रिइ मण्डलेहरूलाई भाग्न बाध्य गराए ।[८६९] छिटफुट भिडन्तका यस्ता घटनाहरू देशव्यापी रूपमा घटदै गएपछि सर्वसाधारण पनि आन्दोलनमा उत्रने स्थिति सिर्जना भयो । फलस्वरूप देशभित्र जटिल एवं विष्फोटक परिस्थिति निर्माण भयो ।

## ४.६ विद्यार्थी आन्दोलनका असरहरू

पंचायती व्यवस्थाभित्र हावी हुँदै स्वार्थ लुटिरहेका वर्गहरूको चाहना विपरित ने.का. को मेलमिलाप नीतिप्रति राजाको सदासयता देखिन थालेपछि असन्तुष्ट भएको यो वर्ग प्रत्यक्षतया विरोधमा उत्रन नसके पनि अप्रत्यक्ष रूपमा उग्र क्रियाकलाप प्रदर्शन गरी राजालाई दवाव दिनेतर्फ सक्रिय थियो । त्यसबाट खास प्रभाव नपरेपछि विष्ट मन्त्रिमण्डललाई अप्ठयारो स्थितिमा पुऱ्याइ असफल पार्ने उपाय खोजेकै बेला विद्यार्थी आन्दोलन प्रारम्भ भयो । जसलाई आफ्नो उद्देश्य पूरा गराउने माध्यम बनाउने निश्चयसँगै यो वर्गले आफूले लामो समय लगाएर

---

[८६५] (क) *पूर्ववत्* (क) र (ख) ।
(ख) राना, टिप्पणी संख्या २, पृ. ४७२ ।
(ग) आचार्य, टिप्पणी संख्या ४३ (क), पृ. ७-८ ।

[८६६] कृष्णलाल सापकोटा, महेश्वरलाल श्रेष्ठ र मुक्तिलाल चुकेसँगका अन्तर्वार्ताहरू ।

[८६७] (क) *चेतना,* टिप्पणी संख्या १०० (ख) ।
(ख) *राष्ट्र पुकार,* टिप्पणी संख्या ८२ (क) ।

[८६८] *पूर्ववत्* ।

[८६९] राजन पन्तसँग २०५८ साउन २४ गते पाल्पा तानसेनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

बनाएको पंचायती प्रशासनलाई प्रयोग गर्नेतर्फ लाग्यो । फलस्वरूप प्रशासनिक निकायहरूलाई तिब्र दमन गर्ने आदेश दिइयो । जसलाई प्रशासकहरूले तामेली गरेपछि देशका विभिन्न भागमा डरलाग्दा घटना घटन पुगे ।

प्रारम्भसँगै देशको ठूलो राजनैतिक समूहबाट बहिस्कृत पंचायती व्यवस्था, सेना, प्रहरी आदिको सहयोग एवं राजाको नामबाट चलेको कुरामा कुनै शंका गर्न सकिदैन । राजसंस्थालाई भगवान विष्णुको अंश ठान्ने नेपाली धर्मभिरु समाजले २०१७ को शाही कदमलाई पनि भगवानको चाहना सम्झेर स्वीकार गरेको थियो । तर जब २०२८ सालपछि पंचायती व्यवस्थाको संचालनका लागि गाऊँ फर्कको गर्भाधान गराइ २०३२ सालको संशोधनपछि संवैधानिक अंगका रूपमा स्थापित गरियो तब यसले जनताको मताधिकारलाई पनि समाप्त गऱ्यो । जनतामा यसबाट नकारात्मक सोच विकशित हुन थालेकै बेला मेलमिलाप नीति लिएर आएका ने.का. का वी.पी. लगायतका नेताहरूप्रति यथास्थितिवादीहरूबाट जुन व्यवहार गरियो त्यसले आक्रोशलाई बढाइदियो । त्यो स्थितिमा प्रारम्भ भएको विद्यार्थी आन्दोलनमा सरकारले झन तिब्र दमन गरेपछि जनस्तरमा व्यवस्थाप्रति नै मोहभंग हुने अवस्था सिर्जना भयो । परिणामस्वरूप हरेक वर्ग र तप्काका मानिसहरू विद्यार्थी आन्दोलनको समर्थनमा सडकमा उत्रन थाले । त्यो स्थितिमा यथास्थितिवादीहरू समक्ष आफूले खनेको खाल्डोमा आफै फस्नुपर्ने परिवेश सिर्जना भयो । जसलाई चाहेर पनि उनीहरूले रोक्न नसकेपछि आन्दोलन देशव्यापी रूपमा फैलिएर जनआन्दोलनका रूपमा विष्फोटन हुने संभावना देखापऱ्यो ।

राज्यमा अमनचयन कायम गरी जनतालाई शान्ति पूर्वक बाँच्ने स्थिति सिर्जना गर्ने दायित्व बोकेको सरकार आफै अराजकता निम्त्याउनेतर्फ लागेपछि देशका चेतनशिल वर्गले अगाडि बढने निश्चय गरे । जसअनुरूप त्रिभुवन विश्वविद्यालयका प्रजातन्त्रवादी प्राध्यापकहरूको अग्रसरतामा बुद्धिजीवी, पत्रकार, नागरिक समाज लगायतको एक समूहले विद्यार्थीका उचित मागलाई वेवास्ता गरी दमनका भरमा राज्य चलाउँछु भन्नु उचित नहुने जनाउँदै यथोचित मागबारे अध्ययन गरी राजनैतिक संकट समाधानका लागि श्री ५ लाई अनुरोध गरेर विन्ति चढाए ।[८७०] संभवतः यथास्थितिवादीहरूका क्रियाकलापबारे जानकारी पाइसकेका राजाले राज्यको प्रवुद्ध वर्गको अग्रसरतामा आएको विन्ति पत्र एवं त्यसमा उठाइएको विषयवस्तुलाई नजरअन्दाज गर्न सकेनन् । यसबाहेक राजा तत्कालीन सरकारबाट विद्यार्थी आन्दोलनले उब्जाएको समस्या समाधान हुन नसक्ने कुरामा पनि विस्वस्त भएको हुन सक्दछ । तसर्थ उनले आफ्ना विस्वासि व्यक्तिहरूलाई बोलाएर सरसल्लाह लगायतका कार्य गर्न थाले ।

यसप्रकार राजा अगाडि बढेर समस्या समाधानका उपाय खोज्न थालेकै बेला हेटौडा, कलैयालगायतका ठाउँमा भएको प्रशासनिक दमनले गर्दा एकातिर विद्यार्थी आन्दोलनले

---

[८७०] वासुदेवचन्द्र मल्लसँग २०४७ फाल्गुणमा त्रि.वि. उपकुलपतिको कार्यालयमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

जनआन्दोलनको रूप लिने संभावना देखियो भने अर्कोतिर विश्व समुदायद्वारा पंचायती दमनबारे तिखा टिका टिप्पणी गर्न थालियो । त्यो स्थितिमा पनि आफ्नो नीतिको मूल्याङ्कन गर्नुको सट्टा झन कडा रूपमा प्रस्तुत हुने सोचअनुरूप बढेको सरकारले विद्यार्थी आन्दोलनलाई राजनैतिक रूप दिनका लागि वी.पी. लगायतका विभिन्न राजनेतालाई घरमै नजरबन्द गर्नेदेखि पक्रेर जेलचलान गर्नेसम्मका कार्य गर्न थाल्यो ।[८७१]

विद्यार्थी आन्दोलनप्रतिको दमनसँगै राजनेताहरूको गिरफ्तारी पनि गरिएपछि अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि विरोधका आवाज आउन थाले । सदाझैं जयप्रकाश नारायणलगायत भारतका विभिन्न नेताहरूले वी.पी. लगायतका राजनेताहरूको गिरफ्तारीलाई कडा शब्दमा निन्दा गर्दै अविलम्ब रिहाइका लागि अपिल गरे ।[८७२] जसलाई नेपालका सत्ताधारी एवं यथास्थितिवादीहरूले आत्मसात गर्नुको सट्टा आन्तरिक मामिलामा गरेको भारतीय हस्तक्षेपको संज्ञा दिएर आलोचना गर्न थालेपछि स्थिति झन विग्रन थाल्यो ।

आफूले नेतृत्व गरेको व्यवस्था संचालनार्थ विश्वास गरी जिम्मा दिएका व्यक्तिहरूबाट गरिएका कार्य एवं त्यसबाट उत्पन्न परिस्थितिको विश्लेषण गरेर आफू अगाडि नबढेमा स्थिति झन विग्रने निश्चयमा पुगेका राजाले २०३६ साल वैशाख १९ गते अकस्मात एक शाही आयोगको गठन गरे । विद्यार्थी आन्दोलन सरकारको नियन्त्रणभन्दा बाहिर गएको कुरामा विश्वस्त भएका राजाबाट सर्वोच्च अदालतका न्यायाधिश धनेन्द्रबहादुर सिंहको अध्यक्षतामा राष्ट्रिय पंचायतका उपाध्यक्ष लोकेन्द्रबहादुर चन्द, त्रिभुवन विश्वविद्यालयका भूतपूर्व उपकुलपति सूर्यबहादुर शाक्यसहितको ५ सदस्यीय आयोग गठन गरिएको थियो ।[८७३] जसलाई विद्यार्थी हडतालको प्रकृति, प्रक्रिया र त्यस सिलसिलामा विभिन्न ठाउँमा घटेका घटनाहरूको निष्पक्ष जाँच गरी समाधानका लागि सुझावसहित प्रतिवेदन चढाउने जिम्मा दिइएको थियो ।[८७४] यसबाहेक फौजदारी मुद्दामा नपरेका बन्दी विद्यार्थीलाई रिहा गराउने, पठनपाठन सुचारु गर्नका

---

[८७१] (क) कुमार, टिप्पणी संख्या १९, पृ. २४-२५ ।
(ख) आचार्य, टिप्पणी संख्या ४३ (क), पृ. १० ।
(ग) शाह, टिप्पणी संख्या ४१, पृ. ४९ ।
(घ) काशिप्रसाद श्रीवास्तव, *नेपालका इतिहास,* दिल्ली : आत्माराम एण्ड सन्स, १९८६, पृ. १५५ ।

[८७२] (क) *पूर्ववत्* (क), पृ. २५-२७ ।
(ख) *पूर्ववत्* (ख), पृ. ३२-३३ ।

[८७३] (क) लोकेन्द्रबहादुर चन्दसँग २०६१ चैत्र २ गते लोकन्थली, भक्तपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) *चेतना साप्ताहिक,* २०३६ वैशाख २१ गते ।

[८७४] (क) बद्रीनारायण गौतम, *नेपाली कांग्रेस र संघर्षका दश वर्ष (२०३६-२०४६),* अप्रकाशित शोधपत्र, कीर्तिपुर : इतिहास केन्द्रीय शिक्षण विभाग, पृ. ८४ ।
(ख) राजेश गौतम, *नेपालको संवैधानिक इतिहास र राजनीति,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०५४, पृ. १५९-१६० ।
(ग) लोकराज बराल, *नेपाल्स पोलिटिक्स अफ रेफरेण्डम अ स्टडि अफ ग्रुप पर्सनालिटिज एण्ड ट्रेण्डस,* न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, १९८३, पृ. ६१ ।
(घ) देवकोटा, टिप्पणी संख्या २०, पृ. २७ ।
(ङ) शाह, टिप्पणी संख्या ४१, पृ. ५० ।

लागि शैक्षिक संस्था खोल्ने वातावरण मिलाउने र यथोचित माग पूरा गराउने अधिकार पनि आयोगले पाएको थियो ।[८७५]

दमनका भरमा आन्दोलन सिध्याउने सरकारी नीति विपरित राजाबाट आयोगको गठन गरिनु विद्यार्थी आन्दोलनले प्राप्त गरेको प्रमुख उपलब्धि थियो । आयोगले पनि दायित्व पूरा गर्ने क्रममा जनसमर्थन प्राप्त गर्नेतर्फ केन्द्रित भएर विद्यार्थीको समर्थन एवं सहानुभूति प्राप्त गरी विभिन्न क्षेत्रबाट सुझाव संकलन गर्ने सोच बनाउन थाल्यो । राजाबाट प्राप्त अधिकारका आधारमा आयोगले पहिलो बैठकबाट नै गिरफ्तार भएका विद्यार्थी नेताहरूमध्ये बलाबहादुर के.सी., शरणविक्रम मल्ल र कैलाश कार्कीजस्ता केन्द्रीय सङ्घर्ष समितिका महत्त्वपूर्ण नेतालगायत विद्यार्थीहरूलाई रिहा गर्ने निर्णय गऱ्यो ।[८७६] फलस्वरूप २०३६ साल वैशाख २० गते देशका विभिन्न भागबाट धेरै विद्यार्थीहरू रिहा गरिए । त्यसपछि राष्ट्रिय सभा गृहमा आफ्नो कार्यालय राखेर आन्दोलन समाप्त गर्ने उपाय खोज्न राज्यका अभिभावक, विद्यार्थी, राजनेता आदिसँग सुझाव संकलन गर्ने कार्य प्रारम्भ भयो ।

सङ्घर्ष समितिका प्रमुख नेताहरूको मुक्तिलगायतका कार्यसँगै शाही आयोगको सक्रियता बढेपछि आन्दोलनले उपलब्धि प्राप्त गर्ने सुनिश्चित जस्तो देखियो । त्यो अवस्थामा पहिला आन्दोलनभन्दा बाहिर रहेर विरोध गर्ने र राजनीति प्रेरित आन्दोलनभन्दै भाडन खोजने नेकपा (माले) एवं (मसाल) समर्थक अखिल समूह पनि अगाडि बढेर चर्का कुरा गर्ने, सभा आयोजना गरी उग्र भाषण गर्ने गर्न थाल्यो । ने.वि. संघ भित्रकै, काठमाडौं भित्रका विद्यार्थीहरू पनि अगाडि बढेर गुटबन्दी गर्दै सङ्घर्ष समितिको नेतृत्व पंक्तिमा आफ्नो स्थान खोज्न थाले । त्यो स्थितिमा केन्द्रीय सङ्घर्ष समितिसमक्ष आन्दोलनलाई व्यवस्थित बनाएर अगाडि बढाउनु पर्ने आवश्यकता स्पष्ट भयो । पटक-पटक अवसरवादी तत्त्वहरूलाई चिन्न नसक्दा धोखा पाउनु परेको अनुभवलाई समेत मध्यनजर गरी यसपटक अत्यन्त विचार पुऱ्याएर काम गर्ने सम्बन्धमा प्रमुख तीनजना विद्यार्थी नेताहरूले बैठक गरी स्थलगत अध्ययनका लागि देशव्यापी रूपमा टोली पठाएर तथ्य संकलन गर्ने, आन्दोलन आचारसंहिता बनाउने एवं देशव्यापी अपिल जारी गर्ने निर्णय गरे ।[८७७]

निर्णयलाई व्यवहारिक रूप दिने क्रममा सर्वप्रथम आन्दोलनका क्रममा देशव्यापी रूपमा विद्यार्थीहरूले उठाएका समस्या र प्रशासनिक दमनबाट उत्पन्न परिस्थितिलगायत विविध पक्षबारे स्थलगत अध्ययन गरी प्रतिवेदन दिन ३ वटा टोली गठन गरी पूर्व-पश्चिम र मध्य

---

[८७५] (क) लोकन्द्रबहादुर चन्द, टिप्पणी संख्या १०९ (क) ।
(ख) *पूर्ववत्* (ख) ।
(ग) *चेतना साप्ताहिक,* टिप्पणी संख्या १०९ (ख) ।

[८७६] *पूर्ववत्* (क) ।

[८७७] कैलाश कार्की र गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

भागमा पठाइयो ।[८७८] त्यसपछि केन्द्रीय सङ्घर्ष समितिको निर्णय विरुद्ध कसैले पनि कुनै विद्यार्थी सभा, जमघट, जुलुस बोलाउन नपाउने, कुनै पनि सभा-जमघटमा बोल्ने वक्ता केन्द्रीय समितिले निर्णय गर्ने, जुलुसमा लगाइने नाराहरूको निर्धारण पनि समितिले गर्ने र सरकारसँग विद्यार्थी आन्दोलन सम्बन्धमा कसैले कुनै प्रकारको वार्ता गर्न नपाउने नियम बनाइ जारी गरियो ।[८७९] यसबाहेक एक अपिल जारी गरेर स्थलगत अध्ययनका लागि पठाइएको टोलीलाई सहयोग गर्न आह्वान गर्दै बन्दी विद्यार्थीमाथि फौजदारी मुद्दा नचलाइ अविलम्ब रिहाइ गरिनुपर्ने, राजनैतिक अभिभावक एवं नेता आदिको रिहाइ, विद्यार्थी हत्याराहरूको पद खारेजीलगायतका मागहरू देशव्यापी रूपमा लेखेर टास्ने र विद्यार्थी हराएको घाइते भई लुकेको खबर एवं आन्दोलन बारे प्रस्ताव सल्लाह दिन अनुरोध गरियो ।[८८०]

नीति नियम बनाएर आन्दोलनलाई व्यवस्थित गर्ने क्रमसँगै सङ्घर्ष समितिले वार्ताका लागि दवाव सिर्जना गर्नका लागि आफ्नो प्रत्यक्ष नियन्त्रण एवं निर्देशनमा सभा जुलुस गराउने र अनौपचारिक रूपमा शाही आयोगका पदाधिकारीहरूसँग सम्पर्क राखेर माग पूरा गराउने वातावरण निर्माणतर्फ लाग्यो । फलस्वरूप काठमाडौं उपत्यकालगायत देशका विभिन्न ठाउँमा विशाल आमसभा एवं जन प्रदर्शनहरू सम्पन्न गरिए । देशव्यापी रूपमा आयोजित यस्ता जनसभाहरूमा सङ्घर्ष समितिका सदस्यहरू एवं निजबाट खटाइएका विद्यार्थी नेताहरूले सम्बोधन गरी माग पूरा नहुँदासम्म आन्दोलन नरोकिने दृढता व्यक्त गरी मनोबल बढाउने एवं दवाव सिर्जना गर्ने काम गरे ।[८८१] यसप्रकारका दवाव मुलुक कार्यसँगै २०३६ साल वैशाख ३० गते सङ्घर्ष समितिका मुख्य तीनजना नेताहरू के.सी., मल्ल र कार्की आयोगसमक्ष पुगेर हामी साधारण विद्यार्थीका नाताले हाम्रा माग पूरा गर्नेतर्फ आयोगको धारणा एवं शक्ति के कति छ ? बुझ्न आएका हौं भन्दा तीनैजनाको वास्तविकता थाहा भएको जनाउँदै आयोगले माग पूरा गर्ने प्रतिवद्धता एवं शक्ति दुवै भएको स्पष्ट गऱ्यो ।[८८२] यसप्रकार आयोगको धारणा बुझेपछि विद्यार्थी नेताहरू अगाडिका कदमबारे विचार विमर्श गर्नतर्फ लागे ।

राजाबाट आयोग गठन गरी समस्या समाधान गर्ने जिम्मा दिएपछि र आयोगले वातावरण निर्माणको प्रयास थालेपछि पनि राजधानी बाहिर स्थानीय प्रशासनद्वारा बर्बर आक्रमण एवं दमनका घटनाहरूमा कुनै कमि आएको थिएन । जसबारे सरकार एवं प्रशासनिक निकायहरूलाई चुनौती दिने उद्देश्यले वैशाख ३१ गतेका दिन काठमाडौंस्थित सानो गौचरणमा आमसभाको आयोजना गरिएको थियो । त्यो स्थितिमा शाही आयोगसँगको अनौपचारिक छलफलबाट धारणा बुझेपछि सङ्घर्ष समितिले सानो गौचरणमा भोलिपल्ट हुने आमसभामा

---

[८७८] राना, टिप्पणी संख्या २, पृ. ४७४ ।

[८७९] “केन्द्रीय विद्यार्थी संघर्ष समितिले निर्धारित गरेका नियमहरू” शीर्षकमा लिथो गरिएको पर्चा, मिति नभएको ।

[८८०] “केन्द्रीय विद्यार्थी संघर्ष समितिको अपिल”, शीर्षकमा लिथो गरिएको पर्चा, मिति नभएको ।

[८८१] कैलाश कार्की, नरहरी आचार्य, ब्रतराज आचार्य, मनमोहन भट्टराई, गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

[८८२] लोकेन्द्रबहादुर चन्द र कैलाश कार्कीसँगका अन्तर्वार्ताहरू ।

वृहद उपस्थिति गराएर आफ्ना धारणा स्पष्ट गरी विशाल जनप्रदर्शन गर्ने निधो गऱ्यो । जसका लागि तुरुन्त एक अपिल प्रकाशित गरी उपस्थितिका लागि अनुरोध गर्ने निश्चय गरेर लिथोद्वारा अपिल निकाली क्याम्पस-क्याम्पस पुऱ्याइयो । जसमा विद्यार्थी आन्दोलनको औचित्य स्पष्ट गर्दै सरकारद्वारा देशव्यापी रूपमा गरिएका दमन एवं धरपकडबाट उत्पन्न परिस्थितिको तिव्र निन्दासँगै बाँकी पूर्वाधार एवं मागहरू पूरा भई समस्याको समाधान नहुँदासम्म सङ्घर्ष अटुट रूपले जारी रहने प्रतिवद्धता जनाउँदै वैशाख ३१ गते सानो गौचरणमा आयोजित सभा सफल पार्न अनुरोध गरिएको थियो ।[८८३]

२०३६ साल वैशाख ३१ गते केन्द्रीय सङ्घर्ष समितिको आयोजनामा भएको उक्त आमसभामा उत्तेजक भाषणद्वारा चुनौती दिएपछि विशाल जुलुसको आयोजना गरियो । करिब तीन हजार विद्यार्थी सम्मलित उक्त जुलुसले दवाव एवं चुनौती मुलुक नारावाजी गर्दै सहरका विभिन्न भागको परिक्रमा गरेर सभागृहस्थित आयोगको कार्यालय पुगि आफ्ना माग पूरा गर्नका लागि पाँचवटा पूर्वशर्त उल्लेखित प्रतिवेदन बुझायो ।[८८४] सङ्घर्ष समितिद्वारा बुझाइएको उक्त प्रवेदनमा विद्यार्थी आन्दोलनको उठानदेखिको सरकारी व्यवहार एवं त्यसको परिणतीबारे स्पष्ट गरिएको छ । जसमा सरकारी दमनका कारणले विद्यार्थी आन्दोलन प्रारम्भ भएपछि पनि सरकार दमनात्मक नीतिमा कायमै रहेकाले विद्यार्थीहरू मुकाबिला गर्न बाध्य भएको स्पष्ट गरी हाल श्री ५ बाट गठित यस आयोगले सरकारी दमन एवं हिंशाको कतिसम्म निष्पक्ष अध्ययन गरी कार्वाही गर्न सक्छ त्यसबाट उपयोगिता मापन गर्न सकिने जनाउँदै सरकारी दमनबाट देशमा उत्पन्न परिवेशलगायतका विषयमा कतिपय गम्भिर प्रश्न उठाइएको छ ।[८८५] यसैगरी शाही आयोग विद्यार्थीसँग वार्ता गर्न इच्छुक हुँदाहुँदै पनि सरकार दमनात्मक मार्गमा बढी विद्यार्थीहरूमाथि हिंशा थोपर्ने प्रयासमा लागेको उल्लेख गर्दै आफूहरू उपयुक्त परिस्थितिमा सम्झौताका लागि सदैव तत्पर रहेर त्यसका लागि पूर्वावस्थाहरूको निर्वाह चाहेको हुँदा आजसम्म भएका घटनाहरूको सहि अध्ययन हुनसकोस् र मूल रूपमा समस्या समाधानार्थ एउटा दिशा प्राप्त होस् भनी सम्मानित आयोगसमक्ष निम्नलिखित पूर्वाधारहरू प्रस्तुत गर्न चाहन्छौं भनिएको छ ।[८८६]

त्यसबखत विद्यार्थीहरूद्वारा अगाडि सारिएका पूर्वाधारहरूमा आन्दोलनको सिलसिलामा गिरफ्तार सम्पूर्ण विद्यार्थीहरू लगायत अन्य व्यक्तिलाई फौजदारी मुद्दा नचलाइयोस्, सरकार तथा प्रशासनको आडमा हुने गुण्डागर्दी तथा सरकारबाटै संचालित हिंसा तुरुन्त बन्द गरियोस्,

---

[८८३] विस्तृतका लागि “केन्द्रीय संघर्ष समितिको अपिल” शीर्षकमा केन्द्रीय संघर्ष समितिद्वारा जारी टाइप पर्चा, जुन स्टेनशिल तयार गर्दाको कपिमा छ, कुनै मिति छैन ।

[८८४] (क) आचार्य, टिप्पणी संख्या ४३ (क), पृ. ५१-५२ ।
(ख) देवकोटा, टिप्पणी संख्या २०, पृ. ३९ ।

[८८५] विस्तृतिका लागि “शाही आयोगसमक्ष संघर्ष समितिको प्रतिवेदन” शीर्षकमा तयार गरिएको प्रतिवेदनको प्रथम खेस्रा, जसमा प्रशस्त केरमेट हुनुका साथै कुनै मिति एवं हस्ताक्षर छैन, हेर्नुहोस् परिशिष्ट ७ ।

[८८६] *पूर्ववत्* ।

गत वैशाख १० गते अस्कल छात्रावासमा भएको घटनाको आवश्यकता पुष्टि गरी छात्रावासमा बसिरहेका प्रत्येक विद्यार्थी हाल कहाँ छन् यथार्थ विवरण जनसमक्ष ल्याइयोस्, यस आन्दोलनमा देशभरिबाट गिरफ्तार सम्पूर्ण बन्दीहरूको रिहाइ होस् र विद्यार्थीका जायज मागहरूको समर्थनमा निस्केका अभिभावक, किसान एवं मजदुरहरूको कुनै पनि जुलुस प्रदर्शनमाथिको दमनात्मक नीति बन्द गरियोस् आदि उल्लेख थिए ।[८८७] सङ्घर्ष समितिले यसप्रकार लामो पूर्वाधारसहितको प्रतिवेदन प्रस्तुत गर्नाका साथै आयोगसमक्ष विधिवत रूपमा आफ्ना मागहरू दर्ता गराउने कार्य पनि यसै दिन गरेको थियो ।

यसप्रकार शाही आयोग एवं केन्द्रीय सङ्घर्ष समितिबीच सम्झौताको टेबुलमा बस्ने वातावरण निर्माणका लागि विधिवत प्रयास प्रारम्भ गरियो । अभिभावक, बुद्धिजीवीलगायत सम्झौता चाहनेहरू यसबाट आशावादी भएको अवस्थामा प्रशासनिक इशारामा अकस्मात त्रि.वि. बाट सम्झौता विरोधी चरित्र स्पष्ट गर्ने कार्य गरियो । विद्यार्थीहरूले आयोगसमक्ष माग पत्र दर्तालगायतका कार्य गरेकै दिन अर्थात वैशाख ३१ गते अकस्मात त्रि.वि. ले एक विज्ञप्ति जारी गऱ्यो । जसमा क्याम्पस तहमा विद्यार्थी यूनियन गठन गर्ने, प्रवेश परीक्षाको व्यवस्था खारेज गर्ने, कम्प्रिहेन्सिभ परीक्षा खारेज गर्ने, छात्रवृत्तिको रकम बढाइ रू. १५०/- बाट रू. २००/- (मासिक) गर्ने निर्णय गरिएको उल्लेख थियो ।[८८८] त्यसको भोलिपल्ट अर्थात जेठ १ गते पुनः एक विज्ञप्तिद्वारा त्रि.वि. ले विद्यार्थीका मागहरू पूरा गरिसकिएको जनाउँदै काठमाडौं उपत्यकाभित्रका सबै क्याम्पसहरू जेठ ८ गतेबाट खुल्ने जानकारी दियो ।[८८९]

त्रि.वि. बाट प्रेसित यस्तो समाचारबाट आन्दोलनरत विद्यार्थी एवं शाही आयोग दुवै आश्चर्यचकित भए । किनकी त्यसक्रममा त्रि.वि. र विद्यार्थी सङ्घर्ष समितिबीच कुनै सम्वादसम्म पनि भएको थिएन भने अर्कातिर राजाद्वारा विद्यार्थी आन्दोलनबाट उत्पन्न समस्या समाधान गर्नकै लागि गठन गरिएको र त्यसतर्फ सक्रिय रहेको आयोगलाई पनि यसबारे केही थाहा थिएन ।[८९०] त्यो स्थितिमा सङ्घर्ष समितिका प्रमुख नेताहरूले सरकारी षड्यन्त्र स्पष्टसँग महसुस गरी अगाडि बढ्नु पर्ने आवश्यकता देखे । तसर्थ तीनै जना नेताहरूले जेठ २ गते अकस्मात बैठक गरी त्रि.वि. द्वारा फैलाइएको भ्रमपूर्ण समाचारको तुरुन्त खण्डन गर्ने निश्चयसँगै जेठ ३ गते हतारमा एक संयुक्त वक्तव्य जारी गरे । तीनै जना प्रमुख नेताहरूको हस्ताक्षरयुक्त उक्त हस्तलिखित पर्चामा- आफू कसैसँग कुनै चिजको भिक्षा माग्न नभएर आफ्ना हक प्राप्तिका लागि सङ्घर्षमा उत्रेको जनाउँदै हामीलाई निर्देशित र नियन्त्रित संगठन हैन,

---

[८८७] *पूर्ववत्* ।

[८८८] (क) राना, टिप्पणी संख्या २, पृ. ४७९ ।
(ख) देवकोटा, टिप्पणी संख्या २०, पृ. ३९-४० ।
(ग) *चेतना साप्ताहिक*, टिप्पणी संख्या १०० (ख) ।

[८८९] *पूर्ववत्* (क), पृ. ४८१ ।

[८९०] कैलाश कार्की र लोकन्द्रबहादुर चन्दसँगका अन्तर्वार्ताहरू ।

राष्ट्रियस्तरमा स्वतन्त्र विद्यार्थी संगठन चाहिन्छ, जबसम्म हाम्रा पूर्वाधार एवं मागहरू पूरा हुँदैनन् तबसम्म हाम्रो सङ्घर्ष अटुट रूपले जारी रहने छ भन्दै त्रि.वि. र सरकारले आयोगलाई उछिनेर आफ्नो हठधर्मिता प्रस्ट्याएको स्पष्ट गरिएको थियो ।[८९१]

संयुक्त वक्तव्य जारी गरेपछि त्यसै दिन सङ्घर्ष समितिले सरकार एवं त्रि.वि. को मिलिभगतमा विद्यार्थीहरूलाई छक्याउन गरेको चालबाजिको यथार्थ विवरण स्पष्ट गर्दै एउटा अपिल प्रकाशित गर्‍यो । जसमा- एकपक्षीय रूपमा माग पूरा गरिए भनी गरिएको प्रचारलाई शासकहरूको हठधर्मिता र घमण्डको छली-कपटिनीतिको नाङ्गो उपमाको संज्ञा दिएर अघिल्लो दिन पूरा गरिए भनेका मागलाई दोस्रो दिन अनेक नियम र विनियमले बाँधेर महत्त्वहिन तुल्याइएको तर्कसहित हाम्रो परिभाषाअनुसार प्रत्येक माग पूरा गरिनु पर्दछ भनिएको छ ।[८९२] यसैगरी सम्पूर्ण समस्या मूलदेखि अध्ययन गरी समाधान खोज्न गठित शाही आयोगलाई उछिने र अधिकारी वर्गले एकलौटी माग पूर्तिको घोषणा गर्नु धोखापूर्ण हो, शाही आयोगसमक्ष प्रस्तुत गरिसकिएका माग एवं पूर्वाधारहरू अविलम्ब पूर्ति हुने विश्वास लिएको उल्लेख गर्दै राज्य प्रशासनलाई चुनौतीसहित विद्यार्थी एकता खल्बल्याउन खोज्नेसँग सावधान रहन अपिल गरिएको थियो ।[८९३]

पंचायतका यथास्थितिवादीहरूको षड्यन्त्रअनुरूप विश्वविद्यालय प्रशासन एवं शिक्षा मन्त्रालयद्वारा विद्यार्थीमा भ्रम सिर्जना गरी आन्दोलन भडकाउन गरिएको षड्यन्त्रअनुरूपका अभिव्यक्तिको कडा शब्दमा निन्दा गरेपछि षड्यन्त्रकारी सरकार एवं त्रि.वि. प्रशासनलाई चुनौती दिनुपर्ने आवश्यकता देखियो । तसर्थ जेठ ४ गते भक्तपुरमा आयोजित आमसभामा सङ्घर्ष समितिका नेताहरू आक्रामक रूपमा प्रस्तुत भए । जहाँ सम्बोधनका क्रममा उनीहरूले सरकारी नीति एवं षड्यन्त्रको कडा शब्दमा निन्दा गर्दै जेठ ७ गतेभित्र विधिवत रूपमा केन्द्रीय सङ्घर्ष समितिले राखेका पूर्वाधार पूरा गरेर वार्ता गरी सम्पूर्ण माग पूरा नगरेमा जेठ ८ गते उत्पन्न हुने गम्भिर परिस्थितिको सम्पूर्ण जिम्मेवारी सरकारकै हुने चेतावनीसहित चुनौती दिए ।[८९४]

"विद्यार्थी आन्दोलन हाम्रो बाध्यता हो रहर होइन" भन्ने नीतिअनुरूप त्यसबाट सिर्जित समस्यालाई शान्तिपूर्ण रूपले समाधान गर्न चाहेका सङ्घर्ष समितिका प्रमुख नेताहरूद्वारा समस्या समाधानका लागि ३ दिनको समयसहित चुनौती दिएपछि शाही आयोग पूर्णरूपेण सक्रिय भयो । संभवतः पंचायतका यथास्थितिवादीहरूले पनि यो चुनौतीबाट तर्सिएर शाही आयोगमाथि आफ्नो अदृश्य शक्ति केन्द्रमार्फत पुर्‍याइएको दवावलाई निरन्तरता दिन सकेनन् ।

---

[८९१] विस्तृतिका लागि "केन्द्रीय संघर्ष समितिको वक्तव्य" शीर्षकको हस्तलिखित पर्चा, जुन एकातिर कार्वन कपिका रूपमा छ भने अर्कातिर मूल लेखाइमा प्रमुख ३ जना विद्यार्थी नेताको नाम एवं हस्ताक्षरसहितको छ, कुनै मिति उल्लेख छैन, हेर्नुहोस् परिशिष्ट ८ ।

[८९२] विस्तृतिका लागि "केन्द्रीय संघर्ष समितिको अपिल" शीर्षकमा केन्द्रीय संघर्ष समिति काठमाडौँद्वारा जारी गरिएको पर्चा, मिति उल्लेख नभएको ।

[८९३] *पूर्ववत्* ।

[८९४] गंगाधर लम्साल, चिरन्जीवी वाग्ले, गणेशप्रसाद पाठक, कैलाश कार्कीसँगका अन्तर्वार्ताहरू ।

त्यो अवस्थामा शाही आयोगले सङ्घर्ष समितिले वैशाख ३१ गते दर्ता गराएका पूर्वाधारहरू पूरा गरी मागहरू बारे वार्ता एवं छलफल गर्ने निश्चय गऱ्यो । फलस्वरूप जेठ ५ गते आयोगका सदस्य लोकेन्द्रबहादुर चन्दले विद्यार्थी नेता बलबहादुर के.सी. सँग सम्पर्क गरी आयोगको नीति र संकल्प अवगत गराएपछि के.सी. को अग्रसरतामा प्रमुख तीन विद्यार्थी नेता एवं चन्दको अनौपचारिक भेट एवं छलफल भयो ।[८९५] जसका अन्तमा भोलिपल्ट बिहान आयोगले पूर्वाधार पूरा गरिएको घोषणा गर्ने र त्यसपछि दुवै पक्षबीच अपरान्हतिरबाट औपचारिक सम्झौता वार्ता प्रारम्भ गर्ने सहमती कायम भयो ।

उक्त सहमतीलाई व्यवहारिक रूप दिने क्रममा आयोगले जेठ ६ गते आन्दोलनका सिलसिलामा घटेका घटनाहरूको यथार्थ स्थलगत अध्ययन गर्ने निर्णयसँगै देशका विभिन्न भागको भ्रमण कार्यक्रम सार्वजनिक गर्ने,[८९६] आन्दोलनका क्रममा पक्रिएका विद्यार्थीमाथि फौजदारी अभियोग नलगाउने, लागेको अभियोग हटाउने, यसैक्रममा पक्रिएका र अरू कुनै अभियोग नलागेका कुनै पनि व्यक्ति भएमा रिहाइ गर्ने आदि कुरामा सहमत भएको तथ्य सार्वजनिक गऱ्यो ।[८९७] फलस्वरूप त्यसै दिन अपरान्हबाट आयोग एवं केन्द्रीय सङ्घर्ष समितिबीच वार्ता प्रारम्भ भई जेठ ७ गतेका दिन विधिवत रूपले सम्झौता सम्पन्न भयो । प्रमुख तीनवटा पूर्वाधारका आधारमा प्रारम्भ भएको सम्झौता वार्ताका अन्तमा शाही आयोग माग पूरा गर्न तयार भएपछि सङ्घर्ष समितिका प्रमुख तीन नेता बलबहादुर के.सी., शरणविक्रम मल्ल र कैलाश कार्कीले सम्झौता पत्रमा हस्ताक्षर गरे । यसप्रकार सम्पन्न हुन पुगेको सम्झौताद्वारा पूरा गरिएका सबैजसो मागहरूमध्ये-

> राष्ट्रियस्तरमा स्वतन्त्र विद्यार्थी संगठनहरू खोल्न दिने, सार्वजनिक सुरक्षा ऐनअन्तर्गत थुनामा परेका सबै विद्यार्थी मुक्त गर्ने, राष्ट्रवादी स्वतन्त्र विद्यार्थीमण्डल खारेज गर्ने, आन्दोलनका सिलसिलामा पक्रिएका विद्यार्थीहरूलाई फौजदारी अभियोग नचलाइने र लागेका भए पनि हटाइने, यसैक्रममा पक्रिएका र अन्य अपराधमा संलग्न नभएकालाई रिहाइ गर्ने आदि गृह पंचायत मन्त्रालयसँग सम्बन्धित मागहरू, क्याम्पस तहमा स्वतन्त्र विद्यार्थी यूनियन गठन गर्ने, प्रवेश परीक्षा कम्प्रिहेन्सिभ परीक्षा खारेज गर्ने, छात्रवृत्ति रकम वृद्धि गर्ने, स्नातकोत्तर तहमा शोधपत्रका सट्टा टर्म्स पेपर वा पाठ्यांश लिएर अध्ययन गर्न पाउने, पाँच वर्षे क्रेडिट आवरको नियम संशोधन, एउटा अध्ययन संस्थानको तह पार गरिसकेपछि अर्कोथरी अध्ययन संस्थानमा प्रवेश पाउन सक्ने व्यवस्था, विद्यार्थी हितशाखाअन्तर्गत गठन हुने समितिमा क्याम्पस यूनियनका प्रतिनिधि राख्ने व्यवस्था, चिकित्सा र इन्जिनियरिङ्ग अध्ययन संस्थानमा पनि ब्याक पेपर दिन पाउनेलगायतको व्यवस्था आदि त्रि.वि. सँग सम्बन्धित मागहरू र शिक्षा मन्त्रालयसँग सम्बन्धित विद्यालयस्तरका मागहरू गरी कूल २७ वटा मागहरू प्रमुख छन् ।[८९८]

---

[८९५] लोकेन्द्रबहादुर चन्द, टिप्पणी संख्या १०९ (क) ।

[८९६] राना, टिप्पणी संख्या २, पृ. ४८४-४८५ ।

[८९७] लोकेन्द्रबहादुर चन्द, कैलाश कार्की, गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

[८९८] विस्तृतिका लागि श्री ५ को सरकार शिक्षा मन्त्रालयद्वारा प्रकाशित "विद्यार्थीहरूका सबै मागहरू पूरा गरिए" शीर्षकको पर्चा, जसमा कुनै मिति नभए पनि त्यहाँ उल्लेख गरिएको व्योहोराका आधारमा २०३६ जेठ ९ गते जारी गरेको देखिन्छ ।

सङ्घर्ष समितिले यसप्रकार शाही आयोगसँग सम्झौता गरी माग पूरा गराएपछि २०३५ साल चैत्र २४ गतेबाट प्रारम्भ भएको विद्यार्थी आन्दोलन उपलब्धि मुलक रूपमा टुङ्गियो । जसलाई सङ्घर्ष समितिले आफ्नो विजयका रूपमा स्वीकार गरी पूर्वाधारसहित सम्झौताका प्रमुख बुँदाहरू उल्लेख गर्दै तुरुन्त एक पर्चा जारी गऱ्यो । जसमा आफूले आयोगसमक्ष राखेका तीनवटा पूर्वाधारका आधारमा के.सी., मल्ल एवं कार्कीले शाही आयोगसँग वार्तापश्चात सम्झौता गरी सहमती कायम गरेका प्रमुख १४ वटा बुँदाहरू उल्लेख गर्दै सम्पूर्ण विद्यार्थीहरूलाई हडताल समाप्त गरी सम्बन्धित विद्यालयहरूमा गई पठनपाठन संचालन गर्न आह्वान गरिएको थियो ।[८९९]

यसप्रकार सम्झौतापश्चात केन्द्रीय सङ्घर्ष समितिले आफ्नो आन्दोलन उपलब्धि मुलक भएको घोषणा गरी पठनपाठन संचालन गराउने निश्चय गऱ्यो । सङ्घर्ष समितिले पाएको यो उपलब्धिबाट छुट्टै आन्दोलन प्रारम्भ गरेका वामपन्थी विद्यार्थी समूह, सम्झौताको सम्भावना देख्ना साथ नेतृत्व हत्याउन अग्रसर ने.वि. संघ भित्रकै समूह, आन्दोलनकै कारणबाट प्रतिवन्धित वा खारेजीमा परेको मण्डलेहरूको समूह एवं पंचायतका यथाथिस्थितिवादीहरू तिलमिलाउनु स्वभाविकै थियो । तसर्थ यिनीहरू भित्रभित्रै एकजुट भएर सम्झौता विरोधी गतिविधि संचालनतर्फ लागे । यसक्रममा सम्झौताद्वारा प्राप्त उपलब्धिलाई अपूर्ण एवं धोखापूर्णको संज्ञा दिएर क्रान्तिकारीताको खोल ओढि षड्यन्त्रतर्फ लागे । फलस्वरूप राजधानीका सडक एवं क्याम्पसहरूमा धोखा एवं षड्यन्त्रका खेलरूपी घटना घटन पुग्यो । जसले निस्वार्थ रूपले आन्दोलनको रथलाई हाँकेर लक्ष्य प्राप्तिमा पुऱ्याएका नेताहरूलाई अपमानित गर्नेलगायतका कार्यलाई जन्माइदियो ।

## ४.७ विद्यार्थी आन्दोलनभित्रको षड्यन्त्र एवं सम्झौतापश्चातको प्रतिक्रिया

२०३५-०३६ सालको आन्दोलन प्रारम्भ गर्ने विद्यार्थी संगठनहरू ने.का., नेकपाको पुष्पलाल एवं मनमोहन समूह र रूसपन्थी कम्यूनिष्ट पार्टी केशरजंग रायमाझि समूह आदि पार्टीका भातृ संगठन भए तापनि उनीहरूले आफ्ना पार्टीको सरसल्लाह एवं योजनाअनुसार प्रारम्भ गरेका थिएनन् । उनीहरू विरोधपत्र दिन जाँदा गरिएको प्रहरी दमन एवं गिरफ्तारीबाट आक्रोशित भएर एक्कासि आन्दोलन सुरु गर्न पुगेका थिए । तर जब आन्दोलनले गतिलिन थाल्यो र सरकारी दमन पनि तिब्र भयो त्यसपछि भने राजनैतिक दलहरूले सल्लाह एवं मार्ग दर्शन गर्न थालेका थिए । फलस्वरूप तीनवटा विद्यार्थी संगठनद्वारा एकताबद्ध रूपमा संचालित आन्दोलन क्रमशः बढ्दै गयो ।

ने.वि. संघको माउ पार्टी ने.का. मा त्यसबखत वी.पी. कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईजस्ता नेताहरू राजधानिमै थिए । कृष्णप्रसाद भट्टराई पार्टीको कार्यवाहक अध्यक्ष

---

[८९९] विस्तृतिका लागि विद्यार्थीहरूद्वारा वितरित बिना शीर्षकको लिथो पर्चा, जसमा कुनै मिति, हस्ताक्षर एवं जारी गर्नेको विवरण छैन ।

भए तापनि वी.पी. को इच्छा र चाहना विपरित केही गर्न सक्दैनथे । वी.पी. भने त्यसबखत मेलमिलाप नीतिबाट निर्माण हुन थालेको सौहार्दतापूर्ण वातावरण खल्बलियला भनेर आन्दोलन गर्न चाहँदैनथे । तसर्थ भुट्टोको फाँसीको समाचारसँगै विरोध प्रदर्शन गर्ने निश्चय गरी रामचन्द्र पौडेलद्वारा विद्यार्थीका तर्फबाट पुऱ्याइएको प्रशतावलाई प्रारम्भमा अस्वीकार गरेका थिए ।[९००] तर जब गणेशमान सिंह एवं कृष्णप्रसाद भट्टराईले विद्यार्थीले गर्न चाहन्छन् भने दिउँ भनेर कर गरे तब मात्र वी.पी. ले रामचन्द्र पौडेल, शेरबहादुर देउवाजस्ता विश्वविद्यालय पूरा गरिसकेका युवा नेता अगाडि नदेखिने शर्तमा नियमित विद्यार्थीलाई मात्र विरोध प्रदर्शनको अनुमती दिएका थिए ।[९०१] यस्तो स्थितिमा जब आन्दोलन प्रारम्भ भएर अगाडि बढ्यो तब कृष्णप्रसाद भट्टराईले गोप्य रूपमा सल्लाह एवं मार्ग निर्देशन दिने कार्य गरे तापनि अन्यत्रबाट खास कुनै सहयोग पुगेन ।

आन्दोलनको अर्को सहभागि संगठन 'अनेरास्ववियू' नेकपा पुष्पलाल श्रेष्ठ एवं मनमोहन अधिकारी समर्थक थियो । खासगरी २०३५ साल श्रावण ७ गते नेकपाका संस्थापक नेता पुष्पलालको नयाँ दिल्लीस्थित गोविन्द बल्लभ पन्त हस्पिटलमा निधन भएपछि उत्पन्न परिस्थितिमा समभ्रुदारीको अभावले गर्दा मनमोहन अधिकारीलगायतको समूहले २०३५ माघमा नेकपा (मनमोहन) गठन गरे ।[९०२] यस घटनाबाट विद्यार्थीवर्गमा अदृश्य रेखा कोरिए तापनि विधिवत विभाजित भने भएका थिएनन् । त्यो स्थितिमा आन्दोलन प्रारम्भ भएपछि मनमोहन, सिद्धिलालजस्ता नेताहरूले विद्यार्थीहरूलाई सरसल्लाह दिनेलगायतका काम गरे तापनि त्यति व्यवस्थित रूपमा हुन सकेको थिएन । त्यस्तै अर्को सहभागि विद्यार्थी संगठन फेडरेशनले पनि केशरजंग रायमाझिजस्ता नेताहरूसँग गोप्य रूपमा सरसल्लाह गरे तापनि पार्टीको नीतिअनुरूप चल्नुभन्दा संयुक्त आन्दोलनकै नीतिमा लागेको थियो ।[९०३] यसप्रकार विद्यार्थीहरूले आफ्ना माउ पार्टीहरूसँग गोप्य सरसल्लाह गरे तापनि सामुहिक भावनामा आँच नआउने गरी आन्दोलन संचालन गरेका थिए । यद्यपी पार्टीसँगका सल्लाहले सबैलाई सीमारेखाभित्र रहन र अनुशासनहिन क्रियाकलापलाई रोक्न भने प्रेरणा नै दिएको थियो ।

नेपालको राजनीतिमा भ्रापा काण्ड मच्चाउने अर्को वामपन्थी समूह विविध नामबाट सक्रिय हुँदै २०३५ सालको अन्ततिर आइ नेकपा (माले) का रूपमा परिणत भएको थियो । जसले विधिवत आफ्नो विद्यार्थी संगठन नबनाएको भए तापनि अनेरास्ववियू भित्रकै टंक कार्की, शंकर कार्कीलगायतका उग्र विद्यार्थीहरूलाई आफ्नो पक्षमा ल्याइसकेको थियो । तर यी विद्यार्थीहरू नेतृत्व तहमा नभएका हुँदा यो पार्टीले आन्दोलनमा पकड जमाउन सकेन । प्रारम्भमा आन्दोलनको विरोध वा समर्थनका कुनै गतिविधि बिना पंचायती दमनको तमाशा मात्र

---

[९००] रामचन्द्र पौडेल र चिरन्जीवी वाग्लेसँगका अन्तर्वार्ताहरू ।

[९०१] (क) गंगाधर लम्साल, ब्रतराज आचार्य र रामचन्द्र पौडेलसँगका अन्तर्वार्ताहरू ।
(ख) मनमाहेन भट्टराईसँग २०५८ पौष २३ गते नयाँ वानेश्वर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[९०२] सुशिला श्रेष्ठ, *सहाना प्रधान स्मृतिका आँखिभ्र्यालबाट,* काठमाडौं : स्वप्नवाटिका प्रकाशन, २०६०, पृ. १३१-१३२ ।

[९०३] कैलाश कार्की, टिप्पणी संख्या ११ ।

हेर्ने काम गरेको यो दल र यसका विद्यार्थीहरू आन्दोलनको उफानसँगै सक्रिय हुनथाले । यस्तैगरी मोहनविक्रमको पार्टी समर्थक विद्यार्थी संगठन पनि आन्दोलनभन्दा बाहिर नै थियो । ने.वि. संघको नेतृत्वमा सरिक हुन र आन्दोलन गर्न नचाहने यी दुई वामपन्थी विद्यार्थी समूहले जब आन्दोलन बढ्दै गएर उपलब्धिमुलक हुने स्थिति देखे तब चुप लाग्न नहुने निश्चयसँगै षड्यन्त्रद्वारा नेतृत्व हत्याउने विचारमा लागे । केन्द्रीय सङ्घर्ष समितिलाई कुनै प्रकारले बदनाम गरी विद्यार्थी आन्दोलनको नेतृत्व हातमा लिन प्रयत्नशिल[९०४] उपर्युक्त दुईवटा समूहले एक्कासि छुट्टै रूप एवं शैलीमा आन्दोलन सुरु गरे ।

छुट्टै आन्दोलन गर्ने भनेर संयुक्त सङ्घर्ष समिति विरुद्ध सक्रिय यी समूहले प्रारम्भमा संयुक्त आन्दोलनलाई राजनैतिक आन्दोलनको बिल्ला भिराएर बदनाम गर्ने र सरकारी दमनको बाटो खुलाउने काम गरे । यसका लागि सर्वप्रथम आन्दोलनको मूल लक्ष्य राजनैतिक उपलब्धि नै हो भन्ने आसय झल्काउने बेनामी पर्चाहरू छरिए । जसमा देशको तत्कालीन अवस्थाको विश्लेषण गर्दै राष्ट्रिय समस्या समाधानका लागि अग्रसर रहनु विद्यार्थीको कर्तव्य हो लगायतका कुरा उल्लेख गरी २०१७ सालमा जनताबाट अपहरित सम्पूर्ण अधिकारहरू फिर्ता गरिनु पर्दछ, सम्पूर्ण राजबन्दीहरू छाडिनु पर्दछ, सम्पूर्ण शैक्षिकजगतका मागहरू पूरा गरिनु पर्दछ, अन्याय-अत्याचार, भ्रष्टाचार तथा दुराचार समाप्त गरिनु पर्दछ, न्यायिक जाँचद्वारा जनताका शत्रुहरूलाई दण्डित गरिनु पर्दछ लगायतका माग सारेर ती पूरा नहुँदासम्म सङ्घर्ष जारिरहने उल्लेख थियो ।[९०५]

ने.वि. संघलगायतका तीनवटा समूहले नेतृत्व दिएर संचालन गरिदै आएको आन्दोलनलाई बदनाम गराउन सक्रिय अखिल समूहले विविध प्रयास गर्न थाल्यो । यिनीहरूले केन्द्रीय सङ्घर्ष समितिका नेताहरूसँग भेटेर अर्को वृहद सङ्घर्ष समिति गठनका लागि दवाव एवं धम्कि दिने, क्याम्पसलगायतका स्थानमा चर्का कुरा गरी सङ्घर्ष समितिलाई बदनाम गर्ने, भित्रभित्रै मण्डलेहरूसँग साँठगाँठ गर्नेलगायतका कार्यहरू गर्न थाले ।[९०६] अर्कातिर आफूहरू मात्र सच्चा क्रान्तिकारी हौं भन्ने देखाउने प्रयास गर्न थाले । यसक्रममा आम विद्यार्थीहरूलाई प्रभावित गर्ने उद्देश्यले “कुनै राजनैतिक उपलब्धि हासिल गर्नका लागि नभएर शैक्षिक समस्याको समाधान एवं गुण्डागर्दीका विरुद्ध ३२ वटा शैक्षिक माग राखी आन्दोलन गर्दैछौं र ती पूरा नहुँदासम्म आन्दोलनमा बढौं”[९०७] उल्लेखित पर्चा छर्ने कामसमेत गरेको देखिन्छ ।

---

[९०४] डा. सूर्यमणि अधिकारी, *नेपाली कांग्रेसको इतिहास,* काठमाडौं : भुँडी पुराण प्रकाशन, २०५९, पृ. २१८ ।

[९०५] विस्तृतिका लागि “संघर्षका लागि आह्वान” शीर्षकमा हस्तलिखित पर्चा, जसमा जारी गर्ने समूह, मिति, स्थान, हस्ताक्षर केही उल्लेख छैन । केन्द्रीय संघर्ष समितिका केही पदाधिकारी एवं अन्य विभिन्न तत्कालीन विद्यार्थी नेताहरूसँग यो पर्चाबारे सोद्धा आफ्नो आन्दोलन विरुद्ध सक्रिय अखिल समूहले वैशाख ११ गते यो पर्चा छरेको थियो । हेर्नुहोस् परिशिष्ट ९ ।

[९०६] ऋषिकेश तिवारी र गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

[९०७] विस्तृतिका लागि त्रि.वि. का विद्यार्थीहरूको नामले “सम्पूर्ण विद्यार्थीका नाममा अपिल” शीर्षकमा जारी लिथो पर्चा, कुनै मिति उल्लेख नभएको ।

पर्चावाजीलगायतका कार्यबाट आन्दोलनमा आफ्नो पनि उपस्थिति जनाएपछि टंक कार्की, सुदिप पाठक, शंकर कार्की, केदार बस्नेतलगायतका विद्यार्थीहरूको नेतृत्वमा यो समूह पनि आमसभा एवं जुलुस प्रदर्शनतर्फ लाग्यो । २०३६ साल वैशाख २५ गते यो समूहले सर्वप्रथम काठमाडौँको बसन्तपुरमा पहिलो सार्वजनिक सभा गरेर उग्रभाषण गर्दै केन्द्रीय सङ्घर्ष समितिलाई राजनीति प्रेरित भएको आरोप लगाउने, अर्को वृहद भेलाद्वारा आफूहरूले नयाँ सङ्घर्ष समिति बनाउनेलगायतका कुरा उल्लेख गरे ।[९०८] पूर्णरूपले प्रहरी संरक्षणमा सम्पन्न उक्त भेलामा विद्यालयस्तरका विद्यार्थीहरूको संख्या अत्याधिक थियो । यो समूहको भेला समाप्त भएपछि पूर्व घोषित कार्यक्रमअनुसार त्यसै दिन केन्द्रीय सङ्घर्ष समितिले वसन्तपुरमै अर्को विशाल आमसभा गरेको थियो । जसमा हामीले पनि सम्बोधन गर्न पाउनुपर्दछ भन्ने मागसहित सुदिप पाठक र शंकर कार्कीको नाम वक्ताका रूपमा प्रस्तुत गरे तापनि सङ्घर्ष समितिले नमानेपछि यो समूह आक्रोशित भयो ।[९०९] फलस्वरूप भोलिपल्टै हरेक क्याम्पस एवं विद्यालयहरूमा अर्को पर्चा पुऱ्याएर त्यसै दिन पाटन मंगल बजारमा जनसभा आयोजना गरिएको समाचार पुऱ्याइयो । आफूहरू सच्चा क्रान्तिकारी भएको दावि गर्दै छरिएको उक्त पर्चामा- केन्द्रीय सङ्घर्ष समितिलाई राजनैतिक पार्टीबाट निर्देशित भएको आरोपसहित गाली गर्दै, हामी कुनै भरौटे र दलालका निम्ति सङ्घर्ष गर्न बाँचेका होइनौं- विद्यार्थीका विशुद्ध मागका निम्ति लडदैछौं, हामीलाई कसैले रोक्न सक्दैन भन्दै वैशाख २६ गते पाटन मंगल बजारमा उपस्थितिका लागि अनुरोध गरिएको थियो ।[९१०]

केन्द्रीय सङ्घर्ष समिति विरुद्ध सक्रिय यो समूहले वैशाख २६ गते मंगल बजारको आमसभामा पनि वसन्तपुरमा झैं उग्र भाषण गरे । केन्द्रीय सङ्घर्ष समितिलाई तथानाम गाली गर्ने, विदेशमा निर्वाशित केही व्यक्तिहरूले नेपालमा घटेका हरेक घटनालाई आफूले गराएको भन्ने प्रवृत्तिका नाममा ने.का. विरोधी धारणा स्पष्ट पार्ने, विद्यार्थी एकता नघटेको दावी गर्ने कार्यसँगै जेलभित्र पिटिएका विद्यार्थीहरूका सम्बन्धमा पनि शाही आयोगले छानविन गर्नु पर्ने माग अगाडि सारे ।[९११] उग्र कुरा गर्न थालेको यो समूहले यसपछि विद्यालयस्तरका विद्यार्थीहरूलाई भडकाउन चर्का र उत्तेजक नारा लगाउने, केन्द्रीय सङ्घर्ष समितिले तिमीहरूका मागलाई वास्ता नगरी सम्झौता गर्दैछ लगायतका कुरा गरेर आफ्नो पक्षमा ल्याउने, जुलुस निकाल्न बजार बन्द गराउन र तोडफोड गर्न लगाउने जस्ता कार्य गरेर अराजकता सिर्जना गर्न खोज्यो । यिनीहरूका यस्ता कार्यहरूमा वैशाख २६ गतेदेखि अप्रत्याशित रूपले भिड बढ्न थाल्यो ।

---

[९०८] राना, टिप्पणी संख्या २, पृ. ४७० ।

[९०९] कैलाश कार्की, टिप्पणी संख्या ११ ।

[९१०] विस्तृतिका लागि शीर्षक, जारीकर्ता, मिति आदि केही उल्लेख नभएको लिथो पर्चा ।

[९११] (क) राना, टिप्पणी संख्या २, पृ. ४७०-४७१ ।
(ख) देवकोटा, टिप्पणी संख्या २०, पृ. ३८ ।

यो समूहले अराजकता पूर्ण क्रियाकलाप गर्दा पनि प्रहरी-प्रशासन एवं मण्डले आदि कतैबाट कुनै थुनछेकलगायतका केही कार्य गरिएन ।

केन्द्रीय सङ्घर्ष समितिको प्रमुख घटक ने.वि. संघ भित्र पनि शाही आयोगको गठन एवं वार्ता प्रक्रियाको संभावना देखिएपछि नेतृत्वको होडबाजि प्रारम्भ भयो । तत्कालीन राजनीतिमा संलग्न रहेका तर सङ्घर्ष समितिको केन्द्रीय नेतृत्वमा नपरेका काठमाडौँ उपत्यका भित्रका रैथाने युवाहरूमा उपलब्धिको संभावना देखिना साथ महत्त्वकांक्षा जाग्न गयो । त्यसबखतका विद्यार्थी नेतालगायत बुद्धिजीवीहरूका धारणा, विविध स्रोत एवं घटनाक्रमका आधारमा हेर्दा उक्त समूहको नेतृत्व ने.का. का वरिष्ठ नेता गणेशमान सिंहका पुत्र प्रकाशमान सिंहले गरेको देखिन्छ । काठमाडौँका रैथाने वासिन्दा भएको हुँदा उपत्यका बाहिरका पर्वतेहरूले मात्र नेतृत्व गरी आन्दोलन गरेर उपलब्धि हासिल गर्न थालेको देखेपछि यिनीहरू वार्ता प्रक्रियालगायतका कार्यका लागि अब आफ्नो नेतृत्वमा छुट्टै समिति बनाउनु पर्दछ भन्ने मागसहित अगाडि बढेर दवाव दिन थाले ।[९१२] आन्दोलनको उपलब्धि हासिल हुने संभावना देखिएकै बेला विवाद बढाउनुभन्दा कुरा मिलाउनु राम्रो भन्ने धारणाअनुरूप कैलाश कार्की र शरणविक्रम मल्ल उनीहरूको प्रश्ताव मान्न तत्पर भए तापनि बलबहादुर के.सी. ले भने काम गर्ने, जेलपर्ने एवं पिटाइ खानेलगायतका सारा कार्य हामीले गरेपछि सम्झौता गर्ने बेलामा किन तिनलाई नेतृत्व दिने भनेर मान्दै मानेनन् । फलस्वरूप बलबहादुरसँग क्रुद्ध भएको यो समूहका नेताका इशारामा एकदिन ठमेलमा उनलाई नराम्रोसँग पिटने कामसमेत गरिएको थियो ।[९१३]

यसप्रकार आन्दोलनका विरुद्धमा अनायासै एउटा समूह देखापर्नु, तिनका समूहमा अनायासै भिड बढ्न थाल्नु, तिनले चर्का नाराद्वारा अराजकता सिर्जना गर्न खोज्नु र ने.वि. संघ भित्रै नेतृत्वका लागि विवाद प्रारम्भ हुनुलगायतको स्थिति उत्पन्न भएपछि ने.का. का नेताहरूमा आन्दोलन ने.वि. संघका हातबाट फुत्किन लागेको आभास हुन पुग्यो । त्यो स्थितिमा बी.पी. ले आन्दोलन रोक्न भनेपछि कृष्णप्रसाद भट्टराईले ने.वि. संघका बलबहादुर के.सी. लगायतका मुख्य मानिसलाई बोलाएर आयोगसँग सम्झौता गरी आन्दोलन समाप्त गर्न आदेश दिए ।[९१४] नेताको आदेश पाएपछि ने.वि. संघले तत्कालै केन्द्रीय समितिको बैठक गरी शाही आयोगसँग सम्झौता गर्ने निर्णयसँगै ने.वि. संघका तर्फबाट वार्ताटोली खटाउने कुरा उठना साथ त्यसबारे विवाद सुरु भयो । वास्तवमा त्यसबखत ने.वि. संघभित्र अप्रत्यक्ष रूपमा देखिएको चावेल खेमा (वी.पी.) एवं चाक्सिवारी खेमा (गणेशमान) को भावनाअनुरूपका क्रियाकलापले गर्दा प्रारम्भ भएको खिचातानीपश्चात बलबहादुरका सट्टा अरूलाई वार्ता गर्न जाने जिम्मा दिइयो । [९१५] नाम उल्लेख

[९१२] कैलाश कार्की, टिप्पणी संख्या ११ ।

[९१३] *पूर्ववत्* ।

[९१४] गंगाधर लम्साल, ब्रतराज आचार्य र मनमोहन भट्टराईसँगका अन्तर्वार्ताहरू ।

[९१५] गंगाधर लम्साल, टिप्पणी संख्या १० (ख) ।

गर्न नचाहने केही राजनीतिज्ञ एवं तत्कालीन विद्यार्थी नेताहरूका अनुसार त्यो जिम्मा प्राप्त गर्ने व्यक्ति प्रकाशमान सिंह थिए जसले आफ्नो पहुँचको प्रयोगद्वारा त्यो निर्णय गर्न बाध्य बनाएका थिए । आन्दोलनको प्रारम्भदेखि नै ने.वि. संघको प्रतिनिधित्व गर्दै काम गर्ने, पिटाइ खाने, जेल पर्नेलगायतका कार्यसँगै आन्दोलन चलाइ उपलब्धि हात पार्ने बेला नेतृत्व नपाएपछि बलबहादुर के.सी. असन्तुष्ट हुनु स्वभाविकै थियो । तसर्थ उनी केन्द्रीय समितिको निर्णय विपरित सङ्घर्ष समितिलाई लिएर शाही आयोगसँग आफै वार्ता गर्ने तयारमिा लागे ।

आन्दोलन संचालन गर्ने प्रमुख शक्ति ने.वि. संघभित्र उत्पन्न यस्तो मनमुटावबाट फाइदा उठाउँदै वैशाख अन्तितिर राजधानीमा पुनः अर्को पर्चा छरियो । जसमा सरकारी कार्यशैली व्यवहार आदिको निन्दा-आलोचनासहित आन्दोलनका क्रममा भएका दमन एवं गुण्डागर्दीप्रति आक्रोशित भएका भाव ओकल्दै आन्दोलनको फैलावटलगायतका विषय उल्लेख गर्दै सम्झौता प्रयासमा लागेका विद्यार्थीहरूलाई मुट्ठिभर नेता हुन खोज्ने र विद्यार्थी हित विरोधीको संज्ञा दिएर आन्दोलनलाई जन सङ्घर्षमा परिणत गर्न आह्वान गर्दै शाही आयोगलाई हत्या र दमनपश्चात कानुनी औपचारिकता पूरा गर्न गठित तथाकथित आयोग भनेर त्यसको भ्रमजालमा नपरी सङ्घर्षमा बढ्न भनिएको थियो ।[११६] यसप्रकार आफ्ना विरुद्धमा मोर्चाबन्दीकै जस्तो स्थिति निर्माण गरिएको अवस्थामा पनि केन्द्रीय सङ्घर्ष समितिले आफ्नो निश्चयमा अटल रहेर शाही आयोगसँग वार्ताका लागि पूर्वाधार तयार गर्नेलगायतका कार्य सम्पन्न गर्नेतर्फ लाग्यो । जसमा सफलता पाएपछि २०३७ साल जेठ ६ गतेबाट विधिवत वार्ता सुरु गरी ७ गते मागहरू पूरा गराएर सम्झौता गऱ्यो ।

सम्झौताको अन्तमा सङ्घर्ष समिति र आयोगका बीचमा सरकारले जेठ ७ गते दिउँसो २.३० बजे रेडियो नेपालको समाचारद्वारा सम्झौताको खबर प्रशारण गर्ने र विद्यार्थीले त्यसै दिन साँझ ५ बजे आयोजित पाटनको आमसभामा सम्बोधन गर्दा सबै कुरा बताउने भन्ने सहमती भएको थियो ।[११७] जसलाई सरकारको दवावका कारणले गर्दा शाही आयोगले पूरा गर्न नसक्दा त्यो दिन दिउसो रेडियोबाट प्रशारण हुनसकेन । यसरी सम्झौतापछि पनि शाही आयोगले त्यसैअनुरूप काम नगर्नाले के-कसो गरौंको मनस्थितिमा रहेको सम्झौता गर्ने नेताहरू पाटनको आमसभास्थलतर्फ लागे । उनीहरू त्यहाँ पुग्दा आमसभा चल्दै थियो र सिद्धिलाल सिंहलगायतका नेताहरूले उग्र भाषण गर्दै थिए भने प्रकाशमान सिंह एवं उनको समूहका युवाहरू उत्तेजित अवस्थामा वहस गर्दै थिए । त्यो स्थितिमा सङ्घषं समितिका तीनजना नेताहरू जब मन्चतर्फ जान खोजे तब प्रकाशमानलगायतका युवाहरू अगाडि बढेर बलबहादुरसँग निहुँ खोज्न थाले ।

---

[११६] विस्तृतिका लागि त्रि.वि. का क्रान्तिकारी विद्यार्थीहरूका नामबाट “सम्पूर्ण भ्रमहरूलाई चिर्दै संघर्षमा अघि बढौं” शीर्षकमा जारी गरिएको लिथो पर्चा, कुनै मिति उल्लेखित नभएको, तत्कालीन विद्यार्थी नेताहरूका अनुसार यो पर्चा पनि संघर्ष विरुद्ध संघर्ष चलाउने अखिलद्वारा छरिएको थियो ।

[११७] के.सी., टिप्पणी संख्या २९, पृ. २८ ।

तर पनि अन्य विद्यार्थीहरूको प्रयासमा मन्चमा पुग्न सफल भएका विद्यार्थी नेताहरूलाई सम्झौतालगायतका कुरा थाहा पाइसकेका सिद्धिलाल सिंहलगायतका नेताहरूले कानेखुसी गर्न थाले । विद्यार्थी नेताहरूबाट सबै कुरा बुझेपछि उनीहरूले हाल यहाँ वातावरण एकदमै उत्तेजित छ, तसर्थ यहाँ सम्झौता भएको विवरण सार्वजनिक नगर गरेमा तिमीहरूलाई मार्छन, स्थिति नियन्त्रणमा ल्याउन सकिदैनलगायतका कुरा गरी सम्झौताबारे कुनै घोषणा गर्न दिएनन् ।[९१८] त्यो कुरा मानेर विद्यार्थी नेताहरूले सम्झौता भएको जानकारी नदिनाले षड्यन्त्रकारीहरूलाई षड्यन्त्रका लागि मौका एवं समय प्राप्त भयो ।

षड्यन्त्रद्वारा विद्यार्थीहरू बीच फुट ल्याएर अस्थिरता सिर्जना गर्न पल्केको तत्कालीन सरकारले सम्झौताको समाचारलाई त्यसै दिन साँझ ७ बजेको समाचारमा रेडियो नेपालद्वारा प्रशारित गऱ्यो । जुन समाचार सुनेपछि आन्दोलनका विरुद्ध छुट्टै आन्दोलन चलाएको अखिल जमात एवं नेतृत्वको निर्णयसमेत गराउन सफल भएको ने.वि. संघको समूह आक्रोशित भयो । केन्द्रीय समितिबाट निर्णय गराएर सम्झौताको नेतृत्व गर्न तत्पर रहेका प्रकाशमान सिंह सम्झौता भइसकेको समाचार सुनेपछि अत्यन्त रिसाएर रातारात सबै प्रबन्ध मिलाई जेठ ८ गते बिहानै सम्झौता गर्ने नेताहरूलाई खोज्न पठाए । संयोगवश उनले पठाएका युवाहरूले पूर्व सल्लाहअनुसार शरणविक्रम मल्लको डेरामा मिटिङका लागि निस्केका कैलाश कार्कीलाई इन्द्रचोकमा भेटेपछि एक्कासि समातेर असनको भित्रभित्रै लगि भीमसेनदास प्रधानको घरमा पुऱ्याए ।[९१९] जहाँ पहिल्यैदेखि बसिरहेका प्रकाशमान सिंहलगायत ५०-६० जनाको जमातले कार्कीलाई पैसा खाएर सम्झौता गरेको आरोप लगाएर केरकार गर्न थाले । तर कार्कीले निर्भिकता साथ अस्वीकार गरेपछि ल त्यसो भए बलबहादुरले त पक्कै खाएको हो त्यो कुरा नलुकाउ, हामी त्यसलाई छाडदैनौं र आन्दोलन गर्छौं लगायतका कुरा गरी दिनभरि नै थुने जस्तै गरी राखे ।[९२०]

अर्कोतिर माले एवं मसाल समर्थक अखिलको चाहना विपरित सङ्घर्ष समितिले एकलौटि रूपमा शत प्रतिशत माग पूरा गराएर सम्झौता गरेपछि आफू पछाडि परेको महसुस गरी छटपटाउन थाले । त्यो स्थितिमा नेकपा (माले) ले अखिल पाँचौंका टंक कार्कीहरूलाई र अन्य वामपन्थी समूहहरूले पनि आफ्ना विद्यार्थी कार्यकर्ताहरूलाई आन्दोलन नरोक्न निर्देशन दियो ।[९२१] पार्टीको यस्तो निर्देशन पाएपछि यो आन्दोलन केवल शैक्षिक मागका लागि मात्र भएको नभई राजनैतिक अधिकारका लागि भएको हुँदा सम्झौता मान्दैनौं भन्दै नारासमेत

---

९१८ कैलाश कार्की, टिप्पणी संख्या ११ ।

९१९ (क) *पूर्ववत्* ।
(ख) भीमसेनदास प्रधानसँग यस बारेमा अनौपचारिक कुराकानी गर्दा उक्त दिन कैलाश कार्कीलाई अपहरण गरी आफ्नो घरमा ल्याएको कुरा असत्य भएको भनेका थिए ।

९२० *पूर्ववत्* (क) ।

९२१ बालचन्द्र मिश्र, *झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म,* काठमाडौं : सुनौलो बिहानी अभियान, २०५८, पृ. ९९ ।

परिवर्तन गरेर यिनीहरू अगाडि बढे । त्यसैगरी अन्दोलनका उपलब्धिसँगै खारेजीमा परेका मण्डलेहरू पनि आक्रोशित भएर सम्भौता गर्ने विद्यार्थीहरूसँग बदला लिने दाउमा लागे ।

शतप्रतिशत माग पूरा गराएर सम्भौता गर्दा पनि षड्यन्त्रकारीहरूद्वारा आक्रोश पूर्ण वातावरण सिर्जना गरेपछि सङ्घर्ष समितिले वास्तविकता स्पष्ट गरी षड्यन्त्रको पर्दाफास गर्ने निश्चय गऱ्यो । तसर्थ यसका नेताहरू पठनपाठन चालु गरौं भन्ने अभियानमा निस्केर विद्यार्थीहरूलाई वास्तविकता बताएर शैक्षिक संस्था खुलाउन अनुरोध गर्न थाले । तर माले समर्थक अखिललगायतका उग्र वामपन्थी विद्यार्थी, मण्डले एवं ने.वि. संघकै असन्तुष्ट समूहद्वारा सम्भौता गर्ने तीनजनाले पैसा खाएर सम्भौता गरेको, माग पूरा गरेको नभै आश्वासन मात्र दिएको लगायतका कुरा गरेर विद्यार्थीहरूलाई भडकाउन सफल भए ।[९२२] यसरी विद्यार्थी आन्दोलनमा राखिएका भन्दा बढी माग पूरा गरी सम्भौता गर्ने छात्र नेताहरूलाई गद्धारीको आरोप लगाएर नाटकीय रूपले बेइज्जती गर्न थालियो ।[९२३] आन्दोलन समाप्तिको प्रारम्भमै कक्षा लिने मानसिकता नभएका विद्यार्थीसमक्ष यस्ता अन्तर्विरोधका कुरा पुगेपछि उनीहरू कक्षामा बस्ने कुरै भएन । तसर्थ जेठ ८ गतेका दिन खासै कक्षाहरू संचालन हुन सकेनन् ।

क्याम्पस एवं स्कुलहरूमा सम्भौता गर्ने विद्यार्थीहरूलाई बदनाम गरी आम विद्यार्थीलाई उत्तेजित बनाएपछि टंक कार्कीलगायतका विद्यार्थीहरूको जमात त्रिचन्द्र क्याम्पस पुगेर आमसभा गरे । जसमा सम्भौता गर्ने सङ्घर्ष समितिको घोर विरोध गर्ने क्रमसँगै आन्दोलनका क्रममा मरेका विद्यार्थी नै हाम्रा नेता भएकाले तिनको इच्छा पूरा गर्न संलग्न हुनुपर्ने भावना व्यक्त गर्दै पढन भन्ने तीनजना विद्यार्थीहरू किनिएका हुन्, हाम्रा माग पूरा गर्न निर्देशन मात्र भएको छ पूरा भएको छैन, शाही आयोगले दमनकारी अंचलाधिशलगायतलाई पहिला सस्पेण्ड गर्नुपर्दछ, अब अर्को सङ्घर्ष समिति बनाउनु पर्दछ आदि कुरा उल्लेख गर्दै चर्का भाषण गरे ।[९२४] यसैक्रममा विद्यालयस्तरका विद्यार्थीहरूका नामबाट सम्भौता विरोधी भाव समेटिएको पर्चा पनि छरिएको थियो । जसमा दुई चारवटा माग पूरा हुनासाथ कक्षा चालु गर्न खोज्नेहरू घृणित तत्त्व हुन्, प्रशासनलगायतले विद्यालयस्तरका शैक्षिक मागबारे केही बोलेको छैन भन्दै हाम्रा मागबारे न्यायिक दृष्टिकोण राखियोस्, स्वतन्त्र विद्यालय विद्यार्थी संघ बनाउने अधिकार दिइयोस्, शाही आयोगसमक्ष प्रस्तुत हाम्रा माग अविलम्ब पूरा गरियोस् गरियोस् आदि मागसहित आन्दोलन चालू राख्ने कुरा उल्लेख थियो ।[९२५]

---

[९२२] (क) रामचन्द्र पौडेल, गंगाधर लम्साल, वृखेशचन्द्रलालसँगका अन्तर्वार्ताहरू ।
(ख) रामचन्द्र अधिकारीसँग २०५८ जेठ २ गते सामाखुसी, काठमाडौँमा लिएको अन्तर्वार्ता रेकर्ड ।

[९२३] रामचन्द्र पौडेल, "परिवर्तनको बाहक नेपाल विद्यार्थी संघ", *नेपाल पुकार,* यज्ञबहादुर थापा (सं.), पोखरा : नेपाल विद्यार्थी संघ जिल्ला शाखा कास्की, २०३८, पृ. १६ ।

[९२४] राना, टिप्पणी संख्या २, पृ. ४९१ ।

[९२५] विस्तृतिका लागि केन्द्रीय विद्यालय विद्यार्थी समितिका नामले जारी गरिएको शीर्षक, मिति एवं हस्ताक्षर बिनाको लिथो पर्चा ।

आफूमाथि यस्ता अनर्गल लाञ्छनायुक्त प्रहारहरू हुन थालेपछि पनि सङ्घर्ष समितिले पूर्ण हिम्मतका साथ विद्यार्थीहरूलाई वास्तविकता बोध गराउने प्रयासमा लाग्यो । आयोगसँग विधिवत सम्झौता गर्ने तीनजना नेताहरूमध्येका कैलाश कार्की जेठ ७ गते बेलुकैदेखि हराइसकेका हुनाले[९२६] शरणविक्रम मल्ल र बलहादुर के.सी. ले मात्र सल्लाह गरी षड्यन्त्रको पर्दफास गर्ने निश्चय गरे । जसलाई व्यवहारिक रूप दिने क्रममा सर्वप्रथम एउटा पर्चा जारी गर्ने र भोलिपल्ट अर्थात जेठ ९ गतेको प्रारम्भसँगै उपत्यकाका हरेक क्याम्पस एवं स्कुलहरूमा आफै पुगेर विद्यार्थीहरू समक्ष सम्झौताबाट प्राप्त उपलब्धि स्पष्ट गरी पठनपाठन संचालन गर्ने योजना बनाए ।

आफ्नो योजनालाई कार्यरूप दिनका लागि रातारात पर्चा तयार गरेर जेठ ९ गतेको प्रारम्भसँगै उपत्यकाका हरेक क्याम्पस एवं स्कुलहरूमा साथीहरूद्वारा पर्चा वितरण गर्ने काम सुरु भयो । त्यस दिनको पर्चामा नेपालको वर्तमा षड्यन्त्रकारी पंगु सरकारलाई शाही आयोगले विद्यार्थीका सम्पूर्ण माग पूरा गर्ने आदेश दिएको छ, यो ऐतिहासिक सफलतालाई असफल पार्न छद्मभेषि मण्डलेहरू विभिन्न नकाव लगाएर विद्यार्थी एकतामा कुठाराघात गर्ने षड्यन्त्र गर्दैछन्, सङ्घर्षकालमा सङ्घर्षलाई कुल्चिन अनेक षड्यन्त्र गर्ने तत्त्वहरू सम्पूर्ण माग पूर्ति हुँदा पनि चर्का सङ्घर्षका कुरा गरेर आम विदार्थीमा भ्रम खडा गर्ने कोशिस गर्दैछन्, २०३२ सालमा झैं विद्यार्थीको प्राप्त मागहरू फिर्ता गराउने दुस्साहस गर्दैछन्... भन्दै अन्तमा तिनका पछि नलागि शान्तिपूर्ण तरिकाले कक्षा संचालन गर्न विनम्र अनुरोध गरेको पाइन्छ ।[९२७]

पर्चा वितरण कार्यसँगै जेठ ९ गते बिहानै बलबहादुर के.सी., शरणविक्रम मल्ल, वेनुप प्रसाई आदि विभिन्न क्याम्पसहरूमा पुगेर विद्यार्थीहरू समक्ष सम्झौताको उपलब्धि स्पष्ट गर्दै पठनपाठन सुचारु रूपले चलाउने अनुरोध गर्न थाले । यसैक्रममा उनीहरू अपरान्हतिर कीर्तिपुर बहुमुखी क्याम्पसमा पुगे । जहाँ कक्षा सुरु हुना साथ पढने र नपढने भन्नेहरू बीच विवाद भएपछि दिउँसो एक भेला आयोजना गरिएको थियो । उक्त भेलामा सङ्घर्ष समितिका के.सी., मल्ल र प्रसाईले शाही आयोगसँगको सम्झौताका उपलब्धिबारे स्पष्टसँग उल्लेख गर्दै हाम्रा मागहरू पूरा भएकाले प्रतिक्रियावादीहरू छटपटाएको तर्क अगाडि सारे । जसले विद्यार्थीहरूलाई

---

९२६ (क) आन्दोलनको अन्तमा पुग्दाको स्थितिलाई विश्लेषण गर्दा कैलाश कार्की शंकाको घेरामा पर्न आउँदछन् । उनले जेठ ८ गते बिहानै प्रकाशमान सिंहद्वारा निर्देशित समूहद्वारा अपहरणमा परेर भीमसेनदाश प्रधानका घरमा पुऱ्याइएको र नजरबन्दका रूपमा भोकै राखिएको बताउँछन् भने प्रधानले त्यो सबै असत्य भएको भन्दछन् ।

(ख) बलबहादुर के.सी. ले कैलाश भक्तपुरको आमसभादेखि नै संयुक्त मोर्चाको उल्लङ्घन गर्दै बढेको आरोप लगाउँदै सम्झौता पछि स्कुल कलेज खुलाउन नखटेको र उनकै समूहले तथाकथित अपहरणका नाममा लुकाएर खड्गबहादुर सिंहलगायतका नेताहरूको इशारामा मिनिबशमा भिड पठाएर आफूमाथि आक्रमण गर्न लगाएको आदि उल्लेख गरेका छन्, हेर्नुहोस् के.सी., टिप्पणी संख्या २९, पृ. २८ ।

(ग) नाम उल्लेख गर्न नचाहने तत्कालीन केही वामपन्थी विद्यार्थीहरूले केशरजंग रायमाझिको खड्गबहादुर सिंहजस्ता कट्टर पन्चसँग भएको साँठगाँठअनुरूप उनकै इशारामा कैलाशलाई लुकाएर सम्झौता विरोधी षड्यन्त्र प्रारम्भ गरिएको स्वीकार गर्दछन् ।

९२७ विस्तृतिका लागि केन्द्रीय संघर्ष समितिद्वारा "हाम्रा प्राप्त मागहरू फिर्ता गराउने षड्यन्त्रदेखि सावधान" शीर्षकमा जारी गरिएको लिथो पर्चा, मिति उल्लेख नभएको ।

बदनाम गर्ने, सरकारी गोटी बनेर पूरा भएका माग फिर्ता गराउने षड्यन्त्र गर्ने, विद्यार्थीलाई अगाडि सारेर अनुचित फाइदा लिन सक्रिय हुने कार्य गरिरहेकाले तीसँग सतर्क रही पढाइ चालु राख्न आग्रह गरे ।[९२८] उनीहरूको सम्बोधन होहल्लाबीच सम्पन्न भएपछि सम्झौता विरोधी विद्यार्थीको समूहले घेर्न पुग्यो । जसले माग पूरा भए भन्ने के ग्यारेन्टी छ ? के सरकारले लिखित रूपमा दिएको छ ? २०३२ सालमा झैं सरकार पछाडि फर्कदैन भन्ने के आधार छ ?... लगायतका कुरा गरी विवाद एवं झगडा गर्न थाले ।[९२९]

कीर्तिपुर क्याम्पसमा यस्तो वादविवाद चलिरहेकै बेला २ वटा मिनिबस लिएर छुरा, जन्जिर लगायतका हातहतियार ले सुसज्जित एउटा जमात अकस्मात त्यहाँ पुग्यो । जसले तिनै हतियार देखाएर सङ्घर्ष समितिका बलबहादुर के.सी. र शरणविक्रम मल्ललाई अपहरण गरी त्यही मिनिबसमा राखेर हिडाइ हाल्यो ।[९३०] त्यसैबखत त्रि.वि. कीर्तिपुरस्थिति राष्ट्रिय विकाश सेवाको कार्यालयमा रहेका तत्कालीन निर्देशक डा. तुलसीराम वैद्यले छतभरी माटाका भाँडा राखिएका दुईवटा मिनिबस क्याम्पसतर्फ गएको देखे । त्यो क्षेत्रमा त्यस्ता भाँडा नबन्ने हुँदा शंका लागेर तुरुन्त नै आफ्नो कार्यालयको एकजना कर्मचारीलाई सबै बुझ्न भनी दगुराए । जसले ती गाडिमा आएको जमातले के.सी. र मल्ललाई अपहरण गरेर लगेको समाचार ल्याएपछि दुर्घटनाको आशंका गरेर त्रि.वि. का तत्कालीन शिक्षाध्यक्ष प्रा.डा. कमलप्रकाश मल्ललाई तुरुन्त टेलिफोनद्वारा सबै विवरण बताउँदा मल्लले निजी सचिव नारायणप्रसाद श्रेष्ठसँग कुरा गर्नुस् भन्ने जवाफ दिए । त्यसपछि वैद्यले तत्कालै श्री ५ का निजी सचिव नारायणप्रसाद श्रेष्ठसँग टेलिफोनमा कुरा गरी यथार्थ विवरण बताएर अनिष्टको आशंकासमेत स्पष्ट गरेर बचाउन अनुरोध गर्दा सचिव श्रेष्ठले भर्खरै उपकुलपति जगतमोहन अधिकारीले सबै ठीक छ भन्ने गलत समाचार दिएकोमा रिसाउँदै वैद्यलाई चिन्ता नगर्न भन्दै टेलिफोन राखिदिए ।[९३१]

कीर्तिपुरबाट हिडाइएको मिनिबस सिधै लैनचौरस्थित अमृत साइन्स क्याम्पसमा पुऱ्याइयो । जहाँ सम्झौता विरोधी विद्यार्थीहरूद्वारा एक आमसभाको आयोजना गरिएको थियो । ने.वि. संघभित्रको असन्तुष्ट समूहका केही विद्यार्थीहरू, सम्झौता विरोधी अखिल समूह र विघटित मण्डलका विद्यार्थीहरूको बाहुल्यता रहेको उक्त भेलामा पुऱ्याएर के.सी. एवं मल्ललाई ओराल्ना साथ लछार पछार गर्ने र अनेक शब्दावली प्रयोग गरी गाली गर्नेलगायतका कार्य प्रारम्भ गरियो ।[९३२] तथानाम गाली गरिएपछि ने.वि. संघका विद्यार्थीहरूकै सक्रियतामा ती

---

९२८ (क) व्रतराज आचार्य र गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।
(ख) राना, टिप्पणी संख्या २, पृ. ४९२-४९३ ।

९२९ (क) नरहरी आचार्य, टिप्पणी संख्या ३० ।
(ख) शाह, टिप्पणी संख्या ४१, पृ. ५०-५१ ।

९३० (क) के.सी., टिप्पणी संख्या २३ (ग), पृ. ६ ।
(ख) के.सी., टिप्पणी संख्या २९, पृ. २८ (यसमा के.सी. ले फेडरेशनका कैलाश कार्कीलाई बचाउन कमलराज रेग्मी र खड्गबहादुर सिंहको निर्देशनमा अखिल पाँचौं-छैठौं र मण्डलेद्वारा यो कार्य गरिएको उल्लेख गरेका छन् ।)

९३१ तुलसीराम वैद्यसँग २०६० पौष २१ मा त्रिपुरेश्वर, काठमाडौंमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

९३२ नरहरी आचार्य र गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

दुईजना विद्यार्थी नेतालाई समातेर ठेलागाडामा राख्ने, कालोमोसो दल्ने, जुत्ताको माला लगाइदिने, दोसल्लाका रूपमा बोरा वा भाङ्ग्रा ओढाइदिने लगायतका कार्य गरियो ।[९३३] यतिले मात्र चित्त नबुझेपछि ती दुईजनालाई त्यही स्थितिमा ठेला गाडामा राखेर सहर घुमाउने योजना बनाइयो । फलस्वरूप त्यो भिडले नेताहरू भएको ठेला गाडा घचेट्दै जुलुसका रूपमा पकनाजोल, क्षेत्रपाटी, ठमेल, ठहिंटी र इन्द्रचोक हुँदै जुद्धसडक पुऱ्याएर के.सी. लाई एक लाख रूपैयाँ खाएर सम्झौता गरेको हो भन्ने कागजमा जवर्जस्ती हस्ताक्षर गराउन खोज्यो ।[९३४] तर के.सी. ले निडरता साथ पैसा खाएकै छैन किन सहि गर्ने भन्ने जवाफ दिएपछि झन उत्तेजित भएको भिडले तथानाम गाली गर्दै रत्नपार्कतर्फ लैजानका लागि ठेला गाडा अगाडि बढायो ।

माथि उल्लेख भएजस्तै कीर्तिपुरबाट अपहरण गरिदा साथ तुलसीराम वैद्यबाट सबै जानकारी पाएपछि श्री ५ का निजी सचिव नारायणप्रसाद श्रेष्ठले आवश्यक बन्दोवस्त गरी विद्यार्थी नेतालाई बचाउने प्रबन्ध मिलाए । त्यो अवस्थामा ठेला गाडासहितको जुलुस जब नयाँ सडक गेटनेर पुग्यो तब प्रहरी एवं सेनाको टोलीले एक्कासि तीनतिरबाट आक्रमण गरेर ठेला गाडामा राखिएका दुईजना विद्यार्थी नेतालाई सुरक्षाका लागि आफ्नो कब्जामा लिन सफल भयो ।[९३५] यसरी उत्तेजित भिडबाट के.सी. एवं मल्ललाई जोगाइएपछि श्री ५ को निजी सचिव श्रेष्ठले राष्ट्रिय विकाश सेवाका निर्देशक वैद्यलाई टेलिफोन गरी समयमै जानकारी दिएकोमा धन्यवाद दिए ।[९३६]

राज्यको सुरक्षा निकायले हस्तक्षेप गरी विद्यार्थी नेताहरूलाई जोगाउन सफल भएपछि आक्रोशित भएको भिडले शाही नेपाल वायुसेवा निगमको भवनमा ढुंगा हानी शिशा फुटाउने, निगमको मिनिबस जलाउने, अन्य मोटर तोडफोड गर्ने, गोरखापत्र संस्थानको टेम्पो जलाउने र तल्लो तलामा रहेका कागजका बन्डलहरूमा आगो लगाउने लगायतका अराजकतापूर्ण कार्य

---

९३३ (क) नरहरी आचार्यलगायतका केही प्रत्यक्ष दर्शिहरूले ने.वि. संघका विद्यार्थीहरूले आफैले त्यो गर्नुका पछाडि बलबहादुरलाई सांघातिक आक्रमण हुन नदिने उद्देश्य थियो ।

(ख) कैलाश कार्कीका अनुसार बलबहादुरलगायत केन्द्रीय संघर्ष समितिका तीनैजना प्रमुख नेताहरू काठमाडौँभन्दा बाहिरका भएको र तिनले काठमाडौँका प्रमुख युवा नेतालाइ नेता मानेर नेतृत्व नदिएका हुँदा रिसाएका प्रकाशमान सिंह र उनको समूहद्वारा त्यो कार्य भएको थियो ।

(ग) बलबहादुर के.सी. सँग टेलिफोनमा यसबारे सोद्धा उक्त कार्यमा संलग्न प्रमुख व्यक्ति हाल आफूसँगै एउटै पार्टीमा कार्यरत रहेको र महत्वपूर्ण पदमा पनि रहेकाले नामतोक्न र केही बोल्न नमिल्ने जवाफ दिए । तर उनको भनाइअनुसार प्रकाशमान सिंहको सक्रियता रहेको स्पष्ट हुन्छ ।

(घ) नाम उल्लेख गर्न नचाहने विभिन्न राजनेता, तत्कालीन ने.वि. संघ एवं मण्डलका केही सदस्यहरूले उल्लेख गरेअनुसार बलबहादुरले आफूलाई नेता प्रमाणित गर्न प्रकाशमान सिंहको चाहना विपरित आफैले शाही आयोगसँग सम्झौता गरेकाले रिसाएका सिंहले आफ्ना समर्थकहरूको जमातद्वारा कीर्तिपुरबाट अपहरण गरेर ल्याउनेदेखि कालोमोसो पोते र जुलुस निकाल्यने लगायतका सम्पूर्ण कार्य आफ्नै अग्रसरता एवं उपस्थितिमा गरे, गराएका थिए ।

(ङ) डा. मीता सिंहले त्यस दिनको घटनालाई जुन रूपमा वर्णन गरेकि छिन त्यसमा नचाहँदा नचाहँदै पनि प्रकाशमान सिंहको संलग्नतालाई लुकाउने प्रयास असफल भएको छ । हेर्नुहोस् डा. मीता सिंह, *बासँगका संझनाका क्षणहरू*, काठमाडौँ : डा. मीता सिंह, २०५५, पृ. ७६-८० ।

९३४ सिंह *पूर्ववत्* (ङ), पृ.७७-७८ ।

९३५ कुमार, टिप्पणी संख्या १९, पृ. ३७ ।

९३६ तुलसीराम वैद्य, टिप्पणी संख्या १६७ ।

गऱ्यो ।[१३७] यस्ता कार्यबाट उत्पन्न स्थितिमाथि नियन्त्रण कायम गर्न सेनालाई सडकमा उतारेर कर्फ्यू आदेश नै जारी गर्नु पऱ्यो । देशभित्र विद्यार्थी आन्दोलनप्रति सदासयतापूर्ण व्यवहार नगरिदा उत्पन्न जटिल परिस्थितिलाई मध्यनजर गरी श्री ५ बाट भोलिपल्टै अर्थात जेठ १० गते जनमत संग्रह गराउने घोषणा गरी स्थिति साम्य पार्ने प्रयास गरियो ।

२०३६ साल जेठ ९ गतेको त्यो विभत्स काण्ड पछि पनि सम्झौता विरोधी एवं प्रतिक्रियावादीहरूले विद्यार्थीहरू बीच अफवाह फैलाउने, चरित्र हत्या गर्ने, भडकाउनेलगायतका कार्यलाई निरन्तरता दिन थाले । त्यो स्थितिमा स्थिति नियन्त्रण गरी पठनपाठन चलाउने उद्देश्यअनुरूप बलबहादुर के.सी. एवं शरणविक्रम मल्लले पुनः एक अपिल जारी गरे । जसमा-

> डेढ महिनादेखि चलेको विद्यार्थी आन्दोलन एवं त्यसको सफलतामा सघाउ पुऱ्याउने सबैलाई धन्यवाद दिदै जेठ ९ गतेको घटनाबाट षड्यन्त्रकारीहरूको चालबाजी स्पष्ट भएको जनाउँदै सम्पूर्ण माग पूरा गराइ देशमा विद्यार्थी वर्गले पाएको इज्जतलाई कायमै राख्न र प्रतिक्रान्तिकारीको षड्यन्त्र असफल पार्न एवं आन्दोलनका क्रममा हराएका साथी-जनधनको क्षतीलगायतका यथार्थ विवरण पत्ता लगाउन वा थाहा पाउन पनि पठनपाठनमा संलग्न रही सबै मिलेर पूरा भएका माग कार्यान्वयन गराउन अघि बढौं भनिएको छ ।[१३८]

यसप्रकारको अपिल जारी गरिएपछि विस्तारै क्याम्पसहरूमा कक्षाहरू सुचारु रूपले चल्न थालेपछि प्रतिक्रान्तिका कुरा हराउँदै गए । अर्कोतिर पंचायतका यथास्थितिवादीहरूको उग्र भावना बुझेका राजाले जनमत संग्रहको घोषणा गरी पंचायतलाई नै जनअदालतमा उभ्याइदिए पछि उनीहरूको पनि तेजोवध भयो । त्यो स्थितिमा तिनले विद्यार्थी भडकाउनभन्दा पंचायत जोगाउन आवश्यक ठाने । अर्कोतिर त्रि.वि. ले विद्यार्थी यूनियन निर्वाचन गराउन थालेपछि विद्यार्थीहरूको ध्यान पनि त्यसैतर्फ गयो । फलस्वरूप देशभित्र नवीन राजनैतिक वातावरण प्रारम्भयो ।

---

[१३७] विस्तृतिका लागि (क) कुमार, टिप्पणी संख्या १९, पृ. ३७-३८ ।
(ख) गौतम, टिप्पणी संख्या ११० (ख), पृ. १६० ।
(ग) देवकोटा, टिप्पणी संख्या २०, पृ. ४७ ।
(घ) राना, टिप्पणी संख्या २, पृ. ४९५ ।
(ङ) अधिकारी (शास्त्री), टिप्पणी संख्या २६ (क), पृ. ५३२ ।
(च) सिंह, टिप्पणी संख्या १६९ (ङ), पृ. ७९-८० ।
(छ) शाह, टिप्पणी संख्या ४१, पृ. ५१ ।
(ज) *चेतना साप्ताहिक,* २०३६ साल जेठ ११ गते ।

[१३८] विस्तृतिका लागि बलबहादुर के.सी. र शरणविक्रम मल्लाद्वारा "पठनपाठनमा सरिक हुन विद्यार्थी संघर्ष समितिको हार्दिक अपिल" शीर्षकमा जारी पर्चाको प्रथम ड्राफ्ट, जसमा प्रशस्त केरमेट एवं यी दुवैको हस्ताक्षरसहित २०३६/२/११ को मिति उल्लेख छ, हेर्नुहोस् परिशिष्ट १० ।

# अध्याय – पाँच

## जनमत संग्रह र नेपाली कांग्रेस

### ५.१ जनमत संग्रह घोषणाको पृष्ठभूमि

नेपाली कंग्रेसको निर्वाचित सरकारले बनाएका योजना एवं अवलम्बन गरेको कार्यशैलीबाट असन्तुष्ट हुनपुगेका राजा महेन्द्रले आफूमा निहीत विशिष्ट अधिकारको प्रयोगबाट २०१७ साल पौष १ गते संसदीय व्यवस्था समाप्त गरी सर्वाधिकार आफूमा निहीत गरे । दलीय राजनीतिका माध्यमले व्यक्तित्व विकास गरी अनुभव बटुलेका तर स्वार्थी मनोवृत्ति भएका कतिपय राजनेता एवं युवकहरू लगायतलाई साथ लिएर राज्य संचालन गर्न चाहेका राजाले राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाएर देशको आधुनिकीकरण एवं आर्थिक विकासका नाममा पंचायती व्यवस्थाको प्रारम्भ गरे । राजाको यस कार्यबाट स्वतन्त्रता, प्रजातन्त्र एवं मानवअधिकारका लागि कटिवद्ध राजनैतिक दलहरू असन्तुष्ट हुनु स्वभाविकै थियो । तर पनि राजाले त्यसको खासै पर्वाह नगरी आफ्नै सजातीहरूलाई धोखा दिएर आएकाहरूलाई च्यापेर राज्य व्यवस्था संचालन गर्ने कार्य प्रारम्भ गरे । त्यो स्थितिमा देश विकासका लागि आवश्यक राजनैतिक एकताको अभाव हुन गई पंचायती व्यवस्था व्यक्तिगत चरित्र निर्माणको साधनका रूपमा देखापऱ्यो । जसलाई चुनौती दिएर ने.का. ले प्रतिरोध आन्दोलन प्रारम्भ गऱ्यो भने पंचायत व्यवस्थामा संलग्न नेताहरू बीचमै आपसी मनमुटाव भई अलग्गिएका र विमती राख्ने अन्य समूहले पनि राजालाई सहयोग गरेनन् ।

आफ्नो कार्यकालको प्रारम्भसँगै संसदीय व्यवस्थाप्रति असहमती जनाउने खालका विविध कार्यद्वारा षड्यन्त्र गर्दै आएका राजा महेन्द्रले पंचायती व्यवस्थाको स्थापना गर्दा पनि षड्यन्त्रकै सहारा लिएका थिए । उनले यसक्रममा राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाउँदा हाललाई भन्ने र पंचायती संविधानमा निर्दलीयता शब्दलाई अंग नबनाउने कार्यद्वारा यो परिवर्तन केही समयका लागि मात्र हो भन्ने भ्रम खडा गर्ने प्रयास गरेका थिए । तर उनको यस कार्यका पछाडि निहीत भावना बुझेको ने.का ले पंचायती व्यवस्थाप्रति स्पष्ट असहमती जनाउँदै परिवर्तनका लागि प्रतिरोध आन्दोलन संचालन गरेपछि भने उनलाई सोचे जति सरल रूपले राज्य संचालन नहुने स्पष्ट भयो । तसर्थ उनले दमनात्मक नीतिलाई अवलम्बन गर्नाले देशमा अनेकौ रक्तरंजित घटना घटन गई पंचायती व्यवस्थाको आधार नै रगत र अस्त्र हो भन्ने मान्यतालाई स्थापित गऱ्यो । त्यो अवस्थामा राजाको प्रियपात्र बनेर फाइदा उठाउन पाएका सूर्यबहादुर थापालगायतका व्यक्तिहरूको अग्रसरतामा पार्टीगत अवस्थामा फर्किनु हुँदैन भन्ने वातावरण बलियो बनाउने प्रयासहरू प्रारम्भ गरिए ।[९३९]

[९३९] विश्ववन्धु थापा, “आफन्तलाई आर्यघाट पुऱ्याएर म घर फर्के”, *जागरण,* अङ्क १, कष्णप्रसाद गौतम (सं.), काठमाडौं : नेपाल विद्यार्थी संघ वाग्लुङ-काठमाडौं सम्पर्क समिति, २०४४, पृ. १६ ।

जसबाट उत्साहित भएका राजाले २०२२ सालको अन्ततिरबाट निर्दलीयताको पक्षमा भाषण प्रारम्भ गरी निर्दलीयता नै पंचायती व्यवस्थाको मौलिक पक्ष हो भन्ने खालका अभिव्यक्तिद्वारा संसदीय व्यवस्था पुनः नफर्काउने सङ्केत दिन थाले ।

यसरी शक्ति प्रयोगबाट विरोधी दमन गर्ने र पंचायतलाई निर्विकल्प व्यवस्थामा परिणत गर्ने सोचलाई व्यवहारिकता दिन अग्रसर भएका राजा महेन्द्रले २०२३ साल माघ १४ गते संविधानको प्रथम संशोधन गरे । जसमा व्यवस्थाको निर्दलीय रूपको घोषणा र पंचायत प्रणालीको निर्देशक सिद्धान्तहरूको घोषणा गरी[९४०] दल विहिनतालाई संविधानको प्रमुख अंग बनाइयो । संविधानको यो संशोधनबाट अवसरवादीहरू प्रफुल्लित भए तापनि उदारवादी पंचलगायत दलीय राजनीतिमा विश्वास गर्ने वर्गहरू असन्तुष्ट हुन पुगे । तसर्थ राजाबाट ५-६ वर्षपछि जनतालाई सोधेरमात्र व्यवस्थाको स्वरूप स्पष्ट गरिने छ भनी दिइएको वचन पालना गरिनुपर्दछ लगायतका विषयहरू राजाकै समर्थकहरूबाट पनि उठाउन थालियो । जसलाई शान्त पार्ने बहानामा एकातिर त्यस्तो आवाज उठाउनेलाई पक्रेर जेल हालियो भने अर्कातिर जनताका सट्टा राष्ट्रिय पंचायत (रा.प.) बाट आफ्नो चाहना अनुमोदन गराउने कार्य गरियो । राजाबाट २०२३ सालको अन्ततिर आफूले ५-६ वर्षपछि जनतालाई सोधिने छ भनेको कुरा उल्लेख गर्दै सोधिएपछि रा.प. ले दलविहीन प्रजातान्त्रिक पंचायत व्यवस्थाको विकल्प छैन भनी प्रश्ताव पास गरी राय ठहर जाहेरीका रूपमा जवाफ पठायो ।[९४१] यसप्रकार केही समयका लागि भनिएको व्यवस्थालाई निर्विकल्प व्यवस्थामा परिणत गर्न सफल भएका राजा महेन्द्रले कम्यूनिष्ट पोलिट व्यूरोशैलीको गाउँ फर्क राष्ट्रिय अभियान (गाउँ फर्क) नामक निकायको व्यवस्था गरी राज्य संचालन गर्न थाले ।

राजाको सक्रियतामा जनअनुमोदित व्यवस्था समाप्त गरी आफ्नो प्रत्यक्ष नेतृत्व एवं निर्देशनमा प्रारम्भ गरिएको पंचायती व्यवस्थालाई स्थायित्व दिने प्रयास गरेपछि पनि व्यवस्थाले वैधानिकतासम्बन्धी समस्याको सामना गर्नु पऱ्यो । किनकी राजाबाट जनअधिकार समाप्त गरेर यो व्यवस्था ल्याइएको हुँदा प्रजातन्त्र, स्वतन्त्रता र मानवअधिकारका लागि संघर्षरत राजनैतिक दल एवं समूहले लादिएको व्यवस्थाको उपमासँगै विरोध गर्न थाले । जुनक्रम पछिसम्म पनि चल्दै गएकाले व्यवस्थासँग असहमत हुने शक्तिहरूलाई राजनैतिक प्रक्रियाबाट अलग राख्ने प्रयासलाई तिब्रता दिने र व्यवस्थाको समर्थन गर्नेहरूका कतिपय गलत क्रियाकलापलाई समेत नजरअन्दाज गर्ने नीतिले प्रश्रय पायो । यसबाहेक देशको आर्थिक विकासलाई तिब्रता दिन नसक्नु र व्यवस्था परिवर्तनसँगै देखाइएको आशाबाट जनस्तरमा जागेको अभिलाशा पूरा गर्न नसक्नुबाट जनताको समर्थन पनि पाउन सकेन । यस्तो स्थिति एवं अवस्थाको परिणामस्वरूप पंचायती व्यवस्था राजनैतिक क्रियाकलापको विशुद्ध विवादस्थल हुनुको सट्टा व्यक्तिगत शक्तिको

---

[९४०] टोपबहादुर सिंह, *नेपालको संविधान र संवैधानिक कानुन,* (दोस्रो संस्करण), काठमाडौं : कानुनी पाठ्यपुस्तक प्रकाशन समिति, २०४१, पृ. ५९९ ।

[९४१] थापा, टिप्पणी संख्या १, पृ. १८ ।

विस्तार एवं वैयक्तिक चरित्र हत्या गर्ने व्यवस्थाको रूपमा देखियो ।[९४२] समयक्रममा गएर चुनाव पद्धतिमा संकिर्णता, पार्टीमाथिको प्रतिबन्धलाई निरन्तरता, नागरिक अधिकारको अपहरणजस्ता नकारात्मक प्रवृत्तिहरूलाई झन कडाइ साथ लागू गरी व्यवस्थाका आधार विन्दु बनाइनाले राष्ट्रियता र प्रजातन्त्रजस्ता दुई महत्त्वपूर्ण कुराहरूको एकै ठाउँमा हत्या हुन गयो ।[९४३]

आफ्नै नेतृत्वमा नेपालको सर्वाङ्गिण विकास गर्ने पवित्र लक्ष्यअनुरूप बढेका राजा महेन्द्रले एकतन्त्रिय स्वरूपयुक्त व्यवस्थाको सहारा लिनाले जनसहभागितामुलक विश्वासिलो यन्त्रलाई लक्ष्य प्राप्तिको मूल आधार बनाउन सकेनन् । परिणामस्वरूप राजाको वरिपरी अवसरवादी चाटुकारहरूको भिड बढ्न थाल्यो । जसले राजा र व्यवस्थाको जय-जयकारलाई बढी महत्त्व दिएर त्यसो नगर्नेलाई देशद्रोही एवं अराष्ट्रिय तत्त्वको उपमा दिएर काम गर्न थाले । जनभावनाको यसरी उपेक्षा गर्न थालिनाले राष्ट्र निर्माणका लागि जनतामा प्रेरणाको स्रोत फुटेर निस्किनु पर्ने ठाउँमा भएको प्रेरणा पनि लोप हुँदै गयो । उत्साहको बाढी आउनुको सट्टा जनता परमुखापेक्षी हुँदै गए । सबैको ध्यान दरबारपट्टि केन्द्रित भएर राजाको काम भन्ने प्रवृत्ति हावि हुन थाल्यो । स्थानीय नेतृत्ववर्गमा जिम्मेवारी लिन सक्ने इमान्दारिताको विकास हुन नसक्दा राजालाई झन प्रशासनयन्त्रमा निर्भर रहनु पर्नाले नेपालको प्रगति हुन सकेन ।[९४४] यस्तो स्थिति क्रमशः बढ्दै गएपछि पंचायती व्यवस्था दिन-परदिन अलोकप्रिय हुन थाल्यो र लादिएको व्यवस्थाका रूपमा विरोधीहरूबाट गरिएको प्रचारलाई जनताहरूले पनि सहि ठान्न थाले ।

देशमा प्रचलित व्यवस्थाप्रति यस्तो नकारात्मक धारणा विकसित हुँदै गएको स्थितिमा पिताको मृत्युसँगै सिंहासनारुढ हुन पुगेका राजा वीरेन्द्रले पनि पिताद्वारा स्थापित व्यवस्थालाई निरन्तरता दिने नीति अवलम्बन गरेपछि विद्रोह, प्रतिरोध आन्दोलन एवं सरकारी दमनले निरन्तरता पायो । राज्यद्वारा व्यवस्थाको विरोध गर्नेलाई रोक्ने नाममा सेना एवं प्रहरीको बल प्रयोग गरी जेलनेललगायतका भय-त्रास उत्पन्न गराउने र हिंशा हत्याको राजनीतिद्वारा जनतालाई निस्तेज तुल्याइ जसरी हुन्छ पंचायती व्यवस्था कायम राख्ने प्रयत्न गरिनाले राष्ट्र, राजा र जनताले आन्तरिक एवं बाह्य षड्यन्त्र र खतराको सामना गर्नु पर्ने परिस्थिति उत्पन्न भयो ।[९४५] राष्ट्रियताको रक्षालाई मूल विषय ठान्ने ने.का. ले यस्तो परिस्थिति स्पष्टसँग महसुस गर्ना साथ आफूले उठाउँदै आएका सवालहरू यथावत रहँदा रहँदै पनि राष्ट्रियताको रक्षाको महत्त्व र भारतका प्रधानमन्त्री इन्दिरा गान्धीको नीतिले गर्दा बाध्य भई मेलमिलाप नीति अवलम्बन गरी नेपाल फर्कियो । ने.का. को यो कदमबाट देशभित्र उत्पन्न हलचल एवं

---

[९४२] बद्रीनारायण गौतम, नेपाली कांग्रेस र संघर्षका दश वर्ष (२०३६-२०४६), अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : इतिहास केन्द्रीय शिक्षण विभाग, २०५०, पृ. ९४ ।

[९४३] विस्तृतिका लागि विश्वेश्वरप्रसाद कोइराला, *राष्ट्र-राष्ट्रियता र प्रजातन्त्र,* वाराणसी : तरुण प्रकाशन, २०३५, पृ. १९-२१ ।

[९४४] विश्वेश्वरप्रसाद कोइराला, *पंचायती व्यवस्था प्रजातान्त्रिक छैन,* वाराणसी : तरुण प्रकाशन, २०३६, पृ. ८ ।

[९४५] सुशिल कोइराला, "मेलमिलाप एक शान्तिमय समाधान", *एकता,* तुलसी भट्टराई आदि (सं.), वाराणसी : नेपाल विद्यार्थी संघ विदेश क्षेत्र वाराणसी, २०४१, पृ. ११ ।

प्रतिक्रियाले गर्दा पंचायती राजनीतिमा खैलाबैला सुरु भयो । पंचायतका प्रवल समर्थक बनेर फाइदा लुटिरहेका यथास्थितिवादीहरू ने.का. को यो कदम सफल भएमा आफ्नो स्वार्थ सदाका लागि सिद्धिने निश्चित देखेर तिब्र विरोधमा उत्रिए भने दलीय व्यवथाका समर्थकहरूमा परिवर्तनको संभावनारूपी नवीन आशाको संचार हुन पुग्यो ।

ने.का. का नेताहरूप्रति पंचायतका समर्थकहरूद्वारा गरिएको व्यवहारले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक हलचल उत्पन्न भयो । जसलाई सूक्ष्मता साथ अध्ययन गरेका राजा वीरेन्द्रले मेलमिलाप नीतिप्रति सकारात्मक भावना प्रकट गर्न थालेपछि नेपालको राजनैतिक क्षितिजमा नवीन तरंगहरू उठन थाले । राजाको भावनाबाट आत्तिएका यथास्थितिवादीहरू राजा र ने.का. बीच मेल कायम हुन नदिने षड्यन्त्रमा लागे भने पंचायतकै सुधारवादी समूह मेलमिलापको भावनालाई कदर गरी राजनैतिक संकट समाधान गर्नु पर्दछ भन्नेतर्फ लागे । पंचायती राजनीतिभित्र नै यसरी स्पष्टतया दुई किसिमका विचारधाराहरू देखापरेको त्यो अवस्थामा राजाले वी.पी. लाई दर्शनभेट दिई लामो कुराकानी गरे । वी.पी. ले त्यसबखत राष्ट्रियतामाथिको संकटलगायतका विषयमा प्रकास पार्दै राजशक्ति एवं जनशक्तिको मेलबिना राष्ट्रियताको रक्षा गर्न नसकिने धारणा राखी पंचायती व्यवस्थामा सुधार गर्नु पर्ने आवश्यकता स्पष्ट गरे ।[९४६] जवाफमा राजाबाट समसामयिक सुधार गर्न इच्छुक रहेको आसय व्यक्त गर्दै देशव्यापी भ्रमण गरेर यथार्थ पत्ता लगाउन भनिएकाले वी.पी. द्वारा भ्रमण कार्यक्रम तयार गरियो । तर पंचायतका यथास्थितिवादीहरूद्वारा वी.पी. लाई जनस्तरमा जान नदिने, ने.का. समर्थकहरूमाथि सांघातिक हमला गर्नेलगायतका कार्य गर्नुका साथै तत्कालीन सरकारलाई पनि ने.का. विरोधी नीति अवलम्बन गर्न दवाव दिने प्रयास हुन थाल्यो ।

वास्तवमा २०१७ सालदेखि २०३५ सालसम्मको अवधिमा पंचायती व्यवस्थाले जनताका बोल्ने-लेख्ने-सभा संगठन गर्नेलगायतका अधिकारहरूको अपहरण गरी मुलुकलाई एउटा बन्दीगृह जस्तो बनाएर शासन संचालन गर्ने बाहेक खासै उल्लेखनीय कार्य हुन सकेको थिएन ।[९४७] पंचायती नीतिअनुरूपको शिक्षा आर्जन गरेका विद्यार्थीहरू वेरोजगार बस्नु परेकाले आक्रोशित थिए भने अमेरिकी सहयोगमा परीक्षणमा योजनाका रूपमा ल्याइएको नयाँ शिक्षा प्रणालीप्रति विद्यार्थी प्राध्यापक सन्तुष्ट थिएनन् । कृषिमा उन्नती एवं औद्योगिक विकासको अभावले गर्दा खस्कदो अर्थतन्त्रमा यथास्थितिवादीहरूद्वारा गरिएको लुट खसोटले गर्दा स्थिति झन विग्रदै थियो । जनअसन्तुष्टता यसरी बढिरहेको स्थितिमा पंचायतका यथास्थितिवादीहरूका उग्र व्यवहारले उत्तेजना बढाउने काम गर्दै थियो । जसलाई बुझेर पनि राजाबाट सुधारतर्फ कदम नचालिएको हुँदा गणेशमान सिंहले चुनौतीपूर्ण भावना व्यक्त गरी आन्दोलनमुखि वातावरण बनाउने प्रयास

---

९४६ (क) गिरिजाप्रसाद कोइरालासँग २०४४ माघमा भैरहवामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।
(ख) श्रीभद्र शर्मासँग २०५९ असार २२ गते कोटेश्वर भद्र निवासमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

९४७ भरतमोहन अधिकारीसँग २०६२ असार १३ गते कलंकि, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

गर्दै थिए । यसैक्रममा रेडियो बी.बी.सी. सँगको एक अन्तर्वार्तामा राजा आफै पंचायती व्यवस्थाको नेताका रूपमा संलग्न हुनाले उनको प्रतिष्ठा गिर्दै गएको उल्लेख गर्दै जनमत संग्रह गराएमा ९५% जनता राजतन्त्रका विरुद्धमा जाने चेतावनी दिए ।[९४८] भारतमा निर्वाशित जीवन विताइरहेका ने.का. का महान्त्री गिरिजाप्रसाद कोइरालाले विभिन्न भारतीय पत्रपत्रिकालाई दिएका अन्तर्वार्ताहरूमा राजाले जनमत संग्रह गराएमा बहुदल पक्षले शानदार विजय हासिल गर्ने तर्कसहित लादिएको पंचायती व्यवस्था नै सम्पूर्ण अराजकताको जड भएको स्पष्ट गर्दै आएका थिए ।[९४९] पंचायती व्यवस्थाको वैधानिकता विरुद्ध यसरी राजनेताहरू सक्रिय हुँदै गएको अवस्थामा पंचायतका यथास्थितिवादीहरूबाट ने.का. प्रतिकडा नीति अवलम्बन गर्न दवाव पुऱ्याउने प्रयास हुँदै थियो भने अन्तर्राष्ट्रियलगायतको क्षेत्रबाट पनि सुधारका लागि सुझाव आउँदै थिए । तर सुधार गर्ने चाहना हुँदाहुँदै विविध कारणले बाध्य भएका राजाले एकातिर कुनै सुधार गर्न सकेनन् भने अर्कातिर यथास्थितिवादीहरूको चाहना पनि पूरा गर्न सकेनन् । फलस्वरूप स्थिति झन जटिलतातर्फ उन्मुख भयो ।

नेपालमा यसप्रकार विष्फोटक स्थिति उत्पन्न हुने अवस्था विकसित भैरहेको अवस्थामा पाकिस्तानमा मानवअधिकारको उपहास गर्ने खालको घटना जन्मियो । जसबाट विश्व जनमत नै आक्रोशित भएको स्थितिमा नेपालका विद्यार्थीहरू विरोधपत्र दिनका लागि सडकमा उत्रिए । तत्कालीन सरकार विरुद्ध वातावरण निर्माण गर्न चाहेका यथास्थितिवादीहरूले विरोधपत्र दिन हिडेका विद्यार्थीमाथि दमनको लाठो बर्साइ भडकाएर सरकार विरोधी आन्दोलनमा परिणत गर्न सफल भएपछि आन्दोलन देशव्यापी रूपमा फैलियो ।[९५०] तत्कालीन सरकारबाट उक्त आन्दोलन साम्य पार्न नसकेपछि राजाबाट नै नागरिक समाज एवं बुद्धिजीवीहरूको मागअनुसार शाही आयोग गठन गरी वार्ता गराएर सम्झौताद्वारा आन्दोलनकारीका माग पूरा गराइयो । तर त्यसपछि राजधानीमा व्यापक घुसपैठ एवं षड्यन्त्रका माध्यमबाट जुन घटना घटन पुग्यो त्यसबाट राजासमक्ष परिस्थितिको गम्भिरताबारे नसोची नहुने अवस्था उत्पन्न भयो । राजाले देशको शासन व्यवस्था र यसका संचालकबारे पुनिर्वचार गर्न जरुरी ठानेकै बेला २०३६ साल जेठ ९ गते राती रेडियो बी.बी.सी. ले गणेशमान सिंहको अर्को अन्तर्वार्ता सार्वजनिक गऱ्यो । जसमा सदाझैं देशमा उत्पन्न सम्पूर्ण समस्याको जड नै राजाद्वारा लादिएको पंचायती व्यवस्था हो भन्दै सिंहले "राजाद्वारा निष्पक्ष जनमत संग्रह गराएमा ९८% जनताले राजाको व्यवस्थालाई अस्वीकार गर्ने छन्"[९५१] भन्दै स्पष्ट शब्दमा राजालाई चुनौती दिए । यसप्रकार पंचायती व्यवस्थाका कारणले आफ्नोसमेत बदनाम हुन थालेपछि

---

९४८ डि.पी. कुमार, *नेपाल इअर अफ डिसिजन,* न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, १९८०, पृ. ४६ ।

९४९ (क) चक्र वास्तोलासँग २०६२ असार १२ गते खुमलटार, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) शुसिल कोइरालासँग २०६० पौष २५ गते बुद्धनगर, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) गिरराज आचार्य, *जनमत संग्रह दर्पण,* धरान : इन्द्रनाथ वास्तोला, २०४२, पृ. ६७ ।

९५० श्रीभद्र शर्मा, टिप्पणी संख्या ८ (ख) ।

९५१ डा. मीता सिंह, *बासँगका सम्झनाका क्षणहरू,* काठमाडौं : डा. मीता सिंह, २०५५, पृ. ८२ ।

र पंचायतका संचालकहरू नै गलत मार्गतर्फ बढेपछि राजाले जनमत संग्रहको घोषणा गरी पंचायती व्यवस्थाको भाग्य परीक्षा गर्ने निश्चय गरे ।

## ५.२ जनमत संग्रहको घोषणा र प्रतिक्रिया

नेपालको राजनैतिक वातावरणमा पंचायती व्यवस्थाका विरोधीहरूद्वारा लादिएको व्यवस्थाको उपमाद्वारा जनमत संग्रहको माग गर्ने, व्यवस्थाकै संचालकहरूबाट आफ्नो स्वार्थसिद्धि नभएपछि कठिन स्थिति सिर्जना गर्न खोज्ने र सम्झौतापछि पनि आन्दोलनलाई विकृतितर्फ मोडनेलगायतको स्थिति देखापरेपछि राजा अमनचयन कायम गर्नका लागि कठोर कदम चाल्ने निश्चयमा पुगे । तसर्थ उनले २०३६ साल जेठ ९ गते राती नै आफ्ना विश्वासपात्र मानिस पठाएर वी.पी. कोइरालासँग सल्लाह गरे । पंचायती व्यवस्थामा सुधार गर्नु पर्ने माग गर्दैआएका वी.पी. ले जनता नै देशका सर्वोच्च निकाय भएकाले आफ्नो लागि आवश्यक राजनैतिक व्यवस्थाको चयन गर्ने अधिकार पनि जनतालाई दिएमा सबै ठीक हुन्छ भन्ने राय पठाएपछि[९५२] राजा त्यहीअनुरूप कदम चाल्न तत्पर भए । २०३६ साल जेठ ९ गते राजधानीमा घटेको घटनाबाट इरानमा जस्तै हुनेत होइन भनेर सोच्न बाध्य भएका राजाले आन्दोलनकारीहरूबाट माग्दै नमागिएको जनमत संग्रहको घोषणा गरी स्थितिमाथि नियन्त्रण लगाउने निश्चय गरे ।[९५३] यसप्रकार आफ्ना पिताद्वारा प्रजातान्त्रिक व्यवस्थाको निलम्बनसँगै केही समयका लागि भनेर स्थापना गरी २०२३ सालमा निर्विकल्प व्यवस्थामा परिणत गरेको पंचायती व्यवस्था अब विकल्पहिन रहेन भन्ने स्पष्ट भएपछि राजाद्वारा जनतालाई व्यवस्थाको भविष्य निर्धारण गर्न अधिकार दिँदै एक घोषणा जारी गरियो । तत्कालीन सरकार एवं पंचायतका कुनै पनि नेताहरूसँग कुनै किसिमको परामर्शसम्म पनि नगरीकन जनमत संग्रहको घोषणा गर्ने निश्चयमा पुगेका राजाले[९५४] उक्त घोषणाका लागि रेडियो नेपालको प्रातः कालीन समाचार वुलेटिनलाई पनि पर्खेनन् । २०३६ साल जेठ १० गते बिहान करिब ६.१५ बजेबाट पटक-पटक महत्त्वपूर्ण सन्देश आउने जानकारी प्रवाहित गर्दै ठीक ६.४५ बजे रेडियो नेपालको नियमित प्रशारणलाई बीचमै रोकेर प्रशारित उक्त घोषणामा ...लोक सम्मति नै पंचायती व्यवस्थाको आधार रहेको भन्दै हालकै पंचायत व्यवस्थालाई कायमै राखी त्यसमा सामयिक सुधार गर्दै जाने वा बहुदलीय शासन व्यवस्था स्थापना गर्ने ? जस्ता दुई मूलभूत सवाललाई गोप्य मतदानद्वारा समाधान गर्ने निर्णय गरिएको स्पष्ट गर्दै यस्तो जनमत लिदा ढिलाइ गर्न नहुने भएकाले एक

---

[९५२] शैलजा आचार्यसँग २०६१ जेठ १७ गते जयवागेश्वरी, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[९५३] (क) लोकराज बरालसँग २०६० जेठ २२ गते सानेपा, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) त्रिरत्न मानन्धरसँग २०६० पौष २४ गते त्रि.वि. कीर्तिपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[९५४] लोकेन्द्रबहादुर चन्दसँग २०६१ चैत्र २ गते लोकन्थली, भक्तपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

हप्ताभित्र राष्ट्रिय चुनाव आयोग गठन गर्ने र स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित व्यवस्था मिलाइने...[९५५] कुरा उल्लेख थियो ।

राजाबाट एक्कासि हुन पुगेको यो घोषणाको प्रशारणसँगै देशव्यापी रूपमा व्यापक प्रतिक्रिया उत्पन्न भयो । बिना कुनै सल्लाह एवं पूर्व सूचना राजाबाट गरिएको उक्त घोषणाले आश्चर्यचकित हुन पुगेका बहुदलवादी कार्यकर्ताहरू सम्भव भएजति आ-आफ्ना नेताका घरतर्फ दौडिए भने सम्भव नहुनेले टेलिफोन गर्न थाले । ने.का. का नेता गणेशमान सिंहको निवासमा पनि जनमत संग्रहको घोषणामा निहीत भावना जान्ने मनसायअनुरूप कार्यकर्ता एवं पत्रकारहरूको भिड जम्मा भयो । तर उक्त घोषणा सुन्ना साथ आफै आश्चर्यकित बन्न पुगेका सिंहले कार्यकर्ताहरूलाई थामथुम पारी वी.पी. सँग भेटने मनसायले निस्कन खोज्दा पत्रकारहरूबाट घेरिए । प्रजातान्त्रिक आन्दोलनको इतिहासमा महत्त्वपूर्ण स्थान बनाइसकेका सिंहलाई चुपचाप निस्कन दिन तयार नभएका पत्रकारहरूबाट प्रतिक्रिया मागिएपछि "आजको शाही घोषणा १९/२० वर्षको दमन र यन्त्रणापछि राजाको बुद्धि फिरेको प्रमाण हो, यसले बल्लतल्ल देशमा प्रजातन्त्रको मिरमिरे देखाएको छ तर उज्यालो हेर्न बाँकि छ"[९५६] भन्दै प्रथम प्रतिक्रिया व्यक्त गरे । वास्तवमा पंचायती व्यवस्था र त्यसका नीतिबाट असन्तुष्ट समूहलाई विश्वासमा लिन राजाबाट कुनै पनि पहल नगरिकनै एक्कासि र एकतर्फि रूपमा गरिएको उक्त घोषणाका पछाडि निष्पक्ष जनमत संग्रह हुन आवश्यक इमान्दारिताको अभाव देखेका हुँदा सिंहले त्यस्तो प्रतिक्रिया सार्वजनिक गरेका थिए ।

ने.का. का शिर्षस्थ नेता वी.पी. कोइरालाको एक लिखित वक्तव्यद्वारा जनमत संग्रहको शाही घोषणालाई हार्दिक स्वागत गरे । जसमा श्री ५ बाट देश र जनताप्रतिको आफ्नो जिम्मेवारी र ओहदाअनुरूप वैधानिक नेतृत्व प्रदान गरी समयोचित कदम चाल्ने कार्य भएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु, जनताले चाहेमुताबिक राजाबाट यो कदम चालिनु राष्ट्रिय

---

[९५५] विस्तृतिका लागि (क) श्री ५ को सरकार सूचना विभाग, *श्री ५ महाराजाधिराजबाट बक्सेका घोषणा सम्बोधन तथा सन्देशहरू २०२८-२०३८*, काठमाडौं : २०३९, पृ. २७९ ।
(ख) २०३६ साल जेठ १० गते रेडियो नेपालबाट प्रशारित जनमत संग्रह घोषणाको रेकर्ड, यो रेकर्ड मणिग्राम-रूपन्देही निवाशी कृष्णप्रसाद गौतमको संग्रहमा सुरक्षित छ ।
(ग) *चेतना साप्ताहिक*, २०३६ साल जेठ ११ गते ।
(घ) *राष्ट्र पुकार साप्ताहिक*, २०३६ साल जेठ १७ गते ।
(ङ) गृष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण (जनमत संग्रह र त्यसपछि)*, काठमाडौं : उमेशबहादुर देवकोटा, २०३९, पृ. १२१ ।
(च) किशोर नेपाल, *जनमत संग्रहदेखि जनआन्दोलनसम्म नेपाली पत्रकारिताको विकास र प्रभाव*, काठमाडौं : व्यवसायिक पत्रकारिता प्रतिष्ठान, २०५७, पृ. ६-७ ।
(छ) गणेशमान सिंह, "जनमत संग्रह गराउने राजाको घोषणा" *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५३ साल पुष १६ गते, पृ. ३ ।

[९५६] गणेशमान सिंह, "शाही घोषणापछिको पहिलो प्रतिक्रिया", *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५३ साल पुष २३ गते, पृ. ३ ।

एकताको सबभन्दा ठूलो सफलता हो, हामी प्रजातन्त्रवादीहरूले श्री ५ को सदिक्षालाई साकार बनाउनु पर्दछ...[९५७] आदि उल्लेख थियो ।

जनमत संग्रहसम्बन्धी शाही घोषणालाई ने.का. का कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईले पनि त्यसै दिन स्वागत गर्दै एक वक्तव्य जारी गरे । जसमा अन्ततोगत्वा श्री ५ वीरेन्द्रबाट श्री ५ त्रिभुवनको पद अनुशरण गरेको संज्ञा दिँदै संसदीय व्यवस्थामा विश्वास गर्नेहरूले बिना बाधा देशका कुना-कुनामा जनसमक्ष जान पाउनु पर्नेलगायतका विविध शर्तसहित हृदयदेखि नै उत्साहपूर्वक जनमत संग्रहमा भाग लिने प्रतिवद्धता व्यक्त गरेका थिए ।[९५८]

भारतमा निर्वाशित जीवन बिताइरहेका ने.का. का भरतशमशेर, गिरिजाप्रसाद कोइराला आदि नेताहरूले आफ्नो घोषणा पूरा गर्नका लागि राजाले तुरुन्त नागरिक अधिकार बहाल गर्नुपर्दछ भन्ने मागसहित यो घोषणाले प्रजातन्त्र पुनर्स्थापनाका लागि सुनौलो अवसर प्दान गरेका छ भन्दै शाही घोषणाको स्वागत गरे ।[९५९] यसबाहेक ने.का. को ३८ से समूह, सूर्यप्रसाद उपाध्याय, प्रजापरिषद्का नेता टंकप्रसाद आचार्य, नेपाली राष्ट्रिय कांग्रेसका नेता डिल्लीरमण रेग्मी, ने.वि. संघका सभापति शेरबहादुर देउवा, नेपाल कम्यूनिष्ट पार्टीका नेता मनमोहन अधिकारी, विष्णुबहादुर मानन्धर आदिले यस घोषणालाई प्रजातन्त्र पुनर्स्थापनाको सुनौलो अवसर, परिवर्तनबारे निर्णय गर्ने अवसर जनताका हातमा प्रदान गरिएको घोषणालगायतका शब्दावलीद्वारा स्वागत गरे ।[९६०]

नेपालको वाम आन्दोलनका संस्थापक पुष्पलाल समर्थक वामपन्थीहरूको समूहले यस घोषणाको भोलिपल्टै वक्तव्य जारी गरेर आशंकासहित स्वागत गर्‍यो । जसमा राजाद्वारा गरिएको भए तापनि जनमत संग्रहको यस घोषणालाई संघर्षशिल जनताको त्याग बलिदानको र प्रतिफलको रूपमा व्याख्या गर्नुका साथै जनआन्दोलनका सम्पूर्ण सहयात्रीहरूलाई अझ बढी एकजुट र जागरुक रहन आह्वान गरिएको थियो ।[९६१]

---

[९५७] (क) *राष्ट्र पुकार (साप्ताहिक),* २०३६ साल जेठ १० गते ।
(ख) *इण्डियन एक्सप्रेश,* १९७९ मे २५ ।

[९५८] (क) देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. १२३ ।
(ख) *नयाँ सन्देश साप्ताहिक,* २०३६ साल जेठ ११ गते ।

[९५९] आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ७२ ।

[९६०] विस्तृतिका लागि (क) *पूर्ववत्,* पृ. ७२-७३ ।
(ख) देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. १२२-१२५ ।
(ग) हेमराज अधिकारी (शास्त्री), *आजको नेपाल (प्रजातानित्रक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास),* काठमाडौं : श्रीमती चन्द्रकला अधिकारी, २०५८, पृ. ५३४ ।
(घ) *राष्ट्र पुकार (साप्ताहिक),* २०३६ साल जेठ १७ र २४ गते ।

[९६१] सहाना, प्रधानसँग २०६२ असार १२ गते सानेपा, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

विद्यार्थी आन्दोलनकै क्रममा नेतृत्व नपाएपछि बाउठिएका विद्यार्थीहरूलाई काखि च्यापेर सम्झौता विरुद्ध परिचालित गरेको नेकपा (माले) ले जनमत संग्रहको घोषणालाई षड्यन्त्रको संज्ञा दिँदै प्रतिक्रिया व्यक्त गऱ्यो । यसले यो घोषणालाई एकातिर तथाकथित निर्विकल्प पंचायती व्यवस्थाको हारको संज्ञा दियो भने अर्कातिर क्रान्तिकारी जनउभारदेखि आतंकित देशी विदेशी प्रतिक्रियावादीहरू- भारतेली विस्तारवादीहरू, राजा तथा ने.का. का नेताहरूद्वारा गुप्त रूपमा मिलोमतो गरी ढल्नै लागेको निरंकुशतन्त्र र प्रतिक्रियावादी वर्गीय सत्तालाई जोगाउनका निम्ति गरिएको षड्यन्त्रपूर्ण नाटक हो भन्दै धोखा हो लगायतका पर्चा छरियो ।[९६२] यसप्रकार यस दलले जनमत संग्रहको घोषणालाई धोखाको संज्ञा दिएर अभियान संचालन गर्न थालेपछि पार्टीभित्र गम्भिर बहस प्रारम्भ भयो । यसैगरी नेकपाको मोहनविक्रम समूहले पनि जनमत संग्रहको घोषणालाई नाटक र धोखाको संज्ञा दिएर आलोचना गरेका थिए ।

एक्कासि हुन पुगेको जनमत संग्रहको घोषणाबाट पंचायतको प्रमुख संचालक मानिने अदृश्य शक्तिको केन्द्र बाहेकका समर्थकहरू नै सबैभन्दा बढी आश्चर्यचकित भए । सदैव व्यवस्था र राजाको जय-जयकार गरेर स्वार्थ लुटिरहेका पंचहरू कुनै सल्लाह बिना नै राजाबाट यस्तो घोषणा गरिँदा किंकर्तव्यविमुढ हुन पुगे भने सुधारवादी भावनाका आवाज उठाउने पंचहरू हर्षित भए । जेठ १० गते रेडियो नेपालबाट उक्त घोषणा सुन्ना साथ हर्षित हुन पुगेका तत्कालीन उद्योग तथा वाणिज्य मन्त्री श्रीभद्र शर्माले यत्रो महत्त्वपूर्ण कदमबारे रेडियोले नभन्दासम्म आभाससम्म नपाएको हुँदा अब मन्त्री परिषद्मा नबस्ने निश्चय गरी राजिनामा लेखेर खल्तीमा हाली प्रधानमन्त्री निवासतर्फ लागे ।[९६३] प्रधानमन्त्री कीर्तिनिधि विष्टसमक्ष पुगेका शर्माले एक क्याविनेट मन्त्रीले राजाबाट बक्सेको यति महत्त्वपूर्ण घोषणा साधारण नागरिक सरह रेडियोबाट सुनेर मात्र थाहा पाउनु पर्दछ भने म अब मन्त्री हुन उपयुक्त ठान्दिन र राजाबाट यसबारेमा प्रधानमन्त्रीसँग सरसल्लाह भए नभएको बारे पनि सोध्न चाहन्न किनकी त्यो प्रधानमन्त्रीले सोच्ने कुरा हो भन्दै आफ्नो राजिनामा प्रस्तुत गरे । जवाफमा प्रधानमन्त्री विष्टले उक्त राजिनामा दिउँसो बस्ने क्याविनेट बैठकमा पेश गर्न भनिएपछि शर्माले बैठकमा नै राजिनामा पेश गरेकाले प्रधानमन्त्रीको चाहनाअनुसार त्यसबारे छलफल गरियो । छलफलका क्रममा कतिपय मन्त्रीले राजिनामा दिएर पन्छिनुको सट्टा पंचायतलाई जिताउन सक्रिय हुनुपर्ने राय व्यक्त गरे भने कतिपय तटस्थ बसे । त्यो स्थितिमा अकस्मात राजासँग दर्शनभेटको समय मागेर दरबारतर्फ लागेका प्रधानमन्त्रीले राजिनामा गरेर फर्केपछि शर्मालाई टेलिफोन गरी

---

[९६२] बालचन्द्र मिश्र, *झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म,* काठमाडौं : सुनौली बिहानी अभियान, २०५८, पृ. ९९-१०६ ।

[९६३] श्रीभद्र शर्मा, *वी.पी. सँगका केही सस्मरण,* काठमाडौं : एकता प्रकाशन, २०५७, पृ. १२५-१२६ ।

राजिनामा गरेको जानकारी दिएपछि बल्ल शर्माले स्वतन्त्र भएको महसुस गरे ।[९६४] यसप्रकार श्री ५ बाट जनमत संग्रहको घोषणासँगै तत्कालीन सरकारले पनि राजिनामा दियो ।

पंचायती व्यवस्थावादीहरूमध्ये व्यवस्थाको स्थापनासँगै राजासँग मिलेर काम गर्दै आएका र निर्दलीय स्वरूप युक्त निर्विकल्प व्यवस्थामा परिणत गर्न राजालाई सहयोग पुऱ्याएका यथास्थितिवादीहरूको समूह यो घोषणाबाट सबैभन्दा बढी आत्तियो । राजाको घोषणाअनुरूप निष्पक्ष-स्वतन्त्र जनमत संग्रह गराएमा आफूहरू सडकमा आइ पुग्ने सुनिश्चित भएकाले यो वर्गले सदाझैं राजाको घोषणालाई यसपटक प्रारम्भमै खुला रूपले स्वीकार एवं स्वागत गर्न सकेन । जसको मूलकारण घोषणाबाट सिर्जित प्रतिष्पर्धात्मक राजनैतिक वातावरण निकै कठिन एवं नौलो हुनु नै थियो । तसर्थ पंचायतकालीन भूतपूर्व प्रधानमन्त्रीहरूमध्ये नगेन्द्रप्रसाद रिजाल बाहेक अरूले तत्कालै प्रतिक्रिया व्यक्त नगर्नुमा नै बुद्धिमानि ठानेर चुप लागे भने केही भूतपूर्व मन्त्रीहरूले राजाको कदमलाई स्वागत गर्नु पर्दछ भन्ने खालका अभिव्यक्ति सार्वजनिक गरे ।[९६५]

यसप्रकारको विश्लेषणका आधारमा हेर्दा राजाबाट जनमत संग्रहको घोषणा हुना साथ परिवर्तनका लागि निरन्तर संघर्षरत राजनैतिक समूह ने.का. ले जसरी खुला रूपले स्वागत गऱ्यो त्यसरी अन्य कुनै समूह अगाडि आउन सकेको देखिदैन । अतिवादी वामपन्थी समूहका रूपमा चिनिने नेकपा (माले) र मोहनविक्रम समूहले धोखा र षड्यन्त्रको उपमासँगै बहिस्कार गर्ने नीति लिए भने अन्य वामपन्थीलगायतका समूहहरूले पनि पूर्वशर्त-पूर्वाधारलगायतका कुरा उठाउँदै संसयपूर्ण समर्थन गरे । पंचायतभित्रका सुधारवादी समूहले हर्ष साथ स्वीकार गऱ्यो भने यथास्थितिवादीहरूले तिब्र झटका महसुस गरी प्रारम्भमा केही नबोल्ने नीति लिए । परिवर्तनका लागि संघर्षरत ने.का. भित्र पनि यसलाई कसरी स्वीकार गर्ने भन्ने विषयमा बहस एवं छलफल प्रारम्भ भयो । तर राजाको सदासयतामा आशंका गर्नु हुँदैन भन्ने मान्यता बनाएका वी.पी. को विचारले नै अन्तमा पार्टीको नीति निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्न सफल भएपछि ने.का. प्रारम्भिक प्रतिक्रियामा नै अडिग रहेर जनमत अभियानमा सरिक भयो ।

## ५.३ जनमत संग्रहको घोषणासँगै नेपाली कांग्रेसभित्र उत्पन्न मतभिन्नता

राजाबाट एक्कासि जनमत संग्रहको घोषणा गरिएपछि नेपालको राजनैतिक जगतमा तिब्र प्रतिक्रिया सुरु भयो । आफ्ना पिताद्वारा स्थापित र निर्विकल्प घोषणा गरिएको व्यवस्थामाथि राजा वीरेन्द्रबाट एक्कासि प्रश्न चिन्ह लगाउने जुन कार्य गरियो त्यसबाट आश्चर्य चकित बन्न पुगेका व्यवस्थावादी एवं विरोधी दुवैलाई घोरिएर सोच्न बाध्य बनायो । किनकी एकातिर यो घोषणा कुनै पनि पूर्व तयारी वा पूर्व सङ्केत बिना एक्कासि आएको थियो भने अर्कातिर यसका लागि आवश्यक पर्ने कतिपय महत्त्वपूर्ण विषय एवं व्यवस्थाको कुनै उल्लेखसम्म पनि उक्त

---

[९६४] *पूर्ववत्,* पृ. १२६-१२७ ।

[९६५] आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ७४-७५ ।

घोषणामा गरिएको थिएन । जनस्तरलगायत राजनैतिक जगतले यो घोषणाका पछाडि निहीत भावना राम्रोसँग मनन गर्ने मौकासमेत नपाएकै अवस्थामा तत्कालै श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारबाट प्रकाशित एक विज्ञप्ति रेडियो नेपालबाट प्रशारण गरियो । जसमा श्री ५ बाट आज राष्ट्रका नाममा व्यक्त घोषणामा वालिग मताधिकारका आधारमा देशव्यापी गोप्य मतदानबाट व्यवस्थाको चयन वा निर्णय गरिने भएकाले सोअनुसारको शासन लागू गर्न केही समय लाग्ने हुँदा अर्को सूचना प्रकाशित नहुँदासम्म देशको शासन नेपालको संविधान दोस्रो संशोधनअनुसार नै चलाउने भन्ने उल्लेख थियो ।[९६६] राजाद्वारा एकातिर जनतालाई व्यवस्था रोज्न अधिकार दिने तर अर्कातिर लगत्तै जनअधिकारका कतिपय पक्षलाई उपेक्षा गरिएको संविधान नै क्रियाशिल राख्ने जस्ता परस्परमा मेल नखाने व्यवस्था गरिनाले राजनेता-बुद्धिजीवी आदिमा यो घोषणालाई शंकाको दृष्टिले हेर्नुपर्दछ भन्ने मानसिकता हावी हुन थाल्यो । यो मानसिकता वा भावना ने.का. भित्र पनि व्यापकता साथ उठन गएकाले स्वीकार गर्ने प्रक्रियाका सम्बन्धमा प्रमुख नेता एवं कार्यकर्ताहरूमा एकरूपता नआइ मतभेदपूर्ण परिस्थिति सिर्जना हुन थाल्यो ।

ने.का. का शिरख पुरुष वी.पी. ले २०३३ साल पौष १६ गतेदेखि नै राष्ट्र र राष्ट्रियताको रक्षा र प्रजातन्त्रको पुनर्स्थापनाका लागि राजशक्ति र जनशक्तिबीच मेलमिलाप कायम गर्नुपर्दछ भन्ने नीतिलाई नै ने.का. को मूल कार्यशैलीका रूपमा व्यवहारमा उतार्ने प्रयास गर्दै थिए । जनमत संग्रहको घोषणालाई पनि उनले आफ्नो मेलमिलाप प्रयासप्रति राजाको सदभावपूर्ण प्रतिउत्तरका रूपमा ग्रहण गरी तत्कालै खुला हृदयले स्वागत गर्ने मनस्थिति बनाए । जुन कुरा उनले तत्कालै व्यक्त गरेको प्रतिक्रियामा नै स्पष्ट रूपमा देखिन्छ । तर उनका समकक्षी गणेशमान सिंह भने राजाले जनतालाई व्यवस्था रोज्ने अधिकार दिएकाले त्यसको स्वागत गर्नु राम्रो हो भन्ने कुरामा सहमत भए तापनि प्रजातन्त्रवादीलाई अराष्ट्रिय तत्त्व ठान्ने पंचायती सरकार एवं पदाधिकारीहरूद्वारा नियन्त्रित राज्य प्रशासन, सेना, प्रहरी, पंचायतका सम्पूर्ण निकाय एवं पंचायती संविधानको यथावत अवस्थितिलगायतका कारणले सशंकित भएर खुला हृदयले स्वागत गर्न तत्पर थिएनन् ।[९६७] राजाको नियमतमा कुनै खोट नभएको मानेका खण्डमा पनि पंचायती व्यवस्था नरहेमा आफ्ना सबै स्वार्थ समाप्त हुनगई सडकमा आउनु पर्दछ भन्ने वास्तविकता बुझेका पंचायतका यथास्थितिवादीहरूले राजाले चाहे तापनि परिवर्तन हुन दिदैनन् भन्ने वी.पी. ले व्यक्त गर्दै आएका धारणासँग पूर्ण सहमत भएको हुँदा नै सिंहमा त्यो मनस्थिति आएको थियो ।

---

[९६६] देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. १२२ ।

[९६७] गणेशमान सिंह, “शर्तका कुरा कोइरालाजीले मान्नु भएन”, *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५३ माघ १ गते, पृ. ३ ।

२०३४ सलादेखि नै ने.का. को कार्यवाहक अध्यक्ष रहँदै आएका कृष्णप्रसाद भट्टराई पनि उक्त घोषणालाई खुला हृदयले समर्थन गर्ने पक्षमा थिएनन् । नेपालमा शासकहरूको कुरा एवं गराई कुनैमा पनि ठेगान नभएकाले निशिचत प्रतिबद्धता नभइकन भाग लिनु हुँदैन भन्ने उनको धारणा थियो ।[९६८] त्यो स्थितिमा राजाको जनमत संग्रहको घोषणाबारे विचार विमर्श गरी भावी योजना बनाउन ने.का. का नेताहरू जब चावेलस्थित वी.पी. कै निवासमा भेला भए तब एक आपसमा भावना साटासाट गर्न थाले । चावेल पुग्नु अगाडि सिंह र भट्टराईबीच कुनै कुरा नभए तापनि भट्टराईले तयार गरेको वक्तव्यको खेस्रामा आफ्नै धारणाअनुरूपको भाव देखेपछि खुसी भएका सिंहमा आफ्नो सोच बलियो भएको विश्वास जाग्यो ।

चावेलस्थित वी.पी. को निवासमा ने.का. का महत्त्वपूर्ण नेताहरू जम्मा हुना साथ शाही घोषणाकै बारेमा विचार विमर्श सुरु भयो । प्रारम्भमा वी.पी. ले आफ्नो पार्टीको मेलमिलाप नीति एवं मागबाट देशमा उत्पन्न हलचलका साथै पंचायतका यथास्थितिवादीलगायत स्वार्थीवर्गबाट मच्चाइएका उत्पात आदि विषयहरू बारे चर्चा गर्दै यी सबै कुरा बुझेका राजाबाट जनतालाई प्रजातन्त्र प्रदान गर्न यो कदम चालिएको भनी खुला हृदयले स्वागत गर्नु पर्ने तर्क अगाडि सारे ।[९६९] जवाफमा सर्वप्रथम सिंहले वी.पी. का कतिपय कुरामा सहमती जनाउँदै पंचायती संविधान-निकाय-सरकारलगायतको यथावत उपस्थितिमा हामीहरू क्रियाशील हुने स्वतन्त्र अवसर मिल्दैन भन्दै शाही घोषणालाई बिनाशर्त स्वीकार गर्नु हुँदैन भनेपछि भट्टराईलगायतले त्यसमा समर्थन जनाए ।[९७०] त्यसपछि वी.पी. ले अत्यन्त लामो र छुट्टै विश्लेषणसहित जनमत संग्रहको घोषणाद्वारा राजाले आफूहरूलाई राजनैतिक चुनौती दिएकाले त्यसको सामना गर्नु नितान्त आवश्यक छ भन्दै आफूलाई घेरेर बसेका प्रतिक्रियावादीहरूको जाल तोडेर बाहिर निस्कने त्यत्रो साहस गरेका राजालाई साथ दिनु पर्ने धारणा व्यक्त गरे ।[९७१] वी.पी. का तर्कलाई पचाउन र आधारयुक्त रूपमा प्रतिवाद गर्न पनि नसकेको अवस्थामा बिनाशर्त समर्थन गर्न सिंह तयार नभएपछि त्यसबारे केही क्षण विचार विमर्श भयो । जसका अन्तमा वी.पी. ले हामीबाट शर्त राख्नु भनेको गलत सल्लाह दिएर राजालाई भ्रम एवं विवादमा पार्न पल्केका यथास्थितिवादीहरूलाई बलियो बनाई एक्लै हिम्मत गरेका राजालाई कमजोर पार्नु हो भन्दै उनीहरूलाई आ-आफ्ना शर्त राख्ने स्वतन्त्रता दिएर यसबारे आफूलाई बाध्य नपार्न आग्रह गर्दै

---

९६८ राजेश गौतम, *कार्मयोगी राजनीतिज्ञ कृष्णप्रसाद भट्टराई*, काठमाडौं : वी.पी. प्रकाशन, २०५७, पृ. ८४ ।

९६९ (क) पुरुषोत्तम बस्नेतसँग २०६० पौष २१ गते ने.का. केन्द्रीय कार्यालयमा लिएको अन्तर्वार्ताको रकेर्ड ।
(ख) वासुदेव रिसालसँग २०६० पौष १५ गते कुपण्डोल, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

९७० (क) रामचन्द्र पौडेलसँग २०६० पौष २४ गते बालाजु, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) चिरन्जीवी वाग्लेसँग २०५८ जेठ ३ गते कालोपुल, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

९७१ (क) सिंह, टिप्पणी संख्या २९, पृ. ३ ।
(ख) शैलजा आचार्य र वासुदेव रिसालसँगका अन्तर्वार्ताहरू ।

त्यो विवाद अन्त गर्न खोजे ।[९७२] वी.पी. को उक्त भनाइका पछाडि रहेको भावना एवं चाहना बुझे तापनि बिनाशर्त भाग लिने कुरामा सिंहलगायतका नेताहरूको आनाकानी जारी नै रह्यो । तसर्थ पुनः बैठक बसेर निर्णय गर्ने र हाललाई आ-आफ्नै किसिमले प्रतिक्रिया व्यक्त गर्ने निर्णय गरेर त्यस दिनको विचार विमर्श अन्त गरियो ।

जनमत संग्रह घोषणासँगै स्वीकारोक्तिका विषयमा ने.का. को तरुण जमात अर्थात ने.वि. संघ लगायतका युवावर्गमा पनि भिन्दा भिन्दै धारणाहरू उठ्न थाले । पार्टीका नेताहरूमा देखिए जस्तै युवा जमातमा पनि "निशर्त की सशर्त" समर्थन भन्ने विवाद प्रारम्भ भयो । आन्दोलनबाट उत्पन्न परिस्थितिले गर्दा राजाले उक्त घोषणा गरेको ठान्ने विद्यार्थी जमातले आन्दोलनको दौरान उत्पन्न आपसि मनमुटावका आधारमा नै पार्टीले लिनु पर्ने नीतिबारे बहस प्रारम्भ गरे । यसक्रममा विद्यार्थी आन्दोलनको नेतृत्व लिने, हरेक गतिविधिमा संलगन रहेर जेललगायतको दमन भोगी आन्दोलन सफल पार्ने युवा विद्यार्थी नेताहरूले शाही घोषणा आफ्नो उपलब्धि हो भन्दै त्यसलाई बिनाशर्त स्वीकार गरी पंचायतलाई समाप्त गर्नु पर्दछ भन्दथे ।[९७३] २०१७ साल पश्चातका हरेक आन्दोलनमा सक्रिय रूपले सहभागि हुँदै लामो अनुभव बटुलेका लगायत २०३५-०३६ को आन्दोलनमा नेतृत्व नपाएका र जेठ ९ गतेको काण्डका सूत्रधार आदिले यो घोषणाका पछाडि पनि दरबारको स्वार्थ रहेकाले पूर्वाधार निर्माणका लागि बाध्य पारेर मात्र स्वागत गर्ने तर्क दिन्थे ।[९७४] यसबाहेक मेलमिलाप नीतिबाट प्रभावित हुँदाहुँदै पनि पंचायतका यथास्थितिवादीहरूको दवाव, आफ्नो पारिवारिक दवावलगायतका कारणबाट अगाडि बढ्न नसकेका राजाले आन्दोलनका बहानामा प्रजातन्त्रमा जानका लागि चालेको यो कदममाथि शंका गर्नु हुँदैन खुला रूपले स्वागत गर्नु पर्दछ भन्नेहरूको पनि कमि थिएन ।[९७५] यसप्रकार तरुण एवं विद्यार्थीहरूमा पनि नेताहरूमा देखापरेको विभाजित मानसिकता देखापऱ्यो । संभवतः नेतृत्ववर्गबाट आफ्नो धारणालाई बल पुग्ने वातावरण निर्माण गर्ने सोचअनुरूप आफ्ना निकटका विद्यार्थी-तरुणहरूलाई दिइएको गोप्य निर्देशनले गर्दा त्यो वातावरण सिर्जना भएको थियो ।

ने.का. का हरेक कार्यक्रमलाई जनस्तरमा पुऱ्याएर कार्यान्वयन गर्ने युवाहरूमा पनि विभाजित मानसिकता देखिएपछि नेताहरूले साम्य पार्ने प्रयास गर्दै सम्झाउन थाले । सर्वप्रथम वी.पी. ले सबैलाई झैं राजाले प्रजातन्त्र दिनका लागि गरेको यो प्रयासलाई शंकाको दृष्टिले नहेरी

---

९७२ (क) *पूर्ववत्* (क) ।
(ख) गणेशमान सिंहले २०४४ सालको माघमा पश्चिमाञ्चल भ्रमणका बेला पोखरामा ने.वि. संघका विद्यार्थीसमक्ष आफू र वी.पी. बीच प्रायः गम्भिर सवालमा प्रशस्त बहस छलफल हुन्थ्यो भन्ने सन्दर्भमा आफूले जनमत संग्रहको घोषणाकै दिन पूर्वशर्त बिना भाग नलिने अडान राख्दा वी.पी. आफूलाई पूर्वशर्तका कुरा उठाएर जनदवाव सिर्जना गर्न स्वतन्त्रता दिँदै तर मलाई पनि त्यही बाटो हिडन नभन्न भनेको उल्लेख गरेका थिए ।

९७३ (क) डा. गंगाधर लम्सालसँग २०६० असार ३ गते भरतपुर, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) ऋषिकेश तिवारीसँग २०५८ जेठ २६ गते मणिग्राम, रूपन्देहिमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

९७४ चिरन्जीवी वाग्ले, रामचन्द्र पौडेल र डा. गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

९७५ (क) देवेन्द्र नेपालीसँग २०६० जेठ २१ गते बलभद्र मार्ग, काठमाडौँमा लिएको अन्तर्वार्ताको रकेर्ड ।
(ख) अशोक कोइरालासँग २०६० वैशाख २६ गते मधुमारा, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

प्रजातन्त्र विरोधी तत्त्वलाई परास्त गर्ने मौकाका रूपमा प्रयोग गर्न एकजुट हुनुपर्ने अवस्था आएको छ लगायतका कुराद्वारा सहमत गराउने प्रयास गरे ।[९७६] कार्यवाहक अध्यक्ष भट्टराईले पनि यो घोषणालाई स्वाधिनता र पराधिनताको छनोटका अवसरका रूपमा लिएर देशव्यापी रूपमा अभियान चलाइ षड्यन्त्र नै भए तापनि असफल बनाउने दायित्व बोक्ने युवाहरू विभाजित मनस्थिति त्यागेर एकजुट भई अगाडि बढ भनेर विवाद साम्य पार्ने प्रयास गरे ।[९७७] तर युवा-तरुण विद्यार्थीहरू यतिबाट मात्र सन्तुष्ट नभएपछि अन्ततोगत्वा नेताहरूद्वारा राजनैतिक बन्दीहरूको रिहाइ, मानवअधिकारको पुनर्वहाली, राष्ट्रिय शिक्षाको व्यवस्थालगायतका मागहरू उठाएर बहुदलीय पक्षमा जनमत तयार गर्न कटिवद्ध भएर लाग्ने अनुमती दिएर चित्त बुझाउने प्रयास गरे ।

युवा जमातलाई थामथुम पारे तापनि पार्टीका महत्त्वपूर्ण नेता सिंह राजाले चुनौती दिएको भन्ने वी.पी. को तर्कसँग सहमत हुँदाहुँदै पनि बिनाशर्त स्वीकार गर्ने नीति लिएर ने.का. अगाडि बढ्नु हुँदैन भन्ने पक्षमा अडिग थिए । उनले वी.पी. लगायतका प्रमुख नेताहरूको उपस्थितिमा राजाबाट ने.का. को संगठनात्मक स्थितिलगायतका अवस्थाको राम्रो अध्ययन गरी पंचायती व्यवस्थालाई कायमै राखेर गराउने जनमत संग्रहलाई शाही षड्यन्त्रको संज्ञा दिँदै "कम्तिमा पनि सम्पूर्ण राजबन्दीहरूको बिनाशर्त रिहाइ तथा प्रवाशमा रहेका साथीहरूको आम माफि, अविलम्ब पंचायतका सम्पूर्ण निकायको निलम्बन, अन्तरिम सरकारको गठन, वाक तथा प्रकाशन स्वतन्त्रतामाथि बन्देज लगाउने कानुनहरूको निलम्बन तथा खारेजी, निष्पक्ष चुनाव आयोगको गठन"[९७८] आदि पाँचवटा पूर्वशर्त राखेर मात्र भाग लिनु पर्ने तर्क राखे । उनका कुरा सकिना साथ कार्यवाहक अध्यक्ष भट्टराई एवं महामन्त्री परशुनारायण चौधरीले उनका कुरामा सहमती जनाए । तर जब वी.पी. ले ती शर्तहरू राजाले मानेनन् भने के गर्ने नी ? जनमत संग्रह वहिष्कार गर्ने ? हामीले बहिस्कार गर्‍यौं भने त्यसको परिणाम के हुन्छ ? आदि प्रश्न उठाएर जवाफ मागे तब भट्टराई एवं चौधरी पनि पूर्वशर्त नराख्ने पक्षमा लागे ।[९७९]

वी.पी. को तर्कलाई भट्टराई एवं चौधरीले समर्थन गरेपछि सिंहले उठाएको प्रस्तावले पार्टीभित्र आधिकारीक मान्यता पाउन नसके तापनि यो त्यसै सेलाएर पनि गएन । सन्तुष्ट हुन नसकेका सिंहलाई वी.पी. ले हाम्रा माग राजाले मान्छन् भन्ने ग्यारेन्टी नभएको अवस्थामा पूर्वशर्त वा मागका पछाडि लाग्नुभन्दा यो घोषणाबाट उत्पन्न परिस्थितिलाई एक अवसरका रूपमा प्रयोग गर्नु पर्दछ भनेर चित्त बुझाउन खोजे । यसप्रकार उनले यदि म पूर्वशर्त राखेर अगाडि बढ्दा राजाले मानेनन् भने के हुन्छ ? म के गर्न सक्छु ? हालसम्म जनमानसमा वी.पी.

---

[९७६] (क) देवेन्द्र नेपाली र पुरुषोत्तम बस्नेतसँगका अन्तर्वार्ताहरू ।
(ख) ब्रतराज आचार्यसँग २०६१ चैत्र १७ गते भानुचोक, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[९७७] डा. गंगाधर लम्साल, रामचन्द्र पौडेल र वासुदेव रिसालसँगका अन्तर्वार्ताहरू ।

[९७८] गणेशमान सिंह, "नखाउँ भने दिनभरीको शिकार खाउँ भने कान्छा बाको अनुहार", *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५३ साल माघ ८ गते, पृ. ३ ।

[९७९] *पूर्ववत्* ।

ले मागे राजाले दिन्छन् भन्ने जुन दृष्टिकोण छ त्यो सबै राजाले नमानेका खण्डमा चकनाचुर भएर हाम्रो स्थिति के हुन्छ ? लगायतका प्रश्नद्वारा बिनाशर्त भाग लिनु बाहेक अन्य विकल्प नरहेको स्पष्ट गरेका थिए ।[९८०] तसर्थ जनमत संग्रहको घोषणालाई राजाको अग्रसरतामा चालिएको २००७ सालपछिको महत्त्वपूर्ण कदमका रूपमा स्वीकार गर्नु पर्दछ भन्दै वी.पी. ले "२००७ सालमा राजा त्रिभुवनले जनताको साथ दिए झैं यसपटक पनि राजा वीरेन्द्रले यो घोषणाद्वारा प्रजातन्त्रप्रतिको आफ्नो आस्था प्रकट गरेका छन्"[९८१] भन्दै जन चाहनाअनुसार चालिएको राज कदमका रूपमा परिभाषित गर्ने नीति लिए ।

वास्तवमा वी.पी. एक परिपक्व र दुरदर्शि राजनेता थिए । उनले सदैव तत्कालीन परिस्थितिलाई मात्र नहेरी दुरगामी परिणाम एवं प्रभावलाई समेत विचार गरेर रणनीति एवं धारणा निर्माण गर्दथे । आफ्नो निर्णयलाई सबैबाट अनुमोदन गराइ छाडने अदभुत क्षमता भएका वी.पी. ले छलफल गराएर सबैको चित्त नबुझाउँदासम्म त्यसलाई कार्यान्वयनमा ल्याउँदैनथे । नेपालमा उनको तर्कशैली एवं विश्लेषण क्षमताका अगाडि टक्कर लिन सक्ने अर्को कुनै राजनेता पनि थिएन । उनको तर्क, विश्लेषण एवं धारणालाई खण्डन गर्न नसकेपछि अन्तमा सिंहलाई पनि सहमती जनाउन करै लाग्यो । फलस्वरूप बिनाशर्त जनमत संग्रहको घोषणालाई स्वीकार गरी बहुदलीय पक्षमा सक्रिय हुने रणनीति लिएर ने.का. अगाडि बढ्ने निश्चय गरियो ।

यसप्रकार वी.पी. को धारणा नै ने.का. को मूलभूत नीति बन्न पुग्यो । जसका पछाडि यसले प्रजातन्त्र पुनर्स्थापनाका लागि गर्दै आएको प्रयास एवं पहल कदमीलाई राजाबाट भएको सुनुवाइका रूपमा ग्रहण गर्ने वी.पी. को मानसिकता नै थियो । त्यो स्थितिमा पार्टीभित्र उत्पन्न मतभिन्नता समाप्त हुन गएपछि भावी रणनीति निर्माणको बाटो खुलाउन वी.पी. सफल भए ।

## ५.४ नेपाली कांग्रेस जनमत संग्रहको तयारीमा

प्रजातन्त्र पुनर्स्थापनाका सवालमा राजासँग नीतिगत वेमेल हुँदाहुँदै पनि मेलमिलापको वातावरण निर्माण गरी देशभित्रबाटै राष्ट्रियताको रक्षा र प्रजातन्त्रको पुनर्स्थापना कार्यलाई अगाडि बढाउने मूलनीतिअनुरूप सक्रिय रहेको ने.का. ले जनमत संग्रहको घोषणाबाट महत्त्वपूर्ण गोरेटो प्राप्त गऱ्यो । राज्यका सम्पूर्ण स्रोत साधनद्वारा सम्पन्न र १९ वर्षदेखि राज्य संचालनमा सक्रिय शक्तिसँग मुकाबिला गरी लक्ष्यमा पुग्न बाध्य पार्ने गरी राजाबाट गरिएको यो घोषणालाई चुनौतीका रूपमा स्वीकार गरी बढ्ने निश्चय गरेका वी.पी. ले निकै मेहनतपछि आफ्ना शिर्षस्थ सहयोगीलगायतलाई सहमत गराउन सफल भए । पार्टीभित्रका आन्तरिक मतभिन्नतालाई समाप्त गरेपछि वी.पी. ने.का. ले अवलम्बन गर्नु पर्ने आगामी नीति तयार गर्नेतर्फ लागे । ने.का. को स्थापनासँगै महत्त्वपूर्ण राजनेताका रूपमा सक्रिय हुँदै आएका वी.पी. को क्षमता एवं

[९८०] नरहरी आचार्यसँग २०५८ पौष २३ गते चुनदेवी, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[९८१] बलदेव मजगैया (सं.), *वी.पी. कोइराला : विचार-विन्दु*, काठमाडौं : मेलमिलाप प्रकाशन, २०४७, पृ. ८१ ।

कार्यशैलीका पछाडि सदैव राजभक्तिले प्रश्रय पाइरहन्थ्यो । तर उनी निरंकुश राजतन्त्रका समर्थक भने थिएनन् । राज संस्थालाई सम्मानीत एवं गरिमामय संस्थामा रूपान्तरण गरेर पंचहरूका मात्र नभै सम्पूर्ण नेपालीका संरक्षकको स्थान दिलाउन कटिबद्ध वी.पी. ले सदैव संवैधानिक राजतन्त्रको वकालत गर्दथे । जनमत संग्रहको घोषणालाई आफ्नो चाहना एवं नीतिअनुरूप चल्न राजाले गरेको प्रतिवद्धताका रूपमा लिएर नै उनले बिनाशर्त समर्थन गर्नु पर्ने धारणा राखी पार्टीलाई त्यसैअनुरूप अगाडि बढाउनेतर्फ लागे ।

नेपालको राजनीतिमा सक्रिय नेतृत्व प्रदान गर्ने राज चाहना एवं महत्त्वाकांक्षाले गर्दा राजनैतिक दलहरू प्रतिवन्धित गरिएपछि जनसहभागितामुलक राजनीतिको सट्टा राज इच्छाको राजनीति सुरु भयो । जसअन्तर्गत निर्दलीय पंचायती व्यवस्था कार्यान्वयनमा आएपछि प्रतिरोध आन्दोलन संचालनतर्फ बढेको ने.का. का गतिविधिले गर्दा राजशक्ति र प्रजातान्त्रिक शक्तिबीच मुठभेडको स्थिति उत्पन्न गरायो । जसबाट अन्ततोगत्वा मुलुकको अस्तित्वमाथि नै संकटको स्थिति देखापरेपछि ने.का. मुठभेडको राजनीति छाडेर नेपाल फर्कियो । त्यसबाट तर्सिएका पंचायतका यथास्थितिवादीहरूले उग्र हठवादिता प्रदर्शन गर्दा पनि वी.पी. ले राजासँग सहमती कायम गरेर नै प्रजातन्त्रको स्थापना गरिनु पर्ने नीतिमा जोड दिँदै आएका थिए ।[९८२] मुलुकभित्र उत्पन्न हुने उग्र कटुता एवं संघर्षलाई रोक्न खुला छलफल एवं सहमतीका आधारमा शान्तिपूर्ण र वैधानिक उपायले परिवर्तन गर्न नसकेमा मुलुकले गम्भिर अनिष्टको सामना गर्नु पर्ने कुरामा समेत वी.पी. विश्वस्त थिए ।[९८३] तसर्थ आफ्ना सहकर्मीहरूबाट अनेकौं आशंका व्यक्त गरिदा पनि सदैव राजाको नियतमा शंका गर्नु हुँदैन भन्ने अडानबाट उनी विचलित भएनन् ।

राजाको सदासयतामा विश्वास गरी अगाडि बढ्ने निश्चयसँगै वी.पी. ले एकातिर आफ्ना सहकर्मीहरूलाई लामो समयसम्म प्रतिवन्धित रहेर प्रायः छिन्न भिन्न जस्तो भएको पार्टी संगठनलाई पुनर्गठित गर्ने कार्यमा लगाए भने अर्कातिर अन्य पंचायत विरोधी समूहसँग भेट गरी उनीहरूको भावना बुझ्ने प्रयास गर्न थाले । प्रारम्भमा नेपालको वाम आन्दोलनका संस्थापक नेता पुष्पलाल श्रेष्ठको निधनपश्चात भर्खरै काठमाडौं आइपुगेकी उनकी पत्नी सहाना प्रधानलाई बोलाएर सक्रियता साथ जनमत संग्रहमा लाग्ने र बहुदललाई जिताउने सम्बन्धमा कुरा राखे ।[९८४] जवाफमा सहानाले आफू भर्खरै मात्र आएकाले सार्थीहरूसँग बसेर छलफल गरेपछि मात्र ठोस जवाफ दिन सक्ने जनाएपछि उनी त्यसमा सहमत भए । वी.पी. ले त्यसपछि अर्का वामपन्थी नेता मनमोहन अधिकारीसँग भेटेर जनमत संग्रहमा जनअधिकार बहालीका लागि बहुदल पक्षमा सक्रिय हुनु नै आजको मूलभूत आवश्यकता हो लगायतका तर्कहरू राखे ।

---

[९८२] सुशिल कोइराला, टिप्पणी संख्या ११ (ख) ।

[९८३] *राजधानी साप्ताहिक,* २०४२ साल भाद्र २ गते ।

[९८४] (क) सहाना प्रधान, टिप्पणी संख्या २३ ।
(ख) सुशिला श्रेष्ठ, *सहाना प्रधान स्मृतिका आँखि झ्यालबाट,* काठमाडौं : स्वप्नवाटिका प्रकाशन, २०६०, पृ. १३४ ।

जसलाई सहर्ष स्वीकार गर्दै अधिकारीले बहुदलीय पक्षलाई जिताउनका लागि कार्य समाप्तिसँगै स्वतह नै विघटन हुने प्रावधानसहित वी.पी. को अध्यक्षतामा एउटा कमिटी बनाउने अनुरोधसहित आफूलगायत अन्य बहुदलवादीहरू त्यसको सदस्य बन्न तत्पर रहेको स्पष्ट गरी संयुक्त मोर्चा निर्माणको प्रस्ताव राखे ।[९८५] अधिकारीको प्रस्तावबारे सल्लाह गरौंलाको जवाफ दिएपछि वी.पी. ले अन्य विभिन्न समूह, उदारवादी पंचलगायतसँग भेट गरी बहुदल पक्षमा लाग्न आह्वान गरेका थिए । यस्ता कार्यहरूले वी.पी. एक दूरदर्शी, परपक्व र वफादार नेता भएको प्रमाणित गर्दछ ।

नेपालको राजनीतिमा शासन संचालनदेखि सशस्त्र संघर्षसम्मको अनुभव बटुलेका वी.पी. ले अन्य पंचायत विरोधीलगायतका समूहको इमान्दारिता, चरित्र आदि राम्रोसँग बुझेका थिए । तसर्थ प्रारम्भमै एकात्मक वा संयुक्त मोर्चा बनाएर जानुको सट्टा आ-आफ्ना शैलीबाट अभियान प्रारम्भ गर्ने निश्चय गरी त्यहीअनुरूपको नीतितर्फ लागे (उनमा यो भावना विकसित हुनुका कारणबारे पछि यथास्थानमा चर्चा गरिने छ) जसअन्तर्गत प्रारम्भमा उनले राष्ट्रवाद एवं लोकतन्त्रमा विश्वास गर्ने जति सबैलाई एक अनुशासित संगठनका कार्यकर्ताका रूपमा खटेर पूर्ण आस्थाका साथ राष्ट्रियता, प्रजातन्त्र एवं समाजवादको पक्षमा काम गर्न निर्देशन दिए ।[९८६]

आफ्नो पार्टीको केन्द्रीय तहमा उत्पन्न मतभिन्नतालाई टालटुल गरी जनमत संग्रहको तयारीमा लागेका वी.पी. ले सोचे जस्तो सजिलो परिस्थिति त्यसबेला थिएन । २०१७ सालदेखि ने.का. जनस्तरमा जान नपाएको हुँदा त्यसबखत वी.पी. ले निर्माण गरेको संगठन छिन्नभिन्न थियो । बाध्यता, लोभ वा प्रलोभनलगायतका कारणले गर्दा उनका कतिपय पुराना सहयोगीहरू नै पंचायतभित्र प्रवेश गरी सत्ता सुख भोगेर खाँटी पन्च बनिसकेका थिए । १९ वर्षको अवधिमा पंचायती व्यवस्थाले निर्माण गरेको र राज्यका सम्पूर्ण साधन स्रोतको संरक्षणमा रहेको पंचायती नेटवर्क अध्यावधि सक्रिय थियो । जसका पक्षमा काम गर्ने स्थानीयदेखि केन्द्रसम्मका विभिन्न निकायहरू कार्यरत नै थिए । सबैभन्दा महत्त्वपूर्ण कुरा पंचायती व्यवस्थाको स्थापनासँगै राजाको व्यवस्थाका रूपमा गरिएको प्रचारले गर्दा नेपालको धर्मभिरु समाजमा पंचायत र राजा एक अर्काका पर्यायवाची हुन भन्ने धारणाले जरा गाडि सकेको थियो । त्यो स्थितिमा २०१७ साल पौष १ गतेको राजाको कदमलाई राष्ट्रघाती तथा प्रजातन्त्र विरोधीको संज्ञा दिंदै आएको ने.का. ले आफ्नो अस्तव्यस्त, क्षतविक्षत, असंगठित एवं साधनहिन संगठनका माध्यमले मुकाविला गर्न खोज्दा ठूलो कठिनाइको सामना गर्नु पर्ने सुनिश्चित नै थियो । तर पनि आन्दोलनमा जति-जति उग्र हुँदै जान्छौं त्यति-त्यती पछि पर्दै जान्छौं भन्ने मान्यतामा विश्वस्त वी.पी. ले केही न केही नछाडेमा जनसमक्ष

---

[९८५] भरतमोहन अधिकारी, टिप्पणी संख्या ९ ।

[९८६] किरन मिश्र, *वी.पी. कोइराला एक परिचय,* नई दिल्ली : विश्व प्रकाशन, १९९४, पृ. ९४ ।

जाने बहाना पनि पाइँदैन भन्दै पंचायती षड्यन्त्रको एकिन हुँदाहुँदै पनि जनमत संग्रहलाई जनतासमक्ष जाने बहानाका रूपमा ग्रहण गरी पार्टीको नीति निर्माणतर्फ लागे ।[९८७]

शक्ति सम्पन्न पंचायतको विपक्षमा सशक्त ढंगले बढ्नका लागि ठोस रूपरेखा एवं कार्यक्रम तय गर्न ने.का. व्यस्त रहेकै अवस्थामा गाइँगुइँ रूपले उठेका पूर्वाधारको मागलगायतका विषयबारे पत्रपत्रिकाले लेख्न थाले । त्यो स्थितिमा राजाबाट एकपछि अर्को गर्दै विभिन्न कार्यहरूको घोषणा गरियो । जसमध्ये राष्ट्रिय चुनाव आयोगको गठन, विष्टको राजिनामा पछि रिक्त रहेको प्रधानमन्त्रीमा रा.प. को सिफारिसमा थापाको नियुक्ति, अंचलाधिशहरूको हेरफेर एवं नयाँ नियुक्ति, जनमत संग्रहमा निर्धक्क-स्वतन्त्र र संयमित तरिकाले आफ्ना कुराहरू अभिव्यक्त गर्न आमसभा बैठक गर्ने-लेख लेख्नेलगायतका अभिव्यक्ति स्वतन्त्रता प्रदान आदि मुख्य थिए ।[९८८] जनमत संग्रह सम्पन्न गर्ने उद्देश्यले गरिएका यसप्रकारका कार्य गर्दा ने.का. लगायत कुनै पनि बहुदलवादी नेताहरूसँग कुनै सल्लाह नगरिनाले जनमानसमा राजाबाट षड्यन्त्रको प्रारम्भ भइसकेको लगायतका आवाज उठन थाले ।

राजाबाट गरिएका यस्ता कार्यपछि नेपालको राजनैतिक वातावरण एक्कासि तात्न थाल्यो । जनस्तरबाट स्वतन्त्रताका समयमा मात्र गरिने बहस, छलफल एवं आलोचनाका आवाजहरू चोक एवं सडकहरूमै खुला रूपमा उठाइन थाल्यो । नेता एवं कार्यकर्ताहरूले आफूमाथि उत्तरदायित्व आइपरेको महसुस गरी जनतासँग समेत मिलेर भावि क्रियाकलापबारे योजना निर्माणलगायतका क्रियाकलाप प्रारम्भ गरिए । २०१७ सालदेखि प्रतिवन्धित भएका राजनैतिक दल एवं तिनका दलीय गतिविधिमाथिको प्रतिवन्ध यथावतै रहे तापनि त्यस्ता दलका नेताहरूले वक्तव्यवाजीबाट आफ्ना कार्य प्रारम्भ गरे भने नेपाली प्रेश जगतले पनि स्वतन्त्र एवं निर्भय भएर प्रकाशन कार्य सुरु गऱ्यो ।[९८९] एकाएक प्रारम्भ भएको यस्तो उत्तेजक परिवेश एवं अवस्थामा राजनेताहरूका तर्फबाट देशवाशीसमक्ष सर्वप्रथम आफ्नो अपिल प्रशारित गर्ने नेता वी.पी. कोइराला थिए । जसले अभिव्यक्ति स्वतन्त्रता प्रदान गरिदाको भोलिपल्टै एक अपिल जारी गरी जनमत संग्रहको विधिवत प्रारम्भ गरे । सम्पूर्ण देशवाशीलाई बहुदलको पक्षमा सक्रिय भएर प्रजातन्त्र वा विनाशमध्ये प्रजातन्त्र रोज्न अनुरोध गरिएको उक्त अपिलमा-

---

[९८७] (क) निलाम्बर पन्थीसँग २०५८ मंसिर ३० गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) डिल्लीरमण शर्मासँग २०५८ कार्तिक १३ गते मंगलापुर, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[९८८] (क) गणेशमान सिंह, "म एक्लो वृहस्पती बन्न पुगेको थिएँ", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५३ साल माघ २२ गते, पृ. ३ ।
(ख) राजेश गौतम, *नेपालको संवैधानिक इतिहास र राजनीति,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०५४, पृ. १६२-१६३ ।
(ग) आचार्य, टिप्पणी संख्या १० (ग), पृ. ७०, १०१, १०९-११० ।
(घ) ऋषिकेश शाह, *पोलिटिक्स इन नेपाल १९८०-१९९१ : रेफरेण्डम, स्टेलमेट एण्ड ट्रायम्फ अफ पिपुल पावर,* (तेस्रो संस्करण), न्यू दिल्ली : मनोहर पब्लिकेशन, १९९२, पृ. ५३-५४ ।

[९८९] ऋषिकेश शाह, *एस्सेज इन द प्राक्टिस अफ गभर्नमेण्ट इन नेपाल,* न्यू दिल्ली : मनोहर पब्लिकेशन, १९८२, पृ. १४२ ।

> २००७ सालको क्रान्ति र २००७ साल फाल्गुण ७ गतेको शाही घोषणाको मर्म, सिद्धान्तलाई मार्ग दर्शक एवं प्रेरणा स्रोतका रूपमा स्वीकार गर्दै जनमत संग्रहमा सुधारिएको पंचायती व्यवस्था वा बहुदलीय व्यवस्थामध्ये कुनै एकको चयन गर्नु मात्र नभइ यथार्थ रोजाइ त प्रजातन्त्र वा विनाशको बीचमा मात्र छ, .. राष्ट्रका लागि विनाशकारी, विघटनकारी, प्रतिगामी, राष्ट्रघाती सिद्ध भइसकेको पंचायती व्यवस्थाबाट राष्ट्रिय एकताका लागि वातावरण सिर्जनामा वर्तमान शाही घोषणाले पहिलो पटक राष्ट्रिय एकताका लागि वातावरण सिर्जना गरी महत्त्वपूर्ण निर्णय गर्ने अवसर प्रदान गरेको छ, .. सबैले विगतको इतिहास ध्यानमा राखि राष्ट्रिय हित र प्रजातन्त्रको महिमालाई बुझि अन्तस्करणको निर्णय अभिव्यक्त गर्नु पर्दछ, .. यस्तो महत्त्वपूर्ण राष्ट्रिय निर्णयको मार्गमा हाम्रा कुनै दलगत पूर्वाग्रह वा संयोजित गुटबन्दीले बाधक बन्नु हुँदैन भन्दै प्रत्येक वयस्क नेपालीलाई उत्साहपूर्वक अन्तस्करणको निर्णय गर्न आह्वान गरिएको थियो ।[९९०] यसबाहेक विभिन्न कारण र परिस्थितिवश आफूसँग छुट्टिएका, कतिपय राजनैतिक प्रश्नहरूमा आफूसँग सहमत हुन नसकेका र स्वयं व्यवस्थामा प्रवेश गरेकाहरूलाई पनि आफ्नो आत्माको वाणि सुनेर प्रजातन्त्रको पक्षमा अग्रसर हुन अनुरोध गर्नुका साथै संघर्षको स्थिति भएको ठाउँमा पनि संघर्ष समाप्त गर्न स्पष्टसँग भनेको पाइन्छ ।[९९१]

देश वा राष्ट्र भनेको भूगोल होइन-माटो होइन यथार्थमा त्यो जनता हो, जुन कुराले जनताको हित हुन्छ त्यही देश हितको कुरा हो, जनताको अधिकार देशको अधिकार हो, जनताको अधिकार हनन् देशको अधिकार हनन् हो[९९२] भन्ने मान्यतामा कटिवद्ध बी.पी. ने.का. का शिखर नेता थिए । जसले आफ्ना सहकर्मीलाई पदीय जिम्मेवारी दिएको भए तापनि ने.का. को नीति निर्माणमा उनकै वर्चस्व थियो । उनको अदभूत विश्लेषणात्मक एवं तार्किक क्षमताले गर्दा भिन्न विचार एवं धारणा हुँदाहुँदै पनि भट्टराई एवं सिंहले उनका कुरा काटन सक्दैनथे । जुन स्थिति अन्य राजनेताहरूमा पनि थियो । बी.पी. को व्यक्तित्वमा विद्यमान अभूतपूर्व आकर्षणका कारणले गर्दा ने.का. को जन्मदेखि बी.पी. को निधनसम्मकै क्षणमा उनको निकट पुग्ने हरेक व्यक्ति उक्त आकर्षणबाट प्रभावित रहे ।[९९३] यस्तो स्थिति रहेको नेपालको राजनैतिक जगतमा बी.पी. को प्रथम अपिल प्रकाशित हुना साथ जुन हलचल प्रारम्भ भयो त्यसले ने.का. बहुदलीय पक्षमा सक्रिय भइसकेको धारणा विद्युतीय गतिमा फैलाउने काम गऱ्यो ।

तर त्यसबखत नेपालमा विद्यमान राजनैतिक शक्तिहरू अत्यन्त विभाजित स्थितिमा थिए । प्रजातन्त्रको पुनर्स्थापना एवं मानवअधिकार बहाली आदि उद्देश्यअनुरूप लामो संघर्ष संचालन गरैर कैयौं कार्यकर्तालाई शहिदको श्रेणिमा पुऱ्याउन बाध्य भएको ने.का. ले अब उक्त उद्देश्य जनमतका माध्यमबाट पूरा गराउनु पर्ने स्थिति आयो । जसलाई पूरा गर्न राज्य सत्ता-साधन-स्रोतले सम्पन्न शक्तिसँग मुकाबिला गर्नु पर्ने सुनिश्चित नै भएकाले चुनौतीका रूपमा स्वीकार गरी बढ्ने निश्चय गरियो । फलस्वरूप केन्द्रीय तहका बी.पी. लगायतका नेताको अग्रसरतामा कार्यक्रम निर्माण गरी जिल्ला तहसम्म जारी गरियो । प्रारम्भमा एकातिर देशव्यापी रूपले जिल्लादेखि गाउँस्तरसम्म नै बहुदल प्रचार समिति गठन गर्ने, बी.पी. को अपिललाई

---

९९० विस्तृतिका लागि विश्वेश्वरप्रसाद कोइरालाद्वारा २०३६ साल जेठ १७ गते "बी.पी. कोइरालाको अपिल" शीर्षकमा जारी गरिएको पर्चा ।

९९१ *पूर्ववत्* ।

९९२ विश्वेश्वरप्रसाद कोइराला, *स्वतन्त्रता र राष्ट्रियता,* वाराणसी : शैलजा आचार्य र तरुण, मिति उल्लेख नभएको, पृ. २ ।

९९३ रेवतीरमण सुवेदी, *निष्ठाका सगरमाथा गणेशमान सिंह,* काठमाडौं : अनुष्का प्रकाशन, (दोस्रो संस्करण), २०५९, पृ. ४३ ।

देशव्यापी बनाउने, बहुदलीय व्यवस्थाको चिनारी एवं महत्त्व स्पष्ट हुने खालका सामग्री एवं सन्देशहरू जनताको घर दैलामा पुऱ्याउने, जनसभाहरूको आयोजना गरी केन्द्रलाई जानकारी दिने, किसान-मजदुर-विद्यार्थी-भूतपूर्व सैनिक आदिलाई संगठित गर्न भूमिगत शैलीमा संगठन निर्माण गरी सक्रिय बनाउने, बहुदल प्रचार बुलेटिन प्रकाशित गर्नेलगायतका अधिकार दिएर आफ्नो संगठनका इकाइहरूलाई निर्देशन जारी गरियो भने अर्कातिर जेठ २५ गते काठमाडौँ टुडिखेलमा आमसभा गरी बहुदल प्रचारमा विधिवत उत्रिएको घोषणा गर्ने निश्चय गरियो ।[९९४]

यसबाहेक देशको जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरूको परिचालन बिना जनमत संग्रह अभियानमा गतिशिलता नआउने निश्चयसँगै त्यसका लागि महिला संघकि अध्यक्ष मंगलादेवी सिंहलाई जिम्मा लगाइयो । जसलाई सहर्ष स्वीकार गरेर श्रीमती सिंहले शैलजा आचार्य, लीला कोइरालालगायतका महिला नेतृहरूसँग परामर्श गरी अभियान चलाउनेतर्फ लागिन । फलस्वरूप श्रीमती सिंहको अध्यक्षतामा महिला बहुदल प्रचार समिति गठन गरी जिल्ला-जिल्लामा त्यसका शाखाहरू खोल्न थालिए ।[९९५]

केन्द्रबाट निर्देशन जारी गर्ना साथ ने.का. का कार्यकर्ताहरूमा सक्रियता वृद्धि हुन गएपछि देशव्यापी उत्साहको वातावरण प्रारम्भ भयो । फलस्वरूप प्र.ने.का. बहुदल प्रचार समितिका नामले जिल्लादेखि गाउँसम्म नै समिति गठन गर्ने, विभिन्न प्रचार सामग्री प्रकाशन-वितरण गर्ने, युवा विद्यार्थीको सक्रियतामा भित्ते लेखन गर्ने, जनसभाहरूको आयोजना गरी पंचायती व्यवस्थाका विकृति एवं शोषणात्मक नीतिको पर्दाफास गर्ने, पर्चा-पम्प्लेटद्वारा पंचायती कार्यशैली-दमन-शोषणको पर्दाफास गर्ने, बहुदलीय पक्षमा सरिक भएर पंचायती निरंकुशता चुडाल्न आह्वान गर्नेलगायतका कार्यहरूद्वारा जनभावना बटुल्नका लागि युद्धस्तरमा तयारी प्रारम्भ भयो ।[९९६]

---

[९९४] (क) रामकृष्ण ताम्रकारसँग २०६१ असार २० गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) राजेश्वर नेपालीसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) शुक्रराज शर्मासँग २०५९ चैत्र २६ गते महेन्द्रपुल, पोखरामा लिएको अन्तर्वार्तको रेकर्ड ।
(घ) रामचन्द्र पौडेल, अकोश कोइराला, चिरन्जीवी वाग्ले, देवेन्द्र नेपाली, पुरुषोत्तम बस्नेत, वासुदेव रिसाल, डिल्लीरमण शर्मा आदिसँगका अन्तर्वार्ताहरू ।

[९९५] (क) शैलजा आचार्य, टिप्पणी संख्या १४ ।
(ख) श्रीमती लीला कोइरालासँग २०६१ जेठ १५ गते सानेपा, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) मीरा बस्नेत, *नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिलावर्गको भूमिका,* काठमाडौँ : मीरा बस्नेत, २०५३, पृ. ५८ ।
(घ) सिंह, टिप्पणी संख्या १३, पृ. ८५ ।

[९९६] (क) डा. वृखेशचन्द्रलालसँग २०६० जेठ १३ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) आमोदप्रसाद उपाध्यायसँग २०६० वैशाख २८ गते शहिदमार्ग, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) जगन्नाथ पंडितसँग २०६० पौष २२ गते टेकु, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) गोविन्द कँडेलसँग २०६० असार १२ गते अनामनगर, काठमाडौँमा लिएको अन्तर्वार्ता रेकर्ड ।
(ङ) भुवनराज सुवेदीसँग २०५८ असार १० गते वानेश्वर, काठमाडौँमा लिएको अन्तर्वार्ता रेकर्ड ।
(च) हरीप्रसाद पोखेलसँग २०५८ मंसिर २६ गते भानुपथ, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(छ) रामचन्द्र पौडेल, अशोक कोइराला, गंगाधर लम्साल, देवेन्द्र नेपालीसँगका अन्तर्वार्ताहरू ।

देशव्यापी रूपमा जनलहर सिर्जना गरी बहुदलीय व्यवस्थालाई विजयी गराउने लक्ष्य लिएको ने.का. ले तयारीका क्रममा सर्वप्रथम आफ्ना स्रोतहरूलाई परिमार्जन गरेर छरिएका संगठन सूत्रहरू एकवद्ध गर्न प्रचार समिति गठन गर्दादेखि नै विचार पुऱ्याउने निर्देशन दिएको थियो । यसका लागि केन्द्रले जनसहभागिता बढीभन्दा बढी जुटाउन सकेसम्म धेरै मानिसहरू राखेर समिति गठन गर्ने, चन्दा दिन चाहनेहरूसँग न्यूनतम रू. एकसम्म पनि उठाउने, जिल्लास्तरीय नेताहरूले प्रचार-प्रसार कार्यक्रम बनाइ दिएर अनुगमन-सम्बोधन गर्ने, प्रचार कार्यमा सकेसम्म युवाहरूलाई परिचालन गर्ने, अशान्ति सिर्जना हुने खालका क्रियाकलाप हुन नदिन प्रयास गर्ने, बहुदलवादीहरूले अत्यन्त संयमता अपनाउने, आफूले सहेर भए पनि व्यवस्थावादीहरूलाई दमन गर्ने मौका नदिने आदि विभिन्न पक्षतर्फ ध्यान पुऱ्याउन भनिएको थियो ।[९९७]

२०१७ सालको कदमपश्चात पार्टीद्वारा आयोजित प्रजातान्त्रिक आन्दोलनलाई व्यवहारिक स्वरूप दिने क्रममा नै जन्मिएर प्रजातन्त्र, मानवअधिकार एवं देशको राष्ट्रिय विषयलगायतका प्रजातन्त्रका आधारका लागि संघर्ष गर्दै आएको ने.वि. संघलाई पनि सक्रिय बनाउनका लागि ने.का. ले यसका केन्द्रीय नेताहरूलाई निर्देशन दियो । पार्टीका हरेक निर्देशनलाई शिरोपर गर्दै आएको ने.वि. संघले तत्कालै एक अपिल प्रकाशित गर्दै आफ्ना हरेक इकाइहरूलाई जागरुक हुन आह्वान गऱ्यो । जसमा प्रजातन्त्र प्रादुर्भाव हुन लागेको बेला आन्दोलनका कुरा गर्ने प्रजातन्त्रका दुश्मन हुन्, आउँदो जनमत संग्रह सफल हुन नदिने यो नयाँ मण्डलेको षड्यन्त्र हो.. अप्रजातान्त्रिक तत्त्वहरू बहुदलीय व्यवस्था आउन लाग्यो भनेर आत्तिएका छन्.. प्रजातन्त्र आयो भने यो राष्ट्रको अस्तित्व रहन्छ.. आज एउटा पाइलो गलत चालेमा भोलि देश रहने छैन.. आउँदो जनमत संग्रह सफल बनाऔं उल्लेख गर्दै जेठ २५ गते काठमाडौं टुडिखेलमा आयोजित कार्यक्रममा उपस्थितिका लागि अनुरोध गरिएको थियो ।[९९८] त्यसपछि ने.वि. संघले विद्यार्थीहरूलाई आफ्ना वर्गीय समस्याहरूका अतिरिक्त समाजप्रतिको जिम्मेवारी महसुस गरी प्रजातन्त्रप्रतिको बचनवद्धता पालना गर्दै पढाइलाई स्थगित गरेर आ-आफ्ना गाउँ एवं सहरतर्फ फर्किने निर्देशन दियो ।[९९९] परिणामस्वरूप यो संगठनका तर्फबाट केन्द्रदेखि गाउँस्तरसम्म नै बहुदल प्रचार समितिहरू गठन गरी "देशमा जनमत संग्रहको मौका आएको बेला, जनताले मतदानबाट शासन व्यवस्था परिवर्तन गर्ने मौका पाएको बेला आफ्नो

---

[९९७] (क) डा. शंकर उप्रेतीसँग २०६० जेठ २ गते शनिश्चरे अर्जुनधारा, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) महेश्वरलाल श्रेष्ठसँग २०६० असार २ गते नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) केशवराज पराजुलीसँग २०५९ चैत्र २७ गते गैह्रापाटन, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) गोपालकुमार बस्नेतसँग २०६० जेठ ३ गते चारपाने विर्तामोड, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) गिरिराज आचार्यसँग २०६० जेठ ६ गते चतरालाइन, धरानमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(च) कृष्णलाल सापकोटासँग २०६० असार २ गते नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(छ) अशोक कोइराला, रामचन्द्र पौडेल, व्रतराज आचार्य, भुवन राज सुवेदी, हरीप्रसाद पोखेल, निलाम्बर पन्थी, गोविन्द कँडेल आदिसँगका विभिन्न अन्तर्वार्ताहरू ।

[९९८] विस्तृतिका लागि "नेपाल विद्यार्थी संघको अपिल" शीर्षकमा जारी पर्चा, जारी कर्ता एवं मिति उल्लेख नभएको ।

[९९९] नेपाल विद्यार्थी संघ केन्द्रीय समिति, *नेपाल विद्यार्थी संघ (इतिवृत्तात्मक परिचय)*, काठमाडौं : केन्द्रीय प्रचार तथा साहित्य समिति, मिति उल्लेख नभएको, पृ. ६९-७० ।

सम्पूर्ण शक्ति यतैपट्टि केन्द्रित गरी प्राप्त अवसरको सदुपयोग गर्दै एकैचोटीमा यो तानाशाही व्यवस्थालाई हत्याइदिउँ" भन्ने उद्घोषणसहित जनताको घरदैलोमा पुग्ने अभियान संचालन गरियो ।[१०००]

यसप्रकार जनमत संग्रहको तयारमिा जुटेको ने.का. देशव्यापी अभियान संचालनतर्फ लाग्यो । पंचायती व्यवस्थाको निरंकुश नीति तथा कार्यशैलीले गर्दा अत्याधुनिक प्रेशलगायतका संचार साधनहरू फस्टाउन नसकेको नेपालमा जे जति यस्ता साधनहरू थिए ती पनि सबैजसो सरकारकै नियन्त्रणमा थिए । जसलाई आफूले एकलौटी रूपमा प्रयोग गर्ने तर बहुदलवादीहरूलाई प्रयोग गर्न नदिने नीति तत्कालीन सरकारले अवलम्बन गऱ्यो । त्यो स्थितिमा ने.का. का नेताहरू समक्ष अपिल, वक्तव्य, जारी गर्ने र देशव्यापी भ्रमणद्वारा जनस्तरमा आफ्ना धारणा पुऱ्याउने बाहेक अरू विकल्प रहेन । नेपालमा त्यसबखत प्रकाशित हुने पत्रपत्रिकामध्ये प्रजातान्त्रिक भावना भएका व्यक्तिहरूको संलग्नता रहेकाहरूको संख्या अत्यन्त न्यून थियो । जसमध्ये होमनाथ दाहालको सम्पादन एवं प्रकाशनमा निस्कने "राष्ट्र पुकार साप्ताहिक" ले पूर्णतः ने.का. को पक्षधरका रूपमा सक्रियता देखाएर यसका भावना एवं विचारलाई जनसमक्ष पुऱ्याउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो ।[१००१] स्थापनाकालदेखि नै प्रजातान्त्रिक विचारको पक्षपाती मानिने यो पत्रले जनमत संग्रहको घोषणासँगै ने.का. का भावना एवं नेताहरूका विचार, भाषण आदिलाई प्रमुखता दिएर जनस्तरसम्म पुऱ्याउने काम गऱ्यो । परिणामस्वरूप ने.का. बहुदल पक्षमा जुटेको धारणा देशव्यापी हुन पुग्यो । यसप्रकार जनमत संग्रह घोषणाको एक महिना वित्दा नवित्दै ने.का. ले गरेको तयारीले महत्त्वपूर्ण स्वरूप लिन पुगेकाले देशव्यापी रूपमा बहुदल र ने.का. को चर्चा परिचर्चा प्रारम्भ भयो ।

## ५.५ जनमत संग्रहमा सहभागितासम्बन्धी मतभेद र नेपाली कांग्रेस

श्री ५ वीरेन्द्रबाट जनमत संग्रहको घोषणा गरी पंचायती व्यवस्थाको भविष्यमाथि प्रश्न चिन्ह लगाइएपछि त्यसमा भाग लिने तौर तरिकालगायतका विषयमा व्यापक प्रतिक्रिया उत्पन्न भयो । २०१७ सालमा संसदीय व्यवस्थाको समाप्ति र राजनैतिक दलहरूमाथि प्रतिवन्ध लगाएर स्थापित पंचायती व्यवस्थाको संचालन गर्न निर्मित पंचायती संविधान, प्रशासनिक संयन्त्र एवं केन्द्रदेखि स्थानीय तहसम्मका पंचायतका निकाय आदि यथावतै रहेर त्यसैद्वारा गराइने जनमत संग्रहप्रति अनेकौं आशंका राख्दै भाग लिने वा नलिनेलगायतका धारणाहरू देखापरे । ने.का. मा वी.पी. कोइराला बाहेकका अन्य प्रभावशाली नेता, केही वामपन्थी समूहलगायत विभिन्न राजनेताहरूले यो घोषणाका पछाडि पंचायतलाई जिताउने दरबारिया चाल रहेको जनाउँदै केही पूर्वाधार राखेर मात्र भाग लिनु पर्दछ भन्न थाले । अतिवादी वामपन्थी समूहका रूपमा चिनिने केही

---

[१०००] बद्रीनारायण गौतम, टिप्पणी संख्या ४, पृ. ११२-११३ ।

[१००१] नेपाल, टिप्पणी संख्या १७ (च), पृ. १० ।

समूहले बहिस्कार र भण्डाफोर गर्नु पर्दछ भन्न थाले भने पंचायतका केही उदारवादी नेताहरूले जनमत संग्रह गराउनुका सट्टा राजाबाट सोभै बहुदलीय व्यवस्था प्रदान गरिनु पर्दछ भन्न थाले ।

२०३३ सालमा मेलमिलाप नीति अवलम्बन गरेर नेपाल फर्केदेखि नै राजशक्ति र जनशक्ति बीच मेल कायम गरी राष्ट्रियताको रक्षा एवं प्रजातन्त्रको पुनर्स्थापना गर्नु पर्दछ भन्ने नीतिअनुरूप बढेका वी.पी. ले जनमत संग्रहमा पनि ने.का. लाई त्यही नीतिअनुरूप क्रियाशिल गराउँदै थिए । राजाबाट उक्त नीतिप्रति सकारात्मक भावना व्यक्त गरेपछि यथास्थितिवादीहरूबाट उत्तेजित बनाउने प्रयास गरिएपछि उत्पन्न परिस्थितिमा ने.का. का कार्यकर्ताहरूमा विचलन देखिन थाल्यो । त्यो स्थितिमा जनमत संग्रहको घोषणापश्चात राजाबाट तिब्र गतिमा एकपछि अर्को गर्दै चालिएका कदमपश्चात ने.का. का कार्यकर्ताहरूमा राजाप्रतिको वी.पी. को धारणा परिवर्तन हुने आशा जाग्यो । तर सबैको आशा विपरित वी.पी. ले “देशलाई सहि बाटोमा ल्याउन दरबार एवं जनताबीच प्रभावकारी सहयोगको आवश्यकता पर्ने हुँदा राजा वीरेन्द्रको नियतमा शंका गर्नु हुँदैन”[१००२] भनेर यथास्थितिवादी एवं सहयोगी दुवै पक्षलाई आश्चर्यचकित बनाइदिए ।

राजशक्ति र जनशक्तिको मेल हुनु पर्ने नीतिमा दृढ वी.पी. ले राजाको यो घोषणालाई समभदार नेपालीका रूपमा स्वीकार गरे । पंचायत विरुद्ध देशमा बढ्दो राजनीतिक संकटलाई टार्ने र पूर्व स्थिति पुनः प्राप्त गर्न आवश्यक समय लिने राजाको एउटा चालका रूपमा यो कदमलाई व्याख्या गर्ने नेपालका अन्य राजनेताहरूको धारणाबाट पंचायत प्रणालीप्रति उनको विश्वास हटिसकेको र प्रजातान्त्रिक पक्षमा लाग्ने निर्णय गरिसकेको स्पष्ट भएको तर्क दिँदै राजाको नियतमा शंका नगर्ने नीति लिए ।[१००३] संभवतः ने.का. का यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई राज्यले मार्दा वी.पी. ले जसरी धैर्य राख्न सकेका थिए त्यस्तै धैर्य वी.पी. ले शर्त राखेका खण्डमा राजाले पनि राख्न सक्लान भन्ने कुनै ग्यारेन्टि थिएन ।[१००४] राजाले धैर्य राख्न नसक्नुको अर्थ जनमत संग्रहका सट्टा भिडन्त सुनिश्चित थियो र भिडन्त भएका खण्डमा वी.पी. ले मृत्यु वा विदेश पलायनमध्ये एकलाई नरोजी हुँदैनथ्यो । जुन कुरा राम्रोसँग बुझेको हुँदा नै वी.पी. शर्त राख्ने पक्षमा नभएको हुनसक्दछ ।

प्रारम्भमा वी.पी. को नीतिप्रति ने.का. भित्रैबाट असहमतीका आवाजहरू पनि उठेका थिए । खासगरी गणेशमान सिंहले २०१७ साल पौष १ गतेको कदमलाई राष्ट्रघाती एवं प्रजातन्त्र विरोधीको संज्ञा दिँदै आएको परिवेशमा जनमत संग्रहमा बिनाशर्त भाग लिँदा यदि पंचायत पक्षको विजय भएमा एकातिर पंचायत जनअनुमोदित व्यवस्थाका रूपमा स्थापित हुने र अर्कोतिर बहुदलीय व्यवस्था जनताद्वारा अस्वीकृत व्यवस्था प्रमाणित हुने स्थिति आउँछ भन्दै पूर्वशर्त राखेर मात्र भाग

---

[१००२] भोला चटर्जी, *पोर्ट्रेइट अफ अ रिभोलुसनरी वी.पी. कोइराला,* न्यू दिल्ली : अंकुर पब्लिसिङ्ग हाउस, १९८२, पृ. १० ।
[१००३] *पूर्ववत्,* पृ. ६-७ ।
[१००४] बद्री घिमिरेसँग २०५८ साल पौष २३ गते नयाँ वानेश्वर, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

लिने धारणा राखेका थिए ।[१००५] जसलाई मान्न तयार नभएका वी.पी. ले उठाएका तर्कलाई कसैले काटन नसकेपछि वी.पी. को विचार नै ने.का. को विचारका रूपमा स्थापित भयो ।

ने.का. ले राजाको नियतमा शंका नगरी बिनाशर्त जनमत संग्रहमा भाग लिने निश्चयसँगै तयारी प्रारम्भ गरेपछि अन्य पंचायत विरोधी समूहहरू पनि सल्बलाए । स्वर्गीय पुष्पलालद्वारा नेतृत्व गरिएको र उनको मृत्युपछि भर्खर-भर्खर संगठित गरिएको वामपन्थी समूहले वक्तव्य जारी गरी शाही घोषणा स्वतन्त्र एवं निष्पक्ष जनमत संग्रहप्रति गम्भिर छ भने जेलमा रहेका-मुद्दा खेपि रहेका र मुद्दा किनारा लागेका तमाम राजबन्दीहरूको तुरुन्त रिहाइ, जनतालाई वाक स्वतन्त्रता प्रदान गरी पंचायती व्यवस्थाको पक्ष-विपक्षमा लेख्ने-सभाहरू गर्नेलगायतका स्वतन्त्रताको पूर्ण ग्यारेन्टि, पंचायती सरकारको खारेजी एवं सर्वसम्मत राष्ट्रिय सहमतीको सरकारको स्थापना, सम्पूर्ण पंचायती निकायहरूलाई पक्ष वा विपक्षमा आलोचना प्रत्यालोचना गर्ने खुला छुट आदि प्राथमिक शर्त पूरा गरियुन भन्ने धारणा सार्वजनिक गऱ्यो ।[१००६] यो समूहले जनमत संग्रह निष्पक्ष रूपमा सम्पन्न गर्नका लागि जनताले स्वतन्त्रता पूर्वक काम गर्न पाउनु पर्दछ भन्ने मान्यताअनुरूप उपरोक्त शर्तहरू सार्दै ती पूरा गरिएमा मात्र घोषणामा विश्वास गर्न सकिने जनाएको थियो ।

पुष्पलालको निधनपछि छुट्टै वामपन्थी पार्टीका रूपमा जन्मिएको नेकपा मनमोहन समूहका नेता मनमोहन अधिकारीले पनि जनमत संग्रहको घोषणालाई प्रजातन्त्रका लागि जनताले गरेको आन्दोलनको प्रतिफल मानेर बहुदलीय पक्षमा दृढता साथ उभिने निश्चय गरे । बिनाशर्त समर्थन जनाएर सहभागि हुनु भनेको पंचायतलाई नै विजयी हुने मौका दिनु हो भन्ने धारणाका समर्थक अधिकारीले बहुदल पक्षमा सहभागिता गर्न आवश्यक नीति तय गर्न आफ्नो समूहको बैठक बोलाए ।[१००७] उक्त बैठकमा गरिएको व्यापक छलफलपछि सशर्त रूपमा भाग लिने निश्चय गरियो । बैठकको निर्णयपश्चात अधिकारीले एक वक्तव्य जारी गरी पंचायतका सबै निकायहरूको विघटन, स्वतन्त्र-निष्पक्ष निर्वाचनका लागि अन्तरिम सरकारको गठन, जेलमा थुनिएका र भारतीय निर्वासनमा रहेका राजनेताहरूको आम माफि, गाउँ फर्क राष्ट्रिय अभियानको निलम्बन एवं आफ्ना धारणा जनसमक्ष पुऱ्याउन प्रचार-प्रसार गर्ने स्वतन्त्रता आदि पूर्वशर्त राख्दै ती पूरा गरिएका खण्डमा मात्र राजाको साहसिक एवं समयोचित निर्णयको कदर हुने धारणा व्यक्त गरे ।[१००८]

तत्कालीन नेपालको वाम आन्दोलनमा अतिवादी अर्थात उग्रवादी समूहका रूपमा चिनिने नेकपा (माले) ले जनमत संग्रहको घोषणालाई जनक्रान्तिको विरुद्ध एउटा षड्यन्त्रको संज्ञा दिँदै भण्डाफोर र बहिस्कार गर्ने नीति लियो । ने.का. र यसका नेता वी.पी. कोइरालालाई तथानाम गाली

---

[१००५] सिंह, टिप्पणी संख्या ४०, पृ. ३ ।

[१००६] (क) सहाना प्रधान, टिप्पणी संख्या २३ ।
(ख) श्रेष्ठ, टिप्पणी संख्या ४६ (ख), पृ. १३४-१३५ ।

[१००७] भरतमोहन अधिकारी, टिप्पणी संख्या ९ ।

[१००८] (क) *पूर्ववत्* ।
(ख) लोकराज बराल, *नेपाल्स पोलिटिक्स अफ रेफरेण्डम अ स्टडि अफ ग्रुप पर्सनालिटिज एण्ड ट्रेण्डस,* न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, १९८३, पृ. ७४ ।

गर्दै जारी गरिएको एक अपिलमा यो समूहले "देशभरी संघर्षमा उत्रिरहेका जनतालाई सुधार र परिवर्तनका आश्वासनहरूले भ्रममा पार्न, राजतन्त्रको विरोध गर्नेहरूलाई भुक्याएर राजतन्त्र एवं निरंकुशता जोगाउन राजाबाट गरिएको धोखापूर्ण घोषणाको संज्ञा दिँदै जनक्रान्ति विरुद्धको षड्यन्त्र मानेर बहुदलीय व्यवस्थाको भ्रमजाल च्यात्दै जनमत संग्रह बहिस्कार गरौं" [१००९] भन्दै जनसमुदायसमक्ष आह्वान गऱ्यो । झापा संघर्षका कुरा गरेर नथाक्ने यो समूहले बहिस्कार-भण्डाफोरलगायतका चर्का कुरा गरे तापनि पछिसम्म यसमा कायम रहन सकेको पाइँदैन ।

यसबाहेक ने.का. ३८ समूह, प्रजापरिषद्का टंकप्रसाद आचार्य, नेपाली राष्ट्रिय कांग्रेसका डिल्लीरमण रेग्मी, ऋषिकेश शाह आदिका समूहरू, रसियन साम्यवाद समर्थक डा. केशरजंग रायमाझी समूह, नेकपा मानन्धर समूह, तुलसीलाल समूह, चिनिया साम्यवाद समर्थक रोहित समूह आदिले पनि सर्वदलीय अन्तरिम सरकार, राजबन्दीहरूको आम माफि तथा रिहाइ, पंचायत पक्षको सरकारी संचार माध्यमको एकलौटी प्रयोग गर्न नपाउने आदि पूर्वशर्त राखेर मात्र भाग लिनु पर्ने धारणा राखे ।[१०१०] पूर्वशर्तहरू राखेर दवाव दिने कार्यसँगै बहुदलीय पक्षमा जनमत तयार गर्न सक्रिय हुने मनमोहन अधिकारीले पछि गएर अर्को एक शर्त पनि थप्ने काम गरे । आफ्नो प्रचार अभियानका क्रममा काठमाडौं टुडिखेलस्थित खुलामंचमा आयोजित आमसभामा भाषण गर्दै अधिकारीले "१८ वर्ष पुगेका प्रत्येक नागरिकलाई मताधिकार प्रदान गरी जनमत संग्रहमा भाग लिने अवसर दिनु पर्दछ"[१०११] भन्दै युवा-विद्यार्थीका पक्षमा आवाज उठाए ।

विभिन्न पंचायत विरोधी राजनैतिक दल एवं समूहहरूबाट जनमत संग्रहमा सहभागिताका लागि यस्ता पूर्वाधारहरू अगाडि सारिए तापनि ने.का. का बी.पी. कोइराला त्यसलाई मान्न तयार भएनन् । जसका पछाडि आफ्नो मेलमिलाप नीतिको कार्यान्वयन प्रक्रियामा कुनै अविश्वास एवं आशंकालाई प्रवेश गर्न नदिने उच्च मानसिकता एवं दृढ निश्चयले काम गरेको थियो । निर्णय प्रक्रियामा जनताको सर्वोपरितालाई स्वीकार गरेका राजाले मेलमिलापकै अभिप्रायअनुरूप काम गर्दै जनमत संग्रहको घोषणा गरी ने.का. कै बाटो स्वीकार गरेर प्रजातान्त्रिक पक्षमा सामेल भएको[१०१२] विश्वाससहित बी.पी. ले शाही घोषणाप्रति राजा पनि इमान्दार हुनुपर्दछ र हामी पनि इमान्दार रहनुपर्दछ भन्दै आशंका गर्न नहुने दृढता व्यक्त

---

[१००९] विस्तृतिका लागि नेपाल कम्यूनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) केन्द्रीय कमिटिद्वारा २०३६ भदौमा "जनमत संग्रह जनक्रान्तिको विरुद्ध एउटा षड्यन्त्र हो ! यसलाई भण्डाफोर र बहिस्कार गर्दै सशस्त्र संघर्षको बाटेमा अघि बढौं !!" शीर्षकमा जारी पर्चा ।

[१०१०] (क) गिरिराज आचार्य, रामचन्द्र पौडेल, सहाना प्रधान, भरतमोहन अधिकारी, अशोक कोइराला, महेश्वरलाल श्रेष्ठ आदिसँगका अन्तर्वार्ताहरू ।
(ख) जितबहादुर पुरीसँग २०६० जेठ ३ गते भद्रपुर, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) रामचन्द्र अधिकारीसँग २०५८ जेठ २ गते सामाखुसी, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) कैलाश कार्कीसँग २०६१ कार्तिक १७ गते जयवागेश्वरी, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१०११] (क) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. २३८ ।
(ख) श्रेष्ठ, टिप्पणी संख्या ४६ (ख), पृ. १३५ ।

[१०१२] भोला चटर्जी, *प्यालेश पिपुल एण्ड पोलिटिक्स नेपाल इन पर्सपेक्टिभ,* न्यू दिल्ली : अंकुर पब्लिसिङ्ग हाउस, १९८०, पृ. १७९ ।

गरे ।[१०१३] यसरी वी.पी. पूर्वाधारको प्रस्तावमा असहमत भएपछि नेपालको तत्कालीन राजनीतिमा एक नयाँ बहस प्रारम्भ भयो । कतिपय राजनेता एवं अखवारहरूले उनलाई घमण्डि, ठूलो दलको तुजुग देखाउने नेतालगायतका विभुषण लगाउँदै प्रशस्त आलोचना पनि गरे । तर त्यसबाट कत्ति पनि विचलित नभइकन आफ्नो निश्चयमा अडिग रहेका वी.पी. ले राजाको घोषणालाई जनआकांक्षा प्रतिविम्बित भएको एक उत्साहवर्धक कदमका रूपमा स्वीकार गरी ने.का. को रथलाई नै सोहि दिशातर्फ हाक्ने काम गरे । जसको मूलकारण जनमत संग्रहको घोषणालाई प्रजातान्त्रिक अभ्यासका रूपमा स्वीकार गरी "हार र जित, षड्यन्त्र वा सदासयता" जस्ता प्रश्नमा अलमलिनुभन्दा १९ वर्षपछि पार्टीगत रूपमा जनमससमक्ष जाने सुनौलो मौकाका रूपमा ग्रहण गरी राजालाई विश्वास गर्नुपर्दछ भन्ने धारणा नै थियो ।[१०१४]

वी.पी. कोइरालाले २०३३ साल पौष १६ गतेदेखि अवलम्बन गर्दै आएको मेलमिलाप नीति शर्त नभएर आम सहमतीको यात्रा भएकाले जनमत संग्रहको घोषणालाई स्वीकार गरेपछि शर्त राखेर भाग लिने कुरै हुँदैनथ्यो । किनकी शर्त राख्दा पूरा भएनन् भने के गर्ने भन्ने विकल्प पनि तयार गर्नु पर्दथ्यो । अर्थात विकल्प बिनाका शर्तको कुनै औचित्य थिएन । त्यो स्थितिमा पूर्वशर्त राखेर बढ्दा त्यसलाई राजाले नमानेका खण्डमा या त जनमत संग्रह बहिस्कार गर्नु पर्दथ्यो या राजालाई बाध्य पार्न संगठित रूपले सडकमा उत्रेर द्वन्द्वको स्थिति सिर्जना गर्नु पर्दथ्यो । जुन कुरा वी.पी. को मेलमिलाप नीति विपरित हुने भएकाले उनी पूर्वशर्तसम्बन्धी विचारलाई मान्यता दिन तयार भएनन् ।

पूर्वशर्तका पछाडि लाग्नु भनेको जनमत संग्रहमा नै प्रश्न चिन्ह लगाउने प्रयास गर्नु हो भन्ने आसयसहित यसलाई वी.पी. ले अस्वीकार गरेपछि ने.का. ले बिनाशर्त अभियान प्रारम्भ गर्नेतर्फ लाग्यो । त्यसपछि पंचायत विरोधी समूहहरूबाट पुनः संयुक्त मोर्चासम्बन्धी प्रश्ताव उठाउने कार्य प्रारम्भ गरियो । यसका लागि सर्वप्रथम नेपाली राष्ट्रिय कांग्रेसका अध्यक्ष डिल्लीरमण रेग्मीले सार्वजनिक रूपमा वी.पी. लाई आह्वान गरी वृहद पार्टीको धारणा प्रस्तुत गरे । उनले राजधानीबाट प्रकाशित हुने साप्ताहिक पत्रिकालाई दिएको एक अन्तर्वार्तामा "साना पार्टीहरूले पूर्वाग्रह छाडि एकतावद्ध हुन आवश्यक छ, ..यस्ता साना पार्टी संगठित गरी वृहद प्रजातान्त्रिक पार्टी गठन गर्न आफ्नो पार्टी छाडन तयार छु र यसमा वी.पी. ले सहयोग दिनु पर्दछ .."[१०१५] भन्दै बहुदलवादीहरूको एउटै वृहद मोर्चा निर्माणको प्रस्ताव राखे । रेग्मीको यो प्रस्ताव सार्वजनिक हुना साथ मनमोहन अधिकारीले आफूले पहिला राखिसकेको प्रस्ताव पुनः दोहोऱ्याउँदै बहुदलवादीहरूको एउटा राष्ट्रिय समिति गठन गरी वी.पी. ले नै नेतृत्व लिनु पर्ने

---

[१०१३] शशी पि. मिश्रा, *वी.पी. कोइराला अ केश स्टडि इन थर्ड वर्ल्ड डेमोक्रेटिक लिडरशिप*, वाराणसी : कोनार्क पब्लिसिङ्ग हाउस, १९८५, पृ. १०८ ।

[१०१४] वी.पी. कोइराला, *मेलमिलापको शर्त राष्ट्रियता र प्रजातन्त्र (अन्तर्वार्ताहरूको संकलन)*, काठमाडौं : जयनेपाल प्रकाशन, २०३८, पृ. ३७ ।

[१०१५] डिल्लीरमण रेग्मी, "विरोधी दल गठन गर्न वी.पी. को सहयोग आवश्यक", *अन्तर्वार्ता, राष्ट्र पुकार साप्ताहिक*, होमनाथ दाहाल (स./प्र.), काठमाडौं : २०३६ भाद्र १४, पृ. ३ ।

कुरामा जोड दिए ।[१०१६] उनको प्रस्तावलाई अत्यन्त मन पराएका गणेशमान सिंह एवं कृष्णप्रसाद भट्टराईले त्यस्तो गरेका खण्डमा पूर्वशर्त बिना पनि जनमत संग्रहमा सफलता प्राप्त गर्न सकिने विश्वाससहित वी.पी. लाई मनाउने प्रयास गरे ।[१०१७] तर यसका लागि पनि वी.पी. तयार भएनन् ।

राज्यको सम्पूर्ण साधन स्रोतद्वारा सम्पन्न शक्तिसँग मुकाविला गर्नु पर्ने वास्तविकतालाई बुझेका वी.पी. जस्ता राजनेताले वृहद मोर्चाको प्रस्ताव अस्वीकार गर्नुका पछाडि लामो संघर्ष एवं राजनीतिक यात्रामा आर्जन गरेको अनुभव र त्यसका आधारमा निर्माण गरेको रणनीतिले काम गरेको देखिन्छ । किनकी २००७ सालदेखि २०१७ सालसम्मको अवधिमा डा. रेग्मीलगायतका राजनेताले निर्वाह गरेको भूमिका वी.पी. को स्मरणमा ताजै थियो । यस्तैगरी २०१७ सालपछि २०३३ सालसम्मको अवधिमा ने.का. द्वारा संचालित प्रतिरोध आन्दोलनप्रति यिनीहरूले देखाएको उदासिनता पनि वी.पी. बाट लुकेको थिएन । सबैभन्दा ठूलो कुरा यिनीहरूको क्षमता एवं जनाधारलगायतका सम्पूर्ण पक्षबारे पनि वी.पी. वाकिफ नै थिए । तसर्थ उनले डा. रेग्मीको आह्वानलाई खासै वास्ता गरेनन् ।

अर्कोतिर वामपन्थीहरूको प्रस्ताव नमान्नुका पछाडि पनि निश्चित आधारहरूले काम गरेको देखिन्छ । २०१७ सालपछि वामपन्थी समूहहरूको संख्या एकातिर बढ्दै थियो भने अर्कातिर कतिपय पुराना वामपन्थी नेताहरू पंचायतका हस्ती बनिसकेका थिए । २०३६ सालसम्म देखापरेका वामपन्थी समूहहरू बीच नै एकता वा एकात्मक नीति बन्न सकेको थिएन । अतिवादी मानिने नेकपा (माले) एवं मोहनविक्रम समूहले जनमत संग्रहको घोषणालाई समर्थन नै नगरी बहिस्कार-भण्डाफोर भन्दै थियो भने स्वीकार गर्ने वामपन्थी समुहहरू बीच पनि एकता थिएन । त्यो स्थितिमा कोसँग एकता गर्ने भन्ने प्रवल सवाल एकातिर थियो भने अर्कातिर २०२५ सालपछि बनारसमा वामपन्थीहरूसँग एकाताका लागि गरेको प्रयास असफल भएको घटनाले पनि वी.पी. लाई सोच्न बाध्य बनाएको थियो ।

२०१७ सालपछि ने.का. द्वारा संचालित प्रतिरोध आन्दोलनमा नेपालका वामपन्थीहरूले सहयोग पुऱ्याउने कुनै काम गरेका थिएनन् । २०२५ सालपछि जब वी.पी. पनि भारतको बनारसमा बस्न थाले त्यसबखत वामपन्थी नेता पुष्पलाल पनि त्यही वा दिल्लीमा बस्दथे । तसर्थ दुवै नेताबीच बेलाबखत भेटघाट एवं कुराकानी हुनु स्वभाविकै थियो । यस्तै कुराकानीका क्रममा एकपटक संयुक्त भएर आन्दोलन संचालन नगर्दासम्म पंचायती व्यवस्था फाल्न नसकिने प्रसँग चल्यो । जसलाई वी.पी. ले स्वीकार गरेपछि संयुक्त संघर्षका लागि वातावरण निर्माण गर्ने

---

[१०१६] (क) भरतमोहन अधिकारी, टिप्पणी संख्या ९ ।
(ख) चटर्जी, टिप्पणी संख्या ६४, पृ. १७ ।

[१०१७] (क) *पूर्ववत्* ।
(ख) मनमोहन भट्टराईसँग २०५८ पौष २३ गते नयाँ वानेश्वर, काठमाडौँ लिएको अन्तर्वार्ताको रेकर्ड ।

सोचअनुरूप युवा कार्यकर्तासमेत राखेर दुवै पक्षबीच ४-५ चरणमा कुराकानी एवं वार्तासमेत सम्पन्न गरी वी.पी. को नेतृत्वमा संयुक्त भएर आन्दोलन गर्ने प्रस्ताव पारित गरियो ।[१०१८] उक्त प्रस्ताव सहर्ष स्वीकार गरेका वी.पी. ले कम्यूनिष्ट पार्टीको मूल आधार मानिने आर्थिक नीति पुष्पलालले तयार गर्ने र राजनीतिक प्रस्ताव आफूले तयार गर्ने स्पष्ट गर्दै पुष्पलालले बनाएको नीति आफूले पढदै नपढि स्वीकार गर्ने बचत बद्धतासहित आफ्नो नीति पनि पुष्पलालले स्वीकार गर्नु पर्ने र त्यसकै आधारमा संयुक्त आन्दोलन संचालन गरिने धारणा स्पष्ट गरे ।[१०१९] वामपन्थीहरूको हिम्मत एवं इमान्दारिताको परीक्षण गर्नका लागि वी.पी. बाट यस्तो धारणा राखिएको आभास पाइन्छ । वी.पी. ले यसरी दुवै पक्षले एक-एकवटा नीतिरूपी दस्तावेज तयार गरेपछि ती दुवैलाई सँगै राखेर संयुक्त आन्दोलन गरौं भनेपछि वी.पी. एवं पुष्पलाल, गणेशमान सिंह एवं पुष्पलालबीच एकताका लागि वार्ता सम्पन्न भए भने वी.पी., पुष्पलाल लगायतलाई सँगै राखेर विद्यार्थी युवाहरूद्वारा ३-४ वटा संयुक्त गोष्ठीहरू पनि सम्पन्न गरिए ।[१०२०] एकताको वातावरण बन्न थालेकाले उत्साहित भएका विद्यार्थीहरूले पूर्वाधार तयारीका लागि एकजुट भएर वी.पी. समूहका तुलसी भट्टराईलाई अध्यक्ष र पुष्पलाल समूहका यू.के. उप्रेतीलाई महामन्त्री बनाएर बनारसमा “नेपाल राष्ट्रिय प्रजातान्त्रि युवा मंच” भन्ने संस्थाको स्थापनासमेत गरियो ।[१०२१] जसले ३-४ वटा संयुक्त कार्यक्रम सम्पन्न गराएपछि वी.पी. बाट आर्थिक नीतिका लागि ताकेता गर्न थालियो । तर त्यसपछि पुष्पलालका तर्फबाट एक्कासि जुन शिथिलता प्रारम्भ भयो त्यसकै परिणामस्वरूप यो कुरा त्यसै सेलाएर गयो ।

समय क्रममा हतियारको माध्यमबाट परिवर्तन सम्भव नदेखेपछि वी.पी. ले नेपाल फर्कने निश्चयसँगै आफ्ना निकटस्थ मानिससँग गोप्य भेट गरी राय सल्लाह माग्ने गर्न थाले । यसैक्रममा २०३३ सालको आषाढतिर वामपन्थी नेता मनमोहन अधिकारीलाई भेट गर्न चाहेको भनी गोप्य समाचार पठाएपछि अत्यन्त गोप्यता साथ मनमोहन अधिकारी र डि.पी. अधिकारी बनारस पुगे । तर त्यहाँ विविध कारणले कुराकानी गर्ने वातावरण नमिलेपछि आगरामा भेटने सल्लाहबमोजिम तीनैजना भेटभइ छलफल गरेर मनमोहनले नेपाल फर्कना साथ वी.पी. को नेपाल वापसिको समाचारले आफू प्रसन्न भएको लगायतका प्रसँग राखि वक्तव्य प्रकाशित गर्ने सहमती भयो ।[१०२२] तर उनीहरू नेपाल फर्केपछि वक्तव्य दिनुका सट्टा राजासँग भेट गरेपछि वी.पी. र वामपन्थीबीच विश्वासको संकट झन बढ्न पुग्यो ।

---

[१०१८] तुलसी भट्टराईसँग २०६० पौष २३ गते प्रज्ञाभवन कमलादीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१०१९] चक्र वास्तोला र तुलसी भट्टराईसँगका अन्तर्वार्ताहरू ।

[१०२०] तुलसी भट्टराई, टिप्पणी संख्या ८० ।

[१०२१] सुशिल कोइराला, चक्र वास्तोला, तुलसी भट्टराईसँगका अन्तर्वार्ताहरू ।

[१०२२] आमोदप्रसाद उपाध्याय, टिप्पणी संख्या ५८ (ख) ।

उपरोक्त दुईवटा घटनालगायतका प्रसँगले वामपन्थीहरूप्रति वी.पी. मा सकारात्मक धारणा थिएन र उनी आफ्नो मेलमिलाप नीतिमा वामपन्थीहरू अटाउँदैनन् भन्दथे । उनले त्यसपछिका प्रायःजसो अवसरहरूमा वामपन्थीहरू कहिल्यै पनि प्रजातन्त्रप्रति प्रतिवद्ध हुन सक्दैनन् र इमान्दार भएर प्रजातन्त्र वा प्रजातान्त्रिक आन्दोलनलाई साथ दिन सक्दैनन् भन्ने कुरामा जोड दिएर संयुक्त आन्दोलनलाई अस्वीकार गर्नु पर्ने तर्क राख्दथे ।[१०२३] यसरी वी.पी. भित्र विकसित हुँदै आएको वामपन्थीहरूप्रतिको नकारात्मक धारणा वा भावना हटाउन वा समाप्त गर्नका लागि वामपन्थीहरूले कुनै बलियो आधार प्रस्तुत गर्न सकेनन् । परिणामस्वरूप वृहद एकता वा संयुक्त मोर्चाको प्रस्तावलाई अस्वीकार गर्दै बहुदलीय व्यवस्था ने.का. का लागि मात्र नभएर सबैका लागि आवश्यक भएकाले आ-आफ्नो संगठनात्मक किसिमले बढेर पंचायती व्यवस्था समाप्त गरौं, हाम्रो लक्ष्य एउटै छ भने यसका लागि संयुक्त भएर लागि रहनु पर्दैन भन्ने खालको जवाफ दिएर त्यो प्रसँगलाई समाप्त गरिदिए ।

वी.पी. ले संयुक्त मोर्चाको प्रस्ताव अस्वीकार गर्नुका पछाडि आफ्नो संगठनको क्षमता जाँच्ने चाहनाले पनि काम गरेको देखिन्छ । उनले २०३३ सालमा मेलमिलाप नीति अवलम्बन गरी नेपाल फर्केपछि कृष्णप्रसाद भट्टराईलाई कार्यवाहक अध्यक्षता सुम्पेर संगठन सुदृढ गर्नका लागि निर्देशन दिएका थिए । जसको मूल आसय आफूपछि पनि पार्टी राम्रोसँग चल्न सकोस्, अरू साथीहरूमा पनि नेतृत्व क्षमताको विकास होस् भन्ने उनको चाहना नै थियो र संभवतः उनी आफ्ना योग्य उत्तराधिकारी तयार गर्न चाहन्थे । त्यो स्थितिमा जनमत संग्रहको घोषणा भएपछि आफ्ना मानिसहरूको सामर्थ्य जाँच्ने आधारका रूपमा लिएर संयुक्त मोर्चाको प्रस्ताव अस्वीकार गर्न पुगे ।[१०२४] संभवतः उनी जनमत संग्रह अभियानलाई आन्दोलनका रूपमा अगाडि बढाएर कार्यकर्तामा राजनीति संचालन क्षमता, संघर्षशिल भावना, बलियो प्रतिपक्ष विरुद्ध उत्रेर हरेक हथकण्डाको सामना गर्ने हौसला र परास्त गर्ने कला आदिको विकास गराई सक्षम नेता-कार्यकर्ता तयार गर्न चाहन्थे । तसर्थ पार्टीलाई संयुक्त मोर्चा होइन आ-आफ्ना प्रतिबद्धताका आधारमा बढ्नु पर्दछ भन्ने धारणाअनुरूप अगाडि बढाए ।

जनमत संग्रहको घोषणापछि गठित सरकारको निष्पक्षतामाथि पनि अनेकौं शंका उपशंका गरेर सहभागिता सम्बन्धमा मतभेद उठेको थियो । जनमत संग्रहको घोषणासँगै कीर्तिनिधि विष्टको सरकारले राजिनामा दिएपछि राजाद्वारा रा.प. को सिफारिसमा सूर्यबहादुर थापालाई प्रधानमन्त्रीमा नियुक्त गरी गठन गरिएको सरकारप्रति धेरैको विश्वास थिएन । तसर्थ सरकार गठनसँगै त्यसका विरुद्धमा आवाजहरू उठन थाले । सूर्यबहादुर थापाले जनमत संग्रह गराउनु भनेको पंचायतलाई जिताउनु हो, तसर्थ उनलाई हटाएर सकेसम्म निष्पक्ष या सर्वदलीय

---

[१०२३] (क) तुलसी भट्टराई, पुरुषोत्तम बस्नेत, आमोदप्रसाद उपाध्यायसँगका अन्तर्वार्ताहरू ।
(ख) गणेशराज शर्मासँग २०६२ असार १२ गते पुतलीसडक, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१०२४] (क) नरहरी आचार्य, टिप्पणी संख्या ४२ ।
(ख) गोपालप्रसाद शर्मासँग २०६१ जेठ २ गते धरानरोड, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

सरकार गठन गरिनु पर्दछ नत्र भने राजाले नै चलाउनु राम्रो हुन्छ भन्ने खालका आवाजलाई व्यापक रूपले उठाउने कार्य भयो ।[१०२५] ने.का. बाहेकका पंचायत विरोधी समूहहरूबाट उठाइएका यस्ता आवाजलाई तत्कालीन पत्रपत्रिकाहरूले जनसमक्ष पुऱ्याउने काम गरेपछि एउटा नयाँ बहस प्रारम्भ भयो । जनमत संग्रह सम्पन्न गर्नका लागि निष्पक्ष सरकार आवश्यक छ भन्ने धारणाअनुरूप सुरु भएको बहसका अन्तमा विकल्प पनि प्रस्तुत गर्न थालियो । निष्पक्ष सरकार सम्बन्धमा त्यसबेला अवकाश प्राप्त निजामती कर्मचारीहरूको सरकार, पंचायतलगायतको सर्वदलीय सरकार वा सबैभन्दा ठूलो राजनैतिक दल ने.का. को सरकार आदि तीनवटा विकल्पहरू अगाडि सारिएका थिए ।[१०२६]

राजाबाट गठित सरकारमाथि विश्वास गर्न नसकिने भन्ने खालका यस्ता धारणाहरूलाई पनि मान्यता दिन बी.पी. तयार भएनन् । यसका जवाफमा उनले राजालाई सक्रिय गराउनु हुँदैन- जनप्रतिनिधिहरूले शासन चलाउने व्यवस्था चहिन्छ भन्ने नीति एवं सिद्धान्त मान्ने हामीले जनताको छोरालाई अविश्वास गरेर राजालाई आफै चलाउ भन्नु कतियुक्तिसँगत होला ?[१०२७] अवकाश प्राप्त कर्मचारीहरू निष्पक्ष हुन्छन् र पंचायतसँगको त्यति लामो सहकार्य एवं संलग्नताले गर्दा प्रभावित छैनन् भन्ने के ग्यारेण्टि छ ?[१०२८] पंचनेताहरूलाई हामीले विश्वास गर्न सक्दैनौं भने उनीहरूले ने.का. लाई विश्वास गर्नु पर्दछ भन्ने आधारहरू के-के छन् ?[१०२९] आदि विभिन्न प्रश्नहरू गरेर यस्ता कुनै शर्तहरू उठाउनु भनेको षड्यन्त्रकारीहरूलाई नै बल पुऱ्याउनु हो भन्ने मान्यतालाई स्थापित गरे ।

यसप्रकार जनमत संग्रहमा सहभागिताका विषयमा विविध क्षेत्रबाट सारिएका प्रस्तावहरूलाई अस्वीकार गरेर बी.पी. ले बिनाशर्त भाग लिने आफ्नो नीतिलाई कार्यान्वयनमा उतार्न सक्रिय भए । ने.का. ले उनको नीतिलाई पालना गरेपछि राजाको नियतलगायतका विषयमा शंका नगरी प्रचार प्रसार अभियान प्रारम्भ गरियो । परिणामस्वरूप ने.का. का कार्यकर्ताहरूले बहुदलीय पक्षमा वातावरण निर्माण गर्ने उद्देश्यअनुरूप सक्रियता देखाइ जनस्तरसम्म पुग्ने कार्यतर्फ बढेपछि देशव्यापी प्रचार अभियान प्रारम्भ भयो ।

## ५.६ जनमत संग्रहको घोषणाभित्र निहीत राजभावना

आफ्ना पिताद्वारा नेपालमा अफाप भएको उद्घोषणसहित जनसहभागितामुलक संसदीय व्यवस्था समाप्त गरी विकासको फडको मार्ने व्यवस्थाका रूपमा परिभाषित गर्दै स्थापना

---

[१०२५] चिरन्जीवी वाग्ले, रामचन्द्र पौडेल, पुरुषोत्तम बस्नेत, नरहरी आचार्य, अशोक कोइराला, गोविन्द काडेल, श्रीभद्र शर्मा आदिसँगका अन्तवार्ताहरू ।

[१०२६] कुबेर शर्मा, *निर्दल कता ? बहुदल कता ? एक राजनीतिक विश्लेषण,* काठमाडौं : श्रीभक्त आचार्य, २०३७, पृ. ८३ ।

[१०२७] नरहरी आचार्य, गणेशराज शर्मा र श्रीभन्द्र शर्मासँगका अन्तर्वार्ताहरू ।

[१०२८] देवेन्द्र नेपाली, व्रतराज आचार्य, डा. शंकर उप्रेती, रामकृष्ण ताम्राकार, रामचन्द्र अधिकारी, भुवनराज सुवेदीसँगका अन्तर्वार्ताहरू ।

[१०२९] अशोक कोइराला, शैलजा आचार्य, गोपालमान श्रेष्ठ, श्रीभद्र शर्मासँगका अन्तर्वार्ताहरू ।

गरिएको पंचायती व्यवस्थालाई नै निरन्तरता दिएका राजा वीरेन्द्रले २०३६ साल जेठ १० गते अकस्मात जनमत संग्रहको घोषणाद्वारा जनअदालतमा उभ्याइदिए । राजामा निहीत संवैधानिक विशिष्ट हैसियतका आधारमा चालिएको यो कदमको औचित्यबारे कही कतै ठोस रूपमा उल्लेख भएको पाइँदैन । तथापि विभिन्न पर्यवेक्षक, पत्रकार, राजनैतिक चिन्तक, लेखक, बुद्धिजीवी आदिले यसबारे आ-आफ्ना किसिमले धारणा एवं प्रतिक्रिया व्यक्त गरेको पाइन्छ । यसक्रममा कतिले यो कार्यलाई राजाको बाध्यता मान्दछन् भने कतिपयले सदासयता भन्दछन् । यस्ता तर्क उठाउनेहरूका भनाइका आधारमा विश्लेषण गर्दा एकातिर यो घोषणा ने.का. द्वारा मेलमिलाप नीति अवलम्बन गरी समझदारी विकासका लागि गरेको प्रयासको प्रतिफल एवं पंचायतका यथास्थितिवादीहरूको कार्यशैलीबाट असन्तुष्ट जनतालाई व्यवस्था रोज्ने अधिकार दिएर राजनैतिक गतिरोध अन्त गर्ने राज चाहनाको उपज थियो भन्ने आधार देखिन्छ भने अर्कातिर आफ्ना पिताको प्रतिबिम्बका रूपमा स्थापित व्यवस्थालाई लादिएको व्यवस्था भन्दै चलेको विद्रोह शान्त पार्न जनअनुमोदित व्यवस्था प्रमाणित गर्ने दरबारिया चाल थियो भन्ने आधारहरू पाइन्छन् । परस्पर विरोधी यस्ता आधारबारे निर्क्यौल गर्नका लागि तत्कालीन राजनैतिक स्थिति एवं घोषणापश्चात राजाबाट सम्पादित कार्यहरूको विश्लेषण गर्दै घोषणाभित्रको राजचाहनाबारे अनुमान लगाउनु प्रासाङ्गिक हुने छ ।

शासन प्रणालीका सम्पूर्ण अंगहरूमाथि नियन्त्रण कायम गरी आफ्नै अग्रसरतामा विकास कार्य गतिशिल पार्ने सोचअनुरूप राजा महेन्द्रद्वारा स्थापित पंचायती व्यवस्थाको विरुद्धमा ने.का. ले प्रतिरोध आन्दोलन प्रारम्भ गरेपछि उनी अप्ठ्यारोमा परे । फलस्वरूप उनले इच्छा नहुँदा-नहुँदै पनि गलत आचरण भएकाहरूलाई समेत पंचायत प्रवेशबाट रोक्न सकेनन् । त्यो स्थितिमा विभिन्न राजनैतिक दलसँग आवद्ध भइसकेका यस्ता व्यक्तिहरूलाई साथ लिएर तिनकै आड भरोसामा “पंचायतको चाहना शान्ति र सिर्जना” को मूलमन्त्र बोकि हिडेका राजाले समर्थनको मूल्य स्वरूप तिनले गरेका दुनो सोभ्याउने खालका कार्यहरूलाई नियन्त्रण गर्न नसकि थाहा नपाएझैं गर्न बाध्य भए । परिणामस्वरूप पंचायती व्यवस्थाको १५ वर्षीय कालखण्ड काण्डै काण्डको इतिहासका रूपमा परिणत भयो ।

आफ्ना सगोत्रीहरूलाई धोखा दिएर राजाको साखुल्ले बनि पंच हुन पुगेका कम्यूनिष्ट-कांग्रेस पृष्ठभूमिकै व्यक्तिहरू राजा वीरेन्द्रको राज्यारोहणसँगै पंचायती व्यवस्थाका कट्टर समर्थक-घागडान समर्थकमा परिणत भइसकेका थिए ।[१०३०] जसले अवलम्बन गरेको नीति र सम्पादन गरेका क्रियाकलापले गर्दा पंचायती व्यवस्थालाई प्रजातान्त्रिक आचरणयुक्त व्यवस्था बनाउने, विरोधीहरू पनि समेटेर राजनैतिक एकता कायम गरी मुलुकमा राजनैतिक-आर्थिक

---

[१०३०] (क) श्रीभन्द्र शर्मा र कृष्णलाल सापकोटासँगका अन्तर्वार्ताहरू ।
(ख) दामोदर उपाध्यायसँग २०६० जेठ १३ गते भानुचौक, जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) मेघप्रसाद उपाध्यायसँग २०६० जेठ १६ गते कपिलेश्वर, जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

विकास तिब्र पार्नेलगायतका लालसा लिएर सक्रिय हुँदै आएका उदारवादी पंचहरू अगाडि आउन नसक्ने अवस्था सिर्जना भयो ।[१०३१] त्यो स्थितिमा उदारवादीहरू चुप लागेर बस्न-सहन तयार नभएपछि पंचायतभित्र यथास्थितिवादी एवं उदारवादीबीच प्रत्यक्ष रूपमा अन्तर्द्वन्द्व प्रारम्भ हुन गई पंचायती राजनीतिमा प्रतिकुल वातावरणको उत्पत्ति हुन थाल्यो ।

पंचायतभित्र आन्तरिक विभाजन भइसकेको अवस्थामा ने.का. को मेलमिलाप नीतिबाट देशमा उत्पन्न राजनैतिक वातावरणले झन उत्तेजक स्थिति सिर्जना गर्न थाल्यो । किनकी राजाबाट ने.का. प्रति सदासयता देखाउन खोजिएको आभासको सङ्केत मात्रबाट पनि उत्तेजित भएका यथास्थितिवादीहरूद्वारा सम्पादित कार्यले देशभरि उत्पन्न तरंगको फलस्वरूप जनतामा ने.का. प्रति सहानुभूति र पंचायती व्यवस्थाप्रति आक्रोशको वातावरण उत्पन्न भयो । त्यो स्थितिमा वी.पी. लाई दर्शन भेट दिइ उनको विश्लेषण एवं तर्कलाई सुनेर सहमती जनाउँदै देशाटनलगायतको अनुमती दिएपछि राजा पनि परिवर्तनतर्फ बढ्ने सोचमा लागेको स्पष्ट भयो ।

राजामा जागेको यो चाहनालाई रोक्ने सामर्थ्य नभएका यथास्थितिवादीहरूले षड्यन्त्रात्मक नीतिबाट कदम चाल्दै विरोधपत्र दिन हिडेका विद्यार्थीहरूलाई उत्तेजित पारेर जुन भयावह स्थिति सिर्जना गरे त्यसकै फलस्वरूप देशव्यापी विद्यार्थी आन्दोलनको ज्वाला दन्कियो । यथास्थितिवादीहरूकै बाहुल्यता रहेको देशव्यापी प्रशासनले उक्त आन्दोलनलाई झन उत्तेजित पार्ने खालको दमनात्मक नीति अवलम्बन गरेपछि उत्पन्न विष्फोटक परिस्थिति बुझेका राजाबाट शाही आयोग गठन गरी त्यसैमार्फत सम्झौता सम्पन्न गराउने कार्य गरियो ।[१०३२] तर यो सम्झौताबाट यथास्थितिवादीहरूको सोच एवं स्वार्थ विपरित परिणाम अगाडि आएपछि उनीहरूकै अप्रत्यक्ष निर्देशनलगायतको स्थितिमा २०३६ साल जेठ ९ गतेको ठेलागाडा काण्डरूपी उत्तेजक स्थिति उत्पन्न गराइयो ।[१०३३] जसलाई सेना प्रयोग गरी कठिनता साथ नियन्त्रणमा लिनुपरेपछि तत्कालै केही नगरेका खण्डमा स्थिति झन विष्फोटक हुने, यथास्थितिवादीहरूले झन उग्र षड्यन्त्र गर्न सक्ने, आन्दोलनले अर्कै बाटो वा रूप लिन सक्ने, घातक परिणाम जन्मन सक्ने आदि सम्भावनातर्फ सोच्न बाध्य भएका राजाले भोलिपल्टै जनमत संग्रहको घोषणा गरे ।[१०३४]

राजाबाट एक्कासि गरिएको यो घोषणाका पछाडि अन्तर्राष्ट्रिय राजनीतिमा घटेका परिवर्तनकारी घटनाको प्रभाव एवं परिवर्तनका लागि त्यहाँबाट आएका दवाव, सल्लाह, सुझाव

---

१०३१ लोकेन्द्रबहादुर चन्द, श्रीभद्र शर्मा र आमोदप्रसाद उपाध्यायसँगका अन्तर्वार्ताहरू ।

१०३२ श्रीभद्र शर्मा, टिप्पणी संख्या ८ (ख) ।

१०३३ विस्तृतिका लागि बलबहादुर के.सी., “२०३६ जेठ ९ गते”, *नेपाल पुकार,* यज्ञबहादुर थापा (सं.), पोखरा : नेपाल विद्यार्थी संघ जिल्ला शाखा कास्की, २०३८, पृ. २७-२८ र ३१ ।

१०३४ (क) महेश्वरलाल श्रेष्ठ, गंगाधर लम्साल, चिरन्जीवी वाग्ले, सहाना प्रधान, निलाम्बर पन्थी, लोकराज बराल, त्रिरत्न मानन्धर आदिसँगका अन्तर्वार्ताहरू ।

(ख) स्मृतिनारायण चौधरीसँग २०६० जेठ १२ गते क्याम्पसचौक, जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

आदिले बाध्यात्मक परिस्थिति उत्पन्न गराएको तर्कलाई पनि नजरअन्दाज गन सकिदैन । किनकी २०३३ सालदेखि ने.का. ले अवलम्बन गरेको नीति एवं सदभावका लागि बढाएको हातबारे अन्तर्राष्ट्रिय जगतले व्यापक चासो देखाएर राजालाई पनि त्यसको कदर गर्दै सुधार गर्न सल्लाह, सुझाव एवं दवाव दिनेलगायतका कार्य गरिरहेको थियो ।[१०३५] २१ औं शताब्दीको संघारमा पुगिसकेको तत्कालीन संसारमा प्रजातन्त्र ज्यादै लोकप्रिय हुँदै गएको थियो । मानिसहरू प्रजातन्त्र-मानवअधिकारलगायतका विषयहरूको माग गर्दै निरंकुशतन्त्रका विरुद्ध उत्रदै थिए । निरंकुश शासकहरूको स्थिति धमाधम गिर्दै थियो र प्रजातान्त्रिक मुलुकहरूले विश्वव्यापी रूपमा प्रजातान्त्रिक आन्दोलनलाई समर्थन गर्ने क्रम तिब्र हुँदै थियो । त्यही सेरोफेरोमा इरानमा क्रान्ति भएर राजतन्त्र समाप्त भएको घटना सेलाउन नपाउँदै नेपालमा प्रारम्भ भएको विद्यार्थी आन्दोलन देशव्यापी रूपमा छरिएपछि राजालाई नेपालमा पनि इरानको स्थिति हुने भयो भन्ने डर उत्पन्न भयो ।[१०३६] त्यो स्थितिमा जेठ ९ गतेको घटना घटेपछि भोलिपल्ट बिहानै एकाएक रेडियो नेपालको ७ बजेको नियमित समाचार बुलेटिन पनि नपर्खिकन ६.३० बजेबाट हरेक २-३ मिनटमा महत्त्वपूर्ण सन्देश प्रशारित हुने जानकारी दिँदै ६.४५ बजे जनमत संग्रहको घोषणा प्रशारण गराए । राजाले यसरी हतार गर्नुका पछाडि मैले तत्कालै केही गरिन भने जे पनि हुन सक्छ, संभवतः मेरो गाथ, गादी, दरबारसम्म नै खतरा पुग्न सक्दछ भन्ने निष्कर्षले काम गरेको थियो ।[१०३७] जुन कुरा राजाले इजिप्टमा गएर "मुलुकमा आँधिवेहरी आएको थियो जसलाई हामीले सफलता पूर्वक सामना गऱ्यौं र निराकरण गऱ्यौं" भनी गरेको भाषणबाट पनि स्पष्ट हुन्छ ।[१०३८] तसर्थ यो घोषणा इरानको घटनाबाट मनोवैज्ञानिक रूपले प्रभावित भएका राजासमक्ष विद्यार्थी आन्दोलनबाट उत्पन्न परिस्थितिले ल्याएको बाध्यात्मक अवस्थाको उपज थियो भन्न सकिन्छ ।

जनमत संग्रहको घोषणा जुन अवस्था र परिस्थितिमा एक्कासि अगाडि आयो त्यसमा बाध्यता नभएर राज चाहनाको प्रस्फुटन थियो भन्ने तर्कलाई पनि नकार्न सकिदैन । किनकी राजा वीरेन्द्रको सम्पूर्ण शिक्षादिक्षा प्रजातान्त्रिक शासन व्यवस्थायुक्त राज्य एवं त्यसका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने विश्वविद्यालयहरूमा सम्पन्न भएको थियो । तसर्थ उनमा प्रजातान्त्रिक व्यवस्थाका सवल-दुर्वल पक्षहरू एवं निरंकुश शासन व्यवस्थाको परिणती आदिबारे राम्रो ज्ञान थियो । तर आफ्नो देशमा पंचायती व्यवस्थाअन्तर्गत वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभासम्मेलन, संगठन गर्ने स्वतन्त्रतालगायत राष्ट्रिय विकासमा एकात्मक जनसहभागिता जुटाउने माध्यम एवं साधनहरू प्रतिबन्धित थिए । पंचायती व्यवस्थाद्वारा निर्मित शिक्षा प्रणालीमा व्यवस्थाकै गुणगानयुक्त पाठ्यक्रमअन्तर्गत प्रशिक्षित जनशक्ति नै व्यवस्था

[१०३५] सुशिल कोइराला, नरहरी आचार्य, मनमोहन भट्टराई, चक्र वास्तोला, गंगाधर लम्साल, गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।

[१०३६] लोकराज बराल, टिप्पणी संख्या १५ (क) ।

[१०३७] भरतमहोन अधिकारी, टिप्पणी संख्या ९ ।

[१०३८] लोकराज बराल, टिप्पणी संख्या १५ (क) ।

विरोधीका रूपमा विकसित हुँदै थियो । त्यो वास्तविकतालाई हृदयङ्गम गर्दागर्दै पनि आफ्ना पिताको कार्यलाई मेटनु हुँदैन निरन्तरता दिनुपर्दछ भन्ने पारिवारिक दवाव एवं पितासँगै काम गर्दै आएका पंचायतका यथास्थितिवादीहरूको दवावलगायतका कारणले गर्दा राज्यारोहणपछि तत्कालै पंचायती व्यवस्था विरुद्ध हुने खालका कदम चाल्न सकेनन् ।[१०३९] तर पनि उनले मेलमिलाप नीति अवलम्बन गरी फर्किएका ने.का. का नेताहरूलाई सुरक्षा प्रदान गर्ने, यथास्थितिवादीहरूको तिब्र विरोधका वावजुद पनि तारेखमा छुटाएर सरकारी खर्चमा उपचारका लागि पाश्चात्य देशमा पठाउने, दर्शनभेट दिएर देशको यथार्थ अवस्थाबारे छलफल गर्नेलगायतका विविध कार्यद्वारा आफ्नो सदासयताको सङ्केत दिने कार्य गरेको थिए । व्यक्तिगत रूपमा भन्ने हो भने राजा वीरेन्द्र सरल, मृदुभाषि र अति सहयोगी थिए ।

राजाको यस्तो सदभावपूर्ण व्यवहारबाट उत्साहित वी.पी. लगायतका राजनेताहरूको सक्रियता बृद्धिसँगै पंचायत जोगाएर स्वार्थ लुटने वर्ग दमनको मार्गमा उत्रिएपछि उत्पन्न परिस्थितिमा उत्तेजक-विष्फोटक वातावरण सिर्जना भयो । त्यही मौकाबाट फाइदा उठाउने सोचअनुरूप बढेर राजाबाट स्थिति नियन्त्रणको बहानामा कसैसँग कुनै पनि सल्लाह नगरी एक्कासि घोषणा जारी गरेर पंचायती व्यवस्थालाई जनमत संहग्ररूपी जन अदालतमा उभ्याइदिए । राजामा त्यसबखत सदासयतारूपी चाहना हुँदैनथ्यो भने उनलाई त्यो स्तरको निर्णय वा घोषणा गर्नु पर्ने कुनै बाध्यता थिएन । किनकी त्यसबखत आन्दोलनकारीहरूले जनमत संग्रहको कुनै माग गरेकै थिएनन् भने जे जसरी भए पनि जेठ ९ गतेदेखि विद्यार्थी आन्दोलन आफै फुटिसकेको थियो ।[१०४०] त्यो स्थितिमा राजाले अब विद्यार्थी आफै फुटे, मेरो शिरदर्द समाप्त भयो मात्र भनेको भए त्यसपछि विद्यार्थीहरू आपसमै लडने निश्चित थियो र प्रहरी प्रशासनलाई छुट्याए जस्तो गर तर लडन देउ भन्ने सङ्केतसम्म दिएको भए आपसमा लडेर नै आन्दोलन सकिने स्थिति आएको थियो ।[१०४१] फेरी उक्त आन्दोलनमा व्यवस्थालाई नै परीक्षणको कसौटीमा घोटनु पर्ने खालका नरसंहारका त्यति ठूला घटना पनि घटेका थिएनन् । तर पनि राजाले हस्तक्षेप गरेर आफ्ना निकटस्थलगायतसँग कुनै सरसल्लाह बिना जनमत संग्रहको जुन घोषणा गरे त्यसमा उनमा निहीत उदारवादी र सुधारवादी भावनाको प्रतिबिम्ब झल्कने हुँदा यो एक सदायता पूर्ण कदम थियो भन्न सकिन्छ ।[१०४२]

---

[१०३९] त्रिरत्न मानन्धर, नरहरी आचार्य, व्रतराज आचार्य, रामकृष्ण ताम्राकार, निलाम्बर पन्थी, दामोदर उपाध्यायसँगका अन्तर्वार्ताहरू ।

[१०४०] श्रीभद्र शर्मा र त्रिरत्न मानन्धरसँगका अन्तर्वार्ताहरू ।

[१०४१] श्रीभद्र शर्मा, टिप्पाणि संख्या ८ (ख) ।

[१०४२] (क) लोकेन्द्रबहादुर चन्द, श्रीभन्द्र शर्मा, दामोदर उपाध्याय, गोविन्द कँडेल, गंगाधर लम्साल, कृष्णलाल सापकोटा, गिरिराज आचार्यसँगका अन्तर्वार्ताहरू ।

(ख) कृष्ण धरावाशिसँग २०६० जेठ २ गते अनारमनी, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

(ग) हरी नेपालसँग २०६० असार २८ गते तानसेन, पाल्पामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

(घ) रामकृष्ण घिमिरेसँग २०६० असार २ गते नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

उपरोक्त विश्लेषणका आधारमा हेर्दा जनमत संग्रहको घोषणालाई राजाबाट चालिएको विशिष्ट कदमको संज्ञा दिन सकिन्छ । किनकी उनले त्यसबखत आन्दोलन दबाएर समाप्त गर्ने मानसिकता मात्र बनाएको भए नहुने स्थिति नै थिएन । नेपालको शाही सेनालाई उनले इशारा मात्र गरेको भए आन्दोलन अवरुद्ध हुने स्थिति प्रारम्भदेखि नै थियो भने जेठ ९ गते त आन्दोलनकारीबीच नै ज्यूँदै जलाउने खालका षड्यन्त्र मन्चन हुँदै थिए । विद्रोहीहरूलाई पनि नागरिक नै ठानेका राजाले आफ्ना सचिवद्वारा स्थितिको जानकारी पाउना साथ तत्कालै सेना परिचालन गरेर जेठ ९ गतेको घटनालाई नियन्त्रणमा लिनु परेपछि परिस्थितिको गरिम्भरता महसुस गरी सोच्न बाध्य भए । जसका अन्तमा उनलाई आफ्ना जनतालाई सेना प्रयोगबाट तह लगाउनुभन्दा व्यवस्था नै चयन गर्न दिने निश्चय गर्न बल प्राप्त भयो । यसबारेमा आफ्ना निकटस्थ एवं व्यवस्थाका संचालकहरूसँग सल्लाह गरेमा सहमती पाइँदैन भन्ने कुरा स्पष्टसँग बुझेका हुँदा नै उनले एक्कासि जनमत संग्रहको घोषणा गरी आफू सुधारोन्मुख मार्गमा चल्न चाहेको स्पष्ट गरे । यसबाहेक अन्तर्राष्ट्रिय घटनाक्रम, दवाव, बहुमत जनताले जुन व्यवस्था चाहन्छन् म त्यसैमा चल्न चाहन्छु भन्ने देखाउनु परेको अवस्था आदिले धेरै थोरै प्रभाव पारेको कुरालाई पनि नकार्न सकिदैन । तर दवाव एवं बाध्यात्मक परिस्थितिले मात्र उनले त्यो घोषणा गरेको मान्न सकिदैन । उनले पछि गएर २०४६ सालको आन्दोलनका क्रममा देखाएको सहनशिलता, आन्दोलन बढ्दै गएपछि उत्पन्न परिस्थितिमा बाहिरी शक्तिसँग झुक्नुभन्दा आफ्नै जनताले चाहेको कुरा दिन्छु भनी देखाएको उदारता र परिवर्तनपश्चात विकसित हुँदै आएको विषम परिस्थितिमा पनि बहुदलीय प्रणालीप्रति देखाएको प्रतिवद्धता आदिबाट पनि उनमा निहीत प्रजातान्त्रिक भावनाको प्रतिबिम्ब स्पष्ट हुन्छ । तसर्थ राजाबाट गरिएको घोषणामा थोरैहदसम्म बाध्यात्मक परिस्थितिको प्रभाव देखिन्छ तापनि धेरै हदमा सदासयताको पक्षमा नै देखिएकाले यसलाई सदासयतापूर्ण कदम थियो भन्न सकिन्छ ।

जनमत संग्रहको घोषणा गर्दा राजामा निहीत सदासयताको भावना अन्तसम्म भने कायम रहन सकेको पाइँदैन । उनमा घोषणा गर्दा जुन दृढता थियो त्यो पछि गएर विविध कारणले क्रमशः घट्दै गएर उनी षड्यन्त्र सिद्ध हुने खालका गतिविधितर्फ बढेको देखिन्छ । राजाबाट एक्कासि गरिएको यो घोषणाले देशको राजनैतिक जगतमा नयाँ चरणको प्रारम्भ गराउनुका साथै नवीन घटना क्रमहरूलाई जन्माइदियो ।[१०४३] विगतका १९ वर्षमा पंचायती व्यवस्था र यसका समर्थकहरूबाट अवलम्बन गरिएका नीति एवं संपादन गरिएका कार्यहरूबाट जनतामा पंचायती शासनप्रति जुन आक्रोश फैलिएको थियो त्यो स्थितिमा निष्पक्ष एवं स्वतन्त्र जनमत संग्रह गराउँदा पंचायत पक्षको पराजय निश्चित थियो । यो कुरा राम्रोसँग बुझेका राजाका पारिवारिक सूत्रहरू एवं पंचायतका यथास्थितिवादीहरू तुरुन्त एकजुट भएर पंचायत पक्षलाई विजयी गराउने वातावरण निर्माणका लागि राजालाई दवाव

[१०४३] युगेशवर पि. वर्मा, *नेपाल प्रोग्रेस एण्ड प्रोब्लम्स १९७२-८०*, जलेश्वर : प्रतिभा वर्मा, १९८१, पृ. ४७ ।

दिनेतर्फ लागे । तत्कालीन मुमाबडामहारानीबाट पंचायतका नेताहरूलाई डाकेर स्पष्ट रूपमा "पंचायती व्यवस्था भनेको मेरो सिउँदो वा सिन्दुर हो यसलाई जसरी भए पनि बचाउनु पऱ्यो भनेर निर्देशन दिने काम भयो" भन्ने व्यापक हल्ला वा चर्चा परिचर्चा त्यतिबेला चलेको थियो ।[१०४४] जसबाट एकातिर यथास्थितिवादीहरूको हौसला बढाउने र अर्कातिर राजामाथि पारिवारिक दवाव पार्ने परिवेश सिर्जना गर्ने कार्य सुरु भयो ।

दरबारको अग्रसरतामा प्रारम्भ गरिएका यस्ता कार्यपश्चात राजामा जनमत संग्रह घोषणा गर्दाको जस्तो दृढता र उत्साह कायम रहन सकेन । फलस्वरूप त्यसपछि राजाबाट सम्पादित व्यवस्था, घोषणा, वक्तव्य, सन्देशलगायतका हरेक कार्यहरू पंचायती व्यवस्थाप्रति झुकाव राखिएका जस्ता हुन थाले ।[१०४५] उदाहरणका लागि कीर्तिनिधि विष्टले प्रधानमन्त्री पदबाट राजिनामा दिना साथ राजाले प्रधानमन्त्री नियुक्त गर्ने तत्कालीन परिपाटी विपरित यथास्थितिवादीहरूको बाहुल्यता रहेको रा.प. लाई सिफारिस गर्न लगाउनु, पंचायत पक्षलाई सघाउने खालका क्रियाकलापमा सघाउ पुग्ने गरी ठाउँ हेरेर अंचलाधिशहरू हेरफेर एवं नयाँ नियुक्ति गर्नु, जनस्तरमा बदनाम भएको गाउँ फर्कलाई निलम्बन गरी संगठित भएर पंचहरू जनस्तरमा जान सक्ने अवस्थाको सिर्जना गरिदिनु, पंचायती निकाय एवं प्रशासनमा काम गरिसकेका व्यक्तिहरूकै बाहुल्यता हुने गरी बहुदल पक्षसँग कुनै परामर्श नगरी राष्ट्रिय चुनाव आयोगको गठन गर्नु, पंचायतको स्थापनासँगै एक दशकसम्म मन्त्रीदेखि प्रधानमन्त्रीसम्मका पदहरूमा रहेर काम गरिसकेका र २०३३ सालपछि वी.पी. लाई फाँसी दिनुपर्दछ भन्ने अभियान नै चलाएर हिडेका सूर्यबहादुर थापाजस्ता कट्टर यथास्थितिवादीलाई रा.प. को सिफारिसको बहानामा प्रधानमन्त्री बनाएर जनमत संग्रह सम्पन्न गर्ने जिम्मा दिनुलगायतका कार्यलाई लिन सकिन्छ ।

यसप्रकारका कार्यहरूबाट मात्र पंचायत पक्षले विजय पाउने स्थिति नदेखिएपछि पंचहरू षड्यन्त्रतर्फ उन्मुख भए । पंचभेलाबाट राजालाई पंचायतका नेता मान्नेलगायतका निर्णय पारित गरेर राजालाई समेत मुछि पंचायती व्यवस्थाका पक्षमा जनलहर ल्याउने खालका गतिविधिहरू संचालन गर्ने, राज्यका सारा स्रोत साधनहरूको एकलौटी रूपमा प्रयोग गरी पंचायती प्रचार अभियान संचालन गर्ने, प्रहरी प्रशासनको आडमा देशव्यापी रूपले आफ्ना लठैतहरू परिचालन गरी बहुदलवादीहरूमाथि हातपात गराउने, प्रमुख नेताहरूमाथि नै सांघातिक आक्रमणद्वारा असहज स्थिति सिर्जना गरी गोली चलाउने, बहुदल प्रचार कार्यालयहरू तोडफोड गर्ने, पंचायत भनेको राजाको व्यवस्था हो बहुदल भनेको वी.पी. को व्यवस्था हो कुन

---

[१०४४] त्रिरत्न मानन्धर, टिप्पणी संख्या १५ (ख) ।

[१०४५] आमोदप्रसाद उपाध्याय, महेश्वरलाल श्रेष्ठ र रामचन्द्र पौडेलसँगका अन्तर्वार्ताहरू ।

रोज्छौ भनेर प्रचार गर्नेलगायतका क्रियाकलापहरू गर्न थालियो ।[१०४६] पंचहरूद्वारा यसरी आफ्नो नामै मुछेर पंचायती व्यवस्थाको प्रचार गर्ने, आफूलाई बी.पी. सँग तुलना गर्ने र पंचायतको नेताका रूपमा चित्रित गर्ने खालका प्रचार सामग्री तयार गरेर बाँडनेदेखि बहुदलवादीहरूमाथि हिंशात्मक आक्रमण एवं तोडफोडलगायतका कार्यहरू गरिँदा पनि थाहा नपाए जस्तो गरेर कुनै प्रतिक्रिया नजनाएको अवस्थाका आधारमा निष्पक्षताका लागि कटिबद्ध भएको आभास पाइँदैन । किनकी राज्य व्यवस्था संचालनका सम्पूर्ण निकाय एवं देशव्यापी हरेक क्रियाकलापबारे जानकारी पुऱ्याउने गुप्तचर निकायदेखि प्रशासनिक सन्जालसम्मका सबै संयन्त्र हातमा भएका राजाले यस्ता क्रियाकलापबारे थाहा वा जानकारी पाएनन् भन्न सकिदैन । आफूलाई जनस्तरमा अलोकप्रिय बनाउने खालका यस्ता क्रियाकलाप हुँदा पनि आँखा चिम्लिनुबाट उनलाई परेको दवाव कति शक्तिशाली रहेछ भन्ने अनुमान लगाउन सकिन्छ ।

दवावमुलक क्रियाकलापद्वारा राजालाई पंचायत पक्षमा देखिन बाध्य पार्ने नीतिमा २०३६ साल पौष १ गतेको सन्देशमा व्यक्त राज भावनाले झन बल पुऱ्यायो । किनकी राष्ट्रिय पंचभेलाबाट पारित प्रस्ताव पूरा गराउनका लागि गरिएको व्यवस्था सिद्ध हुने खालका धारणा समाबिष्ट उक्त सन्देशबाट राजा निष्पक्ष नरहि पंचायती व्यवस्थालाई जिताउन पूर्ण सक्रिय भइसकेको स्पष्ट गऱ्यो । किनकी त्यस दिनको सन्देशमा राजाबाट स्पष्ट शब्दमा पंचायती व्यवस्थाको आधार लोकसम्मति भएको जनाउँदै आउँदो जनमत संग्रहमा जुन पक्षले जिते पनि अबदेखि राष्ट्रिय व्यवस्थापिकामा जनप्रतिनिधि छानिदा बालिगमताधिकारको आधारमा मात्र गरिने, देशको प्रधानपन्त्री राष्ट्रिय व्यवस्थापिकाले सिफरिास गरेकै व्यक्ति छानिने प्रथा पालना गर्दै लगिने र मन्त्रिपरिषद्ले व्यवस्थापिकाप्रति जवाफदेहि हुनु पर्ने व्यवस्था तर्जुमा गरिने छ भनिएको थियो ।[१०४७] राजाको यस घोषणाबाट एकातिर अब बहुदलीय व्यवस्था र पंचायती व्यवस्थामा खासै फरक रहेन भन्ने चर्चा चल्न थाल्यो र कतिपय नेताहरूले संसदीय प्रणालीको मुलस्वरूप मानिने उपरोक्त ३ वटा कुराहरूको व्यवस्था भएपछि जनमत संग्रहका सट्टा राजाबाट त्यही आधारमा चुनाव गराए हुन्छ भन्ने खालका अभिव्यक्ति सार्वजनिक गरे ।[१०४८] बी.पी. ले यो सन्देशबाट जनमत संग्रहलाई संकिर्ण दायरामा राख्ने काम भएको छ तापनि राजनैतिक कार्यकर्तालाई आम माफि गरिएको अर्को घोषणाको आशा गर्दछु भन्ने प्रतिक्रिया दिए भने गणेशमान सिंहले निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित जनमत संग्रह गराउनुको बदला धाँधली र

---

[१०४६] (क) आमोदप्रसाद उपाध्याय, त्रिरत्न मानन्धर, नरहरी आचार्य, गोविन्द कँडेल, ऋषिकेश तिवारी, स्मृतिनारायण चौधरी, पुरुषोत्तम बस्नेत, रामचन्द्र पौडेल, जगन्नाथ पण्डित, चिरन्जीवी वाग्ले, शुक्रराज शर्मा, डिल्लीरमण शर्मासँगका अन्तर्वार्ताहरू ।
(ख) ताराप्रसाद गौतमसँग २०६० वैशाख १३ गते वाग्लुङमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) राजेन्द्रनिधि कोइरालासँग २०५९ चैत्र २७ गते गैह्रापाटन, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) गोपालमान श्रेष्ठसँग २०६० आश्विन ६ गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१०४७] विस्तृतिका लागि श्री ५ को सरकार संचार मन्त्रालय, टिप्पणी संख्या १७ (क), पृ. ३०२-३०३ ।

[१०४८] त्रिरत्न मानन्धर, श्रीभद्र शर्मा, व्रतराज आचार्य, मनमोहन भट्टराईसँगका अन्तर्वार्ताहरू ।

पक्षपातपूर्ण काम गराउनेतर्फ लागेको आरोप लगाए ।[१०४९] यसबाहेक कतिपय राजनेताहरूले यति गरिसकेपछि अब राजाबाट व्यवस्था विरोधी राजनीतिक दलहरूलाई मान्यता प्रदान गरिनु पर्दछसम्म पनि भनेका थिए ।[१०५०]

राजाबाट गरिएको यो घोषणा देशमा बहुदलीय गतिविधि तिब्र भएपछि आफ्नो पराजय सुनिश्चित देखेर आत्तिएका पंचायतका यथास्थितिवादीहरूको सुनियोजित षड्यन्त्रको फलस्वरूप राजालाई दवाव सिर्जना गरी बाध्य पार्ने नीतिको परिणती थियो भन्न सकिने आधार पाइन्छन् । किनकी राजाबाट एक्कासी जनमत संग्रहको घोषणा गरेपछि आफ्नो स्वार्थ समाप्त हुने ठानेर सक्रिय भएको यथास्थितिवादी समूहले आफ्ना शक्ति केन्द्रमार्फत षड्यन्त्रको प्रयास प्रारम्भ गऱ्यो । त्यो स्थितिमा राजाको पारिवारिक समूह एवं यथास्थितिवादीहरू बीच सामुहिक स्वार्थका लागि कुराकानी मिलेपछि यिनले एक्कासि जनमत संग्रह घोषणा गरेर गरेको गल्तीलाई सच्याउन र पंचायती व्यवस्थालाई नै जोगाउन अब पंचायतको आगामी छवि यस्तो हुनेछ भन्ने सन्देशमुलक घोषणा गर्न बाध्य पारे ।[१०५१] २०१७ सालपछिको लामो कालखण्डमा ने.का. ले संचालन गरेको प्रतिरोध आन्दोलनबाट उत्पन्न जटिल परिस्थिति एवं संकटपूर्ण अवस्थामा जे जसरी भए पनि व्यवस्था एवं राजालाई साथ दिएका पंचहरूलाई अब म ने.का. सँग मिलेर चलाउँछु तिमीहरू बाहिर जाउ भनी राजाले पन्छाउन नमिल्नु वा नसक्नु[१०५२] र हामी यत्रो वर्षदेखि पंचायतमा लागेर संकटपूर्ण स्थितिसमेत सामना गरी सरकारको अस्तित्व जोगाउन र पंचायतलाई बचाउन लाग्यौं भने अब सरकारबाट पनि पंचायती व्यवस्थालाई जिताइ हाम्रो अस्तित्व रक्षाका लागि पंचभेलाद्वारा प्रस्तुत सुझावअनुरूप हुने गरी घोषणा गरिदिनु पर्दछ भनी राजालाई दवाव दिनुलगायतको परिस्थिति सिर्जना गरी राजालाई तटस्थ बस्न दिइएन ।[१०५३] सबैभन्दा ठूलो कुरा कुनै पनि पंच नेताले अब पंचायती व्यवस्थामा यस्ता सुधार हुनेछन् लगायत भनेर जनता नमान्ने भएपछि राजालाई बाध्य पारेर सुधारिएको पंचायतको घोषणा पत्रका रूपमा उक्त घोषणा गराइएको थियो ।[१०५४]

यसप्रकारसँग हेर्दा राजामा जनमत संग्रहको घोषणा गर्दा विद्यमान सदासयता समय क्रममा हराउँदै गएको देखिन्छ । जसको मूलकारण बारे किटान गर्न नसकिए तापनि उपरोक्त विश्लेषणका आधारमा सदैव राजाको निकट रहने पुरातन पन्थी र प्रतिक्रियावादीहरूले परिस्थिति विथोल्ने नियतबाट राजालाई विवस पारेर जनमत संग्रह घोषणा गर्दाको सदासयताअनुरूप बढ्न

---

[१०४९] *राष्ट्र पुकार,* (साप्ताहिक), २०३६ साल पौष ५ गते ।

[१०५०] *पूर्ववत्* ।

[१०५१] गोविन्द कँडेल, टिप्पणी संख्या ५८ (घ) ।

[१०५२] योगप्रसाद उपाध्यायसँग २०६० पौष २५ गते कुपण्डोल, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१०५३] रामकृष्ण ताम्राकार, डिल्लीरमण शर्मा र निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।

[१०५४] मनमोहन भट्टराई, टिप्पणी संख्या ७९ (ख) ।

नसक्ने स्थिति सिर्जना गरी प्रजातान्त्रिक प्रक्रिया अवरुद्ध गर्ने कदमरूपी घोषणा गर्न बाध्य पारेको देखिन्छ ।[१०५५] राजनीतिमा मुलुक चलाउने दायित्व बोकेको व्यक्तिले एकात्मक सोचअनुरूप बढेर मात्र सम्पूर्ण संयन्त्र चल्न सक्ने वास्तविकतालाई राजाले महसुस गरेर नै त्यस्तो घोषणा गरेका थिए भन्ने वस्तुतथ्यलाई पनि नकार्न सकिदैन ।[१०५६] समग्रमा भन्नुपर्दा सदासयताका आधारमा जनमत संग्रहको घोषणा गरेका राजामा परिस्थितिको दवावले गर्दा क्रमशः सदासयता हराउने क्रमसँगै स्वतह नै पंचायतप्रति सहानुभूति बढ्दै गयो । जसका अन्तमा उनको उक्त घोषणा देशमा उठेको जन आक्रोसलाई अन्तै मोडेर पंचायतलाई जन अनुमोदित व्यवस्थामा रूपान्तरण गर्न रचिएको प्रपञ्च वा राजनैतिक चालमा परिणत भयो ।[१०५७]

## ५.७ जनमत संग्रहमा पंचायत पक्षले खेलेको भूमिका

एक्कासि भएको जनमत संग्रहको घोषणाबाट निर्विकल्प ठानेर विरोधीहरूलाई नेस्तोनामुद पार्ने उद्देश्य अवलम्बन गरेका पंचायतका यथास्थितिवादीहरू हतप्रभ भए भने उदारवादी पंचहरू पनि किंकर्तव्य विमुढ हुन पुगे । देशको शासनाधिकारमा महत्त्वपूर्ण स्थान प्राप्त गरी फाइदा उठाइरहेकाहरूमा भने खैलाबैला नै मच्चियो । प्रजातान्त्रिक भावना भएका र प्रजातन्त्रवादीहरूका आवाज एवं धारणालाई राष्ट्रिय तहसम्म पुऱ्याएर यथास्थितिवादीहरूलाई मनपरि गर्न नदिने र उदारवादीहरूलाई संगठित गरी पंचायतभित्र सशक्त आवाज उठाउनेजस्ता मनसायले पंच बनेका नेता एवं कार्यकर्ताहरू भने अत्यन्त उत्साहित भए । पद, पैसा र सुविधामाथि रजाइ गरिरहेका कट्टर पंचहरूमा भने शाही घोषणाबाट अन्धकारमा परिएको महसुस हुन गयो र हताश मनस्थितिमा प्रत्यक्षतया मौनता धारणा गरी पीडा लुकाउने प्रयासमा लागे । आफूले अराष्ट्रिय तत्त्व, देशद्रोहीलगायतका उपाधि दिइ दमन गरेका बहुदलवादीहरूको चाहना पूरा हुने गरी आएको यो घोषणाद्वारा नेपालको राजनीतिमा उत्पन्न भएको कठिन मोडबाट आफूहरू अप्ठ्यारोमा परेको महसुस गरे ।[१०५८]

वास्तवमा पंचहरूले महसुस गरेको कठिनाइ नाजायज थिएन । पंचायती व्यवस्थाको स्थापना नै प्रजातन्त्रको चिहानमाथि गरिएको हुँदा तत्कालीन राजनीतिमा वर्चस्व राख्ने ठूलो समूहको समर्थन स्थापनाकालदेखि नै पाउन सकेको थिएन । देशको कृषि उत्पादन बृद्धि गर्न स्थापना हुँदै गरेका आधारशिलालाई प्रभावकारी बनाएर ग्रामिण जनतालाई पंचायतमार्फत भूमि

---

[१०५५] यज्ञप्रसाद अधिकारीसँग २०६० असार ३ गते भरतपुर, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१०५६] लोकेन्द्रबहादुर चन्द, टिप्पणी संख्या १६ ।

[१०५७] रामचन्द्र पौडेल, राजेश्वर नेपाली, गिरिराज आचार्य, भरतमोहन अधिकारीसँगका अन्तर्वार्ताहरू ।

[१०५८] बराल, टिप्पणी संख्या ७० (ख), पृ. ७४ ।

सुधारको फाइदा उठाउने उद्देश्यले गठित गाउँ फर्क राष्ट्रिय अभियान गाउँघरको आर्थिक जनजीवन सुधार गर्न क्रियाशिल हुनुभन्दा ठाडो निर्देशन जारी गर्ने काममा सक्रिय भयो ।[१०५९] व्यवस्थाको सबलीकरण नीतिमा कार्यकर्ता उत्पादनमा जोड दिइए तापनि निर्दलीय चरित्रको रक्षा गर्ने बहानामा अनुशाशित गर्नेतर्फ कदम नचालिदा पंचायती संयन्त्रमा उत्तरदायि भावनाको विकासका सट्टा "प्रभु" मुखी हुने प्रवृत्ति बढ्दै गयो । फलस्वरूप जिम्मेवारी सम्हाल्ने व्यक्तिहरू नै भ्रष्टाचार-दमनलगायतका कार्यमा संलग्न हुने, स्वार्थ सिद्धिका लागि अपवित्र गठबन्धन गर्ने र राजा-व्यवस्थाको जयकार गरी त्यसैमा आँच पुऱ्याउने खालका कार्य गर्नेलगायतका विकृतिहरू व्यवस्थाका अंग बन्न पुगे । त्यो स्थितिमा देशको प्रवुद्ध एवं चेतनशिल वर्गमा उत्पन्न असन्तुष्टताले क्रमशः फस्टाउने मौका पाएपछि सिर्जना भएको अराजकताकै स्थितिमा जनमत संग्रहको घोषणा हुँदा पंचायत खेमामा खैलाबैला उठनु स्वभाविकै थियो ।

यो घोषणाबाट सबैभन्दा बढी आहत हुनेमा सगोत्रिहरूलाई धोखा दिएर पंचायत पस्नेहरू नै देखिए । दलगत राजनीतिलाई धोखा दिने यस्ता नेताहरू बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएमा आफ्नो जीवन मरेतुल्य हुने र बाँकि जीवनभर नै पश्चाताप गरेर बिताउनु पर्ने आशंकाबाट पीडित भए ।[१०६०] यसरी प्रारम्भमा हतोत्साहित भएका पंच नेताहरूलाई सम्हालिएर गतिशिल हुन केही समय लाग्यो । खास गरेर आफ्ना पक्षमा जनताको समर्थन नभएको कुरामा विश्वस्त पंचायत पक्षका नेताहरूले जनमत संग्रहमा पराजित हुनु पर्ने संभावना स्पष्ट रूपले बुझेका थिए ।[१०६१] तर पनि केही दिनमै उनीहरूले अन्यौलपूर्ण स्थितिबाट बाहिर निस्केर चुनौतीका रूपमा यो घोषणालाई स्वीकार गरी सामना गर्ने निश्चय गरे । प्रवुद्ध मानिएका पंचहरूको सक्रियतामा प्रारम्भ भएको अनौपचारिक छलफलपछि सर्वप्रथम एक बैठकको आयोजना गरी अप्रत्याशित स्थितिको सामना गर्न आवश्यक रणनीति निर्माण गर्ने निश्चय गरियो ।[१०६२] जसअनुरूप मातृकाप्रसाद कोइराला, सूर्यबहादुर थापा, कीर्तिनिधि विष्ट, नगेन्द्रप्रसाद रिजाल, शैलेन्द्रकुमार उपाध्याय, कमलराज रेग्मीलगायतको उपस्थितिमा २०३६ जेठ १४ गते राष्ट्रिय सभागृहमा सम्पन्न बैठकले पंचायतमा गर्नु पर्ने समसामयिक सुधारका लागि व्यापक छलफल गरी निर्णय गर्न राष्ट्रिय पंचभेला आयोजना गर्ने निर्णय गऱ्यो ।[१०६३] यो निर्णय कार्यान्वयन गर्नु अगाडि आफ्नो अनुकूलको सरकार गठन गराई त्यसमार्फत वातावरण मिलाउँदा राम्रो हुने ठानेर त्यसैतर्फ लागे ।

---

[१०५९] डि.पी. अधिकारी, *नेपाली राष्ट्रियताको इतिहास,* ललितपुर : रोशन अधिकारी, २०४५, पृ. ११६-११७ ।

[१०६०] कुबेर शर्मा, *प्रजातन्त्रको बाटोमा नेपाल,* काठमाडौं : आफै, २०४१, पृ. १५ ।

[१०६१] मिश्रा, टिप्पणी संख्या ७५, पृ. १११ ।

[१०६२] वर्मा, टिप्पणी संख्या १०५, पृ. ५० ।

[१०६३] देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. १९५-१९६ ।

कीर्तिनिधि विष्टको राजिनामा पछि राजाबाट रा.प. लाई नयाँ प्रधानमन्त्री छान्न जिम्मा दिइएको हुँदा काठमाडौँमा राजिनामा दिएको मन्त्रिमण्डल र रा.प. हरूको एक अनौपचारिक बैठक आयोजना गरी सरकार गठनबारे छलफल प्रारम्भ गरियो । पंचायतका महत्त्वपूर्ण मानिने मातृकाप्रसाद कोइराला, सूर्यबहादुर थापालगायतका भूतपूर्व प्रधानमन्त्रीहरूको समेत उपस्थिति रहेको उक्त बैठकमा सरकार गठन सम्बन्धमा व्यापक वादविवाद भएको थियो । जसका अन्तमा राजाबाट जनमत संग्रहको घोषणा गरिएको परिवेशमा पंचहरू बीच एकता कायम गरी अगाडि बढ्नु पर्ने र पंचायती व्यवस्थाको विजयका लागि वातावरण निर्माणसँगै जनमत संग्रह सम्पन्न गर्नु पर्ने हुँदा मतदान प्रक्रिया अपनाएर नाम सिफारिस गरी विभाजित मनस्थिति देखाउनुभन्दा यो चुनौतीको सामना गरी काम गर्न सक्ने व्यक्तिलाई सर्वसम्मत रूपले सिफारिस गर्नुपर्दछ भन्ने निष्कर्षअनुरूप सूर्यबहादुर थापाको नाम सिफारिस गर्ने निर्णय गरियो ।[१०६४] करिब १८ घण्टासम्म चलेको उक्त बैठकको अन्तमा सहमती कायम भएपछि औपचारिकता पूरा गरी रा.प. बाट थापाको नाम सिफारिस गरिएकाले आषाढ १६ गते राजाबाट थापालाई प्रधानमन्त्रीमा नियुक्त गरियो । त्यसको दुई दिनपछि निजकै सिफारिसमा राजाबाट २८ सदस्यीय मन्त्रिमण्डलको गठनसँगै राजाद्वारा कार्यभार विभाजन गरी जिम्मा दिने कार्य सम्पन्न गरियो ।[१०६५]

आफ्नो अनुकूलको सरकार गठनमा सफलता पाएपछि पंचभेलातर्फ उन्मुख भएका पंचहरूले रा.प. का अध्यक्ष रामहरी शर्माको संयोजकत्वमा पंचभेला आयोजक समिति गठन गरी तयारी सुरु गरे । ने.का. ले त्यसबखतसम्ममा काठमाडौँ टुडिखेलस्थित खुलामंचमा आमसभा गरेर चुनौती दिदै बहुदल प्रचार अभियान थालनी गरिसकेको थियो । पंचायत समूहको नीतिबारे ठोस निर्णय नभएको हुँदा भेलाका लागि गठित समिति विभिन्न उप समिति गठन गरेर तयारीसँगै आक्रामक प्रतिउत्तर दिनेसम्मका कार्य प्रारम्भ गरियो । प्रारम्भमा पंचायत समर्थक युवावर्गका नामबाट हतार-हतार एउटा पर्चाद्वारा जवाफी आक्रमणसँगै पंचायती नीतिको झलक दिने काम भयो । ने.का. का वी.पी., गणेशमान, कृष्णप्रसाद भट्टराईलगायतका केन्द्रीय नेतालाई प्रतिक्रियावादी, भडुवा, देश बेचुवाजस्ता शब्दावली प्रयोग गर्दै तिनको डटेर मुकाबिला गर्ने आह्वानसँगै उक्त पर्चामा- भ्रष्ट पंच एवं कर्मचारीहरूलाई कडा कारवाहि गरिने, श्री ५ को सरकारले कालाबजारीमाथि नियन्त्रण र कर प्रणालीमा सुधार गर्नु पर्ने, पंचायतलाई जनमुखी बनाउन वाक-प्रेश स्वतन्त्रता, बालिगमताधिकारको व्यवस्था, रा.प. बाट प्रधानमन्त्रीको नियुक्ति आदि नीतिगत व्यवस्था गरिनु पर्ने, राजा राष्ट्रनायक

---

[१०६४] श्रीभद्र शर्मा, टिप्पणी संख्या ८ (ख) ।

[१०६५] *नेपाल राजपत्र,* अतिरिक्ताङ्क १५ (ग), २०३६ साल जेठ १८ गते ।

भएकाले भुलभुलैयाबाट तटस्थ रहि राष्ट्रको संरक्षणका लागि निर्णय गर्नु पर्ने प्रावधान सारेर पंचायत पक्षमा सक्रिय हुन आह्वान गरिएको थियो ।[१०६६]

युवामोर्चाको नामबाट जारी उक्त पर्चा पंचायत समूहको जनमतमा भाग लिनका लागि निकै सुझबुझ साथ तयार गरिएको पहिलो घोषणा पत्र थियो भन्ने कुरा पछि गएर प्रमाणित नै भयो । यो पर्चा जारी हुना साथ यसमा उठाइएका कुरा र अगाडि सारिएका प्रावधानहरूले तत्कालीन राजनीतिमा व्यापक हलचल उत्पन्न भयो । बहुदलवादी नेताहरूलाई राष्ट्रघातीको संज्ञा दिने र बहुदल समर्थक बनेका पंचहरूमाथि कडा कारवाही गरिनेलगायतका धम्किबाट यथास्थितिवादीहरूको चाहना स्पष्ट भएपछि श्रीभद्र शर्मा, रविन्द्रनाथ शर्मा, कुलराज शर्मालगायतका पंचहरूले तत्कालै प्रधानमन्त्री थापालाई भेटेर सरकारको चाहना के हो ? राजाबाट प्रदत्त अधिकारको प्रयोग गर्न पाइन्छ कि पाइँदैन ? पर्चाद्वारा कसलाई धम्काउन खोजेको हो ? लगायतका प्रश्न गर्दै स्थिति स्पष्ट गर्न अनुरोध गरे ।[१०६७] जवाफमा प्रधानमन्त्रीले आलटाल गर्दै जनमत संग्रहको घोषणाबाट हामी आत्तिएका छैनौं भन्ने स्पष्ट गर्नका लागि युवाहरूबाट निकालिएको होला, हामीलाई थाहा छैन लगायतका कुरा गरेर टार्न खोजे । जसबाट उनको चाल स्पष्ट भएपछि समय खेर फाल्नुभन्दा केही गर्नु राम्रो भन्ने निश्चयसँगै उनीहरू फर्किए ।

मोर्चाका नामबाट प्रकाशित अपिलपश्चात यस्तै-यस्तै विभिन्न नामबाट पंचायत पक्षलाई राम्रो सिद्ध गर्ने प्रयासअनुरूपका अन्य पर्चाहरू पनि निस्कन थाले । जसमा बहुदलीय व्यवस्था अस्थिरता जन्माउने, भ्रष्टाचार बढाउने, गृहयुद्ध निम्त्याउने, बहुमतका नाममा जनतामाथि अल्पमतको शासन लादिने, विकासका नाममा विनास निम्त्याउने व्यवस्था हो भन्ने तर्क उठाई बहुदल पक्षको आलोचना गरिन्थ्यो । यस्ता हरेक पर्चामा यसबाहेक पंचायती व्यवस्थालाई प्रजातान्त्रिक पद्धति सिद्ध गर्ने प्रयास गरिएको हुन्थ्यो । प्रारम्भिक चरणमा समाजमा विभिन्न नामबाट यस्ता पर्चा पुऱ्याएर भ्रम खडा गर्ने प्रयास गरिएपछि पंचभेलाका आयोजकहरूका नामबाट अर्को उत्तेजक पर्चा जारी गरियो । नेपालमा संसदीय व्यवस्था अफाप सिद्ध भइसकेको लगायतका तर्कसहित जारी उक्त पर्चामा-

> नेपालमा दलगत संसदीय व्यवस्था अपनाउँदा अराजकताको स्थिति पैदा भइ सर्वत्र हाहाकार भएकाले त्यसलाई फालि पंचायती प्रजातान्त्रिक पद्धति प्रारम्भ गर्नु परेको हो । पुनः बहुदल आएमा केही समयभित्रै देशमा ठूलो गृहयुद्ध भएर लाखौं लाख नेपाली मर्ने धेरै सम्भावना छ । नेपालीले नै नेपालीको हत्या गर्ने छ र हाम्रो देशका नदीहरू रातो रगतले भरिने छन् । यस्तो

---

[१०६६] विस्तृतिका लागि राष्ट्रिय युवामोर्चा २०३६ द्वारा "युवामोर्चाको अपिल" शीर्षकमा जारी गरिएको पर्चा, (मिति उल्लेख नभएको) ।

[१०६७] श्रीभद्र शर्मा, टिप्पणी संख्या ८ (ख) ।

परिस्थिति निर्दलीयताले मात्र रोक्न सक्ने भएकाले यसमा भएका त्रुटि पत्ता लगाई हटाउन सहयोग पुऱ्याउँदै पंचायत पक्षमा मतदान गर्न अनुरोध गरिएको थियो ।[१०६८]

देशव्यापी उत्तेजनाको स्थिति निर्माणको प्रयाससँगै तयारी सम्पन्न गरेपछि २०३६ आषाढ १४ गते राजधानी काठमाडौंस्थित राष्ट्रिय सभागृहमा राष्ट्रिय पंचभेला २०३६ प्रारम्भ गरियो । उद्‌घाटनपश्चात सम्बोधन गर्दै प्रधानमन्त्री थापाले आफ्ना विचार प्रस्तुत गर्ने छुट भए तापनि राजसंस्था-राजा वा देशलाई आँच आउने खालका कुरा व्यक्त गर्ने ठाउँ छैन, देशको शान्तिमा खलल पुऱ्याउने-राष्ट्रिय हितमा बाधा पुऱ्याउने कार्य हुन नदिन सरकार सजग छ भन्दै पंचहरूले जनआकांक्षा प्रतिबिम्बित भएको कार्यक्रम लिएर जनसमक्ष जनमत लिन जानु पर्ने धारणा व्यक्त गरे ।[१०६९] त्यसपछि विधिवत प्रारम्भ भएको पंचभेला आषाढ १७ गतेसम्म चलेर व्यापक छलफल भयो । छलफलका क्रममा एकातिर नेताहरू बीच तिब्र विवाद प्रारम्भ भइ एकअर्कालाई आरोप लगाउने कार्य भयो भने अर्कातिर आगामी रणनीति सम्बन्धमा तीन किसिमका धारणा देखापरे । डा. तुलसी गिरी, विश्ववन्धु थापा, रविन्द्रनाथ शर्माले पंचायतमा सुधार होइन पार्टीको माग गर्नुपर्दछ भन्ने पक्षको नेतृत्व गरे, मातृकाप्रसाद कोइराला, सूर्यबहादुर थापा, राजेश्वर देवकोटा आदिले पंचायतमा क्रमिक सुधारको पक्ष लिए भने खड्‌गबहादुर सिंह, दामोदर शमशेर राणा, दिलबहादुर श्रेष्ठ आदि पंचायतमा कुनै सुधार गर्नु नहुने पक्षमा देखिए ।[१०७०] पंचायतको स्थापनासँगै अनवरत रूपले सक्रिय हुँदै आएका महापंचहरू नै तीन धुरीमा बाँडिएर धारणा व्यक्त गरेपछि उक्त सम्मेलनमा एकात्मक राजनैतिक संस्कार विपरितका क्रियाकलाप सुरु भए । फलस्वरूप आफूलाई मन नपरेको कुरा सुन्ना साथ माइक खोस्न जाने, हो हल्ला गर्ने र आलोचना गर्ने क्रम सुरु भयो । आफूलाई पंचायतका सच्चा पहरेदार एवं शक्ति केन्द्र ठान्नेहरूमाथि तिनकै कारणले गर्दा पंचायत प्रणालीमाथि खतरा उत्पन्न भएको लगायतका आरोप लगाइयो ।[१०७१] यस्ता आरोप-प्रत्यारोपबीच असार १७ गते सम्पन्न पंचभेलाले पंचायती व्यवस्थामा समसामयिक सुधार गर्न सिफारिस गर्ने भनी प्रत्यक्ष बालिगमताधिकारका आधारमा रा.प. को चुनाव गर्ने, मन्त्री परिषद् रा.प. प्रति उत्तरदायि हुने, देशको सार्वभौमसत्ता श्री ५ मा नै निहीत हुने, गाउँ फर्कलाई खारेज गर्ने, दलगत संघ संस्था खोल्ने बाहेकका अन्य मौलिक हक उपयोग गर्न दिनेलगायतका निर्णय गरी[१०७२] क्रमिक सुधारका पक्षमा लाग्ने निश्चय गऱ्यो ।

पंचभेलाका निर्णय बाहिर आउना साथ युवामोर्चाका नाममा प्रकाशित अपिल नै पंचायत पक्षको प्रथम घोषणा पत्र थियो भन्ने कुरा स्पष्ट भयो । किनकी उक्त अपिलमा

[१०६८] विस्तृतिका लागि पंचभेला आयोजक समिति प्रचार उपसमिति काठमाडौंद्वारा "नेपालका स्वच्छ नदीहरूलाई रगतको भेलले रातो नपारौं" शीर्षकमा प्रकाशित पर्चा, २०३६ ।

[१०६९] आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ११३-११४ ।

[१०७०] (क) *गोरखापत्र,* २०३६ साल आषाढ १५ गते ।
(ख) *राष्ट्र पुकार,* २०३६ साल आषाढ २१ गते ।

[१०७१] वर्मा, टिप्पणी संख्या १०५, पृ. ५० ।

[१०७२] विस्तृतिका लागि देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. १९६-२०२ ।

पंचायती व्यवस्थालाई अझै जनमुखि बनाउने नाममा व्यवस्था हुनै पर्दछ भनी उठाइएका पूर्वाधारहरू नै पंचभेलाका निर्णयका रूपमा प्रकट भए । जनमत संग्रह निष्पक्ष रूपले सम्पन्न गर्ने दायित्व पूरा गर्न नियुक्त भएका प्रधानमन्त्री थापा नै पंचायतमा क्रमिक सुधारको पक्षमा देखिइ आफ्नो धारणालाई आधिकारीकता दिन सफल भएपछि परिणामबारे अडकल लगाउन सजिलो भयो । त्यो स्थितिले पंचायतलाई जिताउने उपाएको खोजी भइसकेको र बहुदलीय व्यवस्थाका मूलभूत सिद्धान्तहरू नै पंचायतले अवलम्बन गर्ने भनी प्रचार गरेर जनमानसमा भ्रम फैलाउने प्रयाससँगै राजालाई पनि त्यही बाटोमा हिडाउने षड्यन्त्र प्रारम्भ भएको तथ्यतर्फ ने.का. नेताहरूले ध्यानै दिन सकेनन् । फलस्वरूप पंचहरू यिनै निर्णयका आधारमा राजनेतृत्वका बहानामा संगठित भएर जनसमक्ष जाने र परिस्थितिको सामना गर्ने निश्चयसँगै तयार भएर अनुकूल स्थिति निर्माण गर्नेतर्फ लागे ।

पंचभेलाको समापनपछि यथास्थितिवादी र सुधारवादीहरूलाई पंचायतको प्रमुख शक्ति केन्द्रको प्रयासमा एकपारि मुकाबिला गर्ने तत्परतासँगै नीति निर्माणतर्फ लागे । सरकार पनि आफ्नो अनुकूल भएकाले राज्यका सारा स्रोत साधनलगायत प्रचार संयन्त्र पनि उनीहरूकै हातमा थियो । त्यो स्थितिमा आफ्ना युवाहरूलाई परिचालन गरी प्रचार प्रसारमा व्यापकता ल्याउने उद्देश्यले युवा पंचभेला तयारी समिति गठन गरे । श्री ५ महेन्द्रबाट सूत्रपात गरिएको निर्दलीय पंचायतको राजनैतिक दर्शन बोकेर हिडने युवा पंच कार्यकर्ताको काँधमा आएको जनमत संग्रहरूपी महत्त्वपूर्ण दायित्व पूरा गर्ने उपायको खोजीसँगै कार्यक्रम निर्माण गर्ने उद्देश्यअनुरूप गठित तयारी समितिले भेलाका लागि व्यापक तयारी गऱ्यो ।[१०७३] जसका अन्तमा २०३६ साल असार २८ गते काठमाडौँमा प्रारम्भ भएको युवा पंचभेलाको दुई दिने सम्मेलनले आफ्नो नीति तथा कार्यक्रम जारी गऱ्यो । पंचायती व्यवस्थाबाट नै सच्चा प्रजातान्त्रिक परिपाटिको पूर्ण विकास हुन सक्दछ भन्ने विश्वाससहित जारी गरिएको नीति तथा कार्यक्रममा "बहुदलवादीहरूलाई विदेशीका बुई चढेर सत्ता हत्याउनेलगायतका आरोप लगाउँदै पंचायती व्यवस्थालाई जिताउन प्रचार प्रसार गर्ने, प्रशासनिक ढिलासुस्ती हटाउन अग्रसर हुने, पंचायत विरोधीहरूसँग मुकाबिला गर्न कटिवद्ध रहने आदि २३ सूत्रीय बचनवद्धता व्यक्त गरिएको पाइन्छ ।[१०७४] यसै भेलाद्वारा राष्ट्रिय एवं नगर-ग्रामसम्म नै युवा पंचसभा गठन गर्ने निश्चयसँगै व्यवहारमा उतार्न सहभागिहरूलाई नै जिम्मा दिइएको थियो ।

युवाहरूलाई पंचायत पक्षको प्रचार प्रसारमा प्रयोग गर्न युवा पंचसभाको निर्माणपछि पंचायती प्रचार प्रसार प्रारम्भ गरियो । पंचभेलामा पंचायती व्यवस्था निर्दलीयताको आवश्यकतामाथि विश्वास गर्दछ भन्ने प्रस्ताव पारित गर्नाले उदारवादी पंचहरू त्यसका

---

[१०७३] आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. १२४-१२५ ।

[१०७४] विस्तृतिका लागि *राष्ट्रिय युवा पंचभेलाको नीति तथा कार्यक्रम* शीर्षकमा प्रकाशित पुस्तिका, प्रकाशक स्थान, मिति आदि केही उल्लेख नभएको, पृ. १-१५ ।

विपक्षमा उत्रिएका थिए । तिनलाई खुशी पार्न र भेलाबाट पारित प्रस्ताव देशव्यापी बनाउन "जिन्जर गुट र निर्दलीय पंचायत फोरम" गठन गरी प्रयास थालिए तापनि खासै प्रगती हुन सकेन । त्यो स्थितिमा पंचायतको निर्दलीय स्वरूप भन्ने निर्णयबाट असन्तुष्ट भएका विघटित गाउँ फर्कका अध्यक्ष विश्ववन्धु थापा र श्रीभद्र शर्मा एवं रविन्द्रनाथ शर्माजस्ता भूतपूर्व मन्त्रीहरू बहुदलीय पक्षमा सक्रिय हुने निश्चयसँगै अगाडि बढे । यसक्रममा थापाले वर्तमान सरकारमा कोही निष्पक्ष नभएको तर साधन स्रोतको दुरूपयोग गर्दै निष्पक्षताको प्रचार प्रसारमा हिडेको जनाउँदै नेपालमा केही र कोही पनि निर्विकल्प छैन भन्नेमा विश्वस्त भइसकेका राजाले निर्दलीय व्यवस्थाको नेतृत्व छाडि बहुसंख्यक बौद्धिक जगतको मागअनुरूप सिधै बहुदलको घोषणा गर्नु पर्दछ[१०७५] भन्ने धारणाअनुरूप अगाडि बढे । यसैगरी श्रीभद्र शर्मा र रविन्द्रनाथ शर्माले पनि राजाबाट प्रदत्त घोषणाले नेपालको राजनीतिमा ठूलो मोड आएको जनाउँदै राजनैतिक प्रणाली चयन अभियानले देशव्यापी रूपमा विभाजनको रेखा कोरेको हुँदा श्री ५ बाट सोझै बहुदलीय व्यवस्थाको घोषणा गर्नु पर्दछ भन्ने मागलाई अगाडि सारे ।[१०७६] यसबाहेक अन्य कैयौं पंचहरूले आफू संलग्न पंचायतका निकायहरूबाट राजिनामा समेत दिएर बहुदलीय पक्षमा संलग्न हुने वा माग गर्नेलगायतका कार्यतर्फ सक्रिय भए ।

पंचायती व्यवस्थाका विरुद्धमा पंचहरू नै लागेपछि युवा पंचलगायतको परिचालन गरी बहुदलवादी बनेका पंचहरूलाई कुटपिट गर्ने धम्काउने र जनसभाहरूमा आक्रमण गरी भाडभैलो मच्चाउने कार्यहरू गर्न थालियो । २०३६ साल मंसिर ६ गते भैरहवाबाट काठमाडौं जान लागेका रविन्द्रनाथ शर्मालाई भैरहवामा युवा पंचहरूले घेरेर आक्रमण गरी हातपात गर्ने, कालोमोसो दल्ने कार्य गरे ।[१०७७] काठमाडौंबाट तनहुँतर्फ हिडन लागेका श्रीभद्र शर्मालाई पनि घेरेर धम्काउनेदेखि हातपात गर्न खोज्नेलगायतका कार्य गरियो ।[१०७८] बहुदलवादी नेताहरूमाथि हातपात-आक्रमण गर्नेदेखि उनीहरूका प्रचार कार्यालय तोडफोड गर्ने, प्रचार सामग्रीहरू नष्ट गर्ने, कार्यकर्ताहरूलाई धम्काउनेलगायतका कार्यहरू देशव्यापी रूपमा तिब्र पारिएपछि जनमत संग्रह नै नहुने हो की ? भन्ने आशंकायुक्त स्थितिको विकास हुन पुग्यो । फलस्वरूप राजाको नियतमा शंका गर्ने खालका अभिव्यक्तिहरू सार्वजनिक हुन थालेकाले यथास्थितिका समर्थकहरूद्वारा पूर्वाधारका लागि माग गर्ने क्रम सुरु भयो । बहुदलीय व्यवस्थालाई

---

[१०७५] सातदिने समीक्षा, २०३६ साल कार्तिक ३० गते ।

[१०७६] विस्तृतिका लागि (क) श्रीभद्र शर्माद्वारा "मैले राजिनामा किन दिएँ" शीर्षकमा २०३६ फागुन ९ गते जारी गरेको पर्चा ।
(ख) "रविन्द्रनाथ शर्माको अपिल" शीर्षकमा टाइप गरिएको पर्चा, मिति उल्लेख नभएको, त्यसमा प्रयुक्त भाषा हेर्दा शर्माद्वारा जारी प्रेश विज्ञप्ति जस्तो लाग्दछ ।
(ग) बराल, टिप्पणी संख्या ७० (ख), पृ. ७५ ।

[१०७७] (क) *पूर्ववत्* (ख) ।
(ख) देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. ३८३ ।

[१०७८] श्रीभद्र शर्मा, टिप्पणी संख्या ८ (ख) ।

अफापलगायतका शब्दावलीद्वारा निन्दा गर्दै पंचायती व्यवस्थाको प्रशस्ति गानसहित सहमतीको याचना गरिएका त्यस्ता पर्चाहरूमा निम्नलिखित पूर्वाधारको माग गरिएको थियो ।

(१) जनमत संग्रहको क्रममा हुने विभाजित विचार धाराको प्रचार प्रसार गर्दा राजा र राजसंस्थाको भूमिकाप्रति कसैले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आलोचना र अवहेलना गर्ने छुट पाउनु हुन्न ।

(२) हाल देशमा देखापरेको अराजकताको वातावरण तत्कालै समाप्त गरियोस् ...त्यसो नभएमा देशका हजारौं हजार पंच कार्यकर्ता आफ्नो संरक्षण र संगठनका लागि आफै मैदानमा उत्रने छन् ।

(३) जनमत संग्रह पूर्ण प्रभावकारी तुल्याउन सम्पूर्ण बालिग नागरिकले भाग लिन सक्ने वातावरण सिर्जना गरी सीमित र टाठाबाठा व्यक्तिले मात्र मतदान गर्ने व्यवस्थाका सट्टा शतप्रतिशत मतदान हुन सक्ने वातावरण निर्माणको आवश्यक व्यवस्था होस् ।[१०७९]

पंचायतका सम्पूर्ण निकायहरूको यथावत सक्रियता र पंचहरूकै सरकार रहेको अवस्थामा पनि पंचहरूबाट पूर्वाधारहरूको माग सारिएपछि जनमत संग्रहका विरुद्धमा षड्यन्त्र हुन थालेको शंका गर्न थालियो । तर पनि बहुदलवादीहरू आफ्नै अभियानमा लागेपछि पंचायतका पक्षमा खास त्यति जनलहर आउन सकेन । त्यो स्थितिमा पंचहरूले यो व्यवस्था राजनेतृत्वमा स्थापित भएकाले आफूहरू समर्थक बनेको जनाउँदै हाल राजाबाट व्यवस्थामा प्रश्न चिन्ह लगाएर हामीलाई विचल्लीमा पार्न पाइँदैन र संकटको यो क्षणमा पनि व्यवस्थाको नेतृत्व राजाबाटै गरेर पार लगाउनु पर्दछ भन्ने नीतिअनुरूप बढेर सक्रिय हुन थाले । जनस्तरमा समेत पंचायत भनेको राजाको व्यवस्था हो भन्ने प्रमाणित गर्न पंचायत पक्षका प्रत्येक प्रचार सामग्रीमा राजनेतृत्वमा संचालित व्यवस्था, श्री ५ वीरेन्द्र जिन्दावाद आदि उल्लेख गरिन्थ्यो । राजा एवं वी.पी. दुवैको तस्विर राखेका पर्चा-पोस्टर बनाइ बहुदल वी.पी. को र पंचायत राजाको व्यवस्था हो राजा राज्छौ की वी.पी. ? राजा रोच्छौ भने पंचायतलाई भोट देउ भनी दुर्गम र विकट क्षेत्रका धर्मभिरु जनतालाई आफ्नो पक्षमा ल्याउनेतर्फ लागे ।[१०८०]

आफू राजगद्धिमा बसेपछि आफ्ना पिताद्वारा सुदृढ गरिएको राजनैतिक शक्तिभित्र रहेर हरेक वर्ष मुलुकको विभिन्न क्षेत्रमा भ्रमण गर्दै जनभावना बुझ्ने र विकासका क्रियाकलापहरू सुपरिवेक्षण गर्ने कार्य थालेका राजा वीरेन्द्रले मुलुक भित्रकै परिवर्तन चाहनेहरूको बढ्दो दवाव,

---

[१०७९] (क) विस्तृतिका लागि खड्गबहादुर सिंहद्वारा "पंचायत व्यवस्थामा के कस्तो सुधार हुन्छ भन्ने कुरा पंचहरूले नै निर्णय गर्ने छन्" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
(ख) त्यसबखत पंचायतका विभिन्न नेताहरूद्वारा बहुदलवादी समूहहरूमध्ये ने.का. र यसका प्रमुख नेताहरूलाई तथा नाम गाली गर्दै बहुदलीय व्यवस्था अराकता सिर्जना गर्ने भाड तन्त्र हो लगायतका भ्रमात्मक कुरा उल्लेख गरी पंचायतको प्रशस्ती गान र विभिन्न पूर्वाधार सार्दै पर्चाहरू निकालिएको कुरा विभिन्न राजनेता एवं प्रबुद्ध नागरिकहरूले स्वीकार गरेका छन् ।

[१०८०] (क) निलाम्बर पन्थी, गोविन्द कँडेल, नरहरी आचार्य, पुरुषोत्तम बस्नेत, ताराप्रसाद गौतम, शुक्रराज शर्मा, रामचन्द्र पौडेल, गिरिराज आचार्य, रामचन्द्र अधिकारीसँगका अन्तर्वार्ताहरू ।
(ख) पद्मकेशर कार्कीसँग २०६० जेठ ६ गते चतरालाइन, धरानमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) शिवधारी, यादवसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) डण्डपाणि गौतमसँग २०६१ वैशाख १० गते मणिग्राम, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) सिद्धराज ओझासँग २०५८ जेठ ३ गते मन्त्रि निवास, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

पंचायत प्रणाली भित्रका विरोधाभासपूर्ण कुराहरू आदि क्रमशः बढ्दै गएको तथ्य महसुस गरे । त्यसबारे यथार्थ कुरा पत्ता लगाएर निराकरणका उपाए खोज्न र देशको शैक्षिक अवस्थामा सुधार ल्याएर विकासका पूर्वाधार तयार गर्न जरुरी ठानेका राजाले निकै सोच विचारपश्चात त्रिभुवन विश्वविद्यालयमा राष्ट्रिय विकास सेवा (रा.वि.से.) कार्यक्रम लागू गर्ने निर्देशन दिए । जसअनुसार २०३१ सालदेखि प्रारम्भ भएको रा.वि.से. कार्यक्रममा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूले देशको ग्रामीण स्तरका विद्यालयहरूमा गएर अनिवार्य रूपमा एक वर्ष शिक्षण गर्नु पर्ने, स्थानीय अनभिज्ञ सोझा-साझा जनतालाई चेतनशील बनाउने, देशको उच्च शिक्षा अध्ययनरत युवाहरूलाई पनि देशको वास्तविकतासँग परिचित गराई समस्या पहिचान गर्न सक्ने बनाउने, युवा एवं सोझा-साझा जनताको साझा प्रयासद्वारा भविष्यमा जनस्तरबाट नै स्वः-स्फूर्त रूपमा राष्ट्रिय विकासको वातावरण निर्माण गर्ने, स्थानीय प्रशासन एवं जनस्तरबीच सम्पर्क विन्दुका रूपमा काम गर्ने आदि कार्य व्यवस्था गरिएको थियो । यसरी गएका विद्यार्थीहरूले राजाको क्षेत्रगत भ्रमणका क्रममा प्रत्यक्ष दर्शनभेटको अवसरसँगै आफू कार्यरत क्षेत्रको यथार्थ विवरण पेश गर्ने मौका पाउँदथे । रा.वि.से. मा जाने उच्च शिक्षाका विद्यार्थीहरूमध्य अधिकांश पंचायत विरोधी हुने अवस्थामा तिनका समाजमुखी क्रियाकलाप कट्टर पंच लगायत प्रशासकहरूलाई मन परेको थिएन । त्यो स्थितिमा जनमत संग्रहको घोषणा भएपछि रा.वि.से. का विद्यार्थीहरू आफ्नो आस्थाअनुरूप बहुदलीय पक्षमा सक्रिय हुन थाले । फलस्वरूप गाउँ-गाउँमा पंचायतका कट्टरपन्थीहरूको चाहना विपरित राजनैतिक जागरण बढ्न गएर बहुदल पक्षको प्रभाव बढ्ने स्थिति देखियो । जसबाट आत्तिएको तत्कालीन सरकारले रा.वि.से. जस्तो जनहितमूलक कार्यक्रम रोक्ने निर्देशन दियो । सरकारको आदेशअनुसार त्रिभुवन विश्वविद्यालयले पनि २०३६ साल आषाढमा रा.वि.से. कार्यक्रम स्थगनको घोषणा गर्दै देशका विभिन्न भागमा कार्यरत सम्पूर्ण विद्यार्थीहरूलाई फिर्ता बोलायो ।[१०८१]

करिब २० वर्षको अवधिमा तयार गरेको देशव्यापी एवं विशाल संगठनात्मक नेटवर्क एवं राज्यका सम्पूर्ण स्रोत साधनहरूको खुला प्रयोगबाट शक्ति सम्पन्न बनेका पंचायतवादीहरूद्वारा लगाइएका यस्ता नारा एवं भ्रमहरूलाई रोक्ने संयन्त्र बहुदलवादीहरूसँग थिएन । तसर्थ पंचहरूले पंचायती व्यवस्थालाई राजाको व्यवस्था सिद्ध गर्ने प्रयासका साथै वामपन्थी पृष्ठभूमि भएका कमलराज रेग्मी, खड्गबहादुर सिंहलगायतका पंचहरूलाई प्रयोग गरी नेकपा (माले) समर्थक विद्यार्थीहरूलाई ने.वि. संघका विद्यार्थीसँग भिडाउने, विभिन्न आदिवाशी जनजातिहरूको बाहुल्यता रहेका तराईदेखि हिमालसम्मका क्षेत्रमा प्रशासनिक बलमा डर धम्कि देखाएर पंचायत पक्षमा भोट देउ भन्ने, बहुदलवादीहरूका आमसभा भाडनेदेखि प्रमुख नेताहरूमाथि नै आक्रमण गराउनेलगायतका नीति लिएर अगाडि बढे । परिणामस्वरूप निरक्षर नागरिकहरूको बाहुल्यता रहेका ग्रामीण क्षेत्रहरूमा "भोट त राजालाई नै दिनु पर्दछ - निराजको

[१०८१] तुलसीराम वैद्यसँग २०६० पौष २१ गते काठमाडौं त्रिपुरेश्वरमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

मुलुकमा बाँच्न सकिदैन"[१०८२] भन्ने चर्चा चल्न थाल्यो । देशको उच्च शिक्षाका केन्द्र मानिने क्याम्पसहरूमा माले समर्थक अखिलद्वारा सानो-सानो कुरामा निहुँ खोजेर हडताल गर्ने, ने.वि. संघलाई भारतीय दलाल-देशबेचुवालगायतका आरोप लागउने र वी.पी. को पुतला जलाउनेलगायतका कार्यक्रम आयोजना गरी उत्तेजना फैलाउने गर्न थालियो ।[१०८३] ने.का. का विरुद्धमा लक्षित यस्ता कार्यक्रमहरूमा मण्डल समर्थक विद्यार्थीहरूका साथै प्रशासनिक गुप्तचरहरू समेत उपस्थित भएर तालि पिटने गर्नाले यस्ता कार्यक्रमको संचालन को बाट हुँदैछ भन्ने पनि लुकेको थिएन ।[१०८४] यसप्रकार विद्यार्थीहरू बीच प्रारम्भ गरेको विभाजनलाई गाउँस्तरसम्म पुऱ्याउने तर्फ लागेका पंचहरूले आफ्नो पक्षमा नलाग्नेहरूमाथि साम, दाम, दण्ड, भेदका उपाय अपनाउने र पंचायतलाई भोट नदिने भए बरु बहिस्कार गरसम्म भन्न लगाउने खालका कार्य गरे ।

पंचायती राजनीतिका खेलाडिहरू जनमत संग्रहको तयारीसँग एकातिर बहुदलवादीहरूलाई "फुटाउ र सत्ता जोगाउ" को प्रयास गर्दै थिए भने अर्कातिर पंचायतको विजयपश्चात आवश्यक पर्ने कानुनलाई आफ्नो अनुकूल हुने गरी तर्जुमा पनि गर्दै थिए । पंचभेलाबाट रा.प.स. को निर्वाचनबारे सुधारका लागि गरिएको सिफारिस राजाबाट अनुमोदन नहुँदै "तत्कालीन सरकारको अग्रसरतामा रा.प. बाट गोप्य रूपमा असाधारण अवरोधसमेत राखिएको रा.प.स. निर्वाचन दोस्रो संशोधन २०३६ नामक डर लाग्दो कानुन पारित गरे ।"[१०८५] पंचहरूको वास्तविक नीतिसमेत स्पष्ट हुने गरी गरिएको यस्तो कार्यका पछाडि निहीत षड्यन्त्र बुझेर पनि ने.का. ले कुनै विचलन नदेखाइ अगाडि बढ्ने नीति लियो । जसबाट उत्साहित भएका पंचहरू अब राजालाई माध्यम बनाएर पंचभेलाका प्रस्ताव कार्यान्वयन हुने खालका व्यवस्था गर्नेतर्फ लागि अब पंचायती व्यवस्था र बहुदलीय व्यवस्थामा खासै फरक छैन भन्ने स्थिति सिर्जना गर्ने तयारी गर्न थाले । उनीहरूको दवावलगायतको स्थितिबाट बाध्य भएका राजाबाट २०३६ साल पौष १ गतेको सन्देशबाट जुन कुरा घोषणा गरियो त्यसबाट पंचायतको स्थिति झन बलियो भयो । किनकी यो घोषणामा पंचभेलाका निर्णयअनुरूपका कुरा आएपछि पंचायतका नेता राजा भन्ने धारणा प्रमाणित गर्न र पंचायतको सुधारिएको छवी स्पष्ट गर्न पंचहरूलाई सजिलो हुने परिस्थिति सिर्जना भयो ।

---

[१०८२] (क) कृष्ण धारावासी, *आधा बाटो,* झापा : नियात्रा प्रकाशन, २०५६, पृ. १७८ ।
(ख) नेपालका ग्रामीण क्षेत्रहरूमा राजालाई भगवान विष्णुको अवतार ठान्ने मानसिकता बोकेका अशिक्षित नागरिकसमक्ष स्थानीय नेतृत्व गर्ने पंचहरूद्वारा राजा र वी.पी. मध्ये एक रोज्नु पर्ने भनी प्रचार गरिएपछि राजालाई भोट नदिदा राजा हार्ने र वी.पी. ले लखेटने हुँदा भगवानले श्राप दिन्छन् भन्ने धारणा बलियो भएपछि छोरा नातिले बहुदल राम्रो हो भन्दा पनि नमानेर राजा जोगाउन पंचायतलाई भोट दिएको भन्ने मानिसहरू नेपाली समाजमा हाल पनि प्रशस्त पाइन्छन् ।

[१०८३] *पूर्ववत्* (क), पृ. १९३ ।

[१०८४] कृष्ण धरावासी, टिप्पणी संख्या १०४ (ख) ।

[१०८५] गणेशराज शर्मा, "जनमत संग्रह विथोल्ने कानुन रा.प. (सदस्य निर्वाचन) : दोस्रो संशोधन २०३६", *राष्ट्र पुकार,* होमनाथ दाहाल (सं./प्र.), काठमाडौं : २०३६ मंसिर २० गते, पृ. ५ ।

राजाबाट आफ्नो लागि अनुकूल स्थिति निर्माण हुने खालको घोषणा गराएपछि पंचायतवादीहरू पूर्ण उत्साह साथ अगाडि बढे । यस अगाडि नै सरकारले राष्ट्रिय बजेट पारित गर्दा तराईमा १० विगाहाभन्दा माथिको जमिनमा विगत वर्षहरूमा लगाइएको अतिरिक्त ६०% मालपोत छुट गर्ने व्यवस्था, प्रधानपंचहरूलाई मासिक पारिश्रमिकको व्यवस्था, पंचायत शीर्षकमा ९ करोड रकमको व्यवस्था, कतिपयवस्तुको आयातमा भन्सार छुट, आयकरमा केही छुट आदिको व्यवस्था गरिसकेको थियो ।[१०८६] यसबाहेक पंचायत विकास तथा जग्गाकर खारेज गर्ने, युवा पंचद्वारा किसानलाई आफ्ना उत्पादन बजारमा पुऱ्याएर स्वतन्त्र रूपले बेच्न पाइने जानकारी दिने, नागरिकता वितरणका लागि छिट्टै टोली पठाइँदै छ जस्ता समाचार पुऱ्याउनेलगायतका कार्यद्वारा जनतालाई पंचायत पट्टि आकर्षित गर्न खोजियो ।[१०८७] पंचायती निकायका पदमा रहेर बहुदलीय पक्षमा सक्रिय रहने भरतपुर नगर पंचायतलगायत देशका विभिन्न भागका निकाय भंग गरी आफ्ना मानिस मनोनित गरेर नयाँ कार्यकारी समिति गठन गरियो ।[१०८८] बहुदलीय व्यवस्थाको माग गर्दै आन्दोलनमा उत्रेका र जनमतको घोषणापछि प्रचार अभियानमा जुटेका विद्यार्थी एवं युवाहरू अधिकांस २१ वर्षभन्दा तलका भएकाले तिनलाई मताधिकार नदिने नियतले मतदाता बन्नका लागि २२ वर्षको हदबन्दी तोक्ने,[१०८९] प्रधानमन्त्रीलगायत सरकारका सबैजसो व्यक्तिहरू सरकारी स्रोत साधनमा देशव्यापी अभियान चलाएर पंचायत पक्षमा भोट माग्दै र भाषण गर्दै हिडनेलगायतका कार्यहरू गरिदै थिए । पंचायत पक्षले जनमत संग्रहको घोषणापछि देशमा सिर्जना भएको लुट खसोट, वनजंगल विनाश, आयात निर्यातका लाइसेन्समा घोटालाजस्ता कुराबाट मुलुकको अर्थतन्त्र सर्वनाश गरी आफ्ना लागि आवश्यक अपार धनराशी संग्रह गऱ्यो ।[१०९०]

निष्पक्ष जनमत संग्रह गराउने सरकारको अग्रसरतामा यसप्रकारका कार्यहरू गरिनाले राजाबाट जनमत घोषणाबाट देशमा विकसित हुँदै आएको राजनैतिक जागरण शिथिल हुने स्थिति देखापऱ्यो । पंचायत समर्थकका क्रियाकलापलाई पंचायती प्रशासनले नदेखे जस्तो गर्नाले कानुन एवं व्यवस्थाको स्थिति विग्रन थाल्यो । देशका विकट जिल्लाहरूमा बहुदल पक्षका प्रतिवद्ध नेताहरू जान नसक्ने स्थिति आयो । पंचायत पक्षले सरकारको पूर्ण संरक्षण एवं असीमित स्रोत साधनको प्रयोगद्वारा सम्पादन गरेका कार्यका आधारमा असमान युद्धमा भाग लिनु परेको महसुस

---

[१०८६] (क) *राष्ट्र पुकार,* २०३६ साल आषाढ २८ गते ।
(ख) डा. गंगाधर लम्साल, टिप्पणी संख्या ३५ (क) ।

[१०८७] (क) देवेन्द्र नेपाली, गंगाधर लम्साल, चिरन्जीवी वाग्ले, पुरुषोत्तम बस्नेत, राजेश्वर नेपाली, शुक्रराज शर्मा, अशोक कोइराला, स्मृतिनारायण चौधरीसँगका अन्तर्वार्ताहरू ।
(ख) विमलेन्द्रनिधिसँग २०६० श्रावण ६ गते पवन होटल, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) मुक्तिलाल चुकेसँग २०६० असार २ गते नारायणगढमा लिएको अन्तार्वार्ताको रेकर्ड ।

[१०८८] *पूर्ववत्* (ग) ।

[१०८९] श्रीभद्र शर्मा, मुक्तिलाल चुके, रामचन्द्र पौडेल, कृष्णलाल सापकोटा, गोविन्द कँडेल, अशोक कोइरालासँगका अन्तर्वार्ताहरू ।

[१०९०] गौतम, टिप्पणी संख्या ५० (ख), पृ. १६३ ।

गरेका बहुदलवादी सुरक्षाका विषयमा विश्वस्त हुन सकेनन् ।[१०९१] त्यो स्थितिमा जनमानसमा भय र त्रासको वातावरण हटाइ हामी सशक्त छौं भन्ने देखाउन जरुरी भएकाले ने.का. द्वारा पार्टीगत प्रणालीमा नै प्रतिबन्ध लगाइएको दिन पौष २२ गतेलाई देशव्यापी विरोध दिवशका रूपमा मनाउने निश्चय गऱ्यो ।

ने.का. को निश्चयलाई अन्य राजनैतिक समूहले पनि नैतिक समर्थन दिएपछि देशव्यापी रूपमा जुन वातावरण निर्माण हुन थाल्यो त्यसबाट आफ्ना नीति विरुद्ध व्यापक जनलहर उठने ठानेर आत्तिएको पंचायत पक्षले विविध हथकण्डा अपनाएर भाँडने मनसायअनुरूप कदम चाल्यो । ने.का. को प्रमुख शक्ति मानिने युवा जमातलाई आपसमा फुटाउने, पार्टी एवं युवाबीच विद्यमान विश्वासको वातावरण धमिल्याउने नियतबाट विरोध दिवश विरोधी भावनाले भरिएका पर्चा युवा कांग्रेसका नामबाट छर्ने र पौष २२ गते स्वर्णिम दिवश हो-कालो दिवश होइन लगायतका सामग्री निकाल्ने कार्य गरियो । ने.का. का प्रवुद्ध नेताहरूलाई धोखेवाज र राजाको चाकडी गर्ने नेताका रूपमा सिद्ध गर्ने प्रयत्न गरी युवा कांग्रेसका नामबाट प्रकाशित पर्चाद्वारा युवावर्गबारे गलत धारणाको विकास गर्ने र सिधा-साधा बहुदल समर्थकहरूलाई झुक्याउने नियत लिएको देखिन्छ । पंचायत पक्षको संलग्नता नदेखाई छरिएको उक्त पर्चामा आफ्नो भाइ गिरिजाप्रसादलाई माफि दिलाएर देशभित्र ल्याउन असफल भएको, आफूसँगै जेलपरेकाहरूलाई छुटाउन नसकेको, आफू माथिका मुद्दा फर्साउन नसकेको... हुँदा हामी शक्तिशाली छौं भन्ने देखाएर जनभ्रम पैदा गर्न मात्र यो विरोध दिवश आयोजना गरेको आरोप लगाउँदै पंचायत निलम्बनका कुरामा असहमती जनाउने र २०३६ पौष १ गतेको राज घोषणा समर्थन गर्ने वी.पी.-भट्टराई गुटसँग सावधान रहन युवा पिढिलाई आह्वान गरिएको थियो ।[१०९२] बिनाशर्त जनमत संग्रहको पक्षमा सक्रिय वी.पी. लगायतका राजनेता विरुद्ध आक्रामक भावना व्यक्र गरी चरित्र हत्या गर्ने र युवावर्ग एवं आम जनमानसमा भ्रम सिर्जना गर्ने मनसाय निहीत रहेको उक्त पर्चा विरोध दिवशका दिनभन्दा ३-४ दिन अगाडि रातको समयमा देशका बहुदल प्रभावित क्षेत्र एवं शैक्षिक प्रतिष्ठानका आसपासमा छरिएको थियो ।[१०९३]

विरोध दिवशका विरुद्धमा पंचायतका समर्थकहरूले अर्को पर्चा पनि निकालेका थिए । पौष २२ गतेको दिनलाई कालो दिवशका रूपमा मनाउने निर्णय राष्ट्रिय हित तथा राष्ट्रिय दृष्टिकोणलाई ध्यानमा राखेर सोच्ने प्रवृत्ति तथा परम्पराको अभाव भएकाहरूबाट जनमत संग्रह विथोल्ने निहीत प्रयासको संज्ञा दिँदै राजधानीलगायतका क्षेत्रमा छरिएको उक्त पर्चामा- २०१७ साल पौष २२ गतेपश्चातका १९ वर्षमा पंचायती व्यवस्थाले राजनैतिक स्थिरता कायम गरी

---

[१०९१] बराल, टिप्पणी संख्या ७० (ख), पृ. ८१ ।

[१०९२] विस्तृतिका लागि युवा नेपाली कांग्रेसका नामबाट "पौष २२ को विरोध दिवश धोखा हो ! वी.पी. को दोहोरो चालदेखि सावधान !!" शीर्षकमा प्रकाशित पर्चा, मिति नभएको ।

[१०९३] चिरन्जीवी वाग्ले, पुरुषोत्तम बस्नेत, नरहरी आचार्य, महेश्वरलाल श्रेष्ठ, विमलेन्द्रनिधिलगायतका विभिन्न राजनेताहरूले उक्त पर्चा पंचायत पक्षद्वारा छरिएको मान्दछन् भने त्यसमा प्रयुक्त भाषाबाट पनि त्यो स्पष्ट हुन्छ ।

जनतालाई शान्ति सुरक्षा एवं अमनचयन उपलब्ध गराएको दाविसहित यो अवधिमा व्यापक विकास निर्माण एवं सुधार गरिएको कुरा उल्लेख गर्दै मुलुकलाई आत्म निर्भरताको स्थितिमा पुऱ्याउने पंचायती व्यवस्था स्थापना भएको दिन कालो दिन नभएर स्वर्णिम दिवशको दिन हो भन्ने स्वीकार गरिएको थियो ।[१०९४]

विविध उपाए एवं नीति अवलम्बन गरी बहुदलीय क्रियाकलाप विरुद्ध सक्रिय रहेका पंचहरूले पंचायत पक्षमा जनमत सिर्जना गर्न हरेक उपाएहरू अपनाउन थाले । लामो पंचायती कालखण्डमा नेपालको तराइवाशीहरूलाई भारतीय मुलका भनी छुट्याउँदै आएका पंचहरूले जनमत संग्रहको घोषणापछि पंचायत पक्षमा तिनको समर्थन लिनेतर्फ सक्रिय भए । आफू १९ वर्षसम्म उच्च ओहदामा बस्दा चुप लागेका महापंचहरूले तराइवाशीहरू 'ख' श्रेणिका नागरिक भएको लगायत तराइका विभिन्न समस्याहरू प्रस्तुत गरेर एक वक्तव्य प्रकाशित गरी जातीय र क्षेत्रीय भावना उत्पन्न गरेर[१०९५] सोझा-साझा तराइवाशीलाई आफ्नो पक्षमा ल्याउन खोजे । तराइका आदिवाशी नागरिकहरू नपर्ने खालको नागरिकता नियमावलीका विरुद्ध सक्रिय रहेका युवाहरूले नागरिकता नीति विरुद्ध चलाइरहेको आन्दोलन जनमत संग्रहको घोषणापश्चात झन तिब्र पारिएको थियो । जसमा तिब्र जनसमर्थन जुटाउने र पर्चा-पोस्टरहरू सम्पूर्ण तराइभरी फिजाउने कार्यमा लागेका तराइका पंचहरूले मतदाता नामावलीमा नागरिकता नभएका सबैको नाम समावेश गराएर सबैले त्यही आधारमा नागरिकता पाउने भन्ने अभियान चलाए ।[१०९६]

आम मतदातालाई प्रभावित पार्ने यस्ता कार्यसँगै प्रचार अभियानमा जुटेका पंचहरू बहुदलवादीहरू बीचको विभाजित मानसिकताबाट पनि फाइदा उठाउन सफल भए । किनकी त्यसबखत ने.का. ले बिनाशर्त भाग लिने धारणाअनुरूप अभियान चलाएको थियो भने वामपन्थीहरू पूर्वशर्त र बहिस्कारको नीतिमा थिए । पौष १ गतेको राजाको घोषणापछि कतिपय राजनेताहरू राजाबाट पार्टीमाथिको प्रतिबन्ध हटाएर आम चुनाव गराए हुन्छ भन्न थालेका थिए । विरोधीहरू विभाजित भएको अवस्थामा पंचहरू भने एकजुट भएर पंचायतलाई जिताउने प्रतिज्ञा गरेर सक्रिय हुने काम गरे ।[१०९७] जनमत संग्रहको घोषणामै राजाबाट सुधारिएको पंचायती व्यवस्था भनिदिएको हुँदा अब पंचायतमा पनि प्रजातान्त्रीकरणका लागि धेरै ठाउँ हुन्छ, पंचायत व्यवस्था अब हिजोको जस्तो रहँदैन भन्ने वचनवद्धतासहित राजघोषणालाई नै आधार बनाएर हिडन सजिलो भयो ।[१०९८]

---

[१०९४] विस्तृतिका लागि "स्वर्णिम दिवश" शीर्षकको पर्चा, जारीकर्ता, मिति उल्लेख नभएको, यसमा प्रयुक्त भाषाबाट नै पंचायत पक्षले निकालेको स्पष्ट हुन्छ ।

[१०९५] शुभचन्द्र सिंह, "तराइवाशीको समस्या र पंचायती चाल", *एकता,* देवेन्द्र नेपाली (सं.), वीरगंज : नारायणी अञ्चल, २०३६ भाद्र आश्विन, पृ. १३ ।

[१०९६] ललितेश्वरप्रसाद एस. श्रीवास्तव, *नेपाल एट द क्रशरोड्स,* न्यू दिल्ली : एलाइड पब्लिसरस् लिमिटेड, १९९६, पृ. ५५ ।

[१०९७] त्रिरत्न मानन्धर, टिप्पणी संख्या १५ (ख) ।

[१०९८] लोकेन्द्रबहादुर चन्द, टिप्पणी संख्या १६ ।

राजालाई समेत प्रयोग गरी प्रचार प्रसारलगायतका कार्य गर्दा पनि राजाबाट कुनै अंकुश नलगाइएपछि मनोबल बढेकाले पंचहरू तत्कालीन सरकारको संरक्षण एवं खर्चमा देशव्यापी अभियानमा उत्रिए । यसक्रममा अन्तिम भाग्य निर्धारणको प्रतिक्षामा डटेर परिस्थितिको सामना गर्न तत्पर भएकाहरूको समूह[१०९९]का साथै जनतालाई राजाबाट मतदान गरी व्यवस्था चयन गर्ने अधिकार दिइसकिएको अवस्थामा जनमत संग्रह गराएर राज्यलाई खर्चलगायतको बोझमा पार्नुका सट्टा सोझै बहुदलीय व्यवस्था स्थापना गर्न राजालाई आग्रह गर्ने[११००] पंचहरूको समूह पनि सक्रिय थियो । आपसि यस्ता अन्तर्द्वन्द्वहरूको सामना एवं निराकरणका लागि तत्कालीन प्रधानमन्त्री थापालगायत सरकारका व्यक्तिहरू देशव्यापी प्रशासनिक निकायहरूसँग वार्ता गर्ने-निर्देशन दिनेलगायतका कार्यमा सक्रिय भए । केन्द्रमा रहेका सबैजसो पंचलाई आ-आफ्ना जिल्लामा गएर काम गर्न निर्देशन दिएपछि हिडन लागेका नेताहरूलाई वालुवाटारस्थित प्रधानमन्त्री निवासमा बोलाएर वण्डलका वण्डल नोटहरू दिँदै पठाउने गरेको कुरा नाम नखुलाउने शर्तमा एक वरिष्ठ पंच नेताले नै स्वीकार गरेका थिए । यसप्रकार रकम बाँडनका लागि प्रधानमन्त्री थापाले एकातिर विविध क्षेत्रलाई सुविधा दिएर धन संकलन गरे भने अर्कातिर अर्थमन्त्रालयसँग करोडौं रूपैयाँको माग पनि गरे । तर तत्कालीन अर्थसचिव देवेन्द्रराज पाण्डेले पंचायतलाई जिताउने नाममा त्यस्तो अनैतिक काम नगर्ने जानकारी दिएपछि थापाले पुनः दवाव मुलक नीति अपनाउँदा रिसले फाइल फ्याकेर हिडेका सचिव पाण्डले अनैतिक काम गर्नुभन्दा राजिनामा दिनु श्रेयस्कर संझिए ।[११०१] थापाले यसप्रकारका कैयौं कार्य गरेको कुरालाई स्वीकार गर्दै त्यसपछि नेपालमा भ्रष्टाचारले संस्थागत स्वरूप ग्रहण गरेको हो भन्ने धारणा नाम नखुलाउने विभिन्न पंचहरूमा रहेको छ ।

यसप्रकार प्रारम्भमा अप्ठ्यारो महसुस गरे तापनि पंचहरू अस्तित्व रक्षाको बहानामा संगठित हुँदै अगाडि बढ्न सफल भए । षड्यन्त्र एवं भ्रष्टाचारका उपाय खोज्नमा माहिर मानिएका सूर्यबहादुर थापालाई सरकार प्रमुख बनाएपछि उनले एकातिर राजालाई प्रभावित पार्ने र अर्कातिर पंचहरूलाई स्रोत साधनदेखि रक्षाकवच जुटाइदिने लगायतका कार्य सम्पादन गरे । फलस्वरू राजा हाम्रा नेता हुन्, पंचायती व्यवस्था राजाको व्यवस्था हो लगायतका नारा एवं नीतिअनुरूपको कार्यक्रम लिएर जनस्तरसम्म नै अभियान चलाए । जुन पंचायती राजनीतिको मूल आधार भएको प्रचार प्रसार गरियो । जनमत संग्रहको घोषणा हुँदा साथ जनस्तरमा देखापरेको प्रतिक्रियालाई मध्यनजर गर्दै तिथि निर्धारण एवं तयारीमा आलटाल गरी बढेर आफ्नो स्थिति क्रमशः सुधार्दै लगि अनुकूल परिस्थिति निर्माण गर्न सफल भए ।

## ५.८ बहुदल प्रचार अभियान र नेपाली कांग्रेस

---

[१०९९] नेपाल, टिप्पणी संख्या १७ (च), पृ. २२-२३ ।

[११००] गणेशराज शर्मा, "निर्दलीयताका अन्तर्द्वन्द्वहरू, एक छलफल", *राष्ट्र पुकार,* होमनाथ दाहाल (सं.), काठमाडौं : २०३६ साल भाद्र २८, पृ. ४ र ७ ।

[११०१] (क) डा. देवेन्द्रराज पाण्डेसँग २०४८ पौषमा विशालनगर, काठमाडौंमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।
(ख) *राष्ट्र पुकार,* २०३६ फागुन १६ ।

पंचायतका यथास्थितिवादीहरूको सत्ता लिप्सा एवं निरंकुश क्रियाकलापबाट असन्तुष्ट बन्दै गएको नेपाली समाजमा २०३५-०३६ को विद्यार्थी आन्दोलन र त्यसपछि घोषित जनमत संग्रहले प्रत्यक्ष प्रभाव पार्न थाल्यो । किनकी यो घोषणाले एकातिर पंचायतको विकल्प बहुदलीय व्यवस्था भएको स्पष्ट गऱ्यो भने अर्कातिर व्यवस्था रोज्न पाउने अधिकार नेपाली जनताको हो भन्ने मान्यतालाई स्थापित गऱ्यो । एक्कासि गरिएको जनमत संग्रहको घोषणाबाट अलमल्लमा परेको अवसरवादी चरित्रयुक्त तथाकथित बुद्धिजीवीहरू घोषणाका पछाडि निहीत राजभावना पत्ता लगाउन आतुर हुँदै कहिले ने.का. का नेताहरू कहाँ त कहिले पंचायतका नेताहरू कहाँ दौड लगाउन थाले ।[११०२] राजाले सोझै बहुदलीय व्यवस्था ल्याउँदा पंचहरू रुष्ट होलान भनी जनमत संग्रहको आड लिएको उल्लेख गर्दै हिडेका यिनीहरू राजाको मनसाय बुझेर आफ्नो दृष्टिकोण निर्माण गरी सुरक्षित हुन चाहन्थे ।

जनमत संग्रहको घोषणासँगै नेपाली समाजका हरेकवर्ग एवं संस्थाहरूमा उत्पन्न व्यापक तरंगको फलस्वरूप हिजोसम्म पंचायत विरोधी गतिविधिमा खासै चासो नदेखाउनेहरूले पनि ठूलो स्वरमा आन्दोलनको भाषा बोल्न थाले । २०१७ सालपश्चातका हरेक प्रतिरोध आन्दोलनदेखि मेलमिलाप नीतिपश्चातको अवस्थालगायतका समयमा जोखिम नउठाउने मानसिकताअनरूप चलेका विविधवर्ग एवं संस्थाहरू यो घोषणापछि भने आलस्यपन त्यागेर जुर्मुराए । देशको प्रशासनिक संरचनामा निजामती कर्मचारी ऐन नियमकै मातहतमा रहेका श्री ५ को सरकारअन्तर्गतका संस्थानका कर्मचारीहरूमा यो घोषणाबाट राजाको गलेको अवस्था महसुस गराउना साथ आफ्ना समस्याप्रति जागरुक हुँदै विभिन्न मागसहित आन्दोलनको घोषणा गरे ।[११०३] सम्पूर्ण कर्मचारीहरू पनि आन्दोलनमा उत्रन थाले । जनमत संग्रहको घोषणा हुना साथ प्रारम्भ भएको यो आन्दोलनका खास संचालकको अत्तोपत्तो नभएको अवस्थामा पंचायतका प्रभावशाली नेताहरूले लोकसेवाबाट संस्थानमा पदपूर्ति गर्न नपर्ने स्थितिको फाइदा उठाउँदै घुसाएका सन्तान एवं नातागोतालाई प्रयोग गरी जनमत भाँडन यो आन्दोलन गराएको चर्चा चल्न थाल्यो ।[११०४]

देशका शिक्षित जनशक्ति मानिने कर्मचारीवर्गबाट परिवर्तनका लागि समर्थन एवं सहयोग होला भन्ने सोचेको ने.का. ले जनमतद्वारा आउन लागेको परिवर्तनका लागि काम गर्न छाडेर वर्गीय स्वार्थ पूरा गर्नेतर्फ लागेको देखेपछि जनताको स्वार्थ उपेक्षित पो हुन्छ कि भनी शंका गर्न थाल्यो । पंचायतलाई फालेर प्रजातान्त्रिक व्यवस्था स्थापनापश्चात वर्गीय समस्या पूरा गर्न सुगम हुन्छ भन्ने बुझेको वर्ग नै आन्दोलनमा उत्रदा शंका गर्नु पनि स्वभाविकै थियो ।

---

[११०२] सिंह, टिप्पणी संख्या ४०, पृ. ३ ।

[११०३] गणेशमान सिंह, “संस्थानका कर्मचारीहरूको आन्दोलनको लहर”, *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५३ माघ २९, पृ. ३ ।

[११०४] *पूर्ववत्* ।

त्यो स्थितिमा गणेशमान सिंहले एक अपिल जारी गरी कर्मचारी आन्दोलनलाई जायज ठहऱ्याउँदै कही यसबाट जनमत संग्रहपछि पार्ने वा खारेज गर्न चाहने प्रतिक्रियावादीलाई फाइदा त पुग्दैन भन्ने शंकासहित केही समय अझै दुःख झेली जनमत संग्रह सम्पन्न नहुँदासम्म मागहरू यथावत राख्न सम्भव भए नभएको प्रश्नसहित मुलुकको समग्र स्वार्थलाई विचार गर्न आग्रह गरे ।[११०५] यसैगरी नागरिक समाजका तर्फबाट पनि अपिल जारी गर्दै जेठ १० गतेको घोषणापश्चात प्रतिक्रियावादी तत्त्वहरूद्वारा कोलाहल चर्काउन खोजेको ..जनमत संग्रह विथोल्न खोजेको लगायतका पक्षमाथि प्रकाश पार्दै सरकारद्वारा हडतालीका जायज माँग अविलम्बन पूरा गरी निकटतम मिति तोकेर जनमत संग्रह सम्पन्न गर्न पाइला चालोस् भन्ने भाग गरियो ।[११०६] तर पनि कर्मचारी आन्दोलन समाप्त हुनुका सट्टा झन फैलिन थालेपछि चिन्तित भएको ने.का. ले राजधानी काठमाडौँबाट नै बहुदल प्रचार अभियान प्रारम्भ गर्ने र प्रतिक्रियावादीहरूलाई पनि चुनौती दिने निश्चय गऱ्यो ।

राजधानी काठमाडौँको मुटुमा अवस्थिति टुडिखेल-खुलामंचमा प्रथम आमसभा आयोजना गर्ने निश्चयसँगै कार्यक्रम तय गरेपछि तयारी समिति गठन गरियो । जसले २०१७ सालपश्चात ने.का. द्वारा राजधानीमा आयोजित विशाल आमसभामा वी.पी., गणेशमानलगायतका प्रवुद्ध नेताहरूद्वारा सम्बोधन गरिने जानकारीसहित प्रचार प्रसार प्रारम्भ गऱ्यो । यसबाट आत्तिएको पंचायती प्रशासन एवं उग्रवादी पंचहरूको तिब्र प्रतिरोधको सामना गर्दै, माइक खोसाउँदै र सहर बाहिरका गाउँहरूमा ढुंगामुढाको सामना गर्दै प्रचार कार्यमा बढ्नु पर्ने स्थिति सिर्जना भयो । यसबाट अराजक परिस्थिति उत्पन्न गरी जनमत संग्रह विथोल्न खोज्नेलाई फाइदा हुने स्पष्ट भएकाले प्रशासनको उच्च तहमा विरोध जनाउँदै प्रतिकुल परिस्थितिमा पनि टोल गल्लीलगायत उपत्यका भित्रका सबै गाउँमा आमसभाको सूचना पुऱ्याइयो ।[११०७]

आमसभाको निश्चित दिन अर्थात जेठ २५ गते निर्धारित समयभन्दा अगाडि नै मानिसहरू रत्नपार्कतिर ओइरिन थाले । फलस्वरूप टुँडिखेलको खुलामंच, रत्नपार्क, मञ्चको पश्चिमतर्फ वायूसेवा निगमको वरण्डा, महाँकाल स्थान, वीर अस्पताल, मञ्चको पूर्व मोहडा विद्युत कर्पोरेशन र सम्पूर्ण सडकको पेटिमा करिब २ लाख मानिसहरू खचाखच भरिए ।[११०८] उत्साहपूर्ण वातावरणमा प्रारम्भ भएको आमसभालाई सम्बोधन गर्दै वी.पी. ले तत्कालीन सरकार

---

[११०५] विस्तृतिका लागि “प्रतिवन्धित नेपाली कांग्रेसका नेता श्री गणेशमान सिंहको अपिल” शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

[११०६] विस्तृतिका लागि बहुदल (संसद) पक्षीय नागरिक समूहद्वारा २०३६/२/२३ मा “यो अग्नी परीक्षाको घडिमा हाम्रो कर्तव्य” शीर्षकमा जारी पर्चा ।

[११०७] गणेशमान सिंह, “नभुतो नभविष्यती”, *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५३ फागुन २१, पृ. ३ ।

[११०८] *राष्ट्र पुकार*, २०३६ साल जेठ ३१ गते ।

एवं कर्मचारीलाई महत्त्वपूर्ण सन्देश दिए । उन्नाइस वर्ष अगाडि यस्तै आमसभाबाट आफू गिरफ्तार भएको उल्लेख गर्दै वी.पी. ले जनमत संग्रह सम्पन्न गर्न गठित वर्तमान काम चलाउ सरकारले शान्ति सुरक्षा कायम राख्ने र निर्विघ्न जनमत संग्रह सम्पन्न गर्ने दुईवटा जिम्मेवारी मात्र पाएकाले यसलाई पछिका सरकारलाई बाधा पार्ने गरी कुनै ठूलो निर्णय लिने अधिकार छैन ... आन्दोलित कर्मचारीहरूले पनि आगामी सरकारलाई अप्ठ्यारो पार्ने माग राख्न नपाउने जानकारी दिइसकेको जनाउँदै वर्तमान सरकारबाट पछि आउने सरकारमाथि दायित्व पर्ने खालका माग पूरा गर्न नमिल्ने स्पष्ट गरे ।[११०९] यसबाहेक वी.पी. ले देशको विग्रदो परिस्थितिको जिम्मेवार पंचायती व्यवस्थालाई नै बनाइ जनमत संग्रहको माध्यमद्वारा प्रजातन्त्र स्थापनार्थ छुट्टिएर गएका साथीहरू लगायत सबैलाई आह्वान गरेका थिए ।[१११०]

अर्का शिर्षस्थ नेता गणेशमान सिंहले जनमत संग्रहको घोषणाको प्राण प्रतिष्ठा गर्न बहुदल पक्षमा मतदानका लागि आह्वान गर्दै यदि यो जनमत भएन- हुन सकेन र निष्पक्षता साथ भएन भने यो मुलुकमा जनता तथा राजासमेतको हित सम्भव नहुने स्पष्ट गरे ।[११११] कृष्णप्रसाद भट्टराईले यत्रो उत्साह-उमंग साथ सभामा जनताको विशाल उपस्थितिबाट जनमत स्पष्ट भएको उल्लेख गरी हाल संचालित संस्थानहरूको हडताल उपयुक्त नभएको जनाउँदै राजाबाट व्यवस्था छान्न प्रदत्त स्वतन्त्रता विरुद्ध कपटपूर्ण व्यवहार नगरियोस् भन्ने चेतावनीसहित पंचायतका गलत कार्यको व्याख्या गरे ।[१११२]

वीरनाथ कर्माचार्यको सभापतित्वमा टुँडिखेलस्थित ओपन थियटरमा सम्पन्न उक्त आमसभापछि देशव्यापी रूपमा मिश्रित प्रतिक्रियाहरू उत्पन्न भए । प्रथम आमसभामा भएको जनउपस्थितिबाट ने.का. का समर्थकहरू अत्यन्त उत्साहित भए भने आन्दोलित कर्मचारी एवं यथास्थितिवादी पंचहरू आक्रोशित भए । उक्त आमसभामा व्यक्त वी.पी. का विचारबाट आन्दोलित कर्मचारीहरूमा नकारात्मक असर पर्न गयो र उनीहरू ने.का. कर्मचारीका समस्याप्रति सम्बेदनशिल नभएको र विजय उन्माद चढेको लगायतका धारणा लिएर असन्तुष्ट भए । आफूलाई होच्याउने खालका अभिव्यक्ति दिएको ठानेर तत्कालीन सरकारलगायतको पंच जमातले जवाफमा पंचभेलाद्वारा सुधार प्रस्ताव पारितसँगै पंचायतमा बालिगमताधिकार घुसाउने

---

[११०९] विस्तृतिका लागि (क) *पूर्ववत्* ।
(ख) विश्वेश्वरप्रसाद कोइराला, *प्रजातन्त्र नभए देश रहँदैन (अपिल, भाषण र अन्तर्वार्ताहरूको संकलन)*, वाराणसी : तरुण प्रकाशन, मिति उल्लेख नभएको, पृ. ३-५ ।
(ग) गोवर्धन राना, *प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी संघ (नेपाली तरुणहरूको संघर्ष गाथा)*, काठमाडौं : ने.वि. संघ पश्चिमाञ्चल समन्वय समिति, २०५१, पृ. ५०४-५०५ ।

[१११०] (क) *पूर्ववत्* (ख) ।
(ख) रामचन्द्र पोखरेल, *प्रजातन्त्रका महान सेनानी वी.पी. कोइराला (संक्षिप्त जीवनी)*, वाराणसी : भट्टराईवन्धु प्रकाशन, २०४०, पृ. १०८ ।

[११११] (क) *राष्ट्र पुकार*, टिप्पणी संख्या १७० ।
(ख) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. २२५-२२६ ।

[१११२] *पूर्ववत्* ।

निर्णय गरी एकातिर राजालाई प्रभावित गर्ने र अर्कातिर बहुदलवादीहरू विरुद्ध आफ्ना युवा जमात परिचालन गर्ने नीतिअनुरूप बढ्न थाले । त्यो स्थितिमा काठमाडौँ बाहिरका विभिन्न ठाउँहरूमा ने.का. का कार्यकर्ताहरूद्वारा आमसभा आयोजना गर्ने र नेताहरूलाई सम्बोधन गर्न बोलाउने अभियानले होडबाजीको रूप लिन थाल्यो । जनतामा जागेको यो उत्साहलाई ने.का. का नेताहरूले विजयको पूर्वाभासका रूपमा ग्रहण गरी आगामी रणनीति एवं प्रचार प्रसारका तौरतरिका निर्धारणतर्फ लागे ।

केन्द्रका नेताहरूद्वारा जनतामा जागेको उत्साहलाई शक्तिमा रूपान्तरण गरेर देशव्यापी बहुदल प्रचार अभियान संचालन गर्ने, आफैले स्रोत खोजेर देशव्यापी प्रचार सामग्री तयार गर्न जनस्तरमा नै अनुरोध गर्ने, स्थानीयस्तरसम्म नै बहुदल प्रचार समिति गठन गर्न लगाउने, क्षेत्र एवं जिल्लास्तरमा आयोजित आमसभामा भाग लिन शिर्षस्थ नेतादेखि युवा नेतासम्मलाई परिचालन गर्नेलगायतका निर्णय गरिएपछि[१११३] ने.का. को प्रचार अभियान गतिशिल हुन थाल्यो । पंचायती शासनकालमा दमित भएर पनि प्रजातन्त्रका लागि कार्यरत नेपाली प्रेश जगतमा पूर्ण प्रजातान्त्रिक सुधारका पक्षमा लागेका पत्रपत्रिकाहरूले ने.का. का नीति एवं कार्यक्रम, प्रमुख नेताहरूका विचार-भवान एवं अन्तर्वार्ताहरू, देशव्यापी गतिविधिहरू, बहुदलवादी अन्य राजनैतिक समूहका विचारहरू आदिलाई प्रमुख स्थान दिएर प्रकाशित गरी जनसमक्ष पुऱ्याउन सहयोग गरे ।[१११४] केन्द्रको अनुमतीपश्चात देशका विभिन्न भागमा स्रोत खोजेर बहुदल पक्षमा सरिक हुन आह्वान गर्दै पर्चा-पम्प्लेट अपिल आदि जारी गर्ने, आमसभा गर्नेलगायतका गतिविधि बढ्न थाले । यस्ता कार्यतर्फ क्रियाशिल भएका ने.का. का विभिन्न निकाय, राजनेता, भातृसंस्था, शुभेच्छुक आदिद्वारा २०१७ सालको शाही कदमको निन्दासगै त्यसबाट खोसिएका जनअधिकारको बहाली एवं पंचायती निरंकुशता-शोषण दमन आदिबाट मुक्तिका लागि बहुदलीय पक्षमा मत दिने वातावरण निर्माणतर्फ सक्रिय हुन आह्वान गरी अपिल, विज्ञप्ति आदि प्रकाशित गर्न थाले ।[१११५]

---

१११३ (क) कृष्णप्रसाद भट्टराईसँग २०४४ माघमा भैहरवामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।
(ख) वासुदेव रिसाल, निलाम्बर पन्थी, शुक्रराज शर्मा, देवेन्द्र नेपालीसँगका अन्तर्वार्ताहरू ।

१११४ जनमत संग्रहका बेला *राष्ट्र पुकार, राजधानी, निर्मल, जनआकांक्षा, प्रतिध्वनी, चक्षु, विश्वदुत* आदि पत्रपत्रिकाहरूले ने.का. का प्रत्येक कार्यक्रम, अन्तर्वार्ता, लेख आदिलाई प्रमुख महत्त्व दिएर प्रकाशित गरी सहयोग पुऱ्याएका थिए भने सात दिने *समिक्षा, मातृभूमि, जागरण, छलफल,* आदिले वामपन्थी खेमालाई प्रमुख महत्त्व दिए तापनि धेरथोर ने.का. को गतिविधिलाई पनि छाप्दथे ।

१११५ विस्तृतिका लागि (क) अधिवक्ता भोजबहादुर के.सी. एवं त्रिशुली युवा प्रचारकवर्गद्वारा २०३६ जेठ २४ गते जारी बिना शीर्षकको पर्चा ।
(ख) बहुदलीय प्रचार समिति तरुण विद्यार्थीवर्ग नुवाकोटद्वारा २०३६ असार ६ गते "बहुदलीय व्यवस्था स्थापना गर्न नुवाकोट जिल्लाका दाजुभाइ तथा दिदीबैनीहरूलाई अपिल" शीर्षकमा जारी पर्चा ।
(ग) बहुदल पक्षीय भू.पू. सैनिक तनहुँद्वारा २०३६ भाद्र २४ गते "भूतपूर्व सैनिकहरूको अपिल" शीर्षकमा जारी पर्चा ।
(घ) महिला बहुदल प्रचार समिति काठमाडौँद्वारा "महिला बहुदल प्रचार समितिको अपिल" शीर्षकमा जारी प्रचा, मिति उल्लेख नभएको ।
(ङ) महिला बहुदल प्रचार समिति काठमाडौँद्वारा "समस्त नेपाली बहनो" शीर्षकमा जारी पर्चा (हिन्दी), मिति नभएको ।
(च) ढुण्डिराज पाण्डेय वाग्लुङद्वारा "अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

यसप्रकार नेपाली कांग्रेसको अग्रसरतामा देशव्यापी बहुदल प्रचार अभियान प्रारम्भ भई हलचल उत्पन्न भयो । परिणामस्वरूप प्रारम्भका केही महिनाहरूमा बहुदल पक्षद्वारा सिलसिलावद्ध आमसभा, प्रेश विज्ञप्ति, अन्तर्वार्ता, पर्चा पम्प्लेट आदिद्वारा आफ्नो वर्चश्व सिद्ध गर्न सफलता प्राप्त गरियो ।[१११६]

बहुदलीय पक्षमा जनलहर सिर्जना गर्न कटिवद्ध ने.का. ले गाउँस्तरसम्म नै प्रचार संयन्त्र निर्माण गरी अभियानलाई तिब्रता दिन सर्वप्रथम आफ्नो संगठनात्मक ढाँचालाई सकेसम्म सुदृढीकरण गरी पंचायतका विकृतिहरूको पर्दाफास गर्ने र जनतालाई बहुदलीय व्यवस्थाको आवश्यकता बोध गराउने कार्यलाई प्राथमिकता दिने नीति लियो । पंचायती सरकारद्वारा जातिगत र साम्प्रदायिक दृष्टिले उपेक्षा गरिएका मुद्दाहरू उठाउनेदेखि विकास निर्माणमा जनसहभागिताद्वारा प्रचार अभियानको थालनी गरियो । वी.पी. कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, परशुनारायण चौधरी आदि केन्द्रीयस्तरका नेताहरू देशको चक्रवातीय भ्रमणमा निस्किइ विभिन्न आमसभाहरूलाई सम्बोधन गरेर पंचायतका विकृति केलाउँदै बहुदलीय व्यवस्थाको महत्त्व बोध गराउने, एलिट क्लब-बार एसोशियसनलगायतका बौद्धिक जमातका संस्थाहरूद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गरी आफ्ना धारणा एवं नीति स्पष्ट गर्ने, पार्टी कार्यकर्तादेखि जनता जनार्दनसम्मलाई भेटेर प्रचार संयन्त्रलगायतका विविध पक्षबारे छलफल गर्ने कार्यलाई तिब्र पार्न थाले । मंगलादेवी सिंह, शैलजा आचार्य, लीला कोइरालालगायतका मिहला नेतृहरूले पनि महिला बहुदल प्रचार समितिका माध्यमबाट देशका विभिन्न भागमा जनसभालाई सम्बोधन गर्नेदेखि महिला प्रचार समिति गठन गरेर परिचालन

---

(छ) प्रेमराज आङदेम्वेद्वारा "बहुदल पक्षमा मत दिएर राजाको सदिक्षा साकार पारौं" शीर्षकमा जारी अपिल, मिति उल्लेख नभएको ।

(ज) बहुदल प्रचार समिति दोलखाद्वारा "जनमत संग्रह जनताको सबैभन्दा ठूलो शक्ति हो" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(झ) "शिवराज पंतको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(ञ) ने.का. प्रजातान्त्रिक समाजवादी मञ्चद्वारा "निर्दलीय कि बहुदलीय व्यवस्था" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(ट) बहुदल पक्षीय सम्पूर्ण शिक्षित एवं चेतनशिल युवावर्ग धादिङद्वारा "बहुदलीय व्यवस्थामा आफ्नो अमूल्य भोट दिनुहुन हाम्रो अनुरोध" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(ठ) बहुदलीय युवा परिवार धादिङद्वारा "नेपाल खाए" शीर्षकमा जारी गिति पर्चा, मिति उल्लेख नभएको ।

(ड) बहुदलीय व्यवस्था प्रचार समिति वर्दियाद्वारा " नेपाली मात्रको हितका लागि बहुदलीय प्रजातन्त्रको पुनःस्थापनाका निम्ति साग्रह अनुरोध" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(ढ) बहुदलीय व्यवस्था प्रचार मिति वर्दियाद्वारा "निर्दलीय पंचायत व्यवस्थामा कुकृत्यको एक झलक" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(ण) प्र.ने.का. ओखलढुंगा प्रचार प्रसार समितिद्वारा "आफ्नो भाग्य आफै सपारौं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(त) प्र.ने.का. बहुदलीय प्रचार प्रसार समिति सोलुखुम्बुद्वारा "बहुदलीय व्यवस्थालाई विजय गराउन-हाम्रो अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(थ) प्र.ने.का. बहुदल प्रचार प्रसार समिति वाग्लुङद्वारा "बहुदलीय प्रजातान्त्रिक व्यवस्था कायम गर्न हार्दिक अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(द) दोलखा जिल्ला केन्द्रीय बहुदलीय प्रचार प्रसार सम्पर्क समिति काठमाडौंद्वारा "तपाइको बहुमूल्य भोट बहुहितका लागि बहुदललाई दिनोस" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

[१११६] बराल, टिप्पणी संख्या ७० (ख), पृ. ७६ ।

गर्नेलगायतका कार्य गर्न थाले ।[१११७] रामचन्द्र पौडेल, देवेन्द्र नेपाली, शेरबहादुर देउवा, वृखेशचन्द्रलाल, स्मृतिनारायण चौधरी, महन्थ ठाकुरलगायतका विभिन्न युवा नेताहरूले देशव्यापी प्रशिक्षण शिविर एवं गोष्ठीहरू संचालन गर्दै युवा-विद्यार्थी-तरुण जमातलाई सैद्धान्तिक ज्ञानको खुराक बाँडनेदेखि प्रचार संयन्त्र निर्माणलगायतका कार्यलाई अगाडि बढाए ।[१११८] परिणामस्वरूप १९ वर्षको पंचायती कालखण्डमा निरंकुशताभित्र दमित अवस्थामा रहेका युवाहरूमा राजनैतिक जागरण हुनुका साथै राजनैतिक वातावरण नै हलचलमय भएपछि सारा देश नै आन्दोलित भयो ।

क्यान्सरजस्तो घातक रोगबाट पीडित हुँदाहुँदै पनि ने.का. का शिर्षस्थ नेता वी.पी. कोइराला देशव्यापी प्रचार अभियानमा सरिक हुन तत्पर भएपछि देशका विकट एवं पैदल भ्रमण गर्नु पर्ने ठाउँहरूमा पुग्न स्वास्थ्यले नदिने भएकाले यातायात सुविधा पुगेका ठाउँहरूमा उनको कार्यक्रम तय गरियो । उनको भ्रमणका पछाडि जनसम्पर्क गर्ने जीवन्त चाहनासँगै जनसभालाई सम्बोधन गर्ने, आफूले सरकारमा छँदा गर्न खोजेका कार्य एवं त्यसबाट उत्पन्न प्रतिक्रिया स्पष्ट गर्ने, कार्यकर्ताहरूसँग घेटघाट गरी १९ वर्षदेखि टुटे सरह भएको जनमसम्पर्करूपी तन्तुलाई जोडने र १९ वर्षको अवधिमा पंचायतले गरेका विकास अवलोकन गर्नेलगायतका उद्देश्यहरू निहीत थिए । तसर्थ उनले पूर्ण उत्साह एवं प्रतिवद्धतासहित विराटनगर, तनहुँ, दमौली, पोखरा, स्याङजा, नेपालगंज, वर्दिया, धनगढि, जलेश्वर, जनकपुरधाम, भैरहवा, तौलीहवा, परासी, नारायणगढ, राजविराज, वीरगंज, कलैया आदि ठाउँहरूमा पुगेर जनसभाहरूलाई सम्बोधन गर्ने, कार्यकर्ता एवं प्रवुद्धवर्गहरूसँग भेटघाट र छलफल गर्ने, एलिट क्लब-बार एशोसियशनलगायतका संघ संस्थाहरूसँग छलफल, प्रश्नोत्तर गर्नेलगायतका कार्य गरे । जसमा १९ वर्ष अगाडि आफूले नेपाल र नेपालीको अनुहार बदल्ने उद्देश्यले बनाएको योजनाको पूर्ण कार्यान्वयन हुन नपाउँदै अपदस्त गरिएको प्रसँग उल्लेख गर्दै विकासको लहर ल्याउने उद्घोषसहित स्थापित पंचायती व्यवस्थाको वास्तविकस्वरूप एवं विकृति केलाउँदै बहुदलीय व्यवस्थाका विशेषता स्पष्ट गरेर धाँधली, छल, प्रपञ्च, धम्किलगायतका क्रियाकलापमा संलग्न स्थानीय प्रशासकहरूलाई चुनौती दिँदै निर्भिकता साथ बहुदल पक्षमा मतदान गरी प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न अनुरोध गरेका थिए ।[१११९]

---

[१११७] (क) शैलजा आचार्य, टिप्पणी संख्या १४ ।
(ख) श्रीमती लीला कोइरालासँग २०६१ जेठ १५ गते सानेपा, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१११८] वृखेशचन्द्रलाल, गंगाधर लम्साल, देवेन्द्र नेपाली, रामचन्द्र पौडेल, गिरिराज आचार्य, स्मृतिनारायण चौधरी, हरि नेपालसँगका अन्तर्वार्ताहरू ।

[१११९] (क) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. २२७-२३७ ।
(ख) *राष्ट्र पुकार,* २०३६ साल श्रावण १० गते, १७ गते, २४ गते, असौज ११ गते, १८ गते, माघ २४ गते, फागुन ९ गते, १६ गते, ३० गते, चैत्र ७ गते, २१ गते, २८ गते, २०३७ साल वैशाख ५ र १२ गतेका विभिन्न अङ्कहरू ।
(ग) *निर्मल साप्ताहिक,* २०३६ साल माघ २८ गते ।

राजधानीपछि वी.पी. ले विराटनगरबाट आफ्नो अभियान प्रारम्भ गरेपछि नेपालको राजनीतिमा तिब्र हलचल उत्पन्न हुन थालेको आभास पंचहरूलाई भइसकेको थियो । किनकी वी.पी. ले विराटनर शहिद मैदानमा आयोजित जनसभामा ...१९ वर्षको अँध्यारो कालरात्रीलाई हामीले वरण गर्ने होकी उज्यालो दिनलाई चुन्न हो ? ...मेरो विचारमा र दृष्टिमा १९ वर्षसम्म शासन गर्नेहरूमा राष्ट्रप्रति कुनै चिन्ता छैन भावना छैन...[११२०] जस्ता उत्तेजक भावनाबाट पंचायती व्यवस्थाको यथार्थता स्पष्ट गरेपछि देशव्यापी सनसनी नै फैलिएको थियो । उनी जाने हरेक ठाउँहरूका कार्यक्रमहरूमा सहभागि हुन ३-४ दिनको बाटो पार गरेर पनि मानिसहरू पुग्दथे भने भोग्नु पर्ने विघ्नबाधाहरूको वास्ता पनि गर्दैनथे । जसले गर्दा वी.पी. को भ्रमण नै एउटा आन्दोलनमा परिणत हुन्थ्यो जुन पंचहरूलाई सैहय हुँदैनथ्यो ।

ने.का. का अर्का प्रभावशाली नेता गणेशमान सिंह पनि झन उत्साह साथ पंचायती व्यवस्था समाप्त गरी संसदीय व्यवस्थाको पुनर्स्थापना गर्ने कार्यलाई प्रमुख महत्त्व दिएर देशव्यापी अभियानमा निस्किए । यातायातको कुनै सुविधा नभएका विकट गाउँ एवं क्षेत्रहरूमा समेत कठिन पैदल यात्राद्वारा पुगेका सिंहले बनेपा, भरतपुर, हेटौडा, कलैया, ललितपुर, तानसेन, धरान, इनरुवा, विर्तामोड, इलाम, उर्लावारी, विराटनगर, वेनी, नेपालगंज, धनगढि, वाग्लुङ, पर्वत, कुश्मा, वीरगंज, राजविराजलगायतका धेरै क्षेत्रहरूमा पुगेर जनसभाहरूलाई सम्बोधन गर्ने र किसानका घरमा सुतेर भेटेर जनलहर सिर्जना गर्ने काम गरे । यसक्रममा उनले पंचायतलाई जर्जर भइसकेको भ्रष्ट व्यवस्था, मरिसकेको लास, विदेशी सहायता अपचलन गर्ने संयन्त्र आदिको उपमा दिँदै निरंकुशताका कैयौं उदाहरणहरू समेत प्रस्तुत गरेर आफ्नो र भावि सन्ततिको भविष्यका लागि समेत ख्याल गरी बहुदलीय पक्षमा मतदान गर्न आह्वान गरेका थिए ।[११२१]

पार्टीका कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराई पनि बहुदल प्रचार अभियानमा सक्रिय भएर देशव्यापी भ्रमणमा निस्किए । देशका विकट क्षेत्रसम्म नै पुगेर जनसम्पर्क गर्ने मूल उद्देश्यअनुरूप उनी काठमाडौंको ठिमी, सिफल र सानो गौचरण, महोत्तरी, जनकपुर, नेपालगंज, धनगढि, गोरखा, लमजुङ, तनहुँ, पोखरालगायतका विभिन्न ठाउँहरूको भ्रमण गरी पार्टीका निकायहरू पुनर्गठनदेखि जनसभा सम्बोधन गर्ने कार्य गरे ।सम्बोधनका क्रममा उनले १९ वर्षसम्म नेपाली जनताले गरेको संघर्षलाई गौरबमय गाथाको संज्ञा दिँदै बहुदलवादीहरू पंचका

---

(घ) *जनआकांक्षा,* २०३६ साल फागुन २७ गते, चैत्र २५, २०३७ साल वैशाख ९ गतेका अङ्कहरू ।

११२० कोइराला, टिप्पणी संख्या १७१ (ख), पृ. १५-१६ ।

११२१ विस्तृतिका लागि (क) *राष्ट्र पुकार,* २०३६ आषाढ २१ गते, श्रावण १० र १७ गते, भाद्र ७, १४ र २१ गते, कार्तिक १ गते, माघ ३ गते, फागुन ९ र १६ गते, चैत्र १४ गते र २०३७ साल वैशाख १२ गते आदिका विभिन्न अङ्कहरू ।
(ख) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. २५८-२६७ ।
(ग) *काष्ठमण्डप,* (बहुदलीय समाचार बुलेटिन), काठमाडौं : काठमाडौं जिल्ला बहुदल प्रचार समिति, २०३६ साल कार्तिक १ गते ।
(घ) *जनआकांक्षा साप्ताहिक,* २०३६ चैत्र १८ गते ।

नभएर पंचायतका विरोधी भएको, पंचायतले जनताका जीवनयापनका मूल आधार मानिने मौलिक हकहरू अपहरण गरेर स्वाभिमानी नागरिकका रूपमा बाँच्न पाउने अवसर खोसेको, बहुदलीय व्यवस्थाको प्राप्ति जन सहभागिताको पहिलो खुडकिलो भएकाले समाजको विकासका लागि चालिने अन्य कदम त्यसपछि सुरु हुनेछन् भन्दै खोक्रो राष्ट्रियताको नारा दिने पंचायतलाई समाप्त गरी प्रजातान्त्रिक शासन स्थापनाका लागि प्राप्त सुनौलो अवसर नगुमाउने अनुरोधसहित जनमानसलाई बहुदल पक्षमा लाग्न आह्वान गरे ।[११२२] तीनजना शिर्षस्थ नेताहरूका अलावा महामन्त्री परशुनारायण चौधरी, रामचन्द्र पौडेल, शेरबहादुर देउवालगायतका युवा नेताहरू, महिला संघकी सभापति मंगलादेवी सिंह, ने.वि. संघका नेताहरू आदि सबै देशव्यापी बहुदलीय अभियानमा सक्रिय भएका थिए ।

पंचायती व्यवस्थालाई परास्त गरी बहुदलीय व्यवस्थालाई विजयी गराउने मूल उद्देश्यअनुरूप प्रचार अभियानमा उत्रिएको ने.का. ले २००७ सालको क्रान्तिदेखि उठाउँदै अएका नाराहरू र सामाजिक, आर्थिक, राजनैतिक रूपान्तरणका लागि गरेका कार्यबारे स्पष्ट गर्ने र २०१७ सालको शाही कदमको पृष्ठभूमिसहित कारण स्पष्ट गर्ने कार्यलाई मूल प्राथमिकता दिएर बढेको थियो ।[११२३] १९ वर्षको कार्यकालमा पंचायती व्यवस्थाले ल्याएका अप्रजातान्त्रिक चरित्रलाई जनसमक्ष पुऱ्याउने क्रममा यसले विरोध र असहमतिलाई ध्यानदिइ सामन्जस्यता ल्याउनुका सट्टा हमेशा हिंशा र दमनको सहारा लिएको, देशको राष्ट्रिय सम्पत्तिको दुरूपयोग गरेको, जनतालाई राजनैतिक अधिकार नदिई निरंकुशता कायम गरेको, स्वतन्त्र रूपमा हिड्डुल पारिवारिक भेटघाटसमेत गर्न नदिई मानवअधिकार खोसेको, राष्ट्र निर्माण प्रक्रियामा जनसहभागिता हुन नदिई केही मुठ्ठिभर व्यक्तिहरूद्वारा हालिमुहालि चलाइएको, मधिसेलगायतका पिछडिएका समूहहरूलाई उपेक्षापूर्ण व्यवहार गरिएको, पंच नेताहरूले अकुत सम्पत्ति कमाएको, शिक्षा स्वास्थ्यलगायतका जनअधिकारका विषयहरूलाई समेत उपेक्षा गरिएको, वन जंगल समाप्त गरी पंचायती पक्षमा जनलहर ल्याउन खर्च गरेको आदि विविध विषयहरूलाई व्यापकता साथ उठाएर प्रचार अभियानमा उत्रिएको थियो ।[११२४] यसबाहेक विकाससँग सम्बन्धित मुद्दाहरू

---

[११२२] विस्तृतिका लागि (क) *राष्ट्र पुकार,* २०३६ साल आषाढ ७ र २१ गते श्रावण १० गते, कार्तिक १ गते, माघ ३, १० र १७ गते, चैत्र १४, २१ र २८ गते, २०३७ वैशाख ५ र १९ गते आदिका विभिन्न अङ्कहरू ।
(ख) *जनआकांक्षा साप्ताहिक,* २०३६ साल चैत १८ र २५ गते ।
(ग) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. २६७-२७० ।
(घ) *पूर्ववत्* (ग) ।

[११२३] (क) निलाम्बर पन्थी, वासुदेव रिसाल, रामचन्द्र पौडेल, अशोक कोइराला, महेश्वरलाल श्रेष्ठ, विमलेन्द्रनिधि, डिल्लीरमण शर्मा, गोविन्द कँडेलसँगका विभिन्न अन्तर्वार्ताहरू ।
(ख) वावुराम रानासँग २०५८ कार्तिक ११ गते मंगलापुर, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[११२४] (क) राजन पंतसँग २०५८ श्रावण २४ गते तानसेन, पाल्यामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) लालकिशोर शाहसँग २०६० जेठ १४ गते रामानन्दचौक, जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) महन्थ ठाकुरसँग २०६१ जेठ १५ गते धोबिघाट चौक, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) महेश्वरलाल श्रेष्ठ, विमलेन्द्रनिधि, वृखेशचन्द्रलाल, भूवनराज सुवेदी, डण्डपाणि गौतम, पुरुषोत्तम बस्नेतसँगका अन्तर्वार्ताहरू ।

उठाउँदै बहुदलीय व्यवस्थामा भ्रष्टाचार संस्थागत हुन नपाउने र विकासमा पारदर्शिता हुने स्पष्ट गर्दै विकासका लागि आउने वजेटदेखि त्यसका संचालकसम्मका सम्पूर्ण पक्षहरूको अनुगमन-निरीक्षण गर्ने अधिकार जनतामा हुन्छ भन्ने कुरासमेत स्पष्ट गरिएको थियो ।[११२५]

प्रचार प्रसारका क्रममा ने.का. ले बहुदलीय व्यवस्थाको महत्त्व बोध गराएर जनतालाई यसतर्फ आकर्षित गर्ने प्रयासलाई प्राथमिकता दिएको थियो । जनताको आफ्नो व्यवस्था भएकाले यसमा जनता रैतीका सट्टा मालिक हुन्छन्, जनअधिकार मानिने स्वतन्त्रताहरूको शान्ति पूर्वक उपभोग गर्न पाइनाले प्रजातन्त्रका माध्यमबाट सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक रूपमान्तरणमा जनसहभागिता जुटाउन सकिन्छ, देशको अखण्डता-राष्ट्रियता एवं राजसंस्थाको रक्षाका लागि पनि प्रजातन्त्र आवश्यक छ लगायतका कुरालाई व्यापकता दिएको थियो ।[११२६]

उपरोक्त नीति एवं धारणाहरूलाई मूल आधार बनाएर बढेको ने.का. ले बहुदलीय व्यवस्थाको महत्त्वलाई राजतन्त्र र राष्ट्रियताको महत्त्वसँग जोडेर आफ्ना स्रोत साधनका माध्यमबाट प्रचार अभियान तिब्र पार्‍यो । सरकारी स्वामित्वमा रहेका प्रेश-रेडियोलगायतका संचार माध्यमहरूले ने.का. लगायत बहुदलवादीहरूका धारणालाई उपेक्षा गरी पंचायती अभियानलाई मात्र प्राथमिकता दिएपछि विभिन्न जिल्लास्तरीय बहुदल प्रचार समितिहरूले बहुदल प्रचार वुलेटिनहरू प्रकाशित गर्न थाले । स्रोत साधनहरूको अभावले गर्दा निरन्तरता पाउन नसकेका यस्ता वुलेटिनहरूमा ने.का. का प्रमुख नेताहरूका धारणा, अन्तर्वार्ता, भाषणहरू, लेखहरू, देशव्यापी बहुदल प्रचार अभियानका झाँकीहरू, पंचायत पक्षका गलत क्रियाकलाप एवं दमनात्मक कार्यहरूलाई प्राथमिकता दिएर प्रकाशित गरिन्थ्यो ।[११२७] यसबाहेक केन्द्रदेखि जिल्लासम्मका समितिहरूद्वारा पर्चा पम्प्लेट प्रकाशन गरी ठाउँ-ठाउँमा पुर्‍याउने, आमसभा एवं कोण सभाहरूको आयोजना गर्ने, गाउँस्तरसम्म नै प्रशिक्षण शिविरहरू संचालन गर्ने, सर सफाई-वृक्षारोपणजस्ता जनसहभागितामुलक रचनात्मक क्रियाकलापहरू आयोजना गर्ने, विभिन्न कमिटि एवं विद्यार्थीहरूद्वारा भित्ते लेखन गर्नेलगायतका विविध कार्यद्वारा बहुदल प्रचार अभियान तिब्र पारिएको थियो ।[११२८]

ने.का. ले यसप्रकारका कार्यहरूद्वारा देशव्यापी जनलहर ल्याउने कार्य गरेपछि आत्तिएका पंचायत समर्थकहरू प्रशासनिक आड एवं भरोसामा षड्यन्त्रात्मक नीति अवलम्बन गर्नेतर्फ लागे । जनमानसमा धम्किद्वारा डर-त्रास सिर्जना गर्ने, बहुदलवादी प्रमुख नेतादेखि

---

[११२५] डा. वृखेशचन्द्रलाल र डा. गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

[११२६] चिरन्जीवी वाग्ले, विमलेन्द्रनिधि, महेश्वरलाल श्रेष्ठ, रामचन्द्र पौडेल, शुक्रराज शर्मा, गोविन्द कँडेल, डा. शंकर उप्रेतीसँगका विभिन्न अन्तर्वार्ताहरू ।

[११२७] त्यसबखत ने.का. बहदुल प्रचार समितिका विभिन्न जिल्लास्तरीय निकाय एवं भातृ संगठनहरूद्वारा *सुवर्ण, काष्ठमण्डप, जनमत, शक्ति, सक्रान्ति, इन्कलाव, बहुदल वुलेटिन, नयाँ नेपाल पुकार, आह्वान, रेफरेण्डम, सम्मती* आदि नामका बहुदल प्रचार वुलेटिनहरू प्रकाशित गरिएका थिए ।

[११२८] बद्रीनारायण गौतम, टिप्पणी संख्या ४, पृ. १२१ ।

कार्यकर्तासम्मलाई सांघातिक आक्रमण गर्नेदेखि आमसभा भाँडनेसम्मका कार्यद्वारा आतंक सिर्जना गर्ने र बहुदल प्रचार कार्यालय तोडफोड-सवारी साधन अपहरणजस्ता कार्यद्वारा दबदबा सिर्जना गर्नेलगायतका क्रियाकलापद्वारा आक्रमण प्रारम्भ गरियो । यसरी साम, दाम, दण्ड, भेदद्वारा पंचायत पक्षमा जनलहर ल्याउन तत्पर रहेका पंचहरूले सरकारलाई दवाव दिएर जनमत संग्रहको तिथि निर्धारणमा पनि अनावश्यक ढिलाइ गरेर आफ्नो तारतम्य मिलाउँदै थिए । जनमत संग्रह घोषणाको ८ महिना वितिसक्दा पनि ठोस कदम नचालेको अवस्थामा २०३६ साल पौष १ गतेको सन्देशद्वारा राजाबाट गरिएको घोषणाले बहुदलवादीहरू समक्ष विविध प्रश्नहरू खडा गर्नुका साथै राजभूमिका तटस्थ नरहने तथ्यलाई स्पष्ट गरिदियो ।[११२९] तसर्थ प्रचार अभियानमा राजधानी बाहिर निस्केका सबैजसो नेताहरू काठमाडौं फर्किएर विचार विमर्श गर्न थाले । जसमा राजाबाट जनमत संग्रहमा निष्पक्ष अम्पाएरको भूमिका निर्वाह हुने विश्वासअनुरूप विनाशर्त भाग लिने निर्णय गरिएको भए तापनि हाल भएको यो घोषणाले पंचायतप्रति राजाको झुकाव स्पष्ट गरेकाले पहिलोको निर्णयलाई उल्टाएर पूर्वशर्तका कुरा लिएर आन्दोलन गर्नु पर्दछ भन्ने आवाज उठाइयो ।[११३०] तिब्र प्रतिक्रिया एवं उत्तेजनाबीच प्रारम्भ भएर चलेको विचार विमर्शका अन्तमा अब पूर्वशर्तका पछाडि लाग्नु भनेको राजालाई झन उत्तेजित बनाउनु हो भन्ने निष्कर्ष निकालिएपछि त्यसका सट्टा देशव्यापी रूपमा विरोध दिवश मनाउने निश्चयसहित २०१७ सालमा पार्टीमाथि प्रतिबन्ध लगाएको दिन पौष २२ गतेको तिथि निर्धारणसमेत गरियो ।

यसप्रकार २०१७ साल पौष १ गतेको शाही कदम, २०१७ साल पौष २२ गतेको दलहरूमाथिको प्रतिबन्ध र २०३६ साल पौष १ गतेको शाही सन्देश आदिको विरोधमा विरोध दिवश आयोजना गरेर देशव्यापी हलचल उत्पन्न गराइ नेपाली जनताको स्वाभिमानलाई जगाउने निश्चय गरियो । जसका पछाडि पंचहरूद्वारा देशव्यापी रूपमा चलाइएको दमन र हिंशाको विरोध गर्ने, भ्रष्टाचारपूर्ण क्रियाकलापको भण्डाफोर गर्ने र निश्पक्षताका लागि राजासमक्ष दवाव पुऱ्याउने उद्देश्य निहीत थियो ।

विरोध दिवशको निश्चयसँगै देशव्यापी रूपमा जनसमर्थन जुटाएर सफल पार्नु पर्ने भएकाले नेताहरू यसतर्फ सक्रिय भए । सर्वप्रथम बी.पी. द्वारा एक अपिल जारी गर्दै जनस्तरमा व्यापक उपस्थितिद्वारा कार्यक्रम सफल पार्न अनुरोध गरियो । जसमा २०१७ साल पौष १ गते प्रजातन्त्रको दियोलाई निभाइएको, २०१७ साल पौष २२ गते पार्टीहरू प्रतिबन्धित गरिएको लगायत त्यसबाट उत्पन्न परिस्थितिको व्याख्या गर्दै पौष २२ गतेलाई अप्रजातान्त्रिक व्यवस्थाको विरोध गर्ने दिवश, बहुदल ल्याउने संकल्पको दिवश र राष्ट्रिय मेलमिलाप दिवशका रूपमा

---

[११२९] गणेशमान सिंह, "विरोध दिवशका तीन उद्देश्य थिए", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५३ साल चैत्र ५ गते, पृ. ३ ।

[११३०] रामचन्द्र पौडेल, विमलेन्द्रनिधि, आमोदप्रसाद उपाध्याय, शैलजा आचार्य, व्रतराज आचार्य, डा. गंगाधर लम्साल, निलाम्बर पन्थी, अशोक कोइराला, रामचन्द्र अधिकारीसँगका अन्तर्वार्ताहरू ।

शत्रुलाई पनि मित्र बनाउने दिनका रूपमा ग्रहण गर्न अनुरोध गरिएको थियो ।[११३१] यसैगरी कृष्णप्रसाद भट्टराईले पनि एक अपिल जारी गर्दै विगत जेठ १० गतेको राजघोषणाको खुला हृदयले स्वागत गरेका हामीले त्यसपछि देशमा उत्पन्न उपद्रवयुक्त वातावरणले गर्दा स्वतन्त्र र निष्पक्ष जनमत संग्रह झण्डै असम्भव प्रायः भएको महसुस गर्नु परेकोमा यस्ता उपद्रवपूर्ण कार्य अन्त गर्नेलगायतमा राजविचार थाहापाउन नसकेको उल्लेख गर्दै देशका यी समस्याबारे एक बलियो जनमत तयार गर्न पौष २२ गते देशभरि ने.का. द्वारा आयोजित विशाल र्‍यालीहरूमा तन-मन-धनले सहयोग गर्न अनुरोध गरेका थिए ।[११३२] केन्द्रीय नेताहरूका अपिलसँगै जिल्ला तहसम्म नै सक्रिय बहुदल प्रचार समितिहरूले पंचायतका क्रियाकलापलगायतका विविध पक्षहरू उल्लेख गर्दै पंचायतका विरुद्धमा आयोजित कार्यक्रमको रूप दिएर जनसहभागिताका लागि अनुरोध गरे ।[११३३]

छलफलका अन्तमा विरोध दिवश संचालन गर्ने निश्चयसँगै ने.का. ले आम राजनीतिक बन्दीहरूको रिहाइ, निष्पक्ष-स्वतन्त्र जनमत संग्रह सम्पन्न गरिनु पर्ने र तुरुन्त जनमत संग्रहको तिथि तोकियोस् आदि मागहरूलाई व्यापक रूपमा उठाएर देशव्यापी विरोध सभा गर्नका लागि जिल्ला तहसम्म नै परिपत्र गरेको थियो ।[११३४] जसलाई स्वीकार गरेर पूर्ण उत्साह साथ खटेका कार्यकर्ताहरूले पौष २२ गते देशभरि नै विरोध जुलुश प्रदर्शन र आमसभाहरू गरेर जनआक्रोशको परिचय दिने काम गरे । २०३६ साल पौष १ गते राजाबाट दिइएको सन्देशमा षड्यन्त्रात्मक नीतिका भावनाहरू भरिएको हुँदा र निष्पक्ष जनमत संग्रह नै आफ्नो पनि मूल लक्ष्य भएको हुँदा वामपन्थीहरूका बहुदलीय अभियानमा संलग्न मनमोहन समूह, पुष्पलाल समूह, मानन्धर समूह आदिले पनि नैतिक समर्थन जनाएकाले विरोध दिवश अर्थपूर्ण हुन पुग्यो ।[११३५] परिणामस्वरूप पौष २२ गते काठमाडौँ, पाटन, जनकपुर, विराटनगर, इनरुवा, तनहुँ, पोखरा, भरतपुर, पर्वत, नेपालगंज, दैलेख, ओखलढुंगा, तेह्रथुम, झापा, दाङ, इलाम, राजविराज, वुटवल, धनकुटा, वाग्लुङलगायतका महत्त्वपूर्ण ठाउँहरूमा व्यापक जनसहभागितामा निर्धारित मागहरू उठाएर पंचायती व्यवस्थामाथि खुला प्रहार गर्नुका साथै देशको राजनीति धेरै अगाडि बढिरहेको सन्देश दिने कार्य गरियो ।[११३६]

---

११३१ विस्तृतिका लागि वी.पी. कोइरालाद्वारा “आज कोही कसैको शत्रु छैन” शीर्षकमा जारी गरिएको अपिल वा पर्चा, मिति उल्लेख नभएको ।

११३२ विस्तृतिका लागि “विरोध दिवश सम्पन्न गर्न प्र.ने.का. का कार्यवाहक अध्यक्ष श्री कृष्णप्रसाद भट्टराईको अपिल” शीर्षकमा जारी पर्चा, मिति नभएको ।

११३३ विस्तृतिका लागि (क) विरोध दिवश समन्वय समिति प्र.ने.का. काठमाडौँद्वारा “पौष २२ गते विरोध दिवश मनाऔं : निष्पक्ष जनमत संग्रहका लागि जनमत तयार गरौं” शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
(ख) बहुदलीय युवा परिवार धादिङद्वारा “नेपाल खाए” शीर्षकमा जारी गिति पर्चा, मिति नभएको ।

११३४ डिल्लीरमण रेग्मी, गोविन्द कँडेल, राजन पंत, गिरिराज आचार्य, निलाम्बर पन्थी, अशोक कोइराला, राजेश्वर नेपाली, वासुदेव रिसालसँगका अन्तर्वार्ताहरू ।

११३५ भरतमोहन अधिकारी, सहाना प्रधान, महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।

११३६ विस्तृतिका लागि (क) *राष्ट्र पुकार,* २०३६ साल माघ ३ गते ।
(ख) *सातदिने समीक्षा,* २०३६ साल पुष २७ गते ।

विरोध दिवशद्वारा निष्पक्ष जनमत संग्रहका लागि पंचायतका स्थानीय तहहरूको निलम्बन, अंचलाधिशहरूका पंचायत पक्षीय भूमिकाको तिब्र विरोध, सरकारी कोषबाट पंचायत पक्षलाई गुप्त दान गर्ने अनैतिक कार्य विरुद्ध चेतावनी, सरकारी जालसाजीपूर्ण क्रियाकलापको भण्डाफोरलगायतका विषयलाई केन्द्रीय नेताहरूद्वारा उठाइनाले देशको राजनैतिक वातावरण झन तात्न थाल्यो । फलस्वरूप देशका विभिन्न भागमा हुने जनसभाहरूमा ने.का. को मूलनीति विपरित राजसंस्थामाथि समेत आक्षेप लगाउने खालका अभिव्यक्तिहरू आउन थाले । यद्यपि त्यस्ता जनसभाहरूमा केन्द्रीय नेताहरूको उपस्थिति त हुँदैनथ्यो तर यो कार्य उनीहरूले थाहै पाएनन् भन्न पनि सकिदैन । दवावमुलक रणनीतिका तहत भएका यस्ता कार्यबाट उत्पन्न उत्साहमुलक वातावरणमा वी.पी. लगायतका नेताहरूको भ्रमणसमेत चलेपछि जनस्तरमा बहुदल पक्षीय वातावरण क्रमशः तिब्र हुँदै गयो । पहाडका विभिन्न ठाउँमा "वरिपरि कांग्रेसको वैरालो माझैमा विश्वेश्वर कोइराला" भन्ने गीत गाउँदै र तराई क्षेत्रमा "वी.पी. कोइराला मत घबडाना-तेरे पिछे हे सारा जमाना" लगायतका नाराहरू लगाउँदै थुप्रिने अपार उपस्थितबाट सारा देश नै बहुदलमय बनेको सङ्केत दिन्थ्यो ।[११३७] यसरी सारा देश बहुदलको प्रतिक्षामा रहेको स्थिति उत्पन्न भएको अवस्थामा पनि जनमत संग्रहको तिथि नतोकिएकाले यसका लागि आवाज उठाउने कार्य तिब्र पारियो । जसमा जनमत संग्रहलाई प्रह्लादको अग्नि परीक्षासँग तुलना गर्दै चुनाव तिथि घोषणा नगरिएको हुँदा त्यसका लागि सरकारमाथि दवाव हाल्नु पर्दछ, गाउँ-गाउँमा जनमत संग्रह समिति गठन गरौं-कांग्रेस कम्यूनिष्ट परिषद् इत्यादिको भेदभाव विर्सेर काम गरौं, यो जनताको लडाइँ भएकाले कोही पनि पछि नपरौं- सबै अघि सरौं...[११३८] लगायतका उद्घोषसँगै दवावमुलक कार्यक्रम संचालन गरियो ।

देशव्यापी रूपमा विकसित यस्तो दवावमुलक वातावरणमा राष्ट्रिय चुनाव आयोग पनि सक्रिय हुन थाल्यो । २०३६ साल फागुन १९ र २० गते मध्यमाञ्चल विकास क्षेत्रका प्रशासन एवं प्रहरीसँग आउँदो जनमत संग्रहबारे छलफल गरी मतदान केन्द्र, शान्ति सुरक्षा अस्थायी प्रहरी भर्नालगायतको व्यवस्थापनका लागि विभिन्न प्रस्तावहरू प्रस्तुत गऱ्यो ।[११३९] जसका आधारमा अन्य विभिन्न निकायहरूसँग पनि छलफल गरी २०३६ साल चैत्र २० गतेका दिन ठीक एक महिनापछि अर्थात २०३६ साल वैशाख २० गते बिहान ९.१५ देखि साँझ ५.१५ बजेसम्म मतदान हुने गरी सूचनाद्वारा तिथि निर्धारणको घोषणा गऱ्यो ।[११४०] यसप्रकार दवावमुलक कार्यक्रमद्वारा तिथि निर्धारण हुनगइ अन्यौलपूर्ण परिस्थितिको अन्त भयो ।

---

(ग) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ४९४-५०२ ।
(घ) देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. ४०२-४०४ ।

[११३७] (क) पोखरेल, टिप्पणी संख्या १७२ (ख), पृ. १०९ ।
(ख) शिवधारी यादव, विमलेन्द्रनिधि, राजेश्वर नेपालीसँगका अन्तर्वार्ताहरू ।

[११३८] बहुदलीय व्यवस्था प्रचार समितिद्वारा "के कति कारणले गर्दा हामीले बहुदलीय व्यवस्थाको समर्थन गर्नु जरुरी छ ?" शीर्षकमा प्रकाशित पुस्तिका, मिति एवं स्थान उल्लेख नभएको, पृ. ८ ।

[११३९] *सातदिने समीक्षा,* २०३६ साल फागुन २४ गते ।

[११४०] देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. ४०६ ।

जनमत संग्रहको तिथि निर्धारणपछि झन तिब्र रूपले प्रचार अभियानमा जुटेको ने.का. ले अभियानका रूपमा बढेर राजबन्दीहरूको रिहाइ एवं आम माफिको विषयलाई उठाउन थाल्यो । नेपाली जनताले शान्तिपूर्ण ढंगले मतदानको माध्यमबाट बहुदुलीय व्यवस्था रोज्न पाउने भएपछि त्यही व्यवस्था स्थापनार्थ संचालित आन्दोलनमा भाग लिएबापत जेल वा निर्वासमा रहेकाहरूलाई माफि नदिनुको कुनै औचित्य छैन भनी आवाज उठाउने कार्य भइरहेको थियो ।[११४१] जसलाई नजरअन्दाज गर्दै आएका राजाले २०३६ सालको समापनसँगै मात्र यसतर्फ ध्यान दिए हरेक नववर्षको प्रथम दिन नववर्षको उपलक्ष्यमा देशवाशिका नाममा सन्देश जारी गर्ने नियमित कार्यक्रमअन्तर्गत २०३७ साल वैशाख १ गते आएको सन्देशमा- ...सम्पूर्ण नरनारीले जनमत संग्रहमा सक्रिय रूपले भाग लिन सकुन भन्ने विचार गरेर अरू फौजदारी मुद्दा बाहेक राजकाजसम्बन्धी मुद्दा लागेका सबै नेपालीलाई आम माफि प्रदान गरिएको...[११४२] उल्लेख थियो ।

राजाबाट आम माफि प्रदान गरिएपछि एकातिर देशभित्रका विभिन्न जेलबाट राजबन्दीहरू रिहा हुन थाले भने अर्कातिर भारतीय निर्वाशनमा रहेका नेताहरू पनि नेपाल फर्किए । २०१७ सालको शाही कदमसँगै र २०२५ सालपश्चातका अवधिदेखि भारतीय निर्वासनमा रहेका नेताहरूमध्ये गिरिजाप्रसाद कोइरालालगायत २५ जनाको टोली पटनामा जम्मा भएर विमानद्वारा प्रस्थान गरी वैशाख ८ गतेका दिन काठमाडौंस्थित त्रिभुवन विमान स्थलमा उत्रिए ।[११४३] २०१७ सालको घटनासँगै पक्राउपरि थुनिएपछि पनि चोर्ने नीतिअरूप राजा महेन्द्रले गरेको प्रयासमा सहमती जनाएर सहयोग गर्ने वाचासहित छुटेपछि राजालाई नै छलेर भारततर्फ भागि प्रतिरोध आन्दोलनमा हतियार उठाएबापत राजा महेन्द्रको आम माफिमा पनि नपरेका भरतशमशेरलाई पनि वी.पी. ले आम माफिसँगै नेपाल आउन खबर पठाए । खबर पाउना साथ कलकत्तास्थित विभिन्न वकीलहरूका साथै अन्य मित्रहरूसँग परामर्श गरेर काठमाडौंमा हुने बहुदल पक्षको अन्तिम खालको आम सभामा गर्ने भाषणसमेत तयार गरी उनी पनि वैशाख ८ गतेकै दिन काठमाडौं विमानस्थलमा उत्रिए ।[११४४]

आम माफिको घटनापछि झन तातेको नेपालको राजनैतिक वातावरणमा सिर्जित उत्साहले देशव्यापी आमसभाहरूको अभियानमा झन तिब्रता आयो । निर्वासनबाट फर्किएका

---

[११४१] गणेशमान सिंह, "आम माफिको घोषणा र राजबन्दीको रिहाइ", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५३ चैत्र १२, पृ. ३ ।

[११४२] (क) श्री ५ को सरकार.., टिप्पणी संख्या १७ (क), पृ. ३२१ ।
(ख) *राष्ट्र पुकार,* २०३७ साल वैशाख ५ गते ।
(ग) *सातदिने समीक्षा,* २०३७ साल वैशाख ६ गते ।
(घ) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ५२२-५२४ ।

[११४३] (क) देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. ४१५ ।
(ख) उमेश गिरीसँग २०६० जेठ १ गते तिनटोलिया, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) *जनआकांक्षा,* २०३७ साल वैशाख ९ गते ।

[११४४] राजेश गौतम, *नेपालको प्रजातान्त्रिक आन्दोलन र विद्रोही भरतशमशेर,* काठमाडौं : कृष्णमुरारी अधिकारी र श्रीराम श्रेष्ठ, २०६१, पृ. १०२ ।

नेताहरूले २०३७ साल वैशाख १२ गते प्रजातन्त्रका वयोवृद्ध सेनानी बोधदादाको उपस्थितिमा काठमाडौँस्थित गौचरणमा पंचायती व्यवस्थाको दाहसंस्कार कार्यक्रम सम्पन्न गरे । उक्त समारोहमा सम्बोधन गर्दै गिरिजाप्रसाद कोइराला, भरतशमशेरलगायतका क्रान्तिकारीहरूले पंचायती दमनद्वारा सिर्जित टुहुरा एवं विधवाहरूको आँशुको मर्म बुझेर संघर्षद्वारा प्राप्त यो अवसरलाई खेर नफाली एकमात्र शक्ति संगठनद्वारा शोषणरहित समाज सिर्जनाका लागि कटिवद्ध रहन आग्रह गरे ।[११४५]

यसप्रकार ने.का. ले सत्ता पक्षका जालझेललगायतबाट पनि विचलित नभइकन जनमत संग्रहको घोषणासँगै अवलम्बन गरेको नीतिमा अडिग रहेर बहुदलीय पक्षमा वातावरण निर्माण गर्न सक्रिय भयो । राजाको नियतमा शंका नगर्ने बी.पी. को अडानअनुरूप जनसम्पर्क एवं संगठन निर्माणद्वारा जनलहर सिर्जनाका लागि यसले गरेको प्रयासलाई पंचायतवादी र प्रतिक्रियावादीहरूले सहन नसकि सांघातिक आक्रमणलगायतद्वारा विचलन पैदा गर्ने प्रयास गरे । तर राष्ट्रिय एकता तथा मेलमिलापजस्तो आफ्नो मूल नीतिलाई नछाडि यसले देखाएको दृढता प्रजातान्त्रिक आन्दोलनको महत्त्वपूर्ण अध्याय बन्न पुग्यो ।

## ५.९ जनमत संग्रहका क्रममा नेपाली कांग्रेसमाथि गरिएका हिंसात्मक आक्रमणहरू

जनमत संग्रहको घोषणालाई ने.का. ले बिनाशर्त स्वीकार गरी अगाडि बढ्ने निश्चय गरेपछि यथास्थितिवादी एवं प्रतिक्रियावादीहरू अतालिन पुगे । के गरौं कसो गरौंको मनस्थितिमा रहेका यिनीहरू कुनै निश्चयमा पुग्न नपाउँदै ने.का. ले राजधानीस्थित टुँडिखेलमा पहिलो जनसभा गरेर विधिवत बहुदलीय अभियान प्रारम्भ गर्ने निश्चयसँगै तयारी सुरु गर्‍यो । करिब २० वर्षपछि राजधानीमा गर्न थालिएको यो आमसभाको सफलता असफलताले नै बहुदल पक्षको प्रचार अभियानलाई दिशाबोध गराउने भएकाले राजधानीस्थित कार्यकर्ताहरू निकै मेहनत साथ तयारीमा जुटे । त्यो स्थितिमा घोषणासँगै जनमत संग्रह नहोस् भन्ने चाहनाअनुरूप भित्र-भित्रै सक्रिय रहेका तत्त्वहरू यो अभियानमाथि हस्तक्षेप गरेर वा गराएर अराजकस्थिति पैदा गर्ने प्रयासमा लागे । फलस्वरूप उग्रविचारका पंचहरू एवं तिनका इशारामा चल्ने प्रशासनको संलग्नतामा जेठ २५ गतेको आमसभाबारे प्रचार प्रसार गर्न हिडेका ने.का. का कार्यकर्ताहरूमाथि ठाउँ-ठाउँमा ढुंगामुढा गर्ने, माइक खोस्नेलगायतका प्रतिरोधमुलक कार्यहरू गरिए । सहरी क्षेत्रभन्दा बाहिरका गाउँहरूमा घटाइएका यस्ता घटनाहरूमा पंचायतकै कारणबाट आफूले उक्त पद पाएको र पंचायतमाथि आएको यो संकटबाट आफ्नो पद पनि संकटमा परेको ठान्ने प्रशासनका केही पदाधिकारीहरूको प्रत्यक्ष संलग्नता थियो ।[११४६] प्रशासनिक संलग्नतामा

---

[११४५] विस्तृतिका लागि *जनआकांक्षा,* (मुक्ति अङ्क), २०३७ साल वैशाख १६ गते ।

[११४६] सिंह, टिप्पणी संख्या १६९ ।

यस्ता घटना घटनाले सिर्जना गरेका समस्याको समाधान बिना जनमत संग्रह सम्पन्न हुने कुरामा शंका उत्पन्न भएकाले त्यसबारे प्रशासनिक उच्च तहमा केन्द्रीय नेताहरूद्वारा विरोध जनाएर अभियानलाई निरन्तरता दिई काठमाडौंको आमसभा सम्पन्न गरियो ।

उक्त आमसभामा भएको जन उपस्थिति एवं ने.का. का नेताहरूबाट व्यक्त विचारले देशव्यापी हलचल उत्पन्न गऱ्यो । त्यहाँको जन उपस्थितिबाट बहुदलवादीहरूमा उत्साहको संचार गरायो भने पंच एवं प्रशासन भने हडबडाउन थाले । किनकी "नेपाली जनता अब रैती भएर बस्न चाहन्नन्-हावापानी र माटोको दुहाइ दिएर उनीहरूको भाग्यसँग खेलवाड गर्ने अधिकार अब कसैलाई छैन"[११४७] भन्ने स्पष्ट पार्न सफल भएको उक्त जनसभापछि बहुदलवादीहरूमा देशव्यापी जनसभाको आयोजना गर्ने होडबाजी चल्न थाल्यो । फलस्वरूप उपत्यका बाहिर पनि जनसभा आयोजना गर्ने र केन्द्रीय नेताहरूबाट सम्बोधन गराउने क्रम सुरु भयो । यस्ता हरेक जनसभाहरूमा हुने विशाल उपस्थितिले पंचायत विरोधी आन्दोलनकै रूप लिन थालेपछि ने.का. सँग चिढिएका कर्मचारी, पंच, प्रशासन एवं प्रतिक्रियावादीहरू एकजुट भएर प्रतिकारमा उत्रिएपछि देशव्यापी आक्रमण र हिंशाका घटनाहरू घटन पुगे ।

बहुदल प्रचारमा जुटेका नेता-कार्यकर्ताहरूमाथि आक्रमण गर्नु, मोसो दल्नु, जुत्ताको माला लगाइदिनु, आमसभा विथोल्नु, प्रचार सामग्री नष्ट गर्नु, बहुदल प्रचार कार्यालय तोडफोड गर्नु, प्रचारमा प्रयुक्त साधन अपहरण तोडफोड गर्नुलगायतका कार्यद्वारा आतंक फैलाउने र पछि त्यही अभियोगमा बहुदलवादीहरूलाई मुछेर मुद्दा चलाउनेलगायतका घटनाहरू त्यसबखत प्रशस्त घटेको पाइन्छ । जसको समग्र प्रस्तुतिका लागि एक छुट्टै अनुसन्धान आवश्यकता पर्ने हुँदा केही महत्त्वपूर्ण घटनाहरू बारे मात्र चर्चा गर्नु उपयुक्त देखिन्छ ।

**हेटौंडा काण्ड**

नेपालको प्रजातान्त्रिक आन्दोलनमा ने.का. भित्र खरो नेताका रूपमा चिनिने गणेशमान सिंहले उपत्यका आसपासका क्षेत्रमा प्रथम चरणको सम्बोधन गरेपछि आषाढको दोस्रो हप्तातिर पूर्वी तराई एवं भित्रिमधेशका क्षेत्रमा अभियान संचालनार्थ प्रस्थान गरे । चितवन जिल्लाका विभिन्न ठाउँहरूमा उनको कार्यक्रम निश्चयसँगै आयोजकहरूद्वारा राणा शासन समाप्त गर्ने अभियानदेखिकै उनको योगदानबारे सविस्तार गर्णन गर्दै लौहपुरुषका रूपमा चिनाउँदै उपस्थितिका लागि व्यापक प्रचार प्रसार गरिसकेका थिए । त्यो स्थितिमा आषाढ ११ र १२ गते सिंहले चितवनका विभिन्न आमसभाहरूमा जुन उत्तेजक र निडर सम्बोधन गरे त्यसबाट व्यापक प्रभावसँगै जनलहर उत्पन्न

[११४७] सम्पादकीय, *राष्ट्र पुकार,* २०३६ साल जेठ ३१ गते ।

भयो । मानिसहरूले आमसभापछि पनि उनलाई घेरेर प्रश्नहरू सोध्नेदेखि उनको हातबाट सदस्यता लिई टिका ग्रहण गरेर बहुदल पक्षमा सक्रिय हुने प्रतिज्ञा गर्न थाले ।[११४८]

सिंहको खरोभाषण एवं लौह पुरुषको छविबाट तर्सिएका यथास्थितिवादी एवं प्रतिक्रियावादीहरू सिंहलाई नरोकेमा अप्ठ्यारोमा पर्ने महसुस गर्न पुगे । बहुदलवादीहरूलाई स्वतन्त्र गतिविधि गर्न दिएमा पराजय सुनिश्चित ठानेका उनीहरूले जनस्तरसम्म पुग्नै नदिने नीतिअनुरूप भयभित वातावरण सिर्जना गर्ने निश्चय गरिसकेका थिए । त्यो अवस्थामा सिंह छात्र आन्दोलनकै क्रममा सनसनी मच्चाएको स्थान हेटौडामा सम्बोधन गर्नका लागि आषाढ १३ गते कार्यक्रम स्थल भुटनदेवी मा.वि. को प्राङ्गणमा पुगे । निर्धारित समयमा कार्यक्रम सुरु भयो र सिंहले आमसभालाई सम्बोधन गर्न प्रारम्भ गर्ना साथ एक्कासि आइपुगको उग्रवादी जमातले निर्दल पक्षको पर्चा छर्नुका साथै बोल्दै गरेको माइक खोस्न पुगे ।[११४९] माइक कब्जा गरेपछि मन्च ध्वस्त पार्नुका साथै मेच कुर्चिसमेत तोडफोड गरेपछि तिखा-तिखा धार भएका फलामेडण्डि बोकेर घोच्ने र पिटने प्रयास गर्न थालेपछि प्रदिपमान सिंह, ध्यान गोविन्द रन्जितकार, विमलेन्द्रनिधिलगायतका युवाहरू अगाडि सरेर आक्रमणकारिहरूसँग भिडि सिंहलाई बचाए ।[११५०] प्रशासिनक संरक्षणमा सांघातिक आक्रमण गर्ने उद्देश्यअनुरूप आएको उक्त जमातले त्यसपछि पुनः बल प्रयोग गरी कुनै लिखित चिज पढाउन खोज्दा सिंहले नमाने पछि कपडा च्यात्ने, चश्मा खोस्ने, कालोमोसो दल्नेलगायतका कार्यसँगै बजार डुलाउन खोजे ।[११५१] त्यो स्थितिमा सिंहको सुरक्षाका लागि बल्ल तल्ल नजिकैको एउटा घरमा पुऱ्याउन सफल भएपछि पनि केही क्षणको हुल हुज्जतपश्चात पुगेका आक्रमणकारीहरूले एक्कासि घरमाथि ढुंगा बर्साउने र भारतीय दलाललगायतको संज्ञा दिएर नाराबाजि गर्ने गर्न थाले ।[११५२] डराएको घरवालाले सिंहलाई बाहिर जानभन्दै ढोका खोलिदिएपछि पसेका केही आक्रमणकारीहरूले सिंहलाई तानेर हातपात गर्ने, कपडा च्यात्ने लगायतका गतिविधि गर्दै चोकसम्म पुऱ्याए । जहाँबाट केही उच्च पदस्थ व्यक्तिसहित सिंहलाई चिन्नेहरूको जमातले बल्लतल्ल उम्काएर सुरक्षित घरमा पुऱ्याइ प्रहरीलाई खबर गर्न पुगे । जिल्ला प्रहरी कार्यालयमा यथार्थ जानकारी दिएर मद्दत माग्दा प्रहरीबाट “हामीलाई स्रोता र वक्ताका बीचमा नपर्नु भन्ने प्रशासनिक आदेश

---

११४८ (क) शेषनाथ अधिकारीसँग २०६२ असार ११ गते तीनकुने, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) गंगाधर लम्साल, कृष्णलाल सापकोटा र महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।

११४९ (क) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ७१४ ।
(ख) अधिकारी (शास्त्री), टिप्पणी संख्या २२ (ग), पृ. ५३८ ।
(ग) विमलेन्द्रनिधि र देवेन्द्र नेपालीसँगका अन्तर्वार्ताहरू ।

११५० (क) सिंह, टिप्पणी संख्या १३, पृ. ८७ ।
(ख) *पूर्ववत्* (ग) ।

११५१ (क) भागवत दुवेसँग २०६० जेठ १८ गते बहुअरी पर्सामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) रमेश रिजालसँग २०६० जेठ १८ गते माइस्थान वीरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) जनार्दन सिंह क्षेत्रीसँग २०६० जेठ १७ गते विर्ताबजार, वीरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) प्रेमनाथ शर्मासँग २०६० जेठ १७ गते क्याम्पस चोक वीरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) *साप्ताहिक मातृभूमि*, २०३६ साल असार १९ गते ।

११५२ (क) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ७१४ ।
(ख) विमलेन्द्रनिधि, रमेश रिजाल, भागवत दुवेसँगका अन्तर्वार्ताहरू ।

छ", "हामीसँग हुलदंगामा पठाउनका लागि जगेडा प्रहरीहरू नै छैनन्"[११५३] जस्ता उत्तर दिएर आफ्नो वास्तविक चाहना स्पष्ट गरे । बहुदलीय व्यवस्था र प्रजातन्त्रका विरुद्ध अप्रजातान्त्रिक व्यक्तिहरूको संयुक्त गठबन्धनको प्रहारका रूपमा प्रकट भएको उक्त घटनामा विघटित विद्यार्थी मण्डलका सदस्य मात्र नभएर उग्र वामपन्थीहरूका कार्यकर्ता पनि सम्मिलित थिए ।[११५४] संभवत वितण्डा खडा गर्ने सोचमा बढेको वर्गले उग्र वाम र दक्षिण पन्थीहरूलाई जनमत संग्रहका सन्दर्भमा कसरी प्रयोग गर्न सकिन्छ र कस्तो परिणाम आउँछ भन्ने परीक्षणका लागि घटाइएको काण्ड नै हेटौडा काण्ड थियो ।

हेटौडामा घटेको यस्तो घटनाको समाचार पाउँना साथ चितवन एवं वीरगंजबाट ने.का. र ने.वि. संघका कार्यकर्ताहरू ट्रकमा चढेर हेटौडातर्फ प्रस्थान गरे । हेटौडा पुग्ना साथ उनीहरूले सडकमा उत्तेजक नारासहित जुलुस प्रदर्शन गरेर गुण्डा गर्दिको विरोधका साथै दोषिमाथि कार्वाहीको माग गरेपछि त्यसका समर्थनमा बजारसमेत बन्द हुन पुग्यो ।[११५५] अर्कोतिर वीरगंजमा रहेका कार्यकर्ताहरूले अंचलाधिश कार्यालयमा पुगेर घटनाबारे जान्न खोज्दा आफूलाई केही थाहा नभएको जनाएका अंचलाधिशले तीन दिनपछि मात्र यथार्थता बुझ्न आफ्ना सहायकलाई हेटौडातर्फ पठाएका थिए ।

सकेसम्म बहुदल पक्षलाई निरुत्साहित पारेर अभियान शिथिल पार्ने र नसकेमा अराजक स्थिति उत्पन्न गरी जनमत संग्रह नै विथोल्न प्रयास गर्ने नियतबाट सम्पादित हेटौडा काण्डले व्यापक प्रतिक्रिया उत्पन्न गऱ्यो । वीरगंजस्थित माइस्थानमा आमसभा गरेर ने.का. पर्साद्वारा उक्त काण्डको भर्त्सना गर्दै शान्ति सुरक्षा दिन नसक्ने थापा मन्त्रिपरिषद्‌ले जनमत संग्रह निष्पक्ष गराउन नसक्ने हुँदा तुरुन्त राजिनामा दिनु पर्ने उद्घोषसहित उक्त घटनाको विरोधमा बजार बन्द गर्न आह्वान गऱ्यो ।[११५६] विराटनगर, वुटवल, पोखरालगायतका ठाउँहरूमा विरोध जुलुस एवं आमसभाद्वारा उक्त काण्डको निन्दा गरियो भने विस्तारै यो क्रम देशव्यापी रूपमा फैलिन थाल्यो । उत्तेजक स्थितिको संभावना बढ्न थालेपछि राष्ट्रिय पंचभेलाले यस्ता घटना अशोभनीय भएको स्वीकार गऱ्यो भने विघटित मण्डलका केही सदस्यले वक्तव्य जारी गरी उक्त काण्डमा आफ्नो हात नभएको स्पष्ट गरे ।[११५७] देशका विभिन्न पत्रपत्रिकाहरूले पनि यस काण्डका विरुद्धमा संपादकीय लेखेर जनमत संग्रह विथोलने षड्यन्त्रको संज्ञा दिंदै वर्तमान सरकारले सिंहजस्तो व्यक्तिमाथि आक्रमण गर्नेलाई कुनै कार्वाही नगरी निष्पक्ष जनमत संग्रह गराउने श्री

---

११५३ *साप्ताहिक मातृभूमि,* २०३६ साल असार १९ गते ।

११५४ गणेशमान सिंह, "एक वर्षको अनुभव पंचायतको उपलब्धि", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५३ साल फागुन २८ गते, पृ. ३ ।

११५५ (क) रमेश रिजाल, विमलेन्द्रनिधि, जनार्दन सिंहक्षेत्री, महेश्वरलाल श्रेष्ठ, गंगाधर लम्साल, देवेन्द्र नेपालीसँगका अन्तर्वार्ताहरू ।
(ख) लक्ष्मिनाथ नेपालसँग २०६० जेठ १७ गते विर्ताबजार, वीरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) अमरनाथ श्रेष्ठसँग २०६० जेठ १८ गते माइस्थान वीरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

११५६ प्रेमनाथ शर्मा, भागवत दुवे, देवेन्द नेपाली, जनार्दन सिंहक्षेत्री, रमेश रिजालसँगका अन्तर्वार्ताहरू ।

११५७ आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ७१५ ।

५ को सदिच्छा तिरस्कार गरेको आरोप लगाए ।[११५८] यसबाहेक प्राध्यापकवर्ग, प्रतिबन्धित तरुणदल, युवा जमातलगायतले पनि नेतामाथि आक्रमणको दुस्साहस गरेकोमा आक्रोश व्यक्त गर्दै जनमत संग्रह विथोल्ने प्रयासरूपी यस्ता घटनालाई प्रोत्साहन दिने अंचल प्रशासनको निन्दा गरे ।

**स्याङजा काण्ड**

हेटौडा काण्डपश्चात पनि बहुदलीय गतिविधिमा कुनै विराम नलागेपछि आत्तिएका पंच एवं तिनको प्रशासनको मिलिभगतमा घटाइएको अर्को सांघातिक आक्रमणको घटना स्याङजा काण्डका नामले चिनिन्छ । २०३६ साल श्रावणमा विराटनगरमा आयोजित कार्यक्रमहरूमा सम्बोधन गरेपछि वी.पी. ले पश्चिमाञ्चल क्षेत्रमा आयोजित कार्यक्रमहरूमा सम्बोधन गर्नका लागि असौज ४ गते पोखरा पुगि जनसभालाई सम्बोधन गरे । त्यसपछिका तीन दिनसम्म विभिन्न संघ संस्था एवं जनसभा आदिमा सम्बोधन, छलफल आदिद्वारा २०१७ सालको घटनाका पछाडि निहीत वास्तविकता स्पष्ट गर्दै बहुदल पक्षमा सरिक हुन आह्वान गरे । प्रशासनिक दमनका वावजुद पनि उनको विचारलाई सुन्न टाढा-टाढाबाट मानिसहरू थुप्रिने, पंचायती व्यवस्थाको दमनात्मक नीतिको पर्दाफास गर्ने र कतिपय पंचहरूले नै वी.पी. का हातबाट सदस्यता ग्रहण गरी बहुदल पक्षमा सक्रिय हुन प्रतिज्ञा गर्नेलगायतका कार्यमा तिब्रता आएपछि पंच प्रशासनमा खैलाबैला मच्चियो ।[११५९] तसर्थ उनीहरूले पोखरामा नै हस्तक्षेप गर्ने विचार गरे तापनि विविधकारणले नसकेपछि पूर्व निश्चित स्याङजाको कार्यक्रममा अराजकता सिर्जना गरी सांघातिक हमला गर्ने निश्चय गरे ।

संभवतः अंचलाधिशको निर्देशनमा स्याङजामा दमनात्मक नीति अवलम्बन गर्ने निश्चयसँगै हरकतमा आएको स्थानीय प्रशासनले अघिल्लै दिन अर्थात आश्विन ७ गते नै षड्यन्त्रको प्रारम्भ गऱ्यो । त्यसदिन कार्यक्रमको तयारीलगायतका सबै पक्षमाथि विचार विमर्श गर्न स्याङजा पुगेका ने.का. का महामन्त्री परशुनारायण चौधरी र प्रवुद्ध नेता जमानसिंह गुरुङ आदिलाई वी.पी. लगायतलाई बसाउन ठीक पारिएको सिद्धार्थ राजमार्गको गेस्टहाउसमा राखियो ।[११६०] खानपिन गराएर सुत्ने व्यवस्था मिलाएर स्थानीय नेताहरू हिडेपछि रातको समयमा एक्कासि आएका विघटित मण्डलका कार्यकर्ताहरूले गेष्टहाउसमा आक्रमण गरी आतंक एवं अराजकता सिर्जनाको प्रयास गरे । जुन समाचार पाउना साथ पुलतीखेत बजारलगायतका ठाउँहरूबाट आइपुगेका गोपालमान श्रेष्ठलगायतका स्थानीय नेता एवं युवाहरूले आक्रमणकारीसँग मुकाविला गर्दा मण्डल समूहले प्रहार गरेको खुकुरीबाट कृष्णमान श्रेष्ठको हात

[११५८] सम्पादकीय, *राष्ट्र पुकार*, २०३६ साल असार २१ गते ।

[११५९] शुक्रराज शर्मा, राजेन्द्रनिधि कोइराला र डा. तुलसी भट्टराईसँगका अन्तर्वार्ताहरू ।

[११६०] गोपालमान श्रेष्ठ, टिप्पणी संख्या १०८ (घ) ।

काट्यो भने एकजना मण्डल कार्यकर्ताको टाउकोमा गम्भिर चोट लाग्यो ।[११६१] त्यो स्थितिमा टुप्लुक्क आइपुगेका तत्कालीन प्रमुख जिल्ला अधिकारी दानबहादुरले बहुदलवादीहरूसँग जन समूह आक्रोशित भएकाले सुरक्षाका लागि भन्दै गोपालमानलगायतका स्थानीय बहुदलवादी प्रमुख नेताहरूलाई समातेर रातभरि नै थुने ।[११६२]

दोस्रो दिन अर्थात आश्विन ८ गते प्र.जि.अ. ले गोपालमानलगायतका आयोजकहरूसँग स्याङजा बजारमा जनमानस आक्रोशित भएकाले शान्ति सुरक्षाको व्यवस्था गर्न कठिन हुने र कार्यक्रमका लागि घोषितस्थल स्याङजाको टुँडिखेल सानो पनि हुनेलगायतका कुरा गरी बजारभन्दा दायाँ बायाँ खुला ठाउँमा सार्नका लागि दवाव दिन थाले । त्यो अवस्थामा आयोजकहरूले पनि ठिकै जस्तो ठाने र स्थान परिवर्तन गरी आमसभा राङखोलामा गर्ने निश्चय गरे । त्यहाँ उत्पन्न स्थिति देखेर वी.पी. लाई अतिरिक्त सुरक्षा दिनु आवश्यक भएकाले स्वयं सेवकलगायतका कार्यकर्ता पठाएर पोखरादेखि नै दलबलसहित स्याङजा ल्याइयो । वी.पी. आउने क्रममा नै मण्डलका कार्यकर्ताहरूले कालो झण्डा देखाएर गरेको मुठभेड प्रयासलाई परास्त गरी राङखोलासम्म पुऱ्याएर आमसभा भव्यता साथ सम्पन्न गरियो ।

स्याङजामा चलेको भिडन्तको हल्ला एवं अघिल्लै दिनदेखि सुरु भएका उपद्रवकारी घटनाबाट सतर्क भएका स्थानीय नेता कार्यकर्ता एवं वी.पी. सँगै गएको जमातले आमसभापश्चात उनी चढेको गाडिलाई चारैतिरबाट घेरेर पोखरा पुऱ्याउन प्रस्थान गऱ्यो ।[११६३] उक्त जनसमूह स्याङजाबजार नजिकै अवस्थित प्रहरी चौकीनेरको मोडमा पुग्ना साथ उक्त मोडको ठीकमाथि डाँडामा बसेका मण्डल कार्यकर्तालगायतको जमातले वी.पी. चढेको गाडीलाई लक्षित गरी ठूला-ठूला ढुँगा बर्साउन थाल्यो ।[११६४] २०० मिटरमात्र टाढा रहेका प्रहरीलगायतका सुरक्षाकर्मी मुकदर्शक बनेर हेरेपछि वास्तविकता बुझेका कार्यकर्ताहरूमध्ये एउटा समूहले सुरक्षा दिँदै वी.पी. को गाडिलाई प्रहरी चौकीनेर पुऱ्यायो भने बाँकी आक्रमणकारीहरूसँग मुकाविला गर्न थाले । डाँडासम्म नै पुगेर तिनलाई भगाउन सफल भएपछि उत्साहित कार्यकर्ताहरू प्रशासनिक हस्तक्षेपका विरुद्ध नारावाजी गर्दै प्रहरी चौकीनेर जम्मा भए ।

आक्रमणकारीहरूलाई भगाएपछि वी.पी. लाई सुरक्षित पोखरा पुऱ्याउनका लागि अगाडि र पछाडि कार्यकर्ता भरिएका ट्रक र बीचमा वी.पी. को गाडिसहितको विशाल जुलुस लिएर

---

११६१ *पूर्ववत्* ।

११६२ *पूर्ववत्* ।

११६३ (क) तारा कोइरालासँग २०६० पौष २२ गते टेकु, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) गोपालमान श्रेष्ठ, डा. तुलसी भट्टराई र राजेन्द्रनिधि कोइरालासँगका अन्तर्वार्ताहरू ।

११६४ (क) *पूर्ववत्* ।
(ख) *राष्ट्र पुकार,* २०३६ साल असौज ११ गते ।
(ग) *साप्ताहिक मातृभूमि,* २०३६ साल असौज १६ गते ।
(घ) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ७१९ ।
(ङ) राना, टिप्पणी संख्या १७१ (ग), पृ. ५०६ ।

स्याङजा बजार पार गर्ने निश्चय गरियो । जसअनुरूप बढेको समूह स्याङजाको चोकनेर पुग्ना साथ चौरैतिरबाट आइपुगेका आक्रमणकारीहरूद्वारा ढुंगामुढा गर्ने कार्यसँगै भिडतर्फ गोली प्रहार गर्ने र प्रहरीले लाठि चार्ज गर्नेलगायतका कार्य एक साथ गरियो । आक्रमणकारीमध्ये एक थरिले घरभित्रबाट टोटाको प्रयोगबाट गोली चलाउन थाले भने प्रहरीले हवाइ फाएरका बहानामा थ्रिनट थ्रिद्वारा गोली प्रहार गरे ।[११६५] दमनात्मक कार्यबाट उत्तेजना सिर्जना गरेपछि डराएर सारा कार्यकर्ता भाग्दछन् र वी.पी. एक्लो भएपछि कालोमोसो दल्ने जुत्ताको माला लगाउने गरी वेइज्जत गरेपछि प्रशासनले सुरक्षाका बहानामा लगेर छाड्ने योजनाअनुरूप मच्चाइएको उक्त उपद्रव बलिदान हुन तत्पर ने.का. का कार्यकर्ताहरूको जीवन्त साहसका अगाडि पूरा हुन सकेन ।[११६६] प्रहरीद्वारा हानिएको गोली लागेर ने.का. लमजुङ जिल्ला सभापति तारा कोइरालाको दाहिने खुट्टा कामै नलाग्ने भयो, विश्वप्रेम अधिकारीलाई शरीर एवं हातमा गोलीका छर्रा लाग्यो भने लाठि एवं बन्दुकको कुन्दाबाट पिटिएका धिरबहादुर गुरुङ, सूर्य रेग्मी, नारायणप्रसाद आदि पनि सख्त घाइते भए ।[११६७]

समाजमा शान्ति सुव्यवस्था कायम गर्ने जिम्मेवारी बोकेको प्रहरी प्रशासनकै सहयोग एवं अग्रसरतामा ढुंगामुढा, लाठि प्रहारदेखि गोली प्रहारसम्मको जघन्य काण्डद्वारा वी.पी. लाई नै सिध्याउने खालको प्रशासनिक षड्यन्त्र कार्यकर्ताहरूको उच्च मनोबलले गर्दा पूरा हुन पाएन । त्यसपछि घाइतेलगायतलाई ट्रकमा राखेर सबै पोखरा पुगे । सबैभन्दा सख्त घाइते तारा कोइरालालाई उपचारमा पनि षड्यन्त्र गरियो । उनलाई ७ दिनसम्म हतियारबन्द सेनाको घेराबन्दीमा राख्ने, हाड जोर्नीसम्बन्धी डाक्टरलाई काठमाडौँ पठाएर उचित उपचार हुन नदिने र अन्यन्त्र उपचारका लागि जान पनि नदिनेलगायतका कार्य गरियो ।[११६८] फलस्वरूप तारा कोइरालाको दाहिने खुट्टा नै काम नलाग्ने भएर पछि काटनु पऱ्यो ।

उक्त काण्डको भोलिपल्ट काठमाडौँ पुगेपछि वी.पी. ले आफ्नो निवासमा पत्रकारहरूसँग कुराकानी गर्दै प्रतिक्रिया व्यक्त गरे । यसलाई प्रजातान्त्रिक शक्ति र राजतन्त्रका बीच बढ्दो समझदारी विथोल्न रचिएको षड्यन्त्रको संज्ञा दिँदै दुर्भाग्यवस यसमा वर्तमान सरकारको एउटा अंग पनि संलग्न छ[११६९] भन्दै उक्त काण्ड सरकारी षड्यन्त्र भएको स्पष्ट गरे । आफ्नो

---

[११६५] तारा कोइराला, टिप्पणी संख्या २२५ (क) ।

[११६६] गोपलामान श्रेष्ठ, टिप्पणी संख्या १०८ (घ) ।

[११६७] (क) गोपालमान श्रेष्ठ, तारा कोइराला, तुलसी भट्टराई आदिसँगका अन्तर्वार्ताहरू, जसमध्ये तारा कोइरालाले वी.पी. लाई ताकेर गोली हानिएको देख्ना साथ बढेर आफूले थापेको उल्लेख गरेका छन् ।
(ख) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ७२० ।
(ग) अधिकारी (शास्त्री), टिप्पणी संख्या २२ (ग), पृ. ७४७ ।
(घ) राना, टिप्पणी संख्या १७१ (ग), पृ. ५०७ ।
(ङ) विश्वप्रेम अधिकारी, "प्रजातान्त्रिक आन्दोलनमा स्याङजाको भूमिका', *नेपालमा प्रजातान्त्रिक समाजवाद*, दिनवन्धु अर्याल आदि (सं.), काठमाडौँ : खगेन्द्र रेग्मी, २०४५, पृ. ९८ ।

[११६८] तारा कोइराला, टिप्पणी संख्या २२५ (क) ।

[११६९] (क) *राष्ट्र पुकार*, २०३६ साल असौज ११ गते ।
(ख) शाह, टिप्पणी संख्या ५० (घ), पृ. ५६ ।

मिलोमतोमा भएको उक्त काण्डमा गोली लागेर घाइते भई गण्डकी अस्पतालमा भर्ना भएकाहरूको नामावली मिनिबस दुर्घटनाका घाइते भनी टाँसेर प्रहरीले नै वास्तविकतालाई बङ्ग्याउने प्रयास गऱ्यो ।[११७०] तर राजधानीलगायतका स्थानबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूले यसबारे यथार्थ समाचार प्रकाशित गर्ने, सम्पादकीय लेख्नेलगायतका कार्यबाट सरकारको कडा आलोचना गर्न थालेपछि र नेपाल-भारतका विभिन्न ठाउँहरूमा जनसभाद्वारा निन्दा गर्ने लहर चलेपछि चारैतिर सनसनी फैलियो । त्यो स्थितिमा तत्कालीन गण्डकी अंचलाधिशले एक स्पष्टीकरण जारी गर्दै स्याङजामा कालो झण्डा देखाइ विरोध प्रदर्शन गर्ने निर्दलवादी कार्यकर्तालाई आक्रमण गरी उत्तेजित पारेको हुँदा कार्यक्रम राङखोलामा सार्न लगाइएको र कार्यक्रम समाप्त गरी कोइराला पोखरा फर्केपछि त्यहाँ बहुदल-निर्दलवादीबीच हानाहान भएकाले स्थिति शान्त गर्न प्रशासनिक हस्तक्षेप गरिँदा केही व्यक्तिबाट प्रहरीका बन्दुक खोस्ने प्रयास भएपछि हवाइ फाएर गर्न बाध्य भएको उल्लेख गऱ्यो ।[११७१]

आफ्नै अग्रसरतामा घटाइएको घटनालाई ढाकछोप गर्नका लागि बङ्ग्याउने प्रशासनिक प्रयासका जवाफमा वी.पी. ले तुरुन्त एक अपिल जारी गरे । जसमा जनसभालाई सम्बोधन गरी फर्कदा म र मेरो साथमा हिडेको उत्तेजनारहित, शान्त र अनुशासित जनसमूहमा प्रहरीको संरक्षणमा देखिएका केही उपद्रवीहरू र प्रहरीद्वारा आक्रमण एवं गोली प्रहार गरी घाइते पारिएको...[११७२] उल्लेख गरी प्रशासनिक झुठको खण्डन गरे । सरकारकै अग्रसरतामा घटेको उक्त घटनाबारे तिब्र प्रतिक्रिया सुरु भयो । ने.का. बहुदल प्रचार समिति सिद्धार्थनगरले प्रशासनिक अग्रसरतामा घटाइएको उक्त घृणित काण्डबाट मेलमिलाप चाहने प्रजातन्त्रवादीहरूलाई गहिरो चोट पुऱ्याएको उल्लेख गर्दै अशान्ति सिर्जना गर्ने यस्तो सरकारबाट निष्पक्ष जनमत संग्रहको आशा गर्न नसकिने हुँदा पंचायतका सम्पूर्ण अंग निलम्बनसहित सरकार विघटनको माग गऱ्यो ।[११७३] नेपाली राष्ट्रिय कांग्रेसका डिल्लीरमण रेग्मी, प्रजापरिषद्का टंकप्रसाद आचार्य, ने.का. का सूर्यप्रसाद उपाध्याय, ने.वि. संघ केन्द्रीय समिति आदिले यो घटनालाई निन्दनीय कार्यको संज्ञा दिँदै विरोध गरे[११७४] भने ने.का. का कृष्णप्रसाद भट्टराईले वी.पी. माथि लक्षित गरी गोली प्रहार गरिएको जनाउँदै वर्तमान पंचायती प्रशासन यसमा मुछिएको स्पष्ट भएकाले तत्कालीन मन्त्रिपरिषद् विघटनको माग गरे ।[११७५] वी.पी. को ज्यानै लिने प्रयासजस्तो

---

[११७०] *राष्ट्र पुकार,* २०३६ साल असौज २५ गते ।

[११७१] (क) विस्तृतिका लागि स्याङजा काण्डबारे गण्डकी अंचलाधिश कार्यालयद्वारा जारी स्पष्टीकरण, मिति उल्लेख भएको । (ख) शाह, टिप्पणी संख्या ५० (घ), पृ. ५६ ।

[११७२] विस्तृतिका लागि विश्वेश्वरप्रसाद कोइरालाद्वारा "स्याङजा काण्डबारे वी.पी. को अपिल" शीर्षकमा २०३६ साल आश्विन १२ गते जारी गरिएको पर्चा ।

[११७३] *रेफरेण्डम बुलेटिन नं. १,* भुवनराज सुवेदी (सं.), सिद्धार्थनगर : प्र.ने.का. बहुदल प्रचार समिति सिद्धार्थनगर, मिति उल्लेख नभएको, पृ. ४ ।

[११७४] *राष्ट्र पुकार,* २०३६ साल असौज ११ गते ।

[११७५] *साप्ताहिक मातृभूमि,* २०३६ साल असौज १६ गते ।

देखिने उक्त काण्डबारे सर्वत्र निन्दा गर्दै सरकारको कठोर आलोचना गर्ने लहर नै चल्यो । तर पनि सरकारबाट कसैलाई नसिहत दिनेसम्म पनि गरिएको पाइँदैन ।

**जलेश्वर काण्ड**

स्याङजामा गरिएको यो घातक हमलाबाट पनि वी.पी. को प्रतिवद्धतामा कुनै कमि वा परिवर्तन आएन । उनी पूर्ववत् मेलमिलाप नीतिकै मार्गमा अग्रसर रहेपछि यथास्थितिवादी एवं प्रतिक्रियावादीहरू झन छटपटिन थाले । वी.पी. लाई उत्तेजित पारेर कठोर वाणि बोल्न बाध्य पार्ने र जनमत संग्रह भाडने पूर्वाधार तयार गर्ने षड्यन्त्रमा लागेकाहरू स्याङजामा असफल भएपछि पुनः अर्को षड्यन्त्र तयार गरी मंचन गर्नका लागि जलेश्वरमा देखापरे । ने.का. को प्रमुख भातृ संस्था ने.वि. संघको तेस्रो महाधिवेशन २०३६ साल फागुन २९ र ३० गते जनकपुरमा निश्चित भएकाले त्यसको उद्घाटनसँगै त्यस क्षेत्रमा आयोजित जनसभालाई सम्बोधन गर्न वी.पी. लगायतका नेताहरू फागुन २५ गते नै जनकपुर पुग्ने कार्यक्रम बन्यो । तसर्थ जनकपुर क्षेत्रका बहुदलवादीहरूद्वारा २५ गतेकै दिन वी.पी. को जनसभा गर्ने निर्णय गरी सक्रिय भए । रातदिन अहोरात्र खटेर प्रचार प्रसारका लागि गरेको मेहनतअनुरूप त्यसदिन जनकपुरधामस्थिति बाह्र विगाहाको नामले चिनिने शहिद मैदानमा एक लाखभन्दा बढी मानिसहरू उपस्थित भएर वी.पी. को स्वागत गर्दै उनका धारणा सुनेर बहुदल पक्षमा समाहित भएको जानकारी दिए ।[११७६] उक्त दिनको मानवसागर एवं कार्यक्रमको भव्यताबाट आक्रोशित एवं हिंस्रक बन्न पुगेका हेमबहादुर मल्ललगायतका पंचहरूको इशारामा जनकपुर प्रशासनले कार्यक्रमपश्चात घर फर्कदै गरेका वृखेशचन्द्रलाल र उनका सबै परिवारसँगै रामचन्द्र तिवारीलाई गिरफ्तार गऱ्यो ।[११७७] ने.वि. संघको महाधिवेशनका लागि देशभरका युवा विद्यार्थीहरू उपस्थित भएको बेलामा गरिएको उक्त गिरफ्तारीका विरुद्धमा तत्कालै व्यापक विरोध जनाउने काम भएपछि वृखेशका परिवारलाई छाडिदिए तापनि वृखेश र रामचन्द्रलाई भने जलेश्वर चलान गरियो ।

प्रशासनिक दमनको प्रयास चलेकै अवस्थामा फागुन २८ गते जलेश्वरमा आयोजित आमसभालाई सम्बोधन गर्न जनकपुरबाट पुगेका वी.पी. लाई करिब ३० हजार मानिसले भव्य स्वागत गरे । आमसभा सुरु भएर २-३ जनाले बोलिसकेपछि भूतपूर्व मन्त्री भोजराज घिमिरे र महोत्तरीका जिल्ला सभापतिको नेतृत्वमा हातमा बाँसका लट्ठि र कालो झण्डा बोकेका करिब १०० जनाको जमात निस्किइ बहुदलवादी विरुद्ध नारावाजी गर्न थाले ।[११७८] रक्सिले चुर भएर

---

[११७६] (क) वृखेशचन्द्रलाल, स्मृतिनारायण चौधरीसँगका अन्तर्वार्ताहरू ।
(ख) *राष्ट्र पुकार,* २०३६ साल फाल्गुण ३० गते ।
(ग) रामकृष्ण यादवसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[११७७] वृखेशचन्द्रलाल, दामोदर उपाध्याय, लालकिशोर शाहसँगका अन्तर्वार्ताहरू ।

[११७८] (क) *राष्ट्र पुकार,* २०३६ साल फाल्गुण ३० गते र चैत्र ७ गतेका अङ्कहरू ।

मातेको त्यो जमात अगाडि बढेर स्कुलको आडमा लुकि सभातर्फ आक्रमणका नियतले ढुंगामुढा गर्ने गर्न थालेपछि सभामा उपस्थिति जनता अघि सर्दै प्रत्याक्रमण गरेर भगाए । त्यसपछि पुनः शान्त वातावरण भएकाले आमसभा चल्न थाल्यो । सभास्थलको उत्तरपट्टि सशस्त्र प्रहरीसहित बसिरहेका प्र.जि.अ. ललितबहादुर वमले पुनः सभा सुरु भएपछि दक्षिण पूर्वतर्फ बसिरहेका प्रहरी अधिकृतलाई इशारा गरेपछि शान्ति साथ भाषण सुनिरहेका जनतामाथि अचानक अश्रुग्यास छाडिनुका साथै हावामा गोली चलाउने कार्य गरियो ।[११७९] शान्ति सुरक्षा कायम गर्न आएका प्रहरीहरूमध्ये एक थरी तमाशे जस्तो गरेर फोटो खिच्नमा व्यस्त थिए भने अर्का थरी प्र.जी.अ. को इशारामा नाच्दै थिए । त्यो अवस्थामा पुनः आइपुगेका आक्रमणकारीहरूले त्यहाँ प्रयुक्त एक सेट लाउडस्पिकर कब्जा गरी रोकी राखेको एउटा रेक्सामा राखेर आगो लगाइ दिँदा पनि प्रहरीले केही नगरी वी.पी. बसेको मन्चतिर ताकेजस्तो गरी हावामा गोली चलाउने काम गरेका थिए ।[११८०] प्रशासनको अग्रसरतामा यस्तो घिन लाग्दो एवं नग्न नृत्य मंचन गरी आतंक फैलाउने प्रयास गरिएपछि सम्पूर्ण जनता उत्तेजित हुन पुगे । तसर्थ महेन्द्रनारायणनिधिलगायतका कार्यकर्ताहरू उठेर “तागत छ भने हान गोली” किन हावामा हानेर तर्साउने भन्दै छाति खोलेर देखाएपछि प्र.जि.अ. ले कुलेलम ठोके ।[११८१] प्र.जि.अ. हिडना साथ आक्रमणकारीहरू पनि भागेकाले स्थिति पुनः शान्त भयो र आमसभा सुरु भयो । जसमा सम्बोधन गर्दै बी.पी. ले प्रशासनिक उपस्थितिमा घटित उक्त घटना नै पंचायती चरित्र भएको स्पष्ट गर्दै यो व्यवस्था फ्याक्न अनुरोध गर्दा प्रहरीहरूले पनि बन्दुक तानेर सुनिरहे । यसप्रकार विघ्नबाधाका लागि गरिएको प्रयास असफल पार्न सफल भएका कार्यकर्ताहरूले उक्त कार्यक्रम सफल बनाएरै छाडे ।

अन्य काण्ड जस्तै जलेश्वर काण्डले पनि व्यापक प्रतिक्रिया उत्पन्न गऱ्यो । यो घटनालाई पंचायती शासनको नग्न स्वरूपका रूपमा लिएर हरेक क्षेत्रबाट तिब्र निन्दा गरियो । मेलमिलाप नीति लिएर गतिशिल बी.पी. का क्रियाकलापबाट कडा प्रहाररूपी चोट लागेका निहीत स्वार्थी तत्त्वहरूले वी.पी. लाई उत्तेजनामा ल्याएर संघर्षको स्थिति पैदा गर्ने कुचेष्टाका रूपमा यो काण्ड घटाइएको लगायतका निष्कर्ष निकाल्दै तिब्र आलोचना गरियो ।

**भैरहवा काण्ड**

जनमत संग्रहको घोषणासँगै पराजिकताको मानसिकता बोकेका पंच नेताहरू बहुदलवादीहरू विरुद्ध सक्रिय हुँदै गएर घटाइएका दमनात्मक घटनाहरूको चपेटाबाट भैरहवा

---

(ख) ज्ञानीशंकर गिरीसँग २०६० जेठ १४ गते गंगासागर, जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) विमलेन्द्रनिधि, लालकिशोर शाह, महन्थ ठाकुर, राजेश्वर नेपाली, स्मृति नारायण चौधरीसँगका अन्तर्वार्ताहरू ।

११७९ *राष्ट्र पुकार,* २०३६ साल चैत्र ७ गते ।

११८० (क) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ७३१-७३२ ।
(ख) लालकिशोर शाह, शिवधारी यादव, राजेश्वर नेपाली, विमलेन्द्रनिधिसँगका अन्तर्वार्ताहरू ।

११८१ (क) *पूर्ववत्* (ख) ।
(ख) *राष्ट्र पुकार,* २०३६ चैत्र ७ गते ।

पनि बच्न सकेन । मण्डल समूहको राजधानीका रूपमा चिनिने तत्कालीन भैरहवामा युवा पंचका रूपमा सक्रिय विघटित मण्डलका सदस्यहरूबाट गरिएका आक्रमण एवं तोडफोडका घटनाले अन्य ठाउँका घटनाले झैं प्रचार प्रसार पनि पाउन सकेको देखिदैन । तर त्यसबखत बहुदलीय पक्षमा सक्रिय हुने त्यहाँका नेता एवं कार्यकर्ताहरूले भोगेका पिडादायि प्रहारलाई त्यहाँका बुद्धिजीवी-राजनेता आदिले जीप काण्डका रूपमा स्मरण गर्दै आएका छन् ।

जनमत संग्रहको घोषणा अगाडि भूमिगत क्रियाकलापद्वारा ने.का. को अस्तित्व जोगाउँदै आएका प्रजातन्त्रवादीहरू यो घोषणासँगै अत्यन्त उत्साहित भए । तत्कालै उनीहरू सक्रिय हुने निश्चयसँगै एकजुट भएर गतिविधि संचालनतर्फ बढने र पंचहरूसँग तिखो वहस प्रारम्भ गरी आफ्नो मार्ग विस्तारतर्फ लागे । भैरहवामा पार्टीगत गतिविधि चलाउँदै आएका भुवनराज सुवेदीले तत्कालै पहल गरी शालिग्राम पौडेलका घरमा आफ्ना मुख्य साथीहरूको भेला बोलाएर रामकृष्ण ताम्राकारको सभापतित्वमा नगरस्तरीय बहुदल प्रचार समिति गठन गरी उपसभापति, सचिव र कोषाध्यक्षमा क्रमशः भुवनराज सुवेदी, नारायण बराल र शालिग्राम पौडेललाई राखियो ।[११८२] आकस्मिक रूपमा गठन गरिएको उक्त समितिलाई पछि गएर विस्तार गर्दै ४५ सदस्यीय बनाइएको थियो । समिति गठन पछि विधिवत कार्य प्रारम्भ गर्न कार्यालय राख्नका लागि घरको अभाव हुनगयो । किनकी त्यसबखत भैरहवामा कांग्रेसको कार्यालय राख्न घर दिन कसैले हिम्मत गरेनन् । त्यो स्थितिमा उक्त समितिको सचिव नारायण बरालले आफ्नै घरमा कार्यालय राख्नका लागि प्रस्ताव गरेपछि सबैले मन्जुर गरेकाले बरालकै घरमा कार्यालय राखेर विधिवत गतिविधि प्रारम्भ गरियो ।

पंचायतवादी एवं युवा पंचहरूबाट प्रारम्भमा धम्किहरू आए तापनि वास्ता नगरी आफ्नो कार्यमा बढेका बहुदलवादीहरूलाई केही समयपछि सताउने कार्य सुरु भयो । प्रतिकार गर्नुभन्दा सहनु राम्रो भन्ने नीतिमा उनीहरू बढेर जनमत सिर्जना गर्न थालेपछि वातावरण बहुदलमय बन्दै गयो । यसैक्रममा जब जनमत संग्रहको तिथि निर्धारण गरियो त्यसपछि बहुदलवादी विरुद्ध आक्रमणका घटना घटन थाले । खास गरेर जता खान पायो त्यतै लाग्ने खालका हुल्याहा केटाहरूको जमातलाई मादक पदार्थलगायतका वस्तुहरू खानदिएर नारायण बरालको टोलमा हल्ला गर्न- कांग्रेस विरोधी नारावाजी गर्न, बहुदलवादीलाई तथानाम गाली गलौज गर्न, बहुदल प्रचार समितिको साइनवोर्ड एवं कार्यालयमा ढुंगा हान्न लगाउने खालका क्रियाकलाप संचालन गर्न लगाउने कार्य तिव्र पारियो ।[११८३] उत्तेजित पार्ने खालका यस्ता क्रियाकलापद्वारा प्रतिकारमा उतार्ने र प्रशासनिक संरक्षणमा आफूले सांघातिक हमला गर्ने युवा

---

[११८२] भुवनराज सेवेदी, टिप्पणी संख्या ५८ (ङ) ।

[११८३] (क) नारायण बरालसँग २०५८ असार ९ गते शंखमुल, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) हरिप्रसाद पोखेलसँग २०५८ मंसिर १६ गते भानुपथ, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) रामकृष्ण ताम्राकार, भुवनराज सुवेदीसँगका अन्तर्वार्ताहरू ।

पंच नामधारी विघटित मण्डलका सदस्यहरूको षड्यन्त्रलाई राम्रोसँग बुझेका ने.का. का नेताहरूले त्यो मौका नदिनका लागि चुपचाप सहनु नै राम्रो ठाने ।

संयमित रूपले बहुदल प्रचार कार्यमा सक्रिय रहेका ने.का. का कार्यकर्ताहरूले "९०% जनताले बहुदल पक्षलाई मतदान गर्दछन् हामी सबैले केवल ती मतको सुरक्षा मात्र गर्न सक्नु पर्दछ" भन्ने वी.पी. को निर्देशनअनुरूप बढेर नियमित भेटघाट, जनसम्पर्क, आमसभालगायतका कार्यलाई तिब्र पार्दै लगे । भैरहवामा मण्डल समर्थकहरूका ज्यादती बढन थालेपछि जनमानसमा बहुदलीय पक्ष पनि कमजोर छैन भन्ने सन्देश पुऱ्याउन र बहुदल पक्षको मतपत्रको रङ्गसम्बन्धी चिनारी दिनका लागि २०३७ साल वैशाख १२ गते नगरस्तरीय साइकल ऱ्यालीको आयोजना गरियो ।[११८४] करिब ३०० वटा निलो झण्डासहितका साइकलहरू प्रयोग गरिएको उक्त ऱ्याली बजारस्थित बहुदल प्रचार कार्यालयबाट प्रारम्भ भई विमानस्थलसम्म पुगेर फर्किइ बुद्ध चौकसम्म आइ पुग्यो । जहाँ एक्कासि आइपुगेका विनोद थापालगायतका युवा पंचहरूले भुवन सुवेदीको साइकल समातेर फ्याकेपछि लडेका सुवेदीलाई तत्कालै त्यहाँ पुगेका शालिग्राम पौडेलले उठाए ।[११८५] फलस्वरूप उनलाई केही गर्न नसकेको झोक वा रिसमा ती युवा पंचहरूले सम्पूर्ण आक्रोश सुवेदीको साइकलमा पोखी कामै नलाग्ने गरी तोडमरोड गरेर फ्याकिदिए ।

बुद्ध चौकको त्यो घटनापछि ने.का. को साइकल ऱ्याली बजारमा पुगेर समापन गरेपछि सबै खानाखान घरतिर लागे । त्यसको प्रतिउत्तरमा युवा पंचहरूले तुरुन्त पहेंला झण्डा राखेर रिक्सा ऱ्याली निकाली उत्तेजक नारावाजि गर्दै बजार घुमिसकेपछि पक्लिहवातर्फ लागे ।[११८६] त्यही सेरोफेरोमा बहुदलवादीहरूले प्रचार प्रसारका लागि केही दिनदेखि भाडामा लिइएको भारतीय जीप लिएर यादवनाथ आलोक, रामचन्द्र ढकाल, पशुपती र नारायण अधिकारी भैरहवास्थित प्रचार कार्यालयमा आइपुगे । त्यसदिन मर्चवार क्षेत्रमा प्रचार गर्नका लागि निश्चित कार्यक्रमअनुरूप जान भनी उनीहरू त्यहाँ पुगेका थिए । तर साइकल ऱ्यालिपछि सबै जसो खानाखान गएकाले भाडाको जीप खडा राख्नुभन्दा केही क्षण नगरभित्र प्रचार गर्नु राम्रो होला भन्ने कुरा भएपछि उपरोक्त चारैजना युवाहरू "अघिबढ साथी हो निलो झण्डा लिइ हातमा.." भन्ने गीत गाउँदै नगरभित्र प्रचार गर्न थाले ।[११८७] जीपसहितको यो टोली जब योगेन्द्रमान शेरचनको घर पार गरेर पक्लिहवा रोडतर्फ बढन थाल्यो तब एक्कासि आइपुगेका मण्डलका सदस्यहरूले जीप रोकेर चावी खोसी ड्राइभरलाई कुटेर भगाएपछि चारै जनालाई सांघातिक

---

[११८४] भुवनराज सुवेदी र हरिप्रसाद पोखेलसँगका अन्तर्वार्ताहरू ।

[११८५] (क) *पूर्ववत्* ।
(ख) दीर्घराज काफ्लेसँग २०५८ मंसिर २३ गते बुद्ध चौक, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[११८६] डिल्लीरमण शर्मा, रामकृष्ण ताम्राकार, भुवनराज सुवेदी र नारायण बरालसँगका अन्तर्वार्ताहरू ।

[११८७] (क) भुवनराज सुवेदी र नारायण बरालसँगका अन्तर्वार्ताहरू ।
(ख) रामचन्द्र ढकालसँग २०६१ वैशाख ७ गते नयाँ सडक भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

आक्रमणसँगै जीप अपहरण गरेर लगे ।[११८८] उक्त आक्रमणमा सबैभन्दा बढी पिटिने यादवनाथ आलोक र रामचन्द्र ढकालमध्ये ढकाल त बोहोस नै हुन पुगेका थिए ।

प्रचारमा गएका साथीहरू पिटिएको र जीपसमेत अपहरण गरिएको समाचार पाउना साथ घटनास्थलमा पुगेका अन्य साथीहरूले रक्ताम्य हालतमा उठाएर ल्याइ औषधि उपचारलगायतको प्रबन्ध मिलाए । भैरहवामा उक्त घटनाको समाचार फैलिना साथ उत्पन्न भएको सनसनीलाई सहानुभूतिमा बदल्न र बलियो जनमतमा परिणत गर्न पिटिएकाहरूलाई रेक्सामा राखेर प्रचार अभियान प्रारम्भ गरियो ।[११८९] केही क्षणको प्रचारपछि जब सबै प्रचार कार्यालयमा जम्मा भए तब त्यहाँ एक्कासि आइपुगेका युवा पंचहरूको जमातले यी कांग्रेसीहरूलाई पिट-गोद भन्दै पुनः आक्रमण गरी काठका चिरुवा दाउरा, लट्ठि, चेनलगायतका साधनबाट पिटन थाले । त्यो स्थितिमा कतिले त्यहाँका विभिन्न घरमा पसेर ज्यान जोगाए भने तोयनाथ पाण्डे, डिल्लीरमण शर्मा, लोकनाथ पोखेल, घनश्याम उप्रेती, नारायण बराल आदि सख्त घाइते भए ।[११९०] केही क्षण ताण्डव मच्चाएर आक्रमणकारीहरू लौ अब प्रचार गर लगायतका धम्कि दिँदै गएपछि घाइतेहरूलाई पुनः उपचारका लागि भैरहवास्थित भीम अस्पतालमा पुऱ्याइयो । जहाँ पुनः जम्मा हुन पुगेका युवा पंचहरूले यदि बहुदलले जित्यो भने डाँका बन्छ, भैरहवालाई दोस्रो चम्बल बनाइदिन्छु तिमीहरूले डाँका घोषणा गर्नु पर्दछ सक्छौं ? आदि भन्दै धम्क्याउने कामसमेत गरे ।[११९१]

दिनभरी जसो भैरहवामा पटक-पटक यस्तो आक्रमणको घटना दोहोरिदा पनि थाहा नपाएझैं गरेको स्थानीय प्रशासनले त्यसलाई रोक्ने कुनै प्रयास गरेन । त्यसैदिन बिहान भैरहवा बजारमा रहेको रामकृष्ण ताम्राकारको "मलुको ट्रेडर्स" नामक रङ्गको दोकानसमेत लुटेर सेफ लग्ने, तोडफोड गर्नेलगायतको विध्वंश मच्चाइएको थियो ।[११९२] दिनभरी जस्तो आतंकित पार्नेदेखि सांघातिक हमलासम्मको स्थिति सामना गर्नु गरेपछि ने.का. का कार्यकर्ताहरूले त्यसदिन प्रशासनसमक्ष कुरा गर्ने मौका पनि पाएनन् । तसर्थ भोलिपल्ट सबै जुटे र प्रमुख जिल्ला अधिकारीको कार्यालयमा पुगदा तत्कालीन लुम्बिनी अंचलाधिश मनमोहन मिश्रलाई पनि त्यही भेटेपछि पिटाइ खाएको, जीप अपहरण भएको, पसल लुटिएको लगायत सारा वृतान्त बताउँदा अंचलाधिश मिश्रले बहुदलवादीको त जीप मात्र हराएछ युवा पंचहरूले मानिस

---

[११८८] *पूर्ववत्* (ख) ।

[११८९] डिल्लीरमण शर्मा, भुवनराज सुवेदी, रामचन्द्र ढकालसँगका अन्तर्वार्ताहरू ।

[११९०] हरिप्रसाद पोखेल, दीर्घराज काफ्ले, बाबुराम राना, डिल्लीरमण शर्मा, नारायण बराल, भुवनराज सुवेदीसँगका अन्तर्वार्ताहरू ।

[११९१] डिल्लीरमण शर्मा र हरिप्रसाद पोखेलसँगका अन्तर्वार्ताहरू ।

[११९२] (क) *राष्ट्र पुकार,* २०३७ वैशाख १९ गते ।
(ख) रामकृष्ण ताम्राकार, रामचन्द्र ढकाल, भुवनराज सुवेदीसँगका अन्तर्वार्ताहरू ।

अपहरित भएको रिपोर्ट गरेका छन् यस्तो पनि गर्ने ? भन्दै उल्टो धम्काउने काम गरे ।[११९३] तर पनि आफ्ना कुरा राखेर फर्केका बहुदलवादीहरूको उजुरीको कुनै सुनुवाइ भएन । लुटिएको जीप जनमत संग्रहको परिणाम घोषणापछि मात्र वँदेल पोखरीमा छ ल्याउ भनिएपछि मात्र ल्याएर मर्मतसमेत गरी भारतीय मालिकलाई बुझाइएको थियो । यसप्रकार भैरहवामा युवा पंचहरूले सांघातिक आक्रमण गरी बहुदलवादीहरूको मनोवल गिराउने प्रयास गरे तापनि उनीहरूले सफलता भने पाउन सकेनन् ।

**पाँचथर काण्ड**

जनमत संग्रह प्रचार प्रसारको अन्तिम दिन २०३७ वैशाख १६ गते पाँचथर जिल्लाको यासोक पंचायतमा आयोजित बहुदलवादीहरूको आमसभा विथाल्ने प्रयासपश्चात उत्पन्न स्थितिको परिणाम मानिने पाँचथर काण्ड[११९४] अर्को सत्ता पक्षीय दमनको उदाहरण हो । पाँचथर क्षेत्रमा पद्म सुन्दर लावतीद्वारा पंचायत पक्षमा जनमत सिर्जना गर्न दवदवा सिर्जना गरेको समाचार पाएपछि राजधानीलगायतका ठाउँहरूमा अध्ययनरत बहुदलवादी विद्यार्थीहरू त्यसतर्फ जानथाले । यसैक्रममा काठमाडौँमा अध्ययनरत उमेशचन्द्र रिजाल र चिन्तामणि दाहाल ने.का. द्वारा जारी गरिएका पर्चा-पम्प्लेटहरू बोकेर पाँचथर पुगी मेहलवोटे, मौवा, हाङडुङलगायतका पंचायतहरूमा व्यापक रूपले बहुदल पक्षको प्रचार प्रसार गर्न थाले । प्रचार अभियानले गतिलिन थालेपछि २०३७ साल वैशाख १३ गते रानी गाउँ पंचायतमा बहुदलवादीहरूको आमसभा आयोजना गरियो । चिन्तामणि दाहाल र उमेशचन्द्र रिजालको उत्तेजक भाषणबाट सुरु भएको उक्त आमसभामा अपदस्त संसद सदस्य गणेशप्रसाद रिजालले सम्बोधन गर्दागर्दै भूतपूर्व मन्त्री पद्मसुन्दर लावती समर्थक पंचायतवादीहरूद्वारा एक्कासि आक्रमण गरियो । लट्ठि, खुकुरीलगायतका हतियारसहित आएका उक्त समूहको वर्वर आक्रमणबाट चन्द्र दिन फेउदिन गम्भिर घाइते भए भने सुरेन्द्रराज आङदेम्वेलगायत धेरै घाइत भए ।

राजाबाट प्रदत्त अधिकारको उपभोग गर्दै शान्ति पूर्वक आपसभा गर्दा पनि आक्रमण गरिएपछि क्रुद्ध भएका बहुदलवादीहरूले उक्त आक्रमणको जवाफ दिन प्रचार प्रसारको अन्तिम दिन वैशाख १६ गते पद्मसुन्दर लावतीकै गाउँ पंचायतस्थित यासोक बजारमा अन्तिम आमसभा गर्ने निश्चय गरी अनिवार्य उपस्थितिका लागि सूचना जारी गरे । दिपक वास्कोटाबाहेक जिल्लाका सबै बहुदलवादीहरूको उपस्थितिमा प्रारम्भ भएको उक्त आमसभामा नरेन्द्रकुमार प्रधान, गणेशप्रसाद रिजाललगायतले खरोभाषण गरी पंचायती व्यवस्था र त्यसका समर्थकहरूलाई कठोर चुनौती दिए । सभा चल्दाचलदै पद्मसुन्दर लावतीको इशारामा रक्सिले

---

[११९३] भुवनराज सुवेदी, नारायण बराल, हरिप्रसाद पोखेलसँगका अन्तर्वार्ताहरू ।

[११९४] पाँचथर काण्डसम्बन्धी सम्पूर्ण विवरण २०६२ साल आश्विन १९ गते उमेशचन्द्र रिजालबाट प्राप्त लिखित जानकारी, गिरिराज आचार्यको पुस्तक जनमत संग्रह दर्पण पृष्ठ ७४४ मा उल्लेखित विवरण र राष्ट्रिय समाचार पत्र *राष्ट्र पुकारको* २०३७ साल वैशाख २६ गतेको अङ्कमा प्रकाशित समाचारका आधारमा तयार पारिएको हो ।

टन्न मातेको एउटा समूहले लाठि खुकुरीसहित आएर आक्रमण गरी विथोल्न गरेको प्रयासलाई उपस्थित जनसमूहले प्रतिकार गरेर असफल पारी आमसभा सम्पन्न गरे । सभा सकिएको केही क्षणमै पुनः छुरी-खुकुरी आदि बोकेर संगठित रूपले आएका आक्रमणकारीहरूले यासोक बजारमा जम्मा भएका बहुदलवादीहरूमाथि सांघातिक आक्रमण गर्दा एक निर्दोश कृषक नरबहादुर लावतीको मृत्यु भयो । यो घटनासँगै स्थानीय प्रशासनबाट षड्यन्त्रका तानाबाना बुनियो र बहुदलवादीहरूद्वारा हत्या गरिएको आरोपसहित व्यापक धरपकड सुरु भयो । भूतपूर्व मन्त्री नरेन्द्रकुमार प्रधानको यासोकस्थित घरबाट ६ राउण्ड गोलीसहितको एकथान पेस्तोल बरामद भएको जानकारीसहित प्रधानलाई गिरफ्तार गरियो । त्यसपछि नरेन्द्रकुमार प्रधान, प्रमेराज आङदेम्वे, गणेशप्रसाद रिजाल, भूविक्रम नेम्वाङ, नरेन्द्रविक्रम नेम्वाङ, तेजप्रकाश रिमाल, उमेशचन्द्र रिजाल, सुरेन्दप्रराज आङदम्वे, चन्द्रध्वज फेउदिनलगायतका २१ जनालाई ज्यान मुद्दामा फसाएर मुद्दा दायर गरिएपछि सबै जसो बहुदलवादीहरू भूमिगत भए । फलस्वरूप जनमत संग्रहको मतदानका दिन पाँचथरभरी नै बहुदलवादीका प्रतिनिधिसमेत कोही बस्न नसकेपछि मतदानदेखि मतगणनासम्मका हरेक कार्यमा पंचायती प्रशासनले चाहेअनुसारका क्रियाकलाप गर्ने मौका पायो । पछि गएर सबै जसो अभियुक्तहरू अदालतमा हाजिर भएपछि कृष्ण सिटौलाद्वारा उनीहरूका तर्फबाट बहस गरियो । अन्तमा २०३८ सालमा आएर पाँचथर जिल्ला अदालतले प्रमाण नपुगेको भन्दै सबैलाई सफाइ दियो ।

जनमत संग्रहका दौरान सत्ता पक्षबाट गरिएका यस्ता आक्रमणका घटना देशव्यापी रूपमा प्रशस्त घटेका थिए । ने.का. का बहुदल प्रचार कार्यालय तोडफोड गर्ने, कागजपत्र तुल आदि च्यात्नेलगायतका अनेकौं घटनाहरू घटाएर बहुदलवादीहरूको उत्साहमा कमि ल्याउने प्रयास गरिएको थियो । तर पनि मेलमिलापका माध्यमबाट जनमत संकलन गरी प्रजातान्त्रिक पद्धतिको पुनर्स्थापना गर्न अग्रसर ने.का. हतास नभई आफ्नो नीतिमा अडिग रहेर संयमता पूर्वक यस्ता काण्डको सामना गर्दै अगाडि बढेर पंचायतवादीहरूको भ्रम खडा गर्ने षड्यन्त्र असफल पार्न सफल भयो ।

### ५.१० मतदान एवं परिणामको घोषणा

विविध विघ्नबाधा एवं षड्यन्त्रणहरूको सामना गर्दै बहुदलीय प्रचार प्रसारमा बढेको ने.का. ले विरोध दिवशलगायतका दवावमुलक कार्यक्रमहरूद्वारा एकातिर पंचायती नीति-कार्यशैली आदिको अण्डाफोर गर्ने र अर्कातिर छिटोभन्दा छिटो जनमत संग्रह सम्पन्न गराउन दवाव दिने कामलाई तिव्रता दिन थाल्यो । राष्ट्रिय चुनाव आयोगले पनि बहुदल-निर्दल पक्षका नेताहरूसँग सम्पर्क राखेर सुझाव, राय-सल्लाह संकलन गरी मतपत्रको निर्धारण, मत खसाउने तरिका, मतगणना अधिकारीको व्यवस्था, वारेश राख्ने व्यवस्था, मतपेटिका लाहाछापसम्बन्धी कुराको निर्धारणलगायतका कार्य सम्पन्न गर्‍यो । यसप्रकारका तयारीपश्चात २०३७ साल वैशाख

२० गतेका दिन देशव्यापी जनमत संग्रह हुने तिथि निर्धारणसँगै बहुदल पक्षका लागि निलो आकाशे रंग र निर्दल पक्षका लागि पहेलो रंगको चिन्ह प्रदान गरेर जेलमा रहेका राजबन्दीहरूले पनि मतदान गर्न पाउने व्यवस्थाको घोषणा गऱ्यो ।[११९५] तिथि निर्धारणसँगै चुनाव आयोगले एक विज्ञप्तिद्वारा शान्तिपूर्ण रूपमा मतदान गरी सहयोगका लागि जनसमक्ष अनुरोध गर्ने, निलो आकाशे रंग र पहेलो रंग युक्त एउटै मतपत्र छपाउने र २०३७ साल वैशाख १७ गतेपछि जनमत संग्रहका सिलसिलामा कुनै प्रचार प्रसार गर्न नपाउने जानकारी सार्वजनिक गऱ्यो । २०१५ सालको आम निर्वाचनपश्चात देशव्यापी रूपमा एकै दिन सम्पन्न हुने गरी हुन लागेको यस जनमत संग्रहका लागि नेपाल अभिराज्यभरी ५९१३ मतदान केन्द्र र ४००५ मतदान उपकेन्द्रको व्यवस्था गरियो ।[११९६]

तिथि निर्धारणसँगै अन्यौलपूर्ण वातावरण अन्त भएपछि देशव्यापी प्रचार प्रसार कार्यमा झन तिव्रता आयो । पंचायतका सम्पूर्ण निकायहरूको यथावत उपस्थितिले गर्दा उनीहरूलाई आफ्नो मतपत्रको रंगदेखि मतदान कार्यबारे हिमालदेखि तराइसम्म नै एकसाथ सन्देश पुऱ्याउन सजिलो भयो भने बहुदलवादीहरूले आफ्नो छिन्नभिन्न संगठनका आधारमा अभावसँगै पंचायत समर्थकहरूको विघ्नबाधा झेल्दै अगाडि बढनु पऱ्यो । त्यो स्थितिमा पर्चा-पम्प्लेटहरूद्वारा जनतालाई मतदान गर्न अनुरोध गर्नेदेखि आफ्नो रंग एवं मतदान तरिका सिकाउनेसम्मका कार्यलाई तिव्र पारियो । यसक्रममा आगामी वैशाख २० गते नेपालको भाग्य परीक्षा भइरहेकाले आफू भाग्यमानि बन्न निलोआकाशे रंगमा छाप लगाएर देशलाई सदाका लागि दासताबाट मुक्त गराउन, देशका अधिकांश जनतालाई भोट दिने तरिका सिकाउन, राजा पंचहरूका मात्र पेवा होइनन् भन्ने कुरा जनमसक्ष स्पष्ट गर्न, हामीले नीलो आकाशे रंगमा भोट नदिए भावि पिढिले धिक्कार्ने वास्तविकता बुझाउन, प्रजातन्त्र र विनासको रोजाईमा जनतालाई विनासतर्फ जान नदिन[११९७] लगायतका निर्देशनात्मक पर्चाहरू जारी गरियो । चुनाव आयोगले उपलब्ध गराएको मतपत्रको नमूनाअनुसार निलो र पहेलो रंग अंकित मतपत्रको नमूना छपाएर "शान्ति, प्रगती, समृद्धि र विशालतालाई झल्काउने निलो आकासे रंग प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको चिन्ह हो, निलो रंगको कोठाभित्र पर्ने गरी छाप लागउनु आफ्नो मौलिक अधिकारको संरक्षण गर्नु हो, सूर्य-चन्द्रमाले मन पराएको... ईश्वरको रंग निलो हुन्छ...[११९८] आदि उल्लेख गरी निलो रंगमा छाप लगाउने तरिका एवं पट्याएर खसाल्ने तरिका सिकाउने कार्यलाई तिब्र पारियो ।

---

११९५ (क) *राष्ट्र पुकार,* २०३६ साल चैत्र २१ गते ।
(ख) *जनआकांक्षा साप्ताहिक,* २०३६ साल चैत्र २५ गते ।

११९६ देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. ४४० ।

११९७ विस्तृतिका लागि बहुदल प्रचारसमूहद्वारा "जनमत संग्रह वैशाख २० गते हुँदैछ (याद राख्नुहोस्)" शीर्षकमा प्रकाशित पर्चा, मिति उल्लेख नभएको ।

११९८ प्र. नेपाली कांग्रेस ब.द. प्रचार समिति सिद्धार्थनगर (रूपन्देही) द्वारा "राष्ट्रिय जनमत संग्रहमा दिइने मतपत्रको नमूना" शीर्षकमा प्रकाशित पर्चा, मिति उल्लेख नभएको ।

ने.का. को अभियानलाई जनस्तरमा पुऱ्याउने नीतिअनुरूप बहुदल प्रचार कार्यमा सक्रिय भएको ने.वि. संघ पनि तिथि निर्धारणसँगै झन सक्रिय भयो । केन्द्रीय कार्य समितिद्वारा तुरुन्त एक सूचना जारी गरी "स्वतन्त्र-निष्पक्ष-धाँधलीरहित जनमत संग्रह सम्पन्न गर्न र सर्वाधिक मतले बहुदल पक्षलाई विजयी गराउन सबै विद्यार्थीहरू आ-आफ्नो अध्ययन स्थागित गरी गाउँ-गाउँमा जान र जिल्ला समितिहरूले प्रचार प्रसारदेखि स्वयं सेवकलगायतका कार्यका लागि नामावली तयार गरेर केन्द्रमा पठाउन निर्देशन जारिगरियो ।[११९९] त्यसको लगत्तै केन्द्रीय सचिवालयद्वारा देशव्यापी रूपीमा एक परिपत्र जारिगरियो । जसमा आफ्ना सम्पूर्ण सदस्यहरूलाई तेस्रो महाधिवेशनले गरेको निर्णय स्मरण गराउँदै आ-आफ्ना क्षेत्रमा स्वयं सेवकका रूपमा काम गर्न जाने, स्वयं सेवकहरूको नामावली जिल्ला समिति एवं केन्द्रमा पठाउने, हरेक व्यक्तिले कम्तिमा १०० जना मतदाता तयारी गरी मतदान केन्द्रमा लगेर मत खसाल्न लगाउने, मतदान केन्द्रमा उत्पन्न हुन सक्ने शंकाको समाधान गर्ने, शान्ति सुरक्षाको व्यवस्था मिलाउने, मतपत्रको नमुना बोकेर प्रचार गर्दै बहुदलको रंगबारे चिनारी दिनेलगायतका १४ वटा कार्यक्रम एवं पोलिङ ऐजेन्ट र स्वयं सेवकका कार्यसमेत उल्लेख गरी सोहिअनुरूप गर्न निर्देशन दिइएको थियो ।[१२००] केन्द्रीय समितिको निर्देशन प्राप्त हुनासाथ देशभरका इकाइ एवं जिल्ला शाखाहरूको सक्रियता झनै बढयो । विभिन्न क्याम्पसहरूमा अध्ययनरत ने.वि. संघ समर्थक विद्यार्थीहरू एवं यूनियनहरूद्वारा आ-आफ्ना कक्षाहरू स्थगित गरी जनमत संग्रहमा सरिक भएर बहुदल पक्षलाई जिताउन आह्वान गरियो । स्वतन्त्र विद्यार्थी यूनियन कीर्तिपुर बहुमुखी क्याम्पसका सचिवद्वारा जारी एक पत्रमा "पंचायती सरकारको दवावमा परी त्रि.वि. ले आम विद्यार्थीको मत दिन पाउने अधिकारबाट वंचित गर्न खोजेको आरोप लगाउँदै स्व.वि.यू. को आह्वानमा २०३६ साल चैत्र २५ गतेदेखि सबै विद्यार्थीले सम्पूर्ण कक्षा एवं परीक्षा स्थगित गरी आ-आफ्ना क्षेत्रतर्फ जाने निर्णय गरेको हुँदा देशभरका सबै विद्यार्थीलाई पनि यस्तै गर्न अनुरोध गरिएको छ ।[१२०१] नेपालको एकमात्र महिला क्याम्पस पद्मकन्या क्याम्पस यूनियनद्वारा पनि सबै विद्यार्थीलाई २०३७ साल वैशाख १ गतेदेखि एक महिनाको पठनपाठन बन्द गरी शहिदको चाहनाअनुरूप बहुदलीय व्यवस्थालाई विजयी गराउने कार्यमा अग्रसर हुन आग्रह गरिएको पाइन्छ ।[१२०२] यसप्रकार पंचायती व्यवस्थाको स्थापनादेखि नै व्यवस्था विरुद्ध सक्रिय रहँदै आएका विद्यार्थीहरू मतदानका माध्यमले यसलाई समाप्त गर्ने अभियानका लागि पठनपाठनसमेत स्थगित गरेर सरिक भए ।

---

[११९९] ने.वि. संघ केन्द्रीय कार्य समितिका महामन्त्री दिलबहादुर घर्तिद्वारा "ने.वि. संघ केन्द्रीय कार्यालयको अति जरुरी सूचना" शीर्षकमा जारी पर्चा (टाइप गरिएको), मिति उल्लेख नभएको ।

[१२००] विस्तृतिका लागि ने.वि. संघ के.का.स. महामन्त्री दिलबहादुर घर्तिद्वारा हस्ताक्षरित पत्र, (टाइप गरिएको), मिति उल्लेख नभएको ।

[१२०१] विस्तृतिका लागि त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी यूनियन कीर्तिपुर बहुमुखी क्याम्पसका सचिव ज्ञानेन्द्रबहादुर कार्कीद्वारा हस्ताक्षरित पत्र, २०३६/१२/२५ मा जारी यो पत्रमा निर्णय जति टाइप गरिएको छ भने आह्वान हातले लेखेर थपिएको छ ।

[१२०२] विस्तृतिका लागि "रा. जनमत संग्रहको सन्दर्भमा स्वतन्त्र विद्यार्थी यूनियन पद्मकन्या क्याम्पसको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

फलस्वरूप ३० हजारभन्दा बढी विद्यार्थीहरू अन्तिम धक्का दिएर पंचायती व्यवस्थाको दाहसंस्कार गरौं भन्दै गाउँ-गाउँ र घर-घरमा पुगे ।[१२०३]

देशव्यापी रूपमा जनमत संग्रहको तयारीसँगै सम्पूर्ण राजनैतिक वातावरण जागृत भएको अवस्थामा वी.पी. ले एक अपिल प्रकाशित गरी देशका सम्पूर्ण मतदाताहरूसँग मतदानका लागि अनुरोध गरे । ईश्वर एवं संसारलाई साक्षी राखेर हामी ७२ लाख मतदाताहरूले प्रजातन्त्र मानिसको जन्मसिद्ध राजनैतिक व्यवस्था हो भन्ने प्रमाणित गर्ने दायित्व एवं जिम्मेवारी पूरा गर्ने दिन आगामी वैशाख २० गते हो भन्ने उद्‌घोषणासहितको उक्त अपिलमा मतभेद समाधानका लागि स्थायी र गतिशिल उपाए दिने प्रजातन्त्रको पुनर्स्थापनाका लागि बहुदल पक्षलाई विजयी गराउने महायज्ञमा सरिक हुन बुद्धिजीवी, शिक्षक, विद्यार्थीलगायत सम्पूर्णवर्गलाई आह्वान गरिएको पाइन्छ ।[१२०४]

तिथि निर्धारणसँगै श्री ५ को सरकार सूचना विभागद्वारा पनि विभिन्न पत्रपत्रिकामार्फत जनताको मतले मुलुकको भविष्य निर्धारण गर्ने भएकाले उमेर पुगेका सबैले मतदान गरौं, हल्ला-डर-प्रलोभनमा नलागि बुद्धि र विवेकको प्रयोगबाट मतदान गरौं, जनमत कसैले विथोल्न पाउँदैन । निर्धक्क भाग लिउँ, पहेलो रंग सामयिक सुधार गर्दै जाने पंचायती व्यवस्थाको-निलो आकाशे रंग बहुदलीय व्यवस्थाको हो, आफूलाई मन परेको व्यवस्थाको रंगमा छाप लगाई मतपेटिकामा खसालौं भन्ने सन्देश सार्वजनिक गर्दै गयो ।[१२०५] गृह पंचायत मन्त्रालयले वैशाख १३ गतेको सूचनाद्वारा २०३७ साल वैशाख २० गते जनमत संग्रह सम्पन्न हुने दिन अधिराज्यभर सार्वजनिक विदा दिने निर्णय गरिएको जानकारी सार्वजनिक गऱ्यो ।[१२०६]

सम्पूर्ण तयारी पूरा गरी जनमत संग्रहका लागि मतदान गर्ने दिनको प्रतिक्षा गरिरहेको अवस्थामा २०३७ साल वैशाख १७ गते राजाबाट एक सन्देश जारी गरी जनमत संग्रह सम्पन्न गर्न अत्यावश्यक अधिकार प्रदान गर्नुका साथै निर्भयता पूर्वक मतदान गर्न आह्वान गरियो । जसमा ...यदि कसैले जनमत विथोल्ने, शान्ति भंग गर्ने, घात-प्रतिघात-प्रतिशोध र हिंशा गर्न गराउन खोज्दछन् भने त्यस्ता तत्त्वमाथि ऐन कानुनबमोजिम कडा कारवाही गर्न सरकारलाई निर्देशन दिइसकेको जनाउँदै प्रत्येक बालिग नेपालीले कस्तो व्यवस्था अपनाउँदा देशमा शान्ति रही सम्पूर्ण नेपालीको वर्तमान र भविष्य उज्जल हुन सक्दछ भन्ने ध्यान राखेर मतदान गरी

---

[१२०३] *राष्ट्र पुकार,* २०३७ साल वैशाख ५ गते ।

[१२०४] विस्तृतिका लागि वी.पी. कोइरालाद्वारा २०३७ साल वैशाख १ गते काठमाडौंबाट जारी गरिएको अपिल, पर्चा ।

[१२०५] २०३६ साल चैत्र २० गतेदेखि मतदान हुनेभन्दा अघिल्लो दिनसम्म प्रकाशित भएका *गोरखापत्र, राष्ट्र पुकार, सातदिने समीक्षा, मातृभूमि, राजधानी*लगायतका विभिन्न पत्रपत्रिकाका प्रायः हरेक जसो अङ्कमा यो सन्देशयुक्त सूचना प्रकाशित भएको पाइन्छ ।

[१२०६] *गोरखापत्र,* २०३७ साल वैशाख १४ गते ।

जनमत संग्रह सफल पार्न भनिएको थियो ।[१२०७] तत्कालीन सरकारले पनि शान्ति सुव्यवस्था कायम गर्नेलगायतका प्रयासका लागि भनेर मतदान हुने दिन देशभरका सम्पूर्ण यातायात एवं संचारका साधनहरू बन्द गर्नुका साथै प्रहरी र सेनाको समेत व्यापक परिचालन गऱ्यो ।

अन्ततोगत्वा २०३७ साल वैशाख २० गतेका दिन पूर्व निश्चित कार्यक्रमअनुसार बिहान ९ बजेदेखि देशभर नै मतदान प्रारम्भ भयो । बी.पी. कोइरालाले काठमाडौँ वेदवेदाङ्ग विद्याश्रम वनकालीको मतदान केन्द्रमा अढाइ घण्टासम्म लाइनमा बसेर मतदान गरे भने डा. के.आइ. सिंहले ललितपुरको सानेपा मतदान केन्द्रमा सबैलाई देखाउँदै र बहुदल पक्षमा मत लगाउन सङ्केत गर्दै मतदान गरे ।[१२०८] यसै गरी गणेशमान सिंहले काठमाडौँको पकनाजोल मतदान केन्द्रमा र कृष्णप्रसाद भट्टराईले ललितपुरको कुपण्डोलस्थित वागमती किनाराको मतदान केन्द्रमा मतदान गरेका थिए ।[१२०९] बहुदल-निर्दल जेसुकै भए तापनि जनमतद्वारा नभएर राजाको घोषणाबाट नै हुनु पर्दछ भन्ने अभियानअन्तर्गत सक्रिय रहेका डा. तुलसी गिरीले आफ्नो अभियानअनुरूप नै मतदानका दिन बहुदल-निर्दल दुवैमा मत चिन्ह लगाएर मतपत्र रद्ध गर्नुका साथै मतदान केन्द्रमा उपस्थित सबैका सामु त्यसलाई सार्वजनिक गर्ने खालका क्रियाकलाप गरेका थिए ।[१२१०] बढीमा १३० वर्षसम्मका मतदाताले भाग लिएको जनमत संग्रहमा डोटी जिल्लाको पाकरी गा.प. मा जन्ती आएका व्यक्तिहरूले एक घण्टा जन्ती रोकेर मतदान गरेका, संखुवा सभाको खाँदवारीमा आफ्नो लोग्ने मरेका दिन पनि मतदान गरेको, लमजुङमा ४ एवं ७ दिनका सुत्केरीहरूले मतदान गरेका[१२११] र झापाको देवी वस्ती केन्द्रमा बाबु मरेर किरियामा बसेका किरियापुत्रीबाट मतदान गरिएका[१२१२] लगायतका तथ्यहरू प्रकाशमा आएका थिए ।

देशव्यापी रूपमा वैशाख २० गते प्रारम्भ भएको मतदान कार्य धनुषा, महोत्तरी, स्याङजा, बारा, पर्वत र मोरङ जिल्लाका केही बुथहरूमा बहुदल एवं निर्दल पक्षबीच उत्पन्न विवादका कारणले स्थगित गर्नु परेको थियो तापनि अन्य भागहरूमा भने अत्यन्त शान्त वातावरणमा सम्पन्न भयो । जम्मा ७१,५५,४३८ मतदाताहरूमध्ये ४८,१३,४८६ (६६%) मतदाताहरूले मतदान गरेको मतदान कार्य सम्पन्न हुना साथ बी.पी. कोइराला, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला आदि बहुदलवादी नेताहरू र मातृकाप्रसाद कोइराला, नगेन्द्रप्रसाद रिजालजस्ता निर्दल पक्षका नेताहरूले वक्तव्य जारी गर्दै शान्ति पूर्वक मतदान सम्पन्न गरिएकोमा सन्तोष व्यक्त गरे । आफ्नो वक्तव्यमा बी.पी. ले निष्पक्ष एवं

---

[१२०७] (क) श्री ५ को सरकार.., टिप्पणी संख्या १७ (क), पृ. ३२३ ।
(ख) *गोरखा पत्र,* २०३७ साल वैशाख १८ गते ।

[१२०८] आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ६५५-६५६ ।

[१२०९] देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. ४४४-४४५ ।

[१२१०] श्रेष्ठ, टिप्पणी संख्या ४६ (ख), पृ. १३७ ।

[१२११] आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ६५७ ।

[१२१२] *राष्ट्र पुकार,* २०३७ साल जेठ ९ गते ।

शान्तिपूर्ण वातावरणमा मतदान कार्य सम्पन्न भएको जनाउँदै प्रजातन्त्रको स्थापनामा नेपाली जनताले देखाएको विश्वास नै प्रजातन्त्रको उज्वल भविष्य भएको स्पष्ट गरे ।[१२१३]

जनमत संग्रह भए तापनि राष्ट्रिय चुनाव आयोगले परिणाम घोषणा गर्न भने अनावश्यक रूपले ढिलाइ गर्न थाल्यो । जसबाट पार्टीका नेताहरू विभिन्न किसिमका शंका उपशंका गर्न बाध्य भएको अवस्थामा मतदान सम्पन्न भएको १२ दिनपछि अर्थात २०३७ साल जेठ १ गते बिहान राष्ट्रिय चुनाव आयोगका अध्यक्ष भगवतीप्रसाद सिंहले रेडियो नेपालबाट राष्ट्रिय जनमत संग्रहको परिणाम घोषणा गरे । जसअनुसार-

**राष्ट्रिय जनमत संग्रहको परिणाम**[१२१४]

| | |
|---|---|
| जनमत संग्रहका कूल मतदाता | - ७१,५५,४३८ |
| खसेको कूल मत संख्या | - ४८,१३,४८६ (६६.९२%) |
| बदर भएका मतपत्र | - ३,७२,०६९ (७.७३%) |
| सदर भएका मतपत्र | - ४४,४१,४१७ (९२.२७%) |
| सुधारसहितको पंचायत पक्षमा खसेको मत | - २४,३३,४५२ (५४.७९%) |
| बहुदल पक्षमा खसेको मत | - २०,०७,९६५ (४५.२१%) |
| पंचायतले जितेको मत संख्या | - ४,२५,४८७ (९.९८%) |

राष्ट्रिय चुनाव आयोगका अध्यक्षबाट परिणाम घोषणा गरेकै दिन केही समयभित्रै श्री ५ महाराजाधिराजबाट देशवाशिका नाममा एक सन्देश जारी गरियो । वैशाख २० गते सम्पन्न मतदानबाट लोकसम्मति स्पष्ट भएको जनाउँदै यस कार्यमा संलग्न सम्पूर्ण देशवासी एवं चुनाव आयोगलाई धन्यवाद दिइएको उक्त सन्देशमा जनमत संग्रहले स्व. श्री ५ महेन्द्रद्वारा स्थापित निर्दलीय पंचायती व्यवस्थामा सामयिक सुधार गर्दै कायमै राख्ने जनअठोट स्पष्ट पारेकाले नेपाली मात्रको यो पवित्र लोकसम्मतिलाई नेपाली शासन पद्धतिको आधारशिलाका रूपमा लिई कदर गर्ने छौं र पंचायत व्यवस्थामा तत्कालै आवश्यक मूलभूत सुधारको ढाँचा गतवर्ष पौष १ गतेको सन्देशमा उल्लेख गरेअनुरूप सबैको रायसमेत लिई केही समयभित्रै संविधान सुधार गर्नेछौं[१२१५] उल्लेख गरिएको थियो । बहुदल पक्षमा मतदान गर्ने मतदाताहरूलाई सम्बोधन गर्दै उक्त सन्देशमा राजाबाट यस व्यवस्थामा बहुमतको निर्णयको पालना र अल्पमतको कदर गरिनु पनि उत्तिकै आवश्यक हुन्छ ...तसर्थ वितेका दिनका घटनाहरूमा भन्दा नेपालीको उज्वल भविष्यमा बढी ध्यान पुऱ्याउनु हाम्रो कर्तव्य हुन जान्छ भन्दै सबै नेपालीले पुरानो मनोमालिन्यलाई त्यागी एकजुट भएर देशोत्थानको मार्गमा बढ्न आह्वान गरिएको थियो ।[१२१६]

## ५.११ जनमत संग्रहको परिणामप्रतिको प्रतिक्रिया

---

[१२१३] बराल, टिप्पणी संख्या ७० (ख), पृ. १०० ।

[१२१४] बद्रीनारायण गौतम, टिप्पणी संख्या ४, पृ. १४० ।

[१२१५] (क) *गोरखापत्र,* २०३७ साल जेठ २ गते ।
(ख) श्री ५ को सरकार.., टिप्पणी संख्या १७ (क), पृ. ३२४ ।

[१२१६] *पूर्ववत्* ।

परिवर्तनकामी जनताहरूको आशा एवं विश्वास विपरित यथास्थितिवादीहरूले विजय प्राप्त गरेको उक्त परिणामको घोषणासँगै देशव्यापी प्रतिक्रियाका तरंगहरू उठन थाले । जनमत संग्रहका माध्यमबाट व्यवस्थामा परिवर्तन ल्याउने सोच एवं विश्वासअनुरूप बढेको पंचायत विरोधी पक्षको चाहना, धारणा एवं विश्वास विपरित पंचायती व्यवस्थाले बढी जनविश्वास पाएको तथ्य प्रमाणित भएकाले उनीहरूको आशा र अभिलाशामाथि तुषारापात हुन गयो । अर्कातिर पंचायत पक्षले प्राप्त गरेको करिब १०% को भिनो बहुमतलाई हेर्दा भने पंचायतका विरोधीहरू पनि पंचहरूले भन्ने गरेभैँ मुट्ठिभर नरहेको वास्तविकतालाई पनि यो परिणामले स्पष्ट गऱ्यो । पंचायत पक्षले प्राप्त गरेको यो विजयलाई यो समूहका नेताहरूले हार्दिक स्वागत गर्न थाले । तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले पत्रकार सम्मेलनद्वारा "राष्ट्रको इतिहासको यो अद्वितीय घडिले अगाडिका समयहरूमा भन्दा बढी सहिष्णुता, धैर्यता, शान्तिको माग गर्दछ भन्दै सम्पूर्ण नेपालीहरूलाई जनमत संग्रहद्वारा निर्देशित राष्ट्रिय मूल प्रवाहमा सरिक एवं समावेश हुन आग्रह गरे ।[१२१७] त्यसपछि देशव्यापी रूपमा पंचायतवादीहरूद्वारा परिणाम स्वागतका बहानामा अविरजात्रा, दिपावली, जुलुस र आमसभा आयोजना गरी वनभोजका रूपमा पंचायत वा राज्यको कोषबाट डिनरवापत लाखौं रूपैयाँ स्वाहा गरियो ।[१२१८]

जनमत संग्रहको परिणाम घोषणापश्चात पंचायत विरोधी समूहहरूद्वारा व्यक्त प्रतिक्रियाहरूलाई विश्लेषणात्मक रूपले हेर्दा दुई परस्पर विरोधी धारणाहरू प्रकट गरेको पाइन्छ । बिनाशर्त जनमत संग्रहलाई स्वीकार गरी त्यसैका माध्यमबाट प्रजातन्त्र पुनर्स्थापना गर्ने लक्ष्यअनुरूप बढेको ने.का. को प्रतिक्रियामा समेत एकरूपता पाइँदैन । किनकी ने.का. भित्र यो परिणामलाई प्रजातान्त्रिक अभ्यासको परिणाम मानेर स्वीकार गर्नु पर्दछ भन्ने धारणामा वी.पी. एक्लै उभिनु पऱ्यो भने अन्य सबैले पंचायत पक्षबाट व्यापक धाँधली गरिएको आरोप लगाउँदै परिणाम स्वीकार गर्न इन्कार गरेका थिए । यसबाहेक ऋषिकेश शाह, सूर्यप्रसाद उपाध्याय, केशरजंग रायमाझिजस्ता बहुदलवादी राजनेताहरूले पनि असमानताको युद्ध लडेको फलका रूपमा लिई यो परिणामलाई स्वीकार गरे । यो स्थिति र अवस्थामा जनमत संग्रहमा सरिक हुने अन्य बहुदलवादीहरूले पनि उक्त परिणामलाई मान्न अस्वीकार गर्दै प्रतिक्रिया व्यक्त गरे । यो स्थितिको स्पष्ट प्रस्तुतिका लागि तत्कालीन प्रतिक्रियाका आधारमा विश्लेषणात्मक प्रस्तुति अपेक्षित हुनेछ ।

कुनै पनि हालतमा पंचायत पक्षले जनमत संग्रह जित्न सक्दैन भन्ने बलियो विश्वासका आधारमा कर्तव्य पथमा बढेका वी.पी. ले परिणाम जस्तो सुकै भए तापनि यसलाई प्रजातान्त्रिक अभ्यासको अवसर मानेर स्वीकार गरे । उनले पार्टीका अन्य प्रमुख नेता एवं कार्यकर्ताहरूको चाहना एवं आशा विपरित २०३७ साल जेठ १ गते परिणामको घोषणा हुना साथ परिणाम

---

[१२१७] *राइजिङ नेपाल,* २०३७ साल जेठ २ गते ।

[१२१८] आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ७६७ ।

स्वीकार गर्दै आफ्नो प्रतिक्रिया लिखित रूपमा प्रस्तुत गरे । एक प्रबुद्ध प्रजातन्त्रवादी नेताको असिम साहस एवं निष्ठाको ज्वलन्त प्रमाणरूपी अजरअमर दस्तावेज सिद्ध भएको उक्त लिखित प्रतिक्रियामा स्पष्ट रूपले "प्रजातान्त्रिक प्रचलनअनुरूप तथा मैले पहिला भनेर आएको अनुसार अप्रत्याशित तथा व्याख्या गर्न नसकिने भए तापनि म जनमत संग्रहको निर्णयलाई स्वीकार गर्दछु । हाम्रो पक्षले प्राप्त गरेको समर्थन विशाल छ र प्रतिकूल परिस्थितिमा जनताले मतदान गर्नु परेको हुँदा यो समर्थनको असाधारण महत्त्व छ । प्रजातन्त्रको पक्षमा प्रतिवद्ध यी मतहरूको आधारमा हामीले आगामी दिनहरूमा प्रजातान्त्रिक रणनीतिको तर्जुमा गर्नु पर्नेछ । ... जनताका मौलिक अधिकारहरू अभिछेद्य छन् र तिनको अपहरण कुनै बहानामा गर्न पाइन्न । ...प्रजातन्त्रको पुनर्स्थापनाका लागि मेरो प्रयत्न जारिरहनेछ ।[१२१९] उल्लेख गर्दै परिणाम स्वीकार गरे तापनि आफू चुप लागेर नबस्ने स्पष्ट सन्देश दिएका थिए ।

वी.पी. ले प्रजातान्त्रिक सिद्धान्तप्रति प्रतिवद्ध राजनेताका हैसियतले जनमत संग्रहलाई स्वीकार गरी भाग लिएपछि परिणाम स्वीकार गर्न आनाकानी गर्नु अप्रजातान्त्रिक एवं गैर जिम्मेवार चरित्रको प्रदर्शन गर्नु हो भन्ने कुरा राम्रोसँग बुझेर नै उक्त परिणाम स्वीकार गरेका थिए । तर यससँगै विजय प्राप्त गरियो भन्दैमा जनताका मौलिक हकहरू अपहरण गर्न पाइने छैन भन्दै शान्तिपूर्ण मार्गद्वारा प्रजातन्त्र पुनर्स्थापनाको आफ्नो प्रयत्नबाट पछि नहटने चुनौती दिन भने उनी पछि परेनन् । जसबाट परिणाम स्वीकार गरे तापनि पंचायतका आगामी क्रियाकलाप आँखा चिम्लेर समर्थन गर्न उनी तयार नभएको वास्तविकतासमेत प्रस्ट भयो ।

जनमत संग्रहमा बहुदलीय पक्षको पराजय नै भएको हो भन्ने कुरा स्वीकार गर्न नमान्ने ने.का. का गणेशमान सिंह एवं कृष्णप्रसाद भट्टराईले विगतका ११ महिनासम्म प्रशासनिक संयन्त्रदेखि राज्यका सम्पूर्ण साधन स्रोतहरूको प्रशस्त दुरूपयोग गरी व्यापक धाँधलि साथ जनमत संग्रह गरिएको आरोप लगाउँदै परिणाम स्वीकार नगर्ने स्पष्ट गरे । नेता सिंहले स्पष्ट शब्दमा "धाँधलीका विविध पक्षमाथि प्रकाश पार्दै यो परिणाम लोकसम्मति कदापि होइन, २०१७ साल पुष १ गतेको दुर्भाग्यपूर्ण घटनाझैं यो पनि अर्को दुर्भाग्यपूर्ण घटना हो । यो परिणामले केवल राजइच्छामा चलेको पंचायती व्यवस्था अब लोकसम्मतिले चलेको भन्ने देखाउन खोजेको मात्र हो । यस किसिमको धाँधलीपूर्ण जनमत संग्रहलाई लोकसम्मति कहीले पनि मान्दिन..."[१२२०] भन्दै परिणाम अस्वीकार गरेका थिए । त्यस्तै गरी नेता भट्टराईले पनि "दासता र स्वतन्त्रताको छनौटमा जनताले दासता रोज्दछन् भन्ने कुरामा विश्वास गर्दिन, जनमतको निर्णयले नेपाली

---

[१२१९] विस्तृतिका लागि (क) विश्वेश्वरप्रसाद कोइराला, *आजको राष्ट्रिय चिन्तन,* (वक्तव्य, सं.सु. आयोगलाई सुझाव र अन्तर्वार्ताहरूको संकलन), स्थान उल्लेख नभएको : माधवमणिराज भण्डारी, पृ. २५-२६ ।
(ख) *राष्ट्र पुकार,* २०३७ साल जेठ ९ गते ।

[१२२०] विस्तृतिका लागि (क) *पूर्ववत्* (ख) ।
(ख) गणेशमान सिंह, "हाम्रो हार नयाँ थिएन नजीत नयाँ थियो", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५३ चैत्र २६, पृ. ३ ।

जनताको विवेकको ठूलो अपमान भएको छ र इतिहासकारले नेपाली जनताको निर्णयलाई भविष्यमा आश्चर्यले हेर्दै जानेछन् ...[१२२१] भन्दै पार्टीको वास्तविक निर्णय चाडै सार्वजनिक गरिने स्पष्ट गरे । वास्तवमा १८ वर्षदेखि स्वतन्त्रता र स्वाभिमान खोसिएको हुँदा असिम दुःख पाइरहेका नेपाली जनताहरूले अरू केही नपाए पनि आफ्नो मनको वह पोख्ने मौका अवश्य पनि पाउने छन् भनेर मात्र ने.का. ले जनमत संग्रहमा भाग लिएको धारणा राख्ने[१२२२] भट्टराईले पनि जनमत संग्रहमा व्यापक धाँधली भएको दृढता व्यक्त गरेका छन् । जसलाई पुष्टि गर्दै उनले जनसंख्या कम भएका र बहुदलवादीहरूमाथि चर्को दमन गरिएका अत्यन्त विकट जिल्लाहरूमा ९०% सम्म मतदान देखाइएको, रेडियो नेपालबाट प्रशारित धेरै ठाउँको मतदान संख्या एवं प्रतिशत र पछि चुनाव आयोगबाट प्रकाशित संख्या एवं प्रतिशतमा ठूलो अन्तर भएको, कतिपय जिल्लामा बहुदलीय प्रतिनिधि सामु सम्पन्न मत गणना संख्या र पछि प्रकाशित संख्यामा ठूलो अन्तर रहेको...[१२२३] आदि तथ्यहरू प्रस्तुत गरेका छन् ।

बहुदलीय व्यवस्था पुनर्स्थापना गर्ने महत्त्वपूर्ण साधन मानेर जनमत संग्रहमा सहभागि भएका अन्य विभिन्न समूह एवं राजनेताहरूले पनि परिणामलाई स्वीकार एवं अस्वीकार गरेका थिए । स्वीकार गर्ने राजनेताहरूमध्ये टंकप्रसाद आचार्यले जनमत संग्रहमा भाग लिएकाले परिणाम पनि स्वीकार गर्नु पर्दछ भने भने डिल्लीरमण रेग्मीले परिणाम अप्रत्याशित नभएको तर्क दिए ।[१२२४] सूर्यप्रसाद उपाध्यायले चार लाखको फरकलाई पराजय मान्दिन सम्मान गर्दछु भन्दै आगामी संविधानको प्रतिक्षा गर्ने बताए भने गिरिजाप्रसाद कोइरालाले परिणाम आश्चर्यजनक र शंकास्पद देखिन्छ भन्दै निर्णय स्वीकार गरे ।[१२२५] यसै गरी ऋषिकेश शाह, वखानसिंह गुरुङ आदिले पनि यो परिणाम जे जसरी भए पनि स्वीकार गरे ।

यो परिणामलाई अस्वीकार गर्ने अन्य राजनेताहरूमा मनमोहन अधिकारी, कमल कोइराला, भरतमोहन अधिकारी, सहाना प्रधान, निर्मल लामा, विष्णुबहादुर मानन्धर आदि प्रमुख वामपन्थी नेताहरूका साथै ने.का. का बेनीबहादुर कार्की आदि प्रमुख रूपमा आउँदछन् । जसले

---

[१२२१] विस्तृतिका लागि (क) *पूर्ववत्* (क) ।
(ख) शर्मा, टिप्पणी संख्या ८८, पृ. १०७ ।
(ग) डिल्लीराम मिश्र (श्रमजीवी), *नेपालको प्रजातान्त्रिक आन्दोलन (सदभावना, विकास र सफलता)*, काठमाडौं : श्रमिती शर्मिला मिश्र, २०४४, पृ. १७७ ।

[१२२२] कृष्णप्रसाद भट्टराई, “जनमत संग्रह किन निर्णायक होइन ?”, *नेपाल पुकार*, यज्ञबहादुर थापा (सं.), पोखरा : नेपाल विद्यार्थी संघ जिल्ला शाखा कास्की, २०३८, पृ. ११ ।

[१२२३] विस्तृतिका लागि कृष्णप्रसाद भट्टराई, विशेष अन्तर्वार्ता, *पुनर्जागरण (मासिक)*, माथवरसिंह बस्नेत (सं.), काठमाडौं : आयाम प्रकाशन, २०३८ भाद्र, पृ. १२-१३ ।

[१२२४] देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. ४५९-४६१ ।

[१२२५] अधिकारी (शास्त्री), टिप्पणी संख्या २२ (ग), पृ. ५६६-५६७ ।

पूर्वाधार एवं पूर्वशर्त पुरा नगरिँदा पंचायत पक्षबाट व्यापक धाँधली गरिएको आरोप लगाउँदै उक्त परिणाम स्वीकार नगर्ने कुरा स्पष्टसँग उल्लेख गरेका थिए ।[१२२६]

आफ्ना निकटतम सहयात्रीहरू लगायत अधिकांश बहुदलवादी नेता एवं कार्यकर्ताहरूको आशा, चाहना, विश्वास र धारणा विपरित वी.पी. ले जनमत संग्रहको परिणाम स्वीकार गर्नुका पछाडि उनको दुरदर्शि दृष्टकोण एवं प्रजातान्त्रिक संस्कारले काम गरेको थियो भन्ने कुरामा शंका गर्न सकिदैन । उनले म यो परिणामलाई मान्दिन मात्र भनेको भए त्यसबखत नेपाल भिषण गृहयुद्धको चपेटमा पर्ने, वी.पी. लगायत समग्र नेपाली कांग्रेसकै अन्तर्राष्टि छवि धमिलिने र केही वर्षदेखि ने.का. ले अवलम्बन गरेको मेलमिलाप नीति एवं त्यसबाट सिर्जना हुँदै आएको सकारात्मक प्रभाव पनि समाप्त हुने सुनिश्चित थियो । किनकी वी.पी. ले परिणाम अस्वीकार गर्ना साथ संघर्षको आह्वान गर्नु बाहेक अरू विकल्प बाँकी रहदैनथ्यो । जुन भएका खण्डमा परिवर्तनकामी युवा-तरुणवर्गसँगै करिब एक वर्षको खुकुलो वातावरणयुक्त राजनैतिक हलचलमा संलग्न भएका प्रजातन्त्रवादीहरू आदि सबै धाँधलीलगायतका विषयहरू उठाएर सडकमा उत्रन्थे । त्यो स्थितिमा जनमतबाट विजय प्राप्त गरेको पंचायती सरकारले त्यसलाई चुपचाप सहेर बस्ला भन्ने अवस्था नै थिएन । प्रजातन्त्रवादीहरू संघर्षमा उत्रदा साथ तिनलाई सत्ता पक्षले जनमतको निर्णय नमान्ने-अवहेलना गर्ने अराष्ट्रिय तत्त्वलगायतका उपाधिहरू दिएर गर्ने चर्को दमनका अन्तमा गृहयुद्ध सुनिश्चित थियो ।

देशमा राजाद्वारा लादिएको व्यवस्था भनेर उत्पन्न विवाद एवं जनअसन्तुष्टतालाई साम्य पार्न जनमत संग्रह गराएका राजा पनि परिणामपश्चात पुनः विवाद खडा गरी गृहयुद्धको स्थिति सिर्जना गराएमा चुप बस्न सक्दैनथे र उनी पंचायती व्यवस्थाकै पक्ष लिन बाध्य पनि हुन्थे । किनकी जनमत संग्रहको घोषणादेखि समापनसम्मका हरेक कार्यहरू राजाकै अग्रसरता एवं निर्देशनमा सम्पन्न भएकाले राजकार्यमाथिको लाञ्छना मान्नु पर्दथ्यो । अर्कातिर पंचायत पक्षबाट धाँधली नै गरिएको भए पनि वी.पी. एवं ने.का. सँग त्यसलाई प्रमाणित गर्ने ठोस सबुत एवं आधारहरू थिएनन् । ने.का. जस्तो पार्टी र वी.पी. जस्तो नेताले धाँधली भयो भन्ना साथ धाँधली भएको थियो भने त्यसैबखत रोक्ने प्रयास किन गरिएन ? तत्कालै धाँधली भयो भनेर प्रतिक्रिया किन व्यक्त गरिएन ? पंचायतले पाएको बहुमत धाँधली हो भने बहुदल पक्षले ल्याएका २० लाखभन्दा बढी मत पनि धाँधलीका परिणाम होइनन् भन्ने आधारहरू के-के छन् ? आदि-आदि प्रश्न उठनु सुनिश्चित थियो । जसको जवाफ वी.पी. एवं ने.का. सँग थिएन । त्यस्तो भएका खण्डमा विश्व जनमतसमक्ष जनमत संग्रहलाई स्वीकार गरी मतदानसम्म जाने,

---

[१२२६] विस्तृतिका लागि (क) *राष्ट्र पुकार,* २०३७ साल जेठ ९ गते ।
(ख) अधिकारी (शास्त्री), टिप्पणी संख्या २२ (ग), पृ. ५६६-५६७ ।
(ग) देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. ४६४-४६६ ।
(घ) आचार्य, टिप्पणी संख्या ११ (ग), पृ. ७७७-७८७ ।
(ङ) बराल, टिप्पणी संख्या ७० (ख), पृ. १०४-१०५ ।
(च) भरतमोहन अधिकारी र सहाना प्रधानसँगका अन्तर्वार्ताहरू ।

मतदानपश्चात पनि सन्तोषजनक प्रतिक्रिया दिने तर आफू पराजित भएपछि परिणाम अस्वीकार गर्ने अप्रजातान्त्रिक पार्टी एवं नेताका रूपमा परिणत हुनु बाहेक अर्को विकल्प रहँदैनथ्यो । जुन कुरा वी.पी. ले राम्रोसँग महसुस पनि गरेका हुँदा मतदान सम्पन्न हुना साथ नै शान्तिपूर्वक मतदान सम्पन्न भएकोमा सन्तोष व्यक्त गर्दै प्रतिक्रिया जनाएका थिए । यही प्रतिक्रियाका आधारमा पनि वी.पी. परिणाम स्वीकार गर्न सुरुदेखि नै तत्पर थिए भन्न सकिन्छ ।

यसबाहेक जनमत संग्रहका दौरान वी.पी. को नेतृत्वमा संचालित अभियानबाट देशमा उत्पन्न हलचलकै परिणामस्वरूप बहुदल पक्षमा देखापरेको ४५.२१% जनमतलाई भोली सन्तुष्ट गर्न सकिँदैन, यस अवधिमा प्रदत्त कतिपय स्वतन्त्रताहरूलाई चाहेर पनि सजिलै रोक्न सकिदैन भन्ने वास्तविकता बुझेका यथास्थितिवादीहरूद्वारा दमनात्मक नीति अवलम्बनका लागि आधार तयार गर्ने प्रयास हुनेछ भन्ने कुरा पनि वी.पी. ले बुझेका थिए । परिणाम घोषणा हुना साथ आफ्नो निवासमा गरिएको पथराव र पराजयको सम्पूर्ण दोष आफूमाथि थोपर्ने प्रयासअनुरूप गरिएका नारावाजीद्वारा उनले आफूप्रतिको सम्भावित षड्यन्त्रलाई महसुस गरे । यस्ता कार्यको मूल उद्देश्य आफूलाई उत्तेजित पारी कडा अभिव्यक्ति दिन बाध्य पार्ने र त्यसकै आधारमा दमन चक्र चलाउने षड्यन्त्र हो भन्ने बुझेपछि उनले तत्कालै परिणाम स्वीकार गरी एकातिर देशलाई गृहयुद्धको चपेटाबाट बचाए भने अर्कातिर ने.का. को अन्तर्राष्ट्रि छविसँगै राजासँग सुध्रदै गएको सम्बन्धलाई जोगाएर देशभित्रै शान्तिपूर्ण आन्दोलनको विकासका लागि मार्ग प्रशस्त गर्न सफल भए ।

## ५.१२ पंचायत पक्षको विजय र बहुदलीय पक्षको पराजयको वातावरण

मानवीय स्वतन्त्रता एवं मानव अधिकारको पक्षपाति बहुदलीय व्यवस्थाका पक्षमा जनताबाट व्यापक सहभागितासहित मतदान हुनेछ भन्ने असिम विश्वाससहित राजघोषणाद्वारा प्रदत्त “सुधारसहितको पंचायती व्यवस्था वा बहुदलीय व्यवथा” को चयन गर्ने अभियानमा ने.का. बहुदलीय पक्षमा सक्रिय भएको थियो । यस क्रममा करिब २० वर्षदेखिको अनवरत संघर्ष र असंख्य वलिदानको पृष्ठभूमिमा निर्दलीय तानाशाहीका विकल्पमा नेपाली जनताले बहुदलीय प्रजातन्त्र रोज्ने अधिकार पाएका छन्, मतपत्रका माध्यमले व्यवस्थाको शान्तिपूर्ण परिवर्तन गर्ने यस मौका लाई पूर्ण सदुपयोग गर्नु पर्दछ- यो नै हाम्रो हालको राष्ट्रिय दायित्व हो[१२२७] भन्ने उद्घोषणसहित ने.का. बहुदलीय पक्षमा जनमत तयार गर्ने महायज्ञमा समाहित भएको थियो । तर २०३७ साल वैशाख २० गते मतदान सम्पन्न भई जेठ १ गते जुन परिणाम घोषणा गरियो त्यसबाट बहुसंख्य नेपाली मतदाताहरू निरंकुश र दमनकारी मानिएको पंचायती व्यवस्थाकै पक्षमा उभिन तत्पर रहेको प्रमाणित गर्‍यो । परिवर्तनमुखी जनचाहनाको विजय, राजनैतिक स्वतन्त्रता प्राप्तितर्फको अग्रसरता र मानव अधिकारका लागि संघर्षलगायतका

[१२२७] कीर्तिपुर बहुमुखी क्याम्पस, विद्यार्थी यूनियन निर्वाचनका लागि *नेपाल विद्यार्थी संघका उम्मेदवारहरूको चुनाव घोषणापत्र*, २०३६, पृ. ४ ।

विश्वव्यापी अभियान गतिशिल हुँदै आएको समयमा पनि नेपालमा सुधारिएको पंचायत विजय हुनु आश्चर्यजनक विषय बन्न पुग्यो । फलस्वरूप नेपाललगायत प्रजातन्त्रका लागि चासो राख्ने विश्व जगतमा नै यस्तो किन र कसरी भयो ? भन्ने लगायतका विविध प्रतिक्रियाहरू उठ्न थाले । त्यसबखत उठेका यस्ता विविध प्रतिक्रियाका साथै जनमत संग्रहको घोषणादेखि परिणाम घोषणासम्म नेपालको राजनैतिक जगतमा घटेका घटनाक्रम एवं राजनैतिक खेलसँगै बहुदल एवं पंचायतसमूहबाट अवलम्बन गरिएका नीति र राष्ट्रिय-अन्तर्राष्ट्रिय घटनाक्रमहरूको विश्लेषण गर्दा पंचायत पक्षको विजय र बहुदल पक्षको पराजयको वातावरण निर्माणमा भूमिका खेल्ने विविध तत्त्वहरू देखापर्दछन् । जसलाई निम्नतया विवेचना गर्नु अपेक्षित छ ।

अज्ञानता र अशिक्षाको जालोभित्र रूमल्लिएर रहेको तत्कालीन नेपाली समाजमा राजालाई भगवान विष्णुको अवतार मानेर घरका पुजाकोठालगायतका ठाउँमा तस्विर राखेर पुजा गर्ने प्रचलन नै थियो । जनतामा विद्यमान यो भावनालाई राम्रोसँग बुझेका पंचहरूले एकातिर राजालाई पंचायतका नेताका रूपमा स्थापित गर्न आफ्ना हरेक कार्यक्रम राजाको तस्विर राखेर माल्यार्पण गरेपछि मात्र सुरु गर्ने, हरेक प्रचार सामग्रीहरूमा श्री ५ को सर्वोपरि नेतृत्व-श्री ५ कै निर्देशन र अग्रसरतामा संचालित पंचायती व्यवस्थालगायतका शब्दावलीहरू राख्ने, राजचाहना नै पंचायतको नीति हो आदि उल्लेख गर्दै जनस्तरमा पुग्ने गर्न थाले भने अर्कातिर बहुदल भनेको वी.पी. को व्यवस्था हो- जसले जितेमा राजालाई धपाइन्छ जस्ता नाराहरू जनसमक्ष पुऱ्याए । पंचायत पक्षधरहरूबाट जनमत संग्रहका प्रचारका दौरानमा राजालाई पनि पंचायतका नेताका रूपमा मुछेर पंचायत पक्षमा भोट बढाउनका लागि व्यापक कसरत गरियो । अशिक्षित र अचेतन नागरिकहरूको बाहुल्यता रहेका विकट एवं दुर्गमा क्षेत्रहरूमा पंचहरूले राजा एवं वी.पी. को फोटोसँगै राखेका प्रचार सामग्री पुऱ्याएर लौ भन राजा रोच्छौ कि वी.पी. रोज्छौ ? भनी प्रश्न गर्ने र राजा रोज्ने भए वी.पी. लाई हराउ बहुदललाई हराउ भनेर प्रचार गर्नेसम्मका कार्यहरू गरिए ।[१२२८] जसबाट सिधासाधा धर्मभिरु जनता प्रभावित नहुने कुरै भएन ।

जनमत संग्रहको घोषणा गर्दा राजामा विद्यमान सदासयता पछि क्रमशः कमजोर हुन थाल्यो । खास गरेर राजपरिवारका महत्त्वपूर्ण व्यक्तिहरूबाट पंचायत व्यवस्थालाई नै जिताउनका लागि दवाव आउन थालेपछि प्रारम्भमा राजामा देखिएको सदासयता क्रमशः कमजोर हुँदै गयो । जुन कुराको आभास पाउना साथ पंचायतका माथिल्ला नेताहरू झन उत्साहित भएर पंचायतको भावीस्वरूप निर्धारण गर्नेदेखि राजालाई नै पंचायतका नेता सिद्ध गर्नेलगायतका क्रियाकलापतर्फ अग्रसर भए । यस क्रममा उनीहरूले राजालाई समेत बाध्य पारेर पंचायत पक्षलाई फाइदा पुग्ने खालको घोषणा गर्न लगाउने, राजाकै नाम मुछेर पंचायतका पक्षमा भोट माग्ने, राज्यका सम्पूर्ण

[१२२८] बालकृष्ण खाँण, नरहरी आचार्य, व्रतराज आचार्य, अशोक कोइराला, गोविन्द कँडेल, रामकृष्ण ताम्राकार, शुक्रराज शर्मा, डा. शंकर उप्रेती, डा. गंगाधर लम्साल, डण्डपाणि गौतम, गोपालमान श्रेठ र गिरिराज आचार्यसँगका अन्तर्वार्ताहरू ।

साधन स्रोधको व्यापक दुरूपयोग गरेर पंचायतवादीहरू परिचालन गर्ने र पंचायतलाई जिताउने बहानामा भ्रष्टाचार संस्थागत गर्नेदेखि प्राकृतिक सम्पदाको अपचलन गर्नेसम्मका क्रियाकलाप सम्पन्न गरे । पंचायत पक्षका यस्ता क्रियाकलापबारे पूर्ण जानकारी पाएर पनि राजा मुकदर्शकका रूपमा रहेपछि लाटा सोझा जनताहरू पंचका कुरामा विश्वास गरी बहुदलले जित्यो भने राजा रहँदैनन, निराजको मुलुकमा बस्न सकिदैन आदि धारणाअनुरूप बाहिर चुप लागे पनि भित्रभित्रै पंचायत पक्षमा भोट दिने मनस्थितिमा पुगे । परिणामस्वरूप पंचायतका लागि अनुकूल वातावरण निर्माण हुनमा सघाउ पुग्न गयो ।

राजाबाट जनमत संग्रहको घोषणापछि सम्पादित प्रायःजसो क्रियाकलापहरूबाट पनि पंचायत पक्षलाई नै फाइदा पुग्न गयो । जनस्तरमा बदनाम भइसकेको गाउँ फर्कको केन्द्रीय समिति भंग गरे तापनि त्यसको अधिकार राजाले गृह मन्त्रालयलाई दिनु, पंचायती व्यवस्थामाथि नै प्रश्न चिन्ह लगाइसकेपछि निष्पक्ष जनमत संग्रह सम्पन्न गर्नका लागि सबैको विश्वास प्राप्त निष्पक्ष सरकार गठन गर्नुका सट्टा यथास्थितिवादीहरूकै बाहुल्यता रहेको राष्ट्रिय पंचायतबाट सिफारिस गराएर बहुदलवादी राजनेतामाथि मृत्यु घण्टा हल्लाउने अभियानको नेतृत्व गर्दै आएका सूर्यबहादुर थापाको नेतृत्वमा सरकार गठन गरिदिनु, पंचायतवादीहरूकै बाहुल्यता रहेको चुनाव आयोग गठन गरी जनमत संग्रह गराउने जिम्मा दिनु, पंचायतका प्रवल समर्थक मानिने अंचलाधिश एवं प्र.जि.अ. हरूलाई स्थान विशेषको ख्याल गरेर नियुक्ती एवं सरुवा गर्नु, २०३६ साल पौष १ गतेको सन्देशद्वारा एकातिर २०१७ सालदेखि बहुदलवादीहरूमाथि लगाइँदै आएका आरोप समाहित प्रश्नहरू तेर्साउने र अर्कातिर आगामी सुधारका आश्वासनमा पंचायती व्यवस्थामा सुधार गरिने स्पष्टता व्यक्त गर्नुलगायतका कार्यबाट जनतामा पंचायतलाई राज समर्थन भएको सन्देश प्रवाहित गर्न सहयोग पुग्यो । परिणामस्वरूप अधिकांश नेपाली जनतामा पंचायत राजाको व्यवस्थाहो भन्ने विश्वास झन बलियो हुँदै गएर पंचायतका पक्षमा वातावरण निर्माण हुँदै गयो ।

बहुदलवादीहरूलाई पराजित गर्ने वातावरण निर्माणमा खुलेर लागेको थापा सरकारका क्रियाकलाप एवं नीतिहरूले पनि जनमत संग्रहको परिणाम निर्धारणमा ठूलो प्रभाव पारेको थियो । स्वतन्त्र एवं निष्पक्ष जनमत संग्रह सम्पन्न गर्ने जिम्मेवारीसहित गठन गरिएको सरकार प्रमुख सूर्यबहादुर थापा अनेकौं प्रपञ्च, छल एवं जालझेल जानेका कट्टर पंच थिए । जसले सरकार गठन गर्दा नै षड्यन्त्रात्मक योजना निर्माण गरी जोगमेहर श्रेष्ठ, मरिचमान सिंह, हेमबहादुर मल्ल, मदनबहादुर प्रधानलगायतका कट्टर पंचहरू सम्मिलित सरकार बनाएर परिस्थितिको गम्भिरता विश्लेषणसँगै रणनीति तयार गर्न थाले । त्यसपछि युवा मोर्चा, पंचभेला आयोजक समिति आदि विभिन्न संगठन एवं समितिका नामबाट प्रकाशित पर्चा-अपिल आदिद्वारा पंचायतमा गरिनु पर्ने सामयिक सुधारलगायतका विषयहरू उठाउन लगाई भित्रभित्रै गृहकार्यमा जुटेको थापा सरकार पंचायत पक्षमा जनमत सिर्जना गर्ने रणनीति तर्जुमा तर्फ लाग्यो ।

प्रारम्भमा युवाहरूलाई मतदानबाट वंचित गराउन जनमत संग्रह घोषणाका दिन अर्थात २०३६ साल जेठ १० गतेसम्म २१ वर्ष पुगेका व्यक्तिहरूले मात्र मतदान गर्न पाउने व्यवस्था गर्नु, गणेशमान सिंहलगायतका बहुदलवादी नेताहरूमाथि आक्रमण गराउनु, शिक्षक-कर्मचारीलाई निर्दल पक्षबाहेक अन्यत्र प्रचार प्रसार गर्न र आमसभाहरूमा जान निषेध गर्नु, राष्ट्रिय बजेटको करिब १३% पंचायत विकासका लागि छुट्याउनु, पंचहरूको राजिनामाको लहर रोक्न आकर्षक भत्तालगायतको व्यवस्था गर्नु, बहुदल पक्षीय आमसभाहरू भाँडन प्रोत्साहन गर्नु, गाउँ फर्कलगायतका निकायहरूमा काम गरिसकेकाहरूलाई अंचलाधिशजस्ता पदहरूमा नियुक्त गर्नेलगायतका कार्यहरू सम्पन्न गरिए ।[१२२९] पंचायत पक्षलाई फाइदा पुग्ने यस्ता कार्य सम्पादनसँगै क्रिया प्रतिक्रियाको समेत अध्ययन गरेर २०३६ सालको दशैं तिहारसम्ममा पंचहरूलाई संगठित पारी सुधार कार्यक्रमसहित जनस्तरमा पठाउने, पंचायत विरोधीहरूलाई एक आपसमा लडाउने भिडाउनेलगायतका नीति अवलम्बन गर्ने, राजसंस्थाको परम्परागत प्रतिष्ठालाई पंचायतको पक्षमा प्रयोग गर्ने र पंचायतलाई जिताउन राज्यका स्रोत साधन परिचालन गर्ने रणनीति अवलम्बन गर्ने निश्चय गरियो ।[१२३०] पंचायतका पक्षमा स्रोत साधन जुटाउने क्रममा उक्त सरकारले गाँजा खेती गर्न छुट दिनेदेखि चन्दा लिएर आयात इजाजत पत्र दिने, राजश्व छलिदेखि तस्कर व्यापारिलाई सहुलीयत दरमा डलर सुविधा उपलब्ध गराउने, मूल्य वृद्धिदेखि जथाभावी निकाशि-पैठारी लाइसेन्स प्रदान गर्ने,[१२३१] नेपालको सुप्रसिद्ध ऐतिहासिक स्थल चाँगुनारायणको मन्दिरभित्र आठवटा भूमिगत कोठाहरूमा रहेका बहुमूल्य सम्पत्तिहरू सुरक्षाका बहानामा अन्यत्र ओसारी पंचायतका पक्षमा खर्च गरिनु,[१२३२] व्यापारिहरूसँग ५% को दरमा निर्दलीय कोषमा चन्दा लिने गरी इजाजत पत्र जारी गर्नु,[१२३३] हरियो वन नेपालको धन भन्ने परम्परागत उखानका रूपमा रहेको तराईको घनाजंगल निकाशि-सुकुम्बाशि समस्याको निराकरणलगायतका बहानामा व्यापक फडानी गरी रकम संकलन गर्ने र राज्यका प्रशासनिक संयन्त्रहरूलाई भ्रष्टाचारलगायतका कार्यबाट रकम संकलन गर्न लगाउनु[१२३४] लगायतका उपाएहरू अवलम्बन गर्‍यो । यसरी संकलन गरिएको अकुत सम्पत्ति पंचायत पक्षमा जनलहर ल्याउन प्रयोग गर्दा पनि बहुदल पक्षमा उर्लदो जनलहर कायमै रहेपछि सरकार त्यसलाई रोक्न विविध हथकण्डा अपनाउनुका साथै धाँधली गर्ने मनस्थितिमा पुग्यो । त्यसपछि धाँधलीलाई व्यवस्थित तथा योजनावद्ध रूपमा संपादन गर्न मार्कोस र जियाउर रहमानद्वारा सरकारी पक्षलाई

---

[१२२९] *साप्ताहिक मातृभूमि,* २०३६ साल श्रावण १५ गते ।

[१२३०] डा. सूर्यमणि अधिकारी, *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* नइ दिल्ली : निराला पब्लिकेशन्स, २०५५, पृ. २८१ ।

[१२३१] विस्तृतिका लागि देवकोटा, टिप्पणी संख्या १७ (ङ), पृ. १७७-१८३ ।

[१२३२] *जनआकांक्षा साप्ताहिक,* २०३६ साल चैत्र २५ गते ।

[१२३३] *सातदिने समीक्षा,* २०३६ साल चैत्र २९ गते ।

[१२३४] देवेन्द्रराज पाण्डे, श्रीभद्र शर्मा, गिरिराज आचार्य, रामचन्द्र पौडेल, महेश्वरलाल श्रेष्ठ, बालकृष्ण खाँण, देवेन्द्र नेपाली, गोविन्द कँडेल, डा. शंकर उप्रेती, रामचन्द्र अधिकारी, कृष्णलाल सापकोटा, डा. वृखेशचन्द्रलाल, स्मृतिनारायण चौधरीसँगका अन्तर्वार्ताहरू ।

९५% देखि ९८% सम्म मत दिलाउन प्रयोग गरी सफलता प्राप्त गराएका विशेषज्ञहरू फिलिपिन्स र बंगलादेशबाट झिकाइयो ।[१२३५]

राजाबाट स्वतन्त्र एवं निष्पक्ष जनमत संग्रह गराउने दायित्व सुम्पिएको सरकारका प्रधानमन्त्रीलगायत मन्त्रीहरू राजनिर्देशन विपरित सरकारी गाडि एवं हेलिकेप्टर चढेर पंचायत पक्षको प्रचार प्रसारमा खुलेआम संलग्न हुने, पंचायत विरोधीहरूलाई तथानाम गाली गरी पंचायतलाई राजाको व्यवस्था सिद्ध गर्ने प्रयासतर्फ सक्रिय हुनेजस्ता कार्यतर्फ बढे । पंचायती व्यवस्था नै जनमतको कठघरामा उभिएको स्थितिमा सरकारद्वारा गाउँ पंचायतका प्रधानपंचले मासिक रू. ५००/- सम्म पारिश्रमिक र सदस्यहरूले बैठक भत्ता पाउने निर्णय गऱ्यो ।[१२३६] जसबाट पंचायतको पराजय हुनु भनेको पंचहरूले पाउने सुविधा समाप्त हुनु हो भन्ने कुरा बुझेका पंचहरू पंचायतलाई बचाउन सक्रिय भए । अर्कातिर बहुदल पक्षमा सक्रिय हुने निर्णयसँगै बढेका भरतपुर पंचायत र पाल्पा जिल्ला पंचायतलगायतका विभिन्न पंचायती निकायहरूलाई भंग गरेर आफ्ना अनुकूलका मानिस राखि गठन गरेर कट्टर पंचहरूलाई हौसला दिने काम पनि गरियो ।[१२३७] आदिवाशि जनजाति एवं अशिक्षितहरूको बाहुल्यता रहेको तराई क्षेत्रलगायतका विभिन्न समुदायहरूमा प्रशासनिक आडमा डराउने धम्काउने कार्य तिब्र पारियो । खास गरी २०३७ साल वैशाखको दोस्रो हप्तातिर डरधम्कि देखाउने, झुठा मुद्दा मामिलामा फसाउने, मारपिट-हुलदंगालगायतका क्रियाकलाप गराएर प्रमुख बहुदलवादी नेताहरूलाई पक्रेर थुन्ने-वारण्ट जारी गर्नेदेखि कसले कहाँ भोट हाल्यो सबै थाहा पाउने संयन्त्र हरेक मतदान केन्द्रमा फिट गरिसकिएकाले बहुदललाई भोट दिनेहरूलाई पछि पनि छाडिने छैनलगायतका हल्ला पुऱ्याएर जनमानसलाई दवाव दिनेसम्मका कार्यहरू तिब्रतर पारियो ।[१२३८] यस्ता क्रियाकलापहरूलाई व्यवस्थित रूपले कार्यरूप दिन अंचलाधिश, प्र.जि.अ. लगायत प्रहरी प्रशासनले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेपछि बहुदल पक्ष विरोधी वातावरण निर्माणमा सघाउ पुग्न गयो ।

जनमत संग्रहको घोषणासँगै बहुदलवादीहरूका गतिविधिले तिब्रता लिन थालेपछि पंचायत खेमामा खैलाबैला मच्चियो । तसर्थ उनीहरू विभिन्न कोठे बैठकबाट सक्रिय हुँदै बढेर योजना निर्माण गरी राष्ट्रिय पंचभेलाद्वारा जनसमक्ष जाने नीति एवं कार्यक्रम तयार गर्न सफल भए । प्रारम्भमा अनेकता देखिएको पंच समूहलाई दरबारिया समूहले एकताका लागि प्रोत्साहित

---

[१२३५] गणेशमान सिंह, "राजा र हाम्रो बाध्यता एउटै थियो", *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५३ चैत्र १९ गते, पृ. ३ ।

[१२३६] शाह, टिप्पणी संख्या ५० (घ), पृ. ६० ।

[१२३७] मुक्तिलाल चुके, दामोदर उपाध्याय, हरि नेपाल, राजन पंतसँगका अन्तर्वार्ताहरू ।

[१२३८] (क) विमलेन्द्रनिधि, स्मृतिनारायण चौधरी, अजय द्विवेदी, जनार्दन क्षेत्री, शिवधारी यादव, लालकिशोर शाह, डा. वृखेशचन्द्रलाल, रमेश रिजालसँगका अन्तर्वार्ताहरू ।
(ख) रामकृष्ण यादवसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) मंगलचन अग्रवालसँग २०६० वैशाख ३१ गते रंगेलीबजार, मोरङमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

गरी संगठित प्रयासका लागि सचेत गराएपछि सरकारले पनि पंचहरूका सुविधा वृद्धिदेखि सहुलियत प्रदान गर्नेलगायतका कार्य गऱ्यो । त्यो स्थितिमा बहुदलवादीहरूद्वारा पन्चे चोर देश छोडजस्ता नाराहरू लगाइन थालेपछि सबैथरीका पंचहरूले पंचायत नरहेमा आफ्नो भविष्य समाप्त हुने कुरा सुनिश्चित देखे ।[१२३९] यसरी असुरक्षाको स्थिति देखापर्ना साथ सबैखाले पंचहरूमा आफ्नो सुरक्षाका लागि पनि आपसि मनमुटाव समाप्त गरी एकजुट हुनुपर्ने आवश्यकता महसुस गराएकाले सबै एकजुट हुन पुगे ।[१२४०] त्यो अवस्थामा बहुदलीय शासन पद्धतिको यथार्थताबारे राम्रो जानकारी नपाएको नेपाली समाजबाट प्रतिनिधित्व गरी करिब २० वर्षसम्म काम गरिसकेका पंचहरू एकजुट भएर पंचायतको संरक्षणतर्फ सक्रिय हुन थालेपछि केन्द्रदेखि गाउँसम्म नै पंचायतका सन्देशहरू पुग्न थाले । फलस्वरूप बहुदल पक्षको पराजयका लागि वातावरण निर्माण हुन गयो ।

जनमत संग्रहका दौरान बहुदलीय अभियानमा संलग्न राजनैतिक दलहरू बीच एकता कायम हुन नसक्नुबाट पनि बहुदल पक्षका लागि प्रतिकूल स्थिति निर्माणमा सघाउ पुगेको थियो । ने.का. बाहेकका कतिपय दल एवं समूहहरूले कार्यगत एकता, संयुक्त मोर्चा, राष्ट्रिय पार्टीको गठन, वृहद बहुदल जिताउ अभियान आदि प्रस्तावहरू उठाएर गरेको प्रयासलाई ने.का. का नेता वी.पी. कोइरालाले अस्वीकार गरी आ-आफ्ना किसिमले बहुदलीय गतिविधि संचालन गर्न आह्वान गरेका थिए । यसै गरी पंचायतका निकायहरूको निलम्बन र राष्ट्रिय सरकारलगायतका पूर्वाधार पूरा गराउन संघर्षसहितको सहभागिताका लागि सारिएका प्रस्तावहरू मान्न पनि उनी तयार भएनन् । २०१५ सालको निर्वाचनमा प्राप्त सफलतापश्चात गठित ने.का. को सरकारले १९ महिनाको अल्प अवधिमा गर्न थालेका क्रान्तिकारी कार्यबाट आत्तिई वर्खास्त गरिएको हुँदा जनतामा आफूप्रति व्यापक सहानुभूति छ भन्ने कुरामा विश्वस्त हुनु, आफ्नो मेलमिलाप नीतिप्रति राज सदभावका रूपमा जनमत संग्रह घोषणा गरिएको ठान्नु, जनताले बहुदल पक्षलाई नै रोज्ने कुरामा अत्याधिक विश्वास गर्नुलगायतका कारणबाट वी.पी. उक्त प्रस्तावप्रति सकारात्मक भएनन् । उनले ...श्री ५ बाट जेठ १० गतेको घोषणा जनतालाई छल्नका लागि गरिएको होइन भन्दै निष्पक्ष चुनाव गराउने अभिभारा स्वयं श्री ५ मा आइपरेकाले मलाई सानातिना विघ्नबाधाले अत्याउँदैन, तसर्थ पूर्वाधारको चर्चा गर्नु आत्मविश्वासको कमी भएको लक्षण देखाउनु हो[१२४१] भन्दै पूर्वाधारको मागलाई नजरअन्दाज गर्ने नीति लिए । त्यसबाहेक वामपन्थी समूहसँग एकताका लागि बनारसमा गरिएको प्रयास जस्तै सबै असफल हुँदैनन् भन्ने विश्वास उनमा भएन । जेहोस् आफ्नै समूहका भट्टराई, सिंहजस्ता राजनेतालगायत अन्य प्रतिपक्षीय समूहहरूबाट उठाइएका यस्ता प्रयासलाई वी.पी. ले अस्वीकार गर्नाले साझा

[१२३९] डा. सूर्यमणि अधिकारी, *नेपाली कांग्रेसको इतिहास,* काठमाडौं : भुँडि पुराण प्रकाशन, २०५९, पृ. २२९ ।

[१२४०] त्रिरत्न मानन्धर र मेघप्रसाद उपाध्यायसँगका अन्तर्वार्ताहरू ।

[१२४१] *राष्ट्र पुकार,* २०३६ साल जेठ ३१ गते ।

रणनीतिका तहत संयुक्त अभियान संचालन हुन सकेन । परिणामस्वरूप आ-आफ्ना तरिका एवं रणनीतिद्वारा अभियान संचालन गरिनाले सत्ता पक्षले फाइदा उठाउने मौका प्राप्त गरी सारा स्रोत साधनको प्रयोगद्वारा अभियान चलाएर बहुदलवादीहरूलाई असमानताको युद्धमा भाग लिएको महसुस गर्न बाध्य पार्ने स्थिति निर्माण गऱ्यो ।

वी.पी. ले जनमत संग्रहको घोषणालाई राजाद्वारा गरिएको कुनै चलाखि नमानेर राजाको इमान्दारितामा विश्वास गरी बिनाशर्त भाग लिएर बढ्ने निर्णयसँगै आफ्नो पार्टीलाई त्यतैतर्फ बढाएर[१२४२] अभियान संचालन गर्नुका पछाडि निर्विघ्न जनमत संग्रह सम्पन्न होस् भन्ने चाहना नै मूलरूपमा रहेको थियो । किनकी जनमतको घोषणासँगै विष्फोटन भएका कर्मचारी एवं शिक्षक आन्दोलनले राजनैतिक वातावरणमा जुन उत्तेजना सिर्जना गरेको थियो त्यसका आधारमा षड्यन्त्रकारीहरूबाट जालझेल गर्ने खालका क्रियाकलाप सुरु हुन थालेका थिए । त्यो स्थितिमा बहुदलवादीहरू पनि संयुक्त मोर्चा निर्माण गरी पूर्वाधारका लागि आन्दोलनमा उत्रिदा जनमत संग्रह नै विथोलिने हो की भन्ने सोच वी.पी. मा जाग्नु अस्वाभाविक थिएन । तसर्थ उनले यस्ता सबै विवाद पन्छाएर बहुदल पक्षमा जनमत तयार गर्ने कार्यलाई प्राथमिकता दिने नीति अवलम्बन गरेपछि बहुदलवादीको संयुक्त आवाज निर्माण हुन नसक्दा पंचायतवादीहरूले चलखेल एवं षड्यन्त्र गर्न राम्रो मौका प्राप्त गरे ।

जनमत संग्रहलाई अभियानका रूपमा ग्रहण गरी गतिविधि प्रारम्भ गर्ना साथ देखिएको जनलहरबाट ने.का. का नेताहरूमा जागेको अत्यधिक आत्मविश्वासले पनि अनुकूलताका सट्टा प्रतिकूल वातावरण निर्माणमा सघाउ पुऱ्यायो । २०३६ साल जेठ २५ गते राजधानीमा आयोजित ने.का. को प्रथम आमसभामा भएको विशाल उपस्थितिबाट बहुदलको जित निश्चित ठानेका ने.का. का नेताहरूले देशका प्राध्यापक-शिक्षक-विद्यार्थी, चेतनशिल नागरिक एवं बुद्धिजीवी आदिमा पंचायतको नगण्य प्रभाव र जिल्लाव्यापी रूपमा पठाइएका आफ्ना निकायहरूका प्रतिवेदनका आधारमा बहुदलको जित सुनिश्चित ठाने । आफूहरू प्रचार प्रसारका लागि भ्रमणमा निस्कदा देशव्यापी रूपमा हुने विशाल जनउपस्थिति एवं २०१७ सालपश्चातका कठिन क्षणहरूमा खारिदै-हुर्कदै आएको युवापुस्ताका तरुणहरूसँगको सहकार्यले त्यसमा झन बल पुऱ्यायो । २०१७ सालपश्चात प्रजातान्त्रिक आन्दोलनको दिपशिखालाई जोगाउन महत्त्वपूर्ण भूमिका खेल्ने हिमाल-पहाड-तराइका कार्यकर्ताहरूले देखाएको वलिदानपूर्ण समर्पण-उत्साह, परिवर्तन नल्याइ नछाडने कटिवद्धता, जस्तोसुकै परिस्थितिमा पनि हिम्मत नहार्ने र हतोत्साहि नहुने मनोबल देखेर आफ्नो जित निश्चित ठानी अभिव्यक्ति दिन थाले । नेताहरू यसरी पंचायत खेमाबाट आफ्ना विरुद्ध षड्यन्त्र हुन सक्दछ भन्ने कुरालाई ध्यान दिई रणनीति निर्माणका सट्टा जित निश्चित भएको आत्मविश्वासका आधारमा क्रियाशिल हुनाले षड्यन्त्रकारीहरू गतिशिल

---

[१२४२] चटर्जी, टिप्पणी संख्या ६४, पृ. ६-७ ।

हुन थाले । फलस्वरूप सत्ता पक्षबाट जनमत लिने प्रक्रियालाई निष्पक्ष हुन नदिन र धाँधलीका उन्नत एवं वैज्ञानिक उपाएको प्रयोग गर्न प्रशासनिक निकायहरूलाई व्यापक परिचालनलगायतका कार्य गरियो ।[१२४३] जसलाई रोक्ने संयन्त्र आत्मविश्वासले मात्र तयार गर्न नसकिने हुँदा बहुदलवादीहरूले असफलताको सामना गर्नु पऱ्यो ।

नेपालका वामपन्थी समूहरू बीच विद्यमान एकताको अभाव, शंकालु प्रवृत्ति, डाहा गर्ने स्वभाव आदिका कारण उनीहरू अन्यौलपूर्ण नीतिअनुरूप बढ्नाले पंचायत पक्षलाई नै फाइदा पुग्न गयो । नेपालको तत्कालीन वाम आन्दोलनमा खासै जनाधार नभएका तर इतिहास भने भएका स-साना वामपन्थी समूहहरू पूर्वाधारको माग गर्दै बहुदल पक्षमा लागे तापनि जनाधार भएका वामसमूहले ढुलमुलपूर्ण नीति अवलम्बन गरे । प्रभावकारी जनाधारयुक्त समूह मानिने तत्कालीन नेकपा (माले) ले प्रारम्भमा जनमत संग्रहलाई षड्यन्त्रपूर्ण नाटक भन्दै बहिस्कार र भण्डाफोरको नीति अपनायो भने पछि गएर बहुदल पक्षीय जनवादी शक्तिद्वारा सारिएका पाँच पूर्वशर्तलाई समर्थन गर्ने नीति लिए तापनि अन्तमा बहिस्कारकै नीतिलाई जारी राख्ने निर्णय गऱ्यो ।[१२४४] यसै गरी मोहनविक्रम सिंह र निर्मल लामाले नेतृत्व गरेको वामपन्थी समूह नेकपा ( चौम) ले पनि प्रारम्भमा धोका र षड्यन्त्रको संज्ञा दिएर बहिस्कारको नारा दियो भने बीचमा पूर्वशर्तलगायतका कुरा उठाउँदै र पुनः बहिस्कार भन्दै अन्तमा बिनाशर्त भाग लिने निर्णय गऱ्यो ।[१२४५] पार्टीका यस्ता निर्णयलाई कार्यान्वयन गर्ने क्रममा कार्यकर्ताहरू उत्तेजित रूपले अगाडि बढेर बहुदलवादी नेताहरूलाई कुटपिट गर्नेदेखि आमसभाहरू भाडनेसम्मका गतिविधितर्फ लागे । जसको पुष्टिका लागि हेटौंडामा गणेशमान सिंहमाथि, चितवनमा मनमोहन अधिकारीमाथि आक्रमण गर्ने जमातमा मालेका कार्यकर्ताको संलग्नता र रिडिमा काशिनाथ गौतम, गोर्खामा कृष्णप्रसाद भट्टराई एवं केशरजंग रायमाझिमाथि हातपात गर्नेमा चौमका कार्यकर्ताहरूको संलग्नतालाई लिन सकिन्छ । यी दुईओटा वामपन्थी समूहले पार्टीगत रूपमा जे जस्ता निर्णयहरू गरे तापनि व्यवहारमा निलो र पहेलो एउटै हो भन्ने र पंचायत पक्षमा भोट हाल्ने गरेको कुरा विभिन्न राजनीतिज्ञहरूले नै स्वीकार गरेका छन् ।[१२४६] वामपन्थीहरूबाट गरिएका यसप्रकारका कार्यबाट पंचायत पक्षलाई नै फाइदा पुगेपछि बहुदलवादीहरू पराजित हुने वातावरण निर्माण नहुने कुरै भएन ।

---

[१२४३] सिंह, टिप्पणी संख्या २९७, पृ. ३ ।

[१२४४] (क) विस्तृतिका लागि डा. सुरेन्द्र के.सी. , *नेपालमा कम्यूनिष्ट आन्दोलनको इतिहास,* भाग २, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०, पृ. २२५-२२९ ।
(ख) भरतमोहन अधिकारी र सहाना प्रधानसँगका अन्तर्वार्ताहरू ।

[१२४५] भीम रावल, *नेपालमा साम्यवादी आन्दोलन उदभव र विकास,* (दोस्रो संस्करण), काठमाडौं : पैरवी प्रकाशन, २०४७, पृ. १२७-१२८ ।

[१२४६] जितबहादुर पुरी, गिरिराज आचार्य, आमोदप्रसाद उपाध्याय, महेश्वरलाल श्रेष्ठ, कृष्णलाल सापकोटा, रामकृष्ण ताम्रकार, गोपालप्रसाद शर्मा, गोविन्द कँडेल, अशोक कोइराला, शुक्रराज शर्मा, बाबुराम रानासँगका अन्तर्वार्ताहरू ।

ने.का. को सुदृढ संगठनको अभावले गर्दा पनि बहुदलीय पक्षले पराजयको सामना गर्नु परेको तथ्यलाई पनि नजरअन्दाज गर्न सकिदैन । किनकी २०१७ सालको शाही कदमसँगै त्यसका विरुद्धमा ने.का. ले संचालन गरेको प्रतिरोध आन्दोलनका कारणले गर्दा यसका कार्यकर्ताहरू अराष्ट्रिय तत्त्वको उपाधि भिरेर निर्मम शाही दमनको चपेटामा पर्नु परेको थियो । सेना, प्रहरी-प्रशासन र पंचहरूको मात्र नभएर उनीहरूकै संरक्षणमा जस्तो देखिने गरी उग्र कम्यूनिष्टहरूको तिब्र प्रहारको पनि सामना गर्नु परेको थियो । यस्तो स्थितिमा कतिपय महत्त्वपूर्ण कार्यकर्ताहरू सत्ता पक्षको लोभ एवं प्रलोभनमा परेर पंचायत प्रवेश गरी खाँटी पंच बनिसकेका थिए भने कतिपय १९ वर्षको लामो अवधिसम्म भएका यस्ता निरन्तर दमन एवं प्रहारबाट अस्तव्यस्त भएको संगठनका कार्यकर्ताका रूपमा छरिएका थिए । त्यो स्थितिमा भएको जनमत संग्रहको घोषणालाई स्वीकार गरेपछि करिब एक वर्षको छोटो अवधिमा संगठन सुदृढ गर्नु सम्भव नै थिएन । जुनकुरा हामीले बहुदल पक्षको संगठन राम्ररी गर्न पाएका थिएनौं, खास गरी डरको कारणले गर्दा पनि हाम्रा धेरै कार्यकर्ताहरू सहर बजारमा केन्द्रित भएका थिए, जनता पनि डराउँथे, स्रोत साधनको पनि कमी थियो, १९ वर्षदेखि गोप्य रूपमा काम गरिरहेका कार्यकर्ताहरू हठात सर्वसाधारण जनताका बीचमा गएर काम गर्नु पर्‍यो, नयाँ कार्यकर्ताहरूमा चुनावका लागि आवश्यक हुने तरिकाको पनि अनुभव थिएन...[१२४७] भन्ने वी.पी. को स्पष्ट स्वीकारोक्तिले नै पुष्टि गर्दछ । समग्रमा त्यसबखत ने.का. सँग कतिपय जिल्लाहरूमा जिल्ला समितिसमेत नभएको संगठनात्मक स्थितिको माध्यमबाट चलाइएको प्रचार अभियान विकट एवं दुर्गम क्षेत्रका गाउँसम्म पुग्न सकेन भने १९ वर्षको शासनकालमा पंचायतले बनाएको केन्द्रदेखिगाउँ-वडासम्मको सशक्त संगठनको मुकाबिला गर्न सक्ने कुरै भएन ।

यसबाहेक जनमत संग्रहको तिथि तोकिनु अगाडि भारतमा भएको सत्ता परिवर्तनबाट शक्तिमा पुगेकी इन्दिराले अवलम्बन गरेको नीतिबाट पंचायत पक्षलाई फाइदा पुग्नु,[१२४८] राजाबाट जनमत संग्रहको घोषणामा नै सुधारिएको पंचायती व्यवस्था भनी पंचायतको असल छवि देखाउन प्रयास गर्नु तर संसदीय व्यवस्था नभनेर बहुदलीय व्यवस्था भनी जनतालाई अलमल्याइनु[१२४९] तत्कालीन प्रधानमन्त्री थापाद्वारा अनैतिक भूमिका निर्वाह गरी मतपत्रमा नै धोखाधडि गर्ने जस्ता कार्य गरिनु,[१२५०] देशका ७२ लाख मतदातामध्ये लगभग एक तिहाइले मतदान नगर्नु र बहुदलवादीहरूले ग्रामिण एवं दुर्गम क्षेत्रका मतदातालाई स्पर्श वा प्रभावित गर्न

[१२४७] कोइराला, टिप्पणी संख्या ७६, पृ. २८-२९ ।
[१२४८] सिंह, टिप्पणी संख्या २९७, पृ. ३ ।
[१२४९] शाह, टिप्पणी संख्या ५१, पृ. १४३ ।
[१२५०] प्रा.डा. दुर्गाप्रसाद भण्डारीसँग २०५० आश्विन १२ गते लिएको लिखित अन्तर्वार्ता ।

नसक्नु[१२५१] आदि विभिन्न कारणहरूले पनि बहुदलवादीहरूको विजय पथमा प्रतिकूल परिस्थिति निर्माण गरे ।

यसप्रकार बहुदल पक्षको पराजयपश्चात ने.का. ले जनमत संग्रहका क्रममा लिएको उद्देश्य समाप्त हुन गई प्रजातान्त्रिक मूल्य र मान्यताका लागि अझै पनि क्रान्तिको मार्ग अवलम्बन गर्नु पर्ने सुनिश्चित देखियो । तर यो अभियानबाट नेपालको प्रजातान्त्रिक आन्दोलनमा ल्याएका परिवर्तन एवं उपलब्धिबाट भावी बाटो सुगम हुँदै जाने सन्देश छरेको कुरालाई भने नकार्न सकिदैन ।

[१२५१] नहरी आचार्य, व्रतराज आचार्य र शुक्रराज शर्मासँगका अन्तर्वार्ताहरू ।

# अध्याय – छ

## जनमत संग्रह समापन पछिको नेपाल

### ६.१ संविधान सुधार सुझाव आयोगको गठन र प्रतिक्रिया

जनमत संग्रहको परिणामले पंचायत पक्षलाई बहुमत प्रदान गरे तापनि नेपालको राजनीतिमा यथास्थिति कायम राख्न नसकिने तथ्यलाई प्रमाणित पनि गरिदियो । किनकी यसबाट देशमा बहुदलीय व्यवस्थाको माग गर्ने जनताहरू पनि पंचायतवादीहरूका हाराहारीमा छन् भन्ने कुरा प्रमाणित भएकाले जनमत संग्रहका दौरान करिब एक वर्षको खुकुलो वातावरणमा क्रियाशिल भएका जनताले अनुभव एवं उपभोग गरेका स्वतन्त्रताहरू अपहरणको प्रयासमात्र गरेमा ठूलो जनविद्रोह हुने सुनिश्चित थियो । यसबाहेक राजाबाट गरिएको जनमत संग्रहको घोषणामा नै यथास्थिति कायम राख्ने कुराको उल्लेख पनि थिएन । त्यो स्थिति एवं वातावरणको सेरोफेरोमा जनमत संग्रहको परिणाम घोषणा हुनासाथ अब सुधारिएको पंचायती व्यवस्थाको स्वरूप कस्तो हुन्छ ? लगायतका कौतुहल एवं विवादहरू प्रारम्भ भए । जसमा सबैजसो क्षेत्रबाट जनमत संग्रहका बेला बहुदल एवं पंचायत पक्षमा विभाजित दुवै समूहहरूलाई एकजुट गराएर राष्ट्र निर्माण कार्यमा सरिक गराउन सक्ने खालको व्यवस्था तर्जुमा गर्नु आवश्यक छ भन्ने खालका धारणाहरू सार्वजनिक हुनथाले । देशभित्र उत्पन्न नवीन जागरणको यस्तो स्थितिमा जनमत संग्रहमा बहुमत प्राप्त गरेको सुधारिएको पंचायती व्यवस्थाको भाविस्वरूप निर्धारण गर्न प्रचलित संविधानमा सुधार आवश्यक थियो । तसर्थ राजाबाट प्रचलित संविधानमा तेस्रो संशोधन गर्नका लागि आयोग गठन गरियो ।

नेपालको संवैधानिक विकासको इतिहास नियाल्दा बालिग मताधिकारका आधारमा निर्वाचित संविधान सभाद्वारा संविधान निर्माण एवं संशोधन प्रकृयाले मान्यता पाएको देखिदैन । २००७ सालको क्रान्तिपश्चात तत्कालीन राजा त्रिभुवनले फाल्गुण ७ गतेको घोषणामा “हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेका एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार होस् भन्ने हाम्रो इच्छा र निर्णय भएको” भन्ने उद्घोषणसहित संविधान सभाद्वारा संविधान निर्माण गर्ने परिपाटी बसाल्ने प्रतिबद्धता व्यक्त गरिएको थियो । तर विभिन्न कारणले गर्दा त्यस्तो हुन नसकेपछि संविधान निर्माण एवं सुधारका लागि राजाबाट नै आयोग गठन गर्ने र त्यसले कार्यसम्पादनसँगै प्रस्तुत गरेका सुझावका आधारमा राजाबाट संविधानको घोषणा गर्ने परम्पराले नै निरन्तरता पायो । यही परम्पराअनुसार जनमत संग्रहपश्चातको राजनैतिक व्यवस्था निर्धारणका लागि आवश्यक संवैधानिक सुधार प्रक्रिया निर्माण गर्न राजाबाट २०३७ साल जेठ ८ गते तत्कालीन कायम मुकायम प्रधानन्यायाधीश

वासुदेव शर्माको अध्यक्षतामा ११ सदस्यीय संविधान सुधार सुझाव आयोगको गठन गरियो ।[१२५२] पंचायती व्यवस्थामा तत्कालै आवश्यक देखिएको मूलभूत सुधारको स्वरूप सम्बन्धमा २०३६ साल पुष १ गतेको शाही सन्देशमा उल्लेखित कुराहरूलाई समावेश गर्दै सबै पक्षको रायसमेत लिई संविधानमा आवश्यक उपयुक्त सुधारसहितको सुझाव पेश गर्ने[१२५३] दायित्वसहित गठन गरिएको उक्त आयोगका अन्य सदस्यहरूमा जगदिश झा, रणधिर शुब्बा, हिरालाल विश्वकर्मा, श्रीमती कमल राणा, अच्युतराज रेग्मी, सुरेन्द्रबहादुर श्रेष्ठ, कमल थापा, नरेन्द्र चौधरी, महमद इकवाल इराकी र सदस्य सचिवमा ध्रुववरसिंह थापा रहेका थिए ।[१२५४] २०३७ साल जेठ १ गते जनमत संग्रहको परिणाम घोषणा गर्दा संवैधानिक सुधारका लागि राजाबाट व्यक्त प्रतिबद्धतालाई कार्यरूप दिन गठित उक्त आयोगलाई देशवाशिहरूको वृहद हित र कल्याणलाई ध्यानमा राखि सबै पक्षसँग आवश्यक सम्पर्क एवं परामर्श गरी सुझाव प्रस्तुत गर्ने जिम्मेवारी सुम्पिएको थियो ।

आयोगको गठनसँगै देशव्यापी प्रतिक्रियाका आवाजहरू उठन थाले । सबैजसो पंचायत विरोधी समूह एवं तिनका नेताहरूद्वारा यो आयोगको एकपक्षीय स्वरूप रहेको जनाउँदै अल्पमतको कदर गरिने राजघोषणा भित्र निहित भावना विपरित भएको आरोप लगाइयो । ने.का. का नेता वी.पी. कोइरालाले आयोगको गठन उत्साहप्रद नभएको स्पष्ट गरे[१२५५] भने वामपन्थी नेता मनमोहन अधिकारीले आयोगमा वदनाम मण्डले गाउँफर्ककै बोलवाला भएकाले संशोधित संविधानबाट कुनै आशा गर्न नसकिने जनाउँदै संघर्षको विकल्प नरहेको स्पष्ट गरे ।[१२५६] पंचायती संविधानका जन्मदाता मध्यकै एक मानिने ऋषिकेश शाहले उक्त आयोगबाट समस्या समाधान नहुने स्पष्टतासहित प्रतिक्रिया जनाए । जनमत संग्रहको परिणामबाट देशमा विद्यमान समस्या समाधान हुन नसकेको ठान्ने शाहले राजाबाट बहुदल निर्दल दुवै पक्षका नेताहरूलाई राखेर एक गोलमेच सम्मेलन आयोजना गरी मुलुकको दिशा निर्धारण गर्नुपर्ने तर्क राखे ।[१२५७]

यस आयोगको गठनपश्चात राजधानीाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूले पनि आ-आफ्ना शैलीमा प्रतिक्रिया व्यक्त गरे । जनमत संग्रहका दौरान बहुदलीय पक्षमा जनलहर ल्याउन सक्रिय पत्रपत्रिकाहरूले आयोगको गठन एवं त्यसको स्वरूपबाट अल्पमत पक्षको कदर हुने संभावना न्यून देखिएको धारणा सार्वजनिक गरे भने पंचायत पक्षका पत्रपत्रिकाहरूले

---

[१२५२] *गोरखापत्र,* २०३७ साल जेठ ९ गते ।

[१२५३] राजेश गौतम, *नेपालको संवैधानिक इतिहास र राजनीति,* काठमाडौं : रत्नपुस्तक भण्डार, २०५४, पृ. १७२ ।

[१२५४] ग्रिष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण (जनमत संग्रह र त्यसपछि),* काठमाडौं : उमेशबहादुर देवकोटा, २०३९, पृ. ६४५ ।

[१२५५] *राष्ट्रपुकार,* २०३७ साल जेठ ९ गते ।

[१२५६] देवकोटा, टिप्पणी संख्या ३, पृ. ६४६ ।

[१२५७] (क) *राष्ट्रपुकार,* २०३७ साल जेठ १६ गते ।

(ख) ऋषिकेश शाह, *पोलिटिक्स इन नेपाल १९८०-१९९१ : रेफरेण्डम, स्टेलमेट एण्ड ट्रायम्फ अफ पिपुल पावर,* न्यू दिल्ली : मनोहर पब्लिसर्स (तेस्रो संस्करण), १९९२, पृ. ९१ ।

राजाको प्रशंसा गर्दै देश संविधान सुधारको ढोकामा उभिएको स्पष्ट गरे । आलोचना गर्ने एक साप्ताहिक पत्रिकाले त "राजाबाट गठित उक्त आयोगमा सबैजसो सदस्यहरू निर्दलीय पंचायती व्यवस्थाका प्रवक्ताहरू नै भएकाले यो प्रजातन्त्रवादीहरूका लागि ठूलो पराजय हो"[१२५८] भन्दै आयोगले बहुदलवादीका भावनाको प्रतिनिधित्व नगर्ने ठोकुवा गऱ्यो ।

देशभित्र यसप्रकारका प्रतिक्रियासँगै प्रारम्भ भएको वातावरणमा उक्त आयोगले काठमाडौँस्थित राष्ट्रिय सभागृहमा आफ्नो कार्यालय राखेर समाजका विभिन्न क्षेत्रहरूबाट सुझाव संकलनतर्फ सक्रिय भयो । सर्वप्रथम २०३७ साल जेठ २२ गते समाजका सबै वर्गसँग सुझावको अपेक्षा गर्दै विज्ञप्ति प्रकाशित गरेपछि प्रमुख बहुदलवादी नेताहरूसँग सुझावका लागि अनुरोध गर्दै पत्राचारसमेत गऱ्यो । जसमा जनमत संग्रहको परिणाम घोषणापछि सुधारिएको निर्दलीय पंचायती व्यवस्था नै देशको भावी राजनैतिक स्वरूप हो भन्ने कुरा स्पष्ट रूपले निश्चित भइसकेको हुनाले श्री ५ बाट २०३६ साल पौष १ गते र २०३७ साल जेठ १ गते व्यक्त सन्देशका आधारमा संविधानमा के कस्ता सुधार गर्नु उपयुक्त हुन्छ सो बारे सुझाव दिनका लागि अनुरोध गरिएको थियो ।[१२५९]

राजाबाट जनमत संग्रहको घोषणामा उल्लेख नै नगरिएको निर्दलीयतालाई मूल पक्ष बनाएर आयोगले सुझाव माग्ने कार्य प्रारम्भ गर्ना साथ आयोगको विश्वसनीयतामाथि नै प्रश्नचिन्ह लाग्नुका साथै पंचायत विरोधि राजनीतिक जगतमा व्यापक तरंगका लहरहरू उत्पन्न भयो । तसर्थ बहुदलवादी समूहहरूबाट आयोगले आफ्नो मान्यता र मर्यादाको सीमारेखा नाघेर अल्पमतको कदर गरिने राज आश्वासन विपरित काम थालेको आरोप लगाई आलोचना प्रारम्भ गरियो । तर पनि आफ्नो दायित्व पूरा गर्न अग्रसर रहेको आयोगका सदस्यहरू देशका विभिन्न अंचल सदरमुकामहरूमा पुगेर राय सुझाव संकलन गर्ने र विभिन्न क्षेत्रबाट ख्याति प्राप्त गरेका प्रवुद्ध नागरिकहरूलाई पत्र लेखेर भावी संविधानका सम्बन्धमा सुझाव माग्ने लगायतका कार्यमा सक्रिय भए ।[१२६०]

पंचायत विरोधी दल एवं समूहरूको विरोध र आलोचनाका वावजुद पनि आयोगले देशव्यापी रूपमा उत्साहपूर्ण प्रतिउत्तर प्राप्त गऱ्यो । देशका हरेक क्षेत्रबाट यसलाई महत्त्वपूर्ण अवसरका रूपमा ग्रहण गरी सम्पर्क गरेर आफ्ना धारणाहरू प्रस्तुत गर्ने कार्य तिव्र भयो । कतिपय पंचहरूले यस क्रममा २०३२ सालको संविधान संशोधनमा कतिपय आवश्यक पक्षहरू समावेश गर्न नसक्दा र समावेश गरिएका सुधारात्मक पक्षहरूको असफलताले गर्दा पंचायत प्रणालीमा संकट आएको जनाए भने पंचायत समर्थक एवं विरोधि दुवै पक्षबाट स्वतन्त्रताको

---

[१२५८] *नेपाल पोष्ट,* २०३७ साल जेठ १५ गते ।

[१२५९] (क) भरतमोहन अधिकारीसँग २०६२ असार १३ गते सुनार गाउँ काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) वासुदेव रिसालसँग २०६० पौष २५ गते कुपण्डोल, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१२६०] युगेश्वर पि. वर्मा, *नेपाल प्रोग्रेश एण्ड प्रोब्लम्स १९७२-१९८०,* जलेश्वर : प्रतिभा वर्मा, १९८१, पृ. ५९-६० ।

अपेक्षा गरियो ।[१२६१] यसरी गठनसँगै विरोध, असहमतीका आवाजहरूको सामनासँगै निर्दलीयताको समर्थकका रूपमा देखिएर आयोगले आफ्नो कार्य प्रारम्भ गऱ्यो ।

## ६.२ नेपाली कांग्रेसद्वारा आयोगलाई दिइएका सुझावहरू

नेपालको राजनीतिमा पंचायती व्यवस्थाको स्थापनासँगै त्यसका विरुद्धमा हिंशात्मक आक्रमणसम्मका संघर्षका क्रियाकलाप संचालन गरिसकेको ने.का. ले २०३३ सालपछि मेलमिलाप नीतिअन्तर्गत संगठनको सुदृढीकरण, मानवअधिकार एवं वैचारिक स्वतन्त्रताको पुनर्वहाली र राष्ट्रियताको संबर्द्धनलाई मूलमुद्दा बनाएर आफ्नो सक्रियता विस्तार गर्दै आएको थियो । २०३३ साल पौष १६ गतेपश्चातका कठिन क्षणहरूमा पनि यसले राजासँग संघर्ष एवं मुठभेडको स्थितिलाई पन्छाउने मूल नीतिअनुरूप बढेर जनमत संग्रहमा "असमान युद्ध" को स्थिति सिर्जना हुँदा पनि बिनाशर्त भाग लियो भने आफ्नो धारणा एवं विश्वास विपरित परिणाम आउँदा पनि त्यसलाई सहर्ष स्वीकार गऱ्यो । यो स्वीकारोक्तिका पछाडि एकातिर देशलाई गृहयुद्धको चपेटामा पर्नबाट जोगाउने वी.पी. को दुरदर्शि दृष्टिकोणले काम गरेको थियो भने अर्कातिर विश्वसमुदायमा विकसित ने.का. को प्रजातान्त्रिक छविलाई जोगाउने महत्त्वपूर्ण कार्य थियो भन्ने कुरामा शंका गर्न सकिदैन । यसबाहेक नवीन राष्ट्रिय-अन्तर्राष्ट्रिय सन्दर्भमा राष्ट्रिय अस्तित्वको रक्षाका साथै प्रजातान्त्रीकरणको मार्ग विस्तारका क्षेत्रमा अब उप्रान्त ठोस प्रयत्न हुनेछ भन्ने विश्वासका आधारमा पनि उक्त परिणाम स्वीकार गरेको थियो ।[१२६२]

जनमत संग्रहको परिणाम घोषणासँगै राजाबाट व्यक्त अल्पमतको कदर गरिने प्रतिवद्धता मुलक आवश्वासनबाट ने.का. लाई आफ्नो विश्वास पूरा हुने आशा जागेको थियो । तर जब संविधान सुधार सुझाव आयोगको एकपक्षीय गठनसँगै यसले निर्दलीयताको वकालत गर्दै कार्य प्रारम्भ गऱ्यो तब ने.का. को मेलमिलाप नीतिसँग मेल नखाने खालका परिणाम आउने संभावना देखिन थाले । त्यो स्थितिमा पार्टीका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराई र प्रभावशाली नेता गणेशमान सिंहले अप्रत्यक्ष रूपले भावना प्रकट गरे तापनि औपचारिक रूपमा सुझाव दिन नामन्जुर गरे भने वी.पी. ले समझदारीको ढोका खोल्ने प्रयत्नलाई जारी नै राखे । २०३३ सालपश्चातका हरेक क्षण एवं राजनैतिक क्षणहरूमा मात्र पार्टीको स्वार्थलाई भन्दा मेलमिलाप नीतिलाई महत्त्व दिँदै आएका वी.पी. ले परिणाम जान्दाजान्दै पनि सुझाव दिनमा कन्जुस्याइँ गरेनन् । उनले यसपटक पनि सानातिना नकारात्मक प्रवृत्तिहरूलाई विवादको मूलमुद्दा नबाउने नीतिअनुरूप बढेर दीर्घकालीन राष्ट्रिय स्वार्थका लागि राष्ट्रिय सहमति निर्माणतर्फ पहल गर्ने नीति अवलम्बन गरी मेलमिलापको स्थिति निर्माणतर्फ नै सक्रियता देखाए । ने.का. को स्थापनादेखि नै नीति निर्माण एवं निर्णयकर्ताका रूपमा उनका धारणाले व्यवहारिक

---

[१२६१] *पूर्ववत्,* पृ. ६० ।

[१२६२] ने.का. का तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा जारी वक्तव्य, हेर्नुहोस् *राष्ट्रपुकार,* २०३७ साल भाद्र २६ गते ।

मान्यता पाउँदै आएको स्थितिमा यसपटक पनि अन्य राजनेताका धारणा जे जस्ता भए तापनि वी.पी. का धारणा नै पार्टीका नीति तथा कार्यक्रम बन्न पुगे । यही वस्तु तथ्यका आधारमा ने.का. का धारणा एवं सुझावहरू बारे विश्लेषण गर्नु अपेक्षित हुनेछ ।

मेलमिलाप नीति अनुशरण गरेर त्यसमा कुनै पनि किसिमले आँच आउने स्थिति सिर्जना नहोस् भनी कटिबद्ध भएको ने.का. ले जनमत संग्रहका दौरान उठाउँदै आएको बहुदलीय व्यवस्थाको माग भन्दा पनि माथि उठेर राज चाहनाअनुरूप अल्पमत पक्षको कदर हुने गरी संविधानमा संशोधन हुनुपर्ने कुरामा जोड दियो । संविधानमा निर्दलीयता समाविष्ट गर्नुको अर्थ संगठित विरोध लगायतका मौलिक हकमाथि बन्देज लगाइएको व्यवस्थामा परिणत गर्नु हो[१२६३] भन्दै यस्तो भएमा राष्ट्रिय विकासमा समाहित हुनुपर्ने विभिन्न वर्ग र तप्काका समूहरू आफ्ना रुची, विशेषता, अस्तित्व, चाहना आदिको रक्षाका लागि एकजुट भएर समाहित हुन नसक्ने कुरा स्पष्ट गऱ्यो ।[१२६४] यसक्रममा सामाजिक रूपान्तरण एवं राष्ट्रिय विकासका लागि समाजमा वैचारिक भिन्नताले मान्यता पाउनुपर्दछ भन्ने धारणाको पक्षपाती ने.का. ले निर्दलीयताद्वारा वैचारिक भिन्नताको निषेध गरी राज्यद्वारा निर्देशित एउटै विचार मान्नै पर्ने परिवेश सिर्जना गर्ने भएकाले यो अप्रजातान्त्रिक दृष्टिकोण हो भन्ने मान्यताअनुरूप अगाडि बढ्ने नीति लियो । तर पनि अधिकांश नेताहरूले जनमत संग्रहमा बहुदल पक्ष पराजित भएकाले बहुदलीय व्यवस्था युक्त संविधानको माँग उचित नहुने हुँदा निर्दलीयता बारे पनि संविधान मौन बस्नु सबैका लागि उपयुक्त हुने धारणा सार्वजनीक गर्दै क्रियाशील हुनथाले ।[१२६५]

ने.का. का शिखर पुरुष मानिएका वी.पी. कोइरालाले आयोगको पत्र प्राप्त गरेपछि आयोगलाई पठाएको सुझावमा स्पष्ट रूपले निर्दलीयबारे संविधान मौन रहनु राम्रो हुन्छ भनेका थिए । उनकै शब्दमा-

> जनमत संग्रहमा जनताको मत जान्नका लागि राखिएको प्रश्न बहुदल वा निर्दल भन्ने थिएन । २४ लाखको जनमत बहुदलको विरोधको नकारात्मक मत होइन । सुधारिएको पंचायती व्यवस्थाको पक्षको सकारात्मक मत हुन ती । बहुदलीय शासन व्यवस्था हाँ या ना भनेर प्रश्न राखेको भए उत्तर सकारात्मक र नकारात्मकमा बाडिन्थ्यो । यहाँ त दुवै पक्षमा परेका भोट सकारात्मक हुन । त्यसो हुनाले नकारात्मक अर्थ लगाएर यो निर्विकल्प निर्दलीयताको सकारात्मक विजय हो भन्नु अनुचित हुनेछ । यदि १ पौषको शाही घोषणाको संवैधानिक मर्मलाई इमान्दारिसँग राजनीतिको व्यवहारमा परिणत गर्न खोज्यौं भने पनि निर्दलीयता एउटा अप्राकृतिक व्यवधान जस्तो प्रमाणित हुनेछ । ... संविधानले यस प्रश्नका उपरमौन रहे हुन्छ ।[१२६६]

---

[१२६३] दमननाथ ढुंगाना, “मौलिक हकहरू र निर्दलीयता”, *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौं : २०३७ साल श्रावण १६ गते, पृ. ८ ।

[१२६४] (क) नरहरी आचार्यसँग २०५८ पौष २३ गते चुनदेवी, महाराजगंज काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) गणेशराज शर्मासँग २०६२ असार १२ गते पुतलीसडक, काठमाडौंमा लिएको अन्तावार्ताको रेकर्ड ।

[१२६५] *दि स्टेट्समेन,* सन. १९८० जुन २३ ।

[१२६६] (क) विश्वेश्वरप्रसाद कोइराला, *आजको राष्ट्रिय चिन्तन-वक्तव्य, सं. सु.आ. लाई सुझाव र अन्तर्वार्ताहरूको संकलन,* काठमाडौं : माधवमणि राजभण्डारी, २०३७, पृ. १९ ।
(ख) *राष्ट्रपुकार,* २०३७ साल आषाढ १३ गते ।

पार्टीका तत्कालीन कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईले पनि आयोग समक्ष व्यक्त प्रतिक्रियामा निर्दलीयता आफूलाई मान्य नहुने तर्क स्पष्ट गरेको पाइन्छ । नेपाली जनताले लामो र विकट संघर्षपछि पाएको जनमत संग्रहको स्थितिलाई श्री ५ को सरकार एवं राष्ट्रिय चुनाव आयोगले नराम्रोसँग दुरूपयोग गरी मनोभावना विपरित अविश्वस्त तवरको परिणाम प्रकाशित गरेर बहुदल खोसिएको स्थितिमा खण्डित मौलिक हकमात्र दिन सक्ने यो व्यवस्थाका सुधारका लागि सुझाव दिनु नैतिक रूपले अनुचित हुने धारणा व्यक्त गरेका भट्टराईले नचाहँदा नचाहँदै पनि निर्दलीयता विरुद्धमा अभिमत दिएका छन् । उनकै शब्दमा-

> ...नेपाली जनताले जनमत संग्रहमा निर्दलीय पंचायती व्यवस्थाका पक्षमा मत नदिएर सुधारिएको पंचायती व्यवस्थाका पक्षमा मात्र मत खसालेको हो । २०३६ साल जेठ १० गतेको श्री ५ महाराजाधिराजको घोषणालाई पुनः एकपटक कष्ट गरी हेरेमा मैले भनेको कुरा र आयोगको पूर्वाग्रह स्पष्ट हुनेछ । निर्दलीय व्यवस्थाले हाम्रो देशको कहिल्यै पनि हित हुनसक्दैन... ।[१२६७]

अर्का प्रभावशाली नेता गणेशमान सिंहले पनि आषाढ १७ गते जवाफि पत्र पठाएर आयोगलाई सुझाव दिएर कुनै लाभ हुने नदेखेकोले राय व्यक्त गर्न नसक्ने स्पष्ट गरे । तर उनले उक्त पत्रमा आयोग नै निष्पक्ष हुन नसकेको ठहर गरी अप्रत्यक्ष रूपमा संविधान निर्दलीय स्वरूपको हुन नहुने कुरामा जोड दिएको देखिन्छ । सिंहकै शब्दमा-

> ...जनादेश प्राप्त सुधारिएको पंचायती व्यवस्थाको क्षेत्र सीमित गर्ने उद्देश्यले हो वा किन हो संविधान सुधार आयोगले औपचारिक तवरले काम सुरु गर्न पनि नपाउँदै स्वयं यस आयोगका अध्यक्षले पनि आफ्नो एउटा भाषणद्वारा पंचायतको निर्दल पक्षमाथि जोड दिएकोले संविधान सुधारका लागि आवश्यक निष्पक्ष वातावरणलाई धमिल्याएको छ । त्यसमाथि पनि राष्ट्रिय पंचायतको हालै बसेको बजेट अधिवेशनमा भएको शाही सम्वोधनमा प्रशासनद्वारा राष्ट्रिय खतराको आडमा अवाञ्छनीय ठहऱ्याउन सकिने अल्पमतप्रति गरिएको धम्किपूर्ण अभिव्यक्तिले आयोगको निष्पक्षतालाई आघात गरी कार्य क्षेत्रलाई समेत सीमित पारेको छ... ।[१२६८]

यसरी ने.का. का तर्फबाट व्यक्त विचारहरूमा औपचारिक एवं अनौपचारिक जुनसुकै माध्यमबाट भए पनि संविधान निर्दलीयता सम्बन्धमा मौन रहनुपर्ने धारणा अगाडि सारियो । संविधानले निर्दलीयतालाई ग्रहण गरेको खण्डमा "एकातिर त्यसबखतसम्म पंचायतभन्दा बाहिर बसेका राजनैतिक दल एवं समूहहरूलाई स्वतस्फूर्त रूपमा राष्ट्रिय विकासको मूल धारामा समाहित गर्नुपर्ने राष्ट्रिय आवश्यकता अधुरो रहने र अर्कातिर कानुनले राजनैतिक दल वा समूहलाई मान्यता नदिए पनि बालिग मताधिकारको व्यवस्थामा तिनीहरू निष्क्रिय र प्रभावहिन हुन सक्दैनन्"[१२६९] भन्ने तर्कहरूका आधारमा उक्त धारणा सारिएको थियो । हुन पनि राष्ट्रिय

---

(ग) *सातदिने समीक्षा,* २०३७ साल असार १४ गते ।

१२६७ (क) के.पी. भट्टराई, "निर्दलीयता मलाई मान्य छैन", *राष्ट्रपुकार,* होमनाथ दाहाल (सं./प्र.), काठमाडौँ : २०३७ साल आषाढ १३ गते, पृ. ३ ।

(ख *पूर्ववत्* (ग) ।

१२६८ गणेशमान सिंहद्वारा २०३७ साल असार १७ गते "सुझाव दिनु लाभ हिन" शीर्षकमा संविधान सुधार सुझाव आयोगलाई पठाएको पत्र, हेर्नुहोस् *सातदिने समीक्षा,* २०३७ साल असार २१ गते ।

१२६९ ढुंगाना, टिप्पणी संख्या १२, पृ. ८ ।

निर्वाचनमा बालिग मताधिकार समावेश गर्ना साथ केवल व्यवस्थाका नामले निर्वाचन लडनु र विजय प्राप्त गर्नु त्यति सजिलो थिएन । जुन कुरा "बालिग मताधिकार भन्ना साथ पंचहरूलाई नै आ-आफ्नो समूह निर्माण नगरी सुखै छैन र यही समूहलाई राजनैतिक रूप दिइएन भने मुलुकमा ठूलो अस्थिरता आउनेछ"[१२७०] भन्दै *राष्ट्रपुकार*ले आफ्नो सम्पादकीयमा गरेको टिप्पणीबाट झनै स्पष्ट हुन्छ । त्यो स्थितिमा ने.का. ले देशको भावी शासन प्रणाली दिगो बन्न सकोस् र पंचायत विरोधीहरूले पनि त्यसमा इज्जत साथ अवतरण गर्ने मौका पाउन भनी निर्दलीयता सम्बन्धमा संविधान मौन रहोस् भनी दिएको सुझाव अत्यन्त दुरदर्शि दृष्टिकोण थियो भन्ने कुरा कालान्तरमा गएर प्रमाणित नै भयो ।

भावि संविधानका सम्बन्धमा ने.का. ले उठाएको अर्को विषय वा धारणा बालिग मताधिकारसँग सम्बन्धित रहेको पाइन्छ । राजाबाट २०३७ साल असार ९ गते राष्ट्रिय पंचायत (रा.प.) को एकतिसौं अधिवेशनलाई सम्बोधन गर्दै २०३६ साल पौष १ गतेको आफ्नो सन्देशमा उल्लेख गरेअनुरूप देशको भावि राजनैतिक ढाँचामा मूलभूत परिवर्तन गर्न संविधान सुधार सुझाव आयोगको गठन गरिएको[१२७१] कुरा पुनः स्पष्ट गरेपछि देशको भावि निर्वाचन बालिग मताधिकारका आधारमा हुने कुरामा कुनै संशय रहेन । तर पनि पंचायत विरोधी समूहहरूलाई चुनाव प्रक्रियामा सहभागी हुन नदिनका लागि संविधानमा तिनीहरूको प्रचलित छवि एवं चिनारी लोप गराउने खालका शर्त वा बन्देजहरू राखिन्छन् कि भन्ने शंका ने.का. ले महसुस गऱ्यो । नेपालको पंचायती संविधानले व्यवस्थासँग भिन्न मत राख्नेहरूलाई सदैव उपेक्षा गरी बाहिरै बस्न बाध्य बनाउँदै आएको अवस्थामा आगामी संविधान पनि त्यस्तै पो बनाइन्छ कि ? भनी आशंका उठनु स्वभाविकै थियो । तसर्थ वी.पी. ले आफ्नो सुझावमा बालिग मताधिकारका आधारमा चुनाव गर्ने व्यवस्था भएपछि त्यस्तो चुनावमा सबैलाई सहभागी हुने अवसर दिनका लागि कुनै पनि र्शत वा अंकुश राख्न नहुने कुरामा जोड दिए । उनकै शब्दमा-

> १ पौषको राजेच्छाको कदर त्यसको उदार व्याख्याद्वारा हामीले गर्नु पर्दछ । संकिर्ण अर्थले न राजेच्छा न जनमत संग्रहमा प्रस्टिएको दुवै पक्षको जनेच्छाको व्याख्या हुन सक्दछ । बन्न लागेको संविधान अतितलाई त्यागेर भविष्यपट्टी उन्मुख हुने हुनाले संविधानका यस्ता प्रश्नमा यदि संशय छ भने उदार पक्ष ग्रहण गर्नु भरपर्दो नियम हुन्छ भन्ने मेरो धारणा छ । यसका साथै संविधानद्वारा वृह्त राष्ट्रिय धारा प्रवाहित गर्ने प्रेरणा र सुअवसर समस्त देशवाशीले पाउनु पर्दछ । हालसम्म विद्यमान पुरानो संविधान बाहिरका र भित्रका आपसमा विरोधी पक्षहरूलाई नयाँ संविधानले संविधान भित्रका मतमतान्तरका तत्त्वहरूमा परिणत गर्नु पर्दछ ।[१२७२]

[१२७०] *राष्ट्रपुकार,* २०३७ साल आषाढ १३ गते ।

[१२७१] (क) श्री ५ को सरकार, *श्री ५ महाराजधिराजबाट बक्सेका घोषणा सम्बोधन तथा सन्देशहरू २०२८-२०३८,* काठमाडौं : संचार मन्त्रालय सूचना विभाग, २०३९, पृ. ३२६ ।

(ख) *गोरखापत्र,* २०३७ साल असार १० गते ।

[१२७२] (क) *राष्ट्रपकार,* टिप्पणी संख्या १५ (ख) ।

(ख) कोइराला, टिप्पणी संख्या १५ (क), पृ. १९-२० ।

यसबाहेक वी.पी. ले आफ्ना सुझावमा नागरिकहरूका लेख्ने, बोल्ने, संगठन गर्ने लगायतका मौलिक अधिकारहरूको सुरक्षा गरी स्वतन्त्रता पूर्वक चुनावी प्रक्रियामा सहभागिता जनाउन पाउने वातावरण सिर्जना गराउने, बदलिदो परिस्थितिमा उत्पन्न हुने प्रशासकीय नियम कानुनका समस्याहरूलाई सुल्झाउँदै भविष्यका नयाँ-नयाँ चुनौतीहरूलाई वैधानिक किसिमले मुकाविला गर्न सकोस् र देशको प्रगतीमा संविधान तगारो बन्न नजाओस् भनी संविधान लचिलो हुनुपर्ने, संविधानको क्रियाशिलतामा अवरोध आई असाधारण परिस्थितिको सामना गर्नु परेमा राष्ट्र प्रमुखका हैसियतले राजाबाट स्वल्पावधि र तदर्थका लागि मात्र विशेषाधिकार प्रयोगको व्यवस्था र न्यायपालिकाको स्वतन्त्रताको ग्यारेन्टी आदि पक्षमाथि विचार पुऱ्याउन अनुरोध गरेका थिए ।[१२७३]

यसप्रकार ने.का. ले जनमत संग्रहमा विजय प्राप्त गरेको पंचायत पक्षलाई आत्मसंमयको मार्ग प्रदान गरी पराजय प्राप्त गरेको बहुदलवादी समूहलाई पनि अधिकारको वातावरण निर्धारणसँगै सुरक्षाको अनुभूती प्राप्त हुने खालको स्थिति निर्माण गर्ने संविधान ल्याउनु पर्ने धारणा स्पष्ट गऱ्यो । २०१७ सालपश्चातका २० वर्षसम्म व्यवस्था विरोधीका रूपमा सक्रिय रहेर सनसनीखेज अध्यायहरू सम्पादन गरी विद्रोही समूहका रूपमा परिचित ने.का. ले मेलमिलाप नीतिका माध्यमबाट परिवर्तन ल्याउन अवलम्बन गरेको नीतिलाई सफल पार्न पनि गतिशिल संविधानको आवश्यकता थियो । तसर्थ यसले संवैधानिक रक्षा बिना एक कदम पनि अगाडि बढ्न नपाउने स्थितिको अन्तका लागि पंचायत विरोधी पक्ष पनि अटाउन सक्ने संविधानको मागलाई उठाएर आफ्नो अभियान संचालन गर्ने निश्चयसँगै गतिलिशतातर्फ बढ्यो ।

## ६.३ नेपाली कांग्रेस बाहेकका राजनैतिक समूहका सुझाव एवं क्रियाकलापहरू

संविधान सुधार सुझाव आयोगको गठनसँगै ने.का. बाहेकका विभिन्न विचारधाराको प्रतिनिधित्व गर्ने समूहसँगै पंचायत खेमा भित्र पनि आफ्ना धारणालाई संवैधानिक मान्यता दिलाउने क्रम प्रारम्भ भयो । यद्यपी पंचायत लगायतका हरेक जसो समूहमा ने.का. मा झैं एकरूपता नभएता पनि सबैजसो कुनै नकुनै रूपले सक्रिय थिए । विजय प्राप्त गरेको दम्भबाट फुलेका पंचायतका यथास्थितिवादीहरू तिब्र दमन एवं प्रतिशोधात्मक कार्वाहीका माध्यमद्वारा सिंगारिएको कठोर संवैधानिक व्यवस्थाको स्थिति ल्याउन चाहन्थे भने सुधारवादी एवं उदारवादी पंचहरू त्यस्ता कार्यको आलोचनासँगै उदार संविधानका लागि वातावरण निर्माण गर्न चाहन्थे ।[१२७४] त्यो स्थितिमा सुधारवादी वा उदारवादी पंचहरूले बेलाबखतमा राजालाई भेटेर जनमत संग्रहमा जनताले निर्णय गरिसकेको र वी.पी. ले पनि जनताको निर्णय स्वीकार गरी सकेको जनाउँदै

---

[१२७३] (क) *पूर्ववत्* (क) ।
(ख) *पूर्ववत्* (ख), पृ. २०-२१ ।

[१२७४] (क) लोकेन्द्रबहादुर चन्दसँग २०६१ चैत्र २ गते लोकन्थली, भक्तपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) श्रीभद्र शर्मासँग २०५९ असार २२ गते कोटेश्वर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) दामोदर उपाध्यायसँग २०६० जेठ १३ गते जनकपुरधाम, धनुषामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

बहुदल चाहिन्छ भनेका २० लाख मतहरूलाई अवमूल्यन गर्न नहुने र राजनैतिक मूलप्रवाहमा ल्याउने उपायबारेमा सोच्नु पर्ने सल्लाह पनि दिँदै थिए ।[१२७५] अर्कातिर जनमत संग्रहका दौरानमा भण्डाफोर, बहिष्कार लगायतका नारा उठाइ बहुदल पक्षलाई नकारात्मक प्रभाव पार्नसमेत केही मात्रामा सफलता पाएका अतिवादी वामपन्थी समूहहरूले कुनै सुझाव नदिने तर विविध आन्दोलनद्वारा पंचायती व्यवस्था विरोधी धारणा व्यक्त गर्ने गर्न थाले । देशमा संवैधानिक सुधार प्रक्रियासँगै तिब्र वहस चलिरहेको अवस्थामा झापाली समूहका नामले चर्चित नेकपा (माले) ले आगामी संविधान वा संवैधानिक सुधारले उपलब्धि प्रदान गर्नुका सट्टा भ्रमहरू मात्र थप्ने छ[१२७६] भन्ने उद्घोषणसहित मजदुर आन्दोलन, किसान आन्दोलन, महिला आन्दोलन, शिक्षक आन्दोलन, विद्यार्थी आन्दोलन[१२७७] आदिद्वारा अस्थिरता सिर्जना गर्नेतर्फ सक्रिय हुने नीति अवलम्बन गऱ्यो । मोहन विक्रमको नेतृत्वमा रहेको अर्को उग्रवादी वाम समूहले पनि झापाली समूहकै जस्तो नीति अवलम्बन गरी सुधारसहितको पंचायती व्यवस्थामा सहभागिता जनाउँनाले देश एवं जनतालाई विपत्तिमा पार्ने धारणा राख्दै केन्द्रीय कमिटीको वैठकबाट संघर्षका लागि प्रगतिशील र वामपन्थी शक्तिहरूबीच संयुक्त मोर्चा स्थापना गर्ने निर्णयसँगै अपिल गऱ्यो ।[१२७८]

यसबाहेकका अन्य वामपन्थी दललगायत पंचायत विरोधी विभिन्न समूह एवं पंचायतवादीहरूका तर्फबाट सुझावदिन अस्वीकार गर्ने, सुझाव दिने लगायतका कार्य गरिए । नेपालको राजनीतिमा ने.का. विरोधी र प्रजातन्त्रवादी भनेर चिनिने तर बलियो संगठनात्मक स्वरूप नभएका स-साना दलका नेताहरू मध्यका डा. डिल्लीरमण रेग्मीले बढ्न लागेको समाजको गतिलाई नरोक्ने र जनआकांक्षा कुण्ठित नगर्ने प्रजातान्त्रिक सिद्धान्तमा आधारित संविधान हुनुपर्दछ भन्ने मान्यताका आधारमा सुझाव प्रस्तुत गरे । जसमा जनतालाई मौलिक अधिकार प्रदान गरी सहि जनप्रतिनिधित्व गर्ने संसदीय व्यवस्था खडा गर्ने, जनमानसको भय अन्त गरी सुलभ न्याय र स्वच्छ प्रशासन बनाउने, १८ वर्ष पुगेका हरेक नागरिकलाई निर्वाचनमा भाग लिन दिएर दलको वैधानिक अस्तित्व कायम गरी देशमा दुई सदनात्मक सर्वोच्च विधायिकाको व्यवस्था[१२७९] आदि भावना युक्त संविधानको आवश्यकता भएको कुरा स्पष्ट गरिएको थियो ।

नेपाली प्रजातन्त्र कांग्रेसबाट राजनीति प्रारम्भ गरी ने.का. मा विलयपश्चात सक्रिय रहेर नेपालको गृहमन्त्रीसम्म भएका र जनमतसंग्रहदेखि खुलेर नै पृथक रूपले सक्रिय हुँदै आएका राजनीतिज्ञ सूर्यप्रसाद उपाध्यायद्वारा प्रस्तुत सुझावमा नरम पनासँगै कतैबाट निर्देशन

---

[१२७५] रामहरि शर्मा नेपाल, *आत्मवृतान्त,* काठमाडौं : आत्मवृतान्त अभिलेखन सेवा, २०५९, पृ. ९५ ।

[१२७६] *ज्वाला साप्ताहिक,* २०३७ साल जेठ ११ गते ।

[१२७७] विस्तृतिका लागि बालचन्द्र मिश्र, *झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म,* काठमाडौं : सुनौलो बिहानी अभियान, २०५८, पृ. १००-१०५ र ११३-१२४ ।

[१२७८] लोकराज बराल, *नेपाल पोलिटिक्स अफ रेफरेण्डम अ स्टडि अफ ग्रुप्स पर्सोनालिटिज एण्ड ट्रेण्डस,* न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, १९८३, पृ. १२४ ।

[१२७९] *सातदिने समीक्षा,* २०३७ साल असार १४ गते ।

प्राप्तिको गन्ध पाइन्छ । किनकी उनले दिएको सुझावमा संविधानभित्र विभिन्न प्रजातान्त्रिक पक्षहरूको व्यवस्था गरिनु पर्ने आग्रहसँगै निर्दलीय पंचायती व्यवस्थालाई निरीक्षण र सन्तुलन भएको बनाएर इमान्दार प्रजातान्त्रिक बहुमतको मान्यता र अल्पमतको कदर हुने स्थिति बनाउन अनुरोध गरिएको छ ।[१२८०] ने.का. लगायत सबैजसो बहुदलवादीहरूद्वारा सारिएको "निर्दलीयताबारे संविधान मौन बस्नु पर्ने" धारणाका विरुद्ध हुने गरी नेता उपाध्यायले आफ्नो सुझावमा पंचायतको निर्दलीय स्वरूपलाई स्वीकार गरी सबैभन्दा पृथक स्वरूप देखाएर आफूमाथि शंका गर्ने स्थिति सिर्जना गरे । २०३४ सालदेखि ने.का. बाट चोइटिएर अलग समूहका रूपमा क्रियाशिल ने.का. ३८ समूहका नेता बखानसिंह गुरुङले पनि सुझाव दिँदै राजाबाट व्यक्त प्रतिबद्धताअनुरूप संविधानमा प्रत्येक बालिग नागरिकले बिना भेदभाव निर्वाचनमा मतदान दिने र उम्मेदवार हुन पाउने हक राखिनु पर्ने धारणा प्रस्तुत गरे ।[१२८१]

नेपालको राजनीतिमा सक्रियतासँगै विविध आरोह अवरोहको सामनापश्चात जनमत संग्रहको घोषणापश्चात बहुदलीय पक्षमा लागेका केही राजनेताहरूले नेपालको राजनीतिक विकासक्रमको संक्षेपिकृत व्याख्यासँगै राजाबाट निर्दलीयतालाई जनमत संग्रहको विषय नबनाएको हुँदा २०३६ साल पौष १ गते र २०३७ साल जेठ १ गतेको सन्देशमा राजाबाट व्यक्त धारणाअनुरूपको अधिकार प्रदत्त संविधान निर्माण गर्न आयोगलाई सुझाव दिए । निकै लामो व्याख्या विश्लेषणसँगै ११ वटा सुझाव दिने राजनीतिज्ञहरू चुडाप्रसाद शर्मा, तिलकराज शाही र ऋषि केश शाह थिए । जसले संविधानबाट दलविहिन शब्द झिकिनु पर्ने, राज्य शब्दका अगाडिको हिन्दु शब्द हटाउनु पर्ने, संघ संस्था खोल्ने स्वतन्त्रतासहितको मौलिक हकहरूका सिद्धान्त र व्यवहारमा ग्यारेन्टीको प्रत्याभूति दिनु पर्ने, जनइच्छामा आधारित राजअधिकार, मताधिकार पाएपछि उम्मेदवारीको स्वतन्त्रता, स्वतन्त्र न्यायालय.. आदि व्यवस्थासहितको संविधान हुनुपर्ने धारणा राख्दै सुझाव दिएका थिए ।[१२८२]

जनमत संग्रहमा पूर्वाधारको मागसहित बहुदलीय पक्षमा सक्रिय रहेर आ-आफ्ना तरीकाले जनमत सिर्जनामा जुटेका वामपन्थी समूहहरूमध्ये कतिपयले आयोगलाई सुझाव दिए भने कतिपयले सुझाव दिन इन्कार गरे तापनि आफ्ना धारणा सार्वजनिक गरेर आयोगलाई दवाव दिने खालका नीति अवलम्बन गरे । आयोगलाई सुझाव दिन वास्ता नगर्नेहरूमध्येकै एक वामपन्थी समूहको नेतृत्व गर्ने सहाना प्रधानले आफ्नो समूहको धारणाका रूपमा एक अपिल प्रकाशित गरिन ।

---

[१२८०] (क) देवकोटा, टिप्पणी संख्या ३, पृ. ६८० ।
(ख) *राइजिङ नेपाल,* २०३७ साल असार ६ गते ।

[१२८१] *पूर्ववत्* (क), पृ. ६८३ ।

[१२८२] विस्तृतिका लागि (क) *सं.सु.सु.आ. लाई सर्वश्री चुडाप्रसाद शर्मा, तिलकराज शाही र ऋषिकेश शाहका सुझावहरू,* शीर्षकमा प्रकाशित २२ पेज लामो पुस्तिका, ३१ असार २०३७ को मिति उल्लेखित उक्त पुस्तिकामा प्रकाशक, प्रकाशित स्थान केही उल्लेख छैन ।
(ख) शाह, टिप्पणी संख्या ६ (ख), पृ. ९३-९७ ।

पुष्पलालको निधनपश्चात सहाना समूहका रूपमा संगठित भएर सक्रिय वामपन्थी समूहका तर्फबाट प्रकाशित अपिलमा पाँचवटा मागहरू अगाडि सारिएका थिए । सहानाकै शब्दमा-

> जनमत संग्रहलाई नाटकमा परिणत गरिए जस्तै अल्पमतको कदर गरिने घोषणालाई पनि नाटकमा परिणत हुन नदिनका लागि एक राष्ट्रिय जनतान्त्रिक मोर्चाको गठनका साथै सबै जनवर्गीय संगठनलाई वैधता, राजवन्दीहरूको रिहाइ, दमनकारी काला कानुनहरूको समाप्ति, सम्पूर्ण नागरिकहरूलाई गास, वास र कपासको ग्यारेन्टी, राजनैतिक दलमाथिको प्रतिवन्ध अन्त्य आदि माग लिएर सशक्त र संयुक्त जनआन्दोलन संचालन गर्नु आवश्यक छ ।[१२८३]

नेपालको राजनीतिमा मनमोहन समूहका रूपमा चिनिने वामपन्थी समूहका नेता मनमोहन अधिकारीले आयोगको पत्र प्राप्त गरेपछि विधिवत रूपमा आयोगलाई सुझाव दिन अस्वीकार गरे तापनि प्रतिक्रिया व्यक्त गर्ने क्रममा भावी संविधानका सम्बन्धमा आफ्नो विचार प्रकट गरी दवाव दिनबाट भने पछि परेनन् । उनले २००४ सालको वैधानिक कानुनदेखिका हरेक संविधानमा निहित एकपक्षीय र तानाशाही प्रावधानहरू आगामी संविधानबाट हटाइनु पर्ने माग गर्दै राजाको संकटकालीन अधिकारलाई संविधानमा स्थान दिन नहुने धारणा स्पष्ट गरे ।[१२८४]

रुस समर्थक वामपन्थी समूहका नेताका रूपमा परिचित डा. केशरजंग रायमाझिले भने आयोगको पत्र पाएपछि आयोगसमक्ष आफ्ना सुझाव पठाएर संविधानमा प्रजातान्त्रिक पक्षहरूको समावेशमा जोड दिँदै निर्माण प्रक्रिया बढाउन अपिल गरे । जसमा व्यापक जनसहभागिताको आवश्यकतालाई ध्यान दिएर विभिन्न राजनीतिक विचारधारा र सिद्धान्त भएका सबै पक्ष समावेश हुन सकुन भनी आगामी संविधानको मस्यौदा तयार गरेर आम जनताको छलफल र सहमतीको नीतिअनुरूप संविधान तयार गर्न जोड दिएका थिए ।[१२८५]

पंचायत विरोधी दल एवं समूहसँगै सक्रिय भएका पंचायतवादीहरू पनि संविधानमा आफ्ना धारणाहरूले प्रश्रय पाउन भन्ने चाहन्थे । तर उनीहरू एकजुट हुनुका सट्टा आ-आफ्ना स्वार्थलाई हेरेर अगाडि बढेका थिए । जसको मूलकारण जनमत संग्रहपश्चात देशको भावी राजनैतिक प्रणालीमा देखापरेको अनिश्चितता र पंचायतवादीहरू बीचकै अन्तर्द्वन्द्व थियो ।[१२८६] उनीहरूमा यो अन्तर्द्वन्द्व जनमत संग्रहले विस्तार गरेको राजनैतिक खुकुलो पनलाई अझ बढाएर आगामी राजनीतिमा पंचायत प्रणालीअन्तर्गत सम्पूर्ण नेपालीहरूलाई समेटन सकिने खालको व्यवस्थाको खोजी गरिनुपर्दछ भन्ने उदारवादी विचारका पंचहरू र बहुदल पक्षमा विश्वास गर्ने पंचहरूका धारणाहरू यथास्थितिवादीहरूले नरुचाएपछि सुरु भयो ।[१२८७] यही अन्तर्द्वन्द्वका

---

[१२८३] (क) सहाना प्रधानसँग २०६२ असार १२ गते सानेपा, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) सुशिला श्रेष्ठ, *सहाना प्रधान स्मृतिका आखि झ्यालबाट,* काठमाडौं : स्वप्नावाटिका प्रकाशन, २०६०, पृ. १३८ ।

[१२८४] *ज्वाला साप्ताहिक,* २०३७ साल जेठ २५ गते ।

[१२८५] देवकोटा, टिप्पणी संख्या ३, पृ. ६८५ ।

[१२८६] बराल, टिप्पणी संख्या २७, पृ. ११५ ।

[१२८७] लोकेन्द्रबहादुर चन्द र श्रीभद्र शर्मासँगका अन्तर्वार्ताहरू ।

आधारमा नै पंचायतवादीहरूद्वारा आगामी संविधानमा अल्पमतको कदर गरिने राजभावनाको प्रस्तुतिलाई मूलमुद्दा बनाएर सभ्काव एवं धारणा प्रस्तुत गर्ने कार्य गरियो ।

पंचायत व्यवस्थाको स्थापनासँगै प्रवल समर्थकका रूपमा सहभागी हुँदै आएका डा. तुलसी गिरी र सूर्यबहादुर थापाको नेतृत्वमा संगठित पंचहरू कट्टर यथास्थितिवादीका रूपमा चिनिन्थे । जनमत संग्रहपश्चातको राजनीतिमा बहुदलवादीहरूलाई आफ्नो अस्तित्व, पहिचान, धारणा आदि कायमै राखी सहभागी हुने अवसर नदिने मूल उद्देश्यअनुरूप सक्रिय यस्ता पंचहरूले पंचभेलाबाट पारित प्रश्तावलाई नै कार्यान्वयन हुन नदिनेसम्मका धारणा सार्वजनिक गरे । पंचायत प्रणालीभित्र निर्दलीयता र आधुनिक प्रजातान्त्रिक मूल्यहरू एकसाथ समावेश गरेमा पंचायती व्यवस्थाको मौलिक स्वरूप नै समाप्त हुने धारणा राख्ने डा. तुलसी गिरीले "पंचायती व्यवस्थाको आदर्शमा आँच आउने खालको सुधार गर्ने हो भने राजासँग पार्टी स्वतन्त्रताका लागि माग गर्नुपर्ने, पंचभेलामा प्रस्तुत सुधारका कुरबाट व्यवस्थाको आदर्श एवं मौलिकता बँच्न नसक्ने र राजसंस्थाबाट सार्वभौम सत्ताको स्थानान्तरण हुने"[१२८८] कुरामा जोड दिँदै यथास्थितिवादी दृष्टिकोण सार्वजनिक गरे ।

तत्कालीन प्रधामन्त्री सूर्यबहादुर थापा एवं उनको समूह पनि जनमत संग्रहपछि प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना गर्ने शान्ति पूर्ण मार्गलाई अवरुद्ध पार्ने खालका धारणा व्यक्त गर्दै बढेको थियो । आफ्ना हरेक घृणित मामिलामा समेत राजालाई मुछने कार्य गर्दै आएका थापाले राजाको हित र पंचायती व्यवस्थाको हित एउटै हो, पंचायत विरुद्धका हरेक क्रियाकलाप राजसंस्थाको विरुद्ध हो भन्ने छाप पार्नका लागि उपलब्ध हुने प्रत्येक अवसरको प्रयोग गरे ।[१२८९] आफ्ना अगाडिको विषय बाहेक अरू नदेख्ने र राष्ट्रको भविष्यलाई लत्याएर भए पनि आफ्नो क्षणिक विशेष अधिकार एवं शक्ति बचाउन कटिवद्ध थापाको चालवाजीले सरकारी क्रियाकलापलाई तहसनहस पार्ने मात्र नभएर राजाको चाहना एवं विश्वसनीयतालाई नै धमिल्याउने कार्य गऱ्यो ।[१२९०] उनले यस क्रममा जनताले पंचायती व्यवस्थालाई जनमत प्रदान गरेर राजाको सर्वोपरि नेतृत्वको पक्षलाई विजयी बनाएका छन्, कुनै व्यक्ति वा समूहको हित एवं माग पूरा गर्न संविधान सुधार गर्न लागिएको नभएर जनमत संग्रहको परिणामका आधारमा सम्पूर्ण जनताका लागि अनुकूल हुने गरी सुधार गर्न लागिएको छ, जनमत संग्रहद्वारा गरिएको निर्णयको अर्थ नै देशका सम्पूर्ण जनताको आदेश हो र यही आदेशमा पंचायती व्यवस्था आधारित एवं गतिशिल हुनेछ[१२९१] आदि धारणा व्यक्त गर्दै संविधान सुधार आयोग यथास्थितिबाट बाहिर निस्कन नहुने सन्देश प्रवाहित गरे । तत्कालीन प्रधानमन्त्री थापाको उपरोक्त भनाइ एवं

---

[१२८८] *गोरखापत्र,* २०३७ साल आषाढ १५ गते ।

[१२८९] भोला चटर्जी, *पोर्ट्रेइट अफ अ रिभोलुशनरी वी.पी. कोइराला,* न्यू दिल्ली : अंकुर पब्लिसिङ्ग हाउस, १९८२, पृ. २९ ।

[१२९०] *पूर्ववत्,* पृ. २८ ।

[१२९१] विस्तृतिका लागि *गोरखापत्र,* २०३७ साल कार्तिक १६ गते, १८ गते र मंसिर १३ गतेका अङ्कहरू ।

उनले त्यसबखत सम्पादन गरेका क्रियाकलापका आधारमा उनी र उनको समूह जनमत संग्रहका क्रमसँगै बहुदल निर्दल पक्षमा विभाजित मुलुकको राजनैतिक समस्या समाधानका लागि झण्डै समान रूपमा देखापरेको अल्पमत पक्षको कदर गर्नु आवश्यक छ भन्ने कुरा बिर्सेर पराजित भएको बहुदलवादीलाई कुनै अवसर दिनु हुँदैन- उनीहरू विजयी पक्षका भावनालाई आत्मसात गरेर गतिशिल हुनुपर्दछ भन्दै राजाका नामबाट यथास्थिति लाद्न अग्रसर थिए भन्न सकिन्छ ।

जनमत संग्रहमा पराजित भएका बहदुलवादीहरूले चुप लागेर पंचायती व्यवस्थामा आत्मसमर्पण गर्नुपर्ने भन्ने हठवादी दृष्टिकोण राख्ने थापा सरकारको नीति एवं क्रियाकलापलाई तिब्र आलोचना गर्दै राजाबाट अल्पमतलाई कदर गर्ने भनी व्यक्त प्रतिवद्धताअनुरूपको संविधान बन्नु पर्दछ भन्ने धारणा राख्ने पंचहरूको अर्को समूहको दृष्टिकोण केही उदार देखिन्छ । नगेन्द्रप्रसाद रिजाल, सुरेन्द्रबहादुर बस्नेत, गेहेन्द्रबहादुर राजभण्डारी, पुष्करनाथ उप्रेती, राजेश्वर देवकोटा, ललित चन्द आदि पंचहरूले प्रजातन्त्रका लागि आवश्यक सबै गुण एवं विशेषतालाई समेटेको उदार निर्दलीय चरित्र पंचायती व्यवस्थामा कायमै राखी प्रतिनिधिमुलक राजनैतिक व्यवस्थाको रूपमा विकसित गर्नुपर्ने भावना व्यक्त गरेका थिए । भावना व्यक्त गर्ने क्रममा यो समूहले संविधानमा सुधार र परिवर्तनलाई स्वभाविक प्रक्रियाका रूपमा स्थान दिनु पर्ने उल्लेख गर्दै देशको मूल कानुन मानिने संविधानमा राष्ट्रका सामाजिक, आर्थिक, राजनैतिक आदि लक्ष्यहरू स्पष्ट हुनुपर्ने, परिवर्तित समय र बढ्दो जनभावनाअनुरूप पंचायतमा सामाजिक सुधारले क्रमबद्धताको स्थान पाउनु पर्ने र राजमुकुटको महत्त्व स्वीकार गरी मताधिकार-मौलिक अधिकार आदिको प्रजातान्त्रिक रूपले व्याख्या हुनुपर्ने धारणा प्रस्तुत गरेका थिए ।[१२९२] यसबाहेक मातृकाप्रसाद कोइराला, लोकेन्द्रबहादुर चन्द जस्ता महत्त्वपूर्ण अनुभव बटुलेका पंचहरूले २०३६ साल पौष १ गतेको सन्देशमा राजाबाट व्यक्त प्रतिबद्धता र २०३६ सालको पंच भेलाबाट पारित कार्यक्रमका आधारमा व्यवस्थाको निर्दलीय स्वरूप कायम राख्दै बहुदलवादी लगायत सम्पूर्ण नेपालीलाई समावेश गर्न सकिने मूल धारायुक्त प्रणालीको विकासमा जोड दिएका थिए ।[१२९३]

जनमत संग्रहका बेला बहुदलीय पक्षमा सक्रिय रहेका र त्यसपछि पनि उदार संविधान चाहने श्रीभद्र शर्मा र रविन्द्रनाथ शर्मा जस्ता बहुदलवादी पंचहरू संयुक्त सुझाव दिने उद्देश्य लिएर छलफलमा लागे । केही नीतिगत सवालमा समझदारी हुन नसकेपछि आ-आफ्नै किसिमले सुझाव दिने निश्चय भएपछि श्रीभद्र शर्माले पंचहरू नै विभिन्न खेमा एवं समूहमा विभक्त भइसकेको अवस्थामा व्यवस्थाको निर्दलीय स्वरूप समाप्त भएकाले राजनैतिक दलहरूले स्वतन्त्रता पाएको पंचायती व्यवस्था आवश्यक पर्ने जनाउँदै संविधानले यो भावना आत्मसात

१२९२ *गोरखापत्र*, २०३७ साल आषाढ २९ गते ।

१२९३ (क) लोकेन्द्रबहादुर चन्द, टिप्पणी संख्या २३ (क) ।
(ख) मेघप्रसाद उपाध्यायसँग २०६० जेठ १६ गते कपिलेश्वर, धनुषामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

गरेमा राजनैतिक गतिरोध समाप्त हुने तथ्यलाई स्पष्ट गरे ।[१२९४] यसैगरी रविन्द्रनाथ शर्माले संविधान सुधार कार्यलाई जन स्वीकृतिका माध्यमबाट गतिशिल पार्नुपर्ने रायसहित निर्दलीयताको बन्धनबाट मुक्त रहेको, जनप्रतिनिधिहरूबाट पूर्णता पाएको राष्ट्रिय विधायिकाको व्यवस्था गरिनु पर्ने र विधायिकाले दुई तिहाई बहुमतका आधारमा संविधान संशोधन गर्ने अधिकार पाउनु पर्ने धारणा राखे ।[१२९५]

उपरोक्त सुझाव, धारणा एवं क्रियाकलापलाई हेर्दा स-साना दल एवं समूहमा विभाजित पंचायत विरोधीहरूद्वारा पंचायती व्यवस्थालाई पूर्ण प्रजातान्त्रिक गर्नुपर्ने तर्कसहित सक्रिय रहेको देखिन्छ भने उदारवादी पंचहरू व्यवस्थाको निर्दलीयस्वरूप भित्र पनि अल्पमत पक्षलाई समेटेर बढ्नु पर्ने पक्षमा रहेको स्पष्ट हुन्छ । यी सबैका भावना विपरित पंचायतको सत्तारुढ एवं यथास्थितिवादी समूह भने पराजय भोग्नेहरूलाई कुनै पनि हालतमा स्थान दिनु हुँदैन भन्ने मानसिकताअनुरूप सक्रिय रहेको पाइन्छ । त्यो स्थितिमा यथास्थितिवादीहरू नै सत्तामा रहेकाले तिनका धारणाले स्वतः सरकारी मान्यता प्राप्त गर्दै गएर संवैधानिक विकास एकपक्षीय हुन पुग्यो । फलस्वरूप संविधानको तेस्रो संशोधनबाट पनि राजनैतिक समस्या पूर्णतः समाधान हुन सकेन ।

## ६.४ आफ्ना धारणा कार्यान्वयन गराउन नेपाली कांग्रेसले गरेका प्रयासहरू

संविधानको तेस्रो संशोधनमा सुधार गर्नुपर्ने कुराहरूका सम्बन्धमा आयोगले सुझाव मागेपछि पार्टीद्वारा औपचारिक रूपमा सुझावहरू नदिने नीति अवलम्बन गरिए तापनि ने.का. ले आफ्ना धारणाहरूले संविधानमा स्थान प्राप्त गरोस् भन्ने मनसायअनुरूप गतिविधि प्रारम्भ गऱ्यो । जसका लागि मेलमिलाप नीतिकै तहत रहेर प्रयासहरू अगाडि बढाउन थाल्यो । वी.पी. ले जनमत संग्रहमा राजालाई अत्याधिक विश्वास गरेर बिना शर्त भाग लिनाले पराजय भोग्नु परेको ठानेर असन्तुष्ट भएको पार्टीभित्रकै एउटा गरमवादी समूह वी.पी. को आलोचनामा उत्रिए तापनि यसले पार्टीमा वी.पी. को विकल्प स्थापित गर्न र ने.का. को राजाप्रतिको धारणामा परिवर्तन गराउन सकेको थिएन । अधिकांश युवा एवं विद्यार्थीहरूको जमात वी.पी. प्रति नै समर्पित थियो । त्यो स्थितिमा प्रायः सबैजसोबाट आगामी नीति, कार्यक्रम र मार्ग दर्शनका लागि अझै पनि वी.पी. तर्फ नै हेर्दै थिए भने अन्य नेताहरू लगायत पार्टीका गरमवादीहरूसँग समेत आफ्ना नेताद्वारा प्रस्तुत मेलमिलाप नीतिप्रति विश्वास गर्दै सहमती जनाउनु बाहेक अर्को विकल्प थिएन ।[१२९६] परिणामस्वरूप राजासँग अनुनय विनय गर्ने तर पंचायतसमक्ष आत्मसमर्पण नगर्ने मूलनीतिअनुरूप नै ने.का. आफ्ना धारणाको कार्यान्वयनतर्फ बढ्यो ।

---

[१२९४] श्रीभद्र शर्मा, टिप्पणी संख्या २३ (ख) ।

[१२९५] *गोरखापत्र,* २०३७ साल कार्तिक २२ गते ।

[१२९६] बराल, टिप्पणी संख्या २७, पृ. १२१ ।

वास्तवमा वी.पी. ले आफ्नो मेलमिलाप नीतिलाई तत्कालै सत्तामा पुग्ने सिढिका रूपमा प्रयोग गर्ने उद्देश्यले अवलम्बन गरेको नभई त्यसबाट देशभित्र शान्तिपूर्ण चलखेलको अवसर सिर्जना गर्ने र राजालाई पनि सहमत गराई शान्तिपूर्ण परिवर्तनको ढोको खोल्ने उद्देश्यअनुरू अवलम्बन गरेका थिए । यसबाहेक उनले राष्ट्रियतामाथि देखापरेको संकट, देशको आर्थिक विकासमा उत्पन्न व्यवधान र मुलुकको राजनीतिमा हावी हुँदै आएको प्रतिक्रियावादीहरूको अपवित्र गठबन्धन लगायतका समस्याहरूको समाधानसँगै राजनैतिक जागरण ल्याउने सोचअनुरूप नै यो नीतिलाई बढाएका थिए । जसको सफलताका लागि ने.का., राजा, जनता आदि सबैको एकात्मक प्रयास जरुरी थियो । यो कुरा राम्रोसँग बुझेको हुँदा नै वी.पी. ले आफ्नो नीतिअन्तर्गत निहित इमान्दारिताप्रति राजालाई विश्वस्त पार्ने लक्ष्यअनुरूप बढेका थिए । जसमा आँच आउने कुनै पनि क्रियाकलाप हुन दिने पक्षमा उनी थिएनन् । तसर्थ उनले जनमत संग्रहको परिणामपछि निरास जस्तो हुन पुगेका बहुदलवादीहरू समक्ष “बहुदलपक्षको पराजयलाई गौण कुरा मानेर देशमा प्रजातान्त्रिक शक्तिको स्थितिमा आएको विकासबाट देश कहिल्यै पछि नफर्कने गरी प्रजातान्त्रीकरणको मार्गमा बढेको वास्तविकता हृदयङ्गम गरी सक्रिय रहन”[१२९७] आह्वान गर्दै संयमित पार्ने र उत्साहित बनाउने काम गरेका थिए ।

जनमत संग्रहपश्चात राजाबाट सम्पादित कार्यहरूलाई आधार बनाएर अल्पमतको कदर गरिने राजभावना विपरित परिणाम आउने आशंका उठाएर विविध क्षेत्रबाट नीति परिवर्तनका लागि आएका दवाव एवं धारणाबाट पनि ने.का. विचलित भएन । तसर्थ पार्टीले पंचायत र राजालाई एउटै दृष्टिले हेर्न नहुने धारणालाई नै निरन्तरता दियो भने वी.पी. ले अन्तर्राष्ट्रिय जगतमा राजालाई जनमत संग्रहद्वारा देशलाई प्रजातान्त्रीकरणको मार्गमा बढाउन पहल गर्ने कार्यको श्रेय दिए । जसको पुष्टिका लागि सन् १९८० नोभेम्बर (वि.सं. २०३७ कार्तिक) मा स्पेनको राजाधानी म्याड्रिडमा सम्पन्न सोशलिष्ट इन्टरनेशनलको बैठकमा उनले व्यक्त गरेका विचारलाई लिन सकिन्छ । जहाँ उनले स्पष्ट शब्दमा जनमत संग्रहबाट मुलुक प्रजातान्त्रीकरणको दिशामा उन्मुख भएको, जनताले खुलारूपमा राजनैतिक चर्चा गर्ने अवसर पाएको लगायतका कुरालाई उपलब्धिका रूपमा उल्लेख गरी राजालाई जनमत संग्रह गराएको श्रेय दिएर[१२९८] आफ्ना समाजवादी मित्रहरूसँग कुनै सहयोगको आशारूपी भावना पनि व्यक्त गरेनन् ।

देशको भावी संविधानमा प्रजातन्त्रवादीहरूले पनि आफ्नो अस्तित्व कायमै राखेर गतिशिल हुने मौका प्राप्त गर्नुपर्दछ भन्ने मान्यताअनुरूप बढेर वी.पी. ले आयोगलाई सुझाव

---

[१२९७] (क) *विश्वदुत साप्ताहिक,* २०३७ साल जेठ २६ गते ।
(ख) शुशिल कोइरालासँग २०६० पौष २५ गते बुद्धनगर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) महेश्वरलाल श्रेष्ठसँग २०६० असार २ गते नारायणगढ, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) वासुदेव रिसाल, टिप्पणी संख्या ८ (ख) ।

[१२९८] वी.पी. को उक्त सम्बोधनका लागि शुशिल कोइराला (सं.), *डेमोक्रेशी इन्डिस्पेन्सीवल फर डेभलपमेन्ट,* वाराणसी : सान्दाजु पब्लिकेसन्स, १९८२, पृ. १५४-१५८ ।

दिएपछि ने.का. का अन्य नेताहरूद्वारा वी.पी. ले सुझावमा उल्लेख गरेका विषयहरूलाई संवैधानिक मान्यता दिलाउन देशव्यापी अभियान प्रारम्भ गरियो । यस क्रममा पार्टीद्वारा पंचायतका यथास्थितिवादीहरूले अवलम्बन गरेको नीति एवं कार्यशैलीबारे व्यापक विरोध जनाउने र संविधानभित्र प्रजातान्त्रिक मान्यताले स्थान नपाएमा आफूले स्वीकार नगर्ने लगायतका कार्यलाई तिब्रतर पारेर बढ्ने अभियान संचालन गरी दवावमुलक स्थिति सिर्जना गर्नेतर्फ लाग्यो । पार्टीका महामन्त्री गिरिजाप्रसाद कोइरालाले आगामी संविधानका बारेमा पार्टीका धारणा सार्वजनिक गर्दै जनभावना बुझ्ने अभियान प्रारम्भ गरी देशव्यापी भ्रमण गर्ने निश्चय गरे । जसलाई व्यवहारिक रूप दिन देशका विभिन्न जिल्ला समितिहरूलाई परिपत्र गरी कार्यक्रम आयोजना गर्न निर्देशन दिँदै केन्द्रलाई जानकारी दिएमा आफू लगायतका व्यक्तिहरू सहभागिताका लागि पुग्ने प्रतिबद्धता जनाए ।[१२९९] यसरी कार्यक्रम निश्चित गरेपछि देशका विभिन्न गाउँ एवं सहरहरूमा किसान ऱ्यालि, मजदुर ऱ्याली, जनसभा, गोष्ठी आदिको आयोजना गर्ने र केन्द्रीय नेताहरूद्वारा सम्बोधनका क्रममा भावी संवैधानिक धारणा प्रष्ट पार्ने लगायतका कार्यहरू प्रारम्भ गरियो ।

यसैक्रममा महामन्त्री गिरिजाप्रसाद कोइरालाले राजधानी काठमाडौँ सहरको किनारास्थित एक गाउँमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै सबै पक्षलाई समेटन सक्ने संविधानबाट मात्र समस्या समाधान हुने धारणा स्पष्ट गरे । राष्ट्रिय अस्तित्वलाई जोगाउँदै देशको पुनर्निर्माणका लागि संस्थागत पूर्ण प्रजातान्त्रिक हक नेपाली जनतालाई चाहिएको वर्तमान अवस्थामा जय पराजयको संकिर्ण भावनाबाट उन्मुक्त भई समस्त नेपाली जनता सहजै सहभागि हुन सक्ने पूर्ण प्रजातान्त्रिक संविधानको अपेक्षा गरेको स्पष्ट गर्दै कोइरालाले चुनौतीपूर्ण भाषामा धारणा व्यक्त गरेका थिए । उनकै शब्दमा-

> संविधान भनेको सर्वसम्मती हो, प्रशासनिक नियमहरूको दस्तावेज हो । त्यसप्रति सबैवर्ग र समुदायको समान आस्था हुनु नितान्त आवश्यक हुन्छ । तसर्थ एक वर्ग वा समुदायको मात्र हितलाई ध्यानमा राखेर अर्कोपक्षको वेवास्ता गरी संविधान तर्जुमा हुन्छ भने अर्को पक्षलाई त्यो अमान्य हुन्छ र यो संविधानको एकपक्षीय स्थिति हो । यस्तो स्थितिमा त्यसको मर्यादा घटन जाने मात्र नभई वस्तुतः त्यो कागजको फगत पन्नामा मात्र सीमित अथवा खोटो सिक्का जस्तो मात्र भएर रहन्छ । हामी आगामी संविधान त्यस्तो नहोस् सबैको निमित्त स्वीकार्य होस् भन्ने चाहन्छौं ।[१३००]

अर्का प्रभावशाली नेता गणेशमान सिंहले आयोगलाई विधिवत सुझाव नदिए तापनि प्रजातन्त्रवादीलाई स्वीकार नहुने संविधान आएमा स्वीकार गर्न बाध्य नहुने स्थिति स्पष्ट गर्दै अत्यन्त कडा शैलीमा शर्त वा बन्देज युक्त व्यवस्था नहोस् भनी चेतावनी दिएको पाइन्छ । संवैधानिक संशोधनका वहानामा प्रजातान्त्रवादीहरूलाई पन्छाउने पड्यन्त्र नहोस्, बन्देज युक्त

---

[१२९९] (क) निलाम्बर पन्थीसँग २०५८ मंसिर ३० गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) डिल्लीरमण शर्मासँग २०५८ कार्तिक १३ गते मंगलापुर, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) गोपलकुमार बस्नेतसँग २०६० जेठ ३ गते चारपाने, विर्तामोड झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) वासुदेव रिसाल, महेश्वरलाल श्रेष्ठ र शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।

[१३००] *राष्ट्रपुकार,* २०३७ सालभाद्र २६ गते ।

संविधान नआओस् र प्रत्येक बालिग नागरिकले मतदानदेखि उम्मेदवारीसम्मका क्रियाकलापहरूमा स्वतन्त्रता पूर्वक सहभागिता जनाउने अवसर प्राप्तिको व्यवस्था होस् भन्ने नीतिअनुरूप धारणा व्यक्त गर्ने सिंहका हरेक शब्दमा चुनौति र चेतावनी पाइन्छ । जसमा "शर्त वा बन्जेहरूसहित चुनावमा भाग लिनु आत्म हत्या हुनेछ, देशका लागि प्रजातान्त्रिक शक्तिहरूको सहयोग र सक्रियता चाहिन्छ भने उनीहरूलाई सैद्धान्तिक आत्मसमर्पण बिनानै सरिक हुनसक्ने अवस्था हुनुपर्दछ"[१३०१] भन्दै निरंकुशताको पक्षपाती संविधान भएमा स्वीकार गर्न नसक्ने कुरा स्पष्ट गरे ।

नेपाली कांग्रेस यसरी जनसमक्ष पुगेर आफ्ना धारणा सार्वजनिक गर्दै भावी संविधानका सम्बन्धमा दवावमुलक स्थिति निर्माणमा लागेका बेला पंचायतका यथास्थितिवादीहरूका नेता तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले राजाको सक्रिय नेतृत्वमा संचालित प्रचायती व्यवस्था लगायतका धारणाद्वारा पंचायतका नेताका रूपमा राजालाई प्रस्तुत गर्ने लगायतका कार्य गर्दै थिए । जसबाट पंचहरूमा राजाको सक्रिय नेतृत्वको दुहाई दिने प्रवृति बढ्नुका साथै त्यसै बहानामा अनुदार संविधान ल्याउने संभावना पनि देखापऱ्यो । त्यो स्थितिमा ने.का. ले राजाको सक्रिय नेतृत्वमा जोड दिँदै आएका तत्कालीन प्रधानमन्त्री थापा लगायतका पंचहरूका क्रियाकलाप सम्बन्धमा आलोचना गर्ने निश्चय गऱ्यो । जसलाई व्यवहारिक रूप दिँदै वी.पी. ले राजाको सक्रिय नेतृत्व पंचायती व्यवस्थाको अपरिहार्यता लगायतका पंचहरूका अभिव्यक्तिका जवाफमा "राजाले नै दैनिक प्रशासनबाट आफू टाढा बस्ने कुरा घोषणा गरिसकेको जनाउँदै त्यसबाट राजाको सक्रिय नेतृत्वको प्रश्नसम्म पनि नउठने भएकाले प्रजातान्त्रिक व्यवस्थाको माग गर्ने वर्तमान अवस्थामा राजाबाट जनतासँग शक्तिको बटवारा अर्थात विभाजन नगरिने कुरा उल्लेख गरी"[१३०२] प्रजातान्त्रिक संविधानको अपरिहार्यतामा जोड दिए । यस दलका अन्य नेताहरूद्वारा यसक्रममा बहुदल पक्षमा लागेको वहानामा जनमत संग्रह पछि पंचायती सरकार, तत्कालीन प्रशासन एवं राष्ट्रियदेखि स्थानीयस्तरसम्मका पंचहरूको मिलिभगतमा गरिएका तिब्र दमन एवं प्रतिशोध पूर्ण कार्वाही र निर्दलीयताको वकालतका विरुद्धमा तिब्र विरोधसमेत प्रकट गरेका थिए ।[१३०३] ने.का. ले यसबाहेक पंचायती सरकारका गलत क्रियाकलापको विरोध गर्न र जनमानसमा प्रजातान्त्रिक संविधानको महत्त्व बोध गराई आफ्नो नीति स्पष्ट गर्न किसान मजदुर लगायतका बहुसंख्यक जनताले भोग्नु परेका समस्याहरू सार्वजनिक गर्दै जनसमक्ष पंचायती शासनको वास्तविकता स्पष्ट गर्न विरोध कार्यक्रमहरूको आयोजना पनि गरेको थियो । जसमा आफ्नो प्रमुख भातृ संस्था ने.वि. संघको समेत सहयोगमा देशव्यापी रूपले विरोध प्रदर्शन र आमसभाको आयोजना गर्ने, कृषि उपजमा भएको ह्रास, महंगी, भ्रष्टाचार, प्रशासनिक दमन

---

[१३०१] *नयाँ नेपाल,* २०३७ साल आश्विन ४ गते ।

[१३०२] *प्रतिध्वनी साप्ताहिक,* २०३७ साल आश्विन २४ गते ।

[१३०३] विस्तृतिका लागि *राष्ट्र पुकार,* २०३७ साल भाद्र २६ गते, आश्विन २ गते, ९ गते, १६ गते, कार्तिक ७ गते र २१ गते, मंसिर १२ गतेका विभिन्न अङ्कहरू ।

लगायतका विषयमा किसान ऱ्याली, मजदुर ऱ्याली, विद्यार्थी जुलुस एवं आमसभाको आयोजना लगायतका कार्यलाई तिब्रता दिएर कटुआलोचना गरिएको थियो ।[१३०४]

पंचायतका यथास्थितिवादीहरूका धारणा एवं क्रियाकलापको आलोचनासँगै संविधान संशोधनमा मान्यता पाउनु पर्ने आफ्ना धारणायुक्त आवाजलाई निर्णयकर्तासम्म पुऱ्याउने उद्देश्यले ने.का. ले दवावमुलक स्थिति निर्माणको प्रयास पनि गरेको थियो । यस क्रममा वी.पी. ले पंचायत पक्षलाई मात्र मान्य हुने खालको संविधान आएमा नयाँ बोतलमा पुरानो रक्सी जस्तो हुनेछ भन्दै त्यस्तो संविधान जनभावना विपरितको सिद्ध हुन गई २० लाख जनता अस्वीकार गर्न बाध्य हुने स्थिति सिर्जना हुनाले संविधान महत्त्वहिन हुने लगायतका भावनाद्वारा[१३०५] दवावमुलक सन्देश दिए । अर्का नेता गणेशमान सिंहले बहुदल पक्षले पाएका २० लाख मतको उपेक्षा गरेर राष्ट्रिय राजनीति परिचालनको प्रयास गर्नु असम्भव भएको स्पष्ट गर्दै प्रजातान्त्रिक पक्षले शान्तिपूर्ण संवैधानिक मार्ग अनुशरण गर्ने अवसर पाउँदासम्म त्यही मार्ग रोज्दछ तर त्यसमा अवरोध पुऱ्याएका खण्डमा संघर्षको मार्ग अवलम्बन गर्न कसैले रोक्न सक्दैन भन्दै[१३०६] चुनौती दिने अभियान चलाए । यसै गरी एकपक्षीय संविधान भएमा कागजको खोस्टो र खोटो सिक्का जस्तै हुनेछ भन्ने सन्देश एवं भावनालाई देशव्यापी बनाएर जनलहर सिर्जना गर्ने अभियानमा संलग्न महामन्त्री गिरिजाप्रसाद कोइरालाले दवावमुलक स्थितिको विकास तिब्र बनाउने खालका अभिव्यक्ति दिएको पाइन्छ । जसमा उदार संविधानले मात्र ने.का. लाई आगामी निर्वाचनमा सहभागिताका लागि प्रेरित गर्न नसक्ने जनाउँदै पंचायतको निलम्बन र ने.का. को समेत संलग्नता रहेको राष्ट्रिय सरकार स्थापनाको मागसमेत गरेका थिए ।[१३०७]

यसप्रकार ने.का. ले आफ्ना धारणा कार्यन्वयनका लागि गरेको प्रयासलाई तत्कालीन समाजका महत्त्वपूर्ण अंग मानिने बुद्धिजीवी, विद्यार्थी, किसान, पत्रकार, प्राध्यापक लगायतले अत्यन्त चासो देखाएर जनस्तरसम्म नै पुऱ्याउन सहयोग गरे । जसबाट उत्पन्न परिस्थितिमा देखापरेको जनलहरबाट यथास्थितिवादीहरूलाई झन सशंकित बनायो । तसर्थ एक वर्षको प्रजातान्त्रिक अभ्यासलाई निरन्तरता दिएका खण्डमा आफ्नो नेतृत्वका नाममा हाली मुहाली

---

[१३०४] (क) *विश्वदुत साप्ताहिक,* २०३७ साल कार्तिक १८ गते ।
(ख) *राष्ट्र पुकार,* २०३७ साल आश्विन २ गते ।
(ग) डा. गंगाधर लम्सालसँग २०६० असार ३ गते भरतपुर, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) कृष्णलाल सापकोटासँग २०६० असार २ गते नारायणगढ, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) डा. वृखेशचन्द्रलालसँग २०६० जेठ १३ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(च) गोविन्द कँडेलसँग २०६० असार १२ गते अनामनगर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(छ) महेश्वरलाल श्रेष्ठ र शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।

[१३०५] (क) *स्टेटशमेन,* सन् १९८० नोभेम्बर १७ ।
(ख) *नेपाल टाइम्स,* २०३७ साल कार्तिक १२ गते ।

[१३०६] (क) *नेयाँ नेपाल,* टिप्पणी संख्या ५० ।
(ख) *विश्वदुत साप्ताहिक,* २०३७ साल आषाढ २ गते ।

[१३०७] *समय साप्ताहिक,* २०३७ साल आश्विन १७ गते ।

चलाइरहेको वर्गले उपरोक्त धारणालाई उपेक्षा गर्ने नीति लियो । फलस्वरूप नेपाली कांग्रेसका धारणाले संवैधानक संशोधनमा स्थान पाउन नसकेको हुँदा राजनैतिक गतिरोध अन्त हुने स्थिति कार्यान्वयन हुन सकेन ।

## ६.५ संविधानको तेस्रो संशोधन २०३७ को घोषणा र प्रतिक्रिया

नेपालको प्रचलित संविधानमा संवैधानिक सुधारका लागि आयोग गठन गर्ने, सुझाव माग्ने, सुझाव दिने लगायतका प्रक्रियाहरूकै वैधानिक स्थान नहुदाँ नहुँदै पनि राजा वीरेन्द्रबाट २०३२ सालमा संविधान संशोधन गर्दा सुरु गरेको संवैधानिक परम्पराअन्तर्गत नै २०३७ सालमा संविधान सुधार सुझाव आयोगको गठन गरिएको थियो । जसलाई राजाबाट २०३६ सालमा पौष १ गतेको सन्देशमा व्यक्त भावनाअनुरूप बालिग मताधिकारका आधारमा विधायिकाको निर्वाचन, विधायिकाद्वारा प्रधानमन्त्रीको चयन र मन्त्रीपरिषद् विधायिकाप्रति जवाफदेही हुनुपर्ने खालको प्रणालीअनुरूप हुनेगरी संवैधानिक सुधारका लागि सुझाव दिन भनिएको थियो । राजाबाट व्यक्त उपरोक्त भावनालाई संवैधानिक मान्यता दिएका खण्डमा पंचायत प्रणालीभित्र दलीय राजनीतिको सुभारम्भ एवं विकास सुनिश्चित भएकाले निर्दलीय पंचायती व्यवस्थाको मौलिक सिद्धान्त प्रतिकूल हुने स्थिति देखियो । तसर्थ राजवचनको पालना गर्नुपर्ने बाध्यात्मक परिस्थिति हुँदाहुँदै पनि जनमत संग्रहमा सामान्य अन्तरले मात्र विजयी भएको पंचायत पक्षलाई निर्दलीय पक्षमा रूपान्तरण गरेर झन सुदृढ तुल्याउने सोचअनुरूप उपाय खोज्नेतर्फ यथास्थितिवादीहरू सक्रिय भए । जसले बहुदलवादीहरूको खासै प्रतिनिधित्व नभएको आयोगको स्वरूपबाट फाइदा उठाएर अल्पमतका चाहना एवं भावनालाई पूर्णत उपेक्षा गर्दै सुझाव प्रस्तुत गर्ने स्थिति सिर्जना गरे ।[१३०८] फलस्वरूप प्रारम्भदेखि नै निर्दलीयताका पक्षमा अभिमत जाहेर गर्दै सक्रिय भएको आयोगले संसदीय पद्धतिका मूलभूत मान्यता समाविष्ट राजनैतिक सुधारसम्बन्धी राजघोषणालाई संविधानमा जस्ताको तस्तै राख्नाले दलीय व्यवस्था स्वतः नै आउने भएकाले निर्दलीय पंचायती व्यवस्थाको मौलिक चरित्र जोगाइ राख्न आवश्यक शर्त र अंकुशको खोजीतर्फ ध्यान दिई २०३७ साल भाद्र २४ गते श्री ५ समक्ष आफ्नो सुझाव प्रस्तुत गर्‍यो ।[१३०९] आयोगले यसक्रममा आफैले बहुदलवादीहरूलाई पत्रलेखी मागेका सुझावहरूलाई समेत रद्धिको टोकरीमा फ्याकेर एकपक्षीय रूपमा यथास्थितिवादीहरूका भावनालाई मात्र संवैधानिक मान्यता दिएर सुझाव प्रस्तुत गरेको थियो ।

संविधान संशोधनका क्रममा राजाबाट राजसभा स्थायी समितिका सदस्यहरू र राष्ट्रिय पंचायतको निर्देशक समिति सम्मिलित विशेष समितिसँग परामर्श लिने संवैधानिक प्रावधान भएकाले सुझाव प्राप्तिपश्चात यसतर्फको सक्रियता सुरु भयो । राजसभा स्थायी समितिका सभापति ब्रिगेडियर जनरल भुपालमान सिंह कार्कीलाई श्री ५ बाट यसबारे सोधनी भयो ।

---

[१३०८] (क) गणेशराज शर्मा, निलाम्बर पन्थी, महेश्वरलाल श्रेष्ठ, श्रीभन्द्र शर्मा, डा. गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।
(ख) यज्ञप्रसाद अधिकारीसँग २०६० असार ३ गते भरतपुर, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१३०९] गौतम, टिप्पणी संख्या २, पृ. १७५ ।

त्यसपछि कार्कीको सभापतित्वमा राजसभा सचिवालयमा बसेको बैठकले २०३७ साल मंसिर २९ गते संविधानको तेस्रो संशोधनको मस्यौदामाथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्दै आवश्यक सुझावसहित श्री ५ समक्ष प्रस्तुत गऱ्यो ।[१३१०] यसप्रकार जनमत संग्रह समापनपश्चातका ७ महिनासम्म नेपालको भावी राजनैतिक व्यवस्थाको स्वरूपका लागि चलेका विवाद एवं तर्कहरूको ठोस निचोड प्राप्तिको अवसर सिर्जना भयो ।

विशेष समितिको परामर्शपश्चात लामो समयदेखि मुलुकको राजनैतिक क्षेत्रले गरेको संवैधानिक प्रतिक्षालाई अन्त गर्दै राजाबाट २०३७ साल पौष १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवशका उपलक्ष्यमा राजधानीस्थित सैनिक मंचमा आयोजित कार्यक्रममा संवोधन गर्दै नेपालको संविधान तेस्रो संशोधन २०३७ को घोषणा गरियो । देशको सार्वभौमिकताको संरक्षण, सर्वाङ्गिण विकास र राष्ट्रिय एकता कायम गर्ने उद्देश्यअनुरूप समय-समयमा विभिन्न कदम चालिँदै आएको स्पष्टतासँगै राजाबाट आफ्ना पिता स्व. श्री ५ महेन्द्रद्वारा नेपाली जीवन पद्धतिको स्वभाव र परम्परागत संस्कारअनुसार उपयुक्त व्यवस्थाका रूपमा प्रादुर्भाव गरेको पंचायती व्यवस्थाले गाउँ-गाउँमा व्यापक जनसहभागितामा आधारित वास्तविक प्रजातन्त्रको जग बसालेको[१३११] उल्लेख गर्दै व्यवस्थाको लोकप्रियता स्पष्ट गरेर संविधान संशोधनबारे प्रकाश पार्दै संशोधित संविधान जारी गरेको घोषणा गरियो । श्री ५ वीरेन्द्र कै शब्दमा-

> ... यस व्यवस्थाको विशाल परिवेश भित्र नेपाली हुँ भन्ने प्रत्येक व्यक्तिलाई अटाउन सक्ने समान अवसर उपलब्ध गराउनु आज हामी सबैको प्रयास हुन आवश्यक छ । गतवर्ष पौष १ गते हामीबाट बक्सेको सन्देशमा उल्लेख भएका सुधारहरूलाई जनमत संग्रहको परिणामको सन्दर्भमा मुर्तरूप दिन २०३७ साल जेठ ८ गते हामीबाट संविधान सुधार सुझाव आयोग गठन गरिबक्सेका थियौं । यस आयोगले नेपाली नागरिकहरूको रायसमेत लिई पेश गरेको सिफारिस र नेपालको संविधानको धारा ८२ बमोजिमको विशेष समितिको परामर्शसमेत लिई आजैका मितिमा हामीबाट नेपालको संविधान तेस्रो संशोधन २०३७ यसै घोषणाद्वारा जारी गरिबक्सेका छौं ।[१३१२]

उक्त घोषणामा राजाबाट २०३६ साल पौष १ गते आफूले गरेको घोषणामा निहित सुधारका बुँदाहरू उल्लेख गर्दै संशोधित संविधानले यसैअनुरूपको पद्धति विकास होस् भन्ने अभिप्राय राखेको उल्लेख गरियो । यसबाहेक वर्तमान सुधारले "सबै नेपाली पंच र सबै पंच नेपाली भन्ने अन्तर्निहित भावनाको उदवोधन गर्ने" स्पष्टतासँगै जुनसुकै सुधारको उपादेयता

---

[१३१०] रामकुमार दाहाल, *कन्स्टीच्यूशनल एण्ड पोलिटिकल डेभलपमेन्टस इन नेपाल,* काठमाडौं : रत्न पुस्तक भण्डार, सन् २००१, पृ. ५४ ।

[१३११] (क) *गोरखापत्र,* २०३७ साल पौष २ गते ।
(ख) श्री ५ को सरकार, टिप्पणी संख्या २० (क) पृ. ३५६ ।
(ग) *राष्ट्रपुकार,* २०३७ साल पौष ४ गते ।

[१३१२] (क) *पूर्ववत्* (क) र (ग) ।
(ख) *पूर्ववत्* (ख), पृ. ३५६-३५७ ।

त्यसको सफल कार्यान्वयनमा निर्भर गर्दछ भन्दै कृत्रिम मतभेदलाई विर्सेर सुधारको लक्ष्यअनुरूप सफल कार्यान्वयनमा सहभागिताका लागि समस्त देशवाशीहरूलाई आह्वान गरियो ।[१३१३]

यसप्रकार २०१७ सालमा राजा महेन्द्रबाट संसदीय व्यवस्था अपदस्त गरी सम्पूर्ण शासनाधिकार हातमा लिएको दिन र २०१९ सालमा पंचायती संविधान लागू गरेको दिन पौष १ गते नै पारेर २०३७ सालमा राजा वीरेन्द्रबाट संविधानको तेस्रो संशोधन घोषणा गरेपछि यसबारे देशव्यापी प्रतिक्रिया प्रारम्भ भयो । यसपटकको संशोधनमा पनि यथास्थितिवादीहरूकै भावना र धारणाले मान्यता पाएको हुँदा अल्पमतको कदर गरिने राजघोषणा कार्यान्वयन हुने आशाअनुरूप सक्रिय रहेका बहुदलवादीहरूलाई समेट्न सक्ने स्थिति रहेन । किनकी यो संशोधनबाट पनि राजाले नेपालको शासन प्रणाली अर्थात शक्तिको संरचनालाई आमूलरूपले परिवर्तन गर्न सकेनन् ।[१३१४] त्यो अवस्थामा पहिलाझैं यथास्थितिवादीहरू नै मजवुत हुने मान्यता युक्त प्रावधानहरूको व्यवस्थालाई संविधानले आत्मसात गरेकाले प्रजातन्त्रवादीहरू सन्तुष्ट रहने कुरै भएन । त्यसबाहेक बहुदलवादी पंच एवं उदारवादी पंच लगायत वामपन्थी खेमा एवं समूहमा पनि तेस्रो संशोधनले कुनै आशाको किरण छर्न सकेन । यसर्थ यी सबैद्वारा असन्तुष्टता जनाउने कार्यसँगै प्रतिक्रिया व्यक्त गर्ने क्रम प्रारम्भ भयो । यसको विपरित पंचायतका यथास्थिति समूहहरूबाट भने जे जस्ता भाषाको प्रयोग गरिए तापनि स्वीकार गर्दै धारणा व्यक्त गरियो ।

मेलमिलाप नीतिको कार्यान्वयनका लागि असहज परिस्थितिलाई पनि स्वीकार गरेर मार्ग निर्धारणको प्रयासमा लागिरहेका ने.का. का नेता वी.पी. कोइराला र गणेशमान सिंह संविधानको तेस्रो संशोधन घोषणा हुँदा उपचारका सिलसिलामा विदेशमा रहेकाले पार्टीको धारणा स्पष्ट गर्नका लागि काठमाडौंमा कार्यकर्ताहरूको बैठक बोलाइयो । कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा बसेको बैठकले छलफलपश्चात संविधानको तेस्रो संशोधनलाई अप्रजातान्त्रिक र अपुरो भएकाले स्वागत योग्य नभएको निष्कर्षसहित बी.पी. एवं गणेशमान जस्ता हाम्रा नेताहरू विदेशबाट फर्केपछि समानधर्मीहरूको एक वृह्द भेलाद्वारा भावी कदमबारे निर्णय गरिने स्पष्ट गऱ्यो ।[१३१५] त्यसपछि संशोधित संविधानले पनि नेपाली जनताको आकांक्षा पूरा गर्न नसकेको जनाउँदै ने.का. का कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराईले पुनः संघर्षको स्थिति आउन सक्ने संकेतसहित प्रतिक्रिया व्यक्त गरे । उनकै शब्दमा-

> तेस्रो संविधान सुरधारले पनि नेपाली जनताको आकांक्षालाई पुरा गर्न सकेन । संविधान नभएको देशमा केवल हुकुमीशासन हुन्छ भन्ने कुरालाई म मान्न तयार छैन । यदि संसदिय प्रजातन्त्र माटो सुहाउँदो होइन भने तथाकथित संविधानद्वारा शासन गर्ने परम्पराको प्रारम्भ भएको पनि धेरै वर्ष भएको छैन । अतः जनतालाई ऐनहरूद्वारा पूर्ण मौलिक हक प्रदान गरी वर्तमान सुधारिएको पंचायतलाई तुरुन्त खारेज गर्ने साहस श्री ५ महाराजाधिराजमा आइदिएका खण्डमा अझै देशको भविष्य सुरक्षित हुनसक्दछ । होइन भने

[१३१३] *पूर्ववत्* ।

[१३१४] टि. लुइस ब्राउन, *दि च्यालेन्ज टु डेमोक्रेशि इन नेपाल ए पोलिटिकल हिस्ट्रि,* लण्डन : रौटलेज, १९९६, पृ. ९४ ।

[१३१५] *राष्ट्रपुकार,* २०३७ साल पौष ४ गते ।

२० लाख जनता लगायत सबैले आफ्नो अधिकारको पुनः प्राप्तिको लागि अवश्यमेव नयाँ पाइलाहरू सार्ने छन् ।[१३१६]

ने.का. का महामन्त्री गिरिजाप्रसाद कोइरालाले पनि लिखित वक्तव्य नै जारी गरेर आफ्नो प्रतिक्रिया व्यक्त गरे । तत्कालीन मन्त्री परिषद् नै राष्ट्रिय संकट गहिऱ्याउने कारण बन्दै गएकाले राजाबाट प्रजातन्त्रवादी राष्ट्रिय शक्तिहरूको सहयोग लिन ठोस् र साहसी निर्णय गर्नु परेको जनाउँदै कोइरालाले संकटले भयावहरूप लिनु अगावै सर्वमान्य र लोकप्रिय समाधान हुन नसकेमा इतिहासको कठोर निर्णयका लागि तत्पर रहन आह्वान गरे ।[१३१७] यसबाहेक आफ्नो वक्तव्यमा संशोधित संविधानबारे उल्लेख गर्दै उनले जुन भावना, भाषा र शैलीमा संविधानको तेस्रो संशोधन आएको छ त्यसले देशमा एउटा गम्भिर संकटको स्थिति उत्पन्न गरेकोबाट समस्त प्रजातन्त्रवादी स्तब्ध र क्षुब्ध भएको जनाउँदै यसले मेलमिलाप नीतिप्रति राजाबाट चालिएका सकारात्मक कदमहरूलाई गम्भिर अवरोध पुऱ्याएको र जनसहभागिता असम्भव बनाइएको आरोप पनि लगाए ।[१३१८]

नेपाल प्रजापरिषद्का नेता टंकप्रसाद आचार्यले यो संशोधनबाट जनताले पूर्ण प्रजातान्त्रिक व्यवस्थाका लागि राखेको आशा निष्फल भएको जनाउँदै राजाबाट देशलाई प्रजातान्त्रिक व्यवस्था दिने चाहनाअनुरूप प्रजातान्त्रिक हिसाबबाट संविधान कार्यान्वयन गरेमा त्रुटिहरू केही अंशमा हटेर क्रमशः बहुदलीय व्यवस्थाको भूमिका बस्नसक्ने धारणा व्यक्त गरे ।[१३१९] यसै गरी नेपाली राष्ट्रिय कांग्रेसका डिल्लीरमण रेग्मीले पंचायती शासनकालमा दमित जनताका आकांक्षालाई यो संशोधनले पूरा गर्ने कुनै लक्षणसम्म पनि नदेखिएको जनाउँदै २०१९ सालको संविधानमा निहित प्रेरणाकै प्रतिनिधित्व गर्ने वर्तमान संविधानबाट उत्पन्न हुन सक्ने अधिनायक उग्रवाद रोक्न अग्रसरता देखाउन श्री ५ लाई अनुरोध गरे ।[१३२०] ने.का. भन्दा अलग रहेर जनमत संग्रह लगायतका गतिविधिमा सक्रिय रहँदै आएका सूर्यप्रसाद उपाध्यायले राजाको सुधार घोषणा शिरोपर गर्ने परम्पराअनुसार शिरोपर गरेको जनाउँदै पंचायती व्यवस्थामा प्रजातन्त्रमा हुनुपर्ने कुनै संगठनात्मक विरोधको स्थान नभएकाले संशोधनको प्रजातान्त्रिक दृष्टिमा कुनै महत्त्व नभएको स्पष्ट गरे ।[१३२१]

जनमत संग्रहका क्रममा बहुदलीय पक्षमा सक्रिय रहेका वामपन्थीहरूमध्ये सहाना प्रधानको नेतृत्वमा संगठित समूहले संविधानप्रतिको धारणा स्पष्ट गर्न पार्टीको बैठक नै बोलाएको थियो । जसमा निकै चर्को बहस एवं छलफलपश्चात धाँधलीद्वारा जनमत संग्रहमा

---

[१३१६] *विश्वदुत साप्ताहिक,* २०३७ साल पौष ८ गते ।

[१३१७] *पूर्ववत्* ।

[१३१८] (क) *पूर्ववत्* ।
(ख) *राष्ट्रपुकार,* टिप्पणी संख्या ६४ ।

[१३१९] (क) *पूर्ववत्* (क) ।
(ख) *राष्ट्रपुकार,* २०३७ साल पौष ११ गते ।

[१३२०] *पूर्ववत्* ।

[१३२१] देवकोटा, टिप्पणी संख्या ३, पृ. ७१५ ।

विजय प्राप्त गरेको पंचायती समूहको प्रतिविम्बका रूपमा तेस्रो संशोधन अगाडि आएको जनाउँदै त्यसमा अल्पमत पक्षका भावनाले कुनै पनि स्थान नपाएको स्थितिमा जनतान्त्रिक एवं प्रगतिशील पक्षहरू बीच एकता कायम गर्न अपिल गरियो ।[१३२२] यसै गरी मनमोहन अधिकारीले नेतृत्व गरेको वामपन्थी समूहको नेता मनमोहन अधिकारीले "संविधानको तेस्रो संशोधनले गत जनमतको कदर नगरेको जनाउँदै मौलिक अधिकारमा शर्त राखेर उपहास गरिएको, विधायकप्रति नै आचारसंहिता राखेर विधायिकाबाट निकाल्न सकिने व्यवस्था गरिएको, सुधारिएको पंचायतका सट्टा राजालाई निरंकुश अधिकारहरू प्रधान गरिएको आरोप लगाए ।[१३२३] वामपन्थीहरूकै सिद्धिलाल सिंह एवं रोहित समूहले तेस्रो संशोधनबाट अल्पमतको त कुरै छाडौं बहुमत समूहका धारणासमेत नजर अन्दाज गरेर २०३५-०३६ सालको जनआन्दोलनदेखि जनमत संग्रहलगायतका परिवेशमा व्यक्त गरिएका जनभावना जनआकांक्षा आदिलाई प्रतिविम्बित गर्न नसकेको धारणा स्पष्ट गरे ।[१३२४]

नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको विद्यार्थी संगठन ने.वि. संघले एक वक्तव्यद्वारा तेस्रो संशोधनको आलोचना गर्दै पूर्ण प्रजातान्त्रिक अधिकार स्थापनाका लागि संघर्षलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गऱ्यो । केन्द्रीय समितिद्वारा जारी उक्त वक्तव्यमा तेस्रो संशोधनले २० लाख जनताको भावनालाई कुनै कदर नगरेको, राजनैतिक स्थिरता कायम गर्ने कुनै गुन्जायस नरहेको र २०३६ साल पौष १ गते राजाबाट व्यक्त तीनवटा मूलभूत कुराहरू पनि समग्ररूपमा समावेश नगरेको हुँदा संविधान अप्रजातान्त्रिक मात्र नभएर कपटपूर्ण पनि भएको स्पष्ट गऱ्यो ।[१३२५]

उपचारका सिलसिलामा विदेशमा रहेका बी.पी. कोइराला २०३७ साल माघ १६ गते नेपाल फर्किए । संविधानका सम्बन्धमा प्रतिक्रियाका लहरहरू चलिरहेको अवस्थामा उनको आगमन हुनासाथ उनको धारणा जान्न चावहिलस्थित निवासमा पुगेका पत्रकारहरूसँग संक्षिप्त कुराकानी गर्दै आफ्नो धारणा स्पष्ट गरे । जसमा संविधानको तेस्रो संशोधनले संसदीय प्रजातन्त्रका विशेष लक्षण मानिने केही तत्त्वहरू समावेश गरेको भए तापनि सामाजिक र आर्थिक परिवर्तन ल्याउन र २० वर्षदेखिका प्रतिगामी शोषणशील र अराष्ट्रिय फन्दाबाट देशलाई मुक्त गर्न आवश्यक राष्ट्रिय शक्ति निर्माण भावना उपेक्षा गरेको उल्लेख गर्दै निराशाजनक संविधानको संज्ञा दिए ।[१३२६] आफ्नो मेलमिलाप नीति र त्यसबाट उत्पन्न परिवेश छिन्नभिन्न

---

[१३२२] (क) सहाना प्रधान, टिप्पणी संख्या ३२ (क) ।
(ख) *राष्ट्रपुकार,* टिप्पणी संख्या ६८ (ख) ।
(ग) *विश्वदुत,* टिप्पणी संख्या ६५ ।

[१३२३] (क) *पूर्ववत्* (ग)
(ख) देवकोटा, टिप्पणी संख्या ३, पृ. ७१६-७१७ ।

[१३२४] *साप्ताहिक मातृभूमि,* २०३७ साल पौष १६ गते ।

[१३२५] विस्तृतिका लागि ने.वि. संघका अध्यक्ष विमलेन्द्रनीधि र महामन्त्री दिलबहादुर घर्तीद्वारा २०३७ साल पौष ८ गते जारी वक्तव्य ।

[१३२६] *राष्ट्रपुकार,* २०३७ साल माघ २३ गते ।

नहोस् भनी संविधानलाई पूर्ण बहिस्कार गर्ने घोषणाका सट्टा उनले एक महिना भित्रमा देशका विभिन्न प्रमुख सहरमा पाँचवटा सम्मेलन गरेर आगामी चुनावबारे निष्कर्ष निकाल्ने धारणा पनि सार्वजनिक गरेका थिए ।

जनमत संग्रहका अवधिदेखि नै वहुदलवादी पंचका रूपमा परिचित हुँदै आएका श्रीभद्र शर्मा, विश्वन्धु थापा, रविन्द्रनाथ शर्मा लगायतका पंचहरूले तेस्रो संशोधनबारे आफ्नो निष्कर्ष निकाल्नका लागि एकबैठकको आयोजना गरे । जसमा विविध छलफल गरी तेस्रो संशोधनले देशमा स्वस्थ्य प्रजातान्त्रिक संस्कार युक्त वातावरण निर्माण गर्ने व्यवस्थाका सट्टा राजालाई नै पंचायतका नेता सिद्ध गरी एकपक्षीय फोहोरी राजनीतिमा मुछने व्यवस्था गरेको, अल्पमतको कदर हुन्छ भन्ने राज आश्वासनलाई नजर अन्दाज गरेको र बहुदलवादीहरू समक्ष विश्वासको संकट जन्माउने खालका असंगती एवं अन्तरविरोधहरूलाई समेटेको धारणा सार्वजनिक गरे ।[१३२७]

तेस्रो संशोधित संविधानमा आफ्ना भावनाको प्रतिनिधित्व भएको ठान्ने पंचहरूद्वारा भने यसलाई राजाद्वारा जनतालाई प्रदत्त सर्वोत्तम उपहारका रूपमा ग्रहण गरियो । जसमा पंचायती व्यवस्थाको स्थापनासँगै समर्थक बनेर काम गर्दै आएका र जनमत संग्रहका क्रममा पंचायत पक्षलाई जिताउन सक्रिय भएका व्यक्ति वा नेताहरू पर्दछन् । तेस्रो संशोधनलाई खुलारूपले स्वागत गर्ने भूतपूर्व प्रधानमन्त्रीहरूमध्ये मातृकाप्रसाद कोइरालाले तेस्रो संशोधनबाट देशमा प्रजातन्त्रको आधारभूत जग बसेको अनुभवसहित पंच भेलाबाट पारित प्रश्तावका आधारमा जनमत संग्रहमा गरेका प्रचारले स्थान पाएको स्वीकार गरे[१३२८] भने कीर्तिनिधि विष्टले तेस्रो संशोधन सुधारको अन्तिम पाइलो होइन भन्दै दलविहिन प्रजातान्त्रिक पंचायत व्यवस्थामा निहित पहिलो महत्त्वपूर्ण सुधार भएको स्पष्ट गरे ।[१३२९] अर्का भूतपूर्व प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालले यसले पंच भेलाहरूको भावना र जनताको आकांक्षा समेटेको जनाउँदै जनताका आवश्यकता परिपूर्ति गर्ने विचार व्यक्त गरे ।[१३३०]

जनमत संग्रह सम्पन्न गर्ने दायित्व बोकेर पनि पंचायत पक्षमा सक्रिय रहेका प्रधानमन्त्री सूर्यबहादुर थापा जसले आफ्नो महत्त्वाकांक्षी सोचलाई साकार बनाउने योजनाका तहत संशोधित संविधानमा आफ्ना धारणालाई स्थान दिलाउन सबैभन्दा बढी सफलता पाएका थिएले यो संशोधनलाई सबैभन्दा उदार दिलले स्वीकार गर्दै प्रतिक्रिया व्यक्त गरे । उनले राजाबाट जनमत संग्रहको व्यवस्थासँगै संविधानमा प्रजातान्त्रिक व्यवस्थाका तीन मूलभूत कुरा

---

[१३२७] (क) *नवीन खबर,* २०३७ साल पौष १० गते ।
(ख) श्रीभद्र शर्मा, टिप्पणी संख्या २३ (ख) ।

[१३२८] *साप्ताहिक मातृभूमि,* २०३७ साल पौष ९ गते ।

[१३२९] *गोरखापत्र,* २०३७ साल पौष ३ गते ।

[१३३०] *पूर्ववत्* ।

समावेश गरेकाले अब सबै व्यवस्थाभित्र अटाउन सक्ने परिवेश निर्माण भएकाले सबैलाई राष्ट्रिय मूल प्रवाहमा समावेश हुन आह्वान गरे ।[१३३१]

पंचायतका पिताका रूपमा चिनिने प्रमुख यथास्थितिवादी नेता एवं भूतपूर्व प्रधानमन्त्री डा. तुलसी गिरीले असन्तुष्टताको गन्ध आउने गरी आफ्नो प्रतिक्रिया व्यक्त गरे । राजाबाट गरिएका हरेक निर्णय एवं चालिएका कदमलाई सहर्ष स्वीकार गर्ने नेपाली मध्ये आफू पनि एक भएकाले संशोधित संविधन शिरोधार्य गर्दछु भन्ने गिरीले एक पंचका रूपमा आफूले अंगिकार गरेको पंचायतको निर्दिस्ट राजनैतिक मान्यतालाई तेस्रो संशोधनले समाप्त गरेको धारणा व्यक्त गरे ।[१३३२]

यसप्रकार संविधानको तेस्रो संशोधन घोषणासँगै बहुदलवादीहरूद्वारा यसलाई निराशाजनक, एकपक्षीय, राजनैतिक गतिरोध अन्त गर्न नसक्ने स्वरूपयुक्त संविधान भएको स्पष्टतासँगै प्रतिक्रिया व्यक्त गरियो भने प्रजातन्त्रवादी पंचहरूद्वारा पनि यस्तै निष्कर्ष निकालियो । यसको विपरित यथास्थितिवादी पंचहरूद्वारा भने जनभावना प्रतिविम्बित संविधानका रूपमा स्वीकार गरियो । वास्तवमा पंचायती व्यवस्थाको स्थापनासँगै असहमतिका आवाज बुलन्द गर्दै आएका पंचायत विरोधीहरूलाई यो संशोधनले पनि पूर्ण रूपले समेट्न नसक्दा राजनैतिक गतिरोध अन्त हुने स्थिति देखिएन । तर पनि ने.का. ले यो संविधानभित्र क्रियाशिल हुने उपायको खोजीलाई अगाडि बढाउने निश्चय गरेपछि पुनः एक नवीन हलचलको वातावरण सिर्जना भयो ।

## ६.६ तेस्रो संशोधनका विविध पक्षहरू

२०३७ साल पौष १ गतेको शाही घोषणाद्वारा जारी गरिएको नेपालको संविधानको तेस्रो संशोधनले व्यापक तरंगका लहरहरू उत्पन्न गरायो । यसबाट भावी राजनैतिक व्यवस्थाको स्वरूप निश्चय भएपछि पंचायतका यथास्थितिवादीहरू प्रफुल्लित भए भने सुधारवादी पंचहरू लगायतका बहुदलवादीहरू समक्ष भावी रणनीति निर्धारणसम्बन्धी आवश्यकता स्पष्ट रूपमा देखापऱ्यो । किनकी यो संविधानले एकातिर प्रजातन्त्रवादीहरूलाई आफ्नो पहिचान कायमै राखी निर्वाचनमा भाग लिने अवसर दिएको थिएन भने अर्कातिर पंचायतकालिन २० वर्षको अवधिमा मान्यता नपाएका कतिपय प्रजातान्त्रिक अवधारणालाई पहिलो पटक समेटेको थियो ।

यो संशोधनद्वारा पंचायत प्रणालीभित्र प्रजातन्त्रले स्थान प्राप्त गरी पहिलो पटक बालिग मताधिकारद्वारा राष्ट्रिय पंचायत वा व्यवस्थापिकाको निर्वाचन, व्यवस्थापिकाद्वारा नै प्रधानमन्त्रीको चयन र मन्त्री परिषद् व्यवस्थापिकाप्रति उत्तरदायी हुने व्यवस्थाले मान्यता पाएको

---

१३३१ *पूर्ववत्* ।

१३३२ (क) *चेतना साप्ताहिक*, २०३७ साल पौष ५ गते ।
(ख) *विश्वदुत*, टिप्पणी संख्या ६५ ।

थियो ।[१३३३] अर्थात यो संशाधनले राष्ट्रिय पंचायतको अप्रत्यक्ष निर्वाचनलाई समाप्त गरी बालिग मताधिकारका आधारमा प्रत्यक्ष निर्वाचन हुनेपरिपाटीको स्थापनाका साथै राष्ट्रिय पंचायतबाट प्रत्यक्षतया प्रधानमन्त्रीको चयन गर्ने व्यवस्था गरेर निर्वाचनको सैद्धान्तिक मान्यतालाई स्थापित गरेको थियो । यसबाहेक प्रधानमन्त्रीले राष्ट्रिय पंचायतका ६० प्रतिशत सदस्यहरूको समर्थन प्राप्त गर्नुपर्ने व्यवस्थाका साथै गाउँफर्क राष्ट्रिय अभियानको विधिवत समाप्ति पनि यो संशोधनले गरेको थियो ।[१३३४]

यस पटकको संविधान संशोधनमा समाविष्ट अन्य कतिपय कुराहरू वा प्रावधानहरू ने.का. लगायतका बहुदलवादीहरूको गतिशिलतालाई नियन्त्रण गर्ने र राज्यको शासनाधिकार राजामा नै केन्द्रित गराउने नीतिमा आधारित जस्ता थिए । किनकी देशको एक सदनात्मक व्यवस्थापिका भित्र नै २५ प्रतिशत विधायकहरू राजाबाट मनोनित गर्ने व्यवस्था, वर्गीय संगठनको सदस्यता लिनुपर्ने अनिवार्यता, पंचायत नीति तथा जाँचबुझ समिति एवं समन्वय परिषद्को स्थापना र प्रधानमन्त्री बन्नका लागि रा.प. को ६० प्रतिशतको अनिवार्य बहुमत भन्ने शब्दहरूले अधुरो र शंकास्पद भविष्यको प्रतिनिधित्व गरेका थिए ।[१३३५] अर्कोतिर यो संविधानद्वारा अल्पमत पक्षको पूरा उपेक्षा गरिनुका साथै बालिग मताधिकारका आधारमा हुने पंचायती आम निर्वाचनमा बहुदल पक्ष सहभागि हुन नसकुन भन्ने तर्फ पनि पूर्ण सतर्कता अपनाइएको थियो । जसअनुरूप पंचायतको कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन पंचायतका ६ वटा वर्गीय संगठनमध्ये कुनै एकको सदस्यता लिनुपर्ने, सदस्यता लिँदानै पंचायती संविधान मान्ने प्रतिज्ञा गरेर सहि गर्नु पर्ने र रा.प. को उम्मेदवारी दिँदा भरिने आवेदन पत्रमा नै पंचायती संविधान पालना गर्ने प्रतिज्ञा गर्नुपर्ने व्यवस्था गरिएको थियो ।[१३३६] गाउँ फर्क राष्ट्रिय अभियानका सट्टामा संवैधानिक व्यवस्थाद्वारा ल्याइएको पंचायत नीति तथा जाँचबुझ समितिले गाउँ फर्कले गर्ने सम्पूर्ण कार्य लगायत पंचायतका निकायहरूमा अनुशासन कायम गर्ने अधिकार प्राप्त गरेको थियो । राजाबाट स्वीकृत नियमावली बमोजिम काम गर्ने भनिएको यो निकायले रा.प. देखि बाहिर रहेको पंचायत प्रणालीको संवर्द्धनका लागि आवश्यक सम्पूर्ण काम कारवाहीसँगै रा.प. का समितिहरूले संवैधानिक अंगका वार्षिक प्रतिवेदनहरूमाथि छलफल गरी गरेका निर्णयलाई कार्यान्वित गराउने मुख्य अभिभारा पाएको थियो ।[१३३७] जसको मुख्य उद्देश्य व्यवस्थाका विरुद्ध

---

[१३३३] (क) विलियम रेपर एण्ड मार्टिन हफ्टन, *स्प्रिङ्ग अवेकिनिङ्ग एन एकाउण्ट अफ द १९९० रिभोलुशन इन नेपाल,* न्यू दिल्ली : भाइकिङ्ग बाइ पेनगुइङ्ग बुक्स, १९९२, पृ. १३-१४ ।
(ख) शरद ज्ञवाली, "संविधान एक चर्चा", *विश्वदुत साप्ताहिक,* अम्बिकाप्रसाद मैनाली (स./प्र.), काठमाडौं : २०३७ साल पौष २२ गते, पृ. ३ ।

[१३३४] नरहरी, आचार्य, कृष्णलाल सापकोटा, महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।

[१३३५] ज्ञवाली, टिप्पणी संख्या ८२ (ख), पृ. ३) ।

[१३३६] सूर्यमणि अधिकारी, *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* नई दिल्ली : निराला पब्लिकेशन्स, २०५५, पृ. २८७ ।

[१३३७] (क) गौतम, टिप्पणी संख्या २, पृ. १७७ ।
(ख) शाह, टिप्पणी संख्या ६ (ख), पृ. १४४ ।

सक्रिय हुनेलाई कार्वाही गर्नुदेखि पंचायत प्रणालीभित्र प्रवेश गर्न नदिन हरप्रकारका कोशिस गर्नु रहेको थियो भन्न सकिन्छ ।

यो संविधानले राजाको संवैधानिक शक्तिलाई बृद्धिसँगै जनताका राजनैतिक गतिविधि वा स्वतन्त्रतामाथि नियन्त्रण लगाउने वातावरण निर्माणतर्फ पनि सक्रियता देखाएको थियो । यस संशोधनले राजनैतिक गतिविधिमाथि अप्रत्यक्ष रूपबाट नियन्त्रण कायम गर्नका लागि तीनवटा हतियाररूपी अंगहरूलाई वैधानिक मान्यता प्रदान गरेको थियो । जसमध्ये स्थानीय विकासका कार्यक्रमहरू निर्माण एवं अनुगमन गर्न भनी ल्याएको सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् र खेलकुद विकाशद्वारा अनुशासन, गतिशिलता र स्वस्थ समाज निर्माण गर्न ल्याइएको राष्ट्रिय खेलकुद परिषद् मुख्य थिए । जसले स्वदेशी एवं विदेशी संघ-संस्थाहरूलाई कडाइका साथ नियन्त्रण कायम गरी कुनै पनि राजनैतिक गतिविधिमा सक्रियता देखाउन नदिने र भूमिगत प्रहरी शक्तिका रूपमा काम गरी व्यवस्था विरोधीहरूको दमन कार्यमा प्रयोग गर्न सकिने खालका मार्शल कलामा निपूर्ण व्यक्तिहरूलाई सरकारी जागिर दिने काम गर्दथे ।[१३३८] यसप्रकार सामाजिक सेवामुलक कार्यमा संलग्न निकायलाई मार्ग दर्शन गर्ने र खेलकुद विकासलाई तिब्रता दिने भनिल्याइएका निकायहरूद्वारा पंचायत विरोधीहरूका क्रियाकलाप नीयन्त्रण गर्नेदेखि दमन गर्नेसम्मका क्रियाकलाप व्यवस्थित गर्नेतर्फ यो संविधान सक्रिय थियो । यसबाहेक बालिग मताधिकार व्यवस्थालाई मान्यता दिइए तापनि पंचायती व्यवस्थाको समर्थक बनेर प्रतिज्ञा पत्रमा हस्ताक्षर गर्नेदेखि बाहेकले उम्मेदवारी दिन नपाउने व्यवस्था गरेर २०३६ साल पौष १ गते र २०३७ साल जेठ १ गते राजाबाट व्यक्त प्रतिबद्धतालाई समेत नजर अन्दाज गरियो ।

सबैभन्दा महत्त्वपूर्ण र प्रमुख पक्ष संविधानको तेस्रो संशोधनमा राष्ट्रिय पंचायतको व्यवस्थापन र मन्त्री परिषद्को गठन राजआशिर्वाद बिना हुन नसक्ने खालको नीतिले मान्यता पाएको थियो । "पाँच वर्षे आवधिक सदनमा परिणत गरिएको राष्ट्रिय पंचायत आवश्यकताअनुसार जुनसुकै बखत भंग गरी सोको निर्वाचन गर्न सकिने छ"[१३३९] भन्ने व्यवस्थालाई संवैधानिक स्वीकृति प्राप्त भएकाले राजाको हातमा निर्वाचित सदन भंग गर्ने अधिकारसमेत पुऱ्याइएको स्पष्ट हुन्छ । यस्तै स्थिति प्रधानमन्त्रीको नियुक्तिदेखि सरकार गठनसम्मका प्रक्रियाहरूमा पनि देखिन्छ । किनकी प्रधानमन्त्री पदका लागि उम्मेदवार दिन चाहने रा.प. सदस्यले रा.प. का कूल सदस्य संख्याको कम्तिमा २५ प्रतिशत सदस्यहरूबाट आफ्नो नाम प्रस्तावित र समर्थन गराउनु पर्ने व्यवस्था थियो । यसै गरी उम्मेदवारी दिएकाहरूमध्ये रा.प. का कूल सदस्य संख्याको ६० प्रतिशत वा सोभन्दा बढी मतद्वारा निर्वाचित व्यक्तिलाई मात्र प्रधानमन्त्री बनाउन राजासमक्ष सिफरिस गर्न सकिने व्यवस्था गरिएको थियो ।

[१३३८] ब्राउन, टिप्पणी संख्या ६३, पृ. ९४ ।

[१३३९] टोपबहादुर सिंह, *नेपालको संविधान र संवैधानिक कानुन,* काठमाडौं : कानुनी पाठ्यपुस्तक प्रकाशन समिति (दोस्रो संस्करण), २०४१, पृ. ६१९ ।

तर तत्कालीन रा.प. को गठन प्रक्रिया हेर्दा राज आशिर्वाद बिना कसैले पनि उक्त प्रक्रियामा सफलता पाउन सक्ने स्थिति थिएन । किनकी रा.प. का कूल १४० जना सदस्यहरूमध्ये २८ जना राजाबाट मनोनित गरिने व्यवस्था भएकाले तिनले राज इशाराअनुरूप काम गर्ने सुनिश्चित थियो । तसर्थ मनोनितहरूको समर्थन बिना बाँकी ११२ जना निर्वाचित रा.प.स. हरूबाट ८४ मत प्राप्त गर्न निर्दलीयताभित्र लडिएको चुनावअन्तर्गत कसैलाई पनि सम्भव थिएन । त्यो स्थितिमा प्रधानमन्त्री हुन चाहनेले राज समर्थन वा आशिर्वाद प्राप्त गर्नु पर्दथ्यो । अनिमात्र मनोनितहरूको समर्थन पाउन सकिन्थ्यो । अर्कातिर यदि कसैले पनि आवश्यक बहुमत ल्याउन नसकेका खण्डमा रा.प. ले आफ्ना सदस्यहरूमध्येबाट तीन जनाको नाम सिफारिस गरी राजासमक्ष पठाउनु पर्दथ्यो । जसमध्ये कुनै पनि एक जनालाई प्रधानमन्त्रीमा नियुक्त गर्न राजा स्वतन्त्र थिए । यसबाहेक राजाले निर्वाचित प्रधानमन्त्री एवं राष्ट्रिय पंचायतका अध्यक्षलाई अपदस्त गर्ने अधिकारसमेत प्राप्त गरेको स्थितिमा राजालाई यो संविधानले सर्वाधिकार सम्पन्न एक तानाशाह एवं दिव्य चमत्कारी व्यक्तिका रूपमा स्थापित गऱ्यो ।[१३४०]

उपरोक्त विश्लेषणका आधारमा हेर्दा तेस्रो संशोधित संविधानले २०१७ सालपश्चातको संविधान र संशोधनहरू भन्दा केही प्रजातान्त्रिक भावना समेटेको कुरालाई नकार्न सकिदैन । केही सीमित जमातबाट रा.प. को निर्वाचन गर्ने परम्परालाई यो संविधानले समाप्त गरी रा.प.स. बन्नका लागि जनसमक्ष जानुपर्ने स्थिति स्थापित गऱ्यो भने प्रत्यक्षतया राजाबाट गरिने प्रधानमन्त्रीको नियुक्तिलाई जनप्रतिनिधिसमक्ष पुऱ्यायो । राज समर्थन बिना प्रधानमन्त्री हुन नसक्ने स्थिति देखिए तापनि जनप्रतिनिधिबीच एकता भएमा त्यो स्थिति नै नआउने तथ्य सर्वविदितै थियो । यसमा वर्गीय संगठनको अनिवार्यता, प्रतिज्ञा गर्नुपर्ने अवस्था आदिमात्र नभएको भए अल्पमत पक्ष पनि समेटिएर राजनैतिक गतिरोध अन्त हुने कुरा सुनिश्चित थियो । तर यति कुरातर्फ विचार नपुऱ्याउनाले र पछि अनेकौं उपनियमले बाँधेर साँघुरो बनाउँदै लग्नाले समावेश गरिएका प्रजातान्त्रिक धारणाले पनि पूर्ण जनसमर्थन पाउन सकेनन् र एक ठूलो समूह अर्थात शक्ति राजनैतिक मूलधारभन्दा बाहिरै रही संघर्षतर्फ बढ्यो । परिणामस्वरूप जनमत संग्रह जस्तो साहसिक कार्य सम्पन्न गरिएपछि पनि पंचायतलाई जन अनुमोदित व्यवस्थाका रूपमा एकपक्षीय ढंगले परिभाषित गर्ने बाहेक खासै उपलब्धी प्राप्त हुनसकेन ।

## ६.७ नेपाली कांग्रेसद्वारा संशोधित संविधानमा सहभागिताका लागि गरेको प्रयास र सरकारी व्यवहार

जनमत संग्रहपश्चात पनि सकेसम्म टकराहटको राजनीतिलाई पन्छाउने प्रयासमा लागेका वी.पी. पंचायत नामसँग चिढ नराखी त्यसलाई परिवर्तनका माध्यमका रूपमा प्रयोग गर्ने उद्देश्यअनुरूप अनुकूल संवैधानिक सुधारको प्रतिक्षामा थिए । यसका लागि नै उनले आफ्ना

---

[१३४०] एल.पि.एस. श्रीवास्तव, *नेपाल एट द क्रसरोड्स*, न्यू दिल्ली : एलाइड पब्लिसर्स, १९९६, पृ. ६५ ।

अन्य सहकर्मीहरूले नमान्दा नमान्दै पनि संविधान सुझाव आयोगलाई सुझाव दिएर सकेसम्म सरल परिस्थिति निर्माणको मार्ग विस्तार गर्ने प्रयास गरे । तर राजाको सक्रिय नेतृत्वका नाममा एक छत्र रूपले नेपालको राजनीति चलाइरहेका वर्गद्वारा राजनीतिको निर्णायक एकाधिकार आफूमा सुरक्षित राख्ने उद्देश्य र एक वर्षको प्रजातान्त्रिक अभ्यासलाई निरन्तरता दिएमा आफ्नो स्वार्थ समाप्त हुने निश्चित देखेर पंचायतमा नयाँ समूहहरूको प्रवेशलाई स्थान नदिने खालको संवैधानिक व्यवस्था गरियो ।[१३४१] जसबाट एकातिर नेपालको भावी राजनीति बहुदलवादीहरूका लागि सहज नहुने स्थिति भयो भने अर्कोतिर बालिग मताधिकारको प्रयोगले गर्दा पंचायतभित्र दलीय आचरणले प्रवेश गऱ्यो । त्यो स्थितिमा ने.का. समक्ष संशोधित संविधानलाई स्वीकार गरी पंचायतभित्र प्रवेश गरेर आफ्नो उद्देश्य पूरा गर्नका लागि क्रमिक एवं विकासवादी मार्ग अवलम्बन गर्ने वा त्यसलाई अस्वीकार गरेर जनमत संग्रहमा प्राप्त गरेका २० लाख मतहरूलाई परिचालन गरी संघर्ष संचालन गर्ने आदि विकल्पमात्र बाँकी रहे ।

संविधानको तेस्रो संशोधन जारी हुँदा आफ्ना प्रमुख नेता उपचारका सिलसिलामा मुलुक बाहिर रहेकाले प्रारम्भमै ने.का. ले यसबारे स्पष्ट निर्णय गर्न सकेन । फलस्वरूप त्यसबखत संविधान अपूर्ण भएको तर्क अगाडि सार्ने बाहेक पार्टीको भावी नीतिबारे कुनै ठोस कार्यक्रम दिन नसक्नाले अन्यौल पूर्ण स्थिति देखापऱ्यो । जसलाई नहटाएका खण्डमा कार्यकर्ताहरूमा निरासाको स्थिति बढ्दै जाने भएकाले प्रथमतः कार्यकर्ताहरूको एक बैठक बोलाएर छलफल प्रारम्भ गरियो । जसका संशोधित संविधानका तहत हुने निर्वाचनमा समावेश हुनाले पार्टीले २०१७ सालदेखि उठाउँदै आएका मूलभूत विषयहरू गौण हुने, वर्तमान सरकारले गराएको चुनावी परिणाम पनि जनमत संग्रहको परिणाम जस्तै हुने, पंचायतसमक्ष आत्मसमर्पण गरे जस्तो हुने लगायतका कुराहरू उठाएर संविधानमा निर्दिष्ट केही प्रावधान सुधार भएमा मात्र भाग लिनु उपयुक्त हुन्छ भन्ने निष्कर्ष निकालियो ।[१३४२]

बैठकपश्चात सर्वप्रथम संशोधित संविधानले मेलमिलाप नीतिप्रति राजाबाट चालिएका सकारात्मक कदमलाई प्रतिकूलतातर्फ धेकेलेको र प्रजातान्त्रिक पक्षलाई आघात पुऱ्याएको धारणा राख्दै महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा आगामी निर्वाचनमा सहभागिताका लागि संवैधानिक अडचन भएको स्पष्टतासँगै केही सुधार आवश्यक पर्ने जनाउँदै पूर्वाधार अगाडि सारियो । पार्टीको बैठकबाट भएका निर्णयलगायतका कुनै पनि कुरा उल्लेख नगरिकन जारी गरिएको उक्त वक्तव्यमा कोइरालाले चुनौतीपूर्ण भाषामा धारणा सार्वजनिक गरेका थिए । जसमा राजाबाट संविधानमा विद्यमान कमजोरी हटाउन ठोस कदम चाल्ने र प्रजातान्त्रिक शक्तिहरूको सहयोगका लागि प्रयास गर्ने कार्य नगरिएमा हामीले इतिहासको कठोर निर्णयको

---

[१३४१] गणेशमान सिंह, "हामीले भन्दा पहिले चुनावले हामीलाई बहिष्कार गऱ्यो", *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५४ वैशाख ३ गते, पृ. ३ ।

[१३४२] (क) वासुदेव रिसाल, महेश्वरलाल श्रेष्ठ, निलाम्बर पन्थी, डिल्लीरमण शर्मासँगका अन्तर्वार्ताहरू ।
(ख) रामचन्द्र पौडेलसँग २०६० पौष २४ गते वालाजु, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) अनिरुद्र शर्मासँग २०५८ मंसिर ८ गते वर्दघाट, माकरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

प्रतिक्षा गर्नुपर्दछ भन्दै आगामी निर्वाचनका लागि राष्ट्रिय सरकार गठनको माग अगाडि सारेर त्यो नभएमा चुनावमा सहभागि नहुने कुरा स्पष्ट गरे ।[१३४३]

संविधानको घोषणासँगै आफ्ना कार्यकर्तामा विचलन नआओस् भन्ने सोचअनुरूप ने.का. ले आधिकारिक रूपमा समान धर्मीहरूको भेलाद्वारा आगामी नीति निर्धारण गरिने धारणा सार्वजनिक गरियो भने महामन्त्रीद्वारा पूर्वाधार प्रस्तुत गरी पूर्णतया संविधानका विपक्षमा नरहेको संकेत दिइयो । यस्ता कार्यबाट धेरैमा संविधानले मान्यता दिएका केही प्रजातान्त्रिक अवधारणालाई प्रयोग गरेर पंचायतलाई नै प्रजातान्त्रिक व्यवस्थामा रूपमान्तरण गर्ने सोचअनुरूप ने.का. ले नीति निर्माण गर्ने आशाको उदय हुन थाल्यो । त्यो स्थितिमा २०३७ साल माघ १६ गते काठमाडौं आइपुगेका वी.पी. ले संविधान अत्यन्त अप्रजातान्त्रिक र निराशाजनक भएको प्रतिक्रिया जनाउँदै ५ वटा क्षेत्रीय सम्मेलन गरेर मात्र आगामी निर्वाचनमा सरिक हुने नहुने निष्कर्ष निकाल्ने जानकारी दिएर संविधानको प्रयोग गर्न सकिने संकेत दिए । यससँगै उनले हाल अवलम्बन गरिएको मेलमिलाप र सहमतीको नीति परिस्थितिले निर्धारण गरेको संघर्षको एउटा रूप मात्र भएको स्पष्ट गर्दै यस रणनीतिले लक्ष्यमा पुग्न सम्भव एवं सजिलो मात्र होइन परिस्थिति अनुकूलसमेत बनाएर लक्ष्य प्राप्तिमा पुऱ्याउन थालेको छ भन्ने उदघोषणद्वारा[१३४४] २० लाख बहुदलवादीहरूलाई नवीन सोचतर्फ लागेर सक्रिय हुने प्रेरणा दिए ।

वी.पी. को यो संकेतबाट ने.का. द्वारा देशमा जनमत संग्रहबाट विकसित राजनैतिक जागरण एवं परिवर्तनतर्फ जागेको जन उत्साहलाई समेटेर नवीन राजनैतिक वातावरण निर्माण गरी मेलमिलाप नीतिका तहत बढेर प्रजातन्त्र पुनर्स्थापना गर्ने उद्देश्यअनुरूप निर्वाचन सहभागिताका उपाए खोजिने कुराको संभावना देखियो । अर्कातिर मेलमिलाप नीतिबाट प्राप्त सकारात्मक परिणामहरूको रक्षा गर्नुपर्ने आसयअनुरूप सक्रिय रहेका वी.पी. ले संविधानको आलोचना गर्न पनि बाँकी राखेनन् । देशभित्र संविधानका अप्रजातान्त्रिक पक्षहरूको तिब्र आलोचना गर्ने क्रमसँगै उनले भावी राजनीतिप्रति गम्भिर भएर आफ्ना कार्यकर्ता, मित्र एवं शुभेच्छुकहरूलाई सम्झाउने बुझाउने कार्य प्रारम्भ गरे । पंचायत व्यवस्थामा प्रवेश गर्ने कि नगर्ने भन्ने विषयको सर्वाधिक महत्त्वपूर्ण कुरा नभएर भावी आमनिर्वाचनमा हामिले भाग लिने वा नलिने भन्ने विषय मूलभूत समस्या रहेको धारणा राख्ने वी.पी. ले २० लाख जनताका आकांक्षालाई संविधानले लत्याउँदछ भने जनतासँग उक्त संविधान अस्वीकार गर्ने अधिकार पनि सुरक्षित छ[१३४५] भन्ने उदघोषसहित अभियान सुरु गरे । यसै क्रममा उनले २० लाख जनताले

---

[१३४३] शशी पि. मिश्र, *वी.पी. कोइराला अ केश स्टडी इन थर्ड वर्ल्ड डेमोक्रेटिक लिडरशिप,* वाराणसी : कोनार्क पब्लिसिङ्ग हाउस, १९८५, पृ. १२१ ।

[१३४४] रामचन्द्र पोखरेल, *प्रजातन्त्रका महान सेनानी वी.पी. कोइराला (संक्षिप्त जीवनी),* वाराणसी : भट्टराइ वन्धु प्रकाशन, २०४०, पृ. १२१ ।

[१३४५] वलराम निरौला, *राष्ट्रिय मेलमिलापको परिप्रेक्ष्यमा विश्वेश्वरप्रसाद कोइराला,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इतिहास केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, २०४६, पृ. ६८ ।

अस्वीकार गरेका खण्डमा संविधान कागजको खोस्टोका रूपमा परिणत हुने कुरा स्पष्ट गर्दै बालिग मताधिकारका आधारमा निष्पक्ष-स्वतन्त्र निर्वाचन भएका खण्डमा पंचहरूले कुनै पनि हालतमा जित्न नसक्ने दावीसहित देशमा प्रजातन्त्रवादीहरूको जनमत बलियो भएकाले पछाडि पर्ने संभावना नै नरहेको तथ्यद्वारा आत्मविश्वास बढाउने काम गरेका थिए ।[१३४६]

वी.पी. का यस प्रकारका धारणा सार्वजनिक हुनासाथ ने.का. वृत्तमा व्यापक प्रतिक्रिया उत्पन्न भयो । पार्टीभित्र प्रखरवक्ताका रूपमा चिनिने युवा जमातहरूबाट वर्तमान संविधानले पंचायतभित्र राजनैतिक पार्टीहरूलाई मान्यता नदिएको स्थितिमा चुनावमा निर्दलीय उम्मेदवार भएर लडनु पर्ने, वी.पी. लगायतका केन्द्रीय नेताहरूले चुनाव लडन नमिल्ने, युवा-तरुण वर्गले मात्र चुनाव लडेर केही गर्न नसक्ने, निर्दलीयता मानेर लडेमा हालसम्मको प्रजातान्त्रिक आन्दोलन समाप्त हुने, चुनावमा हामीले बहुमत ल्याएर रा.प. बाट बहुदल मागे तापनि निर्दल मानेर जितेको हुनाले बहुदल दिन मिल्दैन भनिएमा सडक बाहेक अरू विकल्प नरहने जनाउँदै चुनाव लडन नदिने गरी दवाव सिर्जना गर्ने कार्य सुरु भयो ।[१३४७] अर्कोतिर पहिला पनि पंचायती व्यवस्थाभित्र काम गरिसकेका लगायतका व्यक्तिहरूबाट भने चुनावमा भाग लिनुपर्ने धारणा प्रस्तुत गरियो । आफ्नो निर्णयलाई कार्यकर्ता सामु राखेर छलफलद्वारा अनुमोदन गराएपछि मात्र कार्यान्वयनमा ल्याउने वी.पी. ले यस पटक पनि जनताको घरदैलोमा पुग्ने निश्चयसँगै राजा एवं तत्कालीन सरकारको समेत धारणा बुझेरमात्र निर्णय लिने विचारअनुरूप अगाडि बढे । यसका लागि सर्वप्रथम २०३७ साल माघ १९ गते चावहिलस्थित आफ्नो निवासमा पार्टीका प्रमुख नेताहरूलाई बोलाएर छलफल प्रारम्भ गरे । जसमा विविध किसिमका कुराकानी उठे तापनि वी.पी. ले “अहिले नै संविधान मान्दैनौं भनेर बहिष्कारको घोषणा गर्नाले जनमत संग्रहमा बहुदलवादी बनेर मतदान गरेका २० लाख मतदाताहरूप्रति अन्याय हुने, राजाबाट ने.का. ले चुनावमा भाग लिएर राष्ट्रिय राजनीतिमा समाहित होस् भन्ने धारणा राखे नराखेको स्पष्ट हुन नसक्ने, जनसम्पर्कमा जान सकिने अवसर र बहाना समाप्त हुने, पंचायतका यथास्थितिवादीहरूले एकलौटी अवसर पाउनाले भोली झन अप्ठ्यारो स्थिति आउने संभावना”[१३४८] लगायतका विषयमा चर्चा गर्दै ठण्डा दिमागले सोचेर मात्र निर्णय गर्न अनुरोध गरे । उनको तर्कभित्र निहित भावना राम्रोसँग बुझे तापनि गणेशमान सिंह पंचायतको टाडमुनी हिडेर निर्वाचनमा सहभागी हुन

---

[१३४६] (क) डा. शंकर उप्रेतीसँग २०६० जेठ २ गते अर्जुनधारा, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) हरिप्रसाद पोखरेलसँग २०५८ मंसिर २६ गते भानुपथ, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) शुक्रराज शर्मासँग २०५९ चैत्र २६ गते महेन्द्रपुल, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) गोविन्द कँडेल, श्रीभद्र शर्मा, निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।

[१३४७] (क) रामचन्द्र पौडेल, महेश्वरलाल श्रेष्ठ, वृखेशचन्द्रलाल, शुशिल कोइरालासँगका अन्तर्वार्ता ।
(ख) देवेन्द्र नेपालीसँग २०६० जेठ ११ गते वानेश्वर, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) चिरन्जीवी वाग्लेसँग २०५८ जेठ ३ गते कालोपुल, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) बालकृष्ण खाँणसँग २०६० माघ १० गते बुटवल, रूपन्देहीमा लिएको अन्तर्वार्ता रेकर्ड ।

[१३४८] (क) वासुदेव रिसाल, रामचन्द्र पौडेल, निलाम्बर पन्थी, देवेन्द्र नेपाली, शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।
(ख) शैलजा आचार्यसँग २०६१ जेठ १८ गते जयवागेश्वरी, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) चक्र वास्तोलासँग २०६२ असार १२ गते खुमलटार, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

नसकिने कुरामा अडिए भने कृष्णप्रसाद भट्टराईले पंचायतलाई स्वीकार गरेर आत्महत्या गर्न नचाहने तर्कलाई अगाडि सारे ।[१३४९]

यस प्रकारका तर्क वितर्कसहित चलेको छलफलका अन्तमा देशका झापा, मलंगवा, पाल्पा, सुर्खेत र धनगढीमा ५ वटा जनसभा वा क्षेत्रीय भेला आयोजना गरी कार्यकर्ताहरूको धारणा बुझेर मात्र औपचारिक निर्णय गर्ने निश्चय गरियो । जसको प्रारम्भ बिन्दु २०३७ साल फाल्गुण १२ गते निर्धारित गरी सर्वप्रथम झापाको विर्तामोडमा, त्यसपछि सर्लाहीको मलंगवामा, पाल्पाको तानसेनमा, सुर्खेत र धनगढीमा क्रमशः भेला आयोजना गरिने भनी तिथि मिति तोकेर कार्यक्रम सार्वजनिक गरियो ।[१३५०] काठमाडौँमा बसेर कुनै निर्णय गर्नुका सट्टा कार्यकर्ताहरूसँग सल्लाह गरेर निर्णयमा पुग्नु राम्रो हुने ठानेर नै वी.पी. ले क्षेत्रीय सम्मेलनहरूको आयोजना गर्न लगाएका थिए ।

आफ्ना साथीहरूलाई सम्मेलनपश्चात मात्र निर्णयमा पुग्ने कुरामा सहमत गराएपछि वी.पी. ले विभिन्न राजनैतिक विचारधाराका नेताहरूसँग सम्पर्क गरी सल्लाह गर्ने र राजासँग भेटेर संवैधानिक अडचन सम्बन्धमा स्थिति स्पष्ट गर्ने प्रयासमा लागे । वास्तवमा वी.पी. ले चुनाव लडनका लागि वर्गीय संगठनको सदस्यता लिनै पर्ने बाध्यात्मक स्थितिको खारेजी, आफ्ना सार्थीहरूले देशव्यापी रूपमा एउटै चुनाव चिन्ह लिएर लडन पाउने व्यवस्था र चुनावी प्रचार प्रसारका लागि एक वर्ष समय पाउनु पर्ने व्यवस्था आदि सामान्य परिवर्तनका लागि राजासँग भेटेर अनुरोध गर्न चाहन्थे ।[१३५१] त्यसका लागि उनले उपचारबाट फर्कना साथ राजाका निजी सचिवलाई टेलिफोन गरेर राजासँग भेटन चाहेकाले समय मिलाई दिन अनुरोध गर्दा त्यताबाट पहिले विन्ती पत्र दिनुस् अनि कुरा गरौंला भन्ने खालको जवाफ दिइयो ।[१३५२] त्यसबाट पनि विचलित नभएका वी.पी. ले तत्कालीन प्रधानमन्त्री लगायत अन्य स्रोतहरूद्वारा राजासँग भेटन चाहेको समाचार पुऱ्याए । तर पनि सकारात्मक सन्देश प्राप्त नभएकाले आफ्ना निकटस्थ व्यक्तिलाई प्रयास जारी राख्न लगाएर एशियाली प्रशान्त समाजवादी सम्मेलनमा भाग लिन अष्ट्रेलियातर्फ प्रस्थान गरे । जहाँ सम्बोधन गर्ने क्रममा पनि उनले राजाको महत्त्व बृद्धि गर्ने खालका भावना व्यक्त गर्दै संवैधानिक व्यवस्थाका तहत विद्यमान केही सकारात्मक बुँदाहरूलाई त्यही राखिएका नकारात्मक प्रावधानहरूले बेकार पारिदिएकाले राजासँग संशोधनका लागि प्रयास गरिरहेको स्पष्ट गरे ।[१३५३]

---

[१३४९] (क) योगप्रसाद उपाध्यायसँग २०६० पौष २५ गते कुपण्डोल, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) प्रेमनाथ शर्मासँग २०६० जेठ १७ गते क्याम्पसरोड, विरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) वासुदेव रिसाल, बालकृष्ण खाँण, रामचन्द्र पौडेल, अनिरुद्र शर्मा, देवेन्द्र नेपालीसँगका अन्तर्वार्ताहरू ।

[१३५०] *राष्ट्रपुकार,* २०३७ साल फाल्गुण १ गते ।

[१३५१] (क) श्रीभद्र शर्मा र शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।
(ख) श्रीभद्र शर्मा, *वी.पी. सँगका केही संस्मरण,* काठमाडौं : एकता प्रकाशन, २०५७, पृ. १४४ ।

[१३५२] वी.पी. कोइराला, "राजासँग संघर्ष र व्यवस्थासँग समर्पण हुन सक्दैन", (भारतीय पत्रकार डि.पी. कुमार र केदारमान सिंहले लिएको संयुक्त अन्तर्वार्ताको मुख्य अंशहरू), *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौं : २०३८ साल पौष २ गते, पृ. १ ।

[१३५३] वी.पी. को उक्त भाषणका लागि- कोइराला, टिप्पणी संख्या ४७, पृ. १५९-१६२ ।

अष्ट्रेलियाबाट फर्केपछि पनि वी.पी. ले राजासँग भेटनका लागि टेलिफोन गर्दा पुनः त्यही जवाफ पाएपछि उनी केही सशंकित भए । तर पनि आफ्नो प्रयास जारी राख्दै भेट मात्र पाएमा राजालाई आफ्नो कुरामा सहमत गराउने विश्वाससहित प्रतिक्षा पनि गर्दै थिए । तर ने.का. लाई चुनावमा भाग लिन मिल्ने खालको वातावरण सिर्जना नै हुन नदिएर बाहिरै बस्न बाध्यपारि आफ्ना लागि अनुकूल परिस्थिति सिर्जना गर्न सक्रिय रहेका तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले वी.पी. एवं राजाबीच भेटै हुन नदिने खालको नीति अवलम्बन गरे ।[१३५४] थापाले यस्तो गर्नुका पछाडि जन निर्वाचित प्रधानमन्त्री वी.पी. ले झैं लोकप्रियता हासिल गर्ने उनको महत्त्वाकांक्षाले काम गरेको आभास पाइन्छ । २०१७ सालपश्चातका वर्षहरूमा राज आशिर्वादद्वारा प्रधानमन्त्री बनिसकेका थापामा संविधानको तेस्रो संशोधनद्वारा व्यवस्था गरिएको प्रावधानअन्तर्गत जन निर्वाचित प्रधानमन्त्री बनेर आफ्नो इच्छाअनुसार काम गर्ने चाहना जागेको थियो । जसको पूर्तिका लागि ने.का. लाई पन्छाउनु जरुरी भएकाले उनले योजनाबद्ध रूपमा कदम चाली राजा एवं वी.पी. बीच समझदारी हुन नदिने स्थिति सिर्जना गरे । संभवतः उनकै चाहनाअनुसार नै राजाका निजी सचिवले वी.पी. लाई त्यस्तो जवाफ दिएका थिए । त्यसबाट अपमानित महसुस गरेका वी.पी. ले अझै पनि पूर्ण आशा नमारिकन आफ्ना निकटतम साथीहरूसँग सल्लाह गरी क्षेत्रीय भेला वा सम्मेलनहरूमा कार्यकर्ताहरूको धारणा बुझ्ने, छलफल गराउने र सबै क्षेत्रीय सम्मेलन सकिएपछि काठमाडौं फर्किएर मात्र अन्तिम निर्णय गर्ने समझदारी कायम गरी सम्मेलनका लागि प्रस्थान गर्ने तरखरमा लागे ।

अर्कोतिर क्षेत्रीय सम्मेलनको निश्चयसँगै ने.का. का कार्यकर्ताहरूमा व्यापक उत्साहको वातावरण देखापरिसकेको थियो । पहिलो सम्मेलन पूर्वाञ्चल क्षेत्रस्थित झापाको विर्तामोडमा फाल्गुण १२ गते निश्चिततासँगै पूर्वाञ्चल क्षेत्र भरिनै व्यापक तयारी हुनथाल्यो । कार्यक्रम व्यवस्थित रूपले सम्पन्न गर्नका लागि सर्वप्रथम सि.के. प्रसाइ (भरत वावु) को अध्यक्षतामा पूर्वाञ्चल व्यापी १५ सदस्यीय सल्लाहकार समिति र ६०१ सदस्यीय स्वागत समिति गठन गरियो ।[१३५५] जसले २२ वर्षपछि मेलमिलाप सिद्धान्तका प्रणेता वी.पी. को आगमन हुन लागेको जनाउँदै फागुन १२ गते झापाको विर्तामोडमा उपस्थित भएर वी.पी. लगायतका नेताहरूको विचार सुनी मेलमिलापको भावनालाई अझै क्रियाशिल बनाउन अनुरोध गऱ्यो ।[१३५६] वी.पी. का अनन्य भक्त मानिने सि.के. प्रसाइले देवी वस्तीस्थित आफ्नो निवास स्थानमा वी.पी. लाई बसाउनका लागि परालको अस्थायी कच्चा झुप्रो निर्माण गरी "शुशिल विश्व निकेतन"

---

[१३५४] (क) लोकराज बरालसँग २०६० जेठ २२ गते सानेपा, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) महन्थ ठाकुरसँग २०६१ जेठ १५ गते धोविघाट चौक, लालितपुरमा लिएको अन्तर्वार्ताको रेडर्क ।
(ग) श्रीभद्र शर्मा, नरहरी आचार्य, रामचन्द्र पौडेल, भरतमोहन अधिकारीसँगका अन्तर्वार्ताहरू ।

[१३५५] विस्तृतिका लागि *यो संविधान राजाको हितमा छ न प्रजाको,* शीर्षकमा प्रकाशित पुस्तिका, प्रकाशक, मिति, स्थान केही उल्लेख नभएको, पृ. १-६ ।

[१३५६] विस्तृतिका लागि वी.पी. कोइराला स्वागत समिति झापाद्वारा २०३७ साल फागुनमा "फागुन १२ गते विर्तामोड पाल्नुहोस्" शीर्षकमा जारी पर्चा ।

नामाकरण गरेका थिए ।[१३५७] विर्तामोडको बुधबारे बजार भएको ठाउँमा स्थित खुला मैदानलाई शहिद विश्वनाथ घिमिरे नगर नामाकरण गरेर अग्लो मंच निर्माण गरी पराल एवं बाँसका अस्थायी झुपडिहरू बनाएर क्षेत्रीय सहभागीहरूलाई बसाउने व्यवस्था मिलाइएको थियो भने स्थानीय जनताले दाल, चामल, दुध आदि उठाएर खाना लगायतको प्रबन्ध मिलाइदिएका थिए ।[१३५८]

यसप्रकारको जन उत्साहपूर्ण वातावरणमा २०३७ साल फाल्गुण १२ गते झापाको विर्तामोडमा प्रथम क्षेत्रीय सम्मेलन वा भेला प्रारम्भ भयो । असंख्य जनताको उपस्थितिमा प्रारम्भ गरिएको उक्त जनसभामा मेची, कोशी र सगरमाथा अंचलका १६ जिल्लाबाट ३४७२ जना त सहभागीहरू मात्र उपस्थित थिए ।[१३५९] उक्त विशाल जनसागरलाई सम्बोधन गर्दै वी.पी. ले वर्तमान संविधान स्वीकार गर्न तयार छौं । तर हामीलाई त्यहाँ स्वीकार गर्नलाई ठाउँसम्म पनि दिइएको छैन... गल्ली र मंचबाट केही भन्न सकिन्छ तर निर्वाचित प्रतिनिधिलाई संविधानले बोल्ने ठाउँ पनि दिएको छैन... भन्दै संविधानले राजालाई पनि अप्ठेरोमा पारेको स्पष्ट गरे ।[१३६०] अर्का नेता कृष्णप्रसाद भट्टराईले देशमा उत्पन्न राजनैतिक संकटले गर्दा खतरनाक सक्रमण कालको सामना राष्ट्रले गर्नु परिरहेको जनाउँदै वर्तमान संविधानद्वारा पाएका सीमित अधिकारको उपयोग गर्ने कि संघर्ष गर्ने ? भन्ने दोसाँधमा भएकाले जनतासँग बहिष्कार गर्ने वा नगर्ने बारे बुझ्नका लागि अभियान थालिएको स्पष्ट गरे ।[१३६१] त्यसपछिका दुई दिनसम्म झापामा पूर्वाञ्चल भरिका कार्यकर्ताहरूसँग भेटेर भावी राजनीतिबारे छलफल गरेपछि वी.पी. लगायतका नेताहरू मलंगवातर्फ लागे ।

संविधानको तेस्रो संशोधनका तहत हुने निर्वाचनमा भाग लिने वा नलिने बारे निश्चयका लागि जनसर्म्कमा निस्किएको ने.का. ले यसैगरी बढ्दै गएर २०३७ साल चैत्र ६ गतेसम्ममा मलंगवा, पाल्पा, धनगढी र नेपालगंजमा क्षेत्रीय भेलाहरू सम्पन्न गरी कार्यकर्ताहरूका भावना बुझ्नेदेखि संवैधानिक धारणा स्पष्ट गर्नेसम्मका कार्य गऱ्यो । यस क्रममा वी.पी. लगायतका नेताहरूले २०१७ सालमा समाप्त गरिएको नेपालको संविधानभित्र

---

[१३५७] (क) यो संविधान, टिप्पणी संख्या १०४, पृ. ९ ।
(ख) कृष्ण धरावाशि, *आधा बाटो,* झापा : नियात्रा प्रकाशन, २०५६, पृ. २१७ ।

[१३५८] (क) चक्रविक्रम सिटौलासँग २०६० जेठ २ गते विर्तामोड, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) सुधिर सिवाकोटीसँग २०६० जेठ ३ गते अनारमनी, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) जितबहादुर पुरीसँग २०६० जेठ ३ गते भद्रपुर, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) गिरिराज आचार्यसँग २०६० जेठ ६ गते चतरालाइन धरानमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) डा. शंकर उप्रेती र गोपालकुमार बस्नेतसँगका अन्तर्वार्ताहरू ।

[१३५९] यो संविधान...., टिप्पणी संख्या १०४, पृ. ८ ।

[१३६०] विस्तृतिका लागि (क) *संविधानको तेस्रो संशोधनका सम्बन्धमा वी.पी. कोइरालाका भाषणहरू,* काठमाडौं : जयनेपाल प्रकाशन, २०३८, पृ. १-४ ।
(ख) *राष्ट्रपुकार,* २०३७ साल फागुन १५ गते ।
(ग) सम्मेलन दस्तावेज-१, शीर्षकमा २०३७/११/१३ मा तयार गरिएको पत्र, पृ. १-२, हेर्नुहोस् परिशिष्ट ११ ।

[१३६१] (क) *पूर्ववत्* (ख) ।
(ख) *पूर्ववत्* (ग), पृ. ३ ।

निहित पक्षहरू स्पष्ट गर्दै तेस्रो संशोधनका रूपमा ल्याइएको संविधानमा प्रजातन्त्रवादीहरू अटाउने वातावरण नभएको हुँदा कसरी त्यसलाई उपयोग गर्न सकिन्छ लगायतका तथ्यमाथि जनभावना बुझ्न यो अभियान थालिएको स्पष्ट गरे ।[१३६२] वी.पी. ले यो भ्रमणका बेलामा पनि हरेक जसो ठाउँमा बारएशोसीयसन, नागरिक समाज, बुद्धिजीवी आदिद्वारा आयोजित कार्यक्रमहरूलाई सम्बोधन गर्ने, संविधानको तेस्रो संशोधनभित्र निहित अप्रजातान्त्रिक पक्षहरू स्पष्ट गर्दै प्रश्नोत्तर कार्यक्रमको अवसर दिने, नेपाली कांग्रेस लगायतका प्रजातन्त्रवादीहरूलाई भाग लिन दिने नियत भएमा सामान्य सुधार गरिदिनु पर्ने लगायतका कार्यद्वारा अभियान संचालन गरेका थिए ।[१३६३] गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले पनि यस क्रममा जनसभालाई सम्बोधन गर्नेदेखि लिएर कार्यकर्ताहरूसँग छलफल एवं प्रश्नोत्तर गरेर संविधानको तेस्रो संशोधनमा निहित प्रजातान्त्रिक एवं अप्रजातान्त्रिक भावना स्पष्ट गर्दै राय संकलन गरेका थिए । यसरी वी.पी. ले गणेशमान सिहं र कृष्णप्रसाद भट्टराइ सँगसँगै लिएर देशव्यापी रूपमा कार्यकर्ता भेला गर्दै घुम्ने कार्य गर्नाले कार्यकर्तासँगै जनतामा जागरण ल्याउन महत्त्वपूर्ण सहयोग पुग्यो ।[१३६४] किनकी तत्कालनि सरकारद्वारा ने.का. लाई सकेसम्म दमन गर्ने प्रयास गरिँदैछ भन्ने स्थिति देखापरिरहेको अवस्थामा वी.पी. लगायतले गरेको यात्रा एवं सम्बोधनबाट जनमानसको ध्यान आकृष्ट गर्नमा सफलता प्राप्त हुँदै थियो । समाजका हरेक वर्गका मानिसहरू ने.का. का सभाहरूमा पुगेर धारणा सुनी सहमती जनाउने र निर्धारित मार्गमा बढ्ने संकल्पसहित फर्कने क्रम तिब्र भयो ।[१३६५]

ने.का. द्वारा संचालित यस प्रकारको अभियानबाट नेपालको पंचायती वृत्तमा पनि व्यापक हलचल उत्पन्न भयो । यथास्थितिवादीहरू यसबाट झन तर्सिएर षडयन्त्रतर्फ लागे भने उदारवादीहरू राजनैतिक गतिरोध अन्त हुने ठानेर प्रशन्न भए । त्यो स्थितिमा पंचायतभित्र उदारवादी समूहका रूपमा चिनिने पंच (जो ने.का. लगायत पंचायत विरोधिहरूले पनि चुनावमा भाग लिउन भन्ने चाहन्थे) हरूको सक्रियतामा रा.प. का तत्कालीन अध्यक्ष लोकेन्द्रबहादुर चन्दको अध्यक्षतामा सक्रिय भएर अनौपचारिक छलफलतर्फ लागे, जसमा वर्तमान अवस्थामा सबैलाई समेटेर राजनैतिक गतिरोध अन्त गर्नुपर्दछ भन्ने सहमतिसँगै ने.का. ले चुनाव लडेमा

---

[१३६२] विस्तृतिका लागि (क) *राष्ट्रपुकार,* २०३७ साल फागुन २२ गते, २९ गते, चैत्र ६ गते र १३ गतेका विभिन्न अङ्कहरू ।
(ख) पोखरेल, टिप्पाणि संख्या ९३, पृ. १३५-१३९ ।
(ग) संविधानको तेस्रो ..., टिप्पणी संख्या १०९ (क), पृ. ४-५० ।

[१३६३] विस्तृतिका लागि (क) *पूर्ववत्* (क) र (ग) ।
(ख) राजन पन्तसँग २०५८ श्रावण २४ गते तानसेन, पाल्पामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) राजेश्वर नेपालीसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) सिद्धराज ओझासँग २०५८ जेठ ३ गते मन्त्रि निवास ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) वावुराम रानासँग २०५८ कार्तिक ११ गते मंगलापुर, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(च) देवेन्द्र नेपाली, यज्ञप्रसाद अधिकारी, महेश्वरलाल श्रेष्ठ, गोविन्द कँडेल, निलाम्बर पन्थी, शुक्रराज शर्मा, कृष्णलाल सापकोटासँगका अन्तर्वार्ताहरू ।

[१३६४] रेवतीरमण सुवेदी, *निष्ठाका सगरमाथा गणेशमान सिंह,* काठमाडौं : अनुष्काप्रकाशन, (दोस्रो संस्करण), २०५८, पृ. ४२ ।

[१३६५] किरन, मिश्र, *वी.पी. कोइराला एक परिचय,* नइ दिल्ली : विश्व प्रकाशन, १९८४, पृ. ९८ ।

कम्तिमा ४०-५० सिटमा जित्ने निश्चित भएकाले आगामी राजनीतिमा गतिशिलता आउने हुँदा उनीहरूका चाहनालाई समेटनु पर्दछ भन्ने निश्चय गरियो ।[१३६६] जुन कुरा राजासमक्ष पुऱ्याउने निश्चय भएपछि तत्कालीन प्रधानमन्त्री मार्फत जाहेरकिा लागि अनुरोध पनि गरियो । तर ने.का. लाई कुनै पनि हालतमा चुनावमा आउन नदिने भित्रि उद्देश्यसहित सक्रिय तत्कालीन प्रधानमन्त्री थापाले एकातिर यो कुरा राजासमक्ष पुऱ्याउनै दिएनन् भने अर्कातिर ने.का. को चाहना विपरित निर्वाचनसम्बन्धी कार्यक्रम प्रकाशित गर्न लगाए ।[१३६७] आसन्न निर्वाचनमा ने.का. सहभागी भएका खण्डमा बहुदलीय पक्षमा लागेका जनताहरूको समर्थन पाएर विजय हासिल गर्ने र यथास्थितिवादी पंचहरूले नराम्रोसँग हार खानु पर्ने सुनिश्चित थियो । जुन कुरा स्पष्टसँग बुझेका प्रधानमन्त्री थापाले वी.पी. लगायतको चाहना पूरा गरेमा जनमत संग्रहको औचित्य समाप्त हुने तर्क दिएर राजालाई प्रभावित पार्ने र ने.का. सम्मेलनमा लागेकै बेला हतार-हतार निर्वाचनका लागि कार्यक्रम प्रकाशित गर्न लगाए ।

सम्मेलनका क्रममा ने.का. नेपालगंजमा पुग्दा नपुग्दै सरकारबाट चुनावको तिथि घोषणा नगरिकन आश्चर्य जनक रूपले उम्मेदवारको मनोनयन पत्र पेश गर्ने, नाम फिर्ता लिने लगायतका कार्यक्रमको तिथि निर्धारण गरेर सार्वजनिक गऱ्यो ।[१३६८] जसबाट तत्कालीन सरकारको नियत स्पष्ट भएपछि वी.पी. ले २०३७ साल चैत ५ गते नेपालगंजमा आयोजित भेलामा... मेरो विश्लेषणअनुसार जुन दिन सूर्यबहादुर थापा जानु पर्ने खण्ड आउँछ त्यस बखत यो भन्दा ठूलो आन्दोलन हुन्छ... हामीहरूले आफ्नो निर्णय आफ्नो समयमा लिन्छौं.. हामी अर्काले देखाएको बाटोमा डोरिएर जानु पर्ने खण्ड छैन... हाम्रो निन्ति चुनाव हो भने त्यो चुनाव रोकिनु पर्दछ र हाम्रो निम्ति पर्खिनु पर्दछ ... भन्दै काठमाडौंको भेलापछि मात्र निर्णय गर्ने जानकारी थिए ।[१३६९] त्यसको तीन दिनपश्चात अर्थात चैत ८ गते निर्वाचन गराउने जिम्मेवारी बोकेको निर्वाचन आयोगले रा.प.स. हरूको चुनाव तिथि घोषणा गर्दै २०३८ साल बैशाख २७ गते देशव्यापी रूपमा निर्वाचन सम्पन्न गरिने जानकारी गरायो ।[१३७०] जसबाट आफूहरूलाई चुनावमा सहभागी हुन नदिने सरकारी नीति छर्लङ्ग भएकाले वी.पी. ले भोलिपल्टै आफ्नो निवासमा आएका पत्रकारहरूसँग कुराकानी गर्दै आगामी निर्वाचनमा आफ्ना कार्यकर्ताहरू अलग रहने संभावना बढेको कुरा उल्लेख गरे ।[१३७१]

---

१३६६ लोकेन्द्रबहादुर चन्द, टिप्पणी संख्या २३ (क) ।

१३६७ श्रीभद्र शर्मा, टिप्पणी संख्या २३ (ख) ।

१३६८ चटर्जी, टिप्पणी संख्या ३९, पृ. १४२ ।

१३६९ विस्तृतिका लागि संविधानको ..., टिप्पणी संख्या १०९ (क), पृ. ४५-४९ ।

१३७० मिश्र, टिप्पणी संख्या ९२, पृ. १२४ ।

१३७१ (क) *पूर्ववत्* ।
(ख) *राष्ट्रपुकार*, २०३७ साल चैत्र १३ गते ।

निर्वाचनमा सहभागीता जनाउने निश्चयसँगै जनभावना बुझ्न ने.का. सक्रिय रहेकै अवस्थामा सरकारद्वारा निर्वाचनका कार्यक्रम एवं तिथि निर्धाण गरिएपछि ने.का. समक्ष निर्वाचन बहिस्कार गर्नु बाहेक कुनै उपाए बाँकी रहेन । त्यो स्थितिमा काठमाडौं स्थित शंकर होटलमा चैत्र १७ गते आयोजित बाग्मती अंचलन स्तरीय कार्यकर्ता सम्मेलनमा वी.पी. लगायतका नेताहरूले क्षेत्रीय सम्मेलनहरूका उपलब्धिको चर्चा गर्दै वर्तमान संविधानमा प्रजातन्त्रवादीहरूलाई स्थान नभएको हुँदा निर्वाचनमा सहभागी हुनसक्ने स्थिति नरहेको धारणा सार्वजनिक गरे ।[१३७२]

यसरी जनमत संग्रहपश्चात राजाबाट अल्पमतको कदर गरिने प्रतिबद्धता व्यक्त गर्दागर्दै पनि राजाका नामबाट स्वार्थसिद्ध गर्ने यथास्थितिवादीहरूले राजनीतिलाई एक वर्षको प्रजातान्त्रिक अभ्यासबाट पछाडि फर्काएर आफ्नो वर्चस्व कायम राख्ने गरी तेस्रो संशोधित संविधान ल्याएर पाखा लगाउन खोज्दा पनि सहभागिताका लागि ने.का. ले गरेको प्रयास सफल हुन नदिने नीति अवलम्बन गरियो । यस क्रममा २०१७ सालको शाही कदमपछि पटक-पटक ने.का. र वी.पी. लाई धोखा दिँदै स्वार्थ पूर्ति गर्दै आएका र २०३३ सालमा वी.पी. नेपाल फर्केपछि फाँसीको माग गर्दै अभियान चलाएका सूर्यबहादुर थापाले यस पटक पनि जननिर्वाचित प्रधानमन्त्री बन्नका लागि वी.पी. लगायत बहुदलवादीहरूलाई झुक्याएर विजयदम्भका आडमा पेलुवा नीति लिएर उदारवादी पंचहरूका धारणासमेत कुल्चदै सहभागी हुन नदिने स्थिति सिर्जना गरे । चुनाव घोषणा हुनु अगाडि वी.पी. ले राजासँग भेटन खोजदा "वी.पी. लाई दर्शन भेट दिएर उनका मागप्रति सहभती जनाएका खण्डमा यसबाट सम्पूर्ण पंचहरूको मनोबल समाप्त हुनेछ र रा.प. नै ने.का. को हातमा जानेछ" भन्ने कुरा राजामा जाहेर गर्न उनलाई गाहारो थिएन ।[१३७३] त्यो स्थितिमा बाहिर-बाहिर राजनैतिक मूल प्रवाहको नारा दिएर लोकप्रिय बन्न खोज्ने थापाले ने.का. ले उठाएका न्यूनतम शर्तहरूलाई वेवास्ता गरी उनीहरूलाई मूल प्रवाहबाट टाढा राख्ने षडयन्त्र गरे ।[१३७४] जसलाई सफल पार्न बहुदलवादीहरूसँग भेटेर तिनका कुरा मानी चुनावमा भाग लिने अवसर सिर्जना गरेमा पंचायती व्यवस्थाको अस्तित्व नरहने र जनमत संग्रहमा प्राप्त जनादेशको महत्त्व समाप्त हुने लगायतका तर्कद्वारा राजालाई प्रभावित गरे भने बहुदलवादीहरूसँग मैले भनेर केही हुँदैन दरबारले मान्दैन भनेर पन्छाउने काम गरे । फलस्वरूप जनमत संग्रहको उपलब्धि स्वरूप प्राप्त जनसमर्थनको लहरलाई निस्क्रिय हुनबाट जोगाउने उद्देश्यअनुरूप चुनावको बाटो खोल्न वी.पी. ले गरेको प्रयासलाई सूर्यबहादुर

---

[१३७२] (क) ऋषिकेश तिवारीसँग २०५८ जेठ २६ गते मणिग्राम, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) व्रतराज आचार्यसँग २०६१ चैत्र १७ गते भानुचोक, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) रामचन्द्र अधिकारीसँग २०५८ जेठ २ गते सामाखुसी, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) विमलेन्द्रनिधिसँग २०६० श्रावण ६ गते पवन होटल, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) रामचन्द्र पौडेल, शैलजा आचार्य, गंगाधर लम्साल, यज्ञप्रसाद अधिकारीसँगका अन्तर्वार्ताहरू ।

[१३७३] शर्मा, टिप्पणी संख्या १०० (ख), पृ. १४८ ।

[१३७४] श्रीभद्र शर्मा, "वी.पी. लाई फाँसि दिनु पर्छ भनी थापाले प्रस्ताव राखेका थिए", *राष्ट्रपुकार*, होमनाथ दाहाल (स./प्र.), काठमाडौं : २०३८ साल भाद्र २५ गते, पृ. १ ।

थापालगायतको षडयन्त्रद्वारा असफल बनाइएकाले ने.का. ले बहिष्कार गर्ने निश्चयसँगै त्यसलाई राजनीतिक प्रयोगका रूपमा लिएर अगाडि बढ्ने नीतितर्फ लाग्यो ।

## ६.८ निर्वाचन बहिस्कारको घोषणा, क्रियाकलाप र परिणाम

काठमाडौँस्थित शंकर होटलमा बाग्मती अंचल स्तरीय कार्यकर्ता सम्मेलन सम्पन्न गरेपछि ने.का. ले औचित्यता समाप्त भइसकेको भए तापनि पूर्व घोषित कार्यक्रमअनुसार आफ्नो निर्णय विधिवत रूपले सार्वजनिक गर्नका लागि चैत्र १८ गते टुँडिखेलमा एक आमसभा आयोजना गऱ्यो । जसलाई सम्बोधन गर्दै वी.पी. ले वर्तमान संविधानमा बालिग मताधिकार बाहेक प्रजातन्त्रवादीहरूलाई उपयुक्त हुने अन्य कुनै पक्षहरू नभएकाले उक्त संविधानको विरोध र निर्वाचन बहिष्कार गर्ने निर्णय गरेको जनाउँदै यस सिलसिलामा उग्र नारा पनि नदिने, उग्र कारवाही पनि नगर्ने सल्लाह सहित बहिष्कारको कुरा शान्तिपूर्ण ढंगले जनसमक्ष पुऱ्याउन अपिल गरे ।[१३७५] यसैगरी कृष्णप्रसाद भट्टराईले मेची महाकालीसम्मको यात्रामा गरिएको वृहद छलफलका अन्तमा यो संविधान मानेर चुनावमा भाग लिनाले भविष्य अन्धकार हुने धारणा पाएकाले बहिष्कारको निर्णय गरेको जनाउँदै यो संविधान चाडै आर्यघाटमा पुग्ने घोषणा गरे भने गणेशमान सिंहले थापा सरकारले आगामी निर्वाचनमा धाँधली गर्न भनी राष्ट्रलाई घाटा पार्न लागेको तथ्याङ्क प्रस्तुत गर्दै शहीदको रगत सम्झेर चुनाव बहिष्कार गर्न आह्वान गरे ।[१३७६]

यसप्रकार टुँडिखेलको आमसभाद्वारा विधिवत रूपले निर्वाचन बहिष्कार गर्ने उदघोषण गरेपछि ने.का. त्यसलाई सक्रियता साथ कार्यान्वयन गर्नेतर्फ लाग्यो । पार्टीले क्षेत्रीय भेलाद्वारा जनभावना बुझेरमात्र निर्णय गर्ने भनी अभियान चलाएकै बेला तत्कालीन सरकारद्वारा नामाङ्कन लगायतका चुनावी प्रक्रिया समाप्त गरिसकेको स्थितिमा आएर बहिष्कारको निर्णय गरिनाले कार्यान्वयनमा केही समस्या पनि देखापऱ्यो । किनकी कुनै निर्णय नभएको स्थितिमा पार्टीकै कतिपय व्यक्तिहरूले उम्मेदवारी दिँदै नामाङ्कन पत्र दर्ता गरिसकेका थिए भने विधिवत रूपमा फिर्ता लिने समय समाप्त भइसकेको थियो । त्यो अवस्थामा त्यस्ता साथीहरूलाई नरोकेका खण्डमा पार्टीको बहिष्कार गर्ने निर्णयको कुने अर्थ पनि रहँदैनथ्यो । तसर्थ सर्वप्रथम पार्टीका महामन्त्रीहरूद्वारा देशभरका कार्यकर्ताहरूलाई चुनाव बहिष्कार गर्ने निर्देशन दिँदै एक परिपत्र जारी गरियो । जसमा ने.का. ले संशोधित संविधानमा समाविष्ट बालिग मताधिकार जस्तो प्रजातान्त्रिक मान्यतालाई उपयोग गर्ने उद्देश्यले उम्मेदवारले वर्गीय संगठनको सदस्यता लिनु पर्ने अनिवार्यता हटाउने, निर्दलियता स्वीकार गर्ने सपथ लिनुपर्ने प्रावधानको अन्त्य, आफ्ना

---

[१३७५] (क) *संविधानको तेस्रो संशोधन,* टिप्पणी संख्या १०९ (क), पृ. ५९-६५ ।
(ख) पोखरेल, टिप्पणी संख्या ९३, पृ. १४० ।
(ग) *राष्ट्रपुकार,* २०३७ साल चैत्र २० गते ।

[१३७६] (क) देवकोटा, टिप्पणी संख्या ३, पृ. ७६९ ।
(ख) *पूर्ववत्* (ग) ।

उम्मेदवारले देशव्यापी रूपमा एउटै चुनाव चिन्ह पाउने व्यवस्था आदि तीनवटा सामान्य शर्त राख्दा पनि वर्तमान सरकारले वास्ता नगरेको हुँदा ने.का. चुनाव बहिष्कार गर्न बाध्य हुनु परेको जनाउँदै कार्यान्वयनका लागि अनुरोध गरिएको थियो ।[१३७७]

महामन्त्रीहरूद्वारा यसरी निर्देशन जारी हुनासाथ देशव्यापी रूपमा हलचल प्रारम्भ भयो । त्यो स्थितिमा आफ्ना चिकित्सकहरूको सल्लाहअनुसार पुनः शल्य चिकित्साका लागि विदेशतर्फ जानुपर्ने भएकाले वी.पी. ले आफ्ना धारणा सार्वजनिक गर्दै एक अपिल प्रकाशित गरे । देशको तत्कालीन राजनैतिक स्थिति एवं ने.का. द्वारा गरिएको बहिष्कारको निर्णयबारे स्पष्ट व्याख्या गरिएको तीन पेज लामो उक्त अपिलमा बहिष्कारका क्रममा अवलम्बन गर्ने नीति एवं कार्यक्रमसमेत उल्लेखित छन् । जसद्वारा उनले टुँडिखेलको आमसभामा घोषणा गरिएका कार्यक्रमलाई व्यवहारिक रूप दिन र हामीले निर्वाचनमा किन भाग लिएनौं भन्ने स्पष्ट पार्नका लागि मत प्राप्त गर्ने उद्देश्यअनुरूप उम्मेदवारले गर्ने जनसभा, सम्पर्क एवं प्रचारकै शैलीमा अभियान चलाउने, सक्रियताका नाममा कुनै उग्रवादी तत्त्वसँग साँठगाँठ नगर्ने र जस्तोसुकै स्थितिमा पनि संयम र शान्तिको उपाय परित्याग नगरी सक्रिय हुन निर्देशन दिएका थिए ।[१३७८] यसबाहेक उनले बालिग मताधिकारका आधारमा हुन लागेको निर्वाचन र त्यसबाट निर्वाचित राष्ट्रिय पंचायतमा राष्ट्रवादी, इमान्दार, बाहिरको प्रभावमा नआएका र आत्मसम्मान भएका मानिसहरू जान नसक्ने जनाउँदै[१३७९] भ्रष्ट पंचहरूलाई जिताउनका लागि मात्र निर्वाचन हुन लागेकाले बहिष्कार गरिएको स्पष्ट गरे ।

वी.पी. को अपिलले ने.का. को राजनीतिमा व्यापक सनसनी फैलायो । देशभरका कार्यकर्ताहरू बहिष्कारको नारा लिएर बाहिर निस्किइ गाउँ-गाउँ र टोल-टोलमा पुगेर उनको अपिल बाँडन थाले । पार्टीले विधिवत रूपले बहिष्कारको निर्णय नगर्दै रा.प.स. उम्मेदवार बनेर नाम दर्ता गराइसकेका ने.का. समर्थक व्यक्तिहरूले पनि वी.पी. को अपिल सार्वजनिक हुनासाथ चुनावको मैदानबाट हटेको घोषणा गर्दै बहिष्कारका पक्षमा आफ्ना अपिल सार्वजनिक गर्न थाले । जसमा पंचायती व्यवस्थाको आलोचनासँगै प्रजातान्त्रिक भावनाको प्रतिनिधित्व गर्ने संगठन ने.का. ले २०३७ साल चैत्र १८ गते अगाडि निर्वाचन बहिष्कार गर्ने घोषणा नगरेको हुँदा उम्मेदवारीको नामाङ्कन दर्ता गराएको तर १८ गतेका दिन पार्टीले आधिकारिक रूपमा बहिष्कारको निर्णय घोषणा गरेपछि आफ्नो विजय निश्चित हुँदाहुँदै पनि निर्वाचनमा सहभागि नहुने घोषणासहित आफूलाई मतदान नदिन र चुनाव प्रचारका सट्टा बहिष्कारका आवाज घर-

---

[१३७७] विस्तृतिका लागि प्र.ने.का. महामन्त्री परशुनारायण चौधरी र गिरिजाप्रसाद कोइरालाद्वारा देशभरका कार्यकर्ताहरूलाई चुनाव बहिष्कार गर्न २०३७ साल चैत्र २३ गते जारिगरिएको निर्देशन पत्र ।

[१३७८] विस्तृतिका लागि विश्वेश्वरप्रसाद कोइरालाद्वारा २०३७ साल चैत्र २६ गते "देशवाशीका नाममा अपिल" शीर्षकमा जारी गरिएको पर्चा ।

[१३७९] प्र. नेपाली कंग्रेस केन्द्रीय प्रचार समिति, *हामीले चुनावमा भाग किन लिएनौं ?*, काठमाडौं : २०४२, पृ. ३-४ ।

घर पुऱ्याइ बहिष्कार अभियान सफल पार्न जिल्लावाशिहरूसँग अनुरोध गरिएको थियो ।[१३८०] यस प्रकार चुनाव जित्ने संभावना हुँदाहुँदै पनि निर्वाचनको मैदानबाट बहिष्कार गरी हटने उम्मेदवारहरूको संख्या ३१ जना पुगेको थियो ।[१३८१] अर्कातिर उम्मेदवारी दिएका तर पार्टीको बहिष्कारको निर्णयपश्चात पनि नामावली फिर्ता नलिनेहरू पनि थिए । जसमध्ये केहीले ने.का. द्वारा चुनाव बहिष्कारको घोषणा गरेपछि पनि रा.प. को फ्लोअर निर्दलवादी पंचहरूका लागि एकलौटी बन्न नदिने बी.पी. कै चाहनाअनुरूप चुनावमा विजयी भएर रा.प. मा पुगि त्यहीभित्र प्रजातन्त्रका कुरा गर्ने सहमतीअनुरूप भाग लिएको दावी गरेका छन् ।[१३८२]

यसरी एकातिर रा.प. को निर्वाचनका लागि उम्मेदवारी दिएका व्यक्तिहरू नै अपिलद्वारा चुनाव बहिष्कारको घोषणा गर्दै सक्रिय भए भने अर्कोतिर पार्टीका केन्द्रीयस्तरका नेताद्वारा बहिष्कारका लागि अनुरोध गर्दै अपिल प्रकाशित गर्ने क्रमसँगै घरदैलो कार्यक्रमका रूपमा अभियान प्रारम्भ गर्ने निश्चय गरियो । यस क्रममा गणेशमान सिंहले प्रजातन्त्रको पुनर्स्थापना संभावना साँगुरिने यो षड्यन्त्रपूर्ण संविधानअन्तर्गतको निर्वाचनलाई स्वीकार गर्दा संविधान दाता एवं राष्ट्रवादी शक्तिहरूलाई नै घातक पर्छ भन्ने आफ्नो मान्यता भएको जनाउँदै जनअधिकारका लागि संघर्षरत ने.का. लाई बलियो बनाउन सजिलो तर क्रान्तिकारी सहयोगका लागि निर्वाचन बहिष्कार गर्न अनुरोध गरे ।[१३८३] यसपछि २०३८ साल बैशाख ६ गतेदेखि बहिष्कार कार्यक्रमअन्तर्गत गणेशमान सिंहले राजविराजबाट र कृष्णप्रसाद भट्टराईले पश्चिमबाट घर-घरमा बहिष्कार गर भन्ने अभियान चलाउने जानकारी सार्वजनिक गरियो भने ने.वि. संघले पनि चुनाव बहिष्कार गर्न पढाइ बन्द गर्ने निर्णय गऱ्यो ।[१३८४]

अप्रजातान्त्रिक संविधान र सरकारको पेलुवानीतिका विरुद्ध चुनाव बहिष्कार अभियानमा सक्रियता साथ लाग्ने पार्टीको निर्णय एवं नेताहरूको अभियान घोषणाले देशव्यापी रूपमा उत्तेजनात्मक वातावरण सृजना गऱ्यो । जसलाई बढाएर स्थिति बलियो पार्नका लागि ने.का. एवं ने.वि. संघका विविध निकायसँगै भातृ संस्था आदिद्वारा बहिष्कारको आह्वानसँगै पर्चा पम्प्लेट निकालेर देशव्यापी रूपले जनसमक्ष पुऱ्याउने कार्यलाई तिव्र पारियो । वी.पी. गणेशमान, कृष्णप्रसाद भट्टराई जस्ता नेताहरूद्वारा संशोधित संविधान अस्वीकार गर्दा व्यक्त विचारलाई

---

[१३८०] विस्तृतिका लागि (क) रामप्रसाद आत्रेय, पाल्पाद्वारा "पंचायतसँग आत्मसमर्पण गरेको छैन ???", शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
(ख) रामचन्द्र पोखरेल, तनहुँद्वारा, "मैले निर्वाचन बहिष्कार गरे" शीर्षकमा २०३८ वैशाख ३ गते जारी पर्चा ।
(ग) कृष्णराज विष्ट, मोरंगद्वारा "चुनाव बहिष्कारका लागि रा.प. उम्मेदवार श्री कृष्णराज विष्टको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
(घ) कपिलवावु श्रेष्ठ, रामेछापद्वारा "चुनाव बहिष्कार गरौं" शीर्षकमा जारी पर्चा, मिति नभएको ।

[१३८१] पोखरेल, टिप्पणी संख्या ९३, पृ. १४१ ।

[१३८२] शर्मा, टिप्पणी संख्या १०० (ख), पृ. १४८-१४९ ।

[१३८३] विस्तृतिका लागि गणेशमान सिंहद्वारा "नेपाली जनतामा मेरो निवेदन" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

[१३८४] *राष्ट्रपुकार,* २०३८ साल बैशाख ४ गते ।

महत्त्वपूर्ण स्थान दिएर प्रकाशित यस्ता पर्चा पम्प्लेटहरूद्वारा- "संविधान अप्रजातान्त्रिक र अपूर्ण भएको स्पष्टतासँगै बहिष्कार गर्नुपर्ने कारण उल्लेख गरेर प्रजातन्त्रवादीहरूका तर्फबाट देशभरी कुनै उम्मेदवार खडा नगरिएको अवस्थामा देशलाई नाजुक स्थितिमा पुऱ्याउने प्रतिगामी तत्त्वको स्थिति झन मजवुत बनाउने यो निर्वाचन बहिष्कार गरी राष्ट्र-राष्ट्रियताको रक्षाका लागि अनुरोध गरियो ।"[१३८५] जसबाट उत्पन्न जनजागरणको वातावरणमा पार्टीका शीर्षस्थ नेताहरूद्वारा देशका विभिन्न भागमा आयोजित ने.वि. संघ दिवश एवं बहिष्कार सभाहरूलाई सम्बोधन गर्दै संविधानले उम्मेदवारी एवं मताधिकार भ्रष्ट पंचलाई मात्र दिएकाले चुनाव बहिष्कार गर्न बाध्य भएको र पंचायतलाई स्वीकारेर आत्महत्या गर्न नचाहेको कुरा स्पष्ट गरे ।[१३८६]

राजविराजबाट बहिष्कार अभियान प्रारम्भ गरेका गणेशमान सिंहले देशका विभिन्न भागमा पुगेर आमसभाहरूलाई सम्बोधन गर्दै तेस्रो संशोधित संविधानले नाक काटेर मात्र उम्मेदवार बन्न पाइने स्थिति सिर्जना गरेको जनाउँदै वर्तमान सरकार एवं प्रशासनले चुनावका बहानामा अर्थतन्त्र तहसनहस हुने गरी विभिन्न काण्ड घटाएको स्पष्टतासँगै चुनाव बहिष्कार गर्न आह्वान गरे ।[१३८७] अर्का नेता गिरिजाप्रसाद कोइरालाले पनि तेस्रो संशोधनले बहुदलवादीहरूलाई पूर्ण रूपले बहिष्कार गरेको, थापा सरकारले तीन जिब्रेनीति अवलम्बन गरेको र अंचलाधिश, प्र.जि.अ. आदि नै सरकारी उम्मेदवारका पक्षमा प्रचार गर्दै हिडेको जनाउँदै बहिष्कारद्वारा जवाफ दिन आह्वान गरे ।[१३८८] पूर्वाञ्चल क्षेत्रमा चलाइएको यस्तो अभियानबाट त्यहाँ व्यापक प्रभाव पर्न थाल्यो । जनताहरू खुलेर बहिष्कार अभियानमा उत्रिएपछि तत्कालीन प्रशासनद्वारा धरपकड अभियान तिब्र पारियो । परिणामस्वरूप यस क्षेत्रका विभिन्न जिल्लाहरूमा बहिष्कारको नारा दिएर बढेका कार्यकर्ताहरूलाई स्थानीय प्रशासनले गिरफ्तार गरेर शान्ति सुरक्षाका बहानामा थुन्ने, कपोलकल्पित मुद्दाहरू लगाउने लगायतका कार्यद्वारा दुःख दिन थाल्यो । तत्कालीन प्रधानमन्त्री थापाको जिल्लामा ने.का. बाहेकबाट पनि उनलाई पराजित गर्ने अभियान संचालन गरियो । व्यक्तिगत स्वार्थपूर्ति, राजनैतिक महत्त्वाकांक्षा र शक्ति संरक्षण

---

[१३८५] विस्तृतिका लागि (क) प्र.ने. कांग्रेस रूपन्देहीद्वारा "दाजुभाइ दिदीबहिनीहरू हामीले चुनाव बहिष्कार किन गऱ्यौं ?" शीर्षकमा जारी पर्चा, मिति उललेख नभएको ।

(ख) नेपाल विद्यार्थी संघ रूपन्देही शाखाद्वारा "नेपाल विद्यार्थी संघको अपिल" शीर्षकमा २०३८ मा जारी पर्चा ।

(ग) प्र.ने. कांग्रेस रूपन्देहीद्वारा "तथाकथित आमचुनावको बहिष्कार गरौं, मतदान गर्न नजाऔं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(घ) प्र. नेपाली कांग्रेस काठमाडौं जिल्लाद्वारा "यही बैशाख २७ गते हुने भनिएको तथाकथित आमचुनावमा भाग नलेऔं चुनाव बहिष्कार गरौं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(ङ) प्र. नेपाली कांग्रेस जिल्ला कार्य समिति गुल्मीद्वारा "सावधान ! सावधान !! सावधान !!!" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

(च) प्रजातान्त्रिक समूह धनुषाद्वारा "अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

[१३८६] *राष्ट्रपुकार,* २०३८ साल बैशाख ११ गते ।

[१३८७] *साप्ताहिक मातृभूमि,* २०३८ साल बैशाख १६ गते ।

[१३८८] *पूर्ववत्* ।

लगायतका स्वार्थपूर्तिका राजसंस्थासमेतलाई ढाल बनाएर ५४ वर्षको उमेरसम्म लगातार ५४ दिन पनि धनकुटामा नबसी धनकुटाको दोहन वा शोषण गर्ने व्यक्तिका रूपमा उनलाई चित्रित गर्दै थापालाई पराजित गराई धनकुटाको पवित्र भूमिमा जंगेको पुनर्जन्म हुन नदिउँ, कालो सूर्यलाई हराई धनकुटाको कीर्ति कायम गरौं[१३८९] भन्ने उदघोषणसहितका पर्चाहरू छरेर अभियान चलाइयो । धनकुटामा यसरी थापा विरोधी अभियान प्रारम्भ गर्नुका पछाडि उनले २०१७ सालदेखि अवलम्बन गरेको नीति, प्रजातन्त्रका विरुद्ध खेलेको भूमिका र अर्काको चरित्र हत्याद्वारा आफ्नो स्वार्थसिद्ध गर्ने पंचायती प्रवृत्ति लगायतको जनआक्रोश एवं स्वार्थले काम गरेको सम्भावनालाई नकार्न सकिँदैन ।

पश्चिम नेपालबाट बहिष्कार अभियान प्रारम्भ गरेका कृष्णप्रसाद भट्टराईले त्यहाँका विभिन्न क्षेत्रहरूमा आयोजित किसान र्‍याली, आमसभा, बौद्धिक भेला आदिलाई सम्बोधन गर्दै आगामी संघर्ष पंचायत विरुद्धको अन्तिम संघर्ष हो भन्ने उदघोषसँगै बहिष्कारमा राष्ट्रको आत्मा बोलेकाले अपार जनसमर्थन प्राप्त हुने जनाउँदै त्यसमा सक्रियता साथ संलग्न हुन आह्वान गरे ।[१३९०] जसबाट उत्पन्न परिस्थितिलाई सहन नसकेको तत्कालीन सरकारको आदेशमा चितवन जिल्ला प्रशासनले २०३८ साल बैशाख २१ गते राती गिरफ्तार गरी विरगंज पुर्‍याएर २ दिनपछि मात्र छाड्यो ।[१३९१] त्यसबखत बहिष्कार अभियानमा सक्रिय रहेका अन्य नेता एवं कार्यकर्ताहरूलाई धरपकड गर्ने क्रम देशभरी नै प्रारम्भ भएको थियो । अर्कोतिर केशरजंग रायमाझि र रोहितले नेतृत्व गरेबाहेकका नेपालका सबैजसो वामपन्थी समूहहरूले पनि उक्त निर्वाचन बहिष्कार गरेर अभियान संचालन गरेकाले जनजीवनमा झनै असर देखिन थाल्यो । राज्यको प्रशासन संयन्त्रलाई बढीभन्दा बढी मतदान गराउन निर्देशन दिने सरकारको इशारामा काठमाडौं, चितवन, दाङ, सिन्धुली, तनहुँ, धनुषा, महोत्तरी, सर्लाही, मकवानपुर, कास्की लगायतका विभिन्न जिल्लाहरूमा बहिष्कार गराउन सक्रिय कैयौं राजनीतिक व्यक्तिहरू गिरफ्तार गरिए ।[१३९२]

देशव्यापी रूपमा बहिष्कारका आवाजहरू गुञ्जायमानसँगै सरकारी दमन र धरपकड तिब्र भइरहेको स्थितिमा भारतको दिल्लीमा उपचार गराइ स्वास्थ्यलाभ गरेपछि फर्केका बी.पी. २०३८ साल बैशाख १५ गते काठमाडौं आइपुगे । उनको आगमनबाट झन जोसिएका कार्यकर्ताहरू देशव्यापी रूपमा झन सक्रियता साथ खटेर काम गर्न थाले । त्यो स्थितिमा कार्यकर्ताको मनोबल

---

[१३८९] विस्तृतिका लागि धनकुटेली राजभक्त तथा देशभक्त स्वाभिमानी जनताका नामबाट "खबरदार धनकुटामा जंगेको पुनर्जन्म हुन नपाओस्" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

[१३९०] (क) *राष्ट्रपुकार*, २०३८ साल बैशाख २३ गते ।
(ख) *रहस्य साप्ताहिक*, २०३८ साल बैशाख २४ गते ।

[१३९१] *पूर्ववत्* (क) ।

[१३९२] (क) डा. सूर्यमणि अधिकारी, *नेपाली कांग्रेसको इतिहास*, काठमाडौं : भुँडी पुराण प्रकाशन, २०५९, पृ. २३५ ।
(ख) *राष्ट्रपुकार*, टिप्पणी संख्या १३९ ।

झन बढाउन र जनतालाई पुनः एकपटक सचेत गर्नका लागि वी.पी. द्वारा पुनः एक अपिल जारी गरियो । आफूले पहिला नै बहिष्कारको निर्णयको व्याख्यासहित अपिल जारी गरेको उल्लेखसँगै राष्ट्रियताको रक्षा, प्रजातन्त्र प्राप्ति एवं विस्तार र देशको आर्थिक विकासका लागि बहिष्कारको निर्णय गरेको जनाउँदै चुनावका दिन मतदानमा भाग नलिई परिवारसँगै घरमा बसेर प्रजातन्त्र, राष्ट्रियता र समाजवादलाई मद्दत गर्न मतदातासमक्ष अनुरोध गरेका थिए ।[१३९३]

वी.पी. को यस अपिलबाट झन हलचल उत्पन्न गरेको स्थितिमा त्यसमा सहभागिता जनाइ झन सशक्त वातावरण निर्माण गर्न पार्टीका विभिन्न निकायद्वारा पनि पहल गरियो । निर्वाचन प्रचारको अन्तिम दिन युवा समूहको सक्रियतामा बहिष्कारका लागि अनुरोध गर्ने क्रमसँगै बैशाख २७ गतेको चुनावको अभिप्राय, पंचायतको २० वर्षे कार्यकाल, पंचहरूका उम्मेदवार र तिनका कर्तुत एवं बालिग मताधिकारको स्थिति स्पष्ट गर्दै अपिल जारी गरियो । जसमा २० वर्षीय शासनकालमा पंचायती व्यवस्थाले अवलम्बन गरेको नीति, पंचनेताहरूले गरेका लुट, भ्रष्टाचारका विभिन्न काण्डहरू, बालिग मताधिकारको नारा दिएर स्वतन्त्र रूपले उम्मेदवार बन्न नपाउने व्यवस्था गरी जनअधिकारमाथि लगाइएको नियन्त्रण आदि उल्लेख गर्दै कपटपूर्ण अभिप्रायबाट गर्न लागिएको चुनाव बहिष्कार गर्न आह्वान गरिएको थियो ।[१३९४]

वी.पी. को निर्णय र ने.का. को आह्वानअनुरूप संचालित बहिष्कार अभियानबाट निर्वाचनमा देशव्यापी प्रभाव पर्नगयो । सरकारी दमन एवं गिरफ्तारीका वावजुद पनि कार्यकर्ताहरूले बहिष्कार अभियान तिब्र पारेपछि प्रशासनिक दमन झनै तिब्र भयो । कतिपय ठाउँमा मन्त्रीहरूले प्रशासनसँग मिलेर खटाएका गुण्डाहरूद्वारा बहिष्कारवादीहरूलाई आक्रमण एवं कुटपिटसमेत गरियो । देशव्यापी यस्तो उत्तेजक वातावरण हुँदाहुँदै पनि २०३८ सालबैशाख २७ गते पंचायती व्यवस्थाअन्तर्गत बालिग मताधिकारका आधारमा प्रथम आमचुनाव सम्पन्न भयो । जसमा काठमाडौँ, पाटन, विराटनगर, वीरगंज, पोखरा लगायत देशका प्रमुख सहरहरूमा अत्यन्त न्यून मात्रामा मतदान भयो । उपरोक्त सहरका अधिकांश वुथहरूमा दिनभरिजसो नै पंक्तिबद्ध उपस्थिति नभएर छिटफुट रूपमा मात्र मतदान भए तापनि रेडियो नेपालले देउँसोको बुलेटिनदेखि नै ५०-६० प्रतिशतसम्म मतदान भएको खबर प्रशारण गरेर धाँधलीका लागि पूर्वाधार तयार गर्ने कार्य गरियो ।[१३९५]

---

[१३९३] विस्तृतिका लागि विश्वेश्वरप्रसाद कोइरालाद्वारा “नेपाली जनतामा अपिल” शीर्षकमा २०३८ साल बैशाख १९ गते जारी पर्चा ।

[१३९४] विस्तृतका लागि प्र. नेपाली कांग्रेस काठमाडौँ जिल्ला (युवा समूह) द्वारा “बैशाख २७ गते आफ्नो परिवारहरूसँग घरैमा बसौं” शीर्षकमा २०३८ साल बैशाख २३ गते जारी पर्चा ।

[१३९५] (क) अशोक कोइराला, भरतमोहन अधिकारी, शुक्रराज शर्मा, महेश्वरलाल श्रेष्ठ, श्रीभद्र शर्मा, निलाम्बर पन्थी, वृखेशचन्द्रलाल, यज्ञप्रसाद अधिकारी, राजेश्वर नेपाली, गिरिराज आचार्य, विमलेन्द्रनिधिसँगका अन्तर्वार्ताहरू ।
(ख) मनमोहन भट्टराईसँग २०५८ पौष २३ गते वानेश्वर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) राजेन्द्रनिधि कोइरालासँग २०५९ चैत्र २७ गते गैह्रापाटन, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) लालकिशोर शाहसँग २०६० जेठ १४ गते रामानन्द चौक, जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

ने.का. लगायत अधिकांश जनाधार भएका बहुदलवादीहरूका स्थानीय नेता एवं प्रमुख कार्यकर्ताहरूलाई स्थानीय प्रशासनले शान्ति सुरक्षाका बहानामा थुनिसकेको थियो भने बाहिर भएकाहरू पनि बहिष्कारका कारण घरमै बस्ने वा तमाशा हेर्ने गरे । त्यो स्थितिमा बहुदलवादीहरू शून्य प्रायः भएकाले प्रशासनिक संरक्षणमा सरकारी उम्मेदवारहरूलाई जिताउन व्यापक धाँधली गरियो । एउटै व्यक्तिले अनेक पटक र वुथवुथमा घुमेर मतदान गर्दा पनि खास वास्ता गरिएन । तसर्थ काठमाडौँका जनताले बहिष्कार गर्नुका सट्टामा नानीमैंया दाहाल जस्तो उम्मेदवारलाई जिताएर पंचायती निर्वाचनको खिल्ली उडाए । यस्तो वातावरणबीच चुनाव सकिएपछि ने.का. द्वारा आफ्नो बहिष्कार अभियान व्यापक रूपले सफल भएको निष्कर्ष निकालियो । तसर्थ वी.पी. कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला आदिद्वारा जनताले अत्यन्त ठूलो संख्यामा मतदानमा भाग नलिएर आफ्नो आह्वानको सार्थकता प्रमाणित गरेको जनाउँदै असत्य र धाँधलीमा आधारित पंचायती दर्शन समाप्त हुन धेरै दिन नलाग्ने उदघोषसहित बहिष्कार अभियान सफल पार्ने सम्पूर्ण जनतालाई बधाई दिँदै आभार व्यक्त गरे ।[१३९६]

व्यापक उत्तेजक वातावरणबीच यसरी सम्पन्न भएको उक्त निर्वाचनमा देशमा ७५ जिल्लामध्ये ३७ वटा जिल्लामा ५० प्रतिशतभन्दा कम मतदान भएकाले[१३९७] जनसहभागिता नभएको निर्वाचन भनेर आलोचना गर्ने मौका बहुदलवादीहरूले प्राप्त गरे । कतिपय जिल्लाका वुथहरूमा सत्तारूढ मन्त्रीहरूद्वारा वुथ कब्जा गरी आफ्ना पक्षमा मत खसाउने, मरिसकेका व्यक्तिका नामबाट समेत मत खसाउने, चुनावमा सत्ता पक्षबाट व्यापक धाँधली भयो भनी उम्मेदवारहरूद्वारा नै पत्रकार सम्मेलन गरी मतगणना बहिष्कार गर्ने, मन्त्रीका समर्थकले वुथमा आतंक मच्चाउन ल्याएको हथगोला पक्रेर पनि प्रहरीले प्रजातन्त्रवादीको घरबाट बरामद गरिएको देखाएर कार्वाही गर्ने लगायतका क्रियाकलाप गरिएको समाचारहरू प्रकाशमा आयो ।[१३९८] दरबार एवं तत्कालीन प्रधानमन्त्री थापाद्वारा आशीर्वाद दिएर उम्मेदवार खडा गरिए तापनि सिद्धान्ततः व्यक्तिगत रूपमा उम्मेदवारी दाखिला गर्नुपर्ने भएकाले कतिपय ठाउँमा दरबारबाट आशीर्वाद प्राप्त उम्मेदवारले नै पराजयको सामना गर्नु पऱ्यो । जसको स्पष्ट उदाहरणका रूपमा विराटनगरबाट चुनाव लडेर पराजित भएका भूतपूर्व प्र.म. मातृकाप्रसाद कोइरालालाई लिन सकिन्छ, जो थापा समर्थक उम्मेदवार शिवप्रसाद रिजालका कारणबाट पराजित भएका थिए ।[१३९९] उनलाई पराजित गर्नुका पछाडि सम्भवतः आफू जननिर्वाचित प्र.म. बन्ने महत्त्वाकांक्षा पूर्तिका लागि उनलाई पन्छाउनु जरुरी भएको कुरा थापाले महसुस गरेको मानसिकताले काम गरेको थियो । त्यस्तै काठमाडौँमा सरकारी उम्मेदवारहरूमा जोगमेहर श्रेष्ठ र कमल राणामा जोगमेहर श्रेष्ठ र नानीमैञा दाहाल

१३९६ *राष्ट्रपुकार,* २०३८ साल जेठ १ गते ।

१३९७ देवकोटा, टिप्पणी संख्या ३, पृ. ७७६-८१८ ।

१३९८ *राष्ट्रपुकार,* टिप्पणी संख्या १४५ ।

१३९९ शाह, टिप्पणी संख्या ६ (ख), पृ. १०७ ।

निर्वाचित भएका थिए । आफ्नो उम्मेदवारहरू जिताउन सेनाको ब्यारेकहरूमा पनि वुथ राखी सेनालाई भोट खसाल्न लगाए तापनि कमल राणालाई पराजित गरी नानीमैञा विजयी भइन् । नानीमैञाको विजय पंचायती व्यवस्थाको उपहास र शासकहरूको पराजय हो ।

पंचहरूद्वारा यस प्रकारका क्रियाकलाप सम्पादन गरिए तापनि चुनावलाई प्रयोग गरेका कतिपय पंचायत विरोधीहरूले पनि विजय प्राप्त गरे । जसमध्ये ने.का. बखान समूहका तर्फबाट लडेकामध्ये बखान सिंह गुरुङ, काशिनाथ गौतम, डा. के.आइ. सिंह र भागवत यादव, मजदुर किसान पार्टी रोहित समूहका तर्फबाट लडेका कृष्णप्रसाद हेजु[१४००] बहुदलवादी भनी चिनिएरै प्रचारमा उत्रेकाहरूमध्येबाट श्रीभद्र शर्मा र अर्जुन नरसिंह के.सी.[१४०१] र अन्य वामपन्थीमध्येका गोविन्दनाथ उप्रेती एवं रूपचन्द्र विष्ट[१४०२] आदि प्रमुख थिए । यसबाहेक निर्वाचनमा भाग लएर विभिन्न जिल्लाबाट ५० जना उम्मेदवार उठाएको डा. केशरजंग रायमाझिद्वारा निर्देशित रुस समर्थक वामपन्थी समूहले भने एकजना उम्मेदवार पनि जिताउन सकेन । जे भए तापनि ने.का. को बहिष्कार अभियानले व्यापक सनसनी फैलाय तापनि आंशिक रूपमा मात्र प्रभाव पार्न सफल भयो भन्न सकिन्छ ।

समग्रमा भन्नुपर्दा उम्मेदवारी दिनका लागि वर्गीय संगठनको सदस्यता लिनु पर्ने र पंचायती संविधान स्वीकार गर्ने सपथ पत्रमा हस्ताक्षर गर्नुपर्ने बाध्यात्मक संवैधानिक व्यवस्था हटाउनका लागि ने.का. द्वारा गरिएको अनुरोधलाई तत्कालीन प्र.म. थापाले षड्यन्त्र गर्नुका सट्टा राजाबाट पूरा गराइदिएको भए ने.का. ले पंचायतको विरोधमै भए पनि उक्त चुनावलाई स्वीकार गर्ने निश्चित नै थियो । तर त्यसो भएका खण्डमा आफ्नो स्वार्थ समाप्त हुने ठाने र प्र.म. थापा एवं निजका मतियारहरूद्वारा उपेक्षा गर्ने र पन्छाउने नीतिअनुरूप षड्यन्त्र गरिनाले शान्तिपूर्ण माध्यमबाट मुलुक प्रजातान्त्रीकरणको मार्गमा उन्मुख हुने अवसर समाप्त गरी पुनः वैमनस्यतालाई निरन्तरता दिइयो । यसरी तत्कालका लागि थापा सत्ता प्राप्त गर्न सफल भए तापनि २०१७ सालदेखि चल्दै आएको समस्या एवं विवाद कायमै रहनाले उनको सत्तासँगै पंचायती व्यवस्थाले पनि स्थायित्व पाउन सकेन । फलस्वरूप नेपालको राजनीतिमा विकसित हुँदै गएको राजनैतिक ध्रुवीकरणले पंचायतको समाप्तिका लागि वातावरण निर्माण गर्दै एकात्मक विद्रोहको प्रवृत्तिलाई जन्माउन सफल भयो ।

## ६.९ वी.पी. कोइरालाको देहावशान र नेपाली कांग्रेसमा परेको प्रभाव

---

[१४००] हेमराज अधिकारी (शास्त्री), *आजको नेपाल (प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास)*, काठमाडौं : श्रीमती चन्द्रकला अधिकारी, २०५८, पृ. ५८० ।

[१४०१] श्रीभद्र शर्मा, टिप्पणी संख्या २३ (ख) ।

[१४०२] मार्टिन हफ्टन, विलियम रेपर एण्ड जोन ह्वेल्पटन, *पिपुल पोलिटिक्स एण्ड आइडियोलोजी डेमोक्रेशी एण्ड सोसल चेन्ज इन नेपाल*, काठमाडौं : मण्डला बुक प्वाइन्ट, १९९९, पृ. १०१ ।

ने.का. ले चुनाव बहिष्कार गरेर पंचायती व्यवस्थाका विरुद्धमा संघर्ष गर्ने निश्चय गरेपछि नेपालको राजनीतिमा पुनः एकपटक सहमतीको वातावरण निर्माण प्रकृया अवरुद्ध हुन गयो । देशमा एक वर्षभन्दा बढी अवधिसम्म चलेको प्रजातान्त्रिक अभ्यासबाट राजनीतिलाई पछाडि फर्काउन खोज्नु आगोसँग खेल्नु जस्तै थियो तापनि पंचायतका यथास्थितिवादीहरूले राजालाई अचानो बनाएर त्यो कार्य गर्न सफल भए । फलस्वरूप सामाजिक एवं राजनैतिक रूपान्तरणका लागि कटिवद्ध ने.का. ले पुनः मेलमिलाप नीतिअनुरूप सक्रिय भएर लक्ष्य प्राप्तितर्फ अग्रसर हुने निश्चय गऱ्यो । अर्कोतिर बालिग मताधिकारका आधारमा सम्पन्न निर्वाचनपश्चात रा.प. द्वारा प्रधानमन्त्रीको नियुक्तिका लागि सिफारिस चढाउनका लागि हुने निर्वाचनको मनोनयनपत्र दाखिला गर्न राजाबाट २०३८ साल जेठ ३२ गतेको तिथि निर्धारण गरियो ।[१४०३] पंचायतकालिन नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री हुने महत्त्वाकांक्षा पूर्तिका लागि षड्यन्त्रमा लागेर ने.का. लगायतका बहुदलवादीहरूले चुनाव बहिष्कार गर्ने स्थिति निर्माणसँगै आफ्नो प्रतिद्वन्द्वितामा आउन सक्नेलाई पनि पराजित गराइसकेका सूर्यबहादुर थापाले यस क्रममा पंचायतका शक्ति केन्द्रमार्फत दरबारको आशीर्वाद प्राप्त गर्न समेत सफल भए । जसले गर्दा थापाका विरुद्धमा वास्तविक रूपमा नै उभिन तत्पर रहेका लोकेन्द्रबहादुर चन्दलाई दरबारद्वारा त्यसो नगर्न भनिएपछि शाही निर्देशनको पालना गर्ने अधिकांश रा.प.स. हरूले थापालाई नै समर्थन गरे ।[१४०४] फलस्वरूप असार १ गतेका दिन श्रीभद्र शर्मा, प्रकाशचन्द्र लोहनी, पशुपतिशमशेर, लोकेन्द्रबहादुर चन्द लगायतका १३ जना रा.प.स. हरूले सूर्यबहादुर थापाको उम्मेदवारी पत्रमा हस्ताक्षर नगरे तापनि उनी बाहेक अरूको मनोनयन पत्र दाखिला नभएकाले रा.प. बाट उनी निर्विरोध चुनिए ।[१४०५] त्यसपछि भोलिपल्ट अर्थात असार २ गते राजाबाट उनलाई प्र.म. मा नियुक्त गर्नुका साथै उनको सिफारिसअनुरूप २८ सदस्यीय मन्त्री परिषद् गठन गरियो ।

सूर्यबहादुर थापाको महत्त्वाकांक्षाले यसरी मूर्तरूप लिए तापनि त्यसपछिको राजनीतिमा ध्रुवीकरण प्रारम्भ भयो । जसलाई राम्रोसँग महसुस गरेका वी.पी. ले नेपालको राजनीतिमा चल्दै आएको र अब प्रकट हुने द्वन्द्वबाट नै पंचायती व्यवस्था समाप्त हुने भविष्यवाणी गरे । उनले यस क्रममा पंचायतवादी र प्रजातन्त्रवादीबीच विगत २० वर्षदेखि द्वन्द्व चल्दै आएको स्थितिमा अबको संवैधानिक व्यवस्थाले गर्दा वर्तमान रा.प. भित्र एउटा द्वन्द्व प्रकट हुने र दरबार एवं पंचायतबीच अर्को द्वन्द्व प्रारम्भ हुने भएकाले त्यसबाट पंचायती व्यवस्थाभित्र गम्भिर संकट पैदा

---

[१४०३] देवकोटा, टिप्पणी संख्या ३, पृ. ८५०-८५१ ।

[१४०४] (क) हफ्टन र अन्य, टिप्पणी संख्या १५१, पृ. १०२ ।
(ख) श्रीभद्र शर्मा, टिप्पणी संख्या २३ (ख) ।

[१४०५] (क) *पूर्ववत्* (ख) ।
(ख) देवकोटा, टिप्पणी संख्या ३, पृ. ८५१ ।

भएर व्यवस्था नै समाप्त हुने स्पष्ट गरे ।[१४०६] वी.पी. को धारणालाई खासै वास्ता नगरेको प्र.म. थापाले जनमत संग्रहका अवधिमा झैं प्रधानमन्त्रीको कार्यालयद्वारा प्रशासनिक नियन्त्रण कायम गरी एकछत्र रूपले शासन गर्ने, पंचायत विरोधीहरूलाई पेलेर बढ्ने, राजालाई समेत नजर अन्दाज गर्ने लगायतका नीति अवलम्बन गर्न थालेपछि पंचायत वृत्त लगायतका क्षेत्रबाट समेत विरोध सुरु भयो । संशोधित संविधानका तहत निर्वाचन लडेर जितेका पंचायत विरोधि रा.प.स. हरूद्वारा रा.प. भित्र समेत उनको नीति एवं कार्यशैली विरुद्ध आलोचनासँगै जनमत तयार हुने कार्य हुन थाल्यो । जसलाई उदारवादी पंचहरूले समेत साथ दिएपछि पंचायत भित्र नै गुटबन्दी क्रमशः बढ्न थाल्यो । त्यो स्थितिमा अझै पनि राजनीतिक रूपले केही शक्तिशाली देखिएका प्र.म. थापाका विरुद्धमा डा. तुलसी गिरी, कीर्तिनिधि विष्ट, डा. के.आइ. सिंह जस्ता नेताहरू उभिए भने के.आइ. सिंहद्वारा त सुधारिएको पंचायत व्यवस्था पहिलेको भन्दा पनि खराब छ भन्दै यसमा कुनै पनि परिवर्तन नआएको दावी गरियो ।[१४०७]

वी.पी. को भविष्यवाणीअनुरूप रा.प. भित्र नै द्वन्द्व प्रारम्भ भई पंचायतवादीहरू नै गुटबन्दीमा लाग्न थालेको अवस्थामा ने.का. ले राजनैतिक एकता कायम गर्ने प्रयाससँगै पार्टीको आन्तरिक संगठन सुदृढ गर्ने अभियानतर्फ लाग्ने निश्चय गऱ्यो । जसका लागि शीर्षस्थ नेताहरूद्वारा विचार विमर्श एवं छलफलद्वारा नीति निर्माण लगायतका तयारीतर्फ लागिरहेकै बेलामा पार्टीका महामन्त्री परशुनारायण चौधरीले एक्कासी संविधानको तेस्रो संशोधनलाई स्वीकार गर्दै पंचायत प्रवेश गर्ने घोषणा गरिएको लिखित वक्तव्य जारी गरे । जसमा संविधानको तेस्रो संशोधन पछि देशमा सिर्जना हुन थालेको सकारात्मक वातावरणलाई खल्बलाएर संकटपूर्ण स्थिति निर्माणतर्फ सक्रिय अतिवादी र प्रतिक्रियावादी तत्त्वको प्रयास असफल पार्न नसकेमा देशको अस्तित्वमाथि खतरा उत्पन्न हुने भएकाले त्यसका अन्तका लागि पंचायती राजनीतिको मूल प्रवाहमा सम्मिलित भएर रचनात्मक भूमिका निर्वाहका लागि आफ्नो विचारसँग सहमत हुने साथीहरूलाई आग्रहसमेत गरेका थिए ।[१४०८]

जनजातिहरूका तर्फबाट ने.का. भित्र प्रतिनिधित्व गर्दै महामन्त्री जस्तो पदमा पुगेका, संघर्षका मोर्चाहरूमा खटेर महत्त्वपूर्ण भूमिका निर्वाहसँगै अनुभव बटुलेका, अनौपचारिक रूपमा वी.पी. ले आफ्नो उत्तराधिकारीको स्थानसमेत दिइसकेका परशुनारायण चौधरी जस्तो व्यक्तिको पलायनबाट ने.का. भित्र व्यापक प्रतिक्रिया उत्पन्न भयो । कतिपयले यसलाई वी.पी. को संकेतअनुसार भएको कार्यको संज्ञा दिए भने कतिपयले ने.का. भित्र प्रारम्भ भएको आपसि फुट मानेर यो दल अझै टुक्रिदै छ भन्न थाले । त्यो स्थितिमा अन्य नेता एवं कार्यकर्ताहरूमा पनि

---

[१४०६] *साप्ताहिक मातृभूमि,* २०३८ साल जेठ १३ गते ।

[१४०७] किशोर नेपाल, *जनमत संग्रहदेखि जनआन्दोलनसम्म नेपाली पत्रकारिताको विकास र प्रभाव,* काठमाडौं : व्यावशायिक पत्रकारिता प्रतिष्ठान, २०५७, पृ. २९ ।

[१४०८] विस्तृतिका लागि परशुनारायण चौधरीद्वारा २०३८ साल साउन ८ गते जारी गरेको वक्तव्य, हेर्नुहोस् *सातदिने समीक्षा,* २०३८ साल साउन ९ गते ।

विचलन आउने संभावना भएकाले वी.पी., गणेशमान, कृष्णप्रसाद लगायतका शीर्षस्थ नेताहरूबाट चौधरीको उक्त कार्य दुःखद भएको जनाउँदै उनी पार्टीको सम्मानित ओहदाबाट मुक्त भएको स्पष्ट गरे । यस क्रममा बी.पी. द्वारा गुप्त षड्यन्त्र, हरेश खाने, अधैर्य हुने प्रवृत्ति र जानी नजानी कसैको हतियार बनेर शरण पर्ने नीतिबाट प्रजातान्त्रको लामो संघर्ष चलाउन नसकिने हुँदा यात्रा अविचलित रूपले गन्तव्यतर्फ जारी रहने जनाउँदै चौधरीको निर्णयलाई व्यक्तिगत निर्णयको संज्ञा दिइयो भने गणेशमान सिंहले २००९ सालदेखि नै कांग्रेसका मान्छे चोर्ने पंचायती संस्कार बसालिएको सन्दर्भमा यो कुनै नौंलो प्रकृया होइन भन्दै हाम्रा एक दुई मान्छे चोर्दैमा राजनैतिक संकट टर्न नसक्ने स्पष्ट गरियो ।[१४०९] यसै गरी कृष्णप्रसाद भट्टराईद्वारा चौधरीको कार्यमा घोर अवसरवादीता लुकेको जनाउँदै निरन्तर संघर्ष गर्ने मानिसद्वारा निर्मित समूहबाट दुई-चार जना मानिस जाँदैमा दुःख मान्ने र निराश हुनुपर्ने स्थिति नरहेको स्पष्ट गरियो ।[१४१०]

बहुदलीय व्यवस्था र मानवअधिकारको बहालिका लागि संघर्ष गर्दै कठिन दिन बिताएका युवा नेताको यस निर्णयबाट ने.का. को राजनीतिभित्र अवसरवादी एवं असन्तुष्टहरूको जमात विद्यमान रहेको कुरा स्पष्ट गऱ्यो । शीर्षस्थ नेताहरूद्वारा सामान्य घटनाको संज्ञा दिइए तापनि यसबाट पार्टीको चुनाव बहिष्कार गर्ने निर्णयलाई सबैले हृदयत समर्थन गर्न नसकेको वास्तविकता अगाडि आयो । बी.पी. जस्तो व्यक्तिद्वारा नेतृत्व गरिएको पार्टीका उच्च ओहदामा पुगेका नेताहरू पनि प्रजातन्त्र एवं बी.पी. को नीतिप्रति प्रतिबद्ध नरहेको स्पष्ट गर्दै अर्को अवस्था वा अवसर प्राप्त हुनासाथ बी.पी. लाई छाडनसमेत तयार हुने कटुसत्यलाई यो घटनाले प्रमाणित गऱ्यो ।[१४११] सामान्य घटना लगायत जे सुकै मानिए तापनि यसबाट ने.का. भित्र व्यापक प्रतिक्रियासँगै अन्यौलपूर्ण स्थिति उत्पन्न भयो । जसका अन्तमा यसलाई ने.का. को मेलमिलाप नीति सफल हुन नदिन सत्ता पक्षबाट गरिएको षड्यन्त्रका रूपमा ग्रहण गरी[१४१२] असफल पार्न सक्रिय हुने निश्चय गरियो ।

परशुनारायण चौधरीको पलायनपश्चात चलेका हल्ला एवं कार्यकर्तामा व्यक्त अन्यौलपूर्ण स्थितिको अन्तका लागि बी.पी. ले प्रजातन्त्रवादीमाथि निकट भविष्यमा आइपर्ने जिम्मेवारी बहन गर्न संगठन बनाउनु पर्ने उल्लेख गर्दै यसै परिप्रेक्ष्यमा भावी कार्यक्रम निर्धारित भएको घोषणा गरे । नेपालको राजनीतिमा आफ्नो राष्ट्रिय मेलमिलाप नीतिका आधारमा सम्बन्धहरूको पुनर्निर्धारण हुने जनाउँदै मेलमिलापको शर्त राष्ट्रियता र प्रजातन्त्र भएकाले "पंचहरूलाई प्रजातन्त्रवादीहरूसँग नतर्सन र प्रजातन्त्रवादीहरूलाई पंचसँग नझस्कन"

---

[१४०९] *राष्ट्रपुकार,* २०३८ साल श्रावण १५ गते ।

[१४१०] *पूर्ववत्* ।

[१४११] जयप्रकाश आनन्द, "परशु पलायन कथा", *जनआन्दोलन,* जयप्रकाश आनन्द (स./प्र.), विराटनगर : २०३८ माघ, पृ. १३ ।

[१४१२] *राष्ट्रपुकार,* २०३८ साल श्रावण २२ गते ।

सल्लाहसमेत दिए ।[१४१३] वी.पी. को अभिव्यक्तिबाट केही समयदेखि सुसुप्त अवस्थामा रहेको नेपालको राजनैतिक वातावरणमा जुर्मुराहटका लक्षणहरू देखिन थाले । देशका बौद्धिक जमातहरूद्वारा वी.पी. को अभिव्यक्तिमा निहित भावना स्पष्ट गर्ने र पंचायतको यथार्थता बुझाउने कार्य तिब्र पारियो । त्यो स्थितिमा कार्यकर्ताहरूमा देखापरेको उत्साहलाई समेटेर पार्टीको आन्तरिक संगठन बलियो बनाउने चाहनाअनुरूप अभियान प्रारम्भ गर्ने निर्णय गरियो । जसका लागि देशका रौतहट, कटारी, भोजपुर, गैंडाकोट, गोरखा, ललितपुर लगायतका विभिन्न ९ ठाउँमा सप्ताहव्यापी कार्यकर्ता सम्मेलन एवं प्रशिक्षण शिविर आयोजना गर्ने जनाउँदै त्यसका लागि २०३८ साल पौष २० गतेदेखि चैत्र मसान्तसम्मको तिथि निर्धारण गरियो ।[१४१४] यसरी विभिन्न जिल्लाहरूको संगठनात्मक सुदृढीकरणका लागि जिल्ला कार्य समितिको गठन-पुनर्गठन, भावि कार्यक्रमको निर्धारण, कार्यकर्ता प्रशिक्षण, केन्द्रीय कार्य समितिको पुनर्गठनका लागि आधार निर्माण लगायतका उद्देश्यअनुरूप आयोजना गर्न थालिएका सम्मेलन एवं शिविरबाट कार्यकर्तामा उत्साह जगाउने, जागरुकता ल्याउने, प्रतिपक्षि अन्य समूहहरूसँग पनि सहमति निर्माणको मार्ग प्रशस्त गर्न सघाउ पुग्ने आशा गरिएको थियो ।

यसैबीच वी.पी. को स्वास्थ्यमा पुनः गिरावटका लक्षण देखिन थालेपछि परिक्षणका लागि दिल्ली पुगेका थिए । जहाँ समय लिएर उपचार गर्नुपर्ने निश्चित भएपछि एकपटक सबैसँग भेटेर मात्र उपचार थाल्ने निश्चयसँगै एक दिनका लागि मात्र उनी काठमाडौं फर्किए । त्यो समाचार थाहा पाउना साथ उनलाई भेटन मानिसहरू ओइरिन थाले । एकदिनको छोटो अवधिमा ने.का. का नेताहरूका साथै अन्य विभिन्न दलका नेता, कार्यकर्ता, पत्रकार, बुद्धजीवी, विद्यार्थी लगायतसँग भेटघाट सरसल्लाह गरेर छिटै स्वास्थ्य लाभको शुभकामनासमेत प्राप्त गरी भोलीपल्टै दिल्लीतर्फ प्रस्थान गरे । अर्कातिर वी.पी. को स्वास्थ्य विग्रिएको र लामो उपचार आवश्यक पर्ने लगायतका समाचार सार्वजनिक हुनासाथ नेपालका विभिन्न ठाउँमा वी.पी. स्वास्थ्य कोष खडा गरेर दान उठाउने अभियान सुरु भयो । समाजसेवी, बुद्धिजीवी, व्यापारी, शिक्षक, कर्मचारी, प्राध्यापक, विद्यार्थी, कार्यकर्ता, किसान, मजदुर लगायत समाजका सबै वर्गबाट हातेमालो गरी ठूलो उत्साह एवं श्रद्धा साथ चन्दा संकलन गर्ने अभियान तिब्र पारियो ।[१४१५]

---

[१४१३] (क) *राष्ट्रपुकार,* टिप्पणी संख्या १५८ ।
(ख) पोखरेल, टिप्पणी संख्या ९३, पृ. १४४ ।
(ग) विश्वेश्वरप्रसाद कोइराला, *मेलमिलापको शर्त राष्ट्रियता र प्रजातन्त्र (अन्तर्वार्ताहरूको संकलन),* काठमाडौं : जय नेपाल प्रकाशन, २०३८, पृ. १६-१७ ।

[१४१४] *विश्वदुत साप्ताहिक,* २०३८ साल मंसिर २९ गते ।

[१४१५] (क) मणिराज भट्टराई, *बहुआयामिक व्यक्तित्व युग पुरुष वी.पी. कोइरालाको संक्षिप्त जीवनी,* धरान : तीलकुमारी लिम्बु, २०४९, पृ. ५० ।
(ख) पोखरेल, टिप्पणी संख्या ९३, पृ. १४५ ।
(ग) अशोक कोइराला, शुक्रराज शर्मा, गोविन्द कँडेल, राजेश्वर नेपाली, देवेन्द्र नेपाली, निलाम्बर पन्थी, शुशिल कोइराला, ऋषिकेश तिवारी, लालकिशोर शाह, वृखेशचन्द्रलालसँगका अन्तर्वार्ताहरू ।
(घ) गोपालमान श्रेष्ठसँग २०६० आश्विन ८ गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) रामकृष्ण ताम्राकारसँग २०६१ असार २० गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

"तपाइको सानो दान वी.पी. र प्रजातन्त्रका लागि बरदान", "वी.पी. स्वास्थ्य उपचार कोष प्रजातन्त्र जोगाउने उदघोष", "वी.पी. को उपचार हाम्रो कर्तव्य", "महानव्यक्तिको उपचार गरौं प्रजातन्त्र बचाउन मन गरौं" आदि नारा एवं भावना उल्लेखित व्यानर,पम्प्लेट बोकेका विद्यार्थी, तरुण एवं कार्यकर्ताहरू देशव्यापी चन्दा संकलन अभियानमा लागे ।[१४१६] यस प्रकार अल्प अवधिमा उठाएको दानबाट वी.पी. को उपचारमा ठूलो सघाउ पुग्यो । फलस्वरूप भारतको बम्बइस्थित टाटा क्यान्सर अस्पतालमा उपचार गराई क्यामोथेरापि पद्धतिबाट केही लाभ भएपछि वी.पी. मंसिर ८ गते काठमाडौँ फर्किए । जहाँ गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायत विशाल मात्रामा उपस्थित कार्यकर्ताहरूले गगनभेदी नारा लगाउँदै भावपूर्ण स्वागत गरे ।[१४१७]

वी.पी. द्वारा आन्तरिक संगठन निर्माणका लागि दिइएको निर्देशनअनुरूप प्रशिक्षण शिविर एवं जनसभाहरू संचालन गर्ने निश्चयसँगै तयारीतर्फ लागेका नेता एवं कार्यकर्ताहरूले २०३८ साल पौष २० गते रौतहटको फरहदवाबाट प्रारम्भ गरेको सप्ताहव्यापी शिविर धनगढी, नेपालगंज, गैंडाकोट, गोरखा, भोजपुर, कटारी, इलाम आदि ठाउँहरूसम्म पुऱ्याइयो । गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला आदि शीर्षस्थ नेताहरूका साथै सि.के. प्रसाइ, देवेन्द्र नेपाली आदि युवा नेताहरूद्वारा सम्बोधन एवं प्रशिक्षण दिइएका उपरोक्त शिविरहरूद्वारा पंचायती व्यवस्थालाई चुनौती दिनुका साथै कार्यकर्ताहरूको मनोवल बढाउने काम गरियो ।[१४१८] कार्यकर्ताहरूलाई सैद्धान्तिक प्रशिक्षण दिने, देशको राजनैतिक अवस्थाको बारेमा सिंहावलोकन गरी जनजागरण उत्पन्न गराउने, संगठन पुनर्गठन गर्ने लगायतका उद्देश्यबाट[१४१९] आयोजित उपरोक्त शिविरहरूमध्ये अधिकांश निर्विघ्न सम्पन्न भए भने केही ठाउँमा प्रशासनिक दमनको सामना पनि गर्नु पऱ्यो । यस क्रममा शीर्षस्थ नेताहरूद्वारा शिविरका अलावा विभिन्न आमसभा एवं कार्यकर्ता भेलालाई सम्बोधन गर्दै जनमत संग्रहमा गरिएको धाँधली, संविधानको आलोचना लगायतका कार्यलाई तिब्र पार्ने, बौद्धिक जमातसँग छलफल गर्ने र सांगठनिक विस्तार कार्य बढाउने आदि क्रियाकलापद्वारा पंचायत विरुद्ध जनमत तयार गर्नेतर्फ लाग्नाले पंचायती खेमामा खैलाबैला मच्चियो ।

---

[१४१६] (क) डिल्लीरमण शर्मा, शुक्रराज शर्मा, वृखेशचन्द्रलाल, लालकिशोर शाह, महेश्वरलाल श्रेष्ठ, रामचन्द्र अधिकारी, गोविन्द कँडेल, गोपालकुमार बस्नेतसँगका अन्तर्वार्ताहरू ।
(ख) भुवनराज सुवेदीसँग २०५८ असार १० गते वानेश्वर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) नारायण बरालसँग २०५८ असार ९ गते शंखमुल, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) पुरुषोत्तम बस्नेतसँग २०६० पौष २१ गते टेकु, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) रामचन्द्र ढकालसँग २०६१ बैशाख ७ गते नयाँसडक, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१४१७] *राष्ट्रपुकार,* २०३८ साल मंसिर ११ गते ।

[१४१८] विस्तृतिका लागि *राष्ट्रपुकार,* २०३८ साल माघ १ गते, ८ गते, १५ गते, २२ गते, २९ गते, फाल्गुण ७ गते, १४ गते, २८ गते, चैत्र १२ गते, १९ गते आदिका विभिन्न अङ्कहरू ।

[१४१९] बद्रीनारायण गौतम, *नेपाली कांग्रेस र संघर्षका दशवर्ष (२०३६-२०४६),* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०५०, पृ. १६३ ।

ने.का. का यस्ता क्रियाकलापबाट पंचायतवादीहरू सन्तुष्ट छैनन् भन्ने देखाउन जरुरी ठानेपछि सक्रिय भएका पंचहरू विरोधमा उत्रिए । यसक्रममा सर्वप्रथम ने.का. ले गैंडाकोटमा आयोजना गरेको शिविर असफल पार्न आयोजकलाई धम्काउने र प्रासनिक संरक्षणमा गुण्डादल पठाउने कार्य गरियो । तर त्यहाँ उपस्थित ने.का. का कार्याकर्ताहरूले प्रतिकार गरी उल्टै तिनलाई धपाए ।[१४२०] त्यसपछि उदयपुर जिल्लाको कटारीमा आयोजित प्रशिक्षण शिविर समापनका दिन चैत्र ६ गते गर्न लागिएको आमसभामा उदयपुर जिल्लाका प्र.जि.अ. आफै उपस्थित भएर विभिन्न ठाउँबाट जम्मा गरेका हत्यारा एवं आक्रमणकारी समेतको जमात परिचालन गरी प्रहरी निर्देशन एवं संरक्षणमा सांघातिक आक्रमण गर्ने, बस्नका लागि बनाइएका झुपडिहरूमा आगो लगाउने लगायतका कार्य गर्नाले कैयौं व्यक्तिहरू घाइते भए ।[१४२१] तर पनि हरेश नखाएका ने.का. का नेता एवं कार्यकर्ताहरूले आफ्नो अभियानलाई निरन्तरता दिएर राजनैतिक चुनौती स्वीकार गर्न सक्ने कार्यकर्ता तयार गर्दै मनोबल बढाउन सफल भए ।

यसप्रकार काठमाडौं उपत्यकाभन्दा बाहिरको देशव्यापी अभियान पूरा गरी चैत्र २९ गते ललितपुरमा अन्तिम शिविर संचालन गर्ने तयारीमा लागेकै बेला वी.पी. को स्वास्थ्यमा पुनः गिरावट आउन थाल्यो । तसर्थ उनलाई उपचारका लागि पहिला दिल्ली र त्यसपछि थाइल्याण्ड पुऱ्याइयो । नेपाल-भारतलगायतका विभिन्न ठाउँहरूमा उनको स्वास्थ्य लाभको कामना गर्ने, उपचारका लागि चन्दा संकलन गर्ने लगायतका कार्यहरू यसपटक पनि तिब्र रूपले हुन थाले । तर पनि उनको स्वास्थ्यमा सुधारका कुनै लक्षण नदेखिनाले उनीसँगै गएका भाइ गिरिजाप्रसाद कोइरालाले चिकित्सकहरूसँग सल्लाह मागि २०३९ साल श्रावण ६ गते बेहोस् अवस्थामा नै काठमाडौं ल्याए ।[१४२२] अघिल्लो दिन अर्थात श्रावण ५ गते साँझको बुलेटिनमा नै अलइण्डिया रेडियोले वी.पी. को स्वास्थ्यमा प्रगती हुन नसकेको हुँदा उनी नेपाल फर्कन लागेको समाचार प्रशारण गरिसकेको हुँदा उनलाई ल्याई पुऱ्याउनु अगावै भारतीय जनता पार्टीका अध्यक्ष चन्द्रशेखर लगायतका विभिन्न भारतीय नेता एवं नेपालका प्रायःजसो राजनीतिज्ञहरू काठमाडौंमा जम्मा भएका थिए । त्यो स्थितिमा थाइल्याण्डस्थित समितिभेज अस्पतालबाट बेहोस्

---

[१४२०] (क) *रहस्य साप्ताहिक,* २०३८ साल फागनु ६ गते ।
(ख) *राष्ट्रपुकार,* २०३८ साल फागुन १४ गते ।
(ग) महेश्वरलाल श्रेष्ठ, रामकृष्ण ताम्राकार, निलाम्बर पन्थी, भुवनराज सुवेदी, कृष्णलाल सापकोटा, डिल्लीरमण शर्मा आदिसँगका अन्तर्वार्ताहरू ।
(घ) मुक्तिलाल चुकेसँग २०६० असार २ गते नारायणगढ, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) रामकृष्ण घिमिरेसँग २०६० असार २ गते नारायणगढ, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१४२१] विस्तृतिका लागि (क) *राष्ट्रपुकार,* २०३८ साल चैत्र १२ गते ।
(ख) *चक्षु साप्ताहिक,* २०३८ साल चैत्र २१ गते ।
(ग) बद्रीनारायण गौतम, टिप्पणी संख्या १६८, पृ. १७५-१७७ ।
(घ) लालकिशोर शाह, वृखेशचन्द्रलाल, गिरिराज आचार्यसँगका अन्तर्वार्ताहरू ।
(ङ) रामकृष्ण यादवसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(च) शिवधारी यादवसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१४२२] (क) पोखरेल, टिप्पणी संख्या ९३, पृ. १५७ ।
(ख) भट्टराई, टिप्पणी संख्या १६४ (क), पृ. ५१ ।

अवस्थामा ल्याइएका वी.पी. लाई स्ट्रेचरमा सुताएर एम्बुलेन्सद्वारा चावहिल मित्रपार्कस्थित निवाशमा पुऱ्याइयो ।[१४२३] तर विधिको विडम्बना त्यसै दिन साँझ ७.१५ बजे नेपालको राजनीतिमा सबै भन्दा प्रख्यात एवं विवादास्पद व्यक्तिका रूपमा परिचित वी.पी. को नश्वर देहले यो संसार परित्याग गऱ्यो ।

उनको स्वास्थ्य स्थितिबारे चिन्तातुर हजारौं मानिसहरू त्यसबखत चावहिलस्थित निवाश बाहिर एकत्रीत थिए । त्यो स्थितिमा चिकित्सकहरूको घोषणापश्चात वी.पी. का भाइ गिरिजाप्रसाद कोइरालाले घरको वार्दलीबाट रुघ्दकण्ठले **साथीहरू अब सान्दाजुको हृदयगती चल्न छाडेको छ, उहाँको हामीसँगको यात्रा यति नै रहेछ, यस्तै हो सबैले एकदिन जानु पर्दछ** भन्दै साँझ ७.४३ बजे उक्त दुखान्त समाचार सुनाए ।[१४२४] त्यसपछि साँझ ८ बजेतिर उनको पार्थिव शरीर तल हलमा सारेर भोलीपल्ट बिहान ७ बजेदेखि अन्तिम दर्शन एवं श्रद्धाञ्जली अर्पणका लागि खुला गरिने र दिउँसो ३ बजेबाट शवयात्रा प्रारम्भ गरी सहर परिक्रमापश्चात साँझ ७ बजे आर्यघाटमा अन्तिम संस्कार गरिने घोषणा गरियो । यसप्रकार वी.पी. को यो चिर विश्रामको पीडा सारा प्रजातन्त्रवादी नेपाली तथा अन्तर्राष्ट्रिय जगतका प्रजातन्त्रवादी एवं वी.पी. का हिमायतीहरूले भोग्नु पऱ्यो ।[१४२५]

आफ्नो र आफ्ना परिवारको स्वार्थलाई कहिल्यै महत्त्व नदिएर देश र जनताका लागि समर्पित भएर सम्पूर्ण जीवन नै संघर्षमा विताएका समाजवादि चिन्तकको निधनको समाचार तुरुन्त फैलियो । रेडियो नेपालले बेलुका ८ बजेको अंग्रेजी बुलेटिनबाट यो समाचार प्रशारण गऱ्यो भने अलइण्डिया रेडियो, व्रिटिश ब्रोडकास्टिङ कर्पोरेशन लगायत विश्वका संचार माध्यमहरूले वी.पी. को जीवनीसहित प्रमुखता साथ निधन भएको समाचार प्रशारण गर्न थाले । यसरी निधनको समाचार सार्वजनिक हुना साथ देशव्यापी रूपमा कोलाहल प्रारम्भ भयो । वी.पी. को अन्तिम दर्शनका लागि मानिसहरू सारा काम छाडेर राजधानीतर्फ दौडिन थाले । फलस्वरूप २०३९ साल श्रावण ७ गते राजधानीको चावहिलस्थित उक्त निवाशमा उर्लिएको जन सागरद्वारा अश्रुपुरित नयनसहित श्रद्धाञ्जली अर्पण गर्न थालियो । त्यसदिन अन्तिम दर्शनसहित श्रद्धाञ्जाली दिनेहरूको लाइनले चावहिल मित्रपार्कस्थित निवाशदेखि जयवागेश्वरीसम्मको सडक नै भरिएको थियो ।[१४२६]

---

[१४२३] शिव अधिकारी, *विश्वेश्वरप्रसाद कोइराला,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०५०, पृ. ८४ ।

[१४२४] (क) शिव अधिकारी, "वी.पी. को निधनमा निस्तब्ध काठमाडौं : एक झाँकि", *राष्ट्रिय पुनर्जागरण,* (मासिक), सुश्री दमयन्ती बस्नेत (स./प्र.), भक्तपुर : २०३९ आश्विन, पृ. ८ ।
(ख) पुरुषोत्म बस्नेत, अशोक कोइराला, शुशिल कोइराला, डिल्लीरमण शर्मा, महेश्वरलाल श्रेष्ठ, गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।
(ग) *पूर्ववत्* ।

[१४२५] जीवनाथ धमला, *नेपालको प्रजातान्त्रिक आन्दोलनका दुई शिखर पुरुष,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०, पृ. २८ ।

[१४२६] (क) अधिकारी, टिप्पणी संख्या १७३ (क), पृ. ८४ ।
(ख) अधिकारी (शास्त्री), टिप्पणी संख्या १४९, पृ. ५९० ।

आफ्नो नश्वर देह त्यागेपछि पनि वी.पी. फेरि एकपटक विश्व संचार माध्यमका प्रमुख विषय बन्न पुगे । त्यसदिन भारतीय नेता चन्द्रशेखर, प्रो. मधुदण्डवते, शेख अब्दुल्ला, नेपालका कवि माधव घिमिरे, इतिहासकार डिल्लीरमण रेग्मी, वामपन्थी नेता सहाना प्रधान, मनमोहन अधिकारी, भरतमोहन अधिकारी आदिले वी.पी. को निधनबाट अपुरणीय क्षती भएको जनाउँदै श्रद्धाञ्जली अर्पण गरियो ।[१४२७] तत्कालीन नेपाल नरेश श्री ५ वीरेन्द्रबाट "हाम्रा देशवाशि जोसुकैको निधन भए पनि हामीलाई दुःख लाग्नु स्वभाविकै हो, भूतपूर्व प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको निधनबाट हामीलाई चोट पुऱ्याएको छ" भन्दै दिएको सन्देशलाई श्रावण ७ गतेका बिहानै रेडियो नेपालले प्रशारण गरेको थियो भने तत्कालीन प्रधानमन्त्री थापा लगायतका मन्त्री एवं विरोधी राजनेताहरू बिहानै चावहिल पुगेर श्रद्धाञ्जली अर्पण गरेका थिए ।

श्रद्धाञ्जली अर्पणपश्चात दिउँसो ठीक ३ बजे शवयात्रा प्रारम्भ गर्नका लागि वी.पी. को पार्थिव शरीरलाई सजाइएको खुला ट्रकका पछाडि एउटा खाटमाथि फूलमाला अविरसहित चारतारे झण्डा ओडाएर राखियो ।[१४२८] अन्तिम श्रद्धाञ्जली अर्पण गर्न भारतबाट आएका जनता पार्टीका अध्यक्ष चन्द्रशेखर र समाजवादी नेता देवेन्द्रप्रसाद सिंहले त्यसबखत अन्तिम दर्शन गर्दै डाँको छाडेर रोएको दृश्य अत्यन्त हृदय विदारक थियो । जुन दृश्यबाट भारतीय राजनैतिक जगतमा समेत वी.पी. को स्थान, महत्त्व, प्रतिष्ठा कति रहेछ भन्ने कुरा स्पष्ट भयो । यसरी श्रद्धाञ्जली र अन्तिम दर्शनपश्चात काठमाडौँ सहर परिक्रमा गराउँदै अगाडि बढेको उक्त शव यात्रामा उपस्थित एक लाखभन्दा बढी जनसमूहका आँखा नभिजेको भन्ने कोही थिएन । उपस्थित जनसमूह सबैको मुखमा एउटै आवाज वी.पी. को सपना साकार पार्ने प्रण एवं प्रतिज्ञारत मानव सागर, घरका झ्याल-कौशि-वार्दली सबै भरिएको स्थिति, वी.पी. को सपना साकार पार्छौं भन्दै उफ्रि रहेका मानिसहरू, प्रजातन्त्र ल्याउनुछ देशलाई बचाउनु छ भन्दै कुर्लेका कलेजका विद्यार्थीहरू लगायतको परिवेशमा शवयात्रा बढ्दै गयो ।[१४२९] उनको शवलाई सहरको जुन ठाउँमा पुऱ्याउँदा पनि शोकाकुल जनसमूहले अन्तिम दर्शन गऱ्यो भने कैयौं वृद्धाहरूले झ्याल, कौशि एवं वार्दलीबाट फूल र अबिर बर्साउँदै श्रद्धाञ्जली अर्पण गरे । चावहिल जयवागेश्वरीबाट प्रारम्भ भएको उक्त शवयात्रा वानेश्वर, डिल्ली बजार, रत्नपार्क, नयाँसडक, वशन्तपुर, हनुमान ढोका, इन्द्रचोक, असन, घण्टाघर, कमल पोखरी, ज्ञानेश्वर हुँदै साँझ पशुपतीनाथको मन्दिर नजिक रहेको आर्यघाटमा पुऱ्याइ ३४ वर्ष अघि पिता कृष्णप्रसाद कोइरालाको दाह संस्कार गरेकै ठाउँमा अन्तिम संस्कार गरियो ।[१४३०] त्यसपछि विश्वसमाजवादी आन्दोलनका पथ प्रदर्शक, नेपाल र नेपालीको भाग्य बदल्ने अभियानका नेतृत्वकर्ता, मानव

---

[१४२७] विस्तृतिका लागि *कलरव १*, (मासिक), मधुप्रसाद आचार्य (स./प्र.), काठमाडौँ : २०४७ कार्तिक, पृ. ९-१० ।

[१४२८] पोखरेल, टिप्पणी संख्या ९३, पृ. १६१-१६२ ।

[१४२९] अधिकारी, टिप्पणी संख्या १४१ (क), पृ. २३६ ।

[१४३०] (क) अधिकारी, टिप्पणी संख्या १७३ (क), पृ. १० ।
(ख) पोखरेल, टिप्पणी संख्या ९३, पृ. १६२-१६३ ।

अधिकार र प्रजातन्त्रका सच्चा अनुयायि आदि मार्गमा निरन्तर बढेर जीवनको तीन चौथाइ अवधि जेल वा निर्वासनमा बिताउने राजनेताको नश्वर शरीरलाई आगोका लप्काहरूले चाटी-चाटी समाप्त गऱ्यो भने त्यसको धुँवा वायूमण्डलभरि छरियो ।

विश्वव्यापी रूपमा वी.पी. को निधन भएको समाचार फैलिना साथ हरेक क्षेत्रबाट निधनप्रति गहिरो शोक व्यक्त गर्दै समवेदना सन्देशहरू पठाउने क्रम चल्यो । भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले परिवारका नाममा सन्देश दिँदै वी.पी. को निष्ठा एवं समर्पणको भावनाप्रति सम्मान व्यक्त गरिन् भने सोसलिस्ट इन्टरनेशनलका सभापति, जर्मन सोसल डेमोक्रेटिक पार्टीका अध्यक्ष एवं संघीय गणतन्त्र जर्मनीका भूतपूर्व चान्सलर विलिव्राण्टले वी.पी. लाई विश्व प्रजातान्त्रिक समाजवादी आन्दोलनले आफ्नो सिद्धान्तबाट कहिल्यै विचलित नहुने एक विशिष्ट व्यक्तिका रूपमा स्मरण गर्ने जनाउँदै शोक सन्देश पठाए ।[१४३१]

धर्म तथा शान्तिका लागि विश्व सम्मेलनका महासचिव होमरएज्याकले कोइराला नेपालको सीमा नाघेर धेरै टाढाका मानिसहरू समेत धेरैको प्रतिक भएको जनाउँदै तार पठाए भने जापान डेमोक्रेटिक सोसलिस्ट पार्टीका अध्यक्ष रयोसाकु सासाकिले एशियाली प्रजातान्त्रिक समाजवादी आन्दोलनका लागि भएको संघर्षमा वी.पी. को योगदान स्मरणीय रहने जनाउँदै समवेदना व्यक्त गरे ।[१४३२] भारतको जम्मु कश्मिरका मुखय मन्त्री शेख अब्दुल्ला, नेपालका लागि अमेरिकी राजदुत कार्लटन ए. कुन र भूतपूर्व राजदुत फिलिप आर. ट्रिम्बल, संयुक्त राष्ट्र संघका लागि अमेरिकी राजदुतका काउन्सेलर कार्ल गर्सम्यान, ब्रिटिश राजदुत जोन.वि. डेनसन, इजरायली राजदुत शाउल करिव, भूतपूर्व इजरायली राजदुत शाम्मेजेड लाओर र गोरडेवाइ ल्याडोर, जनवादी गणतन्त्र चीनको राजदुतावासका सार्जडि अफेयर्स लिउ हुआ, भारतीय राजदुत एन.पि. जैन लगायत नेपालस्थित अमेरिकन कल्चरल सेण्टरका निर्देशकबाट पनि निधनमा गहिरो शोक प्रकट गर्दै समवेदना सन्देश पठाइएको थियो ।[१४३३] यसबाहेक भारतका भूतपूर्व मन्त्री एवं संसद करण सिंह, राजनारायण, भूतपूर्व मन्त्री तथा समाजवादी नेता जर्ज फर्नान्डिस, लोकदलका का.मु. महासचिव रविराय लगायत एच.एन. बहुगुणा, डि.के. वरुवा, समरेन्द्र कुण्डु, प्रभुनारायण सिंह, सुनिलदत्त, सिक्किमका वि.वि. गुरुङ आदि भारतीय नेताहरूले प्रजातन्त्रका रक्षकका रूपमा परिचित नेताको निधनबाट समानतावाद र प्रजातान्त्रिक शक्तिलाई धक्का पुगेको लगायतका धारणासहित समवेदना पठाएका थिए ।[१४३४]

नेपालबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूले पनि वी.पी. को निधनलाई मूल विषय बनाएर समाचार छाप्ने एवं सम्पादकीय लेख्ने काम गरेका थिए । नेपालको सरकारी पत्रिका गोरखापत्रले त सम्पादकीय लेख्यो भने अरू पत्रिकाले त नलेख्ने कुरै भएन । त्यो

---

[१४३१] विस्तृतिका लागि प्र. नेपाली कांग्रेस केन्द्रीय कार्यालयद्वारा श्रावण १७ गते जारी प्रेश सामग्री (टाइप गरिएको), पृ. १ ।

[१४३२] *पूर्ववत्,* पृ. १-२ ।

[१४३३] *पूर्ववत्,* पृ. २-४ ।

[१४३४] *पूर्ववत्,* पृ. ४ ।

स्थितिमा विभिन्न शीर्षक दिएर सम्पादकीय लेखि वी.पी. को निधनबाट नेपाल एवं नेपालीले ठूलो संरक्षक गुमाएको, राजनैतिक गतिविधिमा रिक्तता ल्याएको जनाउँदै उनका विविध विशेषताहरू माथि प्रकाश पार्ने क्रम सुरु भएर पछिसम्म चल्दै गयो ।[१४३५] यसैगरी भारतबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूले पनि सम्पादकीय एवं लेखद्वारा वी.पी. को जीवनका विविध पक्ष, भूमिका, कार्यसँगै नेपाल भारत सम्बन्ध लगायतका पक्षमाथि प्रकाश पार्दै उनको निधनबाट अपुरणीय क्षति भएको स्पष्ट गरी श्रद्धाञ्जली अर्पण गरे ।[१४३६]

नेपालको राजनीतिमा नवीन परिस्थिति विकसित हुँदै गएको अवस्थामा भएको वी.पी. को निधनबाट ने.का. का लागि मात्र नभएर नेपाली भू-भागमा नै एक प्रकारको रिक्तता उत्पन्न भयो । पार्टीको स्थापनाकालदेखि त्यसबखतसम्म नै ने.का. को राजनीतिलाई एकछत्र नेतृत्व प्रदान गरी पार्टीभित्रका सबै पक्ष र समूहलाई समेटेर राखेका प्रमुख नेताको निधनबाट हरेक नेतादेखि कार्यकर्तासम्मलाई विचलित बनायो र सबै केही क्षण त 'किंकर्तव्य विमुढ' को स्थितिमा नै रहे । उनको निधनसँगै उनले जोडेर राखेका सूत्रहरू छरप्रस्टिने परिवेश प्रारम्भ भयो र उनको मेलमिलाप नीतिबारे नयाँ वहस प्रारम्भ भयो । जसका अन्तमा पार्टीभित्र नेता त्रयको धारणाले प्रवेश पाउनुका साथै संयुक्त आन्दोलनका आवाजहरू उठाएर मेलमिलाप नीतिकै तहत शान्तिपूर्ण आन्दोलन गर्ने लगायतका तर्क वितर्क प्रारम्भ भए । समग्रमा भन्नुपर्दा २००३ सालबाट प्रारम्भ भएर २०१२ सालपश्चात पार्टीभित्र आधिकारिक मान्यता प्राप्त गरी २०३३ सालदेखि नयाँ शैलीमा बढेको नेपाली राजनीतिको वी.पी. युगले २०३९ साल श्रावणपश्चात रूपान्तरणका मार्गतर्फ बढ्ने परिवेश सिर्जना भयो । यसपछि वी.पी. र उनको मेलमिलाप रूपी दर्शनलाई नयाँ शैलीबाट व्याख्या विश्लेषण गर्ने क्रम सुरु भए तापनि पार्टीको मूल नीतिबाट अलग गर्न भने कसैले पनि सकेन । जसका अन्तमा मेलमिलाप नीतिकै तहत रहेर एकात्मक संघर्ष गर्नेतर्फका पहल प्रारम्भ गरेर वी.पी. पछिको ने.का. गतिशिल हुन थाल्यो ।

---

[१४३५] (क) *राष्ट्रपुकार,* २०३९ साल श्रावण ७ गते र १४ गतेका अङ्कहरू ।
(ख) *समय दैनिकको साप्ताहिक अङ्क,* २०३९ साल साउन १८ गते ।
(ग) *मातृभूमि साप्ताहिक,* २०३९ साल श्रावण १२ गते ।
(घ) *मितेरी मुस्कान,* २०३९ साल श्रावण १४ गते ।
(ङ) *सातदिने समीक्षा,* २०३९ साल श्रावण ८ गते ।
(च) *गोरखापत्र,* २०३९ साल श्रावण ८ गते ।

[१४३६] (क) *हिन्दुस्तान टाइम्स,* सन् १९८२ जुलाइ २८ ।
(ख) *दि टाइम्स अफ इण्डिया,* १९८२ जुलाइ २२ र ३० का अङ्कहरू ।
(ग) *द स्टेटशमेन,* सन् १९८२ जुनाइ २३ ।
(घ) *नव भारत टाइम्स,* सन् १९८२ जुलाइ २३ ।
(ङ) *दि टेलीग्राफ,* सन् १९८२ जुलाइ २२ ।

# अध्याय – सात

## सत्याग्रह आन्दोलन २०४२ र नेपाली कांग्रेस

### ७.१ वी.पी. कोइरालाको निधनपश्चातका गतिविधिहरू

नेपालको संविधानको तेस्रो संशोधनपश्चात पनि पंचायतका यथास्थितिवादीहरूद्वारा व्यवस्था विरोधीहरूलाई हलचल नै गर्न नदिने नियतबाट सक्रियता वृद्धि गर्ने कार्य तिव्र पारिनाले नेपालको राजनीति विषम अवस्थातर्फ बढिरहेको थियो । त्यो स्थितिमा वी.पी. को असामयिक निधनले ने.का. का लागि मात्र नभएर नेपाली भू-भागमा नै रिक्तताको स्थिति देखा पऱ्यो ।[१४३७] आफ्नो कुशाग्र बुद्धि सांगठनिक क्षमता एवं समयको मागअनुरूप निर्णय गर्न सक्ने दक्षता लगायतका कारणबाट पार्टीका सबै पक्ष र समूहलाई समेटेर सूत्रबद्ध गर्नेदेखि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय वातावरणको मूल्याङ्कन गरी रणनीति निर्धारण गर्नेसम्मका कार्यद्वारा नेपालको राजनैतिक जगतलाई नै गतिशिलता प्रदान गर्दै आएका नेताको आकस्मिक निधनबाट त्यो स्थिति आउनु स्वभाविकै थियो । तसर्थ चारैतिरबाट अब के हुन्छ ? ने.का. ले अब के गर्ला ? अब के गर्ने ? ने.का. को आगामी नीति केमा आधारित हुने ? लगायतका उत्सुकता जन्य प्रश्नहरू उठन थाले । जसको निराकरण बिना ने.का. एवं मुलुककै भावी प्रजातान्त्रिक आन्दोलनको स्पष्ट दिशाबोध नहुने हुँदा चारैतिरबाट कौतुहलजन्य अभिव्यक्ति आउन थाले । त्यो स्थितिमा ने.का. का गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला जस्ता शीर्षस्थ नेताहरूद्वारा वी.पी. को शवयात्राकै क्रममा राष्ट्रियता र प्रजातन्त्रका लागि वी.पी. द्वारा प्रतिपादित मेलमिलाप नीति निरन्तर जारी रहने सपथ खाइयो ।[१४३८] जसबाट उनको निधनपश्चात पनि ने.का. मेलमिलाप नीतिकै सेरोफेरोमा केन्द्रित रहेर प्रजातन्त्र पुनर्स्थापना मार्गमा बढ्ने कुरा स्पष्ट हुनगयो ।

नेपालको पंचायती सरकारले वी.पी. को जीवनकालमा गरेको उनीप्रतिको उपेक्षा भावलाई उनको निधनपश्चात पनि निरन्तरता दियो । वी.पी. को निधन हुँदा देशको विधायिकाका रूपमा परिचित तत्कालीन राष्ट्रिय पंचायतको अधिवेशन चलिरहेको थियो । तसर्थ श्रावण ७ गतेका दिन पनि दिउँसो रा.प. को वैठक बस्यो । जसमा मुलुकको प्रचलित प्रावधानअनुसार रा.प. का अध्यक्षले शोक प्रश्ताव ल्याएर मरणोपरान्त नै भए पनि सदनद्वारा सम्मान प्रकट गर्नु पर्नेमा त्यस्तो कुनै संकेतसम्म पनि नदेखिएपछि शून्य समयमा कतिपय

---

[१४३७] भूपती ढकाल "कमल", "प्र.ने.का. को राष्ट्रिय दायित्व", *नेपालमा प्रजातान्त्रिक समाजवाद,* खगेन्द्र रेग्मी (स./प्र.), काठमाडौं : २०४५, पृ. २२ ।

[१४३८] गिरिराज आचार्य, "वी.पी. को मेलमिलाप प्रकरण (६) प्रजातन्त्रप्रतिको प्रतिबद्धता", *पूर्वटाइम्स,* गिरिराज आचार्य (स./प्र.), धरान : २०५७ साल आषाढ २४ गते, पृ. ३ ।

माननीय सदस्यहरूद्वारा निधनको कुरा उठाएर मरणोपरान्त सम्मान दिनुपर्ने आग्रह गर्दा पनि त्यसतर्फ कुनै वास्ता गरिएन ।[१४३९] जबकि वी.पी. एक त्यस्तो नेपाली नागरिक थिए जसले नेपाली जनतालाई रैतिबाट नागरिक बनाउने अभियान प्रारम्भ गरी क्रान्तिको नेतृत्व गरे र जनप्रतिनिधिमूलक शासन व्यवस्थाको स्थापना गरेका थिए । त्यसबाहेक नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्रीको स्थान प्राप्त गरेका नेपाली नेता पनि थिए । यस्तो नेताको निधनमा पनि तत्कालीन सरकारले उपेक्षाभाव प्रकट गरी एक दिनको शोक विदासम्म पनि नदिएर पंचायती कार्यशैली एवं नीतिको ज्वलन्त उदाहरण प्रस्तुत गऱ्यो । तर त्यसको विपरित संसारको राजनैतिक जगत एवं नेपाली जनताले भने उनीप्रति अनन्य भक्ति एवं श्रद्धाभाव प्रकट गरे । किनकी शवयात्राका दिन काठमाडौँका सडक एवं गल्लीहरूमा उत्रिएको जुन जन सागर देखियो त्यसबाट ने.का. को सभापतीलाई जनताले कति मान्दा रहेछन् भन्ने तथ्य प्रमाणित भयो ।

अर्कोतिर वी.पी. को निधनपश्चात देशव्यापी रूपमा शोक प्रस्ताव पास गर्ने, दाहसंस्कारपश्चातको भष्म लगेर विभिन्न नदीनालाहरूमा विसर्जन गर्ने, विविध धर्म एवं जातिका जनताहरूद्वारा आ-आफ्ना धार्मिक मान्यताअनुसार विधि विधान र धार्मिक अनुष्ठान गरी अमर आत्माको चिरशान्तिका लागि कामना गर्ने लगायतका कार्य गर्ने क्रम चल्यो । २०३९ साल श्रावण ७ गतेकै दिन रूपन्देहीको भैरहवास्थित वर्मेली टोलमा भुवनराज सुवेदीको घरमा प्राध्यापक, व्यापारी, विद्यार्थी, राजनीतिज्ञ लगायतको भेलाद्वारा आयोजित श्रद्धाञ्जली सभामा वी.पी. को व्यक्तित्वका विविध पक्षमाथि चर्चा गर्दै शोक पुस्तिका राखेर शोक प्रस्ताव पारित गर्दै श्रद्धाञ्जली अर्पण गरियो ।[१४४०] नेपालकै प्रमुख व्यापारिक केन्द्र मानिने वीरगंज सहरको माइस्थानमा पनि त्यसै दिन शोक प्रस्ताव पारित गर्दै शोक पुस्तिका राखेर श्रद्धाञ्जली अर्पण गरियो ।[१४४१] ने.का. पोखरा नगर समितिले श्रावण १६ गतेको वैठकबाट वी.पी. को निधनबाट नेपालको मात्र नभएर विश्व समाजवादी प्रजातान्त्रिक आन्दोलनलाई नै क्षति पुगेको ठहरसहित शोक प्रस्ताव पारित गर्दै श्रद्धाञ्जली अर्पण गऱ्यो ।[१४४२] २०३९ साल श्रावण ७ गतेदेखि १७ गतेसम्मको अवधिमा देशव्यापी रूपले वी.पी. को निधनबाट अपुरणीय क्षति भएको ठहरसहित शोक प्रस्ताव पारित गर्दै श्रद्धाञ्जली अर्पण गर्ने क्रम चलेको थियो । जसमा समाजको हरेक वर्ग र तप्काका मानिसहरू सहभागि भएर अमर आत्माको चीरशान्तिका साथै शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गरेका थिए ।

---

[१४३९] (क) श्रीभद्र शर्मासँग २०५९ असार २२ गते भद्र निवास, कोटेश्वरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) श्रीभद्र शर्मा, *वी.पी. सँगका केही सस्मरण,* काठमाडौं : एकता प्रकाशन, २०५७, पृ. १५२ ।

[१४४०] (क) भुवनराज सुवेदीसँग २०५८ असार १० गते नयाँवानेश्वर, काठमाडौँमा लिएको अन्तार्वार्ताको रेकर्ड ।
(ख) मदनप्रसाद दवाडिसँग २०६२ मंसिर १५ गते जनकपथ, भैरहवामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[१४४१] वीरगंज माइस्थान उल्लेख गर्दै शोक प्रस्ताव पारित गरिएको शोक पुस्तिका, जसमा शोक प्रस्तावसँगै १३७६ जनाको नाम एवं हस्ताक्षर गरिएको छ ।

[१४४२] प्र.ने.का. पोखरा नगर समितिको २०३९/४/१६ को माइन्यूट पुस्तिका ।

निधनको तेह्रौं दिन अर्थात श्रावण १८ गतेका दिन भने देशव्यापी रूपमा शोकसभाहरू आयोजना गर्ने, वी.पी. को पार्थिव शरीर दाहसंस्कारपश्चातको भष्मलाई देशका विभिन्न भागमा पुऱ्याएर सर्व साधारणको निधनपश्चात दाहसंस्कार गरिने घाट एवं नदीहरूमा लगि विसर्जन गर्ने लगायतका कार्यक्रमद्वारा श्रद्धाञ्जली अर्पण गरियो । यसक्रममा जनकपुरधाम, विराटनगर, पोखरा, भैरहवा, बुटवल, धादिङ, महेन्द्रनगर, तनहुँ, अछाम, लमजुङ्ग, इलाम, रौतहट, जलेश्वर, ओखलढुँगा, हेटौडा, गोरखा, वीरगंज, चितवन, सिराहा, गुल्मी, सिन्धुली, सुनसरी, दैलेख, स्याङजा, दाङ, संखुवासभा, वाग्लुङ्ग आदि नगर-बजार एवं जिल्लाका विभिन्न ठाउँ एवं गाउँहरूमा शोकसभाका साथै जुलुश समेत निकाली भष्म प्रवाह गर्ने, श्रद्धाञ्जली अर्पण गर्ने लगायतका कार्य गरिएको थियो ।[१४४३] जसमा देशका राजनीतिज्ञहरू मात्र नभएर प्राज्ञ वर्ग, बुद्धिजीवी, किसान, मजदुर, विद्यार्थी, प्राध्यापक, व्यापारी आदि समेत उपस्थित भएर श्रद्धाञ्जली अर्पण गर्नाले वी.पी. प्रति नेपाली समाजको लगाव, माया र सदभाव स्पष्ट भयो ।

ने.का. र वी.पी. को नामबाट समेत तर्सने मानसिकतामा पुगेको तत्कालीन पंचायती सरकारले शोकसभा, श्रद्धाञ्जली कार्यक्रम एवं भष्म प्रवाह जस्ता कार्यक्रमहरूलाई पनि सहन सकेन । तसर्थ काठमाडौँबाट भष्म लिएर जिल्ला-जिल्लामा जाने कार्यकर्ताहरूमध्ये कतिपयलाई स्थानीय प्रशासनले समातेर जेल चलान गर्ने, वी.पी. को फोटो राखेर शोकसभा गर्न नदिने, सार्वजनिक ठाउँमा शोकसभा गर्न रोक लगाउने, भष्म लिएर हिडेको जुलुसलाई नाराबाजी गर्न पाउँदैनौं भनेर प्रहरी परिचालन गरेर रोक्नेदेखि लाठिचार्जसम्म गर्ने[१४४४] लगायतका कार्यद्वारा विघ्नबाधा उत्पन्न गर्ने प्रयास गऱ्यो । तर पनि विचलित नभएका कार्यकर्ता एवं जनसाधारणहरूले प्रशासनिक दमन एवं विघ्नबाधाको सामना गर्दै कार्यक्रम सफल पारे । यसप्रकार ने.का. ले आफ्ना नेताको निधनपश्चात व्याप्त भएको शोकमय वातावरणमा पनि शोकलाई शक्तिमा बदल्ने प्रणसँगै आन्दोलनकै रूपमा वी.पी. प्रति श्रद्धाञ्जली अर्पण गरेर स्पष्ट पहिचान कायम गऱ्यो ।

## ७.२ क्षेत्रपाटी सम्मेलन र भावी कार्यनीतिको घोषणा

वी.पी. प्रति श्रद्धाञ्जली अर्पण गर्ने क्रमको समाप्तिपछि ने.का. समक्ष अब के गर्ने भन्ने प्रश्न उत्पन्न भयो । किनकी वी.पी. रहँदासम्म उनको दिशा निर्देश बमोजिम बढिरहेका ने.का. का नेताहरू समक्ष यसपछि भावी गतिशिलताका लागि रणनीति निर्धारण गर्नु पर्ने परिस्थिति देखापऱ्यो । उनीहरूले वी.पी. द्वारा प्रदत्त मेलमिलाप नीतिकै तहत रहेर आगामी कार्यनीति तय गरिने घोषणा गरिसकेको भए तापनि तत्कालीन अवस्थामा त्यसलाई कुन रूप र शैलीबाट

---

[१४४३] विस्तृतिका लागि (क) *राष्ट्रपुकार,* २०३९ साल श्रावण २१ गते, २८ गते, भाद्र ३ गते, १० गते, १७ गते र २४ गतेका विभिन्न अङ्कहरू ।
(ख) *सातदिने जागरण,* २०३९ साल साउन २९ गते ।

[१४४४] विस्तृतिका लागि *राष्ट्रपुकार,* २०३९ साल श्रावण २८ गते, भाद्र ३ गते, १० गते र १७ गतेका विभिन्न अङ्कहरू ।

अगाडि बढाउने भन्ने अहम सवाल खडा भयो । किनकी त्यसबखतको राजनीतिमा एकातिर अब वी.पी. पछि ने.का. मेलमिलाप नीतिमा कायम रहन सक्दैन, अब ने.का. टुक्रिएर विभिन्न गुट उपगुटका रूपमा छरिन्छ भन्नेहरू सक्रिय थिए भने अर्कातिर ने.का. भित्रकै युवा समूह नै केन्द्रीय समितिको गठन गर्नु पर्ने, पंचायत भित्र प्रवेश गरेर संघर्ष चर्काउनु पर्ने लगायतका कुरा उठाउँदै थिए । त्यो स्थितिमा आफ्ना विरुद्धमा विष वमन गरिरहेकाहरूलाई चुप गराउने र पार्टी भित्रकै युवावर्गलाई चित्त बुझाउने खालको नीति निर्धारण गर्नु चानचुने कुरा थिएन ।

अर्कोतिर वी.पी. ले छाडेको "न संघर्ष न समर्पण" को नीतिबाट ने.का. लाई निर्णायक अवस्थामा पुऱ्याउँदैन भन्ने कुरामा सबैजसो सहमत हुँदाहुँदै पनि उक्त नीतिलाई पुनर्विचार गरी नवीन नीति प्रतिपादन गरेका खण्डमा त्यसबाट विभिन्न क्षेत्रमा उत्पन्न हुनसक्ने प्रतिक्रियाका बारेमा पनि सबै बीच एकमत थिएन ।[१४४५] अर्थात वी.पी. को नीतिलाई अक्षरस पालना गर्दा जसरी निश्चित भविष्यको कल्पना सम्भव थिएन त्यसैगरी उनको नीति छाडेर संघर्षको बाटो लाग्दैमा पनि सफलताको कुनै ग्यारेन्टी छैन भन्ने कुरा स्पष्ट जस्तै थियो । त्यो स्थितिमा वी.पी. कै बाटोमा हिडदा देशमा जनमत संग्रहबाट सिर्जित केही खुकुलो वातावरण कायमै रहने संभावना देखिन्थ्यो भने संघर्षको बाटो रोजेका खण्डमा पुनः दुःख कष्टमय परिस्थितिको सामना गर्नु पर्ने सुनिश्चित थियो । यस्तो अवस्थामा लामो संघर्षकालमा जेलदेखि निर्वासनसम्मको दुःख कष्ट भोगेपछि भर्खरै केही राहत महसुस गर्न थालेका नेता एवं कार्यकर्ताहरू तत्काले अर्को आन्दोलनमा होमिएर फेरी कष्टकर परिस्थितिको सामना गर्नका लागि तयार थिएनन् । जुन कुरा बुझेका हुनाले नै नेतृत्व तहमा रहेका नेताहरू समक्ष भावी कार्यनीति निर्धारणका लागि कठिन स्थिति उत्पन्न भएको थियो ।

यसप्रकार अब के गर्ने भन्ने प्रश्न उठिरहेकै अवस्थामा वी.पी. को जीवनकालदेखि नै पार्टीको केन्द्रीय समिति गठन हुनुपर्दछ भन्ने दवाव सिर्जना गर्दै आएका तर पार्टीको केन्द्रीय समितिको गठन, त्यसको कार्यविधि र प्रक्रियाका बारेमा भने खासै नबुझेका जागरुक युवा एवं जोशिला तरुण कार्यकर्ताहरूद्वारा पार्टीको सम्मेलन गर्ने र केन्द्रीय समितिको गठन गर्ने माग उठाउन थालियो ।[१४४६] संभवत केन्द्रीय समिति गठन भएमा आफू त्यसमा पर्ने संभावना देख्नेहरू नै यसतर्फ लागेका थिए र त्यसका लागि जनमत सिर्जना पनि गर्न खोज्दै थिए । त्यो स्थितिमा ने.का. विरुद्ध सक्रिय रहँदै आएको वर्गबाट पनि वी.पी. पश्चात ने.का. एकढिक्का भएर रहन सक्दैन, विभिन्न गुट उपगुटमा छरिएर जान्छ, जनतामा रहेको प्रभाव पहिलाभैं कायम राख्न सक्दैन, कार्य क्षमता, प्रखर नेतृत्व र कार्यक्रमका अभावमा प्रभावहिन भएर जान्छ लगायतका विविध अडकल एवं अनुमान लगाएर धारणा सार्वजनिक गर्ने प्रक्रिया तिब्रतर हुन

---

[१४४५] गणेशमान सिंह, "कांग्रेसको पहिलो राष्ट्रिय सम्मेलन", *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५४ साल असार १० गते, पृ. ३ ।

[१४४६] *पूर्ववत्* ।

थाल्यो । यसरी पार्टीभित्र महत्त्वपूर्ण स्थान बनाइसकेका युवा-तरुण वर्गबाट सम्मेलन एवं केन्द्रीय समितिको माग गर्न थालिनु र विरोधीहरूबाट विषाक्त भावना फैलाउने प्रयास गरिनुले गर्दा पार्टीको भावी नीति एवं कार्यक्रमबारे स्पष्ट र ठोस निर्णय गर्न जरुरी भयो । तसर्थ वी.पी. ले उत्तराधिकार सुम्पेका तीनजना नेताहरूले यसबारेमा आपसि छलफल एवं विचार विमर्श गरी भावी नीति निर्धारण लगायतका समस्याको निराकरणका लागि पार्टीको एक राष्ट्रिय सम्मेलन गर्ने निश्चयसँगै २०३९ साल मंसिर १५-१७ गतेको तिथिसमेत निर्धारण गरे ।

नेपालको तत्कालीन अवस्थामा जनमत संग्रहमा बहुदल पक्षको पराजय एवं २०३८ सालको आम निर्वाचन बहिष्कारपश्चात निराश जस्ता भएर पार्टीको नियमित कार्यक्रमबाट समेत टाढा हुन थालेका एकथरी कार्यकर्ताहरू वी.पी. को निधनपश्चात झन हताश हुन पुगेका थिए । अर्कोतिर वी.पी. को राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित छवी, प्रतिष्ठा एवं समयअनुरूप नीति अवलम्बन गर्ने क्षमताले गर्दा नै ने.का. जनस्तरमा लोकप्रिय भएको र राजाको वी.पी. एवं ने.का. प्रति सहानुभूति बढेको ठान्ने पंचहरू पनि अब ने.का. समाप्त हुन्छ भन्ने सोचअनुरूप कडाइको नीति अवलम्बन हुने आशामा थिए । त्यो स्थितिमा ने.का. ले आफ्ना साथीहरूमा विकसित हुँदै आएको नैराश्यता अन्त गर्न र राजा वा दरबार एवं उनको इशारामा चल्ने सरकारको दृष्टिकोण वा प्रतिक्रिया बुझेर त्यसका आधारमा भावी कार्यनीति निर्धारण गर्नका लागि नै उक्त सम्मेलनको निर्णय गरेको थियो भन्नु पर्दछ । किनकी एउटा प्रतिवन्धित पार्टीले संवैधानिक मान्यता नै नरहेको अवस्थामा सम्मेलन गर्ने निर्णय गरेपछि तत्कालीन सरकारले त्यसलाई हुन नदिने वा विथोल्ने संभावना प्रबल थियो । त्यसो भएका खण्डमा पार्टीले चुप लागेर सहने कुरै हुँदैनथ्यो र त्यहीबाट नै पार्टी एवं सरकारबीच मुठभेड वा आन्दोलनको घोषणा हुन सक्दथ्यो । जसबाट भावी नीति एवं कार्यशैलीको निर्धारण आफै हुन जान्थ्यो । अर्कोतिर यदि सरकारले बिना विघ्नबाधा सम्मेलन सम्पन्न गर्न दिएका खण्डमा देशभरीबाट जम्मा भएका कार्यर्ताहरूबाट धारणा सुनेर, छलफल गर्न लगाएर कार्यनीति तय गर्न सकिन्थ्यो । जसले गर्दा एकातिर पार्टीको स्थिति बलियो हुने सुनिश्चित थियो भने अर्कातिर वी.पी. पछि ने.का. सकिन्छ भन्ने मानसिकता बोकेकाहरूलाई दह्रो जवाफ दिन सकिन्थ्यो ।

ने.का. ले राष्ट्रिय सम्मेलनको निर्णय एवं तिथि निर्धारण गरेको समाचार सार्वजनिक गरेपछि नेपालको राजनीतिमा एक्काशि सरगर्मी बढ्न थाल्यो । पार्टीले त्यसलाई उपलब्धिमूलक बनाउनका लागि आफ्ना सम्पर्क सूत्रहरू मार्फत हरेक जिल्ला समिति, सम्पर्क समिति एवं भातृ संस्थाहरूलाई पत्राचार गरी जानकारी दिनुका साथै सम्मेलन स्थल लगायतका विषयमा छलफल एवं तयारी प्रारम्भ गऱ्यो ।[१४४७] देशमा निर्दलीय पंचायती व्यवस्था प्रचलित रहेको अवस्थामा जिल्ला-जिल्लाबाट औपचारिक रूपले प्रतिनिधिको छनौट गर्ने, विधिवत प्रकृयाहरू पूरा गरेर मात्र

[१४४७] (क) वासुदेव रिसालसँग २०६० पौष २५ गते कुपण्डोल, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) शुक्रराज शर्मासँग २०५९ चैत्र २६ गते महेन्द्रपुल, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) निलाम्बर पन्थीसँग २०५८ मंसिर ३० गते आवारोड, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) महेश्वरलाल श्रेष्ठसँग २०६० असार २ गते नारायणगढ, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

कार्यवाही प्रारम्भ गर्ने लगायतका कार्य गर्न खोज्नुको मतलब टकराव र संघर्षको स्थितिलाई निमन्त्रणा गर्नु हुने निश्चित नै भएकाले उक्त सम्मेलनलाई अनौपचारिक सम्मेलन घोषणा गरी तयारी सुरु गरियो ।[१४४८] तयारीका क्रममा सर्वप्रथम सम्मेलनस्थल निर्धारणमा नै समस्या पऱ्यो । किनकी राजधानीमा सम्मेलन, भेला लगायतका उद्देश्यले तयार गरिएका सुविधा सम्पन्न हलहरू सरकारी नियन्त्रणमा रहेकाले ने.का. ले प्रयोग गर्न पाउने संभावना नै थिएन । कुनै विद्यालय एवं क्याम्पस हाताभित्र सम्मेलन गर्न सकिने भए तापनि त्यसो गरेमा त्यसपछि उक्त संस्थाप्रति हुने सरकारी व्यवहारबारे अनुमान लगाउन पनि कठिन थिएन । त्यो स्थितिमा कसैको निजी घर कम्पाउण्ड एवं होटल लगायतका ठाउँमा सम्मेलन गर्न दिएर सरकारी कोप भाजनको शिकार बन्न कोही पनि चाहँदैनथ्यो । तसर्थ निकै लामो विचार विमर्शका अन्तमा गणेशमान सिंहले आफ्नै क्षेत्रपाटीस्थित घरकम्पाउण्डमा सम्मेलन गर्ने प्रस्ताव राखेपछि सबै सहमत भएकाले क्षेत्रपाटीमा नै सम्मेलन गर्ने निर्णय गरियो ।[१४४९]

सम्मेलनस्थलको निश्चयपश्चात ने.का. सम्मेलनको तयारीतर्फ लाग्यो । नेपाल विद्यार्थी संघका कार्यकर्ता एवं तरुणहरूले आगामी सम्मेलनका विविध पक्षमाथि प्रकाश पार्दै गोष्ठीहरूको आयोजना गर्ने, पर्चा पम्प्लेटहरू बाँडने एवं टास्ने र स्वयं सेवकहरूको छनौट लगायतका कार्यहरू प्रारम्भ गरिए ।[१४५०] यसरी सम्मेलनसम्बन्धी सरगर्मी बढिरहेकै अवस्थामा गणेशमान सिंहले वी.पी. कोइरालाद्वारा केही वर्षदेखि आयोजना गर्दै आएको दशैंको भेटघाट एवं चियापान कार्यक्रमलाई निरन्तरता दिने नीतिअनुरूप क्षेत्रपाटीस्थित आफ्नो घरमा २०३९ साल कार्तिक १२ गते चियापान समारोहको आयेजना गरे । जसमा ने.का. का नेता एवं कार्यकर्तादेखि अन्य विभिन्न विचारधाराका नेताहरू, भूतपूर्व प्रधानमन्त्री, विद्यार्थी, कुटनीतिज्ञ आदि सबै निमन्त्रणा स्वीकार गरी उपस्थित भएर भावना आत्मसात गरे भने सिंह दम्पतीले प्रशन्न मुद्रामा स्वागत गर्दै एकात्मक भावनाको आवश्यकता स्पष्ट गरे ।[१४५१]

---

[१४४८] गणेशमान सिंह, "सम्मेलनमा विभ्रेका पक्षहरू", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५४ साल असार २४ गते, पृ. ३ ।

[१४४९] (क) *पूर्ववत्* ।
(ख) योगप्रसाद उपाध्यायसँग २०६० पौष २५ गते कुपण्डोल, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) डिल्लीरमण शर्मासँग २०५८ कार्तिक १३ गते मंगलापुर, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) रामचन्द्र पौडेलसँग २०६० पौष २४ गते बालाजु, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) वासुदेव रिसाल, निलाम्बर पन्थी र महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।

[१४५०] (क) स्मृतिनारायण चौधरीसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ख) विमलेन्द्रनिधिसँग २०६० साउन ६ गते पवन होटल, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) ऋषिकेश तिवारीसँग २०५८ जेठ २६ गते मणिग्राम, रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) मनमोहन भट्टराईसँग २०५८ पौष २३ गते नयाँबानेश्वर, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) आमोदप्रसाद उपाध्यायसँग २०६० वैशाख २८ गते शहिदमार्ग, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(च) डिल्लीरमण शर्मा, महेश्वरलाल श्रेष्ठ र शुक्रराज शर्मासँगका अन्तर्वार्ताहरू ।

[१४५१] *राष्ट्रपुकार,* २०३९ साल कार्तिक १८ गते ।

अर्कोतिर सम्मेलनको तिथि नजिकिन थालेपछि तत्कालीन सरकार एवं प्रशासनका तर्फबाट सम्मेलन हुन नदिनका लागि भरमग्दुर प्रयास थालिएको आभास हुने खालका क्रियाकलाप प्रारम्भ गरिए । यसका लागि देशका विभिन्न जिल्ला-जिल्लामा चिनिएका ने.का. का नेताहरूलाई प्रशासनद्वारा खबरदार जिल्ला छाडेर काठमाडौँ नजानु गएमा कठिन स्थितिको सामना गर्नु पर्ला लगायतका धम्कि दिने, कतिपय जिल्लामा पक्रेर जिल्ला छाडने छैन भन्ने कागज गराउने गर्न थालियो भने काठमाडौँमा सम्मेलन अगावै सबै नेतालाई पक्रिने र सम्मेलन स्थल प्रहरीद्वारा घेरेर कसैलाई पस्न नदिने निश्चय भइसकेको हल्ला चलाउने लगायतका कार्य गरियो ।[१४५२] तर पनि त्यसबाट निरुत्साहित नभएका ने.का. का कार्यकर्ताहरू विभिन्न विघ्नबाधाको पर्वाह नगरी काठमाडौँतर्फ आउन थालेपछि सरकारको इशारामा राजधानीमा आतंकित वातावरण सिर्जनाको प्रयास थालियो । जसअनुरूप मंसिर महिनाको पहिलो हप्ता बित्दा नबित्दैदेखि प्रहरीको सरगर्मी बढ्न थाल्यो । त्यससँगै राजधानीमा सम्मेलन हुन नदिन सरकार कम्मर कसेर लागेको छ र त्यस दिन अप्रिय घटना घटने सुनिश्चित छ लगायतका हल्लाहरू चलाउन थालियो । त्यो स्थितिमा ने.का. का कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईले २०३९ साल मंसिर १३ गते पत्रकार सम्मेलनको आयोजना गरी राजाबाट जनमत संग्रहको घोषणापश्चात २०३६ साल जेठ १६ गते राजदरबारबाट जारी प्रेश विज्ञप्तिद्वारा प्रदत्त वाक, प्रकाशन, सभा, जुलुस गर्ने अधिकार नेपाली जनताले उपभोग गर्न पाउनुपर्दछ लगायतका धारणा राख्दै देशमा देखापरेका समस्याबारे छलफल गर्न सम्मेलन गर्न थालिएको स्पष्ट गरे ।[१४५३]

जुनसुकै हालतमा पनि सम्मेलन सम्पन्न गर्ने नीतिअनुरूप ने.का. अग्रसर भएपछि पंचायतका यथास्थितिवादीहरूले उक्त सम्मेलन हुन नदिनका लागि माथिल्लो तहमा निकै कसरत गरे । तर पनि ने.का. आफ्नो निश्चयमा अडिग रहेर तयारी पूरा गर्ने तर्फ लाग्यो भने सरकार एवं प्रशासनले भयावह स्थिति जस्तो देखाएर सहभागिता कम गराउने तर्फ लाग्यो । त्यो स्थितिमा सम्मेलनको निश्चित दिन अर्थात मंसिर १५ गते आइपुग्यो । उक्त दिन बिहानैदेखि क्षेत्रपाटी एरियामा ने.का. कार्यकर्ताहरूले तुल व्यानर टास्न थाले । अर्कोतिर प्रशासनिक अग्रसरतामा चारैतिर वर्दी लगाएका प्रहरीहरू छयाप्छयाप्ति हुनुका साथै त्योभन्दा बढी सादा पोशाकका प्रहरी तैनाथ गरेर त्यहाँ पुग्ने जो कोही पनि समातिन्छ भन्ने खालको भयावह स्थिति

---

[१४५२] (क) भुवनराज सुवेदी, वासुदेव रिसाल, शुक्रराज शर्मा, निलाम्बर पन्थी, महेश्वरलाल श्रेष्ठ र डिल्लीरमण शर्मासँगका अन्तर्वार्ताहरू ।
(ख) रामचन्द्र अधिकारीसँग २०५८ जेठ २ गते सामाखुसी, काठमाडौँ लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) केशवराज पराजुलीसँग २०५९ चैत्र २७ गते गैह्रापाटन, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) अशोक कोइरालासँग २०६० वैशाख २६ गते मधुमारा, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) गिरिराज आचार्यसँग २०६० जेठ ६ गते चतरालाइन, धरानमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(च) लालकिशोर शाहसँग २०६० जेठ १४ गते रामानन्द चौक, जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(छ) मेघप्रसाद उपाध्यायसँग २०६० जेठ १६ गते कपिलेश्वर, धनुषामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ज) गोविन्द कँडेलसँग २०६० असार १२ गते अनामनगर, काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१४५३] विस्तृतिका लागि ने.का. का कार्यवाहक सभापती कृष्णप्रसाद भट्टराईद्वारा २०३९ साल मंसिर १३ गते जारी गरेको प्रेश विज्ञप्ति ।

सिर्जना गर्न खोजियो ।[१४५४] तर पनि प्रजातन्त्र र मानवअधिकारका लागि आफ्नो प्राणको समेत पर्वाह नगरी हिडेका कार्यकर्ताहरू निर्धारित समय अगावैदेखि क्षेत्रपाटीस्थित सिंह निवासमा आउन थाले । त्यो स्थितिमा निर्धारित समय ११ बजेसम्म पनि प्रतिनिधि एवं पर्यवेक्षकहरूको आउने क्रम नरोकिएपछि एक घण्टा ढिला गरी दिउसो १२ बजेतिर मात्र विधिवत रूपले सम्मलेन प्रारम्भ गरियो ।

देशका करिब ६०-६५ जिल्लाबाट आएका ७०० प्रतिनिधि तथा ३०० पर्यवेक्षक गरी १००० जनाले भाग लिएको उक्त सम्मेलनलाई ने.का. को परम्पराअनुसार कार्यवाहक सभापती कृष्णप्रसाद भट्टराईले उद्घाटन गरेपछि वी.पी. को तस्वीरमा माल्यार्पण एवं उनको सम्झनामा एक मिनट मौन धारणा गरेर प्रारम्भ गरियो ।[१४५५] त्यसपछि उद्घाटन भाषणका क्रममा कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह एवं गिरिजाप्रसाद कोइरालाले वी.पी. द्वारा प्रतिपादित मेलमिलाप नीतिमा ने.का. अडिग रहेको स्पष्ट गर्दै वी.पी. पश्चात उनले नेतृत्व गरेको ने.का. दिशाहिन हुन्छ र नेतृत्वको संकट आइपर्छ भनी उठाइएको शंका गलत हो भन्दै आगामी नीति तय गर्नका लागि खुलेर सल्लाह एवं सुझाव दिनका लागि सहभागिहरूलाई आह्वान गरे ।[१४५६] यसप्रकार सम्मेलनको उद्घाटन सत्र समाप्त भएपछि पार्टीको परम्पराअनुसार महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा सहभागिसमक्ष राजनीतिक प्रस्ताव प्रस्तुत गरियो । वी.पी. प्रति श्रद्धाञ्जली अर्पण गर्दै ने.का. को दुई दशक लामो प्रजातान्त्रिक आन्दोलनका बारेमा संक्षिप्त सिंहावलोकन गरिएको उक्त प्रस्तावद्वारा महामन्त्रीले मेलमिलाप नीतिको प्रभावकारिता स्पष्ट गर्दै यसकै तहत रहेर पूर्ण प्रजातन्त्र प्राप्त गर्ने लक्ष्यअनुरूप बढेको ने.का. ले उक्त लक्ष्य प्राप्तिका लागि कुनै पनि वैध, समयोचित र शान्तिपूर्ण उपायहरू अवलम्बनका लागि सक्रिय तत्परता कायमै राख्ने दृढता व्यक्त गरे ।[१४५७]

महामन्त्रीको राजनीतिक प्रस्तावपछि देशको विभिन्न भागबाट आएका प्रतिनिधिहरूद्वारा आफ्ना विचार एवं धारणा राख्ने क्रम सुरु भयो । यसक्रममा प्रायःजसो राजधानीमै बसेर सुविधाभोगी जीवन बिताउने तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमको राम्रो विश्लेषण गर्न सक्ने क्षमता भएका तरुण नेताहरूले पार्टीद्वारा मेलमिलाप नीतिलाई अगाडि बढाउने आडमा

---

[१४५४] (क) सिंह, टिप्पणी संख्या १२, पृ. ३ ।
(ख) रामचन्द्र पौडेल, शुक्रराज शर्मा, डिल्लीरमण शर्मा र अशोक कोइरालासँगका अन्तर्वार्ताहरू ।
(ग) चिरन्जीवी वाग्लेसँग २०५८ जेठ ३ गते कालोपुल, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) डा. वृखेशचन्द्रलालसँग २०६० जेठ १३ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१४५५] (क) *पूर्ववत्* (क) ।
(ख) *राष्ट्रपुकार,* २०३९ साल मंसिर १७ गते ।
(ग) रामचन्द्र ढकालसँग २०६१ वैशाख ७ गते नयाँसडक, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) महेश्वरलाल श्रेष्ठ, चिरन्जीवी वाग्ले, रामचन्द्र पौडेल, लालकिशोर शाहसँगका अन्तर्वार्ताहरू ।

[१४५६] (क) *पूर्ववत्* (ख) ।
(ख) *सातदिने आजकल,* २०३९ साल मंसिर १८ गते ।

[१४५७] विस्तृतिका लागि महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा २०३९ साल मंसिर १५ गते सम्मेलनमा प्रस्तुत राजनीतिक प्रस्ताव ।

पंचायती व्यवस्थाभित्र प्रवेश गरी संघर्ष चर्काउने नीति अवलम्बन गरिनु पर्ने माग राखे भने जिल्लामै बसेर प्रशासनिक दमनको सामना गरिरहेकाहरूले भने पंचायत प्रवेश गर्न नहुने धारणा राखे ।[१४५८] जनमत संग्रहको समापनसँगैदेखि पंचायतको निर्वाचनमा भाग लिनु पर्दछ भन्ने धारणाका पक्षपातीहरूले सम्मेलनद्वारा पंचायत प्रवेश गरेर संघर्ष चर्काउने रणनीति बनाउनु पर्ने माग राखे भने अरूले मेलमिलाप नीतिकै तहत रहेर प्रजातन्त्र पुनर्स्थापनाका लागि संघर्ष गर्ने खालको नीति निर्माण आवश्यक भएको तर्क राखे ।[१४५९] यसप्रकार व्यापक विचार विमर्श गर्ने क्रम अगाडि बढ्यो । प्रशासनिक दमन एवं धरपकडको व्यापक हल्लाका बीच पनि तीन दिनसम्म निर्विघ्न रूपमा चलेको उक्त सम्मेलनका अन्तमा ने.का. ले आफ्नो सांगठनिक स्वरूपको निर्धारणसँगै भावी रणनीति समेत तय गर्न सफल भयो । जसअनुसार सम्मेलनका अन्तमा राष्ट्रिय एकता तथा मेलमिलाप नीतिलाई अनुमोदन गर्दै गणेशमान सिंहलाई पार्टीको सर्वोच्च नेता, कृष्णप्रसाद भट्टराईलाई कार्यकारी अध्यक्ष र गिरिजाप्रसाद कोइरालालाई महामन्त्रीमा चयन गरी बी.पी. को पुण्यतिथि एवं जन्मजयन्ती वृक्षारोपण, रक्तदान र सरसफाई आदि रचनात्मक कार्यक्रम गरेर मनाउने, कार्तिक २६ गतेलाई क्रान्ति दिवश र शहिद दिवशका रूपमा मनाउने, पौष १६ र फाल्गुण ७ गतेलाई क्रमशः मेलमिलाप दिवश र प्रजातन्त्र दिवशका रूपमा मनाउने नीति तय गरियो ।[१४६०]

यसप्रकार क्षेत्रपाटी सम्मेलनमा गरिएको निर्णयले गर्दा ने.का. को सांगठिनक स्वरूपलाई क्रियाशील बनाउने क्रममा पार्टीभित्र नेता त्रयको धारणाले मान्यता प्राप्त गर्‍यो । परिणामस्वरूप त्यसपछि लामो समयदेखि एउटै नेतृत्वसँग जोडिएको अवस्थाको अन्त हुनुका साथै गणेशमान सिंहको दृढता र प्रतिबद्धता, कृष्णप्रसाद भट्टराईको वैचारिकता र बौद्धिकता र गिरिजाप्रसाद कोइरालाको निडरता र सांगठनिक क्षमता आदि तीन प्रकारका तत्त्वहरूको सक्रियता वृद्धिको स्थिति सिर्जना भयो । यसबाहेक सम्मेलनमा उपस्थित कार्यकर्ताहरूले नेता त्रयको धारणालाई अनुमोदन गर्नुका साथै प्रजातन्त्रका लागि संघर्ष गर्नु मेलमिलाप नीतिका विरुद्ध जानु होइन, प्रजातन्त्रका मूल्यमा मेलमिलाप हुन सक्दैन, मेलमिलाप नीतिको कायमतासँगै आन्दोलनको तयारी पनि हुनुपर्दछ, नेतृत्व वर्गबाट निकै सोच विचार पुर्‍याएर केन्द्रीय समितिको गठन लगायतका कार्यनीति तय गर्नुपर्दछ आदि भावनात्मक तर्कहरू प्रस्तुत गरिदिनाले भावी

---

[१४५८] गणेशमान सिंह, "आन्दोलनको अपरिहार्य सम्मेलनको निष्कर्ष थियो", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५४ साउन ७, पृ. ३ ।

[१४५९] (क) *पूर्ववत्* ।
(ख) आजकल, टिप्पणी संख्या २० (ख) ।

[१४६०] (क) पुरुषोत्तम बस्नेत, "नेपाली कांग्रेस", *अन्तर्राष्ट्रिय मञ्च,* टेकप्रसाद घिमिरे आदि (सं.), काठमाडौं : श्रीमती रञ्जु अधिकारी, २०४७ पुष, पृ. ३२१ ।
(ख) बद्रीनारायण गौतम, नेपाली कांग्रेस र संघर्षका दश वर्ष (२०३६-२०४६), अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : इतिहास केन्द्रीय शिक्षण विभाग त्रि.वि., २०५०, पृ. १६७ ।
(ग) तुलसीप्रसाद भट्टराईसँग २०६० पौष २३ गते प्रज्ञाभवन कमलादिमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) व्रतराज आचार्यसँग २०६१ चैत्र १७ गते देवकोटा चोक, भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) वासुदेव रिसाल, गिरिराज आचार्य, रामचन्द्र पौडेल, निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।

नीति निर्धारणका लागि ठूलो बल प्राप्त भएको थियो । तसर्थ सम्मेलनका अन्तमा सम्बोधन गर्दै गणेशमान सिंहले तानाशाहहरूले बिना संघर्ष सत्ता छाड्न तयार नभएको विश्व इतिहासका सन्दर्भमा हामीले पनि संघर्ष जारी राख्नुपर्दछ भन्दै बिना तयारी आन्दोलनमा हाम्फालेका खण्डमा गम्भिर परिणाम भोग्नु पर्ने भएकाले आन्दोलनका लागि जनतालाई तयार पार्नु नै हाम्रो हालको कार्य नीति हुनुपर्दछ भन्ने उद्घोषणसहित आन्दोलनको विकल्प नभएको स्पष्ट गरे ।[१४६१] जसबाट जनसम्पर्क एवं संगठन सुदृढीकरण अभियानका रूपमा जनस्तरसम्म पुगेर मेलमिलाप नीतिको मूल आसय एवं मर्म स्पष्ट गर्दै पंचायत विरोधी अभिमत तयार गरेर प्रजातन्त्र पुनर्स्थापना अभियानको मार्ग विस्तार गर्ने मूल कार्यनीतिअनुरूप वी.पी. पश्चातको ने.का. सक्रिय हुने कुरा सुनिश्चित हुनगयो ।

## ७.३ क्षेत्रपाटी सम्मेलनको उपलब्धि र संगठन सुदृढीकरण अभियान

क्षेत्रपाटीस्थित गणेशमान सिंहको घरमा जो आउँछ त्यसले पक्राउको सामना गर्नु पर्दछ भन्ने नीतिअनुरूप प्रहरी परिचालन गरेर प्रशासनिक दवदवा देखाउन खोजिएको स्थितिमा पनि टाउकोमा कात्रो बाँधेर तानाशाही शासन व्यवस्थासँग लडन उत्रिएका ने.का. का कार्यकर्ताहरू विचलित नभई क्षेत्रपाटी आएर सहभागिता जनाएपछि क्षेत्रपाटी सम्मेलन सम्पन्न भयो । जसका अन्तमा वी.पी. द्वारा २०३३ साल पौष १६ गते प्रतिपादित राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई निरन्तरता दिने प्रस्ताव सर्वसम्मतीबाट पारित गरिएको घटनाले वी.पी. को निधनपछि ने.का. को पनि विसर्जन भयो भन्ने सोचमा मखख परेका वर्गलाई नराम्रोसँग तर्साइदियो । यो सम्मेलन द्वारा ने.का. ले नेपालको निर्दलीय संविधान र त्यसअन्तर्गत बनेका ऐन, नियम तथा व्यवस्थाको संरचनालाई हाँक दिनुका साथै आफ्नो भावी कार्यनीति निर्धारण गरेर गतिशिलताको मार्ग विस्तार कार्य प्रारम्भ गऱ्यो । पार्टीभित्र संयुक्त नेतृत्वको अवधारणालाई विधिवत तुल्याउने कार्यद्वारा ने.का. अब एकढिक्का रहन सक्दैन, टुक्रिन्छ आदि भन्ने वर्गलाई तिमीहरूको सोच एउटा दिवा स्वप्न हो भन्ने सन्देश स्पष्ट गर्न सफल भएको यो सम्मेलनले प्रजातन्त्र पुनर्स्थापनाका लागि शान्तिपूर्ण संघर्ष जारी राख्ने घोषणा गर्दै परिवर्तनको अपरिहार्यतालाई स्वीकार गऱ्यो । यसप्रकार शान्तिपूर्ण आन्दोलनलाई स्वीकार गर्दै वी.पी. को अभावमा पनि ने.का. मा विभाजन र विशृङ्खलता आएको छैन, यसमा पूर्णरूपेण जीवनतत्त्व बाँकी छ र यो आफ्नो लक्ष्यसम्म पुग्न दृढ संकल्पि छ भन्ने जुन सन्देश ने.का. ले दिन सक्यो त्यो नै क्षेत्रपाटी सम्मेलनको प्रमुख उपलब्धि थियो । यसैगरी लामो अवधिसम्म पार्टीका नीति निर्धारणसँगै मार्गदर्शन गर्दै आएका शिखर पुरुषको अभाव महसुस गराएको त्यो क्षणमा पनि पार्टीलाई एकढिक्का राख्ने निर्णयसँगै मेलमिलाप नीतिको परित्याग नगरी संघर्ष गर्ने निर्णय गरिनु झन ठूलो उपलब्धि थियो ।[१४६२]

---

[१४६१] सिंह, टिप्पणी संख्या २२, पृ. ३ ।

[१४६२] गणेशमान सिंह, "सम्मेलनका उपलब्धिहरूका नमुना", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५४ साल साउन १४ गते, पृ. ३ ।

जनताको राजनैतिक चेतनाको संगठित अभिव्यक्तिले एक दरिलो फड्को हाल्ने घटनाका रूपमा सम्पन्न यो सम्मेलनले राजा र जनताको समझदारी र विश्वासको सम्बन्ध पुनर्निर्मित हुनमा कुनै शक्ति, कुनै लेखत र कुनै सिमाङ्कन दुर्लङ्घ्य हुन सक्दो रहेनछ भन्ने कुरालाई पुनः एकपटक प्रमाणित गर्‍यो ।[१४६३] किनकी यथास्थितिवादीहरूको सम्मेलन हुन नदिने भरमग्दुर प्रयासका वावजुद पनि राजाबाट प्रदत्त अल्पमतको कदर गरिने आश्वासनका आधारमा प्राप्त गरेको अस्तित्वलाई प्रयोग गर्ने नीति अनुरूप सम्मेलन गर्न लागिएको जनाउँदै उक्त अधिकार प्रयोग गर्न नदिएका खण्डमा शान्तिसाथ प्रशासनिक दमनको स्वागत गर्दै जेल जान तत्पर रहेको जानकारी दिएर उनीहरूलाई निरुत्तर पारी सम्मेलन सम्पन्न गरिएको थियो । यसरी पञ्चायती निरङ्कुश परिवेशमा पनि प्रशासनलाई चुनौतिपूर्ण भाषामा जवाफ दिएर सम्मेलन सफल पार्नु सानो उपलब्धि थिएन ।

शिथिल हुने आशंका गरिएको सांगठनिक स्वरूपलाई क्षेत्रपाटी सम्मेलनको निर्णयपश्चात् पुनः सुदृढ गरी वी.पी. को निधनले गर्दा उत्पन्न भएको राजनैतिक ध्रुविकरणलाई समेट्न सफल भएको ने.का. गतिशीलताको मार्गतर्फ बढ्ने सुनिश्चित भयो । त्यसका लागि सर्वप्रथम जनाधार निमाण गरेर जनतालाई आन्दोलनका मार्गमा बढ्न सक्षम बनाउनु आवश्यक भएकाले त्यसपछि संगठन सुदृढ बनाउने तर्फ लाग्ने कुरा तय गरियो । लामो समयदेखि भूमिगत रूपले संगठनात्मक गतिविधिमा सक्रिय रहेर आएका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालाले यस कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने सोच अनुरूप कार्य प्रारम्भ गरे । यस क्रममा उनले देशका विभिन्न भागको भ्रमण गर्ने, कार्यकर्ता एवं जनाताहरूसँग भेटघाट गरी मेलमिलाप नीतिको सान्दर्भिकता वोध गराउने, प्रशिक्षण शिविर लगायतका कार्यक्रम आयोजना गराएर आन्दोलनका लागि खारिएका कार्यकर्ता तयार गर्ने र बलियो संगठनात्मक स्वरूप निर्माणका लागि पहल गर्ने लगायतका कार्यक्रम एवं गतिविधि निर्धारण गरी कार्यान्वयन तर्फ लागे । सर्वप्रथम यसका लागि चाल्नुपर्ने कदम एवं कार्यका लागि उनले पार्टीका अन्य शीर्षस्थ नेताहरूसँग छलफल एवं विचार विमर्शसमेत गरेर २०३९ साल पैष १६ गते देशव्यापि रूपमा आमसभा, गोष्ठि, प्रवचन लगायतका कार्यक्रम आयोजना गर्दै मेलमिलाप दिवश मनाउन सर्कुलर जारी गरेपछि उक्त कार्यक्रम सफल पार्न पार्टीका भातृ संस्था एवं विविध निकायहरूलाई गतिशील पार्ने तर्फ लागे ।[१४६४]

क्षेत्रपाटी सम्मेलनको लगत्तै यसप्रकार ने.का. ले देशव्यापि रूपमा मेलमिलाप दिवश मनाउने निर्णय गरेर तयारीसमेत प्रारम्भ गरेपछि पञ्चायती खेमाभित्र व्यापक हल्लिखल्ली मच्चियो । वी.पी. पछि आफ्नै समाप्त भएर जान्छ, चोइटिन्छ आदि सोच अनुरूप बढेका

---

[१४६३] गणेशराज शर्मा, "भेलापछिको खैलाबैला," *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), (काठमाडौँ : २०३९ साल पौष ८ गते) पृ. ८ ।

[१४६४] (क) रामचन्द्र पौडेल, रामचन्द्र अधिकारी, महेश्वरलाल श्रेष्ठ, शुक्रराज शर्मा, अशोक कोइराला र गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।
(ख) डा. गंगाधर लम्सालसँग २०६० असार ३ गते भरतपुर चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) पुरुषोत्तम बस्नेतसँग २०६० पौष २१ गते टेकू काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

पञ्चायतवादी वा यथास्थितिवादीहरूको सोचविपरीत एक ढिक्का भएर गतिशील समेत भएपछि कठोर नीति अवलम्बन गर्ने निश्चय गरेको तत्कालीन सरकारले प्रशासनिक निकायहरूलाई परिचालन गऱ्यो । त्यो स्थितिमा पनि ने.का. ले राजधानी काठमाडौँको मुटुमा अवस्थित टुँडिखेलको खुलामञ्चमा आमसभा गरेर मेलमिलाप दिवश मनाउन अनुमति माग्दा तत्कालीन प्रशासनले खुला मञ्चको त कुरै छाडौं बागमती अञ्चलभरि नै कहि पनि आमसभा गर्न नदिने जवाफ दियो ।[१४६५] जसबाट काठमाडौँस्थित आफ्नो कार्यालयभित्र सीमित भएर मेलमिलाप दिवश मनाउन ने.का. वाध्य भयो भने उक्त दिन प्रशासनले व्यापक प्रहरी परिचालन गरेर ने.का. को कार्यालयलाई चारैतिरबाट घेराबन्दीसमेत गरेको थियो । तर पनि त्यसको पर्वाह नगरी जम्मा हुन पुगेका हजारौं कार्यकर्ता एवं तरुणहरूलाई सम्बोधन गर्दै नेतात्रयद्वारा मेलमिलाप नीतिको सार्थकतासँग तर्सेका षडयन्त्रकारी एवं तिनको मतियार बनेको सरकारद्वारा “राजासँग संघर्ष नगर्ने” भन्ने ने.का. को मुल नीतिलाई जनसमक्ष पुऱ्याउन नदिनुका पछाडिको नियत बुझ्नका लागि अपिल गरे ।[१४६६]

राजधानीमा प्रहरीद्वारा घेराबन्दी गरिए तापनि पार्टी कार्यालय परिशरभित्र नै मेलमिलाप दिवश सम्पन्न गरियो । तर राजधानी बाहिरका विभिन्न नगर, गाउँलगायतका क्षेत्रमा भने स्थानीय प्रशासनद्वारा मेलमिलाप दिवश मनाउन प्रतिबन्ध लगाएर व्यापक रूपले दमन गरियो । पञ्चायती प्रशासनका प्रत्येक महत्त्वपूर्ण निकाय एवं अंगहरूमा पञ्चमाङ्गी तत्त्व घुसेको र राष्ट्रमाथि खतरा आइपरेको हुँदा अहिलेको परिप्रेक्ष्यमा संघर्ष राष्ट्रका लागि घातक सिद्ध हुन जाने भएकाले राजा र जनताका बीचमा मेलमिलाप हुनु पर्दछ भन्ने सन्देश प्रवाहित गर्ने उद्देश्य अनुरूप आयोजित मेलमिलाप दिवश असफल पार्न पञ्चायत नीति तथा जाँचबुझ समिति, अडिट फर्मुलाका तहत घुसेका साम्यवादीहरू, दात्रिरश, यथास्थितिवादी आदिद्वारा अञ्चलाधीशहरूलाई तिब्र दवाव दिइएको थियो ।[१४६७] फलस्वरूप सर्लाही, जनकपुर, चितवन, जलेश्वर, रूपन्देही, विराटनगर, धरान, नेपालगञ्जलगायत देशका विभिन्न क्षेत्र एवं केन्द्रहरूमा आमसभामा प्रहरीद्वारा लाठी प्रहारसहित भिषण दमन गराइयो ।[१४६८] मेलमिलाप दिवश जस्तो शान्तिपूर्ण कार्यक्रममाथि गरिएको यस प्रकारको प्रशासनिक हस्तक्षेपबाट जनमत संग्रहपश्चात नेपालको राजनीतिमा देखापरेको खुकुलोपना र चलखेल गर्ने वातावरणलाई पुनः नियन्त्रण गर्नेतर्फ तत्कालीन सरकार अग्रसर हुन थालेको वास्तविकताबोध हुन गयो ।

---

[१४६५] *राष्ट्रपुकार,* २०३९ साल पौष २२ गते ।

[१४६६] *पूर्ववत्* ।

[१४६७] *पूर्ववत्* ।

[१४६८] (क) *पूर्ववत्* ।
(ख) *राष्ट्रपुकार,* २०३९ साल पौष २९ गते ।

तत्कालीन सरकारबाट सम्पादित यसप्रकारका दमनात्मक कार्यहरूलाई शान्तिपूर्ण रूपले स्वीकार गर्दै आमसभा गर्न नपाए तापनि घरकम्पाउण्डभित्र कार्यकर्ता भेला, गोष्ठि एवं प्रवचनहरूद्वारा मेलमिलाप दिवशलगायतका कार्यक्रम सम्पन्न गर्न सफल भएका ने.का. का कार्यकर्ताहरूमा व्यापक उत्साह एवं जागरण उत्पन्न हुन थाल्यो । आफ्नो प्रत्यक्ष नेतृत्व एवं निर्देशनमा सञ्चालित पञ्चायती व्यवस्थाका सञ्चालकहरूद्वारा सम्पादित यस्ता दमनात्मक क्रियाकलाप माथि रोक लगाउनुका साथै मुलुकको प्रजातान्त्रिकरण तर्फ कदम चाल्ने लगायतका सकारात्मक कार्यतर्फ राजाबाट पनि कुनै पहल नगरिनाले राजनैतिक सङ्कट झन् बढ्दै जाने सुनिश्चित देखियो । जसबाट उत्पन्न हुन थालेको विषम परिस्थितिलाई अन्त गरी देशमा प्रजातन्त्र पुनर्स्थापना गर्नका लागि शान्तिपूर्ण आन्दोलनलाई बढी सशक्तताका साथ अगाडि बढाउने वाहेक अरू उपाए नदेखेपछि ने.का. ले त्यसका लागि देशव्यापि रूपमा पार्टीको संगठन सुदृढ पार्न आवश्यक ठानेर सर्वप्रथम केन्द्रीय परामर्श समितिहरू गठन गरी[१४६९] त्यसअन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, वैदेशिक र प्रचार समितिहरू गठन गऱ्यो ।[१४७०]

नेतात्रयको प्रत्यक्ष रेखदेख एवं मार्गनिर्देशन रहने गरी गठन गरिएका यस्ता समितिहरूमा लामो समयसम्मको प्रजातान्त्रिक आन्दोलनमा काम गरी प्रशस्त अनुभव बटुलेका युवा वर्गहरूलाई समावेश गरेर संगठन सुदृढीकरण अभियानको जिम्मा दिइएकाले त्यसपछि देशव्यापि रूपले कार्यकर्ता भेटघाट एवं प्रशिक्षण शिविरहरू आयोजना गर्ने क्रम शुरु भयो । जसको मुलभूत उद्देश्य २०३८ सालको पञ्चायती निर्वाचनपश्चात कठोर हुन खोजेको तत्कालीन सरकारले जनमतसंग्रहद्वारा विकसित केही खुकुलो वातावरण र प्राप्त जनअधिकार खोस्नका लागि थालिएको प्रयास असफल पार्दै कार्यकर्तामा जोश, जाँगर एवं उत्साह बृद्धि गर्नु थियो ।[१४७१] यसरी उद्देश्यमुलक रूपले परामर्श समितिहरूको सक्रियता सँगै देशव्यापि रूपमा कार्यकर्ता भेला एवं प्रशिक्षण शिविर आयोजना गर्ने लहर प्रारम्भ भयो । स्थानीय प्रशासनद्वारा सार्वजनिक स्थलमा यस्ता कार्यक्रम गर्न निषेध गर्ने र दमन गर्ने क्रम पनि सुरु भएपछि घर-कम्पाउण्डभित्र गर्ने क्रम चल्न थाल्यो । जसलाई झन गतिशील पार्नका लागि महामन्त्री गिरिजाप्रसाद कोइराला मेची-महाकाली भ्रमण कार्यक्रम निर्धारण गरेर राजधानीबाट प्रस्थान गरे ।

महामन्त्रीको देशव्यापि दौडाहा कार्यक्रम प्रारम्भ हुनासाथ विविध क्षेत्रमा व्यापक हलचल उत्पन्न भयो । जसलाई झन परिचालन गर्नका लागि ने.का. का विभिन्न जिल्ला समिति, ने.वि. संघका अञ्चल, जिल्ला एवं सम्पर्क समितिलगायत बौद्धिक जमातको बाहुल्यता रहेका संघ-संस्था आदिद्वारा भेटघाट, छलफल, कार्यकर्ता भेला एवं प्रशिक्षण शिविरलगायतका

---

१४६९ "नेपाली कांग्रेस केन्द्रीय प्रचार समिति," *नेपाली कांग्रेस के भन्छ ?* काठमाडौं : २०४७, पृ. ६ ।

१४७० रामचन्द्र पौडेल, *नेपाली कांग्रेसको संक्षिप्त इतिहास,* काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय प्रचार समिति, २०४७, पृ. २४ ।

१४७१ शुशिल कोइरालासँग २०६० पौष २५ गते बुद्धनगर, काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

कार्यक्रम आयोजनाको लहर प्रारम्भ भयो ।[१४७२] जसबाट उत्पन्न प्रतिक्रियाबाट आत्तिएको तत्कालीन सरकारको निर्देशन अनुरूप यस्ता कार्यक्रमहरू सफल हुन नदिनका लागि कैयौं ठाउँहरूमा स्थानीय प्रशासनद्वारा अवरोध सिर्जना एवं दमनका प्रयासहरू पनि गरिए । तर पनि हतोत्साही नभएका स्थानीय नेता-कार्यकर्ताहरूको प्रयास एवं जीवन्त साहसले गर्दा मेचीदेखि महाकालीसम्मका पहाड-तराईसम्मका विभिन्न केन्द्रहरूमा पुगेर कार्यकर्ता भेटघाट, छलफल, सम्बोधनलगायतका कार्यद्वारा मनोबल बढाउन महामन्त्री सफल भए ।[१४७३] यसप्रकार क्षेत्रपाटी सम्मेलनको निर्णय एवं उपलब्धिहरूलाई जनस्तरसम्म पुऱ्याएर मेलमिलाप नीतीको मूल आसय र मर्म स्पष्ट गर्दै ने.का. आफ्नो संगठन सुदृढीकरण अभियानतर्फ अग्रसर भयो ।

## ७.४ तत्कालीन सरकारको कार्यनीति र विभिन्न काण्डहरू

नेपालको राजनीतिमा जनमत स्रग्रहको परिणाम पछि पञ्चायतका यथास्थितिवादीहरूको मनोवल अत्यधिक बृद्धि हुन गएकाले राजालाई समेत दवावमा पारेर संविधानको तेश्रो संशोधन आफ्नो अनुकूल हुने गरी निर्माण गर्न सफल भए । पहिला नै राज घोषणा भइसकेको हुँदा उनीहरूले संविधानमा बालिग मताधिकार, जनताप्रति उत्तरदायी शासन, जनप्रतिनिधिले चयन गरेको सरकार आदिको समाविष्टतालाई रोक्न नसके तापनि पञ्चायत विरोधीहरूले चुनावमा भाग लिन र गतिशीलता देखाउन नपाउने व्यवस्था गर्न भने सफल भए । तर पनि त्यसपछिको राजनीतिमा आफ्नो वर्चश्व कायम गर्नका लागि पञ्चहरूलाई संवैधानिक मान्यता विपरीत गुटबन्दी एवं द्वन्द्वात्मक स्थितिको सिर्जना एवं सामना नगरिकन नहुने परिस्थिति झेल्नुपर्ने अवस्था उत्पन्न भयो । किनकी चुनाव जित्नका लागि जनसमक्ष म कठोर पञ्च हुं, म अशली पञ्च हुं, म उदार पञ्च हुं, म सरकारी उम्मेदवार हुं, म प्रजातन्त्रवादी उदार पञ्च हुं आदि भनेर ठाउँ हेरी जनभावना वटुल्न पर्ने अवस्था आयो भने चुनाव पछि राष्ट्रिय पञ्चायतबाट विश्वासको मत प्राप्त गरेको प्रधानमन्त्रीले मुलुकको कार्यभार सम्हाल्ने कि राजाले कार्यभार सम्हाल्ने ? भन्ने खालको द्वन्द्व प्रारम्भ भयो ।[१४७४] अर्थात् चुनाव जित्नका लागि मात्र पनि पञ्चहरूलाई उदारवादी, यथास्थितिवादी, सरकारी उम्मेदवारलगायतका उपाधि धारण गर्नु पऱ्यो भने व्यवस्थापिकामा अव हिजोको जस्तै नाममात्रको प्रधानमन्त्री बन्ने कि जननिर्वाचित जनउत्तरदायी प्र.म. बन्ने भन्ने द्वन्द्व प्रकट भयो । फलस्वरूप त्यसपछिको राजनीतिमा पञ्चायतलाई जोगाउन खोज्ने र पञ्चायत समाप्त गरी बहुदल ल्याउन खोज्नेहरू बीच प्रारम्भ भएको शक्ति ध्रुवीकरणमा सुधारवादीहरूले पनि यथास्थितिवादी विरुद्ध कदम चाल्न थालेपछि

---

[१४७२] (क) रामचन्द्र ढकाल, वृखेशचन्द्र लाल, लालकिशोर शाह र ऋषिकेश तिवारीसँगका अन्तर्वार्ताहरू ।
(ख) रमेश शर्मासँग २०६१ असार २५ गते तौलिहवा कपिलवस्तुमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) सिद्धराज ओझासँग २०५८ जेठ ३ गते मन्त्रिनिवास ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१४७३] विस्तृतिका लागि *राष्ट्रपुकार,* २०३९ साल पौष २९ गते, माघ ६ गते, १३ गते, २० गते, २७ गते, फाल्गुण ५ गते, १२ गते, १९ गतेका विभिन्न अङ्कहरू ।

[१४७४] बालकृष्ण खाँणसँग २०६० माघ १० गते ट्राफिक चोक, बुटवलमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

द्वन्द्वले जुन चरम रूप लिने स्थिति सिर्जना भयो त्यसलाई पञ्चायतले थेग्नै नसक्ने परिवेश देखापर्न थाल्यो । त्यो स्थितिमा यथास्थितिवादीका नेता बनेका प्र.म. सूर्यबहादुर थापाले सत्ताको प्रयोगबाट एकातिर विरोधीहरूप्रति दमनात्मक नीति अवलम्बन गर्ने र अर्कातिर आफ्नै तरीकाले जनमत संग्रह, त्यसका उपलब्धि र वालिग मताधिकारको व्याख्या गरेर गुटबन्दी गर्ने गर्न थाले ।[१४७५]

निर्दलीय पञ्चायती व्यवस्थाभित्र बालिग मताधिकार रा.प. बाट प्रधानमन्त्रीको चयनलगायतको व्यवस्था गरिएपछि जबर्जस्ती प्रजातान्त्रिक अधिकार थोपरिए जस्तो हुन पुगेको सुधारिएको पञ्चायती व्यवस्था यसरी अन्तर्द्वन्दको चपेटामा परेकै बेला ने.का. ले क्षेत्रपाटी सम्मेलन गरेर संगठन सुदृढीकरण अभियान प्रारम्भ गर्‍यो । त्यसबाट देशव्यापि रूपमा कार्यकर्तामुखी आन्दोलन विकसित हुने अवस्थाको संभावना देखापरेपछि आफ्नै अन्तर्द्वन्दको चपेटामा परेको तत्कालीन सरकारले सदाझैं दमनको सहारा लिने निश्चय गरी प्रशासनिक परिचालन गर्‍यो । तर त्यसवखतको देशव्यापि प्रशासनमा संलग्न सबै अंगमा उनीहरूको इशारा अनुरूप चल्ने अवयवहरू मात्र नभएको हुँदा कतिपय ठाउँहरूमा नाममात्रको अवरोध सिर्जना प्रयास गरियो भने केही ठाउँहरूमा भिषण दमन र हस्तक्षेप गरी रक्तरंजित घटनाहरू नै घटाइयो । परिणामस्वरूप ने.का. ले कतिपय ठाउँमा कार्यकर्ता भेटघाट, छलफललगायतका कार्यक्रम विविध उपाए र तरिकाले सम्पन्न गर्‍यो भने केही ठाउँहरूमा आफ्ना कार्यकर्ताहरूको अंगभंग हुने र गुमाउनुपर्ने स्थिति सिर्जना गर्ने खालको सरकारी दमन भोग्नु पर्‍यो । वी.पी. को निधनपश्चात् उनकै नीति अनुरूप बढेर बहुदलीय प्रजातन्त्र पुनर्स्थापना तर्फ लागेको ने.का. र गतिशील हुन नदिने नीति अनुरूप बढेको तत्कालीन सरकारका क्रियाकलापसम्बन्धी सम्पूर्ण विवरण माथि प्रकाश पार्न खोज्दा ज्यादै बोझिलो र लामो हुने भएकाले तिब्र सरकारी दमनका मुख्य घटनामाथि प्रकाश पार्दै संघर्षको मार्गमा बढ्न ने.का. वाध्य भएको स्थिति स्पष्ट गर्नु प्रासङ्गिक ठानेर सोही अनुरूप उल्लेख गर्ने प्रयास गरिएको छ ।

### ७.४.१ जीतपुर काण्ड

वी.पी. कोइरालाको निधनपश्चात क्षेत्रपाटी सम्मेलनले गरेको निर्णय अनुरूप २०३९ साल पौष १६ गते मेलमिलाप दिवश मनाउने क्रममा देशभरका कार्यकर्ताहरूबाट देखाइएको उत्साह एवं जागरुकताबाट नेपालमा पञ्चायतको अन्त्यका लागि जनभावना अत्यन्त तिब्र हुन थालेको कुरा स्पष्ट भयो । जनतामा जागेको उक्त भावनालाई अझै सबल बनाएर देशव्यापि रूपमा आन्दोलनका लागि जुझारु कार्यकर्ता तयार गर्ने निश्चय सँगै पूर्वनिर्णय अनुरूप देशका विभिन्न भागमा कार्यकर्ता भेला एवं प्रशिक्षण शिविर आयोजना गर्ने र केन्द्रीय नेतृत्वका नेताहरू पुगेर सम्बोधन एव. छलफल गर्नेलगायतका कार्य प्रारम्भतर्फ पहल सुरु भयो । यसै क्रममा पञ्चायत विरोधी हरेक आन्दोलन एवं अभियानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको ने.वि.

---

[१४७५] किशोर नेपाल, *जनमत संग्रहदेखि जनआन्दोलनसम्म नेपाली पत्रकारिताको विकास र प्रभाव,* काठमाडौं : व्यवशायिक पत्रकारिता प्रतिष्ठान, २०५७, पृ. २९ ।

संघले २०३९ साल पौष २२ गते लुम्बिनी अञ्चलस्तरीय प्रशिक्षण शिविरको आयोजना गरेको थियो । यो कार्यक्रमको निश्चयपछि कार्यक्रम स्थान छनौट सम्बन्धमा व्यापक विचार विमर्श पछि लुम्बिनी अञ्चलको सबैजसो क्षेत्रबाट मध्यविन्दु जस्तै हुने कपिलवस्तु जिल्लामा कार्यक्रम गर्ने भन्ने टुङ्गो लागेपछि ने.वि. संघ, कपिलवस्तु जिल्ला समिति सक्रिय भएर जीतपुरलाई कार्यक्रमस्थल निर्धारण गऱ्यो । तराइका आदिवासीहरूको बाहुल्यता रहेको कपिलवस्तुको दक्षिणी क्षेत्रका तुलनामा पहाडी मूलका मानिसहरूको आवादी बढिरहेको उत्तरी क्षेत्र जीतपुर ने.का. का धेरै आँटिला कार्यकर्ताहरूको बसोवास स्थल भएको र अन्य स्थानीय बासिन्दाहरूबाट सहयोगसमेत लिन सकिने भएकाले नै त्यहाँ उक्त कार्यक्रम गर्ने निश्चय गरिएको थियो ।[१४७६]

यसप्रकार कार्यक्रम एवं स्थान निर्धारण गरिएपछि ने.का. का महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा उद्घाटन गराउने निश्चय सँगै तयारी प्रारम्भ गरियो । जीतपुरलाई कार्यक्रम स्थलका रूपमा छानेपछि प्रमुख जिल्ला अधिकारीलाई जानकारी दिइ अनुमती माग्दा घर कम्पाउण्डमा गरेमा केही नगर्ने तर सार्वजनिक रूपले कार्यक्रम गर्न नदिने जानकारी दिइएको स्थितिमा जीतपुर निवासी सागर श्रेष्ठले कार्यक्रमका लागि आफ्नो घर कम्पाउण्ड दिने प्रतिबद्धता देखाएर निकै सजिलो बनाइदिए ।[१४७७] त्यसपछि ने.वि. संघ एवं ने.का. का स्थानीय नेता एवं कार्यकर्ताहरू कार्यक्रम उपलब्धिमूलक बनाउनका लागि आवश्यक प्रबन्ध मिलाउने तर्फ लागे । केन्द्रीय नेता एवं राजनैतिक चिन्तकद्वारा सैद्धान्तिक ज्ञान दिएर कार्यकर्ताहरूमा जोश, जाँगर बढाउने र क्षमता बृद्धि गर्ने उद्देश्य अनुरूप आयोजित उक्त शिविरसम्बन्धी तयारी प्रारम्भ हुनासाथ पहिलाको धारणा विपरीत जीतपुर क्षेत्रमा व्यापक प्रहरी परिचालन गरेर असहज स्थिति सिर्जना हुन थालेको देखाउने प्रयास प्रारम्भ गरे ।[१४७८] प्रशासनका तर्फबाट यस क्रममा तयारीमा जुटेका कार्यकर्ताहरू समक्ष कुनै पनि हालतमा यहाँ यो कार्यक्रम नगर-गरेमा ठीक हुने छैन लगायतका धम्किपूर्ण सन्देशहरू पठाउने क्रम सुरु भयो । जसको जवाफमा पहिला जानकारी दिएर कार्यक्रम राखिएको हुनाले स्थगित गर्न नसक्ने जनाउँदै हामी पनि देश एवं राजा विरोधि नभएको र प्रजातन्त्र एवं मानव अधिकारका लागि सक्रिय रहेको जनाउँदै शान्तिपूर्ण भेटघाट एवं छलफलका लागि आयोजित कार्यक्रममा हस्तक्षेप नगरी दिनका लागि अनुरोध गरियो ।[१४७९] जसबाट रिसाएको प्रशासनद्वारा तयारीमाजुटिरहेका कार्यकर्तालाई एक्लैदुक्लै भेट्नासाथ प्रहरीद्वारा गालीगलौज गराउने, जीतपुरमा युद्ध क्षेत्र नै लाग्ने वा देखिने जस्तै गरी प्रहरी परिचालन गरेर जनमानसलाई भयभित पार्न खोज्ने र पञ्च एवं विघटित मण्डलका

---

[१४७६] (क) रमेश शर्मा, टिप्पणी संख्या ३६ (ख) ।
(ख) कमलेशकुमार शर्मासँग २०६२ आषाढ १७ गते तौलिहवा कपिलवस्तुमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[१४७७] *पूर्ववत्* (ख) ।

[१४७८] रमेश शर्मा र कमलेशकुमार शर्मासँगका अन्तर्वार्ताहरू ।

[१४७९] *पूर्ववत्* ।

कार्यकर्ताहरूबाट धम्काउनेलगायतका क्रियाकलाप गर्न थालियो ।[१४८०] प्रशासनिक सक्रियताको त्यस्तो अवस्थामा तयारीमा खटेका कार्यकर्ताहरूले कुनै पनि साथीको घरमा रात बिताउनसमेत नसक्ने स्थिति उत्पन्न भएकाले उनीहरू कहिले राजमार्गको पुलमुनी सुतेर त कहिले कुनै किसानको खलिहाँन (आँगन) मा थुप्राइएको परालभित्र घुस्रेर रात बिताउँदै तयारी तर्फ लागे ।[१४८१] प्रशासनिक दवावको त्यो स्थितिमा पनि टसमस नभएर कार्यक्रमको तयारीमा लागिरहे पछि कपिलवस्तु प्रशासनले पौष १८ गतेका दिन अकस्मातसँग कमलेशकुमार शर्मा, सागरकुमार श्रेष्ठ, राजेश आचार्य, गणेश सापकोटा, होमनाथ शर्मा, नवराज पाण्डे, बलबहादुर वस्नेत आदिलाई सुरक्षा कानुनका आधारमा पक्राउ गऱ्यो ।[१४८२]

करिब १५-२० दिनदेखि बाक्लो हुस्सुले छोपेर घाम नलाग्दा अचम्मसँग बढेको जाडोले गर्दा कठ्याङ्ग्रिएको स्थिति र प्रशासनिक दमनको त्रासदीपूर्ण वातावरणमा पनि पूर्ण उत्साह एवं जोश साथ खटेका कार्यकर्ताहरूले आवश्यक तयारी पूरा गरे भने महामन्त्री गिरिजाप्रसाद कोइराला पनि अघिल्लै दिन अर्थात् पौष २१ गते रूपन्देही आइपुगे । पौष २१ गते रूपन्देहीका कार्यकर्ताहरूसँग भेटघाट-सरसल्लाह गरेपछि उनलाई सेमलार गाउँस्थित राजेन्द्रमानको घरमा बसाएर कार्यकर्ताहरूको पूर्ण संरक्षणमा भोलिपल्ट बिहानै जीतपुर पुऱ्याइयो ।[१४८३] जहाँ उपस्थित स्थानीय नेता एवं कार्यकर्ताहरूले प्रजातन्त्र जिन्दावाद, वीर वी.पी. अमर रहनु, क्रान्तिकारी नेता गिरिजाप्रसाद कोइराला जिन्दावादलगायतका नारा लगाउँदै आफ्ना नेताको भावपूर्ण स्वागत गरे । अप्रत्याशित रूपले प्रहरी सक्रियता बढिरहेको अवस्थामा पनि विना कुनै डर-संकोच धमाधम सहभागीहरू जीतपुरमा आउने क्रम चल्दै गएकाले त्यहाँ बिहान ८ बजैभित्रमै करिब ७-८ सय मानिसहरू जम्मा हुनपुगे । सहभागीहरूलाई खानपिनलगायतको सम्पूर्ण प्रबन्ध त्यही नै मिलाइएको हुँदा बिहानको जाडोमा तातो चियाबाट स्वागत गरिएपछि उद्घाटन सत्र प्रारम्भ गर्ने तरखर सुरु भयो । त्यसैबेला सर्वप्रथम प्र.जि.अ. बालेश्वरप्रसाद एवं जिल्ला प्रहरी निरिक्षकसमेतको उपस्थितिमा ठूलो संख्यामा बर्दिधारी प्रहरी परिचालन गरेर सागर श्रेष्ठको घरलाई चारैतिरबाट घेराबन्दी गरेपछि सो घेराभन्दा बाहिर विघटित मण्डलका कार्यकर्तालगायतको ठूलो समूह तत्मतयार पारेर प्रशासन असहज स्थिति सिर्जना गर्नेतर्फ सक्रिय भएको आभास दिने काम गरियो ।[१४८४]

---

[१४८०] *पूर्ववत्* ।

[१४८१] (क) रमेश शर्मा, रामचन्द्र ढकाल र कमलेशकुमार शर्मासँग लिएका अन्तर्वार्ताहरू ।
(ख) राजनप्रसाद पन्तसँग २०५८ श्रावण २४ गते पाल्पा तानसेनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१४८२] कमलेशकुमार शर्मा, टिप्पणी संख्या ४० (ख) ।

[१४८३] बाबुराम रानासँग २०५८ कार्तिक ११ गते मंगलापुर रूपन्देहीमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१४८४] (क) राजनप्रसाद पन्त, रामचन्द्र पौडेल र रमेश शर्मासँगका अन्तर्वार्ताहरू ।
(ख) हरिप्रसाद पोखरेलसँग २०५८ मंसीर २६ गते भानुपथ भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) नारायण बरालसँग २०५८ असार ९ गते शंखमुल काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

आफ्नो कार्यक्रम विथोल्नका लागि प्रहरी प्रशासनको सक्रियता प्रारम्भ भएपछि पनि हिम्मत नहारेका कार्यक्रम आयोजक एवं कार्यकर्ताहरू उद्घाटन सत्र प्रारम्भ गर्नेतर्फ लागे । सर्वप्रथम महामन्त्रीद्वारा वी.पी. को तस्बिरमा माल्यार्पण एवं दिपप्रज्वलित गरेर विधिवत् कार्यक्रम उद्घाटन गरिएपछि मन्तव्यको क्रम प्रारम्भ गर्न लागेकै बेला प्रशासनका तर्फबाट तुरुन्त कार्यक्रम छाडेर बाहिर निस्कनका लागि चेतावनी दिइयो ।[१४८५] तर उक्त चेतावनीको वास्ता नगरी कार्यक्रम अगाडि बढाउने काम गरिएकाले प्रशासनका तर्फबाट २-३ पटक चेतनावनी दोहोऱ्याइयो । प्रशासनको चेतावनीलाई नसुनेझैं गरेर कोहिपनि बाहिर ननिस्केको हुँदा प्र.जि.अ. वालेश्वरप्रसाद रिसाउँदै अगाडि बढे । उनले नजिकै रहेको प्रहरीको सिठी थुतेर ३ पटक बजाउँदै आक्रमणको आदेश दिएपछि एक हुल वर्दीधारी प्रहरीहरू घर कम्पाउण्डभित्र प्रवेश गर्नेतर्फ लागे भने बाहिर सडकमा बसेका मण्डलका कार्यकर्तालगायतको जमातले कार्यक्रमस्थलतर्फ लक्षित गरी ढुंगा बर्साउन थाले ।[१४८६] कार्यक्रम स्थलमा नै ढुंगा बर्सिन थालेपछि प्रारम्भ भएको हलचलबाट फाइदा उठाउँदै कार्यक्रमस्थलतर्फ बढेका प्रहरीहरूले त्यसपछि भिडमाथि अन्धाधुन्द लाठी प्रहार गर्न थाले । यसरी आफ्नो सोच विपरीत एक्काशी आक्रमण भएपछि उपस्थित निहत्था जनताहरूले प्रतिकार गर्न सक्ने कुरै भएन । तसर्थ कतिपय आफू कुटिएर भए पनि नेताहरूलाई जोगाउनु पर्दछ भन्ने निश्चय गरी गिरिजाप्रसाद कोइरालालगायतका नेताहरूलाई घेर्न पुगे । प्रथमतः त्रासदीपूर्ण वातावरण सिर्जना गरी तर्साएर भिडलाई तितरबितर पार्ने, त्यसपछि बाँकी रहेका कार्यकर्तालाई प्रहार गर्दै महामन्त्रीलगायतका प्रभावशाली नेताहरूसम्म पुगेर प्रहार गरी अराजकता सिर्जना गर्ने नियतले योजनावद्ध रूपमा बढेको प्रहरी जमातले त्यसपछि निर्घात रूपले लाठी बर्साउँदै अगाडि बढेर गिरिजाप्रसाद कोइरालामाथि नै लाठी प्रहारको प्रयास गऱ्यो ।[१४८७] तर त्यसबखत त्यहाँ उपस्थित ने.वि. संघ एवं ने.का. का कार्यकर्ताहरूले महामन्त्रीलाई हानिएका लाठी आफ्ना जिउमा थापेर जोगाएपछि बाबुराम राना र रमेश शर्माले अब हुँदैन भन्दै महामन्त्रीलाई उठाएर सागर श्रेष्ठको घरभित्र लान थाले । उनीहरू घरतर्फ बढ्न थालेपछि उत्तेजित हुँदै बढेका प्रहरीले हानेको लाठीबाट बाबुराम राना घरको आँगनमा नै ढले भने रमेश शर्मा महामन्त्रीलाई वरण्डामा पुऱ्याएपछि लडेकाले त्यसपछि कोइरालाको ढाड र टाउकोमा प्रहरीको लाठी बज्रियो ।[१४८८] तर पनि अन्य कार्यकर्ताहरूले महामन्त्री कोइरालालाई सागर श्रेष्ठको घरभित्र पुऱ्याएर जोगाउन सफल भए ।

---

[१४८५] (क) बाबुराम राना, रमेश शर्मा, नारायण बरालसँगका अन्तर्वार्ताहरू ।
(ख) *राष्ट्रपुकार,* २०३९ साल माघ ६ गते ।

[१४८६] (क) बद्रीनारायण गौतम, टिप्पणी संख्या २४ (ख), पृ. ३०० ।
(ख) बाबुराम राना, राजन पन्त, नारायण बराल, हरिप्रसाद पोखरेलसँगका अन्तर्वार्ताहरू ।

[१४८७] रमेश शर्मा र निलाम्बर पंथीसँगका अन्तर्वार्ताहरू ।

[१४८८] बाबुराम राना र रमेश शर्मासँगका अन्तर्वार्ताहरू ।

गिरिजाप्रसाद कोइरालालाई घरभित्र लगिएपछि झन मदमत्त भएका प्रहरीहरूले त्यहाँ उपस्थित जनताहरूलाई लखेटी-लखेटी कुट्ने क्रम सुरु गरे । भित्रबाट उम्किएर भागेकाहरूलाई बाहिर बसेका मण्डललगायतको जमातले लखेट्दै सडकमा रहेका प्रहरीतर्फ पुऱ्याउने र प्रहरीले निर्घात कुट्ने क्रम चल्यो । घरभित्रको लाठी प्रहारबाट निलाम्बर पन्थीको दायाँ हातको बुढी औंला जोर्नीबाट नै फुस्कियो भने भागेर सागर श्रेष्ठको घरभित्र पस्न खोज्दा ढोकामा हात अल्झिएर अल्मलिएका हरिप्रसाद पोखरेलको हातमा प्रहरीद्वारा निर्घात रूपले डण्डा प्रहार गर्नाले उनको हातै मर्किएर सुन्नियो ।[१४८९] तर पनि उनी घरभित्र पसेर जोगिए भने बाहिर रहने धेरैले नराम्रोसँग पिटाइ खाए । प्र.जि.अ. एवं जिल्ला प्रहरी निरिक्षककै समुपस्थितिमा गरिएको उक्त दमनमा मानवीय मर्यादालाई समेत नाघेर महिलाहरूलाई समेत नछाडि भैंसी लखेट्दा झैं लखेटी-लखेटी चुटियो । यस क्रममा भैरहवा निवासी सिता भट्टराई, निशा भट्टराई, सूर्यभक्त अधिकारीका छोरी एवं बुहारी (नाम पत्ता लाग्न नसकेको) लगायत कैयौं छात्राहरूलाई प्रहरीले खेतका गरा-गरामा लखेटेर लाठी प्रहार गर्नुका साथै लछारपछार गर्न थाले ।[१४९०] जुन दृश्य देख्नासाथ सहन नसकी बचाउन पुगेका नारायण बराललाई त्यही खेतमा नै प्रहरीका लाठी र बुटद्वारा निर्घातसँग चुटियो । जसबाट उनको सारा अनुहार नै रक्ताम्य हुनपुगेकाले पछि साथीहरूले गाडी खोजेर बुटवलस्थित लुम्बिनी अञ्चल अस्पताल पुऱ्याएर उपचार गराएका थिए । प्रहरीले त्यस दिन कतिपयलाई निर्घातसँग लाठी प्रहार गर्ने, ढलेपछि बुटले गोद्ने र गाडीमा हालेर पिपरानेर अवस्थित घना जंगलमा ल्याएर छाड्नेलगायतका अमानवीय कार्यसमेत गरेको थियो ।

यसप्रकार कपिलवस्तुको जीतपुरमा प्रहरी एवं मण्डलेहरूबाट महामन्त्री गिरिजाप्रसाद कोइरालामाथि गराइएको सांघातिक आक्रमणमा समर्पित कार्यकर्ताहरूले आफूले मर्माहत चोट सहेर पनि आफ्ना नेताको रक्षा गर्न सफल भएकाले कोइराला सामान्य रूपले मात्र घाइते भए ।[१४९१] उक्त दिनको दमनमा नारायण बराल, रमेश शर्मा, बाबुराम राना, निलाम्बर पन्थी, रामचन्द्र ढकाल, निशा भट्टराई, सिता भट्टराईलगायतका २५-३० जना कार्यकर्ताहरू गम्भीर रूपले घाइते भए भने २-४ लाठी खाने र सामान्य घाइते हुनेहरूको त कुनै लेखाजोखा भएन । शान्तिपूर्ण रूपमा आफ्ना साथी एवं कार्यकर्ताहरूलाई भेटघाट गर्न र सर्वोच्च अदालतबाट वैद्यता प्राप्त गरेको एवं २०३६ सालको शाही आयोगले समेत मान्यता प्रदान गरिसकेको संस्था ने.वि. संघको शिविर उद्घाटन गर्न पुगेका ने.का. का महामन्त्रीलगायत माथि नियोजित रूपले वर्वर आक्रमण गरिएको घटनाबाट तत्कालीन सरकारको नियत स्पष्ट भयो । वर्वर आक्रमणको ज्वलन्त उदाहरण बन्न पुगेको उक्त घटना घट्दा कपिलवस्तुका तत्कालीन रा.प.स. भगवान दाश गुप्ता, सेठ मंगलप्रसाद गुप्ता, मनोनित रा.प.स. लगायत तत्कालीन मण्डलका केही सञ्चालकहरू

---

[१४८९] निलाम्बर पन्थी र हरिप्रसाद पोखरेलसँगका अन्तर्वार्ताहरू ।

[१४९०] बाबुराम राना, निलाम्बर पन्थी, हरिप्रसाद पोखरेल, नारायण बरालसँगका अन्तर्वार्ताहरू ।

[१४९१] बस्नेत, टिप्पणी संख्या २४ (क), पृ. ३२१ ।

जीतपुरकै एउटा घरमा बसेर हेरिरहेको, घटनाको दुई घण्टापछि तत्कालीन लुम्बिनी अञ्चलाधीश काजिमान कन्दङ्वाले त्यस ठाउँमा पुगी निरिक्षण गरेको र केही दिन पछि निज अञ्चलाधीशले उपरोक्त सबैजसोलाई आफ्नो कार्यालयमा बोलाएर प्रितिभोज आयोजना गरी स्यावासी दिएको चर्चा निकै चलेको थियो ।[१४९२] जसका आधारमा उक्त घटनाका पछाडि अञ्चलाधीश एवं रा.प.स. हरूको हात थियो भन्ने प्रत्यक्षदर्शी एवं राजनेताहरूको धारणा सत्य रहेको कुरा प्रमाणित हुन आउँदछ ।

भेटघाट गर्ने र प्रशिक्षण लिएर सुसुचित हुने उद्देश्यले भेला भएका निहत्था जनता, नेता, कार्यकर्तामाथि गरिएको उक्त प्रशासनिक आक्रमणपश्चात् चारैतिरबाट त्यसको घोर निन्दा गर्न थालियो । ने.का. केन्द्रीय कार्यालयबाट पौष २५ गते पत्रकार सम्मेलन गरेर सर्वप्रथम प्रतिक्रिया व्यक्त गर्दै राजशक्ति र जनशक्ति बीच मेल कायम गर्ने वी.पी. को प्रयास एवं नीतिमा भाँजो हाल्न सक्रिय रहँदै आएको तत्त्वद्वारा वी.पी. पश्चात पनि त्यही नीति अनुरूप गरिएको सुनियोजित षडयन्त्रका रूपमा उक्त काण्ड घटाइएको ठहर गरी प्रशासन माथि दोषारोपणसहित घोर भर्त्सना गरियो ।[१४९३] यसैगरी महेन्द्र नारायण नीधि एवं डा. त्रिवेणीप्रसाद प्रधानद्वारा विज्ञप्ति जारी गर्दै वी.पी. द्वारा प्रतिपादित मेलमिलाप नीतिको बाटोमा निष्ठापूर्वक बढिरहेका नेता गिरिजाप्रसाद कोइरालालगायत माथि गरिएको आक्रमणलाई राजा र प्रजाबीच सुमधुर सम्बन्ध स्थापित गर्ने उद्देश्यमा बाधा पुऱ्याएर आन्दोलनतर्फ धकेल्ने षड्यन्त्र भएको उल्लेख गर्दै न्यायिक जाँच एवं कार्वाहीको माग गरियो ।[१४९४]

जीतपुरमा आयोजित कार्यक्रमको आयोजक संगठन ने.वि. संघका केन्द्रीय सभापति ज्ञानेन्द्रबहादुर कार्कीले पनि लिखित वक्तव्य जारी गर्दै जीतपुर काण्डको घोर भर्त्सना गरे । जसमा कानुनी मान्यता प्राप्त गरेको संस्थाले एउटा नागरिकको घरमा गर्न लागेको शान्तिपूर्ण कार्यक्रममा लाठी एवं संगीनधारी प्रहरी परिचालन गरेर भैंसी चुटेभैंm चुट्न कुन कानुनले अधिकार दिएको छ ? भनी प्रश्न गर्दै राष्ट्र पुनः परिवर्तनका लागि आतुर रहेको वर्तमान अवस्थामा हाम्रो संगठनको वैद्यता माथिको चुनौती र अधिकारमाथिको प्रहारलाई प्रतिकार गर्न तत्पर रहेको जनाउँदै कार्यकर्तामाथिको वर्वर दमन बन्द नगरे जटिल स्थिति उत्पन्न हुने चेतावनी दिइएको थियो ।[१४९५]

जीतपुर काण्डका विरुद्धमा राष्ट्रपुकार साप्ताहिकले “षडयन्त्रकारीहरू सफल हुन नपाउन” भनी सम्पादकीय नै लेख्यो भने विभिन्न वामपन्थी नेता, कार्यकर्ता एवं ने.का. का

---

[१४९२] *राष्ट्रपुकार,* २०३९ साल माघ १३ गते ।

[१४९३] (क) रामचन्द्र पौडेल, टिप्पणी स.ख्या १५ (घ) ।
(ख) *सात दिने आजकल,* २०३९ साल पौष ३० गते ।

[१४९४] *राष्ट्रपुकार,* टिप्पणी संख्या ५६ ।

[१४९५] विस्तृतिका लागि ने.वि. संघका सभापती ज्ञानेन्द्रबहादुर कार्कीद्वारा “राजनीतिलाई २०३६ भन्दा पहिले फर्काउन चाहनेलाई चेतावनी” शीर्षकमा जारी वक्तव्य, मिति नभएको ।

कार्यकर्ताहरूद्वारा पनि तिब्र निन्दा गर्दै वक्तव्य जारी गर्ने क्रम चल्यो ।[१४९६] अर्कातिर जीतपुरमा प्रहरीको लाठी खाएपछि पनि केही दिनको स्थगनपश्चात् पुनः आफ्नो संगठन सुदृढीकरण अभियान जारिराख्दै पश्चिम नेपालतर्फ लागेका महामन्त्री गिरिजाप्रसाद कोइरालाले नेपालगञ्जको कार्यक्रममा पनि प्रशासनिक हस्तक्षेप भएपछि पत्रकार सम्मेलन आयोजना गरी जीतपुर काण्डलाई राजाका विरुद्ध हामीलाई संघर्षमा उभ्याउन षडयन्त्रकारीद्वारा गरिएको कुचालको संज्ञा दिंदै प्रतिक्रिया व्यक्त गरे ।[१४९७]

यसप्रकारका प्रतिक्रिया सार्वजनिक गरेर सरकार एवं प्रशासनको निन्दा गरिदा र विभिन्न पत्रपत्रिकाहरूले जीतपुर काण्डका पछाडि प्रशासनिक संलग्नता भएको समाचार प्रकाशित गर्दा पनि तत्कालीन सरकारको कुनै प्रतिक्रिया तत्कालै देखा परेन । जसबाट असन्तुष्ट भएका तत्कालीन केही रा.प.स. हरू प्रधानमन्त्री समक्ष पुगेर उक्त घटनाको विषयलाई लिएर विरोध प्रकट गर्दा पनि प्र.म. बाट खासै चासो देखाउने कार्य भएन, बरु २०३९ साल पौष ३० गते गृह पञ्चायत मन्त्रालयद्वारा जीतपुरको घटनालाई जनताबीच सामान्य भनाभन भएको घटनाका रूपमा चित्रित गर्दै विज्ञप्ति प्रकाशित गरेर वास्तविकता लुकाउने प्रयास गरियो ।[१४९८] जसबाट तत्कालीन सरकारको नियत एवं कार्यशैली स्पष्ट भएपछि ने.का. भावी नीतिबारे पुनर्विचार गर्नुपर्ने सोचतर्फ बढ्न बाध्य भए तापनि आफ्नो घोषित अभियानलाई भने निरन्तरता दिंदै गयो ।

### ७.४.२ पश्चिमी नेपालको धरपकड काण्ड

कार्यकर्ता भेटघाटद्वारा मेलमिलाप नीतिको मूल सन्देश जनसमक्ष पुऱ्याउने र जनतालाई आन्दोलनका लागि तत्पर गराउँदै देशव्यापि रूपले बलियो संगठन निर्माण गर्ने सोच एवं लक्ष्य अनुरूप ने.का. का महामन्त्री गिरिजाप्रसाद कोइरालाले प्रारम्भ गरेको देश दौडाहा कार्यक्रमले नवीन तरङ्गका लहरहरू उत्पन्न गराउन थाल्यो । अर्कोतिर जनमत संग्रहको परिणाम पछि पुनः शासनको केन्द्रमाथि कब्जा जमाउन सफल भएका पञ्चायतका यथास्थितिवादीहरूद्वारा उक्त पकडलाई दीर्घकालीन बनाउनका लागि दमनद्वारा बहुदलवादीहरूलाई धकेलेर सानो साइजमा पुऱ्याउने सोचअनुरूप मुट्ठिभर कांग्रेसीहरू, मुट्ठिभर बहुदलवादीहरू आदि संज्ञा दिएर हत्या-हिंशालगायतका प्रयासबाट ने.का. को जनसम्पर्क टुटाउने प्रयास गर्न थालियो । जसका लागि ने.का. का नेताहरूलाई निर्वाध रूपमा आवागमन गर्नबाट रोक्ने, जनसम्पर्क-भेलालगायतका कार्यक्रम गर्न नदिने, जनसभा, भेटघाट, प्रशिक्षण शिविर आदि कार्यक्रम विथोल्न र रोक्नका लागि प्रहरी संरक्षणमा हिंसात्मक आक्रमणसम्मका क्रियाकलाप र उपाय अपनाउनेलगायतका कार्यहरू गर्न थालियो । खास गरेर वी.पी. को नीधनपश्चात पञ्चायतलाई मेलमिलाप नीतिका तहत उपयोग गर्ने नीति अवलम्बन गरेर ने.का. अगाडि बढ्नु पर्दछ भन्ने सोचअनुरूप बढेका

---

[१४९६] विस्तृतिका लागि राष्ट्रपुकार, २०३९ साल माघ २० गते र २७ गतेका अङ्कहरू ।

[१४९७] *राष्ट्रपुकार,* २०३९ साल फागुन ५ गते ।

[१४९८] श्रीभद्र शर्मा, टिप्पणी संख्या ३ (क) ।

गिरिजाप्रसाद कोइरालाले पार्टीको निर्देशन अनुरूप राजासँग भेटेर यथार्थ स्थिति अवगत गराउने र जनस्तरमा पुगेर संगठन सुदृढीकरणलगायतका कार्य गर्ने लक्ष्यअनुरूप सक्रिय भएका थिए ।[१४९९] यसै क्रममा विभिन्न ठाउँमा आयोजित कार्यक्रमहरूमा उनले राजनैतिक गतिरोध अन्त गर्ने राजाको चाहना हो भने सर्वप्रथम संवैधानिक गतिरोध अन्त गरिनुपर्ने माग गर्दै त्यतिमात्र भएका खण्डमा हामी चुनाव लडेर सरकार गठन गर्न सक्दछौं भन्ने आसयका अभिव्यक्तिहरू विश्वासका साथ व्यक्त गर्दै चुनौतीपूर्ण सन्देश प्रवाहित गर्ने गर्दै आएका थिए । जसले गर्दा महामन्त्रीद्वारा प्रारम्भ गरिएको मेची-महाकाली भ्रमण कार्यक्रम र संगठन सुदृढीकरण अभियान तत्कालीन सरकारका लागि सिरदर्द नै बन्दै गएको थियो । जसलाई रोक्नका लागि संभवतः केन्द्रीय प्रशासन एवं यथास्थितिवादीहरूद्वारा गिरिजालाई कुनै पनि कार्यक्रम गर्न, बोल्न, जनसम्पर्क गर्नसमेत नदिनका लागि प्रशासनिक निकायलाई निर्देशन जारी गरियो । फलस्वरूप महामन्त्रीको उपस्थितिमा कार्यक्रम आयोजना गरिने हरेक जसो ठाउँहरूमा प्रहरी हस्तक्षेप एवं कार्यकर्ताको गिरफ्तारी देखी कठोर दमनसम्मका क्रियाकलाप सम्पादन हुने क्रम बढ्न थाल्यो । जसको सबैभन्दा पासविक रूप जीतपुरमा देखियो ।

जीतपुरमा प्रशासनिक दमनको नग्न स्वरूप देखापरेपछि पनि विचलित नभएका महामन्त्री गिरिजाप्रसाद कोइरालाले मेलमिलाप नीतिको सन्देश एवं मर्म जनसमक्ष पुऱ्याइ राजा एवं प्रजातन्त्रवादीबीच विश्वासको वातावरण निर्माण गर्ने आफ्नो अभियानलाई भाँडेर ने.का. लाई राजा विरोधि संघर्षमा उतार्ने यथास्थितिवादीहरूको षडयन्त्रका रूपमा यस्ता क्रियाकलाप गरिएको ठहरसहित पुनः पश्चिमी नेपालको भ्रमणका लागि निस्किए । अर्कोतिर ने.वि. संघले पनि जीतपुर काण्डको तिब्र निन्दा गर्दै २०३९ साल माघ ८-९ गते धनगढीमा र १२-१३ गते कन्चनपुरमा अधिवेशन आयोजना गरेर तत्कालीन सरकारलाई चुनौती दिंदै सम्पन्न गऱ्यो ।[१५००] त्यो स्थितिमा भेरी एवं राप्ती अञ्चलको भ्रमण कार्यक्रम अनुरूप नेपालगञ्जमा आयोजित जनसभालाई सम्बोधन गर्नका लागि महामन्त्री कोइराला माघ १८ गते नेपालगञ्ज पुगे ।

अर्कोतिर नेपालगञ्जका स्थानीय नेताहरूद्वारा आमसभाको कार्यक्रम तय गरी स्थानीय प्रशासनलाई जानकारी दिएर अनुमती मागे । तर स्थानीय प्रशासनले बजार क्षेत्रमा कुनै कार्यक्रम नगर्न भनेपछि सकेसम्म संघर्ष र मुठभेडको स्थिति सिर्जना नगर्ने ने.का. को नीति अनुरूप माघ २० गते फुटाहा गाउँको एउटा आँपको बगैंचामा आमसभा कार्यक्रम आयोजना गरियो । जहाँ निर्धारित मिति र समयमा विभिन्न क्षेत्रबाट आएका कार्यकर्ताहरू जम्मा भएर कार्यक्रम प्रारम्भ गर्दै मेलमिलाप नीति र त्यसका तहत सञ्चालन गरिने आन्दोलनात्मक कार्यक्रम माथि प्रकाश पार्ने कार्य थालियो । त्यसैबखत त्यहाँ पुगेका प्रशासकीय अधिकृत र

---

[१४९९] (क) डिल्लीरमण शर्मा, हरिप्रसाद पोखरेल र पुरुषोत्तम वस्नेतसँगका अन्तर्वार्ताहरू ।
(ख) रामकृष्ण ताम्राकारसँग २०६१ असार २० गते आवा रोड भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१५००] *राष्ट्रपुकार,* टिप्पणी संख्या ६१ ।

दुईजना प्रहरी अधिकृतसहितका लाठीधारी प्रहरीहरूद्वारा खुला ठाउँमा कार्यक्रम गर्न नदिने निर्देशन छ भन्दै रोक लगाएपछि बगैंचाबाट उठेर एकजना कार्यकर्ताको घरमा जम्मा भै छलफल गर्न लाग्दा उनीहरू त्यहाँसमेत पुगेर कार्यक्रम रोक्न लगाए ।[१५०१] राजा र प्रजाका बीचमा मेलमिलाप कायम गरी राष्ट्रिय उन्नति एवं गतिशीलताका लागि राजनैतिक गतिरोध अन्त गरिनु पर्दछ लगायतका विषयमा शान्तिपूर्वक भेला भएर छलफल गरिरहेको अवस्थामा प्रहरी हस्तक्षेप गरेर कार्यक्रम विथोलियो । त्यसबाट उत्तेजित भएका महामन्त्री कोइरालाले नेपालगञ्ज फर्किएर त्यसै दिन पत्रकार सम्मेलन गरी पञ्चायती व्यवस्थाले संवैधानिक र कानुनी आधार गुमाइसकेको जनाउँदै के प्रशासनको मुख नै ऐन र व्यवस्था भइसकेको हो ? भन्दै सरकारलाई प्रश्न गरे ।[१५०२]

नेपालगञ्जको कार्यक्रम विथोलिएपछि पनि महामन्त्री कोइराला भेरी अञ्चलका विभिन्न जिल्लाहरूमा पुगेर कार्यकर्ता भेटघाट एवं सरसल्लाहलगायतका कार्यहरूद्वारा मनोबल बढाउने र जनस्तरमा मेलमिलापको सन्देश पुऱ्याउने तर्फ लागे । उनी पुगेका हरेक ठाउँहरूमा तिब्र प्रशासनिक दमनका बावजुद पनि अत्यन्त उत्सुकतासाथ उनीसँग भेट गर्न पुगेका जनताहरूले निष्ठा एवं धैर्यसाथ उनका कुरा सुन्ने र उनको भव्य स्वागत गर्दै आत्मीय सम्मान प्रकट गर्नेलगायतका कार्य गरे ।[१५०३] जनस्तरमा ने.का. प्रति देखापरेको उक्त उत्साह, समर्पण एवं सक्रियताबाट आत्तिएका पञ्चायतका छद्मभेषीहरू, शिक्षक एवं प्रशासनमा घुसेका प्रतिक्रियावादीहरू र नोकर शाही प्रशासक आदिले जनतालाई भड्काउने, दमनबाट तर्साउने प्रयास गरे भने आमजनता एवं राष्ट्रवादी पञ्चलगायतले ठूलो उत्सुकता एवं चासो देखाए ।[१५०४] यसप्रकार प्रशासनिक विघ्नबाधाका वावजुद पनि भेरी अञ्चलका विभिन्न क्षेत्रमा घुमेर कार्यक्रम समाप्त गरी महामन्त्री कोइराला एवं उनीसँग गएको समूह राप्ती अञ्चलतर्फ प्रस्थान गऱ्यो ।

महामन्त्री कोइरालाको भेरी अञ्चलमा भएको भ्रमण र त्यसबाट उत्पन्न जागरणको समाचारबाट राप्ती अञ्चलमा पनि व्यापक हलचल हुने अनुमान गर्न त्यहाँको प्रशासनलाई गाह्रो भएन । तसर्थ निजको भ्रमण असफल पार्न र विथोल्नका लागि राप्ती अञ्चलका प्रशासनिक निकायहरू सक्रिय भएर पहिला नै अञ्चलभरि आतङ्कको वातावरण निर्माण गर्ने प्रयास प्रारम्भ गरियो । जसअनुरूप महामन्त्रीको भ्रमण कार्यक्रमको तयारीमा लागिरहेका खुमबहादुर खड्का, तिर्थराज चैंतु, शंकर गिरीलगायत राप्ती अञ्चलका ने.का. सँग सम्बन्धित प्रमुख नेताहरूलाई महामन्त्री पुगनु अगावै गिरफ्तार गरेर स्थानीय प्रशासनले जनस्तरमा आतङ्कको वातावरण

---

[१५०१] (क) रामचन्द्र पौडेल र चिरञ्जीवी वाग्लेसँगका अन्तर्वार्ताहरू ।
(ख) *राष्ट्रपुकार,* टिप्पणी संख्या ६१ ।

[१५०२] *पूर्ववत्* (ख) ।

[१५०३] *राष्ट्रपुकार,* २०३९ साल माघ २७ गते ।

[१५०४] रामचन्द्र पौडेल, रमेश शर्मा र पुरुषोत्तम बस्नेतसँगका अन्तर्वार्ताहरू ।

सिर्जना गर्ने प्रयास गऱ्यो ।[१५०५] जनस्तरबाट ने.का. का महामन्त्रीको भ्रमणमा जनसहभागिता हुन नसकोस् भनी त्रास फैलाउने उद्देश्यले गरिएको यस्तो गिरफ्तारीबाट पनि जनतामा विद्यमान प्रजातन्त्रप्रतिको समर्पण एवं आस्थालाई दबाउन तत्काललनि प्रशासन असफल भयो । फलस्वरूप विभिन्न जिलाबाट दाङ्गमा जम्मा हुनपुगेका जनता एवं कार्यकर्ताहरूबाट महामन्त्रीको भव्य स्वागत गरी उनको सन्देश सुनेर प्रजातन्त्र पुनर्स्थापनाका लागि मेलमिलाप नीतिकै तहत रहेर संघर्ष अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरियो । यसप्रकार दाङ्गको कार्यक्रम समाप्तिपछि महामन्त्रीको समूह सल्यान एवं प्यूठानको भ्रमणका लागि प्रस्थान गर्न लाग्दा अकस्मात स्थानीय प्रशासनले हस्तक्षेप गरी महामन्त्री र उनको जिप चालक बाहेक अन्य १४ जनालाई गिरफ्तार गरी जेल चलान गऱ्यो ।[१५०६] जसबाट आफ्नो उपरोक्त जिल्लाको जनसम्पर्कलगायतका कार्यक्रममा बाधा उत्पन्न भएपछि राजधानीतर्फ फर्किएका महामन्त्री कोइरालाले एक लिखित वक्तव्य जारी गरी भेरी र राप्ती अञ्चलको भ्रमण क्रममा गरिएको प्रशासनिक दमनको तिब्र निन्दा गर्दै मेलमिलाप नीतिबाट नै प्रजातन्त्र पुनर्स्थापनाको मार्ग विस्तार गर्न लागेको जनाउँदै सम्पूर्ण राष्ट्रवादी प्रजातान्त्रिक शक्तिहरूलाई धैर्यतासाथ अघि बढ्न आव्हान गरे ।[१५०७]

यसप्रकार जीतपुरमा साङ्घातिक आक्रमण गरिए पछि केही दिन स्थगित गरेर प्रारम्भ गरिएको महामन्त्रीको पश्चिमी क्षेत्र जनसम्पर्क अभियानलाई विथोल्न गरिएको प्रशासनिक दमनबाट भावी दिनहरू सरल छैनन् वा हुँदैनन् भन्ने धारणा स्पष्ट हुनुका साथै देशव्यापि रूपमा समान प्रशासनिक नीति नभएको कुरा पनि प्रष्ट भयो । किनकी यस क्रममा कतिपय जिल्लामा घर कम्पाउण्डभित्र भेटघाट, छलफल गर्न दिइयो भने कतिपय जिल्लामा धरपकड एवं शक्ति प्रयोगबाट भेटघाटसम्म पनि गर्न दिइएन । यसरी देशका विभिन्न जिल्लाहरूमा अलग-अलग व्यवहार गरिनुले गर्दा केन्दीय निर्देशन अनुरूप देशव्यापि प्रशासनिक कार्य सञ्चालन नभएको र घुसपैठिया एवं चाटुकारहरूको बाहुल्यतायुक्त प्रशासनरूद्वारा दमन कार्य सञ्चालन गरी अस्थिरता सिर्जना गर्न खोजिएको वास्तविकता प्रष्ट भयो । जसले ने.का. लाई गतिशीलताका लागि केही कठोर कदम चाल्नु पर्दछ की ? भन्ने मानसिकता अनुरूप सोच्नु पर्ने वाध्यतात्मक अवस्थातर्फ धकेल्ने कार्य गऱ्यो ।

### ७.४.३ सुरजपुरा काण्ड

राज्यपक्षद्वारा कठिन र प्रतिकूल स्थिति सिर्जनाको प्रयास गर्दागर्दै पनि राष्ट्रिय एकता र मेलमिलाप नीति कार्यान्वयनको मार्गमा बढिरहेको ने.का. का प्रमुख नेताहरूद्वारा संगठन सुदृढीकरण अभियानलाई निरन्तरता दिइएपछि प्रशासनका तर्फबाट आक्रमण धरपकड जस्ता

---

[१५०५] *राष्ट्रपुकार,* टिप्पणी संख्या ६१ ।

[१५०६] *राष्ट्रपुकार,* २०३९ साल फागुन १२ गते ।

[१५०७] विस्तृतिका लागि महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा “राष्ट्रवादी र प्रजातान्त्रिक शक्तिहरू एक जुट हुन आवश्यक” शीर्षकमा जारी वक्तव्य, मिति उल्लेख नभएको ।

कार्यद्वारा अवरोध सिर्जना तिब्र हुँदै थियो । जसबाट पञ्चायती सरकार झन निरङ्कुश हुन लागेको स्पष्ट भएपछि त्यसको अन्तका लागि सञ्चालन गरिने आन्दोलनको सफलताका लागि बलियो संगठन आवश्यक पर्ने वास्तविकता स्पष्ट भएकाले ने.का. यसतर्फ सक्रिय भयो । जसअनुरूप पार्टीभित्र संगठनात्मक क्षमताका महारथी मानिने महामन्त्री गिरिजाप्रसाद कोइरालाले जोशिला एवं जागरुक युवा नेताहरूलाई साथ लिएर देशव्यापि रूपमा गाउँमुखी भ्रमण कार्यक्रम गरिरहेका थिए । भ्रमणका क्रममा नेता कोइरालाले आफूले राजासँग भेट गरी देशमा विद्यमान राजनैतिक गतिरोध अन्तका लागि पञ्चायती व्यवस्थाको समाप्ति र अन्तरिम सरकारको गठन आवश्यक भएको कुरा स्पष्ट गरिसकेको जनाउँदै त्यसका लागि राजा पनि तत्पर रहेकाले आफू देशव्यापि भ्रमणमा हिंडेको लगायतका धारणा व्यक्त गर्दथे ।[१५०८] जसबाट जनमानसमा पञ्चायतप्रति रहेसहेको मोह पनि भंग हुँदै थियो भने ने.का. प्रति सहानुभुती र सद्भाव बढ्दै थियो ।

पार्टीका महामन्त्रीको देशव्यापि दौडाहा प्रारम्भ भएको अवस्थामा विघटित राष्ट्रवादी विद्यार्थी मण्डलको गढ मानिने रूपन्देही जिल्लामा उनलाई ल्याउन सकेमा आफ्नो प्रभाव बढाउन सकिने सोच अनुरूप रूपन्देहीका कार्यकर्ताहरू अगाडि बढे । ने.का. को तत्कालीन रूपन्देही जिल्ला कार्य समितिका सचिव रामकृष्ण ताम्राकार यसका लागि सक्रिय भएर महामन्त्रीलाई ल्याई भेटघाट गराउन सकेका खण्डमा कार्यकर्ताको मनोबल बढाउन सकिने सोच अनुरूप काठमाडौँ पुगेर कार्यक्रम तय गरी फर्केपछि जिल्ला समितिको वैठकमा सबै जानकारी दिएर कार्यक्रम स्थल निर्धारण एवं तयारी बारे निश्चय गर्न अनुरोध गरे ।[१५०९] उक्त समाचारबाट उत्साहित जिल्लास्तरीय नेताहरूले त्यसलाई सहर्ष अनुमोदन गरी कार्यक्रम स्थलबारे विचारविमर्श सुरु गरे । जसका अन्तमा रूपन्देहीमा ३ वटा कार्यक्रम गर्ने योजना अनुरूप पहिलो कार्यक्रम तत्कालीन जिल्ला अध्यक्ष पुष्पानन्द गिरीको सुरजपुरास्थित घरमा, दोश्रो कार्यक्रम पूर्व जिल्ला अध्यक्ष निलाम्बर पन्थीको खैरियास्थित घरमा र तेश्रो कार्यक्रम सेमलारस्थित राजेन्द्र खरेलको घरमा गर्ने निर्णय गरेर तयारी प्रारम्भ गरियो ।[१५१०]

पञ्चायती व्यवस्था समर्थक मानिने राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल अस्तित्वमा आएदेखि रूपन्देही जिल्लाले उनीहरूको प्रमुख गढको स्थान पाएको थियो । २०३५-०३६ सालको विद्यार्थी आन्दोलनका अन्तमा उक्त संगठनमाथि प्रतिबन्ध लगाइए तापनि रूपन्देहीमा आफ्नो प्रभाव कायमै राख्न उनीहरू अग्रसर भएकाले जनमत संग्रहका अन्ततिर भैरहवा काण्डसमेत

[१५०८] (क) शुशिल कोइराला, निलाम्बर पन्थी, रामचन्द अधिकारीसँगका अन्तर्वार्ताहरू ।
(ख) हरिप्रसाद पोखरेलसँग २०५८ मंसीर २६ गते भानुपथ भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) नारायण बरालसँग २०५८ असार ९ गते शंखमुल काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१५०९] निलाम्बर पन्थी, रामकृष्ण ताम्राकार र हरिप्रसाद पोखरेलसँगका अन्तर्वार्ताहरू ।

[१५१०] (क) डिल्लीरमण शर्मा, निलाम्बर पन्थी र रामचन्द्र ढकालसँगका अन्तर्वार्ताहरू ।
(ख) श्याम सुन्दर तिवारीसँग २०६२ मंसीर १२ गते मणिग्राम रूपन्देहीमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

घटेको थियो । तर पनि ने.का. का कार्यकर्ताहरूको क्रियाशीलता एवं गाउँमुखी अभियानले गर्दा रूपन्देहीमा बहुदल पक्ष विजयी भएपछि उनीहरू हिनताबोधले ग्रसित जस्ता भएका थिए । त्यो स्थितिमा सम्पन्न २०३८ सालको निर्वाचन ने.का. ले वहिष्कार गरेपछि एकलौटी रूपमा विजय हासिल गरे तापनि ने.का. प्रतिको रिस कम नभएको अवस्थामा महामन्त्रीको भ्रमण कार्यक्रम सार्वजनिक भएपछि जिल्लामा झन कांग्रेसी गतिविधि बढ्ने ठानेर हस्तक्षेप गर्ने मानसिकतातर्फ लागे । जसअनुरूप तत्कालीन रा.प.स., नगरपञ्चायतका प्रधानपञ्च, विघटित मण्डलका जिल्ला सञ्चालक आदिको सक्रियतामा लुम्बिनी अञ्चल अञ्चलाधीश, रूपन्देही प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी निरीक्षक आदिले गोप्य बैठक गरी केन्द्रको समेत परामर्शमा सांघातिक आक्रमणको योजना बनाइयो ।[१५११] जसका लागि प्रशासनिक संरक्षणमा रूपन्देहीको सैनामैना, बदेलपोखरी, भलुही विर्ता, तामनगर, सालझण्डी, केरवानी, देवदह, प्रहरी तालिम केन्द्र बुटवल, दिपनगर र नवलपरासीको दुम्किवासस्थित ४ एवं ७ नं. प्लट आदि ठाउँहरूमा रहेका सुकुम्बासीहरूलाई जग्गा दर्ता गराइदिनेलगायतका प्रलोभन एवं आवश्यक खर्चसमेत दिएर परिचालन गर्ने तय गरियो ।[१५१२]

व्यवस्थावादीहरूद्वारा गोप्यतासाथ षडयन्त्रको जालो बुनिएको सामाचारबाट बेखबर ने.का. का कार्यकर्ताहरू आफ्नो नेताको कार्यक्रम सम्पन्न गर्न पूर्ण जोश एवं उत्साह साथ लागिरहेका थिए । प्रारम्भिक तयारी पश्चात रामकृष्ण ताम्राकार पुनः काठमाडौँ पुगेर २०४० साल फागुन २०-२२ को तिथि निर्धारण गरेर फर्किएपछि पुनः साथीहरू जम्मा भएर २० गते सुरजपुरामा, २१ गते खैरियामा र २२ गते सेमलारमा कार्यक्रम गर्ने निर्णय गर्‍यो र कार्यक्रमको अन्तिम तयारीतर्फ लाग्ने कार्य भयो । त्यसबेला कुलप्रसाद उपाध्याय र चौमणि पाठक नामक २ जना तत्कालीन जिल्ला पञ्चायत सदस्य जो ने.का. को गोप्य समर्थनका कारणले चुनावमा जितेर काम गरिरहेका थिएद्वारा पञ्चायतवादीहरूले आततायी वा गुण्डाहरू परिचालन गरेर सांघातिक आक्रमण गर्ने योजना बनाइएको जानकारी दिएर ऐन वक्तमा स्थान परिवर्तन गर्नु राम्रो हुने सल्लाह दिए ।[१५१३] उनीहरूले बर्दिधारी प्रहरी त्यहाँ जानुका सट्टा केही टाढा रहेर घेराबन्दी गर्ने र भाडाका गुण्डाहरूको प्रयोगबाट सकेसम्म गिरिजा प्रसाद कोइरालालाई समाप्त नै गर्ने कार्यक्रम तय भैसकेको कुरासमेत जनाएका थिए ।

बाबुराम रानाले उक्त जानकारी पाउनासाथ तुरुन्त जिल्लास्तरीय नेताहरूलाई त्यसको जानकारी गराएर महामन्त्रीमाथि प्रहार गरेर ढाल्न सक्नेलाई ४ विगाहा जमिन दिने प्रलोभनसमेत दिइएको कुरा थाहा भएकाले उक्त प्रलोभनमा फसेको गरिब लोभीले जे पनि गर्न

---

१५११ सुरजपुरा हत्यासम्बन्धी वकिलको प्रतिवेदन, *आलोक स्मृतिग्रन्थ,* निलाम्बर पन्थी आदि (स.), रूपन्देही : श्रीमती सीता लक्ष्मी न्यौपाने, २०४३, पृ. ११३ ।

१५१२ (क) *पूर्ववत्* ।
(ख) बद्रीनारायण गौतम, टिप्पणी संख्या २४ (ख), पृ. १८४ ।

१५१३ बाबुराम राना, टिप्पणी संख्या ४७ ।

सक्ने जनाउँदै स्थान परिवर्तनतर्फ सोच्न अनुरोध गरे ।[१५१४] ने.का. ले जुनसुकै कार्यक्रम आयोजना गर्दा पनि प्रशासनिक हस्तक्षेपको तयारी भैरहेको, प्रहरीलाई लाठीचार्जदेखि गोली प्रहारसम्म गर्न आदेश दिइसकिएको लगायतका अफवाह फैलाउने क्रम चल्दै आएको अवस्थामा निज रानाले प्राप्त गरेको समाचार पनि त्यस्तै हो भन्ने तर्क अध्यक्ष पुष्पानन्द गिरिलगायतले उठाएपछि स्थान परिवर्तन नगर्ने कुरा भयो । त्यस क्रममा यस्तै हल्ला चल्दाचल्दै पनि केही समय अगाडि नवलपरासीको पिप्राहामा महामन्त्री कोइराला एवं युवा नेताहरूको कार्यक्रम सम्पन्न भएको तर्क दिएर हाम्रो मनोवल गिराउन र जनउपस्थिति कम गराउन यस्तो हल्ला चलाएको निष्कर्ष निकालेर स्थान परिवर्तन नगर्ने निर्णय गरियो ।[१५१५]

देशमा प्रजातन्त्र पुनर्स्थापना गर्ने उद्देश्यले ने.का. द्वारा अगाढि बढाइएको आन्दोलनको दिपशिखालाई निभ्न नदिने र नेपालमा साम्प्रदायिक, जातीय, क्षेत्रीय एवं धार्मिक कलह सिर्जना गरी ने.का. लाई विभाजित गर्न थालिएको प्रशासनिक षडयन्त्र समाप्त गरी साम्प्रदायिक एवं धार्मिक सद्भाव कायम राख्ने उद्देश्य अनुरूप सक्रिय नेता गिरिजाप्रसाद कोइराला निर्धारित कार्यक्रमअनुसार रूपन्देहीतर्फ प्रस्थान गरे ।[१५१६] काठमाडौँबाट उनी हिड्नासाथ उनको जीपको हुलिया एवं नम्बर समेत उल्लेख गर्दै षडयन्त्रकारीका ऐजेन्टले खबर प्रवाह गरेपछि नवलपरासीको दुम्किवासमा नै सांघातिक आक्रमण गर्ने योजना अनुरूप त्यहाँका सुकुम्बासीहरूलाई प्रलोभनमा पारेर एकत्रित गरिएको थियो । तर संयोगबश भरतपुरमा उनको जीप तुरुन्त मर्मत गर्न नसकिने गरी बिग्रिएकाले त्यहाँका साथीहरूले जीप मर्मत गर्न लगाएर एउटा मिनिबस रिजर्भ गरी पठाउने व्यवस्था गर्दागर्दै ३ घण्टाजति ढिला भयो ।[१५१७] जसले गर्दा उनी दुम्किबास पुग्न ढिला हुनुका साथै त्यहाँ जम्मा भएको भिडले गाडी चिन्न नसक्दा त्यहाँबाट सकुसल उम्किएर महामन्त्री निर्धारित समयभन्दा ढिला गरी रूपन्देही प्रवेश गरे ।

अर्कोतिर निश्चित दिन अर्थात् फागुन २० गते रूपन्देहीका नेता एवं कार्यकर्ताहरू महामन्त्री कोइरालालाई स्वागत गरी सुरजपुरा लानका लागि खैरेनीमा जम्मा हुन थाले । केही ढिला गरी त्यहाँ पुगेका पूर्व जिल्ला अध्यक्ष निलाम्बर पन्थी बसबाट उत्रनासाथ पूर्व जिल्ला सदस्य हरिप्रसाद पोखरेलले उनलाई समातेर एकान्तमा लगि मण्डललगायतबाट आजको कार्यक्रममा सांघातिक हमला गरिने जानकारी पाएको, त्यसबारे अध्यक्ष गिरीलाई भन्दा

---

[१५१४] *पूर्ववत्* ।

[१५१५] रामचन्द्र ढकाल, बाबुराम राना र डिल्लीरमण शर्मासँगका अन्तर्वार्ताहरू ।

[१५१६] चिरन्जीवी वाग्ले, "सुजपुरा मेरो मानसपटलबाट अलग गर्न नसकिने क्षण," *आलोक स्मृतिग्रन्थ,* निलाम्बर पन्थी आदि (सं.), रूपन्देही : श्रीमती सीता लक्ष्मी न्यौपाने, २०४३, पृ. २० ।

[१५१७] (क) रामकृष्ण ताम्राकार, निलाम्बर पन्थी, रामचन्द्र ढकाल र महेशवर लाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।
(ख) मुक्तिलाल चुकेसँग २०६० असार २ गते नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) कृष्णलाल सापकोटासँग २०६० असार २ गते नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) चिरन्जीवी वाग्ले, "सुरजपुरा हत्याकाण्ड मेरो मानसपटलमा," *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौं : २०४० साल चैत्र ९ गते, पृ. २ ।

नपत्याएको जनाउँदै यसबारे तुरुन्त निर्णय गर्नुपर्ने आवश्यकता स्पष्ट गरे ।[१५१८] केही सवालजवाफ पछि उनको कुरामा विस्वस्त हुनपुगेका पन्थीले तुरुन्त सभापतीलगायत प्रमुख साथीहरूसँग एकान्त गरी सबै कुरा बताएर सुरजपुराको कार्यक्रम स्थगित गरी स्थान परिवर्तनका लागि प्रस्ताव राख्दा सभापतीलगायतबाट यो प्रशासनिक हल्लामात्र हो भन्दै उक्त प्रस्ताव टार्न खोजियो । तर पनि महामन्त्रीलाई सबै कुरा बताउने निश्चय गरेका पन्थीले यादवनाथ आलोक, हरिप्रसाद पोखरेललगायतका केही साथी लिएर खैरेनी स्टेशनभन्दा केही पूर्वतर्फ बढेर प्रतिक्षा गर्दागर्दै मिनिबसमा महामन्त्रीलगायतको समूह आइपुग्यो । सडक छेउमा आफ्ना साथीहरू उभिएको देख्नासाथ अगाडि बसेका शुशिल कोइरालाले गाडी रोकाएपछि तुरुन्त झ्यालमा पुगेका पन्थीले आज प्राप्त समाचार भनी सबै सुनाएर सुरजपुरा जस्तो विकट ठाउँमा जे पनि हुन सक्ने भएकाले त्यहाँको कार्यक्रम स्थगित गरेर भैरहवा जाउ भन्ने प्रस्ताव राखे ।[१५१९] उक्त कुरा सुनेपछि महामन्त्री सँगैको टोलीमध्ये केहीले त्यसको समर्थन गरे भने केहीले होइन केही हुँदैन जानुपर्दछ भन्नथाले । सदैव आफ्नो निर्णयबाट पछि नर्फकने स्वभाव अनुरूप सक्रिय रहँदै आएका महामन्त्री कोइरालाले जस्तोसुकै परिणामको पनि सामना गर्ने नीति अनुरूप निर्धारित ठाउँमै कार्यक्रम गर्ने भने पछि पन्थीलगायत सबैलाई चढाएर मिनिबस अगाडि बढ्यो ।[१५२०]

महामन्त्रीको टोली खैरेनीमा पुगेपछि त्यहाँ पनि त्यस्तै कुरा उठाइयो । केही कार्यकर्ताहरूले खुर्पा, खुकुरी, बन्चरो, लाठी आदि घातक हतियार लिएका ४-५ सय गुण्डाहरू र पुलिसका गाडि सुरजपुरातर्फ गैसकेको जानकारी दिएपछि गुण्डाहरूको आक्रमण भएमा पुलिसले रोक्ने सोचअनुरूप सबैजसो केही विस्वस्त भए ।[१५२१] के कसो हुन्छको उहापोहमा रहेका कार्यकर्ताहरूले महामन्त्री कोइराला एवं सँगै आएका रामचन्द्र पौडेल, शेरबहादुर देउवा, चिरन्जीवी वाग्ले, शैलजा आचार्य, शुशिल कोइरालालगायतलाई स्वागत गरी सुरजपुरातर्फ प्रस्थान गरे । करिब डेढ घण्टाको पैदल यात्रा पछि कार्यक्रम स्थल सुरजपुरास्थित पुष्पानन्द गिरीको घरमा पुगेपछि त्यहाँ पंतिबद्ध रूपमा उपस्थित नेता, कार्यकर्ता, किसान, महिला आदिले फूल मालाद्वारा हार्दिक स्वागत गरे । छोटो समय विश्राम गरेर पैदलयात्राको थकाइ मारेपछि कार्यक्रम प्रारम्भ गरेर अन्तमा महामन्त्री कोइरालाले कार्यकर्ताद्वारा खचाखच भरिएको सभालाई सम्बोधन गर्दै राष्ट्रिय समस्या समाधानका लागि सबै नेपाली एकजुट भएर मेलमिलापको मार्गमा बढ्नु पर्ने लगायतका सन्देश प्रवाहित गरे ।

---

[१५१८] निलाम्बर पन्थी र हरिप्रसाद पोखरेलसँगका अन्तर्वार्ताहरू ।

[१५१९] (क) निलाम्बर पन्थी, शुशिल कोइराला, हरिप्रसाद पोखरेल र रामचन्द्र पौडेलसँगका अन्तर्वार्ताहरू ।
(ख) शैलजा आचार्यसँग २०६१ जेठ १८ गते जय वागेश्वरी काठमाडौंमा लिइएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) गोपालमान श्रेष्ठसँग २०६० आश्विन ८ गते आवारोड भैरहवामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१५२०] रामचन्द्र पौडेल, शैलजा आचार्य, निलाम्बर पन्थी र चिरन्जीवी वाग्लेसँगका अन्तर्वार्ताहरू ।

[१५२१] वाग्ले, टिप्पणी संख्या ८१ (घ), पृ. २ ।

महामन्त्रीको सम्बोधनपश्चात भेलाको कार्यक्रम समाप्त भएपछि के कसो होला भनी त्रशित भएका कार्यकर्ताहरूले सन्तोषको सास फेरेर नेतासँग वार्तालाप गर्ने, फोटो खिचाउने कार्यक्रमतर्फ लागे । सौहार्दपूर्ण वातावरणमा भेटघाट, वार्तालापसँगै खानाखाने तरखरतर्फ लागेकै बेला एक्काशि चारैतिरबाट हतियारसहितका मानिसहरूले घेरा हालेको समाचार आइपुग्यो । कताबाट कसरी घेरे भन्ने कौतुहल साथ कार्यकर्ताहरूले हेर्नसमेत नपाउँदै भाला, बन्चरो, खुकुरी, बसिला, घन, चुप्पि, फर्सा, हाते आरा, साइकलको चेनजस्ता घातक हतियार, लाठि र झोलाभरि इटाढुँगा बोकेका, कालोपट्टि बाँधेर झण्डासमेत समातेका ३-४ सय मानिसहरू देखापरे । चारैतिरबाट पुष्पानन्द गिरीको घर कम्पाउण्डलाई घेरा हाल्दै आएको उक्त जमातले बहुदलीय व्यवस्था चाहिँदैन, पंचायती व्यवस्था जिन्दावाद लगायतका नाराबाजी गर्दै अगाडि बढेपछि सारा गाउँभरि नै कोलाहल मच्चियो र केटाकेटी महिला आदि यत्रतत्र भाग्न थाले । त्यो स्थितिमा गिरीको घर कम्पाउण्ड बाहिर हातमा कालोपट्टि बाँधि खुकुरी बोकेर देखापरेको एकजना मानिसले “हे भगवती दुर्गे आज कांग्रेसलाई मार्नु परेको छ मलाइ शक्ति देउ है” भन्दै खुकुरीलाई ढोगेर काठका घाराले घेरिएको बारलाई नाघ्दै उफ्रेर खुकुरी नचाउँदै कार्यकर्ताको भिडमाथि जाइलाग्यो ।[१५२२] उसले कम्पाउण्डभित्र प्रवेश गर्ना साथ चारैतिरबाट हतियार बोकेका मानिसहरू भित्र पस्न थाले । जसमध्ये खुकुरी बोकेको व्यक्तिले काठको खम्बामा खुकुरी प्रहार गर्दै एकजनालाई पनि यहाँबाट बाहिर निस्कन दिइने छैन भन्ने उद्घोष गऱ्यो भने हातमा फलामको लामो छड बोकेको अर्को व्यक्तिले हामीहरू या त मर्छौं या मारेर जान्छौं भन्दै नहडबडाइकन काम गर्न निर्देशन दिएर आक्रमणकारीहरूलाई उत्तेजित पार्न थाल्यो ।[१५२३]

उक्त निर्देशनबाट झन सुरिएका आक्रमणकारीहरूले त्यसपछि पुष्पानन्द गिरीको घरमा इटा र ढुँगाको प्रहार गर्नुका साथै त्यहाँ उपस्थित निहत्था कार्यकर्ता एवं जनतामाथि घातक हतियारद्वारा निर्मम प्रहार गर्न थाले ।[१५२४] जसबाट माटाको टालीद्वारा छाइएको उक्त घरको छाना ध्वस्त हुन गयो भने घर वरिपरि रहेको सरसामान पनि तिनीहरूले लुटने नष्ट गर्ने गर्न थाले । त्यस दिनको कार्यक्रममा भाग लिन आएका तराईका आदिवाशी थारूहरू र ग्रामीण कार्यकर्ताहरूले दैनिक प्रयोग गर्ने लाठिहरू बोकेर आएकोमा सभास्थलमा लठ्ठि बोकेर नबसौं भन्ने मान्यताअनुरूप अध्यक्ष गिरीले सबैका लठ्ठि जम्मा गरेर पहिला नै गोठमा राखिदिएका थिए ।[१५२५] फलस्वरूप निहत्था हुन पुगेका कार्यकर्ताहरूले आक्रमणको प्रतिकार गर्न सक्ने कुरै भएन र सबैजसोले सके भाग्ने नसके पिटाइ खाने गर्न थाले ।

---

[१५२२] हरिप्रसाद पोखरेल, टिप्पणी संख्या ७२ (ख) ।

[१५२३] (क) वाग्ले, टिप्पणी संख्या ८१ (घ), पृ. ६ ।
(ख) रामचन्द्र ढकाल, वावुराम राना, रामकृष्ण ताम्राकार, निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।

[१५२४] पुष्पानन्द गिरी, “सुरजपुरा हत्याकाण्ड मेरो दृष्टिमा”, *आलोक स्मृति ग्रन्थ*, निलाम्बर पन्थी आदि (सं.), रूपन्देही : श्रीमती सीता लक्ष्मी न्यौपाने, २०४३, पृ. २२ ।

[१५२५] वावुराम राना, डिल्लीरमण शर्मा, निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।

चारैतिरबाट घेरेर बर्बर आक्रमण हुन थालेपछि त्यहाँ उपस्थित तरुण एवं ने.वि. संघका कार्यकर्ताहरूले महामन्त्री कोइराला लगायत शैलजा आचार्य, शुशिल कोइराला, शेरबहादुर देउवा, रामचन्द्र पौडेल, चिरन्जीवी वाग्ले लगायतका नेताहरूलाई तुरुन्त पुष्पानन्द गिरीको घरभित्र हुलेर तलामा पुऱ्याई घोप्टे लगाएर जोगाउनेतर्फ लागे ।[१५२६] नेताहरूलाई जोगाइएको देख्नासाथ झन क्रुद्ध भएका आततायिहरूको जमातमध्ये धेरैजसो कार्यकर्तामाथि सांघातिक हमला गर्नेतर्फ लागे भने एकथरीले उक्त घरको ढोका फोडेर भित्र पस्ने आगो लगाउने प्रयास गर्न थाले । सर्वप्रथम तिनीहरूले पुष्पानन्द गिरीले निजी प्रयोगका लागि राखेको पानी तान्ने पम्पिङसेट कब्जा गरी त्यसको ट्याङ्की फोडेर तेल निकाली आगो बाल्नेतर्फ लागे । सौभाग्यबस उक्त पम्पिङसेटमा तेल एकदमै कम भएकाले आगो लगाउने प्रयास असफल भयो र उनीहरू बन्चराले ढोका फोड्नेतर्फ लागे । केहिक्षणको प्रयासपछि भुइँतल्लाको मूल ढोका फोडेर घरभित्र पसि माथि तलामा जानका लागि घोप्टे फोर्ने प्रयास गर्न थाले । सिङ्गो सालको रूखमा खाँचा काटेर भऱ्याङका रूपमा प्रयोग गर्न बनाइएको लिस्नुको खाँचामा (खुडकिला) उभिएर बन्चराले माथि घोप्टेमा प्रहार गर्न खोज्दा खासै बल नपरेपछि घोप्टे फोड्न नसकिने कुरामा विश्वस्त भएपछि घरमा भेटेजति कपडा, गुन्द्री, प्लास्टिक जम्मा गरी आगो बालेर बाहिर निस्किए ।[१५२७] आक्रमणकारीहरूले घरभित्र आगो लगाएको देखेपछि आत्तिएका भाष्कर शर्माले उक्त घरभन्दा ३०० मिटर दक्षिण घोलपानीको डिलमा रहेका सशस्त्र प्रहरीसमक्ष पुगेर शान्ति कायम गर्न अनुरोध गर्दा "ए आगो पनि लगाइसके ? हामी त्यहाँ गयौं भने आगोमा घिउ हाले सरह हुन्छ जादैनौं" भन्ने जवाफ दिएका थिए ।[१५२८] अर्कोतिर घरभित्रको आगोबाट धुवाको मुस्लो निस्कन थालेपछि काठैकाठबाट बनेको उक्त घर सल्किएमा त्यहाँ भित्र रहेका सबैजना जलेर भष्म हुने सुनिश्चित ठानेर त्यहाँ उपस्थित नारीहरूले आफ्नो गाउँमा आएका पाहुनालाई खरानी हुन दिदैनौं भन्दै ज्यानको समेत पर्वाह नगरी घर-घरबाट गाग्री-घैटा आदिमा पानी ल्याएर आगोमा खनाइदिए ।[१५२९] नारीहरूको उक्त साहसले गर्दा त्यसदिन ठूलो दुर्घटना टर्नाले उक्त घर सामुहिक चितामा परिणत हुनबाट जोगिएको थियो ।

---

[१५२६] (क) हरिप्रसाद पोखरेल, रामकृष्ण ताम्राकार, रामचन्द्र ढकाल, चिरन्जीवी वाग्ले, शैलजा आचार्य, शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।
(ख) बद्रीनारायण गौतम, टिप्पणी संख्या २४ (ख), पृ. १८१ ।
(ग) वाग्ले, टिप्पणी संख्या ८१ (घ), पृ. ६ ।
(घ) सुरजपुरा हत्यासम्बन्धी वकिलको प्रतिवेदन, टिप्पणी संख्या ७५, पृ. ११२ ।
(ङ) मोहनराज शर्मासँग २०६२ पौष २० गते मणिग्राम, रूपन्देहीमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[१५२७] (क) डिल्लीरमण शर्मा, वावुराम राना, रामकृष्ण ताम्राकार, श्यामसुन्दर तिवारीसँगका अन्तर्वार्ताहरू ।
(ख) युवराज गिरीसँग २०६१ मंसिर २१ गते भैरहवामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[१५२८] सुरजपुरा हत्यासम्बन्धी वकिलको प्रतिवेदन, टिप्पणी संख्या ७५, पृ. ११३ ।

[१५२९] (क) वाग्ले, टिप्पणी संख्या ८१ (घ), पृ. ६ ।
(ख) शैलजा आचार्य, श्यामसुन्दर तिवारी, नारायण बराल, वावुराम राना, डिल्लीरमण शर्मा, चिरन्जीवी वाग्ले, रामकृष्ण ताम्राकारसँगका अन्तर्वार्ताहरू ।

पुष्पानन्द गिरीको आगनबाट नेताहरूलाई माथि लानासाथ त्यहाँ रहेका जनता एवं कार्यकर्ता माथि निर्मम प्रहार हुन थालेपछि केही युवाहरूमा आक्रमणकारीहरूलाई सम्झाउन सकिन्छ कि भन्ने सोच आयो । तसर्थ रामचन्द्र पौडेल, शैलजा आचार्य, शेरबहादुर देउवा, रामचन्द्र ढकाल आदि आगनमा निस्केर किन यसो गरेको, हामी पनि शत्रु होइनौं आदि भनेर सम्झाउने प्रयास गर्दागर्दै एक्काशि हानिएको एउटा ढुँगाले शेरबहादुर देउवाको मुखमै लागेर रक्तताम्य हुन पुगे ।[१५३०] उक्त प्रहारबाट देउवाको ओठ काटेर प्वाल नै परेको देखेपछि सम्झाउन नसक्ने ठानेर घर भित्र प्रवेश गर्न लागे । अरू सबै गैसक्दा पनि अलमलिएका हुँदा रामचन्द्र ढकाल घरभित्र नपस्दै ढोका बन्द भएकाले उनी गिरीको घरबाट पूर्वतर्फ भागेर खोलाको तिरमा पुगि लुकेर ज्यान जोगाए ।

घरको आँगनमा आक्रमणकारिद्वारा प्रहार थालिएपछि भागाभाग गर्ने कार्यकर्तामध्ये यादवनाथ आलेक र हरिप्रसाद पोखरेल लहलह फैलिएको गहुँवारीतर्फ भागे । पछि-पछि ७-८ जना आक्रमणकारीले लखेटने र खोलाबाट बटुलिएका एकनासका ढुँगा बर्साउने क्रमसँगै भागेका दुवैजना गहुँबारीमा सँगै भाग्न नसकेपछि दायाँ बायाँतर्फ लागे । त्यही मौका छोपेर ३ जना हरिप्रसादतर्फ बढे भने बाँकी आलोकतर्फ लागे । यसरी लखेटेर केही पर पुऱ्याएपछि हातमा खुकुरी बोकेको आक्रमणकारीले छेकेर हरिप्रसादको टाउकोमा खुकुरीको पहिलो प्रहार गर्ना साथ निस्किएको तातो रगतले कमिज भिजाउँदै खसेको अनुभव गर्दा नगर्दै दोस्रो प्रहार भएपछि उनी त्यहीँ बेहोस भएर ढले ।[१५३१] अर्कोतिर आलोकलाई लखेटदै गएकाहरूमध्येको एकजनाले मौका पाउना साथ भाला प्रहार गरेपछि ढुल्मुलाउन पुगेको स्थितिमा अन्य आक्रमणकारीहरूले लाठि, चिर्पट दाउरा, साइकलको चेन, भाला आदि हतियारद्वारा टाउको लगायतका स्थानमा प्रहार गरेर रक्ताम्य पारी ढालेपछि मऱ्यो भनेर छाडेका थिए ।[१५३२] कार्यक्रम स्थलमा मारपिट गर्ने मध्येकै एकथरीले गहुँबारीको किनारमै उभिएका रामप्रसाद चौधरीलाई भेटना साथ आक्रोस पोख्दै कुटदासम्म कुटेर मऱ्यो भनी छाडेर हिडेका थिए । ३००-४०० को संख्यामा आएका आक्रमणकारीहरूको अगाडि पर्ने कोही पनि बँच्न नसकेको उक्त आक्रमणको वातावरण करिब २ घण्टासम्म चल्यो । भेटेजती सबैलाई सकेसम्म कुटेर रक्ताम्यपारि छिन्नभिन्न पारेपछि ने.का. मुर्दावाद, गिरिजा कोइराला मुर्दावाद, पंचायती व्यवस्था जिन्दावाद, हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ, जनएकता जिन्दावाद आदि नारा लगाउँदै र रक्सि खाएर रित्तिएका ग्यालिन एवं बोतलहरू हुऱ्याउँदै फाल्दै मदमत्त भएर पूर्वतर्फ लागे ।[१५३३]

---

[१५३०] रामचन्द्र पौडेल, चिरन्जीवी वाग्ले र रामचन्द्र ढकालसँगका अन्तर्वार्ताहरू ।

[१५३१] हरिप्रसाद पोखरेल, टिप्पणी संख्या ७२ (ख) ।

[१५३२] रामकृष्ण ताम्राकार, निलाम्बर पन्थी, श्यामसुन्दर तिवारी, वावुराम रानासँगका अन्तर्वार्ताहरू ।

[१५३३] रामचन्द्र ढकाल, टिप्पणी संख्या १९ (ग) ।

आक्रमणकारीहरू हिँडेपछि ज्यान जोगाउनका लागि भागेका कार्यकर्ताहरू पुनः जम्मा हुनथालेपछि घाइतेहरूको लेखाजोखा गर्न थालियो । रूपन्देहीका सक्रिय कार्यकर्तामध्येका यादवनाथ आलोक, हरिप्रसाद पोखरेल र रामप्रसाद चौधरीलाई नदेखेपछि खोजविन सुरु भयो । यसै क्रममा आलोकलाई गहुँवारीतर्फ लखेटेको देखेका स्थानीय भाष्करप्रसादले उनीहरू फर्केपछि रगतैरगत भएका आलोकलाई केही व्यक्तिहरूको सहयोगमा नजिकै रहेको आफ्नो घरमा लगेर सुताएको थाहा भयो ।[१५३४] त्यसपछिको खोजविनमा बाँकी २ जनालाई गहुँबारीभित्र रगतले लतपतिएर अचेत अवस्थामा लडेको भेटेपछि काँधमा बोकेर ल्याइएको थियो । त्यस दिनको आक्रमणमा उपरोक्त तीनजना बाहेक रामपुर कृषि क्याम्पसका विद्यार्थी कलाधर गैरेलगायत ५०-६० जना गम्भीर रूपले घाइते भएका थिए । जसमध्ये १०-१२ जना सिरियस थिए भने सामान्य चोटपटक लाग्नेहरूको कुनै गन्ति थिएन ।

जनताका प्रजातान्त्रिक अधिकारमाथि बलात्कार गर्दै कानूनी मान्यतालाई कुल्चेर गुण्डागर्दीको बलमा विरोधि समाप्त गर्ने मानसिकताद्वारा प्रशासनिक संरक्षणमा गराइएको उक्त हमलापश्चात ने.का. का कार्यकर्ताहरूले प्रथमतः घाइतेहरूलाई उपचारका लागि लानु आवश्यक ठाने । राजमार्गभन्दा निकै टाढा यातायातको कुनै साधन नपाइने निर्जन गाउँमा त्यो घटना घटेपछि एकातिर नेताहरूलाई सकुशल बुटवल वा भैरहवा पुऱ्याउनु थियो भने अर्कातिर घाइतेहरूलाई छिटोभन्दा छिटो अस्पताल लानु पर्दथ्यो । तसर्थ भैरहवामा ट्रान्सपोर्ट व्यवसाय गर्ने कार्यकर्ता गोपालमान श्रेष्ठ, शालिग्राम पौडेललगायतका २-३ जना साथीहरू साधन खोज्न हिंडे भने अन्य स्थानीय कार्यकर्ताहरूले गोरुगाडामा पराल ओच्छ्याएर घाइते सुताइ सुरजपुराबाट हिंडाए ।[१५३५] गोपालमानले भैरहवा पुग्नासाथ तत्कालीन रूपन्देही प्र.जि.अ. दानबहादुरलाई टेलिफोन गरी सारा वृत्तान्त बताएर रेडक्रसको एम्बुलेन्स माग्दा त्यो हुन सक्दैन भन्ने जवाफ पाएपछि के कसो गरौंको स्थितिमै रहेका बेला आफ्नै ट्रान्सफोर्टको ट्रक आइपुगेकाले त्यही लिएर तुरुन्त हिंडे ।[१५३६] उक्त ट्रकले सेमरा बजार पार गर्नासाथ गोरुगाडामा बिरामी लिएर आएकाहरूलाई भेटेपछि त्यही ट्रकमा राखेर बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा पुऱ्याइयो ।

घाइतेहरूलाई अस्पतालमा भर्ना गरिए तापनि प्रशासनिक इशारामा चल्ने अस्पताल प्रशासनले तदारुकताका साथ उपचार गर्नुका सट्टा झारा टार्ने खालको कार्य मात्र गऱ्यो । जीवन

---

[१५३४] (क) जयप्रकाश आनन्द, "स्वं आलोकसँगका अन्तिम क्षण," *आलोक स्मृतिग्रन्थ,* निलाम्बरपन्थी आदि (सं.), रूपन्देही : श्रीमती सीता लक्ष्मी न्यौपाने, २०४३, पृ. ४७ ।
(ख) सुरजपुरा हत्यासम्बन्धी वकिलको प्रतिवेदन, टिप्पणी संख्या ७५, पृ. ११२ ।
(ग) बाबुराम राना, गोपालमान श्रेष्ठ र डिल्लीरमणसँगका अन्तर्वार्ताहरू ।

[१५३५] (क) गोपालमान श्रेष्ठ, "शहिद आलोकजीको स्मृतिमा," *आलोक स्मृतिग्रन्थ,* निलाम्बर पन्थी आदि (स.), रूपन्देही : श्रीमती सीतालक्ष्मी न्यौपाने, २०४३, पृ. ५४ ।
(ख) वाग्ले, टिप्पणी संख्या ८१ (घ), पृ. ६ ।
(ग) निलाम्बर पन्थी, बाबुराम राना, डिल्लीरमण शर्मा, रामचन्द्र पौडेल, रामचन्द्र ढकाल, श्यामसुन्दर तिवारी र चिरञ्जीवी वाग्लेसँगका अन्तर्वार्ताहरू ।

[१५३६] गोपालमान श्रेष्ठ, टिप्पणी संख्या ८३ (ग) ।

र मृत्यूको दोसाँधमा पुगेका घाइतेलाई पुऱ्याएपछि डाक्टरहरू आउन आलटाल गर्दै तल्ला तहका कर्मचारी पठाएपछि रिसाएको जनसमूह डाक्टरको निवासमै पुगेपछि बाध्य भएर आएका डाक्टरले पेशागत मर्यादाअनुरूप उपचार गर्नुका सट्टा पञ्चायतका विरुद्ध उभिन गएका थियौं कस्तो भयो ? देख्यौं कस्तो हुँदोरहेछ ? जस्ता शब्दावली प्रयोग गर्ने र झर्कने जस्ता कार्य गर्दै औषधि नै छैन भन्न थाले ।[१५३७] जसले गर्दा सामान्य औषधिसमेत किन्नुपरेको अवस्थामा कसैसँग पैसा पनि थिएन । त्यो स्थितिमा रामचन्द्र ढकालगायतका कार्यकर्ताहरूले हातका घडीलगायतका वस्तु औषधि पसलमा धितो राखी आवश्यक औषधि लगेर उपचार सुरु गरेका थिए, जुन वस्तु पछि फिर्ता लिन चन्दा उठाएर पैसा जम्मा गर्नुपरेको थियो ।

सुरजपुरा आक्रमणको समाचार पाएपछि आत्तिएर अस्पताल पुगेकी आलोककी श्रीमती सतिलक्ष्मी न्यौपानेले आफ्ना पतीलाई मरणासन्न अवस्थामा देखेपछि उपचारका लागि काठमाडौँ लान सिफारिशका लागि अनुरोध गर्दा डाक्टरहरूबाट चोटभित्रसम्म नपुगेको हुँदा चिन्ता लिनु नपर्ने जवाफ दिइयो ।[१५३८] उक्त जवाफबाट त्यहाँ उपस्थित कोही पनि सन्तुष्ट हुन नसकेपछि आलोकलाई जसरी पनि काठमाडौँ वा गोरखपुर पुऱ्याएर उपचार गर्ने निश्चयसँगै लागेको पैसा तिर्ने शर्तमा रेडक्रस सोसाइटी रूपन्देहीको एम्बुलेन्स माग्दा संभवतः अञ्चलाधीशको निर्देशनअनुरूप कण्डिसनमा नभएको बिग्रिएको आदि बहाना गरेर नदिई मानवतावादी संस्था रेडक्रसको सिद्धान्त विपरीतको व्यवहार देखाइयो ।[१५३९] आफूले उपचारका लागि लान खोज्दा पनि नदिने र राम्रोसँग उपचार पनि नगराउने प्रशासनिक नीति र त्यसकै निर्देशन मानी कर्तव्यसमेत बिर्सने सामाजिक संस्थाहरूको लापर्वाहीले गर्दा कर्मठ कार्यकर्ता यादवनाथ आलोकले २०४० साल फाल्गुण २१ गते राति लुम्बिनी अञ्चल अस्पताल, बुटवलमा प्राण त्याग गरे । जसबाट विक्षिप्त बनेकी श्रीमती सीतालक्ष्मी न्यौपानेले आफ्ना पतिको पार्थिव शरीर काठमाडौँ आर्यघाटमा पुऱ्याएर दाहसंस्कार गर्ने इच्छाअनुरूप नारायणगढसम्म पुऱ्याएपछि प्रहरीले रोकेर अगाडि लान नदिएकाले बाध्य भएर त्यही नै दाहसंस्कार गर्नुपरेको थियो ।[१५४०]

सुरजपुरा आक्रमणमा गम्भीर घाइते भएका हरिप्रसाद पोखरेल २-३ दिन पछि अस्पतालबाट निस्किई गोरखपुरमा पुगेर उपचार गराउन सफल भए भने रामप्रसाद चौधरी केही ठीक भएर घर पुगे । तर २०४० साल फागुन ३० गते राति निज चौधरीको घरमा मुखमा कपडा बाँधेर पुगेका हत्याराहरूले "तँ होइनस् गिरिजालाई स्वागत गर्न गएर बाँच्ने ?" भन्दै

[१५३७] रामचन्द्र ढकाल र बाबुराम रानासँगका अन्तर्वार्ताहरू ।
[१५३८] सीतालक्ष्मी न्यौपानेसँग २०६१ फागुन २० गते भैरहवामा गरेको कुराकानीबाट प्राप्त जानकारी ।
[१५३९] (क) बद्रीनारायण गौतम, टिप्पणी संख्या २४ (ख), पृ. १८३ ।
(ख) रामचन्द्र ढकाल, गोपालमान श्रेष्ठ र रामकृष्ण ताम्राकारसँगका अन्तर्वार्ताहरू ।
[१५४०] सीतालक्ष्मी न्यौपाने र रामचन्द्र ढकालसँगका अन्तर्वार्ताहरू ।

प्रहार गरेको गोली छातीमा लागेर तत्कालै प्राण त्याग्नुपऱ्यो ।[१५४१] आफ्ना विरुद्धमा उठ्ने हरेक आवाजलाई बन्द गरेर शासन गर्न चाहने पञ्चायती नीतिको फलस्वरूप रूपन्देहीमा घटेको यसतो घट्नाले मानवियताको भावनालाई नै उल्लङ्घन गऱ्यो । परिणामस्वरूप ने.का. रूपन्देहीका कर्मठ कार्यकर्ता यादवनाथ आलोक र तराईका आदिवासी थारू समुदायमा प्रभाव फैलाएका रामप्रसाद चौधरीले शहादत प्राप्त गरे ।[१५४२] बेलैमा बुद्धि पुऱ्याएका हरिप्रसाद पोखरेल भने बाँच्न सफल भएकाले सुरजपुरा काण्डका ज्यूँदा शहिदका रूपमा चिनिन्छन् ।

प्रशासनिक साँठगाँठमा चारैतिर प्रहरी तैनाथ गरेर हुल्याहा गुण्डा एवं सुकुम्बासीहरूलाई प्रयोग गरेर घटाइएको सुरजपुरा काण्डले देशव्यापि सनसनी फैलायो । ने.का. केन्द्रीय कार्यालयले तुरुन्त प्रतिक्रिया जनाउँदै घटनामा प्रशासनिक संलग्नता रहेको ठहरसहित दोषिमाथि कार्वाहीको माग गर्नुका साथै घटनास्थलको अवलोकन गरी यथार्थ तथ्य सङ्कलनका लागि रामचन्द्र पोखरेललगायतका कार्यकर्ता संलग्न छानविन टोली गठन गरेर पठाउने र विरोध कार्यक्रम गर्ने निर्णय गऱ्यो ।[१५४३] रूपन्देही जिल्लाका जनताहरूका तर्फबाट बामपन्थी समूहको समर्थन गर्ने कानुनविद् धनपती उपाध्यायको नेतृत्वमा स्वतन्त्र छानविन टोली गठन गरियो । यसैगरी ने.वि. संघका तर्फबाट कडा शब्दमा उक्त काण्डको निन्दा गर्दै देशव्यापि रूपमा विरोध कार्यक्रम सञ्चालन गरी संघर्षमा उत्रन निर्देशन जारी गरियो ।[१५४४] फलस्वरूप देशभर नै विरोधका आवाजहरू उठ्न थाले । ने.का. एवं ने.वि. संघका विभिन्न निकायहरूद्वारा अपिल प्रकाशित गर्ने, विरोध कार्यक्रम सञ्चालन गर्ने, मौन जुलुस निकाल्ने, कोणसभा-भित्तेलेखन, पर्चा, पोस्टर टाँस्ने-छर्नेलगायतका कार्य तिब्र पारेर सुरजपुरा काण्डको घोर निन्दा गर्नुका साथै यो काण्डपश्चात पञ्चायती व्यवस्थाको औचित्य समाप्त भएकाले दोषीमाथि अविलम्ब कारवाही गर्न र बहुदलीय व्यवस्था घोषणा गर्न माग गरियो ।[१५४५] आफ्नै षडयन्त्रअनुरूप उक्त काण्ड घटाइएको हुँदा तत्कालीन सरकार भने दुई समूहको आपसी भिडन्तका रूपमा यो काण्डलाई चित्रित गर्ने र बङ्ग्याउने प्रयासतर्फ लाग्यो । जसबाट झन रिसाएका विद्यार्थी, तरुण एवं

---

[१५४१] *राष्ट्रपुकार,* २०४० साल चैत्र ९ गते ।

[१५४२] (क) गिरी, टिप्पणी संख्या ८८, पृ. २२-२३ ।
(ख) बद्रीनारायण गौतम, "सत्याग्रह आन्दोलन २०४२ को ऐतिहासिक पृष्ठभूमि," *दिपिका,* बाबुराम ज्ञवाली आदि (सं.), रूपन्देही : राममणि बहुमुखी क्याम्पस, २०६०, पृ. ३० ।
(ग) हेमराज अधिकारी (शास्त्री), *आजको नेपाल (प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास),* काठमाडौँ : श्रीमती चन्द्रकला अधिकारी, २०५८, पृ. ५९४ ।

[१५४३] शुशिल कोइराला, चिरञ्जीवी वाग्ले र शैलजा आचार्यसँगका अन्तर्वार्ताहरू ।

[१५४४] बालकृष्ण खाँण, मोहनराज शर्मा, विमलेन्द्र निधि, लालकिशोर शाह, वृखेशचन्द्र लाल, रामचन्द्र ढकाल र गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

[१५४५] विस्तृतिका लागि :
(क) *राष्ट्रपुकार,* २०४० साल चैत्र ९ गते, १६ गते र २३ गतेका अङ्कहरू ।
(ख) प्र.ने.का. रूपन्देहीद्वारा "दलीय व्यवस्था घोषणा गर्न श्री ५ मा अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
(ग) नेपाल विद्यार्थी संघ त्रि.ब. क्याम्पस पाल्पा र उपशाखा पाल्पाद्वारा "नेपाल विद्यार्थी संघको अपिल सुरजपुरा हत्याकाण्डको भर्त्सना गरौं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

कार्यकर्ताहरूले देशव्यापि रूपमा विरोधका आवाज गुन्जाउन थालेपछि उल्टै विद्यार्थीलाई धरपकड गर्ने, प्रहरीद्वारा पिटाउनेलगायतका कार्य गरियो ।[१५४६] दोषिलाई कारवाही गरेमा आफ्ना प्रमुख व्यक्तिहरू नै मुछिने र आफ्नो संलग्नता स्पष्ट हुने भएकाले तत्कालीन सरकारद्वारा अपराधिलाई लुकाउने छिपाउने नियतअनुरूपका कार्य थालियो । जसको पुष्टिका लागि ने.का. द्वारा गठित छानविन टोली सुरजपुरा पुगेर अवलोकन, छानविन गरी फर्कने क्रममा रूपन्देहीका तत्कालीन प्र.जि.अ. सँग कुराकानी गर्दा निजले लुम्बिनीमा त्यसै दिन महत्त्वपूर्ण वैठक भएकाले सारा सुरक्षा शक्ति त्यता लगाउन पर्दा सुरजपुरामा पुऱ्याउन नसकेको, सुरजपुरा नक्सलवादी प्रभावित क्षेत्र भएकाले उक्त घटना घटेको भनी दिएको जवाफलाई लिन सकिन्छ ।[१५४७] तर पनि देशव्यापि रूपमा विरोधका आवाजहरू झन चर्कन थालेपछि छानविनको नाटक गरेर छवि सुधार्ने नीतिअनुरूप गृह पञ्चायत मन्त्रालयद्वारा एक टोली गठन गरेर पठाइयो । जसले सुरजपुरामा पुगेर वास्तविकता बुझ्नुका सट्टा पुष्पानन्द गिरी र केही स्थानीय मानिससँग ठट्टा गरेझैं हल्का रूपमा सोधपुछ गरेझैं गरेर फर्कियो ।[१५४८] तर उसको प्रतिवेदन के भयो कहिल्यै बाहिर आएन ।

पञ्चायती सरकारको व्यापक दमन, थिचोमिचोका वावजुद पनि मेलमिलाप नीतिअनुरूप बढेर परिवर्तनका लागि आधार बनाउने कार्यमा सक्रिय रहेमा महामन्त्री कोइरालालगायत ने.कां का नेताहरू समक्ष यो काण्डले केही नगरी नहुने कुरा स्पष्ट गरायो । परिणामस्वरूप अब अरू कुनै उपाय खोज्नेतर्फ नलागि आन्दोलनको निर्णय नै गर्नुपर्दछलगायतका दवाव नेतृत्व वर्गमाथि आउन थाले । जसका अन्तमा निरंकुश र कठोर बन्दै गएको पञ्चायत विरुद्ध बलियो धक्का दिनका लागि कार्यकर्ता सम्मेलन बोलाएर निर्णय लिने बेला आइसकेको महसुस गरेका शीर्षस्थ नेताहरूद्वारा त्यसतर्फ तयारी प्रारम्भ गरियो ।

## ७.५ राजनैतिक गतिशीलता र आन्दोलनको उद्घोषण

वी.पी. को नीधनपश्चात सम्पन्न सम्मेलनले मेलमिलाप नीतिअन्तर्गत बढेर प्रजातन्त्र पुनर्स्थापनाका लागि आन्दोलन गर्ने निश्चय गरेर समय र परिस्थितिको अध्ययन-विश्लेषणपश्चात अन्तिम निर्णय गर्ने अधिकार नेतृत्व वर्गलाई सुम्पेको थियो । लामो कालखण्डमा सञ्चालित आन्दोलनको अनुभव बटुलेका नेताहरूले आन्दोलनको निश्चयलाई व्यवहारमा उतार्दा धेरै पक्षमाथि विचार पुऱ्याउनुपर्ने कुरा राम्रोसँग बुझेका थिए । तसर्थ नेतात्रयबीच यसबारेमा व्यापक विचार विमर्श प्रारम्भ भयो । जसका अन्तमा जनमतसंग्रहले सिर्जना गरेको हलचल, २०३८ सालको निर्वाचनमा पञ्चायतका उम्मेदवारहरूले जगाएको

---

[१५४६] विस्तृतिका लागि
(क) *पूर्ववत्* (क) :
(ख) *सातदिने आजकल,* २०४० साल चैत्र १० गते र १७ गतेका अङ्कहरू ।

[१५४७] रामचन्द्र पोखरेल, "सुरजपुरा काण्डका निरुत्तरित जटील प्रश्नहरू," *राष्ट्रपुकार,* होमनाथ दाहाल (सं./प्र.), काठमाडौं : २०४० चैत्र १६ गते, पृ. ३ र चैत्र २३ गते, पृ. ६ ।

[१५४८] गिरी, टिप्पणी संख्या ८८, पृ. २३ ।

आशाबाट उत्पन्न राष्ट्रिय वातावरण र भारत, यूरोप, अमेरिकालगायतका मित्रराष्ट्रहरूमा विद्यमान परिस्थिति आदिको विश्लेषण गरेर तत्कालीन अवस्था प्रजातान्त्रिक आन्दोलनका लागि अनुकूल नभएको निष्कर्ष निकालियो ।[१५४९] त्यसपछि नेताहरूले वृक्षारोपण, सरसफाई, रक्तदान, मेलमिलाप दिवशलगायतका कार्यक्रम सञ्चालन गरेर देशव्यापि गतिशीलता उत्पन्न गर्ने, प्रशिक्षण शिविर सञ्चालन गरी खारिएका कार्यकर्ता तयार गर्ने र जनसभा, कोणसभा, भेटघाट, छलफल जस्ता कार्यक्रमद्वारा बलियो संगठन निर्माण गर्नेलगायतका कार्यतर्फ जोड दिइ राजनैतिक गतिशीलता सिर्जना गरेपछिमात्र आन्दोलनको निर्णय गर्ने नीती निर्धारण गरे ।

नीति निर्धारण पछि जीवन्त र प्रभावशाली राजनैतिक दलका रूपमा ने.का. लाई गतिशील पार्ने अभियान अनुरूप नेताहरू सक्रिय भए । नेताहरूको सक्रियताबाट देशव्यापि हलचल सुरु भएकाले पञ्चायतवादीहरू अतालिन थालेर प्रशासनका आडमा हुलहुज्जत एवं आक्रमण गर्न थाले । परिणामस्वरूप धरपकडदेखि आक्रमणसम्मका घटनाक्रमहरूको सामना गर्दै जनताको घरदैलोमा पुग्नुपर्ने स्थिति ने.का. का नेताहरू समक्ष उत्पन्न भयो । शान्तिपूर्ण रूपले घर-कम्पाउण्डमा भेला हुनसमेत नपाएपछि कार्यकर्ताहरूबाट नेतासमक्ष आन्दोलनको घोषणामा विलम्ब गर्नु नहुनेलगायतका दवाव आउन थाले । त्यो स्थितिले गर्दा २०२७ सालदेखि नै देशभित्र शान्तिपूर्ण आन्दोलन गर्ने मानसिकताअनुरूप सक्रिय रहेका तर वी.पी. को स्वीकृति नपाउनाले व्यवहारिक रूप दिन नसकेका कृष्णप्रसाद भट्टराईको विचारले आधिकारिक मान्यता पाउने संभावना बढ्न थाल्यो । तसर्थ नेता भट्टर्राले रचनात्मक क्रियाकलाप एर्व जनसम्पर्कमा समेत रोक लगाएर धरपकड-आक्रमण गर्ने पञ्चायतको निरंकुशता समाप्त गर्न शान्तिपूर्ण आन्दोलन बाहेक अरू विकल्प नरहेको धारणा सार्वजनिक गर्न थाले ।

वी.पी. को नीधनपश्चात कार्यकर्ता सम्मेलनले गणेशमान सिंहलाई सर्वोच्च नेताको स्थान दिएर प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गर्ने अभिभारा सुम्पेपछि त्यसलाई सहर्ष कबुल गरेका नेता सिंह पनि जनाधार निर्माणमा जोड दिँदै थिए । पञ्चायती प्रशासनले हरेक गतिविधिमा हस्तक्षेप गर्न थालेपछि "पञ्चायती व्यवस्थाको समाप्ति र राजाका हातबाट जनअधिकारको पुनः प्राप्तिका लागि आन्दोलन वाहेक अर्को विकल्प नरहेको धारणामा अटल रहेका नेता सिंहले"[१५५०] पनि सरकारी हस्तक्षेपको निन्दा सँगै आन्दोलनको आवश्यकता माथि जोड दिन थाले । निडरताका प्रतिमूर्ति मानिने नेता सिंहले राजधानीबाट प्रकाशित एक साप्ताहिकसँगको अन्तर्वार्तामा पञ्चायती नीति-कार्यशैलीको तिब्र निन्दा गर्दै "२०१७ सालपश्चात पहिलोचोटि गतिशीलताको मार्गमा अभूतपूर्व रूपले बढेका कार्यकर्ताहरूको चाहना

---

[१५४९] गणेशमान सिंह, "तत्कालीन राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति," *साप्ताहिक पुनर्जागरण,* प्रल्हाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५४ साउन २१, पृ. ३ ।

[१५५०] धनेन्द्र पुरुष ढकाल, *जनआन्दोलन : २०४६,* दोश्रो संस्करण, ललितपुर : भूपेन्द्र पुरुष ढकाल, २०४९, पृ. १२ ।

नै आन्दोलन भएकाले यसतर्फ पहल गरी कदम चाल्नु नै ने.का. को प्रमुख आवश्यकता हो"[१५५१] भन्दै आन्दोलनको बेला आउन लागेको स्पष्ट गरे ।

जनमतसंग्रह पछि सुधारिएको पञ्चायती व्यवस्थाले आशा गरेअनुरूप राजनैतिक खुकुलो वातावरणका सट्टा कठोर नीति अपनाइ तानाशाहीचरित्र देखाउँदै थियो । त्यो स्थितिमा ने.का. को नेतृत्व वृत्तबाट आन्दोलनको अपरिहार्यता देखाउन थालिएपछि राजनैतिक क्षेत्रमा सनसनी फैलियो । कठोर प्रशासनिक नियन्त्रणका वावजुद पनि नेपाली प्रेसले ने.का. का धारणाहरू छाप्न थाले भने अन्य पञ्चायत विरोधि राजनैतिक समूहहरू पनि सल्बलाउन थाले । देशभित्र एकप्रकारको उत्तेजनापूर्ण वातावरण देखापर्दै गएको अवस्थामा तत्कालीन राजा श्री ५ वीरेन्द्रबाट २०३९ साल चैत्र २४ गते महामन्त्री कोइरालालाई नारायणहिटी राजदरबारमा दर्शनभेट दिएर आधाघण्टाभन्दा बढी समयसम्म कुराकानी गरियो ।[१५५२] महामन्त्रीद्वारा उक्त भेटमा देशमा प्रजातान्त्रिक संस्थाहरूको विकास नभई राष्ट्रिय समस्या समाधान हुन नसक्ने आफ्नो धारणा स्पष्ट गर्दै त्यसका लागि थापा सरकार विघटन गरी पार्टीहरूलाई खुला गरेर अन्तरिम सरकार गठनका लागि अनुरोध गरिएपछि जवाफमा राजाबाट पञ्चायतलाई नै ठीक बाटोमा हिंडाउने आवश्यकता भएको प्रस्ट पारिएको थियो ।[१५५३]

प्रतिबन्धित पार्टीको महामन्त्रीलाई राजाले भेटेर कुराकानी गरेपछि नेपालको राजनीतिमा परिवर्तनको संभावना बढेकोलगायतका प्रतिक्रियाद्वारा टिकाटिप्पणी सुरु भयो । पञ्चायतको कार्यशैलीबाट राजा पनि खुसी नभएकाले परिवर्तन गर्न चाहन्छन् लगायतका चर्चा चल्न थाले । त्यो स्थितिमा आएको नव वर्ष २०४० का दिन नियमित कार्यक्रमका रूपमा देशबासीका नाममा जारी सन्देशमा ... हामी सबैबाट कुनै त्रुटी भएको भए तिनबाट शिक्षा लिएर अगाडि बढ्दै जानुपरेको छ,.. पञ्चायतले ठीक-ठीक काम गरेको छ वा छैन भन्नेबारे जनतामा जिज्ञाशामात्र होइन जागरुकता पनि देखिन थालेको छ ...[१५५४] आदि भावना व्यक्त गरी अप्रत्यक्ष रूपले भए पनि पञ्चायतले सबैलाई सन्तुष्ट राख्न नसकेको तथ्यलाई स्वीकार गरियो ।

राजाको सन्देशमा व्यक्त भावनालाई आफ्नो अनुरोधपश्चात भावि सुधारका लागि प्रदत्त सङ्केत ठानेका महामन्त्री कोइरालाले एक साप्ताहिकसँगको अन्तर्वार्तामा "उक्त शाही सन्देशबाट वर्तमान राजनीतिक परिप्रेक्ष र राष्ट्रिय सङ्कटको घडीमा सकारात्मक दिशातर्फ उन्मुख हुने सङ्केत

---

१५५१ *राष्ट्रपुकार,* २०३९ साल चैत्र ३ गते ।

१५५२ *राष्ट्रपुकार,* २०३९ साल चैत्र २४ गते ।

१५५३ (क) *पूर्ववत्* ।
(ख) *सातदिने आजकल,* २०४० बैशाख ९ गते ।

१५५४ श्री ५ को सरकार, सञ्चार मन्त्रालय, *श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट बक्सेका घोषणा, भाषण तथा सन्देशहरू २०३८-२०४३,* काठमाडौं : सूचना विभाग, २०४४, पृ. ३१ ।

मिलेको"[१५५५] प्रतिक्रिया व्यक्त गरे । यसबाट झन् आशावादी भएका महामन्त्री कोइरालाले राजा पनि परिवर्तनतर्फ उन्मुख हुने सोचमा पुगेको निष्कर्ष निकाली जनतामा जोश, जाँगर र निष्ठा जगाउन गाउँमुखी भ्रमण कार्यक्रम चलाउने र अन्तर्राष्ट्रिय सद्भाव बटुल्नेतर्फ सक्रिय हुने निश्चयमा पुगे । २०१७ सालपश्चातको अवधिमा सदैव राजासँग सम्बन्ध राखी प्रजातान्त्रिक शक्तिलाई वास्तै नगर्ने अमेरिकी नीतिमा इरानको क्रान्ति पछि आएको परिवर्तनले उनीहरू नेपालको प्रजातान्त्रिक आन्दोलन र ने.का. प्रति ध्यान दिन थालेका थिए ।[१५५६] सदैव अमेरिकी नीतिलाई पछ्याउने बृटेन-फ्रान्सलगायतका यूरोपीय मुलुकहरूले पनि अमेरिकी नीतिको परिवर्तन सँगै ने.का. सँग स्वतन्त्र सम्बन्ध राख्न थाले । फलस्वरूप यूरोप, अमेरिका आदि क्षेत्रका प्रजातान्त्रिक शक्तिसँग नेपालको प्रजातान्त्रिक आन्दोलनको सम्पर्क हुन थालेको थियो । त्यो स्थितिमा प्रजातन्त्र पुनर्स्थापना गर्ने नेपाली जनताको आकांक्षा एवं ने.का. को प्रयास स्पष्ट गर्दै नैतिक समर्थन जुटाउने उद्देश्यअनुरूप महामन्त्री कोइराला विदेश भ्रमणतर्फ लागे । करिब २ महिना यूरोप-अमेरिका भ्रमण गरेर त्यहाँका महत्त्वपूर्ण नेता एवं पदाधिकारीसँग भेटी नेपालमा पञ्चायती व्यवस्थाअन्तर्गत भोग्नुपरेका समस्या एवं दमन उल्लेख गरी निराकरणका लागि सद्भाव बटुल्ने कार्य गरे ।[१५५७]

त्यसैबीच जनमतसंग्रहपश्चात पञ्चायतभित्र विकसित हुँदै आएको अन्तरविरोधको राजनीति विष्फोटक मोडमा पुग्यो । तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाका विरुद्धमा तुलसी गिरी, मातृकाप्रसाद कोइराला, कीर्तिनिधि विष्ट जस्ता भूतपूर्व प्रधानमन्त्री, रा.प. का भूतपूर्व अध्यक्ष पशुपती शमशेर, लोकेन्द्रबहादुर चन्द आदिले खुलेर सडकमै उत्रिइ पञ्चभेलाका नाममा जनसभाहरूद्वारा थापा सरकारलाई भ्रष्टाचार एवं आर्थिक समस्या समाधान गर्न नसकेको आरोप लगाउँदै कटुआलोचना गर्न थाले ।[१५५८] पञ्चायती व्यवस्थाकै इतिहासमा पहिलोपटक पञ्चहरूद्वारा आफ्नै सरकारको विरोधमा सार्वजनिक भेला वा जनसभा गरेर प्रधानमन्त्रीको राजिनामालगायतका माग गर्दै आलोचना गर्ने कार्यसँगै लोकेन्द्रबहादुर चन्द प्रस्तावक र डा. प्रकाशचन्द्र लोहनी समर्थक बनेर निर्दलियतामाथि आँच आउने काम गरेकोलगायतका आरोप लगाएर वि.सं. २०४० असार १० गते अविश्वासको प्रस्ताव दर्ता गरियो । तर पनि संवैधानिक प्रक्रियाबाट मात्र पद

---

१५५५ *राष्ट्रपुकार,* २०४० बैशाख ८ गते ।

१५५६ गणेशमान सिंह, "सत्याग्रहको पृष्ठभूमि र परिस्थिति," *साप्ताहिक पुनर्जागरण,* प्रल्हाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५४ साल भदौ १० गते, पृ. ३ ।

१५५७ विस्तृतिका लागि :

(क) *राष्ट्रपुकार,* २०४० साल असार २ गते ।

(ख) शुशिल कोइराला, "गिरिजाप्रसाद कोइरालाको यूरोप र अमेरिका भ्रमण : उपलब्धि र अनुभव," *पूर्वक्षितिज,* जयप्रकाश आनन्द (सं.), विराटनगर : उमेश गिरी, २०४० श्रावण/भदौ, पृ. २, २९ र ३० ।

१५५८ (क) ललित वंशल, "क्या थापा त्याग पत्र देंगे ?" *दिनमान,* कन्हैयालाल नन्दन (सं.), नई दिल्ली : टाइम्पस अफ इण्डिया, १०-१६ जुलाई १९८३, पृ. ३५-३६ ।

(ख) गोविन्द सिंह, "लोकतन्त्रका सूर्योदय," *दिनमान,* कन्हैयालाल नन्दन (सं.), नई दिल्ली : टाइम्स अफ इण्डिया, २४-३० जुलाई १९८३, पृ. २२-२३ ।

छाड्ने अडानमा रहेका प्र.म. थापाले[१५५९] हताश एवं निराश हुँदाहुँदै आफ्नो प्रभावका नानीमैयाँ दाहाललगायतका रा.प.स. प्रयोग गरेर राजधानीमा पञ्चऱ्याली आयोजना गराए । जसमा आफ्ना विरोधीहरूलाई तथानाम गाली गरेपछि राजासँग भेटेर मन्त्रीमण्डल पुनर्गठनका लागि अनुरोध गर्दा राजाबाट रा.प. को अधिवेशनका मुखैमा मन्त्रिमण्डल पुनर्गठनका लागि हतार नगर्न सुझाव दिइयो ।[१५६०] आशा विपरीतको जवाफ पाएपछि निरुत्तर हुनपुगेका प्र.म. थापाले अधिवेशन प्रारम्भ हुनासाथ राजिनामा नगर्ने स्पष्टतासँगै संवैधानिक चुनौतीको सामना गर्न तत्पर भए । फलस्वरूप आषाढ २७ गतेका दिन अविश्वास प्रस्तावमाथि मतदान भयो । जसमा १०८ जनाले प्रस्तावको पक्षमा र १७ जनाले विपक्षमा मतदान गरे भने १७ जनाले कतै पनि मतदान गरेनन् ।[१५६१] यसरी अविश्वासको प्रस्ताव पास भएपछि सूर्यबहादुर थापाको प्रधानमन्त्री पदबाट पदावशान भयो र पर्सिपल्ट बसेको रा.प. को बैठकले लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीका लागि निर्विरोध चयन गरेकोले राजाबाट निजलाई नियुक्त गरियो । यसप्रकार पूर्ण संवैधानिक प्रक्रियाबाट थापा सरकारको पतन भए तापनि थापा र निजका सहयोगी मन्त्रीहरूले आफ्नो पतनका लागि “गैर संवैधानिक शक्तिकेन्द्र” लाई जिम्मेवार ठहऱ्याएका थिए ।[१५६२]

पञ्चायतभित्र अन्तर्द्वन्दको चरम रूप देखिएपछि त्यसको अवशानका लागि बी.पी. ले गरेको भविष्यवाणी सत्य हुने आभास पाएको ने.का. ले जनसम्पर्क-जनजागरण कार्यक्रमलाई निरन्तरता दिन थाल्यो । यसक्रममा सर्वप्रथम आफ्ना दिवंगत नेता बी.पी. को प्रथम वार्षिकीका दिन कार्यक्रम आयोजना गरेर श्रद्धाञ्जली अर्पण गर्न देशव्यापि निर्देशन जारी गरियो । त्यसपछि काठमाडौंको टुँडिखेलस्थित खुला मञ्चमा गणेशमान सिंहको अध्यक्षतामा आमसभाद्वारा श्रद्धाञ्जली अर्पण गरियो भने विराटनगर, जनकपुर, चितवन, भैरहवा, पोखरालगायतका ठाउँमा प्रशासनले निषेधाज्ञा जारी गरी युद्धक्षेत्रमा झैं प्रहरी तैनाथ गरेर कार्यक्रम भाँड्ने, लाठी प्रहार एवं गिरफ्तार गर्नेलगायतका कार्य गऱ्यो ।[१५६३] शान्तिपूर्ण भेला एवं श्रद्धाञ्जली जस्ता कार्यक्रममा समेत हस्तक्षेप हुनथालेपछि आन्दोलन विनाशान्ति नपाइने स्पष्ट भएकाले ने.का. का नेताहरू पुनः कार्यकर्ता भेला एवं सम्मेलनद्वारा परिस्थितिको मूल्याङ्कनका साथै साथीहरूको सल्लाह-सुझाव सङ्कलनतर्फ सक्रिय भए । फलस्वरूप आयोजित सभाहरूको समाचार पाउनासाथ प्रशासनिक कठोरता सँगै सरगर्मी बढ्न थाल्यो । तर पनि हिम्मत एवं जोशले परिपूर्ण नेता एवं

---

१५५९ राजेश गौतम, *नेपालको संवैधानिक इतिहास र राजनीति,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०५४, पृं १७९ ।

१५६० वंशल, टिप्पणी संख्या १२२ (क), पृ. ३६ ।

१५६१ (क) ललित वंशल, “नयाँ प्रधानमन्त्री,” *दिनमान,* कन्हैयालाल नन्दन (सं.), नई दिल्ली : टाइम्स अफ इण्डिया, १७-२३ जुलाई १९८३, पृ. ३८ ।
(ख) सिंह, टिप्पणी संख्या १२२ (ख), पृ. २३ ।

१५६२ टोपबहादुर सिंह, *नेपालको संविधान र संवैधानिक कानुन,* दोश्रो संस्करण, काठमाडौं : कानुनी पाठ्यपुस्तक प्रकाशन समिति, २०४१, पृ. (घ) ।

१५६३ *राष्ट्रपुकार,* २०४० श्रावण १२, १९ र २६ गतेका अङ्कहरू ।

कार्यर्ताहरूले प्रशासनिक हस्तक्षेपका हरेक अवरोधहरूलाई तोड्दै घर-कम्पाउण्डलगायतका ठाउँहरूमा भेला भएर कार्यक्रम सम्पन्न गर्दै आन्दोलनको औचित्य सावित गर्ने काम गरे ।[१५६४]

गणेशमानलगायतका नेताहरू आन्दोलन गर्ने निश्चय सँगै जनादेश प्राप्तितर्फ सक्रिय रहेकै बेला पार्टीभित्रका केही नेताहरू आन्दोलन भयो भने मेलमिलाप नीति भताभुङ्ग हुन्छ, मेलमिलाप नीति खल्बलिनु भनेको कांग्रेसको सर्वनाश हुनु हो भन्ने नीतिअनुरूप बढिरहेका थिए ।[१५६५] तर आन्दोलनवाहेक अर्को विकल्प नरहेको निश्चयमा अडिग नेता सिंह भने भाषण, मन्तव्य, अन्तर्वार्ता आदिद्वारा तानाशाही व्यवस्था समाप्तिका लागि अव गरिने संघर्ष शान्तिपूर्ण सत्याग्रह हुनुपर्ने कुरामा जोड दिँदै थिए । नेता सिंह यसरी सक्रिय भएपछि असन्तुष्ट भएका र मेलमिलाप नीतिको मर्म विपरीत संघर्षको मार्ग अवलम्बन गर्नाले झन कठिन स्थिति सिर्जना हुन्छ भन्ने नीति लिएर बढेका युवा एवं विद्यार्थीहरूले सिंहलाई इरानका खोमेनीको संज्ञा दिनथाले ।[१५६६] पार्टीभित्र यसरी आन्दोलन गर्ने वा नगर्ने भन्ने दुई धार चलिरहेकै अवस्थामा रूपन्देहीको सुरजपुरामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा प्रशासनिक संरक्षणमा सांघातिक आक्रमण गरेर यादवनाथ आलोकलगायतको हत्या गराइयो । उक्त घटनाले पञ्चायती निरंकुशताको चरम रूप प्रस्ट भएकाले आन्दोलन गर्नु हुँदैन भन्नेहरू पनि बहुदलवादीमाथि शारीरिक रूपमै आक्रमण गरेर तह लगाउनेतर्फ पञ्चायतवादीहरू सक्रिय भएको बुझेर विकल्प खोज्न बाध्य भए । त्यो स्थितिमा मानवीय विचारलाई बम, बारुद, बन्दुक, हतियार, शक्ति आदिको प्रयोगबाट होइन विचारले नै जित्न सक्नुपर्दछ, विचारको निर्णायक आधार जनता भएकाले विचारलाई जनसमक्ष राखेर स्वच्छ जनमतमार्फत आफ्नो विजय सावित गर्न सक्नुपर्दछ, जनताले पञ्चायतलाई हत्या गर्न मत दिएको होइन, हत्याको पक्षमा बहुमत प्रकट गरेको छैन[१५६७] भन्ने उदघोषणसहित ने.का. शान्तिपूर्ण आन्दोलनको आवश्यकता महसुस गर्न पुग्यो ।

सुरजपुरा घटनाबाट आन्दोलनको विकल्प खोज्नेहरू निरुत्तरित भएपछि ने.का. भित्र आन्दोलनमुखी धारणा बलियो हुँदै गयो । तसर्थ गणेशमान सिंह एवं कृष्णप्रसाद भट्टराईलगायतका नेताहरू पुनः एक राष्ट्रिय सम्मेलन गरेर नीति निर्धारण गर्नेतर्फ लागे । आवश्यक गृहकार्यपश्चात् २०३९ साल मंसीरको क्षेत्रपाटी सम्मेलनपश्चात्को अवधिमा भएका कार्य एवं प्रशासनिक दमनलगायतका विषयको जानकारी लिएर परिस्थितिको मूल्याङ्कन गर्ने उद्देश्यअनुरूप

---

[१५६४] (क) सिंह, टिप्पणी संख्या १२०, पृ. ३ ।
(ख) रामचन्द्र पौडेल र शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।

[१५६५] *पूर्ववत्* (क) ।

[१५६६] *पूर्ववत्* ।

[१५६७] दमन ढुंगाना, "आलोकका छोरीहरूसित," *आलोक स्मृति ग्रन्थ,* निलाम्बर पन्थी आदि (सं.), रूपन्देही : श्रीमती सीता लक्ष्मी न्यौपाने, २०४३, पृ. ८० ।

२०४० साल चैत्र २४ गते काठमाडौँमा कार्यकर्ता भेला बोलाइयो ।[१५६८] भेलाको समाचार सार्वजनिक हुनासाथ प्रारम्भ भएको देशव्यापि प्रशासनिक दमनका वावजुद पनि देशभरिबाट उत्साहपूर्वक सम्मेलनमा भाग लिन हिंडेका कार्यकर्ताहरू राजधानीमा थुप्रिन थाले । यसपटक पनि प्रशासनिक हस्तक्षेपको संभावना प्रस्ट भएकाले ने.का. ले क्षेत्रपाटीस्थित गणेशमान सिंहको घर-कम्पाउण्डमा नै भेलाको प्रबन्ध गरिएको थियो । तर यसपटक हस्तक्षेप गर्ने निर्णयमै पुगेको प्रशासनले भेला अगाडि नै गिरफ्तारलगायतका कार्य गर्न थाल्यो । सभाका लागि निश्चित तिथिकै अघिल्लो दिन अर्थात् चैत्र २३ गते राजधानीस्थित ने.का. को कार्यालय लगायतका स्थानबाट २०० जना जति कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने र गणेशमान सिंहको घर घेर्नेलगायतका कार्य गर्‍यो ।[१५६९] यसबाट प्रशासनिक दमनको पूर्वानुमान भएपछि शीर्षस्थ नेताहरू गोप्य छलफलमा लागि जसरी भए पनि सभा सम्पन्न गर्ने र पार्टीको भावी नीति तय गर्नेतर्फ लागे ।

भेलाको तिथि नजिकिने क्रमसँगै देशव्यापि रूपमा बढेको धरपकड एवं राजधानीमा देखिएको प्रहरी परिचालनलगायतको सरगर्मीबाट नेताहरू निर्विघ्न रूपले भेला सम्पन्न गर्न दिइंदैन भन्ने निष्कर्षमा पुगिसकेका थिए । तर पनि जुनसुकै उपायबाट राजनीतिक प्रस्ताव पारित गराउने निश्चयअनुरूप उनीहरू आपसी छलफलबाट उक्त प्रस्ताव तयार गर्नेतर्फ सक्रिय थिए । आन्दोलनको मनस्थितिमा लागेर एकता गरिनुपर्ने धारणाका पक्षपाती गणेशमान सिंहले उक्त छलफलमा आगामी आन्दोलन सत्याग्रह हुनुपर्दछ र त्यसमा भाग लिनका लागि अन्य राजनैतिक दलहरूलाई पनि आव्हान गर्नुपर्दछ भन्ने तर्क राखे ।[१५७०] सिंहको प्रस्तावपश्चात व्यापक छलफल एवं विचार विमर्श गरियो । जसका अन्तमा आन्दोलनको तिथि र स्वरूपबारे पुनः भेला बोलाएर निर्णय गर्ने कुरामा सहमती कायम गरी सबैका सहयोगले देशव्यापी शान्तिपूर्ण र अहिंशक आन्दोलन प्रारम्भ गर्ने घोषणायुक्त राजनीतिक प्रस्ताव तयार गर्ने निर्णय भयो । जसलाई कार्यान्वयन गर्न महामन्त्री कोइराला प्रस्तावक र महेन्द्रनारायण निधि समर्थक रहेको एक राजनीतिक प्रस्ताव तयार गरेर सम्मेलन सम्पन्न हुन नदिइएका खण्डमा महाँकाल अगाडिको सडकपेटीमा भेला भएर पढ्ने एवं पारित गर्ने निर्देशनसहित प्रस्तावको एक प्रति दिएर गोविन्दराज जोशीलाई पढ्न जिम्मा दिइयो ।[१५७१]

नेताहरूको पूर्वानुमान अनुरूप नै तत्कालीन प्रशासनले भेलाकै दिन अर्थात् चैत्र २४ गते बिहानै गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला आदिलाई आ-आफ्नै

---

[१५६८] *राष्ट्रपुकार,* २०४० साल चैत्र २३ गते ।

[१५६९] (क) निलाम्बर पन्थी, श्यामसुन्दर तिवारी, शुक्रराज शर्मा, महेश्वर लाल श्रेष्ठ, गंगाधर लम्साल, विमलेन्द्र निधि, लालकिशोर शाह, कमलेशकुमार शर्मा र गिरिराज आचार्यसँगका अन्तर्वार्ताहरू ।
(ख) *राष्ट्रपुकार,* २०४० साल चैत्र ३० गते ।

[१५७०] (क) गणेशमान सिंह, "यस्तो थियो सत्याग्रहको निर्णय प्रक्रिया," *साप्ताहिक पुनर्जागरण,* प्रल्हाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५४ साल भदौ १७ गते, पृ. ३ ।
(ख) डा. मीता सिंह, *बाँसँगका संझनाका क्षणहरू,* काठमाडौं : मीता सिंह, २०५५, पृ. १०५ ।

[१५७१] बाबुराम राना, वासुदेव रिसाल, निलाम्बर पन्थी र शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।

निवासमा नै नजरबन्द गर्नुका साथै क्षेत्रपाटीमा व्यापक प्रहरी परिचालन गऱ्यो ।[१५७२] कार्यक्रम स्थल गणेशमान सिंहको घरमा अघिल्लै दिनदेखिको प्रहरी घेराबन्दी कायमै रहेकाले त्यस दिन पूर्वनिर्धारित गोप्य कार्यक्रम अनुरूप बचेका सबैजसो कार्यकर्ता वीर अस्पतालको पूर्वपट्टि महांकालनेरको सडक पेटीमा जम्मा भएर राजनीतिक प्रस्ताव बाँड्ने, पढेर सुनाउनेतर्फ लागे । नेताहरूबाट जिम्मा पाएका गोविन्द राज जोशीले संक्षेपमा उक्त प्रस्ताव पढेपछि उपस्थित कार्यकर्ताहरूले करतल ध्वनीसाथ पारित गरेका थिए । जम्मा ४५ मिनटको अवधिमा ठूलो संयम र शालिनताका साथ बसेका कार्यकर्ताद्वारा त्यस दिन पारित गरेका प्रस्तावअनुसार ने.का. ले उक्त भेलाद्वारा निम्नलिखित निर्णयहरू गरेको घोषणा गरियो –

१. पञ्चायतको विकल्प पञ्चायत नै हुन सक्दैन, अतयव यसको सम्पूर्ण असफलतालाई स्वीकार गरी पूर्ण प्रजातन्त्रको पुनर्स्थापनाको घोषणा तुरुन्त हुनु पर्दछ ।

२. देशका नागरिकको कुण्ठित मौलिक अधिकारको प्राप्तिका लागि यो सम्मेलन सबैका सहयोगले एक देशव्यापि शान्तिपूर्ण र अहिंशक जनआन्दोलन प्रारम्भ गर्ने निर्णय गर्दछ ।

३. यस आन्दोलनको प्रारम्भको मिति र रूपबारे ६ महिना पछि पुनः एक यस्तै सम्मेलनद्वारा निर्णय हुनेछ ।[१५७३]

महांकालनेरको सडक पेटीमा ने.का. को संक्षिप्त सम्मेलन सम्पन्न गरिंदासम्ममा सहभागीहरूलाई प्रहरीले चारैतिरबाट घेरा हालिसकेको थियो । निर्धारित स्थलमा जानसमेत नदिएर सडक पेटीमा जम्मा हुँदा पनि प्रहरी हस्तक्षेप हुन थालेपछि आक्रोशित भएका कार्यकर्ताहरूले त्यसपछि तुरुन्त वी.पी. वाद जिन्दावाद, प्रजातन्त्र ल्याउनु छ देशलाई बचाउनु छ, हत्यारा सरकार मुर्दावाद आदि नारा लगाउँदै गिरफ्तारी दिन थाले ।[१५७४] कतिपय कार्यकर्ता त्यहाँबाट उम्केर हत्यारा सरकार मुर्दावादलगायतका नारा लगाउँदै नयाँ सडकलगायतका ठाउँसम्म पुगेर पनि गिरफ्तारी दिएका थिए । सदाभन्दा विपरीत त्यस दिन अत्यन्त भद्र व्यवहार देखाएर प्रहरीले करिब ३०० जनालाई गिरफ्तार गरेको थियो भने अघिल्लो दिन समातिएका लगायत सबैलाई साँझ ८ बजेतिर रिहासमेत गरेको थियो ।

यसप्रकार राष्ट्रिय एकता र मेलमिलाप नीतिअनुरूप "न संघर्ष न समर्पण" को मार्गमा बढेर राजशक्ति एवं जनशक्तिबीच समझदारी विकास गर्दै गतिशीलता प्राप्त गर्नेतर्फ लागेको

---

१५७२ *राष्ट्रपुकार,* टिप्पणी संख्या १३३ (ख) ।

१५७३ (क) *पूर्ववत्* ।
(ख) २०४० साल चैत्र २४, २५ र २६ को काठमाडौं सम्मेलनले पारित गरेको राजनैतिक प्रस्ताव, हेनर्नुहोस्, *राष्ट्रिय पुनर्जागरण,* पूर्णाङ्क १२? माथवर सिंह वस्नेत (सं./प्र.), काठमाडौं : २०४१ कार्तिक/मंसीर, पृ. ६० ।

१५७४ (क) बाबुराम राना, गिरिराज आचार्य, बालकृष्ण खाँण, रामचन्द्र पौडेल, गंगाधर लम्साल, वृखेशचन्द्र लाल, गोविन्द, कँडेल, रामचन्द्र अधिकारी र शुक्रराज शर्मासँगका अन्तर्वार्ता ।
(ख) गोपाल कुमार वस्नेतसँग २०६० जेठ ३ गते चारपाने झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) शेषनाथ अधिकारीसँग २०६२ असार ११ गते तिनकुने काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) महन्थ ठाकुरसँग २०६१ जेठ १५ गते धोवीघाट चौंक ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) रामचन्द्र अधिकारी, "भेटवार्ता," *वेग,* अर्जुन के.सी. (सं.), काठमाडौं : ने.वि. संघ लमजुङ काठमाडौं सम्पर्क समिति, २०४६, पृ. २२ ।

ने.का. लाई पञ्चायतका सञ्चालकहरूले दबाउने प्रयास गर्दै आन्दोलनको उद्घोष गर्न बाध्य बनाए । कतिपय राजनेता एवं विज्ञहरूले यो आन्दोलन उद्घोषका पछाडि २०२७ सालदेखि देशभित्रै शान्तिपूर्ण सत्याग्रह आन्दोलन गर्ने कृष्णप्रसाद भट्टराईको अमुर्त चाहनाले मूर्त रूप लिएको दावी गरेको पाइन्छ तापनि वास्तविकताको कसौटीमा राखेर हेर्दा जनमत संग्रहपश्चात विजय उन्मादले मदमत्त भएका पञ्चायतका सञ्चालकहरूले वी.पी. को नीधनपश्चात ने.का. प्रति अवलम्बन गरेको नीति र त्यसको चरम उत्कर्ष रूपी घटना सुरजपुरा काण्डको परिणतीले गर्दा यो उद्घोषको टुङ्गोमा पुगेको देखिन्छ । किनकी त्यस अगावै भएको क्षेत्रपाटी सम्मेलनले आन्दोलनको आवश्यकता औंल्याए पनि आन्दोलनबारे पार्टीभित्रै एकमत हुन सकेको थिएन । तर सुरजपुरा काण्डले एकातिर ने.का. को मेलमिलाप नीतिलाई विफल पार्न पञ्चायतभित्रकै एउटा उग्रवादी तत्त्व सक्रिय भएर जस्तोसुकै हिंशा र दमन गर्न पनि अग्रसर छ भन्ने स्पष्ट गऱ्यो भने अर्कातिर ने.का. का कार्यकर्तामात्र नभएर देशका बुद्धिजीवी, सम्पूर्ण पञ्चायत विरोधी जमातलगायत उदारवादी-राष्ट्रवादी पञ्चलाई समेत आक्रोशित बनाइदियो । फलस्वरूप पार्टीभित्र आन्दोलन गर्नु हुँदैन भन्नेहरू पनि चुप लाग्नुपर्ने भयो भने आन्दोलन गर्नु पर्दछ भन्नेहरूले बल प्राप्त गरे । देशव्यापि यस्तो आक्रोश उत्पन्न भएका बेला पञ्चायती निरंकुशतालाई दरिलो झड्का दिनुपर्ने दवाव आउन थालेपछि नेतृत्व वर्गबाट उक्त काण्डको एक महिनापश्चात नै राष्ट्रिय भेला बोलाएर आन्दोलनको उद्घोष गरिएको थियो । जसको पुष्टिका लागि “यादवनाथ आलोकको दुःखद हत्याकाण्ड पछि नै पार्टीले देशमा वर्ष दिन भित्रै शान्तिपूर्ण जनआन्दोलन गर्ने निर्णय गरेको हो”[१५७५] भन्ने तत्कालीन अध्यक्षको स्वीकारोक्तिलाई लिन सकिन्छ । जे भए तापनि समग्रमा भन्नुपर्दा २०३३ साल पौष १६ गते राजासँग संघर्ष र पञ्चायतसँग आत्मसमर्पण नगर्ने उद्घोषसहित वी.पी. को नेतृत्वमा मेलमिलाप नीति लिएर प्रवाश छाडेर नेपाल फर्किएपछि सत्ता पक्षबाट वेमानी, छलकपट, दमन, हत्यालगायतका क्रियाकलाप सञ्चालन गर्दा पनि वी.पी. को जीवनकालभरि उक्त नीतिमा अटल रहेर सहनशीलताको परिचय दिंदै गतिशीलताको प्रयासमा लागेको ने.का. ले वी.पी. को नीधनको २० महिना १८ दिनपछि शान्तिपूर्ण अहिंशात्मक जनआन्दोलनको उद्घोष गऱ्यो । जसको मूल कारण व्यवस्थावादीहरूको गतिरोधबाट उत्पन्न परिस्थिति नै थियो ।

## ७.६ आन्दोलनको तयारी एवं स्वरूप निर्धारण

प्रशासनिक हस्तक्षेपका कारणले निर्धारित कार्यकर्ता भेला हुन नसके तापनि आफ्नो निश्चयमा अडिग रहेका ने.का. का कार्यकर्ताहरूले सडक पेटीमा जम्मा भई प्रस्ताव पारित गरेर आन्दोलन घोषणा गरेपछि नेपालको राजनैतिक वातावरण अनायासै तात्न थाल्यो । घर-कम्पाउण्डभित्र जम्मा भएर भेला वा सम्मेलन गर्न नदिइएकोमा सबैतिरबाट सरकारको निन्दा

---

[१५७५] कृष्णप्रसाद भट्टराई, “आलोक र हाम्रो प्रतिज्ञा,” *आलोक स्मृतिग्रन्थ,* निलाम्बर पन्थी आदि (सं.), रूपन्देही : श्रीमती सीता लक्ष्मी न्यौपाने, २०४३, पृ. (ग) ।

एवं भर्त्सना पनि सुरु भयो । अर्कातिर विरोधिहरूको गतिशीलता विरुद्ध बढेर पेल्ने नीति अनुरूप सक्रिय रहेका व्यवस्थाका निकायहरूको मनोबल पनि बढ्दै गएको थियो । सूर्यबहादुर थापा सरकारले भ्रष्टाचार एवं अनियमितता बढाएको लगायतका आरोप लगाएर अविश्वास प्रस्तावद्वारा हटाई स्थापित हुन पुगेको लोकेन्द्रबहादुर चन्द सरकारको कार्यकालमा पनि अन्याय, अत्याचार, तस्करी, भ्रष्टाचारको बृद्धि सँगै "पहिला पक्रेर थून्नुस् पछिमात्र सुन्नुस्" नीतिअनुरूपको कानुनी राज्य स्थापित हुन पुगेको थियो ।[१५७६] जसबाट सर्वत्र विरोध हुन थालेको अवस्थामा सरकारले सबैलाई समेटेर लाने खालको नीति अवलम्बन गर्ने प्रयासअनुरूप बहुदलवादी एवं उदारवादीहरूका रूपमा चिनिएर निर्वाचित भएका रा.पं.स. हरूसँग वार्तालाप प्रारम्भ गऱ्यो । उक्त कुराको जानकारी पाउनासाथ यथास्थितिवादीहरूले आफ्नो कार्यकालमा राज्य प्रशासनको महत्त्वपूर्ण अवयवका रूपमा स्थापित गरेका विश्वस्त अनुचरहरूलाई प्रयोग गर्न थाले । परिणामस्वरूप राज्यको केन्द्रीय नीति नहुँदानहुँदै पनि व्यवस्था सञ्चालनका महत्त्वपूर्ण अवयव मानिने निकायमा रहेका केही पदाधिकारीहरूले बढी अन्धभक्त वा प्रतिबद्ध भएको देखाउन, आफ्नो तिव्र समर्थन प्रस्तुत गर्न र आफ्नो स्वार्थ पूरा गर्न अवलम्बन गरेको कठोर नीतिबाट मुलुकमा पञ्चायत क्रमशः कठोर हुँदै गए जस्तो स्थिति देखिँदै थियो ।[१५७७]

देशभित्र पञ्चायतभित्रको अन्तर्द्वन्द्व चरम रूपले बढ्दै गएको र प्रशासनिक निकायबाट केन्द्रीय सरकारको नीति विपरीतका घटनाहरू घटाउन थालिएको अवस्थामा नागरिक स्वतन्त्रताका प्रत्येक अधिकारहरू बन्धक जस्तै हुनपुगे । फलस्वरूप मुलुक एवं मुलुकबासीमा मानव अधिकार एवं प्रजातन्त्र पुनर्वहालीका लागि तिब्र छटपटी देखिन थाल्यो । त्यस्तो उत्तेजनात्मक अवस्थामा ने.का. ले राजनैतिक दलमाथिको प्रतिबन्ध हटाई नागरिकहरूका नैसर्गिक मानवीय हकहरू अकुण्ठित राख्ने प्रजातन्त्रको स्थापना, प्रेश स्वतन्त्रता, राजबन्दीहरूको रिहाइजस्ता माग वा कुराहरू उठाएर आन्दोलनको घोषणा गर्नाले नेपाली प्रेश एवं जनस्तरमा निकै चर्चा चल्न थाल्यो ।[१५७८] देशका विभिन्न पत्रपत्रिकाहरूले ने.का. द्वारा प्रस्तावित आन्दोलनका विविध पक्षमाथि प्रकाश पार्ने खालका समाचार, अन्तवार्ता, लेख, कार्यक्रमका रिपोर्ट आदिलाई प्राथमिकता दिएर छाप्न थाले । तत्कालीन चन्द सरकारले पत्रपत्रिकामाथि अंकुश लगाउने प्रयत्न गरे तापनि प्रधानमन्त्री चन्द स्वयं आफ्नो अस्तित्व रक्षाको संकटमा परेकाले र उनका विरोधि पञ्चद्वारा नै "भूमिगत गिरोहको लाचार छाँया" को उपमा दिइएकाले पत्रपत्रिकाहरू सरकारी अंकुशसँग डराउने अवस्थाबाट मुक्त भइसकेका थिए ।[१५७९] फलस्वरूप ने.कां को प्रस्तावित आन्दोलनका विविध पक्ष एवं त्यसप्रतिका प्रतिक्रियामाथि कलमजीवीहरूले

---

[१५७६] विस्तृतिका लागि कन्हैयालाल नन्दन, "नेपाल यात्राकी तिसरी किस्त, पहले ठुन्नुस पिछे सुन्नुस्", *दिनमान,* कन्हैयालाल नन्दन (सं.), नया दिल्ली : टाइम्स अफ इण्डिया, २८ अगस्त ३ सितम्बर १९८३, पृ. २९-३१ ।

[१५७७] लोकेन्द्रबहादुर चन्दसँग २०६१ साल चैत्र २ गते लोकन्थली भक्तपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१५७८] गौतम, टिप्पणी संख्या १२३, पृ. १८९ ।

[१५७९] नेपाल, टिप्पणी संख्या ३९, पृ. ३०-३१ ।

प्रकाश पार्ने र प्रेशले देशव्यापी बनाउने प्रक्रिया प्रारम्भ भयो । जसले आन्दोलनको तयारीतर्फ पार्टी सक्रियता बृद्धि भएको सन्देश प्रवाहित गर्न ठूलो मद्दत पुऱ्यायो ।

आन्दोलनको घोषणाले देशमा व्यापक उत्तेजना एवं सनसनीपूर्ण वातावरण सिर्जना गरेको भए तापनि ने.का. भित्रका असहमती एवं समस्याहरू भने पूर्णतः समाप्त भएका थिएनन् । नेतृत्व वर्गबाट सुरजपुरा काण्डले कार्यकर्तामा उत्पन्न हुन सक्ने भय, त्रास एवं विचलनको स्थितिलाई रोक्न र देशव्यापि रूपमा उत्पन्न पञ्चायतप्रतिको आक्रोशलाई आन्दोलनका रूपमा रूपान्तरण गर्न ६ महिनापश्चात्को सम्मेलनबाट तिथि तोकिने गरी आन्दोलनको उद्घोष गरेका थिए । तर त्यसबाट पनि आन्दोलन गर्दा मेलमिलापको मर्म विपरीत हुन्छ भन्नेहरू सन्तुष्ट थिएनन् भने आन्दोलनको स्वरूप निर्धारण पनि भएको थिएन । गणेशमान सिंहले २०२७ सालदेखि नै सत्याग्रह आन्दोलन गर्नु पर्दछ भन्ने पक्षमा अभिमत व्यक्त गर्दै आएका नेता कृष्णप्रसाद भट्टराईबाट विश्वास पाउने आशामा भावी आन्दोलन सत्याग्रह नै हुनुपर्ने धारणा सार्वजनिक गरेका थिए ।[१५८०] उनको विश्वास अनुरूप नेता भट्टराईले उक्त धारणालाई आँखा चिम्लेर समर्थन गरेपछि कार्यकर्ताहरू बीच सत्याग्रहबारे सार्वजनिक छलफल प्रारम्भ भयो । पत्रपत्रिकाहरूले पनि त्यसैअनुरूप पक्ष र विपक्षमा लेख्न थालेपछि बुद्धिजीवी, राजनीतिज्ञ आदिबाट समेत पक्ष र विपक्षमा धारणाहरू सार्वजनिक हुन थाले । यसरी राजनीतिक जीवनका सबैजसो क्षेत्रमा सत्याग्रहकै सन्दर्भमा चर्चा परिचर्चा प्रारम्भ भएपछि नेपालका बामपन्थी समूहहरू पनि सक्रिय भएर सत्याग्रहको औचित्य आवश्यकता आदिमाथि प्रकाश पार्दै छलफल-वहस चलाउनेतर्फ सक्रिय भए । यसप्रकार आगामी भेलाबाट स्वरूप निर्धारण गरिने प्रस्ताव पारित भएको भए तापनि सबैजसो क्षेत्रबाट गणेशमान सिंहको सत्याग्रह प्रस्तावले मान्यता पाएपछि भावी आन्दोलनका रूपमा सत्याग्रह हुने निर्धारित हुन गयो ।

देशमा प्रस्तावित सत्याग्रह आन्दोलनको चर्चा परिचर्चा एवं बामपन्थीहरूको समर्थनका आसय सार्वजनिक भएपछि पञ्चायत वृत्तमा व्यापक खैलाबैला मच्चियो । सदैव ने.का. भित्र झगडा वा वैमनस्यता उत्पन्न गराएर कमजोर पारि आफ्नो स्वार्थसिद्ध गर्न पल्केका पञ्चायतवादीहरू सक्रिय भएर राजासँग साँठगाँठसमेत गरी आन्दोलन भाँड्नका लागि षडयन्त्र गर्न लागे । सदैव ने.का. एक ढिक्का हुन नसकोस् भन्नेतर्फ ध्यान पुऱ्याउँदै आएका षडयन्त्रकारीहरूले महामन्त्री कोइरालालाई राजासँग भेटाएर "विकल्प खोजी प्रस्ताव" तेर्स्याएर दिग्भ्रमित बनाउने प्रयास गरे ।[१५८१] त्यसबाट पार्टीभित्र पुनः आन्दोलन वा विकल्प भन्ने

[१५८०] गणेशमान सिंह, "भ्यागुताको धार्नी पुऱ्याउने अभ्यास," *साप्ताहिक पुनर्जागरण,* प्रल्हाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५४ साल भदौ २४ गते, पृ. ३ ।

[१५८१] विकल्प खोजी प्रस्ताव एवं त्यसका लागि सञ्चालित गतिविधिलगायतका विवरणका लागि हेर्नुहोस् यसै अध्यायमा "विकल्प खोजी अभियान एवं परिणती ।"

आवाजहरू उठ्न थाले तापनि जनाधार निर्माण कार्यमा गतिरोध आउन नदिने निश्चयसँगै नेताहरू सक्रिय भएकाले सत्याग्रहको चर्चा परिचर्चासँगै तयारी कार्य भने अगाडि बढ्दै गयो ।

ने.का. द्वारा आगामी आन्दोलन सत्याग्रह नै हुनेछ भन्ने कुरा पार्टीको सम्मेलनबाट निर्णय गराउनुपर्ने भएकाले आधिकारिक रूपमा घोषणा नगरिए तापनि कार्यकर्ताद्वारा चलाइएको छलफललाई नै पत्रपत्रिकाहरूले आधिकारिक मानी दिनाले स्वतह नै स्वरूप निर्धारण भएजस्तो भयो । कार्यकारी अध्यक्ष एवं सर्वोच्च नेता सत्याग्रहकै पक्षमा भएकाले पनि त्यस्तो भएको हुन सक्दछ । त्यो स्थितिमा सत्याग्रहका पक्षविपक्षमा लेख्ने क्रम सुरु भएपछि सत्याग्रहको अर्थ एवं मर्म स्पष्ट गर्नु जरुरी भयो । त्यसैले पार्टीका तत्कालीन प्रचारप्रसार समितिका संयोजक रामचन्द्र पौडल कार्यकारी अध्यक्षकहाँ पुगेर सत्याग्रहबारे आलोचना, समर्थन एवं अडकलबाजी चलिरहेको लगायतका कुरा स्पष्ट गर्दै सत्याग्रहको परिचय, उद्देश्य, यसमा पालना गर्नुपर्ने आचरण, अहिंशा, यसले दिने सन्देशलगायतका सबै पक्ष स्पष्ट पारी आमजनतालाई प्रष्ट जानकारी दिने सामग्री निर्माण गर्नुपर्ने आवश्यकता स्पष्ट गरे ।[१५८२] सम्पूर्ण योजना तयार नगरिकन र आवश्यकताका विविध पक्षको अध्ययन एवं तयारी विना आन्दोलनको घोषणा गर्ने र कसैले आवश्यकता वा कमिकमजोरी औंल्याउँछ भने त्यसलाई नै उक्त कार्यको जिम्मा दिने ने.का. को परम्परागत प्रचलनअनुरूप नेता भट्टराईले पौडेलको प्रस्तावलाई पूर्णरूपले समर्थन गर्दै सत्याग्रहसम्बन्धी सबै सामग्री अध्ययन गरेर सर्वपक्षमाथि प्रकाश पार्ने सामग्री तयार गर्न उनैलाई जिम्मा दिए । नेताबाट आफूलाई दिएको जिम्मेवारी स्वीकार गर्दै फर्केका पौडलले त्यसपछिका केही दिनसम्म भारतीय सांस्कृतिक केन्द्रको काठमाडौंस्थित पुस्तकालयलगायतका विभिन्न पुस्तकालय घुमेर सत्याग्रहसम्बन्धी सामग्रीको खोजी एवं अध्ययन प्रारम्भ गरे । जसका अन्तमा सत्याग्रहको परिचय, अर्थ, उद्देश्य, सत्याग्रहीले पालना गर्नुपर्ने नियम, कार्यक्रम, सत्याग्रहीका आचरण एवं गुणहरू आदि सम्पूर्ण पक्षहरूबारे प्रकाश पार्ने सामाग्री तयार गरी पार्टीको प्रचारप्रसार समितिका नामबाट प्रकाशित गरे ।[१५८३] सत्याग्रहसम्बन्धी जानकारी दिने उक्त सामग्री तयार भएपछि नेतृत्व वर्गबाट त्यसका आधारमा कार्यकर्ता प्रशिक्षित गर्ने जनतामा चेतना जगाउने र सत्याग्रहका लागि जनाधार तयार गर्ने लगायतका कार्य गर्ने निश्चयसँगै अभियान प्रारम्भ गरियो ।

जनजागरण जगाउनुका साथै कार्यकर्ताहरूका मनबाट भय र त्रास अन्त गरी आन्दोलनका लागि तत्पर बनाउने उद्देश्यअनुरूप सर्वप्रथम गाउँ-गाउँमा पुगेर भेटघाट, छलफल, कोणसभा, जनसभा जस्ता कार्यक्रमद्वारा जनतालाई सत्याग्रहको अर्थ र महत्त्व बुझाएर तयार

---

[१५८२] रामचन्द्र पौडेल, टिप्पणी संख्या १३ (घ) ।

[१५८३] विस्तृतिका लागि :

(क) बद्रीनारायण गौतम, टिप्पणी संख्या २४ (ख), पृ. १८९-९९ ।

(ख) नेपाली कांग्रेस केन्द्रीय प्रचारप्रसार समिति, *सत्याग्रह किन ? र कसरी ?*, काठमाडौं : २०४१, पृ. १-२४ ।

गराउने कार्यक्रम तय भयो । यस क्रममा देशव्यापी निर्देशन जारी गरिएपछि जिल्ला स्तरीय पार्टीका नेता एवं कार्यकर्ताहरू सक्रिय भए । फलस्वरूप विभिन्न जिल्लाहरूमा आन्दोलनको तयारीस्वरूप कार्यकर्ताको नामावली संकलन गर्ने, शिविर आयोजना गर्ने लगायतका कार्य थालिए । जनताहरूको सक्रियतामा यस्ता कार्य प्रारम्भ भएपछि उत्पन्न परिस्थितिलाई अझै उपलब्धिमुलक बनाउने सोचअनुरूप नेतृत्व तहबाट तिथि निर्धारण लगायतका विषयमा कार्यकर्ताहरूसँग प्रत्यक्ष सम्पर्क राखी छलफल चलाउनका लागि क्षेत्रीय भेलाको कार्यक्रम प्रस्तुत गरियो । पूर्वाञ्चल क्षेत्रका कोशी र मेची अञ्चल सम्पर्क समितिको आयोजनामा सर्वप्रथम विराटनगरमा क्षेत्रीय भेला गर्ने कार्यक्रम निर्धारण भएपछि बढेको सक्रियताका अन्तमा २०४१ साल आषाढ ६ गते भेला सुरु भयो । करिब २०० जति कार्यकर्ताहरूले भाग लिएको उक्त सभाको उद्घाटन गर्दै ने.का. का कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईद्वारा हाम्रा महामन्त्रीलाई दर्शनभेट दिँदाको क्रममा राजाले गरेका विकल्प खोजीका कुराबाट विपक्षी वा पंचहरू अतालिएको जनाउँदै ने.का. देशमा प्रजातन्त्र पुनर्स्थापना गर्नका लागि आन्दोलनको कार्यक्रम लिएर बढिरहेको कुरा स्पष्ट पारियो ।[१५८४] सदाझैं त्यस पटक पनि चलेका हल्लाहरू विपरित प्रशासनका तर्फबाट कुनै हस्तक्षेप नगरिएपछि दुई दिनसम्म चलेर व्यापक छलफल गरेर राजनैतिक, आर्थिक, वैदेशिक र मेलमिलापसम्बन्धी ४ वटा प्रस्ताव पारित गर्दै सम्पन्न भएको उक्त सम्मेलन वा भेलाबाट पंचायत केही उदार हुन खोजेको संकेत प्राप्त भयो ।

विराटनगर भेला सम्पन्न भएपछि कार्यकर्ताको मनोबल वृद्धिसँगै पूर्वाञ्चलमा आन्दोलनको आवश्यकता-औचित्य लगायतको सन्देश प्रवाहित गर्न सफल भएको ठानेर ने.का. ले आषाढ १० गते काठमाडौँमा आयोजित आमसभा भव्य बनाउनेतर्फ लाग्यो । तर ऐन समयमा वागमती अञ्चल प्रशासनको आदेशमा आमसभामाथि रोक लगाइएपछि पंचायती व्यवस्था र त्यसको प्रशासनिक संरचना समान सिद्धान्तका आधारमा संचालन नभएको तथ्यता प्रष्ट हुन गयो । कार्यक्रम गर्न नपाएपछि आक्रोशित भएको ने.का. ले त्यसै दिन केन्द्रीय कार्यालयबाट प्रेशविज्ञप्ति जारी गर्दै “मुलुकका सामु विकरालरूपले उपस्थित आर्थिक, सामाजिक, राजनैतिक समस्याहरूबारे विचार व्यक्त गर्ने र देशवाशिहरूलाई सचेत तुल्याउने उद्देश्यले आयोजित कार्यक्रम माथि रोक लगाउने घोर अप्रजातान्त्रिक सरकारी निर्णयको” तिब्र भर्त्सना गऱ्यो ।[१५८५]

---

[१५८४] (क) *राजधानी साप्ताहिक,* २०४१ साल आषाढ ११ गते ।
(ख) *राष्ट्रपुकार,* २०४१ साल आषाढ १५ गते ।
(ग) *नेपालपुकार साप्ताहिक,* २०४१ साल आषाढ १४ गते ।

[१५८५] विस्तृतिका लागि ने.का. केन्द्रीय कार्यालयद्वारा २०४१ साल असार १० गते जारी गरेको प्रेश वक्तव्य ।

काठमाडौंको आमसभा रोकिएपछि सरकारको नीति झन स्पष्ट भएकाले आफ्नो निश्चयमा अडिग रहेको ने.का. ले वापन्थीहरूसँग तालमेलको प्रयास[१५८६]लाई निरन्तरता दिएर सामाजिक गतिविधिमा संलग्न हुने र जनसम्पर्क-भेटघाट कार्यक्रम गर्नेतर्फ लाग्यो । जनसम्पर्कका क्रममा पूर्वाञ्चल पुगेका महामन्त्री कोइरालाले विभिन्न कार्यक्रममा सम्बोधन गर्दै राजा र व्यवस्था एउटै कुरा नभएको जनाउँदै ने.का. को संभावित सत्याग्रहको निर्णय राजाका खिलाफ नभएर राजाको मर्यादा बढाउन गरिएको, पंचहरूले राजालाई हरेक समस्याका लागि जिम्मेवार ठहऱ्याउने स्थिति सिर्जना गर्न खोजेको लगायतका तथ्यमाथि प्रकाश पारे ।[१५८७] कार्यकारी सभापती कृष्णप्रसाद भट्टराईले पनि जनसम्पर्क अभियानका साथै विभिन्न पत्रपत्रिकालाई अन्तर्वार्ता दिने क्रममा आन्दोलनको औचित्य एवं आवश्यकता स्पष्ट गर्ने प्रयास गर्दै थिए । त्यसका लागि उनले २०१७ सालदेखि जुन उद्देश्य प्राप्तिका लागि ने.का. ले विद्रोह र असहमतीको झण्डा बोकेर हिडेको छ अझै त्यसको प्राप्ति नभएको स्थितिमा संगठनद्वारा नवयुवकहरूको वृहद एवं अनुशासनवद्ध क्रान्तिकारी जमात तयार गरी सफल संचालन गर्नु पर्ने[१५८८] लगायतका धारणाद्वारा आन्दोलनका लागि बलियो संगठन निर्माणको आवश्यकता औंल्याउँदै थिए । यसबाहेक भट्टराईले हरेक जसो जिल्ला स्तरीय आफ्नो संगठन एवं भातृ संस्थाहरूलाई शुद्धीकरण लगायत सत्याग्रहीले पालना गर्नु पर्ने नियमबारे जानकारी प्राप्त गरेर व्यवहारिक रूप दिनका लागि अभ्यस्त हुन निर्देशन पनि दिएका थिए ।

जनसम्पर्क, सामाजिक कार्यमा सहभागितालगायतका कार्यक्रममा केही समय बिताएपछि ने.का. ले पुनः क्षेत्रीय सम्मेलन वा भेलाहरू प्रारम्भ गर्नेतर्फ कदम चाल्यो । नेताहरू बीच आपसी सहमतिपश्चात् पार्टीको केन्द्रीय कार्यालयद्वारा २०४१ साल कार्तिक १६ गतेदेखि मंसीर ६ गतेसम्म क्रमशः पोखरा, नारायणगढ, राजविराज, नेपालजञ्ज र धनगढी आदि पाँच ठाउँमा केन्द्रीय सम्पर्क समितिका सदस्यहरूको क्षेत्रीय भेला वा सम्मेलन गर्ने कार्यक्रम सार्वजनिक गरियो ।[१५८९] सरकारद्वारा अभिव्यक्तिको स्वतन्त्रतामाथि रोक एवं निषेध गरिएकै अवधिमा देशको राजनीतिक स्थितिको मूल्याङ्कन गर्दै प्रस्तावित सत्याग्रह जस्ता गम्भीर र सम्बदेनशील विषयमा गहन छलफल गर्न आयोजित भेलाहरू माथि प्रशासनिक हस्तक्षेप हुने संभावना तिव्र थियो । त्यो स्थितिमा नेताहरूको कार्यक्रम सार्वजनिक हुनासाथ राजधानीमा किसिम-किसिमका हल्लाहरू चल्न थाले । जसमध्ये नेताहरूलाई सम्मेलनमा जान नदिनका लागि कार्तिक १४ गतेदेखि नै घर-घरमा नजर बन्द गरिने छ, घरबाट हिँडेपछि त्रिपुरेश्वरमा

---

[१५८६] आन्दोलनको उदघोषपछि एकात्मक तालमेलका लागि ने.का. ले गरेका प्रयास एवं गतिविधिका लागि हेर्नुहोस् यसै अध्यायमा "एकात्मक आन्दोलनका लागि गरिएका प्रयास एवं उपलब्धि" ।

[१५८७] *नेपालपुकार साप्ताहिक,* २०४१ साल भाद्र ६ गते र १३ गतेका अङ्कहरू ।

[१५८८] जीवनचन्द्र कोइराला (सं.), *कृष्णप्रसाद भट्टराईका रचना,* काठमाडौं : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५५, पृ. १०० ।

[१५८९] (क) *राजधानी साप्ताहिक,* २०४१ साल कार्तिक १२ गते ।
(ख) *नेपाल पुकार साप्ताहिक,* २०४१ साल कार्तिक १४ गते ।

समातेर थुन्ने छ, नेताहरू चढेका गाडी थानकोटबाट अगाडि जान नदिई फर्काइने छ, पोखरामा पुग्न दिए पनि पञ्चहरूका रूपमा गुण्डा लगाएर पिटाउने योजना छ, कार्यक्रम गर्न जानासाथ समातेर गेष्टहाउसमा बसाउने छ तर कार्यक्रम गर्न दिने छैन, मारपिट गर्न नदिने तर कोठाभित्र मिटिङ्ग गर्न नरोकिने आदि[१५९०] मुख्य थिए । हरेक पटकका कार्यक्रमहरूमा चल्ने यस्ता हल्लाहरू चले तापनि वास्ता नराखी हिंडेका कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालालगायत १६ जनाको समूह २ वटा जीपद्वारा यात्रा पूरा गरी पोखरा पुग्यो । पोखरामा सक्रिय नेता एवं कार्यकर्ताहरूमध्ये अधिकांशलाई स्थानीय प्रशासनले गिरफ्तार गरिसकेको अवस्थामा जोगिएका कार्यकर्ताहरूले नेताहरूको स्वागत गरी फेवाताल पारि पुऱ्याएर बस्ने प्रबन्ध मिलाए ।

भोलिपल्ट अर्थात् कार्तिक १६ गते प्रशासनिक सरगर्मीका कारणबाट उत्पन्न अवरोधले गर्दा अस्तव्यस्त स्थिति हुँदाहुँदै पनि कार्यकर्ताहरू जम्मा हुन थाले । निश्चित समयसम्ममा आशा गरेभन्दा बढी कार्यकर्ताहरू जुटेपछि अध्यक्षद्वारा भेला उद्घाटन गरेर भारतकी प्रधानमन्त्री इन्दिरा गान्धीको हत्याप्रति शोक प्रस्ताव पारित गरेर स्थगित गरियो । त्यसपछि पोखरा फर्कन लाग्दा स्थानीय प्रशासनद्वारा अध्यक्ष, महामन्त्रीलगायत सबैजसोलाई गिरफ्तार गरेर शिष्ट व्यवहार एवं भाषामा कार्यक्रम गर्न नदिने जानकारी दिएर केही क्षण पछि छाडियो ।[१५९१] दोश्रो दिन पनि कार्यकर्तालगायतलाई सक्रिय हुन नदिनका लागि व्यापक धरपकड चलेकाले निर्धारित स्थलमा कार्यक्रम हुन नसकेपछि बचेका कार्यकर्ताहरूले नेताहरू बसेको फेवा लजमा जम्मा भएर नेताहरूकै उपस्थितिमा प्रस्तावहरू पारित गरे । यसै प्रकारको व्यापक धरपकड एवं हो हल्लाबीच नारायणगढ, राजविराज, नेपालगञ्ज, धनगढी आदि ठाउँमा भेलाहरू सम्पन्न गरिए । हरेक ठाउँमा केन्द्रीय नेतालगायत चिनिएका सबैजसोलाई प्रहरीले गिरफ्तार गर्ने र कार्यक्रम समय समाप्तिपछि छाड्ने, सम्बोधन गर्न नदिने, गिरफ्तारीबाट जोगिएका नेता एवं कार्यकर्ताहरूले एक ठाउँमा भेला भएर प्रस्ताव पढ्ने-पारित गर्नेलगायतका कार्यहरू गरेर सम्मेलन सफल भएको घोषणा गरियो ।[१५९२]

---

[१५९०] (क) रामचन्द्र पौडेल, शुशिल कोइराला, शैलजा आचार्य, चिरञ्जीवी वाग्ले, निलाम्बर पन्थीसँगको अन्तर्वार्ताहरू ।
(ख) गणेशराज शर्मासँग २०६२ असार १२ गते पुलतीसडक काठमाडौँमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) कुवेर शर्मा, *प्रजातन्त्रको बाटोमा नेपाल,* काठमाडौं : स्वयं, २०४१, पृ. ९ ।

[१५९१] विस्तृतिका लागि :
(क) शुक्रराज शर्मा, निलम्बर पन्थी, गोपालमान श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।
(ख) *राजधानी साप्ताहिक,* २०४१ कार्तिक १९ गते ।
(ग) *नेपाल पुकार साप्ताहिक,* २०४१ साल कार्तिक २२ गते ।
(घ) *राष्ट्रपुकार,* २०४१ साल कार्तिक २३ गते ।
(ङ) *पूर्ववत्* (ग), पृ. १० ।
(च) *सात दिने समीक्षा,* २०४१ साल कार्तिक १७ गते ।

[१५९२] (क) विस्तृतिका लागि (क) *पूर्ववत्* (ङ), पृ. १०-११ ।
(ख) *राजधानी साप्ताहिक,* २०४१ साल कार्तिक २६ गते, मंसीर ३ गते र ११ गतेका अङ्कहरू ।
(ग) *नेपाल पुकार साप्ताहिक,* २०४१ साल कार्तिक २२ गते, २९ गते, मंसीर ६ गते र १३ गतेका अङ्कहरू ।
(घ) *राष्ट्रपुकार,* २०४१ साल कार्तिक २३ गते, ३० गते र मंसीर ७ गतेका अङ्कहरू ।
(ङ) *सातदिने समीक्षा,* २०४१ साल कार्तिक २४ गते ।

तिब्र प्रशासनिक दमनको आशंका हुँदाहुँदै पनि हरेक ठाउँमा कार्यकर्ताहरूको व्यापक उपस्थिति, जनसहयोग, गिरफ्तार गरे तापनि उनीहरू प्रति गरेको प्रशासनको भद्र व्यवहार र सम्मेलनका समाचारहरू प्रति देशवासीले देखाएको चासो, कार्यकर्तामा प्रशासनको आँखा छलेर, लुकेर वा बचेर कार्यक्रम सफल पार्ने क्षमता, युवावर्ग, तरुण, विद्यार्थी, नयाँ कार्यकर्ता आदिको अधिकतम् सहभागिता, सबै ठाउँमा गरेर १७०० भन्दा बढीले दिएको गिरफ्तारी आदिलगायतका उपलब्धिहरू स्पष्ट गर्दै समाप्त भएका क्षेत्रीय भेला वा सम्मेलनहरूले नेपाली जनमानसमा ने.का. को स्थान सर्वोपरी रहेको मान्यतालाई पुनः स्पष्ट गऱ्यो । जसबाट एकातिर भावी आन्दोलनमा दरिलो जनसहभागिता हुने कुराको निश्चय भयो भने अर्कातिर भोलिका दिनमा तिब्र सरकारी दमनचक्रमा पेलिन पर्दैन की भन्ने क्षीण आशाको किरण पनि देखापऱ्यो । हरेकजसो सम्मेलनमा पारित गरिएका प्रश्ताव एवं जारिगरेका प्रेश सामग्रीहरूको आधारमा विश्लेषण गर्दा ने.का. ले राष्ट्रिय एकता तथा मेलमिलापको नीति, प्रस्तावित सत्याग्रह आन्दोलन एवं विकल्पको खोजीसम्बन्धी कार्यक्रममा कुनै किसिमको विरोधाभास उत्पन्न हुन नदिई यी सबै एक अर्काका पुरक हुन् भन्ने दर्शाउँदै र सबै दृष्टिकोणले इज्जत साथ भाग लिन सकिने स्थिति सिर्जना गरिएमा वार्ता वा चुनावबाट नभाग्ने अडान दोहोऱ्याउँदै आन्दोलन रहर होइन बाध्यता हो भन्ने नीति स्थापित गर्न खोजेको पाइन्छ ।

व्यापक धरपकड एवं होहल्लाबीच क्षेत्रीय सम्मेलन समाप्त गरेपछि सत्याग्रह आन्दोलनको तिथि निर्धारणलगायतका विषयमा पार्टीभित्र छलफल एवं विचार विमर्श प्रारम्भ भयो । सम्मेलनका बेलादेखि नै कृषिप्रधान मुलुकका अधिकांश जनता खेतीपातिको समयमा व्यस्त रहनुपर्ने हुनाले र हरेकजसो कार्यकर्ताहरूको जीवन निर्वाहको आधार पनि खेतीपाति नै भएकाले उपयुक्त अवसर खोज्नुर्पछ भन्ने सल्लाह सबैतिरबाट आएको थियो । तसर्थ वर्षायाम सुरु नहुँदै सत्याग्रह आन्दोलन प्रारम्भ गर्नुपर्ने भन्ने सबैतिरको सल्लाह सुझावलाई मध्यनजर गर्दै नेताहरू २०४२ साल जेठ १० गतेदेखि सत्याग्रह सुरु गर्ने निष्कर्षमा पुगे तापनि पूर्वनिर्णयअनुरूप पार्टीको सम्मेलन बोलाएर अनुमोदन गराउने तरखरमा लागे । आवश्यक नीतिलगायतका विषयमा अन्तिम छलफलसमेत गरेपछि नेतृत्व तहबाट २०४१ साल फाल्गुण २८ र २९ गते काठमाडौंमा कार्यकर्ताहरूको राष्ट्रिय सम्मेलन बोलाउने निश्चय गरी उक्त समाचार सार्वजनिक पनि गरियो ।

ने.का. प्रति अत्यन्त कठोर बन्दै गएको तत्कालीन सरकारद्वारा कुनै पनि प्रकारका सभा, सम्मेलन, गोष्ठि, भेला आदि हुन नदिने नीति अवलम्बन गरिंदै आएको स्थितिमा यो सम्मेलनको निर्णय गरिएपछि वातावरण अनायासै तात्न थाल्यो । गणेशमान सिंह, गिरिजाप्रसाद

---

(च) रामचन्द्र पौडेल, शैलजा आचार्य, बासुदेव रिसाल, निलाम्बर पन्थी, शुशिल कोइराला, शुक्रराज शर्मासँगका अन्तर्वार्ताहरू ।

(छ) उमेश गिरिसँग २०६० जेठ १ गते तिनटोलिया विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

कोइरालालगायतका नेताहरू त्यो स्थितिमा पुनः जिल्लागत भ्रमणमा निस्किएर जनतालाई सुसुचित पार्ने क्रममा विगत २४ वर्षमा पञ्चायती व्यवस्थाले गरेका हरेकजसो कार्य विश्लेषण गर्दै आगामी जनआन्दोलनको औचित्य स्पष्ट गर्नेलगायतका कार्यतर्फ लागे ।[१५९३] खुला रूपमा जनसभा गर्न नदिने प्रशासनिक नीतिअनुरूप पुऱ्याइएका हरेक अवरोधहरूलाई चिर्दै बढेका नेताहरूले घर-कम्पाउण्डभित्र नै भए पनि कार्यकर्तासँग भेटघाट एवं छलफल गर्दै आफ्नो लक्ष्य पूरा गरेर राजधानी फर्किए । त्यस अगावै काठमाडौँमा सम्मेलनको जानकारी दिएर बागमती अञ्चल प्रशासनसँग अनुमती माग्दा नदिएपछि धरपकड नगरिए तापनि सजिलै सम्मेलन हुन नदिने स्थिति स्पष्ट नै भइसकेको थियो र सम्मेलनको निर्णय पछि देखिनै राजधानीलगायतका ठाउँमा सम्मेलन हुन दिन्छ वा दिँदैन भन्नेबारे प्रशस्त हल्ला एवं अडकलहरू चलिरहेका थिए । जसबाट कार्यक्रम गर्न पाइने वा नपाइने अन्यौल कायमै रहे तापनि सार्वजनकि स्थल वा सभा हलमा कार्यक्रम गर्न नदिने निश्चित प्रायः भएकाले यसपटक पनि क्षेत्रपाटीस्थित गणेशमान सिंहकै घर-कम्पाण्डमा कार्यक्रम गर्ने निश्चय गरियो ।[१५९४]

सदैव प्रशासनिक अवरोधको सामना गर्दै आफ्नो कार्यक्रम सम्पन्न गर्ने दृढतासाथ बढेको ने.का. ले यसपटक पनि त्यही आधारमा तयारी गरेको भए तापनि सम्मेलन गर्न दिन्छ की दिँदैन भन्ने मानसिकतामा अल्झिनु परेकाले सम्मेलनको उपयुक्त तयारी हुन सकेन । प्रचलित व्यवस्थाका विरुद्धमा राष्ट्रिय आन्दोलनको उद्घोष गरिसकेको प्रतिबन्धित राजनैतिक दलले उक्त आन्दोलनको तिथि निर्धारणलगायतका महत्त्वपूर्ण निर्णय गर्न बोलाएको राष्ट्रिय सम्मेलनमा प्रस्तावित आन्दोलनको औचित्य सावित गर्दै मूलभूत उद्देश्यमाथि प्रकाश पार्ने खालका प्रस्ताव तयार गर्नु पर्दथ्यो । लामो समयको अध्ययन, विशलेषण, तयारीका साथै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिस्थितिसमेतको आँकलन गरेर पूर्ण गर्नुपर्ने यो कार्यका लागि आन्दोलनबारे पार्टीभित्र उब्जिएको दोधारे मानसिकता र सम्मेलन हुन दिन्छ वा दिँदैन भन्ने संसयले अवरोध पुऱ्याइदियो । फलस्वरूप सम्मेलनका लागि निर्धारित तिथिभन्दा अघिल्लो दिनसम्म पनि सम्मेलनमा पस्तुत गर्ने कुनै पनि प्रस्ताव तयार हुन नसकेको हुँदा रातारात गरेर राजनीतिकलगायतका प्रस्तावहरू तयार गर्न लगाइयो ।[१५९५] सदैव अन्तिम समयमा मात्र काम थाल्ने ने.का. को परम्परागत शैलीअनुरूप अन्तिम रातमा मात्र यसतर्फ सोचिनाले कठिन अवस्था र प्रतिकूल परिस्थितिमा लिनुपर्ने महत्त्वपूर्ण निर्णयको प्रतिविम्ब बन्ने खालको दस्तावेज तयार हुनसकेन ।

---

[१५९३] *नेपाल पुकार साप्ताहिक,* २०४१ साल माघ १७, २४ र फागुन २ गतेका अङ्कहरू ।

[१५९४] निलाम्बर पन्थी, रामचन्द्र पौडेल, शैलजा आचार्य, महेश्वर लाल श्रेष्ठ, गिरिराज आचार्य, गंगाधर लम्साल, गोविन्द कँडेल, चिरञ्जीवी वाग्ले, तुलसीप्रसाद भट्टराईसँगका अन्तवार्ताहरू ।

[१५९५] (क) गणेशमान सिंह, "हतपतमा भएका लतपतका कुराहरू," *साप्ताहिक पुनर्जागरण,* प्रल्हाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५४ साल मंसीर ३ गते, पृ. ३ ।
(ख) रामचन्द्र पौडेल र वासुदेव रिसालसँगका अन्तर्वार्ताहरू ।
(ग) देबेन्द्र नेपालीसँग २०६० जेठ २१ गते बलभद्रमार्ग वानेश्वरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

यसप्रकार जे जसरी भए पनि सक्दो तयारी गरेर २०४१ साल फाल्गुण २८ गते गणेशमान सिंहको घर-कम्पाउण्डमा राष्ट्रिय सम्मेलन प्रारम्भ गरियो । देशका विभिन्न ६८ जिल्लाबाट आएका १२०० प्रतिनिधि र ३०० पर्यवेक्षकका साथै ने.वि. संघका प्रशस्त कार्यकर्ताहरूले भाग लिएको उक्त सम्मेलनको उद्घाटन दलका कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराइले गरेपछि विधिवत् प्रारम्भ गरियो । नेताहरूद्वारा सम्बोधन गरिएपछि राजनीतिकलगायतका प्रस्ताव एवं कार्यपत्र प्रस्तुत गरेर कार्यकर्ता वा सहभागीबीच छलफल पारम्भ गराइयो । सम्मेलनका लागि निर्धारित २ दिनमा छलफलको क्रम नसकिएको हुँदा एक दिन थप गरी सबैका कुरा सुनिसकेपछि सत्याग्रहको निश्चय सँगै मुख्य मागहरू, स्वरूपलगायतका विविध कुराहरूको निर्धारण गरियो तापनि तिथि एवं स्थान तोक्ने कार्यसम्बन्धमा निकै सुझबुझ एवं विचार पुऱ्याउनुपर्ने आवश्यकता महसुस गरी नेतृत्व वर्गलाई नै त्यसको जिम्मा लगाइयो ।[१५९६] यसप्रकार ने.का. ले २०४१ साल चैत्र २४ गते गरेको आन्दोलनको उद्घोषलाई व्यवहारिक रूप दिन विविध तयारी एवं विघ्नवाधाका चरणहरू पार गर्दै करिब एक वर्ष पछि सत्याग्रह आन्दोलनको निश्चय सँगै विधिवत् घोषणा गरी सडकमा उत्रने प्रतिज्ञा गर्दै चाँजोपाँजो मिलाउने तर्फ लाग्यो ।

## ७.७ विकल्प खोजी अभियान एवं परिणती

सशस्त्र क्रान्तिदेखि प्रतिरोध आन्दोलनसम्मका अनुभवबाट हिंसात्मक माध्यमले परिवर्तन वा प्रजातन्त्र पुनर्स्थापना गर्न खोज्दा ठूलै मूल्य चुकाउनु पर्दछ भन्ने पाठ सिकेका वी.पी. ले ने.का. लाई २०३३ साल पौष १६ गतेदेखि मेलमिलाप नीतिका नामले “न संघर्ष न सपर्मण” को मार्गमा प्रवेश गराएका थिए । उक्त नीतिबाट २०१७ सालदेखि प्रवाशमा केन्द्रित भएको ने.कां को राजनीतिले मुलुकभित्र प्रवेश गरेर नेपाली माटोमा शान्तिपूर्ण आन्दोलनको दिपशिखा बालेर जाज्वल्यमान मशालमा परिणत गऱ्यो । विरोधी भनेका “अराष्ट्रिय तत्त्व” हुन् भन्ने मानसिकता बोकेर गतिशील हुँदै ने.का. को एउटा पर्चा सम्म बोक्ने मानिसलाई पनि देशद्रोहीको उपमा दिएर जेलमा कोच्ने पञ्चायतका सञ्चालकलाई चुनौती दिँदै नेपाली माटोमा गतिशील भएर ६ वर्षको अवधिमा वी.पी. ले प्रजातन्त्र, मानवअधिकार, समानता र स्वतन्त्रताका लागि संघर्षरत राजनैतिक दल ने.का. हो भन्ने मान्यता स्थापित गरे । यस क्रममा उनले आफ्नो पार्टीलाई संघर्षको मार्गमा बढ्नबाट रोकेर संगठन सुदृढीकरण अभियान अनुरूप गतिशील पारि जनमानसमा प्रभाव जमाउन भने सफलता प्राप्त गरे । फलस्वरूप वी.पी. जीवित रहँदासम्म ने.का. ले राजासँग संघर्ष नगर्ने नीतिअनुरूप नै अगाडि बढेर रचनात्मक क्रियाकलापतर्फ जोड दिएको थियो । तर उनको नीधन पछि उत्पन्न रिक्तताको वातावरण अन्त गर्नका लागि भएको क्षेत्रपाटी सम्मेलनले मेलमिलाप

[१५९६] केन्द्रीय सम्मेलन, प्रस्तुत कार्यपत्र, छलफल एवं निर्णयसम्बन्धी समग्र विवरणका लागि हेर्नुहोस् :
(क) *राजधानी साप्ताहिक,* २०४१ साल चैत्र ५ गते ।
(ख) *नेपाल पुकार साप्ताहिक,* २०४१ साल फागुन ३० गते ।
(ग) *पूर्ववत्* (क) ।
(घ) गणेशमान सिंह, “सत्याग्रहको मिति र स्वरूप तोकियो,” *साप्ताहिक पुनर्जागरण,* प्रल्हाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५४ साल मंसीर १० गते, पृ. ३ ।

नीतिअन्तर्गत नै आन्दोलनको आवश्यकतामा जोड दिएर नेतृत्व वर्गलाई निर्णयको अधिकार दिएपछि पार्टीभित्र नयाँ वहस प्रारम्भ भयो । त्यो स्थितिमा कतिपय युवा नेतालगायतको एउटा समूह आन्दोलन गर्न नहुने तर्क दिन थाले भने अर्को समूहले आन्दोलनको आवश्यकतामाथि जोड दिन थाले । पार्टीभित्र यस्तो नयाँ वहस प्रारम्भ भएकै अवस्थामा राजाबाट महामन्त्री कोइरालालाई दर्शनभेट दिएर समसामयिक परिस्थितिका बारेमा कुराकानी गर्ने र केही दिन पछि दिएको नयाँ वर्षको सन्देशमा पञ्चायती व्यवस्थामा जनअसन्तुष्टता बढेको स्वीकार गर्नेलगायतका प्रसँगबाट ने.का. का केही नेता एवं कार्यकर्ताहरूमा राजा पनि परिवर्तन चाहन्छन् भन्ने मानसिकता विकसित भयो । यसको विपरीत आन्दोलनको मानसिकता अनुरूप बढिरहेका नेता एवं कार्यकर्ताहरू भने त्यसलाई मान्न तयार भएनन् ।

पार्टीभित्र आन्दोलनका सन्दर्भमा पक्ष-विपक्ष देखिने खालका तर्कहरू प्रारम्भ भए तापनि प्रजातन्त्र पुनर्स्थापनाका विषयमा भने कुनै विवाद थिएन । सबैजसो नेता एवं कार्यकर्ताहरू प्रजातन्त्र पुनर्स्थापनाका लागि सक्रियताको आवश्यकता महसुस गर्दथे तापनि कार्यनीति सम्बन्धमा भने विमती पोख्दथे । त्यो स्थितिमा मेलमिलाप नीतिको सन्देश जनस्तरमा पुऱ्याएर बलियो संगठन निर्माण गरेपछि जुनसुकै कार्यनीतिका लागि पनि उपयोग गर्न सकिने कुरा विचार गरी केन्द्रीय नेताहरू त्यसतर्फ सक्रिय भए । संगठनात्मक विस्तारका क्षेत्रमा लागिपरेका महामन्त्री कोइराला यसका लगि खटेर देशव्यापि रूपमा कार्यकर्ताहरूलाई भेट्ने, संगठन निर्माण गर्ने, प्रशिक्षण एवं अभिव्यक्तिद्वारा कार्यकर्ताको मनोबल बढाउने जस्ता कार्यलाई तिब्र बनाउन थाले ।[१५९७] महामन्त्रीको यस्तो अभियानबाट देशव्यापि रूपमा हलचल प्रारम्भ भएपछि पञ्चायतका यथास्थितिवादी एवं प्रजातन्त्र विरोधीहरू षडयन्त्रतर्फ उन्मुख भएर आक्रमण गरी जीतपुर, सुरजपुरालगायतका ठाउँमा महामन्त्रीलाई मार्नेसम्मका प्रयासहरू गरिए । फलस्वरूप पञ्चायतको निरंकुशता तिव्रतर भएकाले आन्दोलन नगरी हुँदैन भन्ने वास्तविकता स्पष्ट भएपछि ने.का. ले २०४० साल चैत्र २४ गते भेला बोलाएर देशव्यापि आन्दोलन गर्ने उद्घोष गर्दै तिथि र स्वरूप निर्धारणका लागि ६ महिना पछि अर्को सम्मेलन बोलाउने निर्णय गऱ्यो ।

प्रजातन्त्र पुनर्स्थापनाका लागि ने.का. ले शान्तिपूर्ण आन्दोलन गर्ने उद्घोष गरेपछि उक्त आन्दोलन हुन नदिनका लागि आपसमै विग्रह र विभाजन गराउनेलगायतका प्रयास थालिए । सदैव ने.का. बीच वैमनस्यता र झगडा उत्पन्न गराएर कमजोर पारि आफ्नो स्वार्थ परिपूर्ति गर्ने मूलभूत नीतिमा आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्दै आएका यथास्थितिवादी एवं दरवारिया शक्तिले[१५९८] नयाँ प्रपञ्च रच्न थाले । निकै सोचविचारसाथ षडयन्त्र तयार गरेपछि यो जमातले पार्टीभित्र आन्दोलनका सट्टा क्रमशः सुधारको बाटोमा बढ्नु पर्दछ, पञ्चायती चुनावको प्रयोग गर्नुपर्दछ भन्नेहरूलाई काखिच्यापेर आन्दोलन विरोधी अभिमत जाहेर गर्न लगाउनेदेखि महामन्त्री

---

[१५९७] गौतम, टिप्पणी संख्या १०६, पृ. ३० ।

[१५९८] रेवतीरमण सुवेदी, *निष्ठाका सगरमाथा गणेशमान सिंह,* दोस्रो संस्करण, काठमाडौं : अनुष्का प्रकाशन, २०५८, पृ. ५० ।

कोइरालालाई दिग्भ्रमित गराउनेसम्मका प्रयास गरे । बालिग मताधिकारको आधारमा हुने पञ्चायती चुनावमा सहभागिताको विपक्षमा नदेखिएका महामन्त्री कोइराला[१५९९] लाई प्रभावित गर्न सकेका खण्डमा उनको संगठनात्मक क्षमताका कारण प्रशस्त शक्ति निस्तेज गर्न सकिने कुरामा विश्वस्त प्रपञ्चकारीहरूले महामन्त्री एवं राजाबीच संवाद गराउन पहल समेत गरे । जसको परिणामस्वरूप २०४१ साल बैशाख २७ गते अकस्मात राजाबाट महामन्त्री कोइरालालाई राजदरवारमा बोलाएर एक घण्टाजति कुराकानी गरियो । त्यहाँबाट फर्केपछि महामन्त्रीले कार्यकर्ता एवं पत्रकारसमक्ष आफूले राजालाई प्रभावकारी परिवर्तनका लागि ठोस पाइला चाल्न आग्रह गर्दा राजाबाट "म पनि विकल्पको खोजीमा छु तिमीहरू पनि आपसमा सल्लाह गरी एक विकल्प खोज" भन्ने जवाफ पाएको स्पष्ट गर्दै[१६००] देशमा शान्तिपूर्ण परिवर्तनका लागि राजा तयार भैसकेको आसय व्यक्त गरे ।

महामन्त्रीको यो अभिव्यक्ति पछि ने.का. भित्रका सुधारवादीहरूले त्यसलाई नै आधार बनाएर आन्दोलन गर्नु हुँदैन- विकल्प खोज्नु पर्दछ भन्ने खालका आवाज उठाउन थाले । विपिन कोइरालालगायतका कतिपय युवा कार्यकर्ताहरूले श्री ५ सँग संवाद हुनुपर्छ, शान्तिपूर्ण संवैधानिक प्रक्रियाबाटै प्रजातन्त्रको प्राप्ति गर्नुपर्दछ, भारत चीन जस्ता राष्ट्रबीच अवस्थित नेपाल जस्तो सानो मुलुकको संवेदनशील राष्ट्रियता आन्दोलन-उथलपुथलबाट धानिन सक्दैनलगायतका अवधारणा व्यक्त गर्न थाले ।[१६०१] स्वयं महामन्त्री कोइरालाले पनि आन्दोलन गरेर जे पाउने हो राजासँग कुरा गरेर त्यो पाइन्छ भने आन्दोलन किन गर्नुपर्‍यो भन्ने जस्ता तर्क राख्न थाले ।[१६०२]

निरंकुश व्यवस्था प्रचलित रहेको मुलुकमा प्रतिबन्धित भएका राजनैतिक दलहरू क्रियाशील रहिरहनका लागि नयाँ पुस्ताका कार्यकर्ताहरू आकर्षित गर्नेदेखि परिचालन गरिरहनेसम्मका क्रियाकलापको आवश्यकता पर्दछ । त्यसका लागि सक्रियतामूलक कार्यक्रमको जरुरत पर्ने भएकाले समयको मागलाई बुझेर कार्यक्रम निर्धारण गर्न सक्नुपर्दछ । समयसापेक्ष हुने खालका कार्यक्रम दिन नसक्ने दललाई समयले आफै किनारा लगाइदिने भएकाले गतिशीलता बिना बसिरहने दलहरू लक्ष्य प्राप्तिमा बढेर इतिहास निर्माण गर्न सक्दैनन् । स्थापनाकालदेखि नै समयको मागअनुरूप कदम चाल्दै मानव अधिकार र प्रजातन्त्रका लागि संघर्ष गरेर सनसनीखेज इतिहास निर्माण गरिसकेको राजनैतिक दल ने.का. ले उपरोक्त

---

[१५९९] नेपाल, टिप्पणी संख्या ३९, पृ. ३३ ।

[१६००] (क) *राष्ट्रपुकार,* २०४१ साल बैशाख २८ गते ।
(ख) *सात दिने आजकल,* २०४१ साल बैशाख २९ गते ।
(ग) *राजधानी साप्ताहिक,* २०४१ साल बैशाख ३१ गते ।

[१६०१] विपिन कोइरालाबाट २०५० साल असौज १८ गते प्राप्त लिखित विवरण वा अन्तर्वार्ता ।

[१६०२] गणेशमान सिंह, "विकल्पको खोज निरर्थक अभ्यास," *साप्ताहिक पुनर्जागरण,* प्रल्हाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५४ साल भदौ ३१ गते, पृ. ३ ।

तथ्यलाई हृदयङ्गम गरेर निरंकुश हुँदै गएको पञ्चायतका विरुद्ध आन्दोलनको उद्घोष गरेको थियो । कार्यकर्ता र जनताको स्तरबाट त्यसप्रति व्यापक रूपमा समर्थन प्राप्त हुन थालेपछि मुलुकको प्रतिपक्षीय राजनीतिमा ने.का. लाई नै प्रमुख राजनैतिक शक्ति ठानेर उसका हरेक गतिविधिलाई नियालेर हेरिरहेका व्यवस्थावादी एवं दरवारिया शक्तिले त्यसबाट उत्पन्न हुन सक्ने परिणाममाथि विचार पुऱ्याएर विकल्पको खोजी रूपी आश्वासन पस्किएका थिए ।[१६०३] षडयन्त्रात्मक नीतिअनुरूप पस्किएको उक्त आश्वासनको जालमा महामन्त्री कोइरालालगायत जोशिला युवाहरू समेत परेर सकारात्मक वातावरणको विकास हुने सङ्केत प्राप्त भएको अवस्थामा आन्दोलन गर्दा पार्टीले अवलम्बन गर्दै आएको मेलमिलाप नीतिको सान्दर्भिकता समाप्त हुने भएकाले आन्दोलनका सट्टा वार्ता र समझदारीको मार्ग अवलम्बन गर्नुपर्नेलगायतका तर्क प्रस्तुत गर्न थालेपछि आन्दोलनको तयारीमा एकजुट हुनुपर्ने अवस्थामा पार्टीभित्र आन्तरिक विवाद जस्ता देखिने आवाजहरू उठ्न थाले ।

वी.पी. को नीधनपश्चात स्थापित ने.का. को नेतृत्वप्रति के कस्तो जनसहभागिता प्रदर्शित हुन्छ भन्ने अवलोकन गर्न र वामपन्थीहरूसँग तालमेल राखेर आन्दोलन गर्दा पर्ने प्रभाव एवं उत्पन्न प्रतिक्रियाको परीक्षण गरेर भावी जनआन्दोलनको पृष्ठभूमि तयार गर्न कार्यक्रम र प्रयोगका रूपमा आन्दोलन गर्न चाहने[१६०४] नेताहरू विकल्प खोजी प्रश्तावसँग सहमत थिएनन् । तसर्थ उनीहरू ने.का. को प्रस्तावित आन्दोलन भाँड्नका लागि दरवार एवं पञ्चायतवादीहरूको आपसी गठबन्धनको प्रतिफलका रूपमा यो आश्वासन दिइएको हुँदा यसको विश्वासमा नपरेर आन्दोलनकै तयारीमा बढ्नुपर्नेलगायतका कुरामा जोड दिन थाले ।[१६०५] पार्टीभित्र यस्ता परस्पर विरोधी आवाजहरू उठ्न थालेपछि पार्टी विकल्पको प्रस्तावलगायतका प्रसंगमा अलमलिन थाल्यो । कतिपय पत्रपत्रिकाहरूले यो समाचारलाई बढाइचढाई छाप्न थाले भने ने.का. सँग सहानुभूति राख्ने र आन्दोलन होस् भन्ने चाहने पत्रपत्रिकाहरूले भने यस्ता समाचारलाई वास्ता नराखी सत्याग्रह आन्दोलनकै पक्षमा लेखेर आन्दोलनमुखी वातावरण निर्माणमा सघाउ पुऱ्याउँदै थिए ।

पार्टीभित्र आन्दोलनका सन्दर्भमा यस्ता नीतिगत वहस प्रारम्भ भए तापनि सम्मेलनको भावना अनुरूप नेताहरूद्वारा जनसम्पर्क अभियान चलाउने, सम्बोधन, भेटघाट, छलफल आदि कार्यक्रमलाई निरन्तरता दिने र लेख एवं अन्तर्वार्ताद्वारा धारणा स्पष्ट गर्नेलगायतका कार्य अगाडि बढाइयो । यस क्रममा हुने हरेकजसो कार्यक्रममा विकल्पको खोजी वा आन्दोलनको सञ्चालन

---

[१६०३] (क) *पूर्ववत्* ।
(ख) सुवेदी, टिप्पणी संख्या १६२, पृ. ५०-५१ ।

[१६०४] *पूर्ववत्* (क) ।

[१६०५] (क) सुवेदी, टिप्पणी संख्या १६२, पृ. ५१ ।
(ख) गंगाधर लम्साल, चिरञ्जीवी वाग्ले, योगप्रसाद उपाध्याय, वासुदेव रिसाल, मनमोहन भट्टराई, गिरिराज आचार्य, डिल्लीरमण शर्मासँगका अन्तर्वार्ताहरू ।
(ग) भरत मोहन अधिकारीसँग २०६२ असार १३ गते कलङ्की काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) राजेश्वर नेपालीसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

जस्ता विषयमा छलफल बहस चलाइयो । आन्दोलनमुखी खेमाको नेतृत्व गर्ने नेताहरूले पञ्चायती निरंकुशताको अन्तका लागि आन्दोलन नै एकमात्र विकल्प भएको धारणा व्यक्त गर्दै हिंडे भने विकल्प खोज्ने समूहले हाम्रो सत्याग्रह आन्दोलन विकल्प हिन होइन माग पूरा भएमा स्थगित पनि हुन सक्छ भन्ने अभिव्यक्ति दिए । नीतिगत सन्दर्भमा यस्ता मतमतान्तर हुँदाहुँदै पनि तयारी अभियानलाई निरन्तरता दिएर क्षेत्रीय भेला वा सम्मेलनमा निस्किएको ने.का. पोखराको भेलामा पुग्दा अकस्मात तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको हत्या भयो । सत्याग्रह आन्दोलन गर्नु हुँदैन भन्ने मान्यताका आधारमा अभिमत दिँदै आएका शेरबहादुर देउवा, विपिन कोइराला, शिवबहादुर खड्का आदि सम्झौतावादी युवाहरूले नेताहरूलाई घेरेर इन्दिरा गान्धीको हत्यापश्चात दक्षिण एशियामा उथलपुथल हुने संभावना देखाएर अव हामीले आन्दोलन र सत्याग्रहको कुरा गर्नु हुँदैन भन्दै “सत्याग्रह किन ? र कसरी ?” भन्ने पुस्तिका नै प्रतिबन्ध गर्नुपर्ने दवाव दिए ।[१६०६] जसबाट बाध्य भएका नेताहरूले क्षेत्रीय भेलाहरूमा उक्त पुस्तिका वितरण नगर्ने कुरामा सहमती जनाए तापनि भेलाको कार्यक्रमलाई भने निरन्तरता दिई सम्पन्न गरे ।

क्षेत्रीय भेलाको समाप्तिपश्चात् कार्यकर्ताहरूको मनोभावनाअनुरूप नेताहरू सत्याग्रहको तिथि एवं स्वरूप निर्धारण, स्थलको चयन, कार्यक्रम-नारा आदि निर्धारणलगायतका विषयमा टुङ्गो लगाउनका लागि छलफलतर्फ लागे । केन्द्रीय समितिको गठन नभएको तत्कालीन अवस्थामा नेतात्रयको निर्णयले नै पार्टी निर्णयका रूपमा मान्यता पाउने भएकाले तीनजना शीर्षस्थ नेताहरूले चाँजोपाँचो मिलाउनु पर्दथ्यो । पञ्चायतकालीन नेपालको राजनीतिमा प्रधानमन्त्री भनेको राजाले लाए-अह्राएको काम गर्ने कठपुतली जस्तै भएकाले हाम्रो संघर्ष, मेलमिलाप, विकल्प, वार्ता, अपिल आदि जे भने पनि राजासँग नै हो तर राजा जनअधिकार सजिलै दिन चाहन्नन् भन्ने मान्यता अनुरूप बढेर राजधानीमा नारायणहिटी राजदरबार अगाडिको सडकमा सुतेर र बाहिर जिल्ला कार्यालय अगाडि धर्ना दिएर सत्याग्रह गर्नुपर्ने,[१६०७] सत्याग्रहका लागि जारी गरिने अपिल, घोषणापत्र, पर्चा आदि सामग्रीहरूमा पार्टीको चारतारे झण्डा राखेर छाप्ने[१६०८] आदि प्रस्ताव अगाडि ल्याइयो । कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराईले राजदरबार अगाडि गरिएको आन्दोलनले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा ठूलो प्रचार पाउने र राजालाई दवावसमेत पार्नेलगायतका मान्यताअनुरूप सारेको उक्त प्रस्तावलाई सर्वोच्च नेता गणेशमान सिंहले तत्कालै समर्थन गरेपछि निर्णयमा परिणत हुने स्थिति सिर्जना भयो । त्यो स्थितिमा महामन्त्रीले राजदरबार अगाडि आन्दोलन गर्ने र झण्डा राखेर प्रचार सामग्री छाप्नेलगायतका कार्यबाट राजासँग संघर्ष नगर्ने मेलमिलाप नीतिको मूल लक्ष्य र मर्म नै समाप्त भएर प्रत्यक्ष तया संघर्षको स्थिति सिर्जना हुने जनाउँदै यस्तो निर्णय गरिन्छ भने पार्टीको कुनै

---

[१६०६] *पूर्ववत्* (क), पृ. ५४ ।

[१६०७] बालकृष्ण खाँण र चिरञ्जीवी वाग्लेसँगका अन्तर्वार्ताहरू ।

[१६०८] चिरञ्जीवी वाग्ले र योगप्रसाद उपाध्यायसँगका अन्तर्वार्ताहरू ।

पनि पदमा बस्दिन भन्दै आपत्ति जनाए ।[१६०९] आन्दोलनको उद्घोषपश्चात् तयारी गर्दै अन्तिम निर्णयमा जुटेको पार्टीकै महामन्त्रीले नीतिगत सवालमा असहमति जनाएर पद त्याग गर्न खोजेपछि त्यसबाट विकसित हुन सक्ने संभावित अनिष्टलाई बुझेका नेताहरू अवउप्रान्त तयार हुने सामग्रीहरूमा झण्डा नराख्ने र नारायणहिटी राजदरबार अगाडिका सट्टा सिंहदरबार अगाडि भद्रकाली, शहिदगेट आदि ठाउँमा सुतेर आन्दोलन गर्ने निश्चय गरी महामन्त्रीको चित्त बुझाए ।

कार्यनीति सम्बन्धमा नेतृत्व तहबीच उत्पन्न मतभिन्नता केही मात्रामा समाप्त गरेर सत्याग्रहको तयारी तिव्र पारियो । तर पनि महामन्त्रीलगायत सुधारवादी धारामा विश्वास गर्दै आन्दोलन भन्दा विकल्प खोजीमा लाग्नुपर्दछ भन्नेहरूले विकल्प खोजीलाई वेवास्ता गरेर एकतर्फी आन्दोलनको निर्णय गर्नु हुँदैन भन्न थाले । आन्दोलनको अन्तिम तयारीका बेला पुनः यस्ता आवाज उठ्न थालेपछि सर्वोच्च नेता गणेशमान सिंहले ने.का. द्वारा विकल्पको नीति विपरीत सत्याग्रह आन्दोलन प्रश्ताव गरेको होइन भन्ने स्पष्ट गर्दै ४ वटामाग अगाडि सारेर चुनौती दिए । राजधानीबाट प्रकाशित एक साप्ताहिकलाई दिएको अन्तर्वार्तामा नेता सिंहले मुलुक वर्वाद गरिसकेको पञ्चायतको खारेजी, २०१४ सालमा झैं राजाको नेतृत्वमा अन्तरिम सरकारको गठन, उक्त अन्तरिम सरकारद्वारा महानिर्वाचनको व्यवस्था र जनसंख्याको आधारमा जनप्रतिनिधिको निर्वाचनलगायतको व्यवस्था राजाबाट हुन्छ भने प्रस्तावित सत्याग्रह स्थगित हुने कुरा स्पष्ट गरे ।[१६१०] कार्यनीति निर्धारण सन्दर्भमा विमति राख्दै आएका महामन्त्री कोइरालाले पनि जनसभा, भेटघाटलगायतका हरेकजसो कार्यक्रमहरूमा भने आन्दोलनको सान्दर्भिकता जनाउँदै आगामी सत्याग्रह ने.का. को रहर नभएर बाध्यता हो भन्ने तथ्यलाई स्पष्ट गर्दै हिंडेका थिए । विराटनगरबाट प्रकाशित हुने एक पत्रिकासँगको भेटमा वी.पी., गणेशमानलगायतका नेताहरू मेलमिलाप नीति लिएर नेपाल प्रवेश गरेका दिनदेखि सत्याग्रह, असहयोग, अहिंशात्मक जे भने पनि त्यही आन्दोलन प्रारम्भ भएको मान्दै यस्तो अहिंशात्मक र शान्तिपूर्ण आन्दोलन पूर्ण प्रजातन्त्र स्थापना नहुँदासम्म जारी रहने भएकाले प्रस्तावित सत्याग्रहमा मात्र नभई उपरोक्त उद्देश्यसम्बन्धी कुनै पनि आन्दोलनको प्रश्नमा आफ्नो कसैसँग मतभिन्नता नभएको स्पष्ट गरे ।[१६११] यसबाहेक जनपुरमा आयोजित एक भेलालाई सम्बोधन गर्ने क्रममा पनि महामन्त्रीले आगामी सत्याग्रह आन्दोलनबारे पार्टीका प्रमुख ३ नेताबीच मतभेद छ भन्ने हल्लामा विश्वास गर्न अनुरोध

---

[१६०९] (क) चिरञ्जीवी वाग्ले, योगप्रसाद उपाध्याय, बालकृष्ण खाँण, निलाम्बर पन्थी, विपिन कोइराला, विमलेन्द्र निधि, आदिसँगका अन्तर्वार्ताहरू ।
(ख) नरहरी आचार्यसँग २०५८ पौष २३ गते धुम्बाराही काठमाडौंमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१६१०] (क) *सातदिने समीक्षा,* २०४१ साल माघ ५ गते ।
(ख) राजेश्वर नेपाली, टिप्पणी संख्या १६९ (घ) ।

[१६११] *पूर्व क्षितिज्ञ* (द्वैमासिक), २०४१ साल पौष/माघ, पृ. १९ ।

गर्दै हामीबीच मतभेद देखाएर कार्यकर्तामा फुट ल्याउन चाहनेहरूको उक्त षडयन्त्रका पछि नलागि आगामी फागुन २८-२९ को बैठकबाट हुने निर्णयअनुरूप काम गर्न आव्हान गरेका थिए ।[१६१२]

प्रस्तावित सत्याग्रह आन्दोलनका विषयमा नीतिगत बेमेल हुँदाहुँदै पनि ने.का. नेताहरू तयारीतर्फ बढिरहेका थिए र बेमेलका कुराहरूमा सत्यता नभएको देखाउन पनि खोज्दै थिए । सक्रियताको यो अन्तिम चरणतिर २०४१ साल फाल्गुण ७ गते प्रजातन्त्र दिवशका उपलक्ष्यमा राजाबाट प्रदत्त सन्देशमा व्यक्त धारणाले अकस्मात विकल्प खोजी प्रस्ताव एक षडयन्त्रका तह त फ्याँकिएको चाल थियो भन्ने तथ्यलाई प्रमाणित गरिदियो । किन की देशवासीका नाममा जारी उक्त सन्देशमा राजाबाट ... दलविहिन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको माध्यमबाट देशको सर्वाङ्गिण विकासको आकांक्षा राख्ने नेपाली जनताको अनुमोदन र अठोटलाई पन्छाएर अरू विकल्प खोज्नु निश्चय नै अर्थहिन हुनेछ ...[१६१३] भन्दै गत बैशाख २७ गतेको दर्शन भेटमा महामन्त्री कोइरालालाई आफैले दिएको विकल्प खोजीसम्बन्धी आश्वासनलाई अर्थहिन घोषणा गरियो । राजाको यो उद्घोषबाट त्यसबखत ने.का. लगायत राजनैतिक जगत्मा व्यापक चर्चाको विषय बन्न पुगेको विकल्प खोजी अभियानमा ठूलो चोट पुग्यो । यस घटनाले एकातिर ने.का. को आत्मसम्मानमा चोट पुऱ्यायो भने अर्कातिर महामन्त्री कोइरालाको "नियत" बारे जनतामा अनावश्यक भ्रम फैलाउने मौका दियो ।[१६१४]

आफैले सारेको विकल्प खोजी प्रस्तावलाई राजाले नै अर्थहिन बनाइदिएपछि पनि आन्दोलनात्मक रणनीति वा विकल्पको खोजी भन्ने विषयलाई कायमै राखेर पार्टीभित्र छलफल चलाउने र आन्दोलनको तयारी गर्ने कार्यलाई अगाडि बढाइयो । यसै क्रममा राजधानीबाट प्रकाशित एक साप्ताहिकले ने.का. का कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराईसँग महामन्त्रीको धारणा-विकल्पको खोजीलगायत सत्याग्रहका विविध प्रसंगबारे लामो अन्तर्वार्ता लिएर प्रकाशित गऱ्यो । जसमा नेता भट्टराईले संघर्षविना प्रजातन्त्र आउन नसक्ने ठोकुवासहित संघर्ष वार्तामा टुङ्गिन्छ भन्ने कुरामा सहमती जनाउँदै नेपालका सरकार प्रमुखले प्रतिपक्षसँग वार्ता नै नगरेको जनाएर महामन्त्रीसँग वर्ष दुई वर्षमा एकपटक हुने राजाको भेटलाई वार्ता भन्न मिल्दैन त्यो त केवल दर्शन भेट मात्र हो भन्दै ने.का. ले सत्याग्रहवाहेक अरू विकल्प नरहेको महसुस गरिसकेको कुरा स्पष्ट गरे ।[१६१५]

२०४१ साल बैशाख २७ गतेको दर्शनभेटमा राजाद्वारा सारिएको विकल्प खोजी प्रस्ताव अनुरूप वातावरण निर्माण गरेमा राम्रो हुने ठानेर सक्रिय भएका महामन्त्री कोइराला एवं उनको

---

[१६१२] *सात दिने समीक्षा,* २०४१ साल फागुन ११ गते ।

[१६१३] श्री ५ को सरकार..., टिप्पणी संख्या ११८, पृ. १२० ।

[१६१४] पुरुषोत्तम दाहाल, "सत्याग्रह शान्तिपूर्ण प्रयोजन," *वेग,* अमृतमणि पौडेल (सं.), काठमाडौं : नेपाल विद्यार्थी संघ, लमजुङ्ग, काठमाडौं सम्पर्क समिति, २०४२, पृ. २२ ।

[१६१५] कृष्णप्रसाद भट्टराई, "सत्याग्रहको उद्देश्य देशमा आमूल परिवर्तन ल्याउनु हो" (अन्तर्वार्ता), *साप्ताहिक विमर्श,* हरिहर विरही (सं.), काठमाडौं : केशवराज पिंडाली, २०४१ साल फाल्गुण २५ गते, पृ. ३ र ६ ।

समूह पनि २०४१ साल फाल्गुण ७ गतेको राजाको सन्देशपश्चात् वास्तविकतासँग परिचित भए। त्यसैले आन्दोलनबारे अन्तिम निर्णय गर्न २०४१ फाल्गुण २८ गते काठमाडौँको क्षेत्रपाटीस्थित गणेशमान सिंहको घर-कम्पाउण्डमा आयोजित केन्द्रीय सम्मेलनमा प्रस्तुत राजनैतिक प्रस्ताव एवं त्यससँगै बाँडिएको महामन्त्रीको पत्रमा सत्याग्रह आन्दोलनको आवश्यकता महसुस भइसकेको भावना व्यक्त गरियो। उक्त राजनैतिक प्रस्तावमा राजाबाट महामन्त्री कोइरालालाई दिएको दर्शनभेटमा विकल्पको खोजी गर भन्नु निश्चय पनि एकता र मेलमिलापको दिशातर्फ चालिएको एउटा सकारात्मक कदम थियो जसलाई केही दिन अधिमात्र कुन्नी के कारणले हो पुनः अर्थहिन ठानिएको छ भन्दै उक्त प्रस्तावप्रति ने.का. सहमत हुँदाहुँदै पनि राजाबाट त्यसलाई समाप्त गरिएको कुरा स्पष्ट गरेको पाइन्छ।[१६१६] सम्मेलनमा वितरित महामन्त्रीको पत्रमा भने वार्ताको विकल्प कहिल्यै समाप्त नहुने जनाउँदै ने.का. मा सामुहिक निर्णयको परम्पराअनुरूप नै हरेक निर्णय गरिने प्रतिबद्धता पाइन्छ। जसलाई ... कसैले पनि वार्ताको सम्भावनालाई एकतर्फि टुङ्ग्याउने प्रयत्न गर्नु राष्ट्रघाती कार्य सावित हुने छ, वार्ताको सम्भावना रहुन्जेल विकल्पको सम्भावना रहिरहन्छ, यो सम्मेलन सत्याग्रहको तिथि र स्वरूप तोक्न बोलाइएको हुँदा त्यसवाहेकका विषयवस्तु यसमा समावेश छैनन्, सत्याग्रह र विकल्पमा कुनै विरोध छैन किनकी यी दुवैले मेलमिलाप नीतिलाई सफल पार्न सघाउ पुऱ्याउँछन्। ने.का. का हरेक निर्णय सामुहिक रूपमा हुने परम्पराअनुरूप यो भेला बोलाइएको हो[१६१७] भन्ने स्वीकारोक्तिले नै स्पष्ट गरेको पाइन्छ। यसप्रकार करिब एक वर्षसम्म आन्दोलन वा विकल्पको खोजी भन्ने दोधारे मानसिकताबीच सक्रिय रहेको ने.का. ले अन्ततोगत्वा २०४१ साल फाल्गुण २८-३० को सम्मेलनद्वारा आन्दोलन कै पक्षमा निर्णय गऱ्यो।

निरंकुश हुँदै गएको र विपक्षीलाई देखिनसहने व्यवस्थाका विरुद्ध आन्दोलनको उद्घोष गरिसकेको राजनैतिक दल र त्यसका प्रभावशाली नेता, जल्दाबल्दा कार्यकर्ता आदिद्वारा एकताबद्ध भएर आन्दोलनको तयारी गर्नुपर्ने बेलामा किन यस्ता वहस चलाइए भन्नेबारे विश्लेषण गर्दा समयको माग र परिस्थितिको मूल्याङ्कनका आधारमा नै त्यसो गरिएको हो कि भन्ने तथ्यलाई पनि नजरअन्दाज गर्न सकिंदैन। किनकी कार्यकर्ताहरू बीच व्यापक छलफल गराएर पक्ष-विपक्षमा बाँडिने सबैबाट मान्यता प्राप्त गरेपछि मात्र पार्टीद्वारा आधिकारिकता प्रदान गर्ने वी.पी. को परम्परागत नीतिमा अभ्यस्त भएको ने.का. ले राष्ट्रिय आन्दोलन जस्तो विषयमा यस्ता नीतिगत वहस चलाउनु स्वभाविकै पनि थियो। नेतृत्व वर्गको हरेक निर्णयलाई कार्यकर्ताले मान्नै पर्ने बाध्यतात्मक स्थिति लागू गरेका खण्डमा कार्यकर्ताहरू महत्त्वहिन हुने

---

[१६१६] विस्तृतिका लागि २०४१ साल फाल्गुण २८-२९ गते काठमाडौँमा आयोजित राष्ट्रिय सम्मेलनमा कार्यकर्ताहरूको अध्ययन र छलफलका निम्ति प्रस्तुत राजनीतिक कार्यपत्र, हेर्नुहोस् -
(क) *नेपाल पुकार सापताहिक,* २०४१ साल फाल्गुण ३० गते।
(ख) सिंह, टिप्पणी संख्या १५९ (क) र १६० (घ)।

[१६१७] विस्तृतिका लागि प्र.ने.का. महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा २०४१ साल फाल्गुण २७ गते कार्यकर्ता माझ जारी गरेको पत्र।

हुनाले विद्रोह एवं पलायनको स्थिति आउने सम्भावना तिव्र हुन्थ्यो । अर्कोतिर जनमुखी र खुला क्रियाकलाप गर्ने पार्टीभित्र सम्मिलित हुने सबै कार्यकर्ताहरू एउटै विचार र मान्यताअनुरूप चल्ने कुरा पनि भएन । त्यो स्थितिमा सबैलाई समेटेर एकता सूत्रमा बाँधिराख्नका लागि पनि पार्टीभित्र केही फरक धारको प्रतिनिधित्व गर्ने नेताका रूपमा कोही उभिनु पनि गर्दथ्यो । यसबाहेक पञ्चायतका सञ्चालकदेखि राजासम्मलाई प्रभावित पारेर निरंकुशता र प्रतिबन्धको स्थितिमा पनि सक्रियता देखाएर कार्यक्रम गर्न र कार्यकर्ताको मनोवल बढाएर उनीहरूको रक्षा गर्दै आन्दोलन सञ्चालन गर्न केवल विद्रोहका आवाज ओकल्ने नेताहरूको सक्रियताले मात्र सम्भव हुँदैनथ्यो । व्यवस्था विरोधिहरूका हरेक तह एवं निकायहरूमा गुप्तचर घुसाएर समयमै सम्पूर्ण योजना पत्ता लगाउँदै र दमन गर्ने कार्य गर्दै आएको पञ्चायती व्यवस्था समक्ष ने.का. जस्तो सार्वजनिक निर्णय गर्ने समूहले गोप्य निर्णय गरेर कार्यान्वयन गर्न खोज्ने कुरा पनि हुँदैनथ्यो । अर्कातिर राजाबाट विकल्पको खोजी गर भनिसकेपछि हामी आन्दोलनवाहेक अरू सन्दर्भमा लाग्दैनौं भन्नुको अर्थ प्रत्यक्ष मुठभेडका लागि हाँक दिए जस्तो हुने कुरामा कुनै शङ्का थिएन । त्यो स्थितिमा आफ्ना गतिविधिहरू सफल पार्नेदेखि सत्ताधारीहरूलाई पनि अल्मल्याएर आन्दोलनको तयारी गर्ने र २०३३ सालपश्चात्को वातावरणमा देशभित्र गतिशील हुँदै आएका तर पुनः लामो जेल वा निर्वासन नचाहने कार्यकर्ताहरूको संभावित पलायनलाई रोकेर पार्टीको शक्ति क्षय हुन नदिने उद्देश्यअनुरूप नै महामन्त्रीले विकल्प खोजी अभियानको नेतृत्व गरेको संभावनालाई पनि नकार्न सकिँदैन । जसको पुष्टिका लागि सत्याग्रहको तयारीका क्रममा पार्टीले सञ्चालन गरेका हरेक कार्यक्रमहरूमा उनको सहभागिता रहेको, जनसम्पर्कलगायतका अभियानमा सबैभन्दा बढी उनी नै खटेको, देशव्यापि दौडाहा क्रममा सांघातिक हमला हुँदा पनि विचलित नभएको र आन्दोलनको निर्णय पछि कुनै विरोध नगरिकन सर्वप्रथम जेल जाने व्यक्तिका रूपमा सत्याग्रहमा उत्रिएको लगायतका कार्य एवं भूमिकालाई लिन सकिन्छ ।

## ७.८ एकात्मक आन्दोलनका लागि गरिएका प्रयास एवं उपलब्धि

२०१७ सालको शाही कदम पछि प्रजातन्त्र पुनर्स्थापनाका लागि ने.का. ले प्रतिरोध आन्दोलन सञ्चालन गर्दा नेपालका वामपन्थीहरूले खासै भूमिका निर्वाह गरेका थिएनन् । बरु उनीहरूले आफ्नो पार्टीको बैठकबाट पौष १ गतेको काण्डलाई प्रजातन्त्रका विरुद्ध गरिएको षडयन्त्रको पराकाष्ठा भन्दै भर्त्सना गरिए तापनि डा. केशरजंग रायमाझीको नेतृत्वमा केहीले शाही कदमको समर्थन गर्दै गुणगान गाएका थिए ।[१६१८] ने.कां लाई वर्गशत्रुको रूपमा लिएका वामपन्थीहरूको यस्तो कार्यबाट प्रजातन्त्रको हत्या गर्ने पक्षलाई बल पुऱ्याएको अवस्थामा २०२७ सालपछि वी.पी. ले गरेको संयुक्त मोर्चाको प्रयत्न पनि बामपन्थीहरूकै दोधारे नीतिले गर्दा सफल हुन सकेन । जसबाट राजशक्तिको गरिमा कायम राख्दै प्रजातान्त्रिक प्रणालीको

---

[१६१८] भीम रावल, *नेपालमा साम्यावादी आन्दोलन उद्‌भव र विकास,* दोश्रो संस्करण, काठमाडौं : पैरवी प्रकाशन, २०४७, पृ. १२६-२७ ।

पुनर्स्थापना आन्दोलनमा बामपन्थीहरू इमान्दार हुन सक्दैनन् र उनीहरूको विश्वास गर्न सकिँदैन भन्ने धारणामा पुगेका बी.पी. ले त्यसपछि कहिल्यै पनि कार्यगत एकता, संयुक्त मोर्चालगायतका धारणा एवं प्रश्तावलाई स्वीकार गरेनन् । फलस्वरूप बी.पी. को जीवनकालभरि नै नेपालको प्रजातान्त्रिक आन्दोलनमा ने.का. र ने.क.पा. का विभिन्न घटकहरू बीच एकात्मक किसिमबाट सक्रिय रहनेलगायतका गतिविधिहरू हुन सकेनन् । बरू ने.क.पा. का कतिपय नेता-कार्यकर्ताहरूबाट पञ्चहरूले भन्दा पनि तल झरेर ने.का. को नीति एवं कार्यशैलीको तिब्र विरोध गर्ने र बी.पी. लगायतका नेताहरूको कटुआलोचना गर्नेलगायतका कार्यहरू प्रशस्त भए । तर पनि दुवै शक्तिले पञ्चायतलाई प्रमुख दुश्मनका रूपमा हेर्ने प्रवृत्तिका कारण नेतृत्व तहमा क्रमशः निकटताको वातावरण भने विकसित हुँदै आएको थियो ।

२०३९ साल श्रावण ६ गते बी.पी. कोइरालाको नीधन भएपछि नेपालको राजनीतिमा प्रशस्त हलचल उत्पन्न भयो । पञ्चायतवादीहरूले अव ने.का. दिशाविहिन भएर समाप्त हुन्छ, टुक्रिन्छ, पलायनवादको खाडलमा पर्दछ गायतका चर्चा चलाउन थाले भने बामपन्थी समूहहरूले संयुक्त मोर्चा निर्माण गरी सशक्त आन्दोलन संचालन गर्न दवाव दिन थाले । उक्त दवावलाई आधार बनाएर काठमाडौँबाट प्रकाशित हुने एक साप्ताहिकले सोधेको प्रश्नको जवाफमा गणेशमान सिंहले कुनै दवावबाट संयुक्त मोर्चा खडा हुन सक्ने कुरा होइन, यो एउटा आपसी विश्वासको प्रश्न हो जहाँ भिन्न भिन्न समूहको एउटै कुरामा मात्र जोड केन्द्रित रहन्छ भन्दै बामपन्थीहरू नेपालमा प्रजातन्त्रको ठोस आधारशीला खडा गर्न संयुक्त मोर्चा चाहेका हुन् वा अन्य कुराका लागि हो मनसाय स्पष्ट हुनुपर्ने[१६१९] आवश्यकतामाथि प्रकाश पारेका थिए । नेता सिंहको यो विचारले तत्कालीन समाजमा नयाँ सोच प्रारम्भ गराएकाले उनी पञ्चायत व्यवस्था समाप्त गर्नका लागि सम्पूर्ण पञ्चायत इतर राजनीतिक शक्तिहरू एक भएर संयुक्त आन्दोलन गर्नुपर्ने मनस्थितिमा छन् लगायतका चर्चा चल्न थाल्यो ।

देशमा एकात्मक आन्दोलनका सन्दर्भमा चर्चा चल्न थालेकै बेला ने.का. ले बी.पी. को नीधनपश्चात उत्पन्न राजनैतिक गतिरोध अन्त गरी भावी नीति निर्धारण गर्न २०३९ साल मंसीर १५ गते एक सम्मेलन बोलायो । जसका उद्देश्यलगायतका वस्तुतथ्यमाथि प्रकाश पार्न कार्यकारी सभापतिद्वारा मंसीर १३ गते पत्रकार सम्मेलन आयोजना गरियो । जहाँ निर्धारित विषयमा कुराकानी अगाडि बढिरहेकै अवस्थामा पत्रकारद्वारा नेपालमा प्रजातान्त्रिक शक्तिहरू बीच एकताका संभावनाबारे प्रकाश पार्न अनुरोध गरियो । जवाफमा नेता भट्टराईले त्यस्तो एकताबारे हालसम्म कुनै पक्षबाट औपचारिक रूपले आव्हान एवं निम्ता नगरिएको जनाउँदै औपचारिक तवरले कतैबाट त्यस्तो प्रयत्न भएमा निकै ध्यानपूर्वक विचार गर्न तत्पर रहेको

[१६१९] गणेशमान संह, "संयुक्त मोर्चा दवावबाट खडा हुन सक्दैन" (अन्तर्वार्ता), *राष्ट्र पुकार,* होमनाथ दाहाल (सं./प्र.), काठमाडौँ : २०३९ साल भाद्र २४ गते, पृ. १ र ८ ।

स्पष्ट गरे ।[१६२०] उनको उक्त जवाफबाट समयको माग हुन्छ र अन्य राजनैतिक दलहरू पनि इमान्दार बन्दछन् भने ने.का. संयुक्त मोर्चाको विषयबाट भाग्दैन भन्ने आधार बलियो हुन थाल्यो । क्रमशः सनसनी, उत्तेजना एवं समझदारी विकास प्रयासलगायतका विशेषतायुक्त वातावरणका अन्तमा सम्पन्न क्षेत्र पार्टी सम्मेलनको शान्तिपूर्ण आन्दोलनको आधार तयार गर्ने निर्णय र त्यसका लागि पार्टीद्वारा सञ्चालित भ्रमण कार्यक्रममा गरिएको आक्रमणबाट पञ्चायत झन निरंकुश हुनथालेको स्पष्ट भयो । शान्तिपूर्ण भेटघाटलगायतका कार्यक्रममा समेत सांघातिक आक्रमण हुनथालेपछि पञ्चायती व्यवस्थामाथि के कस्तो प्रहार गर्ने भन्ने नीति निर्धारणका लागि २०४० साल चैत्र २४ गते काठमाडौँमा ने.का. ले कार्यकर्ता सम्मेलनको आयोजना गऱ्यो । प्रशासनिक हस्तक्षेपका वावजुद पनि सडक पेटीमा जम्मा भएर प्रस्ताव पारित गर्दै सम्पन्न उक्त सम्मेलनले गणेशमान सिंहको चाहनाअनुरूप आन्दोलनको आवश्यकता पुष्टि गर्दै आन्दोलनमा अरू सबैको सहयोग लिने नीतिसमेत घोषणा गऱ्यो । यसप्रकार बी.पी. को नीधनपश्चात गणेशमान सिंहको जोडबलका कारणले गर्दा ने.का. मा परिवर्तनका लागि एकता वा संयुक्त भएर आन्दोलन गर्ने विचारले विधिवत् प्रश्रय पाउने सङ्केत देखापऱ्यो ।

सबैको सहयोगमा आन्दोलन गर्ने ने.का. को घोषणाले बामपन्थी समूहका नेता एवं कार्यकर्ताहरू पनि तात्न थाले । २०३६ सालतिर भर्खरै खुला राजनैतिक परिवेशतर्फ बढ्ने क्रममा मनमोहन अधिकारी जस्ता परिपक्व वामपन्थी नेतृत्वलाई पाखा लगाएर केही भूमिगत नेतृत्वको जोडबलमा पार्टी चलाएकाहरूले पनि २०४० सालतिर आइपुग्दा राजनैतिक सुझबुझ, निष्ठा र जिम्मेवारजस्ता गुणयुक्त नेताको आवश्यकता महसुस गर्न थालेका थिए ।[१६२१] यध्यपि त्यसबखत बामपन्थीहरू बीच पार्टी एकीकरणका लागि पहल सुरु भएको थिएन तापनि मनमोहन अधिकारीको नेतृत्वमा बृहद् बामएकता वा मोर्चा निर्माणको सोच भने आएकाले छलफल पनि हुँदै थियो ।[१६२२] त्यो स्थितमिा ने.का. को एकात्मक आन्दोलनको आसयरूपी प्रतिबद्धता बाहिर आएपछि बामपन्थीहरूले पनि आन्दोलनको औचित्य एवं आवश्यकतामाथि विचार प्रकट गर्दै छलफललगायतका कार्यहरूलाई अगाडि बढाए ।[१६२३] एक अर्काले आयोजना गरेका आन्दोलनबारे तिखो प्रतिक्रिया व्यक्त गर्दै र आलोचनाको मार्ग अंगाल्दै आएका कांग्रेस र बामपन्थीहरू बीच ने.का. द्वारा प्रस्तावित आन्दोलनबारे एकात्मक आवाज एवं धारणा देखिन थालेपछि नेपालको तत्कालीन सरकार सशंकित भएर बामपन्थी बीचको फुट झन् चर्काएर ने.का. प्रति तिब्र दमन गर्ने नीति अनुरूप अगाडि बढ्यो । तर पनि आफ्नो लक्ष्यमा अडिग रहेर हरेक विघ्नबाधाको सामना गर्दै ने.का. ले आन्दोलनको तयारी सँगै सहयात्री जुटाउने

---

[१६२०] *सातदिने आजकल,* २०३९ साल मंसीर १७ गते ।

[१६२१] ब्रतराज आचार्य, टिप्पणी संख्या २४ (घ) ।

[१६२२] भरत मोहन अधिकारी, टिप्पणी संख्या १६९ (ग) ।

[१६२३] (क) भरतमोहन अधिकारी, ब्रतराज आचार्य, मनमोहन भट्टराई, रामचन्द्र अधिकारीसँगका अन्तर्वार्ताहरू ।

अभियानतर्फ सक्रिय भयो । पञ्चायती निरंकुशताको अन्तका लागि ने.का. द्वारा प्रस्तावित आन्दोलनमा एकात्मक भावनाको मान्यतापश्चात बामपन्थी समूहमा देखिएको उत्साहबाट राजनैतिक सरगर्मी बढ्न थाल्यो । तसर्थ बामपन्थीहरूले त्यसपछिका आफ्ना कार्यक्रमहरूमा ने.का. का नेताहरूलाई पनि निम्त्याउन थाले । यसै क्रममा २०४१ साल आषाढ १६ गते नेपाल प्रगतिशलि विद्यार्थी यूनियनले काठमाडौँको इटुम्बहालमा शहिद दशरथ चन्दको ८१ औं जन्मजयन्तीको उपलक्ष्यमा कार्यक्रम आयोजना गऱ्यो । तुलसीलाल अमात्य, प्रल्हाद न्यौपाने, सहाना प्रधान आदिसमेतको उपस्थितिमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै ने.का. का कार्यकारी अध्यक्ष कृष्णप्रसाद भट्टराईले "प्रजातन्त्रका लागि ने.का. द्वारा गर्न थालिएको संघर्षमा सबैले पूर्ण उत्साहसाथ समर्थन गर्ने आशा गरेका छौं"[१६२४] भन्दै एकात्मक आन्दोलनका लागि अपिल गरे । भट्टराईको आव्हानको जवाफमा सहाना प्रधानलगायतका बामपन्थी नेताहरूले मुलुकमा प्रगतिवादी प्रजातान्त्रिक परिवर्तन निम्ति बामपन्थी शक्तिहरू बीच र बामपन्थी तथा प्रजातन्त्रवादीबीच एकता स्थापित हुनुपर्ने धारणा व्यक्त गर्दै आफ्नो तत्परताको सङ्केत दिए । आपसमै एकता नभएको त्यो अवस्थामा एक अर्कालाई शङ्काको दृष्टिले हेर्ने रोगबाट ग्रसित बनेका बामपन्थीहरूलाई एक सूत्रमा बाँध्नु अध्यन्त कठिन कार्य थियो । तर पनि ने.का. का नेताहरूले आफ्नो सम्पर्कमा भएका मनमोहन अधिकारी, तुलसीलाल अमात्य, सहना प्रधान, विष्णुबहादुर मानन्धर आदि बामनेताहरूसँग सम्पर्क राखी एकता प्रयासलाई अगाडि बढाए ।

ने.का. ले आन्दोलनको उद्घोष गरेपछि सत्याग्रह आन्दोलनका विषयमा विभिन्न पत्रपत्रिकाहरूले लेख्ने क्रम क्रमशः बढ्दै गएको थियो । प्रजातन्त्रका पक्षपाती कतिपय पत्रकारहरूले यस क्रममा सत्याग्रह आन्दोलनलाई जनस्तरमा पुऱ्याएर जनसमर्थन-सद्भाव बटुल्ने कार्यलाई अभियानकै रूपमा सञ्चालन गर्दै थिए । राजधानीबाट साहित्यिक पत्रिकाका रूपमा प्रकाशित हुँदै आएको एक द्वैमासिकले विभिन्न राजनेता एवं पेशाकर्मीहरूसँग आजको राजनीतिक परिप्रेक्ष्यमा ने.का. को सत्याग्रह गर्ने निर्णयप्रति के प्रतिक्रिया छ ? सत्याग्रहमा कस्तो भूमिका खेल्नु हुने छ ? आदि प्रश्नद्वारा प्रतिक्रिया सङ्कलन गरी सार्वजनिक गऱ्यो । जसमा सिद्धिलाल सिंह, सहाना प्रधान, नारायणमान विजुक्छे आदि बामपन्थी नेताहरूले प्रजातन्त्र पुनर्स्थापनाका लागि प्रस्तावित सत्याग्रहलाई कुनै न कुनै रूपले समर्थन गर्दै सत्याग्रहका माग, आफ्नो लागि प्राप्त हुने स्थान र त्यस सिलसिलामा ने.का. ले अवलम्बन गर्ने नीतिले आफ्नो भूमिका निर्धारण गर्ने जनाउँदै[१६२५] एकताको भावना आत्मसात गर्न तत्पर रहेको सन्देश थिए । यसरी सकारात्मक स्थितिको विकास हुनथालेको आभास स्पष्ट भएपछि ने.का. र बामपन्थी समूहहरू बीच सहभागिताका आधार निर्धारणको आवश्यकता महसुस भएपछि छलफल एवं कुराकानी सुरु गरियो ।

---

[१६२४] (क) *राजधानी साप्ताहिक,* २०४१ साल आषाढ १८ गते ।
(ख) *सातदिने समीक्षा,* २०४१ साल असार २३ गते ।

[१६२५] *राष्ट्रिय पुनर्जागरण,* पूर्णाङ्क १२, २०४१ साल कार्तिक/मंसीर, पृ. ९-११ ।

कुराकानीका क्रममा जनमत संग्रहका बेलामा झैं यस पटक पनि बामपन्थीहरूका तर्फबाट संयुक्त मोर्चाको प्रश्ताव अगाडि सारिएपछि पुनः नयाँ सोचको स्थिति अगाडि ल्यायो । बामपन्थीहरूसँग संयुक्त मोर्चा निर्माण गर्दा उनीहरू बीच नै एकता नभएको, सबै समूह खुला नीतिमा नहिँडेको र तिनका कार्यकर्तामाथि अनुशासनको बन्देज सन्दर्भमा विस्वस्त हुने ठोस आधार नभएको लगायतका कारणले गर्दा समस्या उत्पन्न हुने संभावना थियो । अर्कातिर ने.का. का कतिपय कार्यकर्ताहरू बामपन्थीहरूसँग संयुक्त मोर्चा गर्नाले सरकारलाई तिब्र दमनको मौका दिएजस्तो हुन्छ भन्ने तर्क पनि प्रस्तुत गर्दै थिए । त्यो स्थितिमा बामपन्थीहरूको प्रस्ताव स्वीकार गर्दा र नगर्दा उत्पन्न हुने परिणामलगायतका पक्षहरूको विश्लेषण गरी ठोस निर्णयमा पुग्नु जरुरी भएकाले विचार विमर्श सुरु भयो । जसका अन्तमा सर्वोच्च नेताद्वारा प्रचलित अप्रजातान्त्रिक व्यवस्थाका विरुद्ध उभिएर जनआन्दोलनमा विश्वास गर्ने सबैसँग प्रजातन्त्र र त्यसका लागि गरिने संघर्षका आधारमा कार्यगत एकता गर्ने धारणा सार्वजनिक गरियो ।[१६२६]

गणेशमान सिंहको धारणा सार्वजनिक भएपछि वामपन्थी समूहहरू बीच पुनः नयाँ ध्रुवीकरण प्रारम्भ भयो । मनमोहन अधिकारी, भरत मोहन अधिकारी, सिद्धिलाल सिंह, सहाना प्रधान लगायतका वामपन्थी नेताहरूले ने.का. को अवस्थालाई केही मात्रामा बुझेका थिए । मानन्धर समूहका नामले चिनिने वामपन्थी समूहले भने ने.का. द्वारा आफूसँग सल्लाह नगरिएमा सत्याग्रहको हाराहारी आफूले पनि राष्ट्रव्यापी संघर्ष चलाउने विचार सार्वजनिक गऱ्यो । तर पनि ने.का. ले आफ्नो निश्चयलाई अगाडि बढाएर कार्यगत एकताका आधारमा सहभागिताका लागि प्रयास थाल्यो । जसका अन्तमा विभिन्न समूहमा विभाजित वामपन्थीहरू बीच नै एकता नहुनु, हरेकको कार्यशैली-संगठनात्मक स्वरूप पृथक हुनु जस्तो अवस्थामा संयुक्त मोर्चा गठन गर्दा सत्याग्रहमा भाग लिन्छु भन्ने सबैलाई सम्मिलित गराउनु पर्ने र त्यसो गर्दा उनीहरूको आपसी विवादमा मुछिनु पर्ने, अनुशासन कायम हुने ग्यारेन्टी नहुनु लगायतको स्थितिमाथि विचार गरी संयुक्त मोर्चा गठन प्रश्तावलाई अडान नबनाउन अनुरोध गरियो ।[१६२७] सत्याग्रहमा सम्मिलित हुन चाहने सबैसँग कार्यगत एकताका आधारमा सहयोग लिने नीतिअनुरूप पहल गरेर सहमती जनाउने सबैले एक अर्काका कार्यक्रमसँग नबाझिने गरी आफ्नै कार्यक्रम बनाएर सहभागी हुने, समय एवं स्थानको छनौट गर्दा एकअर्कालाई सहयोग पुग्ने गरी तय गर्ने, मागहरूमा एकरूपता ल्याउने, आफैले आचार संहिता बनाएर आफ्ना कार्यकर्तालाई अनुशासित

---

[१६२६] गणेशमान सिंह, "राष्ट्रिय स्थिति हेरेर हामीले लगाम लगाएका थियौं" (विशेष अन्तर्वार्ता), *राष्ट्रिय पुनर्जागरण,* माथवरसिंह बस्नेत (स./प्र.), काठमाडौं : २०४१ कार्तिक/मंसीर, पृ. ६ ।

[१६२७] गणेशमान सिंह, "कार्यगत एकताको प्रश्ताव र व्याख्या", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५४ साल मंसिर १७ गते, पृ. ३ ।

राख्ने आदि आधारभूत पक्षका आधारमा कार्यगत एकता गर्ने कुरामा सहाना प्रधान, मनमोहन अधिकारी, सिद्धिलाल सिंह आदिले सहमती जनाएपछि कार्यगत एकताको निर्णय हुनपुग्यो ।[१६२८]

कार्यगत एकताको निर्णयपछि ने.का. लगायतका कतिपय वामपन्थी समूहहरू आन्दोलनलाई व्यापक एवं प्रभावकारी बनाउनेतर्फ लागे । ने.का. का नेताहरूसँग सहमती कायम गरिसकेपछि पनि कतिपय वामपन्थी समूहहरू कार्यगत एकताका सट्टा आफ्नो छुट्टै कार्यक्रम घोषणा गरेर आन्दोलन संचालन गर्नु पर्दछ भन्न थाले । सहाना प्रधानको समूहले भने छुट्टै कार्यक्रम बनाउनुका सट्टा ने.का. कै कार्यक्रमअन्तर्गत समाहित भएर सत्याग्रहमा उत्रिने सोचअनुरूप तयारी गर्न थाल्यो[१६२९] भने मानन्धर समूहले हामीसँग सल्लाह नगरिएमा सत्याग्रहमा भागै नलिने जस्ता धारणा राख्न थाल्यो ।[१६३०] नेकपा (माले) का नाममा गतिशिल वामपन्थी समूहले भने सत्याग्रहलाई नैतिक समर्थन मात्र गरेर आफ्नै पार्टी र जनसंगठनको बलवुतामा आन्दोलन गर्ने तर्फ लाग्यो ।[१६३१] वर्मा समूहका नामले चिनिने नेकपाको घटकले पाँचौं राष्ट्रिय सम्मेलन गरेर सत्याग्रहप्रतिको आफ्नो धारणाबारे स्पष्ट निर्णय गऱ्यो । यस घटकका महासचिव कृष्णराज वर्माद्वारा २०४२ साल वैशाख २५ गते वितरित प्रेश वक्तव्यमा ... सत्याग्रहको आह्वान र त्यसप्रति प्र.ने.का. ले देखाएको दृढता कार्य रूपमा परिणत हुने हो भने पूर्ण सहानुभूति र समर्थन रहने विश्वास दिलाउन चाहन्छौं...[१६३२] भन्दै सत्याग्रह आन्दोलनप्रति समर्थन जनायो । यसप्रकार वामपन्थीहरू बीचबाट नै एकात्मक नीति आउन नसकेको स्थितिमा माले, सहाना समूह, मानन्धर समूह र रुस समर्थक समूह बाहेकका पाँचवटा वामपन्थी समूहहरूले सत्याग्रह आन्दोलन वा समानान्तर छुट्टै आन्दोलन बारे अन्तिम निर्णय गर्नका लागि वैठक एवं छलफल गर्न थाले । केही दिनको प्रयास एवं कुराकानी पछि ने.का. को सत्याग्रह आन्दोलनलाई नै सघाउ पुऱ्याउने गरी छुट्टै आन्दोलन गर्ने कुरामा सबै बीच सहमती भयो । सहमती भएपछि पनि व्यवहारिक रूप दिएर सार्वजनिक रूपले निर्णय बाहिर ल्याउनका लागि पाँच समूहका नेताहरू बीच २०४२ साल जेठ २ गते पुनः संयुक्त वैठक प्रारम्भ भयो । दुईदिनसम्म चलेको उक्त वैठकमा व्यापक छलफल गरेपछि २०४२ साल वैशाख २३ गते बसेको संयुक्त वैठकको निर्णयका आधारमा भन्दै बहुदलीय प्रजातन्त्रको स्थापना आज अनिवार्य भएकाले हामी पाँचै समूहले शान्तिपूर्ण संघर्ष गर्ने निर्णय गरेका छौं भन्ने प्रतिवद्धतासहितको वक्तव्य जारि गरियो । नेकपाका अमात्य समूह, मनमोहन समूह, वर्मा समूह, नेपाल मजदुर किसान संगठन र

---

[१६२८] (क) *पूर्ववत्* ।
(ख) भरतमोहन अधिकारी, टिप्पणी संख्या १६९ (ग) ।

[१६२९] सहाना प्रधानसँग २०६२ असार १२ गते, सानेपा, ललितपुरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१६३०] *सातदिने समीक्षा,* २०४२ साल जेठ ४ गते ।

[१६३१] बालचन्द्र मिश्र, *झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म,* काठमाडौं : सुनौलो विहानी अभियान, २०५८, पृ. १७९ ।

[१६३२] विस्तृतिका लागि प्र.ने.क.पा. महासचिव कृष्णराज वर्माद्वारा २०४२ साल वैशाख २५ गते वितरित प्रेश वक्तव्य, हेर्नुहोस् *सातदिने समीक्षा,* मदनमणि दीक्षित (सं./प्र.), काठमाडौं : २०४२ जेठ ४ गते, पृ. ४ ।

चौथो महाधिवेशनका तर्फबाट विभिन्न ५ जना नेताको हस्ताक्षरसहित जारि गरिएको उक्त वक्तव्यमा पार्टीमाथिको प्रतिबन्ध हटाई बहुदलीय व्यवस्था स्थापना, प्रेश, वाक, संगठन एवं घुमफिर गर्ने स्वतन्त्रताको बहाली, बिनाशर्त राजबन्दीको रिहाइ लगायतका विभिन्न ९ वटा मागहरू अगाडि सारेर त्यसका लागि शान्तिपूर्ण आन्दोलन प्रारम्भ गर्न लागिएको जनाउँदै समाजका सबै वर्गसँग समर्थन एवं सहयोगको आह्वान गरिएको छ ।[१६३३]

यसप्रकार २०१७ सालको शाही कदमबाट खोसिएका जनअधिकार वहालीका लागि देशमा प्रारम्भ भएको संघर्ष एवं आन्दोलनमा एकजुट हुनुपर्ने आवश्यकता महसुस हुँदाहुँदै पनि विविध कारण एवं कार्य नीतिले गर्दा एकात्मक भावना प्रदर्शन हुन नसकेको स्थिति अन्त हुने संभावनाका रेखा कोरिन थाले । पंचायतका विरुद्ध सक्रिय सबैसँग न्यूनतम कार्यक्रमका आधारमा एकता हुनुपर्दछ भन्ने गणेशमान सिंहको सोचले साकार रूप प्राप्तिको स्थितिसम्म पुग्ने अवसर यो सहमतीले जुटाइदियो । परिणामस्वरूप ने.का. को सत्याग्रह आन्दोलन प्रारम्भ भएपछि विभिन्न वामपन्थी समूहहरूले पनि शान्तिपूर्ण आन्दोलनका कार्यक्रम घोषणा गर्दै गिरफ्तारी दिए । सत्याग्रह आन्दोलनबाट प्रारम्भ भएको यो सहयात्रा क्रमशः बढ्दै गएर २०४६ को संयुक्त एवं सफल जनआन्दोलन संचालनको माध्यम बन्न पुग्यो ।

## ७.९ विकल्प खोजी अभियानको पटाक्षेप र सत्याग्रह आन्दोलनको घोषणा

शान्तिपूर्ण आन्दोलन उदघोषपश्चातका एक वर्षसम्म जनजागरण, विकल्पको खोजी, संगठन सुदृढीकरण, वृक्षारोपण लगायतका कार्यक्रमहरूद्वारा व्यापक हलचल ल्याएपछि २०४१ साल फाल्गुण २७ गते काठमाडौँमा प्रारम्भ भएको ने.का. को सम्मेलनले नीतिगत आधार तयार गरी सत्याग्रह आन्दोलनलाई अनुमोदन गरेर नेतृत्व वर्गलाई तिथि एवं स्वरूप निर्धारणको जिम्मा दियो । सम्मेलनले सुम्पिएको उक्त दायित्व पूरा गर्ने तर्फ बढेका नेताहरूले पुनः एक पटक देशव्यापी रूपमा कार्यर्ता परिचालन अभियान चलाएर कार्यकर्तालाई गतिशिल पार्न र राजालाई सुधारका लागि मौका नै नदिइ ने.का. ले आन्दोलन गऱ्यो भन्ने गुनासो गर्ने अवसर पनि नदिनका लागि एउटा रचनात्मक कार्यक्रम अगाडि सारे । त्यसबखत विकल्प खोजीका नाममा एक वर्षसम्म चलाएको अभियान र गरेको परिश्रम चटक्कै छाडेर आन्दोलनमा उत्रनु भन्दा आन्दोलन हाम्रो रहर होइन बाध्यता हो भन्ने स्पष्ट गर्न र मेलमिलाप नीति नै ने.का. को मूल लक्ष्य रहेको प्रमाण प्रस्तुत गर्न देशका समस्याहरू संकलन गरी राजासमक्ष पुऱ्याउने निश्चय गरिएको थियो । राजा सुधार गर्न चाहन्छन् भने हामी त्यसमा सहयोग पुऱ्याउन तत्पर छौं भन्ने उदघोषसहित देशवाशीले भोग्नु परेका समस्याबारे राजालाई अवगत गराउने उद्देश्यबाट देशव्यापी हस्ताक्षर अभियान संचालन गर्न लागिएको कुरा सार्वजनिक गरेर प्रारम्भ गरिएको

---

[१६३३] विस्तृतिका लागि पाँच वामपन्थी समूहको वक्तव्य, हेर्नुहोस्, *पूर्ववत्*, पृ. ८ ।

उक्त अभियानका पछाडि मूल रूपमा जनजागरणको लहर सिर्जनाका लागि ने.का. को गाउँ-गाउँ पुग्ने उद्देश्य पनि निहित थियो ।

२०४१ साल चैत्रको अन्तिम हप्ताबाट प्रारम्भ गरिएको हस्ताक्षर संकलन अभियान एकैपटक देशव्यापी रूपमा सुरु गरी नगर, सहर, बजार हुँदै गाउँसम्म पुऱ्याइयो । ने.का. का कार्यकर्ताहरूद्वारा जनस्तरमा पुऱ्याएको यस कार्यक्रमलाई स्थानीयस्तरका कतिपय पंचहरू, उदारवादी वामपन्थीहरू, बुद्धिजीवी, विद्यार्थी एवं शिक्षकहरूबाट सकारात्मक कार्यका रूपमा स्वीकार गरेर जनस्तरसम्म पुऱ्याउन महत्त्वपूर्ण सहयोग पुऱ्याइएको थियो ।[१६३४] मुलुकमा विद्यमान आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक लगायतका समस्याहरूलाई समेटेर जिल्लागत आधारमा तयार गरी स्थानीय क्षेत्रमा भएका अन्य समस्या थप गर्न समेत आह्वान गरेर बुँदागत रूपमा समस्या सूचीवद्ध गर्दै वालिग नागरिकहरूको हस्ताक्षर संकलन गर्न थालियो ।[१६३५] जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय उठाएर संचालन गरिएको यस्तो कार्यक्रमबाट देशव्यापी रूपमा आन्दोलनबाट भन्दा बढी हलचल उत्पन्न भयो । जनताहरू आफै स्वस्फूर्त रूपमा यो अभियानमा समाहित भएपछि त्यसलाई सहन नसकेर कन्चनपुर, तेह्रथुम, सुनसरी, धादिङ्ग, वारा, सर्लाही, धनुषा, महोत्तरी लगायतका विभिन्न जिल्लाहरूमा स्थानीय प्रशासनले यसमा संलग्न कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने, संकलित हस्ताक्षरहरू जफत गर्ने लगायतका कार्यद्वारा निरुत्साहित पार्न खोजेको थियो । तर पनि जम्मा ३ हप्ताको छोटो अवधिमा देशका ५६ जिल्लाका गाउँ-गाउँसम्म पुगेर स्थानीय समस्यासहित तीन लाख एक्काइस हजार चार सय त्रिसठ्ठि वालिग नागरिकहरूको हस्ताक्षर संकलन गर्न ने.का. सफल भयो ।[१६३६]

देशव्यापी रूपमा संकलित हस्ताक्षरहरू कार्यकर्ताद्वारा राजधानीस्थित पार्टी कार्यालयमा पुऱ्याएपछि महामन्त्री कोइरालाले तिनलाई राजासमक्ष पुऱ्याउन २०४२ साल वैशाख २६ गतेको तिथि निर्धारण गरे । आवश्यक तयारीपछि उक्त दिन महामन्त्री कोइरालाको नेतृत्वमा नोना कोइराला, वासुदेव रिसाल, बलबहादुर के.सी. लगायत ५६ जिल्लाका ६९ वटा हस्ताक्षर पुलिन्दा बोकेका युवा, तरुण एवं जनताको समूहले जुलुसका रूपमा राजदरबारको ढोकामा पुगेर खबर पठाएपछि आएका श्री ५ का स्वकीय सचिव रन्जनराज खनालले बुझेर दर्ताको प्रक्रिया मिलाइदिए ।[१६३७] देशव्यापी रूपमा विद्यमान समस्यासहितका वालिग नागरिकहरूका हस्ताक्षर दर्ता गराउने क्रममा

---

[१६३४] (क) *राष्ट्र पुकार,* २०४१ साल चैत्र २९ गते ।
(ख) नरहरी आचार्य, स्मृतिनारायण चौधरी, ऋषिकेश तिवारी, बालकृष्ण खाँणसँगका अन्तर्वार्ताहरू ।

[१६३५] (क) बद्रीनारायण गौतम, टिप्पणी संख्या २४ (ख), पृ. २०२-२०३ ।
(ख) विपिन कोइराला, महेश्वरलाल श्रेष्ठ, रामचन्द्र पौडेल, गिरिराज आचार्यसँगका अन्तर्वार्ताहरू ।
(ग) पुष्कर आचार्यसँग २०६० वैशाख २७ गते मधुमारा, विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) लक्ष्मीनाथ नेपालसँग २०६० जेठ १७ गते विर्ताबजार, वीरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१६३६] *राष्ट्र पुकार,* २०४२ साल वैशाख २७ गते ।

[१६३७] (क) *सातदिने समीक्षा,* २०४२ साल वैाख २८ गते ।
(ख) *पूर्ववत्* ।

महामन्त्री कोइरालाले स्वकीय सचिवमार्फत राजासमक्ष पुऱ्याउनका लागि एक विन्तिपत्र समेत दिएका थिए । श्री ५ महाराजाधिराजका जुनाफमा भनी सम्बोधन गरिएको उक्त विन्ति पत्रमा-

> ..देशमा विद्यमान समस्या र देशवाशीले दैनिक जीवनमा भोग्नु परेका कठिनाइबारे घरदैलोमा पुगेर जनतासँग प्रत्यक्ष कुराकानी गरि कार्यकर्ताद्वारा जनताका समस्या राजा समक्ष पुऱ्याउने प्रतिज्ञा साथ हस्ताक्षर गरिएको, यस क्रममा प्रशासनका तर्फबाट प्रशस्त हस्तक्षेप एवं अडचन उत्पन्न गरिनाले जनताका समस्या राजा समक्ष पुऱ्याउन पनि कठिन रहेको स्थिति महसुस भएको, मुलुकमा विद्यमान परिस्थितिबाट जनमानसमा व्यापक निराशा भएको पाइएको र राजाबाट सम्पूर्ण देशवाशीका समस्याप्रति सहानुभूति पूर्वक निगाह राखी कदम चालिने विश्वास लिएको कुरा उल्लेख गरिएको थियो ।[१६३८]

देशभित्र कानुनी रूपमा प्रतिबन्ध लगाइएको राजनैतिक दलले राजालाई विन्तिपत्र दिने कार्यक्रमको सम्पूर्ण विवरण पहिला नै दरबारमा पठाएर दबारको ढोका भित्र र बाहिरका बीच समझदारी निर्माण गरेर त्यसका आधारमा राजालाई विन्तिपत्र दिने प्रबन्ध मिलाइएको उक्त कार्यक्रम नेपालको इतिहासमा पहिलो पटक भएको थियो । स्वकीय सचिवको निगरानी एवं निर्देशनमा पुलिन्दाहरू दर्ता फाँटमा पुऱ्याइएपछि महामन्त्री कोइरालाको आदेशमा वासुदेव रिसालले सबै पुलिन्दाको दर्ता भर्पाइ बुझेका थिए भने यस कार्यद्वारा स्पष्टसँग जनचाहना प्रस्तुत गरेर सुधारका लागि राजालाई पनि दवाव दिने प्रयास गरिएको थियो ।[१६३९]

दरबारमा प्रस्तुत समस्यासहितका हस्ताक्षर एवं विन्तिपत्रप्रति ने.का. का नेताहरूको विश्वासअनुरूप राजाबाट कुनै प्रतिक्रिया व्यक्त नगरिएपछि उनीहरू सत्याग्रह आन्दोलनको तिथि, उद्देश्य, कार्यक्रम निर्धारण गरी सार्वजनिक गर्ने तर्फ लागे । आवश्यक गृहकार्य पूरा गरेर २०४२ साल जेठ १० गतेदेखि देशव्यापी सत्याग्रह आन्दोलन प्रारम्भ गर्ने निश्चय गरेपछि सार्वजनिक रूपमा घोषणा गर्नु अगाडि नेतात्रयद्वारा राजासमक्ष पुऱ्याउनका लागि नारायणहिटी दरबारको पश्चिमि ढोका बाहिरको उत्तरी लङ्गमा अवस्थित दर्ताफाँटमा एक स्मृति पत्र दर्ता गराएका थिए ।[१६४०] श्री ५ महाराजाधिराज सरकारका जुनाफमा भनी सम्बोधन गरिएको ५ पेज लामो उक्त विन्ति पत्रमा-

> ..देशका गम्भिर समस्याबारे हस्ताक्षर युक्त विन्तिपत्रद्वारा जाहेर गरिसकेको, कृषि, उद्योग, व्यापार लगायत आर्थिक विकासका क्षेत्रहरू तहस नहस भएको, देशमा सर्वत्र अन्याय, अत्याचार, शोषण र भष्ट्राचार व्याप्त भएको, संचारका माधयम एक पक्षीय भएको, राजनैतिक संगठन प्रतिबन्धित रहेकाले प्रजातन्त्रवादीहरूलाई निर्मुल पार्ने योजनाका तहत षडयन्त्र गरिनाले विदेशी नियोगद्वारा संचालित संगठनहरूको सक्रियता बढेको, मेलमिलापद्वारा समस्याको शान्तिपूर्ण समाधान चाहने ने.का. माथि प्रशासनिक दमन, थुनछेक र सुरजपुरा काण्ड जस्ता जघन्य काण्ड रचिएको लगायतका विविध पक्षमाथि प्रकाश पार्दै उदार प्रजातान्त्रिक स्वरूप युक्त राजनैतिक व्यवस्थाको आवश्यकता पर्ने निष्कर्षअनरूप दलहरूमाथिको प्रतिबन्ध हटाई मुलुकमा पूर्ण प्रजातन्त्रको स्थापना गर्ने र

---

[१६३८] विस्तृतिका लागि गिरिजाप्रसाद कोइरालाद्वारा २०४२-१-२६ का दिन राजदबारमा दर्ता गरिएको विन्तिपत्र, हेर्नुहोस् *सातदिने समीक्षा,* मदनमणि दीक्षित (सं./प्र.), काठमाडौं : २०४२ साल वैशाख २८ गते, पृ. ५ ।

[१६३९] वासुदेव रिसाल, टिप्पणी संख्या ११ (क) ।

[१६४०] (क) *राष्ट्र पुकार,* २०४२ साल जेठ ३ गते ।
(ख) *सातदिने समीक्षा,* २०४२ साल जेठ ४ गते ।
(ग) *नेपाल पुकार साप्ताहिक,* २०४२ साल जेठ २ गते ।

> जनताको मनबाट निराशा र कुण्ठा हटाइ राजतन्त्रलाई अझै बढी दृढ र मर्यादा पूर्ण बनाउने उद्देश्य एवं विश्वासका आधारमा २०४२ साल जेठ १० गतेदेखि अधिराज्य व्यापी रूपमा सत्याग्रह प्रारम्भ गर्ने निर्णय गरेको कुरा श्री ५ मा जाहेर गरेका छौं भन्दै उक्त पत्र देशवाशीलाई जानकारी गराउने उद्देश्यले प्रकाशित गर्दैछौं भनेर स्पष्टता साथ उल्लेख गरिएको थियो ।[१६४१]

तीनैजना शीर्षस्थ नेताहरू आफै गएर राजदरबारमा उक्त स्मृति पत्र दर्ता गराई विकल्प खोजी अभियानको पूर्ण रूपले पटाक्षेप गरी सत्याग्रह आन्दोलन प्रारम्भ गर्ने जानकारी दिएपछि पार्टी कार्यालयमा फर्किए । त्यसपछि ने.का. का कार्यबाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईले राजालाई दिएको स्मृति पत्र, आन्दोलनको तिथि निर्धारण लगायतका विषयलाई सार्वजनिक गर्न एक प्रेश विज्ञप्ति जारि गरे । ने.का. ले राजालाई विधिवत जानकारी दिएर जेठ १० गतेदेखि सत्याग्रह आन्दोलन गर्ने निर्णय गरिएको घोषणासहित जारि उक्त विज्ञप्तिमा बहुदलीय संसदीय व्यवस्थाको पुनर्स्थापना, सम्पूर्ण राजबन्दीहरूको रिहाइ र उचित वेतन एवं संगठन गर्ने अधिकारका लागि हडतालमा उत्रिएका शिक्षकहरूका माग पूरा गरिनु पर्ने कुरामा जोड दिएको पाइन्छ ।[१६४२] उक्त विज्ञप्तिसँगै नेता भट्टराईले पार्टी अध्यक्षका हैसियतले सत्याग्रहको आवश्यकता, औचित्य लगायतका पक्षमाथि प्रकाश पार्दै देशको हरेक वर्ग र तप्काका नागरिकहरूसँग सत्याग्रहका लागि समर्थन र सहयोगका लागि अनुरोध गरिएको एक पत्र पनि वितरण गरेका थिए । जसमा-

> राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक स्तरमा मुलुकको विग्रदो अवस्था र देशवाशीले दिन प्रतिदिन भोग्नु परेका विभिन्न समस्यालाई ध्यानमा राख्दै समस्याको शान्तिपूर्ण निराकरणका लागि ने.का. ले आगामी जेठ १०, २०४२ बिहिवारका दिनदेखि देशव्यापी सत्याग्रह प्रारम्भ गर्ने निश्चित गरेको जनाउँदै मुलुकमा प्रचलित पंचायती व्यवस्थाले ल्याएका विकृतिहरू केलाएर आमुल परिवर्तनको आवश्यकता औंल्याउँदै राष्ट्रिय एकता र मेलमिलापअन्तर्गत पूर्ण प्रजातन्त्र स्थापनार्थ हुने सत्याग्रहलाई सफल पार्न प्रजातान्त्रिक आदर्श, मान्यता र मूल्यप्रति आस्था राख्ने सबै व्यक्ति, संघ संस्था आदिलाई सहयोग एवं समर्थन गर्न आह्वान गरिएको थियो ।[१६४३]

तिथि निर्धारणको घोषणापश्चात ने.का. का नेतात्रयद्वारा जमलस्थित पार्टी कार्यालयमा उपस्थित कार्यकर्ता एवं विद्यार्थीहरू समक्ष सत्याग्रहको स्वरूप लगायतका विविध पक्षमाथि प्रकाश पार्ने कार्य गरियो । नेताहरूबाट सत्याग्रहमा अखिल लगायत अन्य कुनै पनि विद्यार्थी संगठनहरूसँग संयुक्त मोर्चा हुन नसक्ने जनाएर सत्याग्रहको मूल भावनालाई बुझेर तदनुरूप चल्न निर्देशन दिएपछि विद्यार्थीहरूबाट जेठ ७ गतेबाट हुने परीक्षाका सम्बन्धमा जिज्ञासा राखियो । जवाफमा नेताहरूबाट विद्यार्थीहरूलाई परीक्षा दिन नजान वा बहिष्कार गर्नका लागि सम्झाउने, बुझाउने, अपिल मात्र गर्ने तर मारपिट, होहल्ला एवं कपि च्यात्ने जस्ता कुनै पनि

---

[१६४१] विस्तृतिका लागि श्री ५ महाराजाधिराजका जुनाफमा नेतात्रय (प्र. नेपाली कांग्रेस) द्वारा २०४२ साल जेठ १ गते प्रस्तुत स्मृति पत्र ।

[१६४२] विस्तृतिका लागि नेपाली कांग्रेस केन्द्रीय कार्यालयद्वारा २०४२ साल जेठ १ गते जारी प्रेश विज्ञप्ति, हेर्नुहोस्
(क) *सातदिने समीक्षा,* टिप्पणी संख्या २०४ (ख) ।
(ख) *नेपाल पुकार,* टिप्पणी संख्या २०४ (ग) ।

[१६४३] विस्तृतिका लागि सत्याग्रहबारे प्र. नेपाली कांग्रेसका अध्यक्ष कृष्णप्रसाद भट्टराईद्वारा २०४२ साल जेठ १ गते वितरित पत्र, हेर्नुहोस्-
(क) *नेपाल पुकार साप्ताहिक,* २०४२ साल जेठ ९ गते ।
(ख) *सातदिने समीक्षा,* २०४२ साल जेठ ११ गते ।

काम नगर्नका लागि निर्देशन नै दिइएको थियो ।[१६४४] उक्त दिन नेताहरूबाट सत्याग्रह आन्दोलनमा भाग लिने कार्यकर्ताहरूले अनुशासनको महत्त्व हृदयङ्गम गरेर बढ्नु पर्ने, प्रशासनका तर्फबाट उत्तेजित पार्ने प्रयास गरिएका खण्डमा पनि सत्याग्रहीले संयमता गुमाउन नहुने लगायतका विविध पक्षमाथि प्रकाश पार्दै सत्याग्रहको महत्त्व स्पष्ट गरिएको थियो ।

कार्यकर्ता एवं विद्यार्थीहरूलाई निर्देशन दिएपछि नेताहरूद्वारा पार्टी कार्यालयमा उपस्थित पत्रकारहरूसँग संक्षिप्त कुराकानी गरियो । कार्यकारी अध्यक्ष भट्टराईले सर्वप्रथम सत्याग्रह आन्दोलन प्रारम्भ गर्ने मितिको राजालाई औपचारिक रूपमा नै जानकारी दिएको स्पष्ट गरेर संघर्षका लागि संघर्ष गर्ने नीति ने.का. मा नरहेको हुनाले यदि नेपालमा सुव्यवस्था असम्भव छ भन्ने निराशापूर्ण विचार जनताको मनबाट हटाउने तर्फ राजाले कदम चाल्दछन् भने हामी सबैभन्दा खुसी हुनेछौं[१६४५] भन्दै सत्याग्रह आन्दोलन बाध्य भएर गर्न लागिएको स्पष्ट गरे । त्यहाँ उपस्थित विदेशी पत्रकारहरूसँग वार्ता गर्ने क्रममा महामन्त्री कोइरालाले ने.का. को सत्याग्रह आन्दोलन स्वर्गीय महात्मा गान्धीको पथको अनुशरण गर्दै पूर्णत अहिंशात्मक हुने जनाउँदै यदि यसमा हिंशा भएका खण्डमा स्वतह नै स्थगित हुने कुरा घोषणा गरे ।[१६४६]

यसप्रकार २०१७ सालमा प्रजातन्त्रको हत्या गरेर केही वर्षका लागि भन्दै अस्तित्वमा ल्याइएको र २०२३ सालको अन्ततिर राष्ट्रिय पंचायतद्वारा निर्विकल्प व्यवस्थाको रूपमा मान्यता दिलाइए तापनि बढ्दो जनअसन्तोषले गर्दा राजाबाट नै निर्विकल्पता समाप्त गरिएको पंचायती व्यवस्थाका विरुद्ध सत्याग्रह आन्दोलनको तिथि निर्धारण एवं घोषणा गरी ने.का. मेलमिलाप नीतिका तहत नयाँ प्रयोग गर्न अग्रसर भयो । वी.पी. को निधनपश्चातका ३२ महिनासम्म पार्टीभित्र चलेका वहस, आन्दोलनका पक्ष विपक्षमा उठेका आवाज र मेलमिलाप नीतिका बारेमा गरिएका विविध व्याख्याका अन्तमा राजाद्वारा पंचायती व्यवस्थाको निर्विकल्पता समाप्त गरिएको ऐतिहासिक दिन जेठ १० गतेलाई नै सत्याग्रह आन्दोलनको शुभसाइत बनाएर घोषणा गरियो । सदैव व्यापक छलफल एवं वहसपश्चात महत्त्वपूर्ण निर्णयहरू गर्ने परम्परामा गतिशिल ने.का. ले यसपटक पनि उक्त परम्परालाई आत्मसात गर्नुका साथै आन्दोलन गर्नु पर्ने बाध्यात्मक अवस्थाको यथार्थ विवरण उल्लेख गर्दै मुलुकका परमाधिपतिका रूपमा स्थापित राजालाई मागसहितको स्मृति पत्र दिएर सत्याग्रहको घोषणा गर्ने जुन कार्य गर्‍यो नेपालको इतिहासमा त्यो पहिलो पटक नै गरिएको थियो । जसका पछाडि नेपालको विद्यमान व्यवस्थामा राजाको भूमिका आधारभूत छ । देशको मूलप्रवाहमा राजा नै सबैभन्दा महत्त्वपूर्ण व्यक्ति हुन, मुलुकको राष्ट्रिय अस्तित्वको संरक्षण एवं प्रजातन्त्रको संस्थागत विकासका लागि पनि राजाको भूमिका संवेदनशिल र अक्षुण्ण छ, ने.का. का कुनै पनि आन्दोलन राजतन्त्रका विरुद्ध हुँदैनन् भन्ने मान्यतामा ने.का. अडिग रहेको स्वीकारोक्तिसँगै राजालाई सुधारका लागि अवसर दिने उद्देश्य निहित रहेको देखिन्छ ।

---

[१६४४] *राष्ट्र पुकार,* टिप्पणी संख्या २०४ (क) ।

[१६४५] *पूर्ववत्* ।

[१६४६] *पूर्ववत्* ।

## ७.१० सत्याग्रहको अन्तिम तयारी र प्रारम्भिक कार्यक्रम घोषणा

राजदरबारमा स्मृतिपत्र दर्ता गराएर फर्केपछि सत्याग्रह आन्दोलनको तिथि निर्धारण लगायतका कुरा सार्वजनिक गरेर अन्तिम तयारीतर्फ जुटेका शीर्षस्थ नेताहरू आवश्यक नीति निर्धारण एवं कार्यक्रम घोषणातर्फ सक्रिय भए । आन्तरिक छलफलपश्चात "राजनैतिक दलमाथिको प्रतिबन्ध हटाइयोस्" भन्ने मागलाई प्रमुख स्थान दिएर सत्याग्रह प्रारम्भ गर्ने निश्चय गरी आन्दोलन परिचालन गर्नका लागि सहयोग समिति गठन गर्ने र जिल्लास्तरीय संगठन एवं भातृ संस्थाहरूलाई परिचालन गर्ने निर्णय गरियो । नेतृत्व वर्ग बीच समझदारी कायम भएपछि कार्यबाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईले ने.का. का प्रत्येक जसो जिल्ला समितिहरूलाई एक परिपत्र जारी गरे । जसमा पार्टीले सत्याग्रह आन्दोलनको निर्णय एवं तिथि निर्धारण गरिसकेको जनाउँदै त्यसलाई सफल पार्न हरेक जिल्ला समितिले २०० जना कार्यकर्ता र २० हजार रूपैयाँको कोष जम्मा गर्न निर्देशन दिँदै त्यति गरेमा आन्दोलन सफल हुने कुरा उल्लेख थियो ।[१६४७] हरेक जिल्लाबाट न्यूनतम यसप्रकारको सहयोग एवं सहभागिता भएका खण्डमा सारा राष्ट्र नै आन्दोलित हुने र सत्याग्रह उपलब्धिमा पुग्ने विश्वाससहित जारी गरिएको उक्त परिपत्रले देशव्यापी रूपमा एकसाथ तयारी तिब्र बनायो । उक्त परिपत्रसँगै नेताहरूद्वारा त्यसै दिन सत्याग्रहको घोषणापत्र पनि जारी गरिएको थियो । नेपालमा पंचायती व्यवस्था स्थापनाको पृष्ठभूमि, व्यवस्था जोगाउन प्रयोग गरिएका उपायसहित देशको राजनीतिक, आर्थिक, सामाजिक परिस्थितिको समग्र एवं सटिक विश्लेषण गरी ऐतिहासिक जिम्मेवारी पूरा गर्न, मुलुकमा देखापरेको निराशा र आक्रोशजन्य विष्फोटनको स्थितिलाई सही निकाससँगै रचनात्मक अभिव्यक्ति प्रदान गर्न जनसमक्ष सत्याग्रहको कार्यक्रम प्रस्तुत गर्दछौं भन्ने उद्घोषसहितको उक्त घोषणाद्वारा अगाडि सारिएका ७ सूत्रीय मागहरू निम्नप्रकार थिए ।

(१) राजनीतिक दलमाथिको प्रतिबन्ध हटाई नागरिकहरूका नैसर्गिक मानवीय मौलिक हकलाई अकुण्ठित राख्ने पूर्ण प्रजातन्त्रको स्थापना होस् ।

(२) विभिन्न जिल्लाका जनताले हालै हस्ताक्षर गरी श्री ५ मा जाहेर गरेका तमाम स्थानीय समस्याहरू तत्परताका साथ समाधान गरी जनभावनाको कदर गरियोस् ।

(३) देशमा बढ्दो भ्रष्टाचार, कालोबजार, तस्करी, उन्मुलन गरी जनतामा फैलिदो गरिबी, वेरोजगारी, महंगी र कृत्रिम अभावको स्थिति समाप्त पारियोस् ।

(४) सारा प्रजातान्त्रिक अंकुश र भेदभाव हटाई प्रेश स्वतन्त्रता सुरक्षित पारियोस् ।

(५) सम्पूर्ण राजबन्दीहरू अविलम्ब रिहा गरियुन ।

(६) शिक्षक वर्गका जायज मागहरू पूरा गरी विद्यालयको शुल्क घटाइयोस् र विभिन्न वर्गीय संगठनहरूको संगठन स्वतन्त्रता कायम होस् ।

(७) वन मासेर विदेश निकास गर्ने प्रक्रिया तुरुन्त रोकी हरियो जंगल र जलाधार क्षेत्रको संरक्षण गरियोस् ।[१६४८]

---

[१६४७] प्र.ने.का. कार्यबाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईको हस्ताक्षरमा उल्लेखित निर्देशन दिइएको पत्र जुन तनहुँ जिल्ला सभापतिलाई लेखिएको थियो, प्राध्यापक ब्रतराज आचार्यसँग संग्रहित छ, त्यसबखत यस्तो परिपत्र देशभरि नै जिल्ला नेतृत्वलाई जारी गरिएको कुरा विभिन्न जिल्लास्तरीय नेताहरूले अन्तर्वार्ता क्रममा स्वीकार गरेका छन् ।

[१६४८] विस्तृतिका लागि नेपाली कांग्रेस केन्द्रीय प्रचार प्रसार समिति, *सत्याग्रहको घोषणापत्र*, काठमाडौं : मिति उल्लेख नभएको, पृ. १-८ ।

उपर्युक्त मागहरूका लागि २०४२ साल जेठ १० गतेदेखि अधिराज्यका विभिन्न जिल्ला एवं राजधानीमा पूर्णतया अहिंशात्मक र शान्तिपूर्ण सत्याग्रह प्रारम्भ गरिने उद्घोषपश्चात सफल संचालनका लागि आन्तरिक प्रबन्ध पनि मिलाइएको थियो । केन्द्रीय नेताहरूद्वारा मुलुकको दारुण अवस्था अन्तका लागि सत्याग्रहमा सहभागि भएर योगदान पुऱ्याउने व्यवस्था मिलाउने लगायतका आवश्यक कार्य गर्नका लागि सर्वप्रथम पि.एल. सिंह र वीरेन्द्र दाहाललाई अन्तर्राष्ट्रिय सम्पर्क एवं देशव्यापी नेटवर्क परिचालन लगायतका कार्य गर्ने जिम्मा दिएर भूमिगत रहेर प्रबक्ताको भूमिका समेत निर्वाह गर्न निर्देशन दिइयो ।[१६४९] जिल्लाका नेतृत्व तहका मुख्य व्यक्तिहरूका लागि अत्यन्त गोप्य सर्कुलरहरू जारी गर्दै प्रत्येक जिल्लामा जिल्लास्तरीय आन्दोलनहरू सञ्चालन गर्ने, केन्द्रीयस्तरको आन्दोलनमा सहभागी हुन पनि जाने, चरणबद्ध आन्दोलन सञ्चालनका लागि कैयौं साथीहरू व्यवस्थित रूपमा भूभिगत पनि हुँदै जाने निर्देशन दिइएको थियो ।[१६५०] यसबाहेक केन्द्रमा सत्याग्रह सञ्चालन व्यवस्था प्रचार प्रसार लगायतका कार्यमा आवश्यक सहयोग पुऱ्याउन श्रीमती मंगलादेवी सिंहलाई अध्यक्ष र ध्यान गोविन्द रंजितलाई सल्लाहकार राखेर ३१ सदस्यीय सत्याग्रह सहयोग कमिटी गठन गरियो ।[१६५१] जसमा सम्मिलित सदस्यहरूमध्ये अधिकांश ने.वि. संघकै कार्यकर्ताहरू थिए ।

आन्दोलनको उद्घोषसँगै ने.का. ले “विकल्प खोजी अभियान” सञ्चालन गर्दा प्रारम्भ भएको वहसले भातृसंस्था ने.वि. संघलाई पनि प्रभावित पारेको थियो । जसका तत्कालीन केन्द्रीय अध्यक्ष बलबहादुर के.सी. सदैव आन्दोलनका पक्षमा लागेर अभिमत जाहेर गर्दै र विकल्प खोजी प्रश्ताव सुनियोजित षड्यन्त्रका तहत फ्याकिएको जाल हो भन्दै अभियानमा उत्रिएका हुनाले उनको कार्य समितिको विकल्प पक्षीय कतिपय पदाधिकारी असन्तुष्ट थिए ।[१६५२] त्यो स्थितिमा उक्त समिति कायमै रहेमा सत्याग्रहको प्रभावकारितामा प्रश्न चिन्ह उठने संभावना देखियो । तसर्थ सहभागिता र परिचालन राम्रो बनाउन ने.वि. संघको प्रचलित केन्द्रीय समितिलाई निस्क्रिय बनाइ एक एक्सन कमिटी गठन गरियो । त्तकालीन अध्यक्ष बलबहादुर के.सी. कै अध्यक्षतामा गठित १३ सदस्यीय उक्त कमिटीमा लालकिशोर शाह, राजन पंत, पूर्णबहादुर खड्का, प्रकाशशरण महत, त्रैलोक्यप्रताप सेन, दिपक गिरी, नविन्द्रराज जोशी आदि सदस्यहरू रहेका थिए ।[१६५३]

---

[१६४९] रामकृष्ण ताम्राकार, टिप्पणी संख्या ६३ (ख) ।

[१६५०] शुक्रराज शर्मा, गोविन्द कँडेल र रामकृष्ण ताम्राकारसँगका अन्तर्वार्ताहरू ।

[१६५१] गोबर्धन राना, *प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी संघ (नेपाली तरुणहरूको संघर्षगाथा)*, काठमाडौं : ने.वि. संघ पश्चिमाञ्चलन समन्वय समिति, २०५०, पृ. ६१७ ।

[१६५२] बालकृष्ण खाँण, लालकिशोर शाह, वृखेशचन्द्रलाल, गंगाधर लम्सालसँगका अन्तर्वार्ताहरू ।

[१६५३] (क) राना, टिप्पणी संख्या २१५, पृ. ६१६ ।
(ख) राजनप्रसाद पंत, बालकृष्ण खाँण, लालकिशोर शाहसँगका अन्तर्वार्ताहरू ।

अर्कातिर २०४२ सालको प्रारम्भसँगै पूर्ण जोश साथ सत्याग्रहको तयारीमा जुटेका कार्यकर्ताहरूले कोठेवैठक, चोक-टोल-वहालहरूमा मिटिङ आदि आयोजना गरेर सत्याग्रह आन्दोलन गर्नु परेको कारणमाथि प्रकाश पार्ने र सत्याग्रहमा भाग लिन चाहनेहरूलाई प्रशिक्षित गर्ने दोहोरो अभियान सुरु गरी नेताहरूलाई बोलाउने गर्दै थिए ।[१६५४] त्यस्ता कतिपय कार्यक्रममा गणेशमान सिंह लगायतका नेताहरू पुगेर विचार राख्ने लगायतका कार्यबाट मनोबल बढाउने काम पनि हुँदैथियो । त्यो स्थितिमा आन्दोलनको तिथि निर्धारण लगायतका सर्कुलर जारी हुना साथ देशभरि नै झन सशक्तता साथ अभियान चलाएर तयारीलाई अन्तिमरूप दिन थालियो । केन्द्रको निर्देशन पाउना साथ कार्यकर्ताहरू "सत्याग्रह किन ? र कसरी ?" भन्ने पुस्तिका, नेताहरूका अपिल, सत्याग्रहको घोषणा पत्र आदि लिएर गाउँ-बस्तीसम्म पुग्न थाले । विद्यार्थीहरूलाई प्रयोग गरेर मानिसहरूको बढी आवागमन हुने प्रमुख मार्गहरूमा अपिल लगायतका पर्चाटास्ने र सत्याग्रह सफल पारौं, सत्याग्रहमा सहभागी बनौं, सत्याग्रहीलाई सहयोग गरौं आदि नाराहरू उल्लेख गर्दै भित्ते लेखन गर्ने कार्य तिब्र पारियो ।[१६५५] आफ्ना क्षेत्रबाट धेरैभन्दा धेरै सहभागिता गराउने लक्ष्यअनुरूप खटेका कार्यकर्ताहरू गाउँवस्तिसम्म पुग्न थाले । प्रशासनिक बक्रदृष्टिबाट बचेर तयारीमा लागेका कार्यकर्ताहरू जनसमक्ष पुगेर सत्याग्रहमा सरिक हुन प्रेरणा दिने, सत्याग्रहीले पालना गर्नु पर्ने अनुशासनबारे जानकारी दिने, तिथिअनुसार नेतृत्वको चयन गरी सहभागिहरूको सूची तयार गरेर जिम्मा दिने, स्थल निर्धारणसँगै लगाउने नाराहरू स्पष्ट गर्ने लगायतका कार्यलाई अभियानकै रूपमा अगाडि बढाइयो ।[१६५६] कार्यकर्ताहरूद्वारा यसक्रममा ने.का. लगायत पंचायत विरोधी समूहका सबैजसो कार्यकर्तालाई बोलाएर भेला-वैठक गरी पंचायतका सबैजसो क्रियाकलाप स्पष्ट गर्दै २००७ सालदेखि नै परिवर्तनका लागि नेतृत्व गर्दै आएको ने.का. द्वारा प्रजातन्त्र पुनर्स्थापना बिना देशको विकास हुन नसक्ने निष्कर्षसहित सारिएको सत्याग्रह आन्दोलन नै परिवर्तनको एकमात्र उपयुक्त बाटो हो भन्दै बिना रक्तपात पंचायती व्यवस्था फाल्ने यो महान अवसरमा सहभागी भएर सफल पार्न आह्वान गरिएको थियो ।

द्रुत तयारीका फलस्वरूप देशका विभिन्न क्षेत्रमा जिल्लास्तरीय सत्याग्रह संचालनका लागि तयारी गर्ने र केन्द्रको कार्यक्रममा सहभागी बन्न राजधानीतर्फ प्रस्थान गर्ने कार्य तिब्र हुन थाल्यो । बाटैमा प्रशासनिक धरपकड पनि हुन थाले पछि कार्यकर्ता एक अर्काका जिल्लामा समेत पुग्न थाले । त्यो अवस्थामा केन्द्रीय कार्यालयबाट एक सानो अपिल जारी गर्दै सहयोगका लागि आह्वान गरियो । जसमा सत्याग्रहलाई सफल तुल्याउनु होस्, सत्याग्रहीलाई सहयोग दिनुहोस्,

---

[१६५४] गणेशमान सिंह, "तिनताकाका हाम्रा सामाजिक कार्यहरू", *साप्ताहिक पुनर्जागरण*, प्रह्लाद रिजाल (सं.), काठमाडौँ : आयाम प्रकाशन, २०५४ पौष ८ गते, पृ. ३ ।

[१६५५] (क) रामचन्द्र अधिकारी, वृखेशचन्द्रलाल, महेश्वरलाल श्रेष्ठ, गंगाधर लम्साल, देवेन्द्र नेपाली, गोविन्द कँडेल, चिरन्जीवी वाग्ले, सिद्धराज ओझा, बाबुराम रानासँगका अन्तर्वार्ताहरू ।
(ख) तारा कोइरालासँग २०६० साल पौष २२ गते काठमाडौँ, टेकुमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१६५६] (क) कृष्णलाल सापकोटा, रामचन्द्र अधिकारी, गोपालमान श्रेष्ठ, गोविन्द कँडेल, चिरन्जीवी वाग्ले, स्मृतिनारायण चौधरी, गिरिराज आचार्य, देवेन्द्र नेपालीसँगका अन्तर्वार्ताहरू ।
(ख) नारायण घिमिरेसँग २०६० जेठ १५ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) रामकृष्ण यादवसँग २०६० जेठ १२ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) जनार्दनसिंह क्षेत्रीसँग २०६० जेठ १७ गते वीरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

सत्याग्रहका समयमा अन्य जिल्लाका सत्याग्रहीहरू तपाईको जिल्लामा आइपुगेमा उनीहरूलाई नजिकैको सत्याग्रहको सहयोग समितिमा पुऱ्याइ दिनुहोस्[१६५७] भन्ने अनुरोध गर्दै सहयोग मागिएको थियो ।

पार्टीका हरेक कार्यक्रमलाई व्यवहारिक रूप दिने कार्यद्वारा महत्त्वपूर्ण भातृ संस्थाको स्थान प्राप्त गरेको संस्था ने.वि. संघद्वारा सदाझैं प्रभावकारी सहयोग पुऱ्याउनेतर्फ पहल गरियो । केन्द्रीय एक्सन कमिटिका तर्फबाट सर्वप्रथम एक अपिल प्रकाशित गरी परिवर्तनका लागि जाँच एवं कक्षाहरू समेत वहिष्कार गर्दै राष्ट्रिय आन्दोलनको मूलधारामा सामेल हुन आग्रह गरियो । उक्त अपिलमा पंचायती व्यवस्थाको स्थापनासँगै प्रारम्भ भएको प्रजातान्त्रिक आन्दोलनमा राष्ट्रियताको संरक्षण गर्ने जिम्मेवारी पनि थपिएको जनाउँदै २०४२ साल जेठ १० गतेदेखि प्रजातन्त्र पुनर्स्थापनामाथि जोड दिँदै प्रारम्भ गरिने शान्तिपूर्ण सत्याग्रहले मुलुकलाई साधानात्मक मार्गतर्फ अग्रसर गराउने विश्वासअनुरूप तन, मन, धनले सहयोग पुऱ्याउने प्रतिबद्धता दोहोऱ्याएर जेठ १० गतेदेखि सम्पूर्ण जाँच र कक्षाहरू वहिष्कार गरी राष्ट्रिय आन्दोलनको मूलधारामा सामेल हुन अनुरोध गरियो ।[१६५८]

तिब्र हलचलमय परिस्थितिमा अन्तिम तयारी गरिरहेको ने.का. ले जेठ ९ गतेका दिनमा मात्र प्रथम चरणको कार्यक्रम सार्वजनिक गऱ्यो । संभवतः राजदरबारमा दर्ता गराएको स्मृति पत्रका बारेमा हुनसक्ने प्रतिक्रियाको बाटो हेर्न आवश्यक ठान्नु र पहिला नै कार्यक्रम घोषणा गर्दा धरपकड तिब्र हुने संभावनालाई मध्यनजर गरेर एकदिन अगाडिमात्र कार्यक्रम सार्वजनिक गरिएको थियो । जेठ ९ गतेका दिन एक अपिल जारी गर्दै सत्याग्रहको निर्णय लगायतका पक्षबारे प्रकाश पारेर प्रथम चरणमा राजधानी बाहिरका जिल्लाहरूमा जिल्ला कार्यालयसहितका सरकारी अड्डाहरू घेरेर अवरोध पुऱ्याउने र काठमाडौं सिंहदरबार, चारखाल अड्डा र सर्वोच्च अदालतमा धर्ना दिएर सत्याग्रह प्रारम्भ गर्ने, आमसभा एवं कोणसभाहरू गर्ने आदि कार्यक्रम घोषणा गरियो ।[१६५९] राजधानीमा सशक्त प्रदर्शनसहित आन्दोलन अगाडि बढाउने उद्देश्यअनुरूप जेठ १० गतेका दिन महामन्त्री कोइरालाको नेतृत्वमा, ११ गते कार्यवाहक अध्यक्ष भट्टराईको नेतृत्वमा र १३ गते सर्वोच्च नेता सिंहको नेतृत्वमा सत्याग्रह गर्ने कार्यक्रम तय गरी व्यवस्थासमेत मिलाइएको थियो ।[१६६०]

---

[१६५७] प्र.ने.का. द्वारा "अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

[१६५८] विस्तृतिका लागि नेपाल विद्यार्थी संघ केन्द्रीय एक्शन कमिटिद्वारा २०४२ साल जेठ ६ गते "नेपाल विद्यार्थी संघको अपिल" शीर्षकमा जारी पर्चा ।

[१६५९] विस्तृतिका लागि (क) प्र. नेपाली कांग्रेस प्रचार समितिद्वारा २०४२ साल जेठ ९ गते "प्रतिबन्धित नेपाली कांग्रेसको अपिल र कार्यक्रम" शीर्षकमा जारी पर्चा ।
(ख) वावुराम राना, निलाम्बर पन्थी, शुक्रराज शर्मा, अशोक कोइराला, गोविन्द कँडेल, बालकृष्ण खाँण, गिरिराज आचार्य, राजेश्वर नेपाली, लालकिशोर शाहसँगका अन्तर्वार्ताहरू ।

[१६६०] (क) *पूर्ववत्* (क) ।
(ख) ऋषिकेश तिवारी, शैलजा आचार्य, शुशिल कोइरालासँगाका अन्तर्वार्ताहरू ।
(ग) श्रीमती नोना कोइरालासँग २०६० जेठ २७ गते कोइराला निवास विराटनगरमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

यसप्रकार वी.पी. को निधनपश्चात पार्टीभित्र चलेका बहस, कार्यकर्ताको चाहना लगायतको स्थितिबाट बढेर आन्दोलनको निर्णयमा पुगेको ने.का. ले विविध स्थितिको सामना गर्दै तयारी सम्पन्न गर्‍यो । सत्याग्रहको मनस्थिति बनाएर त्यसका कारणबारे सविस्तार जानकारी दिएर सहमतीको तत्परता स्पष्ट गर्दै प्रयास गर्दा पनि तत्कालीन सरकारबाट संवादको शिष्टाचारसम्म नदेखाई उपेक्षा भाव प्रकट गरिनाले संवादको पहल कार्यान्वियन हुन सकेन । परिणामस्वरूप अन्तिम घडिसम्म पनि संवादका पक्षमा रहेको ने.का. ले प्रारम्भिक कार्यक्रम घोषणा गरेर निश्चित तिथिमै सत्याग्रह प्रारम्भ गर्ने तर्फ लाग्यो ।

## ७.११ सत्याग्रह आन्दोलनका महत्त्वपूर्ण कार्यक्रम एवं घटनाहरू

ने.का. ले २०४२ साल जेठ ९ गतेका दिन सवेरै सत्याग्रह आन्दोलनका लागि प्रथम चरणका कार्यक्रम सार्वजनिक गर्ना साथ राजनैतिक वातावरण अत्यन्त सनसनीखेज बन्न पुग्यो । पार्टीका कार्यकर्ताहरू पूर्ण उत्साह साथ चरणबद्ध रूपले मैदानमा उत्रने लगायतका व्यवस्था मिलाउने, टोली नेता चयन गरी जिम्मा दिने, व्याज-व्यानर बनाउने आदि कार्यमा सक्रिय भए भने राज्य संयन्त्र निरुत्साहित पार्ने तर्फ लागे । केन्द्रमा भव्यता साथ सत्याग्रह प्रारम्भ एवं संचालन गर्ने र व्यापक जनसहभागिता देखाएर सनसनी फैलाउने उद्देश्यअनुरूप देशका विभिन्न भागबाट काठमाडौँ आएका नेता एवं कार्यकर्ताहरूमध्ये कतिपय केन्द्रीय नेतृत्वसँग भेटेर गोप्य योजना तयार गर्ने तर्फ सक्रिय भए भने कतिपय सत्याग्रह संचालनका लागि निर्मित भूमिगत केन्द्र, पार्टी कार्यालय आदिमा पुगेर जानकारी लिने, तयारमि सघाउने गर्न थाले । आफ्ना सम्पर्क सूत्रका माध्यमबाट ने.का. का हरेक गतिविधिमाथि निगरानी राखी रहेको तत्कालीन सरकारले प्राप्त जानकारीबाट जेठ १० गतेका दिन नियन्त्रण गर्न कठिन हुने गरी सत्याग्रह आन्दोलन प्रारम्भ हुने निर्क्यौल गरेर त्यो स्थिति आउन नदिने तर्फ लाग्ने निश्चय गर्‍यो । जसअनुरूप जेठ ९ गतेको मध्यान्ह हुँदा नहुँदै नेताहरूका घर एरिया, पार्टी कार्यालय आसपासका क्षेत्र आदिमा घेरा हालेर शंका लाग्ना साथ पक्रने गर्न थाल्यो । फलस्वरूप त्यसदिन काठमाडौँको क्षेत्रपाटी, जमल, गौसाला, चावेल, सुन्धारा एवं पाटनको कुपण्डोल लगायतका स्थानहरूबाट नेता एवं कार्यकर्ताहरूलाई गिरफ्तार गरेर हनुमानढोकास्थित जिल्ला प्रहरी कार्यालय, महेन्द्र पुलिस क्लब, गौसाला, कालिमाटी लगायतका वडा प्रहरी कार्यालय, पाटन मंगल बजार प्रहरी कार्यालय लगायतका कस्टडीहरूमा लगेर राखियो ।[१६६१] आयोजकद्वारा आन्दोलन प्रारम्भ नगर्दै सत्याग्रहमा भाग लिन आएका, संचालन क्षमता भएका र पंचायत

---

[१६६१] (क) गिरिराज आचार्य, *बन्दी यातना शिविरबाट फर्कदा,* धरान : श्रीमती नीरजा आचार्य र पद्मकेशर कार्की, २०५७, पृ. १ ।
(ख) बद्रीनारायण गौतम, टिप्पणी संख्या २४ (ख), पृ. २१२ ।
(ग) *सातदिने समीक्षा,* २०४२ साल जेठ ११ गते ।
(घ) *राष्ट्रपुकार,* २०४२ साल जेठ १० गते ।
(ङ) निलाम्बर पन्थी, गिरिराज आचार्य, रामकृष्ण ताम्राकार, विपिन कोइरालासँगका अन्तर्वार्ताहरू ।
(च) पद्मकेशर कार्कीसँग २०६० जेठ २ गते चतरालाइन, धरानमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

विरोधीका रूपमा चिनिएकाहरूलाई यसरी खोजी-खोजी पक्रन थालेको सरकारले दमनमा उत्रने नीति अवलम्बन गरेको जानकारी दियो । त्यसबाहेक जेठ ९ गतेका राती अवेरसम्म नै काठमाडौँका होटल, लज, नेताहरूका डेरा लगायतका स्थानहरूमा व्यापक तलाशि लिएर त्यहाँ बसेका व्यक्तिहरूलाई सोधी-सोधी गिरफ्तार गरेको थियो । ब्रिटिश ब्रोडकास्टिङ्ग कर्पोरेशन (वि.वि.सी.) का अनुसार उक्त दिन काठमाडौँ उपत्यका भित्रमात्र ३५० जना गिरफ्तार भएका थिए भने रेडियो नेपालले शान्तिभंग गर्न चाहने ५० जनालाई प्रहरीले नियन्त्रणमा लिएको जानकारी प्रशारित गरेको थियो ।[१६६२]

राज्यमा सुव्यवस्था कायम गर्ने, जनअधिकारको रक्षा गर्ने दायित्व बोकेको पंचायती सरकारले असन्तुष्ट आवाज सुनेर संवादका माध्यमबाट समझदारीयुक्त वातावरण ल्याउनुका सट्टा व्यापक धरपकड एवं दमन गर्ने नीति लियो । जेठ १० गतेका दिन सम्पूर्ण कर्मचारीहरूलाई बिहान ८ बजेभित्र आ-आफ्ना कार्यालयमा पुगिसक्नु पर्ने उर्दि र कुनै विदालिन नपाउने परिपत्र जारी गरिसकेको सरकारले[१६६३] उक्त दिन बिहानैदेखि चावहील, चारखाल, डिल्लिवजार, सिंहरदबार, भद्रकाली, माइतिघर, पुतलीसडक लगायतका स्थान एवं चोकहरूमा व्यापक प्रहरी तैनाथ गऱ्यो । सिंहदरबार सचिवालय, सर्वोच्च अदालत र चारखाल अड्डा अगाडि गेटमा धर्ना दिने सत्याग्रहको घोषित कार्यक्रम असफल पार्न सरकार सक्रिय भए तापनि आन्दोलनको निश्चयमा पुगेका विद्यार्थी, किसान, मजुदर, नेता आदि सबै आ-आफ्ना वासस्थानबाट निस्केर चुपचाप निर्धारित स्थानतर्फ जान थाले ।

नेता एवं कार्यकर्ताको नेतृत्व गर्दै सिंहदरबार सचिवालय अगाडि धर्ना दिएर सत्याग्रह प्रारम्भ गर्ने जिम्मेवारी पाएका महामन्त्री कोइरालाले त्यसदिन बिहानै एक अपिल सार्वजनिक गरे । पंचायतको २५ वर्षीय कार्यकालबारे समग्र विश्लेषण गर्दै शान्ति र अहिंशामा आधारित रहेर राजा र जनताबीच विश्वासको जग बसाल्ने उद्देश्यअनुरूप संचालन गर्न लागिएको सत्याग्रह आन्दोलन राजसंस्थाका विरुद्ध नभएर देशमा विद्यमान विकृतिका विरुद्ध गर्न लागिएको जनाउँदै सबैसँग हिंशात्मक स्थिति आउन नदिन र सहयोग गर्न अनुरोध गरिएको[१६६४] उक्त अपिल रत्न पार्क लगायतका ठाउँहरूमा बाँडदै अगाडि बढ्ने जिम्मा दिएर बिहानै खटाएका थिए । त्यसपछि निर्धारित समयमै कार्यक्रम स्थल पुगेर धर्ना दिनका लागि बिहान साढेसात बजे चावहीलस्थित आफ्नो निवासबाट श्रीमती नोना कोइराला, शैलजा आचार्य, शुशिल कोइराला लगायतका कार्यकर्ताहरूको समूह साथ निस्किए । उनीहरू गेटबाट बाहिर निस्कना साथ स्थानीय प्रशासनद्वारा खटाइएका प्रहरीहरूले रोकेर अगाडि जान पाइँदैन लगायतका कुरा गर्न थालेपछि उनीहरूले नफर्कने अडान व्यक्त गरेकाले प्रहरीद्वारा गिरफ्तार गर्न खोजेपछि पौने आठ बजे

---

[१६६२] *पूर्ववत्* (ग) र (घ) ।

[१६६३] गौतम, टिप्पणी संख्या १२३, पृ. १८९ ।

[१६६४] विस्तृतिका लागि प्र. नेपाली कांग्रेसका महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा २०४२ जेठ १० गते काठमाडौं जमलबाट जारी गरेको अपिल ।

अनुशासन र एकताका स्वार्थमा स्वेच्छिक गिरफ्तारी दिएकाले महामन्त्री लगायतको समूहलाई हनुमानढोका स्थित प्रहरी कस्टडीमा पुऱ्याइयो ।[१६६५]

महामन्त्री कोइराला लगायतलाई गिरफ्तार गरिएको समाचार सार्वजनिक हुना साथ उत्साहित एवं आक्रोशित भएका कार्यकर्ताहरू पूर्व निर्धारित ठाउँमा पुगेर नारा घन्काउँदै सत्याग्रह गर्न तत्पर भए । सत्याग्रही भनेर चिन्यो भने पक्रन्छ, पिटछ, निश्चित ठाउँमा पुग्न दिदैन लगायतका हल्ला चलिरहेको अवस्थामा लुक्दै-छिप्दै पुतलीसडक, भद्रकाली लगायतका स्थानमा पुगे तापनि प्रहरीले अगाडि बढ्न दिएन । तसर्थ केही साथीहरू जम्मा हुनासाथ आँखाले इशारा गर्ने र "सत्याग्रह सबैका लागि सबै सत्याग्रहका लागि" लेखिएको व्याज लगाउँदै, "सत्याग्रह सफल पारौं" लगायतका नारावाजी गर्दै सडकमा उत्रेर अगाडि बढ्ने प्रयास गर्न थाले ।[१६६६] जसलाई दगुर्दै आएका प्रहरीहरूले समातेर विभिन्न प्रहरी कस्टडीमा लाने र थुन्ने क्रम चल्दै गयो । घण्टाघरबाट महामन्त्रीको अपिल बाँड्दै र छर्दै हिडेका अशोक कोइराला पनि भद्रकालीतर्फ बढ्ने क्रममा प्रदर्शनी मार्गस्थित राष्ट्रिय सभागृह अगाडि पुग्नासाथ पक्राउ परे ।[१६६७] सत्याग्रहको प्रारम्भलाई न्यून बनाउने प्रशासनिक प्रयासका वावजुद पनि जेठ १० गते राजधानीमा व्यापक जनप्रदर्शन भयो । दिउँसो २ बजेसम्म राजधानीका निर्धारित स्थलमा पुगेर सत्याग्रहमा उत्रने र गिरफ्तारी दिने क्रम चल्यो । ने.का. स्रोतले त्यसदिन राजधानीबाट मात्र १ हजार जति आन्दोलनकारीहरूले गिरफ्तारी दिएको दावी गरे तापनि छ सयभन्दा बढी कार्यकर्ताहरूले सत्याग्रहमा अर्पित गरेर गिरफ्तारी दिएको तथ्य प्रमाणित भएको छ ।[१६६८]

राजधानीभन्दा बाहिरका चितवन, जनकपुर, पोखरा, पाल्पा, स्याङ्जा, रौतहट लगायतका विभिन्न ठाउँहरूमा पनि जेठ १० गतेबाट व्यापक उत्साह साथ सत्याग्रह प्रारम्भ गरियो । केन्द्रको निर्देशन प्राप्त गर्ना साथ संचालक समिति, प्रचार प्रसार समिति, सहयोग समिति गठन गरेर चरणबद्ध टोली बनाएर तयार भएका चितवनका कार्यकर्ताहरूले दायाँ पाखुरामा निलो पट्टि बाँधी हातमा प्लेकार्ड बोकेर उदयनाथ अधिकारी र शेषनाथ अधिकारीको नेतृत्वमा जिल्ला कार्यालयमा धर्ना दिन पंक्तिबद्ध भएर निस्किए ।[१६६९] ने.का. को कार्यालयबाट निस्कना साथ यो टोलीलाई संगिनधारी प्रहरीले निर्मम दमनसँगै पक्रेर ट्रकमा हाली जिल्ला प्रहरी कार्यालयतर्फ लाने क्रममा बाटोका दुवै किनारामा उभिएका जनताले तालि बजाएर ऐक्यबद्धता

---

[१६६५] (क) नोना कोइराला, शैलजा आचार्य, शुशिल कोइरालासँगका अन्तर्वार्ताहरू ।
(ख) *राष्ट्रपुकार,* २०४२ साल जेठ १७ गते ।

[१६६६] ऋषिकेश तिवारी, मनमोहन भट्टराई, व्रतराज आचार्यसँगका अन्तर्वार्ताहरू ।

[१६६७] अशोक कोइराला, टिप्पणी संख्या १६ (घ) ।

[१६६८] *सातदिने समीक्षा,* २०४२ जेठ ११ गते ।

[१६६९] विस्तृतिका लागि (क) *राष्ट्रपुकार,* २०४२ साल जेठ १७ गते ।
(ख) एकनाथ भाट र लुकबहादुर राना, "सत्याग्रह २०४२ चितवन एक झलक", *जय नेपाल स्मारिका,* ज्ञानेन्द्र मल्ल आदि (सं.), चितवन : नेपाली कांग्रेस क्षेत्रीय समिति क्षेत्र नं. २ चितवन, २०५७, पृ. ५५-५७ ।
(ग) राजेन्द्र रेग्मी, *नेपालको प्रजातान्त्रिक आन्दोलन र चितवन,* चितवन : किरण प्रकाशन, २०४८, पृ. ३२-३४ ।
(घ) महेश्वरलाल श्रेष्ठ, शेषनाथ अधिकारी, कृष्णलाल सापकोटासँगका अन्तर्वार्ताहरू ।

प्रकट गरे । त्यसदिन चितवनमा एकपछि अर्को गर्दै ४ वटा टोली निस्किएर गिरफ्तारी दिएपछि प्रशासनले ७८ जनालाई भरतपुरस्थित खाद्य संस्थानको गोदाममा लगेर टिनको छानामुनि सिमेन्टमा खानपिन समेत नदिएर राख्यो । पश्चिम नेपालको रमणीय नगर तानसेनस्थित जिल्लास्तरीय कार्यालय रहेको दरबार गेटमा धर्ना दिन पूर्वपट्टिको ढोकाबाट प्रवेश गर्ने उद्देश्यले हिडेका ठाकुरचन्द्र कोइराला लगायतका ५ जना सत्याग्रहीहरूलाई ढोकामा नपुग्दै गिरफ्तार गरेर सिधै जेल चलान गरियो ।[१६७०] आन्दोलनको उदघोषसँगै सक्रिय हुँदै आएका पोखराका कार्यकर्ताहरूले करुणानिधि कोइरालाको नेतृत्वमा अंचलाधीश कार्यालय, क्षेत्रीय अदालत अगाडि पुगेर धर्ना दिँदै करिब १०० जनाले गिरफ्तारी दिए ।[१६७१] जनकपुरमा श्रीमती लीला कोइरालाको नेतृत्वमा जिल्ला कार्यालयमा धर्ना दिन हिडेको टोलीलाई बाटैमा समातिएकाले ठेरा, कचुरी, लक्ष्मीनीया, गंगासागर लगायतका स्थानहरूबाट नाराबाजी गर्ने, जुलुस निकाल्ने र गिरफ्तारी दिने क्रम दिनभरि चल्यो भने महोत्तरीमा पनि ५०-६० जनाले गिरफ्तारी दिए ।[१६७२] जेठ ९ गतेदेखि नै शेखइद्रिश लगायतका नेताहरूलाई गिरफ्तार गरेर सत्याग्रह हुन नदिने रौतहट प्रशासनको चाहना विपरित ८० जना सत्याग्रहीहरूद्वारा जिल्ला कार्यालयलाई घेराउ गर्दै नाराबाजी गरेपछि प्रहरीद्वारा व्यापक लाठि चार्जसहित गिरफ्तार गरियो ।[१६७३] यसबाहेक त्यसदिन देशका अन्य विभिन्न जिल्लाहरूमा अंचलाधिश कार्यालय, जिल्ला अदालत, जिल्ला कार्यालय लगायतका कार्यालय अगाडि धर्ना दिने नारावाजी गर्ने लगायतका कार्यद्वारा आन्दोलन प्रारम्भ गरिएको थियो ।

सरकारको दमनात्मक नीतिका वावजुद पनि व्यापक उत्साह साथ सत्याग्रह प्रारम्भ भएपछि ने.का. का नेताहरू झन उत्साहित भए । सर्वोच्च नेता सिंहले एक साप्ताहिक मार्फत जनतामा प्रजातन्त्रका लागि प्रेम, जनताका दुःखप्रति चिन्ता र बलियो देशभक्ति व्याप्त रहेको जनाउँदै सत्याग्रहमा उत्रिने सबैलाई हार्दिक कृतज्ञतासहित धन्यवाद दिए भने कार्यवाहक अध्यक्ष भट्टराईले प्रारम्भिक जनसमर्थनबाट सत्याग्रह निकै दिन चल्ने प्रष्ट भएको जनाउँदै उपलब्धि प्राप्त नहुँदासम्म सत्याग्रह चलिरहने स्पष्ट गरे ।[१६७४]

प्रशासनिक हस्तक्षेपका वावजुद पनि पहिलो दिन सत्याग्रहप्रति देखापरेको जनसमर्थनबाट उत्साहित सर्वोच्च नेता सिंहले जेठ ११ गते एक अपिल सार्वजनिक गरे । २०१७ सालमा

---

[१६७०] नरेशचन्द्र भट्टराई, ता.न.पा. पाल्पाको डायरी, "तानसेनमा सत्याग्रह", अप्रकाशित, पृ. १ ।

[१६७१] (क) *राष्ट्रपुकार,* २०४२ साल जेठ १७ गते ।
(ख) शुक्रराज शर्मा, टिप्पणी संख्या ११ (ख) ।
(ग) केशवराज पराजुलीसँग २०५९ चैत्र २७ गते गैह्रापाटन, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(घ) राजेन्द्रनिधि कोइरालासँग २०५९ चैत्र २७ गते गैह्रापाटन, पोखरामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१६७२] (क) *पूर्ववत्* (क) ।
(ख) राजेश्वर नेपाली, वृखेशचन्द्रलाल, स्मृतिनारायण चौधरी, लालकिशोर शाह, विमलेन्द्रनिधि, रामकृष्ण यादवसँगका अन्तर्वार्ताहरू ।
(ग) शिवधारी यादवसँग २०६० जेठ १३ गते जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१६७३] *नेपालपुकार साप्ताहिक,* (सत्याग्रह अतिरिक्ताङ्क), २०४२ साल जेठ १९ गते ।

[१६७४] *सातदिने समीक्षा,* २०४२ साल जेठ ११ गते ।

सैनिक शक्तिका आडमा स्थापित पंचायती व्यवस्थाबाट उत्पन्न विकृति एवं सिर्जित परिस्थितिको समग्र विश्लेषणसहित खोसिएका जन अधिकार वहालीका लागि सत्याग्रह थालिएको जनाउँदै एकदिने नेपाल बन्द कार्यक्रम अगाडि सारेर देशवाशिसमक्ष पंचायतको अन्याय अत्याचार सहेर देशको भविष्य नविर्गान अनुरोध गरिएको उक्त अपिलद्वारा-

> ... सत्याग्रह आन्दोलनका सिलसिलामा आउने जेठ १४ गते सोमबारका दिन पूरा नेपाल बन्द ... गर्न देशवाशिमा विनम्र आह्वान गर्दछु, मलाइ विश्वास छ जसरी सत्याग्रहलाई जनताले पूर्ण उत्साह र उमंग साथ सहयोग गरेका छन् त्यही मात्रामा नेपाल बन्दलाई सहयोग गर्ने छन् भन्ने विश्वासहित पंचायतले गरेका अपराध चुपचाप सहेर अपराध कर्मी नबन्न देशवाशिहरूलाई आह्वान गरिएको थियो ।[१६७५]

सर्वोच्च नेताको अपिल सार्वजनिक हुना साथ राजधानीमा प्रभावकारी रूपले सत्याग्रह संचालन गर्न गठित वागमती अंचलस्तरीय सत्याग्रह प्रचार समितिले केन्द्रले तोकेका कार्यक्रमको प्रभावकारी व्याख्यासँगै नेता सिंहले सारेको कार्यक्रमसमेत समेटेर सत्याग्रहका सात सूत्रीय मागका अधिनमा रही कार्यक्रम सार्वजनिक गऱ्यो । पार्टीले घोषणा गरेका प्रथम चरणका कार्यक्रमको स्पष्ट स्वरूप निर्धारण गरेर सार्वजनिक गरिएको पर्चाद्वारा जेठ १२ गते दिउँसो खुलामंच, असन, इन्द्रचोक, नयाँ सडक, क्षेत्रपाटी, ठमेल, पकनाजोल लगायतका स्थानमा आमसभा गर्ने, बढ्दो विद्युत महसुल एवं महंगीप्रति विरोध र सत्याग्रहप्रति समर्थन जनाउँदै १२ गते राती ८ बजेदेखि १० मिनटसम्म घर-घरमा बत्ती निभाउने, १३ गते सर्वोच्च नेता सिंह कार्यकर्ता साथ सिंह दरबार ढोकामा धर्ना दिन जाने र १४ गते नेपाल बन्द गर्ने[१६७६] जानकारी दिएर सफल पार्न आह्वान गरिएको थियो ।

व्यापक उत्साह साथ सत्याग्रह प्रारम्भ भएको दोस्रो दिन अर्थात जेठ ११ गते निर्धारित कार्यक्रमअनुसार सिंह दरबार सचिवलायमा धर्ना दिन जानका लागि कुवेर शर्मा, भवेन्द्र खड्का लगायतका कार्यकर्तासहित निस्केका अध्यक्ष भट्टराईलाई निवास गेटमै प्रहरीद्वारा रोकि गिरफ्तार गरियो । गिरफ्तारीकै क्रममा त्यहाँ उपस्थित पत्रकारसमक्ष "स्पष्ट उपलब्धि हाशिल नभएसम्म सत्याग्रह जारी रहने" सन्देश प्रवाहित गर्न सफल भएका नेता भट्टराईलाई ललितपुर मंगलबजार स्थित प्रहरी कार्यालय लगेर थुनियो ।[१६७७] नेता भट्टराईलाई गन्तव्यस्थलमा पुग्नै नदिएर समातेपछि पनि कार्यकर्ता एवं विद्यार्थीहरूले निर्धारितस्थलमा पुगेर नाराबाजी गर्ने, धर्ना दिने गरेर गिरफ्तारी दिए । राजधानी बाहिरका पाल्पा, पोखरा, चितवन, जनकपुर लगायतका विभिन्न जिल्ला सदरमुकामहरूमा निर्धारित कार्यक्रमअनुसार सत्याग्रह गर्दै गिरफ्तारी दिए । यसदिन

---

[१६७५] विस्तृतिका लागि गणेशमान सिंहद्वारा २०४२/२/११ गते क्षेत्रपाटी, काठमाडौँबाट "श्री गणेशमान सिंहको अपिल" शीर्षकमा जारी पर्चा ।

[१६७६] विस्तृतिका लागि प्र. नेपाली कांग्रेस सत्याग्रह प्रचार समिति वागमती अंचलद्वारा "सत्याग्रहको कार्यक्रम" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

[१६७७] *राष्ट्रपुकार,* २०४२ साल जेठ १७ गते ।

चितवन, पाल्पा, पोखरा लगायतका ठाउँमा पंच एवं प्रहरीद्वारा मारपिट गरेर उत्तेजित पार्न गरेको प्रयासलाई सत्याग्रहीहरूले सहेर असफल पारेका थिए ।

तेस्रो दिन अर्थात जेठ १२ गते दिउँसो कोणसभा, छडके जुलुस लगायतका कार्यक्रमहरू सम्पन्न गर्ने क्रममा कतिपय ठाउँमा व्यापक गिरफ्तारी भयो भने कतिपय ठाउँमा कार्यक्रम सकेपछि मात्र प्रहरी पुगेकाले कोही पक्रिएनन् । साँझको बत्ति निभाउने कार्यक्रम भने आंशिक रूपमा सफल भयो । ने.का. को उक्त कार्यक्रमको विरोधस्वरूप सरकारका तर्फबाट राजधानीका घण्टाघर, धरहरा, सभागृह, सरकारी कार्यालयहरू र वित्तीय संस्थान लगायतका स्थान एवं कार्यालयहरूमा राष्ट्रिय पर्वमा झैं राति ९ बजेसम्म झिलिमिलि बत्ती बालिएको थियो ।[१६७८]

सत्याग्रह आन्दोलनको चौथो दिन जेठ १३ गते निर्धारित कार्यक्रमअनुसार सत्याग्रहमा जानका लागि सर्वोच्च नेता गणेशमान सिंहले तयारीसमेत गर्न नपाउँदै प्रहरीहरू भ्यान लिएर घरमै आइपुगे । बिहान ८ बजेतिरै आएका प्रहरीले श्रीमती मंगलादेवी सिंहलाई पनि ल्याउने आदेश भएको कुरा सुनाएपछि सिंह दम्पतीले प्रहरीलाई केहीक्षण पर्खाएर नित्यकर्म सम्पन्न गरे ।[१६७९] त्यसपछि बिहान ९ बजेतिर सिंह दम्पतीले निवासमा जम्मा भइसकेका कार्यकर्ता, पत्रकार लगायतका जनसमूह समक्ष गिरफ्तारी दिने क्रममा पत्रकारहरूद्वारा नेताहरूको अभावमा सत्याग्रह चल्नसक्ला भन्ने शंकायुक्त प्रश्न गरियो । जवाफमा संक्षिप्त कुरा गर्दै नेता सिंहले पार्टीमाथिको प्रतिबन्ध हटाउने उद्देश्यले प्रारम्भ भएको सत्याग्रहको माग प्रजातान्त्रिक व्यवस्थासँग सम्बन्धित भएकाले त्यस्तो वृहद उद्देश्यका लागि संचालित आन्दोलन केही नेताहरूको गिरफ्तारीले चल्ला वा छिटै रोकिएला भन्ने शंका निराधार हो, माग पूरा नभएसम्म सत्याग्रह चलिरहन्छ[१६८०]... भन्दै शंका निवारण गरेका थिए ।

सिंह दम्पतीलाई घरबाटै गिरफ्तार गरेपछि उनीसँगै सत्याग्रहमा जान तयार भएका नेता कार्यकर्ताहरूले ठमेल, क्षेत्रपाटी, असन लगायतका स्थानमा नाराबाजी गर्न थालेपछि प्रहरीले त्यहीँबाट गिरफ्तार गऱ्यो । त्यसदिन पनि राजधानी लगायतका ठाउँहरूमा दिनभरि जसो नै धर्ना, नाराबाजी सम्पन्न गर्दै गिरफ्तारी दिने काम भयो । यसरी तिब्रता साथ सत्याग्रह एवं धरपकड चलिरहेकै बेला नेपाली राष्ट्रिय कांग्रेसका अध्यक्ष डा. डिल्लीरमण रेग्मी, प्रजातान्त्रिक महिला संघ नेपालकी अध्यक्ष कल्याणि शाहले छुट्टाछुट्टै वक्तव्यद्वारा सत्याग्रह आन्दोलनलाई

---

१६७८ *राजधानी साप्ताहिक,* २०४२ साल जेठ १४ गते ।

१६७९ गणेशमान सिंह, "त्यसरी सरकार आफैले सत्याग्रह सुरु गऱ्यो", *साप्ताहिक पुनर्जागरण,* प्रह्लाद रिजाल (सं.), काठमाडौं : आयाम प्रकाशन, २०५४ माघ २८ गते, पृ. ३, यो संस्मरणमा नेता सिंहले जेठ १० गतेकै दिन आफू लगायत तीनै जना नेता एवं मंगलादेवीलाई घर घेरेर गिरफ्तार गरेको उल्लेख गरेका छन् । जुन कुरा सत्य होइन, महामन्त्री कोइराला जेठ १० गते, अध्यक्ष भट्टराई ११ गते र सिंह दम्पती १३ गते गिरफ्तार भएका थिए, हेर्नुहोस् *राजधानी साप्ताहिक,* २०४२ जेठ १४ गते, *राष्ट्रपुकार,* २०४२ जेठ १७ गते *सातदिने समीक्षा,* २०४२ जेठ १८ गते ।

१६८० (क) सिंह, *पूर्ववत्* ।

(ख) *सातदिने समीक्षा,* २०४२ साल जेठ १८ गते ।

समर्थन गर्दै पार्टीमाथिको प्रतिबन्ध अन्त गरी अन्तरिम सरकार गठनका लागि श्री ५ सँग अनुरोध गरे ।[१६८१]

प्रथम चरणका लागि घोषित कार्यक्रम व्यापक जन उत्साह एवं सहभागिता साथ बढेपछि बिथोल्नका लागि व्यापक हस्तक्षेप गरिए तापनि शान्तिपूर्ण रूपले सत्यको आग्रह गर्नेहरूको मनोबल घटाउन सरकार असफल भयो । फलस्वरूप राजधानीमा सिंहदरबार सचिवालय, सर्वोच्च अदालत, चारखाल अड्डा, शिक्षा मन्त्रालय र पोखरा, चितवन, पाल्पा, जनकपुर लगायतका विभिन्न जिल्लाका कार्यालयहरूमा सर्वसाधारण पुग्न नसकेपछि सारा काम काज ठप्प भयो । प्रथम चरणमा सदैव जोगि जस्ता बनेर हिडने ने.का. स्याङ्जाका नेता गोपाल पाण्डेले छातिमा वी.पी. को फोटो झुण्डयाएर रामनामी च्यादर ओढि जिल्ला कार्यालयतर्फ बढ्दा प्रहरीले जोगि नै ठानेर छाडि दिएकाले प्रमुख जिल्ला अधिकारीकै कार्यकक्षमा पुगेर ओढेको च्यादर झिकि धर्ना कसेर गिरफ्तारी दिएको[१६८२] चितवनमा १३ गते महिला सत्याग्रहीहरूका मात्र २ वटा टोलि बनाएर श्रीमती कृष्णकुमारी श्रेष्ठ र गौरीदेवी प्रधानको नेतृत्वमा धर्नाका लागि प्रस्थान गराएर गिरफ्तारी दिएको[१६८३] आदि घटना निकै चर्चित रहे । विभिन्न ठाउँमा दिनदिनै निस्कने जनसमूहलाई पक्रेर थुन्ने ठाउँसमेत नहुँदा प्रशासनिक क्षेत्रमा हडकम्प मच्चियो । यसप्रकार प्रथम चरणको कार्यक्रमअन्तर्गत ने.का. का प्रमुख तीन नेता सिंह, भट्टराई, कोइराला लगायत देशव्यापी २५०० कार्यकर्ताहरूले गिरफ्तारी दिएर प्रजातन्त्र प्राप्तिका लागि सत्याग्रह नै अन्तिम र विकल्पात्मक कार्यक्रम हो भन्ने प्रमाणित गर्दै व्यापक जनसमर्थनको सन्देश स्पष्ट गरे ।[१६८४]

सत्याग्रह आन्दोलनलाई सहयोग पुऱ्याउन मिल्दाजुल्दा कार्यक्रम साथ आन्दोलनमा उत्रने प्रतिबद्धताअनुरूप बढेका वामपन्थीहरूले जेठ १४ गतेदेखिका कार्यक्रम घोषणा गरेका थिए । जसअनुसार मनमोहन अधिकारी, तुलसीलाल अमात्य, कृष्णराज वर्मा, नरबहादुर कर्माचार्य, नारायणमान विजुक्छे आदि नेताहरूले क्रमशः १४ गते असन, १५ गते पाटन, १६ गते काठमाडौँ, १७ गते भक्तपुर, १८ गते पाटनमा आमसभा गर्ने घोषणा गरी समर्थनका लागि तत्पर थिए ।[१६८५] उनीहरूको यो समर्थन वा झुकावलाई लिएर ने.का. भित्र वामपन्थीसँगको सहकार्य नरुचाउने वर्ग एवं समूहहरूबाट शंकाजन्य अभिव्यक्तिहरू सार्वजनिक गर्न थालियो । फलस्वरूप नेताहरूको गिरफ्तारीपश्चात ने.का. का नेताको हातमा नेतृत्व नहुना साथ

---

[१६८१] *राजधानी साप्ताहिक,* २०४२ साल जेठ १४ गते ।

[१६८२] वनमालीराज शर्मासँग २०६२ माघ १३ गते भैरहवा क्याम्पसमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[१६८३] (क) *नेपालपुकार साप्ताहिक,* (सत्याग्रह अतिरिक्ताङ्क), २०४२ साल जेठ १४ गते ।
(ख) भाट र राना, टिप्पणी संख्या २३३ (ख), पृ. ५९-६० ।
(ग) श्रीमती कृष्णकुमारी श्रेष्ठसँग २०६० असार २ गते नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१६८४] पुरुषोत्तम दाहाल, "सत्याग्रह : परिष्कृतिको प्रयोग", *राजधानी साप्ताहिक,* आङदोर्जे लामा (सं./प्र.), काठमाडौँ : २०४२ जेठ १४ गते, पृ. २ ।

[१६८५] *सातदिने समीक्षा,* २०४२ साल जेठ ११ गते ।

कम्यूनिष्टहरू नेतृत्वमा पुग्दछन्, ने.का. मात्र निर्णायक नठानिन सक्ने परिस्थिति उत्पन्न हुन सक्दछ, वामपन्थीहरूले आफ्ना कार्यकर्ता नपठाएर चरित्र देखाउँदैछन् आदि विचारहरू चर्चामा आए । देशव्यापी आन्दोलनमा उत्रिएको पार्टीभित्रबाट त्यस्ता आवाज उठन थालेपछि गम्भिर परिस्थिति उत्पन्न हुन सक्ने संभावना देखियो । जसको निराकरण जरुरी भएकाले नेताहरूद्वारा प्रवक्ताको काम गर्ने जिम्मा पाएका प्रेमलाल सिंहले पार्टीको धारणा सार्वजनिक गरे । जसमा शान्तिपूर्ण र अहिंशात्मक माध्यमबाट परिवर्तनका लागि प्रारम्भ भएको आन्दोलनमा प्रतिबद्धता र समर्थन जनाउँदै पंचायत विरोधी राजनैतिक समूहहरूबाट आफ्ना प्रकारका कार्यक्रम ल्याउनु राम्रो पक्ष हो भन्ने स्वीकारोक्तिसँगै ने.का. ले आफ्नै बलवुतामा कार्यक्रमहरू गर्दै आएको र नेताहरूको गिरफ्तारीपश्चात पनि निर्धारित कार्यक्रमअनुरूप नै सत्याग्रह अगाडि बढाउने कुरा स्पष्ट गरिएको थियो ।[१६८६]

जेठा १३ गतेसम्मको कार्यक्रम उत्साहपूर्ण वातावरण सिर्जनासँगै शीर्षस्थ नेताहरूको गिरफ्तारीले गर्दा १४ गतेपछि सत्याग्रहले कस्तो रूप लिने हो र नेतृत्व कसले गर्ने हो भन्ने जिज्ञाशा पनि सर्वत्र उठन थालेको थियो । त्यसको निराकरण पनि जरुरी भएकाले ने.का. का तर्फबाट नेताहरूबाट पहिला नै दिएको निर्देशनका आधारमा तुरुन्त एक अपिल जारी गरियो । सार्वजनिक विदाबाहेकका दिनमा राजधानीमा तोकिएका स्थानमा धर्ना दिने, छडके सभा-जुलुश अन्य शान्तिपूर्ण अवज्ञा गर्ने र बन्द गर्ने कार्यक्रमलाई निरन्तरता दिन अनुरोध गर्दै जारी गरिएको उक्त अपिलमा केन्द्रमा प्रभावकारी रूपले कार्यक्रम बढाउन निम्नलिखित समूहलाई नेतृत्व दिइएको तथ्य स्पष्ट गरिएको थियो ।

(क) वागमती अंचलका पदाधिकारीहरू

(ख) अन्य बाहिरी जिल्लाका सभापती र अरू वरिष्ठ कार्यकर्ताहरू

(ग) ने.वि. संघ केन्द्रीय एक्शन कमिटिका सदस्यहरू[१६८७]

प्रवक्ताद्वारा सत्याग्रहको भावि स्वरूप, नेतृत्व लगायतका पक्षमाथि ठोस रूपले प्रकाश पारेपछि झन जोशिएका कार्यकर्ताहरू १४ गतेको नेपाल बन्द सफल पार्ने तर्फ लागे । सरकारद्वारा नेपालबन्द कार्यक्रम असफल पार्न गरिएको प्रयासलाई असफल पार्दै बढेका कार्यकर्ताहरू जुलुस कोण सभाद्वारा वातावरण आन्दोलित बनाउनेतर्फ लागे । व्यापक प्रहरी परिचालन गरिए तापनि त्यसदिन काठमाडौंमा गतिविधिको मुटुमानिने इन्द्रचोक, असन, नयाँ सडक लगायतका क्षेत्रमा व्यापारिक गतिविधि ठप्प पारियो भने सरकारी कार्यालय खुले तापनि

---

[१६८६] विस्तृतिका लागि *नेपालपुकार साप्ताहिक,* (सत्याग्रह अतिरिक्ताङ्क-८), २०४२ साल जेठ १४ गते ।

[१६८७] विस्तृतिका लागि प्र.ने.का.प्र.प्र.सं. द्वारा २०४२ साल जेठ १४ गते “सत्याग्रहको आगामी स्वरूप र सहभागिता” शीर्षकमा जारी पर्चा ।

कर्मचारीले पत्रिका पढ्ने र सत्याग्रहको गफ गर्ने गर्दै समय विताए ।[१६८८] काठमाडौँका छिमेकी जिल्ला ललितपुर, भक्तपुरमा बन्दको सफलतासँगै व्यापक गिरफ्तारी भयो । पोखरा, पाल्पा, धरान, विराटनगर, वीरगंज, कलैया, हेटौडा लगायतका प्रमुख बजारहरूमा बन्द व्यापक रूपले सफल भयो भने अन्यन्त्र आंशिक प्रभाव पर्न गयो ।

पहिलो चरणका कार्यक्रमले व्यापक प्रभाव पारेर प्रशासनिक गतिविधि ठप्प पार्न सफल भएर जनलहर ल्याएपछि दोस्रो चरणका कार्यक्रम सार्वजनिक गर्नु जरुरी भयो । प्रथमचरणका उपलब्धिहरूको समीक्षासँगै दोस्रो चरणका कार्यक्रम निर्धारण लगायतका विषयमा छलफल गर्न प्रेमलाल सिंह र वीरेन्द्र दाहालले काठमाडौं उपत्यकास्थित क्याम्पसहरूका स्व.वि.यू. मा विजयी ने.वि. संघका प्रमुख पदाधिकारीसहितको गोप्य वैठक बोलाए ।[१६८९] ठमेलस्थित एक शुभचिन्तकका घरमा सम्पन्न उक्त वैठकमा छलफल गरी पूर्व घोषित कार्यक्रमअनुरूप नै हुने गरी क्रमशः कार्यक्रम सार्वजनिक गर्ने र आन्दोलनका उपलब्धिसमेतको लेखाजोखा गरी अपिल प्रकाशित गर्ने निर्णय गरियो । जसअनुसार ने.का. द्वारा जेठ १५ गते एक अपिलसँगै दोस्रो चरणका कार्यक्रम सार्वजनिक गरियो । सत्याग्रह आन्दोलनप्रति देखापरको जनसमर्थनबाट प्रचलित व्यवस्था विरुद्धको अभिमत स्पष्ट भएको, नेतृत्ववर्गबाट घोषित उद्देश्यअनुरूप प्रारम्भ भएको सत्याग्रहमा नेतात्रय लगायत हजारौंको गिरफ्तारीपश्चात पनि पूर्वघोषित नीतिमा परिवर्तन नआएको स्पष्टतासँगै उक्त अपिलमा हरेक कार्यक्रमको सफलताबाट सत्याग्रहले वृहद जनसहभागिता पाउँदै गएको तथ्य पुष्टि गरेको जनाउँदै सत्तापक्षका हरेक दुराग्रहयुक्त प्रयासको भ्रमजालबाट मुक्त भएर समर्थन जनाउन सम्पूर्ण वर्गसँग अनुरोध एवं आग्रह गरिएको थियो ।[१६९०]

सत्याग्रहको मूलधारामा समाहित भएर सफल पार्न हरेक वर्ग र तप्काका नागरिकलाई आह्वान गरिएको अपिलसँगै जारी गरिएको दोस्रो चरणको कार्यक्रममा पनि धर्ना, आमसभा, अवज्ञामा नै जोडदिइएको थियो । बिहान ठीक ९.३० बजे धर्ना कार्यक्रम र बेलुका ५.३० बजेसम्म सभा गरिसक्ने स्पष्ट उल्लेखसँगै जेठ १६ र १९ गते काठमाडौं, ललितपुर, भक्तपुरका प्रमुख ठाउँहरूमा सभा एवं भद्र अवज्ञा र १७ १८ गते पूर्वघोषित स्थानहरूमा धर्ना दिइ[१६९१] सत्याग्रह अगाडि बढाउन अनुरोध गर्दै अन्य कार्यक्रम क्रमशः प्रकाशित गरिने कुरा स्पष्ट गरिएको थियो ।

---

[१६८८] *राजधानी साप्ताहिक,* २०४२ साल जेठ २१ गते ।

[१६८९] बालकृष्ण खाँण, टिप्पणी संख्या ३८ ।

[१६९०] विस्तृतिका लागि प्र.ने.का.प्र.प्र.सं. द्वारा २०४२/२/१५ गते "प्र. नेपाली कांग्रेसको अपिल" शीर्षकमा जारी पर्चा ।

[१६९१] विस्तृतिका लागि प्र.ने.का.प्र.प्र.सं. द्वारा २०४२/२/१५ गते "सत्याग्रहका भावि कार्यक्रम" शीर्षकमा काठमाडौंबाट जारी पर्चा ।

दोस्रो चरणका कार्यक्रम घोषणासँगै युवावर्गका काँधमा नेतृत्वको जिम्मेवारी आएकाले युवा एवं विद्यार्थी नेताहरू ताप्न थाले । जेठ १७ गते शंकरदेव क्याम्पस स्व.वि.यू. अध्यक्ष हृदयरामथानी र सचिव दिनेश उपाध्याय लगायतको टोलीले सिंह दरबार अगाडिको सडकमा सुतेर गिरफ्तारी दिए[१६९२] भने १८ गतेका दिन त्रि.वि. कीर्तिपुर स्व.वि.यू. उपसभापती वालकृष्ण खाँणको नेतृत्वमा सिंहदरबार सचिवालयमा धर्ना दिन पुगेका विद्यार्थीहरूले सिंहदरबार मूलगेटमा कर्मचारी परिचयपत्र देखाएर भित्र पस्न तछाडमछाड गरेकै अवस्थामा भिडभित्र पसेर एक्कासि "वीर वी.पी. अमर रहुन", "पंचायती व्यवस्था मुर्दावाद", "सत्याग्रह सफल पारौं" लगायतका नारा घन्काएर आवाज बुलन्द पार्ना साथ तन्द्रा भंग भएका कर्मचारीहरू चुपचाप उभिए भने प्रहरीले खोसाखोस झैं गरेर गिरफ्तार गरे ।[१६९३] यसै दिन रामप्रसाद डोटेल लगायतको अर्को टोलीले चारखाल अगाडिको सडकमा धर्ना कस्दै सत्याग्रहका नारा घन्काएर गिरफ्तारी दिएका थिए ।[१६९४] यो चरणको कार्यक्रम देशका विभिन्न जिल्लामा फैलिएकाले स्थानीय प्रशासनसमक्ष सत्याग्रहीलाई थुन्ने ठाउँको समेत अभाव हुनथालेको थियो ।

दोस्रो चरणको कार्यक्रम पनि व्यापक उत्साह एवं समर्थन सँगै सम्पन्न भएपछि ने.का. ले तेस्रो चरणको कार्यक्रमसहित अपिल जारी गऱ्यो । अहिंशात्मक सत्याग्रहमा सरिक भएर देशभरि ५००० भन्दा बढीले गिरफ्तारी दिइसकेको जनाउँदै जारी गरिएको उक्त अपिलद्वारा सत्याग्रहलाई सहयोग, समर्थन, सहानुभूति देखाउने सम्पूर्ण पक्षलाई धन्यवाद दिँदै आगामी कार्यक्रममा अझै बढी सहयोग र सदभाव दिन अनुरोध गरेर जेठ २० देखि २३ गतेसम्मका सत्याग्रहका कार्यक्रम सार्वजनिक गरिएको थियो ।[१६९५] जसमा २०, २१ र २२ गतेका लागि धर्नाकै कार्यक्रमलाई निरन्तरता दिएर २३ गते सत्याग्रहको अनुशासनभित्र रही विशेष कार्यक्रम गरिने घोषणा गरिएको थियो ।

तेस्रो चरणको कार्यक्रम पनि निरन्तर रूपमा अगाडि बढेर हल्लिखल्ली मच्चायो । काठमाडौँका निर्धारितस्थल एवं बाहिरका अंचलाधीश कार्यालय, जिल्ला कार्यालय, क्षेत्रीय एवं अंचल अदालत लगायतका प्रशासनिक केन्द्रहरूमा धर्ना, कोणसभा, कालोझण्डा प्रदर्शनद्वारा सत्यको आग्रह गर्दै गिरफ्तारी दिने क्रम चल्दै गयो । काठमाडौँमा जेठ २२ गते महिला सत्याग्रहीहरूले निर्धारित स्थलमा धर्ना दिने कार्यक्रम घोषणा गरिएकाले प्रजातन्त्रप्रति नेपाली नारीहरूको आस्था हेर्न मानिसहरू बिहानैदेखि झुम्मिन थालेका थिए । त्यो स्थितिमा ने.वि. संघ

---

१६९२ *राष्ट्रपुकार,* २०४२ साल जेठ २४ गते ।

१६९३ (क) बालकृष्ण खाँण, टिप्पणी संख्या ३८ ।
(ख) *नेपालपुकार साप्ताहिक,* (सत्याग्रह अतिरिक्ताङ्क-११), २०४२ साल जेठ १९ गते ।

१६९४ (क) रामप्रसाद डोटेलसँग २०६० जेठ १८ गते काठमाडौँमा गरेको कुराकानीबाट प्राप्त जानकारी ।
(ख) *राजधानी साप्ताहिक,* २०४२ साल जेठ २१ गते ।

१६९५ विस्तृतिका लागि प्र. नेपाली कांग्रेस प्रचार समितिद्वारा २०४२ साल जेठ २० गते "प्र. नेपाली कांग्रेसको अर्को अपिल" र "जेठ २० देखि २३ गतेसम्मको सत्याग्रह कार्यक्रम" शीर्षकमा जारी पर्चाहरू ।

केन्द्रीय उपाध्यक्ष सुश्री शामा शाही र सत्याग्रह प्रचारसमिति वागमती अंचल सदस्य सुश्री कृष्णा अमात्यको नेतृत्वमा पद्मकन्या क्याम्पस स्व.वि.यू. का पदाधिकारी लगायत विभिन्न क्याम्पसमा अध्ययनरत छात्राहरूले निर्धारित स्थलमा पुगेर सत्याग्रह गर्दै गिरफ्तारी दिए ।[१६९६] जेठ २३ गतेका लागि विशेष कार्यक्रम मात्र भनिएकाले गोप्य निर्देशन पाएका सत्याग्रहीहरू एकाएक सिंहदरबारतर्फ आउने पाँचवटै नाकास्थित सडकमा निस्किएर सुती नाका ठप्प पार्न सफल भए । बिहान ठीक ९.१५ देखि ९.४५ को अवधिमा माइतिघर, पुतली सडक, शहिद गेट, विद्युत कर्पोरेशन चौबाटो, भोटाहिटी लगायतका स्थलमा निस्किएर सडकमा सुती नाराबाजी गर्दै सम्पूर्ण यातायात ठप्प पार्न सफल भएका सत्याग्रहीहरूले व्यापक उत्तेजनासँगै गिरफ्तारी दिएका थिए ।[१६९७] नाकाहरू थुनिएपछि मात्र पुगेका प्रहरीद्वारा त्यसदिन कतिपय ठाउँमा शिष्ट व्यवहार गर्दै गिरफ्तार गरियो भने केही ठाउँमा कठालोमा समातेर घिसार्ने, अपशब्द बोल्ने लगायतका व्यवहार प्रदर्शन गरिएको थियो ।

तेस्रो चरणका कार्यक्रम सम्पन्न हुँदासम्ममा युवा-विद्यार्थीहरू सत्याग्रहमा उत्रिएर गिरफ्तारी दिने क्रम तिब्र हुँदै थियो । ने.वि. संघका कार्यकर्ताहरू प्रजातान्त्रिक आन्दोलनका योद्धा बनेर गिरफ्तारी दिँदै थिए । जेल भर्ने आन्दोलनका रूपमा प्रारम्भ भएको सत्याग्रहलाई उपलब्धिमूलक बनाउन सक्रिय रहेको ने.वि. संघ केन्द्रीय एक्शन कमिटिले सत्याग्रहबाट सिर्जित हुँदै आएको स्थिति एवं प्रशासनिक दमनलाई जनसमक्ष पुऱ्याउन एक अपिल जारी गऱ्यो । पंचायती व्यवस्थाको २५ वर्षीय कार्यकालमा उब्जिएका राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विसंगती एवं दुराबस्थाबाट उम्कने नेपाली मात्रको चाहनालाई मूर्तरूप दिन संचालित सत्याग्रह आन्दोलनप्रति देखिएको देशव्यापी समर्थन एवं प्रशासनिक दमनको समग्र विश्लेषणसहित जारी गरिएको उक्त अपिलद्वारा "देशका तमाम राजनैतिक शक्ति, छात्र संगठनहरू, शिक्षक, प्राध्यापक, किसान, मजुदर सबै वर्गसँग समर्थन तथा सहानुभूतिका लागि अनुरोध गर्दै शिक्षण संस्थाहरूमा बिदा समाप्त हुना साथ एकत्रित भई सत्याग्रहमा संलग्न भएर पंचायत विरुद्ध चोटिलो प्रहार गर्न"[१६९८] देशभरका विद्यार्थीलाई आह्वान गरिएको थियो ।

उपलब्धिपूर्ण ढंगबाट तेस्रो चरणका कार्यक्रम सम्पन्न भएपछि ने.का. ले चौथो चरणको कार्यक्रम सार्वजनिक गऱ्यो । पूर्व निर्धारित स्थलहरूमा धर्ना एवं अवज्ञा गर्ने कार्यलाई निरन्तरता

---

[१६९६] (क) *राष्ट्रपुकार,* २०४२ साल जेठ २४ गते ।
(ख) मीरा बस्नेत, *नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका,* काठमाडौं : मीरा बस्नेत, २०५३, पृ. ६२-६३ ।

[१६९७] (क) *पूर्ववत्* (क) ।
(ख) श्याम सुन्दर तिवारी, टिप्पणी संख्या ७४ (ख) ।
(ग) *राजधानी साप्ताहिक,* २०४२ साल जेठ २९ गते ।

[१६९८] विस्तृतिका लागि ने.वि. संघ केन्द्रीय एक्शन कमिटिद्वारा २०४२ जेठ २२ गते "नेपाल विद्यार्थी संघको अपिल" शीर्षकमा जारी पर्चा ।

दिएर जेठ २४ देखि २७ गतेसम्मका लागि निर्धारित कार्यक्रम सफल पार्न अनुरोध गरियो ।[१६९९] एमवरितले ४-४ दिनका कार्यक्रम सार्वजनिक गर्ने र धर्ना, कोणसभा, जुलुस लगायतका कार्यमा सहभागि भएर गिरफ्तारी दिनेक्रम बढ्दै गयो । सत्याग्रह क्रमशः उफानतर्फ बढ्दै गएकाले प्रशासनिक निकायमा समस्या थपिदै गएपछि हल्लिखल्लि मच्चियो । त्यो स्थितिमा पार्टीका तर्फबाट आन्दोलनका उपलब्धि लगायतका पक्षमाथि प्रकाश पार्दै जेठ २७ गते एक प्रेशविज्ञप्ति जारी गरियो । जसमा राजनैतिक दलमाथिको प्रतिबन्ध हटाउने लगायतका माग राखेर प्रारम्भ गरिएको सत्याग्रह देशव्यापी रूपमा फैलिरहेको, कतिपय जिल्ला एवं अंचलका साथीहरू काठमाडौँ आएर सहभागिता जनाएको, देशव्यापी रूपबाट यथार्थ विवरण आइनसकेको जनाउँदै प्राप्त विवरणअनुसार ६७९९ जना सत्याग्रहीहरू गिरफ्तार भइसकेको स्पष्ट पारिएको थियो ।[१७००]

ने.का. को आयोजनामा प्रारम्भ भएको सत्याग्रह आन्दोलन व्यापक रूप लिएर अगाडि बढ्ने स्थिति देखापऱ्यो । निर्णय क्रममा नै कार्यगत एकता प्रदर्शनको निश्चय गरेका वामपन्थीहरूले एकीकृत रूपमा छुट्टै कार्यक्रम घोषणा गरेर मनमोहन अधिकारी, तुलसीलाल अमात्य, कृष्णराज वर्मा, नरबहादुर कर्माचार्य, नारायणमान विजुक्छे आदि प्रमुख नेता एवं तीनका कतिपय कार्यकर्ताहरूले गिरफ्तारी दिएका थिए ।[१७०१] त्यसबाट उत्पन्न परिवेशमा कतिपय वामपन्थी विद्यार्थी संगठनहरू पनि पंचायतबाट सिर्जित जटिल समस्याप्रति मौन भएर बस्न नसकिने उदघोष गर्दै २१ सूत्रीय मागहरू लिएर आन्दोलनमा उत्रने तरखर गर्न थाले । वामपन्थीहरू गतिशिल भएको अवस्थामा सहाना प्रधानले नेतृत्व गरेको वामपन्थी समूहले जेठ २८ गते पत्रकार सम्मेलन गरी जेठ ३१ गते साँझ ५.३० बजे इन्द्रचोकमा आमसभा गर्ने कार्यक्रम घोषणा गऱ्यो ।[१७०२] कार्यक्रम घोषणापछि सहाना प्रधान लगायतलाई पहिला नै पक्रने सम्भावना देखापरेपछि निश्चित दिनसम्म लुकाउने उद्देश्यले योजना बनाइयो । जसअनुसार पि.एल. सिंह, आङ दण्डि शेर्पा लगायतका ५-६ जना ने.का. का कार्यकर्ताहरूले उनलाई सानेपास्थित घरबाट उम्काएर इन्द्रचोकस्थित परिचितका घरमा लगेर लुकाए । निश्चित दिन त्यहाँबाट निस्केर इन्द्रचोकको सिढिमाथि चढी भाषण प्रारम्भ गर्ना साथ दौडदै पुगेका महिला प्रहरीहरूले कपाल भुत्ल्याउँदै गिरफ्तार गरेर हनुमानढोका पुऱ्याएका थिए ।[१७०३]

प्रशासनिक दमनका वावजुद पनि आषाढ नलाग्दासम्म तिब्र रूपमा फैलिएको सत्याग्रह आन्दोलनले पंचायती प्रशासनलाई व्यापक चुनौती दियो । आषाढको प्रारम्भसँगै केही शिथिलता

---

[१६९९] विस्तृतिका लागि प्र.ने.का.प्र.प्र.सं. द्वारा २०४२ जेठ २४ गते “सत्याग्रह कार्यक्रम” शीर्षकमा जारी पर्चा ।

[१७००] विस्तृतिका लागि प्र.ने.का. द्वारा २०४२ साल जेठ २७ गते जारी “प्रेश विज्ञप्ति”, हेर्नुहोस् *राजधानी साप्ताहिक,* २०४२ साल जेठ २९ गते , पृ. १ र ६ ।

[१७०१] (क) *राजधानी साप्ताहिक,* २०४२ साल जेठ २१ गते ।
(ख) बस्नेत, टिप्पणी संख्या २४ (ख), पृ. ३२२ ।
(ग) भरतमोहन अधिकारी, टिप्पणी संख्या १६९ (ग) ।

[१७०२] *राजधानी साप्ताहिक,* २०४२ साल जेठ २९ गते ।

[१७०३] (क) सहाना प्रधान, टिप्पणी संख्या १९३ ।
(ख) सुशिला श्रेष्ठ, *सहाना प्रधान स्मृतिका आँखिझ्यालबाट,* काठमाडौँ : स्वप्न वाटिका प्रकाशन, २०६०, पृ. १४२ ।

देखापरे तापनि आन्दोलन रोकिएन । यसरी चितवन, पोखरा, पाल्पा, जनकपुर, लमजुङ, स्याङजा, बझाङ, धनगढी, सिराहा, नेपालगंज, दाङ, रूपन्देही लगायतका विभिन्न ५६ जिल्लामा संचालित सत्याग्रहमा ७ हजारभन्दा बढी मानिसहरूले गिरफ्तारी दिए । धर्ना, कोणसभा, अवज्ञा, बत्ति निभाउने लगायतका कार्यक्रमद्वारा गतिशिलता तर्फ उन्मुख भएको सत्याग्रहमा आषाढको प्रारम्भसँगै शिथिलता देखिन थालेपछि मालपोत कर नतिर्ने, पठनपाठन बहिष्कार गर्ने लगायतका कार्यक्रम निर्धारणबारे छलफल थालियो । तर यसबारे कुने निर्णय हुन नपाउँदै र सत्याग्रहले थप अरू चरणमा प्रवेश गर्न नपाउँदै देशमा अकस्मात रहस्मय रूपबाट आतंकवादी गतिविधिहरू अगाडि सारियो । जसले गर्दा अहिंशात्मक आन्दोलनको मर्म विपरितका घटनाहरू घटाइन थालेपछि संभावित अनिष्ट लगायतका पक्षमा विचार पुऱ्याएर आफ्नो पूर्व घोषित प्रतिवद्धताअनुरूप लक्ष्य पूरा नहुँदै सत्याग्रह स्थगित गर्न ने.का. बाध्य भयो ।

## ७.१२ सत्याग्रहप्रतिको पंचायती नीति र व्यवहार

जनमत संग्रहका क्रममा जनताले उपभोग गरेका अधिकारहरू समेत खोसेर पुनः निरंकुशताका बन्धनहरू कस्नेतर्फ सरकार अग्रसर हुन थालेपछि ने.का. ले त्यसबाट मुक्तिका लागि शान्तिपूर्ण आन्दोलनको घोषणा गरेर जनाधार निर्माण तर्फ अभियान चलायो । त्यसबाट राजनैतिक जगतमा नवीन तरंगका लहरहरू उत्पन्न भएकाले पंचायतवादीहरू बीच पनि व्यापक प्रतिक्रिया प्रारम्भ भयो । सदैव व्यवस्थावादीका रूपमा उभ्याएर ने.का. का नेता एवं तिनका गतिविधिहरूको आलोचना गर्दै स्वार्थसिद्ध गर्न सफल भएकाहरूद्वारा ने.का. लाई पंचायत विमत विचारगामीको संज्ञा दिन थालियो भने सुधारवादीहरूले केही स्वतन्त्रता दिएर समेटनु पर्ने तर्फ उठाउन थाले । त्यो स्थितिमा तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले राजासँगको एकभेटमा ने.का. का नेताहरू स्वतन्त्र भएर काम गर्न खोजिरहेको तथ्यमाथि प्रकाश पार्दै उनीहरूसँग कुराकानी मिलाएर राजनीतिक समस्या समाधान गर्न सकेमा राम्रो हुने आसय व्यक्त गरे ।[१७०४] प्र.म. को उक्त धारणा सुन्ना साथ झन प्रशन्न भएका राजाले उनलाई आफूसँगैको सोफामा बोलाएर रुची पूर्वक सबै कुरा सुनिसकेपछि यदि ने.का. का नेताहरूसँग राजनैतिक सुधार एवं राष्ट्र निर्माणसँग सम्बन्धित वषयवस्तु, धारणा, योजना भएका खण्डमा उनीहरूसँग कुरा गर्न सकिने जनाउँदै वार्ता थाल्न अनुमती दिएका थिए ।[१७०५]

राजाको आसय बुझेपछि त्यसतर्फ सक्रिय भएका प्र.म. चन्दको प्रयासले उनको मन्त्रीमण्डल भित्र नै आधिकारिकता पाउन सकेन । फलस्वरूप ने.का. र उसले गर्न खोजेको सत्याग्रह आन्दोलनलाई सदाझैं वक्तव्यवाजि र पेल्ने नीतिअनुरूप दबाउनु पर्दछ भन्ने खालका

---

[१७०४] कियोको ओगुरा, *काठमाडौं : स्प्रिङ्ग दि पिपुल्स मुभमेन्ट अफ १९९०*, ललितपुर : हिमाल बुक्स, सन् २००१, पृ. १५९ ।

[१७०५] लोकेन्द्रबहादुर चन्द, टिप्पणी संख्या १४१ ।

आवाजहरू हावी हुनथाले । हरेकसँग सबै कुरा खुलस्त भन्न नहुने तत्कालीन अवस्थामा ने.का. विरोधी अभिमत हावी हुँदै आएकाले प्र.म. को समझदारी प्रयास अगाडि बढ्नै सकेन । तत्कालीन अवस्थालाइृ मूल्याङ्कन गर्दा राजा श्री ५ वीरेन्द्र र प्र.म. उदारवादी भएकाले सबैसँग मिली अगाडि बढ्न चाहेको तर कट्टर पन्थी पंचायतवादीहरूले जनमतमा विजयी भएको आधारमा बढेर कट्टर नीति अपनायी उदारवादी नीतिलाई कार्यान्वयन गर्न दिएनन् । त्यो स्थितिमा तत्कालीन सरकारमा प्रभावशाली स्थान हासिल गरेका व्यक्तिहरूद्वारा आफ्नो प्रभावमा रहेका विद्यार्थी, पत्रपत्रिका, बुद्धिजीवी, विविध नामधारी समूहलाई अगाडि सारेर सत्याग्रह विरुद्ध अभिमत जाहेर गराउने, नारा जुलुससहितका पंच भेला एवं जनसभा आयोजना गराउने, पर्चावाजी गराउने, सरकारी संचार माध्यमबाट सत्याग्रह विरोधी भावना प्रशारण गर्ने लगायतका कार्य तिब्र पारियो ।

व्यवस्थावादीहरूले ने.का. र सत्याग्रहको आलोचना गर्दा भ्रम उत्पन्न गराउने प्रयास तिब्र पार्दै थिए । खास गरेर २०४१ फाल्गुणको भेलाद्वारा ने.का. ले सत्याग्रहको निर्णय गरेपछि आलोचकहरू झन खनिएका थिए । फलस्वरूप प्रतिबद्धता, दृढ निश्चयता नभएका तर उत्सुकता, आक्रोश, द्विविधा र अलमलमा परेर गणेशमानको घरमा जम्मा भएका कार्यकर्तालाई अध्यक्षले जोर जुलुम निर्णयाधिकार प्रयोग गरेर सत्याग्रह घोषणा गरेको, महामन्त्री कोइराला लगायत कतिपय कांग्रेसीहरू पंचायती चुनावमा भाग लिन चाहेको बेला गणेशमानको सत्याग्रह कति दिन टिक्ला...[१७०६] लगायतका विविध अभिव्यक्ति सार्वजनिक हुनथाले । यसबाहेक सरकारी स्रोत साधनको अदृश्य समर्थन एवं सहयोगबाट मालामाल बनेका पंचायत समर्थक पत्रपत्रिकाहरूले आफ्नो बिक्रि बढाउन र व्यवस्थावादी समक्ष साखुल्ले बन्नका लागि सत्याग्रहको घोर विरोध गरेर लेख्न र छाप्न थाले ।

पंचायतका विरुद्धमा प्रतिवन्धित राजनैतिक दलहरूद्वारा संचालन गर्ने हरेकजसो आन्दोलनमा विद्यार्थीहरू नै अत्याधिक सक्रिय हुँदै आएकाले पंचायतवादीहरू विद्यार्थी जगतमा आफ्नो प्रभाव फैलाउन लालायित थिए । उनीहरूले यसका लागि संरक्षण दिएर स्थापना गरेको विद्यार्थी संगठनले विद्यार्थीबीच लोकप्रियता प्राप्त गर्नुका सट्टा पंचायती व्यवस्थाकै वदनाम गराउने स्थिति आएपछि आफैले जन्माएको संगठनमाथि प्रतिबन्ध लगाउन बाध्य भएका थिए । सरकारी पाठ्यक्रम पढ्ने सबैजसो विद्यार्थी कांग्रेस-कम्यूनिष्टका जुझारु कार्यकर्ता बन्नाले व्यवस्थाद्वारा गरिने दमनको समेत पर्वाह नगरी हरेक आन्दोलनमा उत्रन्थे । त्यस्तो अवस्थामा ने.का. द्वारा सत्याग्रहको निर्णय गर्ना साथ विद्यार्थीहरूद्वारा एक्शन कमिटि गठनसँगै तयारी प्रारम्भ गरेर अपिल जारी गरेपछि सरकारको संरक्षणमा विद्यार्थीबीच फुट देखाउने प्रयासअनुरूप रातारात सत्याग्रह विरोधी पर्चाहरू छरियो । मुलुकमा स्थिरता-शान्ति कायम रहेमा मात्र नेपाल

---

[१७०६] खिलबहादुर 'भावुक', *पंचायत विमतगामिता केही विश्लेषण,* काठमाडौं : दैनिक धरातल, २०४२, पृ. १, २५ र ३१ ।

र नेपालीको भाग्य निर्माण हुन्छ भन्ने कुरामा विश्वास गर्ने हामी राजमुकुटको छत्रछायामा हुर्केका विद्यार्थीहरू यस व्यवस्था विरुद्ध गरिने हरेक गतिविधिको मुकाबिला गर्न तत्पर छौं भन्ने उदघोषसहितको उक्त अपिलमा-

> नेपाली जनताले अनुमोदन गरेको हाम्रो साझा राजनैतिक व्यवस्थाका विरुद्धमा मिथ्या विचार एवं दुराग्रहीहरू कथित सत्याग्रहको नारा दिएर हिडदैछन् । राजामाथि बम हान्ने ... कथित मेलमिलापको नीति लिएर नेपाल फर्कने एउटा झिनो राजनैतिक समूहले जनतालाई धोका र भ्रममा पारि सत्याग्रहको आह्वान गरेको छ । ... आज सत्याग्रहको नाउँमा जाँच र कक्षाहरू बहिष्कार गर्ने नारा दिनेहरूलाई सचेत विद्यार्थीहरूले आफ्नो परीक्षामा सम्मिलित भएर, अध्ययनमा सहभागी भएर दरो जवाफ दिऔं ।... राजनैतिक स्वार्थपूति गर्ने तत्त्वप्रति प्रतिकार गर्न पछि नपरौं उल्लेख थियो ।[१७०७]

अवरोध पुऱ्याउने सरकारी प्रयासका विपरित ने.का. ले एकजुट भएर सत्याग्रहको प्रारम्भ गर्ने घोषणा गरेपछि वार्ता एवं संवादद्वारा समस्याको निराकरण गर्नुका सट्टा सरकारले दमनमा उत्रने नीति अवलम्बन गर्दै निश्चित तिथिभन्दा अगावै व्यापक गिरफ्तारी एवं दमन प्रारम्भ गऱ्यो । देशव्यापी रूपमा सत्याग्रहका लागि जिल्ला-जिल्लामै तयारी तिब्र पार्ने वा राजधानीमा गएर सहभागी हुने तर्फ सक्रिय रहेका नेता एवं कार्यकर्ताहरूलाई नरोकेको खण्डमा व्यापक हलचल साथ सत्याग्रह प्रारम्भ हुने भएकाले सरकारका तर्फबाट जेठको पहिलो हप्तादेखि नै राजधानी प्रवेशका नाकाहरूमा खानतलाशि गर्ने, यात्रुहरूलाई सोधपुछ गर्ने र जिल्ला-जिल्लामा निगरानी राख्ने कार्य प्रारम्भ गरियो । त्यसबाट पनि प्रभावकारी उपलब्धि हात नलागेपछि राजधानी काठमाडौं लगायत जनकपुर, पोखरा, झापा, वीरगंज, तौलीहवा, स्याङजा, नेपालगंज आदि विभिन्न ठाउँहरूमा जेठ १० अगावै व्यापक धरपकड सुरु गरियो ।[१७०८] राजधानी भन्दा बाहिरका जिल्लाहरूमा ने.का. का नेताका रूपमा चिनिएका हरेक जसो व्यक्तिलाई घर, पसल, चोक लगायतका ठाउँहरूबाट गिरफ्तार गर्ने र राजधानीमा घर, होटल, लज, पार्टी कार्यालय आसपासका क्षेत्र एवं नेताहरूका निवास वरिपरिबाट खोजी-खोजी गिरफ्तार गरिएको थियो ।

सरकारद्वारा व्यापक धरपकड गरिए तापनि व्यापक जनसमर्थन साथ सत्याग्रह प्रारम्भ भएर तिब्रतर रूपमा फैलियो । निश्चित मागहरूका लागि शान्तिपूर्ण रूपमा सत्याग्रह जस्तो अहिंशात्मक आन्दोलनमा उत्रिएका आन्दोलनकारीहरूमा कुनै दुर्भावना नभएकाले उनीहरूप्रति नराम्रो व्यवहार नगर्न पुऱ्याइएको निर्देशनअनुरूप राम्रो व्यवहार गरिएको भन्ने तत्कालीन प्रधानमन्त्रीको दावी[१७०९] विपरित यथार्थमा ठाउँ र अवस्था हेरेर व्यवहार गरिएको दृष्टान्त पाइन्छ । काठमाडौं उपत्यकाभित्रबाट गिरफ्तार गरेर त्यहीका विभिन्न प्रहरी कस्टडी एवं बन्दीगृहहरूमा

---

[१७०७] विस्तृतिका लागि स्वन्त्रत विद्यार्थी समूह केन्द्रीय रिएक्शन कमिटिका नामले "हाम्रो अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको, २०४२ सालमा उच्च शिक्षा अध्ययन गर्ने कतिपय विद्यार्थीहरूका अनुसार २०४२ साल जेठ ८ गते रातको समयमा त्रि.वि. कीर्तिपुर लगायत काठमाडौंका हरेकजसो क्याम्पसहरूमा यस्ता पर्चाहरू छरिएका थिए ।

[१७०८] (क) रमेश शर्मा, निलाम्बर पन्थी, लीला कोइराला, वृखेशचन्द्रलाल, शुक्रराज शर्मा, देवेन्द्र नेपाली, राजेन्द्रनिधि कोइराला, रामकृष्ण ताम्राकार, गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।
(ख) रमेश रिजालसँग २०६० जेठ १८ गते माइस्थान वीरगंजमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) डा. शंकर उप्रेतीसँग २०६० जेठ २ गते अर्जुनधारा, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१७०९] लोकेन्द्रबहादुर चन्द, टिप्पणी संख्या १४१ ।

राखिने सत्याग्रहीहरूमध्ये केहीलाई प्रारम्भमा १५ दिन जति चिसो सिमेन्टमा नै सुत्नु पर्ने गरी राख्ने, परिवारका सदस्य एवं आफन्तलाई समेत भेटन नदिने, गिरफ्तार गर्दा सामान्य हातपात गर्ने र मुख छाडने, जेलचलान गरेपछि तोकिएको "क" श्रेणि राशनका सट्टा नराम्रो र अशुद्ध खाद्य सामग्री दिने, समयमै औषधी उपचारको प्रबन्ध नगर्ने..[१७१०] आदि केही असामान्य खालका व्यवहार बाहेक अरू दमन नगरिए तापनि राजधानी बाहिरका विभिन्न जिल्लामा भने अमानवीय व्यवहार एवं दमनसमेत गरिएको थियो । जसको पुष्टिका लागि सत्याग्रह प्रारम्भ भएपछि देशका विभिन्न भागमा गरिएको व्यवहार एवं बन्दीगृहको अवस्था आदिलाई लिन सकिन्छ ।

सत्याग्रह प्रारम्भ नहुँदै गरिएको व्यापक धरपकडबाट प्रायःजसो प्रहरी कस्टडीहरू भरिभराउ भएकाले स्थान अभाव भएको बेला सत्याग्रहीहरू अत्यधिक संख्यामा निस्किएर गिरफ्तारी दिएपछि थुन्ने ठाउँको अभाव हुनगयो । जेठ १० गते साँझसम्म राजधानीमा मात्र १५०० भन्दा बढी गिरफ्तार भएपछि तिनको प्रबन्ध मिलाउन नसकेको सरकारलाई भोलीदेखि आउने सत्याग्रही राख्ने ठाउँकै समस्या पर्ने स्थिति देखियो । तसर्थ काठमाडौं भन्दा बाहिरबाट आएर पक्राउ पर्नेहरूलाई बाहिरकै जेलमा पठाउने निश्चयसँगै चलान प्रकृया सुरु गरेर बाहिरका सबैजसोलाई महेन्द्र पुलिस क्लबमा जम्मा गरेर क्षेत्रगत रूपमा छुट्याउने कार्य गरियो । त्यसपछि जेठ १० गतेकै राती मोरङ्ग, सुनसरी, झापा, संखुवासभा, भोजपुर, सिन्धुली, सप्तरी आदि पूर्वाञ्चलका विभिन्न जिल्लाका सत्याग्रहीहरूलाई २०-२० जना सुरक्षा प्रहरीको निगरानीमा २ वटा साझा बसमा राखेर हिडाइयो । कहाँ लगिदैछ लगायतको कुनै जानकारी नदिइकन कडा निगरानीमा रातीको खानासमेत खान नदिइकन नित्यकर्मसमेत प्रहरी निगरानीमा नै गर्नु पर्ने गरी हिडाइएका सत्याग्रहीहरूलाई पथलैया, इटहरी, विराटनगर, झापा लगायतका थानाहरूमा पुऱ्याएर प्रहरीका जिम्मा लगाउने र त्यहींबाट जेलहरूमा चलान गर्ने गर्दै विभिन्न कारागारहरूमा पुऱ्याइयो ।[१७११]

यसैगरी बिना जानकारी राती ११ बजे ट्रकमा चढाएर हिडाइएका लुम्बिनी अंचलका सत्याग्रहीहरूलाई पनि प्रहरीका घेराभित्र नारायणगढ, वुटवल हुँदै अन्तमा तौलिहवा जेलमा पुऱ्याएर ओरालेपछि मात्र सबैले सन्तोषको सास फेरेका थिए ।[१७१२] एवम प्रकारले काठमाडौंमा

---

[१७१०] (क) वासुदेव रिसाल, बालकृष्ण खाँण, रामप्रसाद डोटेल, श्यामसुन्दर तिवारी, ऋषिकेश तिवारी, पुरुषोत्तम बस्नेतसँगका अन्तर्वार्ताहरू ।
(ख) वेनीबहादुर कार्की, "संविधानलाई प्रजातान्त्रीकरण गरिएन भने आगामी चुनावमा भाग लिने प्रश्ननै उठदैन", (अन्तर्वार्ता), *वेग,* अमृतमणि पौडेल (सं.), काठमाडौं : नेपाल विद्यार्थी संघ लमजुङ काठमाडौं सम्पर्क समिति, २०४२, पृ. २ ।

[१७११] (क) आचार्य, टिप्पणी संख्या २२५ (क), पृ. २-५ ।
(ख) कृष्ण धरावाशि, *आधा बाटो,* झापा : नियात्रा प्रकाशन, २०५६, पृ. २५४ ।
(ग) गिरिराज आचार्य, पद्मकेशर कार्की, चक्र वास्तोला, विपिन कोइरालासँगाका अन्तर्वार्ताहरू ।
(घ) जितबहादुर परीसँग २०६० जेठ ३ गते भद्रपुर, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ङ) सुधिर सिवाकोटीसँग २०६० जेठ ३ गते अनारमनी, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(च) कृष्ण धरावाशिसँग २०६० जेठ २गते विर्तामोड, झापामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१७१२] रामकृष्ण ताम्रकार, राजन पन्त, रामचन्द्र ढकाल, निलाम्बर पन्थीसँगका अन्तर्वार्ताहरू ।

जेठ १० गतेसम्ममा पक्राउ पर्ने राजधानी बाहिरका सबैलाई विभिन्न जिल्लाका जेलहरूमा पुऱ्याएर शान्ति सुरक्षाको पुर्जी थमाउने र थुन्ने कार्य गरिएको थियो ।

राजधानी बाहिरका जिल्लाहरूमा प्रशासनद्वारा सत्याग्रहीहरूप्रति गरिएको व्यवहार पनि एकनासको थिएन । कतिपय ठाउँमा मानवीय व्यवहार गरिएको थियो भने चितवन, जनकपुर, पाल्पा, रूपन्देही, रौतहट, पोखरा, स्याङजा लगायतका ठाउँहरूमा अत्यन्त अमानवीय व्यवहार गरिएको थियो । चितवनमा गिरफ्तारी दिने सत्याग्रहीहरूलाई भरतपुरस्थित साझा संस्थाको टिनको छानो र झ्यालसमेत नभएको गोदाममा थुनिएको थियो । तर त्यहाँ हरेक दिन जसो ठूलो संख्यामा गिरफ्तारी दिने क्रम चलेपछि उक्त गोदाम पनि भरिएकाले जेठ १५ गते मध्य रातमा ३ वटा ट्रकमा, भोलीपल्ट ४ वटा ट्रकमा गरी करिब ४०० जनालाई वीरगंज पुऱ्याइयो ।[१७१३] क्षेत्रीय प्रहरी कार्यालय वीरगंजका हाताभित्र २ दिनसम्म राखेर नेतृत्व तहकालाई छानि-छानि जेल चलान गरेपछि छानबिनका वहानामा अरूलाई अंचलाधिश लगायतका प्रशासकद्वारा संझाउने फकाउने गरेर कतिपयलाई कागज गराएर छाडियो भने कागज गर्न नमान्नेलाई घाटिमा रातो दलेर मार्न लैजाने अफवाह बीच ट्रकमा चढाएर मध्यरातमा हिडाली अनकन्टार जंगलमा पुऱ्याएर छाडियो ।[१७१४]

प्रजातान्त्रिक आन्दोलनका हरेक जसो कार्यक्रममा तछाडमछाड गरेर उत्रने जनकपुरको परम्पराअनुसार धनुषा, महोत्तरी, सर्लाही लगायतका ठाउँहरूमा व्यापक सरगर्मीसहित सत्याग्रहको तयारी सुरु भएपछि प्रशासनद्वारा निश्चित तिथि अगाडि नै व्यापक गिरफ्तारी गरिएको थियो । प्रहरी कस्टडी एवं जलेश्वर जेल त्यसबाट भरिएको अवस्थामा सत्याग्रह सुरु भएपछि ठूलो संख्यामा कार्यकर्ताहरूले गिरफ्तारी दिएकाले राख्ने ठाउँ नभएपछि टिनको छानायुक्त र झ्यालसमेत नभएको सुर्ति विकास कम्पनीको गोदाममा लगेर थुनियो । जेठ असारको प्रचण्ड गर्मीमा त्यस्तो गोदाममा थुन्नाले धेरै जसोलाई जण्डिस, पायल्स, कान्सिथ्यूशन, टाइस जस्ता रोग लागे तापनि बिना उपचार थुनेर[१७१५] पंचायती नीतिको ज्वलन्त उदाहरण प्रस्तुत गरियो । अर्कातिर जलेश्वर जेलमा थुनिएका सत्याग्रहीहरूप्रतिको व्यवहार त मावनीयता विरुद्धको त्यस्तो उदाहरण थियो जसले नैतिकतामाथिको विश्वासलाई नै धुजा-धुजा पारेको थियो । मुस्किलले १५-२० जना सुत्न सक्ने कोठामा ५०-६० जनालाई थुन्ने, बाहिर सत्याग्रहीहरूले प्रदर्शन धर्ना गर्ने समय भएपछि चौरमा निकालेर सबैले देख्ने गरी निर्घातसँग कुटपिट गर्ने, रातीको बेलामा होटलमा लगेर राम्रोसँग खान दिएपछि “अन्तिम इच्छा के छ भन् भोलीको

---

[१७१३] (क) कृष्णलाल सापकोटा र महेश्वरलाल श्रेष्ठसँगका अन्तर्वार्ताहरू ।
(ख) रामकृष्ण घिमिरेसँग २०६० असार २ गते नारायणगढमा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) डा. यज्ञप्रसाद अधिकारीसँग २०६० असार ३ गते भरतपुर, चितवनमा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१७१४] (क) *पूर्ववत्* (क) ।
(ख) रेग्मी, टिप्पणी संख्या २३३ (ग), पृ. ३६-३८ ।

[१७१५] (क) वृखेशचन्द्रलाल, राजेश्वर नेपाली, स्मृतिनारायण चौधरी, विमलेन्द्रनिधि, श्रीमती लीला कोइराला, शिवधारी यादव, नारायण घिमिरेसँगका अन्तर्वार्ताहरू ।
(ख) दामोदर उपाध्यायसँग २०६० जेठ १३ गते जनकपुर धाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

सुर्योदय तेरो नसिबमा छैन" भनेर आँखामा पट्टि बाँधेर गाडिमा हालेर कता-कता लैजाने, फर्काएर ल्याएपछि जेलको छतमा लगेर रातभरी उभ्याउने, रामकेवल पासवान नामको डाँकाद्वारा धम्काउने, पिटाउन खोज्ने, बी.पी. मुर्दाबाद भन नत्र माछौं भनेर पिटने लगायतका यातना दिइएको थियो ।[१७१६] यसबाहेक वमकाण्ड भएर सत्याग्रह स्थगित भएपछि पहिलादेखि नै थुनामा रहेका डा. लक्ष्मीनारायण झा, सत्यनारायण शाह, ईश्वर लामा, पदम लामालाई जलेश्वर जेलमा ल्याएर केही दिन राखेपछि काठमाडौं चलान गरेर दुई हप्ता प्रहरी कस्टडीमा राखेर त्यहीबाट बेपत्ता पारिएको थियो ।[१७१७] जसको हालसम्म पनि कुनै पत्ता लाग्न सकेको छैन । जनकपुरमा बसोबास गरेर कलमको आवाजद्वारा मानवअधिकारको माग गर्ने गान्धीवादी पत्रकार राजेश्वर नेपालीलाई वमकाण्डपछि गिरफ्तार गरेर त्यही अभियोगमा जेल चलान गरी अमानवीय यातनासहित ६ महिनाभन्दा बढी थुनिएको थियो ।

काठमाडौं लगायतका ठाउँबाट पक्रिएर चन्द्रगढी जेलमा पुऱ्याइएका र झापाकै विभिन्न ठाउँबाट पक्रिएका सि.के प्रसाइ, जितबहादुर पुरी लगायतका सत्याग्रहीहरूलाई पनि ज्यानमारा डाँका सरहको व्यवहार गर्न खोज्दा उनीहरूले आफ्नो चिनारी दिएर जेलभित्रै सत्याग्रहको धम्कि दिएर प्रशासनलाई झुकाएका थिए । रूपन्देहीको मणिग्राम-सेमरा लगायतका ठाउँबाट गिरफ्तार गरिएका सत्याग्रहीहरूलाई लुम्बिनीस्थित प्रहरी चौकीमापुऱ्याएर परिवारका सदस्य लगायतलाई कुनै सुइको समेत नदिइ दिनमा एकपटक निस्तो चिउरा खान दिएर राखियो । तानसेनमा सत्याग्रहीहरूलाई सम्झाउने बहानामा पंच एवं प्रहरीको मिलिभगतमा सत्याग्रही हरि नेपाल लगायतमाथि वर्वर सांघातिक हमला नै गरियो भने तौलिहवा, पोखरा, तनहुँ, वीरगंज, वझाङ, धनगढी, सिराहा, रौतहट लगायतका विभिन्न जिल्लाहरूमा सत्याग्रहीहरूमाथि लाठिचार्ज गर्ने, जेलको क्षमताभन्दा बढी मानिसलाई धुन्ने, धम्काउने, बिना झ्यालका कोठाहरूमा थुन्ने, पिटने, उपचारको व्यवस्था नगर्ने लगायतका अमानवीय कार्यहरू गरिएका थिए ।[१७१८] यस्ता अनकौं दमन एवं अमानवीय व्यवहारबाट दिक्क परेका सत्याग्रहीहरूले सुधारका माग लिएर कतिपय जेलहरूमै सत्याग्रह गर्ने, सिधा बहिष्कार गर्ने, अनसनमा बस्ने लगायतका कार्यद्वारा चुनौती दिएपछि प्रशासनद्वारा धम्काउने, जेल सार्ने लगायतका कार्यद्वारा मनोवल गिराउने र संगठित हुन नदिने प्रयास गरियो ।

---

[१७१६] (क) लालकिशोर शाह र विमलेन्द्रनिधिसँगका अन्तर्वार्ताहरू ।
(ख) ज्ञानीशंकर गिरीसँग २०६० जेठ १४ गते गंगासागर जनकपुरधाममा लिएको अन्तर्वार्ताको रेकर्ड ।

[१७१७] (क) *लोकमत साप्ताहिक,* २०४७ साल कार्तिक १६ गते ।
(ख) राजेश्वर नेपाली, लालकिशोर शाह, वृखेशचन्द्रलालसँगका अन्तर्वार्ताहरू ।

[१७१८] (क) *नेपालपुकार साप्ताहिक,* २०४२ साल जेठ २३ गते ।
(ख) *राजधानी साप्ताहिक,* २०४२ साल जेठ २१ र २९ गतेका अङ्कहरू ।
(ग) नरेशचन्द्र भट्टराई, टिप्पणी संख्या २३४, पृ. २-३ ।
(घ) मोहनराज शर्मा, श्यामसुन्दर तिवारी, गोपालमान श्रेष्ठ, शुक्रराज शर्मा, राजेन्द्रनिधि कोइराला, राजन पन्त, रामकृष्ण ताम्राकार, रामचन्द्र ढकाल, जितबहादुर पुरीसँगका अन्तर्वार्ताहरू ।
(ङ) हरि नेपालसँग २०६० असार २८ गते तानसेन पाल्पामा लिएको अन्तर्वार्ताको रेकर्ड ।

सरकारद्वारा सम्पादित यसप्रकारका दमन एवं धरपकडका वावजुद पनि माग पूरा नभएसम्म आन्दोलनमा डटिरहने प्रतिबद्धताअनुरूप आन्दोलन संचालन गरिरहेको अवस्थामा रहस्यमय वम काण्डका घटनाहरू प्रारम्भ हुनपुगे । जसबाट शान्तिपूर्ण र अहिंशक आन्दोलनलाई हिंशात्मक आन्दोलनमा परिणत गर्ने षड्यन्त्रको गन्ध आएपछि ने.का. द्वारा सत्याग्रह स्थगन गरियो । यसरी हिंशात्मक स्थितिको संभावना देखिना साथ पूर्व घोषित प्रतिबद्धताअनुरूप ने.का. ले क्रमशः उपलब्धितर्फ बढेको आन्दोलन स्थगित गरेपछि पनि तत्कालीन सरकारले सदासयता देखाउनुका सट्टा प्रतिशोध पूर्ण व्यवहार प्रदर्शन गरेर थुनिएकाहरूलाई लामो समयसम्म थुनामुक्त गरेन । जेलभित्रको विषाक्त वातावरण, अप्रयाप्त सुविधा, दुषित पानी आदिले गर्दा विरामी परेका सत्याग्रहीहरूलाई समेत नछाडेर प्रतिशोध पूर्ण व्यवहार गरिएपछि विद्यार्थी संगठन, स्व.वि. यूनियनहरू, कलमजीवी आदिबाट सरकारी नीतिका विरुद्ध वक्तव्य, अपिल जारी गर्ने, लेखहरू प्रकाशित गर्ने लगायतका कार्य तिब्र पारियो ।[१७१९] अन्तर्राष्ट्रिय संचार माध्यमहरूले पनि यस्तै कार्यलाई निरन्तरता दिएकाले अप्ठ्यारोमा पर्ने संभावना देखिन थालेपछि प्रमुख नेताहरूलाई क्रमशः रिहा गर्दै गएको तत्कालीन सरकारले विद्यार्थी एवं युवा कार्यकर्ताहरूलाई भने ७-८ महिनासम्म पनि छाडेन । ने.का. का हरेक जसो कार्यक्रमहरूमा उत्साह पूर्वक खटेर सफल पार्ने कार्यमा युवा एवं विद्यार्थीहरू नै लागि पर्ने भएकाले नेतालाई छिटै छाडेर तिनलाई बढी थुन्ने कार्यद्वारा एकातिर मनोवल गिराउने र अर्कातिर नेता एवं कार्यकर्ताबीच फाटो पार्ने उद्देश्यबाट यस्तो भेदभाव पूर्ण व्यवहार गरिए तापनि वास्तविकता बुझेका तरुण एवं विद्यार्थीहरूलाई भने खासै असर परेन । फलस्वरूप जेलमुक्तिपश्चात पनि उनीहरूको सक्रियतामा कुनै कमी आएन ।

## ७.१३ वम काण्ड २०४२ र सत्याग्रहको स्थगन

मुलुकमा विकास कार्य तिब्र पार्ने उद्घोषसहित प्रजातान्त्रिक व्यवस्थाको अन्त गरेर स्थापित पंचायती व्यवस्थाको समाप्ति, जनताको मनबाट भय त्रास हटाएर राजनीतिलाई आम जनताको प्रत्यक्ष सरोकारको विषयमा परिणत गर्नु र जनतालाई सत्यको आग्रह साथ सडकमा उतारी राष्ट्रिय शक्ति संगठित बनाएर पंचायत विरोधी अभिमत तयार गर्ने उद्देश्यअनुरूप संचालित सत्याग्रह आन्दोलनले प्रारम्भमा व्यापक समर्थन प्राप्त गर्‍यो । २०४२ साल जेठ महिनाभरि तिब्र उत्साह साथ सडकमा उत्रिएका सत्याग्रहीहरूले शान्तिपूर्ण कार्यक्रम साथ गिरफ्तारी दिए । जसबाट थुन्ने ठाउँसमेत नभएर अप्ठयारोमा परेको सरकारले सत्याग्रह विफल पार्न सरकारी संचार माध्यमहरूबाट सत्याग्रह विरोधी अभिव्यक्ति प्रसार गर्नेदेखि युवा पंच, प्रहरी, विघटित मण्डलका सदस्य लगायतको प्रयोगबाट तिब्र दमन एवं दुर्व्यवहारसमेत गरेको थियो । पार्टी एवं विद्यार्थी संगठनका अधिकांश नेतृत्वदायी सुरुमै पक्राउ पर्नु, विभिन्न जिल्लामा

---

[१७१९] विस्तृतिका लागि (क) काठमाडौं स्थित त्रि.वि. कीर्तिपुर लगायत विभिन्न १० वटा क्याम्पस स्व.वि.यू. द्वारा जारी संयुक्त वक्तव्य, हेर्नुहोस् *राजधानी साप्ताहिक*, २०४२ श्रावण ९ ।
(ख) के.आर. पौडेल, "सम्पूर्ण सत्याग्रहीहरूको रिहा आजको आवश्यकता", *राजधानी साप्ताहिक*, आङ दोर्जे लामा (सं./प्र.), काठमाडौं : २०४२ श्रावण ९, पृ. ५ ।

चिनिएका नेताहरू पहिला नै समातिनु, खेतीवालीको समय आइसकेको हुँदा आम जनताहरू जेल जानबाट तर्कनु, सबै वामपन्थीहरूले साथ नदिनु, सरकारी दमन क्रमशः कठोर हुँदै जानु लगायतका कारणले गर्दा २०४२ सालको असार लाग्दा नलाग्दै सत्याग्रहको गती वा रफ्तार केही शिथिल पनि हुँदै थियो ।[१७२०]

केही शिथिलता आएपछि आन्दोलनको स्वरूप परिवर्तन गरेर अहिंशात्मक नीतिअनुरूपका थप चरणतर्फ सत्याग्रहलाई लैजानका लागि छलफल चलिरहेकै बेला राष्ट्रिय पंचायतको ३६ औं अधिवेशन प्रारम्भ भयो । सदाझैं रा.पं. लाई निर्देशन दिएर गतिशिलता प्रदान गर्ने परम्पराअनुसार उक्त अधिवेशनलाई २०४२ असार ५ गते राजाबाट सम्बोधन गरियो । जसमा राजाद्वारा "... नेपाली जनता देशको अमन चैन र शान्ति खलबल्यउने कुनै पनि प्रयासलाई निरुत्साहित तुल्याउन सजग छन्, जनता स्वयंले रोजेको व्यवस्थाप्रति नचाहिँदा भ्रम फैलाइ मुलुकमा अस्थिरताको वातावरण सिर्जना गर्नेहरूको प्रतिवाद गर्नु पंचको कर्तव्य हुन आउँदछ..."[१७२१] भन्दै सत्याग्रहको प्रतिकार गर्न पंच कार्यकर्ताहरूलाई अप्रत्यक्ष निर्देशन दिइयो । व्यवस्था विरोधीलाई राष्ट्रद्रोही, राजद्रोही, अराष्ट्रियतत्त्व आदि उपाधि प्रदान गरेर बन्दुक र संगिनको प्रयोगबाट दमन गर्ने मानसिकताभित्र चलखेल गर्न अभ्यस्त पंचायतवादीहरूले राजाको यो निर्देशनबाट थप बल प्राप्त गरे । विरोधी राजनीतिक शक्तिसँग परिष्कृत र शिष्ट प्रजातान्त्रिक आचरण देखाएर संवादद्वारा समस्या समाधान गर्न नजानेका पंचायतवादीहरू त्यसपछि सत्याग्रह दबाउन नयाँ हथकण्डा प्रयोग गर्ने तर्फ लागे । यसरी नवीन तरंगरूपी घटनाक्रम सिर्जनाकै आभास हुन लागेको स्थितिमा राजधानीका विभिन्न संवेदनशिल ठाउँ लगायत देशका विभिन्न हिस्सामा भएका वम विष्फोटनबाट सम्पूर्ण परिस्थितिलाई नै गम्भिर मोडमा उभ्याइदियो ।

२०४२ साल आषाढ ५ गते पोखरामा बम विष्फोटन भएको समाचारले संचार माध्यममा स्थान पाउन सक्दा नसक्दै ६ गते राजधानीमा सिलसिलावद्ध विष्फोटनका घटनाहरू हुनपुगे । ६ गते मध्यान्ह अर्थात १२.३० देखि २ बजेसम्मको अवधिमा नारायणहिटी राजदरबारका दक्षिण र पश्चिम ढोका नजिक बाहिर, सिंहदरबारको मूलढोका, राष्ट्रिय पंचायत भवन ग्यालरी बैठकको ढोका, होटल अन्नपूर्ण लगायतका ठाउँमा सिलसिलाबद्ध रूपले ५ वटा बमहरू विष्फोटन भए ।[१७२२] उक्त विष्फोटनबाट राष्ट्रिय पंचायत सदस्यका रूपमा लमजुङ

---

१७२० (क) सूर्यमणि अधिकारी, *नेपाली कांग्रेसको इतिहास,* काठमाडौं : भुँडी पुराण प्रकाशन, २०५९, पृ. २४१ ।
(ख) रामचन्द्र अधिकारी, टिप्पणी संख्या १६ (ख) ।

१७२१ श्री ५ को सरकार ..., टिप्पणी संख्या ११८, पृ. १२५ ।

१७२२ (क) विलियम रेपर एण्ड मार्टिन हफ्टन, *स्प्रिङ अवेकिङ्ग एन अकाउण्ट अफ द १९९० रिभोलुशन इन नेपाल,* न्यू दिल्ली : भाइकिङ्ग वाइ पेनगुइङ्ग बुक्स, १९९२, पृ. १८ ।
(ख) *पाक्षिक सुरुची,* भाग २, संख्या ११, २०४२ भाद्र, पृ. ५ ।

जिल्लाबाट निर्वाचित डम्बरजंग गुरुङ र लेखापाल विष्णुप्रसाद दवाडि[१७२३] होटल अन्नपूर्णका तीनजना रिसेप्सन कर्मचारी गरी ५ जनाको तत्कालै मृत्यु भयो भने १७ जना जति घाइते भए ।[१७२४] राजधानीमा विष्फोटन भएका वमहरू ५ देखि १५ के.जी. सम्मका र समय संकेतका आधारमा विष्फोटन हुने खालका भएको कुरा प्रकाशमा आयो । उक्त दिन धनगढी, भैरहवा विमानस्थलमा पनि वम विष्फोटन भयो भने भोलीपल्ट वीरगंज, जनकपुर लगायतका स्थानमा वम बोक्ने व्यक्ति नै मर्ने गरी विष्फोटन भएको, विष्फोटकसहित मानिस पक्रिएको समाचार सार्वजनिक गरियो । यसप्रकार भएका विष्फोटनहरूबाट ८ जनाको मृत्यु हुनुका साथै घाइते भएका कुल २७ जनामध्ये ३ जनाको अवस्था गम्भिर भएको कुरा सरकारी समाचारले प्रशारण गऱ्यो । राजधानीस्थित संवेदनसिल ठाउँ लगायतमा यसरी वम विष्फोटनका घटना घटन पुगेपछि तत्कालै व्यापक सनसनी फैलियो । दरबारगेट बाहिर वम विष्फोटन हुना साथ राजारानीले काठमाडौं छाडेर नागार्जुनस्थित आरामगृहमा आश्रय लिन पुगे भने राजधानीका सडकहरूमा नाकाबन्दी गर्ने, सशस्त्र प्रहरीद्वारा गस्ती लगाउने, नेपाललाई बाहिरी संसारसँग जोडने संचारका साधनहरू बन्द गर्ने लगायतका कार्यहरू गरियो ।[१७२५]

कहिल्यै सूर्यास्त नहुने विशाल साम्राज्यको मालिक बनेको ब्रिटेनबाट आफ्नो देशलाई स्वतन्त्र बनाउने उद्देश्यले अहिंशात्मक सत्याग्रह चलाएर सफलता प्राप्त गरेका महात्मागान्धीको अहिंशावादी सिद्धान्तअनुरूपकै सत्याग्रह सञ्चालन गरेको ने.का. ले वम विष्फोटनका घटना हुना साथ भावि नीति सम्बन्धमा पुनर्विचार गरिहाल्नु आवश्यक देख्यो । प्रमुख नेताहरू जेल परिसकेको अवस्थामा सत्याग्रहसम्बन्धी सम्पूर्ण कार्य गर्दै आएका प्रेमलाल सिंह र वीरेन्द्र दाहालले नेताहरूसँग गोप्य रूपमा सम्पर्क गरेर अनुमति प्राप्त गरेपछि तत्कालै सत्याग्रह स्थगित गर्ने निश्चय गरे । जसअनुसार आषाढ ६ गतेकै दिन प्रेमलाल सिंहले एक वक्तव्य जारी गर्दै शान्तिपूर्ण, अहिंशात्मक आन्दोलन संचालन भइरहेको अवस्थामा देशका विभिन्न भागमा भएका अपराधपूर्ण वम काण्डले सत्याग्रह आन्दोलनमा आँच पुऱ्याउने स्पष्ट भएको जनाउँदै आजैका दिनदेखि सत्याग्रह स्थगित गर्ने निर्णय गरिएको कुरा सार्वजनिक गरे ।[१७२६]

त्यसको भोलीपल्ट अर्थात असार ७ गते काठमाडौं हनुमानढोकास्थित जिल्ला प्रहरी कार्यालयमा शान्ति सुरक्षाको पूर्जि दिएर थुनिएका ने.का. का महामन्त्री गिरिजाप्रसाद कोइरालाले बन्दीगृहबाटै वक्तव्य जारी गरे । जसमा "हामीले जुन उद्देश्य, आदर्श र मान्यताका लागि

---

[१७२३] रामचन्द्र अधिकारी, टिप्पणी संख्या १६ (ख) ।

[१७२४] (क) मार्टिन हफटन, विलियम रेपर र जोन ह्वेल्पटन, *पिपुल पोलिटिक्स एण्ड आइडियोलोजी डेमोक्रेशि एण्ड सोशल चेन्ज इन नेपाल,* काठमाडौं : मण्डला बुक प्वाइन्ट, १९९९, पृ. १०३ ।
(ख) ऋषिकेश शाह, *पोलिटिक्स इन नेपाल १९८०-१९९१ : रेफरेण्डम, स्टेलमेट एण्ड ट्रायम्फ अफ पिपुल पावर,* तेस्रो संस्करण, न्यू दिल्ली : मनोहर पब्लिकेशन्स, १९९२, पृ. १४९ ।

[१७२५] *पूर्ववत्* (ख) ।

[१७२६] हरिप्रसाद पोखरेल, योगप्रसाद उपाध्याय, राजेन्द्रनिधि कोइराला, गोविन्द कँडेल, महेश्वरलाल श्रेष्ठ, रामकृष्ण ताम्राकार, पुरुषोत्तम बस्नेतसँगका अन्तर्वार्ताहरू ।

सत्याग्रह जस्तो शान्तिपूर्ण र अहिंशात्मक आन्दोलन संचालन गरेका थियौं त्यसको मर्मलाई हिजो राजधानी लगायतका ठाउँमा घटेका हिंशात्मक घटनाले ठूलो प्रहार गरेकाले सत्याग्रह आन्दोलन स्थगित गरिएको"[१७२७] कुरा स्पष्ट गरिएको थियो । यसप्रकार औपचारिक रूपमा सत्याग्रह स्थगित गरिएपछि आन्दोलनको हरेक जसो समाचार प्रशारण गर्दै आएको वि.वि.सि. रेडियो सेवाले आतंकवादको प्रवेश भएकाले सत्याग्रह स्थगित गरिएको समाचार प्रशारण गऱ्यो भने सत्याग्रहको कुनै समाचार नदिने रेडियो नेपालले वमकाण्ड र सत्याग्रह स्थगनको समाचार भने दोहोऱ्याई-तेहेऱ्याई प्रशारण गरेको थियो ।

राजधानीमा वम विष्फोटन भएको भोलीपल्ट अर्थात असार ७ गते राजधानीमा संयुक्त मुक्ति बाहिनीका नामबाट पर्चा छरेर जनताको स्वतन्त्रता प्राप्त गर्ने उद्देशयअनुरूप आफ्नो संगठनले वम विष्फोटन गराएको जनाउँदै पूर्ण रूपले उद्देश्य प्राप्त नहुँदासम्म यो प्रकृया जारी रहने उदघोष गर्दै वमकाण्डको जिम्मेवारी लिइएको थियो ।[१७२८] यस अगाडि यस्तो नाम गरेको कुनै पनि राजनैतिक संगठनबारे नसुनेका हुनाले यस पर्चामा कसैले पनि विश्वास गर्न सकेनन् । वमकाण्डबाट आत्तिएको तत्कालीन सरकारले तत्कालै रातको समयमा रा.प. को विशेष वैठक बोलाएर छलफल सुरु गऱ्यो । पंचहरूद्वारा यस घटनाको तिव्र निन्दा गर्न थालियो भने देशव्यापी धरपकड, गिरफ्तारी, यातना लगायतका कार्य तिब्र पारियो । समग्रमा त्यसबखत देशका सबैजसो जिम्मेवार राजनीतिक व्यक्ति एवं समूहहरूद्वारा वमकाण्डको विरोध एवं निन्दा गर्ने क्रम चल्यो ।

देशभित्र वमकाण्डको विरोध, व्यापक गिरफ्तारी, विभिन्न अडकलवाजीहरू तिव्र भइरहेकै अवस्थामा असार ८ गते अर्थात २२ जुनका दिन रामराजाप्रसाद सिंहको नेतृत्वमा गठित भूमिगत संगठन "नेपाल जनवादी मोर्चा" ले भारतको दिल्लीबाट एक विज्ञप्ति जारी गरेर सम्पूर्ण विष्फोटन आफ्नो पार्टीले गराएको दावि गऱ्यो । जसमा राजतन्त्रको उन्मुलन, प्रजातान्त्रिक जनवादी जनतन्त्रको स्थापना, व्यक्तिगत सम्पतीको समाप्ति र पूर्ण आर्थिक समानता-स्वतन्त्रता तथा सम्पत्तिमा नैसर्गिक मौलिक समान उपभोक्ता हकको प्राप्ति आदि लक्ष्य लिएर महान क्रान्तिको सुरुवात गरेको कुरा उल्लेख गरिएको थियो ।[१७२९] यसै दिन मोर्चाको

---

[१७२७] (क) शुशिल कोइराला, वासुदेव रिसाल, अशोक कोइराला, नोना कोइराला, निलाम्बर पन्थी, आमोदप्रसाद उपाध्याय, हरि नेपाल, शुक्रराज शर्मासँगका अन्तर्वार्ताहरू ।
(ख) *साप्ताहिक मञ्च,* २०४२ साल असार ११ गते ।
(ग) आचार्य, टिप्पणी संख्या २, पृ. ३ ।

[१७२८] (क) शाह, टिप्पणी संख्या २८८ (ख), पृ. १४९-१५० ।
(ख) सुरुची, टिप्पणी संख्या २८६ (ख), पृ. ५ ।

[१७२९] नेपाल जनवादी मोर्चाका अध्यक्ष रामराजाप्रसाद सिंहद्वारा २०४२ असार ८ गते "महान क्रान्तिको विनम्र सुरुवात" शीर्षकमा जारी विज्ञप्ति, हेर्नुहोस् नेपाल जनवादी मोर्चा, *हाम्रो प्रश्तावना गणतन्त्र नेपालको स्थापना,* प्रकाशक, प्रकाशन स्थल, मिति उल्लेख नभएको, पृ. ७ ।

जनपरिचालन क्षेत्रका प्रवक्ताले माथि उल्लेखित लक्ष्य प्राप्तिका लागि ५० वटा वम विष्फोटन गराउने योजनाअनुरूप कार्य प्रारम्भ गरिएको स्पष्ट गरेका थिए ।[१७३०]

विदेशी भूमिबाट नै जनवादी मोर्चाले वमकाण्डको जिम्मेवारी लिएपछि तत्कालीन सरकारबाट त्यसैलाई सत्य मानेर कार्वाही बढाउँदै देशव्यापी खानतलाशि एवं धरपकड तिब्र बनाइयो । वमकाण्डको अनुसन्धानका नाममा जनकपुर क्षेत्रबाट राजेश्वर नेपाली जस्ता गान्धिवादी लगायत धेरे मानिसहरू पक्राउ परे । रा.प. ले वमकाण्डमा संलग्नहरूलाई दमन गर्न विध्वंशात्मक अपराध गतिविधि नियन्त्रण ऐन बनाइ एक सदस्यीय ट्रिव्यूनल गठन गरिदिएपछि त्यसद्वारा तिन जना सहयोगीसहित रामराजाप्रसाद सिंहलाई उनीहरूको अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइयो ।[१७३१] सत्याग्रहका सिलसिलामा पक्राउ परेका ईश्वर लामा, पद्म लामालाई सुर्ती विकास कम्पनीको गोदामबाट निकालेर जलेश्वर जेलमा पुऱ्याइ वमकाण्डका अभियुक्त बनाइयो भने डा. लक्ष्मीनारायण झा, कम्पाउण्डर चन्द्र मिश्र, साकेत मिश्र लगायतका विभिन्न १० जनालाई पक्रेर जेल चलानका नाममा काठमाडौँ पुऱ्याएर हिरासतबाटै बेपत्ता पारियो ।[१७३२] प्रहरी हिरासतबाटै बेपत्ता पारिएका उपरोक्त राजबन्दीहरूको यथार्थ विवरण पत्ता लगाउनेतर्फ प्रजातन्त्र पुनर्स्थापना पश्चातका सरकारले पनि कुनै चासो नदेखाउनाले सबै कुरा रहस्यको खाडल भित्रै पुरिएको र बाहिर आउन नसकेको आश्चर्यको कुरा हो । निज तथ्य कुरा बाहिर ल्याउन पार्टी नेताहरूले वास्ता गरेनन् २०४६ साल पछि पनि ।

रामराजाप्रसाद सिंह र जनवादी मोर्चालाई दोषि मानेर सरकारी प्रकृया समाप्त गरिए तापनि धेरैले यो कुरालाई सहजै पत्याउन सकेनन् । किनकी ने.का. द्वारा संचालित सत्याग्रह आन्दोलनले व्यापक प्रभाव पारिरहेको अवस्थामा घटाइएको उक्त काण्डबाट सबैभन्दा धेरै फाइदा पंचायतलाई नै पुगेको तथ्य सामान्य विश्लेषकको नजरबाट पनि छिपेको थिएन । सामान्य पर्चा बोक्ने मानिसलाई समेत पक्रने पंचायती निकायहरूले राजदरबार गेट लगायतका संवेदनशिल ठाउँहरूमा ५ देखि १५ के.जी. सम्मका वम राखेर पडकाएपछि मात्र थाहा पाए भन्ने कुरा पत्याउन कोही पनि तयार भएनन् । यस बाहेक राजतन्त्रको अन्त गरेर गणतन्त्र स्थापना गर्ने लगायतका लक्ष्य लिएर क्रान्ति प्रारम्भ गरेको घोषणा गर्दै जिम्मेवारी स्वीकार गरेको जनवादी मोर्चाले सत्याग्रह स्थगनपश्चात कुनै पनि गतिविधि संचालन नगरको हुँदा उक्त शंकामा थप बल पुगेको थियो । त्यो अवस्थामा ने.का. को सत्याग्रह प्रारम्भ गर्नु अगाडिको प्रतिबद्धताबाट फाइदा उठाएर सत्याग्रह रोक्नका लागि पंचायतका संचालकहरूद्वारा नै

---

[१७३०] शाह, टिप्पणी संख्या २८८ (ख), पृ. १५० ।

[१७३१] (क) हफ्टन र अन्य, टिप्पणी संख्या २८८ (क), पृ. १०४ ।
(ख) गौतम, टिप्पणी संख्या १२४, पृ. १९१ ।
(ग) राजेश्वर नेपाली, रामचन्द्र पौडेल र देवेन्द्र नेपालीसँगका अन्तर्वार्ताहरू ।

[१७३२] (क) वृखेशचन्द्रलाल, राजेश्वर नेपाली, लालकिशोर शाहसँगका अन्तर्वार्ताहरू ।
(ख) मेघप्रसाद उपाध्यायसँग २०६० जेठ १६ गते कपिलेश्वर, धनुषामा लिएको अन्तर्वार्ताको रेकर्ड ।
(ग) अधिकारी (शास्त्री), टिप्पणी संख्या १०६ (ग), पृ. ५९४-५९५ ।

षड्यन्त्रात्मक रूपमा वमकाण्ड घटाइएको लगायतका चर्चा परिचर्चा चल्न थाले । जसबारे वर्तमानसम्म पनि ठोस एवं स्पष्ट निचोड ननिस्किएको हुँदा तत्कालीन अवस्था, वमकाण्डको परिवेश र जनवादी मोर्चाद्वारा पछिसम्म गरिएका दावी लगायतको समग्र विश्लेषणसहित चर्चा गर्नु प्रासङ्गिक नै हुनेछ ।

ने.का. द्वारा सत्याग्रहका लागि निर्धारित नाराहरू लगाउँदै र मागहरू दोहोऱ्याउँदै राजधानी लगायत देशव्यापी रूपमा सत्याग्रहीहरू प्रशासनिक निकाय-सडक आदिमा निस्किएर गिरफ्तारी दिएको, प्रशासनद्वारा गिरफ्तारी एवं दमन गरेर अमानवीय यातनासहित थुनेको लगायतका समाचारहरू स्वदेशी पत्रपत्रिका एवं विदेशी संचार माध्यमहरूबाट प्रशारण गर्नाले क्रमशः आन्दोलनको सकारात्मक प्रभाव देखिदै थियो । फलस्वरूप यो आन्दोलन एकातिर देशका विभिन्न भागहरूतर्फ सर्दै र फैलिदै थियो भने अर्कातिर थुनिएका सत्याग्रहीहरूको मुक्तिका लागि एमनेष्टि इन्टरनेशल लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूबाट माग हुन थालेको थियो ।[१७३३] सत्याग्रहले समात्न थालेको गतिशिलता, अन्तर्राष्ट्रिय क्षेत्रबाट बढ्दो समर्थनसँगै आउन थालेको दवाव, देशका जेल लगायत बन्दीगृहहरू भरिभराउ भएको अवस्था आदिले गर्दा अप्ठ्यारोमा पर्न पुगेको तत्कालीन सरकारले आन्दोलन नरोकि नहुने सत्यता महसुस गरिसकेको थियो ।

राजालाई सदैव पंचायती व्यवस्थामा सबै जनता खुसी र सन्तुष्ट छन् लगायतका समाचार सुनाइ स्वार्थ लुटिरहेका वर्गहरू यसप्रकारको अवस्थाबाट आत्तिन थालिसकेका हुँदा आन्दोलन रोक्ने उपाए खोज्दै थिए । विरोधीसँग वार्ता र समझदारी गरेमा आफ्नो स्वार्थमा आच आउने कुरा स्पष्ट देखेका उनीहरूले यसक्रममा निकै सोच विचार गरेर ने.का. को पूर्व प्रतिबद्धतालाई आधार बनाएर आन्दोलन रोक्न हिंशात्मक स्थिति सिर्जना गर्ने निश्चय गरे । जसलाई व्यवहारिक स्वरूप दिँदै नारायणहिटी गेट लगायतका अति नै संवेदनशिल ठाउँहरूमा वम विष्फोटन गराएर आतंकद्वारा छुद्र स्वार्थ पूरा गर्न सफल भए ।[१७३४] नेपालको तत्कालीन राजनीतिमा हाली मुहाली गरिरहेका प्रभावशाली वर्गद्वारा ने.का. को सत्याग्रह रोक्नका लागि यसप्रकार वम विष्फोटन गराइ रामराजाप्रसाद सिंहलाई तीन लाख रूपैयाँ दिएर जिम्मेवारी लिन लगाएको हल्ला निकै चलेको थियो ।[१७३५]

अर्कातिर रामराजाप्रसाद सिंह एवं उनको जनवादी मोर्चाद्वारा त्यसपछिका दिनहरूमा प्रकट गरेका धारणामा भने वमकाण्ड आफूहरूले योजनावद्ध कार्यक्रमका तहत सम्पादन गरेको दावी पाइन्छ । पंचायतकालमा केही नभने तापनि देशमा प्रजातन्त्र पुनर्स्थापनापश्चात रामराजा प्रसाद सिंह लगायत मोर्चाका विभिन्न नेताहरूले उक्त वमकाण्ड सत्याग्रह रोक्नका लागि नभएर

---

[१७३३] बद्रीनारायण गौतम, टिप्पणी संख्या २४ (ख), पृ. २२१ ।

[१७३४] भूपती ढकाल 'कमल', "प्र.ने.का. को राष्ट्रिय दायित्व", *नेपालमा प्रजातान्त्रि समाजवाद,* दिनवन्धु अर्याल आदि (सं.), काठमाडौं : खगेन्द्र रेग्मी २०४५, पृ. २२ ।

[१७३५] रेपर एण्ड हफ्टन, टिप्पणी संख्या २८६ (क), पृ. १९ ।

भन गतिशिल पार्न गराएको उल्लेख गरेका छन् । विभिन्न पत्रपत्रिकाहरूलाई दिएका अन्तर्वार्ताहरूमा रामराजाले ने.का. को सत्याग्रह सम्झौतामा पुगेर टुङ्गिएला भनेर त्यसमा बल पुऱ्याउने उद्देश्यअनुरूप प्रशस्त विष्फोटकसहित साथीहरू पठाइएको र सत्याग्रहमा शिथिलता आउन थालेपछि गतिशिलता ल्याउन विष्फोटन गराएको,[१७३६] राजतन्त्रका विरोधमा राजदरबार गेटमा, पंचायतका विरोधमा राष्ट्रिय पंचायत भवन र सिंहदरबार मूलढोकामा र राजपरिवारले व्यापार गर्नु हुँदैन भनी होटल अन्नपूर्णमा वम हानिएको[१७३७] लगायतका तर्क दिएर घोषित लक्ष्यअनुरूप क्रान्ति प्रारम्भ गरिएको कुरा पुष्टि गर्न खोजेका छन् ।

अर्का नेता खेमराज मायालुले पनि अन्तर्वार्ताका क्रममा उक्त वमकाण्ड सत्याग्रह वा अन्य कुनै पनि आन्दोलनलाई विथोल्ने, रोक्ने प्रयत्न वा षड्यन्त्र नभएर क्रान्तिको विनम्र सुरुवात थियो, आफ्ना कार्यकर्ताबाट नभएर अर्कै राजनीतिक शक्तिले सशस्त्र क्रान्ति गर्ना साथ ने.का. ले सत्याग्रह रोक्नु पर्दैनथ्यो[१७३८] लगायतका तर्क दिएर घोषित लक्ष्यअनुरूप क्रान्ति प्रारम्भ गरिएको कुरा पुष्टि गर्न खोजेका छन् । मोर्चाद्वारा पछि प्रकाशित एक पर्चामा पनि २०४२ सालमा राष्ट्रव्यापी विष्फोटनद्वारा महान क्रान्तिको विनम्र सुरुवात गरेको जनाउँदै उक्त विष्फोटद्वारा राजतन्त्रमाथि प्रतिकात्मक प्रहार गरेको, एक थोपा पनि नेपाली रगत नबगोस् भन्ने हार्दिक आकांक्षा हुँदाहुँदै पनि मारिएका निर्दोश नागरिकहरूलाई क्रान्तिकारी सम्मान प्रकट गर्दै भारतको रक्सौल लगायतका ठाउँमा मारिएका कार्यकर्तालाई शहिदको दर्जा दिएर वेपत्ता पारिएकाहरूको स्थिति पत्ता लगाउन माग गरिएको छ ।[१७३९]

रामराजाप्रसाद सिंह लगायत उनको समूहका हरेक जसो मानिसलाई राम्रोसँग चिनेका र लामो समयदेखि बस उठ समेत गरेका विभिन्न राजनेता एवं कार्यकर्ताहरूमध्ये एकथरिले उनी र उनको संगठनबाट त्यस अगाडि र पछाडि त्यस्ता कुनै गतिविधि नगरेको लगायतका तर्क दिएर वमकाण्डको जिम्मेवारी लिने बाहेक कुनै संलग्नता नभएको तथ्यमाथि जोड दिँदै त्यो एउटा छुट्टै अनुसन्धानको विषय भएको उल्लेख गर्दछन्[१७४०] भने अर्काथरिले रामराजाको विद्रोही स्वभाव, पुरानो इतिहास आदिको आधारमा रामराजाले नै गरेको मान्दछन् ।[१७४१] यसबाहेक नेपालमा सत्याग्रह जस्तो शान्तिपूर्ण आन्दोलन अगाडि बढिरहेको अवस्थामा पंचायतलाई नै मूलभूत सहयोग पुऱ्याउने नीतिमा अडिग रहेको भारतले सत्याग्रह उपलब्धिमूलक हुने देखेर

---

[१७३६] *साप्ताहिक नेपाली आवाज,* २०४८ साल असार २१ गते ।

[१७३७] *स्वतन्त्रराष्ट्र साप्ताहिक,* २०४८ साल भदौ २७ गते ।

[१७३८] *देशान्तर साप्ताहिक,* २०४८ साल मंसिर १ गते ।

[१७३९] विस्तृतिका लागि नेपाल जनवादी मोर्चाद्वारा २०५१ साल असार ५ गते "वीर शहिदहरू जिन्दवाद" शीर्षकमा जारी पर्चा ।

[१७४०] (क) स्मृतिनारायण चौधरी, रमेश शर्मा, कृष्ण धरावाशि, वृखेशचन्द्रलाल, शुशिल कोइराला, लक्ष्मीनाथ नेपाल, महेश्वरलाल श्रेष्ठ, दामोदर उपाध्याय, कृष्णलाल सापकोटा, चिरन्जीवी वाग्ले, शैलजा आचार्य, गिरिराज आचार्यसँगका अन्तर्वार्ताहरू ।

(ख) डिल्लीराम मिश्र, "श्रवजीवी", *नेपालको प्रजातान्त्रिक आन्दोलन,* काठमाडौं : श्रीमती शर्मिला मिश्र, २०४७, पृ. १८४ ।

[१७४१] सिद्धराज ओझा, रामचन्द्र पौडेल, आमोदप्रसाद उपाध्याय, नरहरी आचार्यसँगका अन्तर्वार्ताहरू ।

रामराजालाई प्रयोग गरी वमकाण्ड गराएको तर्क दिनेहरू पनि पाइन्छन् ।[१७४२] जसका आधारमा हेर्दा हालसम्म पनि रहस्यमय नै बनेको वमकाण्ड २०४२ का बारेमा विस्तृत अध्ययन एवं अनुसन्धान गरेर यथार्थ विवरण पत्ता नलगाउँदासम्म किटान साथ भन्न सकिने स्थिति देखिँदैन ।

रामराजा सिंह लगायतबाट जेसुकै दावि गरिए तापनि वम विष्फोटनको घटनाले ने.का. को सत्याग्रह स्थगित गराइदिएको सत्यताबाट मुख मोडन सकिँदैन । अर्कातिर वम विष्फोटन हुना साथ आन्दोलन रोकेर पार्टी एवं कार्यकर्तालाई ठूलो दुर्घटनाबाट जोगाएको तथ्यतालाई पनि नजरअन्दाज गर्न सकिँदैन । किनकी विविध मागहरू सारेर आन्दोलनको निर्णय गर्दा नै हिंशात्मक घटना घटेमा स्थगित गर्ने प्रतिबद्धता व्यक्त गरिसकेको राजनैतिक दलले वम विष्फोटन हुना साथ आन्दोलन स्थगित गरेर हिंशाप्रतिको आफ्नो धारणा स्पष्ट नगरेको भए विरोधीहरूलाई मौका खोजी-खोजी दमन गर्ने नीतिअनुरूप बढेको पंचायती सरकारले सारा वमकाण्डको दोष ने.का. लाई लगाएर आतंककारी घोषणा गर्दै भिषण दमन गर्ने निश्चित थियो । त्यसो भएमा एकातिर देशमा भिषण गृहयुद्ध हुन गई कैयौं कार्यकर्ताहरूले चरम दमनको सामनासँगै ज्यान गुमाउनु पर्दथ्यो भने अर्कातिर ने.का. मेलमिलाप नीतिबाट विमुख भएको कुरा प्रमाणित हुनजान्थ्यो । तसर्थ ने.का. ले सत्याग्रह स्थगन गरेर राजा, नेपाली जनता एवं विश्व समुदायलाई नै आफू मेलमिलाप नीतिप्रति अटल रहेको सन्देश दिन सफल भयो ।

## ७.१४ सत्याग्रह आन्दोलनका उपलब्धि एवं राजनैतिक प्रभाव

अपहरित जनअधिकार वहालीका लागि सशस्त्र प्रतिरोध आन्दोलनको अपरिहार्यता ठानेर गतिशिल भएका वी.पी. ले २०३३ सालसम्म आइपुग्दा कार्यशैली परिवर्तनको आवश्यकता महसुस गरी ने.का. लाई मेलमिलाप नीतिको मार्गमा बढाएका थिए । त्यसपछि हर सम्भव शान्तिपूर्ण उपायहरू अपनाएर परिवर्तनका लागि क्रियाशीलता देखाइ रहेको ने.का. को प्रयासलाई पंचायतवादीहरूद्वारा ठोस रूपमा ग्रहण नगरिनाले गतिशिलताको मार्गमा केही खुकुलोपना देखिनु बाहेक अन्य कुनै उपलब्धि हात लागेको थिएन । राष्ट्रिय एकता र मेलमिलापको सम्भावनाले आफ्नो मार्ग तय नगरेको हुँदा प्रजातान्त्रिक आन्दोलनको भावि स्वरूप बारे कुनै ठोस निर्णय हुन नसकेको अवस्थामा अकस्मात वी.पी. को निधन भएपछि उनकै छत्रछायामा गतिशिल हुँदै आएको ने.का. समक्ष भावि नीति एवं कार्यक्रम बारे अन्यौलपूर्ण स्थिति उत्पन्न भयो । जसको अन्तका लागि प्रारम्भ गरिएका प्रयासका अन्तमा अहिंशात्मक जनआन्दोलनका प्रसङ्ग उठन थालेपछि प्रारम्भ भएका चर्चा वहसकै परिणामस्वरूप राजनैतिक दलमाथिको प्रतिबन्ध हटाउने लगायतका ७ सूत्रीय मागहरू सारेर सत्याग्रह आन्दोलन गर्ने निर्णय भयो ।

[१७४२] हरि नेपाल, नरहरी आचार्य, राजेन्द्रनिधि कोइराला, कृष्णलाल सापकोटा, ऋषिकेश तिवारी, व्रतराज आचार्य, राजन पन्त, रामचन्द्र अधिकारीसँगका अन्तर्वार्ताहरू ।

उक्त निर्णयलाई व्यवहारमा उतार्दै २०४२ साल जेठ १० गतेबाट प्रारम्भ भएको सत्याग्रह व्यापक जनसहभागिता साथ अगाडि बढयो । सत्याग्रहका प्रचलित मूल्य मान्यताअनुरूप शान्तिपूर्ण रूपले सत्यको आग्रह गर्दै बिनाप्रतिकार गिरफ्तारी दिने र जेल भर्ने नीतिअनुरूप बढिरहेको यो आन्दोलनले थप अरू चरणमा प्रवेश गर्न नपाउँदै अकस्मात देशमा आतंकवादी गतिविधि देखापऱ्यो । आन्दोलन प्रारम्भ नगर्दै हिंशात्मक स्थिति उत्पन्न भएका खण्डमा तुरुन्त स्थगित गर्ने प्रतिबद्धता व्यक्त गरिसकेको स्थितिमा आन्दोलनको भावना विपरित आतंकवादी क्रियाकलाप प्रारम्भ हुना साथ ने.का. ले आन्दोलन स्थगित गरेर राष्ट्रप्रतिको समर्पण एवं शान्तिप्रतिको प्रतिबद्धता स्पष्ट गऱ्यो । यसप्रकार २०४२ साल जेठ १० गते प्रारम्भ भएर वम विष्फोटनपश्चात आषाढ ६ गते स्थगित भएको सत्याग्रह आन्दोलनले राजनैतिक दलमाथिको प्रतिवन्ध अन्त लगायतका उद्देश्य पूरा गर्न नसके तापनि कार्यकर्तामा व्याप्त अन्यौलको स्थिति अन्त गर्ने, खारिएका र जुझारु कार्यकर्ता तयार गर्ने, जनताका मनबाट भय र त्रास हटाउने, पंचायतका भ्रष्ट आचरण एवं क्रियाकलापको भण्डाफोर गर्ने, सत्ताधारीहरूको षड्यन्त्रका विरुद्ध एक ढिक्का भएर उभिने, संयुक्त जनआन्दोलनको आधारभूमि तयार गर्ने लगायतका उपलब्धि एवं प्रभाव ल्याउन सफल भयो । जसलाई निरंकुशताको बन्धनमा जकडिएको तत्कालीन नेपाली समाजको सामाजिक, आर्थिक, राजनैतिक परिवेशको समग्र विवेचनासँगै स्पष्ट गर्नु प्रासङ्गिक हुनेछ ।

२०३३ साल पौष १६ गतेदेखि राष्ट्रिय एकता र मेलमिलापका लागि वी.पी. ले गरेका प्रयासहरूले निर्णयात्मक परिणाम नल्याएको तर संभावनाप्रतिको अग्रसरता कायमै रहेको अवस्थामा अकस्मात वी.पी. को निधन भएपछि मानिसमा मेलमिलापको भविष्यप्रति शंका उठन थाल्यो ।[१७४३] किनकी सानो कुरा पनि उनैलाई सोधेर गर्ने बानी परिसकेका नेता एवं कार्यकर्ताहरूमा उनको निधनबाट उत्पन्न भएको निराशाले निरंकुशताको विरुद्ध लडन आवश्यक पर्ने उर्जासमेत क्रमशः शिथिल पार्ने स्थिति सिर्जना गर्दै थियो । जसको पूर्वाभास भएपछि बोलाइएको क्षेत्रपाटी सम्मेलनले मेलमिलाप नीतिकै तहत रहेर शान्तिपूर्ण आन्दोलनका मार्गमा बढ्ने निश्चय गरेपछि ने.का. भित्र नयाँ वहस प्रारम्भ भयो । ने.का. भित्र फुट र विग्रहको स्थिति ल्याएर मेलमिलाप नीतिका मार्गबाट विचलन गराउने प्रयासमा लागेका पंचायतका यथास्थितिवादीहरूले यसबाट फाइदा उठाएर जोशिला नेता एवं कार्यकर्ताहरूलाई दिग्भ्रमित गराउने र निरंकुशताका बन्धनहरू क्रमशः कठोर बनाउने तर्फ सक्रिय भए । फलस्वरूप तत्कालीन सरकार पक्षधरहरूबाट विविध प्रलोभन एवं हथकण्डा प्रयोग गरी ने.का. का कार्यकर्तालाई प्रभावित पारेर आन्तरिक विग्रहको स्थिति सिर्जना गर्ने, कार्यकर्ता भेटघाट लगायतका शान्तिपूर्ण कार्यक्रमहरूमा प्रहरी एवं गुण्डादल पठाएर सांघातिक आक्रमण गराउने,

[१७४३] बलराम निरौला, राष्ट्रिय मेलमिलापको परिप्रेक्ष्यमा विश्वेश्वरप्रसाद कोइराला, स्नातकोत्तर शोधपत्र (अप्रकाशित), कीर्तिपुर : इतिहास केन्द्रीय शिक्षण विभाग, त्रि.वि. २०४६, पृ. ११५ ।

राजासँग दर्शनभेट गराएर प्रलोभनको जालमा पार्न प्रयास गर्ने, वी.पी. पुण्य तिथि लगायतका अवसरमा आयोजित वृक्षारोपण-रक्तदान जस्ता रचनात्मक कार्यक्रममा समेत प्रतिबन्ध लगाएर गतिशिल हुन नदिने लगायतका कार्य तिब्र पारियो ।

पंचायतवादीहरूद्वारा सम्पादित यस्ता कार्यबाट देखिएको स्थिति अन्त गर्न सशक्त कार्यक्रम दिएर कार्यकर्तामा व्याप्त निराशा हटाउन सक्रिय हुनुपर्ने अवस्थामा कतिपय नेता एवं कार्यकर्ताहरू नै "विकल्पको खोजी वा शान्तिपूर्ण आन्दोलन" को वहसमा अल्फिनाले युवा जमात पनि दिग्भ्रमित भएर पलायनवादको मार्गमा बढ्ने खालको प्रवृति देखापर्न थाल्यो । २०३३ साल पौष १६ गते पश्चातको वातावरणमा समाहित भएर गतिशिल हुँदा जेल-नेल, निर्वाशन लगायतका कठोर पंचायती दमन भोग्नु नपरेको हुनाले राजधानी लगायतका सुविधायुक्त क्षेत्रमा बस्न अभ्यस्त भएका कार्यकर्ताहरू पनि पलायनवादी प्रवृतितर्फ ढल्केकाहरूले जस्तै दोधारे खालका कुरा गर्दै अप्रत्यक्ष रूपमा तिनैलाई साथ दिँदै थिए ।[१७४४] अर्कातिर पार्टीका महत्त्वपूर्ण निर्णयका विपरित काम गर्न अभ्यस्त पलायनवादीहरूले प्रजातान्त्रिक आन्दोलनमा नै वाधा उत्पन्न गर्ने र पार्टीमा विभाजनको भ्रम सिर्जना गर्ने नियतबाट अल्मल्याउने खालका वक्तव्यहरू जारी गर्दै थिए ।[१७४५] जसबाट ने.का. लाई साथ दिइरहेको युवावर्गलाई पनि विस्तारै पंचायती व्यवस्था मन पर्न थालेको हुनाले बहुदलीय व्यवस्थाको समर्थनमा देखापर्दै आएको युवा आक्रोश सेलाउँदै गएको निष्कर्ष निकाल्न थालियो ।[१७४६]

प्रचलित निरंकुश व्यवस्थाका विरुद्ध गतिशिल भएर प्रजातन्त्र पुनर्स्थापना गर्ने लक्ष्यअनुरूप बढेको राजनैतिक दलभित्र यस्ता भावना फैलिन थालेपछि संकटमय स्थिति उत्पन्न भयो । प्रतिवन्धित अवस्थामा गतिशिल राजनैतिक दलभित्र न संघर्ष न समर्पणको स्थितिलाई नै निरन्तरता दिने सोचाइ हावी हुन गएमा शून्य प्रायः स्थिति सिर्जना भएर सम्पूर्ण संगठन नै समर्पणको दलदलमा फस्ने संभावना देखापऱ्यो ।[१७४७] सच्चा मनले ने.का. का सिद्धान्त एवं नीतिप्रति प्रतिवद्ध भएका कार्यकर्ताहरूको मनोवल गिर्न लाग्यो भने प्रतिक्रियावादीहरू प्रफुल्लित भएर अब ने.का. सकिन्छ लगायतका तर्क गर्न थाले । त्यो स्थितिमा कार्यकर्ताहरूलाई मनोवल बढाएर सक्रिय पार्न, पलायनवादी प्रवृतिको भासमा जाकिनबाट जोगाउन र प्रतिक्रियावादीहरूलाई दरिलो जवाफ दिन जरुरी भयो । जुन कुरा राम्रोसँग बुझेका नेताहरूले आवश्यक गृहकार्य गरेर राजासमक्ष स्मृतिपत्र बुझाई वस्तु स्थिति अवगत गराउँदै सत्याग्रह

---

[१७४४] वासुवेद रिसाल, हरिनेपाल, मनमोहन भट्टराई, बालकृष्ण खाँण, ऋषिकेश तिवारीसँगका अन्तर्वार्ताहरू ।

[१७४५] वासुदेव रिसाल, "आन्दोलनको अनिवार्यता र पलायनवादी प्रवृति", *वेग*, अर्जुन के.सी. आदि (सं.), काठमाडौँ : ने.वि. संघ लमजुङ काठमाडौँ सम्पर्क समिति, २०४६, पृ. २४ ।

[१७४६] गोविन्द सिंह, "जवान खुनकि खामोशि", *दिनमान*, कन्हैयालाल नन्दन (सं.), नइदिल्ली : इण्डिया टुडे, ३१ जुलाई, ६ अगस्त १९८३, पृ. २९ ।

[१७४७] सुवेदी, टिप्पणी संख्या १६२, पृ. ५७ ।

आन्दोलनको घोषणा गरेर पार्टीलाई परिवर्तनवादी धारामा अगाडि बढाउने काम गरे । देशव्यापी रूपमा एक साथ सत्यको आग्रह गरौं वा काठमाडौँ जाऔं लगायतका कार्यक्रम घोषणा गरेर प्रारम्भ गरिएको सत्याग्रह आन्दोलनले व्यापक हलचल उत्पन्न गरायो । पार्टीका कैयौं नेता एवं कार्यकर्ताहरू सडकमा सुत्ने, पर्चा पम्प्लेट बाँडने, घरघरमा बत्ती निभाउने, कालो झण्डा फहरायर जुलुस एवं नाराबाजी गर्ने लगायतका कार्यक्रमद्वारा सत्याग्रहमा उत्रिएपछि सरकारले धमाधम पक्राउ गर्न थाल्यो ।[१७४८] तर पनि सत्याग्रहमा उत्रिएर गिरफ्तारी दिने एवं समर्थन गर्नेहरूको लहर घटनुका सट्टा झन-झन बढ्दै गयो ।

देशभरिका कतिपय कार्यकर्ताहरूले काठमाडौंसम्म नै पुगेर गिरफ्तारी दिने, अन्य दल एवं समूहबाट पनि समर्थन पाउने लगायतको स्थिति सिर्जना भएर सत्याग्रह नपत्याउँदो तरिकाले बढ्दै गएपछि सरकार साह्रै अप्ठ्यारो अवस्थामा पुग्यो ।[१७४९] बढदो जनसमर्थनबाट आत्तिएको सरकार समक्ष दमनका भरमा सिध्याउने आफ्नो सोचाइ गलत भएको स्पष्ट भएपछि सत्याग्रहप्रति समर्थन एवं सहानुभूति जनाउने वर्गलाई नै निरुत्साहित पार्ने खालका क्रियाकलाप सम्पादन गर्न थाल्यो ।[१७५०] तर पनि प्रजातन्त्र मानवाधिकारको चाहना राख्ने नेपाली जनता, तरुण, विद्यार्थी लगायतको जमातले दमनको पर्वाह नगरी सत्यको आग्रह गर्दै गिरफ्तारी दिएर विद्रोहको मार्गमा उभिने क्रम रोकियन । फलस्वरूप देशका बन्दीगृहहरू टनाटन भरिएर थुन्ने ठाउँसमेत नपाएपछि कतिपय ठाउँका सरकारी गोदाम एवं विद्यालयहरूलाई जेलमा परिणत गर्नु पऱ्यो भने छानबिनको नाटक गरेर कतिपय सत्याग्रहीहरूलाई छाडनु पऱ्यो । पंचायती निरंकुशताको परिवेशमा षड्यन्त्रकारीहरूको सक्रियताले गर्दा कार्यकर्ताहरू कुटिल चालमा फस्ने संभावना तिब्र हुँदै गएको अवस्थामा निकै विचार पुऱ्याएर सत्याग्रह संचालन गर्नाले ७ हजारभन्दा बढी कार्यकर्ताहरूले गिरफ्तारी दिएर प्रजातन्त्रप्रतिको आस्था प्रकट गरे ।[१७५१]

---

[१७४८] देवीप्रसाद 'वनवासी', *अदभुत मान्छे,* स्याङजा : चित्रलेखा प्रकाशन, २०५६, पृ. ४०-४१ ।

[१७४९] धरावासी, टिप्पणी संख्या २७५ (ख), पृ. २५४ ।

[१७५०] टि. लुइस ब्राउन, *द च्यालेन्ज टु डेमेक्रोशि इन नेपाल,* लण्डन : रौटलेज, १९९६, पृ. ९८ ।

[१७५१] (क) सुवेदी, टिप्पणी संख्या १६२, पृ. ५९ ।

(ख) बालकृष्ण खाँण, यज्ञप्रसाद अधिकारी, विमलेन्द्रनिधि, पुरुषोत्तम बस्नेतसँगका अन्तर्वार्ताहरू ।

(ग) सत्याग्रहमा गिरफ्तारी दिएर जेल पर्नेहरूको संख्यात्मक विवरणमा एकरूपता र ठोस आधिकारिकता पाइँदैन । उक्त आन्दोलन संचालन गर्ने पार्टीले कुनै प्रामाणिक दस्तावेज तयार नगरेको हुँदा यसबारे कलम चलाउने लेखक लगायतले अनुमानकै भरमा संख्या तोकेको पाइन्छ । आन्दोलनकै बेला जेठ २७ गते ने.का. द्वारा जारी प्रेश वक्तव्यमा ६७९९ जना सत्याग्रहीले गिरफ्तारी दिएको र केही जिल्लाहरूबाट निश्चित संख्या आउन बाँकी रहेको उल्लेख पाइन्छ । कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईले २०४४ सालको माघमा स्याङजामा शोधकर्ता लगायतका विद्यार्थी समूह, कार्यकर्तासँग कुराकानी गर्दा १२ हजार जति कार्यकर्ताले सत्याग्रहमा गिरफ्तारी दिएको स्वीकार गरेका थिए । यस्तो स्थितिमा वास्तविक सत्याग्रहीको संख्या किटान गर्न नसकिएकाले जेठ २७ को प्रेश विज्ञप्तिलाई आधार मानेर त्यसपछि पनि केही थपिएको स्वीकार्दै ७ हजारभन्दा बढीले गिरफ्तारी दिएको तथ्यलाई स्वीकार गरिएको छ ।

यसप्रकार सत्ताधारीहरूको षड्यन्त्र र दमन, पार्टीद्वारा सशक्त एवं ठोस कार्यक्रम दिन नसक्दा उत्पन्न हुँदै गएको राजनैतिक अन्यौलको स्थिति, कार्यकर्ताहरूमा उत्पन्न हुन थालेको नैराश्यता र पलायनवादी प्रवत्ति अन्त गरेर व्यापक जागरुकता ल्याउन सफल भएको सत्याग्रह आन्दोलनले वी.पी. को निधनपश्चात पार्टीभित्र उत्पन्न भएका आन्दोलन वा विकल्प भन्ने धारलाई पनि एकीकृत गर्न सफल भयो । यसबाहेक जनमत संग्रहबाट जनतामा जागेको राजनैतिक चेतनाले विकसित हुने अवसर नपाएको हुँदा बहुदल पक्षमा सक्रिय रहेका कार्यकर्ताहरूमा देखापरेको अन्यौललाई पनि समाप्त गरेर चेतनालाई नवीन उर्जा प्रदान गर्न पनि सफल भयो । परिणामस्वरूप गिरफ्तार भएका कार्यकर्ताद्वारा ने.का. प्रजातन्त्रका लागि लडने राजनैतिक दल हो जसले कहिल्यै पनि निरंकुशताको समर्थन गर्दैन भन्ने सन्देश गाउँ-गाउँसम्म पुऱ्याएर राजनैतिक चेतना अझै विस्तार गर्ने पृष्ठभूमि तयार भयो ।

२०१७ सालपश्चात प्रजातन्त्र पुनर्स्थापना गर्न ने.का. ले सशस्त्र प्रतिरोध आन्दोलन संचालन गरेर लक्ष्य प्राप्त गर्न नसक्दा त्यसमा संलग्न कार्यकर्ताहरूले ठूलो दु:ख एवं शास्ती खप्नु परेको थियो । त्यसपछि २०३३ सालमा मेलमिलाप नीति अवलम्बन गरेपछि विकसित हुँदै आएको राजनैतिक जागरणका अन्तमा भएको जनमत संग्रहको घोषणाले गर्दा सबैजसो राजनीतिज्ञहरूले आम माफि प्राप्त गर्ने अवस्था सिर्जना भयो । जनमत संग्रहमा पंचायत पक्षले विजय प्राप्त गरेपछि पंचायती संविधानको तेस्रो संशोधनद्वारा पंचायतमा बालिग मताधिकारको प्रयोग सुरु भए तापनि बहुदलवादीहरूले चुनाव लडने परिवेशलाई पाखा लगाउने प्रयास गरियो । जसले गर्दा ने.का. लगायतका बहुदलवादीले उक्त चुनाव बहिष्कार गरे तापनि पंचायती व्यवस्थाको प्रचलित कार्यशैलीभन्दा भिन्न शैली र वातावरणमा उक्त आम चुनाव सम्पन्न भयो । जनतालाई प्रजातन्त्रप्रतिको आस्था एवं भावना उजगार गरी मतदान गर्ने अवसर नदिए तापनि उक्त चुनावले जनसंख्याको ठूलो भागलाई चलायमान तुल्याएर बिना जोखिम गतिशिल हुने मौका प्रदान गरी लोभ्याउने काम भने गरेको थियो ।

अर्कोतिर त्यसपछिका दिनहरूमा ने.का. लगायतका बहुदलवादीहरूलाई जनताद्वारा तिरस्कृत र मुट्ठिभर आदि उपमा दिएर सत्ता पक्षद्वारा तिब्र दमन गर्ने क्रमलाई क्रमश: कसिलो पार्ने काम बढ्दै थियो । त्यो अवस्थामा ने.का. लगायतका प्रतिबन्धित पार्टीमा लाग्दा जेल जानु पर्ने, जागिर नपाइने, प्रशासनबाट दण्डित हुनुपर्ने तर पंचायतवादी बन्ना साथ त्यस्तो कुनै खतराको सामना नगरी फाइदा उठाउन सकिने कुरा स्पष्ट थियो ।[१७५२] यसप्रकारको परिस्थितिमा देशका विभिन्न शैक्षिक संस्थाहरूमा अध्ययनरत नयाँ पिढिका युवाहरूमा पंचायत विरोधी भावनाको विकास गराएर आकर्षित गर्ने खालका सशक्त कार्यक्रम अगाडि बढाउन नसक्दा जनमत संग्रहताका विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरू कार्यकर्ताका रूपमा रूपान्तरण हुन

[१७५२] बालकृष्ण खाँण, गंगाधर लम्साल, गिरिराज आचार्य, शुक्रराज शर्मा, रामचन्द्र पौडेल, अशोक कोइराला, श्रीमती लीला कोइराला, जनार्दनसिंह क्षेत्री, लक्ष्मीनाथ नेपालसँगका अन्तर्वार्ताहरू ।

सकेका थिएनन् । हरेक राजनैतिक सामाजिक परिवर्तनका लागि विद्यार्थीवर्ग प्रमुख संवाहक बन्ने वास्तविकता विपरित देशमा हुर्कदो नवीन तरुण वर्गलाई आकर्षित गरेर खारिएका कार्यकर्ता बनाउने खालको कार्यक्रम दिन नसक्दा जनमत संग्रह ताका आकर्षित भएका कार्यकर्ताहरू पनि टाढा-टाढा हुँदै थिए ।

एउटा राजनैतिक दललाई प्रभावशाली रहिरहनका लागि निरन्तर सक्रियताको आवश्यकता पर्दछ । जुन कार्यकर्ता बिना सम्भव हुँदैन । तसर्थ सदैव प्रभावशाली रहेर गतिशिलताका लागि एकातिर निरन्तर रूपमा नयाँ कार्यकर्ताहरू तयार गरिरहनु पर्दछ भने अर्कातिर तयार भएका कार्यकर्ताहरूको रक्षा गर्दै क्रमशः दक्ष बनाएर नेतृत्व तहमा स्थापित गर्दै जानुपर्दछ । यसरी तयार हुने हरेक नयाँ कार्यकर्ताले अरू नयाँ कार्यकर्ता तान्दै जाने प्रक्रिया क्रमशः बढदै जान्छ र गतिशिलताको मार्ग विस्तार हुन्छ । निरंकुश व्यवस्था प्रचलित मुलुकमा प्रतिवन्धित राजनैतिक दलले गतिशिलताका लागि यही वस्तु तथ्यअनुरूप निरन्तर सक्रियता देखाएमा मात्र कार्यकर्ताको कमी हुँदैन । तर ने.का. ले २०३३ सालपश्चात अवलम्बन गरेको नसंघर्ष नसमर्पणको नीतिले गर्दा एकातिर नयाँ कार्यकर्ताको जमात तयार गर्ने अवसरमा तिव्रता ल्याउन सकेको थिएन भने अर्कातिर भएका कार्यकर्तालाई सामान्य कार्यक्रममा भुलाउने बाहेक अरू काम गर्ने मौका दिन सकेको थिएन ।

यस्तो स्थिति र अवस्थामा कार्यकर्ता परिचालन एवं उत्पादन हुन नसक्नाले संकटमय स्थिति उत्पन्न हुन लागेकै बेला २०४२ सालमा सत्याग्रह आन्दोलनको घोषणा भएपछि देशव्यापी तरंग उत्पन्न भयो । केन्द्रीय नेताहरू प्रारम्भमै गिरफ्तारी दिएर जेलपरेपछि महिला, युवा एवं विद्यार्थीहरूले सत्याग्रह संचालन गरी अगाडि बढाउने काम गर्न थाले । पद्मकन्या क्याम्पसका छात्राहरूले सत्याग्रहको तयारीदेखि समापनसम्मका हरेकदिनमा प्रचार प्रसारदेखि गिरफ्तारी दिनेसम्मका अभियानमा सक्रिय भूमिका निर्वाह गरे भने बहुदल प्रचारका लागि गठन भएर विभिन्न रूपमा कार्यरत रहेको नेपाल महिला बहुदल सहयोग समितिले सत्याग्रहमा नारी सहभागिताका लागि ठूलो कार्य गऱ्यो ।[१७५३] ने.का. को भातृसंस्थाका रूपमा सक्रिय रहेको विद्यार्थी संगठन ने.वि. संघले अत्यन्त जिम्मेवारी साथ अगाडि बढेर भूमिका निभाउँदै संघर्षको क्रान्तिकारी गाथा निर्माण गऱ्यो । राजधानी लगायत देशका विभिन्न भागमा सत्याग्रही बनेर गिरफ्तारी दिनेहरूमध्ये ६५% ने.वि. संघका विद्यार्थी मात्र थिए ।[१७५४] देशभरिमा ७ हजारभन्दा बढिले स्वेच्छाले गिरफ्तारी दिएको उक्त आन्दोलनमा सरकारी तिब्र दमनका वावजुद पनि एक हजारभन्दा बढी महिलाहरूले गिरफ्तारी दिएका थिए ।[१७५५] देशव्यापी रूपमा संचालित उक्त

---

[१७५३] बस्नेत, टिप्पणी संख्या २६० (ख), पृ. ६२ ।

[१७५४] लिलाराज अधिकारी, "राष्ट्रिय जन आन्दोलनमा नेपाल विद्यार्थी संघको भूमिका (२०४६-२०४७)", स्नातकोत्तर शोधपत्र (अप्रकाशित), कीर्तिपुर : राजनीतिशास्त्र केन्द्रीय शिक्षण विभाग त्रि.वि., २०४८, पृ. २८ ।

[१७५५] दाहाल, टिप्पणी संख्या १७८, पृ. २२ ।

आन्दोलनको क्रमिक विकाससँगै ९ वर्षका बालिका, १३ वर्षका केटा, अर्काको घरमा काम गरेर स्कुल पढ्ने विद्यार्थी, एउटै परिवारका ९ जना सदस्य आदिले सत्याग्रही बनेर गिरफ्तारी दिने कार्यहरू भएका थिए ।[१७५६] यसबाहेक विविध कारणले सत्याग्रहीका रूपमा गिरफ्तारी दिन नसक्नेहरूले पनि केन्द्रदेखि जिल्लासम्म सहयोग समिति गठन गरेर जेल पर्नेहरूलाई आवश्यक सहयोग जुटाउने, तिनका घरपरिवारका समस्या समाधान गरिदिने, खेतीपाती लगायतका कार्यमा सहयोग पुऱ्याउने आदि कार्यद्वारा सहभागिता जनाए ।

यसप्रकार सत्याग्रह आन्दोलनले समाजका विभिन्न वर्गलाई गतिशिल बनायो । सत्ता पक्षबाट पनि यसक्रममा विविध कारणले गर्दा कतिपयलाई छानबिनको नाटक गरेर छाड्ने र लामो समयसम्म थुन्ने लगायतका कार्य गरियो । थुनिएका पुराना कार्यकर्ताहरूले जेलभित्रै नयाँ कार्यकर्ताहरूलाई प्रशिक्षित पार्नेदेखि जेल सुधार लगायतका मागहरू राखेर सिदा बहिष्कार, अनसन लगायतका आन्दोलन गरेर जागरुक बनाए । सरकारले पनि सत्याग्रहीलाई लामो समयसम्म थुनेर राख्न नसकेपछि क्रमिक रूपमा छाडनै पऱ्यो । परिणामस्वरूप केही नजान्दा नजान्दै पनि थुनिएका कार्यकर्ता सैद्धान्तिक ज्ञानले खारिएर खाँटी कार्यकर्ता बनेर बाहिर निस्किए । यसरी सत्याग्रहले एकातिर नयाँ र युवा कार्यकर्ता तयार गऱ्यो भने अर्कातिर पुराना कार्यकर्ताहरूलाई गतिशिल पारेर अहिंशात्मक आन्दोलन संचालन गर्ने कला सिकाएर शिथिलता अन्त गऱ्यो । जसले गर्दा देशव्यापी रूपमा खारिएका र जुझारु कार्यकर्ता तयार हुन पुगे । यसबाहेक थुनिएका कार्यकर्ताहरू पनि क्रमशः छुटदै गएपछि गाउँ-गाउँ पुगेर सक्रियता देखाउने, जेलभित्रका आन्दोलन लगायतका प्रसङ्ग सुनाएरु जागरण ल्याउने लगायतका कार्य गर्न थालेपछि पंचायतले अब कठोर दमन गर्न सक्दैन, विरोधमा उत्रिएर गिरफ्तारी दिए तापनि लामो जेल र यातना दिन सक्दैन, अहिंशात्मक आन्दोलनका अगाडि तानाशाहको बन्दुक पनि प्रभावहिन हुनपुग्दछ आदि सन्देशात्मक भावनाको विकास हुन गई जनताको मनबाट भय, त्रास, आतंक अन्त हुन गयो । परिणाम स्वरूप जनतामा राजनैतिक चेतनाको विकाससँगै ने.का. को संगठन विस्तारमा सघाउ पुग्न गयो ।

बन्दुक र सेनाका बलमा स्थापित पंचायतका विरुद्ध संचालित आन्दोलनहरूमा ने.का. र वामपन्थीहरू बीच तालमेल हुन नसक्दा प्रभावकारी उपलब्धि हासिल हुन नसकेको तथ्य प्रमाणित हुँदै आएको थियो । पंचायत समाप्त गर्न यी दुवै पक्ष एक हुनुपर्ने समझदारी विकास हुन नसक्दा एक पक्षले चलाउने आन्दोलनलाई अर्को पक्षले देखी नसहने परिवेश विकसित हुँदै गएकाले संयुक्त आन्दोलनको वातावरण तयार हुनै सकेको थिएन । जसले गर्दा आफ्ना विरोधीहरूबीच विद्यमान दुरीलाई झन तन्काएर फुटमा परिणत गर्ने नीतिअनुरूप

---

[१७५६] (क) भाट र राना, टिप्पणी संख्या २३३ (ख), पृ. ६५ ।
(ख) महेश्वरलाल श्रेष्ठ, कृष्णलाल सापकोटा, शुक्रराज शर्मा, गोविन्द कँडेलसँगका अन्तर्वार्ताहरू ।
(ग) सिंह, टिप्पणी संख्या १३४ (ख), पृ. ११२ ।

पंचायतवादीहरूले कदम चालेर फाइदा उठाइरहेका थिए । अर्कातिर पंचायत विरुद्ध सक्रिय रहेका वामपन्थीहरूबीच नै एकता कायम हुन सकेको थिएन । हठात र नियोजित कारण एवं महत्त्वाकांक्षाको प्रतिफलका रूपमा नेकपा भित्र प्रकट हुने विभिन्न वहस एवं विवादले वामपन्थीहरूलाई विभाजनको संघारमा पुऱ्याउनाले विभिन्न गुट एवं समूहमा परिणत हुने क्रम बढ्दो थियो ।[१७५७] त्यो स्थितिमा विभिन्न गुट-उपगुटमा विभाजित वामपन्थीहरूबीच एकअर्कालाई शंकाको दृष्टिले हेर्ने प्रवृत्तिको विकास भएकाले उनीहरू ने.का. सँग मिलेर आन्दोलनमा उत्रन तयार भए तापनि आपसमै एकता गरेर काम गर्न तत्पर थिएनन् ।

नेपालको वाम आन्दोलन यसरी विभाजित भएर आपसी शंका उपशंकाको भासमा फस्न लागेको बेला गणेशमान सिंहले सबैका सहयोगमा सत्याग्रहमा आन्दोलन गर्ने विचार सार्वजनिक गरेपछि नवीन विचार विमर्श सुरु भयो । वामपन्थी आन्दोलनका नेता एवं कार्यकर्ताहरूले आफ्नो आकर्षण जनाउँदै सत्याग्रहको औचित्य एवं आवश्यकतामाथि जोड दिएर विचार एवं धारणा प्रकट गर्न थाले । यसबाट प्रारम्भ भएको एकात्मक प्रयासका अन्तमा एकातिर केही वामपन्थी समूहहरूबीच साझा र एकीकृत आन्दोलनका विषयमा सहमती कायम भयो भने अर्कातिर ने.का. को सत्याग्रह आन्दोलनलाई सहयोग पुऱ्याउने गरी कार्यक्रम निर्धारण गरेर शान्तिपूर्ण आन्दोलन प्रारम्भ गर्ने निश्चय गरियो ।[१७५८] परिणामस्वरूप विभिन्न ५ वटा वामपन्थी समूहहरूले ने.का. का मागहरूसँग मिल्दाजुल्दा विभिन्न ९ वटा मागहरू अगाडि सारेर चरणबद्ध रूपमा गिरफ्तारी दिए भने सहाना प्रधानले ने.का. द्वारा आयोजित कार्यक्रममै भाषण गरेर गिरफ्तारी दिइन् । वामपन्थीहरूले सत्याग्रहमा समर्थन जनाउँनाले तिनका समर्थक विद्यार्थी, शिक्षक, मजदुर, किसान आदिले पनि वर्गीय मागसँगै सांगठनिक स्वतन्त्रताको माग उठाएर आन्दोलन प्रारम्भ गरी गिरफ्तारी दिन थाले । जसले गर्दा देशका विभिन्न जेलहरूमा ने.का. एवं वामन्थी कार्यकर्ताहरू सँगसँगै थुनिने परिवेश सिर्जना भयो ।

कांग्रेस एवं कम्यूनिष्ट कार्यकर्ता विभिन्न जेलमा सँगै बस्न पुगेपछि दुवैले एक अर्कालाई राम्रोसँग चिन्ने, एउटै भान्सामा खाना खाने, एउटै ओछ्यानमा रात विताउने, सुखदुःखका कुरा गर्ने, आ-आफ्ना भावना एवं धारणा व्यक्त गरेर छलफल-वहस गर्ने, एकअर्काका कमिकमजोरी केलाएर सुझाव दिने अवसर मिलेकाले हार्दिक सम्बन्ध विकसित भयो ।[१७५९] झापा काण्ड लगायतका अभियोगमा गिरफ्तार भएर जेल भोगिरहेका वामपन्थीहरूसँग पनि सँगै बस्ने अवसर पाएका सत्याग्रहीहरूले विचार विमर्श गरेर भावी नेपाली राजनीतिक मोड लगायतका विषयबारे

---

[१७५७] सुरेन्द्र के.सी., *नेपालमा कम्यूनिष्ट आन्दोलनको इतिहास भाग २*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६०, पृ. २०० ।

[१७५८] भरतमोहन अधिकारी, महेश्वरलाल श्रेष्ठ र सहाना प्रधानसँगका अन्तर्वार्ताहरू ।

[१७५९] (क) सुवेदी, टिप्पणी संख्या १६२, पृ. ६० ।
(ख) पुरुषोत्तम बस्नेत, देवेन्द्र नेपाली, अशोक कोइराला, जितबहादुर पुरी, गोपाल पुरी, गोपालकुमार बस्नेत, गोविन्द कँडेल, शुक्रराज शर्मा, चक्र वास्तोलासँगका अन्तर्वार्ताहरू ।

भावना आत्मसात गरे ।[१७६०] यसरी एक आपसमा वैरभाव एवं कटुता लिएर एकअर्कालाई प्रमुख दुश्मन ठान्दै र बाटोमा भेट्दासमेत आँखा तर्दै क्रियाशिल भएर लामो समय बिताएका ने.का. एवं वामपन्थीहरूका कार्यकर्ता बीच सत्याग्रहले निकटताको परिवेश सिर्जना गरिदियो । जसबाट कांग्रेस र कम्यूनिष्ट एकअर्काका प्रमुख दुश्मन नभएर मित्र शक्ति हुन् भन्ने मान्यता स्थापित गरिदिएकाले नेपाली जनआन्दोलनका क्षेत्रमा नवीन संस्कार र संस्कृति प्रारम्भ हुनगयो । यसबाहेक वमकाण्ड हुनासाथ पूर्व प्रतिबद्धताअनुरूप ने.का. ले सत्याग्रह आन्दोलन रोक्ना साथ पहिला त्यस्तो कुनै प्रतिबद्धता नगरेका वामपन्थीहरूले पनि आन्दोलन स्थगित गरेर अशान्तिमा जनआन्दोलन नभएर हिंशा हुन्छ भन्ने तथ्यलाई स्वीकार गरे ।[१७६१] जसबाट वामपन्थीहरू इमान्दार हुँदैनन् भन्ने वी.पी. को सोचअनुरूप ने.का. अगाडि बढ्नु पर्ने परिस्थिति अब नरहेको कुरा स्पष्ट हुन गयो । यसरी सत्याग्रह आन्दोलनले नेपालको भू-भागमा पंचायतका विरुद्ध संयुक्त जनआन्दोलनको समय आइसकेको सन्देश दिएर एकाकार सोचको मार्ग खोलीदियो । सत्याग्रहमा कांग्रेस र कम्यूनिष्ट बीच निर्माण भएको समझदारी एवं सुझबुझले गर्दा एकातिर शान्तिपूर्ण र अहिंशात्मक आन्दोलनमा दुवै पक्ष एकजुट भई संघर्ष अगाडि बढाउने दिशाबोध गरायो भने अर्कातिर ऐतिहासिक र वैचारिक वैमनस्यता त्यागेर बढ्दै कार्यगत एकताका आधारमा सहकार्य गर्ने पृष्ठभूमि तयार भयो ।[१७६२] जसबाट प्रारम्भ भएको गतिशिलता र सहकार्य प्रयासका अन्तमा पंचायत विरोधी कांग्रेस र कम्यूनिष्ट संगठनहरू बीच समझदारी विकसित हुँदै गएकाले २०४६ सालको संयुक्त जनआन्दोलन संचालन सम्भव भयो ।

राजमहत्त्वाकांक्षाको प्रतिफलका रूपमा स्थापित पंचायतको राजनीतिमा क्रमशः हैकमवादी प्रवृत्ति तिव्र हुँदै गयो । जसले विरोधिका आवाज समेत सुन्न नसकेपछि निरंकुशताका बन्धनहरू झन-झन कस्न थाल्यो । फलस्वरूप नेपालको पंचायतकालिन राजनीतिमा वैचारिक शून्यता हावी हुँदै गएर राजनीतिक प्रकृयामा विरोधाभासको प्रारम्भ गराएकाले राज्य व्यवस्थासम्बनधी दैनिक काममा समेत पदाधिकारीहरूले आफ्नै दुनो सोझ्याउने वा किंकर्तव्यविमुढ भई बस्नु पर्ने स्थिति उत्पन्न भयो ।[१७६३] त्यसबाट देशको अर्थतन्त्र, सामाजिक मूल्य र राष्ट्रिय आत्मवलमा क्रमशः ह्रास आउँदै गएर मुलुक क्रमशः जर्जर हुनथाल्यो । जनताप्रति उत्तरदायी हुन नपर्ने स्वरूपयुक्त पंचायती व्यवस्थामा शासनको जिम्मा लिएर कुर्चिमा बस्ने मन्त्रीमण्डलमाथि नोकरशाही तन्त्रको सम्पूर्ण कुकर्महरू थोपर्ने परिपाटी विकसित हुँदैगयो । एउटा मन्त्रीले गरेका भ्रष्टाचार लगायतका क्रियाकलापको विरोध एवं चर्चा हुने स्थिति तिब्रतर

---

[१७६०] राधाकृष्ण मैनाली, *बन्दी रहर,* काठमाडौं : पैरबी वुक्स एण्ड स्टेशनरी सेन्टर, २०५५, पृ. ६१-६२ ।

[१७६१] दाहाल, टिप्पणी संख्या १७८, पृ. २३ ।

[१७६२] (क) कार्की, टिप्पणी संख्या २७४ (ख), पृ. ३ ।
(ख) डा. देवेन्द्रराज पाण्डे, "नेपालको अर्थ राजनीतिक परिवेशमा सत्याग्रह : एक मूल्याङ्कन", *राष्ट्रिय पुनर्जागरण,* पूर्णाङ्क १३, माथवरसिंह वस्नेत (सं./प्रं), काठमाडौं : २०४४ मंसिर, पृ. १६ ।

[१७६३] देवेन्द्रराज पाण्डे, "सत्याग्रह : दुराग्रह कि अपरिहार्य", *राजधानी साप्ताहिक,* आङ दोर्जे लामा (सं./प्र.), काठमाडौं : २०४२ साल जेठ २९ गते, पृ. ४ ।

हुनथाले पछि राजाले उसलाई हटाएर नयाँ व्यक्तिलाई मन्त्री बनाउने र उसका सबै क्रियाकलाप विर्सने प्रचलन तिव्रतर भयो । यसरी मन्त्रीमण्डल गठन-पुनर्गठन प्रकृया चल्दै गएर एकपछि अर्को गरी आउने सबै जसो मन्त्रीहरूले पनि पदीय दुरूपयोग गरेर वदनाम हुँदै गएपछि प्रायः पहिलाकै वदनाम मन्त्रीहरू पुनः पदमा फर्कने वा नियुक्त हुने स्थिति विकसित भयो ।[१७६४] परिमाणमस्वरूप भ्रष्टाचारले संस्थागत स्वरूप ग्रहण गरेपछि पंचायतवादीहरूमा आन्तरिक विभाजनसँगै आफ्ना विरोधीहरूलाई पेलेर पाखा लगाउने नीतिअनुरूपको संस्कृति हावी हुनथाल्यो । निरंकुशतालाई मूल आधार बनाएर सक्रिय हुँदै आएको पंचायती व्यवस्थाको कार्यकालभरि नै बहुदलीय व्यवस्था पुनर्स्थापना गर्ने एक सूत्रीय कार्यक्रम लिएर अग्रसर रहेकाले सामाजिक, आर्थिक कार्यक्रमसँग गाँसिएको ने.का. को समाजवादी पहिचान ओझेलमा पर्न गए तापनि बहुदलवादी छवि भने झन बलियो भएको थियो ।[१७६५] त्यसैले जनमत संग्रहपश्चात सुधारिएको पंचायती व्यवस्थामा वालिग मताधिकारको प्रवेशपश्चात पृथक पहिचानसहित चुनावमा सहभागि हुने ने.का. को प्रयासलाई दरबार एवं पंचहरूले अस्वीकार गरी शासन सत्तामा एकलौटी हैकम चलाउने प्रयास गरे ।

कट्टरपन्थी दरबारीया केही पदाधिकारीहरू एवं त्यस्तै कठोर पंचहरूको मिलिभगतमा बहुदलवादीलाई पाखा लगाएर भ्रष्टाचारीहरूलाई काखि च्यापेर सीमित वर्गद्वारा फाइदा लुटिरहेको अवस्थामा विरोध गर्नेलाई अराष्ट्रिय तत्त्वको संज्ञा दिएर कठोर दमन गरिन्थ्यो । २००७ सालपछि मात्र नयाँ राजनीतिक अवधारणासँग परिचित भएर विविध जनजातिद्वारा शासन सत्तामा सहभागिताको माग गर्न थालिएकै बेला २०१७ सालमा प्रजातन्त्रको अन्त गरेर लादिएको निरंकुश शासनले प्रजातान्त्रिक र जनजातिका अधिकारसम्बन्धी माग दमन गरिनाले[१७६६] अगाडि बढ्न नपाएका जनजातिको ठूलो हिस्सा विरोधमा उत्रन सकेन । जनचेतनाको अभावमा पिछडिएको यस्तो स्थितिबाट सत्ताधारीहरू केहीले मात्र फाइदा उठाएर भ्रष्टाचारीलाई प्रोत्साहन गरेपछि जनताका अत्यावश्यक वस्तुहरूको कृत्रिम अभाव सिर्जना गरेर कालोबजार एवं तस्करी गर्ने प्रवृत्तिलाई बढावा दिनाले मूल्यवृद्धि, महंगी, वेरोजगारी आदि समस्या नेपाली समाजका अंग बन्न पुगे राज्यद्वारा संरक्षित यस्ता कार्यबाट जनस्तरमा व्यापक आक्रोश हुँदाहुँदै पनि व्यवस्थालाई चुनौती दिएर आन्दोलनको आह्वान, संचालन एवं नेतृत्व गर्ने कार्य नभएको हुँदा जनआक्रोश भित्रभित्रै गुम्सिएको थियो । त्यो स्थितिमा ने.का. ले बढ्दो भ्रष्टाचार, कालोबजार, तस्करी, महंगी, गरिबी, कृत्रिम अभावको स्थिति अन्त गर्ने मागसहित सत्याग्रहको आह्वान गरेर जनआक्रोशलाई नेतृत्व दिने काम गऱ्यो । देशमा भ्रष्टाचार नै राज्य

---

[१७६४] स्टेफन माइकसेल, "प्रजातन्त्र", *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* मेरीडेशेन र प्रत्यूशवन्त (स.), ललितपुर : सोसलाइन्सवहा : सन् २००४, पृ. ३८ ।

[१७६५] कृष्ण हाछेथु, "संसदीय राजनीतिक दल", *पूर्ववत्,* पृ. ५२ ।

[१७६६] कृष्ण खनाल, "जातीयता उपेक्षा र स्वायत्तताका सन्दर्भमा संविधान पुनर्लेखन", *समावेशी लोकतन्त्रका आधारहरू,* मोहन मैनाली (सं.), ललितपुर : सोसलसाइन्स वहा : सन् २००४, पृ. ९०-९१ ।

वा व्यवस्थाको स्थायित्वको जग हुन्छ भन्ने विचारले प्रश्रय पाउनाले नैराश्यताको भावना र उदाशिनताको छोप्दै आएको हुँदा अराजकताले प्रश्रय पाउने स्थितिमा पुगेको नेपाली समाज[१७६७] शान्तिपूर्ण क्रान्तिमा समाहित भएकाले विचलनको मार्गमा जान पाएन । परिणामस्वरूप सत्याग्रहले हौसलायुक्त जनता, बलियो नैतिक आधारयुक्त समाज, प्रेरणादायक प्रतिबद्धतायुक्त राजनीतिक नेतृत्व निर्माण गर्न सकेका खण्डमा जनस्तरबाट अपेक्षित सहयोग प्राप्त हुन गई लक्ष्य प्राप्तिको ढोका खुल्दछ भन्ने सन्देश प्रवाहित हुनपुग्यो ।

जननिर्णयका विपरित उभिएर नकारात्मक प्रतिक्रियाका रूपमा राजा महेन्द्रद्वारा स्थापित पंचायती व्यवस्था केही व्यक्ति वा समूहका स्वार्थलाई संरक्षित गर्दै गतिशिल भएपछि नेपालमा प्रजातन्त्रवादीहरूले दुर्भाग्यपूर्ण स्थितिको सामना गर्नु परेको थियो । जसको अन्तका लागि गरिएको प्रतिरोध आन्दोलन लक्ष्य प्राप्तिमा नपुग्ने स्पष्ट भएपछि ने.का. मेलमिलाप नीतिका तहत राजासँग प्रत्यक्ष मुठभेड नगर्ने मार्गमा बढ्न खोज्यो । लोकतान्त्रिक समाजवादलाई प्रमुख लक्ष्य र विचारधारा बनाएर कस्तै संकट वा सवाल उत्पन्न भए पनि त्यसका विरुद्ध कुनै सम्झौता नगर्ने[१७६८] प्रतिबद्धतासहित गतिशिल हुन चाहने राजनैतिक दलले प्रत्यक्ष मुठभेडलाई पन्छाउन खोज्नाले सत्ताधारीहरूको मनोबल बढ्दै गयो । तसर्थ उनीहरू पंचायतलाई जनअनुमोदित व्यवस्थाका रूपमा व्याख्या गर्दै बहुदलवादीहरूको दमन गरेर स्वार्थ पूर्ति तर्फ उन्मुख भई जनमत संग्रहका उपलब्धि एवं जनअधिकारको अपहरणतर्फ सक्रिय भए । उनीहरूले यस क्रममा पंचायती अधिनायकवादलाई संवैधानिक घुम्टोभित्र लुकाएर वालिग मताधिकारका आडमा गतिशिल हुँदै पंचायत नै प्रजातान्त्रिक व्यवस्था हो भन्ने दावीसहित अन्तर्राष्ट्रिय जगतसँगै राज्यको मध्यम एवं निम्नवर्गलाई फकाउने प्रयास गर्न थाले । उक्त प्रयास सार्थक पार्नका लागि पंचायती व्यवस्थासँग सम्बन्धित सबैखाले वरिष्ठ पदाधिकारीहरू पंचायतको निर्दलीय र अप्रजातान्त्रिक स्वरूपको औचित्य प्रमाणित गर्ने एक सूत्रीय कार्यक्रम लिएर बढ्दै सरकारी संचार साधनको व्यापक दुरूपयोग गरे ।[१७६९] सत्ताधारीहरूका यस्ता कार्यबाट सिर्जित परिवेशमा पंचायतलाई फासिस्ट व्यवस्थाको उपमा दिने कतिपय वामपन्थी एवं ने.का. का कार्यकर्ताहरू पनि पंचायतलाई उपयोग गर्ने तर्फ सोच्न थाले । जसबाट जनतामा भ्रम उत्पन्न हुने संभावना बढ्न थाल्यो । त्यो स्थितिमा ने.का. ले सत्याग्रह आन्दोलन संचालन गरेर पंचायतका विकृति उठाउँदै प्रजातन्त्र एवं मानवअधिकार पुनर्वहाली लगायतका आवाज बुलन्द गर्नाले तिव्र हलचल उत्पन्न भयो । नेता कार्यर्ता लगायतको जनसमूह सत्यको आग्रह गर्दै जेल जाने क्रम क्रमशः बढ्दै गएपछि जनस्तरदेखि अन्तर्राष्ट्रिय जगतसम्म नै जनमत

---

[१७६७] पाण्डे, टिप्पणी संख्या ३१६ (ख), पृ. ११ ।

[१७६८] प्रदिप गिरी, "खुल्ला वहसको निम्ति चुनाव अघि र पछिको कांग्रेस", *राष्ट्रिय पुनर्जागरण,* पूर्णाङ्क १३, माथवरसिंह वस्नेत (सं./प्र.), काठमाडौं : २०४४ मंसिर, पृ. ७ ।

[१७६९] नरहरी आचार्य, "सत्याग्रह आन्दोलनका सन्दर्भमा राष्ट्रिय सहमतिको पूर्ण प्रजातान्त्रिक व्यवस्था : आजको राष्ट्रिय चाहना", *राजधानी साप्ताहिक,* आङदोर्जे लामा (सं./प्र.), काठमाडौं : २०४२ साल जेठ २० गते, पृ. ३ ।

संग्रहले पनि नेपालको राजनैतिक समस्या समाधान गर्न नसकेको, पंचायतका विरुद्ध देशमा विशाल जनमत रहेको, देशको समस्यामुलक स्थिति अन्तका लागि जनताले चाहेको प्रजातन्त्र पुनर्स्थापना आवश्यक पर्ने लगायतका सन्देश प्रवाहित हुन पुग्यो ।[१७७०]

अहिंशालाई मूल आग्रह बनाएर प्रारम्भ गरिएको सत्याग्रह आन्दोलनमा हिंशात्मक परिस्थिति सिर्जना नै नहोस् भन्ने कुरामा निकै ध्यान दिएर सत्याग्रहीले पालना गर्नुपर्ने निश्चित नियम एवं चारित्रीक पक्षहरू तोकिएका थिए । आन्दोलनको निर्णयपछि कुनै पनि सत्याग्रहीले रिस, डाह र प्रतिशोधको भावना त्याग्नु पर्ने, मानसिक उत्तेजना ल्याउने रक्सी, चुरोट लगायतका तामसिक प्रवृत्तिका वस्तुहरू सेवन नगर्ने, झुटो नबोल्ने, आफू कष्टमा परेर पनि विना प्रतिवाद अत्याचारको सामना गरेर अत्याचारीको मनजित्न प्रयास गर्ने आदि नियमहरू नै प्रकाशित गरेर[१७७१] कार्यकर्ता प्रशिक्षित पारेपछि मात्र आन्दोलन प्रारम्भ गरिएको थियो । यसरी अहिंशात्मक आन्दोलनको मूल मर्म नै अनुशासन हो भन्ने मान्यताअनुरूप निर्धारित आचारिसंहिता अनुशरण गरेर गिरफ्तारी दिने सत्याग्रहीहरूले सहनशिलताको जुन मिशाल कायम गरे त्यसबाट भावी आन्दोलनको विकासमा सहयोग पुग्न गयो ।

सत्याग्रहप्रति देखिएको जनसमर्थन, यसबाट उत्पन्न हलचल, वम विष्फोटन लगायतको विश्लेषणबाट ने.का. समक्ष आफ्नो स्थिति र भविष्यमा निर्धारण गर्नु पर्ने रणनीति लगायतका विषयमा पुनर्विचार गर्नु पर्ने अवस्था सिर्जना भयो । सत्याग्रह क्रमशः उत्कर्षतर्फ बढेका बेला घटेको वम काण्डबाट आफू हिंशाका पक्षमा नहुँदा नहुँदै पनि हिंशात्मक घटना घटाइने रहेछ भन्ने तथ्य स्पष्ट भएकाले त्यसबाट पाठ सिकेर भावी रणनीति निर्धारण गर्नु पर्ने कुरा पार्टीले महसुस गर्‍यो । तसर्थ २०४६ सालको जनआन्दोलनका क्रममा अहिंशात्मक आन्दोलनमा हिंशात्मक घटना घटाइएमा दमनकारी पक्ष नै जिम्मेवार हुने घोषणा गरेर नीति निर्धारण गरियो । यस बाहेक यो आन्दोलनले हिंशात्मक क्रान्तिबाट भन्दा अहिंशात्मक उपायबाट प्रजातन्त्र पुनर्स्थापनाको लडाइ सजिलो हुने सन्देश जनसमक्ष स्पष्ट गर्नुका साथै ने.का. को पार्टीगत गतिविधिमा तिव्रता ल्यायो ।[१७७२]

समग्रमा भन्नु पर्दा ने.का. द्वारा २०४२ सालमा संचालन गरेको सत्याग्रहले नेपालको राजनीतिमा व्यापक जनजागरण ल्याउनुका साथै मेलमिलाप नीतिअन्तर्गत पनि शान्तिपूर्ण आन्दोलन सम्भव हुन्छ भन्ने मान्यता स्थापित गराई ने.का. लाई त्यसतर्फ अग्रसर गरायो । देश भित्रैबाट सम्पूर्ण योजना निर्माण, तयारी, कार्यान्वयन, संचालन गरिएको यो आन्दोलनमा तिव्र प्रशासनिक दमनको पर्वाह नगरी "म सत्याग्रही हुँ" "सत्याग्रह सबैका लागि सबै सत्याग्रहका

---

[१७७०] विमलेन्द्र नीधि, देवेन्द्र नेपाली, तुलसीप्रसाद भट्टराई र बालकृष्ण खाँणसँका अन्तर्वार्ताहरू ।

[१७७१] ने.का..., टिप्पणी संख्या १४७ (ख), पृ. १८-१९ ।

[१७७२] विपिन कोइराला, गोपालमान श्रेष्ठ, मनमोहन भट्टराई, पुरुषोत्तम बस्नेत, यज्ञप्रसाद अधिकारी, नरहरी आचार्यसँगका अन्तर्वार्ताहरू ।

लागि" लगायतका व्याज झुण्डाएर पट्टि बाँधेर सडकमा उत्रने, गिरफ्तारी दिने, धर्ना बस्ने जुन हिम्मत प्रदर्शन गरियो त्यसबाट कार्यकर्तामा निर्भिकतासाथ पार्टीका कार्यक्रममा सरिक हुने चेतनाको जागरण भयो । प्रजातन्त्र मानवअधिकारको माग गर्नेहरूलाई सरकारले पक्रेर जेल चलान गरेपछि थुनिएका कार्यकर्ता झन परिपक्व भएर छुटेपछि निडरता साथ पछिका कार्यक्रमहरूपमा सरिक हुने, गिरफ्तारी दिने गर्न थाले । यस बाहेक वामपन्थीहरूसँग भएको सम्झदारीले गर्दा प्रारम्भ भएको सहकार्यबाट जुन समझदारी विकसित भयो त्यसबाट भावी संयुक्त आन्दोलनको पृष्ठभूमि तयार हुनपुग्यो । यसप्रकार तत्काले पंचायतको समाप्तिको दृष्टिले निर्णायक हुन नसके तापनि देशमा प्रजातन्त्र पुनर्स्थापनाका लागि संचालित आन्दोलनहरूको कडिलाई जोडदै जाँदा २०४२ सालमा संचालित सत्याग्रह आन्दोलनले २०४६ सालको सफल जनआन्दोलनको पृष्ठभूमि तयार गरेको स्पष्ट हुन्छ । यहि नै सत्याग्रहको दीर्घकालिन महत्त्वपूर्ण उपलब्धि वा प्रभाव हो भन्न सकिन्छ ।

# अध्याय – आठ

## उपसंहार

२००७ सालको जनक्रान्तिद्वारा पुनर्स्थापित भएर सैनिक शक्ति हात पारेपछि राजा महेन्द्र सक्रिय हुन थाले । त्यसपछि ने.का. ले पूर्ण प्रजातन्त्रका लागि संविधान सभाको निर्वाचन लगायतका विषयहरू उठाएर शान्तिपूर्ण आन्दोलन प्रारम्भ गऱ्यो । लामो समयसम्म निरंकुशताका बन्धनभित्र जकडिएर सामाजिक रूपान्तरणबाट बंचित भएकाले नेपाली जनताहरूमा पश्चिमी मुलुकमा प्रचलित प्रजातान्त्रिक व्यवस्था, राजनैतिक परिपाटी-संस्कार, सामाजिक अवधारणा बुझ्ने क्षमता नहुनुका साथै राजालाई भगवान विष्णुको अवतारका रूपमा हेर्ने - पूजा गर्ने मानसिकता विद्यमान थियो । समाजको उक्त मानसिकतालाई राम्रोसँग बुझेका निरंकुशतन्त्रका प्रवल समर्थक नोकारशाही तन्त्र एवं अभिजात्य वर्गद्वारा ने.का. विरुद्ध गठबन्धनसँगै षड्यन्त्र प्रारम्भ गर्नाले राजनैतिक दलहरूमा विभाजित मानसिकताको विकास भयो । तत्कालीन नेपालका सबैजसो राजनेताहरूमा पनि प्रजातान्त्रिक राजनैतिक संस्कृति र प्रशासनिक अनुभव नहुनुले गर्दा दुर्भाग्यपूर्ण परिवेश सिर्जनासँगै राजाको स्थिति झन बलियो हुँदै गयो । विशेष गरिकन कोइराला परिवारमा दाजुभाइको शक्ति लोलुप्ताको कारणले गर्दा दरवार बलियो हुँदै गयो । फलस्वरूप प्रारम्भदेखि नै ने.का. र प्रजातान्त्रिक संस्कार विपरित क्रियाशिल हुँदै आएका राजा महेन्द्रले राजनैतिक दलहरूलाई गलाएर संविधान सभाका सट्टा संसदको निर्वाचन स्वीकार गर्न बाध्य बनाए । राजसंस्थाको सदिक्षा बिना देशमा प्रजातान्त्रीकरण प्रक्रिया सहज एवं सबल नहुने कुरामा विश्वस्त ने.का. ले राजासँग टकराहटका सट्टा सझदारी विकास गर्दै सक्रिय हुनु पर्ने आवश्यकता महसुस गरेर आफ्नो माग विपरित आएको आमनिर्वाचनलाई समेत स्वीकार गऱ्यो ।

संविधान सभाको निर्वाचनद्वारा भावी राजनैतिक स्वरूप निर्धारण गर्ने राजा त्रिभुवनको घोषणालाई लत्याउन सफल भएका राजा महेन्द्रले षड्यन्त्रका तानाबाना बुनि सकेपछि ऐतिहासिक दिन फाल्गुण ७ गतेलाई नै रोजेर २०१५ सालमा आम निर्वाचन सुरु गराए । जसमा उनी र नोकरशाही तन्त्रको विश्वास विपरित नेपाली जनताले ने.का. लाई प्रचण्ड बहुमत दिएर देशको शक्तिशाली राजनैतिक दलका रूपमा स्थापित गर्दै सामाजिक रूपमान्तरणको आदेश दिए । जसबाट सर्वाधिकार सम्पन्न बन्ने चाहनाअनुरूप सक्रिय राजतन्त्र, सामाजिक क्रान्तिको अभावमा पीछडिएको समाजको मनस्थितिबाट फाइदा उठाउँदै प्रभुत्वशाली बनेका अभिजातवर्ग, सामन्ती चरित्रको प्रतिनिधित्व गर्ने नोकर शाही वर्ग आदि तिलमिलाउनु स्वभाविकै थियो । त्यस्तो स्थितिमा पनि देशको पहिलो जन निर्वाचित सरकारले जनभावनाको प्रतिनधित्व गर्दै सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक परिवर्तनका लागि कटिवद्ध भएर पाश्चात्य जगतमा

सफल भएका प्रयोगहरूका आधारमा कार्यक्रम तय गरी व्यवहारिक रूप दिने तर्फ लाग्यो । ने.का. ले जनताबाट प्राप्त गरेको प्रचण्ड बहुमत र प्रारम्भ गरेका क्रान्तिकारी कार्यहरूबाट सदाका लागि देशको राजनैतिक परिदृश्यबाट ओझेलमा परिने संभावना देखेर ईर्ष्या भावले जलेका स-साना राजनैतिक दलहरू पनि अत्तालिएर राजतन्त्र एवं सामन्ती चरित्रको प्रतिनिधित्व गर्नेहरूसँग हातमिलाउन पुगे । परिणामस्वरूप निर्वाचित सरकारका विरुद्ध प्रायोजित खालका जस्ता देखिने गतिविधिहरू सुरु गरिए । तत्कालीन परिस्थितिबाट फाइदा उठाउँदै क्रमशः शक्ति सुदृढ गर्दै र षड्यन्त्रका तानाबाना बुन्दै बढेका राजा महेन्द्रले २०१७ साल पौष १ गते सैनिक शक्तिका बलमा ने.का. को निर्वाचित सरकार अपदस्त गरेर संसदीय परिपाटीको अन्तसँगै नेताहरूलाई सैनिक पहरामा पुऱ्याउने काम गरे । ने.का. मै विरोधी नेताहरू- डा. तुलसी गिरी, विश्ववन्धु थापा र अन्य तात्कालीन अन्तर्राष्ट्रिय राजनैतिक गतिविधिबाट पनि राजामहेन्द्र प्रोत्साहित भएको आभास हुन्छ ।

संसदीय परिपाटी समाप्त गरेपछि अभिजात वर्ग, स्वार्थी, पदलोलुप, नोकरशाही तन्त्र एवं अवसरवादीहरूलाई साथ लिएर राज्य संचालन गर्ने सोचअनुरूप बढेका राजा महेन्द्रले केही समयका लागि भन्ने आश्वासन दिएर पंचायती व्यवस्थाको स्थापना गरी अवसरवादीहरूको सहयोगमा प्रजातन्त्रवादीको दमनसँगै शासन गर्न थाले । प्रकट रूपले परीक्षणका रूपमा स्थापित व्यवस्थाको उपमा दिए तापनि पंचायतलाई योजनाबद्ध षड्यन्त्रका तहत सुदृढता दिँदै गएका राजाले स्थाीयित्व दिने उद्देश्यअनुरुप कदम चाल्नथाले । त्यो स्थितिमा गिरफ्तारीबाट बचेका ने.का. का कार्यकर्ताहरूले भारतीय भूमिलाई आधार बनाएर सुवर्णशमशेरको नेतृत्वमा प्रारम्भ गरेको प्रतिरोध आन्दोलन जनविद्रोहमा रूपान्तरण हुने स्थिति देखापऱ्यो । जसबाट आत्तिएको सरकारले तिव्रदमन गर्दा पनि नियन्त्रण कायम गर्न नसकेकै अवस्थामा अकस्मात प्रारम्भ भएको भारत चीन सीमा विवादले यूद्धको रूप लिएपछि सम्पूर्ण परिस्थिति नै बदलीयो । नेपाल भित्रै आधार शिविर बनाउनुका सट्टा भारतीय भूमिलाई आधार बनाएर “हान र भाग” को रणनीतिअनुरूप संचालित उक्त आन्दोलनप्रति चीनको वक्रदृष्टि परेकाले उक्त यूद्ध भएको निष्कर्षसहित भारतले आन्दोलन रोक्न दवाव दिएपछि बाध्य भएको ने.का. ले लक्ष्य प्राप्तिमा पुग्नै थालेको आन्दोलन स्थगित गऱ्यो ।

प्रतिरोध आन्दोलन स्थगनपश्चात सुवर्णशमशेर राजासँग समझदारी विकाश प्रयासमा लागेकाले उत्साहित भएका राजा महेन्द्र पंचायतलाई सुदृढता दिनेतर्फ लागे । यसका लागि सर्वप्रथम सम्पूर्ण राजकीय अधिकारहरू आफैमा निहित रहेको संविधान तयार गरेर २०१९ साल पौष १ गते लागू गरे । त्यसको केही महिनापछि चैत्र ३१ गते संवैधानिक व्यवस्थाका बहानामा संघ-संस्था नियन्त्रण ऐन जारी गरी राजनैतिक उद्देश्यले कुनै पनि संघ-संस्था खोल्न र सभा-जुलुस, वक्तव्य-प्रवचन आदि केही गर्न नपाउने व्यवस्था गरे । राज अग्रसरतामा गरिएको यस्तो व्यवस्थाबाट क्रमशः कठोरतातर्फ उन्मुख भएको पंचायती व्यवस्थालाई गतिशिलता दिने

बहानामा रगत र अस्त्रको नीतिलाई मूल आधार बनाइनाले प्रजातन्त्र एवं मानव अधिकार विहीन निरंकुश व्यवस्थामा परिणत भयो ।

संसारमा नै प्रजातन्त्र, मानवअधिकार, स्वतन्त्रता, समानता आदिको प्रतिकका रूपमा मान्यता प्राप्त गरेको संसदीय व्यवस्थालाई अपदस्त गरेर केही समयको उपमासँगै ल्याइएको पंचायती व्यवस्थालाई चिरस्थायी बनाउने क्रममा राजाबाट २०२० सालको समाप्तिसँगै कदम चाल्न थालियो । पंचायतलाई लादिएको व्यवस्था भन्दै विरोध गर्नेहरूलाई देशद्रोही घोषणा गरेर तिब्र दमनको आदेश दिने राजाले आफ्ना समर्थकहरूका कतिपय गलत क्रियाकलापहरूलाई समेत नजरअन्दाज गर्ने नीति लिए । जसले गर्दा राजकदमको समर्थन गरेर राजाको प्रियपात्र बन्न पुगेका डा. तुलसी गिरी, विश्वबन्धु थापा र सूर्यबहादुर थापा जस्ता व्यक्तिहरू राजकदमको सान्दर्भिकताबारे व्याख्या गर्ने र नेपालको विकासका लागि दलीय व्यवस्था हितकर नभएको लगायतका तर्क दिएर अब दलीय राजनीतिमा फर्कनु हुँदैन भन्ने वातावरण बलियो बनाउने प्रयासतर्फ लागे । आफ्नो चाहना बमोजिम भएका यस्ता कार्यबाट उत्साहित भएका राजा महेन्द्रले २०२२ सालको अन्ततिरबाट आफ्ना भाषणहरू निर्दलीयताको पक्षमा केन्द्रित गर्दै निर्दलीयता नै पंचायती व्यवस्थाको मौलिक स्वरूप हो भन्ने खालका अभिव्यक्तिद्वारा संसदीय व्यवस्था नफर्काउने संकेत दिन थाले । त्यसपछि २०२३ साल माघ १४ गते जारी गरिएको नेपालको संविधान २०१९ को प्रथम संशोधनमा मूल संविधानको प्रश्तावनामा नै संशोधन गरेर पंचायती व्यवस्थाको निर्दलीय स्वरूपको स्पष्ट घोषणासँगै पंचायत प्रणालीका निर्देशक सिद्धान्तसमेत तोकेर दलविहीनतालाई संविधानको प्रमुख अंग बनाइयो ।

राजाको यस्तो कार्यबाट यथास्थितिवादीहरू प्रफुल्लित भए भने पुनः दलीय राजनीति फर्कने आशामा बसेकाहरू असन्तुष्ट भए । तसर्थ यिनीहरूले केही वर्षपछि जनचाहनाअनुरूपकै व्यवस्था स्थापना गरिने राजप्रतिबद्धता कार्यान्वयन गरियोस् भनी आवाज उठाउन थाले । आफ्ना चाहना विपरितका आवाज सुन्न नसक्ने राजा महेन्द्रले यस्ता आवाज उठाउनेहरूको मुख थुन्नका लागि आफ्ना कृपापात्रहरूको बाहुल्यता रहेको तत्कालीन राष्ट्रिय पंचायतबाट "दलविहीन प्रजातान्त्रिक पंचायत व्यवस्थाको विकल्प छैन" भन्ने प्रश्ताव पास गराए । यसप्रकार पंचायतलाई जनचाहनाको प्रतीक व्यवस्था बनाएका राजाले त्यसमा सक्रिय सहयोग पुऱ्याउने सूर्यबहादुर थापालाई प्रधानमन्त्रीमा नियुक्त गरेपछि संवैधानिक व्यवस्था नै नभएको कम्यूनिष्ट पोलिटव्यूरोशैलीको गाउँफर्क राष्ट्रिय अभियान नामक निकाय व्यवस्था गरेर विरोधीहरूका क्रियाकलापमाथि निगरानी राख्न लगाइ सर्वाधिकार सम्पन्न भएर राज्य संचालन गर्न थाले ।

आफ्नो भित्रि मनसाय क्रमशः प्रकट गर्दै आएका राजाले यसरी पंचायती व्यवस्थालाई निर्विकल्प व्यवस्थामा परिणत गरे तापनि प्रजातन्त्र एवं मानवअधिकारमा विश्वास गर्ने राजनैतिक दल एवं समूहहरूले लादिएको व्यवस्था भन्दै विरोध गर्ने कार्यलाई निरन्तरता दिने र सुधारको आशामा समर्थक बनेकाहरू पनि असन्तुष्ट भएकाले व्यवस्थाको वैधानिकतामाथि प्रश्न

उठन थाल्यो । २००७ सालको क्रान्तिका महत्वपूर्ण नेताहरू जेल वा प्रवाशमा रहनु, तिनीहरूबाट व्यवस्थाले समर्थन नपाउनु र वैदेशिक क्षेत्रबाट पनि थुनेर होइन मिलाएर समस्या समाधान गर्नुपर्दछ भन्ने आवाज उठनुले गर्दा स्थिति राम्रो हुन सकेन । देशको बौद्धिक जगत एवं चेतनशिल जनसमूहले राजकदम एवं कार्यको समर्थन नगरेको अवस्थामा विद्रोहको स्थिति बढ्न थाल्यो । जसको दमनका लागि राज्यको सम्पूर्ण ध्यान केन्द्रित गर्नु पर्नाले आर्थिक विकासलाई तिव्रता दिन नसक्दा व्यवस्था परिवर्तनका क्रमदेखि बाँडिएका आवश्वासनहरूबाट जनस्तरमा जागेको अभिलाशाअनुरूप काम हुन सकेन । राजाको समर्थक बनेकाहरूबाट आफ्नो स्वार्थसिद्धिका लागि गरेका गलत कार्यहरू थाहा पाएर पनि विरोधीहरूलाई पन्छाउने कार्यमा गरेको सहयोग सम्भेर नजरअन्दाज गर्न राजाबाध्य भए । यसप्रकारको अवस्था र परिवेशले गर्दा जनसमर्थन पाउन नसकेको पंचायती व्यवस्था राजनेतृत्वका वावजुद पनि राजनैतिक क्रियाकलापको विशुद्ध विवादस्थल हुनुका सट्टा व्यक्तिगत शक्तिको विस्तार एवं वैयक्तिक चरित्र हत्या गर्ने व्यवस्थामा परिणत भयो । जसलाई परिमार्जन गर्ने वहानामा चुनाव पद्धतिमा संकिर्णता, पार्टीमाथिको प्रतिबन्धलाई निरन्तरता, नागरिक अधिकार-प्रेश स्वतन्त्रता आदिको अपहरण जस्ता नकारात्मक प्रवृत्तिहरूलाई झन कडाई साथ लागू गरी व्यवस्थाका आधारविन्दु बनाइनाले राष्ट्रियता र प्रजातन्त्र जस्ता दुई महत्वपूर्ण कुराहरूको एक साथ हत्या हुन गयो ।

ने.का. का वी.पी. लगायतका महत्वपूर्ण नेताहरू जेल वा प्रवाशमै रहेकाले उनीहरूको रिहाइ एवं माफिका लागि राष्ट्रिय-अन्तर्राष्ट्रिय जगतबाट आवाजहरू उठिरहेका थिए । राज्य संचालनमा राजनेतृत्व रहँदासम्म सम्पूर्ण जिम्मेवारी राजामा नै रहेकाले चुप लागेका सूर्यबहादुर थापा आफू प्रधानमन्त्री भएपछि अप्ठेरोमा परे । राजाले उनलाई प्रधानमन्त्रीमा नियुक्त गरेपछि सैद्धान्तिक रूपमा राजनेतृत्व समाप्त भए जस्तो देखिएकाले अन्तर्राष्ट्रिय समुदायसमक्ष आफ्नो नेतृत्वमा गठित सरकारको वदनामी हुने कुरा बुझेका थिए । यसबाहेक थुनेर राख्नाले अन्तर्राष्ट्रिय जगतमा वी.पी. को प्रतिष्ठा र उचाइ झन-झन बढ्दै गएको समेत महसुस गरेका थापाले एक निश्चित षड्यन्त्रका तहत वी.पी. लगायतलाई रिहा गरेर आफ्नो सरकार प्रजातान्त्रिक भावनायुक्त भएको स्पष्ट गर्ने निश्चय गरे । आफूले भन्नासाथ राजा महेन्द्रले वी.पी. लगायतलाई छाड्दैनन् भन्ने कुरामा विश्वस्त भएका थापाले राजालाई विन्ति पत्र लेखेर रिहाइ प्राप्त गरेपछि काठमाडौँमा बसिरहेका अपदस्त सरकारका गृहमन्त्री सूर्यप्रसाद उपाध्यायमार्फत राजा एवं सुवर्णशमशेर बीच सम्वाद वा सम्पर्क कायम गराए । जसका अन्तमा कलकत्तामै रहेका सुवर्णशमशेरद्वारा संविधानमा विकासको आशा राख्दै राजालाई हार्दिक सहयोग टक्र्याउने प्रतिवद्धतायुक्त वक्तव्य जारी गराएर सुवर्णलगायत प्रवाशमा रहेकाहरूलाई आममाफि र जेलमा रहेका वी.पी. लगायतको रिहाइ सम्भव बनाइयो ।

जेलबाट छाडि दिए तापनि एकवर्षसम्म चुप लागेर बस्नका लागि राजाबाट मर्जिभएको लगायतका कुरा सुनाएर वी.पी. लाई प्रभावमा पार्ने प्रयासमा लागेका प्र.म. थापा वी.पी. लाई

स्वतन्त्र भएर नेपालमै बस्न र चलखेल गर्न दिने पक्षमा थिएनन् । वी.पी. जस्तो राजनेता चुप लागेर बस्न नसक्ने वास्तविकता बुझेका हुनाले नै निश्चित षड्यन्त्रका तहत उनले उक्त कुरा सुनाएका थिए । अर्कोतिर वी.पी. र राजाबीच समझदारी विकास भएका खण्डमा आफ्ना दिन समाप्त हुने कुरा पनि उनलाई राम्रोसँग थाहा थियो । तसर्थ उनले वी.पी. का शुभचिन्तकहरूका समूहमा आफ्ना भिजिलान्तेहरू तयार गरेर वी.पी. लाई भडकाउने वातावरण तयार गर्ने, राजालाई प्रभावमा पारेर वी.पी. एवं राजाबीच संवाद शून्यताको स्थिति सिर्जना गर्ने र आफ्ना दूतहरू मार्फत वी.पी. समक्ष नेपाल बस्नु हितकर छैन लगायतका कुरा पुऱ्याएर तर्साउने आदि कार्य सम्पादन गरी वी.पी. लाई भारत प्रवाश रोज्न बाध्य हुने परिस्थिति सिर्जना गरे ।

षड्यन्त्रकारी सूर्यबहादुर थापाको षड्यन्त्र बुझ्न नसकि भारतको बनारसमा निर्वाशित जीवन बिताउन थालेपछि पनि वी.पी. ले राजासँग सम्पर्क कायम गर्ने प्रयास गरे । तर उनको प्रयासलाई दरबारद्वारा घोर उपेक्षा गरेको हुँदा बन्दुकको भरमा स्थापित पंचायती व्यवस्थालाई बन्दुककै माध्यमबाट मात्र समाप्त गर्न सकिने निश्चयमा पुगेका वी.पी. भारतसँग सहयोग प्राप्त गरी सशस्त्र प्रतिरोध आन्दोलन गर्नेतर्फ लागे । वी.पी. को यो निश्चयपछि ने.का. को राजनीतिमा त्रिकोणात्मक नीति उत्पन्न भयो । किनकि त्यसबखत सुवर्णशमशेरले राजासँग सम्झौता प्रयास गर्दै थिए भने कृष्णप्रसाद भट्टराईले देशभित्रै बसेर शान्तिपूर्ण आन्दोलनको वातावरण बनाउन खोज्दै थिए । तर वी.पी. को अन्तर्राष्ट्रिय छवि, क्रान्तिकारी इतिहास लगायतका कारणबाट ने.का. भनेको वी.पी. नै हो भन्ने मानसिकतामा अभ्यस्त भैसकेका राष्ट्रिय एवं अन्तर्राष्ट्रि शक्तिहरूले वी.पी. कै नीतिलाई आधिकारिक मानेर व्यवहार गर्नाले सुवर्ण शमशेर राणा एवं कृष्णप्रसाद भट्टराईका नीति ओझेलमा पर्न गए ।

वी.पी. सङ्घर्षको तयारीमा लागेकै बेला राजा महेन्द्रको निधन भएपछि राजा हुन पुगेका वीरेन्द्र प्रजातान्त्रिक मुलुकका शैक्षिक प्रतिष्ठानहरूबाट दिक्षित भएकाले उदार स्वभाव र प्रजातान्त्रिक भावनायुक्त छन् भन्ने विश्वासअनुरूप वी.पी. ले समझदारी विकासका लागि पुनः प्रयास गरे तापनि उपलब्धिमूलक भएन । नयाँ राजाबाट पनि पिताकै नीतिलाई निरन्तरता दिने खालका कदम चालिनाले सशस्त्र प्रतिरोध आन्दोलन बाहेक अरू उपाए नदेखेका वी.पी. ले भारतीय सहयोग प्राप्तिका लागि प्रयास गरे । प्रारम्भमा सकारात्मक धारणा देखाएको तत्कालीन भारतीय सरकारले समय क्रममा गएर सहयोगको बदलामा नेपालको स्वतन्त्र अस्तित्वमाथि आँच आउने खालका शर्तहरू मान्नु पर्ने आसयका सन्देश पठायो । वी.पी. जस्तो राष्ट्रवादी व्यक्तिले मुलुकको सार्वभौमसत्ता बन्धक बनाई सत्ता प्राप्तिलाई महत्व दिने कुरै नभएकाले आफ्नै बलबुतामा आन्दोलन गर्नेतर्फ लागे । आफ्ना भारतीय समाजवादी मित्रहरूको सहयोगमा माफियाहरूसँग हतियार किन्ने निश्चयसँगै यूरोप-अमेरिका क्षेत्रका आफ्ना मित्रहरू समक्ष दुई ठूला मुलुकबीच अवस्थित राष्ट्र नेपालमा निरंकुश राजतन्त्र भएकाले छिटै प्रजातन्त्र पुनर्स्थापना नगरेका खण्डमा चीनको सहयोगबाट कम्यूनिष्ट शासन स्थापना हुने सम्भावना देखाएर सहयोग

माग्ने प्रबन्ध मिलाए । आफ्नै निजी कामले यूरोप-अमेरिका भ्रमणमा गएका कुबेर शर्माले वी.पी. को उक्त प्रश्ताव पुऱ्याएर सबैजसोसँग कुराकानी गरे तापनि भारतको सहमती बिना केही गर्न नसकिने र भारतको सहमती भएमा हामीले केही गर्ने नपर्ने आसयको जवाफ पाए ।

यूरोप-अमेरिकाबाट पनि सहयोग नपाएपछि प्रतिरोध आन्दोलनका लागि आर्थिक समस्या उत्पन्न भयो । जसको निराकरणका लागि निकै सोच विचार पुऱ्याएपछि विराटनगरमा जम्मा भएको भारतीय रूपैयाँ काठमाडौं लान लागिएको शाही नेपाल वायूसेवा निगमको विमान आफ्नो भू-भागमा उतारेर रकम लुटिएको समाचार घटनापछि मात्र थाहा पाएको भारतीय सरकारले त्यसपछि ने.का. प्रति कडानीति अपनाएर अप्ठेरोमा पार्न थाल्यो । जसले गर्दा आफ्नै देशको एउटा क्षेत्र कब्जा गरी आधारशिविर बनाएर अन्यत्र फैलिने सोचअनुरूप सामरिक दृष्टिकोणले अनुपयुक्त स्थल ओखलढुँगा आक्रमणको योजना बनाएर मुक्तिसेना पठाए । राजनेतृत्वमा संचालित र शैन्य शक्तिद्वारा संरक्षित व्यवस्था विरुद्ध हतियार उठाइ प्रजातन्त्र पुनर्स्थापना गर्ने लक्ष्य लिएका क्रान्तिकारी नेताले अपनाउनु पर्ने सावधानी, गर्नु पर्ने गोप्य तयारी र मिलाउनु पर्ने प्रन्बध लगायतका पक्षमा विचार नपुऱ्याई भारतको पूर्ण असहयोगात्मक नीतिका वावजुद पनि हतारमा अभियान संचालन गर्नाले सबै गोपनीयता भंग भएर मुक्ति योद्धाहरू सैनिक दमनको शिकार भए । जुन वी.पी. को कार्यकालको महान भूल थियो ।

ओखलढुँगा काण्डको असफलताले गर्दा नेपाली कांग्रेस र नेपालको राजनीतिमा एक नयाँ मोड उत्पन्न गराइदियो । यसमा परेर राष्ट्रका अत्यन्त होनहार एवं जल्दाबल्दा तरुणहरूले शहादत प्राप्त गरेकाले अत्यन्त द्रवित भएका वी.पी. ले आफ्नो कदम वा नीतिबारे पुनर्मूल्याङ्कन गर्न बाध्य भए । हुन पनि २०१७ सालपश्चात नेपालमा राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाइनाले दलीय गतिविधिहरू शून्यप्रायः भएका थिए । राजाले जबर्जस्ती थोपरेको पंचायती व्यवस्थाको निरंकुश कार्यशैलीबाट खोसिएका जनअधिकार वहालीका लागि ने.का. ले भारतलाई आधार बनाएर दुई चरणमा प्रतिरोध आन्दोलन चलाएकाले यसका नेता-कार्यकर्ताहरूले देशभित्र स्वतन्त्र गतिविधि गर्न नपाउने, आतंककारी-देशद्रोहीको बिल्ला भिरेर लुकि-लुकि हिडनु पर्ने, मृत्युवरण-जेल-निर्वाशन लगायतका यन्त्रणाहरूको सामना गर्नु परेको थियो । प्रत्यक्ष सम्पर्क गर्न नपाउनाले राजनैतिक दल र जनताबीच ठूलो खाडल उत्पन्न भएको अवस्थामा राजालाई भगवान विष्णुको अवतार मान्ने नेपाली समाजले राज सन्देश र पंचायती भाषामात्र सुन्न पाएको हुँदा जनस्तरमा सैद्धान्तिक ज्ञानको अभाव थियो । गतिविधि गर्न नपाउँदा राजनैतिक दलद्वारा जनस्तरमा पुऱ्याउनु पर्ने राजनैतिक, सांस्कृतिक, वैचारिक सन्देश एवं आस्थाहरू पुग्न नसक्दा राजनैतिक दलहरूले कसको प्रतिनिधित्व गरिरहेका छन् भन्ने तथ्य नै अस्पष्ट हुने परिस्थिति विकसित हुँदै थियो । राजनैतिक दलहरूलाई जीवन्त बनाउँदै लैजान र समाजमा राजनैतिक संस्कृतिको विकास गर्दै रूपान्तरणको मार्ग विस्तार गर्न आवश्यक पर्ने नयाँ पुस्तालाई आकर्षित गर्ने अवसर दलहरूले पाएका थिएनन् । ने.का. बाहेकका अन्य राजनैतिक दलहरू शून्य प्रायः

अवस्थामा थिए भने ने.का. जस्तो छलफलद्वारा निर्णयमा पुग्ने पार्टीमा समेत संगठन तहसनहस भएकाले बाह्य संरचनाका आधारमा निर्णय गर्ने प्रवृत्ति हावी हुँदै आएको थियो । राजालाई सरिक गराएर प्रजातन्त्रको संस्थागत विकास गर्ने लक्ष्यअनुरूप विषको प्याला पिएर पनि गतिशिलता देखाएको ने.का. ले समेत अरू उपाए नपाएर हतियार उठाएपछि देशमा अस्थिरतावादी तत्वहरूको सक्रियता बढेर राष्ट्रियतामाथि नै खतराको स्थिति देखापर्दै थियो ।

नेपाली जनताले दिएको अत्यधिक विश्वासका आधारमा गठन भएको ने.का. को सरकारले जनजीविकासँग सम्बन्धित मुद्दाहरू उठाएर सामाजिक रूपान्तरण एवं आर्थिक विकासका कार्यक्रम सुरु गर्नाले आत्तिएका सामन्ती चरित्रका जनप्रतिनिधि एवं दरवारियाहरूले महत्वाकांक्षी राजा महेन्द्रलाई गुहारेर सरकार अपदस्तसँगै पंचायतलाई जन्माएका थिए । त्यसको बदला ने.का. प्रतिरोध आन्दोलनमा उत्रिएपछि नेपालको पंचायती सरकार ने.का. प्रति झन-झन कठोर हुँदै आएको थियो । ने.का. प्रति भारतीय नेताहरूको सहानुभूति भएकाले यसलाई दमन गरेर थिलो-थिलो नपारेका खण्डमा डरलाग्दो जनविद्रोह हुने सुनिश्चित देखेका राजा महेन्द्रले चीनसँग गोप्य साँठगाँठ गरी कम्यूनिष्टहरूलाई काखि च्यापेर ने.का. को दमन गर्ने नीति लिए । जसको पुष्टिका लागि डी.पी. अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, खड्गबहादुर सिंह, डा. केशरजंग रायमाझि लगायतका कम्यूनिष्ट पृष्ठभूमिका व्यक्तिहरू पंचायती निकायका महत्वपूर्ण पदहरूमा पुग्नु, पंचायती व्यवस्थाको कुशल परिचालनका नाममा कम्यूनिष्ट पोलिटव्यूरोशैलीको “गाउँ फर्क ...” नामक निकाय खडा गरेर कम्यूनिष्ट विचार धाराकै मानिस राखि विरोधीहरूका गतिविधिहरूमाथि निगरानी गरिनु, ने.का. को एउटा पम्प्लेटसम्म बोक्ने-राख्ने मानिसलाई भेटेमा चरम यातनासहित राजद्रोही घोषणा गरेर दमन गर्ने तर नेपालका बजारमा कम्यूनिष्ट नेताका लकेट-पोस्टर एवं वामपन्थी साहित्यहरू खुलेआम र बग्रेल्ती पाइनु, झापा काण्ड लगायतका वहानामा ने.का. का कार्यकर्ताहरू काटिदासम्म खासै चासो नदेखाउनु, कम्यूनिष्ट पृष्ठभूमिका व्यक्तिहरूलाई संवैधानिक निकाय-संस्थान आदिमा धमाधम नियुक्त गरिनु तर ने.का. भएको शंका मात्र भएमा निलम्वन गर्नु लगायतका कुराहरूलाई लिन सकिन्छ ।

नेपाल कम्यूनिष्ट पार्टीको अतिवादी समूहका कार्यकर्ताहरूले बनारसमा निर्वाशित जीवन बिताइरहेका नेता पुष्पलाल श्रेष्ठको निर्देशनअनुरूप पंचायती व्यवस्थाभित्र प्रवेश गरेर प्रशासनिक आड र संरक्षण प्राप्त गरी सर्वप्रथम ने.का. लाई क्रुर रूपले दमन गरी समाजबाट विस्थापित गर्ने र समाजमा आफ्नो पकड बलियो बनाउँदै जाने राजनैतिक रणनीतिका तहत कार्य गर्दै थियो । जसअनुसार त्यसबखत कैयौं वामपन्थी नेता कार्यकर्ताहरू निम्नस्तरका पदहरूमा पनि प्रवेश गरेर देशका दुर्गम-दुर्गम क्षेत्रमा समेत क्रियाशिल थिए । व्यवस्था भित्र प्रवेश गरी भित्रैबाट प्रहार गर्ने नीतिअनुरूप बढेका कम्यूनिष्टहरूका क्रियाकलाप थाहा पाएर पनि कुनै वास्ता नगर्ने पंचायती प्रशासनको नीतिले गर्दा कम्यूनिष्ट प्रभाव बढ्दै गयो । ने.का. बलियो हुँदासम्म राजसंस्था दिगो रहन्छ भन्ने वास्तविकता बुझेका कम्यूनिष्टहरू पहिला

राजसंस्थाको आडमा ने.का. लाई ध्वस्त पार्दै जनाधार बनाउने र त्यसपछि राजसंस्थाका विरुद्ध उत्रिएर विस्थापित गर्ने नीतिका तहत सक्रिय थिए । इटालीमा मुसोलिनिले शक्ति प्राप्तिका लागि अवलम्बन गरेको नीतिका तहत नेपालका कम्यूनिष्टहरू सक्रिय रहेको चाल पाएर पनि पंचायतको शक्ति केन्द्र वा संचालन केन्द्रले कांग्रेस विचार धारा मास्ने कार्यमा सहयोग पुऱ्याएको हुँदा नजरअन्दाज गर्ने नीति लियो । जसका पछाडि कम्यूनिष्ट कार्यकर्ता परिचालन गर्ने प्रमुख व्यक्तिहरूलाई पद र पैसा दिएर सुविधाभोगि बनाई आफ्नो स्वार्थ सिद्ध गर्ने मानसिकताले काम गरेको थियो । यसप्रकार नेपालको राजनीतिमा पंचायती सरकार र नेपाल कम्यूनिष्ट पार्टी दुवै ने.का. विरुद्ध लागि परेका हुनाले देशभित्र ने.का. को संगठन एवं गतिशिलतामा प्रत्यक्ष प्रभाव पर्दै आएको थियो ।

नेपालको आन्तरिक राजनीतिमा ने.का. लाई पाखा लगाउन यसप्रकारको खेल बढ्दै थियो भने वी.पी. ले निर्वाशित जीवन बिताइरहेको मुलुक भारतको तत्कालीन सरकारको नीति पनि झन कडा हुँदै थियो । कतिपय ने.का. का कार्यकर्ताहरू भारतीय जेलमा थुनिएका थिए भने वी.पी. लगायतलाई कडा निगरानीमा राख्नुका साथै दक्षिण भारतको वैंङ्गलोरमा गएर बस्न भन्न थालियो । त्यसबखत दक्षिण एशिया लगायतका क्षेत्रमा प्रभुत्व विस्तारको होडवाजी चलिरहेको थियो भने शक्ति राष्ट्रहरूद्वारा साना राष्ट्रमाथि प्रारम्भ गरिएको हस्तक्षेपबाट उथलपुथलको स्थिति देखापर्दै थियो । यस्तो अवस्थामा आफूले हतियार उठाउँदा उत्पन्न भएको परिस्थितिमा बाध्य भएको नेपाल सरकारको नीतिबाट देशमा विदेशी चलखेल पनि बढिरहेको थियो । यसप्रकार समग्र स्थितिको विश्लेषण गरिसकेपछि राजाको स्थिति क्रमशः कमजोर भएकाले राष्ट्रियतामाथि संकट उत्पन्न भएको निष्कर्षमा पुगेका वी.पी. ले वन्दुकको विकल्प खोज्ने निश्चय गरी आफ्ना मित्र, शुभेच्छुक आदिसँग छलफल-परामर्श आदि गरेर नीति निर्धारणको प्रयास गर्न थाले । जसका अन्तमा राष्ट्रियतामाथि बढ्दो संकटलाई दृष्टिगत गर्दै हतियार बिसाएर मेलमिलाप नीति अवलम्बन गरी सहकर्मीसहित नेपाल फर्किए ।

२०३३ साल पौष १६ गते ने.का. का नेता वी.पी. कोइरालाद्वारा उठाइएको यो कदमबाट नेपालको राजनीतिमा नवीन तरङ्गका लहरहरू उत्पन्न भएर नयाँ मोड देखापऱ्यो । ने.का. र वी.पी. लाई गाली गरेकै भरमा सच्चा राजावादी र व्यवस्थावादी बनेर फाइदा उठाइरहेका पंचायतका शक्ति केन्द्रहरू डा. तुलसी गिरी, सूर्यबहादुर थापा लगायत यथास्थितिवादीहरूको समूह र अतिवादी वामपन्थीहरू यो कदमबाट तर्सिएर एकजुट भई प्रतिकारमा उत्रिए । वी.पी., गणेशमान सिंह लगायतका नेताहरूलाई विमानस्थलबाटै पक्रिएर सैनिक शिविरमा पुऱ्याइए तापनि उनीहरू स्वतन्त्र भएका खण्डमा आफ्नो स्वार्थ सदाका लागि समाप्त हुने वास्तविकता बुझेका यिनीहरू राष्ट्रिय स्रोत साधनका आडमा वी.पी. वा ने.का. विरोधी अधियान तिव्र पार्नेतर्फ लागे । पंचायती शक्ति केन्द्रको इशारामा सूर्यबहादुर थापाद्वारा देशव्यापी पंचायती निकायहरूलाई परिचालन गरेर पंचऱ्यालीहरूको आयोजना गर्ने र वी.पी.

लाई फाँसीको सजाय माग्दै प्रश्तावहरू पारित गराएर मृत्यु घण्टा हल्लाउने कार्य गरियो । सगोत्रीहरूलाई धोखा दिएर राजकदमको मतियार बन्दै निरंकुशतन्त्रका संचालकहरूलाई खुसी पार्ने काम गर्दा पनि सत्ताच्यूत भएपछि १० वर्षभन्दा बढी चाकरी गरेर पुनः प्रधानमन्त्री पद पाएका डा. तुलसी गिरीले वी.पी. लाई मृत्युदण्ड दिने उद्देश्यअनुरूप एकल इजलाश खडा गरेर प्रतिरोध आन्दोलनका क्रममा राज्यद्वारा विभिन्न अदालतमा दायर गरिएका वी.पी. विरुद्धका मुद्दाहरू चलाउने काम गरे । यसबाहेक उनले थापाको अभियानलाई आवश्यक पर्ने सम्पूर्ण स्रोत साधन उपलब्ध गराउने, आफ्ना भिजिलान्ते एवं गुण्डा दलको प्रयोगद्वारा वी.पी. का शुभेच्छुक एवं ने.का. कार्यकर्ताहरू माथि सांघातिक हमला गराउने काम गरे । अतिवादी वामपन्थीहरूद्वारा पनि यसक्रममा वी.पी. लाई तथानाम गाली गर्दै भारतीय दलाल लगायतको संज्ञा दिने र देशका उच्च शैक्षिक संस्थाहरूमा ने.का. समर्थक विद्यार्थीहरूमाथि आफ्ना विद्यार्थीमार्फत आक्रमण गराउने कार्य गरियो ।

यथास्थितिवादी एवं अतिवादीहरूका यस्ता कार्यबाट पनि वी.पी. एवं ने.का. को मनोवल गिराउन नसक्दा र वी.पी. माथि कुनै अभियोग प्रमाणित गर्न नसक्दा उनीहरूको चाहना पूरा हुन सकेन । अर्कातिर राष्ट्रिय-अन्तर्राष्ट्रिय जगतबाट वी.पी. लाई सैनिक हिरासतमा राखिएको लगायतका कार्यमा आपत्ति जनाउँदै रिहाइद्वारा राजनैतिक गतिरोध अन्त गर्न दवाव दिने खालका गतिविधिहरू तिब्र हुन थाले । स्वार्थ लिप्सा लागेको तत्कालीन सरकारबाट त्यस्तो दवावमय स्थितिलाई समेत वास्ता नराखि शत्रु साधनाकै नीति अवलम्बन गर्नाले अन्तर्राष्ट्रिय जगतमा नेपाल एवं राजाको छवि धुमिल हुने स्थिति देखापर्‍यो । जुन कुरा महसुस गर्ना साथ अगाडि बढेर हस्तक्षेप गरेका राजा वीरेन्द्रले वी.पी. लाई दर्शन भेटका लागि झिकाएर खराब स्वास्थ्यको हवालादिँदै सरकारी खर्चमा उपचारका लागि अमेरिका पठाइदिए । त्यहाँबाट प्रारम्भिक उपचार गराएर फर्किएका वी.पी. ले भारतको पटनामा बोलाइएको कार्यकर्ता भेलामा कृष्णप्रसाद भट्टराईलाई पार्टीको कार्यवाहक अध्यक्षको जिम्मा दिएर नेपाल फर्किए । डा. तुलसी गिरीको सरकारले यसपटक पनि वी.पी. लाई विमानस्थलबाट नै पक्राउ गरेर थुने तापनि कुनै अभियोग प्रमाणित गर्न सकेन । तर पनि रिहा गर्ने कार्य नभएपछि राजाले पुनः हस्तक्षेप गरेर अदालतलाई आदेश दिएकाले वी.पी. लाई खुला तारेखमा रिहा गर्न तत्कालीन सरकार बाध्य भयो ।

राष्ट्रियतामाथिको संकट महसुस गर्ना साथ राजशक्ति र जनशक्ति बीच मेलमिलाप कायम गरी अन्त गर्ने उदघोषसँगै २०३३ सालमा नेपाल फर्कदा वी.पी. ले गरेको विश्वासअनुरूप राजाबाट सदासयता देखाएपछि नेपालको राजनीतिमा नवीन ध्रुवीकरण प्रारम्भ भयो । प्रत्यक्षतया कट्टर पंच बनेर पंचायतको वकालत गर्दै आएका भए तापनि जनचाहनाअनुसार चल्ने, संसारले मानेको र जनमतका आधारमा निर्वाचित सरकार अपदस्त गरेर राजाद्वारा ल्याइएको पंचायती व्यवस्था लादिएको व्यवस्था हो भन्ने कुरा पंचहरूको अन्तर आत्माले पनि स्वीकार गरेको थियो । तर स्पष्ट सैद्धान्तिक अडानमा भन्दा आफ्नो स्वार्थलाई

महत्व दिएका यिनीहरू कहिल्यै राजकदमका विरुद्ध उभिन सक्दैनथे । तसर्थ यथास्थितिवादीहरू र तिनका निर्देशक शक्ति केन्द्रको चाहना विपरित राजाले वी.पी. लाई स्वतन्त्रता दिँदा पनि उनीहरू विरोधमा उत्रिन सकेनन् । बरु भित्रभित्रै मुर्मुरिएर ने.का. र राजाबीच समझदारी हुनबाट कसरी रोक्ने लगायतका विषयमा सोच्न र षड्यन्त्रका तानाबाना बुन्न थाले ।

अर्कातिर राजा महेन्द्रको प्रजातन्त्र विरोधी कदमदेखि नै असंवैधानिक कार्यको उपमा दिएर पंचायती व्यवस्था जनइच्छा विपरित लादिएको व्यवस्था हो भन्ने स्पष्ट अडान राख्दै विद्रोहमा उत्रिएको ने.का. ले आफ्नो अडान कायमै राखेर "राजासँग सङ्घर्ष र पंचायतसँग आत्मसमर्पण नगर्ने" मूलभूत नीतिका आधारमा मेलमिलाप नीति अवलम्बन गर्नाले जनमानसमा झन लोकप्रियता पाउन थाल्यो । वी.पी. को अग्रसरतामा यो कदम उठाएपछि प्रवाशमा रहेको ने.का. को राजनीति नेतृत्वसहित स्वदेश फर्किएकाले कार्यकर्ताहरूमा विद्यमान अन्यौल हटनगई झन जोश र जाँगर वृद्धि भयो । पहिलो पटक उपचारका लागि छुटेर अमेरिकामा उपचार गराएर फर्कदा सुवर्णशमशेरलाई भेटन पुगेका वी.पी. लाई सुवर्णले पार्टी नेतृत्व विधिवत हस्तान्तरण गरेपछि वी.पी. ले पटना भेलासमक्ष कृष्णप्रसाद भट्टराईलाई कार्यवाहक अध्यक्ष बनाइदिएकाले त्रिकोणात्मक नीतिमा विभाजित ने.का. को कार्यशैलीमा एकाकार भयो । फलस्वरूप संगठन सुदृढतातर्फ उन्मुख भएकाले छरप्रस्ट भएका संगठनात्मक सूत्रहरू क्रमशः जोडिन थाले । वी.पी. लाई आतंककारी र देशद्रोही भनेर आफ्नो स्वार्थसिद्ध गर्दै आएकाहरूको भावना विपरित अन्तर्राष्ट्रिय जगतबाट वी.पी. बचाउ अभियान चलाउने, रिहाइका लागि दवाव दिने, निःशुल्क उपचारको प्रबन्ध गर्ने लगायतका कार्यमा तिब्रता आयो । जसबाट उत्साहित भएका देशका बुद्धिजीवी, चेतनशिल नागरिक समाज, विद्यार्थी एवं कार्यकर्ता आदिको मनोबल उच्च हुँदै गएकाले डर-त्रास त्यागेर सडकमा उत्रदै पंचायती नीतिको आलोचना गर्नेदेखि वी.पी. को उपचारका लागि चन्दा उठाउनेसम्मका कार्य गर्न थालेपछि प्रतिक्रियावादीहरू क्रमशः गल्न थाले ।

पंचायती व्यवस्थाबाट फाइदा उठाइरहेका कट्टरपन्थीहरूको चाहना विपरित राजा वीरेन्द्रबाट ने.का. र वी.पी. प्रति सदासयता देखाउन थालेपछि कट्टरपन्थीहरू नेपालको राजनीतिबाट सदाका लागि पन्छिनु पर्ने कल्पना गरेर अत्तालिन थाले । राजाको कार्यमा हस्तक्षेप गर्ने वा विरोध जनाउने हिम्मत नभएका यिनीहरू सारा शक्ति लगाएर ने.का. विरुद्ध गतिशिल हुने र राजालाई अप्रत्यक्षरूपले दवाव दिने निश्चयमा लागे । पूर्णतया सरकारी संरक्षणमा आवश्यक गृहकार्य गरेपछि यिनीहरूले उपचारबाट फर्कदै गरेका वी.पी. लाई विमानस्थलमै पुगेर कालोझण्डा देखाउँदै विरोध गर्ने, स्वागत गर्न आएका कार्यकर्तामाथि सांघातिक हमला गर्ने, राजाको परामर्शअनुरूपकार्यकर्ता-साथीभाइसँग भेटघाट-परामर्श गर्न र पारिवारिक भेटघाट गर्न पोखरा-विराटनगरको भ्रमण कायक्रममा हिडेका वी.पी. चढेको विमान उत्रन नदिने, गुण्डागर्दिद्वारा स्वागतार्थिमाथि सांघातिक हमला गर्ने लगायतका कार्यहरू तिब्र पारे । वी.पी. का पक्षमा बोल्दै आएको राष्ट्रिय-अन्तर्राष्ट्रिय समुदाय, प्रेश आदिलाई पंचायती सरकार त उदार

छ तर देश विरोधी क्रियाकलाप गरेका बी.पी. प्रति नेपाली जनता आक्रोशित छन् भन्ने देखाउन र ने.का. प्रति सदासयता देखाउने राजचाहनालाई चुप लागेर सहनेवाला छैनौं भन्ने दवावमुलक सन्देश राजासमक्ष पुऱ्याउने उद्देश्यबाट संचालित यस्ता गुण्डागर्दीपूर्ण क्रियाकलापले पनि तिनलाई खासै फाइदा पुगेन । ने.का. ले अवलम्बन गरेको मेलमिलाप नीतिको मूलमर्म नै राजशक्ति र जनशक्तिको मेलद्वारा राष्ट्रियताको रक्षा गर्नु हो भन्ने सन्देश छर्दै भेटघाटका लागि हिडेका नेतालाई गुण्डागर्दीद्वारा रोक्ने कार्य गरिएपछि लादिएको व्यवस्थाको मौलिक चरित्र र आधार नै गुण्डागर्दी हो भन्ने आवाज उठाएर जनआक्रोश व्यक्त गर्न कार्य तिब्र भयो । जसबाट पंचायती व्यवस्थाले करिब २ दशक शासन गर्दा पनि राष्ट्रिय सहमति र एकता प्राप्त गर्न नसकेको वास्तविकता विश्व जनमतसमक्ष स्पष्ट भयो ।

ने.का. ले मुलुक भित्रै देखाउन थालेको गतिशिलताले गर्दा देशव्यापी रूपमा हलचलमय वातावरण उत्पन्न भएपछि घुसपैठको नीतिअनुरूप सक्रिय रहे बोहकका वामपन्थी समूहका नेताहरू, अन्य स-साना राजनैतिक समूहका नेताहरू बुद्धिजीवी आदि पनि क्रमशः गतिशिल एवं संगठित भएर विरोधका आवाज उठाउने, बी.पी. लगायतका नेताहरूसँग भेटेर छलफल गर्ने गर्नाले एकात्मक भावना बढ्न थाल्यो । देशका उच्च शिक्षाका केन्द्रहरूमा अध्ययनरत विद्यार्थी जगतमा पनि यसको प्रभाव पर्नाले संयुक्त आन्दोलन लगायतका विषयमा चर्चा चल्न थाले । देशका बुद्धिजीवीहरू, योजनाकार, चेतनशिल नागरिकहरू, पेशाकर्मीहरू, विदेशी कुटनीतिज्ञहरू आदिमा पनि पंचायती कार्यशैलीले गर्दा आक्रोशको स्थिति बढ्दै थियो । जसको परिणामस्वरूप चारैतिरबाट लादिएको पंचायती व्यवस्थाको वर्गीय चरित्र लगायतका उपमा दिँदै पंचायती कार्यशैलीको निन्दा गर्ने कार्य तिब्र हुन थाल्यो ।

पंचायती व्यवस्थाको समाप्ति नै मुख्य ध्येय बनाएको ने.का. विरुद्ध एकजुट भएर अभियान चलाउने कार्यमा राजाबाट पूर्ण साथ नपाउनाले छटपटिएका यथास्थितिवादीहरूले त्यसपछि राजालाई समेत अप्ठयारोमा पार्ने स्थिति सिर्जनाका लागि मौका खोज्न थाले । षड्यन्त्रात्मक परिवेश निर्माणतर्फ यिनीहरू सक्रिय रहेकै बेला पाकिस्तानका अपदस्थ राष्ट्रपती जुल्फिकर अलि भुट्टोलाई त्यहाँको सैनिक सरकारले विश्वजनमतको चाहना विपरित फाँसीमा झुण्डयायो । मानवअधिकारको घोर उपेक्षा पूर्ण यस्तो कार्यबाट उत्तेजित भएर नेपालका उच्च शैक्षिक संस्थाका विद्यार्थीहरू विरोधपत्र दिने उद्देश्यअनुरूप सडकमा उत्रिएर पाकिस्तानी दुतावासतर्फ बढ्न खोज्दा सरकारद्वारा सुनियोजित रूपमा प्रहरी दमन गराइयो । जसबाट आक्रोशित भएका विद्यार्थीहरूले संयुक्त केन्द्रीय सङ्घर्ष समिति बनाएर आन्दोलन प्रारम्भ गरेपछि वार्ताद्वारा समस्या सुल्झाउनुका सट्टा तत्कालीन सरकार एवं प्रशासनद्वारा सुनियोजित रूपले दमन गर्ने, विद्यार्थी नेताहरूलाई पक्रेर थुन्ने, मण्डले परिचालन गरेर क्याम्पस हाताभित्र विद्यार्थीमाथि हातपात गराउने लगायतका कार्य गरेर झन-झन भडकाउँदै लग्यो ।

वी.पी. को मेलमिलाप नीतिबाट उत्पन्न दवावमय वातावरणको फलस्वरूप दरवारभित्र पंचायतलाई साँगुरो वा खुकुलो बनाउने भन्ने बारे विवाद बढिरहेको अवस्थामा आफ्ना स्वार्थका लागि एकजुट भएका पंचायतका षड्यन्त्रकारीहरूले यसै आन्दोलनलाई आधार बनाएर पंचायतलाई लादिएको व्यवस्था भन्ने उपमाबाट मुक्त पार्ने योजना बनाउन थाले । आफ्ना शक्ति केन्द्रको आदेश तामेली गर्ने बानीका अभ्यस्त उनीहरू आन्दोलन भडकाउँदै लगेर शान्त पार्ने उपाए खोजिको बहाना बनाएर पंचायतलाई जनमतको वैधानिकता दिने योजना बनाएर आफ्ना भाटहरू मार्फत अभिव्यक्ति सार्वजनिक गराउने तर्फ लागे । विद्यार्थी आन्दोलन बढ्दै राजधानी बाहिरसमेत फैलिदै गएका बेला काठमाडौंस्थित हिमाल सिमेन्टका तत्कालीन महाप्रबन्धक कर्णजंग थापाले आफ्नो घरमा पंचायतका संचालक लगायतलाई आमन्त्रण गर्दै एक रात्री भोजको आयोजना गरे । जसमा हेटौडा कपडा उद्योगका तत्कालीन महाप्रबन्धक शेरबहादुर पाण्डेले विद्यार्थी आन्दोलन शान्त पार्नका लागि राजाले जनमत संग्रहको घोषणा गर्नु पर्ने ठोकुवा गरे । ठूला-ठूला भ्रष्टाचार गरेर मालामाल हुन सकिने उद्योग एवं संस्थानहरूको महाप्रबन्धक पद प्राप्त गर्न पंचायती शक्ति केन्द्रको चाकरिसँगै कट्टर समर्थक बन्नु पर्ने र त्यस्ता पदमा निरन्तरताका लागि महाप्रभुको इशारामा नाच्नु पर्ने तत्कालीन परिवेशमा महाप्रबन्धक पाण्डको उक्त अभिव्यक्ति पंचायती भोजले मातेका अवस्थामा निस्किएको अनर्गल प्रलाप थिएन भन्ने कुरा समय क्रममा गएर प्रमाणित भयो । किनकी २०१७ सालको राजकदमसँगै मतियार बनेर फाइदा लुटिरहेकाहरूको चाहनाअनुरूप क्रियाशिल थापा, गिरी लगायतका यथास्थितिवादीहरूले ने.का. को मेलमिलाप नीति असफल पार्ने षड्यन्त्रअनुरूप कदम चाल्दै गएर फिष्फोटक स्थितिको सिर्जनासँगै राजालाई जनमत संग्रहको घोषणा नगरी नहुने परिवेश सिर्जना गरे ।

राजा वीरेन्द्रबाट विना कुनै पूर्व सल्लाह एक्काशि जनमत संग्रहको घोषणा गरिएपछि ने.का. लगायतका बहुदलवादीहरू आश्चर्यमा परे । वी.पी. ले राज घोषणामा कुनै शंका नगरी निशर्त रूपले भाग लिने कुरा राखेपछि निश्चित पूर्वशर्त राखेर पूरा गराएपछि मात्र भाग लिनु पर्दछ भन्ने गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई सन्तुष्ट नभएकाले प्रारम्भमा ने.का. भित्र विवादको स्थिति नै सिर्जना भयो । आफ्नो निश्चयलाई छलफल एवं तर्कद्वारा निर्णायक बनाउने क्षमताको अदभूत धनी वी.पी. का अगाडि अन्तमा कसैको केही चलेन । फलस्वरूप राजासँग सङ्घर्ष नगर्ने मेलमिलाप नीतिको मूलमर्मअनुरूप बहुदलीय पक्षमा सक्रियता देखाउने निश्चयमा ने.का. पुगेकाले बहुदलीय पक्षका अन्य समूहद्वारा सारिएको संयुक्त मोर्चा निर्माण गर्ने प्रश्ताव पनि कार्यान्वयन भएन ।

अदृश्य शक्ति केन्द्रको इशारा र योजनाअनुरूप काम गरिरहेका यथास्थितिवादीहरू ने.का. को धारणा नआउँदासम्म चुप लागेकाले प्रारम्भमा पंचहरू किंकर्तव्य विमुढ जस्ता बनेको देखियो । ने.का. द्वारा जनमत संग्रहमा विनाशर्त भाग लिने घोषणा गरिएपछि उनीहरूले राजामाथि पारिवारिक लगायतका दवाव पुऱ्याएर आफ्नो योजना पूरा गर्न अनुकूल हुने गरी काम

गर्नका लागि राजी गराउन सफल भए । परिणामस्वरूप सर्वप्रथम केही उदार सोचका मानिने तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टलाई हटाएर शक्ति केन्द्रका कठपुतली र कट्टरतावादी सूर्यबहादुर थापालाई उक्त स्थानमा ल्याइयो । आफ्नो नियुक्ति हुनासाथ थापाले पनि योजना कार्यान्वयनको पहल गर्दै ७५ वटै जिल्ला पंचायतका सभापतीहरू लगायतका प्रमुख पंचहरूलाई बोलाएर काठमाडौं गोकर्णस्थित शाही निकुञ्जमा एउटा भव्य भोजको आयोजना गरेर बहुदल पक्ष विरुद्धको षड्यन्त्र प्रारम्भ गरे ।

ने.का. द्वारा बहुदलीय पक्षमा अभियान संचालन गरी देशभरका जनताहरूको ध्यान आकर्षण गर्न सफल भएपछि तत्कालीन थापा सरकारले पनि पूर्ण योजनाबद्ध भएर षड्यन्त्रात्मक रूपले काम गर्न थाल्यो । साम-दाम, दण्ड-भेद लगायतका उपाए प्रयोगमा उत्रिएको उक्त सरकारले राष्ट्रिय स्रोत साधनको व्यापक दुरूपयोग गरेर भ्रष्टाचारलाई संस्थागत स्वरूप दिन समेत पछि परेन यसक्रममा सरकारी अग्रसरतामा स्थानीय प्रशासन मार्फत गाउँ पंचायतका पंचहरूलाई पंचायत पक्षमा लाग्न दवाव दिने, नमानेर बहुदल पक्षमा लाग्ने पंचहरूलाई निलम्बन गर्ने, बहुदलमा लाग्ने कर्मचारीलाई दुर्गम क्षेत्रमा सरुवा गर्ने, धम्क्याउने बहुदलवादीहरूसँग कुनै सल्लाह नै नगरी एक पक्षीय रूपमा पंचायतका कार्यकर्ताहरू राखेर चुनाव आयोग गठन गर्ने, पंचायतका सबै निकायहरूलाई पूर्ववत रूपमा काम गर्न दिने, पंचहरूलाई स्तरका आधारमा भत्ताको व्यवस्था गर्ने, पंचायतलाई सुधारसहितको भनेर बिगतका काला कर्तुतबाट सफाइ दिँदै भावी स्वरूप स्पष्ट नगर्ने, केही पछि गएर सुधारिएको पंचायत पनि बहुदलीय व्यवस्था जस्तै हुनेछ भन्ने आसय प्रष्ट हुने खालको राज घोषणा गराएर जनमानसमा भ्रम सिर्जना गर्ने, पंचायत भनेको राजाको व्यवस्था हो भने बहुदल वी.पी. को भन्ने खालका सामग्री तयार पारेर "राजा रोज्छौ कि वी.पी. ?" भन्दै प्रचार गर्ने, नेपालको महत्वपूर्ण राष्ट्रिय सम्पदाका रूपमा रहेको वनजंगल बेमाख पारी खेत र घेडेरीका रूपमा बाँड्ने, काठ निकाशि गरेर प्राप्त रकम पंचायत जिताउन प्रयोग गर्ने, मोटो रकम लिएर सर्पको छाला निकाशि लाइसेन्स, वियर कारखाना खोल्ने लाइसेन्स र नक्कली नागरिकता वितरण आदि अनियमित कार्य गर्ने, संस्थानहरूमा मूल्य वृद्धि गराएर रकम जम्मा गर्ने, कर्मचारीहरूलाई भ्रष्टाचार गराएर चन्दा संकलनका नाममा रकम थुपार्ने, बालिग मताधिकारलाई आफ्नै किसिमले व्याख्या गरेर २२ वर्ष पुगेकाहरूलाई मात्र मताधिकार प्रदान गर्ने, राज्यका संचार साधनहरूलाई एक पक्षीय रूपले पंचायत पक्षमा प्रयोग गर्ने, बहुदलवादी नेता-कार्यकर्ताहरूमाथि प्रशासनिक संरक्षणमा सांघातिक आक्रमण गराउने, केन्द्रीकृत घोषणाका नाममा सैनिक पहरामा मतपेटिका ओसारेर गोलमाल गर्ने लगायतका कार्यहरू सम्पादित गरिए ।

यसप्रकार अदृश्य शक्तिकेन्द्र मार्फत राजालाई समेत दवावमा पारेर पंचायत पक्षका लागि अनुकूल हुने कार्य सम्पादन गर्न सफल भएका सूर्यबहादुर थापा जस्ता पंचनेता भनाउँदा व्यक्तिहरूले शक्तिको दुरूपयोग गर्दै अहमवादलाई अगाडि बढाए । यिनीहरूले अवलम्बन गरेको

नीतिले गर्दा एकवर्षको अवधिमा भ्रष्टाचार गरेर शक्तिकेन्द्रमा पुऱ्याई आफ्नो दुनो सोभ्याउने जुन परिपाटी चल्यो त्यसबाट देशमा भ्रष्टाचारले संस्थागत स्वरूप ग्रहण गऱ्यो । यसक्रममा नेपालका स-साना वामपन्थी समूहहरू बहुदल पक्षमा सक्रिय भए तापनि कम्यूनिष्टहरूमध्येकै सबैभन्दा शक्तिशाली घटक नेकपा (माले) ले सिद्धान्ततः बहिष्कार-तटस्थता-सहभागिता आदि जे भने तापनि उसका अधिकांश कार्यकर्ताहरूले बहुदल आएमा कम्यूनिष्ट आन्दोलन कमजोर हुन्छ, राजाको आयु लम्बिन्छ लगायतका तर्क दिएर पंचायत पक्षमा भोट खसाले । आफ्नो अनुकूल हुने गरी काम गरेकाले नै होला यस अवधिमा मालेका कुनै पनि कार्यकर्तामाथि कुनै किसिमको आक्रमण भएन । यस्तो षड्यन्त्रपूर्ण परिस्थिति निर्माण गर्दा पनि बहुदल पक्षमा व्यापक जनसहभागिताको कारणले गर्दा राष्ट्रियस्तरमा राजनीति गर्ने पंचहरूलाई राजधानी र जिल्ला सदरमुकामभन्दा भित्रसम्म जान नसक्ने स्थिति विद्यमान थियो । तर पनि पंचायतलाई जिताएर राजनैतिक अवस्थालाई अति प्रतिगामी मार्गतर्फ बढाउने बलियो योजना तयार गरेका सूर्यबहादुर थापाको नीतिले गर्दा जनमत संग्रहमा दश प्रतिशतको भिनो अन्तरले बहुदल पक्ष पराजित भएको परिणाम घोषणा हुन पुग्यो । जसले गर्दा पद-प्रतिष्ठा, राज्यको स्रोत साधन लगायतको व्यापक दुरूपयोग गरेर भए पनि पंचायत पक्षलाई जिताइ जनमतको वैधानिकता प्रदान गर्ने वा पंचायतलाई जनअनुमोदित व्यवस्थामा रूपान्तरण गर्ने अतिवादी एवं दरवारीया शक्तिको चाहनाले पूर्णता पायो ।

दुरदर्शिसोच र परिपक्व दृष्टान्त राख्ने नेता वी.पी. ले प्रजातन्त्रवादी भएर जनमत संग्रहमा भाग लिएपछि पराजयलाई पनि स्वीकार गर्नु पर्दछ, जनमत संग्रहको परिणाम स्वीकार गर्नु भनेको जनमतको कदर गर्नु हो पंचायतलाई स्वीकार गरेको होइन लगायतका तर्कद्वारा साथीहरूलाई थामथुम पारी मुलुकलाई गृहयुद्धको चपेटामा पर्नबाट जोगाए ।

जनमत संग्रह जस्तो वैधानिक माध्यमबाट पंचायती निरंकुशतन्त्र समाप्त गरेर प्रजातन्त्र पुनर्स्थापना गर्ने ने.का. को चाहनालाई षड्यन्त्रात्मक परिस्थिति निर्माण गरेर असफल बनाइए तापनि यसले नेपाल र ने.का. को राजनीतिमा युगान्तकारी परिवर्तन भने ल्यायो । किनकी जनमत संग्रहका बेला ने.का. ले जुन नीति अवलम्बन गऱ्यो त्यसबाट २०१७ सालदेखि २०३२ सालसम्मको अवधिमा पार्टीद्वारा संचालित प्रतिरोध आन्दोलनले गर्दा आर्जन गरेको राजद्रोही, आतंककारी, अराष्ट्रिय तत्व आदि उपाधियुक्त छविलाई समाप्त गरेर ने.का. राष्ट्रवादी एवं राजावादी शक्ति हो भन्ने मान्यतालाई स्थापित गऱ्यो । जनमत संग्रहका दौरान बहुदलीय पक्षमा संचालन गरेका गतिविधि एवं कार्यक्रमका माध्यमबाट जनस्तरमा पुगेर २०१७ सालपश्चातका दिनहरूमा छिनेका संगठनका तन्तुहरू जोडन र जनसमक्ष पंचायती नीतिको पर्दाफास गर्दै आफ्ना धारणा स्पष्ट गर्ने मौका पायो । विगतमा राजनीर्णयका विरुद्ध हतियार उठाएर विद्रोह गरेको पार्टीले यसपटक राजाबाट सम्पादित कार्यबाट शंका गर्ने ठाउँ हुँदाहुँदै पनि राज निर्णयको स्वागत गरेर मेलमिलाप नीतिको परिणामका रूपमा ग्रहण गर्दै गतिशिलता

देखाउनाले राजसंस्थासँगको वैमनस्यतापूर्ण स्थिति अन्त गरेर भावी दिशा निर्माण कार्यमा सघाउ पुऱ्याउने स्थिति उत्पन्न भयो । बहुदलीय अभियान चलाउने क्रममा जिल्ला, नगर एवं गाउँसम्म नै "प्र. नेपाली कांग्रेस बहुदल प्रचार समिति" भन्दै निकाय खडा गर्नाले पछि गएर संगठन निर्माण गर्न सुगम हुने स्थिति बन्यो । परिणामस्वरूप ने.का. अराष्ट्रिय तत्व वा राजद्रोही समूह हो भन्ने मान्यताका आधारमा तिब्र दमनको नीतिअनुरूप बढेका पंचायती संचालकहरूको चाहना विपरित शान्तिपूर्वक गतिशिलतासँगै निरंकुशता विरुद्ध जनमत निर्माण गर्ने अवसर प्राप्तिको बाटो खुल्यो ।

हरतरहको चालवाज, डर धम्कि, प्रशासनिक र राजनैतिक चालवाजको वावजुद पनि जनमत संग्रहले एकातिर पंचायत व्यवस्थालाई ५५% ले वैधानिकता प्रदान गऱ्यो भने अर्कोतिर ४५% जनता विरोधी रहेको तथ्य प्रष्ट गऱ्यो । दूरदर्शी शासकहरू रहेको भए इतिहासबाट पाठ सिक्दथे र उदारवादी नीति अनुकरण गर्दै जान्थे तर त्यसो नहुँदा एक दशक भित्र नै पंचायत व्यवस्था अन्त भयो । आफ्नो घोर प्रयासका वावजुद पनि जनमत स्रंग्रहमा जम्मा १० प्रतिशतको मात्र अन्तर देखिएकाले पंचायतको स्थापनासँगै ने.का. लगायतका बहुदलवादीहरूलाई मुट्ठिभरको संज्ञा दिएर राजनीति गर्दै आएका यथास्थितिवादी समक्ष व्यवस्था विरोधीहरू पनि सशक्त अवस्थामा छन् भन्ने मान्यता स्थापित गऱ्यो । आफ्नो त्यत्रो षड्यन्त्रका वावजुद पनि बहुदल पक्षमा ४५ प्रतिशत जनमत देखिएपछि अत्तालिएका षड्यन्त्रकारीहरूले पंचायत जनअनुमोदित भयो भन्दै त्यसमा विरोधीहरूलाई स्थान नदिने नीतिका तहत षड्यन्त्र गर्न थाले । तर यसबाट अनभिज्ञ रहेका वी.पी. ले अल्पमतको कदर गरिने राजप्रतिबद्धतामा विश्वास गरी संवैधानिक सुधारमा आफ्ना मान्यता एवं चाहनालाई बढीभन्दा बढी प्रतिनिधित्व गराएर भावी राजनीतिमा गतिशिलताको मार्ग प्रशस्त गर्ने प्रयासतर्फ लागे । तर २०१७ सालदेखि २०३६ सालसम्मको अवधिमा पंचायतलाई चारैतिरबाट लादिएको व्यवस्था भनेर आलोचना हुँदै आएको अवस्थामा उक्त मानसिकताले भित्रभित्रै ग्रसित भएर पनि सक्रिय भएका पंचहरू षड्यन्त्रबाट पंचायतलाई जिताउन सफल भएकाले उनीहरूमा विजय उन्माद चढेर गयो । भूमिगत गिरोहको योजनाअनुरूप काम गर्दै पंचायतलाई जनमअनुमोदित व्यवस्था बनाउन सफल भएपछि विजय उन्मादले फुलेका सूर्यबहादुर थापाले हरेक जसो शक्तिकेन्द्रहरूद्वारा ने.का. का मान्यताले संवैधानिक सुधारमा स्थान नपाओस् भन्ने खालका दवावमुलक क्रियाकलाप गराइ राजालाई समेत प्रभावित पार्न सफल भए । परिणामस्वरूप अल्पमतको कदर गर्ने प्रतिबद्धता व्यक्त गरिसकेका राजा बीरेन्द्र पनि दवावमा परेकाले "संविधानको तेस्रो संशोधन २०३७" ने.का. लगायतका बहुदलवादीहरूलाई पूर्णतया पाखा लगाउने विशेषताहरू बोकेर अगाडि आयो ।

आफ्ना चाहना र मान्यतालाई संवैधानिक सुधारमा कुनै स्थान नदिइए तापनि संसदीय प्रणालीको मूलमर्म वालिग मताधिकारले पंचायती राजनीतिमा स्थान पाएकाले त्यसलाई उपभोग गर्नेतर्फ सोचेर वी.पी. ले प्रयास गर्न थाले । सकेसम्म राजासँग सङ्घर्ष गर्ने परिस्थिति नआओस्

भन्ने चाहनाअनुरूप बढेका वी.पी. ले पंचायती चुनावमा आफ्नो पहिचान देखिने खालका सामान्य संशोधन मात्र गरिदिएमा सहभागिता जनाउने निश्चयसँगै राजासँग भेटन खोजे । तर विजय दम्भले फुलेका, ने.का. संलग्न भएमा आफूहरू राजनैतिक परिदृश्यबाट बढारिनु पर्ने वास्तविकता बुझेका तत्कालीन प्र.म. थापाले राजालाई समेत बाध्य हुने स्थिति सिर्जना गरेर राजा एवं वी.पी. बीच भेट हुनै दिएनन् । वी.पी. पछिको पहिलो जन निर्वाचित प्र.म. बन्ने महत्वाकांक्षा बोकेका सूर्यबहादुर थापाले निश्चित योजनाका तहत बढेर काम गर्दै ने.का. लाई सहभागि हुन नदिने स्थिति सिर्जना गरे । परिणामस्वरूप २०३८ सालको पंचायती निर्वाचन बहिष्कार गर्न बाध्य भएको ने.का. जनसमक्ष पुगेर आफूले निर्वाचन बहिष्कार गर्नुको औचित्य स्पष्ट गर्ने र प्रशिक्षण कार्यक्रम-भेटघाट आदिद्वारा संगठन सुदृढीकरण गर्नेतर्फ लाग्यो । यो पंचायत व्यवस्था र राजा वीरेन्द्रको उदारवादी विचारका लागि दुर्भाग्यपूर्ण घटना/सोचाई हुनपुग्यो ।

अदृश्य शक्तिकेन्द्र वा कुनीतिले सत्तामा पुऱ्याइदिएकाले तिनीहरूप्रति वफादार भएर काम गर्दै आएका प्रधानमन्त्री थापाले २०३८ को चुनावमा पनि वफादारिता देखाएको हुँदा कट्टरपन्थी एवं संचालकहरूका धेरै जसो मानिसहरू राष्ट्रिय पंचायत सदस्यमा निर्वाचित भएका थिए । तसर्थ पंचायतलाई जन अनुमोदित व्यवस्थामा रूपमान्तरण गर्न आफ्ना चाहनाअनुसारका हथकण्डा प्रयोग गरेर देखाएको वफादारिता लगायतको पुरुस्कारका रूपमा अदृश्य संचालक एवं दरबारिया शक्तिले पूर्ण आशिर्वाद दिँदै थापालाई २०३८ सालमा पंचायतको पहिलो जननिर्वाचित प्रधानमन्त्री बनाइदिए । वी.पी. पछिको पहिलो जननिर्वाचित प्र.म. बन्ने महत्वाकांक्षा पूरा गराइदिएकाले खुसी भएका थापाले पनि त्यसपछि उनीहरूकै चाहनाअनुरूप काम गरेर झन वफादारिता देखाए । परिणमस्वरूप अदृश्य शक्तिकेन्द्रका मानिसहरूलाई मन्त्रिमण्डलमा स्थान दिने, राज्यका महत्वपूर्ण ठेक्का-पट्टा, आर्थिक लाभका विषयहरू, संवैधानिक निकाय एवं संस्थानका पदहरू आदि सबै उनीहरूकै मानिसहरूमा जाने गरी प्रबन्ध मिलाइदिए । देशको राजनीतिक आर्थिक क्षेत्र लगायत राज्य संयन्त्रमा यथास्थितिवादीहरूको पकड भएकाले उदार सोच राख्ने पंचहरू समेत पाखा परेपछि प्रशासनिक क्षेत्रमा समेत निरंकुशतन्त्र हावी भयो ।

प्रधानमन्त्री थापाका हठवादी क्रियाकलापले गर्दा सुधारिएको पंचायती कालखण्ड झन निरंकुशता हावी भएर प्रारम्भ भयो । कट्टरवादी पंचहरू अतिशक्तिशाली, कठोर र भ्रष्टाचारी हुँदै गएकाले तिनका समर्थकहरू समेत मालामाल बने । जनमत संग्रहका दौरान देशको राजनीतिमा देखिएको खुकुलो पन क्रमशः कसिन थाल्यो । वाक र प्रकाशन स्वतन्त्रता आदिमा कडाइसँगै सभासम्मेलनदेखि सामान्य भेटघाटका कार्यक्रममा समेत प्रशासनिक संरक्षणमा हस्तक्षेप गर्न थालियो । विजय दम्भले फुलेका पंचहरूको इशारा एवं संरक्षणमा बहुदलवादी वा ने.का. माथि गुण्डा शक्तिको प्रयोगद्वारा आतंक मच्चाउने कार्य बढ्न थाल्यो । पंचायतलाई जिताउने बहानामा रकम जम्मा गर्न सहयोग पुऱ्याउने कर्मचारी, पदाधिकारी, निकाय प्रमुख, व्यापारि

आदिले पुरस्कृत हुने मौका पाएपछि देशमा भ्रष्टाचार-कालो बजारीको विकासले संस्थागत भएर फैलिने मौका पायो ।

जनमत संग्रहपछिका दिनहरूमा पंचायतका संचालकहरूले पंचायती व्यवस्थाको सर्वोच्च निकाय भन्ने राजदरबार माथि समेत हस्तक्षेप गर्न बाँकी राखेनन् । दरबारभित्र कार्यरत सचिवहरूमा व्यापक परिवर्तन गरेर आफ्नो इशारामा चल्नेहरूको नियुक्ति गरियो । राजप्रसाद सेवामा नियक्ति पाउने नयाँ सचिव एवं निकाय प्रमुखहरूले हरेक क्षेत्रमा हस्तक्षेप गरेर भ्रष्टाचार बढाउने कार्य तिब्र पारे । जसको पुष्टिका लागि रादरबार भित्र प्रहरी प्रशासनमाथि नियन्त्रण कायम गरी जनतालाई सुरक्षा दिने जिम्मेवारी बोकेका महत्वपूर्ण पदाधिकारीद्वारा जिल्ला प्रहरी प्रमुखमा नियुक्त हुने व्यक्तिलाई बोलाएर आफ्नो जिल्लामा गाँजा निकासी एवं तस्करी लगायतका कार्यद्वारा धन आर्जन गर्न र वार्षिक रूपमा मोटो रकम आफूलाई पठाउन निर्देशन दिएको भनी एकजना तत्कालीन अन्चलाधिशद्वारा आफ्नो पुस्तकमा लेखेको कुरालाई लिन सकिन्छ । यस बाहेक परम्परागत सोच र धारणामा विश्वास राख्ने दरबारसित सम्बन्धित एवं कट्टरपन्थीहरूले केही उदार सोच भएको नयाँ पदाधिकारीहरूलाई निस्क्रिय बनाउँदै लगेर क्रमिक रूपमा निकाल्न थाले । यसरी सुधारिएको पंचायती व्यवस्थामा क्रमशः अवनतिले प्रश्रय पाएपछि कठोर राजनैतिक संस्कृतिले प्रभाव बढाउँदै लग्यो । जसबाट केही उदारवादी सोच भएका राजा वीरेन्द्र पनि क्रमिक रूपमा एक्लिदै जाने परिवेश बलियो हुँदैगयो ।

निरंकुशतन्त्र हावी हुँदै गएको अवस्थामा ने.का. ले जनसम्पर्क एवं प्रशिक्षण शिविर लगायतका कार्यक्रम लिएर सक्रियता देखाउन थालेपछि कट्टर पंचहरूको निर्देशनमा तीब्र दमनात्मक नीति अवलम्बन गरियो । विजय दम्भले फुलेर विरोधीहरूलाई पेलेर बढ्ने नीति लिएका कट्टरपन्थीहरूका हतियार बनेर फाइदा उठाइरहेका गुण्डाशक्ति एवं निरंकुशतन्त्रका पृष्ठपोषक प्रशासकहरू मिलेर शान्तिपूर्ण भेटघाट-छलफल लगायतका कार्यक्रमहरूमा हस्तक्षेप गरेर चरम दमनसँगै आतंक मच्चाउनाले गैंडाकोट काण्ड, कटारी काण्ड आदि रक्तरंजित घटनाहरू घटन पुगे । शान्तिपूर्वक भेला हुन पाउने जनताका नैसर्गिक अधिकारसमेत खोसेर सांघातिक आक्रमण भएपछि आक्रोशित बनेका कार्यकर्ताहरूले ने.का. का नेताहरू समक्ष आन्दोलनका लागि अनुमति दिन माग राख्दै दवाव दिन थाले । तर राजासँग संघर्ष नगर्ने मेलमिलाप नीतिको मूल मर्मबाट पार्टीलाई विचलन हुन नदिन दृढ भएर उभिएका वी.पी. ले अनुमति नदिएकाले उनी जीवित रहँदासम्म ने.का. मा आन्दोलन प्रश्तावले मान्यता पाउन सकेन ।

क्यान्सर रोगबाट आक्रान्त भएका वी.पी. को २०३९ साल श्रावण ६ गते अकस्मात निधन भएपछि नेपालको राजनीतिमा नयाँ अध्याय प्रारम्भको विजारोपण भयो । वी.पी. लाई गालि गरेकै भरमा नेता बनेर दुनो सोझ्याउँदै आएका पंचायतका षड्यन्त्रकारीहरूले यसपछि वी.पी. को अभावमा ने.का. सकिन्छ-टुक्रिन्छ लगायतका हल्ला चलाएर आशा खेती गर्न थाले भने वी.पी. को व्यक्तित्व लगायतबाट थिचिएर शान्तिपूर्ण आन्दोलनद्वारा पंचायतलाई फाल्नु

पर्दछ भन्ने आफ्नो मान्यतालाई व्यवहारिकता प्रदान गर्न नसकेका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराई र संयुक्त संघर्षद्वारा पंचायतलाई समाप्त गर्नु पर्दछ भन्ने धारणाका समर्थक नेता गणेशमान सिंहले संघर्षका पक्षमा अभिमत दिन थाले । पंचायती निरंकुता झन बढ्दै गएकाले चर्को दमन भोग्नु परेको हुँदा आक्रोशित कार्यकर्ताहरू पनि पंचायति निरंकुशता विरुद्ध आन्दोलनको पक्षमा थिए । यस्तो स्थितिमा पार्टीको भावि नीति निर्धारणका लागि ने.का. द्वारा बोलाइएको क्षेत्रपाटी सम्मेलनमा व्यापक छलफल एवं परामर्शपश्चात पार्टीभित्र नेतात्रयको अवधारणा स्थापित गरेर शान्तिपूर्ण आन्दोलनका लागि उपाय खोज्ने निर्णयसँगै त्यसको सम्पूर्ण व्यवस्थापन मिलाउन नेतात्रयलाई नै जिम्मा दिने कार्य गरियो । यसप्रकार वी.पी. को निधनपश्चात ने.का. मा एकल नेतृत्वको परम्परा समाप्त भएर सामूहिक नेतृत्वको परिपाटी स्थापित भयो ।

क्षेत्रपाटी सम्मेलनले आन्दोलनको वातावरण बनाउने अभिमत प्रदान गरेपछि ने.का. भित्र नयाँ वहस प्रारम्भ भयो । पार्टीका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराई र सर्वोच्च नेता गणेशमान सिंह पंचायती निरंकुशता विरुद्ध शान्तिपूर्ण आन्दोलनको पक्षमा उभिए भने महामन्त्री गिरिजाप्रसाद कोइराला मेलमिलाप नीतिको मूल मर्म न संघर्ष न समर्पण नै हो भन्ने पक्षमा अडिग रहे । मेलमिलापका तहत जनस्तरमा गतिशिल हुँदा पंचायती निरंकुशताको दमन भोग्न बाध्य भएका कार्यकर्ताहरू आन्दोलनका पक्षमा उभिए भने २०३३ सालपछिका दिनरूमा जेल निर्वाशनबाट मुक्त भएर राजधानी सदरमुकाम लगायतका सहरी क्षेत्रमा बसेर सक्रियता देखाइरहेका कार्यकर्ताहरू महामन्त्रीतर्फ लागे । त्यो स्थितिमा आन्दोलनमूखी धार क्रमशः बलियो हुँदै गएकाले आत्तिएका यथास्थितिवादीहरूले महामन्त्री कोइरालालाई राजासँग भेटाएर आश्वासन दिलाई ने.का. मा फुट पैदा गराउने उद्देश्यअनुरूप दर्शनभेटको व्यवस्था मिलाइदिए । राजासँग भेटेपछि उत्साहित भएका महामन्त्री पनि मेलमिलाप नीतिप्रति राजा सकारात्मक भएको लगायतका विषयहरू लिएर जनसम्पर्क कार्यक्रमतर्फ लागे ।

पंचायती शक्ति केन्द्रको आशिर्वादमा गठन भएको थापा सरकारले अवलम्बन गरेको नीतिबाट केही उदार सोच राख्ने पंचहरू नै असन्तुष्ट भएर गतिविधि संचालन गर्नाले २०४० सालको प्रारम्भसँगै पंचायती खेमाभित्र खैलाबैला मच्चियो । चारैतिरबाट थापालाई पद छाड्न दवाव आए तापनि उनले नटेरेपछि उनकै मन्त्रिमण्डलका मतिपय मन्त्रीहरूले नीतिगत कुरा, पंच एकता, नैतिकता आदि विषय देखाएर राजिनामा दिन थाले । त्यसबाट बाध्य भएका थापाले पनि राजिनामा दिएपछि प्रक्रिया पुऱ्याएर राजाबाट २०४० साल असार अन्ततिर लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा नियुक्त गरियो । उदारवादी पंचका रूपमा चिनिने चन्दको नियुक्तिपछि निरुत्साहित भएका थापा लगायतका यथास्थितिवादीहरू भूमिगत गिरोहको षड्यन्त्रबाट देश आक्रान्त भएको लगायतका विषय उठाएर हिँड्न थाले ।

पंचायतवादीहरू नै विभाजित भएकाले उत्साहित भएको ने.का. आन्दोलनको विषयमा जनमत बनाउनेतर्फ लाग्यो । आन्दोलनका पक्षमा नबोले पनि महामन्त्री कोइरालाद्वारा संचालित

जनसम्पर्क अभियानले कार्यकर्ताहरूमा जोश बढ्न थाल्यो । ठाउँ-ठाउँमा जनताद्वारा महामन्त्रीको भव्य स्वागत गर्ने, उनका कुरा सुन्ने क्रम बढेपछि चन्द सरकारसँग असन्तुष्ट रहेका यथास्थितिवादीहरूले आफ्नो निर्देशनमा चल्ने प्रशासनिक निकाय एवं गुण्डाशक्ति भएका ठाउँहरूमा सांघातिक आक्रमण, व्यापक धरपकड गर्न थाले । जसले गर्दा महामन्त्रीको ज्यानै लिने प्रकृतिका जितपुर काण्ड, सूरजपुरा काण्ड, अगौली गोली काण्ड जस्ता डरलाग्दा घटनाहरू घट्न पुगे । तर आफूले जीवन उत्सर्ग गरेर पनि नेतालाई बचाउने ने.का. का कार्यकर्ताहरूको स्वभावले गर्दा यादवनाथ आलोक लगायतले शहादत पाएर भए पनि महामन्त्रीलाई जोगाए । यसरी ज्यानै लिनेसम्मका दमन भएपछि केही नगरी नहुने प्रष्ट भएकाले ने.का. द्वारा पुनः एक राष्ट्रिय सम्मेलन बोलाइयो । जसमा व्यापक प्रशासनिक हस्तक्षेप भएकाले सडक पेटीमै भए पनि सम्मेलन सम्पन्न गरेर “सबैका सहयोगले निकट भविष्यमै अहिंशात्मक जनआन्दोलन गर्ने” निर्णय गरेर तिथि निर्धारण लगायतका विषयमा टुङ्गो लगाउन अर्को सम्मेलन बोलाइने घोषणा गर्न ने.का. सफल भयो ।

संयुक्त शान्तिपूर्ण आन्दोलनको निर्णय गरेर ने.का. ले तयारीतर्फ कदम चाल्न थालेपछि आत्तिएका षड्यन्त्रकारीहरूले महामन्त्री कोइरालालाई पुनः राजासँग भेटाएर “विकल्प खोजी प्रश्ताव” अगाडि सारे । राजाको यस कार्यबाट पुनः एकपटक ने.का. भित्र गम्भिर वहस प्रारम्भ भएर आन्दोलन गर्ने नगर्ने लगायतका तर्क उठाउन थालियो । पार्टीका बैठकहरूमा महामन्त्री कोइरालाले आन्दोलनबाट पाउने कुरा वार्ता र समझदारीबाट पाइन्छ भने किन आन्दोलन गर्ने भन्न थाले भने कार्यवाहक अध्यक्ष भट्टराई र सर्वोच्च नेता सिंहले राजाको उक्त प्रश्ताव सुनियोजित षड्यन्त्रका तहत गरिएको चालवाजी हो भन्दै आन्दोलन बाहेक अन्य विकल्प नरहेको कुरामा जोड दिइयो । प्रकट रूपमा धेरै चर्चा नभए पनि यसबाट पार्टीभित्र व्यापक मतान्तर सिर्जना भयो । गाउँ-गाउँमा खटेर पंचायती दमन भोगेका कार्यकर्ता आन्दोलन गर्नु पर्दछ भन्ने पक्षमा लागे भने २०३३ सालपछि सहरी क्षेत्रमा बसेर क्रियाशिलता देखाउँदै सुविधा भोगी बनेका कार्यकर्ताहरू आन्दोलन मेलमिलाप नीतिको मर्म विपरित हुन्छ, बन्दै गरेको सहमतिको वातावरण विग्रन्छ लगायतका तर्क दिएर विपक्षमा उभिए ।

पार्टीभित्र आन्तरिक वहस चले तापनि शान्तिपूर्ण सत्याग्रह आन्दोलन गर्ने निश्चयमा दृढ रहेका नेता भट्टराई र सिंहले एकात्मक आन्दोलनको वातावरण बनाउन पहल गरे । नीतिगत व्यवस्था, कार्यकर्ता माथि नियन्त्रण लगायतका विषयमा गरिएको व्यापक छलफलका अन्तमा अतिवादी कम्यूनिष्ट बाहेकका ५ वटा उदारवादी वामपन्थी समूहहरूसँग सत्याग्रहसँग तालमेल हुने गरी मिल्दो कार्यक्रम घोषणा गरेर आन्दोलनमा उत्रने सहमति कायम भयो । पंचायती व्यवस्था स्थापनाको करिब २४ वर्षपछि कांग्रेस र कम्यूनिष्ट एक भएर शान्तिपूर्ण आन्दोलनमा जान सहमति भएको यो घटनालाई नै नेपालको इतिहासमा पंचायती निरंकुशता विरुद्ध एकात्मक आन्दोलनको विजारोपण मान्नु पर्दछ । बन्दुकको नालबाट मात्र सत्ता परिवर्तन हुन्छ भन्ने मान्यतामा विश्वास गर्ने

वामपन्थीहरू शान्तिपूर्ण आन्दोलनमा एकात्मक हुने सहमति भए तापनि ने.का. भित्र वैचारिक भिन्नता कायमै रहनाले तिथि निर्धारणमा ढिलाई हुँदै थियो । त्यही अवस्थामा अकस्मात राजाले एक सार्वजनिक समारोहमा व्यक्त सन्देशद्वारा “पंचायतका विरुद्ध विकल्पको खोजी गर्नु अर्थहिन हुनेछ...” भन्दै एकवर्ष अगाडिको आफ्नो प्रश्तावलाई अर्थहिन बनाइ दिएपछि उक्त प्रश्ताव ने.का. भित्र फुट र विग्रह ल्याउनका लागि सारिएको तथ्यता प्रमाणित भयो ।

विकल्प खोजी प्रश्ताव षड्यन्त्र भएको प्रमाणित भएपछि ने.का. को सम्पूर्ण ध्यान आन्दोलनतर्फ केन्द्रित भयो । तसर्थ २०४१ साल फाल्गुण २८ गते बोलाइएको राष्ट्रिय सम्मेलनद्वारा सत्याग्रह आन्दोलन गर्ने निर्णय गऱ्यो तापनि तिथि निर्धारण अगावै देशभरका समस्यासहित ३ लाखभन्दा बढी बालिग नागरिकहरूको हस्ताक्षर संकलन गरेर सुधारका लागि अनुरोध गर्दै दरबारमा बुझाएर राजासँग समझदारीको अन्तिम प्रयास गऱ्यो । तर दरबारले कुनै वास्ता नगरेपछि २०४२ साल जेठ १ गतेका दिन नेतात्रयका तर्फबाट पंचायतका निरंकुश क्रियाकलाप विरुद्ध जेठ १० गतेबाट शान्तिपूर्ण सत्याग्रह गर्न लागिएको जानकारी दिँदै राजदरबारमा विन्तिपत्र दर्ता गरेर फर्केपछि सत्याग्रहको तिथि, स्वरूप लगायतको घोषणा गरियो । त्यसपछि निश्चित तिथिबाट प्रारम्भ भएको सत्याग्रह आन्दोलनका क्रममा देशभरिबाट ७ हजारभन्दा बढी नेता एवं कार्यकर्ताहरूले गिरफ्तारी दिएर जेल भरे । पार्टीका शिर्षनेताहरूसँगै कार्यकर्ताहरू जेल जाने क्रम चल्यो । समानान्तर कार्यक्रम दिएर संघर्षमा उत्रिएका उदारवादी वामपन्थीहरू पनि पहिलोपटक पंचायत विरोधी शान्तिपूर्ण आन्दोलनमा सहभागि भएर स्वेच्छाले जेल परे ।

कुनै पनि विदेशी सरकार एवं नेपालस्थित दुतावासहरूले खासै चासो नदेखाउनाले अन्तर्राष्ट्रिय समर्थन पाउन नसकेको सत्याग्रह आन्दोलन २०४२ मा निरंकुशता भित्र मात्र कम्यूनिष्ट सिद्धान्त फस्टाउँछ भन्ने मान्यता राख्ने नेपालका अतिवादी वामपन्थीहरूले भने कुनै भूमिका निर्वाह गरेनन् । वी.पी. को निधनपछि एकात्मक नेतृत्वको समाप्तिसँगै सामूहिक नेतृत्वको परिपाटीमा हिडेको ने.का. ले सर्वसम्मत निर्णय गर्न नसक्दा सत्याग्रहको तयारीमा लाग्नु पर्ने समय सत्याग्रह वा विकल्पको खोजी भन्ने विवादमा नै खर्च गर्नु परेको थियो । फलस्वरूप सत्याग्रहको तिथि निर्धारणका दिनसम्म पनि कार्यकर्ताहरूमा सत्याग्रह हुन्छ कि हुँदैन भन्ने अन्यौल कायमै रहेकाले खासै तयारी हुन पाएन । त्यस्तो स्थितिमा नेपाल जस्तो कृषि प्रधान मुलुकमा वर्षभरि बाँच्ने अन्न जुटाउन खेतीपातीको तयारीतर्फ लाग्नु पर्ने बेला पारेर आन्दोलन घोषणा गरिनाले सत्याग्रहले जनआन्दोलनको रूप लिन नसकेको हुँदा असार लाग्दा नलाग्दै शिथिलता जस्तो स्थिति आयो । प्रारम्भमा नै नेता एवं प्रमुख कार्यकर्ताहरू थुनिइसकेको, धर्ना-गिरफ्तारी आदिलाई निरन्तरता दिनका लागि मानिस जुटाउन कठिन हुन थालेको, आम जनता सडकमा उतार्नेतर्फ ध्यानै नदिइएको, क्रमिक रूपमा अगाडि सार्नका लागि योजनाबद्ध कार्यक्रम तय नगरिएको कारणले यस्तो भएको थियो । त्यो स्थितिमा के गर्ने र कसरी सत्याग्रहलाई नयाँ चरणमा लैजाने भन्ने तर्फ सोच्न थालिएकै बेला एक्काशि राजधानीका

संवेदनशिल क्षेत्र लगायत देशका विभिन्न भागमा रहस्मय वम विष्फोटनका घटना घटन पुगे । आफ्नो अहिंशात्मक आन्दोलनका क्रममा हिंशात्मक परिस्थिति उत्पन्न भएमा आन्दोलन रोक्ने प्रतिबद्धता व्यक्त गरिसकेको ने.का. ले उक्त वम काण्डलाई आधार बनाएर सत्याग्रह स्थगन गऱ्यो । रामराजाप्रसाद सिंहको जनवादी मोर्चाले जिम्मेवारी लिएको उक्त वम काण्डले ने.का. का लागि सत्याग्रह रोक्ने अवसर दिएर लाज बचाइदियो ।

घोषित लक्ष्यमा नपुग्दै स्थगित हुन पुगेको सत्याग्रहले ने.का. भित्र जुझारु कार्यकर्ता तयार गर्ने र मेलमिलाप नीतिअन्तर्गत पनि शान्तिपूर्ण आन्दोलन सम्भव हुन्छ भन्ने मान्यता स्थापित गर्ने काम गऱ्यो । यो आन्दोलनमा नेपालका अतिवादी वामपन्थीहरूले कुनै भूमिका निर्वाह नगरे तापनि पहिल्यैदेखि थुनिएका उनीहरूका नेता एवं कार्यकर्ताहरूले सत्याग्रहीहरूसँग जेलमा सँगै बस्ने, एउटै भान्छामा खाने, छलफल वहस गर्ने, शान्तिपूर्ण आन्दोलनको महत्व बुझ्ने मौका पाए । समान खालका कार्यक्रम घोषणा गरेर भाग लिएका उदारवादी वामपन्थीहरूले भने सहयात्रिको स्थान पाउनुका साथै शान्तिपूर्ण आन्दोलनको प्रभावकारिता महसुस गरे । परिणाम स्वरूप यो आन्दोलनले एकातिर एक अर्कालाई कट्टर शत्रुका रूपमा हेर्ने कांग्रेस र कम्यूनिष्टहरू बीच निकटताका मार्गहरू विस्तार गऱ्यो भने अर्कातिर निरंकुशतालाई बन्दुकद्वारा मात्र समाप्त गर्न सकिन्छ भन्ने कम्यूनिष्टहरूलाई पनि शान्तिपूर्ण आन्दोलनको मार्गमा समाहित गरेर संयुक्त आन्दोलनको वातावरण निर्माणमा सघाउ पुऱ्यायो ।

नेपालको उल्लेखित राजनैतिक जागरणमा नगण्य जस्तो देखिने वैदेशिक प्रभाव वा चासोबारे पनि उल्लेख जरुरी छ । खासगरी दोस्रो विश्वयुद्ध पछि प्रारम्भ भएको शितयुद्धले गर्दा संसारका देशहरू मुख्यतः दुई खेमामा विभाजित भएका थिए । यसक्रममा अमेरिकाले पूँजीवादी एवं प्रजातन्त्रवादी देशहरूको नेतृत्व गऱ्यो भने तत्कालीन सोभियत संघले समाजवादी एवं साम्यवादी देशहरूको नेतृत्व गऱ्यो । त्यसरी दुई खेमामा विभाजित देशहरू बीच जुन प्रतिष्पर्धा सुरु भयो त्यसमा विपन्न देशहरूलाई आफ्नो प्रभावमा पार्न आर्थिक लगायतका सहयोग दिने कार्य थालिए । यसको प्रभाव दक्षिण एशिया क्षेत्रमा पनि परेकाले समय क्रममा अफगानिस्तान सोभियत संघ समथर्क बनेपछि अमेरिकाले पाकिस्तानलाई आफ्नो पक्षधर बनाएर शक्तिशाली बनाउने तर्फ लाग्यो । आफ्नो कट्टर शत्रुराष्ट्र पाकिस्तान अमेरिकी प्रभावमा परेपछि आत्तिएको भारतले सोभियत संघसँग २० वर्षे मैत्री सन्धि गरेर स्थिति बलियो बनाउने तर्फ कदम चाल्यो । यो अवधिमा नेपालको अर्को छिमेकी देश चिन भने तटस्थ नै रहेर गतिशील हुँदै थियो । प्रभाव विस्तारको यो होडबाजीका बेला नेपालको तत्कालीन पंचायती सरकारले असंलग्न परराष्ट्र नीति अवलम्बन गरेर सबैतिरबाट सहयोग लिने नीति लियो ।

संसारभरि नै शक्ति राष्ट्रहरू यसरी प्रभाव विस्तारमा संलग्न भएकाले उनीहरूको प्रभावमा नपर्नेहरूलाई खासै ध्यान दिएनन् । त्यसैले यो अवधिमा नेपालको पंचायती व्यवस्था विरुद्ध सक्रिय राजनैतिक दलहरूले छिटफुट रूपमा नैतिक समर्थन बाहेक खासै सहयोग पाउन सकेनन् । खास गरेर ने.का. द्वारा २०३३ सालमा मेलमिलाप नीति अवलम्बन गरेर नेपाल

फर्किएपछि तत्कालीन सरकारद्वारा वी.पी. कोइराला लगायत उनका समर्थकहरूप्रति गरेको व्यवहारबाट जुन वातावरण निर्माण भयो त्यसबाट चिन्तित अन्तर्राष्ट्रिय जगतका प्रजातन्त्रवादी एवं समाजवादीहरूले ने.का. प्रति सकारात्मक भावना व्यक्त गर्न थाले । यसक्रममा भारत, ब्रिटेन, जर्मनी, अमेरिका, जापान आदि मुलुकका समाजवादी एवं प्रजातन्त्रवादी राजनेता, दल, समूह, संघ संस्था आदिले मानव अधिकार लगायतका विषयवस्तुहरू उठाएर ने.का. लाई बल पुग्ने खालका आवाजद्वारा वातावरण निर्माणमा सहयोग गरे । जसबाट बाध्य भएको पंचायती सरकारले आफ्नो चाहना विपरित नै भए पनि केही नरम नीति लियो । वैदेशिक क्षेत्रबाट यसरी नैतिक समर्थन प्राप्त गरेर मुलुकभित्रै गतिशील भएको ने.का. ले प्रजातन्त्र पुनर्स्थापनार्थ संचालन गरेका कार्यक्रमहरूमा वैदेशिक शक्तिको नियन्त्रण एवं निर्देशन थियो भन्न भने सकिने स्थिति देखिदैन । यस्तै अवस्था अन्य प्रतिबन्धित राजनैतिक दलहरूको पनि देखिन्छ ।

यसप्रकार पंचायतको स्थापनासँगै अपहरित प्रजातन्त्र एवं मानव अधिकार बहालिका लागि बोकेको बन्दुक फ्याँकेर २०३३ सालमा "राजासँग संघर्ष र पंचायतसँग आत्मसमर्पण नगर्ने" रणनीतिअनुरूप नेपाल फर्किएको ने.का. ले गतिशिलता बढाउँदै गएर वी.पी. को निधनपछि शान्तिपूर्ण र अहिंशात्मक आन्दोलन मेलमिलाप नीति विपरित हुँदैन भन्ने मान्यता स्थापित गर्दै कम्यूनिष्टहरूसँग पनि तालमेल राखेर सत्याग्रह आन्दोलन सन्चालन गऱ्यो । त्यसमा घोषित लक्ष्यअनुरूपका उपलब्धि पाउन नसके तापनि आन्दोलनका हरेक कार्यक्रमले सत्ता प्राप्तिको सिढिमा नै नपुऱ्याए तापनि पूर्वाधार तयार गर्न सहयोग गर्दछ भन्ने वास्तविकताअनुरूप समाजलाई जागरुक बनाउने काम गऱ्यो । शान्तिपूर्ण आन्दोलनले कहिल्यै पनि मेलमिलाप नीतिको मर्म र उपलब्धिलाई समाप्त गर्न सक्दैन भन्ने नजिर स्थापित गर्न सफल भएको ने.का. ले सत्याग्रहका माध्यमबाट नेपालमा संयुक्त जनआन्दोलनको पृष्ठभूमि तयार गऱ्यो । यो आन्दोलनमा भएको सहकार्यबाट देखापरेको प्रभाव र जनता एवं राजनैतिक जगतबाट व्यक्त प्रतिक्रियालाई मध्यनजर गर्दै अतिवादी कम्युनिष्टहरू पनि शान्तिपूर्ण र संयुक्त आन्दोलनतर्फ आकर्षित हुन थाले । कहिल्यै आपसमा मिल्न नसक्ने वामपन्थीहरू पनि एकजुट भएमा निरंकुशता विरुद्ध उभिएर परास्त गर्न सुगम हुने कुरा महसुस गर्न पुगे । यही भावना र अनुभवले नै केही समयपछि नेपालमा संयुक्त संघर्ष सम्भव बनाएर निरंकुश पंचायती व्यवस्थाको समाप्ति सम्भव बनायो । त्यसैले २०३३ सालमा मेलमिलाप नीति लिएर नेपाल फर्किएपछि ने.का. द्वारा क्रमशः गतिशिलताका लागि गरिएका प्रयासहरूको फलस्वरूप नै २०४६ सालको सफल संयुक्त जनआन्दोलनको पूर्वाधार तयार भएको हो भन्न सकिन्छ ।

# सन्दर्भ–सामग्री

## अप्रकाशित स्रोतहरू

### अन्तर्वार्ता

– अग्रवाल, मंगलचन, २०२७ देखिका सक्रिय कार्यकर्ता, ने.का., रंगेली, मोरङ्ग ।

– अधिकारी, रामचन्द्र, २०२५ देखिका सक्रिय कार्यकर्ता, भूतपूर्व राज्यमन्त्री, ने.का., लमजुङ ।

– अधिकारी, भरतमोहन, भूतपूर्व उप-प्रधानमन्त्री, सांसद, नेकपा एमाले, मोरङ ।

– अधिकारी डा. यज्ञप्रसाद, प्राध्यापक, राजनीतिशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

– अधिकारी, शेषनाथ, प्रतिरोध आन्दोलन-२ का सेनानी, जिल्ला सभापति, ने.का. (प्रजातान्त्रिक), चितवन ।

– आचार्य, डा. व्रतराज, भूतपूर्व विद्यार्थी नेता, प्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

– आचार्य शैलजा, भूतपूर्व उप-प्रधानमन्त्री, सांसद, ने.का., मोरङ, विराटनगर ।

– आचार्य, गिरिराज, पत्रकार, लेखक एवं प्रतिनिधि सभा सदस्य उम्मेदवार, ने.का., सुनसरी, धरान ।

– आचार्य, नरहरि, भूतपूर्व मन्त्री एवं सांसद, राष्ट्रिय सभा, ने.का., काठमाडौँ ।

– आचार्य, पुष्कर, सदस्य, नेपाल ट्रेड यूनियन कांग्रेस, मोरङ ।

– उपाध्याय, आमोदप्रसाद, भूतपूर्व मन्त्री एवं सांसद, ने.का., मोरङ, विराटनगर ।

– उपाध्याय, दामोदर, भूतपूर्व स्थानीय विकास कार्यकर्ता एवं सक्रिय सभाजसेवी, धनुषा ।

– उपाध्याय, मेघप्रसाद, भुतपूर्व जिल्ला पंचायत सभापति, धनुषा ।

– उपाध्याय, योगप्रसाद, २०१५ सालदेखिका सक्रिय कार्यकर्ता, भूतपूर्व मन्त्री, ने.का., ललितपुर ।

– उप्रेती, डा. शंकर २०२५ देखिका सक्रिय कतार्यकर्ता, भूतपूर्व सांसद राष्ट्रिय सभा, ने.का., अर्जुनधारा, झापा ।

– ओझा, सिद्धराज, भूतपूर्व मन्त्री, ने.का. ।

– कँडेल, गोविन्द, २०१८ सालदेखिका सक्रिय कार्यकर्ता, भूतपूर्व सांसद, ने.का., बाग्लुङ्ग ।

– काफ्ले, दिर्घराज, युवा कार्यकर्ता, नेका. (प्रजातान्त्रिक), भैरहवा, रूपन्देही ।

– कार्की, सीता, सक्रिय महिला कार्यकर्ता, ने.का., रंगेली, मोरङ ।

– कार्की पद्मकेशर, २०२५ देखिका सक्रिय कार्यकर्ता, ने.का., धरान, सुनसरी ।

– कार्की, कैलाश, २०३५-३६ को विद्यार्थी आन्दोलनमा नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशनका प्रमुख नेता, काठमाडौँ ।

– कोइराला, गिरिजाप्रसाद, महामन्त्री, ने.का. ।

– कोइराला, विपिन, ने.वि. संघका संस्थापक सभापति, सक्रिय कार्यकर्ता, ने.का., सिन्धुली ।

– कोइराला, राजेन्द्रनिधि, २०३५ सालदेखिका ने.वि. संघका नेता एवं युवा नेता, ने.का., पोखरा, कास्की ।

– कोइराला, अशोक, सांसद, राष्ट्रिय सभा, भूतपूर्व मेयर, विराटनगर नगरपालिका, जिल्ला सभापति, ने.का., जिल्ला कार्यसमिति, मोरङ ।

– कोइराला, श्रीमती नोना, केन्द्रीय सदस्य, ने.का. विराटनगर, मोरङ ।

– कोइराला, कुमारप्रसाद, प्रतिरोध आन्दोलन-२ का कार्यकर्ता, उप-प्राध्यापक, महेन्द्र मोरङ बहुमुखी क्याम्पस, विराटनगर ।

– कोइराला, हेमन्त, सहरजिष्ट्रार, पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर ।

– कोइराला, भुवनहरि, प्रतिरोध आन्दोलन-२ का कार्यकर्ता एवं शहीद केशव कोइरालाका दाजु, उप-प्राध्यापक, सिराहा क्याम्पस, सिराहा ।

– कोइराला, तारा, स्याङ्जा काण्डका ज्यूँदा शहीद, भूतपूर्व जिल्ला सभापति, ने.का., लमजुङ ।

– कोइराला, शुशिल, महामन्त्री, ने.का. केन्द्रीय समिति ।

– कोइराला, श्रीमती लीला, शहीद सरोज कोइरालाकी पत्नी एवं भूतपूर्व मन्त्री, सांसद, ने.का., धनुषा ।

– खाँण बालकृष्ण, भूतपूर्व सभापति, त्रि.वि. क्याम्पस, कीर्तिपुर स्व.वि.यु., ने.वि. संघ केन्द्रीय समिति, सांसद एवं राज्यमन्त्री, ने.का. (प्रजातान्त्रिक), रूपन्देही ।

– गिरी, ज्ञानीशंकर, प्रतिरोध आन्दोलन-१ का सेनानी, सक्रिय कार्यकर्ता, ने.का. (प्रजातान्त्रिक), जनकपुरधाम, धनुषा ।

– गिरी, उमेश, विमान अपहरण २०३० का सहयोगी, प्रतिरोध आन्दोलन-२ का सेनानी, युवा कार्यकर्ता, विराटनगर, मोरङ ।

– गिरी, युवराज, सुरजपुरा काण्डका प्रत्यक्षदर्शी, जिल्ला सदस्य, ने.का., रूपन्देही ।

– गुरुङ, प्रेमबहादुर, भू.पू. सैनिक एवं प्रतिरोध आन्दोलन १ का सेनानी, रूपन्देही ।

– गौतम, ताराप्रसाद, प्रतिरोध आन्दोलन-२ का कार्यकर्ता, प्रधानाध्यापक, बाग्लुङ ।

– गौतम, डण्डपाणि, २०२८ देखिका सक्रिय कार्यकर्ता, जिल्ला सदस्य, ने.का., रूपन्देही ।

– गौतम, बोधनाथ, युवा कार्यकर्ता, ने.का., नारायणगढ, चितवन ।

– घिमिरे, नारायण, प्रतिरोध आन्दोलन-२ का कार्यकर्ता, क्याम्पस प्रमुख, रामसागर रामस्वरूप बहुमुखी क्याम्पस, जनकपुरधाम ।

– घिमिरे बद्री, २०३५-३६ को विद्यार्थी आन्दोलनका नेता, सक्रिय कार्यकर्ता, ने.का. (प्रजातान्त्रिक), विराटनगर, मोरङ ।

– घिमिरे, रामकृष्ण, विद्यार्थी आन्दोलनका नेता, जिल्ला सचिव, ने.का., चितवन ।

– चन्द, लोकेन्द्रबहादु, भूतपूर्व प्रधानमन्त्री, भक्तपुर ।

– चुके, मुक्तिलाल, २०३० देखिका सक्रिय कार्यकर्ता, भूतपूर्व मेयर, भरतपुर नगरपालिका, ने.का., चितवन ।

– चौधरी, स्मृतिनारायण, प्रतिरोध आन्दोलन-२ का सेनानी, सक्रिय कार्यकर्ता, सांसद, ने.का., जनकपुरधाम, धनुषा ।

– ठाकुर, महन्थ, प्रतिरोध आन्दोलनका सेनानी, सक्रिय नेता, भूतपूर्व उपसभामुख, मन्त्री, ने.का., धनुषा ।

– ढकाल, रामचन्द्र, भूतपूर्व विद्यार्थी नेता एवं भूतपूर्व उपसभापति, जि.वि.स. रूपन्देही, सचिव, ने.का. रूपन्देही ।

- तामाङ, श्यामकुमार, २००७ क्रान्तिका सेनानी, नेपाल प्रहरी, भू.पू. अधिकृत, बाँके ।
- ताम्राकार, रामकृष्ण, भूतपूर्व जिल्ला सचिव, भू.पू. मन्त्री एवं सांसद, ने.का., रूपन्देही ।
- तिवारी, ऋषिकेश, २०३६ को विद्यार्थी आन्दोलनमा पोखराका घाइते, सक्रिय कार्यकर्ता एवं सचिव, ने.का. जिल्ला समिति, कुश्मा, पर्वत ।
- तिवारी, श्यामसुन्दर, २०३० देखिका सक्रिय कार्यकर्ता, जिल्ला सदस्य, ने.का., रूपन्देही ।
- दवाडी, मदनप्रसाद, सहप्राध्यापक, भैरहवा बहुमुखी क्याम्पस, भैरहवा ।
- दाहाल, हरिप्रसाद, प्रतिरोध आन्दोलन-२ का कार्यकर्ता, ने.का., दर्वेशा, मोरङ ।
- द्विवेदी, अजय, भूतपूर्व उपमेयर, वीरगञ्ज नगरपालिका, युवा नेता, ने.का., (प्रजातान्त्रिक), वीरगंज, पर्सा ।
- दुबे, भागवत, २००७ सालदेखिका कार्यकर्ता एवं प्रतिरोध आन्दोलनका सेनानी, वीरगंज, पर्सा ।
- धरावासी, कृष्ण, लेखक, पत्रकार, शनिश्चरे, झापा ।
- निधि, विमलेन्द्र, २०३२ देखिका विद्यार्थी नेता, भूतपूर्व सभापति ने.वि. संघ, मन्त्री, सांसद, ने.का. (प्रजातान्त्रिक), जनकपुरधाम, धनुषा ।
- नेपाल, हरि, प्रतिरोध आन्दोलन-२ का सेनानी, सक्रिय कार्यकर्ता एवं भू.पू. सांसद, जिल्ला सभापति, ने.का. (प्रजातान्त्रिक), तान्सेन, पाल्पा ।
- नेपाल, लक्ष्मीनाथ, २०३६ देखिका विद्यार्थी नेता, युवा नेता, ने.का., (प्रजातान्त्रिक), वीरगञ्ज, पर्सा ।
- नेपाली, देवेन्द्र, बुद्धिजीवी, कानुनविद्, वीरगंज, पर्सा ।
- नेपाली, राजेश्वर, बुद्धिजीवी, पत्रकार, जनकपुरधाम, धनुषा ।
- न्यौपाने, श्रीमती सीतालक्ष्मी, शहीद यादवनाथ आलोककी पत्नी एवं प्रतिनिधि सभा सदस्य, उम्मेदवार, ने.का., रूपन्देही ।
- पन्त, राजन, २०३० सालदेखिका विद्यार्थी नेता, ने.का., जिल्ला सभापति, तानसेन, पाल्पा ।
- पन्थी, निलाम्बर, २०१५ सालको प्रतिनिधि सभा सदस्य, पूर्व सांसद, राष्ट्रिय सभा, ने.का., भैरहवा, रूपन्देही ।
- पराजुली, शोभाखर, प्रचार मन्त्री (सचिव), ने.का., केन्द्रीय कार्यालय, काठमाडौं ।
- पंडित, जगन्नाथ, उप-प्राध्यापक, भरतपुर बहुमुखी क्याम्पस, भरपुर, चितवन ।
- पाठक, गणेशप्रसाद, भूतपूर्व विद्यार्थी नेता, उप-प्राध्यापक, भैरहवा बहुमुखी क्याम्पस, भैरहवा ।
- पाण्डे, देवेन्द्रराज, भूतपूर्व अर्थमन्त्री, काठमाडौं ।
- पुरी, जितबहादुर, प्रतिरोध आन्दोलनका सेनानी, सक्रिय कार्यकर्ता, ने.का., भद्रपुर, झापा ।
- पोखरेल, हरिप्रसाद, सुरजपुरा काण्डका ज्यूँदा शहिद, सक्रिय कार्यकर्ता, ने.का. भैरहवा, रूपन्देही ।
- पौडेल, रामचन्द्र, नेवि. संघका संस्थापक नेता, भू.पू., उप-प्रधानमन्त्री, ने.का., तनहुँ ।
- पौडेल, हरिप्रसाद, २०१७ देखिका सक्रिय कार्यकर्ता, बाग्लुङ ।
- प्रधान, सहाना, पुष्पलालकी श्रीमती, सक्रिय महिला नेतृ, भूतपूर्व मन्त्री, ने.क.पा. एमाले, सानेपा, ललितपुर ।
- बराल, डा. लोकराज, भूतपूर्व प्राध्यापक, राजनीतिक विश्लेषक, त्रि.वि., सानेपा, ललितपुर ।

- बराल, नारायण, प्रतिरोध आन्दोलनदेखिका सक्रिय कार्यकर्ता, ने.का., भैरहवा, रूपन्देही ।
- बस्नेत, पुरुषोत्तम, प्रतिरोध आन्दोलनका सेनानी, सक्रिय कार्यकर्ता, प्रचार संयोजक, ने.का., केन्द्रीय कार्यालय ।
- बस्नेत, गोपालकुमार, प्रतिरोध आन्दोलन-२ का सेनानी, सक्रिय कार्यकर्ता, ने.का. (प्रजातान्त्रिक), चारपाने, बिर्तामोड, झापा ।
- वास्तोला, चक्र, प्रतिरोध आन्दोलन-२ का कार्यकर्ता, भूतपूर्व मन्त्री, ने.का., झापा ।
- वैद्य, डा. तुलसीराम, इतिहासविद्, प्राध्यापक एवं भूतपूर्व निर्देशक, राष्ट्रिय विकास सेवा निर्देशनालय, त्रि.वि., त्रिपुरेश्वर, काठमाडौँ ।
- वैद्य, श्रीदेव, २०३० मा अपहरित विमानका सहचालक, त्रिपुरेश्वर, काठमाडौँ ।
- भट्टराई, कृष्णप्रसाद, कार्यवाहक सभापति, ने.का., केन्द्रीय समिति ।
- भट्टराई, मनमोहन, युवानेता एवं राजनीतिक विश्लेषक, ने.का. (प्रजातान्त्रिक), नयाँ वानेश्वर, काठमाडौँ ।
- भट्टराई, हरिवोल, युवानेता, भू.पू. प्रधानपंच, काठमाडौँ, नगरपंचायत, ने.का., नयाँवानेश्वर, काठमाडौँ ।
- भट्टराई, डा. तुलसी, बुद्धिजीवी, लेखक, भूतपूर्व विद्यार्थी नेता, सदस्य सचिव, प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ ।
- भण्डारी, डा. दुर्गा, प्राध्यापक, अंग्रेजी केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।
- भुषाल, दानबहादुर, भू.पू. सैनिक एवं प्रतिरोध आन्दोलनका सेनानी, रूपन्देही ।
- मल्ल, वासुदेवचन्द्र, राजनीतिशास्त्री, प्राध्यापक, उपकुलपती, त्रिभुवन विश्वविद्यालय ।
- मानन्धर, डा. त्रिरत्न, इतिहासविद्, प्राध्यापक, डीन, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, त्रि.वि., कीर्तिपुर ।
- यादव, रामकृष्ण, जिल्ला सभापति, ने.का., जनकपुरधाम, धनुषा ।
- यादव, शिवधारी, प्रतिरोध आन्दोलन-२ देखिका सक्रिय कार्यकर्ता, ने.का., जदुकोहा, धनुषा ।
- राना, बाबुराम, भू.पू. सैनिक, प्रतिरोध आन्दोलन-२ का सेनानी, भू.पू. सांसद, राष्ट्रिय सभा, जिल्ला सभापति, ने.का., रूपन्देही ।
- राई, जसधन, प्रतिरोध आन्दोलन-२ का सेनानी एवं ओखलढुङ्गा काण्डका ज्यूँदा शहीद, ने.का., उर्लावारी, मोरङ ।
- रिसाल, वासुदेव, प्रतिरोध आन्दोलनका कार्यकर्ता, सक्रिय नेता, भूतपूर्व मन्त्री, ने.का., कुपण्डोल, ललितपुर ।
- रिजाल, उमेशचन्द्र, पाँचथर काण्डका पीडित, उप-प्राध्यापक, भैरहवा बहुमुखी क्याम्पस, भैरहवा ।
- रिजाल, रमेश, भूतपूर्व विद्यार्थी नेता, सांसद, ने.का. (प्रजातान्त्रिक), वीरगञ्ज, पर्सा ।
- लम्साल, डा. गंगाधर, विद्यार्थी आन्दोलनका प्रमुख नेता, सक्रिय कार्यकर्ता, भूतपूर्व राज्यमन्त्री, सांसद, ने.का., भरतपुर, चितवन ।
- लाल, डा. वृखेशचन्द्र, प्रतिरोध आन्दोलनका सेनानी एवं विद्यार्थी नेता, युवानेता, भूतपूर्व मेयर जनकपुर नगरपालिका, ने.का., जनकपुरधाम, धनुषा ।
- वाग्ले, चिरन्जीवी, ने.वि. संघका संस्थापक नेता, सक्रिय कार्यकर्ता, भूतपूर्व मन्त्री, सांसद, ने.का. (प्रजातान्त्रिक), गोरखा ।

– शर्मा, डिल्लीरमण, प्रतिरोध आन्दोलनका सेनानी, सक्रिय कार्यकर्ता, भूतपूर्व जिल्ला सभापति, ने.का., रूपन्देही ।

– शर्मा, श्रीभद्र, जयँन्तु संस्कृतमका संस्थापक, भूतपूर्व महामन्त्री, ने.का., भूतपूर्व रा.प.स. एवं मन्त्री, तनहुँ ।

– शर्मा, शुक्रराज, प्रतिरोध आन्दोलनका कार्यकर्ता, सांसद, राष्ट्रिय सभा, जिल्ला सभापति, ने.का., पोखरा, कास्की ।

– शर्मा, अनिरुद्र, प्रतिरोध आन्दोलनका सेनानी, सक्रिय कार्यकर्ता, ने.का., नवलपरासी ।

– शर्मा, मोहनराज, सुरजपुरा काण्डका प्रत्यक्षदर्शी एवं विद्यार्थी नेता, युवा नेता ने.का., रूपन्देही ।

– शर्मा, गोपालप्रसाद, बुद्धिजीवी, भूतपूर्व राजदूत, विराटनगर, मोरङ ।

– शर्मा, प्रेमनाथ, २०३० देखिका सक्रिय कार्यकर्ता, ने.का., वीरगञ्ज, पर्सा ।

– शर्मा, रमेश, भूतपूर्व विद्यार्थी नेता, भू.पू. सभापति, जिल्ला विकास समिति, कपिलवस्तु, ने.का. (प्रजातान्त्रिक), तौलिहवा, कपिलवस्तु ।

– शर्मा, गणेशराज, वरिष्ठ कानुनविद्, वी.पी. को मुद्धामा वहस गर्ने प्रमुख अधिवक्ता, काठमाडौँ ।

– शर्मा, बनमालीराज, ने.वि. संघ, पाल्पा जिल्ला शाखाका संस्थापक सभापति, लेखक, उप-प्राध्यापक, भैरहवा बहुमुखी कयाम्पस, भैरहवा ।

– शाह, लाल किशोर, २०३० देखिका सक्रिय विद्यार्थी नेता, भूतपूर्व उपमेयर, जनकपुर नगरपालिका, युवा नेता, ने.का., जनकपुरधाम, धनुषा ।

– शाह, हरेकृष्ण, उप-प्राध्यापक, राजनीतिशास्त्र, भैरहवा बहुमुखी क्याम्पस, भैरहवा ।

– श्रेष्ठ, महेश्वरलाल, प्रतिरोध आन्दोलन १-२ का सेनानी, सक्रिय कार्यकर्ता, ने.का., नारायणगढ, चितवन ।

– श्रेष्ठ, कृष्णकुमारी, २०३२ सालदेखिका सक्रिय महिला कार्यकर्ता, सभापति, नेपाल महिला संघ, नगर समिति, नारायणगढ, भरतपुर ।

– श्रेष्ठ, गोपालमान, प्रतिरोध आन्दोलन-२ का सेनानी, भूतपूर्व मन्त्री, ने.का. (प्रजातान्त्रिक), स्याङ्जा ।

– श्रेष्ठ, अमरनाथ, उप-प्राध्यापक, इतिहास, ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज एवं सक्रिय कार्यकर्ता, ने.का., पर्सा ।

– सिवाकोटी, सुधिर, युवा कार्यकर्ता, जिल्ला सभापति, ने.का., झापा ।

– सिटौला, चक्रविक्रम, युवा कार्यकर्ता, सदस्य, नेपाल तरुण दल, झापा ।

– सिंह गणेशमान, सर्वोच्च नेता, ने.का. ।

– सुवेदी, दुर्गा, २०३० सालको विमान अपहरण गर्नेहरूका कमाण्डर, विराटनगर, मोरङ्ग ।

– सुवेदी, भुवनराज, २०२५ देखिका सक्रिय कार्यकर्ता, ने.का. (प्रजातान्त्रिक) का युवा नेता, रूपन्देही ।

– क्षेत्री, जनार्दन सिंह, २०३५ देखिका विद्यार्थी नेता, भूतपूर्व सभापति, जिल्ला विकास समिति, पर्सा, युवा नेता ने.का. प्रजातान्त्रिक, वीरगञ्ज, पर्सा ।

**शोधपत्रहरू**

– अधिकारी, लिलाराज, "राष्ट्रिय जनआन्दोलनमा नेपाल विद्यार्थी संघको भूमिका (२०४६-०४७)," स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : राजनीतिशास्त्र केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, २०४८ ।

– अधिकारी मोतीप्रसाद, "नेपाली कांग्रेस र प्रजातान्त्रिक आन्दोलनका तीन दशक (२०१७-२०४६)," स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०५८ ।

– गौतम, मुरारी कृष्ण, "अन्तरिम शासनकाल २०४६ मा कृष्णप्रसाद भट्टराईको भूमिका," स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : इतिहास केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, २०४९ ।

– गौतम, बद्रीनारायण, "नेपाली कांग्रेस र संघर्षका दश वर्ष (२०३६-२०४६)," स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : इतिहास केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, २०५० ।

– दाहाल, लिलानाथ, "प्रजातन्त्र पुनर्स्थापनामा ओखलढुंगा आन्दोलन," स्नातकोत्तर शोधपत्र, विराटनगर : राजनीतिशास्त्र विभाग, स्नातकोत्तर क्याम्पस, २०५७ ।

– निरौला, बलराम, "राष्ट्रिय मेलमिलापको परिप्रेक्ष्यमा विश्वेश्वरप्रसाद कोइराला," स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : इतिहास केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, २०४६ ।

– निरौला, पेशलकुमार, "नेपालको प्रजातान्त्रिक आन्दोलनमा सोलुखुम्बु जिल्लाको भुमिका," स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : इतिहास केन्द्रीय शिक्षण विभाग? त्रिभुवन विश्वविद्यालय, २०४९ ।

– प्रसाईं, इन्दिरादेवी, "नेपालको प्रजातान्त्रिक इतिहासमा नोना कोइरालाको योगदान," स्नातकोत्तर शोधपत्र, विराटनगर : राजनीतिशास्त्र शिक्षण समिति, स्नातकोत्तर क्याम्पस, २०५७ ।

– श्रेष्ठ, अमरनाथ, "बारा जिल्लाको प्रजातान्त्रिक योद्धाहरूको विवरण," लघु अनुसन्धानपत्र, काठमाडौँ : विश्वविद्यालय अनुदान आयोगको सचिवालय, २०५६ ।


### अप्रकाशित कार्यपत्रहरू


– गौतम, बद्रीनारायण, "मेलमिलाप नीतिको ऐतिहासिक पृष्ठभूमि," २०५७ पौष १६ गते भूतपूर्व सैनिक संघ, रूपन्देहीद्वारा आयोजित मेलमिलाप दिवशमा प्रस्तुत कार्यपत्र ।

– ----------------, "नेपाली कांग्रेसको ऐतिहासिक धरातल," नेपाल विद्यार्थी संघ, राममणि क्याम्पस एकाईद्वारा २०५८ बैशाख ७ गते आयोजित जिल्लास्तरीय प्रशिक्षण शिविरमा प्रस्तुत कार्यपत्र ।

– ----------------, "नेपाली कांग्रेसको प्रजातान्त्रिक आन्दोलन र समाजवाद," नेपाली कांग्रेस, क्षेत्रीय समिति, क्षेत्र नं. २ रूपन्देहीद्वारा २०५८ चैत्र ६ गते शंकरनगरमा आयोजित प्रशिक्षण शिविरमा प्रस्तुत कार्यपत्र ।

– ----------------, "वी.पी. कोइरालाको बहुआयामिक व्यक्तित्व र समाजवाद" ने.का. जिल्ला समिति रूपन्देहीद्वारा २०५९ साल श्रावण ६ गते भैरहवामा आयोजित वी.पी. स्मृति दिवशमा प्रस्तुत कार्यपत्र ।


## दस्तावेजहरू

### व्रतराज आचार्यबाट प्राप्त

– "केन्द्रीय विद्यार्थी संघर्ष समितिले निर्धारित गरेका नियमहरू" शीर्षकमा जारी लिथो पर्चा, मिति उल्लेख नभएको ।

– "केन्द्रीय विद्यार्थी संघर्ष समितिको अपिल" शीर्षकमा जारी लिथो पर्चा, मिति उल्लेख नएको ।

- केन्द्रीय संघर्ष समितिद्वारा "केन्द्रीय संघर्ष समितिको अपिल" शीर्षकमा जारी पर्चा, टाइप गरिएको, मिति उल्लेख नभएको ।
- "शाही आयोगसमक्ष संघर्ष समितिको प्रतिवेदन" शीर्षकमा तयार गरिएको पत्रको प्रथम खेस्रा, हस्तलिखित, मिति उल्लेख नभएको ।
- "केन्द्रीय संघर्ष समितिको वक्तव्य" शीर्षकमा जारी पर्चा, हस्तलिखित, संघर्ष समितिका प्रमुख तिन नेताहरूको हस्ताक्षर युक्त यो पर्चा एकातिर कार्वन कपीमा छ भने अर्कातिर मूल लेखाई र हस्ताक्षरयुक्त छ, मिति उल्लेख नभएको ।
- विद्यार्थीहरूद्वारा जारी विना शीर्षकको लिथोपर्चा, मिति उल्लेख नभएको ।
- "संघर्षका लागि आव्हान" शीर्षकमा जारी पर्चा, हस्तलिखित, जारी कर्ता, मीति, स्थान केही उल्लेखन नभएको ।
- त्रि.वि. का विद्यार्थीहरूका नामबाट "सम्पूर्ण विद्यार्थीका नाममा अपिल" शीर्षकमा जारी लिथो पर्चा, मिति उल्लेख नभएको ।
- शीर्षक, जारीकर्ता, मिति केही उल्लेख नभएको लिथोपर्चा ।
- त्रि.वि. का क्रान्तिकारी विद्यार्थीहरूका नामबाट "सम्पूर्ण भ्रमहरूलाई चिर्दै संघर्षमा अघि बढौं" शर्षकमा जारी लिथो पर्चा, मिति उल्लेख नभएको ।
- केन्द्रीय विद्यालय विद्यार्थी समितिद्वारा जारी शीर्षक विनाको लिथोपर्चा, मिति उल्लेख नभएको ।
- केन्द्रीय संघर्ष समितिद्वारा "हाम्रा प्राप्त मागहरू फिर्ता गराउने षडयन्त्र देखी सावधान" शीर्षकमा जारी लिथोपर्चा, मिति उल्लेख नभएको ।
- बलबहादुर के.सी. र शरण विक्रम मल्लद्वारा हस्ताक्षरित २०३६।२।११ मा जारी "पठनपाठनमा सरिक हुन विद्यार्थी संघर्ष समितिको हार्दिक अपिल" शीर्षक पत्रको प्रथम ड्राफ्ट, हस्तलिखित ।
- केन्द्रीय विद्यार्थी संघर्ष समितिद्वारा पठाइएको तथ्य सङ्कलन टोलीको प्रतिवेदन, हस्तलिखित, मिति उल्लेख नभएको ।
- रविन्द्रनाथ शर्माद्वारा "अपिल" शीर्षकमा जारी पर्चा, टाइप गरिएको, मिति उल्लेख नभएको ।
- त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियन, कीर्तिपुर बहुमुखी क्याम्पसका सचिव ज्ञानेन्द्रबहादुर कार्कीद्वारा २०३६।१२।२५ मा जारी पत्र, टाइप गरिएको ।
- प्र.ने.का.के.का. द्वारा २०३७।११।१३ मा "सम्मेलन दस्तावेज-१" शीर्षकमा जारी सामग्री (वक्तव्य), टाइप गरिएको ।
- प्र. नेपाली कांग्रेस, केन्द्रीय कार्यालयद्वारा २०३९।१०।१७ गते जारी प्रेश सामग्री, टाइप गरिएको ।
- प्र.ने.का. कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईद्वारा तनहुँ जिल्ला सभापतिलाई सत्याग्रहका सम्बन्धमा लेखेको पत्र, हस्तलिखित, मिति उल्लेख नभएको ।

## राजेन्द्रनिधि कोइराला (पोखरा) बाट प्राप्त

- ने.वि.संघ केन्द्रीय महामन्त्री दिलबहादुर घर्तीद्वारा "ने.वि. संघ केन्द्रीय कार्यालयको अति जरुरी सूचना" शीर्षकमा प्रेशित पत्र, टाइप गरिएको, मिति उल्लेख नभएको ।
- ने.वि. संघ के.का.स. महामन्त्री दिलबहादुर घर्तीद्वारा हसताक्षरित पत्र, टाइप गरिएको, मिति उल्लेख नभएको ।
- प्र.ने.का. पोखरा नगर समितिको २०३९।४।१६ को माइन्यूट पुस्तिका ।

- स्याङ्जा काण्डबारे गण्डकी अंचलाधिश कार्यालयको स्पष्टिकरण, लिथो गरिएको, मिति उल्लेख नभएको ।

## गोविन्द कँडेल (बाग्लुङ), बाट प्राप्त

- प्र.ने.का. महामन्त्री परशुनारायण चौधरी र गिरिजाप्रसाद कोइरालाद्वारा देशभरका कार्यकर्ताहरूलाई चुनाव वहिष्कार गर्ने निर्देशन दिंदै २०३७ चैत्र २३ गते जारी निर्देशनपत्र, टाइप गरिएको ।

## अमरनाथ श्रेष्ठ (वीरगञ्ज) बाट प्राप्त

- माइस्थान, वीरगञ्जमा राखिएको वी.पी. श्रद्धाञ्जली एवं शोक पुस्तिका, जसमा १३०० भन्दा बढीले श्रद्धाञ्जली अर्पण गर्दै हस्ताक्षर गरेका छन् ।

## नरेश चन्द्र भट्टराई (पाल्पा) बाट प्राप्त

- नरेश चन्द्र भट्टराईको डायरी "तानसेनमा सत्याग्रह", मिति उल्लेख नभएको ।

### कोषराज न्यौपाने (काठमाडौँ) बाट प्राप्त

- समस्त विद्यार्थीहरूद्वारा त्रिभुवन विश्वविद्यालय, उपकुलपतिलाई सम्बोधन गरेर प्रस्तुत गरिएको २६ सूत्रीय मागपत्र, लिथो गरिएको र मिति उल्लेख नभएको ।

### दानबहादुर भूषालबाट प्राप्त

- नेपाली कांग्रेस कार्यकारी सभापति, सुवर्णशम्शेरद्वारा ३।४।१९६९ मा दानबहादुरलाई आममाफिको जानकारी दिंदै लेखेको पत्र, टाइप गरिएको ।

## प्रेमबहादुर गुरुङबाट प्राप्त

- नेपाली कांग्रेस कार्यकारी सभापति सुवर्णशम्शेरद्वारा २०२५।९।२९ मा प्रेमबहादुर गुरुङलाई आममाफिको जानकारी दिंदै लेखेको पत्र, टाइप गरिएको ।

## प्रकाशित सामग्रीहरू

- दस्तावेजहरू (सन्देश, सम्बोधन, अपिल, घोषणापत्र, पर्चा, पम्प्लेट आदि) ।

## कोषराज न्यौपानेबाट प्राप्त

- त्रिभुवन विश्वविद्यालय सभाका लागि हुने चुनावमा खडा भएका प्रजातन्त्रवादी स्नातक उम्मेदवारहरूको घोषणापत्र, २०३५ ।
- श्री ५ को सरकार, शिक्षा मन्त्रालयद्वारा "विद्यार्थीहरूका सबै मागहरू पूरा गरिए" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- वी.पी. कोइराला स्वागत समिति, झापाद्वारा २०३७ फागुनमा "फागुन १२ गते बिर्तामोड पाल्नुहोस्" शीर्षकमा जारी पर्चा ।
- रामप्रसाद आत्रेय (पाल्पा) द्वारा "पंचायतसँग आत्मसमर्पण गरेको छैन ???" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- रामचन्द्र पोखरेल (तनहुँ) द्वारा २०३८ बेशाख ३ गते "मैले निर्वाचन वहिष्कार गरे" शीर्षकमा जारी पर्चा ।
- कृष्णराज विष्ट (मोरङ) द्वारा "चुनाव वहिष्कारका लागि रा.प. उम्मेदवार, श्री कृष्णराज विष्टको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- कपिलबाबु श्रेष्ठ (रामेछाप) द्वारा "चुनाव वहिष्कार गरौं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

- गणेशमान सिंहद्वारा "नेपाली जनतामा मेरो निवेदन" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- प्र.ने. कांग्रेस, रूपन्देहीद्वारा "दाजुभाइ दिदीबहिनीहरू हामीले चुनाव वहिष्कार किन गऱ्यौं ?" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- प्र.ने. कांग्रेस, रूपन्देहीद्वारा "तथाकथित आमचुनावको वहिष्कार गरौं मतदान गर्न नजाऔं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- नेपाल विद्यार्थी संघ, रूपन्देही शाखाद्वारा २०३८ मा "नेपाल विद्यार्थी संघको अपिल" शीर्षकमा जारी पर्चा ।
- प्र. नेपाली कांग्रेस, काठमाडौँ जिल्लाद्वारा "यहि बैशाख २७ गते हुने भनिएको तथाकथित चुनावमा भाग नलेऔं चुनाव वहिष्कार गरौं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- प्र.नेपाली कांग्रेस जिल्ला कार्य समिति, गुल्मीद्वारा "सावधान ! सावधान !! सावधान !!!!" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- प्रजातान्त्रिक समूह, धनुषाद्वारा "अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- धनकुटेली राजभक्त तथा देशभक्त स्वाभिमानी जनताका नामबाट "खबरदार धनकुटामा जंगेको पुनर्जन्म हुन नपाओस्" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- विश्वेश्वरप्रसाद कोइरालाद्वारा २०३८ बैशाख १९ गते "नेपाली जनतामा अपिल" शीर्षकमा जारी पर्चा ।
- प्र. नेपाली कांग्रेस, काठमाडौँ जिल्ला (युवा समूह) द्वारा २०३८ बैशाख २३ गते "बैशाख २७ गते आफ्नो परिवारहरूसँग घरैमा बसौं" शीर्षकमा जारी पर्चा ।
- प्र.ने.का., रूपन्देहीद्वारा "दलीय व्यवस्था घोषणा गर्न श्री ५ मा अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- ने.वि. संघ, रूपन्देहीद्वारा "हत्यारा उम्कन नपाउन्" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- नेपाल विद्यार्थी संघ, त्रि.ब. क्याम्पस, पाल्पा र उपशाखा, पाल्पाद्वारा "नेपाल विद्यार्थी संघको अपिल सुरजपुरा हत्याकाण्डको भर्त्सना गरौं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

**व्रतराज आचार्यबाट प्राप्त**

- केन्द्रीय संघर्ष समिति, काठमाडौँद्वारा "केन्द्रीय संघर्ष समितिको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- "नेपाल विद्यार्थी संघको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- नेपाल कम्यूनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) केन्द्रीय कमिटीद्वारा २०३६ भदौमा "जनमतसंग्रह जनक्रान्तिको विरुद्ध एउटा षडयन्त्र हो ! यसलाई भण्डाफोर वहिष्कार गर्दै सशस्त्र संघर्षको बाटोमा अघि बढौं !!" शीर्षकमा जारी पर्चा ।
- राष्ट्रिय युवा मोर्चा २०३६ द्वारा "युवा मोर्चाको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- पंच भेला आयोजक समिति, प्रचार उपसमिति, काठमाडौँद्वारा २०३६ मा "नेपालका स्वच्छ नदीहरूलाई रगतको भेलले रातो नपारौं" शीर्षकमा जारी पर्चा ।
- श्रीभद्र शर्माद्वारा २०३६ फागुन ९ गते "मैले राजीनामा किन दिए ?" शीर्षकमा जारी पर्चा ।
- खड्गबहादुर सिंहद्वारा, "पंचायत व्यवस्थामा के कस्तो सुधार हुन्छ भन्ने कुरा पंचहरूले नै निर्णय गर्ने छन्" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

- युवा नेपाली कांग्रेसका नामबाट "पौष २२ को विरोध दिवश धोखा हो ! वी.पी. को दोहोरो चाल देखी सावधान !!" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- "स्वर्णिम दिवश" शीर्षकमा जारी पर्चा? जारीकर्ता, मिति केही उल्लेख नभएको ।
- "प्रतिबन्धित नेपाली कांग्रेसका नेता श्री गणेशमान सिंहको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- बहुदल (संसद) पक्षिय नागरिक समूहद्वारा २०३६।२।२३ मा "यो अग्नी परीक्षाको घडीमा हाम्रो कर्तव्य" शीर्षकमा जारी पर्चा ।
- अधिवक्ता भोजबहादुर के.सी. एवं त्रिशुली युवा प्रचारक वर्गद्वारा २०३६ जेठ २४ गते जारी विना शीर्षकको पर्चा ।
- बहुदलीय प्रचार समिति, तरुण विद्यार्थी वर्ग नुवाकोटद्वारा २०३६ असार ६ गते "बहुदलीय व्यवस्था स्थापना गर्न नुवाकोट जिल्लाका दाजुभाई तथा दिदीबैनीहरूलाई अपिल" शीर्षकमा जारी पर्चा ।
- बहुदल पक्षीय भू.पू. सैनिक तनहुँद्वारा २०३६ भाद्र २४ गते "भूतपूर्व सैनिकहरूको अपिल" शीर्षकमा जारी पर्चा ।
- महिला बहुदल प्रचार समिति, काठमाडौँद्वारा "समस्त नेपाली बहनो" शीर्षकमा जारी पर्चा, (हिन्दी), मिति उल्लेख नभएको ।
- महिला बहुदल प्रचार समिति, काठमाडौँद्वारा "महिला बहुदल प्रचार समितिको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- ढुण्डिराज पाण्डेय (बाग्लुङ) द्वारा "अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- प्रेमराज आङ्दम्बेद्वारा "बहुदल पक्षमा मत दिएर राजाको सदिक्षा साकार पारौं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- बहुदल प्रचार समिति, दोलखाद्वारा "जनमत संग्रह जनताको सबैभन्दा ठूलो शक्ति हो" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- "शिवराज पंतको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- ने.का. प्रजातान्त्रिक समाजवादी मञ्चद्वारा "नीर्दलीय कि बहुदलीय व्यवस्था" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- बहुदलपक्षीय सम्पूर्ण शिक्षित एवं चेतनशील युवा वर्ग, धादिङद्वारा "बहुदलीय व्यवस्थामा आफ्नो अमूल्य भोट दिनु हुन हाम्रो अनुरोध" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- बहुदलीय युवा परिवार, धादिङद्वारा "नेपाल खाए" शीर्षकमा जारी गीति पर्चा, मिति उल्लेख नभएको ।
- बहुदलीय व्यवस्था प्रचार समिति, बर्दियाद्वारा "निर्दलीय पंचायत व्यवस्थाका कुकृत्यको एक झलक" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- प्र.ने.का. ओखलढुंगा, प्रचारप्रसार समितिद्वारा "आफ्नो भाग्य आफै सपारौं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- प्र.ने.का. बहुदलीय प्रचारप्रसार समिति, सोलुखुम्बुद्वारा "बहुदलीय व्यवस्थालाई विजयी गराउन हाम्रो अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- दोलखा जिल्ला, केन्द्रीय बहुदल प्रचारप्रसार सम्पर्क समिति, काठमाडौँद्वारा "तपाइको वहुमूल्य भोट बहुहितका लागि बहुदललाई दिनोस्" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

- विरोध दिवश समन्वय समिति, प्र.ने.का., काठमाडौँद्वारा "पौष २२ गते विरोध दिवश मनाऔं : निष्पक्ष जनमत संग्रहका लागि जनमत तयार गरौं" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- बहुदल प्रचार समूहद्वारा, "जनमत संग्रह बैशाख २० गते हुँदैछ याद राख्नुहोस्" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- "राष्ट्रिय जनमत संग्रहको सन्दर्भमा स्वतन्त्र विद्यार्थी युनियन पद्मकन्या क्याम्पसको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- वी.पी. कोइरालाद्वारा २०३७ बैशाख १ गते काठमाडौँबाट जारी गरेको अपिल ।

**हरिप्रसाद पोखरेलबाट प्राप्त**

- प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले २०१६ साल जेठ १४ गते देशवासीहरूका नाममा दिएको पहिलो सन्देश ।
- परशुनारायण चौधरीद्वारा २०३८ साल साउन ८ गते जारी गरेको वक्तव्य ।
- श्री ५ महाराज धिराजका जुनाफमा नेता त्रय (प्र.नेपाली कांग्रेस) द्वारा २०४२ जेठ १ गते प्रस्तुत स्मृतिपत्र ।
- प्र.ने.का. द्वारा "अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

**अरुण काफ्लेबाट प्राप्त**

- पाल्पा मिथुन प्रकाशनद्वारा जारी "पार्टी र जानकारी" शीर्षकको पर्चा, मिति उल्लेख नभएको ।
- नेपाली कांग्रेसका अध्यक्ष विश्वेश्वरप्रसाद कोइरालाले २०१७ साल बैशाख २५ गते नेपाली कांग्रेसको सातौं महाधिवेशनमा अध्यक्ष पदबाट दिएको भाषण ।
- "प्रतिबन्धित नेपाली कांग्रेसका साथीहरूको जानकारीका लागि मात्र १९६८ र त्यसपछि" शीर्षकमा प्रकाशित दस्तावेज संग्रह ।

**भुवनराज सुवेदीबाट प्राप्त**

- विश्वेश्वरप्रसाद कोइरालाद्वारा २०३६ जेठ १७ गते "वी.पी. कोइरालाको अपिल" शीर्षकमा जारी पर्चा ।
- प्र.ने.का. बहुदल प्रचारप्रसार समिति, बाग्लुङद्वारा "बहुदलीय प्रजातान्त्रिक व्यवस्था कायम गर्न हार्दिक अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- प्र. नेपाली कांग्रेस बहुदल प्रचार समिति, सिद्धार्थनगर (रूपन्देही) द्वारा "राष्ट्रिय जनमत संग्रहमा दिइने मतपत्रको नमूना" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- वी.पी. कोइरालाद्वारा "आज कोही कसैको शत्रु छैन" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- "विरोध दिवश सम्पन्न गर्न प्र.ने.का. कार्यवाहक अध्यक्ष श्रीकृष्णप्रसाद भट्टराईको अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- विश्वेश्वरप्रसाद कोइरालाद्वारा २०३६ आश्विन १२ गते "स्याङ्जा काण्डबारे वी.पी. को अपिल" शीर्षकमा जारी पर्चा ।

**कपिलदेव लामिछानेबाट प्राप्त**

– जिल्लास्तरीय राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल, मोरङद्वारा "यस जिल्लाका सम्पूर्ण विद्यार्थी, युवा, महिला, बुद्धिजीवी, पंच, किसान तथा मजदूरहरूमा अराष्ट्रिय तत्वका नाइके वी.पी. कोइरालाको घोर विरोध तथा भन्तर्सना गर्न रा.स्व.वि.म. आव्हान गर्दछ" शीर्षकमा जारी कालो पर्चा, मिति उल्लेख नभएको ।

## विभिन्न पुस्तक एवं पत्रपत्रिकाहरूबाट प्राप्त

– वी.पी. कोइरालाले २०२७ जेष्ठ २ गते पासपोर्टका लागि राजकीय परिषद्का अध्यक्ष श्री ५ युवराजधिराजसमक्ष पठाएको पत्र, *तरुण,* अङ्क १ ।

– श्री ५ युवराजका निजी सचिव सुरेन्द्रमान जोशीले २०२७ जेठ १८ गते वी.पी. लाई दिएको प्रतिउत्तरपत्र, *तरुण,* अंक १ ।

– वी.पी. कोइरालाद्वारा सन् १९७० अगस्त १२ (२०२७ श्रावण २८) मा जारी प्रेश वक्तव्य, *तरुण,* अंक १ ।

– जयप्रकाश नारायणद्वारा ५ फरवरी १९७२ मा पटनाबाट राजा वीरेन्द्रलाई लेखेको पत्र, भोला चटर्जी, प्राट्रेइटड अफ अ रिभोलुशनरी, वी.पी. कोइराला, . . . ।

– राजा वीरेन्द्रबाट १२ मार्च १९८२ मा काठमाडौं राजप्रासादबाट जय प्रकाश नारायणलाई पठाइएको प्रतिउत्तरपत्र, *पूर्ववत्* ।

– एलेश बेब्लरले २० मार्च १९७२ मा कलकत्ताबाट वी.पी. कोइरालालाई लेखेको पत्र, *पूर्ववत्* ।

## शोधकर्ताको संकलमा रहेका सामग्रीहरू

– हवाई डकैतीबारे श्री सुवर्णशम्शेरको वक्तव्य, मिति उल्लेख नभएको ।

– जनरल सुवर्णद्वारा "विराटनगर विष्फोटनको निन्दा" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

– "संकट जोगाउन श्री ५ बाट दरो कदम चालिबक्सन सुवर्णद्वारा अपिल" शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।

– नेपाली कांग्रेस षष्ठ राष्ट्रिय अधिवेशन, वीरगंजको अवसर पर स्वीकृत घोषणापत्र ।

– श्रीमती इन्दिरा गान्धीलाई गिरिजा कोइरालाको पत्र ।

– वी.पी. ले सन् १९७५ अगस्तमा नेपाल भारत जनभावना समिति गोरखपुरद्वारा आयोजित कार्यक्रममा गरेको भाषण ।

– वी.पी. कोइरालाद्वारा २०३३ पौष १६ गते "अपिल" शीर्षकमा जारी पर्चा ।

– ने.का. महामन्त्रीद्वयद्वारा २०३५ बैशाख २० गते श्री गणेशमान सिंहको अविलम्ब रिहाइका लागि जारी गरिएको अपिल ।

– नेपाली कांग्रेसका अध्यक्ष श्री विश्वेश्वरप्रसाद कोइरालाले सन् १९७७ नोभेम्बर १ मा पटना एम.एल.ए. क्लब हलमा कार्यकर्तालाई गरेको सम्बोधन ।

– प्रतिबन्धित नेपाली कांग्रेसका ३८ जना प्रमुख कार्यकर्ताद्वारा २०३५ जेठ २२ मा दिएको वक्तव्य ।

– कीर्तिपुर बहुमुखी क्याम्पस, विद्यार्थी यूनियन निर्वाचनका लागि नेपाल विद्यार्थी संघका उम्मेदवारहरूको चुनाव घोषणापत्र, २०३६ ।

– महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा "जनमत संग्रहको परिणामबारे" शीर्षकमा जारी वक्तव्य, मिति उल्लेख नभएको ।

– ने.वि. संघका अध्यक्ष विमलेन्द्र निधि र महामन्त्री दिलबहादुर घर्तीद्वारा २०३७ साल पौष ८ गते जारी वक्तव्य ।

- विश्वेश्वरप्रसाद कोइरालाद्वारा २०३७ चैत्र २६ गते “देशवासीका नाममा अपिल” शीर्षकमा जारी पर्चा ।
- ने.का. का कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईद्वारा २०३९ मंसिर १३ गते जारी प्रेश विज्ञप्ती ।
- ने.का. का महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा २०३९ मंसिर १५ गते काठमाडौँमा आयोजित कार्यकर्ता सम्मेलनमा प्रस्तुत राजनीतिक प्रश्ताव ।
- ने.वि. संघका सभापति ज्ञानेन्द्रबहादुर कार्कीद्वारा “राजनीतिलाई २०३६ भन्दा पहिले फर्काउन चाहनेलाई चेतावनी” शीर्षकमा जारी वक्तव्य, मिति उल्लेख नभएको ।
- महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा “राष्ट्रवादी र प्रजातान्त्रिक शक्तिहरू एकजुट हुन आवश्यक” शीर्षकमा जारी वक्तव्य, मिति उल्लेख नभएको ।
- सुरजपुरा हत्यासम्बन्धी वकिलको प्रतिवेदन, मिति उल्लेख नभएको ।
- २०४० चैत्र २४-२६ को ने.का. काठमाडौं सम्मेलनद्वारा पारित राजनैतिक प्रस्ताव ।
- ने.का. केन्द्रीय कार्यालयद्वारा २०४१ असार १० गते जारी प्रेश वक्तव्य ।
- २०४१ फाल्गुण २८-२९ गते काठमाडौंमा आयोजित ने.का. को राष्ट्रिय सम्मेलनमा कार्यकर्ताहरूको अध्ययन र छलफलका निम्ति प्रस्तुत राजनीतिक कार्यपत्र ।
- प्र.ने. का महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा २०४१ फाल्गुण २७ गते कार्यकर्ता समक्ष जारी गरेको पत्र ।
- प्र.ने.क.पा. महासचिव कृष्णराज वर्माद्वारा २०४२ बैशाख २५ गते वितरित प्रेश वक्तव्य ।
- पाँच वामपन्थी समूहको वक्तव्य, मिति उल्लेख नभएको ।
- गिरिजाप्रसाद कोइराला (महामन्त्री) द्वारा २०४२।१।२६ का दिन “तीनलाख हस्ताक्षर बारे” शीर्षकमा राजदरबारमा दर्ता गराएको पत्र ।
- नेपाली कांग्रेस केन्द्रीय कार्यालयद्वारा २०४२ जेठ १ गते जारी प्रेश वक्तव्य ।
- प्र.नेपाली कांग्रेसका अध्यक्ष कृष्णप्रसाद भट्टराईद्वारा २०४२ जेठ १ गते वितरित “सत्याग्रहबारे” शीर्षकको पत्र ।
- नेपाल विद्यार्थी संघ केन्द्रीय एक्शन कमिटीद्वारा २०४२ जेठ ६ गते “नेपाल विद्यार्थी संघको अपिल” शीर्षकमा जारी पर्चा ।
- प्र. नेपाली कांग्रेस प्रचार समितिद्वारा २०४२ जेठ ९ गते “प्रतिबन्धित नेपाली कांग्रेसको अपिल र कार्यक्रम” शीर्षकमा जारी पर्चा ।
- प्र. नेपाली कांग्रेसका महामन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा २०४२ जेठ १० गते काठमाडौं जमलबाट जारी गरेको अपिल ।
- गणेशमान सिंहद्वारा २०४२।२।११ गते क्षेत्रपाटी, काठमाडौंबाट “श्री गणेश मान सिंहको अपिल” शीर्षकमा जारी पर्चा ।
- प्र. नेपाली कांग्रेस सत्याग्रह प्रचार समिति बागमती अंचलद्वारा “सत्याग्रहको कार्यक्रम” शीर्षकमा जारी पर्चा, मिति उल्लेख नभएको ।
- प्र.ने.का.प्र.प्र.स. द्वारा २०४२ जेठ १४ गते “सत्याग्रहको आगामी स्वरूप र सहभागिता” शीर्षकमा जारी पर्चा ।
- प्र.ने.का. प्र.प्र.स. द्वारा २०४२।२।१५ गते “सत्याग्रहका भावी कार्यक्रम” शीर्षकमा जारी पर्चा ।

- प्र.नेपाली कांग्रेस, प्रचार समितिद्वारा २०४२ जेठ २० गते "प्र. नेपाली कांग्रेसको अर्को अपिल" शीर्षकमा जारी पर्चा ।
- प्र.नेपाली कांग्रेस प्रचार समितिद्वारा २०४२ जेठ २० गते "जेठ २० देखि २३ गतेसम्मको सत्याग्रह कार्यक्रम" शीर्षकमा जारी पर्चा ।
- ने.वि. संघ केन्द्रीय एक्सन कमिटिद्वारा २०४२ जेठ २२ गते "नेपाल विद्यार्थी संघको अपिल" शीर्षकमा जारी पर्चा ।
- प्र.ने.का. प्र.प्र.स. द्वारा २०४२ जेठ २४ गते "सत्याग्रह कार्यक्रम" शीर्षकमा जारी पर्चा ।
- प्र.ने.का. द्वारा २०४२ जेठ २७ गते जारी "प्रेश विज्ञप्ती ।"
- स्वतन्त्र विद्यार्थी समूह, केन्द्रीय रिएक्सन कमिटिका नामले "हाम्रो अपिल" शीर्षकमा जारी पर्चा, मिति  उल्लेख नभएको ।
- काठमाडौंस्थित त्रि.वि., कीर्तिपुरलगायत विभिन्न १० वटा क्याम्पस स्व.वि.यू. द्वारा जारी संयुक्त वक्तव्य, मिति उल्लेख नभएको ।
- नेपाल जनवादी मोर्चाका अध्यक्ष रामराजाप्रसाद सिंहद्वारा २०४२ असार ८ गते "महानक्रान्तिको विनम्र शुरुआत" शीर्षकमा जारी विज्ञप्ती ।
- नेपाल जनवादी मोर्चाद्वारा २०५१ असार ५ गते "वीर शहीदहरू जिन्दावाद" शीर्षकमा जारी पर्चा ।

## अन्य विविध

- राष्ट्रिय युवा पंच भेलाको नीति तथा कार्यक्रम शीर्षक पुस्तिका, लेखक, प्रकाशन, स्थान, मिति केही उल्लेख नभएको ।
- स.सु.सु.आ. लाई सर्वश्री चुडाप्रसाद शर्मा, तिलक राज शाही र ऋषि केश शाहका सुझावहरू शीर्षक पुस्तिका, लेखक/संपादक, प्रकाशक, स्थान उल्लेख नभएको, २०३७ असार ३१ ।
- "यो संविधान राजाको हितमा छ न प्रजाको, शीर्षक पुस्तिका, संकलक, प्रकाशक, मिति, स्थान केही उल्लेख नभएको ।
- के कति कारणले गर्दा हामीले बहुदलीय व्यवस्थाको समर्थन गर्नु जरुरी छ शीर्षक पुस्तिका, लेखक, सम्पादक, प्रकाशक, मिति, स्थान केही उल्लेख नभएको ।
- प्रजातन्त्र सेनानी प्रेमबहादुर गुरुङको जीवन चरित्र, शीर्षक पुस्तिका, लेखक, संकलक, स्थान, मिति केही उल्लेख नभएको ।
- गणेशमान सिंहद्वारा २०३७ असार १७ गते संविधान सुधार सुझाव आयोगलाई "सुझाव दिनु लाभहिन" शीर्षकमा पठाएको पत्र ।

## पुस्तकहरू

### अंग्रेजी पुस्तक

- ओगुरा, कियोको, *काठमाडौं : स्प्रिङ्ग दि पिपुल्स मुभमेन्ट अफ १९९०,* ललितपुर : हिमाल बुक्स, सन् २००१ ।
- कुमार, डि.पी., *नेपाल इअर अफ डिसिजन,* न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, सन् १९८० ।
- कोइराला, शुशिल (स.), *डेमोक्रेसी इन्डिस्पेन्सिवल फर डेभलपमेन्ट,* वाराणसी : सान्दाजु पब्लिकेशन्स, सन् १९८२ ।

– गुप्ता, अनिरुद्र, *पोलिटिक्स इन नेपाल १९५०-१९६०,* दोश्रो संस्करण, दिल्ली : कलिंगा पब्लिकेशन्स, सन् १९९३ ।

– चटर्जी, भोला, *प्यालेश पिपुल एण्ड पोलिटिक्स नेपाल इन पर्सपेक्टिव,* न्यू दिल्ली : अंकुर पब्लिकेशिङ्ग हाउस, सन् १९८० ।

– ---------------, *पोट्रेइट अभ अ रिभोलुशनरी वी.पी. कोइराला,* न्यू दिल्ली : अंकुर पब्लिकेशन हाउस, सन् १९८२ ।

– चौंहान, आर.एस., *स्ट्रगल फर सर्भाइभल अफ पोलिटिकल पार्टिज इन नेपाल,* जयपुर : प्रिन्टवेल पब्लिसर, सन् १९८५ ।

– तासिर, सलमान, *भुट्टो अ पोलिटिकल वायोग्राफी,* न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, सन् १९८० ।

– दाहाल, रामकुमार, *कन्स्टिच्यूशनल एण्ड पोलिटिकल डेभलपमेन्ट्स इन नेपाल* काठमाडौं : रत्न पुस्तक भण्डार, सन् २००१ ।

– परमानन्द, *दि नेपाली कांग्रेस इन एन्जाइल,* दिल्ली : युनिभर्सिटी बुक हाउस, सन् १९७८ ।

– --------, *दि नेपाली कांग्रेस सिन्स इट्स इन्सेप्सन,* दिल्ली वि.आर. पब्लिसिङ्ग कर्पोरेशन, सन् १९८२ ।

– बराल, लोकराज, *अ पोजिशनल पोलिटिक्स इन नेपाल,* न्यू दिल्ली : अभिनव पब्लिकेशन, सन् १९७७ ।

– -------------, *नेपाल पोलिटिक्स अफ रेफरेण्डम अ स्टडी अफ ग्रुप परसोनालिटिज एण्ड ट्रेण्डस,* न्यू दिल्ली : विकास पब्लीसङ्ग हाउस, सन् १९८३ ।

– वर्मा, युगेश्वर पी., *नेपाल प्रोग्रेश एण्ड प्रोब्लम्स १९७२-१९८०,* महोत्तरी : प्रतिभा वर्मा, सन् १९८१ ।

– ब्राउन, टि. लुइस, *दि च्यालेन्ज टु डेमोक्रेशी इन नेपाल,* लण्डन र न्यूयोर्क : रौटलेज, सन् १९९६ ।

– मिश्र, शशि पी., वी.पी. कोइराला, *अ केश स्टडी इन थर्ड वर्ल्ड डेमोक्रेटिकलिडरसिप,* वाराणसी : कोनार्क पब्लिसिङ्ग हाउस, सन् १९८५ ।

– रोज लियो इ., *नेपाल स्ट्राटेजी फर सर्भाइभल,* वर्कले : सन् १९७१ ।

– शाह, ऋषिकेश, *एस्सेज इन द प्राक्टिश अभ गभर्मेन्ट इन नेपाल,* न्यू दिल्ली : मनोहर पब्लिकेशन, सन् १९८२ ।

– -------------, *पोलिटिक्स इन नेपाल १९८०-१९९१ :* रेफरेण्डम, स्टेलमेट एण्ड ट्रायम्फ अफ पिपुल पावर, न्यू दिल्ली : मनोहर पब्लिसर, सन् १९९२ ।

– श्री वास्तव ललितेश्वरप्रसाद एस., *नेपाल एट द क्रशरोड,* न्यू दिल्ली : एलाइड पब्लिसरस्, सन् १९९६ ।

– हफ्टन मार्टिन र रेपर विलियम, *स्प्रिङ्ग अवेकिनिङ्ग एन अकाउण्ट अफ द १९९० रिभोलुशन इन नेपाल,* न्यू दिल्ली : भाइकिङ्ग वाइ पेनगुइङ्ग बुक्स, सन् १९९२ ।

– हफ्टन मार्टिन, रेपर विलियम एण्ड ह्वेल्पटन जोन, *पिपुल पोलिटिक्स एण्ड आइडियोलोजी डेमोक्रेशी एण्ड सोसल चेन्ज इन नेपाल,* काठमाडौं : मण्डला बुक प्वाइन्ट, सन् १९९९ ।

**हिन्दी पुस्तक**

– मिश्र, किरन, *वी.पी. कोइराला एक परिचय,* नइ दिल्ली : विश्व प्रकाशन, सन् १९९४ ।

– श्रीवास्तव, काशीप्रसाद, *नेपालका इतिहास,* दिल्ली : आत्माराम एण्ड सन्स, सन् १९८६ ।

– *वी.पी. नेपाल क्यो गए ? कोइराला की अपिल,* वाराणसी : फ्रेण्ड्स अफ नेपाल एवं तरुण प्रकाशन, मिति उल्लेख नभएको ।


**नेपाली पुस्तक**


– अधिकारी, शिव, *विश्वेश्वरप्रसाद कोइराला,* काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५० ।

– अधिकारी, डि.पी., *नेपाली राष्ट्रिताको इतिहास,* ललितपुर : रोशन अधिकारी, २०४५ ।

– अधिकारी, गोविन्दप्रसाद (स.), *विद्रोहका नायक (सरोजप्रसाद कोइराला),* काठमाडौँ : शहिद सरोज कोइराला मेमोरियल फाउण्डेशन, २०५७ ।

– अधिकारी (शास्त्री), हेमराज, *आजको नेपाल (प्रंजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास),* काठमाडौँ : श्रीमती चन्द्रकला अधिकारी, २०५८ ।

– अधिकारी, सूर्यमणि, *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* नइ दिल्ली : निराला पब्लिकेशन्स, २०५५ ।

– ----------------, *नेपाली कांग्रेसको इतिहास,* काठमाडौँ : भुँडी पुराण प्रकाशन, २०५९ ।

– अर्याल, दिनबन्धु आदि (सं), *नेपालमा प्रजातान्त्रिक समाजवाद,* काठमाडौँ : खगेन्द्र रेग्मी, २०४५ ।

– आचार्य, यज्ञनाथ, *शहीद थिरबम मल्ल (गल्कोटदेखि वीरगजसम्म),* काठमाडौँ : शहीद थिरबम मल्ल मेमोरियल फाउण्डेशन, २०५७ ।

– -------------, *सुवर्णशमशेर राणा र प्रजातान्त्रिक आन्दोलन,* काठमाडौँ : हेमाद्रीशमशेर राणा, २०६० ।

– आचार्य, गिरिराज, *जनमतसंग्रह दर्पण,* धरान, इन्द्रनाथ वास्तोला, २०४२ ।

– ------------, *बन्दी यातना शिविरबाट फर्कंदा,* श्रीमती नीरजा आचार्य र पद्म केशर कार्की, २०५७ ।

– के.सी., सुरेन्द्र, *नेपालमा कम्यूनिष्ट आन्दोलनको इतिहास,* पहिलो भाग, दोश्रो संस्करण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५६ ।

– -----------, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास,* भाग २, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

– के.सी., बलबहादुर, *नेपाल विद्यार्थी संघको संक्षिप्त इतिहास र वर्तमान विद्यार्थी आन्दोलन,* काठमाडौँ : नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यालय, मिति उल्लेख नभएको ।

– कोइराला, वी.पी., *क्रान्ति एक अनिवार्यता,* वाराणसी : तरुण प्रकाशन, मिति उल्लेखन नभएको ।

– -------------, *स्वतन्त्रता र राष्ट्रियता,* वाराणसी : शैलजा आचार्य र तरुण, मिति उल्लेख नभएको ।

– -------------, *राजतन्त्र र लोकतन्त्र,* वाराणसी : समाजवादी विद्या संस्थान, सन् १९७३ ।

– -------------, *राष्ट्र-राष्ट्रियता र प्रजातन्त्र,* वाराणसी : तरुण प्रकाशन, २०३५ ।

– -------------, *पंचायती व्यवस्था प्रजातान्त्रिक छैन,* वाराणसी : तरुण प्रकाशन, २०३६ ।

– -------------, *राष्ट्रिय एकताका निम्ति आव्हान,* वाराणसी : तरुण प्रकाशन, २०३६ ।

– -------------, *प्रजातन्त्र नभए देश रहदैन (अपिल, भाषण र अन्तर्वार्ताहरूको संकलन),* वाराणसी : तरुण प्रकाशन, मिति उल्लेख नभएको ।

– --------------, *आजको राष्ट्रिय चिन्तन (वक्तव्य, स.सु. आयोगलाई सुझाव र अन्तर्वार्ताहरूको संकलन),* काठमाडौं : माधवमणि भण्डारी, २०३७ ।

– --------------, *मेलमिलापको शर्त राष्ट्रियता र प्रजातन्त्र (अन्तर्वार्ताहरूको संकलन),* काठमाडौं : जय नेपाल प्रकाशन, २०३८ ।

– --------------, *दलीय व्यवस्थाको आवश्यकता,* काठमाडौं : नेपाली कांग्रेस प्रचार विभाग, २०४७ ।

– कोइराला, कुलचन्द्र, *पुर्ख्यौली इतिहासभित्र मेरा अतितका पानाहरू,* काठमाडौं : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५८ ।

– कोइराला, राजेन्द्रनिधि, *पोखरा नगर समिति एक संस्मरण,* कास्की : खेमराज कोइराला, २०५२ ।

– कोइराला, जीवनचन्द्र (सं.), *शहीद सरोज कोइराला जीवनी र कृति,* काठमाडौं : वी.पी. अनुसन्धान तथा सेवा केन्द्रका लागि भरत ढकाल, २०५२ ।

– -----------------------, *शहीद दिवान सिंह राई स्मृति पुष्प,* काठमाडौं : कुलचन्द्र कोइराला स्र्मति प्रतिष्ठान, २०५२ ।

– -----------------------, *जनरल सुवर्णशमशेर स्मृति ग्रन्थ,* काठमाडौं : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५२ ।

– -----------------------, *वी.पी. वाद (जननायक वी.पी. कोइरालाका राजनीतिक लेख संग्रह),* काठमाडौं : जीवनचन्द्र कोइराला, २०५४ ।

– -----------------------, *कृष्णप्रसाद भट्टराईका रचना,* काठमाडौं : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५५ ।

– गिरी, प्रदिप, *नेपाली कांग्रेसको इतिहास,* वाराणसी : तरुण प्रकाशन, सन् १९७४ ।

– गौतम, राजेश, *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा परिषद्को भूमिका,* काठमाडौं : राजेश गौतम, २०४६ ।

– -----------, *नेपालको संवैधानिक इतिहास र राजनीति,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०५४ ।

– -----------, *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस,* काठमाडौं : श्री राम श्रेष्ठ, २०५५ ।

– -----------, *कर्मयोगी राजनीतिज्ञ कृष्णप्रसाद भट्टराई (पहिलो भाग),* काठमाडौं : वी.पी. प्रकाशन, २०५७ ।

– -----------, *नेपालको प्रजातान्त्रिक आन्दोलन र गणेशमान सिंह,* काठमाडौं : वी.पी. प्रकाशन, २०६० ।

– -----------, *नेपालको प्रजातान्त्रिक आन्दोलन र विद्रोही भरतशमशेर,* काठमाडौं : कृष्ण मुरारी अधिकारी र श्रीराम श्रेष्ठ, २०६१ ।

– गौतम सिद्धिनाथ (सं.), *वी.पी. स्मृतिग्रन्थ,* ललितपुर : नेपाल राष्ट्रिय अभिनन्दन समिति, २०४८ ।

– ज.ब.रा., पुरुषोत्तमशमशेर, *श्री ३ हरूको तथ्य वृतान्त* (भाग- १), दोस्रो संस्करण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९ ।

– ---------------------, *श्री ३ हरूको तथ्य वृतान्त* (भाग- २), दोस्रो संस्करण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९ ।

– जोशी रामहरि, *नेपालको नोभेम्बर क्रान्ति,* दोस्रो संस्करण, काठमाडौँ : अन्तर्राष्ट्रिय मञ्च, २०४८ ।

– डेशेन, मेरी र वन्त प्रत्यूश (सं.), *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* ललितपुर : सोसल साइन्स वहा : सन् २००४ ।

– ढकाल, धनेन्द्र पुरुष, *जनआन्दोलन २०४६,*दोस्रो संस्करण, ललितपुर : भुपेन्द्र पुरुष ढकाल, २०४९ ।

– तामाङ, श्यामकुमार, *जनमुक्ति सेना एउटा नलेखिएको इतिहास,* काठमाडौँ : एकता प्रकाशन, २०५६ ।

– देवकोटा, गृष्मबहादुर, *नेपालको राजनीतिक दर्पण,* भाग १, काठमाडौँ : केशव चन्द्र गौतम, २०१६ ।

– -----------------, *नेपालको राजनीतिक दर्पण,* दोश्रो भाग, दोस्रो संस्करण, काठमाडौँ : अर्जुनबहादुर देवकोटा, २०३६ ।

– -----------------, *नेपालको राजनीतिक दर्पण,* तेस्रो भाग, काठमाडौँ : उपेन्द्रबहादुर देवकोटा, २०४० ।

– -----------------, *नेपालको राजनीतिक दर्पण,* भाग - ४, काठमाडौँ : उमेशबहादुर देवकोटा, २०३९ ।

– धरावासी, कृष्ण, *आधा बाटो,* झापा : नियात्रा प्रकाशन, २०५६ ।

– धमला, जीवनाथ, *नेपालको प्रजातान्त्रिक आन्दोलनका दुई शिखर पुरुष,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

– नेपाल विद्यार्थी संघ, *नेपाल विद्यार्थी संघ (इति वृतात्मक परिचय),* काठमाडौँ : केन्द्रीय प्रचार तथा साहित्य समिति, मिति उल्लेख नभएको ।

– नेपाल, किशोर, *जनमत संग्रहदेखि जनआन्दोलनसम्म नेपाली पत्रकारिताको विकास र प्रभाव,* काठमाडौँ : व्यवशायिक पत्रकारिता प्रतिष्ठान, २०५७ ।

– नेपाल, प्रदिप, *मुक्त आकाशको खोजी,* (दोश्रो भाग), मिति र स्थान उल्लेख नभएको, फुलचोकी पुस्तक तथा मसलन्द भण्डार ।

– नेपाल, फणिन्द, *नेपाल : टिस्टादेखि सतलजसम्म,* काठमाडौँ : नेशनलिष्ट फ्रन्ट, सन. १९९८ ।

– नेपाली कांग्रेस केन्द्रीय प्रचार प्रसार समिति, *सत्याग्रहको घोषणापत्र,* काठमाडौँ : मिति उल्लेख नभएको ।

– नेपाली कांग्रेस केन्द्रीय प्रचार समिति, *नेपाली कांग्रेस के भन्छ ?,* काठमाडौँ : २०४७ ।

– पन्त, शास्त्रदत्त, *नेपालमा र अ को चलखेल,* काठमाडौँ : ग्रामीण विकास प्रतिष्ठान, २०६० ।

– -------------, *अविरल हस्तक्षेप,* काठमाडौँ : ग्रामीण विकास प्रतिष्ठान, २०६० ।

– पन्थी निलाम्बर अदि (सं.), *आलोक स्मृतिग्रन्थ,* रूपन्देही : श्रीमती सीता लक्ष्मी न्यौपाने, २०४३ ।

– पाण्डेय, मधुसुदन, *नेपालमा सत्ता संघर्षको इतिहास,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

– पोखरेल, रामचन्द्र, *प्रजातन्त्रका महान सेनानी वी.पी. कोइराला (संक्षिप्त जीवनी),* वाराणसी : भट्टराई वन्धु प्रकाशन, २०४० ।

– ---------------, *प्रजातान्त्रिक समाजवाद ऐतिहासिक रूपरेखा,* काठमाडौँ : अनुष्का प्रकाशन, २०६० ।

– पौडेल, रामचन्द्र, *नेपाली कांग्रेसको संक्षिप्त इतिहास,* काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय प्रचार समिति, २०४७।

– -------------, *प्रजातान्त्रिक समाजवाद एक अध्ययन,* काठमाडौं : सहजीवन प्रकाशन, २०४७।

– प्रधान, भुवनलाल, *नेपालको जनक्रान्ति २००७,* काठमाडौं : रुमु प्रकाशन, २०४७।

– प्रसाई, दीर्घराज, *नेपालमा राजनीतिक व्यवस्थाको विश्लेषण,* काठमाडौं : श्रीमती सानुबाबा प्रसाईं, २०४३।

– प्र. नेपाली कांग्रेस, केन्द्रीय प्रचार समिति, *हामीले चुनावमा भाग किन लिएनौं ?,* काठमाडौं : २०४२।

– --------------, *सत्याग्रह किन ? र कसरी ?,* काठमाडौं : २०४१।

– बस्नेत, मीरा, *नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका,* काठमाडौं : मीरा बस्नेत, २०५३।

– बनवाशि, देवीप्रसाद, *अदभुत मान्छे,* स्याङ्जा : चित्रलेखा प्रकाशन, २०५६।

– भट्टराई मणिराज, *बहुआयामिक व्यक्तित्व युगपुरुष वी.पी. कोइरालाको संक्षिप्त जीवनी,* धरान : तील कुमारी लिम्बु, २०४९।

– -------------, *शहीद स्मृतिग्रन्थ,* भाग १, सुनसरी : युवराज घिमिरे र वसन्त सुवेदी, २०५२।

– भावुक, खिलबहादुर, *पंचायत विमतगामिता केही विश्लेषण,* काठमाडौं : दैनिक धरातल, २०४२।

– भुषाल, दानबहादुर, *नेपाली कांग्रेस र भू.पू. सैनिकको संस्मरण,* बुटवल : सहयोगी साथीहरू, २०५७।

– मजगैंया, वलदेव (स.), *वी.पी. कोइराला : विचार विन्दु,* काठमाडौं : मेलमिलाप प्रकाशन, २०४७।

– *मन्त्री पात्रो,* सम्पादक, प्रकाशक, मिति केही उल्लेख नभएको।

– मानन्धर, त्रिरत्न र शर्मा निरन्जन, *आधुनिक नेपालको राजनैतिक इतिहास (२००७-१९),* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., २०५३।

– मिश्र, डिल्लीराम (श्रमजीवी), *नेपालको प्रजातान्त्रिक आन्दोलन (सद्भावना, विकास र सफलता),* काठमाडौं : श्रीमती शर्मिला मिश्र, २०४४।

– ----------------------, *नेपालको प्रजातान्त्रिक आन्दोलन,* काठमाडौं : श्रीमती शर्मिला मिश्र, २०४७।

– मिश्र, बालचन्द्र, *झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म,* काठमाडौं : सुनौलो बिहानी अभियान, २०५८।

– मैनाली, मोहन (सं.), *समावेशी लोकतन्त्रका आधारहरू,* ललितपुर : सोसल सायन्स वहाः सन् २००४।

– मैनाली, राधाकृष्ण, *लुटिएका दुई थुँगा फूल,* दोस्रो स्रस्करण, काठमाडौं : साझा प्रकाशन २०५२।

– --------------, *बन्दीरहर,* काठमाडौं : पैरबी बुक्स एण्ड स्टेशनरी सेन्टर, २०५५।

– रावल, भिम, *नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास,* दोस्रो संस्करण, काठमाडौं : पैरवी प्रकाशन, २०४७।

– राना, गोबर्धन, *प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी संघ,* काठमाडौं : ने.वि.संघ पश्चिमाञ्चल समन्वय समिति, २०५१।

– रेग्मी, राजेन्द्र, *नेपालको प्रजातान्त्रिक आन्दोलन र चितवन,* चितवन : किरण प्रकाशन, २०४८ ।

– वाग्ले चिरन्जीवी र अन्य (सं.), *नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,* काठमाडौँ : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, २०५२ ।

– शर्मा, श्रीभद्र, *वी.पी. सँगका केही संस्मरण,* काठमाडौँ : एकता प्रकाशन, २०५७ ।

– शर्मा, कुबेर, *प्रजातन्त्रको बाटोमा नेपाल,* काठमाडौँ : आफै, २०४१ ।

– ----------, *निर्दल कता ? बहुदल कता ? एक राजनीतिक विश्लेषण,* काठमाडौँ : श्रीभक्त आचार्य, २०३७ ।

– शर्मा, गणेशराज (सं.), *विश्वेशवरप्रसाद कोइरालाको आत्मवृतान्त,* ललितपुर : जगदम्बा प्रकाशन, २०५५ ।

– शर्मा, रामहरि, *आत्मवृतान्त,* काठमाडौँ : आत्मवृतान्त अभिलेखन सेवा, २०५९ ।

– श्री ५ को सरकार, सूचना विभाग, *श्री ५ महाराजधिराजबाट बक्सेका घोषणा,* सम्बोधन तथा सन्देशहरू, २०२८-२०३८, काठमाडौँ : २०३९ ।

– ----------------, *श्री ५ महाराजाधिराजबाट बक्सेका घोषणा, सम्बोधन तथा सन्देशहरू, २०३८-२०४३,* काठमाडौँ : २०४४ ।

– श्रेष्ठ, सुशिला, *सहाना प्रधान स्मृतिका आँखिझ्यालबाट,* काठमाडौँ : स्वप्न बाटिका प्रकाशन, २०६० ।

– सिटौला, सुनिल, *सय वर्षे पात्रो,* काठमाडौँ : गौतम ब्रदर्श, मिति उल्लेख नभएको ।

– सिंह, गणेशमान, *मेरो कथाका पानाहरू* (भाग-१), माथवरसिंह (पस्तुतकर्ता), काठमाडौँ : आयाम प्रकाशन, २०५८ ।

– -------------, *मेरो कथाका पानाहरू* (खण्ड-२), माथवरसिंह (प्रस्तुतकर्ता), काठमाडौँ : आयाम प्रकाशन, २०५७ ।

– -------------, (सं.), *संविधानको तेश्रो संशोधनका सम्बन्धमा वी.पी. कोइरालाका भाषणहरू,* काठमाडौँ : जय नेपाल प्रकाशन, २०३८ ।

– सिंह, खड्गमान, *जेलमा विश वर्ष,* दोस्रो संस्करण, काठमाडौँ : गजानन्द वैद्य, २०४० ।

– सिंह, मीता, *बासँगका सम्झनाका क्षणहरू,* काठमाडौँ : मीता सिंह, २०५५ ।

– सिंह, टोपबहादुर, *नेपालको संविधान र संवैधानिक कानुन,* दोस्रो संस्करण), काठमाडौँ : कानुनी पाठ्यपुस्तक प्रकाशन समिति, २०४१ ।

– सुवेदी, रेवती रमण, *निष्ठाका सगरमाथा गणेश मान सिंह,* दोस्रो संस्करण, काठमाडौँ : अनुष्का प्रकाशन, २०५९ ।

– ज्ञवाली, शम्भुप्रसाद, *व्यक्ति र विचार एक वकिलको संस्मरण र चिन्तन,* तेस्रो संस्करण, काठमाडौँ : जगदम्बा प्रकाशन, २०५६ ।

**लेखहरू (नेपाली)**

– अधिकारी, श्रीकान्त, "जीवनीसँग जोडिएको इतिहास," *डिट्ठा श्रीप्रसाद घिमिरे स्मृतिग्रन्थ,* कास्की : डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति प्रतिष्ठान, २०५६ ।

– अधिकारी, शिव, "प्र. नेपाली कांग्रेस प्रवासमा," *नेपालमा प्रजातान्त्रिक समाजवाद,* दिनवन्धु अर्याल आदि (सं.),काठमाडौँ : खगेन्द्र रेग्मी, २०४५ ।

– अधिकारी विश्वप्रेम, "प्रजातान्त्रिक आन्दोलनमा स्याङ्जाको भूमिका," *पूर्ववत्* ।

– अधिकारी, शिव, "वी.पी. को निधनमा निस्तब्ध," काठमाडौं : एक झाँकी," *राष्ट्रिय पुनर्जागरण* (मासिक), सुश्री दमयन्ती बस्नेत (स्/प्र.), भक्तपुर : २०३९ आश्विन ।

– अमेरिका वासिङ्टनबाट "श्री जयराज आचार्यको चिट्ठी," *राजधानी साप्ताहिक,* आङदोर्जे लामा (स./प्र.), काठमाडौं : २०४३, भाद्र २४ ।

– आचार्य, जगन्नाथ, "सुवर्णजीको गौंरवपूर्ण इतिहास," *सुवर्णशमशेर एक व्यक्ति अनेक आयाम,* वलबहादुर स्वाँर (सं.), काठमाडौं : सुवर्ण स्मृति तथा चिन्तन प्रतिष्ठान, २०५८ ।

– आचार्य, नरहरि, "सत्याग्रह आन्दोलनका सन्दर्भमा राष्ट्रिय सहमतीको पूर्ण प्रजातान्त्रिक व्यवस्था : आजको राष्ट्रिय चाहना," *राजधानी साप्ताहिक,* आङ्दोर्जे लामा (स./प्र.), काठमाडौं : २०४२ जेठ २९ ।

– आचार्य, गिरिराज, "वी.पी. माथिको मुद्धा र फाँसीको भाग," *पूर्व टाइम्स,* गिरिराज आचार्य (स्/प्र.), धरान : २०५६ पौष १४ ।

– ---------------, "वी.पी. माथिको मुद्धा  र फाँसीको माग-२", *पूर्ववत्,* २०५६ माघ १५ ।

– ---------------, "वी.पी. चढेको विमान ओर्लन दिइएन," *पूर्ववत्,* २०५६ माघ २९ ।

– ---------------, "वी.पी. को स्वदेश आगमन," *पूर्ववत्,* २०५६ फागुन १४ ।

– ---------------, "वी.पी. को मेलमिलाप प्रकरण-५" *पूर्ववत्,* २०५६ फागुन २१ ।

– ---------------, "वी.पी. को रिहाइका लागि दवाव," *पूर्ववत्,* २०५६ चैत्र ५ ।

– ---------------, " वी.पी. को रिहाइका लागि दवाव-२," *पूर्ववत्,* २०५६ चैत्र १२ ।

– ---------------, "वी.पी. जेलबाट छुटेपछि उपचार र भेटघाट," *पूर्ववत्,* २०५६ चैत्र १९ ।

– ---------------, "प्रतिबन्धित नेपाली कांग्रेसको पटना सम्मेलन-१" *पूर्ववत्,* २०५७ बैशाख, ३ ।

– ---------------, "प्रतिबन्धित नेपाली कांग्रेसको पटना सम्मेलन-२", *पूर्ववत्,* २०५७ बेशाख १० ।

– ---------------, "मेलमिलापबारे मिडियाको भूमिका," *पूर्ववत्,* २०५७ बैशाख १७ ।

– ---------------, "वी.पी. को नेपालमा भव्य स्वागत," *पूर्ववत्,* २०५७ बैशाख २४ ।

– ---------------, "राष्ट्रिय एकता र मेलमिलाप नीति-१," *पूर्ववत्,* २०५७ जेठ १४ ।

– ---------------, "राष्ट्रिय एकता र मेलमिलाप नीति-२" *पूर्ववत्,* २०५७ जेठ २१ ।

– ---------------, "वी.पी. को मेलमिलाप प्रकरण .६) प्रजातन्त्रप्रतिको प्रतिवद्धता," *पूर्ववत्,* २०५७ आषाढ २४ ।

– आनन्द जयप्रकाश, "परशु पलायन कथा," *जनआन्दोलन,* जय प्रकाश आनन्द (स./प्र.), विराटनगर : २०३८ माघ ।

– ---------------, "स्व. आलोकसँगका अन्तिम क्षण," *आलोक स्मृति ग्रन्थ,* निलाम्बर पन्थी आदि .सं.), रूपन्देही : श्रीमती सीतालक्ष्मी न्यौपाने, २०४३ ।

– उपाध्याय, योगप्रसाद, "देश र समाजका लागि चिन्तित सुवर्णजी," *सुवर्ण शमशेर एक व्यक्ति अनेक आयाम,* बलबहादुर स्वाँर (स.), काठमाडौं : सुवर्ण स्मृति तथा चिन्तन प्रतिष्ठान, २०५८ ।

– के.सी., बलबहादुर, "२०३६ जेठ ९ गते," *नेपाल पुकार,* यज्ञबहादुर थापा (स.), पोखरा : नेपाल विद्यार्थी संघ जिल्ला शाखा, कास्की, २०३८ ।

– कोइराला, विश्वेश्वरप्रसाद, "राष्ट्रिय मेलमिलापको मूल आसय के थियो ?" *द्यौराली,* जय प्रकाश आनन्द (स.), कीर्तिपुर : स्व.वि.यु., त्रिभुवन विश्वविद्यालय, २०४३ ।

– ---------------------, "नेपाली कांग्रेस र राजा," *वी.पी. वाद (जननायक वी.पी. कोइरालाका राजनीतिक लेख संग्रह),* जीवनचन्द्र कोइराला (स./प्र.), काठमाडौं : २०५४ ।

– ---------------------, "मेलमिलापले देश बचाउँछ," *पूर्ववत्।*

– ---------------------, "२००७ सालको शाही घोषणाको पृष्ठभूमि," *पुर्ववत्।*

– ---------------------, "१९ गतेको शाही घोषणा र वीरगंज महासमिति," *पूर्ववत्।*

– ---------------------, "डायरी-१", *हिमाल खबर पत्रिका,* राजेन्द्र दाहाल (स.), ललितपुर : कनकमणि दिक्षित, १-१५ माघ २०५८ ।

– ---------------------, "डायरी-२," *पूर्ववत्,* १६-३० माघ २०५८ ।

– ---------------------, "डायरी-३," *पूर्ववत्,* १-१५ फागुन २०५८ ।

– ---------------------, "डायरी-६," *पूर्ववत्,* १६-३१ चैत्र २०५८ ।

– ---------------------, "डायरी-७," *पूर्ववत्,* १-१५ बैशाख २०५९ ।

– ---------------------, "डायरी-१०," *पूर्ववत्,* १६-३१ जेठ २०५९ ।

– ---------------------, "डायरी-१४," *पूर्ववत्,* १६-३१ साउन २०५९ ।

– ---------------------, "डायरी-२१" *पूर्ववत्,* १-१५ मंसिर २०५९ ।

– ---------------------, "डायरी-२६," *पूर्ववत्,* १६-२९ माघ २०५९ ।

– ---------------------, "डायरी-३१," *पूर्ववत्,* १-१५ बैशाख २०६० ।

– ---------------------, "डायरी-३३," *पूर्ववत्,* १-१५ जेठ २०६० ।

– ---------------------, "डायरी-३८," *पूर्ववत्,* १६-३२ साउन २०६० ।

– ---------------------, "डायरी-४१," *पूर्ववत्,* १-१५ असौज २०६० ।

– ---------------------, "डायरी-४५," *पूर्ववत्,* १६-२९ मंसिर २०६० ।

– ---------------------, "डायरी-४६," *पूर्ववत्,* १-१५ पुष २०६० ।

– ---------------------, "डायरी-४७," *पूर्ववत्,* १६-३० पुष २०६० ।

– ---------------------, "डायरी-४८," *पूर्ववत्,* १-१५ माघ २०६० ।

– ---------------------, "डायरी-५४," *पूर्ववत्,* १-१४ बैशाख २०६१ ।

– कोइराला, गिरिजाप्रसाद, "राष्ट्र हित नै राष्ट्रिय मेलमिलाप," *मुकुट,* अङ्क १-२, विनय रावल आदि (सं.), ललितपुर : पुरोषोत्तम बस्नेत, २०४८ ।

– कोइराला, सुशिल, "गिरिजाप्रसाद कोइरालाको यूरोप र अमेरिका भ्रमण : उपलब्धि र अनुभव," *पूर्व क्षितिज,* जयप्रकाश आनन्द (सं.), विराटनगर : उमेश गिरी, २०४० श्रावण/भदौ ।

– --------------, "मेलमिलाप एक शान्तिमय समाधान," *एकता,* तुलसी भट्टराई आदि (सं.), वाराणसी : नेपाल विद्यार्थी संघ विदेश क्षेत्र वाराणसी, २०४१ ।

– खनाल, कृष्ण, "जातियता उपेक्षा र स्वायत्तताका सन्दर्भमा संविधान, पुनर्लेखन," *समावेशी लोकतन्त्रका आधारहरू,* मोहन मैनाली (सं.), ललितपुर : सोसलसाइन्स वहाः सन् २००४ ।

– गिरी, प्रदिप, "खुल्ला वहसको निम्ति चुनाव अघि र पछिको कांग्रेस," *राष्ट्रिय पुनर्जागरण,* पूर्णाङ्क १३, माथवरसिंह वस्नेत (स./प्र.), काठमाडौं : २०४४ मंसिर ।

– गिरि पुष्पानन्द, "सुरजपुरा हत्याकाण्ड मेरो दृष्टिमा," *आलोक स्मृति ग्रन्थ,* निलाम्बर पन्थी आदि (सं.), रूपन्देही : श्रीमती सति लक्ष्मी न्योपाने, २०४३ ।

– गौतम बद्रीनारायण, "सत्याग्रह आन्दोलन २०४२ को ऐतिहासिक पृष्ठभूमि," *दिपिका,* बाबुराम ज्ञवाली आदि (सं.), रूपन्देही : राममणि बहुमुखी क्याम्पस, २०६० ।

– जगत्चक्षु, "शाहवंशको शासन : केही विचारणीय प्रसङ्ग" *तन्नेरीस्वर,* अङ्क १, हरिहर विरही र रामचन्द्र तिवारी (सं.), काठमाडौँ : २०३२ आषाढ १ ।

– ढकाल, भूपती, "प्र.ने.का. को राष्ट्रिय दायित्व," *नेपालमा प्रजातान्त्रिक समाजवाद,* दिनवन्धु अर्याल आदि (सं.), काठमाडौँ : खगेन्द्र रेग्मी, २०४५ ।

– ढुंगाना दमननाथ, "मौलिक हकहरू र निर्दलीयता," *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौँ : २०३७ श्रावण १६ ।

– ---------------, "आलोकका छोरीहरूसित," *आलोक स्मृतिग्रन्थ,* निलाम्बर पन्थी आदि (सं.), रूपन्देही : श्रीमती सीतालक्ष्मी न्यौपाने, २०४३ ।

– तामाङ, श्यामकुमार, "महान प्रजातन्त्रवदी नेता सुवर्णशमशेर," *सुवर्ण शमशेर एक व्यक्ति अनेक आयाम,* बलबहादुर स्वाँर (सं.), काठमाडौँ : सुवर्ण स्मृति तथा चिन्तन प्रतिष्ठान, २०५८ ।

– थापा, विश्ववन्धु, "आफन्तलाई आर्यघाट पुऱ्याएर म घर फर्कें," *जागरण,* अङ्क १, कृष्णप्रसाद गौतम आदि (सं.), काठमाडौँ : ने.वि. संघ, बाग्लुङ-काठमाडौँ सम्पर्क समिति, २०४४ ।

– --------------, "बसिवियालो एक संस्मरण," *नेपाल राष्ट्रिय पाक्षिक,* विजय कुमार (सं.), काठमाडौँ : कान्तिपुर पब्लिकेशन्स, १६-२९ माघ २०५७ ।

– थारु, सिद्धार्थनारायण, "त्रुटिपूर्ण विवेचना," *कान्तिपुर दैनिक,* नारायण वाग्ले (सं.), काठमाडौँ : कान्तिपुर पब्लिकेशन्स, २०६१ असौज १७ ।

– दाहाल, पुरुषोत्तम, "सत्याग्रह परिष्कृतिको प्रयोग," *राजधानी साप्ताहिक,* आङ दोर्जे लामा (स./प्र.), काठमाडौँ : २०४२ जेष्ठ १४ ।

– ---------------, "सत्याग्रह शान्तिपूर्ण प्रयोजन," *वेग,* वर्ष ५, अङ्क ३, अमृतमणि पौडेल (सं.), काठमाडौँ : नेपाल विद्यार्थी संघ, लमजुङ, काठमाडौँ : सम्पर्क समिति, २०४३ ।

– दुबे, भागवत, "कालातित व्यक्ति श्री सुवर्णजीको स्मृतिमा," *प्रभात,* वर्ष १, अङ्क २, कीर्तिपुर : नेपाल विद्यार्थी संघ, त्रि.वि. समिति, २०४७ ।

– धौभडेल, त्रिप्रसाद, "२००७ सालको सम्झना तथा राष्ट्रिय मेलमिलाप," *समता,* अङ्क १, सुदिप पाठक (स./प्र.), काठमाडौँ : २०३९ ।

– नेपाल, ज्ञानमणि, "देवानजी यतिखेर झोडामा नजानु," *शहीद दिवान सिंह राई स्मृति पुष्प,* जीवनचन्द्र कोइराला (स.), काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५२ ।

– नेपाली कांग्रेसको ऐतिहासिक विवेचना : ६ "श्री ५ त्रिभुवनलाई भगाउने योजना," *प्र. नेपाली कांग्रेसको सामयिक बुलेटिन-१३,* रामचन्द्र पौडेल (स.), काठमाडौँ : प्रनेका, केन्द्रीय प्रचार समिति, २०४५ कार्तिक ।

– पाण्डे, देवेन्द्रराज, "सत्याग्रह दुराग्रह कि अपरिहार्य," *राजधानी साप्ताहिक,* आङ दोजे लामा (स./प्र.), काठमाडौँ : २०४२ जेठ २९ ।

– -----------------, "नेपालको अर्थ राजनीतिक परिवेशमा सत्याग्रह : एक मूल्याङ्कन," *राष्ट्रिय पुनर्जागरण,* पूर्णाङ्क १३, माथवर सिंह बस्नेत (स./प्र.), काठमाडौँ : २०४४ मंसिर ।

– पोखरेल, रामचन्द्र, "सुरजपुरा काण्डका निरुत्तरित जटील प्रश्नहरू," *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौँ : २०४० चैत्र १६ र ३० गतेका अंकहरू ।

– पौडेल, रामचन्द्र, "परिवर्तनको वाहक नेपाल विद्यार्थी संघ," *नेपालपुकार,* यज्ञबहादुर थापा (स.), पोखरा : नेपाल विद्यार्थी संघ, जिल्ला शाखा, कास्की? २०३८ ।

– -------------, "मेरो स्मृतिपटलमा नेता सुवर्ण शमशेर," *सुवर्ण शमशेर एक व्यक्ति अनेक आयाम,* बलबहादुर स्वाँर (स.), काठमाडौँ : सुवर्ण स्मृति तथा प्रजातान्त्रिक चिन्तन प्रतिष्ठान, २०५८ ।

– -------------, "प्रजातन्त्रको व्यथा मेलमिलापको अन्तरकथा," *कान्तिपुर दैनिक,* नारायण वाग्ले (स.), काठमाडौँ : कान्तिपुर पब्लिकेशन्स, २०६२ असार १ ।

– पौडेल, के.आर., "सम्पूर्ण सत्याग्रहीहरूको रिहा आजको आवश्यकता," *राजधानी साप्ताहिक,* आङ दोर्जे लामा (स.प्र.), काठमाडौँ : २०४२ श्रावण ९ ।

– पंगेनी, भवेश्वर, "नेपालको राजनीतिक इतिहासमा बझाङ र गोरखा काण्डहरू तथा कर्मविर महामण्डलको संलग्नता," *भ्वाइस अफ हिष्ट्रि,* भोलम १५ नं. १, शंकर थापा आदि (सं), कीर्तिपुर : इतिहास केन्द्रीय विभाग, सन् २००० जुन ।

– बस्नेत, पुरुषोत्तम, "नेपाली कांग्रेस," *अन्तरराष्ट्रिय मञ्च,* टेकप्रसाद घिमिरे आदि (स.), काठमाडौँ : श्रीमती रञ्जु अधिकारी, २०४७ पुष ।

– भट्टराई, कृष्णप्रसाद, "निर्दलीयता मलाई मान्य छैन," *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौँ : २०३७ आषाढ १३ ।

– ----------------, "जनमत संग्रह किन निर्णायक होइन," *नेपाल पुकार,* यज्ञबहादुर थापा (स.), पोखरा : नेपाल विद्यार्थी संघ, जिल्ला शाखा, कास्की, २०३८ ।

– ----------------, "राष्ट्रिय मेलमिलाप नीति र सात फाल्गुण," *एकता,* तेस्रो अङ्क, तुलसी भट्टराई आदि (स.), वाराणसी : नेपाल विद्यार्थी संघ, विदेश क्षेत्र शाखा, वाराणसी, २०४१ ।

– ----------------, "आलोक र हाम्रो प्रतिज्ञा," *आलोक स्मृति ग्रन्थ,* निलाम्बर पन्थी आदि (स.), रूपन्देही : श्रीमती सीता लक्ष्मी न्यौपाने, २०४३ ।

– ----------------, "नेपाल आमाका उज्वल सपुत सुवर्ण शमशेर," *प्रभात,* अङ्क २, कीर्तिपुर : नेपाल विद्यार्थी संघ, त्रि.वि. समिति, २०४७ ।

– भाट, एकनाथ र राना, लुकबहादुर, "सत्याग्रह २०४२, चितवन एक झलक," *जय नेपाल स्मारिका,* ज्ञानेन्द्र मल्ल आदि (स.), चितवन : नेपाली कांग्रेस क्षेत्रीय समिति क्षेत्र नं. २ चितवन, २०५७ ।

– माइकसेल, स्टेफन, "प्रजातन्त्र", *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* मेरिडेशेन र प्रत्यूश वन्त (स.), ललितपुर : सोसल साइन्स वहा : सन् २००४ ।

– रिसाल, *वासुदेव,* "आन्दोलनको अनिवार्यता र पलायनवादी प्रवृत्ति," *वेग,* अर्जुन के.सी. आदि (सं.), काठमाडौँ : ने.वि.संघ, लमजुङ-काठमाडौँ सम्पर्क समिति, २०४६ ।

– रेग्मी, सूर्यप्रसाद, "राष्ट्रिय मेलमिलापको सन्दर्भ र हाम्रो छिमेक," *वी.पी. स्मारिका,* जयप्रसाद पौडेल आदि (सं.), स्याङ्जा : वी.पी. चिन्तन प्रतिष्ठान, २०५८ ।

– वाग्ले, चिरन्जीवी, "सुरजपुरा हत्याकाण्ड मेरो मानसपटलमा," *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौँ : २०४०, चैत्र ९ ।

– ---------------, "सुरजपुरा मेरो मानसपटलबाट अलग गर्न नसकिने क्षण," *आलोक स्मृतिग्रन्थ,* निलाम्बर पन्थी आदि (स.), रूपन्देही : श्रीमती सीता लक्ष्मी न्यौपाने, २०४३ ।

– ---------------, "दूरदर्शी नेता सुवर्ण शमशेर," *सुवण शमशेर एक व्यक्ति अनेक आयाम,* बलबहादुर स्वाँर (स.), काठमाडौँ : सुवर्ण स्मृति तथा प्रजातान्त्रिक चिन्तन प्रतिष्ठान, २०५८ ।

– शर्मा, गोबर्धन, “दुइ हात भविष्यमा हजारौं हात हुने छन्,” *जनरल सुवर्ण शमशेर स्मृथिग्रन्थ,* जीवनचन्द्र कोइराला (स.), काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५३ ।

– शर्मा, श्रीभद्र, “वी.पी. लाई फाँसी दिनुपर्छ भनी थापाले प्रश्ताव राखेका थिए,” *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौँ : २०३८ भाद्र २५ ।

– शर्मा, गणेशराज, “निर्दलीयताका अन्तर्द्वन्द्व एक छलफल,” *राष्ट्रपुकार,* होमनाथ दाहाल (स.प्र.), काठमाडौँ : २०३६ भाद्र २८ ।

– --------------, “जनमत संग्रह विथोल्ने कानुन रा.प. (सदस्य निर्वाचन) दोस्रो संशोधन २०३६,” *पूर्ववत्,* २०३६ मंसिर २० ।

– --------------, “भेला पछिको खैलाबैला,” *पूर्ववत्,* २०३९ पौष ८ ।

– शाह, मनोजकुमार, “अमर शहीद दुर्गानन्द झा,” *साप्ताहिक वार्तालाप,* काठमाडौँ : २०५० जेठ ३ ।

– शाही डि.के., “सुवर्णजी तथा वि.सं. २०१८,” *नेपाल पुकार साप्ताहिक,* रामचन्द्र पौडेल (स.), काठमाडौँ : नेपाली कांग्रेस प्रचार समिति, २०४७ फाल्गुण ८ ।

– सिंह, गणेशमान, “यथार्थमा महान साथी सुवर्णजी,” *राष्ट्रिय पुनर्जागरण,* अङ्क ५, माथवर सिंह वस्नेत (स./प्र.), काठमाडौँ : २०४१ साउन ।

– -------------, “राष्ट्रिय मेलमिलाप दिवशको महत्व,” *एकता तेस्रो अङ्क,* तुलसीप्रसाद भट्टराई आदि (स.), वाराणसी : नेपाल विद्यार्थी संघ, विदेश क्षेत्र शाखा, वाराणसी, २०४१ ।

– -------------, “सुवर्ण शमशेर एक मूल्याङ्कन,” *राष्ट्रिय पुनर्जागरण,* अङ्क ९, माथवर सिंह वस्नेत (स./प्र.), काठमाडौँ : २०४१ माघ ।

– -------------, “सुवर्णजी जस्तो पुरुषोत्तमको अभाव नेपाली कांग्रेसले पूरा गर्न गाह्रो छ,” *प्रभात* (मासिक), अङ्क २, कीर्तिपुर : नेपाल विद्यार्थी संघ, त्रि.वि. समिति, २०४७ ।

– -------------, “प्रजातन्त्र र राष्ट्रियतामा वी.पीं सदा अटल रहनु भयो,” *मुकुट,* अङ्क १-२, विनय रावल आदि (स.), ललितपुर : पुरुषोत्तम बस्नेत, २०४८ ।

– -------------, “वी.पी. ले कोरेको बाटोमा हामी हिडिरहेका छौं,” *नेपाल पुकार,* रामचन्द्र पौडल (स.), काठमाडौँ : नेपाली कांग्रेस केन्द्रीय प्रचार समिति, २०५० पौष १४ ।

– -------------, “मलाई चित्त बुझ्रेन तर जवाफ पनि थिएन,” *साप्ताहिक पुनर्जागरण,* प्रल्हाद रिजाल (स.), काठमाडौँ : आयाम प्रकाशन, २०५१ पुष १२ ।

– -------------, “हाम्रो तयारी यसरी सुरु भएको थियो,” *पूर्ववत्,* २०५१ पुष १९ ।

– -------------, “काठमाडौँ : फर्कने तयारीमा,” *पूर्ववत्,* २०५१ माघ १७ ।

– -------------, “मुसाहरूको तिव्र प्रतिक्रिया,” *पूर्ववत्,* २०५१ फागुन २ ।

– -------------, “हामी बीचको पर्खाल त्यसरी भत्कियो”, *पूर्ववत्,* २०५१ फागुन ३० ।

– -------------, “यस पल्ट भर्त्सनाको पालो थियो, कर्पुरी ठाकुरको,” *पूर्ववत्,* २०५२ जेठ ९ ।

– -------------, “अनुशासनको कार्वाहीको त्यो कथा,” *पूर्ववत्,* २०५२ जेठ २३ ।

– -------------, “पंचायतले राजनीतिक प्रतिरोध गऱ्यो”, *पूर्ववत्,* २०५२ जेठ ३० ।

– -------------, “वकालतको असफलता नै राजनीतिमा सफलताको सोपान, *पूर्ववत्,* २०५२ असार ६ ।

– -------------, “न्यायको अपहेलना भयो भने न्यायकर्ताको पनि मर्यादा रहदैन,” *पूर्ववत्,* २०५२ असार १३ ।

– -------------, "हाम्रो भूमिका हामी आफै निर्धारित गर्थ्यौ," *पूर्ववत्,* २०५२ असार २७ ।

– -------------, "त्यो मेरा निम्ति सुखद आश्चर्य थियो," *पूर्ववत्,* २०५२ कार्तिक २१ ।

– -------------, "टंकप्रसादजीले पुराना कुरा संझाउनु भयो," *पूर्ववत्,* २०५२ मंसिर १९ ।

– -------------, "त्यसबेला प्रश्न खडा भयो अव के गर्ने ?," *पूर्ववत्,* २०५२ माघ २३ ।

– -------------, "कोइरालाजीसँग मेरो मतभेद थियो," *पूर्ववत्,* २०५२ फागुन १ ।

– -------------, "हाम्रो प्रस्थान विन्दु यस्तो थियो," *पूर्ववत्,* २०५२ फागुन १५ ।

– -------------, "निर्लज्जताको त्यो पराकाष्ठा थियो," *पूर्ववत्,* २०५२ फागुन १५ ।

– -------------, "जनमतसंग्रह गराउने राजाको घोषणा," *पूर्ववत्,* २०५३ पुष १६ ।

– -------------, "शाही घोषणा पछिको पहिलो प्रतिक्रिया," *पूर्ववत्,* २०५३ माघ २३ ।

– -------------, "शर्तका कुरा कोइरालाजीले मान्नु भएन," *पूर्ववत्,* २०५३ माघ १ ।

– -------------, "नखाउँ भने दिनभरिको शिकार खाउँ भने कान्छा बाको अनुहार," *पूर्ववत्,* २०५३ माघ ८ ।

– ------------, "म एक्लो वृहस्पति बन्न पुगेको थिए," *पूर्ववत्,* २०५३ माघ २२ ।

– ------------, "संस्थानका कर्मचारीहरूको आन्दोलनको लहर," *पूर्ववत्,* २०५३ माघ २९ ।

– ------------, "नभुतो नभविष्यती," *पूर्ववत्,* २०५३ फागुन २१ ।

– ------------, "एक वर्षको अनुभव पंचायतको उपलब्धि," *पूर्ववत्,* २०५३ फागुन २८ ।

– ------------, "विरोध दिवशका तीन उद्देश्य थिए," *पूर्ववत्,* २०५३ चैत्र ५ ।

– ------------, "आममाफिको घोषणा र राजबन्दीको रिहाइ," *पूर्ववत्,* २०५३ चैत्र १२ ।

– ------------, "राजा र हाम्रो बाध्यता एउटै थियो," *पूर्ववत्,* २०५३ चैत्र १९ ।

– ------------, "हाम्रो हार नयाँ थिएन न जीत नयाँ थियो," *पूर्ववत्,* २०५३ चैत्र २६ ।

– ------------, " हामीले भन्दा पहिले चुनावले हामीलाई वहिष्कार गऱ्यो," *पूर्ववत्,* २०५४ बैशाख ३ ।

– ------------, "कांग्रेसको पहिलो राष्ट्रिय सम्मेलन," *पूर्ववत्,* २०५४ असार १० ।

– ------------, "सम्मेलनमा बिझेका पक्षहरू," *पूर्ववत्,* २०५४ असार २४ ।

– ------------, "आन्दोलनको अपरिहार्यता सम्मेलनको निष्कर्ष थियो," *पूर्ववत्,* २०५४ साउन ७ ।

– ------------, "सम्मेलनका उपलब्धिहरूका नमुना," *पूर्ववत्,* २०५४ साउन १४ ।

– ------------, "तत्कालीन राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति," *पूर्ववत्,* २०५४ साउन २१ ।

– -------------, "सत्याग्रहको पृष्ठभूमि र परिस्थिति," *पूर्ववत्,* २०५४ भदौ १० ।

– -------------, यस्तो थियो सत्याग्रहको निर्णय प्रक्रिया," *पूर्ववत्,* २०५४ भदौ १७ ।

– -------------, "भ्यागुताको धार्नी पुऱ्याउने प्रयास," *पूर्ववत्,* २०५४ भदौ २४ ।

– -------------, "विकल्पको खोज निरर्थक अभ्यास," *पूर्ववत्,* २०५४ भदौ ३१ ।

– -------------, "हतपतमा भएका लतपतका कुराहरू," *पूर्ववत्,* २०५४ मंसिर ३ ।

– -------------, "सत्याग्रहको मिति र स्वरूप तोकियो," *पूर्ववत्,* २०५४ मंसिर १० ।

– -------------, "कार्यगत एकताको प्रस्ताव र व्याख्या," *पूर्ववत्,* २०५४ मंसिर १७ ।

– -------------, "तिनताकाका हाम्रा सामाजिक कार्यहरू," *पूर्ववत्,* २०५४ पौष ८ ।

– -------------, "त्यसरी सरकार आफैले सत्याग्रह सुरु गऱ्यो," *पूर्ववत्,* २०५४ माघ २८ ।

– सिंह, शुभचन्द्र, "तराइवासीको समस्या र पंचायती चाल," *एकता,* देवेन्द्र नेपाली (स.), वीरगञ्ज : नारायणी अंचल, २०३६ भाद्र/आश्विन ।

– सुवेदी, राजाराम, "२०३६ परिवर्तनको संघार," *जीवन,* अङ्क १, बद्री नारायण गौतम, आदि (स.), रूपन्देही : नेपाल विद्यार्थी संघ शकरनगर इकाई समिति, २०४८ ।

– हाछेथु, कृष्ण, "संसदीय राजनीतिक दल," *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* मेरिडेशन र प्रत्यूश वन्त (स.), ललितपुर : सोसल साइन्स वहाः सन् २००४ ।

– ज्ञवाली, शरद, "संविधान एक चर्चा," *विश्वदुत साप्ताहिक,* अम्बिकाप्रसाद मैनाली (स./प्र.), काठमाडौं : २०३७ पौष २२ ।

**प्रकाशित अन्तर्वार्ताहरू**

– अधिकारी, रामचन्द्र, "भेटवार्ता," *वेग,* अर्जुन के.सी. (स.), काठमाडौं : ने.वि.संघ लमजुङ्ग काठमाडौं सम्पर्क समिति, २०४६ ।

– कार्की, बेनीबहादुर, "संविधानलाई प्रजातान्त्रिकरण गरिएन भने आगामी चुनावमा भाग लिने प्रश्ननै उठ्दैन," (अन्तर्वार्ता), *वेग,* अमृतमणि पौडेल (स.), काठमाडौं : नेपाल विद्यार्थी संघ लमजुङ, काठमाडौं सम्पर्क समिति, २०४२ ।

– कोइराला, श्रीमती लीला, "अन्तर्वार्ता," *जागृति,* अङ्क ६, लालकिशोर शाह आदि (स.), जनकपुर : स्व.वि.यु. रा.रा.ब. क्याम्पस, जनकपुर, २०४५ ।

– कोइराला, गिरिजाप्रसाद, "विदेशी तत्वले फाइदा उठाउन नपाउन्," *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौं : २०४० श्रावण १९ ।

– कोइराला, वी.पी., "राजासँग संघर्ष र व्यवस्थासँग समर्पण हुन सक्दैन," *राष्ट्रपुकार,* होमनाथ दाहाल (स.प्र.), काठमाडौं : २०३८ पौष २ ।

– भट्टराई, कृष्णप्रसाद, "विशेष अन्तर्वार्ता," *पुनर्जागरण मासिक,* माथवरसिंह बस्नेत (स.), काठमाडौं : आयाम प्रकाशन, २०३८ भाद्र ।

– ----------------, "सत्याग्रहको उद्देश्य देशमा आमूल परिवर्तन ल्याउनु हो," *साप्ताहिक विमर्श,* हरिहर विरही (स.), काठमाडौं : केशवराज पिंडाली, २०४१ फागुन २५ ।

– रेग्मी, डिल्लीरमण, "विरोधि दल गठन गर्न वी.पी. को सहयोग आवश्यक," *राष्ट्रपुकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौं : २०३६ भाद्र १४ ।

– सिंह, गणेशमान, "संयुक्त मोर्चा दवावबाट खडा हुन सक्दैन," *राष्ट्रप्रकार,* होमनाथ दाहाल (स./प्र.), काठमाडौं : २०३९ भाद्र २४ ।

– -------------, "राष्ट्रिय स्थिति हेरेर हामीले लगाम लगाएका थियौं," *राष्ट्रिय पुनर्जागरण,* माथवरसिंह वस्नेत (स./प्र.), काठमाडौं : २०४१ कार्तिक-मंसिर ।

– -------------, "गुप्त चरोको धन्यवाद," *दिनमान,* रघुविर सहाय (स.), नया दिल्ली : टाइम्स अफ इण्डिया प्रकाशन, १६-२२ जुलाई १९७८ ।

**हिन्दी लेखहरू**

– नन्दन, कन्हैयालाल, "नेपाल यात्रा कि तिसरी किस्त पहले ठुन्नुस पिछे सुन्नुस," *दिनमान,* कन्हैयालाल नन्दन (स.), नइ दिल्ली : टाइम्स अफ इण्डिया, २८ अगस्त ३, सितम्बर १९८३ ।

– वंशल, ललित, "क्या थापा त्याग पत्र देंगे ?", *दिनमान, पूर्ववत्,* १०-१६ जुलाई १९८३ ।

– ---------------, "नयाँ प्रधानमन्त्री," *पूर्ववत्,* १६-२२ जुलाइ १९८३ ।

– सिंह, गोविन्द, "लोकतन्त्रका सुर्योदय," *पूर्ववत्,* २४-३० जुलाई १९८३ ।

– ----------, "जवान खुन की खामोशि," *पूर्ववत्,* ३१ जुलाई ६ अगस्त १९८३ ।


**पत्रपत्रिका तथा सामयिक संकलनहरू**


– *अन्तर्राष्ट्रिय मञ्च,* काठमाडौँ : २०४७ पौष ।

– *इण्डिएन एक्सप्रेश,* (अंग्रेजी साप्ताहिक), नया दिल्ली ।

सन् १९७१ सेप्टेम्बर २०, सन् १९७७ मे ७, सन् १९७७ डिसेम्बर २७

सन् १९७९ जनवरी ११, सन् १९७९ मे २५

– *इण्डिया टुडे* (अंग्रेजी पाक्षिक), नयाँ दिल्ली : सन् १९७९ मार्च १६-३१ ।

– *एकता* (वार्षिक मुखपत्र), वाराणसी : ने.वि. संघ विदेश क्षेत्र शाखा, २०४१ ।

– *एकता* (द्वैमासिक), वीरगञ्ज : २०३६ भाद्र/आश्विन ।

– *कलरव* (मासिक), काठमाडौँ : २०४७ कार्तिक ।

– *कान्तिपुर* (राष्ट्रिय दैनिक), काठमाडौँ : २०६१ असौज २६, २०६२ असार १ ।

– *गोरखापत्र* (राष्ट्रिय दैनिक), काठमाडौँ ।

| | | |
|---|---|---|
| २०२४ चैत्र २, | २०२५ कार्तिक १६, | २०३१ माघ २८ |
| २०३३ पौष १७, | २०३३ पौष १९ | २०३३ फाल्गुण २३ |
| २०३३ फाल्गुण २५, | २०३४ जेठ १९ | २०३६ आषढ १५ |
| २०३७ बैशाख १४, | २०३७ बैशाख १८, | २०३७ जेठ २ |
| २०३७ जेठ ९, | २०३७ असार १०, | २०३७ असार १५ |
| २०३७ असार २९, | २०३७ कार्तिक १६, | २०३७ कार्तिक १८ |
| २०३७ कार्तिक २२, | २०३७ मंसिर १३, | २०३७ पौष २ |
| २०३७ पौष ३, | २०३९ श्रावण ८, | |

– *चक्षु,* (राष्ट्रिय साप्ताहिक), काठमाडौँ : २०३८ चैत्र २१ ।

– *चेतना साप्ताहिक,* काठमाडौँ ।

| | | |
|---|---|---|
| २०३५ फागुन २५, | २०३६ बैशाख ११, | २०३६ जेठ ४ |
| २०३६ जेठ ११, | २०३७ पौष ५ | |

– *जनआन्दोलन* (मासिक), विराटनगर : २०३८ माघ ।

– *जयनेपाल स्मारिका* (वार्षिक), चितवन : २०५७ ।

– *जागृति* (मुखपत्र), जनकपुर : स्वतन्त्र विद्यार्थी यूनियन, रा.रा.ब. क्याम्पस, जनकपुरधाम, २०४५ ।

– *जागरण* (वार्षिक मुखपत्र), काठमाडौँ : ने.वि. संघ बाग्लुङ-काठमाडौँ सम्पर्क समिति, २०४४ ।

- *जीवन* (वार्षिक मुखपत्र), रूपन्देही : ने.वि. संघ शंकर नगर इकाई समिति, २०४८ ।
- *टाइम्स अफ इण्डिया,* नया दिल्ली ।

  सन् १९७५ नोभेम्बर ८, सन् १९७७ अप्रिल ३, सन् १९७७ अप्रिल १०

  सन् १९७७ अप्रिल १६, सन् १९८२ जुलाइ २२, सन् १९८२ जुलाई ३०
- *तरुण* (मासिक), वाराणसी/काठमाडौं : ने.का. को भूमिगत प्रकाशन ।

  सन् १९७७ अक्टुवर, सन् १९७७ डिसेम्बर, सन् १९७८ फेब्रुअरी

  सन् १९७८ मे, सन् १९७८ सेप्टेम्बर, सन् १९७९ जनवरी

  २०३५ चैत्र/बैशाख
- *तरुण पत्र,* ने.का. युवा समूहको भूमिगत प्रकाशन, जनकपुर/काठमाडौं/विराटनगर, सन् १९७४ मार्च १५ (२०३० चैत्र २०) ।

  २०३१ आषाढ १५ ।
- *तन्नेरी स्वर* (मासिक), नेंका. युवा समूहको भूमिगत प्रकाशन, काठमाडौं : २०३२ आषाढ १ ।
- *द स्टेट्शम्यान,* नयाँ दिल्ली ।

  सन् १९७७ मार्च ६, सन् १९७७ डिसेम्बर २५, सन् १९७८ जनवरी ९

  सन् १९७८ मार्च १, सन् १९८० जुन २३, सन् १९८० नोभेम्बर १७

  सन् १९८२ जुलाई २३ ।
- *द टेलिग्राफ,* कलकत्ता : सन् १९८२ जुलाई २२ ।
- *दिपिका* (वार्षिक मुखपत्र), रूपन्देही : राममणि बहुमुखी क्याम्पस, २०६० ।
- *दिनमान* (हिन्दी साप्ताहिक), नइ दिल्ली ।

  सन् १९७४ नोभेम्बर ३-१०, सन् १९७७ जुन ५-११, सन् १९७७ डिसेम्बर १८-२४

  सन् १९७८ जुलाई १६-२२, सन् १९७८ जुलाई ३०-५ अगस्ट, सन् १९७८ नोभेम्बर १९-२५

  सन् १९८३ जुलाई १०-१६, सन् १८८३ जुलाई १६-२३, सन् १९८३ जुलाई २४-३० ।

  सन् १९८३ जुलाई ३१-अगस्त ६, सन् १९८३ अगस्ट २८-सेप्टेम्बर ३ ।
- *देशान्तर* (साप्ताहिक), काठमाडौं : २०४८, मंसिर १
- *धौराली* (वार्षिक मुखपत्र), कीर्तिपुर : स्वतन्त्र विद्यार्थी यूनियन, त्रि.वि.? २०४३ ।
- *नवभारत टाइम्स,* नया दिल्ली : सन् १९८२ जुलाई २३ ।
- *नविन खबर* (साप्ताहिक), काठमाडौं : २०३७ पौष १० ।
- *नयाँ सन्देश* (साप्ताहिक), काठमाडौं : २०३६ जेठ ११ ।
- *नयाँ नेपाल* (साप्ताहिक), काठमाडौं : २०३७ आश्विन ४ ।
- *निर्मल साप्ताहिक,* काठमाडौं : २०३६ माघ २८ ।
- *नेपाल पुकार* (साप्ताहिक), काठमाडौं :

  २०१७ जेठ २०, २०४१ भाद्र ६, १३, २०४१ कार्तिक १५, २२ र २९

  २०४१ मंसिर ६, १३, २०४१ माघ १७, २४, २०४१ फाल्गुण २, ३०

२०४२ जेठ २, ९, १९ र २३, २०४७ फाल्गुण ८, २०५० पौष १४

— *नेपाल पुकार* (मासिक), पोखरा : २०३६ जेठ ९ ।

— *नेपाल पोष्ट* (साप्ताहिक), काठमाडौँ : २०३७ जेठ १५ ।

— *नेपाल टाइम्स* (साप्ताहिक), काठमाडौँ : २०३७ कार्तिक १२ ।

— *नेपाल* (राष्ट्रिय पाक्षिक), काठमाडौँ : १६-२९ माघ २०५७ ।

— *पूर्व क्षितिज* (द्वमासिक), विराटनगर :

२०४० श्रावण/भदौं, २०४१ पौष/माघ

— *पूर्व टाइम्पस* (साप्ताहिक), धरान :

२०५६ पौष १४, २०५६ माघ १५, २९, २०५६ फागुन १४, २१

२०५६ चैत्र ५, १२ र १९, २०५७ बैशाख ३, १०, १७ र २४

२०५७ जेठ १४ र २१ २०५७ आषाढ २४

— *प्रभात* (मुखपत्र), कीर्तिपुर : ने.वि.संघ त्रि.वि. समिति, २०४७ ।

— *प्र. नेपाली कांग्रेसको सामयिक बुलेटिन-१३,* काठमाडौँ : २०४५ कार्तिक ।

— *विश्वदूत साप्ताहिक,* काठमाडौँ :

२०३७ जेठ २६, २०३७ आषढ २, २०३७ कार्तिक १८, २०३७ मंसिर २२

२०३७ पौष ८, २२ ।

— *वी.पी. स्मारिका* (मुखपत्र), स्याङ्जा : वी.पी. चिन्तन प्रतिष्ठान, २०५८ ।

— *वेग* (वार्षिक मुखपत्र), काठमाडौँ : ने.वि. संघ लम्जुङ-काठमाडौँ सम्पर्क समिति, २०४२, २०४३ र २०४६ ।

— *मितेरी मुस्कान* (साप्ताहिक), काठमाडौँ : २०३९ श्रावण १४ ।

— *मुकुट* (द्वैमासिक), ललितपुर : २०४८ भाद्र/आश्विन ।

— *रहस्य साप्ताहिक,* काठमाडौँ : २०३८ बैशाख २४ ।

— *राइजिङ नेपाल* (राष्ट्रिय दैनिक), काठमाडौँ :

२०३३ पौष २०, २०३७ जेठ २, २०३७ असार ६

— *राष्ट्र पुकार साप्ताहिक,* काठमाडौँ :

२०३० असार ७, २०३४ फागुन १९, २६, २०३५ आषाढ २२

२०३५ कार्तिक २३, २०३५ मंसिर ८, १५, २०३५ चैत्र १६, २३

२०३६ बैशाख १३, २७, २०३६ जेठ ३, १०, १७ र ३१, २०३६ आषाढ ७, २१, २८

२०३६ श्रावण १०, १७, २४, २०३६ भाद्र ७, १४, २१, २८

२०३६ असौज ११, १८, २५, २०३६ कार्तिक १, २०३६ मंसिर २०

२०३६ पोष ५, २०३६ माघ ३, १०, १७, २४

२०३६ फागुन ९, १६ र ३०, २०३६ चैत्र ७, १४, २१ र २८

२०३७ बैशाख ५, १२, १९, २६ २०३७ जेठ ९ २०३७ आषाढ १३

२०३७ श्रावण १६, २०३७ भाद्र २६, २०३७ आश्विन २, ९ र १६

२०३७ कार्तिक ७ र २१, २०३७ मंसिर १२, २०३७ पौष ४ र ११
२०३७ माघ २३, २०३७ फागुन १, १५, २२ र २९, २०३७ चैत्र ६, १३ र २०
२०३८ बैशाख ४, ११ र २३ २०३८ जेठ १, २०३८ श्रावण १५ र २२
२०३८ भाद्र २५, २०३८ मंसिर ११, २०३८ माघ १, ८, १५, २२ र २९
२०३८ फागनु ७, १४, २८ २०३८ चैत्र १२, २८
२०३९ श्रावण ७, १४, २१ र २८ २०३९ भाद्र ३, १०, १७ र २४
२०३९ कार्तिक १८, २०३९ मंसिर १७, २०३९ पौष २२ र २९
२०३९ माघ ६, १३, २० र २७, २०३९ फागुन ५, १२ र १९
२०४० बैशाख ८, २०४० असार २, २०४० श्रावण १२, १९ र २६
२०४० चैत्र ३, ९, १६, २३ र ३०, २०४१ आषाढ १५, २०४१ कार्तिक २३ र ३०
२०४१ मंसिर ७, २०४१ चैत्र २९, २०४२ बैशाख २७, २०४२ जेठ ३, १०, १७ २४

– *राजधानी साप्ताहिक,* काठमाडौं :

२०४१ बैशाख ३१, २०४१ आषाढ ११ र १८, २०४१ कार्तिक १२, १९ र २६
२०४१ मंसिर ३ र ११, २०४१ चैत्र ५, २०४२ जेठ १४, २१ र २९
२०४२ श्रावण ९, २०४२ भाद्र २, २०४३ भाद्र २४

– *राष्ट्रिय पुनर्जागरण* (द्वैमासिक/मासिक), काठमाडौं/भक्तपुरः

२०३८ भाद्र, २०३९ आश्विन, २०४१ साउन
२०४१ कार्तिक/मंसिर २०४४ मंसिर

– *लोकमत साप्ताहिक,* काठमाडौं : २०४७ कार्तिक १६ ।

– *समता* (वार्षिक), काठमाडौं : २०३९ ।

– *समय साप्ताहिक,* काठमाडौं :

२०३७ आश्विन १७, २०३९ साउन १८

– *स्वतन्त्र राष्ट्र* (साप्ताहिक), काठमाडौं : २०४८ भदौ २७ ।

– *साप्ताहिक पुनर्जागरण,* काठमाडौं :

२०५१ पुष १२ र १९, २०५१ माघ १६, २०५१ फागुन २ र ३०
२०५२ जेठ ९, २३ र ३० २०५२ असार ६, १३ र २७ २०५२ कार्तिक २१
२०५२ मंसिर १९, २०५२ माघ २३, २०५२ फागुन १, ८ र १५
२०५३ पुष १६ र २३, २०५३ माघ १, ८, २२ र २९, २०५३ फागुन २१ र २८
२०५३ चैत्र ५, १२, १९ र २६ २०५४ बैशाख ३, २०५४ असार १० र २४
२०५४ साउन ७, १४ र २१ २०५४ भदौ १०, १७, २४ र ३१ २०५४ मंसिर ३, १० र १७
२०५४ पौष ८, २०५४ माघ २८

– *साप्ताहिक वार्तालाप,* काठमाडौं : २०५० जेठ ३ ।

– *साप्ताहिक नेपाली आवाज,* काठमाडौं : २०४८ असार २१ ।

– *साप्ताहिक मंच,* काठमाडौं : २०४२ असार ११ ।

– *साप्ताहिक मातृभूमि,* काठमाडौं :

२०३६ असार १९ २०३६ श्रावण १५, २०३६ असौज १६
२०३७ पौष १० र १६ २०३८ बैशाख १६ २०३८ जेठ १३
२०३९ श्रावण १२

– *सात दिने समिक्षा,* ललितपुर :

२०२५ पौष २३, २०३५ फागुन १५ २०३६ कार्तिक २०
२०३६ पुष २७, २०३६ फागुन २४, २०३६ चैत्र २९
२०३७ बैशाख ६, २०३७ असार १४ र २१ २०३८ साउन ९
२०३९ साउन ८ २०४१ असार २३ २०४१ कार्तिक १७ र २४
२०४१ माघ ५, २०४१ फागुन ११ २०४२ बैशाख २८
२०४२ जेठ ४, ११ र १८

– *सात दिने आजकल,* ललितपुर :

२०३९ मंसिर १९, २०३९ पौष ३०, २०४० बैशाख ९
२०४० चैत्र १० र १७ २०४१ बैशाख २९

– *सात दिने जागरण,* ललितपुर : २०३९ श्रावण २९ ।

– *साप्ताहिक विमर्श,* काठमाडौं : २०४१ फागुन २५ ।

– *हिन्दुस्तान टाइम्स,* नयाँ दिल्ली :

सन् १९७५ मे २८, सन् १९७७ अप्रिल १२, सन् १९७७ डिसेम्बर २१
सन् १९७८ नोभेम्बर २, सन् १९८२ जुलाई २८

– *हिमाल खवर पत्रिका* (राष्ट्रिय पाक्षिक), ललितपुर :

२०५८ माघ १-१५, २०५८ माघ १६-३०, २०५८ फागुन १-१५
२०५८ चैत्र १६-३१, २०५९ बैशाख १-१५, २०५९ जेठ १६-३१
२०५९ साउन १६-३१, २०५९ मंसिर १-१५, २०५९ माघ १६-२९
२०६० बैशाख १-१५, २०६० जेठ १-१५, २०६० साउन १६-३२
२०६० असौज १-१५, २०६० मंसिर १६-२९, २०६० पुष १-१५
२०६० पुष १६-३०, २०६० माघ १-१५, २०६१ बैशाख १-१५

# परिशिष्ट – १

## अन्तर्वार्ता एवं कुराकानीका क्रममा प्रयोग गरिएका प्रमुख प्रश्नावलीहरू

१. शाहीकदम २०१७ को कारक तत्व के थियो ?
२. सुवर्ण शमशेरद्वारा संचालित सशस्त्र आन्दोलन किन सफल हुन सकेन ?
३. ने.का. का कतिपय जिम्मेवार व्यक्ति नै किन पंचायत पक्षमा लागे ?
४. प्रथम प्रतिरोध आन्दोलनले नेपालकोराजनीतिमा के प्रभाव पाऱ्यो ?
५. २०२५ मा जेलमुक्ति पछि वी.पी. कोइरालाले स्व. निर्वासन रोज्नुको कारण के थियो ?
६. वी.पी. कोइरालाको नेतृत्वमा भएको प्रतिरोध आन्दोलन क्रान्ति किन असफल भयो ?
७. ओखलढुंगा काण्ड किन सफल हुन सकेन ?
८. भनिन्छ इन्दिरा गान्धीले वी.पी. लाई सशस्त्र आन्दोलन गर्न उक्साएपछि अन्तमा नेपाल सरकारसँग सम्झौता गरी कांग्रेसलाई धोका दिइन त्यस बारेमा यहाँको मूल्याङ्कन के हो ?
९. वी.पी. कोइराला २०३३ सालमा मेलमिलाप नीति लिएर फर्कनुको कारणको औचित्य के थियो ?
१०. मेलमिलाप नीति लिएर नेपाल फर्केपछि तत्कालीन सरकारले कस्तो व्यवहार गऱ्यो ?
११. मेलमिलाप नीतिबाट नेपालको राजनीतिमा के प्रभाव पऱ्यो ?
१२. नेतालाई माफि दिएपछि भीमनारायण श्रेष्ठ र क्या. मङ्गबहादुर थापालाई किन मृत्युदण्ड दिइयो ?
१३. वी.पी. लाई सफाइ दिएपछि पनि जनस्तरमा जान वा भ्रमण गर्न नदिनुको कारण के थियो ?
१४. मेलमिलाप नीतिबारे जनस्तरमा ने.का. ले के कसरी र कस्तो प्रचार गऱ्यो ?
१५. प्रचार प्रसारका लागि के कस्ता नीति प्रयोग गरियो ?
१६. २०३५-३६ को विद्यार्थी आन्दोलनका कारक तत्व के थिए ?
१७. यो आन्दोलन शैक्षिक वा राजनैतिक के थियो ?
१८. यो आन्दोलनमा यहाँ कुन क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो ?
१९. यो आन्दोलनका अविस्मरणीय घटनाहरू ............ ?
२०. भनिन्छ वी.पी. लाई फाँसी दिन्छ कि भन्ने डरले विद्यार्थी आन्दोलित भएका थिए ? यसबारे ............
२१. यो आन्दोलनलाई ने.का. ले के कस्तो सहयोग र सल्लाह दिएको थियो ?
२२. यस आन्दोलनको मुख्य उपलब्धि के थियो ?
२३. जनमत संग्रहको घोषणाको मुख्य कारण के थियो ?
२४. यो घोषणा राजाको सदासयता थियो वा बाध्यता ?
२५. जनमतको घोषणालाई ने.का. ले कसरी ग्रहण गऱ्यो ?
२६. जनमत संग्रहलाई आफ्नो पक्षमा ल्याउन के कस्ता नीति अवलम्बन गरिए ? के कस्ता साहित्य........
२७. यस क्रममा यहाँले कुन क्षेत्रमा के कस्तो भूमिका निर्वाह गर्नु भयो ?

२८. प्रचार प्रसारको क्रममा पंचायती सरकारले ने.का. प्रति के कस्तो व्यवहार गऱ्यो ?

२९. राजाबाट जनमत संग्रहको क्रममा बालिग मताधिकार र प्रधानमन्त्री चयनको जुन घोषणा गरियो ? त्यसको खासकारण के थियो र त्यसबाट के कस्ता प्रभाव पऱ्यो ?

३०. जनमत संग्रहका सन्दर्भमा अन्य राजनैतिक दलले संयुक्त मोर्चा निर्माणका लागि राखेको प्रस्तावलाई ने.का. ले किन अस्वीकार गऱ्यो ?

३१. जनमतमा बहुदल पक्षको पराजयका कारण के थिए ?

३२. जनमत संग्रहको जुन परिणाम आयो त्यसलाई ने.का. ले किन स्वीकार गऱ्यो ?

३३. जनमत संग्रहको घोषणासँगै राजाबाट अल्पमतको कदर गरिने जुन घोषणा गरिएको थियो त्यसको विपरित संविधानको तेस्रो संशोधन किन आयो ?

३४. जनमत संग्रहबाट नेपालको राजनीतिमा के प्रभाव पऱ्यो ?

३५. ने.का. ले २०३८ सालको पंचायती आमचुनाव किन बहिष्कार गऱ्यो ?

३६. त्यस क्रममा जनस्तरमा आफ्ना नीति तथा कार्यक्रम कसरी पुऱ्याइयो ?

३७. २०३८ पश्चात पंचायती व्यवस्थाको कार्यशैली कस्तो भयो ?

३८. ने.का. आफ्नो संगठन सुदृढ अभियानमा लाग्दा के कस्ता व्यवहार र दमनको सामना गर्नु पऱ्यो ?

३९. सुरजपुरा काण्ड र जीतपुर काण्ड ............ ?

४०. २०४२ सालमा ने.का. किन सत्याग्रहको निर्णयमा पुग्यो ?

४१. यस निर्णयमा पुग्ने क्रममा के कस्ता छलफल कार्यक्रम .......... भएका थिए ?

४२. के सत्याग्रहको निर्णय मेलमिलाप नीतिअनुरूप थियो ? ...... किन ?

४३. यस निर्णयलाई जनस्तरमा पुऱ्याउन के कस्ता कार्यहरू भएका थिए ?

४४. यस कार्यमा यहाँ कुन क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो ?

४५. यस निर्णयमा पुग्दा के कस्ता अवरोध उत्पन्न भएका थिए र कसरी समाधान गरिएको थियो ?

४६. सत्याग्रहको तयारी स्वरूप के कस्ता साहित्य प्रकाशन भए भने अन्य कार्य के भएका .......... ?

४७. सत्याग्रहको मुख्य उद्देश्य के थियो ?

४८. सत्याग्रहको प्रारम्भ के कसरी गरियो ? के कस्ता कार्यक्रम भए ?

४९. सत्याग्रहीप्रति तत्कालीन सरकारको व्यवहार कस्तो थियो ?

५०. सत्याग्रह किन लक्ष्य प्राप्त नहुँदै स्थगन गरियो ?

५१. वमकाण्डको मुख्य कारण वा तत्व को थियो ? किन........

५२. सत्याग्रहलाई अन्य राजनैतिक दलले कसरी हेरे वा सहयोग गरे ?

५३. सत्याग्रहबाट तत्कालीन राजनीतिमा के प्रभाव पऱ्यो ?